## बैठक संख्या-१
(२०७५ जेष्ठ ४ गते शुक्रबार)

---

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेशसभाको दोस्रो अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

श्री प्रदेशसभा सचिवालय, मिति– २०७५/०२/०४
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७५/०२/०४ मा भएको आदेशानुसार नेपालको संविधानको धारा १८३ (१) बमोजिम प्रदेशसभाको दोस्रो अधिवेशन २०७५/०२/११ गते शुक्रबार दिनको १:०० बजे वीरेन्द्रनगर सुर्खेतस्थित सिंचाइ विकास डिभिजन कार्यालयको सभा हलमा बस्ने गरी आह्वान भएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले
(विनोद कुमार पोखेल)
निमित्त सचिव

माननीय सदस्यहरू, प्रदेशसभाको दोस्रो अधिवेशनको शुभारम्भको पहिलो बैठकमा दलको तर्फबाट धारणा राख्नका लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री गुलावजंग शाह ।

**माननीय श्री गुलावजंग शाहः-** माननीय सभामुख महोदय, दोस्रो अधिवेशनको पहिलो बैठकमा म आफू सहभागी हुन पाउँदा हर्षित महसुस गरेको छु । हामीहरू खासगरी यो नेपालमा पहिलो अभ्यास, संघीय गणतन्त्रमा जाने पहिलो अभ्यासको चरणमा छौं । संविधान जारी भै सकेपछि हामीहरू संघीयतालाई लागू गर्ने सवालमा, संविधानलाई लागू गर्ने हामीहरू चरणमा छौं । हामीले जति-जति संघीयताको कार्यान्वयन गर्ने सवाललाई, मजबुत गराउने सवालमा यस प्रदेशसभाबाट, यस संसदबाट, हामीले कानूनलाई मजबुत ढङ्गले निर्माण गर्दै अगाडि बढ्छौं, त्यति नै संसदीय अभ्यास मजबुत हुन्छ भन्ने कुरामा हामी सबैले महसुस गरेकै छौं । आज पहिलो अधिवेशनको समाप्ति पछि दोस्रो अधिवेशनको पहिलो दिन खासगरी हामीले विगतका दिनमा संसदीय अभ्यासमा भएका हाम्रा क्रियाकलापलाई समिक्षात्मक ढङ्गले यो अधिवेशनबाट सुरूवात गर्नुछ । समिक्षात्मक ढङ्गले सुरूवात हुँदै गर्दा यो दोस्रो अधिवेशनको पहिलो दिन सम्भवतः बजेट

अधिवेशन पनि हो । हामीले प्रस्तुत हुने नीति तथा कार्यक्रम बजेट जनपक्षीय ढङ्गले जनताका आकांक्षाहरू, जनताका भावनाहरू, जनताका अभिलाषाहरू पूर्ण गर्ने ढङ्गले प्रस्तुत हुने यो बजेट पनि सबै जनताले यो प्रदेशको अधिवेशनलाई गम्भीरताका साथ कति जनपक्षीय ढङ्गले माननीय सांसदहरू प्रस्तुत हुनुहुन्छ । संसद जनताका पक्षमा कानून निर्माण गर्दै, संघीयतालाई मजबुत बनाउदै, कसरी गम्भीरताका साथ अगाडि बढ्छ । जनताले मसिनो कोणबाट नजरअन्दाज गरिरहेको अवस्था पनि रहेको छ । हामीले विगतमा वास्तवमा भन्ने हो भने संसदीय अभ्यासमा हुने प्रयत्नहरू, प्रतिपक्ष र सत्तापक्ष एउटै ढङ्गले हामी सहभागी भएर सातवटा प्रदेश मध्येमा यो कर्णाली प्रदेश सबै भन्दा पहिला यसको नामाकरण गर्न हामी सफल भएका छौं, यसको राजधानी तोक्न सफल भएका छौं । यो अभ्यासले पक्ष र प्रतिपक्ष प्रदेश निर्माणको सवालमा गम्भीरताका साथ प्रस्तुत भएको कुरा म संसद माननीय सभामुख महोदय भन्न चाहन्छु, म अनुरोध गर्न चाहन्छु, के हामीले एउटा असल कामको सुरूवात, यो प्रदेशबाट गरेका छौं पहिलो काम पनि हामीले सुरूवात गरेका छौं । अहिले केन्द्रीय राजधानीमा यो प्रदेशको चर्चा छ । जसरी विगतमा कर्णाली प्रदेशलाई एउटा गरिब, एउटा पिछडिएको क्षेत्र, भूगोलले धेरै टाढा रहेको प्रदेशको रूपमा हेर्ने गरिन्थ्यो तर आज हामीले सबभन्दा पहिले यसको नामाकरण गरेर, सबै भन्दा पहिले यसको नामाकरण गरेर संवैधानिक हिसाबले दुई तिहाई बहुमतले गर्नुपर्नेमा हामीले सर्वसम्मत पक्ष र प्रतिपक्ष नभनिकन यो काम हामीले सम्पन्न गरेका छौं । मलाई लाग्छ, यो अत्यन्त राम्रो काम, अत्यन्त उत्कृष्ट काम भएको छ भन्ने कुरा सभामुख महोदयमार्फत् भन्न चाहन्छु । हामीले बडा मेहनतका साथ बजेट पनि पेश गर्यौं, वास्तवमा बजेट पेश गर्यौं र हामीले कार्यान्वयनको पाटोमा थोरै केही प्रशासनिक, प्राविधिक उल्झनहरूका कारण त्यो बजेट कार्यान्वयनका चरणमा लैजान सकेनौं । अहिले चर्चा परिचर्चा उठ्ने गरेको छ । वास्तवमा २०७२ को संविधानले तीन तहको सरकारको परिकल्पना गर्दै गर्दा यो प्रदेश पनि आफैंमा स्वायत्त सरकार हो र यसको संरचनागत ढङ्गले तयार नहुँदा अहिले ठूलो समस्या छ । यो बजेट कार्यान्वयनमा ठूलो समस्या छ । प्रदेशका कुनै संरचना नै छैनन्, संविधानले एउटा प्रदेश तहको स्वायत्त सरकारको परिकल्पना गरेको कुरा छ तर हामीले संरचनागत ढङ्गले त्यो कार्यविधि तयार गर्न नसक्दा त्यो बजेट कार्यान्वयन हुन सकेन यसले जनतामा केही नकारात्मक भावनाको विकास पनि गरेको कुरा म यो संसदमार्फत् भन्न चाहन्छु । अब हामीले छिट्टै संरचनागत ढङ्गले कार्यविधि तय गरेर त्यो बजेट कार्यान्वन हुने गरी हामीले कानून तर्जमा गर्नुछ । हामीलाई एउटा स्मरण छ, दोस्रो विश्वयुद्ध पछि जापानमा बम खसाली सकेपछि त्यसको पुर्ननिर्माणको सन्दर्भमा २४ घण्टामा १८ घण्टा जापानिजहरूले काम गर्दा जापानमा पुर्ननिर्माणको अभियानमा उत्कृष्ट राज्यको रूपमा अब्बलता कायम गर्न सफल भएको छ । त्यस्तै २०७२ को संविधानले तीन तहको सरकारको परिकल्पना गरिसकेपछि प्रदेशतहको संरचना बनाउन नसक्दा, नबन्दा हाम्रा कानूनी अड्चनहरू छन्

। त्यसका लागि हामीले पनि जसरी जापानिजहरूले १८ घण्टा काम गरे त्यसै गरी हामीले पनि यो संसदमा अत्यधिक धेरै विधेयक कानून निर्माण गरेर निर्माणको चरणमा दौड्न जरूरी छ । जनताका आकांक्षाहरू धेरै छन्, गणतन्त्रले जनताका जनजीविका, जनताका अभिलाषा, उत्कृष्ट चाहना अत्यन्तै धेरै तीब्र ढङ्गले उदाएको छ । हामी संसदमा हुने सांसदहरूले जनतामा पक्षमा उठाइने आवाजहरू, सरकारका पक्षबाट हुने विकास निर्माणका कामहरू हामीले ठीक ढङ्गले सम्वोधन गर्न सकेनौं भने जनताको हामी प्रतिको नकारात्मक भावना तीब्रतर ढङ्गले अगाडि बढ्ने छ । हामीले भन्ने गरेका छौं, अब राजनीतिक कोर्स पूरा भयो । विकास निर्माणको चरणमा हामी दौड्न जरूरी छ । त्यसका लागि सबै भन्दा पहिलो कुरो संसदमा कानूनको निर्माण गरेर हामी अगाडि बढ्न सकेनौं भने, यो नकारात्मक भावनालाई हामीले मेट्न सक्दैनौं । त्यसैले म सभामुख महोदयमार्फत् भन्न चाहन्छु, हामीले कि अधिकतम रूपमा कानून निर्माण गरेर जनताका पक्षमा जनताका आवाज यो संसदमार्फत् बुलन्दका साथ पेश गर्यौं भने जनता सधैंभरी संघीयता गणतन्त्रलाई अझै मजबुत दिगो बलियो बनाउने ढङ्गले हामीलाई सरकारलाई संसदलाई साथ दिनेछन् र संघीयता मजबुत भयो भने हामीहरूले, नेताहरूले भनेजस्तै यो राजनीतिक कोर्स पूरा भैसक्यो । यो विकास निर्माणको चरण दौड्न पर्छ भनेजस्तै त्यो कुरामा हामी सबै अगाडि लाग्ने छौं । खासगरी पहिलो अधिवेशन समाप्त भएको छ । दोस्रो अधिवेशन सरकारले निर्माण गर्ने बजेट अधिकतम रूपमा जनताका पक्षमा सोचेर ल्याउने छ । यद्यपी त्यो कुरा बेलैमा हामी सबैले मनन् गर्नेछौं भन्ने कुरा भन्दै म आफ्ना भनाईहरू यही राख्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री सीताकुमारी नेपाली, समय ७ मिनेट ।

**माननीय श्री सिता कुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशन सुरू भएको छ । दोस्रो अधिवेशनको पहिलो बैठकमा हामी आज छलफल गरिरहेका छौं । यो अधिवेशन बजेट अधिवेशन पनि हो र हामीले पहिलो अधिवेशन बजेट अधिवेशन पनि हो र हामीले पहिलो अधिवेशनको अन्तिम दिन समिक्षा पनि गरेका थियौं । समिक्षात्मक भनाइ पनि राखेका थियौं र त्यतिबेला कर्णाली प्रदेशको सरकारलाई हामीले हाम्रो दलको तर्फबाट थुप्रै सल्लाह सुझावहरू सहित सुझावहरू राखेका थियौं । त्यसको यो दोस्रो अधिवेशनको पहिलो बैठकमा म स्मरण गराउन चाहन्छु । संविधानले परिकल्पना गरेको संविधान उन्मुख राष्ट्र निर्माण गर्नका लागि सामाजिक आर्थिक रूपान्तरणलाई साकार पार्न योगदान गर्नका निम्ति नै हुनुपर्छ । दुई ठूला पाटीहरू बीच एकता भएको छ । यो एकता ऐतिहासिक आवश्यकता हो भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सम्भवतः हामीले राजनीतिक परिवर्तन गर्यौं अब समृद्धि र विकासका निम्ति यो देशले फड्को मार्न सक्नेछ भन्ने कुरा र सँगसँगै कर्णाली प्रदेशले आर्थिक समृद्धि र विकासमा फड्को मार्नेछ भन्ने कुराको विश्वास पनि व्यक्त गर्न चाहन्छु । अब कर्णाली प्रदेशले दीर्घकालीन विकासका सम्भावनाहरूको खोजि गरी अगाडि बढ्नु पर्ने समय

आएको छ र त्यो सम्भावना र त्यो अवसर जो छ, जो ऐतिहासिक अवसर इतिहासले हामीलाई त्यो जिम्मेवारी सुम्पिएको छ । हामीले पहिलो अधिवेशनको बेलामा विभिन्न चरणमा यो रोष्टमबाट बोल्दै गर्दा खेरि कर्णाली प्रदेशको समृद्धिका निम्ति जुन निर्णयहरू गर्यौं साँच्चिकै कर्णाली प्रदेशले सर्वसम्मत ढङ्गबाट प्रदेशको नामाकरण र राजधानी हामीले निर्णय गर्यौं । राष्ट्रभरी कर्णाली प्रदेश एउटा सिलसिला बन्यो र हामीले अब अन्य प्रदेशसरह प्रतिस्पर्धा गर्नका निम्ति, अन्य प्रदेशसँग समन्वय, सहकार्य गर्दै संघीयतालाई कार्यान्वयन गर्नका निम्ति पनि हामीले, हाम्रो प्रदेशमा जुन प्राकृतिक स्रोत साधनहरू छन्, ती प्राकृतिक स्रोत साधनहरूको उपयोग गर्ने, नीति निर्माण गर्न जरूरी छ । सँगसँगै जो दक्ष जनशक्ति विदेशिएका छन्, हाम्रो युवा जनशक्ति विदेशिएको छ रोजगारीका निम्ति विदेशिएको युवाशक्तिलाई स्वदेशमा फिर्ता गर्ने र दक्ष जनशक्ति निर्माण गर्नका निम्ति तालिम मात्र होइन प्रविधियुक्त बनाइ, हामीले हाम्रो राष्ट्र निर्माणका निम्ति हामीले यो कर्णाली प्रदेश निर्माणका निम्ति, त्यो प्रकारको योजना निर्माण गर्ने र आर्थिक समृद्धि र विकास गर्नका निम्ति अब ढोका खोल्नु पनि अहिलेको ऐतिहासिक आवश्यकता हो भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, सुशासन प्रवर्धन गर्न, भष्ट्राचार अन्त्य गर्नुपर्ने हुन्छ । हामीले मिडियाहरूबाट सुनिरहेका छौं, अध्ययन अनुसन्धानले भन्ने गरेको छ, बजेटको ४० प्रतिशत भष्ट्राचार हुन्छ, ६० प्रतिशत मात्र लागू हुन्छ, यो हाम्रो अगाडिको चुनौती हो । हामीले भ्रष्टाचार सुन्य बनाउने भनेर मात्रै हुने अवस्था छैन । सुशासन युक्त प्रशासन निर्माणका निम्ति भ्रष्टाचारमुक्त समाज निर्माणका लागि हामीले यो प्रदेश यो कर्णालीले अलिकति हामीले सोच हाम्रा कार्यक्रमहरू त्यो प्रकारबाट आउन जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु । कर्णाली प्रदेश सरकारले पूर्णता पाएको अब तीन महिना भै सक्यो अब हामीले हिजो भन्ने गर्थौं, सुरूमा हामीले सपथ ग्रहण गरेका छैनौं, सपथ ग्रहण गरिसकेपछि सरकार निर्माण भएको छैन भन्यौ, सरकार निर्माण भै सकेपछि, कानूनहरू निर्माण गर्दैछौं भनेर भन्यौ, बजेट आएको छैन भनेर जनताका माझ भन्यौ, सरकार पनि निर्माण भयो, कानून पनि केही निर्माण भएका छन्, बजेट पनि आयो अब हामीले के भन्ने, अब लगभग सरकार बनेको तीन महिना भै सकेको छ, जनताले पनि सरकारको समिक्षा गर्ने छन्, आवाज उठाउने छन्, प्रश्नहरू उठाउने छन् । त्यसैले गर्दा हामीले कर्णाली प्रदेशमा विगतमा पनि भन्यौ कानून निर्माणको प्रक्रियालाई प्राथमिकता छुट्याएर अगाडि बढ्नुपर्छ भन्ने कुराहरू सुझाव दियौं र कानून निर्माण गर्नका निम्ति हामीसँग अनुभव छैन भने कानून आयोग बनाएर विज्ञहरूको सहयोग लिएर कानून निर्माणका निम्ति प्राथमीकरण छुट्याउनुपर्छ भन्ने कुरा हामीले राख्यौ प्राथमीकरण छुट्याई कानून निर्माण गर्नका लागि अझैपनि कानून आयोग निर्माण गरेर यो कार्यलाई अगाडि बढाउनका लागि म आफ्नो धारणाहरू राख्न चाहन्छु । सभामुख महोदय, कर्णाली प्रदेश नीति तथा कार्यक्रम बजेट कार्यान्वयन आयोजना संचालन कार्य संरचना संगठन बनाउन र कर्मचारी व्यवस्थापन गर्नका निम्ति १ महिनाको समय प्रतिवेदन ल्याउने व्यवस्था

अघिल्लो बजेटमा आएको थियो, त्यो के भएको छ, अहिलेसम्म हामीलाई जानकारी छैन । यहाँ पूर्ववक्ता माननीयज्यूले पनि राख्नु भएको छ । हामीले फास्टट्र्याकबाट आर्थिक वर्ष २०७४/०७५ को बजेट हामीले ल्यायौं तर त्यो बजेट कार्यान्वय गर्नका निम्ति न कार्यविधि अहिलेसम्म बनेको छ, न मेकानिजम छ । संघीय संरचनामा देश गैसकेपछि प्रदेश एउटा छुट्टै संरचना हो र प्रदेशको आफ्नो मेकानिजम हुन जरूरी छ । जबसम्म प्रदेशको मेकानिजम हुँदैन तबसम्म प्रदेशको प्रदेशले गर्नुपर्ने कामहरू व्यवस्थित तरिकाले गर्न सक्दैन । त्यसैले म माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । प्रदेशको मेकानिजम बनाउन जरूरी छ, कार्यविधि बनाउन जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु । हामीले त्यो बजेट सुन्दै गर्दा पनि कर्णाली प्रदेशको विकासको पहिलो पाइला भनेर हामीले सुन्यौ । माननीय अर्थमन्त्रीज्यूले भन्नुभयो तर हामीलाई महसुस भएको छ । पहिलो गासमै ढुङ्गा लागे जस्तो अनुभूति हामीले गरिरहेका छौं । त्यसैले संसदलाई व्यवस्थित र प्रभावकारी बनाउनका निमित्त केही योजना निर्माण संसद भित्रैबाट पनि योजनाहरू बनाएर हामी अध्ययन अनुगमनका निम्ति पनि जान जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु र सभामुख महोदय म अन्त्यमा के कुरा राख्न चाहन्छु भने हामीले हिजो पनि भनेका थियौं, बाढी पीडितहरू जो पालमुनि बसेका छन् ती बाढी पीडितको समस्यालाई सम्वोध गर्नका निम्ति समिति बनाएर होइन फास्टट्र्याकबाट ती बाढी पीडितका समस्याहरूलाई समाधान गरियोस् भनेर हामीले राखेका थियौं । तर आज खोइ ती बाढी पीडितका समस्या जस्ताको त्यस्तै छ । फेरि आजकाल दिनहु दिन हावाहुरी आउने गरेको छ, हुरीबतास चल्ने गरेको छ । थुप्रै घरहरू उजाड भएको अवस्था छ । थुप्रै धनजनको क्षति भैरहेको छ । सुर्खेत जिल्लाकै विभिन्न स्थानीय तहहरू सिम्ता गुर्भाकोटलगायत हाम्रो प्रदेशभरी सम्भवतः हावाहुरीका कारण थुप्रै क्षति भैरहेको अवस्था छ, घरहरू भत्केको अवस्था छ । विद्यालयका पाताहरू उडाइरहेको अवस्था छ । यो अवस्थामा विगतका वाढी पीडितहरू पालमुनि बसिरहेकाछन्, तिनको अवस्था दर्दनाक छ । यो अवस्था अन्त्य गर्ने कि नगर्ने हामीले कर्णाली प्रदेशको सिलसिला प्रदेश त हामीले भन्यौ । यो प्रदेश नामाकरण र राजधानी बनाएर मात्रै सिलसिला बनेर हुन्छ या जनताका जीवनमा परिवर्तन ल्याउन पर्ने आवश्यकता हो । खोइ हामीले बाढी पीडितको समस्या किन समाधान गर्न सकेनौं । आगामी दिनमा प्राकृतिक प्रकोपहरू आउनेछन्, थुप्रै प्रकारका समस्याहरू आउनेछन् । ती समस्यालाई समाधान गर्नका निमित्त ती विषयमा अत्यन्त सोच पुर्याउने छ भन्ने कुरा राख्दै हामी माननीय सभामुख महोदय पहिलो अधिवेशनका अनुभव र अभ्यासहरू छन्, ती अनुभव र अभ्याससहित हामी दोस्रो अधिवेशनबाट प्रभावकारी भूमिका निर्वाह गर्ने कुरामा माननीय सांसदज्यूहरूसहित म पनि लाग्ने कुराको विश्वास व्यक्त गर्दै दोस्रो अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय हिमबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, सर्वप्रथम कर्णाली प्रदेशको प्रथम अधिवेशन अन्त्य भइ दाश्रो अधिवेशन प्रारम्भ भएको छ । यसको लागि कर्णाली प्रदेश सरकार कर्णाली प्रदेहुचन सचिवालय र प्रदेश प्रमुखज्यूलाई नेपाली कांग्रेसको तर्फबाट धन्यवाद दिन चाहन्छु । साथै सम्पूर्ण उपस्थित साथीहरूलाई धन्यवाद दिन चाहन्छु । मेरो भनाई ७ मिनेट भन्नु भएको छ तर ७ मिनेट भन्दा ५ मिनेटमै सकिन्छ होला । अहिले म भन्दा पूर्ववक्ता साथीहरूले अत्यन्तै मसिनो र मिठो शब्दले धेरै कुरा उठाउनु भएको छ । नेपाली कांग्रेसको तर्फबाट मोटो शब्दले कुरो उठाउदा कर्णाली प्रदेश सरकर चल्दैन भनेर । नेपाली कांग्रेस अझै हुन्छ भन्ने पक्षमा छैन । अझै नेपाली कांग्रेस कर्णाली प्रदेश सरकार यस गतिमा चल्नु हुँदैन भन्ने पक्षमा छ । यस गतिबाट नै कर्णाली प्रदेश अगाडि बढ्ने मनसाय राखेमा म भन्दा पूर्ववक्ता साथीहरूले भनि सक्नु भएको छ । नेपाली कांग्रेसले भनि रहनुपर्ने अवस्था छैन । म अर्को शब्दमा भन्छु, सभामुख महोदयमार्फत् उहाँ मन्त्रीज्यूहरू हुनुहुन्छ, मुख्यमन्त्रीज्यूको उपस्थिति छैन । मुख्यमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । पहिलो अधिवेशनमा एक पटक होइन दुई पटक प्रत्येक सांसदहरू एक-एक करोड लिएर आ-आफ्नो निर्वाचन क्षेत्रमा जानुहोस् भनेर भन्नु भएको छ । अहिले त एक करोड होइन माघ, फागुन चैत्र, वैशाख अब जेष्ठ भनिसकेपछि सायद एक करोड लिएर माननीयहरू गाउँ-गाउँमा जाने कुरा त परै छ । माननीयले पाउने दुई रूपैयाँ, पाँच रूपैयाँ पनि दिने हुन कि होइनन्, प्रभु भन्नु प्रर्ने हो कि भन्नु पर्ने शंका लाग्यो त, यहाँ यस्तो किसिमको सरकार गति देखी यहाँ यही गतिले सरकार अगाडि जानु पर्दैन, सरकार चल्दैन भन्ने पक्षमा छैन, यस गतिबाट चल्नु हुँदैन भन्ने आजको दिनसम्मको मान्यता नेपाली कांग्रेसको छ । म सम्पूर्ण सदनको ध्यानाकर्षण गर्न चाहन्छु यसको अलावा अर्को मुख्यमन्त्रीज्यूकै ध्यानाकर्षण र मन्त्रीज्यूसम्बन्धी मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । हो, पूर्ववक्ता माननीयज्यूले भनिसक्नु भयो, हाम्रो वरपरी हजारौं हजार विस्थापित भू-क्षयले चाहिने नोक्सान भएका टहारा हाली बसेका छन् । हामी केवल अर्गानिक, रारा, काठ्माण्डौ, लाटिकोइली यस्तै नाम गरेर मात्र दिन बिताइ रहेका छौं । खोई ती दीनदुःखी विस्थापित दशौं हजार विस्थापित भएका मानिसहरूको मानिसहरूको अवस्था बारेमा हामीलाई प्रदेश सरकारलाई जानकार छैन । प्रदेश सरकारलाई यस बारेमा प्रदेश सरकारको जवाफ तत्काल आउँदो अधिवेशनमा मुख्यमन्त्रीज्यूले अथवा सम्बन्धित मन्त्रीहरूले पूर्ण रूपले सदनमा जानकारी गराओस् भन्ने माग गर्दछु । यस पश्चात म मात्र होइन हामी दैलेखबाट प्रतिनिधित्व गर्ने, हामी ६ जना माननीय छौं, ६ जना माननीय सदस्यहरू, प्रतिनिधिसभा सदस्यहरू, दैलेखका सम्पूर्ण जिल्लावासी जनताहरूको माग हो । दैलेख जिल्ला ४० प्रतिशत गुठीबाट एकदम पीडादायक अवस्थामा छ, दीनदुःखीमा छ, अहिलेसम्म दैलेख जिल्लामा भएको ६० प्रतिशत जग्गाको मात्र जग्गाधनी पुर्जा दैलेख जिल्लावासीले पाएका छन् । ६० प्रतिशत गुठी व्यवस्थापनमा रहेका जग्गाधनीहरूले कुनै जग्गाको पुर्जा पनि पाएका छैनन्, कुनै

लोन पनि निकाल्न पाएका छैनन् । कुनै मालमा रजिष्ट्रेशन गर्न, कसैलाई धरौटी दिन, विक्रि वितरण गर्न पाएका छैनन् । हाम्रो संविधानले निर्धारण गरेको विभिन्न धारा उपधारा अन्तरगत अनुसूची ६ को २१ मा २१ नम्बरमा गुठी व्यवस्थापन गर्ने सम्पूर्ण अधिकार प्रदेश सरकारको छ, संघ सरकारको पनि छैन र स्थानीय सरकारको पनि छैन । त्यसकारणले तुरून्त यसै अधिवेशनबाट दैलेख जिल्ला वासीहरूको गुठी व्यवस्थापनलाई कसरी लैजाने भन्ने म स्पष्ट भन्छु । म जिल्ला सभापति थिएँ, दैलेख जिल्लामा ४९ वटा गुठी छन् । चन्द्रशमसेर, जुद्धसमशेरले निर्माण गरेका ४९ ओटा गुठी शर्तहरू छन् । त्यो गुठीबाट पीडित जनताहरू अहिले पनि एकदम वियोग अत्यन्तै दुःख दर्दनाक ब्यहोरी रहेका छन् । यस सन्दर्भमा तुरून्त प्रदेश सरकारले आफ्नो कदम चालोस भन्ने म चाहिने जोडदार माग गर्दछु । अन्त्यमा अवश्य पनि हामी सबैको सहकार्य, सबैको सहमति सबैको चाहिने एउटा दुरदर्शिताबाट सदन अहिलेसम्म अगाडि गै राखेको छ । यसलाई अरू भनि रहनु आवश्यक छैन । यो बैठकको सफलताको कामना गर्दछु तर आजको मेरो भनाई यति मात्र हो सभामुख महोदय । म सभामुख महोदयमार्फत् भन्न चाहन्छु, सरकार चल्दैन भनेर नेपाली कांग्रेस भन्दैन, सरकार यस गतिबाट चल्नु हुँदैन भन्ने आजको सदनसम्म मान्यता छ । यही भन्दै विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही, समय ७ मिनेट ।

**माननीय सोशिला शाहीः-** सभामुख महोदय, आज पुनः कर्णाली प्रदेशको अधिवेशनको प्रारम्भ भएको छ । यो अधिवेशनमा विभिन्न विधेयकहरू प्रस्तुत हुनेछन् । हामीले विधेयकमाथि गहन गर्ने गरेर विधेयक पास गर्नुपर्ने हुन्छ । संघीयताको सुरूवातको चरण भएको हुँदा कयौं नयाँ विधेयक ऐन कानून निर्माण गर्नुपर्ने काम पनि प्रदेशसभाको जिम्मेवारीभित्र पर्न आउछ । हामी दुरगामी स्वरूप त्यसको पारी तार्न सक्ने प्रारम्भलाई मध्यनजर गरी विधेयक निर्माण गर्नुपर्ने हुन्छ। आज हामी समय समयमा ध्यान दिएनौ भने केवल झारा टार्ने काम हतारमा नै काम सक्ने सोचाई राख्न सक्यौं भने त्यसको दीर्घकालीन असर पर्ने हुन्छ । सरकार सकारात्मक सोच र दृष्टिकोणबाट छलफलमा प्रस्तुत हुनु पर्ने हुन्छ । नविन कार्य, नयाँ संरचना, रचना गर्नुपर्ने हुँदा यस्ता कार्यहरूको अघि के सत्तापक्ष र प्रतिपक्ष हामी सबै सम्मान जिम्मेवारी निर्माणको गहन ऐतिहासिक जिम्मेवारीको हाम्रो काँधमा आएको छ, आएको हुँदा यो जिम्मेवारी पूरा गर्न हामीले दत्तचित्त भएर लाग्नुपर्छ । तसर्थ हामीले कल्पना गरेको सांसद कर्णाली प्रदेश नमूना बनाउन धेरै मेहेनतको खाँचो छ । आज यस क्षेत्रका जनताको यो प्रदेशसभाबाट धेरै नै अपेक्षा राखेको स्थिति छ । हामीले पनि यो कुरा व्यक्त गर्दै आइरहेका छौं, यतिबेला सरकार पनि कहिकतै अल्मलिनुपर्ने अवस्था छैन । सरकारसँग भारी दुई तिहाई बहुमत छ । दुईवटा पाटी नेकपा एमाले र नेकपा माओवादी एकीकरण भएर नेपाल कम्युनिष्ट पाटी भएको छ । यो प्रदेशसभामा सरकारसँग सुविधाजनक दुईतिहाई बहुमत छ ।

सरकारलाई काम गर्न कुनै कठिनाइ छैन । दुई वटा पाटी एकीकरण भएर एउटा वृहत शक्ति निर्माण भएको छ । म दुवै पाटीको नेताहरूलाई बधाई दिन चाहन्छु र सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । अब सरकार र सदनको कुनै पनि काम गर्न कुनै पनि बाहाना बाजी गर्न पाउने छैन । भारी दुई तिहाईको सरकारबाट जनअपेक्षा बढ्ने निश्चितता छ । जनताको बढ्दो विकास गर्ने चाहना अनुरूप विकास गर्नुपर्छ । जनताको चाहना अनुरूप सरकार दौडन सकेन भने निश्चय पनि जनतामा निराशापन आउन सक्छ त्यो स्थिति निम्ति न हामीले दिनु हुँदैन, हामीलाई निराशा पार्ने काम गर्नु हुँदैन, त्यसो हुँदा अहिले यसको अवसर गुम्न सक्छ । तसर्थ यो प्रदेशसभाले ऐतिहासिक जिम्मेवारी पूरा गरोस् म यही शुभकामना व्यक्त गर्न चाहन्छु । रचनात्मक कामका लागि म र मेरो दलको सहयोग र समर्थन गुण र दोषको आधारमा हामीले निर्णय गर्छौं, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को अनुसार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दलबहादुर रावललाई सामाजिक संघसंस्था संस्था सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७४ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दलबहादुर रावलः-** धन्यवाद माननीय सभामुखज्यू, माननीय सभामुखज्यू, कर्णाली प्रदेशमा सामाजिक सेवा प्रवाह गर्न गैरसरकारी संघसंस्थाहरूको काम कारबाहीलाई जनमुखी, जनउत्तरदायी, जवाफदेही र पारदर्शी बनाइ प्रभावकारी नियमन तथा सहजीकरण गैरसरकारी संघसंस्थाको दर्ता, नवीकरण, संचालन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गरी गैरसरकारी क्षेत्रबाट सम्पादन हुने सामाजिक विकास तथा विकासमूलक कार्यहरूलाई समन्वय कायम गर्दै तिनीहरूको भूमिकालाई व्यवस्थित गर्न आवश्यक भएकोले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को उपनियम १०५ बमोजिम सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ सम्मानित सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सरकारलाई कानूनी सल्लाह तथा प्रदेश सरकारलाई विपक्षी बनाइ उच्च अदालतहरूमा दायर भएका मुद्दामा उपस्थित भइ प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारका मन्त्रालय सचिवालय तथा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफलगायतका कानूनी

मस्यौदामा एकरूपता कायम गर्न र प्रदेश सरकारका मन्त्रालयले सचिवालयसँग कानूनी विषयमा आवश्यक समन्वय एवं निर्देशन दिने तथा प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवाहरू उपर मानव न्यायोचित व्यवहार भए नभएको सम्बन्धमा समेत अनुगमन गरी आवश्यक निर्देशन दिने कार्यहरू गर्नका लागि नेपालको संविधान, २०७२ को भाग १२ धारा १६० (१) र (७) मा भएको व्यवस्था तथा प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०५बमोजिम कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ का सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू, माननीय सभामुखज्यूको अनुमतिले मुलुकमा राजनीतिक संक्रमणको समाप्ति पछि संविधान कार्यान्वयनसँगै संघीयतामा प्रवेश गरी समृद्धिको दिशामा अगाडि बढेको छ । प्रदेश सरकारले बनाएको ऐन, अध्यादेश, आदेश, अधिकार, नियम, प्रस्ताव अधिकार पत्र निर्णय जस्ता गतिविधिहरूलाई सार्वजनिक गरी पारदर्शीता कायम गर्न तथा लोकतान्त्रिक पद्धतिलाई संस्थागत गर्न प्रदेश सरकारले जारी गर्ने सार्वजनिक महत्वको लिखतहरूको प्रमाणित महत्व दर्शाउन र आम नागरिकहरू बीच यस्ता लिखतहरू सुसूचीत गर्न प्रमाणीकरण गर्नका लागि निश्चित कार्यविधि आवश्यक पर्ने भएकाले प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ लगभग तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक रहेकाले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू, माननीय सभामुखज्यूको अनूमतिले नेपालको संविधान, २०७२ बमोजिम स्थानीय तह, प्रदेश तथा संघीय संसदको निश्चित निर्वाचन पश्चात तिनै तहका सरकारहरू समेत गठन भइ संघीयता कार्यान्वनमा रहेको राज्य शक्तिको बाडँफाँड

तीनओटै तहबाट गर्ने प्रावधानअनुसार संघ, प्रदेश तथा स्थानीय तहलाई कानून निर्माण गर्ने अधिकार संविधानद्वारा प्रदान गरिएको नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा १ मा अनूसूची ९बमोजिमका सूचीमा कानून बनाउन सक्ने भन्ने व्यवस्थाअनुसार गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियालाई व्यवस्थित, मर्यादित, चुस्तदुरूस्त तथा परिणाममुखि बनाउन आवश्यक भएकोले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०५बमोजिम प्रस्तावित गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियालाई व्यवस्थित गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को नियम २१७ सदस्य र कर्मचारीहरूको क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्थामा सचिवालयका कर्मचारीहरूको सेवा सुविधासम्बन्धी छुट हुन गएकोले कार्यव्यवस्था परामर्श समितिको सिफारिसमा नियमावलीको नियम २१३ बाधा अड्काउ फुकाउ हुने अधिकारले दिएको अधिकारको प्रयोग गरी तपसिल बमोजिमको सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति गठनसम्बन्धी आदेश जारी गरी नियमावलीको नियम २१७ (क) थप गरेको छु । सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति गठनः -

१) प्रदेशसभा सचिवालयसलाई सुचारू रूपले सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यहरू गर्न सचिवालयका कर्मचारीहरूको वृद्धि विकास तथा सुविधा निर्धारण विषयगत समितिहरू बीच समन्वय एवं सामजस्यता कायम गर्न र प्रदेशसभा सदस्को दक्षता अभिववृद्धि तथा प्रदेशसभा र सचिवालयको अल्पकालीन तथा दीर्घकालीन योजना बनाइ कार्यान्विन गर्ने गराउनेलगायतका कार्यहरू गर्नका लागि देहायअनुसारको सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| सभामुख | - अध्यक्ष |
| मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| उपसभामुख | -सदस्य |
| विपक्षी दलको नेता | -सदस्य |
| प्रदेशसभा सचिव | -सदस्य |
| सचिवालय सचिव | - सदस्य सचिव |

२) सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार-

(क) सचिवालयको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्य,

(ख) सचिवालयका कर्मचारीहरूको वृत्ति विकास एवं सुविधा निर्धारणसम्बन्धी कार्य,

(ग) प्रदेशसभाका समितिहरू बीच समन्वय र सामजस्यता कायम गर्ने गराउने कार्य,

(घ) प्रदेशसभा सदस्यको क्षमता अभिवृद्धिको लागि कार्यशाला तालिम गोष्ठीलगायतका कार्य गर्ने,

(ङ) प्रदेश सरकारसँग समन्वय गरी प्रदेशसभा र सचिवालायको अल्पकालीन तथा दीर्घकालीन योजना बनाइ कार्यान्वयन गर्ने,
(च) आवश्यकताअनुसारका अन्य कार्यहरू गर्ने,
३) सचिवालयका कर्मचारीहरूको सेवा सुविधासम्बन्धी सम्बन्धित समितिबाट हुने स्विकृत कार्यक्रममा पर्ने भएमा समितिको निर्णय पश्चात र थप बजेट रकम विनियोजन गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सुनिश्चतताको स्वीकृति भएपछि कार्यान्वयन हुने
४) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुने
माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम २१३ अनुसार बाधा अड्काउ फुकाउने अधिकार प्रयोग जारी भएको सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी आदेश अनुमोदनका लागि सभासमक्ष प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला ।
फ्लोर-हुन्छ ।
हुन्न भन्ने आवाज सुनियन ।
तसर्थ, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकारसम्बन्धी आदेश पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले पारित भइ प्रदेशसभा नियमावली, २०७४ को अङ्ग भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरू, अब यो बैठक २०७५ जेष्ठ महिनाको १३ गते आइतबार दिनको ३:०० बजेसम्मका लागि स्थगित गर्दछु ।
□□□

## (बैठक संख्या-२)
## (२०७५ जेष्ठ १३ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाई राख्न माननीय सदस्यहरूका लागि विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री पदमबहादुर रोकाय, समय ३ मिनेट ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुख महोदय, दोस्रो अधिवेशनको, दोस्रो बैठकमा म आफ्ना कुरा केही राख्न चाहन्छु । कुरा नराखौं भने राख्न मन लाग्छ, राखौं भने अहिलेसम्म कुनै पनि कार्यान्वयन भएको छैन । हामीले हिजो चुनावमा सबै माननीय सदस्यहरूले कर्णाली प्रदेशमा, आफ्नो नगर क्षेत्र र जिल्लामा हरेक आश्वासन दिएका छौं । विकास निर्माणको कुरामा हामीले अहिलेसम्म कुनै माननीय सदस्यहरूले १ मिटर पाइप बाड्न सकेका छैनौं । अब भौतिक पूर्वाधार मन्त्रालयबाट हामीलाई, म जुम्लामा थिएं, अरू साथीहरू आफ्नो-आफ्नो क्षेत्रमा हुनुहुन्थ्यो होला । कुन-कुन ठाउँमा योजना चाहियो, तपाईंले ल्याउनुहोस् भनेर भन्नुभयो । हामीले प्रत्येकले २/४ ओटा योजना टिपायौं, त्यो कार्यान्वन भएन । कृषि मन्त्रालयबाट पनि टिपाउने भन्नुभयो, त्यो पनि त्यस्तै, त्यतिकै छ । अहिले भने हामीले २/२ पटक जिल्लामा गएका छौं, उहाँ जिल्लाका साथीहरूले हामीलाई, तपाईंहरूले के गर्नुभयो ? के गर्दै हुनुहुन्छ ? के विकास ल्याएर आउनुभयो ? हामीलाई पाइप चाहिएको छ, हामीलाई खानेपानी चाहिएको छ, हामीलाई स्कुल चाहिएको छ । हामीलाई सिंचाइ चाहिएको छ, भनेर भन्नुहुन्छ । हामीले के भन्ने, कति कोट्याइ रहने, कर्णाली विकासको नाममा सरकारले कर्णाली रोजगार, एक घर एक रोजगार कार्यक्रम ल्यायो तर कर्णाली रोजगारी नाममा डोजरवालाले र डोजरका ठेकेदारले रोजगार पाए । कर्णाली उज्यालो कार्यक्रममा टुकिमारा दिएर टोट्यायो सरकारले, यस्तैगरी प्रदेश सरकारले कर्णाली प्रदेश सरकार टोट्याउन खोजि रहेको छ, हामी मान्नेवाला छैनौं । सीमित सरकारमा बस्ने हाम्रो मन्त्रीज्यू हुनुहुन्छ होला, उहाँहरूले गाडी पाउनु भएको होला, उहाँहरू सेवा सुविधायुक्त हुनुहुन्छ होला, यसमा रिस र डाहा मानेको होइन । सबै ४० जना माननीयहरू मन्त्री हुने होइन, हुने त एउटा प्रदेशको ७ जना मात्र हो तर के गरेर बस्नुभएको छ अहिलेसम्म ? हामी माननीय सदस्यहरूले न त स्वकीय सचिव पाएको छौं, गाउँका मान्छेहरू तपाईंहरू माननीय सदस्यहरू हुनुहुन्छ भन्दै छन् । अगाडि माननीय लेख्नु हुन्छ, तपाईंले पिएसो पाउनु भएको छ छैन भन्छन्, न स्वकीय सचिव छ, न पिएसो छ, न विकास छ त्यसै कारणले हामीले अब यहाँ हामी गुच्चा र क्यारमबोट खेल्न त आएका

हैनौ ? अब हामी प्रदेशको लागि, जिल्लाको लागि र क्षेत्रको विकासको लागि अरू केही नभए पनि असार मसान्तसम्म एउटा निर्वाचन क्षेत्रमा एक अर्ब २ अर्ब रूपैयाँ प्रत्येक क्षेत्रमा आएको थियो । कतै यो रारा पर्यटन बोर्ड, कतै मन्त्रालय, कतै सभाहल व्यवस्थापनका लागि अन्तिम असार मसान्तसम्म सिद्धियो भन्ने त होइन । कतै त्यो पनि चिन्ता लाइ रहेको छ । हामीलाई त्यही साथीहरूले भन्नुहुन्थ्यो, २/३/४ लाख बजेट दिएर के हामी माननीय प्रदेशसभा सदस्यले खल्तिमा हाल्ने हो र ? त्यही दिए पनि पहिलो असार मसान्तको बजेट थियो । हामीले यो दिएका छौं, यो गाउँ नगरपालिका दिएका छौं, वडामा दिएका छौं, भोलि आउने असार मसान्तसम्म हामी अरू ठाउँमा बाँड्दैछौ भन्न त पाउँछौं, हामीहरूले अहिलेसम्म केही पाएको छैनौं ।

(माननीय सभामुखः- समयलाई ध्यान दिउँ माननीय सदस्य)

त्यसैकारणले अब यो हुनु भएन । सासु र बुहारीको एउटा उखान छ हिजो सासु पनि बुहारी भएकि थिईन, आज कि बुहारी पनि भोलि सासु हुनपर्ने अवस्था आउँछ, त्यो पनि सोच्न पर्ने अवस्था आउँछ । त्यसै कारणले यो गरिमामय सदनमा हामी प्रदेशसभाका माननीय सदस्य छौं, सबै हामीले कसरी हाम्रो क्षेत्रमा, जिल्लामा जाने के लिएर जाने, के भन्दै जाने, कति टोट्याउदै रहने, त्यसै कारण हामी चिन्तित छौं । अब यो गरिमामय सदनले असार मसान्तको त्यो बजेट जति पर्छ हाम्रो भागमा दिनुपर्यो । हामी क्षेत्रमा जान्छौ, हामी पारदर्शी हिसाबले हामी विभाजन गर्छौं । आउने बजेटको कुरा पछि आउँदै गर्ला, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री रातो कामी, समय ३ मिनेट ।

**माननीय श्री रातो कामीः**- माननीय सभामुखज्यू, यो भन्दा अगाडि बोल्ने माननीयज्यूले भने जस्तै सबैले बझ्नेगरी छलफल पनि भएको छैन । पहिला हामीले टिपेर दियौं र अहिले बजेटलाई कार्यान्वन गर्ने स्थानमा छ वा छैन, कार्यान्वन स्तरमा हो भने प्रदेश सरकारबाट यो बारेमा हामी जानकारी लिन चाहान्छौ ।

दोस्रो कुरा, बजेटको बारेमा पनि तलसम्म जनताले धेरै अपेक्षाहरू राखेका छन् । हाम्रा योजना कार्यक्रमहरूमाथि लैजानु पर्यो, टिपाउनु पर्यो र आउँदो समयमा योजना पर्नुपर्यो भन्ने आशय व्यक्त गरेका छन् । हामीलाई निर्वाचित भएर सपथ ग्रहण गरिसकेपछि हामी २/४ पटक गाउँमा गयौं र हामीले धेरै कुराहरू प्रदेशको नीति नियम नबनी रहेको सन्दर्भमा हामी हाम्रो ठाउँबाट हामीलाई मतदान दिएर विजय गराउनु हुने आम मतदाताज्यूहरूलाई हामीले सुसूचीत गरिरहेका छौं । जति बजेटका बारेमा छलफल भएर एकआपसमा, एउटा जानकारी दिने परिपाटीको, अलि सघन विकास गर्नु पर्यो र प्रदेश सरकारले गर्ने रणनीति र योजनाहरूमा प्रदेशसभाका माननीय सदस्यहरूलाई योजनामा कन्भिन्स गरेर रणनीति योजना पनि बनाउनु पर्यो । अरू बाँकी निर्वाचन क्षेत्र र कतीपय गाउँ र नगरपालिकाहरूमा विनियोजन अथवा त्यहाँ पुर्याउने बजेट पनि सन्तुलित ढङ्गले विनियोजन हुनु पर्यो न कि यो नभइ कतै औंसी र कतै पुणी हुन गयो भने फेरि त्यहाँ

समस्या पैदा हुन्छ, कोईसनहरू उठ्छन्, हामीलाई फेरि त्यसको जवाफ दिन गाह्रो हुन्छ । त्यसो भएको हुनाले सभामुखमार्फत् प्रदेश सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुरा अहिले यार्सागुम्बाको सिजन चलिरहेको छ । अस्ति ११ गते मात्रै हाम्रो आठबिसकोट नगरपालिकाका एउटा १८ वर्षका युवक हरिबहादुर शाही, लेक लागेर अचेत अवस्थामा डोल्पाको घोटाक्ष भन्ने ठाउँमा अचेत अवस्थामा हुनुहुन्थ्यो, उहाँको बारेमा तल गाउँबाट पनि धेरै फोनहरू आएको हुँदा मैले माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीसँग कुरा राखें । हिजो मात्रै त्यसको फ्लाईट हुन सकेन । बिहान उनीलाई त्यहाँबाट चाहिँ प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री र हामीले संघका माननीय सदस्यज्यूहरू, त्यसलाई अहिले तलतिर ल्याउने काम भएको छ र बाँकी यस्ता आपतविपद्का घटनाहरू, हाम्रो प्रदेशभरी नै हुन जान्छन, यस्तो स्थिति रोकिने कुरा पनि भएन, यसको सामना गर्नका लागि प्रदेश सरकार तयार रहन अनुरोध गर्न चाहन्छु । यती कुरा राख्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दीनवन्धु श्रेष्ठ, समय समय ३ मिनेट । यसपछि माननीय श्री पदमा खड्का तयार रहनुहोला ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, सर्वप्रथम त तत्कालिन माओवादी केन्द्र र नेकपा ऐमाले हालै एकीकरण भएको छ र त्यसको लागि म नेपाली कांग्रेसको तर्फबाट र म मेरो व्यक्तिगततर्फबाट यहाँहरूलाई बधाई तथा शुभकामना दिन चाहन्छु । साथै अब बलियो गठबन्धन सरकारले प्रत्यक्ष कर्णाली प्रदेशको सरकारलाई अनुभूत हुने किसिमले विकास निर्माण र आर्थिक विकासका कुरामा र यो प्रदेश समृद्धिका लागि गम्भीर रूपले लाग्नेछ र त्यसमा हामी प्रतिपक्षको हैसियतले राम्रो काममा, हाम्रो साथ रहने छ भन्ने विश्वास दिलाउन चाहन्छु । माननीय सभामुख महोदय, समय सानो छ, भरखरै मलाई लाग्छ यही जेष्ठ ८ गते हो हामीले यो सम्मानित प्रदेशसभाबाट ६ नम्बर प्रदेशलाई सर्वसहमतिले कर्णाली प्रदेश भनेर हामीले पास गर्यौं तर यहाँ यो कर्णाली प्रदेशमा सुरक्षा निकायका प्रमुख र केन्द्रीय गृहमन्त्री र हाम्रा प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रीको सहभागीतामा भएको कार्यक्रममा त्यो ब्यानरमा कर्णाली प्रदेश हटाएर प्रदेश नम्बर ६ लेखिएको छ । यहाँहरूको ध्यान नगएको हो कि या गरिमामय सम्मानित प्रदेशसभाले सर्वसम्मत पास गरेको कर्णाली प्रदेशको नाम किन हटाईयो सभामुख महोदय, म यो कुरा राख्न चाहन्छु ।

अर्को कुरा यसको मतलब हामीले यो बुझ्नुपर्यो कि कर्णाली प्रदेशको राजधानी सुर्खेत भनेर हामीले सर्वसहमतले पास गरेको छौं । यो सम्मानित प्रदेशसभाबाट अब यसलाई स्थायी राजधानी भनेर बुझ्नुपर्यो त्यसैले माननीय सभामुखमार्फत् म सम्बन्धित निकायबाट यसको जवाफ चाहन्छु र कर्णाली रारा महोत्सव हामीले वैशाख १ गते सुरू गर्यौं, उद्घाटन गर्यौं, सम्माननीय प्रधानमन्त्रीज्यूले देशवासीको नाममा सम्वोधन गर्नुभयो ।

आफैंमा यो राम्रो कुरा हो, स्वागत योग्य हो तर यता अहिले हेर्दा हामी प्रचारबाजीमा त लागेका छैनौं, हामीलाई परिणाममुखी कार्य चाहियो । कर्णाली प्रदेशको सरकारले प्रचार भन्दा पनि त्यो रारा महोत्सवमा एकपटक गएका बाह्य वा आन्तरिक पर्यटकहरू फेरि जाने हिम्मत गर्छन वा गर्दैनन्, त्यसको पूर्वाधार विकासमा यस सरकारको ध्यान गएको छ कि छैन, भौतिक पूर्वाधार निर्माणमा हाम्रो तयारी छ कि छैन र हामी नाग्माबाट र सुर्खेत बाट त्यहाँ गमगढीसम्म पुग्दा खेरि त्यहाँको सडकको स्तरउन्नतिमा हाम्रो ध्यान गयो कि गएन, यहाँ त कर्णाली प्रदेशको सरकारले भन्नुपर्यो, हामीलाई रारा महोत्सवमा सम्माननीय प्रधानमन्त्रीबाट देशवासीको नाममा सम्वोधन गराउनु थियो, हामी त्यसमा केन्द्रित थियौं, हैन भने त्यो मात्र उद्देश्य हैन भने मलाई लाग्छ । कर्णाली प्रदेशलाई समृद्धि र आर्थिक विकासका लागि त्यो पर्यटकिय क्षेत्र पर्यटक पर्वद्धकका लागि रारालाई हामीले अगाडि सारेका हौं, अब हामी के यही गतिले एक वर्षमा ५ लाख पर्यटक यो प्रदेशमा भित्राउन सक्छौं, त्यसैले म पुनः आग्रह गर्दछु, गम्भीर हौं, कर्णाली प्रदेशका आमजनताले यो परिवर्तन पछि अनुभूती गर्ने काम सानै होस् तर त्यसको थालनी गर्नुहोस् । प्रचारमुखी बन्द गरौं भन्दै भन्न चाहन्छु ।

अन्त्यमा म यहाँ के भन्न चाहन्छु भने कर्णालीको यो सदरमुकाम यो राज्य हो । कर्णाली प्रदेशको राज्यलाई प्रस्तावित कर्णालीका केही जिल्लाहरूमा हवाई सेवा सञ्चालन भएका ऐअरपोर्ट वाहेक मलाई लाग्छ डोल्पा, हुम्ला, मुगु र जुम्लाको हवाई सेवा तत्काल कर्णाली प्रदेशको यो राजधानीमा जोडियोस् ता कि त्यो सम्बन्ध त्यहाँबाट आउनेहरूलाई सहज एउटा वातावरण बनाइयोस् भन्ने मेरो आग्रह हो र म पुन के भन्छु भने यो अहिले वर्षा सुरू हुन थाल्यो बजेटका विषयमा फेरि बोल्छु, म अब यो तपाईंको बबईबाट हामी कर्णाली प्रदेशभित्र प्रवेश गर्दै त्यहाँका केही बाटाहरूको स्तरउन्नति तुरून्त गराउनुपर्ने जरूरी दखेको छु । म यहाँ ध्यानाकर्षण गराउन चाहन्छु र त्यसपछि यहाँबाट रारासम्म पुग्ने जति पनि अधुरा पुलहरू छन्, सबैभन्दा पहिला त्यो पुलहरूको निर्माण बनोस् भन्न चाहन्छु । सभामुख महोदयको ध्यानाकर्षण सम्बन्धित मन्त्रालयमा होस् भन्न चाहन्छु र वर्षातमा राराको बाटो नाग्मा र नाग्मा राराको बाटो यही गतिले वर्षातमा चल्दैन, हिउँदमा हिउँ पर्छ अनि हामीले कर्णाली रारा महोत्सव भनेर जसरी राख्यौं, हामीलाई गाह्रो छ, यसमा तत्काल ध्यान जाओस् भन्दै मेरो कुरा यही टुङ्गाउछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमा खड्का, समय ३ मिनेट । यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार रहनुहोला ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, विशेष गरी दोस्रो अधिवेशनको दोस्रो बैठकमा मैले यो कर्णाली प्रदेशको वीरेन्द्रनगर राजधानीभित्र एकदमै समसामायिक विषयमा र यो सदनमा राख्खै पर्ने विषयहरूलाई म उठान गरी रहेको छु । हामी यो सदन चलिरहँदा कर्णाली प्रदेश सरकारले समयमा भएपनि ३ महिनाका लागि भएपनि जुन

बजेट प्रस्तुत गरेर, हामी यहाँ बजेट पास गरिरहेका थियौं र सँगसँगै आम नागरिकले कार्यान्वयनको पाटोतिर पनि आउँछ कि भन्ने आशा गरिरहेका थिएँ तर हामीले त्यो दिन सकिरहेको अवस्था छैन र आज सुर्खेतमा कति चोटि हामी यो सदनमा बोल्ने सदनमा बोलेको कुरा किन कार्यान्वयन हुँदैन भन्ने कुरामा पनि हामी आफैँमा पनि, हामीले बोल्ने कुरामा बोल्ने कि नबोल्ने भन्ने विषय हामीलाई खड्कीरहेको छ तर पनि सुर्खेतमा ४/५ वर्षदेखि टहरामा बसेर बाढी पीडितहरूको समस्या जस्ताको त्यस्तै छ । प्रदेशले पहिलो प्राथमिकता राखेर त्यसलाई समाधान गर्नुपर्यो भनेर हामीले सदनमा बोल्यौं र मन्त्रालयमा गएर पनि हामीले छलफल गयौं त्यो विषय अगाडि बढ्न सकेन, यसका लागि म प्रदेश सरकारलाई सकेसम्म ती फाटेका पालहरूलाई नयाँ पाल हालेर भए पनि बाढी पीडितको समस्यामा ध्यानजाओस् भन्न म चाहन्छु ।

अहिले भर्खरै यो जलवायू परिवर्तनका कारण र विभिन्न कारणले गर्दा समयमा पानी नपर्ने आवश्यकता परेको बेला पानी नपर्ने र हावाहुरी विभिन्न कारणले गर्दा आज हजारौं मानिसका घरहरू उडाएका छन् र धेरैभन्दा धेरै हाम्रो यो कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नजिकै जोडिएको उकदमै कृषियोग्य भूमिमा किसानहरूले लगाएका तरकारीबालीहरू नस्ट भएका छन् । विभिन्न टनेलहरूमा उत्पादन गरेका तरकारीहरू सबै हावाहुरीले उडाएको छ । यसका लागि पनि मैले सम्बन्धित मन्त्रालयलाई यसको अभिलेख राखी तुरून्त किसानहरूलाई क्षतिपूर्तिका लागि पहल गरिदिनुहुन पहल गरेको छु र अर्को भर्खरै मात्र वि.न.पा १० वडामा आफ्नो घरमा हावाहुरीबाट बच्नका लागिभित्र बसी रहँदा, घर नै भत्काइ दिँदा एक जना सीता बि.सी. नाम गरेको महिलाको ढाड पनि भाँचिएको छ र एउटा खुट्टा र एउटा हात पनि भाँचिएको छ । एकदमै मजदुर गरेर खाने अहिले उपचारको लागि उहाँलाई समस्या परेको छ । यसका लागि पनि हाम्रो मुख्यमन्त्री कार्यालयमा हो वा अर्थ मन्त्रालयमा दैवीक प्रकोप कोष भन्ने हामीले सुनेको छौं । हामीले यसलाई कार्यान्वनमा ल्याउनका लागि पनि हाम्रो प्रदेश सरकारलाई मैले जोडदार माग गर्न चाहन्छु ।

अर्को विषय छ, हाम्रो यो सुर्खेत कर्णाली प्रदेशको राजधानी, हाम्रो यहाँ सुर्खेतका माननीय सदस्यहरूले पनि कुरा उठाउनु भएको छ । वीरेन्द्रनगर बजारमै हामीहरू सुन्दर कर्णाली प्रदेश सुन्दर वीरेन्द्रनगर राजधानी बनाउने परिकल्पना बोकेका छौं तर हामीले भनिरहेका छौं सम्बन्धित मन्त्रालयले सम्बन्धित योजनालाई अगाडि सार्नु पर्छ । यो गर्नुपर्छ भनेर पटक पटक भनिरहँदा पनि वीरेन्द्रनगर बजारमा हजारौ बाहिरबाट आउने पर्यटकहरूले हेरिरहेका छन्, ढल बगिरहेको छ, हाम्रो सरकारको ध्यान जाने कि नजाने ? सम्बन्धित नगरपालिकालाई हाम्रो मुख्यमन्त्रीको कार्यालयबाट निर्देशन जानु पर्ने हो वा प्रदेश सरकारले गर्नुपर्ने हो, यो कुरामा एकदमै छिटो भन्दा छिटो ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ र वीरेन्द्रनगर उपत्यकाभित्र सुर्खेतको राजधानीमा प्रत्येक वर्ष चक्रपथको कुरा

उठ्ने, प्रत्येक वर्ष यो टेण्डर हुने अनि काम नहुने यो अल्झिरहेको विषय छ, यसमा पनि प्रदेश सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लागेको छ, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री यज्ञबहादुर बि.सी., समय ३ मिनेट । यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री यज्ञबहादुर बि.सी.:-** माननीय सभामुख महोदय, यहाँ जुन विशेष समय लिएर, जुन बोल्ने एउटा अवसर प्रदान भयो, विशेष गरिकन अहिले समय अनुकूल, जब यी हाम्रो प्रथम अधिवेशनले जुन बजेट पारित गर्यौं र हामी जनताको बीचमा जाँदा खोई तपाईंहरूले कहाँ कहाँ बजेट लगानी गर्नु भयो, सबै माननीयज्यूहरूलाई सायद यो प्रश्न तेर्सिएको जस्तो मलाई लाग्छ र हामीले सोध्यौं के भनेदेखिन १ अर्ब २ करोड ५ लाख विनियोजन भयो । हामीले बजेट पास गर्यौं अब तपाईंहरूलाई जानकारी यहाँ छनोट भएको र यहाँ यती यती छुट्याइयो भन्ने कुरा जानकारी अब सरकारले रातो किताब निकाल्छ र सबै सांसदज्यूहरूलाई जानकारी हुन्छ भन्ने कुरा चाहिँ भयो सभामुख महोदय तर हालसम्म र कुनैपनि सायद मलाई जहाँसम्म लाग्छ माननीय सांसदज्यूहरूलाई जानकारी नभएको कुरा सभामुख महोदयमार्फत् सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, अब यो आकाशमुनिका जो बाढी पीडितहरूको कुरा आइसक्यो सांसदहरूले भनिसक्नुभएको छ । आकाशमुनि बसिरहेका जुन बाढी पीडित छन् । २०७१देखि हामीले ती बाढी पीडितहरूलाई छानामुनि राख्ने व्यवस्था जुन कर्णाली प्रदेशका माननीय सांसदज्यूहरूबाट यो सदनमा जति कुरा उठ्यो, आज कुनै त्यसको कुनै लेखाजोखा भएको अनुभूती भएको छैन । सभामुख महोदय, अर्को मानेमा जति जती आज चाहिँ भार हिजोको जुन दैवीक प्रकोपबाट हामी यो कर्णाली प्रदेश सरकार र जब सहयोग गर्न सफल भएको अवस्था छ । सभामुख महोदय, भर्खरै आउँदै गरेको आधींहुरीले पुनः कर्णाली प्रदेश र सरकारलाई चाहिँ फेरि भार थपी रहेको अवस्था छ । सभामुख महोदय, अस्ति भर्खरै मात्र वैशाख ३० गते आएको हुरीले साविक घाटगाउँ गाविस र हाल चौकुने गाउँपालिका अन्तरगत वडा नं. ९ घाटगाउँमा नि.मा.वि. बेलगौडाको सारा स्कुलको भवननै उडाएर लग्यो, सभामुख महोदय र त्यहाँको कृषि सहकारी र दोभान सहकारी १०/११ जना ब्यक्तिहरूको घरै उडाएर लग्यो । सभामुख महोदय, मलमपट्टीमा केही राहत गर्नुपर्छ भन्ने कुरा सभामुख महोदयमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदयमार्फत् के भन्न चाहन्छु भने हो हामी नयाँ घर बनाउन चाहान्छौं । अब यो कर्णाली प्रदेशलाई सक्षम रूपमा आर्थिक उन्नतिकालागि लागी रहेका छौं । सभामुख महोदय, सरकारले आफ्नो परिवार, सदन अथवा सरकार र नङ्ग र मासुको सम्बन्ध छ र आफ्नै परिवारलाई यो सरकारले व्यवस्था गर्न नसकिरहेको अवस्था छ । म सभामुख महोदयमार्फत् यो व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री अम्मरबहादुर थापा, समय ३ मिनेट । त्यसपछि माननीय श्री दानसिंह परियार तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, अहिले हामी कर्णाली प्रदेश र सांसदहरू कर्णाली प्रदेश सरकार गठन भयो । कर्णाली प्रदेश सरकार गठन भइ रहँदा बजेट आयो र हामीले भाषण गर्यौं । मुख्यमन्त्रीलगायत हामी सांसदहरूले पनि भाषण गर्यौं, यो सबै भन्दा कमजोर प्रदेश, स्रोत र साधनले सम्पन्न प्रदेश, यहाँ सबै कुरा गर्न सकिन्छ भन्ने कुराहरू छ, स्रोत साधन वास्तविक हामीले भाषण गरेका कुरा साँच्चै तर ढुङ्गाभित्र एउटा हीरा छ । त्यो हीरा निकाल्नका निमित्त, त्यो ढुङ्गो फुटाल्न पर्छ जबसम्म त्यो ढुङ्गो फुट्दैन, त्यो ढुङ्गाभित्रको हीरा छ भनेर गीत गाएर काम लाग्दैन । त्यसकारणले ढुङ्गाभित्रको जुन हीरा छ, त्यो हीरा निकाल्नका निमित्त हामी सबै एकता भएर अगाडि बढ्नु जरूरी छ । हाम्रा कुरा सबैले असल कुरा सुन्न जरूरी छ । त्यो कुरा सुन्दै गर्दा मैले यो बजेट आउँदा भनेको थिएँ १३/१४ महिनाको बजेट त हामीले कार्यान्वन नगरेर फ्रीज भएर राष्ट्रिय ढुकुटीमा जान्छ, २ महिनाभित्र यो बजेट खर्च हुन्छ कि हुँदैन, मैले धेरै मन्त्रालयमा गएर सोधे, मन्त्रालयका सचिवले भनेको सुने, हामीलाई के भन्छमाथिबाट निकासा आएको छैन, अख्तियारी आएको छैन । नेपाल सरकारका माथि त सहसचिव हुनुहुन्थ्यो, यहाँ सचिव हुनुहुन्छ । प्रदेशका सचिवले अख्तियार आएको छैन, कहाँबाट आएको छैन भन्दा केन्द्रबाट आएको छैन, केन्द्रीय अर्थ मन्त्रालयले दिएन भन्नेसम्मका सचिवहरूसँग कुरा गरें, तपाईंहरू कहाँको अख्तियारी, अब यो प्रदेशको अर्थमन्त्रीले अर्थमन्त्रालयले अख्तियारी दियो कि दिएन त्यो त दियो भने पछि अहिले यो प्रदेशको विकासका निमित्त, यो संघीय संरचना बनाउनको निमित्त, ब्युरोक्रेशी अलिकती यो संविधान नपढेको, संविधानलाई वास्ता नगरेको र हाम्रा सरकारमा रहेका मन्त्रिपरिषद्का सदस्यहरू उनले जता घुमायो उतै घुमिरहेका छन् । ठोस निर्णय गरेर मैले पहिले पनि तपाईंहरूलाई यो बजेटको विषयमा भनेको थिएँ । फाष्ट्र ट्र्याकमा जानका निमित्त यो प्रदेशसभाले हामीले के निर्णय गर्यौं, के १ अर्ब २ करोडको बजेटलाई हामीले फाष्ट्र ट्र्याकबाट गएर खर्च गर्ने विधि के हुन सक्छ, त्यो गरौं भन्दा चालु बजेट त खर्च भैसक्यौं, चालु बजेट त रोक्न सकिएन । पूँजीगत बजेट थन्किएर बसेको छ, त्यस कारणले हीरा फुटाल्ने काम हामीले गर्न सकेनौं । त्यसैले म अर्को कुरा अघि सबै पूर्ववक्ता माननीय सदस्यले भन्नुभयो, म दैलेखमा जाँदा असिनाले टिनसम्म तोड्ने काम गर्यो, अहिले त्यहाँका हस्पिटलहरू दैलेख जिल्ला हस्पिटलभित्र त्यो असिनाले टीन फुटाल्दा अहिले ती बिरामीहरू बस्ने ठाउँमा जब पानी पर्छ, पानीको ताल परीरहेको छ । वास्तवमा अहिले लागू भयो, सामाजिक स्वास्थ्य मन्त्रीलाई त्यो रिपोर्ट दिएको छु, म गर्छु भन्नु भएको छ तर पनि यो निकासा कताबाट हो, अख्तियारी कता हो, त्यता लटपटिनु भएको छ, जस्तो लाग्छ । अस्ति मात्र हावाहुरीले बडा खोलामा एउटा स्वास्थ्य चौकी र हेल्थपोष्टको सम्पूर्ण छाना उडाई दियो, त्यसैले अब मैले भन्छु, यो

सरकारलाई हरेक किसानलाई, हामी माननीय सदस्यहरूले क्षतिपूर्ति चाहियो भन्छौ, क्षतिपूर्ति राज्यको कोषबाट १ अर्ब रूपैयाँले कती, कस्लाई दिने तत्काल कृषि बिमाको व्यवस्था यो सरकारले गरोस् तब मात्र हाम्रा किसानहरूमाथि समस्या आउँछ त्यो बिमाद्वारा किसानहरूले क्षतिपूर्ति प्राप्त गर्न सक्छन् । त्यसो भएको हुँदा हामीले पैसा दिन्छौ अहिले प्रदेश सरकारले यहाँ भएको क्षतिलाई क्षतिपूर्ति दिने हो भने यो १ अर्बले पुग्नेवाला छैन । त्यस्तो भएको हुनाले यो सरकारले स्वास्थ्य बिमा र कृषि बिमा तत्काल यसलाई अगाडि पेश गरोस् अथवा विधेयक ल्याउनुपर्छ भने, होइन भने यतातिर ध्यान आकर्षित होस् भन्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दानसिंह परियार, समय ३ मिनेट ।

**माननीय श्री दानसिंह परियारः-** सभामुख महोदय, आज हामी दोस्रो अधिवेशनको दोस्रो बैठकमा उपस्थित छौं र आज प्रदेश सरकार गठन भएको करिव ३ महिना समय हामीले पार गरिसकेका छौं र अहिले प्रदेश सरकारका गतिविधि प्रति आम जनताहरूको निराशा बढिरहेको छ । हामीले जुन आशा र अपेक्षाका साथ प्रदेश सरकार सञ्चालन गर्छौं र जनताका विचार र भावनालाई सम्वोधन गर्छौं भन्ने उद्देश्यका साथ हामी जुन-जुन जिल्लाबाट हामी प्रतिनिधित्व गर्दै यो ठाउँमा हामी उपस्थित भयौं तर मलाई लाग्छ केही निराशाहरू आमबजारमा तपाईंले सुन्न सक्नुहुन्छ र आमजनताहरूले यो भनिरहेका छन् । त्यसो भएकोले हामीले पहिलो कुरा त प्रदेश सरकार आफै चाहिँ कानून बनाएर, आफ्नो नीति बनाएर, आफ्नो चाहिँ नीतिगत रूपमा सक्षम हुने कुरामा हामीले ढिला गरिरहेका छौं । त्यस्तै जति पनि हामीले बजेटका कुरा गयौं, अस्ति मात्र एउटा बजेटको नमूनाको रूपमा हामीले केही आमजनतालाई अब प्रदेश सरकारले केही गर्दैछ भन्ने एउटा आभास दिदैं, हामीले नीति कार्यक्रममा छलफल गयौं तर वास्तवमा कुनै जनताले अनुभूती गर्नसकेका छैनन् र अहिले जिल्लामा पनि गाउँपालिका र नगरपालिकामा पनि, आफ्नै ढङ्गले अगाडि बढिराखेका छन् केन्द्र सरकारले केही गतिविधिहरू, आफ्ना ढङ्गले गरी राखेको छ तर प्रदेश सरकारको जिल्लामा कुनै पनि कार्यक्रममाथिको प्रतिनिधित्व शुन्य अवस्थामा छ । त्यसो भएकोले तत्काल त्यसको बारेमा तपाईंको चाहिँ प्रदेश सरकारले सोचोस र जिल्लामा अहिले कैयौं कार्यालयहरू चाहिँ भूमिका विहीन अवस्थामा छन् । ती कार्यालयहरूलाई चाहिँ तत्काल प्रदेश सरकारको मातहतमा ल्याएर त्योमार्फत् गरिनुपर्छ भन्ने लाग्छ र अर्को कुरा अस्ति मात्र मेरै निर्वाचन क्षेत्रमा मुगुमा भिषण आगलागी भएर २० वटा घरहरू पुरै जलेर नष्ट भएका छन् र यही सरकारको मुख्यमन्त्रीलगायत म आफै पनि त्यहाँ उपस्थित भएको थिएँ । २० वटा घरहरू जलेर खरानी भएको छ । त्यहाँका मानिसहरू पुरै घरबार विहीन रहेको अवस्थामा छन् । ती मान्छेहरूलाई तत्काल प्रदेश सरकारले आकस्मिक कोष बाट होस् वा अन्य कुनै बजेटबाट तत्काल वर्षा सिजन भन्दा अगाडि उनिहरूलाई पुनःस्थापित गर्नका निमित्त तत्काल सोचोस् भन्ने लाग्छ र अन्त्यमा फेरि मैले भन्छु, अहिले हामीले जति पनि परिकल्पना गरेको छौं र

जति पनि जनताले हामी प्रति आशा गरिराखेका छन् यसको जुन गतिले अगाडि वढ्नु पर्थ्यो र जुन गतिले जनताको चाहिँ भावनालाई सम्वोधन गर्नु पर्थ्यो । हामीले परिकल्पना गरिरहेको समाजवादी अर्थव्यवस्थाको कुरा, हामीले परिकल्पना गरिरहेको अर्गानिक प्रदेशको कुरा, हामीले परिकल्पना गरिरहेको तपाईंको चाहिँ आधुनिक वैज्ञानिक शिक्षाको सुरूवात, हामीले कँहीकतैबाट पनि नगरिरहेको आभास गरिराख्या छौं । मलाई लाग्छ, हाम्रा एजेण्डाहरू वास्तवमा समृद्धिका आधारहरू तत्काल हामीले चाहिँ गुरुयोजना बनाएर अगाडि बढ्न पर्छ र त्यसका निमित्त सरकारले तत्काल सोचोस् भन्ने भनाई राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री बिन्दमान बिष्ट, समय ३ मिनेट ।

**माननीय श्री बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, दुःखका साथ म यो विषय यो सम्मानित सदनमा उठाउंदै छु । २०७१ सालमा गएको बाढीको कारणले गर्दा खेरि विस्थापित भएका मान्छेहरू अहिले पनि पालमुनि छन् । प्रदेश सरकारले छिटो भन्दा छिटो यिनिहरूलाई छानामुनि लैजानु पर्यो भनेर हामीले धेरै पटक यो सदनमा कुरा उठाएका छौं र आजका मितिसम्म आइपुग्दा खेरि पनि बाढीपीडितहरू छानामुनि नै छन् । म अस्तिको बजेटमा पनि बाढी पीडितहरूलाई, विस्थापितहरूलाई पुनःस्थापित गर्नका निमित्त बजेटको व्यवस्था भएको छ । सभामुख महोदय, म प्रदेश सरकारसँग जवाफ माग्न चाहन्छु, त्यो प्रक्रिया कहाँसम्म पुगेको छ । यो प्रक्रिया कहिले सम्पन्न गर्छ प्रदेश सरकारले, म आगामी बैठकमा प्रदेश सरकारको जवाफ माग गर्न चाहन्छु र छिटो भन्दा छिटो बाढी पीडितहरूलाई छानामुनि लिनका निमित्त प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

दोस्रो कुरा बजेट आयो, बजेट पास भयो, कार्यान्वनको प्रक्रिया अगाडि बढिरहेको छैन । मैले माननीय मन्त्रीज्यूहरूको कुरा सुन्दा खेरि कहींकतै यता उता म सुन्दै छु, बजेटमा केही कुरा मिलेन रे, सदनबाट पारित बजेट मन्त्रिपरिषद्मा गएर कुरा मिलेन, यस मानेमा म भन्न चाहन्छु, संसदमा घोर अपमान भएको छ । त्यो यद्यपी त्यसका संरचनाहरू, त्यसका विधिहरू, त्यसका प्रक्रियाहरू के छन्, त्यो छिटो भन्दा छिटो निर्माण गरेर बजेट कार्यान्वनको प्रक्रियामा लैजानु पर्दछ । बजेट कार्यान्वन गरे पछि मात्र हामी विकासको सपना देख्न सकौंला अथवा विकासको बाटोमा जान सकौंला, समृद्धिमा पुग्ने हामीले जो लक्ष्य लिएको छौं, त्यस पछि मात्र हामीले पुग्न सकौंला फेरि पनि विधि छैन, संरचना छैन भन्ने हो भने आगामी आ.व.का लागि पनि विधि र संरचना बनाउने छाँटकाँट त देखिएको छैन । अहिलेसम्म आगामी वर्षमा पनि फेरि बजेट ल्याउने, फेरि कार्यान्वयन नहुने प्रक्रिया त हुने होइन, यहाँ हामीलाई गम्भीर आशंका पैदा भएको छ । त्यस कारणले गर्दा खेरि म प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । केही चिजको अभाव भएको छ, ती अभावहरूलाई पूरा गरेर छिटो भन्दा छिटो यो बजेटको कार्यान्वयनको प्रक्रियालाई अगाडि बढाओस्, यो कुराको म माग गर्न चाहन्छु ।

अब बाढी पीडितहरूको कुरा मैले गरें, त्यसपछि गएर भर्खर आएको आधींहुरीले थुप्रै मान्छेहरू विस्थापित भएका छन् । म गम्भीरता पूर्वक प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । मुख्यमन्त्रीको मातहतमा रहेको प्राकृतिक प्रकोप पछिको उद्धार र राहतको निमित्त एउटा कोषको व्यवस्था गरेको थियो । हामीले नीति कार्यक्रममा पनि र त्यसपछि गएर बजेटमा पनि कार्यविधि बनाएर त्यो कोषलाई छिटो भन्दा छिटो कार्यान्वयनको प्रक्रियामा अथवा त्यसलाई कार्यान्वयनको प्रक्रियामा लिनका निमित्त प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश स्तरीय सुरक्षा गोष्ठिमा कर्णाली प्रदेशको सट्टा ६ नं. प्रदेश लेखिएको ब्यानर प्रयोग भएको सम्बन्धमा लगायत माननीय सदस्यहरूले उठाउनु भएको अन्य विषयहरूका सम्बन्धमा प्रदेश सरकारको आधिकारिक धारणा प्रदेश सरकारका मन्त्रीमार्फत् भोलिको बैठकमा जानकारी गराउन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई विनियोजन विधेयक २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा नीतिहरू सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, आज म विकास र समृद्धिको पर्खाइमा रहेको संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक नेपालको गौरवशाली इतिहास बोकेको कर्णाली प्रदेशको आर्थिक मामिला मन्त्रीको हैसियतले आगामी आ.व. २०७५/०७६ को विनियोजन विधियेकको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस सम्मानित सभासमक्ष उपस्थित भएको छु । कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को कानूनी व्यवस्था अनुरूप विनियोजन विधेयक २०७५ मा समावेश हुने सिद्धान्त उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरू प्रदेशसभामा छलफलका लागि प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु । गरिबी, अशिक्षा, असमानता, बेरोजगारी र सामाजिक पछौटेपनको अन्त्य गरी प्रदेशको बहुआयामिक विकासको यात्रामार्फत् समृद्ध प्रदेश सुखी जनताको लक्ष्य प्राप्ति गर्ने दिशामा अगाडि बढ्नु अहिलेको आवश्यकता हो । प्रदेशको आफ्नै भरपर्दो र राजश्व स्रोत नभएको संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान प्राप्त भै नसकेको हुँदा प्रदेशको अनुमानित राजश्व तथा नेपाल सरकारबाट प्राप्त भएको राजश्व बाडफाँड तथा वित्तीय समानीकरण अनुदानलाई विनियोजन बजेटको आधार हुनेछ । प्रदेशले उठाउने कर तथा गैरकर राजश्वबाट नगन्य राजश्व प्राप्त हुने हुँदा प्रदेशभित्र राजश्वको क्षेत्रहरू पहिचान गरी राजश्व वृद्धिका लागि आवश्यक कानून निर्माण गरी आवश्यक कार्यान्वयन गर्नु पर्नेछ । सभामुख महोदय, यस सम्मानित सदनसमक्ष विनियोजन विधेयक २०७५ का सिद्धान्तहरू प्रस्तुत गर्न चाहन्छु ।

तीन तहका सरकार बीच सहकारिता सह-अस्तित्व र समन्वय रहने संवैधानिक मान्यता अनूरूप बजेट तर्जुमा तथा कार्यान्वनको सिद्धान्त अवलम्बन गरिनेछ । नागरिकको मौलिक हक कार्यान्वयन गर्ने मान्यता अनुरूप विनियोजन विधेयक तयार गरिनेछ । प्रदेशमा उपलब्ध स्रोत साधनलाई मितव्ययी ढङ्गले प्रयोग गर्न खर्च मितव्ययिताको सिद्धान्त अवलम्बन गरिनेछ । बजेट प्रणालीमा विनियोजन दक्षता कायम गर्न प्रतिफलयुक्त र प्रभावकारी आयोजनाहरूमा बजेट विनियोजन गर्न सिद्धान्त अङ्गीकार गरिनेछ । अभाव, अशिक्षा, भोकमरी, गरिबी, बेरोजगारी, पछौटेपन सीमान्तीकरण, बञ्चितीकरण, विभेदीकरण एवम् सामाजिक कुरीतिका चक्रहरूलाई होइन, शक्ति, स्रोत र अवसर, पावर, रिसोर्स र अपरचुनिटीमा समन्यायिक पहुँच स्थापित गर्न, यो बजेट विनियोजन विधेयक निर्देशित हुनेछ । सार्वजनिक निजी, सहकारी, सामुदायिक र गैर सरकारी क्षेत्रको परिचालन गर्दै स्थानीय स्रोत साधन र सिपको उपयोग गर्नतर्फ विकासको ढाँचा निर्देशित हुनेछ । समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माणको सैद्धान्तिक जगमा उभिएर विनियोजन विधेयक प्रस्तुत गरिनेछ । सामाजिक पूँजी विकास र भौतिक पूर्वाधार विकासका सवालमा केन्द्रित भइ सन्तुलित र न्यायोचित विकास गर्नेतर्फ आगामी बजेट परिचालन हुनेछ । संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारका सूचीमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अन्तरगत सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा स्विकृत कार्य विस्तृतीकरणमा उल्लेख भएका व्यवस्था र मापदण्ड अनुरूप प्रदेश सरकारबाट सम्पादन गर्नुपर्ने कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गरेपछि मात्र नयाँ योजनामा रकम विनियोजन गरिनेछ । प्रदेश सरकारका नीतिगत तथा संस्थागत सुधारका विषयहरू आर्थिक वर्ष २०७४/०७५ का परिलक्षित, प्रदेशसभाका सदस्यहरूको निर्वाचनका लागि जन अनुमोदित चुनावी साझा घोषणा पत्र प्रद्धत समाजवाद उन्मुख आर्थिक प्रणाली विनियोजन विधेयकका मार्ग दर्शन हुनेछन् ।

सभामुख महोदय, संघीय सरकारबाट हस्तातरण हुनुपर्ने आयोजना कार्यक्रम, संरचना र जनशक्ति हस्तान्तरण भइ नसकेको अवस्था अवस्था भएकोले आ.व २०७४/०७५ को बजेट यस सभामा पेश गर्दा उल्लेख गरेका विषयहरू सान्दर्भिक नरहेको हुँदा ती उद्देश्यहरू प्रति प्रतिबद्ध रहँदै यस विनियोजन विधेयक २०७५ का उद्देश्यहरू निम्नअनुसार रहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

गरिबी न्यूनीकरण गर्ने, आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्ने, भौतिक पूर्वाधार विकास गर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा जनताको पहुँच स्थापित गर्न दक्ष जनशक्तिको उत्पादन तथा मानव संशाधनको प्रभावकारी उपयोग गर्ने, भ्रष्टाचार नियन्त्रण जनमुखी प्रशासन र सुशासन कायम गर्ने, प्रभावकारी शान्ति सुरक्षा कायम गर्ने, कृषिको प्रभावकारी ब्यबसायीकरण विविधीकरण तथा आधुनीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न, संस्थागत संरचना स्थापना गरी कार्यान्वयन गर्ने । पर्यटन

प्रवर्धनद्वारा आय आर्जन तथा रोजगारी सिर्जना गर्ने र प्रदेशको दिगो तथा सन्तुलित विकासद्वारा आर्थिक समृद्धि हासिल गर्ने । सभामुख महोदय, अब आ.व. २०७५/०७६ को विनियोजन विधेयकका प्राथमिकताहरूलाई यस सम्मानित सभासमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु । सडक, जलस्रोत, उर्जा, खानेपानी, सिंचाइ, सूचना प्रविधि जस्ता भौतिक पूर्वाधार, कृषि, सहकारी, अर्गानिक उत्पादन तथा भूमि सुधार, शिक्षा स्वास्थ्यलगायत सामाजिक विकास पर्यटन तथा उद्योग क्षेत्रको विकास, जडीबूटी र वातावरणको विकास, शान्ति सुरक्षा र मानव स्रोतको व्यवस्थापन तथा प्रदेशसभाका माननीय सदस्यज्यूहरूबाट व्यक्त सुझावहरूलाई प्राथमिकतामा राखिने छ । सभामुख महोदय, अब आ.व. २०७५/०७६ को बजेटले अङ्गीकार गर्ने बजेटको प्रमुख नीतिहरूको बारेमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, पूर्वाधार विकास, कृषि, सहकारिताको माध्यमबाट गरिबी निवारण उन्मुख कार्यक्रमहरू संचालन गरिनेछ । प्रदेशभित्रको यातायात व्यवस्थालाई प्रभावकारी र सहज बनाउन आवश्यक स्थानहरूमा फराकिलो र गुणस्तरीय सडक, सुरूङ मार्ग, रज्जुमार्ग, केबलकार जस्ता पूर्वाधारहरूको सम्भाव्यता अध्ययन गरी निर्माण र कार्यान्वयनमा ल्याउने नीति रहेको छ । जलस्रोतको बहुउद्धेशीय अध्ययन अनुसन्धान निर्माण तथा उपयोगका लागि उपयुक्त उपाय अवलम्बन गरिनेछ । प्रदेश अन्तरगतका सबै जिल्लामा स्वच्छ खानेपानी तथा आधारभूत र भरपर्दो व्यवस्था मिलाउने उपयुक्त व्यवस्था गरिनेछ । आधुनिम प्रविधिका माध्यमबाट कृषि योग्य भूमिमा सिंचाइ सुविधा पुर्याउने नीति लिइने छ । स्थानीय तहसँग समन्वय गरी अनिवार्य रूपमा आधारभूत शिक्षाको प्रत्याभूति गर्न शिक्षामा सबैको पहुँच स्थापित गरी माध्यमिक तहसम्मको शिक्षामा गुणस्तरीयता प्रवद्धन गर्न नीतिगत तथा संरचनागत व्यवस्था मिलाइने छ । गुणस्तरीययुक्त शिक्षा र शैक्षिक पूर्वाधार, प्रदेश समृद्धिको आधार भन्ने नाराका साथ व्यहारिकता तथा विकासमुखी एवम् जीवन उपयोगी व्यावसायिक तथा प्राविधिक शिक्षाको विकास गर्दै कर्णाली प्रदेशलाई शैक्षिकद्वारको रूपमा विकास गरिनेछ । सडकको पहुँच नभएका गाउँपालिका र नगरपालिकालाई सहज पहुँच पुर्याउन पहिलो प्राथमिकता दिइने छ । स्वस्थ नागरिक, समृद्ध प्रदेश भन्ने आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापित गरिनुका साथै कर्णाली प्रदेशमा स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रूपमा लागू गरिनेछ । आदिवासी, जनजाति, दलित, महिला, अल्पसंख्यक सीमान्तकृत लोपोन्मुख पिछडिएको वर्ग र समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिकको सामाजिक सुरक्षा संरक्षण सम्बर्द्धन गर्न लैङ्गिकमैत्री तथा सामाजिक समावेशीकरण नीति अङ्गीकार गरिने छ । गरिबमैत्री र सामाजिक सुरक्षा कार्यक्रम लागू गरिनेछ । स्वस्थ जीवनको आधार खेलकुद विकासका लागि खेलकुद विकास जनशक्तिको सिप एवम् अनुभव उपयोग गर्ने उपयुक्त नीति लिइनेछ । मर्यादित श्रम सम्मानित श्रमिक भन्ने नारालाई प्रदेशबाट नै कार्यान्वयन गरिने नीति अवलम्बन गरिनेछ । खाद्य सुरक्षा उन्मुख

दिगो प्राङ्गारिक कृषिका आधारहरू खडा गरी कृषि क्षेत्रमा आत्मनिर्भरका साथै प्रतिस्पर्धात्मक विविधीकरण, बजारीकरण, व्यावसायीकरण एवम् आधुनीकरण गरी कृषि व्यवसायलाई प्रदेश समृद्धिको मुख्यआधारको रूपमा अगाडि बढाइने छ । अर्गानिक प्रदेशको अवधारणालाई कार्यान्वयनमा लैजाने व्यवस्था मिलाउनुका साथै रैथाने बालीको संरक्षण तथा सम्वर्द्धन तथा किसानद्वारा उत्पादित वस्तुको मुल्य निर्धारण नीति अवलम्बन गरिनेछ । भूमि विहीन सुकुम्वासी, द्वन्द्व पीडित, बाढी पीडित, अव्यवस्थित तथा जोखिमयुक्त बसोवास, कृषिलगायत भूमीसम्बन्धी सबै प्रकारका समस्याहरू सम्वोधन गर्न वैज्ञानिक भू-उपयोग नीति तयार गरी सुरक्षित आधुनिक र व्यवस्थित बसोवासको व्यवस्था गरिनेछ । समृद्ध कर्णालीका लागि सहकारी अभियान मार्फत् कर्णाली कम्यूनिटी फार्मिङ्ग मार्फत् उत्पादकत्व वृद्धि तथा श्रमको सदुपयोग गर्ने तथा उत्पादन तथा रोजगारी श्रर्जना गरी निर्वाहमुखी जीवन पद्धतीलाई व्यवसायमुखी तथा विकास तोकिएको तुल्याइने छ । अर्थतन्त्रको प्रमुख आधारको रूपमा पर्यटन क्षेत्रको सम्बर्द्धन संरक्षण र प्रभावकारी उपयोग गर्ने नीति लिइनेछ । खानि खनिज र ग्यासको उच्च उपलब्धताको सम्भावनालाई मध्यनजर गरी तिनीहरूको पहिचान, उत्खनन् अन्वेषण तथा उपयोग तथा जडीबूटी उत्पादन, सङ्कलन, प्रशोधन एवम् बजारीकरणका लागि उपयुक्त उपाय अवलम्बन गरिनेछ । लगानीमैत्री वातावरण शिर्जना गरी साना तथा घरेलु उद्योग प्रवर्धन गर्ने नीति लिइनेछ । वन सम्पदा, वन्यजन्तु, संरक्षित क्षेत्र तथा जलाधार तथा संरक्षण र प्रवर्धन गरी वातावरण सन्तुलन कायम गर्न उपयुक्त कदम चालिने छ । प्रदेशको राजश्व बढाउन करका दर र दायरा स्पष्ट गरिने छ । विकासका दृष्टिले पछि परेका क्षेत्रलाई योजना र बजेट विनियोजनमा उच्च प्राथमिकता दिइने नीति लिइनेछ । प्रदेशको अधिकार तथा कार्य क्षेत्रलाई दिगो रूपमा कार्यान्वयन गर्न आवधिक तथा दीर्घकालीन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सरकारी कारोबारलाई पारदर्शी बनाउन सामाजिक लेखा परीक्षण सार्वजनिक सुनुवाइ जस्ता माध्यमबाट आर्थिक अनुशासन र वित्तीय सुरक्षा प्रवर्धन गरिनेछ । अनुत्पादक तथा स-साना योजनाहरूमा बजेट छर्ने प्रविधिलाई निरूत्साहित गरिनेछ । प्रदेशभित्र संघीय सरकार प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम तथा आयोजनाहरू दोहोरो नपर्ने गरी सन्तुलित रूपमा बजेट विनियोजन गरिनेछ । विकास निर्माणमा स्थानीय तहसँग लागत सहभागिता, साझेदारीमा सञ्चालन हुने योजनाहरूलाई प्राथमिकता दिइनेछ । स्थानीय तहलाई जनशक्ति र साधन स्रोत सम्पन्न बनाउने नीति लिइनेछ । प्रदेश स्तरीय परियोजनाहरू पहिचान गरी प्राथमिकता पूर्ण ढङ्गले कार्यान्वयन गर्न परियोजना बैंक, प्रोजेक्ट बैंक तयार गरिने छ । विपद् व्यवस्थापनको दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयनमा ल्याइने व्यवस्था मिलाइने छ । समृद्धिको आधार शान्ति सुरक्षा प्रदेश जन अपेक्षा भन्ने नारालाई अभियान कार्यक्रममार्फत् सार्थक तुल्याइने छ । प्रविधियुक्त प्रदेश प्रहरीको लागि सशक्तीकरण र सबलीकरण गर्दै अभियानमुखी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ । डिजिटल कर्णाली प्रदेशको अभियानलाई

मूर्तरूप दिन सूचना प्रविधिसँग कार्यक्रम कार्यान्वयन गरिनेछ । संचार क्षेत्रलाई मर्यादित वैज्ञानिक र व्यावसायिक बनाइ व्यवस्थित गर्न आवश्यक कार्यक्रम कार्यान्वयनमा ल्याइने छ । अव्यवस्थित बसोवास सम्वोधन गर्न एकीकृत बस्ती विकास एवम् नदि नियन्त्रण तथा तटबन्धलगायतका कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने नीति लिइनेछ । साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका हाल प्रदेश सरकारमा हस्तान्तरण भइ नसकेका तथा प्रदेश सरकारले वहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरू प्रमुख प्राथमिकतामा राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ । सभामुख महोदय, प्रदेशसभासमक्ष प्रस्तुत गरिएको विनियोजन ऐन, २०७५ को शिद्धान्त, उद्देश्य, प्राथमिकता र नीति उपर माननीय सदस्यज्यूहरूबाट घनिभुत रूपमा छलफल भइ रचनात्मक रूपमा सुझाव प्राप्त हुने अपेक्षा गरेको छु । प्रदेश सरकारले प्रस्तुत गर्ने आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम एवं माननीय सदस्यज्यूहरूबाट प्राप्त हुने सुझावहरूलाई बजेटको मार्गदर्शनको रूपमा लिइने प्रतिवद्धताका व्यक्त गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, आर्थिक कार्यविधि ऐन, २०७४को दफा ९ तथा प्रदेशसभा नियमावली, २०७४ को दफा १७ विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधिको नियम १३२ को उपनियम २बमोजिम विनियोजन विधेयक, २०७५को शिद्धान्त, उद्देश्य, प्राथमिकता तथा नीतिहरू सभासमक्ष छलफल गरियोस् भनि प्रस्ताव पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, आर्थिक कार्यविधि ऐन, २०७४ दफा ९ तथा प्रदेश प्रदेशसभा नियमावली, २०७४को परिच्छेद १७बमोजिम विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधिको नियम १३२ को उपनियम २बमोजिम पूर्व बजेट छलफल प्रयोजनका लागि विनियोजन विधेयक, २०७५ का शिद्धान्त, उद्देश्य, प्राथमिकता तथा नीतिहरूका सम्बन्धमा सभासमक्ष छलफल गरी आगामी वर्षको कार्यक्रम र बजेट तयार गर्नका लागि माननीय सदस्यहरूको सुझाव र मार्गनिर्देशन सभामार्फत् प्राप्त हुने विश्वासका साथ विनियोजन विधेयक, २०७५का शिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख रणनीतिहरू सभासमक्ष छलफलका लागि प्रस्ताव पेश गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७५ को शिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरूमाथिको छलफलका लागि कार्यान्वयन परामर्श यही जेष्ठ १४ र १५ गतेका दिनमा तोकिएको हुँदा छलफलमा सहभागी हुने माननीय सदस्यहरूको नाम प्रमुख सचेतकमार्फत् सचिवालयमा उपलब्ध गराई दिनुहुनका लागि अनुरोध गर्दछु । माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीलाई कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ सभासमक्ष शैद्धान्तिक छलफलका लागि प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सरकारलाई कानूनी सल्लाह प्रदान गर्ने तथा प्रदेश सरकारलाई विपक्ष बनाइ उच्च अदालतहरूमा दायर भएका मुद्दामा उपस्थित भइ प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखत जवाफलगायतका कानूनी मस्यौदामा एक रूपता कायम गर्न र प्रदेश सरकारका मन्त्रालय र सचिवालयसँग कानूनी विषयमा आवश्यक समन्वय एवम् निर्देशन दिनेलगायत कार्यहरू गर्नका लागि नेपालको संविधान, २०७२ को भाग १२ धारा १६० को उपधारा १ र ७ मा रहेको व्यवस्थाअनुसार कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ सैद्धान्तिक छलफल गरियोस् भनि प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री गुलावजंग शाह, समय सात मिनेट ।

**माननीय श्री गुलावजंग शाहः-** माननीय सभामुख महोदय, म कर्णाली प्रदेशको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक २०७५ सम्बन्धी थोरै आफ्नो टिप्पणी राख्न चाहन्छु । विधेयकको दफा ५ को उपदफा २ प्रदेश न्यायाधिवक्ताको कार्यालयको क्षेत्राधिकार तोकिएबमोजिम हुने भन्ने ठाउँमा ऐन निर्माणको प्रक्रियामा क्षेत्राधिकार तोकेर तोकिएबमोजिम हुनेछ भन्ने ठाउँमा ऐन निर्माणको प्रक्रियामा क्षेत्राधिकार तोकिएर र ऐन बनाउन उपयुक्त हुने भन्ने मेरो सुझाव छ । विधेयक ४ (ख)मा हिरासत तथा थुनुवा कक्ष अनुगमन कार्यमा आवश्यक निर्देशन दिन सक्ने व्यवस्थामा प्रदेशका मुख्य न्यायाधिवक्ताको कानूनी हैसियत र राष्ट्रिय मानव अधिकार आयोग जस्तो स्वतन्त्र हुन नसक्ने भएकोले निजले दिने राय सल्लाह निर्देशन प्रदेश सरकारमार्फत् दिने व्यवस्था गर्न हुने सुझाव राख्न चाहन्छु । माननीय सभामुख महोदय, प्रदेशसभाको मुख्य न्यायाधिवक्ता केन्द्रीय महान्यायाधिवक्ता अन्तरगत रहने भएको हुनाले संवैधानिक व्यवस्था संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ताकोअनुसार महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने छ भन्ने व्यवस्था संविधानको धारा १६० मा रहेको छ । त्यसैले आफैंमा पनि स्वायत्त होइन यो महान्यायाधिवक्ताको मातहातमा रहने गरी यसले

दिने जुन सुझाव छ, एउटा कानूनमा लेखिएअनुसारले ऐनमा ५ नं. मा प्रदेश न्यायाधिवक्ताको कार्यालयको स्थापना, मुख्य न्यायाधिवक्ताको सिफारिसमा प्रदेश मन्त्रिपरिषद्ले आवश्यकताअनुसार प्रदेश न्यायाधिवक्ता कार्यालय स्थापना गर्न सकिने छ भन्ने जस्तै गरी यो महान्यायाधिवक्ता अन्तरगत रहेको एउटा मात्रै मुख्य न्यायाधिवक्ता भएको हुनाले यसलाई व्याख्या गर्न पर्ने भन्ने मेरो सुझाव छ । त्यही ढङ्गले कानून बन्यो भने राम्रो हुने थियो भन्ने सुझाव राख्दै, आफ्ना भनाई यहीँ अन्त्य गर्न चाहन्छु, हवस् त धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ माथिको शैद्धान्तिक छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूमा जवाफ दिनका लागि प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, म माननीय सभामुखज्यूको अनुमतिले प्रदेशसभाका माननीय सदस्य श्री गुलावजंग शाहज्यूले यो विधेयकसम्बन्धी मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार र सेवाका शर्तसम्बन्धीको विधेयकमा उहाँले विधेयकको शैद्धान्तिक छलफलका क्रममा उहाँले प्रस्तुत गर्नु भएको रायहरू, उहाँको सुझावहरू र टिप्पणीहरू मनन् योग्य भएकाले तर यो खास गरी विधेयक प्रदेश सरकारलाई कानूनी सल्लाह दिनका लागि र प्रमुख न्यायनधिबक्ताको आवश्यकता हुने भएकोले यो सदनसमक्ष प्रस्तुत गरिएको छ र बाँकी माननीय सदस्यहरूलाई यो विधेयकको उपर केही संशोधन केही उहाँहरूका रायहरू, सुझावहरू छन् भने यो संशोधनको समयमा, उहाँहरूले आफ्नो संशोधन प्रस्ताव दर्ता गर्नु हुने छ भन्दै आवश्यक संशोधन सुझावहरूलाई ग्रहण गरिनेछ र यो विधेयकको अङ्ग बनाइने छ, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ मा संशोधन पेश गर्नका लागि ७२ घण्टाको सीमा प्रारम्भ भएको व्यहोरा समेत स्मरण गराउँदछु । माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५का सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभासमक्ष शैद्धान्तिक छलफलका लागि प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले प्रदेश सरकारले बनाएको ऐन, अध्यादेश, अधिकार, नियम, अधिकारपत्र, निर्णय आदि जस्ता गतिविधिहरूलाई सार्वजनिक गरी पारदर्शीता कायम गर्न तथा लोकतान्त्रिक पद्धतिलाई संस्थागत गर्न प्रदेश सरकारले जारी गर्ने सार्वजनिक महत्वको लिखतहरूको प्रमाणीकरण महत्व दर्शाउन र आम नागरिकहरू बीच यस्ता लिखतहरू सुसूचीत गर्न प्रमाणीकरणका लागि निश्चित कार्यविधि आवश्यक पर्ने भएकोले प्रदेशस्तरको केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ तयार गरी कार्यान्वनमा ल्याउन आवश्यक भएकोले प्रदेशसभा नियमावली, २०७४को परिच्छेद १५को नियम १०६ बमोजिम प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ शैद्धान्तिक छलफल गरियोस् भनि सभासमक्ष प्रस्तुत गर्दछु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको शैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री गुलावजंग शाह ।

**माननीय श्री गुलावजंग शाहः-** माननीय सभामुख महोदय, वास्तवमा यो सार्वजनिक लिखत कार्यविधि सरकार बनेको सुरूवाती चरणमै पेश गरिनु पर्थो, यद्यपी ढिलै भएपनि संसदमा यो प्रस्तुत भएको छ । यसमा खासगरी संशोधन गरिनुपर्ने, यसमा संशोधन प्रस्ताव राखिनु पर्ने, यसलाई अझैं ढिलो गर्नु पर्ने अवस्था छैन । त्यसैले जसरी सरकारले ढिलै भएपनि सार्वजनिक लिखतको कानून संसदमा ल्याएको छ, यसलाई यथाशक्य ढिलै भएपनि प्रस्तुत गर्नु, यथाशक्य पास गर्नका लागि सरकारले पेश गरे जस्तै, प्रदेश सरकारले बनाएको ऐन, अध्यादेश, आदेश, अधिकार, नियम, प्रस्ताव, अधिकारपत्र निर्णय आदि जस्ता गतिविधिलाई सार्वजनिक गरी पारदर्शीता कायम गर्न तथा लोकतान्त्रिक पद्धतिलाई संस्थागत गर्न प्रदेश सरकारले जारी गर्ने सार्वजनिक महत्वका लिखतहरूको प्रमाणीकरण गर्ने सन्दर्भमा महत्व दर्शाउन र आम नागरिक बीच यस्ता लिखतहरू सुसूचीत गर्न प्रमाणीकरणका लागि निश्चित कार्यविधि आवश्यक पर्ने भएकोले प्रदेशस्तरको केही सार्वजनिक लिखत प्रमाणीकरण २०७५ पेश गर्न वाञ्छनीय भएकोले कर्णाली प्रदेशले पेश गरे जस्तै गरी यसलाई ढिलो नगरीकन यथाशक्य पास गर्न जरूरी छ भन्ने कुरामा आफ्नो विचार राख्दै विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि २०७५ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको शैद्धान्तिक छलफलमा सदस्यहरूले उठाउनु भएको विषयहरूमा जवाफ दिनका लागि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशको सार्वजनिक लिखत प्रमाणीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५को सन्दर्भमा यस प्रदेशसभाको सदस्य माननीय श्री गुलावजंग शाहले यो पारित प्रक्रियालाई शीघ्र बनाउनका निम्ति यो सम्मानित सदनलाई उहाँले अनुरोध पनि गरी सक्नु भएको छ । संशोधनको समयमा त एउटा प्राकृतिक प्रक्रिया रहेको हुनाले गुजार्नैं पर्यो सकभर कम संशोधन हालेर छिटो भन्दा यो विधेयकलाई पारित गरिदिने अपेक्षा गर्दै संशोधन उपर अब हामीले सम्मान गर्ने कुरा छदै छ र यती भनि रहँदा फेरि यो विधेयकलाई अझै परिपक्व बनाउन जरूरी छ । त्यसका निम्ति यहाँहरूको संशोधन प्रस्ताव स्वीकृतिका लागि अपेक्षा गरेको छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५मा व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १अनुसार विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ मा संशोधन पेश गर्नका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा समेत स्मरण गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ १४ गते सोमबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३
(२०७५ जेष्ठ १४ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको तेस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेशसभाको दोस्रो अधिवेशनको दोस्रो बैठकको विशेष समयमा माननीय सदस्यहरूले प्रदेश सरकारको ध्यानाकर्षण गराउने सम्बन्धमा कर्णाली प्रदेश स्तरीय सुरक्षा गोष्ठीमा प्रयोग भएको ब्यानरमा कर्णाली प्रदेशको सट्टा ६ नं प्रदेश लेखिएको तथा विकास निर्माण, बाढी, पहिरो, उद्धार, राहत, पुनःस्थापनालगायतका विविध विषयहरूका प्रदेश सरकारका तर्फबाट उपयुक्त सम्वोधन हुन नसकेको भनि ध्यानाकर्षण गराउनु भएको विषयमा प्रदेश सरकारको तर्फबाट आधिकारिक धारणा सभासमक्ष राख्न प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, खासगरी हिजोको यो सम्मानित सदनको बैठकमा माननीय सदस्यहरूले उच्च स्तरीय बाढी पहिरो समितिको विषयमा बाढी पीडितहरूको, खासगरी पहिरोको पछिल्लो केही प्राकृतिक विपत्तीको विषयमा केही कुरा उठाउनु भएको थियो र प्रदेशको नामाकरणको विषयमा पनि उठाउनु भएको थियो । माननीय सदस्यज्यूहरूले प्रस्तुत गरेका विषय उपर सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । यसलाई हामीले, सरकारले गम्भीरतापूर्वक ग्रहण गरेको छ । खासगरी यो नामाकरण गरेको विषयमा विदितै छ कि यो नेपालको संविधानको धारा २९५ उपधारा २ बमोजिम प्रदेशको नामाकरण र धारा २८८ को उपधारा २ बमोजिम राजधानी तोक्ने व्यवस्था नेपालको संविधानमा छ । यस सम्बन्धमा प्रदेशसभामा तत्काल कायम रहेका सदस्य संरचनाको दुई तिहाई बहुमतले निर्णय भएबमोजिम हुने भन्ने संवैधानिक प्रावधान पनि छ । यही प्रावधान मुताविक यस सम्मानित सदनको दुई तिहाई बहुमतले राजधानी र यो नामाङ्कन टुङ्ग्याएको छ । यसको कार्यान्वयनको प्रक्रियामा खासगरी प्रदेश नं ६ लेखिएको यो गृह मन्त्रालयद्वारा आयोजित शान्ति सुरक्षा गोष्ठीमा लेखिएको विषयमा सार्वजनिक मिडियाहरूमा पनि केही टिप्पणी भएको थियो र माननीय सदस्यज्यूले पनि उठाउनु भयो । यो सन्दर्भमा, यो विषय राजपत्रमा प्रकाशन गर्ने तयारीमा छौं । हामीले प्रदेशकै आफ्नै कर्णालीपत्र अथवा कुनै नामाकरण गरेर यसको यतै प्रकाशन गर्नै कि भनेर हामीले छलफल गरिरहेको स्थिति थियो । यहाँ यो प्रदेशको केही प्राइभेसीको पनि प्रोबलम हामीलाई भयो र मतलब संघमा मुद्रण विभागमा नै पठाउनु पर्ने स्थिति बनेको छ । त्यसो हुँदा खेरि हामीले अब त्यो प्रक्रियालाई अगाडि बढाउँदैछौं । राजपत्रमा प्रकाशित नभैकन यो कर्णाली प्रदेश लेख्न केही कठिनाइ चाहिँ देखिएको हो र अर्को यो २०७१ सालदेखि जसरी बाढी

पीडितहरू एउटा समस्याको बीचबाट गुज्रिरहनु भएको छ, अब समाधानका केही पर्यत्न चाहिँ भएका छन् तर ती पर्यत्नहरू प्रयाप्त छैनन् । त्यसो हुँदा खेरि हामीले बजेट वक्तव्यको बुँदा नम्बर २४२ मा पनि उच्च स्तरीय बाढी पहिरो पीडित समस्या समाधान समिति गठन गर्ने भनेर त्यहाँ उल्लेख भएको छ । यो सदनले पनि त्यसलाई पारित गरिसकेको छ । उच्चस्तरीय एउटा समस्या समाधान समितिले मात्रै भएको यो प्रोबलमको यथोचित सम्वोधन गर्न सक्छ । निकास दिन सक्दछ भन्ने बुझाइका आधारमा हामीले यो बजेटमा पनि, यो विषयलाई महत्वका साथ प्रस्तुत गर्यौं र यसले आधिकारिकता पनि हाँसिल गरेको छ । त्यसो भएको हुनाले हामी छिट्टै यो समिति गठन गर्ने तयारीमा चाहिँ अगाडि बढि रहेका छौं, धन्यवाद ।

**माननीय सभामुखः** -माननीय सदस्यहरू, अब म प्रदेश सकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभासमक्ष छलफलका लागि प्रस्ताव गर्नु भएको विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीतिहरूमा सुझावसहित आफ्नो धारणा राख्नको लागि समयको व्यवस्था गरेको छ ।
सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, हामी दोस्रो अधिवेशनको प्रारम्भमा छौं र एउटा महत्वपूर्ण विषयमा आजदेखि छलफल प्रारम्भ हुँदैछ । हामी सबै मिलेर नयाँ व्यवस्था ल्यायौं, कतिपय नयाँ संरचनाहरू बनाइ सकेका छौं, कतिपय बनाउन पर्ने अवस्था छ । यही बीचमा हाम्रो नयाँ अभ्यास भएको छ, संरचना नयाँ, व्यवस्था नयाँ, अभ्यास पनि नयाँका बीचमा विभिन्न तहका सरकारहरूले आ आफ्ना कामहरू-अगाडि बढाइ रहँदा, कर्णाली प्रदेश सरकारको पनि चर्चा हुन स्वभाविक छ । जिम्मेवारीमा रहे पछि जनताले आफ्नो अपेक्षा गरेअनुसारको कामकारबाही भए नभएको, मूल्याङ्कन गर्ने कसीमा उभिंदा सकारात्मक र नकारात्मक टिप्पणी आउने कुरालाई जो जिम्मेवारीमा हुनुहुन्छ, उहाँले सकारात्मक ढङ्गले महसुस गरेर अगाडि बढ्नु पर्ने कुरा हुन्छ, भन्ने मलाई लाग्छ । म आज जे विषय छ, त्यही विषयसँग मात्र केन्द्रित हुन चाहन्छु । यद्यपी यो हाम्रो नयाँ अभ्यास हो, संघीय सरकारमा हुने विगत लामो समयदेखि सरकारमा बजेट योजनामा रुपान्तरित हुनुभन्दा अगाडि सिद्धान्त नीतिमा र उद्देश्यमा छलफल गर्ने, प्रारम्भको नयाँ संघीय प्रदेशमा पनि केही समय, केही वर्ष अगाडिदेखि सुरू भएको छ र आज पनि हामी पहिलो चोटि यद्यपी यो भन्दा अगाडि बजेटलाई सकिएको छ तर बजेट मेरो विचारमा त्यो प्रक्रिया पूरा गर्नका निम्ति ल्याउनु पर्ने नै भएका कारणले गर्दा विना करको बजेट हामीले यो भन्दा अगाडि पास गरेका छौं तर यो चोटिको बजेट हाम्रो आफ्नो सीमा क्षेत्रभित्र संविधानले दिएका अधिकारसहितको कर प्रणालीलाई समेत समावेश गरेर हामीले बजेट ल्याउनु पर्ने एउटा अवस्था छ । त्यस्तो अवस्था हुँदा सरकारको तर्फबाट अर्थमन्त्रीज्यूले जे पेश गर्नु भएको छ । त्यसको मूल म प्राथमिकताका हिसाबले हामी सबै मन्त्रालयबाट गरिने सबै कार्यक्रमको लक्ष्य मेरो

विचारमा ७ वटा प्रदेश मध्ये करिब ५२ प्रतिशत शत गरिबीको रेखामुनि रहेका जनताको बसोवास गर्ने प्रदेश कर्णाली प्रदेश तथ्यले पुष्टि गरेको छ । त्यस कारणले हामी सबैको, चाहे त्यो स्थानीय सरकारको होस्, चाहे कर्णाली सरकारको होस्, चाहे त्यो संघीय सरकारको होस्, चाहे त्यो हामी जनप्रतिनिधिको होस्, कि यो दररेटलाई चलाउन कसरी सकिन्छ, त्यो नै त्यसलाई नै प्रमुख उद्देश्य मानेर त्यसलाई नै प्रमुख प्राथमिकता मानेर, जे कुरा अगाडि ल्याइरहनु भएको छ, त्यो मेरो विचारमा, त्यसमा नै विमती गर्नु पर्ने विषय हो जस्तो मलाई लाग्दैन । त्यो तथ्यले पुष्टी गरेको कुरा हो तर त्यसलाई न्यूनीकरण गर्नका निम्ति त्यो गरिबीको दरलाई घटाउनका निम्ति मुलतः हाम्रो देशमा छलफलमा सबै ठाउको छलफलमा नीतिमा त्यस्तो विवाद हुँदैन, त्यस्तो विवाद हुँदैन । जुन अङ्क आउँछ, अङ्क सबैलाई पुर्याउन सकिदैन, त्यतिबेला अलि छलफल सौहार्द भन्दा, समग्र भन्दा आत्म केन्द्रित विगतको प्रचलन छ, त्यसबाट कसरी मुक्त हुने होला । हामी सबै मुक्त हुन जरूरी छ तर म सबैभन्दा पहिला अनुरोध गर्न चाहन्छु सबै भन्दा पहिला नीति बनाउने ठाउँमा, त्यसलाई कार्यान्वयन गराउने ठाउँमा, रहनु भएको जो साथीहरू हुनुहुन्छ तपाईहरूले पहिला त्यो मुक्त हुने अभ्यास गर्नु भयो भने मलाई लाग्छ, समग्रतामा हामी जिम्मेवारी निर्वाह गरेको ठहरिने स्थिति रहन्छ । त्यता पट्टि म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । लेखिएको प्राथमिकता क्रममा म अनुरोध गर्न चाहन्छु, प्रत्येक बुँदालाई प्राथमिकता लेख्ने हो भने, किन प्राथमिकता लेख्नु पर्यो भन्ने एउटा सुझाव छ मेरोलेखिएका सबै बुँदामा प्राथमिकता हुने हो भने त्यसको शीर्षकमा निम्नअनुसारको प्राथमिकता किन लेखेको त, किन लेख्ने, यसले के गर्दछ भने भोलि नीति बनाउँदा, भोलि योजना छनौट गर्दा, भोलि स्रोतको विचार गर्दा वा विनियोजन गर्दा सबै ठाउँमा प्राथमिकता भनेकै त छ । त्यस कारणले छुट्याइएको छ भन्ने ढङ्गको जुन अहिलेसम्मको चल्दै आएको कुरालाई, त्यता पट्टि चाहिँ अलि हेक्का राख्ने पर्छ, जस्तो मलाई लाग्छ । त्यसमध्ये पनि हामीसँग, हामीले छलफल चलाउन सकेनौं, हामी त्यो पूर्व अभ्यासमै छौं जस्तो लाग्छ । सरकार त्यसमा लागेकै होला कि जस्तो लाग्दछ । कति कट्छ अनुमान गर्न नसक्ने प्रदेश बनिरहेका छन्, त्यता पट्टि पनि सरकारको ध्यान गएकै छ होला ।

असार १ गते बजेट ल्याउनु भन्दा अगाडि त्योसँग सम्बन्धित कानून हामीले पास गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको कुरा सरकारलाई अवगत नै छ, तयारी मै होला भन्ने मैले विश्वास गरेको छु । त्यसकारणले हामी मुलतः संघीय सरकारले दिएको, चाहे त्यो निशर्त होस्, चाहे अनुदान मै भर पर्नुपर्ने एउटा अवस्था छ, त्यसो हुँदा यद्यपी विगतमा पास गरेको बजेटको कार्यान्वयनका सम्बन्धमा पनि हाउसभित्र र बाहिर छलफल चलिरहेको छ । कतिपय टिप्पणी आइ रहेको अवस्था छ । त्यता पट्टि पनि सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण हुन जरूरी छ । मेरो विचारमा गरिबी न्यूनीकरण गर्ने प्रमुख हुँदाहुँदै पनि मेरोतर्फबाट सुझाव दिन चाहन्छु । सरकारलाई कानून निर्माण गर्ने कुरानै

पहिलो प्राथमिकता हो, कानूनअनुसारको संरचना निर्माण गर्ने दोस्रो प्राथमिकता हो, कानूनअनुसार उद्देश्यअनुसारका जनताका आवश्यकताअनुसारको विकास निर्माण गर्ने काममै लाग्नु पर्ने जरूरी र आवश्यकता हो भन्ने मलाई लाग्छ ।
यो विगतको छलफलमा पनि मैले राखेको थिएँ, सरकार थोरै समयको भएको भए, थोरै समयको अनुभवसहित यो बजेट ल्याउँदै छ । हिजो स्वंयम सरकारमा रहनु हुने मन्त्रीज्यूहरूलाई पनि जिम्मेवारी पाइसके पछि के-के नै भइहाल्छ कि भनेर विश्वास लाग्नु, उत्साह जगाउनु, हामी माननीय सदस्यहरूलाई प्रेरित गर्नु जनतालाई अस्वस्थ गर्नु, त्यो म अन्यथा मान्दिन तर असार १ गते आउने बजेट केही अनुभवसहितको बजेट ल्याउँदै हुनुहुन्छ भने सरकार भनेको यस्तो असजिलो र अफठ्यारो कुरा रहेछ । साधन स्रोत छ, समस्यामा मान्छे परेका परै छन् तर आवश्यक व्यवस्थापन गर्न नसक्दा, जनताले सुविधा नपाउने स्थिति, जनताको एउटा स्थिति छ । त्यसलाई कसरी छिचोल्ने होला त, त्यसलाई पनि कसरी व्यवस्थित गर्ने होला भन्ने कुरामा मेरो विचारमा सरकारको हामी सबै सदस्यहरूको सहयोगीको भूमिका रहिरहेकै छ तर सरकारमा जो रहनु भएको छ, उहाँहरूले हेक्का राखेर अगाडि बढ्नु पर्ने हुन्छ । यद्यपी भोलि संघीय सरकारको बजेट आउँदै छ । अहिले पनि हामीलाई हाम्रो प्रदेश सरकारको संरचना, हामी मन्त्रालयभित्र सीमित छ । स्थानीय सरकारको संरचना उसको सीमाभित्र रहेको जति वटा वडा हुन त्यहाँभित्र उसले कार्यालय स्थापना गरेको छ । आफ्नो कार्यालयको प्रतिनिधि छ तर हाम्रो सेरोफेरोभित्र वा सीमाभित्र अहिले पनि स्थानीय सरकारहरूको निकायहरू छन्, संघीय सरकारको संरचना छ, दुःखको कुरा भन्नु पर्छ । मेरो विचारमा संविधानले परिकल्पना नगरेको, संविधानले नाम निसाना मेटिसकेको यत्रो समय बितिसक्दा ३ वटा सरकार बनिसके, स्थानीय, प्रदेश र संघ सरकारको संविधानमा परिकल्पना भएको हो तर हामीले अहिले पनि क्षेत्रीय प्रशासनको ढाँचामा काम गर्नु परिरहेको छ । यद्यपी त्यो हाम्रो तागतमा हाम्रो सीमाभित्र छैन तर मलाई अचम्म लागिरहेको छ । संविधानले आत्मसाथ गरेका ३ वटा सरकार बने, संविधानमा हुँदै नभएको संरचना अझसम्म नी रहिरहने व्यवस्था जुन रहिरहेको छ, त्यसलाई तत्काल सघींय सरकारले जुन गतिका साथ निर्णय गर्नु पर्ने हो त्यो नगरेका कारणले पनि कतिपय समस्या हामीले बेहोर्नु पर्ने स्थिति रहिरहेको एउटा अवस्था छ । त्यस कारणले म त्यता पट्टि सरकारको मुलतः अझ बढि ध्यान केन्द्रित गर्न जरूरी र आवश्यकता म देख्छु । त्यसकारण मैले यो कुरा उठाउन खोजि रहेको छु कि भोलि संघीय सरकारको बजेट प्रस्तुत हुँदा हामीले आफैले प्राप्त गर्नुपर्ने कतिपय योजना त हामीले छनोट गर्न बाँकी छ तर कतिपय हिजोदेखि चलिआएका चलिरहेका क्रमागत योजना रहेका तर संघीय सरकारले संचालन गरेका योजनाहरू मेरो विचारमा शर्तसहित संघीयले प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरी बजेट आउनु पर्छ मैले त्यसको विश्वास गरिरहेको छु । त्यसबाट पनि मलाई लाग्छ अझ बजेट निर्माण गर्ने सन्दर्भमा, हामीले प्राथमिकता निर्धारण गर्ने

सम्बन्धमा, अझ हामीलाई स्पष्ट हुने वातावरण भोलि संघीय सरकारको बजेट प्राप्त भइ सकेपछि पनि कतिपय कुराहरूको आंकलन गर्न सकिने एउटा अवस्था मैले देखेंको छु । त्यसकारणले म फेरि पनि अनुरोध गर्न चाहन्छु कि सबै क्षेत्रमा भौतिक पूर्वाधार जरूरी छ तर पनि सडक संचालन नै प्रमुख कुरा हो । दोस्रो कुरा अंझै पनि हामी आफ्नै ल्याकतमा त त्यो गर्न सक्दैनौ तर दृष्टिकोणका हिसाबले, प्राथमिकताका हिसाबले हामीले आजैदेखि त्यसलाई गम्भीरतापूर्वक लिनुपर्ने भनेको हामी स्रोतका हिसाबले जलस्रोतमा धनी छौं भने त्यसलाई प्रयोग गर्ने, उत्पादन गर्ने, वितरण गर्ने कुरालाई हाम्रै ल्याकतले त भ्याउन सक्दैन तर प्राथमिकताका साथ हामीले त्यसलाई अगाडि बढाएर लैजान सक्ने प्रदेशको अवस्था छ ।

त्यसपछि शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन सबै हाम्रा उत्तिकै महत्वपूर्ण छन् तर म फेरि पनि एउटा बजेटको वितरणको नीतिभित्र एउटा लेख्दा जसरी हामीले हाम्रो प्रदेशलाई ५२ प्रतिशत गरिबीको रेखामुनि रहेको कारणले गर्दापहिलो प्राथमिकताका साथ राखी रहेका छौं भने हाम्रो प्रदेशभित्रको सबै तथ्याङ्कका हिसाबले साधन र स्रोत विहीन रहेको अवस्थालाई आधार बनाएर बजेट विनियोजन गरिने कुरा हामीले एउटा ध्यान दिनै पर्ने कुराका आधारबाट त्यहाँ विकास रहन्छ नत्र भने विगतको बजेट जस्तै जहाँ छ त्यहाँ विकास भइ रहने, जहाँ विकास छैन, त्यहाँ विकास नहुने, एउटा परिस्थिति निर्माण हुन्छ । त्यस कारणले आजसम्मका तथ्याङ्कका आधारबाट, सूचनाका आधारबाट, १० वटा जिल्ला मध्ये, १० वटाको ८६ वटा स्थानीय निकाय मध्ये जहाँ सबैभन्दा कमजोर छ त्यस्तो ठाउँलाई प्राथमिकताका साथ बजेट निर्माण गर्ने उद्देश्यका साथ नीतिअनुसार हामीले आफूलाई अगाडि बढाउँदै, छलफल चलाउने गरी योजना बनाउने कुरामा लाग्न जरूरी छ र अन्त्यमा यो अवसरमा म सबैको एउटा विषयमा ध्यानाकर्षण गराउन चाहन्छु । हिजो पनि हाउसमा गम्भीरताका साथ उठ्यो, अगाडि पनि मन्त्रीज्यूले जवाफ दिइसक्नु भएको छ, हामी थोरै काम गरौं तर त्यो काम विश्वास लाग्ने गरी गरियो भने जनताले पर्खन सक्छन । लामो समयसम्म पर्खिरहेका छन् भने हामीलाई नपर्खने कुरै छैन, नयाँ ढङ्गले, समन्वयात्मक ढङ्गले, कतिपय बेला संघ र प्रदेशका अन्तरविरोधहरू बढ्न सक्लान्, कतिपय बेला प्रदेश र स्थानीय तहका अन्तरविरोधहरू बढ्न सक्लान्, त्यस मध्ये पनि हामी नयाँ संस्था निर्माण गर्नका निम्ति बढि रहेको संस्थापक सरकारका संस्थापक हामी जनप्रतिनिधिका हिसावले भूमिका निर्वाह गर्दा मित्रवत ढङ्गले कहिंकहिं खटपट हुनु परेमा अन्यथा नमानीकन् यो सभाले गरेको निर्णयानुसार जनताले अनुमोदित गरेको म्यान्डेटअनुसार सरकारमा रहने साथी भाइहरूले कार्यान्वयनको पाटोमा अलि दृढतापूर्वक अगाडि बढ्ने कुरामा ख्याल गर्नु भएन भने, अगाडि बढ्ने कुरामा हेक्का राख्नु भएन भने जन अपेक्षाअनुसारको प्रतिकार्य आउनु भएन भने यस्तो दिन आउन सक्छ, कहिलेकाँही जे-जे भन्छन् जनताको कुरा सुन्दै नसुन्ने, त्यही भन्दै हिड्ने जनताको कुरा सुन्दै नसुन्ने, त्यही भन्दै हिड्ने पछि जनताले जे-जे भन्छन् त्यही त्यही मान्दै जाने नीतिमा

गयो भने तपाईंले नेतृत्व प्रदान गर्न सकिने कुरामा भूमिका प्रभावकारी गर्न सकिने कुरामा गम्भीरतापूर्वक प्रश्न उठ्न सक्ने अवस्था रहन्छ । त्यता पट्टि हेक्का राख्ने कुरा गर्दै फेरि पनि म भन्न चाहन्छु, अङ्क बाँड्दा आज हाम्रो सर्वसहमतले नै पास हुन्छ जस्तो लाग्छ, विमती गर्नुपर्ने विषय यो किताबमा केही पनि छैन, यो सर्वसहमत पास गरेको आधारबाट असार १ गते आउने बजेट सर्वसहमतले आउने गरी यो नीतिबाट परिलक्षित भएर ल्याउने कुरामा विगतको बजेटको छलफलको अनुभवसहित सरकार सफल हुनेछ, त्यतापट्टी म ध्यानाकर्षण गर्दै मेरा भनाइहरू यही टुङ्ग्याउछु, धन्यवाद !

**माननीय सभामुखः** -माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, सर्वप्रथम आज हाम्रो अर्थमन्त्रीज्यूले ५४ बुँदामा छलफलको लागि जुन आगामी बजेटको लागि यहाँ पेश गर्नु भएको छ । यस सन्दर्भमा सदनको ध्यानाकर्षण गराउन चाहन्छु भने आर्थिक वर्ष २०७४/०७५को बजेट आउँदा, हामीले सर्वसहमतले पारित गरेका हौं । जुन १५६ बुँदामा उक्त दस्तावेज थियो । त्यस्तै आज पनि यो ५४ बुँदाको दस्तावेज आएको छ, यस सन्दर्भमा म छोटकरीमा के भन्न चाहन्छु भने मैले अस्ति भनि सकेको हुँ, नेपाली कांग्रेस आज पनि गरिमामय सदनमा प्रतिपक्षमा रहँदा पनि यो सरकार चल्दैन भनेर आजका दिनसम्म भन्ने पक्षमा छैन । तर यस गतिले सरकार चल्नु हुँदैन भनेको हुँ, मैले अहिले पनि सभामुख महोदयमार्फत् सरकारको के ध्यानाकर्षण गर्न चाहन्छु भने यो लोकतान्त्रिक सरकार हो, संरचनाको आधारमा बहुमतीय, अल्पमतीय कुरालाई अत्यन्तै न्यूनीकरणण गरेर लोकतान्त्रिक मान्यतामा आधारित आजको दिनसम्म यो गरिमामय सदन गएको छ तर त्यसमा कुनै किसिमको भोलि बाधा अड्काउ तथा त्यसमा कुनै पनि परिस्थिति सिर्जना भयो भने त्यसको जवाफदेही वर्तमान सरकार नै हुनेछ । नेपाली कांग्रेस त्यसको जवाफदेही हुन सक्दैन अवश्य पनि सत्तापक्षले गर्ने, प्रतिपक्षले सुनुवाइ गर्ने लोकतान्त्रिक संख्यामा न्यूनीकरण भए पनि कुर्चिमा बसेर उर्दी मात्र दिएर, उर्दी मात्रै गरेर सरकार चल्दैन, उर्दी मात्र मानेर प्रतिपक्ष बस्न सक्दैन, यस बारेमा म सरकारको अत्यन्तै गम्भीरताका साथ सभामुख महोदयमार्फत् ध्यानाकर्षण गर्न चाहन्छु । म के भन्न चाहन्छु भने सर्वप्रथम आगामी वर्ष २०७५/०७६को बजेट हामीले हिजो सर्वसहमतले पारित दस्तावेज थियो, त्यो दस्तावेजलाई एक चोटि सत्तापक्षमा रहेका सम्पूर्ण माननीयज्यूहरूलाई पनि अध्ययन गर्न स्मरण गराउन चाहन्छु । सरकारमा रहेका सम्पूर्ण मन्त्रीज्यूहरूलाई त आजै घरमा गएर दराजमा राखिएको छ भने एक चोटि गीता पाठ चाहिँ गर्दिन आग्रह गर्दछु । गीता पाठ पढदिन आग्रह गर्दछु किन लेखिएको हो त्यो, के को लागि लेखिएको हो, त्यो किन गरिएको हो, त्यो स्वयम अहिले यहाँ उपस्थित हुनुहुने मुख्यमन्त्रीज्यूले जुन हाम्रो सरकारको प्रमुख हुनुहुन्छ । मुख्यमन्त्रीज्यूले पहिलो अधिवेशनको अन्तिम दिनमा यसै गरिमामय सदनको हलमा १/१ करोड लिएर आफ्नो-आफ्नो निर्वाचन क्षेत्रमा तपाईंहरू जानुहोस्, जनताका आवश्यकता र आकांक्षाहरू पूरा

गर्नुहोस् भन्नुभएको थियो, उहाँले यो कुराको घोषणा गर्नु भएको थियो । आज कहाँ छ त्यो १ करोड कहाँ राखिएको छ मन्त्रीज्यूको दराजमा छ कि, मन्त्रीज्यूको खल्तिमा छ कि, मन्त्रालयको खल्तिमा छ कि, कहाँ छ त्यो १ करोड रकम, मुख्यमन्त्रीज्यूले भन्नु भएको हो घोषणा गर्नु भएको हो । यदि मुख्यमन्त्रीज्यूले सरकारको प्रमुख भएर भनेको होइन म एउटा महेन्द्रबहादुर शाहीको हैसियतमा भनेको हुँ भनेर यसै मञ्चबाट भन्न सक्नुपर्यो होइन भने सरकारको प्रमुखको हैसियतले भनेको भए अवश्य पनि आज सम्पूर्ण ४० जना सांसदहरूले आ-आफ्नो निर्वाचन क्षेत्रको भौतिक विकास र पूर्वाधारको लागि १/१ करोड रूपैयाँ तत्काल पाउनु पर्छ, तत्काल यथाशक्य छिटो पाउनुपर्छ, १ हप्ताभित्र उपलब्ध गराउन म प्रदेश सरकारलाई आह्वान गर्दछु, जोडदार माग गर्दछु ।

दोस्रो कुरो यहाँ अर्थमन्त्रीज्यू त हुनुहुन्छ, मुख्यमन्त्रीज्यू नभए पनि के हो यो संसदीय दलका नेता प्रदेशसभाका माननीयलगायत ठूलाठूला- झण्डा पनि लगाई सकेका छौं, के हो, किन गौतम बुद्ध भएर ५ वर्षको समय बिताउनु पर्ने हो भने आज प्रस्ताव ल्याउँ, गौतम बुद्ध प्रदेश, माननीय सभामुखज्यू प्रदेश त कर्णाली भै सक्यो, गौतम बुद्ध माननीय भनेर सही गरौं, होइन भने गरिमामय सदनका ४० जना माननीय सदस्यहरूले केहो पाउने सुविधा कस्ले पाउने, गाडी कस्ले पाउने हो, कस्ले मोटर पाउने हो, कस्ले चाहिने साइकल पाउने हो, कस्ले चाहिने रोटी पाउने हो कस्ले भात पाउने हो, कस्ले टोपी पाउने हो, केहो दिने भनेको सरकारले प्रदेश सरकारसँग माग गर्दछु । कहाँ छ ती कहीं राखिएका केही कम्बल ल्याइएको छ भने पनि चाहियो, हजुर दिनुपर्यो, हात थापेर कमण्डलु ल्याएर मन्त्रीज्यूको कोठैमा आउनु पर्ने भएपछि तर माननीयको लोगो लगाई, कमण्डलु लिएर मन्त्रीज्यूको कोठामा कोही पनि आउनेवाला छैन । कोही पनि मन्त्रीज्यूको कोठामा कमण्डलु ल्याएर भिक माग्न कोही पनि चाइने तयार छैन । अवश्य पनि यथाशक्य छिटो-छिटो पहिले त्यो कुराको निराकरण भै सकेपछि मात्र यो बजेट पारित हुन सक्छ, बजेटले आकार लिन सक्छ, बजेटले पूर्णता पाउन सक्छ होइन भने यी बितेका कुराहरूलाई खाडलमा पुरेर नयाँ-नयाँ मिठा-मिठा भाषा ल्याएर काम हुँदैन, अस्ती कृषि मन्त्रीज्यूले गराउनु भाथ्यो के रे अन्तरक्रिया गराउनु भएको थियो उहाँको यति, मेरो मनमा लागेको छ, हजुर एउटा परिवर्तन गर्दिनुहोस् त्यसलाई कृषि प्रधान देश होइन, कुर्चि प्रधान देश बनाइ घोषणा गराई दिनुपर्यो भन्नु भयो मलाई बहुत मार्मिक एउटा मनमा स्मरण भयो कुर्चि प्रधान देश नै हो भनेपछि उहाँले भनेको कुरा यथार्थ हो कृषि प्रधान हो कि कुर्चि प्रधान देश नै हुने हो भने त्यसको लागि नेपाली कांग्रेसको तर्फबाट धेरै भन्नु केही छैन ।

सभामुख महोदय,सभामुख महोदय मार्फत् म अवश्य पनि अर्थमन्त्रीज्यूलाई आगामी बजेट तर्जुमा के रे आगामी बजेटको तर्जुमा गर्दा केही आधारभुत कुराहरू यसरी सोच्नु पर्छ भन्ने कुराको पनि आफ्नो भनाइ राख्छु । हो अवश्य पनि आज हामी गरिब प्रदेश मत गरिब प्रदेश भन्ने पक्षमा छैन, कहाँका प्रदेशका मानिसहरूले ४० हजारको पाइन्ट

लगाएका छन् र कर्णाली प्रदेशका मानिसहरूले २ सयको पाइन्ट लगाएका छन्, सबैको पाइन्ट एउटै हो सबैको कोट उही हो, सबैको दौरासुरूवाल उहि हो मुखमा गरिब प्रदेश, गरिब प्रदेश, गरिब प्रदेश होइन गरिब मन्त्रीज्यूहरू भएर यहाँ बर्बाद भइ रहेको छ ।
यसैले सबैभन्दा एक नम्बरमा गरिबका सबै प्रकारको पहिचान गरेर सबै तिरबाट अन्त्य गर्ने अवश्य पनि यस हाम्रो चाइने आगामी बजेट तर्जुमामा अवश्य पनि आउनु पर्दछ ।
दुई नम्बरमा दिगो कृषि प्रवर्धन कसरी गर्ने अगाडि मैले कृषि प्रधान भने तर कुर्सी प्रधान भइ सकेको छ तै पनि राखौं पर्छ । दिगो कृषि प्रवर्धनतर्फ अत्यन्तै ध्यानाकर्षण गर्न चाहन्छु, जहाँसम्म कृषिको प्रवर्धन हुँदैन त्यहाँसम्म गरिबीको अन्त्य हुँदैन ।
तीन नम्बरमा, स्वस्थ जीवन सुनिश्चित गर्न स्वास्थ्य प्रवर्धन गर्न प्रत्येक तत्कालिन गाउँपालिकामा सब-हेल्थपोष्टहरू दिएका छौं । स्वास्थकेन्द्र दिएका छन् तिनीहरूको अवस्था के छ, तिनीहरू कसरी परिचालन भएका छन्, कस्तो नियन्त्रण भएको छ, यी सबै कुराको खोजि गरेर यो बजेटमा आउन भन्न चाहन्छु ।
चार नम्बरमा, गुणस्तरीय शिक्षा सुनिश्चित गर्नको निमित्त अब त्यो पूरानो मास्टरी शिक्षाले काम दिन सक्दैन, मास्टरी शिक्षा २०२८ सालको शिक्षालाई मास्टरी शिक्षा नीति हो, त्यसले न रोजगार दिन सक्छ, न हाम्रो कुनै किसिमको आर्थिक वृद्धि गर्न सक्छ । त्यसैले शिक्षामा गुणस्तरीय शिक्षा कसरी बनाउने हामीले, मेरो भनाईमा त अस्ति मैले भनेको थिएँ, हामीले कृषिको सम्बन्धमा माध्यामिक विद्यालयबाट नै कृषिको पाठ्यक्रम बनाएर अगाडि लैजानेमा हामीले पहल कदमी गर्नुपर्दछ । सबैका लागि पानी र सरसफाईमा दिगो व्यवस्थापन कसरी गर्ने, सबै भन्दा सरसफाई र पानी अब एउटा कार्यक्रम भएको थियो, माननीय सदस्यहरू उमालेर पानी खानुहोला, साबुनले हात धुनुहोला भनेर भन्नुहुन्थ्यो, त्यस्तै भनाई हो भनेत मैले भन्नु केही छैन । होइन भने अवश्य पनि सबैका लागि पानी र सरसफाईमा दिगो व्यवस्थापन कसरी गर्ने सरकारको गम्भीर ध्यानाकर्षण गर्नुहोस् ।
छ नम्बरमा, दिगो र आर्थिक विकास हुन उर्जामा पहुँच शुनिश्चतता हुने सर्वसाधारण जनाताको सम्पूर्ण जनताको दिगो र आधुनिक उर्जामा पहुँच कसरी स्थापित गर्ने यसको बारेमा सरकारको ध्यान जाओस् ।
सातौं नम्बरमा दिगो आर्थिक वृद्धिका लागि उत्पादक रोजगारी तथा मर्यादित कामको प्रवर्धन कसरी गर्ने त्यसमा ध्यान जाओस् ।
आठौंमा जुझारु उत्पादनशील पूर्वाधारको निर्माण एवम् दिगो औधोगिकीकरण नगरेसम्म हाम्रो देशको गरिबी हट्न सक्दैन,औधोगिकीकरण अनिवार्य गर्नुपर्छ ।
नौं नम्बरमामा भष्ट्राचारको अन्त्य गरी सार्वजनिक जवाफदेहीतासहित जनतालाई विकासको प्रत्यक्ष प्रतिफलको शुनिश्चतता कर्णाली प्रदेश सरकारले कसरी दिन सक्छ । यी कुराहरू समेटेर अवश्य पनि हाम्रो आगामी बजेट आउनेछ भन्ने कुरामा विश्वास राख्दै, अहिले विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री देवी ओली । यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक, २०७५का शैद्धान्तिक विषयहरूमाथिको छलफलमा हामी उपस्थित भएका छौं । सर्वप्रथम म सरकारको तर्फबाट कर्णाली प्रदेशमा समृद्धिका निम्ति चालिने पाइलाहरूका शैद्धान्तिक पक्षहरूलाई समेटेर सम्बन्धित मन्त्रालयबाट जसरी यो शैद्धान्तहरू आएका छन् । नेपालको संविधान, २०७२ को मर्म र भावनामा रहेर आएको मैले पाएं । यसको लागि धन्यवाद दिन चाहन्छु र सुरूमा भन्न चाहन्छु, सरकारले, मन्त्रीज्यूहरूले भन्दै जाने, कार्यक्रम ल्याउँदै जाने, गर्नु केही नपर्ने हो भने यो माननीय सदस्यहरूले सुझाव दिदैं जाने, मञ्चमा आएर सौहार्दपूर्ण विचारहरू राख्ने दिनहरू पनि सधैं नहोलान् । यतातिर मैले अलिकति ध्यानाकर्षण गर्न चाहे र यो विनियोजन विधेयकमा जसरी नेपालको संविधान, २०७२ ले व्यवस्था गरे अनुरूप नागरिकका मौलिक हकहरू राज्यका निर्देशक शिद्धान्त र नीतिहरूलाई भनेर मोटो रूपमा पुरै त्यही २ वटा वाक्यले धेरै कुराहरू समेट्दै, संविधानमा आएका कतिपय संघीय सरकारले गर्ने कार्यक्रमहरू पनि त्यहीभित्र परेको देखिन्छ । यसो हेर्दा खेरि सुझाव दिनु पर्ने यहाँ केही छुट्यो कि, लिङ्ग, वर्ग, क्षेत्र त्यस्तो संवेदनशील क्षेत्रहरू छुटे कि भन्ने त छैन तर यसलाई मोटो रूपले ल्याउँदा खेरि त्यहाँभित्र रहेका सबै संविधानले परिकल्पना गरेका कुराहरूलाई हामीले कसरी कार्यान्वयनमा जान सक्छौं भन्ने कुरा विशेष गरेर महत्वपूर्ण कुरा हो जस्तो लाग्छ । सभामुख महोदय जसरी यो संविधानमा भएको व्यवस्थाअनुसार नागरिकको मौलिक हकको विषयमा कुरा गर्दा संविधानको धारा ३३ मा रोजगारीको हक भन्ने कुरा छ । कुनै पनि नेपाली नागरिकले रोजगार पाउनु पर्ने हकको निम्ति हामीले यो बजेट पास गर्छौं भने भोलि त्यो कुनै नागरिक बेरोजगार हुँदा खेरि समस्या समाधान गर्न हामी सक्छौं कि सक्दैनौ । त्यो कुरालाई पनि ध्यान दिएर अलिकति परिमार्जन गरेर ल्याउनु पर्छ जस्तो लाग्छ, किनभने त्यहाँ भनिएको छ त्यसमा यो रोजगारीको हक सम्बन्धमा संघीय कानूनअनुसार हुनेछ भनेको छ । त्यसकारण रोजगारी दिनुपर्ने प्रदेश सरकारको क्षेत्राधिकार होइन किन कि मेरो वुझाईमा त्यस्तो लाग्यो । यो मोटो कुरा हामीले ल्यायौं भने भोलि यो प्रदेशका नागरिकहरूलाई हामीले रोजगारी दिन नसक्दा खेरि सरकारले उल्टो फेरि नागरिकको पक्षबाट हामी प्रति मुद्दा खेप्नुपर्ने अवस्था आउन सक्छ कि भन्ने मलाई लागि रहेको छ त्यसैगरी अब मौलिक हकको कुरा गर्दाखेरि धारा १६-४६सम्म भएका कुराहरू त्यहाँभित्र छन् तर पनि मलाई लागेको कुरा के भने, संघीय सरकारको पनि बजेट सिद्धान्त कुरा सुन्दाखेरि यो महिलाहरूको क्षमता वृद्धि, महिला सशक्तीकरण भन्ने कुरालाई त्यहाँ सन्दर्भ मै किटान गरी गरेर लिएको छ, भने प्रदेश सरकारले यो कुरालाई खोल्नुपर्छ किनभने विभेदमा परेका समुदाय भनेर मात्रै महिलाहरूको सम्वोधन हुन सक्दैन किनभने आज कुल जनसंख्याको ५१ प्रतिशत महिला

छ भने बजेट पनि त्यसैगरी आउनुपर्छ । लैङ्गिक उत्तरदायी बजेट आउनुपर्छ र विशेष गरेर बढि भन्दा बढि उत्पादनमा संलग्न गराउनु पर्ने महिला क्षेत्र भएको हुनाले यसलाई यसरी गोलमोटल गरेर एउटा संविधानलाई मात्रै परिकल्पना गरेर यो भाषा यहाँ राखिदा खेरि सिङ्गो यो महिलाको क्षेत्र ओझेलमा परेको मैले अनुभूति गरेको छु । यसलाई सशक्तीकरणको पाटोलाई अलिकति राखिनुपर्छ भन्ने मलाई लाग्छ । त्यसैगरी अब यो प्राथमिकता निर्धारण गर्दाखेरि यतापट्टि नीतिमा आउँदाखेरि, अलिकति मानव संशाधनको विकास भन्ने कुरा राखिएको छ । उता प्राथमिकतामा जाँदाखेरि सिधै पहिलो प्राथमिकता मैले बुझेको त्यहाँ राखिएको कुराहरू राखिएको पहिलो भएर नै होला धेरै कार्यक्रम पाउँछ, दोस्रोमा राखिए कस्ले कम पाउछ जस्तो मैले बुझेको छु । त्यसकारण पहिलो प्राथमिकतामा भौतिक पूर्वाधारहरू नै छन् । हाम्रो एउटा आर्थिक समृद्धिका लागि त्यो कुरा महत्वपूर्ण हो नै तर मेरो विचारमा दोस्रो प्राथमिकतामा मानव संशाधनको विकास विशेष गरेर सीमान्तकृत वर्ग महिलाहरूको सशक्तीकरणमा राखिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र जो जसरी अब हामीले अङ्कमा आउँदाखेरि पनि यसरी नै एउटा स्पष्ट भाषामा सबै वर्गको क्षेत्र लिङ्गलाई शब्दबाट सम्वोधन गरेर अङ्कमा आउने गरी त्यो कार्यक्रम आउन सकोस् भन्ने कुरा सुझाव राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कौशिलावती खत्री ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, हामी विनियोजन विधेयक, २०७५ मा समावेश गरिने उद्देश्य, सिद्धान्त, प्राथमिकता र नीति कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रीद्वारा प्रस्तुत गरिएको विनियोजन विधेयकको छलफलका क्रममा छौं । यो विधेयक हुन त फागुनमा पातलो घाम परेजस्तो छर्लङ्ग छ । यसले कर्णाली प्रदेशमा रहेको गरिबीलाई न्यूनीकरण गरेर, कर्णाली प्रदेशका जनताहरूको थोरै भएपनि मुहारमा हाँसो ल्याउन सक्छ भन्ने मैले विश्वास राखेकी छु तर पनि मेरो विचारमा यसका केही कुरामा, यो विधेयकमा र विधेयकको नीतिमा थप्नको लागि म माननीय सभामुखमार्फत् प्रदेश सरकारका आर्थिक तथा मामिला मन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । अगाडि माननीय हिमबहादुर शाहीले भनेजस्तै कृषि प्रधान देशलाई वास्तविकता दिनका लागि कृषिमा नै जोड गरेर समृद्ध कर्णाली प्रदेश र कृषिमा स्वरोजगार खडा गर्नुपर्छ । यद्यपी रोजगार खोज्दै जाने चिज होइन, रोजगार आफैले सिर्जना गर्नुपर्दछ र यसतर्फ धेरै भन्दा धेरै कर्णालीका युवाहरू जाँदा हुने, दाजुभाई हुने, आउँदा दिदिबहिनी हुने स्थितिबाट कर लाउन सकिन्छ भन्ने मैले ठानेकी छु । जाँदा खेरि श्रीमान् गयो भनेर पीडाका कारणले दिदिबहिनी रोई राख्नु भएको हुन्छ । आउँदा श्रीमान् श्रीमती घरमा हुँदैनन् त्यही पीडाले रोई राख्नुहुन्छ । यही पीडालाई कम गर्नका लागि र युवा स्वरोजगारलाई मुखमा होइन कार्यान्वयनका लागि उद्योगमा नै, विभिन्न किसिमका उद्योग र रोजगारीका सृजनाहरू गरिनुपर्दछ । कर्णाली प्रदेश सरकारले यसलाई बाटो देखाउनुपर्छ भन्ने म सभामुखमार्फत् माननीय मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु ।

किसानको वर्गीकरण र बजेट अनुदान प्राविधिक सेवा र बजार व्यस्थापन गर्ने कुरामा प्रमुख प्राथमिकता नीति र कार्यक्रम पनि आउनुपर्छ । बाँझो जग्गालाई बाँझो रहन नदिनका लागि यसमा महत्वपूर्ण उपयोग नीति, प्रभावकारी नीति बनाइनु पर्छ । सम्मानित जीवनको लागि सबैका लागि रोजगार भन्ने उक्तिलाई साकार गर्नका लागि स्थानीयस्तरमा प्राप्त कच्चा पदार्थको प्रयोग गरी ग्रामीण औधोगीकरण, कृषि औधोगीकरण र उत्पादनको लागि युवामुखी उत्पादनमूलक शिक्षा नीतिमा बजेट प्राथमिकतामा पार्नुपर्छ । यसै गरी भौतिक पूर्वाधारको विकासले मात्रै हाम्रा चेतनाहरू परिवर्तन हुन सक्दैनन् । विकासलाई स्थायित्व दिनको लागि सामाजिक चेतना र मानवीय चेतना पनि अपरिहार्य छ । त्यसैले सामाजिक विकास र जनचेतना बृद्धि गर्ने योजनामा प्राथमिकता दिनका साथै सामाजिक विसङ्गति र विकृतिलाई कुरीतिलाई हटाउनका लागि यो नीति र कार्यक्रमले प्रष्ट रूपमा बोल्नु पर्छ । गोलमटोल रूपमा बोलेर मात्र हुँदैन । यसलाई अन्त्य गर्न पनि सकिदैंन र यसलाई प्राथमिकताका साथ अघि बढाउन पनि सकिदैन । हुन त धेरै जनमुखी र उत्तरदायी कार्यक्रमहरू ल्याउने शिद्धान्त र नीति बोलेको छ, यो विधेयकले तर पनि अन्त्यमा म के भन्न चाहन्छु भने यो विधेयक समान वितरणमुखी होइन, समतामूलक वितरणमुखी हुनुपर्छ र समतामूलक वितरण प्रणालीको नीति बनाउनको लागि म सभामुखमार्फत् माननीय मन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु र अन्त्यमा धेरै नभनेर अघिल्लो बजेटको स्मरण गराउँदै म एउटा उखानमार्फत् म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । हामी माननीयहरूको जिल्लामा फर्कदा माननीय सदनमा बोल्दाको स्थिति आयो," मख्यो पगाडी पारी गयो, मख्यो पगाडी थापी" भन्ने जस्तो स्थिति नरहोस् यो बजेट विनियोजन विधेयकको नीति र शिद्धान्त त्यस्तो पनि छैन भन्ने ठम्याउँदै म आफ्नो भनाई यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमबहादुर रोकाय ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुख महोदय सभामुखको अनुमतिले म बोल्न गैरहेको छु । हामीले आ.व. २०७४/०७५ को अन्तिम बजेट हामीले पास गरेर अहिले अगाडि बढाइ सक्यौं । दोस्रो २०७५/०७६ को बजेटमा हामी जादैछौं । उखान गरेजस्तै पूरानो मान्छेले "केहि दिन गयाँ रिङ्दै डुल्दै, केही दिन घट्टि पिन्दै" त्यसै कारणले हामी माननीयहरूको सेवा सुविधाबारेमा कुरा गरेपनि कानून बनेको छैन, नीति बनेको छैन । सोही सचिवबाट कुरा गरेपनि कानून बनेको छैन । योजना बारे कुरा गरेपनि नीति बनेको छैन । कहिले बन्ने हो के ६ वटा प्रदेशमा कानून बनिसकेपछि हाम्रो कर्णाली प्रदेशले बनाउने, अनि कर्णाली प्रदेशको नामाकरण त कर्णाली प्रदेश राजधानी तोक्नेमा त हामी पहिल्यै सिपालु भयौ त, हामीहरू के पूर्व कर्णालीकै माननीयहरू जस्तै त्यो जुम्लाका ३ जना माननीयले गाली गर्न्याले तोकिएको हो । हामीले बेसिनै गाली गयौं हजुर अरू ६ वटा प्रदेशमा तोकिएको छैन । अहिले कर्णालीका नामाकरण प्रदेश राजधानी तोक्नलाई के खरो परेथ्यो, १ दिन मात्र जुम्लाका

नरेश भण्डारी, दीनवन्धु श्रेष्ठ, पदम रोकायले, पूर्व कर्णालीका माननीयले १ दिन तपाईंहरूले त तुरून्तै गरिहाल्नुभयो भनेर गालीमात्र खुवाउनुभयो । तेतिखेर न हामी सिपालु भयौं अनि नीति कार्यान्वन गर्नु नै हामी कहिले बनाउने । त्यसै कारणले कर्णाली प्रदेश सबैभन्दा कमजोर प्रदेश भएको हुनाले आर्थिक रूपान्तरणको पर्खाइमा छ । पर्खाइमा मात्र भएर भएन, कहाँबाट ल्याउने हो? अर्को पूरानो मान्छे आन, अर्को आन, जस्तै जेठो बाबु तिर, कान्छो आमातिर, माइलो उ कतातिर, हामी माइला हामी कता तिर जाने । न हामी सँग योजना छ, न विकास छ, केही छैन, कतै त यो प्रदेशसभा ओझेलमा पर्ने त होइन । कि अधिकार स्थानीय तहमा छ, कि संघमा छ । अहिले हामीलाई डर र चिन्ता लागिरहेको छ, हाम्रो ५ वर्ष नबित्दै, हाम्रा यी पद फुस्किने त होइनन् । त्यसैकारणले अब सरकारमा रहने माननीय मन्त्रीहरूले घच्घच्याउनु पर्यो । संघीय सरकार अनि स्थानीय सरकारसँग पनि साझेदारी गर्नुपर्यो, करोडौं रूपैयाँ २०/२५करोड रूपैयाँ स्थानीय सरकारका अध्यक्ष र संघीय सरकारले चलाएका छन् । हामी सँग त १ लाख पनि छैन । अघि हाम्रो पूर्व माननीयज्यूले १/१ करोड लिएर जाने भन्नु भयो, १/१ लाख लिएर जाँदा त नानाथरीका कुरा उठे, १/१ लाख रूपैया भिकारीहरूले पैसा मागेर लिए भने, के हामीलाई चन्दा दिएको हो, त्यो १ लाख रूपैया, त्यो त भोलि हाम्रो सेवासुविधाबाट काटिने होला, यस्ता कुराहरू प्रदेशमा उब्जिएका छन् । अर्को हाम्रो कर्णाली राजमार्ग नाग्मा, सिंजा, गमगढी, नाक्चेनाङ्ला बाटो कालिकोटसम्म नाग्मादेखिमाथि गमगढीसम्म जग्गाको क्षतिपूर्ति पाईसकेका छन् तर नाग्मासम्म जग्गाको क्षतिपूर्ति पाएको छैनौं । नाग्मादेखि खलंगासम्म पाईसकेका छन् बजारमा तर सिंजामा गमगढीसम्म क्षतिपूर्ति पाएको छैन । मैले सडक विभाग काठमाडौंमा गएं, सडक विभागको हाकिमले डिपिआर बनेको छैन भन्नुभयो । डिपिआर बन्नलाई संन्देश श्रेष्ठ भन्ने उपमहानिर्देशक हुनुहुंदो रहेछ, म उहाँलाई फोन गरेर डिपिआरमा हाल्छु भन्नुभयो । क्षतिपूर्तिको लागि यो गरिमामय सदनले पहल गर्नुपर्यो र अर्को जुम्लाका पर्यटकीय क्षेत्रहरूलाई, सिंजाका पर्यटक क्षेत्रहरूलाई उनीहरूले केही व्यवस्था गर्नुपर्यो । हामीले फेरि भन्यौ हाम्रो अर्थमन्त्रीले टिप्नु भएको छ । जुम्ला जस्तो चन्दननाथ, पातारासी हिमाल, नदाईडाब, तातोपानी, त्रिवेणी, पाण्डु गुफा, कनकासुन्दरी दरबार, केदारनाथ दरबार त्यस्ता पर्यटकीय क्षेत्रहरू छन् र रारा जाने बाटो पनि त्यही हो । रारा जाने मान्छे त्यही ठाउँबाट हेरेर जान्छन् होला त्यसै कारणले तिनीहरूलाई विशेष ध्यान दिनु पर्यो । हामीले यो प्रदेशमा १० जिल्ला, १२ वटा संघीय क्षेत्र र २४ वटा प्रदेश क्षेत्र छन् । सबैलाई आवश्यकताअनुसार प्राथमिकताको आधारमा सिंचाइ नभएको ठाउमा सिंचाइ, बाटो नपुगेको ठाउँमा बाटो, बिजुली नपुगेको ठाउँमा बिजुली, पानी नपुगेको ठाउँमा पानी पुर्याउनु पर्यो, पहिलो प्राथमिकता दिनुपर्यो । यो दामासाहीको हिसावले होइन । जस्तो जुम्लाको धोडे महादेव मालिका थान, जुडु भाँटगाउँसम्मबाटो पुगेको छैन । पुर्याउनु पर्यो। हाम्रो सुर्खेत जिल्लाकै विस्थापितहरू पालमुनि बसेका छन्, कुरो उठाइ रहेका छन्

। जाजरकोटमा असिना पीडित, दैलेखमा असिना पीडित र मुगुमा आगलागी भएको छ । यसलाई पहिला राहात दिनुपर्यो, यसै कारणले यो प्रदेशमा हामीले बजेट विनियोजन गर्दा, म यो गरिमामय सदनलाई ध्यानाकर्षण गराउन चाहन्छु । पहिलो प्रथामिकता भनेको घर नपाएर पालमुनि बसेकाहरूलाई गर्नुपर्यो । असिना पीडित भएकालाई नयाँ घर बनाउनुपर्यो अनि राम्रो पाल मोटो पाल दिनुपर्यो पछि अन्य कुरा गरौँला जस्तो पहिलो प्रदेश आयो, त्यस्तै यो बजेट आयो, त्यस्तै यो बजेट पनि हुने हो भने अनि कुरा गर्ने मात्रै हुनेछ भन्दै, म विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुख -** माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ १५ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

बैठक संख्या-४

(२०७५ जेष्ठ १५ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको चौथो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाई राख्न माननीय सदस्यहरूका लागि विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, आज जेष्ठ १५ गते सात दशकको नेपाली जनताले त्याग पूर्ण आन्दोलन पछि आज हामी गणतन्त्रात्मक व्यवस्थामा प्रदेशसभाको यो बैठकमा उपस्थित छौं । यस अवसरमा, यस आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण महान शहिदमा हार्दिक भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुखमार्फत् सबैमा गणतन्त्र दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्न चाहन्छु । माननीय सभामुख महोदय, आकस्मिक र कतिपयलाई अनपेक्षित घटना लाग्दा लाग्दै पनि गएको प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचनमा पाटी एकता गर्ने उद्देश्यसहित तत्कालिन नेकपा एमाले र नेकपा माओवादी केन्द्रका बीचमा, जनताका बीचमा जे कबोल गरेका थियौं, त्यसअनुसार आजको यस घडीमा आइ पुग्दा वा जेष्ठ ३ गते आइ पुग्दा म माननीय सभामुखमार्फत् अवगत भएकै कुरा होला, यो सभालाई सभामार्फत् जेष्ठ ३ गते २ वटा पाटी एकतावद्ध भएर नेपाल कम्यूनिष्ट पाटी निर्माण गरेको कुरा अवगत हुँदा हुँदै पनि स्मरण गराउन चाहन्छु ।

स्वभाविक रूपले त्यो घटनाले यो प्रदेशसभाको बनावटमा पनि त्यसले असर पुर्याएको छ, त्यसले परिवर्तन ल्याएको छ । त्यसलाई यो सभाले बुझिने गरी, सबैले थाहा पाउने गरी, निकट भविष्यमा नै मलाई लाग्छ, हामीले त्यो व्यवस्थापन गरेर यो सभासमक्ष उपस्थित हुने कुरा त छदैछ तर व्यवहारत हामी त्यसै गरी उपस्थित भएको कुरा म यहाँ सबैलाई जानकारी गराउन चाहन्छु । त्यसैका बारेमा पनि सबैमा जिज्ञासा हुनु, चर्चा उठ्नु, एक आपसमा छलफल चल्ने कुरालाई स्वभाविक राख्न चाहन्छु । हाम्रो यो एकता जनतामा शासन गर्नका निम्ति, हामी एक ठाउँमा आइ पुगेका छौं । कतिपयले यसलाई आशंका त कतिपयले यसलाई आ-आफ्नो ढङ्गले बुझि रहेको भए पनि हामी लोकतान्त्रिक मूल्य र मान्यताका आधारबाट, संविधानको सर्वोच्चताका आधारबाट, मानव अधिकारका सबै मुल्य र मान्यतालाई व्यवहारत स्थापित गर्ने आधारबाट, बहुदलीय प्रतिस्पर्धालाई आत्मसाथ गरेर समाजवादसम्म पुग्ने अवधारणाका साथ हामी यस ठाउँमा आइपुगेका छौं ।

त्यसकारणले म यस अवसरमा माननीय सभामुखमार्फत् के अनुरोध र आग्रह गर्न चाहन्छु भने यो हाम्रो एकता कोही कसै प्रति लक्षित नभैकन हामीले स्थिर सरकार र समृद्धिको जुन उद्देश्य पूरा गर्ने छौं । त्यसलाई सुनिश्चितता प्रदान गर्ने क्रममा हामी यस ठाउँमा आइ पुगेका छौं । यद्यपी हाम्रा पृष्ठभूमि भिन्न थिए, व्यवहारहरू भिन्न थिए, बुझाइहरू भिन्न थिए तर आजका मितिसम्म आइपुग्दा गन्तव्य एउटै निकालेर, एउटै निष्कर्षका साथ हामी आइरहेको कुरा म राख्न चाहन्छु, यो जानकारी पनि गराउन चाहन्छु ।

सभामुख महोदय, एउटा अर्को महत्पूर्ण विषयमा म सबैको ध्यानाकर्षण गराउन चाहन्छु । हामीले ७ वटा प्रदेश मध्ये सबै प्रदेशबाट सबै जनताले समर्थन प्राप्त गर्ने गरी केही कामहरू गरेका थियौं । यद्यपी अरू प्रदेशहरूले पनि आ-आफ्नो काम गर्नु भएको छ, गरिरहेको हामीले देखी रहेका छौं । तर अरू प्रदेश भन्दा पृथकता हासिल गर्ने गरी सबैको सुझबुझका आधारबाट, सबैको सल्लाहका आधारबाट, हाउसको एकताका आधारबाट, संविधानले व्यवस्था गरेबमोजिम हामीले हाम्रो प्रदेशको नाम कर्णाली र हाम्रो प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर राख्ने फैसला गरिसकेको र तदनुकुल ढङ्गले सदनले काम कारबाही गरिरहेको पनि केही समय बितिसकेको अवस्था थियो । कतिपय आशंकाहरू, कतिपय प्रश्नहरू, यो सदनमा उठिरहेका थिए । उठिरहने क्रममा सरकारको तर्फबाट हिजो जुन जवाफ प्रस्तुत भैसकेपछि फेरि पनि मेरो अलि गम्भीर ध्यानाकर्षण भइ रहेको कुरालाई म सभामुखमार्फत् सबैको गम्भीरता पूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । यो सभा आफैंमा सार्वभौम सम्पन्न छ । यसले आफ्ना कतिपय विषयहरू आफै उत्पति गर्न सक्छ, यसलाई निर्देशित गर्नका निम्ति संविधान त छंदैछ । हामी सबैको सरसल्लाहबाट, हामीले हाम्रो नियमावलीलाई पारित गरेको एउटा अवस्था छ, यसले गरेका निर्णयहरू कार्यान्वयन गर्ने ठाउँमा सदनको एउटा अभिन्न अङ्ग रहेर कार्यकारिणी पनि हाम्रा अगाडि उपस्थित छ । म अनुरोध र आग्रह गर्न चाहन्छु, ध्यानाकर्षण गराउन चाहन्छु, सरकारले हिजो जे जवाफ प्रस्तुत गरेको छ । त्यही होला र मलाई त्यस्तो लाग्दैन, त्यही नै हो भने एकचोटि फेरि सरकारमा रहनुभएका साथीहरूलाई सरकारलाई गम्भीरता पूर्वक के ध्यानाकर्षण गराउन चाहन्छु भने स्वंयम सरकारमा रहनु हुने सबै माननीय सदस्यहरूको सर्बसम्मत उपस्थितिबाट यो प्रस्ताव कुनै सामान्य हुन्छ र हुन्न भन्ने आधारबाट होइन, हामी सबै सभासदको हवस् त लिखत का आधारबाट रेकर्ड रहने गरी पारित गरिएको एउटा प्रस्ताव थियो प्रस्ताव पारित गर्नका निम्ति यो कुनै ठाउँबाट प्रमाणीकरण भैरहन पर्ने प्रस्ताव हो । मलाई त्यस्तो लाग्दैन यो सभामुखले रूलिङ्ग गरिसके पछि, संसदको सचिवालयले पत्राचार गरिसके पछि, त्यसलाई कार्यान्वयन गर्नका निम्ति तत्परताका साथ कोही लाग्न पर्ने हो भने त्यो सरकार नै लाग्न पर्ने हो मैले त्यसरी नै विश्वास गरिरहेको छु ।

सरकारमा रहने जनप्रतिनिधि साथीहरू हुनुहुन्छ, आफ्नो अनुभव छ, त्यसलाई सञ्चालन गर्नका निम्ति हामीसँग व्युरोक्रेसी छ, कर्मचारी संयन्त्र छ । मलाई लाग्छ उसले पनि

त्यसबाट निर्देशित हुनुपर्ने हो । अहिले नै साथीहरूले त्यहीअनुसार नै धारणा बनाउनुभयो त म भन्न सक्दिन त्यो अलि हतारो हुन्छ । त्यस्तो होइन होला नै भन्ने मलाई लाग्छ, कतिपय कर्मचारी साथीहरूको कुरा सुन्ने र त्यसैका आधारबाट धारणा बनाउने कुरा गरे भने, मैले यो सभामा अर्कै कुरा भन्नुपर्ने परिस्थिति आउँछ । तर त्यो होला जस्तो मलाई लाग्दैन । यस कारण म अनुरोध र आग्रह गर्न चाहन्छु कि यो सभाले यद्यपी हिजो सरकारको मन्त्रीले भन्दा संख्याको गणना गर्नु भयो, दुई तिहाइको कुरा गर्नुभयो । मलाई लाग्छ बरू सोचेर बोल्ने कुरा गरौं, तथ्याङ्कलाई हेर्ने कुरा गरौं, अभिलेखलाई हेर्ने कुरा गरौं, यो प्राविधिक हिसाबले एउटा विषयमा एक जना माननीय सदस्यहरूको उपस्थिति एउटा ठाउँमा रहे होला, अभिलेखका हिसाबले तर पछि व्यवहारले दुवै प्रस्तावमा सर्वसम्मत उपस्थिति रसम्मतिका आधारबाट हामीले पारित गरेको प्रस्तावलाई सरकारको तर्फबाट आधिकारिक धारणा राख्ने व्यक्तिलाई संख्यामा परिणत गर्ने कुरा कति शोभनिय हुन्छ । म यो भन्दा धेरै भन्न चाहन्न म अनुरोध र आग्रह गर्न चाहन्छु । हाम्रो ठाउँ ठेगानामा टेक्ने अधिकार संविधानका हिसाबले, संवैधानिक हिसाबले यो प्रदेशसभालाई दिएको छ । अहिले म कुनै सरकारी कार्यालयको, कुनै संघीय, प्रदेश, संघीय संरचना अन्तरगत जिल्लामा स्थापित भएका कार्यालयहरूको संरचना कहाँ हुनुपर्ने हो, त्यो कुन तह हुनुपर्थ्यो, म त्यो कुरा उठाउन गइ रहेको छु । म यो मात्रै भन्न गइ रहेको छु कि हामीले प्राप्त गरेको संविधानअनुसार ७ वटा प्रदेशको नाम लेख्ने अधिकार हामीलाई दिइ सके पछि, त्यसअनुसारको यो भूगोलभित्र पर्ने, कर्णाली प्रदेशभित्र पर्ने चाहे त्यो संघीय सरकार होस्, चाहे त्यो स्थानीय तहको सरकार होस्, त्यसले त्यही मूताविकको ठाउँ ठेगाना लेख्ने कुरामा कुन संविधानले रोक्छ, मलाई त्यस्तो लाग्दैन तर पनि त्यस्तो भइ रहेको छैन । त्यस मध्ये पनि हामीलाई सजिलो के छ भने अहिलेसम्मको संरचनाअनुसार हाम्रो मुख्यमन्त्रीको कार्यालयको प्रदेश प्रमुख सचिव अहिले पनि क्षेत्रीय प्रशासक भएर चिनिने व्यक्ति नै हुनुहुन्छ । उहाँ एकातिर प्रमुख सचिव हुनुहुन्छ अर्कोतिर क्षेत्रीय निर्देशक हुनुहुन्छ । सुरक्षा निकायको अध्यक्ष पनि हुनुहुन्छ । यो सबैलाई जानकारी भएकै विषय हो । सभामुख महोदय, मलाई के विश्वास थियो भने संसद सचिवालयले चिठी नै पठाएन्छ कि भनेर उहाँहरूसँग जानकारी लिंदा संसद सचिवालयले समयमै आवश्यक कार्यान्वयन गर्नका निम्ति सरकारलाई चिठी लेखेको अभिलेख पाउन सकिन्छ । त्यसलाई प्राप्त गर्ना साथ धेरै पटक क्याबिनेट बैठक कहिले काँही एकै दिनमा धेरै पटक क्याबिनेटको बैठक बस्ने गरेको पनि हामीले सुनिरहेको छौं । यसलाई महत्वको साथ राख्ने र यसलाई नै आफ्ना विषय सूची बनाएर सर्वसम्मत ढङ्गले पास गरेको यो प्रस्तावलाई क्याबिनेटको विषय बनाएर सबै निकायहरूलाई सर्कुलर र निर्देशन गर्ने कुरा गरेको भए सबैले आफ्नो अपनत्व लिने कुरा रहन सक्थ्यो । त्यस कारणले म फेरि पनि अनुरोध र आग्रह गर्न चाहन्छु । जसरी सबै प्रदेशले सबै ठाउँबाट कर्णाली प्रदेशले राम्रो काम गर्यो भनेर, हामीले जुन कुरा प्राप्त गरिरहेका थियौं त्यो प्रति

माननीय सदस्यहरूले जिज्ञासा राख्दा, सरकारबाट उत्तर दिँदा दुविधायुक्त उत्तर आउने जुन परिस्थिति निर्माण भएको छ । त्यसलाई म सुखद मान्न सक्दिन यो भन्दा धेरै भन्न जरूरी मैले ठान्दिन तर फेरि पनि म सभामुख महोदयमार्फत् सबैको गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु । सम्मानित सदनले सतप्रतिशत वा सर्वसम्मत ढङ्गले पारित गरेको प्रस्तावलाई कार्यान्वयन गर्ने क्रममा जे ढिलासुस्ती छ त्यसलाई अबिलम्व अन्त्य गरेर तदारुकताका साथ यो सदनकै भावनालाई मध्येनजर गरेर संवैधानिक निर्णयलाई कार्यान्वयन गर्ने गरी सरकार अगाडि बढोस् । त्यसअनुसारको यो सभामा प्रस्तुत होस् भन्ने सुभेक्षासहित शुभकामना दिन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री बिरबहादुर शाही, समय सात मिनेट ।

**माननीय श्री बिरबहादुर शाहीः-** माननीय सभामुख महोदय, म डोल्पा जिल्लाको बारे केही विषयमा बोल्न गइरहेको छु । माननीय सभामुख महोदय, यो डोल्पा जिल्लाको बहुमुल्य यार्सागुम्बा यो हाम्रो १ वर्षभित्र २ महिना हुन्छ । जेष्ठ र असार महिनामा यो टिप्ने क्रममा जुम्ला, रूकुम, जाजरकोट, सल्यानलगायतका विभिन्न जिल्लाका नागरिकहरू यार्सा सङ्कलन गर्नका निम्ति डोल्पा गएका मध्येमा ३ जना सिकनेसका कारणले र खानपिन नमिलेको कारणले मृत्यु भैरहेको छ र मृत्यु हुने मध्ये त्रिपूराकोट नगरपालिका वडा नं ३. का नानप्रसाद पहाडी, कालिकाका शेरबहादुर राना, जाजरकोट नगरपालिका-१ बस्ने भुपेन्द्र सुनारको मृत्यु भइ सकेको छ र १ जनालाई आर्थिक मामिला मन्त्रीको पहल र हाम्रा यो माननीय रातो वि.क.को पहलमा चाहिँ सेनाको हेलिकप्टरबाट नेपालगंज उद्धार गरी उसको उपचार हुँदैछ । आज भर्खरै एक जना महिला फेरि डोल्पाबाट गणेशकुमारी रोकायलाई सुर्खेत हस्पिटलमा भर्ना गरिएको छ र अब यो प्रदेश सरकारलाई म ध्यानाकर्षण गर्न चाहन्छु । डोल्पा जिल्लाका विभिन्न लेकमा बिरामी भएका खानपिन नमिलेर बिरामी थुप्रै भएको हुँदा म यो सदनमार्फत् सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु र छिटो भन्दा छिटो यो औषधी उपचार गर्नको निमित्त स्वास्थ्य शिबिर, घुम्ती शिबिर जस्तै लेक लेकमा हेलिकप्टरबाट हुन्छ कि अरू सम्भावना त छैन हेलिकप्टर बाहेक अरू सम्भावना छैन । डोल्पा जिल्लाका विभिन्न लेकमा हेलिकप्टरबाट औषधी उपचारको लागि यो सरकारलाई यो २०/२२ गते भन्दा अगाडि नै यो गर्दिनका निम्ति म ध्यानाकर्षण गर्न चाहन्छु । अस्ति भर्खरै गएको १७ गतेको हावाहुरी र बतासले डोल्पा जिल्लाका स्याउ ओखरलगायतका बोटबिरूवाहरू फलफूल सबै झारी सकेको छ, लाखौको सम्पतिको सोत्तर भएको छ । सबै अहिले यो यार्सागुम्बाको सिजनमा चाहिँ खानपिनका कारण र हाईअल्टिच्यूडका कारण विभिन्न ठाउँमा एकदमै समस्या भइरहेको छ । यसको लागि चाहिँ मैले यो सभामार्फत् सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभासमक्ष छलफलका लागि प्रस्ताव

गर्नुभएको विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीतिहरूमा सुझावसहित आफ्नो धारणा राख्नु हुने माननीय सदस्यहरूका लागि समय दिन्छु ।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले म मेरो केही कुराहरू राख्न चाहन्छु । आज गणतन्त्र दिवस सयौं योद्धाहरूले आफ्नो बलिदानी गरेर, हामीले गणतन्त्र प्राप्त गरेका छौं । त्यो गणतन्त्र दिवसको उपलक्षमा माननीय सभामुखमार्फत् सम्पूर्ण सदन र नेपाली जनतालाई म शुभकामना गर्न व्यक्त गर्न चाहन्छु । शुभकामना व्यक्त गर्दागर्दै पनि भन्नै पर्ने हुन्छ । गणतन्त्रको विषयमा थाहा छैन, सरकार जुरूक्कै उठ्छ, मन लागेको पिपलको बोटमुनि कार्यक्रम गर्छ । त्यो कुरा सदनलाई थाहा हुँदैन । सभामुख महोदय, कस्तो खालको गणतन्त्रलाई हामी अगाडि बढाउन खोजि रहेका छौं । वास्तवमा औपचारिक ढङ्गले हिजो संघीय सरकारले भनिसके पछि यहाँ गर्ने कार्यक्रम अरू धेरै हुन्छन् । मेरो सुन्नमा आएको, सिङ्गो संसदको प्रतिनिधित्व गर्ने सभामुख समेतलाई पनि जानकारी छैन भन्ने मेरो सुनाईमा आएको छ । यदि त्यो हो भने हामी सरकार कसरी चलाइ रहेका छौं र गणतन्त्रलाई कसरी मान्ने हो, हामी कता गइ रहेका छौं । त्यसलाई पनि विचार गर्नुपर्ने कुराहरू आएका छन् । सभामुख महोदय, हुनत मैले बोल्नुपर्ने विनियोजन विधेयक, २०७५ मा समावेश गरिने सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीतिहरूमा हो । यद्यपी यो हुँदाहुँदै पनि यो समयलाई सभामुख महोदय सदुपयोग पनि म गर्न चाहन्छु । आज जति कुराहरू आयो, सत्तापक्षकै सांसदहरूबाट यो सरकारले गरेका कुराको खण्डन भैसके पछि अब यो सरकारको नैतिकता के हो ? हो हामीले हिजो पनि सरकारको जवाफ बाट हामी खुशी थिएनौं । यति आज पूर्ण तरिकाले सरकारले जवाफ दियो, हामी नकारात्मक रूपले भन्न चाँहदैनौ यति तर्कपूर्ण जवाफ थियो कि, हामी नाजवाफ भएर बोल्न सकेनौं । सभामुख महोदय, सुन्नमा आउँदैछ यो विधेयक हो प्रमाणीकरण नगरेर अगाडि बढ्दैन, त्यसकारणले आज हामी अनैतिक कि त यसलाई अनैतिक भन्नु पर्यो, किनकी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश भनेको छौं । हिजो आन्तरिक मामिला मन्त्रीज्यूले जवाफ दिदाँ खेरि उहाँले भन्नुभयो कि प्रमाणीकरण भएको छैन, राजपत्रमा निस्केको छैन । यदि त्यस्तो हो भने अब नेपालमा गणतन्त्र छैन, सभामुख महोदय । किनकी गणतन्त्रको उद्घोषक संघीय संसदमा प्रमाणीकरण गरेर भएको थिएन । दुई तिहाई बहुमत भन्ने शब्द त छ सर्वसम्मतबाट, गणतन्त्रबाट घोषणा भइ सकेपछि, त्यसैको आधारमा आज हामी गणतन्त्र दिवस मनाइरहेका छौं । यदि लज्जास्पद कुराहरू गरेर सदनलाई नै गुमराहमा राख्ने के हो, कुनै स्वार्थ छ भने भन्नुपर्यो सभामुख महोदय, होइन भने आज हामीले कर्णाली प्रदेश भनेका हौं । यहाँ लेखिएको छ विद्यायनमा मैले संविधानको पाठ कसैलाई सिकाउन पर्ने कुराहरू छैन । संविधानका

भागहरू कतिभाग छन् भन्ने हामी सबैलाई थाहा छ । सभामुख महोदय, ३४/३५ भाग अनि हाम्रा यी ९ वटा अनुसूचीहरू छन्, सभामुख महोदय । सायद विशेष परिस्थिति भएको हुनाले होला, नामाकरण गर्ने भाग ३३ को धारा २९५ मा संक्रमणकालिन व्यवस्था भनेर राखिएको छ । नत्र चाहे जस्तै नागरिकताको कुरा हुन्थ्यो होला, सरकारको कुरा हुन्थ्यो होला । किन संक्रमणकालिन अवस्थामा राखियो भन्दा खेरि यो कुनै ठाउँमा हुनुपर्ने व्यवस्था होइन, यहाँको दुई तिहाईले मात्र कि पूर्ण संसदले गरेको स्यवम् जवाफ दिने मन्त्रीले समेत सहि गरेको कुराहरूलाई आज आएर यो कर्णाली प्रदेश होइन, सुर्खेत राजधानी होइन भन्ने प्रमाणित गर्न खोजिएको हो भने त्यसको पूर्ण जवाफ दिइनु पर्छ । सभामुख महोदय यो के हामीलाई बच्चाले खेलाए जस्तो गरेर सरकारले गर्ने हो भने सायद मैले कहिल्यै पनि नियममा आपत्ती गर्न मैले चाहिन, हाम्रो दलले चाहाने तर स्वंयम् सत्तापक्षको कुराले मलाई झनै पिडा गर्यो । सायद हामी प्रतिपक्षका सारै इमान्दार र सोझो भएर हो कि अथवा हामी नजान्ने भएर हो तर यो कसैले यदि यिनले बुझेको छैनन् भन्ने दृष्टिकोणले यी कुराहरू आएका हुन् भने यो भन्दा ठूलो घात केही हुँदैन । यो कसरी हामीले चाहिँ जब कि सरकार, जो कानून मन्त्रीले, गृहमन्त्रीको कुरामा आन्तरिक मामिला मन्त्रीको कुरा गर्दिने, कानून मन्त्री जसले कानून बनायो, बनाउँछ, उसले नै यो अवैधानिक छ भने पछि, अब कर्णाली प्रदेश भनेर हामीले यसलाई सभालाई चाहिने कुरालाई अगाडि बढाउन सक्छौं । कि त हामीले यसलाई ६ नंनै . भन्नुपर्यो यस्ता खालका कुरा भएको हुनाले यो कुराले माननीय सभामुख महोदय म फेरि आग्रह गर्न चाहन्छु, हामी फेरि जवाफ चाहान्छौं । सरकारको जवाफ चाहान्छौं, कि त सरकारले भन्नुपर्यो कि यो प्रमाणीकरण नहुँदै यो नर्मल विधेयक हो भनेर भन्नुपर्यो, नर्मल विधेयक भएको भए, हामीले विश्वास गर्थ्यौं । अर्थ विधेयकहरूमा पनि सभामुख महोदय, अर्थविधेयक गयो भने प्रदेश प्रमुखले त्यसलाई कुनै उहाँले कमेन्ट लेख्न पाउनु हुन्न, अर्थ विधेयक गइ सकेपछि उहाँले त्यसलाई फिर्ता गर्नुपर्ने हन्छ तर अरू विधेयकहरू गए भने उहाँले आफ्नो कमेन्टसहित १५ दिनमा फिर्ता गर्ने प्रचलनहरू हुन्छन् । जुन प्रचलनलाई बुझन नसक्ने, सरकार चलाउन नसक्ने, आज डिजिटल सरकारको कुराहरू ल्याइ रहेको, डिजिटल भनेको के हो ? आज एउटा बत्ती नहुने ठाउँमा डिजिटलको कल्पना गरिदैंछ । एउटा टेलिफोन नलाग्ने ठाउँमा आज के रे डिजिटलको कल्पना गरिन्छ । हाम्रो प्रदेशको यो राजधानीमा सडक धुलाम्मे छन् । त्यसमा हाम्रो सरकारको ध्यान छैन, हामीले १०० दिनको उहाँहरूको हनिमुनलाई चाहिँ, यो दिनसम्म हामीले सहयोग गर्नुपर्छ भनेर लागेका थियौं तर हनिमुन त हनी भनेको महमा झिङ्गा अल्झेको अल्झेइ हुनुहुन्छ । त्यहाँबाट बाहिर निस्किन सक्नु भएको छैन यो ढङ्गले चाहिँ हाम्रो प्रदेशको जुन मानमर्दन हुने कामहरू भएका छन् । सभामुख महोदय, सरकारबाट भएको छ । आज संघीय प्रधानमन्त्रीले भन्नु भएको छ, कर्णालीले आफ्नो नाम राख्यो, कर्णालीले स्थायी राजधानी तोक्यो, तिमिहरू सिक भनेर अरूलाई भन्दै जाँदा खेरि, आज हामी इलिगल छौं भनेर

हाम्रो सरकारले भन्दै छ भने, यो भन्दा दुर्भाग्य के अरू के हुन सक्ला सभामुख महोदय । यो कुरालाई चाहिँ एकदम सिङ्गो संसद बोली रहेको भन्ने भान भैरहेको छ । यो प्रतिपक्षको कुरा होइन सभामुख महोदय, यो कुरालाई गम्भीर ढङ्गले भनेर फेरि रूलिङ्ग गर्नका लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । यी दुईवटै कुरा महत्वपूर्ण हुन भन्ने कुरा यहाँ देखाउछ भने अर्को भाग ३२ मा राजधानी तोक्ने कुराहरूमा चाहिँ विविध भनेर लेखिएको छ । विविध र संक्रमनकालिन अवस्था भनेको विभिन्न अवस्थाहरू हुन्, यी अवस्थालाई चाहिँ हामीले मूल्याङ्कन गर्नुपर्छ कि पर्दैन । मलाई लागेको थियो, हिजो सरकारले ग्रहण गर्ने छ, भनिसकेपछि उहाँले महसुस गर्नुपर्ने, मानिसबाट कमजोरी हुनसक्छ । फागुन १२ गते हामीले निर्णय गरेका थियौं, फागुन १२ गते गरेको निर्णय, आजसम्म पनि उहाँहरूले एउटा राजपत्रमा लेख्न नसक्ने हो भने सरकार कुन गहिराईमा छ भन्ने कुरा बुझ्नु पर्छ कि पर्दैन, सभामुख महोदय । अहिले उहाँहरूको विधि के छ म जान्दिन किनकी नेपाल कम्यूनिष्ट पाटी भएको छ । मैले हिजो आउँदा आउँदै पनि माननीयज्यूसँग हाँसो गरे, यसमा सम्माननीय सभामुख महोदय, हाँसो पनि हो, सत्य पनि हो, पाटी त एक भइ सक्यो, निर्वाचन आयोगमा दर्ता त भैसक्यो तर हाम्रो सदनमा त फेरि एमाले र माओवादी नै छ । यो सायद राजपत्रमा चाहिँ प्रकाशित नभएको हुनाले यो बाँझिएको होला भन्ने मलाई लागेर, म त्यसैमा चित्त बुझाएर बसेको छु । सभामुख महोदय, हेर्दा खेरि यसमा साना-साना कुराहरू छन् । तर यी कुराहरूले चाहिँ हाम्रा काम त गतिलो तरिकाले अगाडि कसरी बढाउछ भन्ने कुराहरू चाहिँ आउछन् सभामुख महोदय यी कुराहरूलाई हामीले ख्याल गर्नुपर्छ । मैले भन्नै पर्छ आज हामीले कुरा गयौं, सधैं सुझाव दिँदै आयौ, भनेपनि आज ५/६ महिना भैसक्यो, हामीले ऐन बनाउन सकेनौं कानून बनाउन सकेनौं तर संविधानको धारा १९६ ले भन्दो रहेछ कि प्रदेशसभाले आफ्नो पारिश्रमिक आफै तोक्नेछ कानून बनाएर तोक्नेछ नतोकेको अवस्थासम्म प्रदेश सरकारले तोक्ने छ भन्ने लेखिएको रहेछ । संविधानमा लेखेको छ, सभामुख महोदय, भनाईको मतलब अब मैले सोचे कि हामीसँग सरकार छैन, नत मैले कानून बनाएर ल्याउन सक्दो रहेछ । न त यसले भन्न सक्दो रहेछ, भनौं भने त विना सरकारको चाहिँ यो प्रदेश चलिरहेको हो ।

सम्माननीय समामुख महोदय, यस्ता यस्ता कुराहरूले मान्छेहरूलाई कति बिचलित बनाइरहेको छ भन्ने कुरा आउँछ । मैले पहिला पनि यही सदनबाट भनेको थिएँ, के हामीलाई १/१ लाख रूपैयाँ यहाँ पेस्की दियो भनेर चाहिँ हंगामा भयो । कुनै पनि प्रदेश खाली छैनन् सबै प्रदेशमा पैसा दिइएको छ । तर उहाँहरूको सरकारले तोकिएबमोजिम पाउनुपर्ने हो कि, भन्नु पर्यो सभामुख महोदय । सम्माननीय सभामुख महोदय, कि भन्नु पर्यो कि हामी सबै भोलेन्टिएर हौं, सम्माननीय सभामुख महोदय कि भन्नु पर्यो कि हामी सबै भोलेन्टिएर हुन चाहान्छौ । यहाँ सारा राजनीतिकर्मीहरू भोलेन्टिएर भएर चाहिँ २० औं वर्षसम्म कोही जेल बसेर, नेल बसेर आए र चाहिँ काम गरेका हुन् तर सरकारले

दिएको सुविधालाई चाहिँ दिन नसक्ने सरकार र आज बजारमा तमाम हल्लाहरू छन् । सभामुख महोदय रारा पर्यटन वर्षमा करोडौंको भ्रष्टचार भयो भने आइरहेको छ । हामी डिफेन्स गरिरहेको छौं तर डिफेन्सले त्यसलाई परिपूर्ण गर्दैछ । सभामुख महोदय, किनकी देखिन्छ सरकार मौन रहनुः नियम विपरित पिए राख्नु कहाँबाट दिन्छ । सभामुख महोदय, किनकी कानून त मन्त्रीलाई पनि लाग्छ । कुनै पनि मन्त्रीले चाहिँ पिए राख्न पाउँदैन किनकी कानून नबनीकन स्वकीय सचिव राख्न पाइँदैन तर आज मन्त्रालयमा गयो भने सबैले स्वकीय सचिव भनेर हिडिरहेका छन् र स्वकीय सचिवको नाममा पेश्की रकम दिइएको छ । सभामुख महोदय, यो कानून सम्वत हो कि होइन, कुन दफामा लेखियो के संविधानमा लेखिएको छ, मन्त्री हुने बित्तिकै त्यहाँ भनिएको छ, मन्त्रीको पनि सेवा सुविधा चाहिँ तोकिनु पर्छ । हामी सस्तो लोकप्रियताले अगाडि बढ्न सक्दैनौ । २०० रूपैयाँ घटायर चाहिँ, हाम्रो चाहिँ मान र मर्दन बढ्ने होइन । मैले भन्छु काम गरौं, काम दिउँ, उनीहरूलाई दिने पारिश्रमिक दिउँ तर काममा उनीहरूलाई जुटाऔं त्यो पो गर्ने होला सभामुख महोदय । ३०० रूपैयाँ यता चाहिँ घटाउने उता चाहिँ ३ लाख ३ करोडको चाहिँ भ्रष्टाचार गर्ने, आज सबैले भनिरहेको छन् । सबभन्दा कमजोर र भ्रष्ट सरकार कर्णाली प्रदेश हुन पनि अब कानून मन्त्रीले नै प्रकाशन भएको छैन भनेपछि मैले पनि गर्वका साथ के भन्छु भने अब संसदमा त्यस्तो भन्ने सरकारलाई जवाफ दिन हामी तयार हुनुपर्छ । किनकी सर्वसम्मतले गरेको निर्णयलाई आज यहाँ प्रहरीको अगाडि गएपछि ६ नम्बर प्रदेश लेखिएको छ । यो त यहाँबाट दिनुपर्ने नी उहाँहरूलाई त्यति खेर शक्ति आउँछ १ जना मानिस थुन्नु पर्यो भने उहाँहरूलाई शक्ति आउँछ । थुन्ने बेला चाहिँ उहाँहरूले फलानाले भनेको हो भन्नुहुन्छ तर आफ्ना आफूले लेखेको, आफूले दस्तखत गरेको प्रदेशको बनावट गर्न नसक्ने सरकारलाई कसरी सरकार भनेर मान्न सकिन्छ । सम्माननीय सभामुख महोदय यी कुराहरूलाई पनि गम्भीरताको साथ सदनले लगोस् भन्ने म चाहन्छु । मैले कुनै पक्ष र प्रतिपक्षको कुरा गरेको होइन, हुनत आज पनि हाम्रा आदरणीय नेताहरू सबैले, तपाईहरू सम्मानित नेताहरू हुनुहुन्छ । यो बेला भन्ने गरिएको थियो, यो प्रदेशमा हामी कोही सत्ता पक्ष छैनौं, कोही प्रतिपक्ष छैनौं । हामी सरकार पक्ष, हामी चाहिँ केन्द्र, हाम्रो लागि प्रतिपक्ष बन्ने छ भनेर भनेका थियौं । सायद आजको दिनसम्म पनि त्यो व्यवहार सबैले ग्रहण गरेको छौं सम्माननीय सभामुख महोदय । हामी सबैले सरकारका विरूद्धमा कमजोरी भएका कुराहरू हामी सबैले बोलेका छौं, राम्रा भएका कुरामा हामीले सबैलेसम्मति दिएका छौं । तर हुँदाहुँदा हिजो जवाफले त हामीलाई चाहिँ त्यस्तो बनाइदिएको छ कि हामी निकम्मा सदस्यहरू बन्न पुगेका छौं । सभामुख महोदय, हाम्रो गौरवलाई नै घटाउने काम गरिएको छ । त्यस कारण पुनः म अनुरोध गर्न चाहन्छु, सम्माननीय सभामुख महोदयज्यूलाई फेरि पनि रूलिङ्ग गरेर यसको तदर्थ जवाफ ठीक छ प्रमाणीकरण गर्नै पर्ने रहेछ, हामीले गल्ती गरेका रहेछौं, भने पनि फेरि नामाकरण गर्नु पर्ने हो भने पनि, हामी जान तयार छौं तर होइन भने मैले अघीनै

भाग ३३ र भाग ३२ को कुरा पनि मैले सुनाई सके पछि, यहाँ लेखिएको र मैले हिजो गणतन्त्र घोषणा हुँदाको पनि कुरा भनिसके पछि, उहाँले चाहिँ फेरि जवाफ दिएर यहाँ सदनसमक्ष आएर माफी माग्नु पर्छ । सरकारले आफूले गरेको निर्णयमा चाहिँ कमिकमजोरी भयो भन्नुपर्छ भन्ने म चाहिँ हार्दिक अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, अब रह्यो यो नीति तथा विनियोजन विधेयकको कुरा के हो मैले बुझ्नै सकिन यो प्री-बजेट हो वा प्रि पोलिसी हो हिजो १ जना माननीयज्यू बोली रहनु भएको थियो, नीति भन्यो किन भन्नु भएको होला भन्ठानेको त लेखेकै नीति रहेछ । यो नीति हो जस्तो मलाई लाग्दैन, सायद नीति त हाम्रो बजेट आउनु भन्दा अगाडि प्रदेश प्रमुखले, नीति कार्यक्रम पढ्नु हुने होला र यो बजेटमा ठीक छ, केही कमजोरीले गर्दा पहिलेका कुरा राखिएका होलान्, बिजुली ल्याउने विद्युत् जलस्रोतको चाहिँ प्रमोशन गर्ने त्यसमा के गर्ने हो भन्ने कुरा हुनुपर्थ्यो होला । मेजर-मेजर यस्ता यस्ता योजनाहरू हुने छन् । मेजर यति वटा सुरू हुनेछन् करिब करिब बजेट टेनटेटिप यति लाग्ने छ । ठीक छ, अहिले हाम्रो चाहिँ, हामीले करको दायरा भन्दा बाहिरका कुराहरू भएका छन् । कानून बनाउन सकेका छैनौं, हामीसँग अहिले त्यो रजश्व सङ्कलन गर्ने संयन्त्र छैन भन्ने स्वभाविक होला या त गरिने छ, यस्तो नीति ल्याइने छ, त्यस्तो हुने छ भनेपछि गर्नुपर्ने कुरै छैन । हामीले छलफल गर्नु पर्ने कुरा पनि छैन, एउटा वासिङ्गटनमा लेखिएको छ, तपाईहरू धेरै पनि त्यहाँ पुग्नु भएको छ होला, विशेष गरेर मन्त्रीज्यूहरू पुग्नुभएको छ, केही माननीयज्यूहरू पुग्नु भएको छ त्यहाँको एउटा गाडीको पछाडि लेखिएको हुन्छ । “Taxation Without Retune Generation” जुन वासिङ्गटनडीसीमा बस्ने जनताहरू हुन्छन्, उनीहरू त्यहाँबाट चाहिँ संसदमा प्रतिनिधित्व गर्दैनन् । रेप्रिजेन्टेशन नभए पनि उनीहरूले ट्याक्स तिरिरहेका हुन्छन् । तर हामी यहाँ चाहिँ ठीक उल्टो चाहिँ के हुन्छ भने “Representation Without Taxation” प्रतिनिधि त भयौ नउठाउने Tax पनि नलिने गम्भीर कुराहरू आइ रहेका छन् । सम्माननीय सभामुख महोदय, कि भोलिको हामीलाई समस्या आँउदै छ । संघीय बजेटमा संघीय सांसदहरूलाई फेरि निर्वाचन किनकी हिजो हामी हुँदा खेरि अदालतले रोकी दियो, सम्झौता भएका कार्यक्रमहरू रोकिए, ल ठीक छ त, नगर्ने भए केही छैन भन्ने कुरा भयो अहिले फेरि ५ करोडदेखि १० करोडसम्म चाहिँ संघीय सांसदहरूले चाहिँ उहाँले मागी रहनु भएको छ । उहाँहरू एउटा प्रदेश, एउटा क्षेत्रको होला, त्यो क्षेत्रभित्र रहेका २ जना सांसद पनि छन् नी यो कुरा अहिले हामीलाई लेख्न पर्छ कि पर्दैन । यदि त्यो हुन्छ भने यो त आखिरी चाहिँ काल्पनिक कुरा न हो । यदिमाथि संघीय सरकारले दिन्छ भने यहाँका प्रदेशसभाका सदस्यहरू पनि त्यसको सदस्य हुनुपर्छ । यहाँ हिजो १ जना माननीय सांसदले भन्नु भयो हामी माइला छोरा, घर न घाटका, न घरको न घाटको किन भयौं भन्दा खेरि हामी आफैले कानून बनाउन सक्दैनौ, हामीले भन्नु पर्यो, लेख्नु पर्यो, होइन भने हामीले पनि प्रस्ताव गर्नुपर्यो । १ जना संसदले यही खालको जुन ढङ्गलेमाथिबाट आउँछ त्यही ढङ्गले

हामीले पनि उहाँहरूलाई पठाउने व्यवस्था चाहिँ गर्नु पर्यो नी तर सरकार गजब छ, नियम कानून मान्दैन, तपाईंहरू जानुहोला १/१ करोड रूपैयाँ खल्तिमा हाल्दिन्छन्, बाँडेर आउनुहोला । यो भन्दा हाँस्यास्पद अरू के हुन सक्छ । अब यहाँ अचम्म लाग्यो, यो ३६ नम्बर मा ३४ नम्बर हो जस्तो लाग्छ । ३४मा समृद्ध कर्णालीका लागि सहकारी ठिकै हो, अभियानमार्फत् कम्यूनिटी उत्पादन रोजगारीका अवसरहरू सिर्जना गरेको छन् । कम्यूनिटीमा काम गर्ने कम्यूनिष्टहरू चाइनामा त हराई सक्यो, यो माननीय सांसदज्यूहरू, माननीय मन्त्रीज्यूहरू हुनुहुन्छ, जसले त्यो प्रयाक्टिस गर्नु भएको थियो, त्यो त हटी सक्यो अब यो कम्यूनिटी फेरि होला त, यो अलि व्यवहारिक रूपमा जाने हो कि । हो, सपना देख्नुपर्छ यहाँले देखेंको सपना प्रति मेरो कुनै गुनासो छैन, सपना अलिकति मिल्दो पनि हुनु पर्यो नी, सुतेको बेलामा कहिल्यै काठमाण्डौमा त्यो प्लेन नपाएर हो कि के हो सुतेको बेला उडेको देख्छु, म आफै सरर गएर सिमिकोट बिहान उठ्दा खेरि त ओछ्यान बाटै पो उठ्न नसकिने रहेछ, के को उड्न सक्नु नी । त्यो खालको सपना देख्नु भएन, सभामुख महोदय । हो सडकको सपना देखौं, केबलकारको सपना देखौं, विद्युत् उत्पादनको सपना देखौं, पानीको उत्पादनको सपना देखौं, आज सायद माननीयज्यूहरू बसीरहेका घरहरूमा होला, हिजो यहाँका खम्बाहरू ढलिसकेपछि बिजुली छैन, थोपा पानी छैन, त्यस्तो राजधानीमा हामी बस्ने आफूले गरेर हुने कुरा पनि हामीले गरेका छैनौं । साइरन जडित छन्, कस्का कस्का घरमा साइरन जोडेका छन्, तिनको कुरा पनि मैले बुझेको छैन । टेलिफोनको लाईन बन्दैन, छिन्चुमा गयो भने हेलो हुँदैन, डिजिटल कल्पना छ, मेरो सपना छ । सभामुख महोदय त्यसमा हाम्रो रिसोर्स छ कि छैन, एउटा हामीले अहिलेसम्म, एउटा पारिश्रमिक तोक्न नसक्ने संसदलाई त के भन्नु छ र सरकारलाई अनि अरू के कल्पना होला अर्गानिकका कुराहरू ल्याइ रहँदा त्यसका पूर्वाधारहरू के-के हुन्, त्यसको लागि बजेट, अहिले हामीले बजेट बनाउने भनेको १४ अर्बको बजेट होला, सभामुख महोदय । त्यो १४ अर्बको केन्द्रीय सरकारले दिने बजेट पनि करिब करिब चाहिँ टुङ्ग्याउनु पर्थ्यो भन्ने मलाई लाग्छ । यहाँ त अब मन्त्रीज्यूहरू ढुक्कै हुनुहुन्छ । होला घण्टी बजायो भने सचिवले खाजा पनि ल्याइ हाल्छ, घण्टी बजायो भने अर्को पनि ल्याइहाल्छ होला, पटकै ल्याएन भने बङ्गारा फुस्क्याइ दिए भैगो त्यो पनि आएको छ । सभामुख महोदय, अहिलेको सत्य के हो मलाई थाहा छैन, त्यो चाहिँ म भन्छु कि समितिका बैठकहरू बसेको भए सत्य तथ्य फैलिन्थ्यो होला । एकदिनमा २७ लाखको बिलहरू आएका छन् । ठीक छ बिल आए होला, खर्च भए होला तर बिल ओरजिनल हुन कि डुब्लिकेट हुन्, तिनलाई पनि हेर्नु पर्छ कि पर्दैन, सभामुख महोदय । एउटा सम्मान दिनुपर्ने, संविधानले लेखेको कुरामा हामीलाई त्यो गर्न सकेका छैनौं । गाडी दिएन भनेर पिएले कुट्न जाने, त्यो परिस्थितिमा हामीले कसरी सरकार चलाइ रहेका छौं । यो किसिमको, यो खालको चाहिँ प्रि-पोलिसी चाहिँ जुन आयो त्यसमा चाहिँ म त्यति खुशी हुन सकिरहेको अवस्था छैन सभामुख महोदय ।

यस्तो गर्नेछौं, त्यो नीति तथा कार्यक्रम आउला, अनि प्रदेश प्रमुखले चाहिँ फेरि बोल्नुहोला, गर्नुहोला र बिहान १ जना हाम्रा आदरणीय माननीयज्यूले भन्दै हुनुहुन्थ्यो एउटै कुरो असाध्यै राम्रो लेखिएको रहेछ, संविधान सभाका, यो प्रदेशसभाका सांसदहरूले दिएको सुझावहरूलाई आत्मसाथ गरिने छ । प्राथमिकताका साथ ग्रहण गरिनेछ भनेर लेखिएको रहेछ, यही मात्र राम्रो रहेछ भन्नु हुन्थ्यो, सायद किनभने ग्रहण हिजो भैसकेको नी ग्रहण त गजबको भएका छन् । एकातिर हामीले बनाएको बजेट १ अर्ब २ करोडको बजेट १ रूपैयाँ सेफ खर्च गर्न सकिरहेका छैनौं । हामीले दिन सकि रहेका छैनौं । थियो त एउटा राम्रो कुरा थियो, कि सरकारले जहाँ जहाँ सडक पुगेका छन्, त्यो ठाउँमा चाहिँ ती हेल्थ पोष्टहरूमै, एउटा एउटा एम्बुलेन्स दिने भने पनि आएको जस्तो मलाई सम्झना भएसम्म त्यो लाग्छ । त्यही एउटा एउटा एम्बुलेन्स किनेर दिएको भए पनि एउटा राम्रो काम तदेखिन्थ्यो होला नी त । यही हाम्रो आउने सदनको अगाडि पट्टिको राम्रो बाटो, आज जहाँ सदन बन्दैछ, त्यसको अगाडि बाटो फटाफट बनाउन लगाए पनि त हुन्थ्यो होला नी त, त्यो पैसा हामीले खर्च गर्न सकेनौं अब त्यो पैसा खर्च गर्न जहिले पनि अभिमुखीकरण, कहिले सावुन पानीले हात धुनुपर्छ भन्न सिकाउने अभिमुखीकरण, कहिले रूख रोप्नुपर्छ भन्ने अभिमुखीकरण चाहिँन्छ । सदनमा कसरी बोल्ने, सभा कसरी देखाउने, पोलिसीहरू कसरी बनाउने, नीति कसरी बनाउने, कार्यान्वयन कसरी गर्ने, मोनिटरिङ्ग कसरी गर्ने, जाँदा खेरि मेरो र तेरो कसरी नभन्ने भन्ने कुराको अभिमुखीकरण गर्नु पर्थ्यो सभामुख महोदय । यी कुराहरू नभएर यो एउटा हामीले यो डोटी तिर एउटा शब्द टिपनटापन गर्ने भन्ने हुँदो रहेछ, बानहरूको टिपनटापन गर्ने त्यो टिपनटापन गर्नको लागि खर्च गर्नुपर्ने आवश्यकता थिएन । सभामुख महोदय, हामीले हाम्रो आर्थिक मामिला तथा योजना मन्त्रीलाई जहिले पनि सजिलो गर्दिएकै थियौं नी प्री-बजेट नहुँदा पनि धारालाई निलम्बन गर्दिएकै थियौं । कि त उहाँलाई चाहिँ अफ्ठ्यारो परेको थियो भने फेरि पनि निलम्बन गर्दिन्थ्यौ । के फरक पर्थ्यो र यो सबैले घाँटी दुखाई रहनु पर्ने कुराहरू थिएनन् । त्यसैले कमसेकम यी कुराहरूलाई पनि हामीले सोच्नुपर्यो, हेर्नु पर्यो र अहिले हामीलाई एउटा असाध्यै खुशीका साथ, बहादुरीका साथ, यो प्रदेश स्थापना गरिरहेको भन्ने कुरा । आफैले आफ्नो घुडामा बञ्चरो हानी रहेको अवस्था भएको हुनाले सभामुख महोदय, यसलाई चाहिँ अलिकति पूर्ण विचार गरियोस् । हुन त आज टुङ्ग्याउदै छौं । पूर्ण विचार गर्ने कुरामा तर कमसेकम यी हुन् गौरवका योजनाहरू, यी हुन् भन्ने कुरा आउनु पर्थ्यो जस्तो लाग्छ । मलाई सामाजिक न्याय गरिबी घटाउने, बिरामी घटाउने छ । त्यो त सबै हुँदैछ त यहाँ अर्को कुरा एउटा महत्वपूर्ण कुराहरू आउनु पर्छ, केन्द्रीय सरकारले जनसंख्याको आधारमा बजेट विनियोजित गर्दै छ, सभामुख महोदय । यो यत्रो ठूलो भूगोलमा भएता पनि जनसंख्या कम छ, आधिकारिक जनसंख्या अहिले पनि ११ लाख ९७ हजार छ । प्रक्षेपण गरेको १५ लाख चानचुन छ तर २२ ५.प्रतिशत भूगोल त यो आधिकारिक होनी, भूगो लाई चाहिँ पैसा नछुट्याउने हो भने

आजबाट यो सदनले एउटा कुरा पालना गरोस्, जनसंख्याको आधारमा मात्रै केन्द्रीय सरकारले बजेट विनियोजित गर्ने हो भने हामी जस्ता जनसंख्या कम भएका प्रदेशले जनसंख्या वृद्धि गर्ने भनेर चाहिने पास गर्नुपर्छ र त्यसको आधारमा बजेट ल्याएर हामी चाहिँ यहाँको विकास गर्नुपर्छ । होइन भने, यो प्रदेश जहिले पनि पछाडि पर्ने छ । त्यसको लागि चाहिँ यो सम्पूर्ण सदनले चाहिँ हृदयाङ्गम गरेर यो हाँसो र ठट्टाको विषय भएको होला तर चाहिँ सभामुख महोदय, यो जुन हिसाबले प्रदेश कहिल्यै पनि अगाडि बढ्न सक्दैन । यति कुराहरू म राख्दै यहाँबाट विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, ११ औं गणतन्त्र दिवसको उपलक्ष्यमा सर्वप्रथम आफ्नो जीवन बलिदान गर्नु हुने महान शहिदहरू प्रति शब्द श्रद्धाञ्जली व्यक्त गर्दै गणतन्त्र दिवसको अवसरमा शुभकामना व्यक्त गर्न चाहन्छु । मैले पनि सुने यो सदनमा आउँदै गर्दा गणतन्त्र दिवस मूलसमारोह समितिमा हामी सांसदहरू पनि आयोजक थियौं रे भन्ने कुरा यहाँ आएर सुन्नमा आयो, बिहान कार्यक्रम पनि भएछ तर माननीयहरूको सहभागिता अलि न्यून, एकदम न्यून भएको कुरा पनि सुन्नमा आयो । यो कुरा राख्न चाहन्छु र अरू विषयहरूमा नगइकन विनियोजन विधेयक, २०७५ को सिद्धान्त प्राथमिकतामाथि छलफलको विषयमा हामी अगाडि बढि रहेको छौं । आर्थिक मामिला तथा योजना मन्त्रीज्यूलाई म धन्यवाद पनि दिन चाहन्छु । माननीय सभामुखमार्फत् प्री-बजेट छलफल निम्ति यो विनियोजन विधेयक, २०७५ को प्राथमिकता सिद्धान्त मात्रै होइन उद्देश्य र प्रमुख नीतिसहित आएको छ । मलाई पनि के लाग्छ भने हामीले कर्णाली प्रदेशसभा सञ्चालनका निम्ति नियमावली बनाएका छौं । त्यो नियमावलीमा पनि व्यवस्था गरिएको छ, नियमावलीको नियम, १३२को उपनियम २ बमोजिम बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्ताव बाहेक छलफल गर्न सकिने कुरा हामीले नियमावलीमा व्यवस्था गरेका छौं र संविधानले नै व्यवस्था गरेको छ । प्रदेशसभाको नीति तथा कार्यक्रम प्रदेश प्रमुखले पेश गर्ने कुरा संविधानको धारा १ र ४ ले नै व्यवस्था गरेको छ । हुन त यो कर्णाली प्रदेशको सरकारले छलफल गरेर नै, यो संसदमा, यो गरिमामय संसदमा, यो विधेयक पेश भएको होला, छलफल भएको होला । प्राथमिकता, सिद्धान्त र उद्देश्य मात्रै होइन प्रमुख नीतिहरू सहित नीति आएको छ । नीति कार्यक्रम, प्रमुख नीतिहरू सहित, नीति कार्यक्रम त्यो आउथ्यो होला जस्तो मलाई लाग्छ र त्यो विधेयक ल्याउदै गर्दा नियमावलीको नियम उल्लेख भएको मैले कहिँ पनि देखेंन । मैले सरसर्ती हेरें, अगाडिदेखि, सुरू पेजदेखि अन्तिमसम्म हेर्दा नियमावलीको नियम उल्लेख गरिएको छैन । म केन्द्रीय संसदमा पनि विगतमा प्रतिनिधित्व गरेको हुनाले केन्द्रमा बजेट विनियोजन विधेयक, प्राथमिकता र सिद्धान्तमाथि छलफल गर्दैगर्दा नियम उल्लेख गरिएको हुन्थ्यो । प्राथमिकता र सिद्धान्तमाथि छलफल हुन्थ्यो । प्रमुख नीतिमाथि छलफल भएको

सम्भवतः मेरो अनुभव छैन । हुन त कर्णाली प्रदेशमा हामीले नयाँ अभ्यास गर्दैछौं । त्यो भएर पनि हुन सक्छ, यो भएको र यसमा मन्त्रीज्यूले यो विषयमा राख्नु हुने छ । यो विनियोजन विधेयक सरसर्ती पढ्दै जाँदा मलाई कस्तो लाग्यो भने अलि शब्द भण्डारै हो कि के हो यो विनियोजन विधेयक भन्ने जस्तो अुनभुति भयो । धेरै शब्दहरू हुन, एउटै शब्दमा पनि धेरै कुराहरू हामी उल्लेख गर्न सक्छौं । त्यसको भाव हामी बुझ्न सक्छौं तर धेरै कुराहरू यहाँ उल्लेख गरिएको छ । एकदम शब्द भण्डारकै रूपमा यो विनियोजन विधेयकको प्राथमिकतामा सिद्धान्त, उद्देश्य र नीति, प्रमुख नीतिहरू आएको मेलै त्यस्तो महसुश गरे र यो अब समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माणको सैद्धान्तिक जगमा उभिएर विनियोजन विधेयक प्रस्तुत गरिएको कुरा पनि यहाँ उल्लेख छ । मितव्ययिताको सिद्धान्तअनुसार हुनुपर्छ जस्तो मलाई लाग्छ । आर्थिक वर्ष ०७४/०७५ र ०७५/०७६ को बजेट मितव्ययिताको सिद्धान्तअनुसार बचाई राख्नका निम्ति त्यो बजेट कार्यान्वयन नहुने त होइन, त्यसो नहोस् भन्ने कुरा म सभामुखमार्फत् राख्न चाहन्छु । यहाँ प्राथमिकताका कुराहरू उल्लेख गर्दा खेरि मलाई कस्तो अनुभूति भयो भने मन्त्रालयगत हिसाबले प्राथमिकता यहाँ राखिएको छ । यो मन्त्रालयगत हिसाबले प्राथमिकता राखिरहनु पर्ने हो । यो कर्णाली प्रदेशमा पहिलो प्राथमिकता हामीले केलाई बनाउने छौं भन्ने कुरा आउनु पर्थ्यो जस्तो लाग्छ । एउटै मन्त्रालयमा धेरै विषयहरू छन् । त्यो मन्त्रालयगत हिसाबले यहाँ राखिएको जस्तो अनुभूति मैले गरें, प्राथमिकतामा सडक, जलस्रोत, उर्जा, खानेपानी, सिंचाइ, सूचना प्रविधि जस्ता भौतिक पूर्वाधार त्यो एउटा मन्त्रालयभित्र पर्छ । कृषि सहकारी अब त्यहाँ अर्गानिक उत्पादन पनि जोडिएको छ । भूमि सुधारको कुरा त्यो एउटा मन्त्रालयभित्र पर्छ । शिक्षा स्वास्थ्यलगायत सामाजिक विकास त्यो अर्को मन्त्रालयभित्र पर्छ । पर्यटन, उद्योग, जडीबूटी, वन, वातावरण त्यो अर्को मन्त्रालय अन्तरगत पर्छ, यसरी राखिएको छ । शान्ति, सुरक्षा, मानवस्रोत व्यवस्थापन त्यो अर्को मन्त्रालय अन्तरगत पर्छ, त्यो बजेटको प्राथमिकतामा यसरी आउँछ होला । मलाई त्यो अनुभूति छैन, बजेटको प्राथमिकतामा कम्तीमा हामीले यो कर्णाली प्रदेशमा पहिलो प्राथमिकता के लाई राख्ने, भौतिक पूर्वाधारलाई हामीले पहिलो प्राथमिकतामा राख्ने कर्णाली प्रदेशको गौरवका योजनाहरू कस्ता हुन सक्छन् भन्ने कुरा हामीले प्राथमीकरण गर्नुपर्छ कि पर्दैन, उर्जाको कुरा गर्दा खेरि, उर्जामा हामीले विद्युत्लाईन विस्तार गर्ने हो या योजनाहरू निर्माण गर्ने हो, आयोजनाहरू निर्माण गर्ने हो वा लोडसेडिङ अन्त्य गर्ने हो, त्यो एउटा प्राथमिकता त्यसरी राख्नु पर्छ होला जस्तो लाग्छ । हामीले भन्यौ कर्णाली प्रदेशको आर्थिक स्रोतको हिसाबले हामीले पर्यटन प्रवद्धन गर्नुपर्छ, त्यो पर्यटन प्रवर्धन गर्ने उद्देश्यसहित कर्णाली रारा पर्यटन वर्ष, २०७५ को उद्घाटन पनि गयौं र पर्यटनलाई हामीले प्राथमिकतामा राख्ने कि नराख्ने, हामीले पर्यटन प्रवर्धन गर्ने कुरा मात्रै होइन रोजगारीको सिर्जना गर्ने कुरा यो सँग सम्बन्धित छ भने पर्यटनलाई हामीले प्राथमिकतामा राख्न पर्छ कि पर्दैन । कृषिमा

अर्गानिक प्रदेश बनाउने भनेर हामीले घोषणा पनि गरी सकेका छौं । अर्गानिक प्रदेश बनाउने भनेर मात्रै हुनेवाला छैन । त्ससको आधारशिला के भन्ने कुरा पनि त्यहाँ प्रष्ट रूपमा आउनु पर्थ्यो । त्यो आउन सकेन हामीले प्राथमिकता क्रम छुट्याउँदै गर्दाखेरि त्यसरी उर्जा, सडक, कृषि, पर्यटन हुँदै के-के हो तर त्योभित्र हामीले कसरी अगाडि बढ्ने भन्ने कुरा अलिकति व्याख्या गरेर आइदिएको भए प्रष्ट हुन्थ्यो जस्तो मलाई लाग्छ । त्यो आउन सकेन र यहाँ नीति अन्तरगत अब प्रमुख नीतिहरू त आएको छ । त्यो नीतिका विषयमा अहिले छलफल गर्नुपर्छ जस्तो मलाई लाग्दैन । तै पनि नीतिहरू आउदै गर्दा खेरि नीतिमा थुप्रै यो पहिला पहिला हामी विद्यार्थीकालमा शायरीहरू लेख्ने गर्थौं। त्यो शायरीहरू लेख्दा खेरि असाध्यै मिलाएर लेख्थ्यौ, त्यस्तै प्रकारले नाराहरू केही आएको छ । त्यो नाराहरू अब हामीले देख्यौं र अब त्यो नाराहरूलाई कार्यान्वयन गर्ने कुरा त होला नै, सँगसँगै कम्तीमा पनि यो कर्णाली प्रदेशमा महिला, दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृतको कुरा गर्दा खेरि संविधानले गरेको व्यवस्थाअनुसार छुट्याएको कलस्टरअनुसार ६२% खसआर्यको बाहुल्यता भएको यो प्रदेश २३% दलितहरूको जनसंख्या भएको यो प्रदेश समथिङ्ग १३% जनजातिहरूको बसोवास भएको यो प्रदेशको दलितहरूको विषय, महिलाहरूको, ५१% भएका मलिाहरूको विषयमा कस्तो प्रकारको नीति आउने हो भन्ने कुरा प्रस्ट छैन । त्यो कलस्टरअनुसार पनि सबभन्दा पछि पारेको समुदाय त दलित नै होला नी, त्यो दलितभित्र पनि महिला होला, दलित महिलाहरू भन्दा आदिवासी जनजाति भनेर प्राथमीकरणमा अगाडि राखिएको छ । आदिवासी सम्भवत् मलाई कस्तो लाग्छ भने आदिवासीमा अहिले हाम्रो प्रदेशको हकमा खसआर्य नै आदिवासी होला, त्यसपछि जनजाति, त्यसपछि दलित र अनि महिला भनेर यसरी क्याटागवरी गरेर यहाँ उल्लेख गरिएको छ । यता मेरो आपत्ती छ । यो प्राथमिकता हुन सक्दैन पछि पारिएको समुदायलाई अगाडि कसरी ल्याउने भन्ने योजनासहित प्राथमिकतामा राखिनु पर्छ जस्तो मलाई लाग्छ । त्यो प्राथमिकता क्रममा राखिएको जस्तो मलाई लागेन । यहाँ अब बुँदाहरू थुप्रै छन् ती बुँदाहरूका विषयमा अहिले राख्नु पर्छ जस्तो मलाई लाग्दैन र हामीले अब नीति कार्यक्रम पनि सम्भवतः छिटै आउँछ होला । त्यो नीति कार्यक्रमकै बेलामा, हामी त्यो नीति कार्यक्रम सम्बन्धित विषयमा पनि छलफल गर्ने नै छौं । प्राथमिकता र सिद्धान्तको कुरा गर्दा खेरि जसरी यहाँ उल्लेख गर्नुभएको छ । सिद्धान्त पनि कम्तीमा भौतिक पूर्वाधारसम्बन्धी के हो, युवा परिचालनसम्बन्धी नीति सिद्धान्त के हो ? त्यस पछि मानव विकाससँग सम्बन्धित सिद्धान्त के हो, ती सिद्धान्तका आधारमा यो प्रदेशलाई अगाडि बढाउने कुरा र अब आगामी बजेटलाई त्यो सिद्धान्त र प्राथमिकताका आधारमा बजेट निर्माण गर्ने कुरा हुन्छ होला जस्तो लाग्छ । त्योअनुसार प्रदेशको आर्थिक वर्ष ०७५/०७६ को बजेट ल्याउनका निम्ति अब हामीले सुझाव दिने कुरा हो, सुझाव ग्रहण गर्ने कि नगर्ने त्यो सरकारको कुरा हो । हामीले दिएको सुझावअनुसार हुन त अहिलेसम्म त्यति भएको

जस्तो अनुभूति छैन । तैपनि एउटा जनप्रतिनिधिको हिसाबले जनताको पक्षमा, जनताले जुन विकास र समृद्धि चाहेको हुन्, विकास र समृद्धिका निम्ति हामीले जुन जनताका बीचमा प्रतिवद्धता जाहेर गरेर आएका छौं । त्यो प्रतिवद्धतालाई पूरा गर्नका निम्ति, हामीले हाम्रो भूमिकालाई निभाउनका निम्ति, सुझावहरू दिनुपर्ने छ । त्यो सुझावहरू एउटा अनौपचारिक हिसाबले वा औपचारिक हिसाबले सुझाव दिने कुरा हामीले सुझाव दिएका छौं । कार्यान्वयन गर्ने नगर्ने सरकारको कुरा हो र यति भन्दै मेरो भनाईहरू यही अन्त्य गर्छु, हवस् त धन्यवाद ।

(माननीय उपसभामुखज्यूले सभामुखको भूमिका निर्वाह गर्नुभयो)

**माननीय उप-सभामखः** -माननीय अम्मरबहादुर थापा, समय ७ मिनेट ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज यो ०७५/०७६ को सिद्धान्त, उद्देश्य र प्राथमिकताको यो कार्यक्रम, प्री-बजेट छलफल गर्ने हेतुले अर्थमन्त्रीज्यूले सदनमा पेश गर्नु भएको कार्यक्रमको छलफलमा सहभागी हुँदा सर्वप्रथम ११ औं गणतन्त्र दिवसका निम्ति, ११ औं गणतन्त्र दिवस मनाउने हामीलाई जुन स्थानमा ल्याउने शहिदहरू प्रति, भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै आमनेपाली जनतालाई शुभकामना व्यक्त गर्न चाहन्छु । अहिले बजेटमा ब्यापक रूपले छलफल भएको छ । छलफल सुरूवात गरिएको छ तर यो छलफलमा मात्रै सीमित हुने त होइन, छलफल धेरै हुने गर्छन र छलफल सांसदहरूले सदनमा गर्ने गर्छन । सरकारले आफ्नो अनुकूलको बजेट बनाएर अगाडि बढ्ने प्रवृत्ती छ । यो प्रवृतिलाई अन्त्य गर्नका निम्त्ति यो संविधानले सबै सरकारहरू, तीनै तहमा सरकारहरू निर्माण गरेर जनतालाई पारदर्शीताका साथ र विकास निर्माण कसरी जनताका नजिक पुर्याउन सकिन्छ भन्ने हिसाबले नै यो संघीयताको अवधारणा आएको छ । त्यसो भएको हुनाले अहिले मैले सुझाव दिइ रहँदा म सरकारलाई २/४ वटा सुझाव दिन चाहन्छु । अहिले हामीले करिब करिब मैले सुन्याछु १४ अर्बको सिलिङ आएको छ रे, यो १४ अर्बले कर्णाली प्रदेशको सबै विकास गर्छु भनेर ल्याइयो भने यो असम्भव हुन्छ । १४ अर्बले गरिने काम कति हो त्यो कामले तत्काल जनताले राहत पाउने योजना के हुन् र प्रदेशको भाग्य भविष्य निर्माण हुने योजना के हुन, दुई थरि योजनाको विकास गर्नुपर्छ । एउटा यो प्रदेश, करको दायराभित्र छैन भनिन्छ । हाम्रो स्रोत साधन छैन हामी सँग अर्थतन्त्रको कमजोरी छ । अर्कामै निर्भर हुनुपर्ने छ । हाम्रो राजश्वका दरहरूको विषयमा छलफल नै भएको छैन । त्यसैले यो प्रदेशमा, आफैंमा तयार हुन सक्ने, आफैंमा आफ्नै बजेटले यो प्रदेश चल्न सक्ने योजना के हो ? यसको स्रोतको पहिचान गरेर, कुन स्रोतबाट हाम्रो प्रदेशको ढुकुटी बलियो बनाउन सकिने विधि के हो, विधिमा सरकार जान्छ कि जादैन । अहिले हामीले बराबरी लोकप्रियता कमाएर २ लाख, १ लाख, ५ लाखको, को-को माननीय असन्तुष्ट हुन्छन्, को-को जनता असन्तोष हुन्छन् भन्या भरमा वा आफ्ना कुनकुन कार्यकर्ताले भनेको हुन् ती कार्यकर्ताहरूलाई अलिअलि

भरणपोषण गर्ने किसिमको बजेट आउनु हुँदैन । ठोस् रूपले कर्णाली प्रदेशको खाका तयार हुने गरी भोलि यो सदनलाई यो सरकारले आफैंमा अर्कामा निर्भर हुन नपर्ने बजेट के हो, त्यो काममा हामी लाग्ने कि नलाग्ने, यो काममा, यो सरकारले ल्याएर स्वंयम् हामी सांसदहरूलाई कन्भेन्स गर्न सक्ने कि नसक्ने । होला हाम्रा लोकप्रियताहरू सासदहरू त्यहाँ धारा दिउला, त्यहाँ पानी दिउला, त्यहाँ बाटो बनाइ दिउला भन्नु भएको होला तर हामीले कन्भेन्स गर्दा काहिँ त्यो तरिकाले आफूखुशी गर्ने, कसैलाई आदर्शका कुरा गरेर मात्रै रोकेर रोकिनु हुँदैन । मैले यहाँ मात्रै होइन प्रतिनिधिसभामा पनि यो कुरा राख्दा त्यहाँका अर्थमन्त्रीले हामी विदेशीको ऋण मात्रै लिने आफूसँग कुनै स्रोत छैन । हामीले त्यो स्रोतको पहिचान नै नगरेर, भएकाको पहिचान नगर्ने, मैले अस्ति पनि भने, आज पनि तपाईंहरूलाई सुनाउन चाहन्छु । भाषण गर्दा हाम्रा मुख्यमन्त्रीले ठाउँ ठाउँ ठोक्नुहुन्छ । मन्त्रीज्यूहरूले ठोक्या ठोक्यै हुनुहुन्छ । हामीले पनि भनेकै छौं, हुन पनि हो । यो प्रदेश गरिब प्रदेश र यो प्रदेश भौगोलिक रूपले विकट प्रदेश, यो प्रदेशभित्र हिरै हीरा भएको प्रदेश, कहाँ छन् ती हीराको खोजि गर्नु पर्यो नी । हीराको खोजि गरेर अब त्यो ढुङ्गामुनि के छ, कस्तो छ, केही थाहैं छैन, ढुङ्गो खोले के छैन, यूरिनियम पनि छ रे, अनि यहाँभित्र त प्रशस्तै स्रोत साधन छ अरे, कहाँ छ, यहाँ छ भनेर प्रुफ गर्नुपर्यो नी, प्रुफ गरिएको छ भने त्यसलाई कार्यान्वयन गर्नुपर्यो, तब चाहिने हिरै हीरा हुन्छ । ढुङ्गाभित्र हीरा छ, फुटाल्ने कुनै साधन छैन,भित्र ढुङ्गामा हीरा छ, हीरा छ भनेर कति दिन गाउँने, त्यो ढुङ्गालाई फुटालेर हीरा ल्याएर, सबै जनतालाई गहना लगाएर, बडा असल जनता सुखी जनता, समृद्धि जनता बनाउने योजना छ कि छैन, हामी सँग जलस्रोत प्रशस्त छ । कर्णाली प्रदेश जत्तिको धनी प्रदेश नै जलस्रोतमा अर्को छैन । जलस्रोतको योजना के आयो, हामी प्रदेशले अथवा केन्द्रीय सरकारले साझेदारी गरेर हामीले यति हजार मेगावाट बत्ती निकाल्न सक्छौं भने कहीं नेर आएको छ । अहिले बाटो नभए पनि हुन्छ । अहिले बिजुली र पोल हालेर जनतालाई किन भ्रममा पार्ने । २४सै घण्टा जनताले बाल्न सक्ने बत्ती बनाउने वातावरण हामीले सृजना गर्ने कि नगर्ने, मैले पहिले सदनमा पनि भन्या थिएँ, हाम्रो प्रदेशमा नलसिंहगाड छ है, अपर कर्णालीका कुरा गरेर हुँदैन । अब अपरकर्णाली जबसम्म सम्झौता तोडिदैन, तबसम्म हामीले गफ दिएर हुँदैन हाम्रो महत्वको योजना छ । उहाँ के रे, बंगलादेशसँग सम्झौता गर्ने योजना हामीलाई किन चाहियो, सरकारले सम्झौता गर्छ, त्यो रद्द गर्न सक्दैनौ । हामी त्यसो भएको हुनाले हाम्रा सामुन्नेमा DPR हुँदै गरेको नलसिंहगाड छ, ४ सय मेगावाटको, अब बाँकी प्रशस्त अरू पनि छन् । यो प्रदेशले पहिचान गरेर, हामीले यो प्रदेशमा त्यो उर्जाको विकास मात्रै गर्ने हो भने नेपाल सबैभन्दा उर्जाको धनी देश हो । अहिले बिजुलीका पोलमा करोडौं रूपैयाँ हाल्ने, तल उत्पादन नै नगर्ने पोलले के गर्ने, जनताले बत्ती बाल्ने होर, त्यसो भएको हुनाले यो सरकारले तत्काल नलसिंह गाडलाई यो प्रदेशको मातहतमा हुने गरि, केन्द्रीय सरकार र यो प्रदेशको साझेदारी हुने गरी ठूलो प्रोजेक्ट

भएको हुनाले केन्द्रीय सरकारले सबै नदिन सक्छ । त्यो नलसिंहगाड बनाउनु पर्यो । त्यसको लागि चाहिने भौतिक र आर्थिक कति चाहिने हो, त्यो वातावरण सिर्जना सरकारले गर्न खोज्यो भने, त्यो सबै जनताको विकास हुन्छ । यो प्रदेशका सबै जनताको घरघरमा बत्ती बल्ने, नलसिंहगाडले बत्ती बाल्यो भने त्यो विकास के मुगुको होइन ? के त्यो चाहिने जाजरकोटकै हुन्छ, हुँदैन त्यसो भएको हुनाले, त्यो काममा यो सरकारले, लगानीका क्षेत्रमा आफ्नो लगानी, अरू कुनै उद्योगपतिको लगानी के गर्न सकिन्छ । यो गर्छौं भन्ने ठोस योजना आउनु पर्यो, केन्द्रीय सरकारसँग डाइलग गर्नलाई, अनि यहाँ कृषिका क्षेत्रमा यसो गर्नेछौं, उसो गर्नेछौं चाहिँ २ किलो मल दिनेछौं भन्या भरमा हुन्छ, अर्गानिक पनि गर्छौं मल पनि दिन्छौ भनेर त भयन नी, रासायनिक पनि दिन्छौ, अर्गानिक पनि गर्छौं, रासायनिक मललाई रोज्छौं, अर्गानिक रूपमा यो प्रदेशलाई आत्मनिर्भर बनाउछौं भन्ने हो भने मैले अस्तिको बजेटमा भन्या थिएँ, १० ओटा जिल्लामा नमूना रूपमा अर्गानिक, त्यो चाहिँ के भन्छ, त्यो कम्पोस्ट मलको नमूनाको रूपमा जाऔं । त्यो बजेटलाई, त्यहीं लगानी गरौं भन्दा कहाँ नेर लगानी गर्नुपर्छ । त्यसकारणले यो प्रदेश बनाउने कुरामा भाषण होइन, व्यवहारमा देखिने गरेर, यो ठोस रूपले जाने वातावरण सिर्जना जबसम्म हामीले गर्दैनौं, हामी कराई रहने, भाषण ठोकिरहने, जनता उस्तै रहने हुन्छ । अहिले केन्द्रीय सरकारका कुरा मैले एउटा संचारको माध्यमबाट सुन्या थिएँ । यो प्रदेश भौगोलिक रूपमा विकट हो भनेर बजेट हामीलाई बढिदिएको सिलिङ भन्दा १३/१४ अर्ब पाउने ठाउँमा १४ अर्ब अलि भूगोल लाथ्यो । तर पनि केन्द्रीय सरकारले एउटा भूगोल त खाई दिएछ । मैले सुनेको थिएँ, सञ्चारमाध्यम गलत हो भने मलाई थाहा छैन । ७ हजार ८ सय ८९ वर्ग किलो मिटर भएको डोल्पालाई २५ सय वर्ग किलोमिटर राख्या छ, एउटा सञ्चार बाट मैले त्यो देख्या थिएँ । अब कति वर्ग किलोमिटर घट्यो भने ५३ सय ८९ किलो मिटर चाहिने घटे पछि त हाम्रो पैसा त त्यही घट्यो त । त्यसैले यो छ भने पछि सरकारले केन्द्रीय सरकारलाई पनि सचेत गराउनु पर्छ । हाम्रो काम यहाँ भएका कुराहरूलाई केन्द्रीय सरकारलाई सूचना दिने कुरा पनि हो । त्यसो भएको हुनाले यो उर्जाको क्षेत्रमा ब्यापक लगानी गर्ने Public Partnership अर्को कुनै मान्छे खोज्न जानुपर्छ जस्तो लाग्दैन । प्रदेश सरकारले लगानी गरोस्, केन्द्रीय सरकार र जनतालाई भन्ने हो भने अहिले तपाई नलसिंहगाडको टेण्डर मात्र खोल्नुहोस्, यहाँ मलाई लाग्छ सरकारकै लगानी नगर्नु पर्ने पनि हुन सक्छ । यहाँको उद्योगपति र व्यापारीले लगानी गरेर अगाडि बढ्नु पर्छ । कृषिको क्षेत्रमा अहिले तत्काल जनतालाई दीर्घकालीन र अल्पकालीन कृषिको विकास गर्नको निम्ति जनतालाई तत्काल राहात दिनका निम्ति यो योजना ल्यायौं भन्नुपर्छ । यहाँ एउटा मन्दिर बनाउने या उता बनायौं या यस्ता बनायौं भनेर कुनै विकास हुनेवाला छैन । हामीले समृद्ध नेपालगंज, सुखी नेपाली बनाउने त्यो सपना हाम्रो सरकार पूरा हुनेवाला छैन । ठोस रूपले अहिले यति गरिन्छ जस्तै भारतमा के रे प्रधानमन्त्री के गान्धी, राजीव

गान्धीले प्रधानमन्त्री हुँदा भन्नुभएको थियो । म भारतलाई डिजिटल बनाउँछु । उहाँले पहिलो प्राथमिकता त्यहिलाई दिएर, राजिव गान्धी दुई-दुई पटक निर्वाचन अथवा राजिव गान्धी रहुन्जेलसम्म कांग्रेस रहनुको कारण त्यही थियो । डिजिटलमुखी क्षेत्रमा उहाँले पूर्ण रूपले विकास गरेर अगाडि बढि सकेपछि बल्ल त्यहाँको त्यो अवस्थामा भारत पुगेको छ । कुनै पनि सरकारले यो देशको यो काम गर्छु भनेर प्राथमिकताले एउटा प्रदेश हुन्छ । बाँकी अरू त तलब खान पाइन्न त भन्न मिलेन, ती सानातिना योजना गर्दैन भन्न मिलेन तर प्रदेशको प्राथमिकतालाई हामीले ध्यान पुर्याउनका निम्ति यो सरकारले, यो क्षेत्रमा जलस्रोतको विकास गर्छु भन्नुपर्यो । यो क्षेत्रमा कृषिको विकास गर्छु भन्नु पर्यो । यस्ता कुराहरूमा दश हजार ठाउँमा हात हाल्नुभयो भने हामी सफल हुन सक्दैनौ । १४ अर्बको बजेटले यत्रो ठाउँमा के काम हुन्छ । त्यसकारणले म तपाईहरूसँग यो सभामुखमार्फत् यो सरकारलाई अहिले ठोस रूपमा, ठोस किसिमको योजना आएर साँच्चिकै हामीले बोलेका समृद्धिका योजनाहरू पास हुन्न भन्ने छ, सत्ता पक्षकै ३३ जना तपाईहरू हुनुहुन्छ, हामी छौं, कुन कानून ल्याउनु पर्छ, कसरी कहाँ नेर जनताको काम रोकियो, अहिले करिब-करिब २४ घण्टाभित्र त्यो काम सकिन्छ । तपाईंहरूको त्यो काम तिर ध्यान छैन, कता गर्ने, कता गर्ने भन्ने कुरा अन्योलमा नहुन सरकारका साथीहरूले ठोस रूपले, ठोस योजना ल्याउनुहोस्, काम गर्नुहोस्, जनताका हितमा काम गर्नुहोस्, तपाईंहरू आफ्नो मन्त्रालयको स्वार्थ, आफ्नो व्यक्तिगत स्वार्थ, अनि त्यस पछि चाहिने कहाँ पाटीको स्वार्थ, अब हिजो फरक-फरक थिएँ, अब २ वटा पाटी मिलेर जाने एउटा एकातिर, अर्को अर्कोतिर, भन्या मान्ने होइन, यो मान्ने होइन, न एक तरिकाले, अर्को तिरका कुरा गरेर, यो अर्थ लाग्दैन । आम रूपले हामीले, यो सरकारले, दुई तीनवटा कामको प्राथमिकता देओस्, बाँकी कुरा छोडेर अगाडि बढ्नु पर्छ । यही कुरामा सुझाव राख्दै यो सरकारको गति अगाडि बढोस् भन्ने शुभकामना दिन चाहन्छु, धन्यवाद !

**मानीय उप-सभामुखः-** माननीय श्री कुर्मराज शाही, समय ७ मिनेट ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७५ मा समावेश गरिने सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको बारेमा यो गरिमामय सदनमा बहस र छलफल गरिरहेका छौं । बहस र छलफल गरिरहँदा खेरि आज हामीले हाम्रो शासन व्यवस्था, नेपाली जनताको शासन व्यवस्था, झुपडीमा बस्ने जनताहरूको शासन व्यवस्था, राज्यमा भएको दिन ११ वर्ष पुगेछ । म सर्वप्रथम यो चिजलाई प्राप्त गर्नका निम्ति आफ्नो ज्यान उत्सर्ग गर्ने ती ज्ञातअज्ञात शहिदहरू प्रति, म श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु, हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । लामो समयसम्म नेपालमा सामन्ती व्यवस्थाको दलहरूमा यो समाज रहेको र त्यो सामन्ती व्यवस्थालाई अन्त्य गर्नका निम्ति लामो समयसम्म नेपाली जनताले संघर्ष गरे । त्यो संघर्षका वाबजुत धेरै लामो समयसम्म, त्यो संघर्षको बाबजुद हामीले नेपाली जनताको शासन व्यवस्था प्राप्त गरेका

छौं । संघीय लोकतान्त्रिक गणतन्त्र हामीले प्राप्त गर्यौं, यो संघीय लोकतान्त्रिक गणतन्त्र भनेको महलमा बस्ने मान्छेका निम्ति नहुन सक्छ, उनलाई नरुच्न सक्छ । चिल्लो सडकमा, चिल्लो गाडीमा हिड्ने मानिसको निम्ति या संघीय लोकतान्त्रिक गणतन्त्र होइन । यो संघीय लोकतान्त्रिक गणतन्त्र पेटभरी खान नपुग्ने, आङ्ग पुरै ढाक्न नसक्ने मान्छेका लागि संघीय लोकतान्त्रिक गणतन्त्र हो र त्यो चिज आज हामीले प्राप्त गरेका छौं र मलाई लाग्छ यो चिज प्राप्त गरेका छौं । आज ती पेटभरी खान नपुग्ने र आङ्गभरी ढाक्न नपुगेका मान्छेहरूका निम्ति आज बजेटमाथि हामीले छलफल गरिरहेका छौं । त्यो बजेटले तिनीहरूको निम्ति, यस्ले सम्वोधन गर्ने छ । मैले यही विश्वास लिएको छु । त्यो भएको हुनाले त्यो संघीय लोकतान्त्रिक गणतन्त्र, यसको मुख्य सैद्धान्तिक आदर्श, हामी समाजवादको एउटा घर बनाउदैछौं । समाजवाद, संविधानमा नेपाली समाज समाजवाद उन्मुख हुने छ । आर्थिक हिसाबले सम्पन्न र समृद्ध हुने छ । नेपाली जनता समृद्ध भए भने समाजवादको परिकल्पना हामीले गर्न सक्छौं भन्ने खालको कुरा सैद्धान्तिक हिसाबले समेटेको छ । यो मलाई लाग्छ, यो सिद्धान्तमा, यो समावेश गरिने विषयवस्तुमा, त्यसका निम्ति दुईवटा आधारहरू चाहिँन्छन् । यो आधारको सम्वोधन गर्न सकियो भने अनि बल्ल हामीले एउटा समाजवादको चाहिँ घर निर्माण, हामीले गर्न सक्छौं । त्यसका निम्ति दुईवटा कुराहरू मुख्य गरी म भन्छु पहिलो कुरा भनेको सामन्तवादी चिन्तन, जो सामन्तवादी चिन्तन र सोचलाइ जो हिजोको एकात्मक शासन व्यवस्थाले, जो नेपाली समाजमा लामो समय सत्ता चलायो, शासन चलायो, त्यो चिन्तन र मनोविज्ञान अहिले पनि गाउँमा छ । त्यो चिन्तन र मनोविज्ञानलाई अन्त्य गर्नका निम्ति आफूभन्दा आर्थिक हिसाबले क्रान्तिकारी भूमि सुधार गर्न सकेनौं भने समाजवादको आधार हामीले निर्माण गर्न सक्दैनौ ।

पहिलो विषयवस्तु हो र दोस्रो विषयवस्तु भनेको अहिलेसम्म रहेको, लामो समयसम्म, हाम्रो अर्थतन्त्रमा नेतृत्व गरिरहेको दलाल नोकर शाही पूँजीवाद हो । दलाल नोकरशाही, पूँजीवाद अन्त्य गर्ने प्रकारले सैद्धान्तिक हिसाबले मलाई लाग्छ, यो विभेद आयो भने अनि बल्ल मलाई लाग्छ, सुखी नेपाली र समृद्ध देशको परिकल्पना गर्न हामी सक्छौं त्यसो भएको हुनाले मलाई के लाग्छ भन्दा खेरि यसमा सैद्धान्तिक आधारमा एउटा विषयवस्तु समेट्नु पर्छ । सैद्धान्तिक हिसाबले त्यो सैद्धान्तिक हिसाब के हो भन्दा खेरि, यहाँको दलाल नोकरशाह पूँजिवादलाई अन्त्य गर्नका निम्ति, कुन तरिका अपनाउनुपर्छ त भन्दा खेरि, मलाई के लाग्छ, बाहिरबाट आयातित वस्तुहरूलाई विस्थापित गरेर, यहाँको उत्पादित वस्तुहरूको चाहिँ मतलब मलाई के लाग्छ भन्दा खेरि, यसलाई स्थापित गर्न सक्यो भने बल्ल दलाल नोकरशाही पूँजीवादलाई अन्त्य गर्न सकिन्छ । अस्ति पर्यटन वर्ष मनाइ रहँदा खेरि मैले बहुत गौरवको महसुस गरेको छु । रारातालमा, कालिकोटमा उत्पादन भएको अल्लो सायद त्यो प्रशिक्षण कार्यक्रममा हामी जब सहभागी भयौं, त्यो अल्लोको कोट मात्र लगाउँने सैद्धान्तिक आधार निर्माण गर्न सक्यौं कि सक्दैनौ । यो

बजेटमा कालिकोटमा उत्पादित, दैलेखमा उत्पादित, त्यसपछि गएर यो १० वटा जिल्लाभित्र उत्पादन भएका कृषि विषयवस्तुलाई प्रयोग गर्यौं भने मात्र हामीले दलाल नोकरशाही पूँजीवादलाई अन्त्य गर्न सकिन्छ । सैद्धान्तिक हिसाबले यो विषयलाई समेटिनु पर्छ । यो मेरो आग्रह छ र म सुझाव दिन चाहन्छु । त्यो भएको हुनाले यो २ वटा चिजलाई मात्र नगरीकन समाजवादमा हामी पुग्न सक्दैनौ । त्यो भएको हुनाले यो समाजवादमा पुग्नको निम्ति २ वटा चिज गर्न आवश्यकता छ र आदरणीय माननीय सभामुख महोदय, अर्को विषयवस्तु म कहाँ नेर गए भन्दा खेरि, यो हामीले एउटा घर बनाउने कुरा सैद्धान्तिक हिसाबले परिकल्पना गरेको छौं । सिद्धान्तको घर बनाउने कुरा कहाँ बनाउने, काठमाण्डौ बनाउने सिद्धान्तको कुरा हो, त्यसपछि यसको उद्देश्य भनेको त्यसको कति वटा कोठा बनाउने कस्तो प्रकारको बगैंचा बनाउने र त्यसपछि आइसकेपछि मलाई लाग्छ, त्यो गाडी पार्किङ्गका निम्ति कस्तो खालको अगाडि आँगन बनाउने, त्यो हाम्रो उद्देश्यभित्र पर्ने हो र यति चिजहरू प्राप्त गरिसके पछि अनि फस्ट प्राइरोटी कहाँ नेर प्राथमिकताकरण गर्छौं भन्दा खेरि पहिलो कुरा घरको मोडेल, घरको कोठाहरू, त्यसपछि गएर सुन्दर एउटा बगैंचा र त्यस पछि आएर गाडी चाहिँ अगाडि पार्किङ गर्ने व्यवस्था त्यो गर्छौं र अन्तिममा हामी कहाँ नेर पुग्छौ त भन्दा खेरि, अनि त्यो प्राथमीकरण भयो र अन्तिममा कहाँ नेर पुग्छौ भन्दा खेरि अझ हेर्दा खेरि दक्ष जनशक्ति त चाहियो । घर बनाउने कुरा मात्र परिकल्पना गरेर हुँदैन, घरको कति कोठा बनाउने भन्ने कुराको सपना देखेर मात्रै हुँदैन, मलाई के लाग्छ भन्दा खेरि तर त्यो घर बनाउने दक्ष मिस्त्रि हामीसँग छ कि छैन, समस्या यहाँ नेर हो । दक्ष मिस्त्रि बनाउनका निम्ति सोच किन बनाइ राख्या छैनौं, अहिलेसम्म हामीले संविधानले प्रस्टै व्यवस्था गरेको छ नी त संघीयता भनेको अर्थ नै के हो भन्दा खेरि प्रदेशले आफ्नो कानून बनाएर लागू गर्नुहोस् भनेपछि कुरो टुङ्गि हाल्यो । अनि केन्द्र सरकारले कर्मचारी पठाइ देला र त्यसको आधारमा हामी संरचना बनाउला भन्ने किन परनिर्भरतामा हामी गुज्रिरहेको छौं । अहिलेसम्म किन हाम्रो त्यो मानसिकता र त्यो मेन्टालिटी क्रिएट गरिएको छ । त्यसलाई हल गर्न, त्यसलाई अन्त्य गर्न किन सकिरहेका छैनौं । मलाई त लाग्छ, सुरूमा गर्नुपर्ने कामहरूमा कुनलाई प्राथमिकता दिनुपर्ने, त्यो कुरा, त्यो परिस्थितिमा हामी गयौं कि गएनौं । त्यो तिर बहस केन्द्रित गर्यौं कि गरेनौं । मलाई के लाग्छ भन्दा, त्यो विषयवस्तु र बहस हामीले केन्द्रित गरेकै छैनौं । सबभन्दा पहिलो कुरा, दक्ष मिस्त्रिहरू जस्ले घर बनाउँछ, त्यो दक्ष मिस्त्रि बनाउनका निम्ति संविधानको धारा २५० मा त्यो व्यवस्था गरेकै त छ, म पढ्न जान्छु प्रस्ट भनेकै छ । के भनेको छ भन्दा खेरि गाउँपालिका, कार्यपालिका र प्रदेश मन्त्रिपरिषद्ले भन्या छ । आफ्नो चाहिँ प्रशासकिय निकायहरू बनाउन सक्छ भनेर भनेपछि त्यो एउटा कानून बनाएर हामी अझै पनि अगाडि बढ्न सकेनौं । त्यो विधेयक ल्याएर, त्यो सदनमा बहस र छलफल गर्न सकेनौं, त्यो बनाउन सकेनौं भने मलाई लाग्छ, यो सिद्धान्त, उद्देश्य र प्राथमीकरण

बनाउनुको कुनै उद्देश्य हुँदैन । जसरी ४ महिनाको समय बित्यो, मलाई के लाग्छ भन्दा खेरि, सायद अब्राहम लिङ्कनले एकचोटि भन्नु भएको छ । मान्छेलाई केही समयका निम्ति मुर्ख बनाउन सक्छौं, हामीहरूले एक पक्षलाई केही क्षणका लागि अलमल्याउन सक्छौं तर सधैं जनतालाई मुर्ख बनाउन त हामी सक्दैनौं नी । ४ महिना हामीले जनतालाई मुर्ख बनायौं, यो बनाएकै हो, यो स्विकार्नैं पर्छ । हामीले तपाईंलाई बाटो बनाइ दिन्छौ, तपाईंलाई सडक बनाइदिन्छौ भन्दै जनताका बीचमा हामी गयौं, छलफल गयौं, बहाना गयौं तर आखिरी केही पनि हामीले प्राप्त गर्न सकेनौं । त्यो भएको हुनाले मलाई के लाग्छ भन्दा खेरि, जनतालाई अब सधैं मुर्ख नबन्ने खालको सिद्धान्त, यो विधेयकमा आओस भन्दै म मेरो आफ्ना कुरा राख्दै, मेरो आफ्नो छोटो भनाई, मेरो सुझावहरू यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय उप-सभामुखः-** माननीय श्री अमृता शाही, समय ७ मिनेट ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, आज आज गणतन्त्र दिवसको उपलक्षमा सम्पूर्ण ज्ञातअज्ञात शहिदहरूलाई श्रद्धाञ्जली र मेरो हृदयदेखि नमस्कार छ । सभामुख महोदय, आज बजेट विधेयक २०७५ को विधेयकमा छलफल गर्दैगर्दा माननीयज्यूहरूले राख्नु भएको कुरो भन्दा बेग्लै कुरो छ । मेरो अस्ति पनि मैले कृषि मन्त्रालयमा कार्यक्रम हुँदा यो कुरा राखेको थिएँ । आज पनि यो कुरा राख्न चाहन्छु । हाम्रो भेरीगंगा नगरपालिकामा यही जेष्ठको ९-१० गतेको हावाहुरीले, भेरीगंगा नगरपालिकाको विभिन्न ठाउँको घरहरू हावाहुरीले भत्काएको छ, घरका छानाहरू उडाएको छ । अनि भेरीगंगा नगरपालिकाका विभिन्न ठाउँमा प्रायजस्तो खेती नलगाएर, लिचि र आँपको खेतीमा निर्भर जनताहरू छन् । त्यहाँ अहिले असारमा टिपेर बेच्नुपर्ने आँप अहिले हावाहुरीले पुरै बारीभरी बनाइदिएको छ । त्यसको लागि सरकारले त्यहाँको जनताको लागि के कसो राहतको बारेमा सोचेको छ, मैले सभामुख महोदयमार्फत् सरकारलाई जानकारी गराउन चाहन्छु । त्यहाँ घर भएको जनताको त्यस्तो हालत छ, घरको छाना साना सबै उडाइदियो, घरै भत्काइ दिएको छ भने २०७१ सालदेखि बाढी पीडित जनताहरू त्रिपालको छानामा बसेका छन् । उनिहरूको झन् कस्तो हालत भएको होला, हामीले अस्तिकै बजेटमा छलफल गर्दा खेरि हामीले सरकारको ध्यानाकर्षण गराएका थियौं । त्यो बाढी पीडितहरूलाई, हजुरहरूले, उहाँहरू जहाँ बस्नुभएको छ, उहाँहरूलाई छानाको व्यवस्था गर्ने यो कुरा हिजो बोल्ने माननीयज्यूहरूले पनि भनिसक्नु भएको छ । तर मैले आज यो राख्ने कुरो मैले कसरी, किन भने त्यो कुरो त्यति खेर पनि कार्यान्वयन भएन, अब यो अहिले आउँदै गरेको बजेटमा, त्यो जनताहरूको छानो गराइदिने हो कि, उहाँहरूएकदमै बिचलित हुनुहुन्छ । अब घरको भएको छानो पनि उडाइदियो, तिनीहरूको पालको छानो पनि उडाइ दियो भेरीगंगाका जनताहरूको कसरी यो सरकारले समस्या समाधान गर्ने हो, यो सभामुख महोदय, मैले सरकारलाई राख्न पठाए उहाँहरूलाई उचित क्षतिपूर्ति के कस्तो हुन्छ, सरकारबाट उपलब्ध गराउनु पर्छ । यहाँ द्वन्द्व

पीडितको कुरा पनि यो यसमा आएको छ । द्वन्द्व पीडित बसोवास के रे, यो बसोवास अनि द्वन्द्व पीडित, बाढी पहिरो पीडित, सबै पीडित, सबै पीडितहरूको एकमुष्ट सम्वोधनका बुँदाहरू टिप्नु भएको छ । यसको बारेमा शहिदहरूको, यो प्रदेश बनाउँदा खेरि मृत्यु भएका हाम्रा ४ जना शहिदहरूको बारेमा पनि यो सरकारले छुट्टाछुट्टै लेखेर, उहाँहरूको परिवारले के कस्तो माग गर्नु हुन्छ, उहाँहरूको त्यो मागलाई एकदम सम्वोध गर्नुपर्ने देखिएको छ । मैले कताकता कुरा सुनिराख्या छु । उहाँहरू एकदमै असन्तोष हुनुहुन्छ भन्ने सुन्या छु । त्यो दश वर्ष द्वन्द्वकालमा पनि, अब द्वन्द्व पीडित अथवा शहिदहरूको बारेमा पनि, यो सरकार प्रष्ट धारणा राखेर कहाँ कसरी हुन्छ, शहिदहरूको सम्मान गरियोस् भन्ने मैले सभामुख महोदयमामार्फत् यो सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, द्वन्द्वको कालमा जति मान्छे शहिद हुनु भएको छ । उहाँहरूको लागि यो सरकारले हुन्छ कि, अथवा संघीय सरकारले हुन्छ । यो कस्तो खालको व्यवस्था गर्ने हो शहिदको मात्रै बनाउने हो कि तिनीहरूको लागि काँही प्रतिष्ठान बनाएर हुन्छ कि, त्यो चाहिँ गराउनु पर्छ भन्ने धारणा राख्दै मेरो यो भनाई यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय उप-सभामुखः-** माननीय श्री कृष्णा शाह आचार्य, समय ७ मिनेट ।

**माननीय श्री कृष्णा शाह आचार्यः-** माननीय सभामुख महोदय, दास्रो अधिवेशनको चौथो बैठकमा छौं र हामीले विनियोजन विधेयक, २०७५ जसको नीति, उद्देश्य, सिद्धान्त र प्रमुख प्राथमिकताका विषयहरूमा छलफल गरी राखेका छौं । आजसम्म छलफल गर्दा खेरि मलाई लाग्छ हामी अन्त्यमा एउटा यो विनियोजन विधेयकलाई पूर्णता दिनेछौं । यसले पूर्णता पाउने छ, सुदृढ हुनेछ, व्यवस्थित हुनेछ । हामीले आशा गरौं, सभामुख महोदय, इतिहासको काल खण्डमा विनियोजन विधेयकहरू देशको राजधानी काठमाण्डौबाट प्रस्तुत हुने गर्थे, छलफल हुने गर्थे र सार्वजनिक हुने गर्थे । हामी गणतन्त्र नेपालमा छौं, गणतान्त्रिक नेपाल निर्माण पछि एकात्मक राज्य व्यवस्थाको अन्त्य पछि, देश संघीय संरचनामा गइसकेपछि, आज हामीले प्रदेशको राजधानी, कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा हामीले हाम्रो विनियोजन विधेयकको बारेमा छलफल गरिराखेका छौं र हामीले बहस गरिराखेका छौं । हामीले सार्वजनिक गरी राखेका छौं र प्रस्तुत भएको जुन विनियोजित बजेटको बारेमा थुप्रै पूर्वबक्ता माननीयहरूले छलफल टिप्पणीहरू गरिसक्नु भएको छ । थुप्रै विषयवस्तुहरू उठाइ सक्नु भएको छ । त्यस टिप्पणीको रूपमा म जान चाहन्न, समग्रमा त हामीले अहिले जुन विनियोजित विनियोजन विधेयकको बारेमा छलफल गरी राखेका छौं र बहस गरी राख्या छौं । यो आफैंमा नयाँ आवास, नयाँ अभ्यास, नयाँ परीक्षण हो । यो संघीयताको मुख्य कार्यान्वयनको पाटो हो भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु । विनियोजन बजेट २०७५ को यसका सिद्धान्त उद्देश्यको विषयमा छलफल गर्दै जादा खेरि मुख्य कुरा त यसले कर्णाली प्रदेशका बहुप्रतिक्षित योजनाहरूको बारेमा यो विधेयक परिलक्षित भयो कि भएन

र यहाँको गरिबहरूलाई, जुन कर्णाली प्रदेशको गरिबीलाई बदल्ने, यसको चिनारीलाई बदल्ने, यसको उद्देश्य रह्यो कि रहेन र यहाँको महिलाहरूलाई आत्मनिर्भर बनाउने यसको सिद्धान्त रहयो कि रहेन भन्ने कुरा यसको महत्वको विषय रहनेछ र रहन्छ । जसरी यहाँ विनियोजन विधेयकको सबै पाटा, पक्षहरूलाई अध्यन गर्दा खेरि मलाई लाग्छ यो केही त्रुटि, केही कमजोरीका वावजुद पनि सुन्दर ढङ्गले आएको छ र यसले मुख्य कुरा भौतिक पूर्वाधार विकासलाई जोड दिएर आएको छ । यदि कर्णाली प्रदेशलाई समृद्ध बनाउने हो, यहाँका जनताहरूलाई सुखी बनाउने हो भने हामीले भौतिक पूर्वाधारमा मात्र यो बजेट विनियोजन विधेयकलाई परिलक्षित नगरीकन सामाजिक रूपान्तरणका विषयहरूलाई पनि हामीले यो विधेयकमा जोडदिनुपर्छ । जहाँ हाम्रा पूराना चेतनाहरू छन्, पूराना सोच्ने शैलीहरू छन्, पूराना रितिरिवाजहरू छन्, तिनीहरूको अन्त्य गर्नको लागि, तिनीहरूलाई हामीले बदल्नको लागि हाम्रो विनियोजन विधेयकको जोड त्यता पनि रहनु पर्छ । हामीले त्यता परिलक्षित गर्नुपर्छ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु । विधेयक सहि हुँदाहुँदै पनि, यसका सिद्धान्तहरू सहि हुँदाहुँदै पनि उद्देश्यहरू सहि हुँदाहुँदै पनि, हामीले उद्देश्य कार्यान्वयन गर्ने दृढता हामीमा हुनुपर्छ, कार्यान्वयन गर्ने इच्छा शक्ति हामीमा हुनुपर्छ, कार्यान्वयन गर्ने इमान्दारीता हामीमा हुनुपर्छ । त्यो हुन सकेन भने जुनसुकै महान उद्देश्यहरू राखौं, जति सुकै हामी ठूला-ठूला सिद्धान्तहरू व्यक्त गरौं, हामी त्यहाँ पुग्न सक्दैनौं । त्यसैले गर्दा खेरि अबको हाम्रो मुख्य चुनौती भनेको महत्वपूर्ण सवाल भनेको, कार्यान्वयन सवाल हो । हामीले कार्यान्वयन गर्ने सवालमा, अब हामी कति दृढतापूर्वक लाग्छौं, त्यो कुरा हाम्रो अबको चुनौतीको विषय हुनेछ । सभामुख महोदय, कार्यान्वयन गर्ने संरचना तयार गरौं पहिलो कुरा, त्यसपछि गएर यथार्त र वस्तुवादी योजनाहरू छनौट गरौं, हामीले सोलोडोलोमा प्राथमिकताका विषयहरू राखी सकेका छौं । सडकको क्षेत्रमा हामीले के कस्ता कामहरू गर्न सक्यौं अर्थात कति बजेटसम्मका गर्न सक्छौं, त्यसपछि कृषिको क्षेत्रमा २/४ वटा योजनाहरू के गर्न सक्छौं प्रदेशले, त्यसपछि पर्यटनको क्षेत्रमा, विविध विषयहरूमा, हामीले कसरी, के गर्न सक्छौं, प्रदेशको हिसाबले हामीले त्यो कुरा यहाँ छुट्याउन आवश्यक छ । त्यो कुरालाई, ती विषयहरूलाई हामीले क्याटोग्राइज गर्नु आवश्यक छ । यहाँ गरिएको छैन र आगामी दिनमा हामीले सरकारको तर्फबाट र अर्थमन्त्रीज्यूले आफ्नो बजेटमा र आफ्नो बजेटको जुन अब आउने बजेटमा त्यो प्रकारको क्याटोग्राइज गरेर हामीले सडकको क्षेत्रमा २/४ वटा योजनाहरू के गर्न सक्छौं, अन्य क्षेत्रमा कसरी गर्न सक्छौं, के गर्न सक्छौं भन्ने कुरा ठोस् गरेर ल्याउनु हुनेछ भन्ने मैले आशा राखेको छु र योजना छनोट गर्दा खेरि मुख्य कुरा त आगामी दिनमा हामीले प्रदेशको अस्तित्व देखाउने गरि, उपस्थिति देखाउने गरि, योजनाहरू छनोट गर्नुपर्छ भन्ने मलाई लागेको छ । जहाँ कि हामीले कनिका छरे जस्तै योजनाहरू ल्याउने कुरामा हामीलाई छुट छैन र हामीले योजनाहरू, नीतिहरू थुप्रै बनाउने गर्छौं, कार्यान्वयनमा जाँदा खेरि हामी पछि परिरहेका छौं । हामीलाई थाहा छ,

भर्खरै मात्रै पहिलो बजेट हामीले यही सदनबाट कार्यान्वयन गरेर, हामीले सर्वसम्मत पास गरेर अगाडि बढायौं तर सरकारले अहिलेसम्म बजेटलाई कार्यान्वयन गरी राखेको स्थिति छैन । विविध बहानामा संसदको, यो सदनको, अपहेलना भइ राखेको छ । त्यसको मुल्य र मान्यतालाई ख्याल गरिएको छैन र मलाई लाग्छ, यो आगामी दिनहरूमा यस्तो नहोस् सरकारले त्यो कुरामा ख्याल गर्नेछ र यो कुरामा ख्याल गर्दै आगामी दिनहरूमा कार्यान्वयन गर्ने सवालमा अगाडि बढ्ने छ । सरकार तदारुकताका साथ लाग्नेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र अर्को कुरा मैले व्यवहारिक कुरा, यो सदनमा उपस्थित भइ सकेपछि मन्त्री र संसदज्यूहरूका व्यवहारिक कुराहरू पनि, मलाई यहाँ उठाउन मन लाग्यो, मन लागिराखेको छ । माननीयज्यूहरू यहाँबाट बोल्दै गर्दा, खेरि सुपारी चपाएर बोलि राख्नु भएको हुन्छ, सुर्ती मुखमा हालेर बोली राख्नु भएको हुन्छ । बास्तवमा हामी यहाँ मनोरञ्जन प्रर्दशन गर्ने कार्यको रूपमा हुँदैनौं, हाम्रो यो सदनको, हाम्रो यो गरिमामय हलको मुल्य र मान्यतालाई नबुझिकन हामीले यहाँ उपस्थिति भयौं । हाम्रा व्यवहारहरू प्रर्दशन गयौं भने हामीले, जनतालाई के अनुशासन सिकाउन सक्छौं । हामीले के रितिथिति बसाउन सक्छौं भन्ने Question यहाँ खडा भएको छ । मन्त्रीज्यूहरूको सवालमा कुरा गर्दा खेरि उहाँहरू जुन जिम्मेवारी बोधका साथ यहाँ उपस्थिति हुनु पर्थ्यो, कुन जिम्मेवारी बोधका साथ उहाँहरू आफ्नो सिटमा बस्नु पर्ने, त्यो गरिराख्नु भएको छैन र एक आपसमा साइड टक गर्ने हाँस्ने । यहाँ संसद, एउटा माननीयले बोलिराख्दा खेरि हैन चिटिङ गर्ने जुन कामहरू भइ राखेका छन् यो बन्द गरियोस् भन्ने कुरा म सभामुखमार्फत् यो सदनमा म निवेदन गर्न चाहन्छु । मेरो कुरा राख्दै म विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय उप-सभामुखः-** माननीय श्री गोपाल शर्मा समय ७ मिनेट ।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुखज्यू, खासगरी विनियोजन विधेयक, २०७५ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरूको सन्दर्भमा आज हामी छलफलमा छौं । आज एउटा ऐतिहासिक दिनको स्मरण हामी यो सदनमार्फत् गर्दैछौं । आज गणतन्त्र दिवस सबैभन्दा पहिले यो गणतन्त्र दिवसमा हामीलाई ल्याइ पुर्याउने महान योद्धाहरू प्रति, जसले आफ्नो जीवन समर्पण गर्नुभयो, उहाँहरू प्रति हार्दिक उच्च सम्मान गर्दछु र हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । मैले आज धेरै टिप्पणी गर्न चाहेको छैन किनकी माननीय अर्थमन्त्रीज्यूले आफ्नो यो पुस्तिकाभित्र धेरै कुरा समेट्नु भएको छ । मैले भन्दा खेरि व्यापक शब्दहरू छन् र धेरै अर्थ लाग्ने वाक्य समावेश भएको छ । यसले हा मिलाई आगामी बजेट मा छलफल गर्नको लागि धेरै सहज वा प्रदान गर्ने छ । मलाई लाग्छ उहाँले जे व्यक्त गरी राख्नु भएको छ । जे समेट्नु भएको छ यसभित्र योअनुसारको बजेट आओस् भन्ने शुभकामना मात्रै म यहाँ व्यक्त गर्न चाहन्छु । हामीले सामान्यतया सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरू अगाडि सारेर नै बजेट ल्याउने हो । मलाई के लाग्दैन भने नीति अगाडि नल्याएर, बजेट

कस्तो बनाउने भन्ने नीति अवलम्वन नगरेर, बजेट बारे अगाडि बढ्न सकिदैन तर जे नीति झण्डै ३६ वटा बुँदामा उहाँले जे नीति राख्नु भएको छ । त्यस मध्ये बजेटमा आवश्यक नीति भनेको मैले भेटाएको ११ वटा जति बजेटलाई आवश्यक नीति छ । बाँकी नीति तथा कार्यक्रमले समेट्ने नीतिहरू राखिएको छ तर ३६ वटा वा जाँदा उहाँले राखेको केही कुराहरू छन् यहाँ एउटा प्रमुख नीतिमा जुन उत्पादक र स-साना योजना बनाउँदा बजेट छरिने छैन भन्ने जो खालको राख्नु भएको छ । त्यो बुँदा ३६ वटा नीतिका बुँदाहरूलाई उहाँले समेट्नु भयो भने मलाई लाग्छ, उहाँले बजेट छर्नु बाहेक उहाँसँग अरू उपायहरू हुने छैन । अर्को कुरा पछि परेका क्षेत्र, योजना पछि परेका क्षेत्रलाई योजना र बजेटमा प्राथमिकता दिइने छैन भन्ने खालको उहाँको धेरै महत्वपूर्ण कुरा छ । मैले यो धेरै सोचेर ल्याउनु भएको होला त्यसो गर्दा खेरि मलाई लाग्छ, पिछडिएका क्षेत्रका ठाउँहरूमा हामीले अब छिट्टै पूर्वाधारका कामहरू हुनेछन् । तर मैले फेरि पनि हामीले अस्ति अवलम्बन गरेका केही अवस्थाहरू भोग्नु नपरोस् भन्ने मात्रै स्मरण गराउन चाहन्छु । हामीलाई खास गरी रोजगारीको क्षेत्र, रोजगारी सिर्जनाको क्षेत्र धेरै महत्वपूर्ण छ । अहिले रोजगारी कसरी सिर्जना गर्ने एउटै बुँदामा माननीय मन्त्रीज्यूले यहाँ राख्नु भएको छ । गरिबी निवारण गर्ने कार्यक्रम अवलम्बन गरिने छ । गरिबी निवारण गर्ने कुरा नै व्यापक शब्द हो । व्यापक शब्द हो, त्यसलाई कार्यान्वयन कसरी अभिव्यक्त गर्नु हुन्छ भन्ने कुरा प्रतिक्षाको विषय हुँदैछ तर मानव स्रोतको व्यवस्थापन गर्ने भन्ने बुँदा प्राथमिकतामा राखिएको छ । त्यो बुँदाले रोजगारी सिर्जना गर्ने हो कि होइन, रोजगारीका अवसरहरू सिर्जना गर्ने गरी बजेटमा प्राथमिकताका विषय राखिन्छन् कि राखिदैन भन्ने कुरा चाहिँ मेरो जिज्ञासाको विषय छ । अब मैले यहाँ धेरै टिप्पणी गरिन । मैले यति मात्रै भन्न सक्छु, सुन्दर वाक्यहरू हेर्दा संश्लेषित व्यापक र आवश्यकीय छ । यति मात्र म यहाँ भन्छु, मैले अलिकति अनुभूति मात्रै व्यक्त गर्दा खेरि हामी जे बोल्छौं, जे कुरा लिएर आउछौं, त्यसलाई कार्यान्वयनमा जानका लागि हाम्रा, हामी कहाँ आशंकाहरू उत्पन्न भएका छन् । सदन र सरकारको बीचमा अन्तरविरोधहरू देखा परिराख्या छ र केही आशंकाहरू पनि आउन थालेको छ । मन्त्रीले बोलेका सबै कुराहरू लागू हुने हुन् वा होइनन् । त्योभित्र पनि आशंका भएको छ वा सदनले बोलको सदनले दिएका कुराहरू यहाँ प्राथमिकतामै राखिने छ भन्ने वाक्यांसले हाम्रो भावनाहरू प्रतिबिम्बित हुन्छन् कि हुँदैन भन्ने कुरा पनि धेरै महत्वपूर्ण छ । त्यसकारण आज जे परिस्थिति देखिएको छ । सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदा मन्त्रीको जिम्मेवारीको कुरा हेर्दा वा सरकारले नै आयोजना गरेका सडकमा देखिएका कार्यक्रमका नतिजाहरू हेर्दाखेरि जे अवस्थाहरू हामीले भोग्दैछौं । त्यो भोगाई आगामी दिनमा नदोहोरियोस् भन्ने सुभेक्षा राख्दै विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय उप-सभामुखः-** माननीय श्री चन्द्रबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** सभामुख महोदय, आज गणतन्त्र दिवस । म यो दिवस उपलब्ध गराउनु हुने शहिद प्रति सम्मान व्यक्त गर्दै कर्णाली प्रदेशका सम्मुर्ण जनता र यो मुलुकका सम्पूर्ण जनतामा शुभकामना व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले ५४ बुँदे एउटा रैवार सदनमा पेश गर्नु भएको छ । यसलाई हामी के भन्छौ भने माग्ने पनि भन्छौ, हामी जनै सुपारी पनि भन्छौ, हामी सहि लगाउँने पनि भन्छौ । विवाह गर्नु भन्दा अगाडिको समय अनि यहाँ विभिन्न तर्कबाट, यसलाई विभिन्न शब्दबाट हामीले हेर्ने गर्छौं । त्यो सादिले, त्यो जनै सुपारी पनि भन्छ पनि भन्छौ, हामी साई लगाउँने पनि भन्छौ । विवाह गर्नुभन्दा अगाडिको समय, अनि यहाँ विभिन्न तर्कबाट यसलाई विभिन्न शब्द बाट हामीले हेर्ने गर्छौं । त्यो सादिले, त्यो जनै सुपारीले तेरो विवाह त्यो दिनमा, त्यो मितिमा, यो यसरी हुनसक्छ भनेर किटान गर्छ । त्यसो भएकोले आज हामी त्यही शब्दसँग छलफलमा यहाँ उपस्थित भएका छौं । सभामुख महोदय, बोल माछु, मुखभरी , पानी माछा बोल्न खोज्दा खेरि उसको नदिमा, तलाउमा मुखभरी  पानी हुन्छ । त्यस्तो भएकोले मैले आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले धेरै मेहेनतका साथ शब्दलाई घनिभूत ढङ्गले कसरी सटिक बनाउन सकिन्छ । त्यो सोचका साथ यो कार्यक्रम पेश गर्नु भएको छ । तर यसमा मेरो भनाई साल अगाडि, बाच्छो पछाडि भयो कि भन्ने मेरो तर्क छ । नीति आवश्यकै परेन सबै कुरा बोली सकेको छ । त्यसो भएकोले मैले आर्थिक मामिला तथा योजना मन्त्रीज्यू भन्दा पनि सिङ्गो सरकारलाई अब नीति चाँहिदैन जस्तो लाग्यो सरकारले पेश गरेको यो एउटा विधेयकमाथि सुझाव काँही पनि भनिएको छैन । अनि अझैभित्र सब नीतिका कुराहरू मात्रै यो गरिने छ भनेर सबै कुरा यहाँभित्र भैसकेको छ । मैले यहाँ धेरै कुरा नराखिकन म यो सँग केही सुझाव राख्न म चाहन्छु । सम्बन्धितविधेयक सँग केही सुझाव यहाँ राख्न चाहन्छु । यहाँ सरकारले पेश गरेको १०० दिनको हनिमुन मनाई सकेको छ । हनिमुन मनाएर हामी यो विधेयकमाथि छलफल गर्न यहाँ उपस्थिति भएका छौं । यो विधेयकको दफा ४ मा मसँग सम्बन्धित भएर म केही कुरा राख्न चाहन्छु । प्रदेशको आफ्नै भरपर्दो राजश्वको स्रोत नभएको संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान विशेष अनुदान प्राप्त भइ नसकेको हुँदा राजश्वका क्षेत्रहरू पहिचान पनि भइ नसकेको हुँदा तर हामी बजेटमाथि छलफल गर्न यहाँ उपस्थित भएका छौं । राजश्वका क्षेत्रहरू पहिचान गरेका छैनौं अहिलेसम्म, सरकारले सय दिनको हनिमुन मनाई सक्यो । हामी बजेट यहाँ ल्याइ रहेका छौं तर केन्द्र सरकारबाट सशर्त अनदान पनि हामी सँग प्राप्त भैसकेको छैन भनेर यो दफाले बोली रहेको छ । त्यसमाथि छलफल गर्न यहाँ उभिएका छौं । अर्को मैले यहाँ कुरो के राख्न खोजि रहेका छु भने दफा ८ मा प्रदेशमा उपलब्ध सीमित स्रोतसाधनलाई मितव्ययिता मैले यो भन्दा अगाडिका धेरै कार्यक्रममा कुरो राखेको थिएँ । मितव्ययिता यी सांसदहरूको लागि सुनाउने शब्द हो कि, मितव्ययिता सरकार सञ्चालन गर्ने माननीय मन्त्रीज्यू र त्यो सँग सम्बन्धित कर्मचारी

साथीहरूले मितव्ययिता अपनाउने हो । मैले धेरै कुरामा धेरै टाढा जान चाहन्न । यो प्रदेश भनेको कुनै पनि घर भाँडा नलिएर मन्त्रालय सञ्चालन गर्ने, कुनै पनि घर भाँडा नलिएर व्यवस्थित यो बस्ती हो तर आज अरू प्रदेशहरू अहिले पनि मन्त्रालय राख्ने ठाउँ नपाएर घर भाँडामा बसिरहेका छन् कुदिरहेका छन् । तर त्यो मन्त्रालय काहीँ जो अफिसका संरचना मन्त्रीज्यू त नयाँ हुनुहुन्छ । उहाँलाई नयाँ डेस्क चाहियो, नयाँ कुर्चि चाहियो, नयाँ टेबुल चाहियो तर त्यहाँ रहने कर्मचारीहरूले पनि पूराना संरचना बाहिर थन्काएर, आफू सजावट, कोठा सजावट मात्रै सीमित रहने काम भएको छ । अनि सांसदहरूलाई मात्रै मितव्ययिताको शब्द सुनाउने । अर्को कुरा गरिब मुलुक हो, गरिब प्रदेश हो भनिरहेको छौं, आज एक दिन खाली छैन, चार तारे होटलमा, हाम्रा मन्त्रालयका कार्यक्रम ४ तारे होटलमा मात्रै चलिरहेको छन् । एउटा फुलको गुच्छाको मात्रै ४ सय ५ सय हामीले तिरी रहेका छौं । तर त्यो तिर हाम्रो मितव्ययिता हुँदैन तर सांसदहरूलाई सुनाउने शब्दमा यहाँ मितव्ययिता भनेर जुन शब्द यो राखिएको छ । यसमा सबैले सोच्नु पर्यो कि अर्को अनि यहाँ यो दफा २५ मा गुणस्तरयुक्त सीमा र शैक्षिक पूर्वाधार प्रदेश समृद्धिको आधार भन्ने एउटा मूल नारा राखिएको छ । यो २ लोगन धेरै राम्रो छ । तर आज यो प्रदेश होइन कि सिङ्गो मुलुक बोर्डिङ्गको शिक्षा र सरकारी विद्यालयको शिक्षामा जनता छटपटिएका छन् । सरकारी विद्यालय र बोर्डिङ्गको शिक्षा कसरी अन्त्य गर्ने यो कुरा तिर हामीले ध्यान पुर्याउनु पर्छ कि । अर्को यहाँ विकासको दृष्टिले पछि परेको क्षेत्रलाई योजना र बजेट विनियोजनमा उच्च प्राथमिकता दिने नीति लिइने छ । अघि हाम्रो सांसदज्यूले पनि यो दफा ४० मा हामीले ०७४/०७५ को बजेट विनियोजन गयौं । त्यो बजेट सम्बन्धित मन्त्रालय र सम्बन्धित पुस्तकमा सीमित रहेको छ । केन्द्र सरकारले धन्न अहिले १४ अर्ब बजेट कसरी पठायो खर्च गर्ने नगर्ने प्रदेशलाई खर्च नगर्ने ठाउँलाई केन्द्र सरकारले बजेट किन दिन्छ । यहाँ हाम्रो भनाई मन्त्रीज्यूहरू तपाईं आफै बाझिएका कुरा गर्दै हुनुहुन्छ । अहिले भर्खरै अघि त्यहाँ कृषि मन्त्रीज्यूले मेरो मन्त्रालय अन्तरगतका, मैले कामहरूमा तुरून्तै तपाईहरू लाग्नुहोस् । ठाउँमा व्यवस्था छ, मैले गर्छु भनेर हामी सांसदका कानमा सुनाएर बाहिरिनु भएको छ । मैले बिहान मात्र अरू २/३ जना मन्त्रीलाई फोन गरेर अनि उहाँहरूले खर्च गर्ने आधार नै हामीसँग छैन, खर्च गर्ने आधार नभएकोले यो साल तपाईहरूले आसै नगर्नुहोस् । त्यही सरकार हो, त्यही मन्त्री हो, त्यही नीति हो, त्यही विधि हो, अनि हामीलाई यो विश्वास रहेन कि ती दुरदराज कठैबरा अहिले पनि एक सिटामोल ट्याबलेट नपाएर छुटपटिएका ती दुरदराजका जनतालाई यो प्रदेश सरकारले, प्रदेश सरकारको आगामी आउने बजेटले मात्रै सम्वोधन गरेर त्यो दुरदराजमुखी हुन्छ भन्ने विश्वास मलाई लागेको छैन । म यो कुरा राख्न चाहन्छु तपाईंहरूलाई हुम्ला-जुम्ला पुग्ने मान्छे छैन, प्राविधिक छैन, यो बजेट सुर्खेतमै खर्च गर्नुहोस्, हामी सहमत छौं । यो बजेट दैलेख मै खर्च गर्नुहोस्, हामी सहमत छौं तर सुर्खेतमा पनि खर्च गर्न सक्नुहुन्न

दैलेखमा पनि खर्च गर्न सक्नु हुन्न अनि त्योमाथिका दुर दराजमा पुग्न पनि सक्नुहुन्न तपाईहरूलाई कानूनको आवश्यक पर्यो, जति खेर जे कुरा ल्याउनु हुन्छ । हामी त्यो पास गर्न तयार छौं भनेर सबै सांसद साथीहरूले, यो सम्मानित हलले भनिरहेको छ । त्यसो भएकाले यो सरकारले जुन किसिमले अगाडि बढ्न खोजि रहेको छ । बोल्न खोजि रहेको छ, मैले अघिनै भने बोले, माछा मुखभरी पानी, बोलौं भन्दा खेरि, हामी सरकार पक्ष, सत्ता पक्ष अब काम हेर्दा खेरि मुखिया कि बुहारी गाल गरौं भने, नगाल गरौं भने भताभिङ्ग पारी त्यस्तो अवस्था देखिएकाले मैले यो बजेटमाथिका सामान्य सैद्धान्तिक विषयमा मैले यिनै कुरा राख्दै म विदा हुन्छु, हवस् त धन्यवाद !

(माननीय सभामुख राजबहादुर शाहीले कर्णाली प्रदेशसभाको अध्यक्षता ग्रहण गर्नुभयो)

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** माननीय सभामुख महोदय, हामी, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गरेको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू, विनियोजन विधेयक, २०७५ मा छलफल गरिरहेका छौं । सम्भवतः यो धेरै सांसदहरूले राखी पनि सक्नुभयो र अब यो नीतिगत कुराहरूमा सैद्धान्तिक कुराहरूमा धेरै टिकाटिप्पणी या विश्लेषण गर्नुपर्ने कुराहरू पनि छैन तर यसलाई पुरिष्कृत बनाउनलाई, केही सुझावहरू यहाँ चाहिँ राख्नुपर्छ जस्तो लाग्छ । आज हामीले सुन्दै छौं, भण्डै १६ खर्बको रकम संघीय सरकारले ल्याउँदै छ । त्यसमा १७ प्रतिशत स्थानीय तहलाई र १२ प्रतिशत प्रदेश तहलाई भनेर आउने स्थिति छ भनेर कुरो आएको छ । सम्भवतः त्यही प्रक्रियाबाट आउला, अब यो सबै हिसावले आउँदा खेरि हामीले प्रदेशलाई कसरी थेग्ने भन्ने कुरा हामीसँग देखिन्छ । त्यो रकम निकै कम हो, हामी धेरै तल स्थानीय तहसम्म पनि सानो-सानो योजनाहरूमा बग्न मिल्ने खालको अवस्था छैन । धेरै ठूलो योजनाहरूलाई अन्तर गाउँपालिकाहरूलाई या जिल्लाहरूलाई जोड्दा खेरि धेरै ठूलो रकमको आवश्यकता पर्छ । एकातिर यो अवस्था छ भने, अर्को तिर अब यो पेश गरेको कुराले के कुरा देखाउदैन भने त्यो देखाउन जरूरी छ । मैले यो कुरा निवेदन गर्न चाहन्छु, आर्थिक मामिला तथा योजना मन्त्रीज्यूलाई जस्तो हाम्रो कुल ग्राहर्स्थ उत्पादन कति हो भन्ने कुरा कुराहरू यहाँ आएको छैन, त्यो कुरा आउन जरूरी छ । जस्तो आज संघले त्यो लिदैं गर्दा त्यहाँ झण्डै ३० प्रतिशत रकम असुलीको कुरा, राजश्वको कुरालाई, त्यहाँ कर असुलीको विषय बनाइएको छ । त्यसले समेट्न खोजिएको छ । हाम्रो कति हो, हाम्रो राजश्वको स्थिति त्यो कुरा पनि आएको छैन । कुल ग्राहर्स्थ उत्पादनको हामीले के लक्ष्य राखेका छौं, त्यसको पनि आएको छैन, त्यसको फिचर पनि प्रस्तुत गरिएको छैन । र त्यो कुरा यहाँ आउन जरूरी छ जस्तो लाग्छ । यो नीतिगत कुरामा मैले राख्न चाहे जहाँसम्म, अब यहिसँग १६ नम्बर बुँदामा, एउटा बुँदा यहाँ लेखिएको छ । प्रदेशको कार्यक्रम सञ्चालन गर्न, संस्थागत संरचना स्थापना गरी कार्यान्वयन गर्ने भनिएको छ, त्यो बुँदा प्रष्ट भएन । प्रदेशको कार्यक्रम सञ्चालन गर्न भनेर के कार्यक्रम

सञ्चालन गर्न भन्ने कुरा आएन, त्यसकारण त्यो अलि खुलाउन जरूरी छ । संरचनागत संरचना भनेको के हो, त्यो अलिकति १६ नम्बर बुँदामा यही तल व्याख्या गरिएको छ । यो कुरा यहाँहरूलाई निवेदन गरे जहाँसम्म यो प्राथमिकताको विषयहरू छ । यो पनि अलिकति अब मेहेनत त गरेरै आएको छ । त्यसमा धन्यवाद नदिइ रहन सकिदैन तर प्राथमिकताको कुरा गर्दा खेरि, हाम्रो मुख्य प्राथमिकता के हो भन्दा जहाँसम्म मलाई लाग्छ, विश्वभरी को विकासको स्थितिलाई हामीले हेर्दा, सडक सञ्जाल नै मुख्य प्राथमिकता विषय हो । किनकी त्यसले नै एउटा बर्ल्डलाई जोड्छ र सबै ठाउँमा एउटा सहजता प्रदान गर्दछ । त्यसकारण सडक सञ्जाललाई मुख्य विषय बनाएर यहाँ कार्यक्रमहरू प्रस्तुत गर्नुपर्यो र त्यो सँगसँगै अहिले सूचना प्रविधिको कुरा अथवा उर्जाको कुरा त्यसलाई उर्जासँगसँगै जोड्न सकिन्छ । अथवा हाम्रो डिजिटल प्रदेश तपसिलका जो-जो कुरा छन् किनकी उर्जा नभइकन सूचना प्रविधि अथवा कुनै पनि कुराहरू अगाडि बढ्न सक्दैन । यो विद्युत्का कुराहरू, अरू सेवा सुविधाका कुरा त छदैछन् । त्यसकारण विधुतीकरणलाई, उर्जालाई मुख्य विषय बनाएर जानुपर्छ । त्यसपछि भनेको यो पर्यटनका कुराहरू धेरै हामीले कुरा त गरिराख्या छौं । त्यसको लागि संरचना चाहिँन्छ, रकम चाहिँन्छ, अहिले तत्कालै हामीले त्यो खालको एउटा पर्यटकीय वातावरण बनाउन सक्ने स्थिति हुँदैन । जडीबूटीलाई हामीले गर्न सक्छौं । मैले सामान्य यो टिपोटको बजेट, बजेटको अवस्थालाई हेर्दा यो यार्सागुम्बा भन्ने हुन्छ । झण्डै उनिहरूको धेरै ठूलो रकम त्योबाट रिकभर गर्दो रहेछ । अहिले अन्तर्राष्ट्रिय मार्केटमा यार्सागुम्बा मात्रै किलोमा ५० लाख, त्यसको रहेछ । त्यसलाई त हामीले तत्काल एउटा पोलिसी ल्याएर व्यवस्थित गर्न सक्छौं नी । यस्ता थुप्रै चाहिँ अब जडीबूटी छन्, हामीसँग त्यसकारण यो कुरालाई जो तत्काल थोरै मेहेनतले गर्न सक्ने कुराहरू छ । प्रवद्धन गर्न सक्छौं, त्यसलाई व्यवस्थित गर्नतर्फ, यो प्राथमिकता राख्नु पर्यो, मैले यो सुझाव दिन चाहन्छु । र अब अर्को कुरा यो यहाँ ३४ नम्बर बुँदामा कम्यूनिटी फार्मिङ भनिएको छ, त्यो त्यति स्पष्ट शब्द भएन । हामीले, संविधानले समाजवाद लेखेकाले, समाजवाद कस्तो भन्ने पनि छ । कांग्रेसको समाजवाद कम्यूनिष्टको समाजवाद, राप्रपाको समाजवाद अरू चाहिँ संघसंस्थाको समाजवाद, थुप्रै समाजवादको व्याख्या छन् । त्यसले गर्दा यो समाजवादको स्प्रिट भनेको २/३ वटा कुराहरू हुन्छ । एउटा राज्यका सामरिक र सार्वजनिक क्षेत्रहरू जस्तै बाटो घाटो, विद्यूत, स्वास्थ्य, शिक्षालगायतका विषयहरूलाई यस सरकारले चाहिँ नियन्त्रण गर्छ अथवा सरकारले आम जनतालाई दुईवटा सरोकारको विषय भएर डेलिभरी गर्छ । त्यो हामीले देख्छौं अहिले पूँजीवादी देशहरू, विकसित देश भन्नेहरमा पनि त्यो प्रयोग भएको छ । अहिले स्विजरल्याण्डदेखि स्वरूप हामीले कम्यूनको व्यवस्था भएको छ । हजारौं कम्यूनहरू त्यसलाई कलस्टर वाइज यहाँ चाहिँ संविधानले पनि लेखेको छ । विशेष क्षेत्र, स्वायत क्षेत्र, त्यो वडा स्तरमा, त्यो तल टोल स्तरमा, पनि गर्ने भन्ने हो । संविधानको आसय मेलै बुझेअनुसार यो कुरा अलिकति

संविधानको स्प्रिट अनुकूल, यो प्रस्तुत भएको मलाई लाग्दैन । त्यसकारण यो किसिमले अलिकति कम्यूनहरूलाई उपस्थित गर्दा कलस्टर पनि त्यसमा आउँछ र त्यसको विकासदेखि सबै कुराहरू शिक्षा, स्वास्थ्य सबै चाहिँ कुराहरू त्यसमा समेटिएर आउँछ । यो कुरा चाहिँ यहाँ उल्लेख गर्न जरूरी हुन्छ । र अर्को कुरा यो सँगसँगै अलिकति दलालहरूलाई, तस्करहरूलाई कसरीमाथि ल्याउने, कसरी चाहिँ त्यो बाढी पीडितकै कुरा होला बेघरबार भएका कुरालाई होला या माग्दै हिड्ने, के यो बेवारिसे लावारिस मानिस होलान्, त्यसको लागि पनि यो गणतान्त्रिक सरकारले प्रत्याकालिन हुने गरी यो कुराहरू उल्लेख गर्न जरूरी हुन्छ । त्यसकारण यो कुरालाई समेटियो भने अरू वस्तुवादी होला र मैले अन्तिम तिर अब यहाँ थुप्रै विषय आइरहेको छ । मुख्य कुरा कार्यान्वयनको विषयमा हामीलाई अहिले पनि डाउट छ । मलाई के लाग्छ भने, त्यो एउटा अस्ति पनि व्याख्या गर्द एउटा सुनको डल्लो भन्याथ्यो । धनको डल्लो त्यो झण्डै १ अर्ब सम्थिङ्ग यहाँ प्रस्तुत गरियो । झण्डै २५ करोड धनको डल्लो, त्यहाँ बच्चो भन्दा खेरि यहाँ विभिन्न कोणबाट चाहिँ विषय पनि आएको थियो । त्यो धनको डल्लोले अलिअलि मन्त्री मण्डल नै चाहिँ तपाईको पूर्ण बस्ने स्थिति पनि भएन भन्ने मैले सुनेको छु । त्यो धनको डल्लो नफल्या हुनाले त्यो त्यतै तिर जाने हो भन्ने हिसाबले, यावत कुरालाई लिएर त्यो मन्त्री मण्डल नै केही मन्त्रीले चाहिँ गर्नुपर्ने, गर्नुपर्छ भन्ने खालको त्यहाँ भयो रे । संरचनाको कुरा त छँदैछ, त्यसकारण मुख्य कुरा अन्त्यमा त्यो धनको डल्लो हो कि संरचनाको कारणले हो, त्यो पनि स्पष्ट गर्नुपर्यो । दोस्रो स्पष्ट के चाहियो भने अहिले त्यो एकदम २१ औं शताब्दीको जमानामा भएको हुनाले गाली गर्नुपर्ने, मुख बिगार्नु पर्ने कुरा केही छैन, मैले त एकदम धन्यवाद दिएको छु । जे होस् तपाईहरूलाई अझै जागर लागोस् तर त्यो जागर केमा नलागोस् भने, जति मेहेनत गर्नुभयो त्यसको लागि धन्यवाद छ । तर अब यो आउँदो बजेटहरू, आउँदो कार्यक्रमहरू, कार्यान्वयन हुन्छ कि हुँदैन, कुन चाहिँ मन्त्रीले हो यहाँ बाट बोल्नु पर्ने, मुख्यमन्त्रीज्यूले हो कि, त्यस पछि अर्थमन्त्री या चाहिँ मुख्यमन्त्रीले वा अरू मन्त्रीले हो या प्रतिवद्धता नभइकन, यो त अब युनिभरसिटी भइसक्यो । मैले एक दिन भन्या पनि थिएँ, लास्टमा छलफल गर्यो गर्यो, बहस गर्यो, यो त सर्टिफिकेट पाइएला जस्तो पो छ त, यहाँ बाट कार्यान्वयन गर्ने संसदको भलो हो भने त जनतालाई डेलिभरी गर्ने हो, सेवा सुविधा दिने हो । त्यसकारण कि युभिरसिटी भन्न पर्यो, कि जनताको भलो हो भने अब हुन्छ ल १/२/३ हुन्छ, यो कारणले हुन्छ भनेर यहाँ विश्वस्त त चाहियो नी । नत्र यहाँ स्थित केदेखियो भने, अब यो मुद्दाको विषय, अदालतको विषय पनि बन्ने भयो, के गयौं, यति लाख, यता बाटा, उता बाटा भनेर सारा गञ्जागोल बनाएर, एक डेढ महिना चाहिँ गयौं । न जनताले चाहिँ सेवा सुविधा पायो, न हामीले त्यसको उपलब्धि पायौं । यो जनतामाथि र संसदमाथि घोर अपमान र यो वेवास्ता हो कि होइन, यसको बारेमा मुद्दा लाग्छ कि लाग्दैन, यस्तो विषयका मुद्दामा केही छ कि छैन, सभामुख महोदय । यो बनाउनु पर्ने भो नी त, मन्त्री

अर्को पनि होला, यो त व्यवस्थामा भैरहने कुरा हो । एउटालाई लगाम लाउने कि नलाउने, जे गर्दिए पनि यहाँ प्रस्तुत गर्दिने, फाल्दिने, हिड्दिने अनि आफ्नो जागिर चाहिँ चलिराखोस् । यो तरिकाले मैले कुनै व्यक्तिगत टिकाटिप्पणी भन्दा पनि यो संस्कार के बसाल्ने भन्ने गम्भीर चाहिँ तपाईको अवस्था देखा पर्यो । त्यो किसिमले चाहिँ यसलाई तदनुकुलताका साथ एउटा प्रतिवद्धता हामीलाई चाहियो । यो कुरा मैले यहाँहरूसँग राख्दै मैले आफ्नो भनाई यही अन्त्य गरे, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दान सिंह परियार ।

**माननीय श्री दानसिंह परियारः-** माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७५ मा समावेश गरिने सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको बारेमा आज हामी छलफल गरी राखेका छौं । प्रथम त आज ऐतिहासिक दिन गणतन्त्रको चाहिँ ११ औं स्थापना दिवसको दिन मैले यो गरिमामय सदनमा बोल्ने जुन अवसर पाउँदा मलाई आफै गौरवान्वित महसुस गरेको छु । र आज मैले सुने, बिहान मात्रै गणतन्त्र दिवस मनाइयो भन्ने सुनियो तर मैले मेरो अन्त्य यथार्थदेखि मलाई नितान्त दुःख लाग्यो । किनभने गणतन्त्रलाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने सन्दर्भमा फेरि यो र त्यो नाममा गणतन्त्र प्रति मान्छेको बुझाइलाई निरूत्साहित गर्ने षडयन्त्र अगाडि बढि राखेको छ । अहिलेसम्म करिब ११ वर्ष भयो, अब सांसदले मात्र थाहा नपाउने परिस्थिति निर्माण भयो ता कि जनता बाट जनमत ल्याएर गणतन्त्र प्राप्तिको लागि चाहिँ बलिदान गरेको व्यक्तिहरूलेसम्म सूचना नपाउने दिनसम्म हामी पुग्यौं, अबको १० वर्ष पछि मन्त्रीले पनि गणतन्त्र दिवस कुन दिन हो थाहा नपाउने परिस्थिति निर्माण हुँदैछ । ता कि मलाई लाग्छ गणतन्त्र प्राप्ति गर्नको निमित्त हामी आफै पनि जेल गयौं, कयौं लठ्ठिहरू खाइयो, यो देशमा लाखौं शहिदहरू रगत बगाएर र त्यसको यो र त्यो नाममा चाहिँ फेरि गणतन्त्रलाई एउटा NGO को कार्यक्रमलाई चाहिँ महोत्सवको रूपमा मनाउने, एउटा कुनै सरकारी कार्यालयबाट सानो, सामान्य कार्यक्रमलाई चाहिँ महोत्सवको रूपमा लाने र आम जनताको रगत र पसिनाबाट प्राप्त गणतन्त्रलाई हेर्ने दृष्टिकोण प्रति चाहिँ मेरो घोर आपत्ती छ । किनभने गणतन्त्र त्यतिकै आएको होइन, आज हामी यो स्टेजमा आउनको निमित्त जनताको सार्वभौम विचारलाई सदनमा प्रस्तुत गर्ने ठाउँमा आउँदा पनि हामीलाई अफ्ठ्यारो लागिरहेको छ । यो गणतन्त्रको उपलब्धि हो । जनताको रगत र पसिनाको उपलब्धि हो र आज हामी सदनमा जसरी जनताको निजी, जनताको सरकार सत्ताको अभ्यास गर्ने ठाउँमा हामी आइ रहँदा फेरि एक पटक चाहिँ Question चाहिँ उठ्ने परिस्थिति निर्माण भइ राख्या छ । यसमा मेरो आपत्ती छ भन्ने कुरा म राख्न चाहन्छु । कमरेड हाचविनले भन्नु भएको छ । रगतको मुल्य रगतले तिर्नु पर्छ, जति ढिला गयौं, साहु भन्दा ब्याज बढि हुन आउछ । हामीले धेरै शहिदहरूको रगतको अपव्याख्या गर्ने परिस्थितिमा हामी अगाडि बढि राख्या छौं । र ती १७ हजार रगतमा संघर्ष गरेका मान्छेहरू यो क्षेत्रका प्रमुख, मुख्यमन्त्री भैरहँदा पनि शहिदको सपना प्रति यहाँ चासो

देखाएको देखिँदैन । १९ दिने जनआन्दोलनमा २४ जनाले रगत बगाए र ८ हजार, १० हजार जना अहिले पनि अपाङ्ग छन् । कयौं चाहिँ दृष्टिविहीन छन् । कसैको चाहिँ हात खुट्टाहरू छैनन् । त्यसो भएकाले मलाई लाग्छ, गणतन्त्र दिवस सहज ढङ्गले प्राप्त भएको हो भन्ने कुरा राज्यले नसोच्न अब सरकारको नीति कार्यक्रममा चाहिँ त्यसलाई प्राथमिकता राख्नुपर्छ, जस्तो मलाई लाग्छ । मलाई लाग्छ, यहाँ माननीय अर्थमन्त्रीले धेरै दुःख गरेर ल्याउनु भएको छ । म त कता बाट सुरू गरौं अन्योलमा छु, धेरै कुराहरू आइसक्यो, एकातिर सबै कुरा आए जस्तो पनि हुने, अर्को तिर कता कता केही नमिले र छुटे जस्तो पनि लाग्छ । मलाई किनभने केही प्राप्ति भएर गुर्भ जस्तो के-के धेरै पाई हालियो, पढ्दा त सबै पाई हालिन्छ जस्तो पनि देखिन्छ । शिक्षा पनि त्यही कुरा समेटिएको छ, स्वास्थ्यको त्यही कुरा समेटिएकै छ । पर्यटनका केही कुरा समेटिएका छन् र कता कता केही गुमाए जस्तो फेरि यसको सुरूवात कहाँबाट गर्ने फेरि अन्योल के हामीले परिकल्पना गरेका छौं । अर्गानिक प्रदेश हामीले परिकल्पना गरेका छौं, डिजिटल प्रदेश हामीले परिकल्पना गरेका छौं, तपाईको चाहिँ वैज्ञानिक शिक्षा हामीले परिकल्पना गरेका छौं, आधारभूत स्वास्थ्ययुक्त राज्य, यसको सुरूवाती कहाँबाट हुने हो । Question यो छ, मलाई लाग्छ, अहिले ४ महिनाभित्र हामी सदनमा प्रतिनिधित्व गरी रहँदा जनतालाई अब गएर के उत्तर दिने हो । मलाई सबैभन्दा त्यो चिन्ता लागि राखेको छ । अहिले कयौं बेरोजगार युवाहरू अहिले पनि सडकमा तड्पी राखेका छन्, खाडी मुलुकमा रगत बगाई राखेका छन् तर हाम्रो केही पनि चित्त दुख्दैन, मैले भन्छु, नेपाल विश्वमा तीन वटा कुराले चिनिन्छ भन्थे । मैले त्यसमा २ वटा कुरा थपेको छु । नेपाल विश्वमा पहिलो के भनेर चिनिन्छ । सगरमाथाको देश नेपाल भनेर विश्वमा चिनिन्छ अर्को विश्वमा नेपाल के भनेर चिनिन्छ बिर गोर्खालीहरूको देश भनेर चिनिन्छ । अर्को नेपाल विश्वमा के भनेर चिनिन्छ गौतम बुद्धको देश भनेर चिनिन्छ । त्यसमा मैले दुईवटा कुरा थपेको छु सभामुख महोदय, अर्को नेपाल विश्वमा के भनेर चिनिएको छ भने, भ्रष्टाचारीहरूको देशमा विश्वको एक नम्बरको सुचीमा नेपाल छ भनेर अहिले विश्व बजारमा कुरा चलि राख्या छ र अहिले पाचौं कुरा के भनेर नेपाल आज विश्वमा चिनिएको छ भने मान्छेले मान्छे नहुनेहरूको देश त्यो कहाँ छ भने नेपाल हो । यी ५ वटा कुराले विश्व बजारमा नेपाल चिनिराख्या छ । कुन-कुन कुरालाई प्राथमिकता दिने र कुन कुन कुरालाई निरूत्साहित गर्ने भन्ने कुरा नीति कार्यक्रममा म भेटदिन किनभने दलितको कुरा दलितले मात्र उठाउनु पर्ने । यो सामन्तवादी चिन्तनबाट राज्य व्यवस्था अगाडि बढि राख्या छ । महिलाको कुरा एकजना पुरुषले कहिल्यै उठाउन मान्दैन । मैले कयौं चोटिदेखि राख्या छु, हामीले वर्गीय राजनीतिको कुरा गरिराख्या छौं । समाजवाद उन्मुख अर्थ व्यवस्थाको कुरा गरी राख्या छौं । न हामीले निजीलाई प्रोत्साहन गर्न सकिरहेका छौं । न हामीले राज्यलाई आफ्नो गतिविधिमा मुक्तिका कुराहरू अगाडि बढाइ रहँदा पछाडि परेका वर्ग समुदायको चाहिँ मूलप्रवाहीकरणको कुरा कहिँ कतै आउदैन के हो,

त्यसको ठोस योजना के हो । अहिले पनि पछाडि परेका मान्छेहरूले चाहिँ राज्य छ भन्ने आवास गर्ने ठाउँ कहा हो, त्यो मैलेदेखि राख्या छैन । त्यसो भएकाले आगामी बन्ने, अब आउने पूर्ण बजेट भो त अस्ति २/३ महिनाको हामीले एउटा नाटक मञ्चन त गरी सक्यौं । अब आउने असार पछिको पूर्ण बजेट, आज जनताले जसरी हामीले सदनमा बोली राख्या छौं कि प्रत्येक कर्णाली प्रदेशका जनता चाहिँ, तपाईको १० वटै जिल्लाका जनताले हामीलाई सोधी राख्या छन् कि आज हामीले के गयौं, यसको उपलब्धि के हो ? ४ महिना हामीले कसरी सभ्य भएर व्यक्त गयौं । त्यसो भएकोले हामीसँग नीतिगत अस्वस्थ छ भने नीति बनाउने कुरामा हामी चुकी राख्या छौं । हामीसँग संस्थागत संरचना बनाउने कुरामा हामी बकाइदा हाम्रो अहिलेको चाहिँ नेपालको संविधानमा प्रदेशसभाले आफ्नै किसिमको संरचना नीति बनाएर अगाडि बढ्ने छ भन्ने कुरा कानूनमा प्रष्ट हुँदाहुँदै हामी किन संरचना बनाइरहन सकेका छैनौं । अर्को कुरा अहिले पनि केन्द्रले जसरी जनसंख्याको आधारमा चाहिँ बजेट निनियोजन गर्दैछ यो प्रदेश सरकार र प्रदेशको सांसदले अहिले यो गरिमामय सदनबाट के निर्णय गराउन चाहन्छु भने यदि जनसंख्याको नाममा बजेट विनियोजन गरिन्छ भने यसमा हाम्रो कर्णाली प्रदेशको घोर आपती छ । त्यसो भएकोले आज जहाँ जनसंख्या कम हुन्छ भन्दैमा हिजो जनसंख्या कम भएकै कारणले गर्दा पछाडि परियो, भूगोल टाढा भएकै कारणले गर्दा केन्द्रिकृत शासन व्यवस्थाबाट हामी पछाडि पर्यौं तर अहिले सार्वभौम निकायमा, सार्वभौम राज्यसत्ता सञ्चालन गर्ने ठाउँमा हामी पुगी रहँदा पनि फेरि कर्णाली भोक, अशिक्षा, गरिबी र उत्पडिनको नाममा चिनिने कर्णालीलाई नयाँ आभासको रूपमा अगाडि बढाउने यो महान अभियान र महान योजना चाहिँ मलाई लाग्छ, अझै बहसहरू वृहत होस् । यो नीति जसरी हामीले प्रारम्भिक रूपमा चाहिँ, जनताको चाहिँ जीवनस्तर र आम जनताको समृद्धिको परिकल्पना गरीराख्या छौं, त्यो परिकल्पना यो नीतिले सम्वोध गर्न सक्छ कि सक्दैन भन्ने कुरा चुनौतीको रूपमा रहेको छ । मलाई लाग्छ, आगामी बन्ने नीति र कार्यक्रम ठोस रूपमा साँच्चिकै गरिबहरूले, साँच्चिकै बेरोजगारहरूले, साँच्चिकै पछाडि परेका वर्ग समुदायहरूले चाहिँ एक पटक प्रदेश सरकार हाम्रो हो भन्ने बेला बल्ल मात्र हामीले रगत बगाएर प्राप्त गरेका संघीयता, हामीले रगत बगाएर प्राप्त भएको गणतन्त्र, हामीले रगत बगाएर प्राप्त गरेको समावेशिता प्राप्त गयौं भन्ने आधार चाहिँ यो प्रदेश सरकारले निर्माण गरोस् र मलाई लाग्छ यो जसरी दुःख गरेर तपाईको चाहिँ सदनमा आएको छ यसले धेरै कुराहरू समेट्न खोजि रहेको छ । वास्तवमा गरिबी, निमुखा र पछाडि परेका मान्छेहरूले चाहिँ आभास गर्ने ठोस् नीति कार्यक्रममा आगामी पूर्ण बजेट र नीतिले चाहिँ सम्वोधन गरोस्, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दीनवन्धु श्रेष्ठ ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** सभामुख महोदय, सर्वप्रथम आज गणतन्त्र दिवस मनाई रहँदा, गणतन्त्र प्राप्तिको लागि आफूलाई आहुती गर्ने अज्ञात शहिदप्रति म हार्दिक

श्रदाञ्जली व्यक्त गर्न चाहन्छु । आज हामीहरू विनियोजन विधेयक, २०७५ मा समावेश गरिने शिद्धान्त उद्देश्य र प्राथमिकतामा हामी छलफल गरिरहेका छौं । पूर्ववक्ता माननीयज्यूहरूले धेरै कुराहरू राखी सक्नु भयो । मलाई लाग्दछ, कर्णाली प्रदेशका आफ्नै समस्याहरू छन् र अहिले ०७५/०७६ को बजेट पनि संघ, केन्द्र सरकारले तोकेको रकममा सीमित रहेर, हामीले सायद बजेट ल्याउनु पर्ने परिस्थिति छ । मलाई लाग्दछ, हामी विगतमा बोल्दै गरेका छौं । सभामुख महोदय हामीसँग स्रोत साधन प्रशस्त छ तर हामीसँग स्रोत छैन भन्ने अब समय आएको । अब पछि बन्ने अर्को आर्थिक वर्षमा बन्ने बजेटमा पनि कर्णाली प्रदेशले आफ्नै स्रोत साधनलाई अहिलेको बजेटबाट बढि भन्दा बढि परिचालन गरेर एउटा आर्थिक स्रोत, आन्तरिक स्रोत, कर्णाली प्रदेशले नै बढि भन्दा बढि, त्यसलाई कसरी हामी गर्न सक्छौं । त्यो स्रोतलाई परिचालन गरेर, त्यसैबाट हामीले हाम्रा विकास निर्माणमा अगाडि बढाउन, सरकारको र जिम्मेवार निकायहरू सबैको इच्छाशक्ति हुनुपर्यो खाली हामीले त्यहाँ साधन स्रोतमा मात्र धनी भनेर हुँदैन, कार्यान्वयन पक्षमा पनि हामी त्यसरी लाग्न जरूरी मैले ठानेको छु । हो हामीसँग चुनौती प्रशस्त छन् । अन्य प्रदेश भन्दा तर सम्भावना र अवसर पनि धेरै छन् । त्यसलाई पहिचान गरेर अगाडि बढ्यौं भने मलाई लाग्दछ, छोटो समयमा हामी अन्य प्रदेशसरह एउटा आर्थिक स्रोतमा पनि दह्रो र गतिलो तरिकाले आत्मनिर्भर हुन्छौ भन्ने मलाई लाग्दछ । तर त्यसका कार्यान्वयन पक्षमा बसेका सबै व्यक्तित्वमा आफ्नो एउटा सबै भन्दा पहिला त म के भन्छु भने, इमान्दारीता हुनु पर्यो, असम्भव भन्ने केही छैन । हामीले एउटा सङ्कल्प गयौं भने त्यो लक्ष्यमा पक्कै पुग्दैछौं र कर्णाली प्रदेशका जनताले यो राज्य संघीयतामा गयो, संघ प्रदेश र स्थानीय निकायका तीनतहमा अब आउने बजेट, कर्णाली प्रदेश, कर्णालीका जनताका पक्षमा विकास निर्माणका कुराहरू हुन् । कर्णालीका क्षेत्रमा कसरी ल्याउछ भनेर एउटा ठूलो अपेक्षा राखेको परिस्थिति छ, हो जनताले चाहेको कर्णाली प्रदेशका गरिब जनताले चाहेको जस्तो अपेक्षा गरे जस्तो बजेट आउन नसक्छ । तर अब आउने बजेट २०७५/०७६को बजेटले कमसेकम पनि कर्णाली प्रदेशका जनताका, सम्पूर्ण अपेक्षा पूरा नभए पनि, प्रत्यक्ष अनुभूति हुने किसिमले सम्वोधन हुने किसिमको बजेट आओस् भन्ने म सभामुख महोदयमार्फत् सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहन्छु । अब यहाँ निर धेरै लामो भाषण गर्दा तलमाथि पर्छ कि भनेर मैले केही सुझावहरू ०७५/०७६ को बजेटमा समावेश गर्नलाई मैले सुझावहरू लेखेर ल्याएको छु, सभामुख महोदय म राख्न चाहन्छु ।

मानव संसाधन विकासलाई केन्द्र विन्दुमा राखी, शिक्षा, स्वास्थ्य, आयवृद्धि जस्ता आधारभूत तत्वहरू र समावेशी अवधारणामा आधारित विकास हुनुपर्छ । आर्थिक क्रियाकलापमा उत्पादनमुखी भन्दा उपभोगमुखी प्रवृत्ती हावी भैरहेकाले आर्थिक प्रगतिका लागि उद्यमशीलता विकास उत्पादनशील पूर्वाधार, लगानी र प्राविधिक जस्ता महत्वपूर्ण कुरामा ध्यान दिनु पर्दछ । आधुनीकरण प्रविधि प्रयोग गरि, फलफूल तरकारी

नगदेबाली, जडिबूटी तथा पशुजन्य उत्पादन, ओद्योगिक स्तरमा ल्याउनु पर्छ । उत्पादनलाई आधुनीकरण गरेर बाह्य बजारमा सशक्तसहित रोजगारी वृद्धि, आर्थिक लाभ लिने गरी प्राथमिकता तय गर्नु पर्दछ । यसमा सबैभन्दा बढि विद्युत् उत्पादन हुन सक्ने कर्णाली र यसका सहायक नदी प्रवाह रहेकाले जल स्रोतको क्षेत्रमा सरकारी, निजी र वैदेशिक पूँजी तथा लगानीलाई आकर्षित गर्नु । जलस्रोत र जडीबूटीको संरक्षणका लागि वन जंगल अधिक संरक्षण र वातावरण मैत्री प्रणालीको प्रयोगलाई ध्यान दिनु पर्दछ । हाम्रा पुर्खाले विकास गरेको भाषा संस्कृति, नेपाली भाषा र खस जातिको उत्पति केन्द्रको सांस्कृतिक अध्ययन अनुसन्धानको लागि आन्तरिक तथा बाह्य सांस्कृतिक पर्यटकहरूको आर्कषित केन्द्र निर्माण गर्न सकिन्छ प्रदेश सरकार विकास उद्देश्य, विपन्न परिवारका आधारभूत आवश्यकताहरू जस्तै खाद्य सुरक्षा, लत्ता कपडा, सुरक्षित आवास, आधारभूत शिक्षा तथा खाद्य सुविधाको सुनिश्चित हुनु पर्दछ । सुरक्षा, विद्यालय, सडक, खानेपानी, विद्यूत तथा उर्जा उत्पादन र वितरण सञ्चारसहितको पूर्वाधारबाट स्थानीय परिवारको प्रत्यक्ष पहुँच र लाभान्वित हुनुपर्दछ । प्रदेश सरकारले स्थानीय सरकारमार्फत् किसान तथा विपन्न स्थानीय परिवारहरूले प्रत्यक्ष रूपमा लाभान्वित हुने गरी स्रोत प्रवाह गर्नुपर्दछ । माध्यामिक तथा उच्च शिक्षालाई रोजगारी सिर्जना तथा प्रदेशको आवश्यकता पूरा गर्ने गरी विकास गर्ने सुविधा हुनु पर्दछ र प्राविधिक शिक्षा प्रणालीलाई अगाडि ल्याउनु पर्दछ भन्ने लाग्दछ । अहिलेलाई म लामो कुरा नराखेर, म यही सुझाव आर्थिक वर्ष २०७५/०७६ को बजेटमा समोवेश गर्नलाई म यो सुझाव राख्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, माननीय सदस्यहरूले रोष्टमबाट आफ्ना भनाईहरू राख्ने क्रममा सुपारी चपाउँदै, सुर्ती च्याप्दै, आफ्नो पदीय मर्यादाको हेक्का नराखी सिङ्गो सभाको अपमान हुने गरी प्रस्तुत भएको सम्बन्धमा माननीय सदस्यले राख्नु भएको धारणा प्रति सदनको गम्भीर ध्यानाकर्षण भएको हुँदा सभा सञ्चालनमा रहेको समयमा मोबाइल प्रयोग नगर्न, आफ्ना भनाईहरू राखी सकेपछि सभाको अवधिभर सभाहलभित्र रहि रहन, पदीय मर्यादाको ख्याल राख्न तथा प्रदेशसभामा उठेका विषयहरूलाई गम्भीरतापूर्वक लिई सम्बन्धित विभागीय मन्त्रीलाई सरकारको तर्फबाट उपस्थित भइ जवाफ दिने व्यवस्थाका लागि विशेष रूलिङ्ग गर्दछु । माननीय सदस्यहरू विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य प्राथमिकता तथा नीतिहरूमा सुझाव दिने क्रम भोलि पनि जारी रहने व्यहोरा जानकारी गराउदै बाँकी माननीय सदस्यहरूलाई समय उपलब्ध गराउने छु ।

अब यो बैठक २०७५ साल जेष्ठ १६ गते बुधबार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-५
(२०७५ जेष्ठ १६ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको पाचौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेशसभाको प्रथम अधिवेशनको चौथो बैठकबाट पारित भएको प्रदेशसभाको नामाकरण र राजधानी तोक्नेसम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा माननीय सदस्यहरूले सभामा उठाउनु भएका थप जिज्ञासाहरूका सम्बन्धमा सरोकारवालाको धारणा सभासमक्ष राख्न प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नेरश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, नेपालको संविधान, २०७२ धारा २९५को उपधारा २बमोजिम प्रदेशको नामाकरण र धारा २८८को उपधारा २ बमोजिम राजधानी तोक्ने संवैधानिक व्यवस्थाअनुसार यस सम्मानित सदनले प्रदेशको नाम कर्णाली र राजधानी सुर्खेत तोकेर आफ्नो इतिहासको अभिभारा पूरा गरिसकेको छ। गरिमामय यस सदनको निर्ण यसलाई पूर्णता पूर्वक कार्यान्वयन गर्ने प्रदेश सरकार प्रतिवद्ध छ र कार्यान्वयन पनि गर्दै आइरहेको पनि छ । हिजो मात्र सार्वजनिक भएको संघीय सरकारको आ.व. २०७५/०७६को बजेट वक्तव्यमा अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश र स्थानीय तहको महलमा प्रदेशहरूलाई रकम विनियोजन गर्दा हाम्रो प्रदेशको नाम कर्णाली प्रदेश उल्लेख भइ रकम विनियोजन समेत भैसकेकोले सम्मानित सदनको निर्णय कार्यान्वयन भैसकेको बाँकी कार्यान्वयन हुन बाँकी रहेको निकायहरूमा सूचीत गरी शीघ्र कार्यान्वयन गारिने व्यहोरा सदनसमक्ष जानकारी गराउछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभासमक्ष छलफलका लागि प्रस्ताव गर्नुभएको विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथामिकता तथा प्रमुख नीतिहरूमा सुझावसहित आफ्ना धारणा राख्नको लागि समय दिन्छु ।

सर्वप्रथम माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७५ मा समावेश गरिने सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूका बारेमा केही सुझाव दिन त्यसमाथि छलफल र टिप्पणी गर्न म उपस्थित छु। सबैभन्दा पहिले माननीय आर्थिक मामिला मन्त्री प्रकाश ज्वालाज्यूलाई यो दस्तवेज सम्मानित सदनमा प्रस्तुत गर्नुभएको र बजेटका सिद्धान्त, उद्देश्य र प्राथमिकतासहित प्रमुख नीतिहरू समावेश गरेर दस्तावेज प्रस्तुत गर्नुभएकोले म वहाँलाई धेरै बधाई ज्ञापन गर्न चाहन्छु। म २/३ वटा

चिन्ताहरू छन् सभामुख महोदय, प्रदेश प्रणाली कसरी चलाउने भन्ने हाम्रो एउटा मुख्य चिन्ता छ। म यो वक्तव्यमा भने त्यो साझा चिन्ता चाहिँ प्रस्तुत गर्छु । धेरै ठाउँमा प्रदेश कसरी चलाउने भन्ने मुख्य चिन्ता थियो । छलफल हामी हाउसमा छलफल गरिरहेका छौं, यसमा चाहिँ छलफलहरू गर्छौं। माननीयज्यूहरूले जति प्रश्नहरू उठाउने हो, हामी प्रदेश प्रणाली कसरी सफल गराउने भन्ने एउटा चिन्तासहित यहाँउपस्थित भएका छौं । समस्या हाम्रो कहाँ हो भने आजपनि हामीले गम्भीरतापूर्वक जति छलफल गर्दा पनि यसको मूल समस्या कहाँहो भने यो नयाँ प्रणाली भएको कारणले गर्दा मूल समस्या के हो भने यसको स्टक्चरल मेनेजमेन्टकै मूल समस्या हो । यसको संरचना बनाउने नै मूल समस्या हो । संरचना बनाउने पनि के हो भने कानूनी संरचना बनाउनु नै मूल समस्या हो । कहिँ कामहरू हामीले गरेको छौं, केही कामहरू गर्न, कार्यान्वयन गर्न, कानूनको समस्या छ । ती कानूनहरू नबनाउदासम्म यसको चाहिँ हामीले डेलिभरि गर्ने सक्दैनौ, त्यो त स्वभाविक हो, सरकारमा जो बस्दा पनि त्यो हुन्छ । माननीय अर्थमन्त्रीज्यूले यो प्रश्न सुरू गर्नुभयो, यसमा समेटिएका विषयहरू यति काम गर्नुभने त पुग्छ, यो कार्यकालभरी पुग्छन, यदि हामीले यी सबै कामहरू गर्न सक्यौं भने यो त ५ वर्षको कार्यकालभरी पुग्ने काम छ । यति गर्यौं भने त हाम्रा समस्या के छन् भने हामीले संयोगले अहिले बत्ती छ नत्र हामी लेयोफेन विना नै छलफल चलाइ रहन पर्छ । हाम्रा समस्या अरू नै छन् । मैले साथीहरूसँग कुरा गर्दै थिएँ । हामीले Digital प्रदेश ब्याट्रीबाट चलाउनु पर्ने हो कि समस्या छ । हाम्रा समस्या त त्यहाँछन् नी त, तिसमस्याहरू एक्लैले कसले हल गर्ने, सक्ने समस्या त होइन ती समस्या एक्लै त न मुख्यमन्त्रीले हल गर्न सक्ने समस्या हुन ती समस्या एक्लै अर्थमन्त्रीले हुन न त सांसदले हुन्, ती समस्या हामी सबैको सामुहिक शक्तिबाट एकाकार भएर ती समस्या चाहिँ हल गर्नुपर्छ । हामीले हिक्मत गर्नुपर्छ, आजको दिनमा मैलेदेखि रहेको के छैन भने, गरिबीबाटमाथि उठ्ने हामीले हिक्मत गर्नेकि नगर्ने, हामी सधैं आफूलाई गरिब प्रदेशको रूपमा चाहिँ बडो परिचय दिनुपर्छ । हामी भन्छौ गरिबीबाटमाथि उठ्ने हामीले प्रण गर्ने कि नगर्ने, हाम्रा देस्तावेजहरू गरिबीबाट यो प्रदेशलाईमाथि उठाउने बारेमा हामीले प्रण गर्यौं कि गरेनौ, त्यो इच्छा शक्ति, त्यो Power हामीमा छ कि छैन, मलाई बढि चिन्ता यसमा छ । सभामुख महोदय, नीति र कार्यक्रम यो जुन प्राथमिकताहरू छ, उद्देश्हरु छ, यो बडो सुन्दर छ, सुन्दरतम छ,मैले त प्रसंसा गर्नुपर्छ, मेरो यो भाग्य नै यस्तै छ । नीति कार्यक्रममा प्रसंशा गर्नुपर्छ, बजेटमा विरोध गर्नुपर्छ। अघिलो चोटि पनि मैले यो बजेटहरूमा बडो दृढतापूर्वक नीति कार्यक्रममा सर्मथन गरेको थिएँ । मैले अफठ्यारो मान्दा मान्दै पनि बजेटका कतिपय विषयहरूमा मैले विरोध गरेको थिएँ । म आज के भन्दै छु भने, यो नीति कार्यक्रमको योजनाप्राथमिकता छ, बजेटको जुन प्राथामिकता छ । सैद्धान्तिक रूपमा यसलाई म समर्थन गर्दछु । बजेटको जुन प्राथमिकता छ । तपाईंहरूले उठाउनु भएको यो चाहिने तिर बजेट तालमेल भएन भने म पूर्व जानकारी

गराउछु, त्यो भएन भने म चाहिँ बिरोध गर्दछु । किनभने यो संसद मैले भने जस्तै जनताका प्रश्नहरू मुखरित हुनुपर्छ । हामी जनताका प्रतिनिधिहरू जनताका प्रश्नहरू मुखरित गर्ने गरी यहाँ छौं । यस कारणले यसमा र त्यसमा तालमेल मिलेन भने त्यो बेला चाहिँ प्रश्नहरू स्वभाविक रूपमा उठ्छन तर अहिले केछ भनेर भन्नु हुन्छ भने अत्यन्त सुन्दर शब्दमा सभामुखज्यूले, केरे अर्थमन्त्रीज्यूले मेहनत पनि गर्नु भएको छ । सभामुख महोदय,११ बुँदे यसको उद्देश्यहरू छ । त्यो उद्देश्यको सुरूमै गरिबी न्यूनीकरण गर्ने छ। १६मा आर्थिक, सामाजिक असमानता न्यूनीकरण गरेर पूर्वधारको विकास गर्न, त्यसको प्राथमिकतामा छ । १७ मा सभामुख महोदय प्राथमिकताहरूमा ७ वटा विषयहरू छन् । पहिलो प्राथमिकता हामीले यसलाई सहज जलस्रोत, उर्जा खानेपानी, सिंचाइ र सूचना प्रविधि जस्ता कुराहरूलाई हामीले प्राथमिकतामा राख्या छौं। प्राथकिताको बारेमा र उद्देश्यको बारेमा चाहिँ थप आशंका गरिराख्नु पर्ने ठाउँ छैन सभामुख महोदय । त्यसकारण ले यसमा त बडो दृढतापूर्वकहामीले समर्थन गर्नुपर्छ तर केछभने हामीलाई हामी त्यति ल्याकत राख्छौ कि राख्दैनौ, हामी त्यति हैसियत राख्छौ कि राख्दैनौ, हामीमा त्यो गम्भीरता, हामीमा छ कि छैन । यो चाहिँ गम्भीर रूपमा हुनु हामीमा बढि जरूरी छ । अस्ति हामीले एउटा बजेट बनायौं, सभामुख महोदय धेरै ठाउँमा यसको चर्चा चल्छ। हाम्रो एप्रोज नै के छ भने बजेट खर्च कहिले गर्ने भन्छौ हामी छलफल गर्दा खेरि सभामुख महोदय । माननीयज्यूहरू अथवा मन्त्रीहरू हामीसँग हुने छलफलमा प्रश्नके उठछ भने बजेट खर्च कहिले गर्ने भन्छौं । हामी बजेट विकास निर्माण कहिले गर्ने भन्दैनौ तर यो एप्रोज फरक छ । भन्या खर्च गर्न जसरी पनि टुङ्ग्याउ भन्ने खालको मान्यता छ नी यो बजेटहरू पनि बनाएर हामी भोलि खर्च गर्ने हो कि त भन्ने पनि खर्च गर्ने एप्रोज भन्दा पनि हामीले चाहिँ विकास गर्ने एप्रोजबाट हामी जानु पर्यो । विकास गर्ने एप्रोजको लागि म, हामी सबैलाई गम्भीर हुन, गम्भीर बनाउन र आफू पनि गम्भीर हुने कुरामा चाहिँ नेतृत्व गर्न चाहन्छु । २/३ वटा कुराहरूमा मैले अघि भनेको विषयमा एउटा जोडदार विषय के भने गरिब प्रदेश छ कसरीमाथि उठ्ने, संघीयताको मोडेल बनाउदा सबै ठाउँको यही समस्या हो । सभामुख महोदय, भारतको नजिक छिमेकी भारतको उदारण छ, हिमाञ्चल प्रदेशमात हाम्रो धेरै नेपाली गएर चाहिँ हिमाञ्चलमा बसेका छन्, त्यो हिमाञ्चाल प्रदेशमा डाक्टर यसोन्त सिंह पर्वर त्यहाँको मुख्यमन्त्री थिएँ । एउटा बायोग्राफी छ, माननीयज्यूहरूलाई पढनु भयो भने कहिल्यै काम लाग्छ । सिंह पर्वरको बायोग्राफी छ। उहाँले बढि गरिब प्रदेशहरू कसरी सम्पन्न बन्न सक्छन भन्ने बारेमा एउटा दृष्टिकोण छ। यसवन्तसिंह पर्वरको हेर्यो भने, त्यो उहाँ मुख्यमन्त्री भएपछि करिब १९५१ देखि चाहिँ १९७७सम्म त्यहाँको मुख्यमन्त्री हुनुभयो, एउटा नेता कसरी काम गर्नुपर्छ भन्ने कुरा उहाँको त्यो बायोग्राफी हेर्यो भने थाहा हुन्छ। सभामुख महोदय, १९५१ बाट ७७ सम्म चाहिँ मुख्यमन्त्री कहिले काहिँ त्यो यूनियन टेरोटरी हुँदा त्यसको अध्यक्ष भएको डाक्टर यसवन्तसिंह पर्वर १९७७ मा सरकार

छोडेर जाँदा उहाँको खातामा ५ सय ३६ रूपैयाँ थियो र उहाँले सिम्लाबाट गाडी चढेर जानुभयो। सभामुख महोदय, एउटा राजनेताले त्यति हिम्मत गर्छ र प्रदेश बन्छ। २९० किलोमिटर मोटर बाटो रहेछ त्यहाँ मुख्यमन्त्री भएर आउँदा दिल्लीमा योजना आयोगले उहाँलाई बोलाएर तपाईंको प्रदेशका तीनवटा प्राथमिकता के हुन् भन्नुहोस् भन्दा उहाँले योजना आयोगमा गएर के भन्नु भएछ भने म तीनवटा प्राथमिकता भन्दैछु, रोड-रोड-रोड ३ वटा प्राथमिकता भनेको सडक हो ।सभामुख महोदय,उहाँले चाहिँ अहिले सिम्लामा चाहिँनजिकको प्रदेश हो नेपालीहरू धेरै गएर रोजगारी गर्छन्। त्यो सिम्लामा करिब ३० हजार किलो मिटर चाहिँ रोडले सिम्ला जोडिएको छ। उहाँ मुख्यमन्त्री हुँदा २ सय ५० किलो मिटर मोटरेबल रोड रहेछ। एउटा राजनेताले कति हिम्मत गर्नेरहेछ हामी त्यो हिम्मत गर्न प्रर्यास गर्छौं कि गर्दनौ ? हामीलाई प्रदेश बनाउने बारेमा हामी चाहिँ त्यो हिम्मत गर्छौं कि गर्देनौ ? यसवन्तसिंह पर्वरको बायोग्राफी मैले यो माननीयज्यूहरूलाई किन भन्छु भने उहाँले भन्नुभयो तपाईहरूसँग स्रोत साधन के छ भनेर मान्छेहरूले सोध्छन,हमारा हावा भी बिक्ति हे, पानी भी बिक्ति हे, हाम्रो हावा पनि विक्री हुन्छ, पानी पनि बिक्रीहुन्छ । अँह केही पनि थिएन, त्यो पहाडको ४ ओटा जिल्ला पछि पञ्जाब चाहिँ छुट्टियो, त्यसपछि त्यो हिल्सएरिया मिल्यो हाम्रो जस्तो ठ्याक्कैअवस्था थियोतर उनीहरूले आफनो हावा पानी विक्रिगर्न सक्ने अनि हामीले हावा पानी बिक्री गर्न सक्ने ल्याकतराख्छौ कि राखदैनौ ? हाम्रो अगाडिको चुनौती त्यो हो, त्यसकारणले मैले सुरूमा भनेको के हो भने हाम्रो नीति कार्यक्रम र सिद्धान्तहरूमा प्रदेशलाई गरिबीबाट मुक्त गराउने प्रण हामी गर्छौं कि गर्दैनौहामीले ? सभामुख महोदय सब भन्दा आजको बढि उत्तरदायीत्व प्रदेशसभामा हामीले गनुपर्ने दायित्व त्यो हो सभामुख महोदय, त्यसो हुँदाखेरि नीति कार्यक्रम यो जुन केरे बजेटका प्राथमिकताहरू यसका सिद्धान्तहरू जेविषयहरू समावेश भएको छ । यसमा असहमत हुनु पर्ने कुरै छैन । सभामुख महोदय, यसमा सहमत छु म एउटा संसदको रूपमा फेरि मैले यसमा दाहोर्याएर के भन्नुपर्छ भने यसको र बजेटको तालमेल हुने हो कि होइन । अब सिद्धान्तत अस्तिको त्यो बजेटचाहिँ कार्यान्वयन नभएपछि त्यो बजेट प्रदेश सञ्चित कोषमा फर्किने हो त्यसो हो भने सुर्खेत र जुम्ला केवलकार फेरिको बजेटमा आउँछ कि आउदैन ? त्यो पैसा चाहिँ संञ्चित कोषमा गयोभने हाम्रा अस्तिको प्राथमिकता र अहिलेको प्राथमिकता फरक पर्छ कि पर्दैन त्यसो हो भने मैले बढि सरकारसँग गरेको अपेक्षा अहिलेको फेजमा हामी चाहिँ आलोचना गर्न र टिप्पणी गर्न तयार छैनौं । सभामुख महोदय, म यहाँ किन छु भने नीति, कार्यक्रम, उद्देश्य, सिद्धान्त र प्राथमिकताहरूलाई म समर्थन गर्दछु । छोटो अवधिमा तयारी गर्नुभएको छतपाईहरूले तर कुरा के हो भने हामीसँग नभएको लिगल इस्टुमेन्ट नै हो । प्रदेश प्रहरी हामी बनाउन सक्दैनौ, प्रदेश योजना आयोग हामी बनाउन सक्थ्यौ तर हामी सँग के छ भने संघीय कानूनको मापदण्डका आधारहरूमा तयार हुनुपर्नेछ । संघीय कानूनमा मापदण्ड र आधारहरू तयार भएनन् भने हामीहरूले प्रदेश प्रहरी र प्रदेश योजना

आयोग बनाउन सक्दैनौ । यसको इम्प्लिमेन्टेसन हुन सक्दैन त्यसो हो भने हामी के गर्नुपर्यो भने मूल समस्या कहाँ छ त आज भन्यो भने सभामुख महोदय, मूल समस्यामाथि छ, प्रदेश प्रणालीको मूल समस्या तल छ कि, प्रदेशमा छ कि भन्यो भने प्रदेश प्रणालीको मूल समस्या संघीय कानूनमा छ । संघले कानून बनाएर यसलाई फ्यासिलेट गर्नुपर्ने कुरा छ । लोकसेवा आयोग, संघीय लोकसेवा आयोगसम्बन्धी ऐन बनाएर त्यसले आधार मापदण्ड तयार पार्दियो भने प्रदेशमा लोकसेवा आयोग बनाउन सक्छ । अधिकार त हामीलाई लोकसेवा आयोग बनाएर यहाँसचिव पनि नियूक्ति गर्न अधिकार छ त तर के गर्छौ भने संघीयकानून नबनेसम्म हाम्रा पनि हात खट्टा बाँधिएका छन् र सभामुख महोदय, हामीसँग पनि कानूनी समस्या छ । त्यसकारणले पहिल्यै के होला भने प्रदेशप्रणाली कुनै प्रदेशले बढि अधिकार क्षेत्र लिन सक्छ, कुनै प्रदेशले कम लिन सक्छ । सभामुख महोदय,तपाईंले बस्नु भयो भने आफ्नो ठाउँ कति आकार, कति ठाउँ ओगट्नु हुन्छ, त्यसमा भरपर्छ । सभामुख महोदय,हाम्रो सरकारको पर्फमेन्स कति हुन्छ, त्यसले गर्दा हाम्रो क्षेत्र चाहिँ त्यही संवैधानिक सीमाभित्र, त्यही कानूनी व्यवस्थाभित्र ,हाम्रो क्षेत्र बढि हुन सक्छ West Bangalको सरकार र गुजरातको सरकार चल्दा फरक हुन्छ त सभामुख महोदय ?त्यो सरकारलाई बढि अधिकार त होइन संविधान त्यही हो, कानूनी दायित्व त्यही हो, त्यही सीमाभित्र बसेर पनि हामीले यदि राम्रो गर्यो भने हाम्रो चाहिँ बढि,चाहिँ आकार ग्रहण गर्ने सक्छौ, त्यसो हुँदाखेरि मतलब सरकारलाई फैलाओटसहित बस्ने सरकारलाई बढि आकार ग्रहण गर्ने र आफ्ना कर्तव्यहरूमा, दायित्वहरूमा हाम्रो कमिटमेन्टहरूमा पनि कम्तीमा हामीले पहिले व्यक्त गरेका कमिटमेन्टहरूमा पूर्व निर्णयहरूमा बस्न, उभिन, त्यसमा टेक्न र ढृदतापूर्वक रहन उहाँहरूलाई हार्दिक आग्रह गर्दछु अपिल गर्छु। तपाईहरूलाई जरूरी पर्यो भने सिङ्गो हाउस छ, हामी यसमा छलफल गर्न तयार छौं तर फेरि पनि के हो भन्दा खेरि यसको र बजेटको तालमेल हुनुपर्छ सभामुख महोदय तालमेल भएन भने हामी प्रश्न उठाउँछौं । हामी प्रश्न उठाउने गरी यहाँ आउछौं, सभामुख महोदय । यति कुराहरू राखेर म सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा जुन सैद्धान्तिक मान्यताहरू छन्,यसको मोटामोटी प्राथमिकता र यसका उद्देश्यहरू अर्थपूर्ण छन् । यसको कार्यान्वयनका लागि हामीले फरदरप्रोसेस चाहिँ अगाडि बढाउनु पर्छ । म उहाँहरूलाई हार्दिक बधाई दिन्छु र मेरो यो सानो भनाई यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमा खड्का । यसपछि माननीय श्री बिन्दमान बिष्ट तयार रहनु होला ।

**माननीय श्री पदमा खड्काः-** आज दोस्रो अधिवेशनको पाँचौ बैठकमा विनियोजन विधेयक २०७५मा हामी छलफल गरिरहेका छौं । त्यो छलफलमा आर्थिक मामिला तथा योजना मन्त्रीले ल्याउनुभएको जुन विनियोजन विधेयक, २०७५ जसरी मन्त्रीले ल्याउनु भएको छ । यो असाध्यै महत्वपूर्णताका साथ उहाँले तयार गरेर छलफलमा ल्याउनु भएको

विधेयक धेरै विषय, जुन सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूलाई यहाँ समेटिएको छ । यो आफैंमा एकदमै महत्वपूर्ण छ,तर पनि यहाँको विषयवस्तुहरूलाई सुझाव र सल्लाह दिएर अझ यसलाई व्यवस्थित गर्नका लागि म यहाँउभिरहेको छु । सर्वप्रथम मैले यो विधेयकको बारेमा हामीले पहिलो अधिवेशनमा पनि कर्णाली प्रदेश सरकारले जसरी नीति तथा कार्यक्रम ल्याएर सर्वसम्मत रूपले यो गरिमामय सदनले पास गरेर र यो छोटो अवधिको जुन हामीले बजेट वक्तव्यलाई पास गर्यौं कार्यान्वयनको समस्याले गर्दा आज हामी कताकता अलमलिएको कता कता हाम्रो यो सरकारले लिनुपर्ने गतिलाई लिन नसकेको हो कि भन्ने हामी सदस्यहरूलाई जुन अनुभव भएको छ । यसकारणले गर्दा आज हामी संघीय सरकारको जुन बजेट वक्तव्य पनि हामीले हिजो मात्रा सुनिसकेको अवस्था छ । यस सँगसँगै कर्णाली प्रदेश सरकारले पनि अब ल्याउने बजेटमा पक्कैपनि एकदमै व्यवस्थित गरेर नीति तथा कार्यक्रमलाई धेरै संख्याको आधारमा होइन कार्यान्वयन गर्ने गरी र यो कर्णाली प्रदेशले ठूलो एउटा मेगाप्रोजेक्टको हिसाबले कार्यान्वयनमा लैजानका लागि त्यस्तो खालको बजेट ल्याउनलाई यो सिद्धान्त उद्देश्य र प्राथमिकताको प्रमुख नीतिहरूमा आज हामीले छलफल गरिरहेका छौं । यो छलफले महत्वपूर्ण नीति कार्यक्रम ल्याउने र सहयोग पुग्ने कुरामा हामी आशावादी रहेका छौं । सभामुख महोदय, आज हामी जुन ५४ बुँदामा ल्याइएका प्राथमिकता र प्रमुख नीतिहरू जसरी ल्याइएको छ, हामी भनिरहेका छौं । आज हामी गरिब प्रदेश कर्णाली प्रदेश भनेर हामी आफै उच्चारण गरिरहेका छौं तर आज हाम्रो प्रदेशको सबैभन्दा ठूलो समस्या भनेर गरिबी बेरोजगारी समस्या छ । धेरैभन्दा धेरै युवाहरू आज हामी यो प्रदेशलाई छोडेर छिमेकी राष्ट्रमा मजदुरी गर्न जान पर्ने समस्या छ । त्यस कारणले गर्दा हाम्रा आउने सिद्धान्त उद्देश्य र प्राथमिकतामा यो प्रदेशको रोजगारीलाई, यो प्रदेशको युवा शक्तिलाई हाम्रै प्रदेशमा रोक्ने खालको त्यस्तो खालका प्राथमिकतामा राख्न सकिएन भने असाध्यै, यो कर्णाली प्रदेशले छिटोभन्दा छिटो यो आफ्नो प्रदेशको चिनारीलाई अगाडि चिनाउने कुरामा मद्दत पुर्याउने छ भन्ने कुरा म यहाँराख्न चाहन्छु सभामुख महोदय । योगरिमामय सदनमा हामीहरू बोलिरहँदा र सल्लाह सुझावहरू दिइरहँदा हामीलाई लाग्छ, हामीले दिएका, सदस्यहरूले दिएका, सल्लाह सुझावहरू र यो कर्णाली प्रदेश सरकारले पनि गम्भीर रूपमा, सुझावका रूपमा अगाडि कार्यान्वयन भएर लैजाने कुरामा ध्यान जाने छ भन्ने कुरामा हामी विश्वस्त रहँदा रहदै पनि तर कतिपय विषयवस्तुहरू सुझावकै रूपमा मात्र समेटिने तर कार्यान्वयनको प्रक्रियामा अगाडि बढेको हामीले दखिरहेका छैनौं र आज यस सदनमा हामी बोलिरहँदा हाम्रा प्रमुख प्राथमिकता नीति र सिद्धान्तमा जुन यहाँ ल्याइएको छ । जल स्रोत उर्जा विभिन्न विषयहरू छन् तर आज हामी यो प्रदेशमा जलस्रोत उर्जालाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढ्न सक्यौं भने पक्कै पनि यो कर्णाली प्रदेशको विकासले पनि फड्को मार्ने कुरा छदैछ र सँगसँगै आज हामी कार्यान्वयनमा जाने बजेट कार्यान्वयन गर्ने संरचनाका कुराहरू किन कर्णाली प्रदेश सरकारले अगाडि

ल्याउन सकिरहेको छैन ? के कारणले आज अफ्ठ्यारो परिरहेको छ ?कानूनी प्रावधानहरूले ढिलाई भैरहेको छ भने हामी कानून बनाउन किन ढिलाई गरिरहेछौं ? संरचना बनाउने कुरामा किन ढिलाई गरिरहेका छौं? यो कुरा पनि म गरिमामय सदनमा राख्न चाहन्छु । आज हामीलाई काम गर्न विविध विषयहरूमा हामी सबै प्रदेश भन्दा हामीले अगाडि बढिरहेका छौं भन्ने कुरा हामी सदस्यहरूलाई हुँदाहुँदै पनि अझ हामी कार्यान्वयन गर्नतर्फ किन हाम्रो ध्यान जान सकेको छैन भन्ने कुरा आज गम्भीर प्रश्न उठेको छ । यसलाई पनि हाम्रो यो कर्णाली प्रदेश सरकारलाई मैले महत्वपूर्ण ध्यानाकर्षण गराउन चाहन्छु र यसमा धेरै कुराहरू समेटिएको छ। जहाँसम्मलाग्छ यो ५४ बुँदालाई कार्यान्वयनमा लग्नेगरी नीति तथा कार्यक्रमहरूमा व्यवस्थित रूपले आयो भने पक्कै पनि कर्णाली प्रदेशको बेजट पूर्ण आकारको आउने छ भन्ने हामीले विश्वास गरिरहेका छौं। यसमा थोरै मलाई सुझाव दिन मन लागेको असमानता भन्ने जुन विषय यहाँ समेटिको छ, बुँदा नम्बर ४को १६ मा यसमा हामीले झै पनि यो कर्णाली प्रदेशको भौगोलिक विविधताको कारणले गर्दा पनि समाजिक छुवाछुत र भेदभाव विरूद्धको जुन अभियानको रूपमा हामीले यसलाई एउटा नीति तथा प्राथमिकताका रूपमा राख्न पर्छ भन्ने मलाई लाग्छ र भाषा, साहित्य, कला र संस्कृति क्षेत्रको पनि हामीले यो क्षेत्रलाई कर्णाली प्रदेशको एउटा चिनारीको रूपमा महत्वपुवर्ण एउटा उद्देश्य प्राथामिकताका रूपमा राखिन पर्छ भन्ने मलाई लाग्दछ ।

अर्को हामीले गरेका कामलाई जनताका बीचमा, घर-घरमा, जनताका आगनमा पर्याउने र सबैले सूचनाको हकलाई प्रत्याभूति दिलाउनका लागि पनि सञ्चारमाध्यमहरू सञ्चारकर्मीहरूको सुरक्षित व्यवस्था र जनमुखी, विकासमैत्री तथा प्राविधिक युक्त बनाउनु पर्ने सूचनाको हकलाई गम्भीर ढङ्गले हामीले प्राथमिकतामा राखु पर्दछ । भौगोलिक कठिनाइले गर्दा आज हामीले कर्णाली प्रदेशमा के गरिरहेको छौं? आज कर्णाली प्रदेश सरकारले यो प्रदेशको लागि के विषय प्राथमिकताका साथ अगाडि बढाएको छ भन्ने कुरा आज आमनागरिकले सुन्नका लागि, आम नागरिकले बुझ्नको लागि पनि सूचनाको हकलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ ।

यस्तै गरी पेज नम्बर ७ को २८मा भनिएको छ आदिवासी जनजाती र यो प्रदेशमा ६२.२खस आर्यपनि छन्, खसआर्यभित्र पनि तपाईंहरूलाई थाहा छ अति विपन्न गरिब धेरै भन्दा धेरै छन् यसलाई पनि प्राथमिकताका साथ राख्न पर्छ भन्ने मलाई लाग्दछ । हामीले हाम्रो यो कर्णाली प्रदेशमा राष्ट्रिय र स्थानीय गैरसरकारी संघसंस्थाहरूको कार्यशैली सुधार तथा संरक्षण सम्वर्द्धन गर्ने कुरा र विकासमा साझेदारी गर्ने कुरामा पनि प्राथमिकता साथ अगाडि राखु पर्दछ भन्ने मेरो सुझाव राख्न चाहन्छु ।

सभामुख महोदय, अन्त्यमा यो गरिमामय सदनमा हामीले विभिन्न विषयहरूमा सुझाव सल्लाह उठाइ रहँदा, भनि रहँदा आज धेरै पटक यहाँ रोष्टममा आएर अगाडि बोलि रहँदा हामीले उठाएका विषयहरू कार्यन्वयनमा किन जादैनन् ?कर्णाली प्रदेशको सरकारले

त्यसलाई मूल प्रवाहको रूपमा लिएरअगाडि किन जादैन भन्ने कुरा हामीलाई कताकता गम्भीर रूपमा प्रश्न उठाउने जुन विषय बनेको छ । यसलाई असाध्यै गम्भीरतापूर्वक लिएर यो कर्णाली प्रदेशको सरकारले सदनमा उठेका विषयलाई एकदमै महत्वका साथ लिएर अगाडि बढ्ने कुरामा कार्यान्वयन गर्ने कुरामा पक्कै पनि ध्यान जाने छ भन्ने कुरा राख्दै मेरो भनाई यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय बिन्दमान बिष्ट ।

**माननीय श्री बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, हामी विनियोजन विधेयक, २०७५मा समावेश गरिने सिद्धान्त, उद्देश्य, प्राथमिकता, प्रमुख नीतिहरू माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले यहाँ प्रस्तुत गर्नुभएको छ, त्यसमाथि हामी छलफल गरिरहेका छौं । सर्वप्रथम मेहनतका साथ यो हाउसमा छलफलका लागि ल्याइएका आगामी विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू प्रस्तुत गर्ने माननीयमन्त्रीज्यूलाई म धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

दोस्रो कुरा यो सरसर्ती मैले अघिदेखि पछिसम्म पढ्दै जादा खेरि मेरो पहिलो टिप्पणी के छ भन्दा खेरि यो प्री-बजेटको नीतिहरू यहाँ प्रस्तुत गर्दा खेरि अलिकति नमिल्दो हुँदो रहेछ, मलाई अनुभूति यस्तो हुन गएको छ । नीतिहरू, यो बजेटको नीति हो कि नेपाल सरकारको नीति हो, यसमा अलिकति अलग हुँदो रहेछ । बजेटको नीति केहो भने नेपाल सरकारको नीतिहरूलाई यसले आधार मानेर अगाडि बढ्ने प्रतिबद्धता गरेको छ । नेपालमा प्रदेश सरकारको नीतिको रूपमा यसलाई उल्लेख गर्न खोजिएको हो भने यो अपूर्ण छ । यस कारणले गर्दा खेरि यद्यपी हाम्रो नियमावली सिद्धान्त र प्राथमिकतामाथि आधारित भएर प्री-बजेट ल्याउने भनिएको रहेछ । हामीले आर्थिक कार्यविधिमा फेरि हामीले, सिद्धान्त, उद्देश्य, प्राथमिकतामाथि आधारित भएर प्री-बजेट ल्याउने भनिएको रहेछ । हामीले आर्थिक कार्यविधिमा फेरि हामीले सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा आधारित भएर प्री-बजेट प्रस्तुत गर्ने कुरा उल्लेख गरिएको रहेछ । त्यसकारणले गर्दा खेरि नीतिहरूमा त्यति धेरै नगएर मैले सिद्धान्त र प्राथमिकताहरूमा पनि केन्द्रित भएर आफनो छलफललाई अगाडि बडाउन चाहन्छु । हामीले यो भन्दा अगाडि एउटा बजेट प्रस्तुत गर्यौं, कार्यान्वयनको प्रक्रियामा जान सकेन, सबै माननीय सांसदहरूले यहिँ आफना विषयहरू प्रस्तुत गरिसक्नु भएको छ । हामी अर्को एक बजेट प्रस्तुत गर्ने प्रक्रियामा प्रारम्भ गरेको छौं ।जसको कार्यान्वयनको लागि ग्यारेन्टीका लागि हामीले केही कुराहरू बजेटप्रस्तुत गर्नु भन्दा अगाडि हाम्रा केही प्रतिबद्धताहरू जरूरी छ भन्ने मेरो कुरा हो । यसको लागि संरचना निर्माण नगरीकन हामीले यहाँ गरिने नीति तथा कार्यक्रममाथि छलफल गरौंला, बजेटमाथि छलफल गरौंला, त्यो पास गरौंला बजेटमाथि छलफल गरौंला, त्यो पास गरौंला तरपनि फेरि पनि संरचनाले भएन भने पछि हामीले त्यसलाई कार्यान्वयनको प्रक्रियामा लग्न सक्दैनौ त्यस कारणले गर्दा खेरि आजको यो छलफलमा यद्यपी यो सम्बन्धित पनि छ । संरचनालाई हामीले कसरी

व्यवस्थित गर्न सक्छौं, यो कुरालाई प्रदेश सरकारले प्राथमिकताका साथ अगाडि बढाओस् यो मेरो गम्भीरतापूर्वक प्रदेश सरकारसँग म माग राख्न चाहन्छु ।

अब दोस्रो कुरा यहाँ बजेट केरे यो बजेट सिद्धान्तमा आइ पुग्दा खेरि कुरा के रहेछ भन्दा खेरि मितव्ययितालाई बजेट कार्यान्वयनको सन्दर्भमा मितव्ययितालाई प्राथमिकतामा राखिने छ भन्ने सिद्धान्तले अङ्गीकार गरेको छ । मलाई लाग्छ, यसमा पारदर्शीता र भ्रष्टाचारमा शुन्य सहनशीलतालाई जोडेर जादा खेरि अब यो प्राथमिकता राखिएको जस्तो अनुभूति मलाई लाग्छ, मितव्ययिता पारदर्शीताको कुरा हो । भ्रष्टाचारमा खुब सहनशीलता कुरा हो, यो विषयलाई जोडेर जान उपयुक्त हुन्छ । त्यसपछि गएर अब हामी प्राथमिकता वा जादा खेरि अब यो प्राथमिकता हेरेर प्राथमिकता राखिएको जस्तो अनुभूति मलाई १ नम्बर प्राथमिकतामा भौतिक कृषि, भूमिसुधार तथा सहकारी मन्त्रालय ३ नम्बर प्राथमिकतामा ५ नम्बर प्राथमिकतामा आन्तरिक मामिला तथा कानून मन्त्रालय त्यसपछि मानव स्रोत व्यवस्थापन, भौतिक मन्त्रालयका सबै कामहरू पहिलो प्राथमिकतामा नपर्न सक्छन । हामीले छलफल गरौं, एक चोटि बहस गरौं, प्राथमिकता हाम्रो के हो । हामी यो प्रदेशलाई आत्मनिर्भर बनाउनको निमित्त हामीले यो बजेटमा प्राथमिकीरण राखेर गरेर राख्नुपर्ने विषयहरू के छन्, हो पूर्वाधार निर्माणको कुरा सडकको कुरा प्राथमिकतामा पर्न सक्छ । सडकको जुन कुरा जति प्राथमिकतामा पर्दा त्यही स्तरको प्राथमिकतामा अर्को चिज नपर्न सक्छ कि एकचोटिबहस गर्नका निमित्त छलफल गर्नको निमित्त म आग्रह गर्न चाहन्छु । हामीले यो प्रदेशको जडीबूटीलाई हाम्रो प्रदेशले आत्मनिर्भर बनाउनको निमित्त एउटा महत्वपूर्ण Factar को रूपमा यसलाई प्रयोग गर्न हामी सक्छौ । अब हामीले यसो हेर्दै जादा खेरि यो प्राथमिकता तल्लो लिस्टमा पर्न गएको छ । म राख्न चाहन्छु, हाम्रो यो नीतिमा एउटा ठूलो जडीबूटी प्रशोधन केन्द्र हाम्रो प्रदेशस्तरमा स्थापना गरौं र त्यस पछि गएर विभिन्न गाउँबाट सङ्कलन गर्ने जडीबूटीहरूलाई पहिलो लेबलको प्रशोधन गरेर मात्रै त्यहाँबाट उठाउने व्यवस्था गरौं। यसरी गर्दा खेरि २ वर्ष हुन्छ वा ३ वर्ष हुन्छ, यो ३ वर्षभित्र हामीले प्रदेशबाट प्रवर्धन नगरीकन कुनै पनि जडीबूटी यहाँबाट बाहिर निकाल्न पाइने छैन भन्ने प्रकारको एउटा नीति बनाऊ र त्यो प्रतिवद्धताअनुसार काम गरौं छिटो भन्दा छिटो रिटर्न दिनका निमित्त, छिटो हाम्रो प्रदेश सरकारको एउटा आयआर्जनको निमित्त हामीले छिटो भन्दा छिटो प्रयोग गर्न सकिने एउटा जडीबूटी हुनसक्छ । त्यसकारणले गर्दा त्यसलाई प्राथमिकताको उच्च सूचीमा राखेर कार्य गर्दा खेरि हामी हाम्रो प्रदेशलाई आत्मनिर्भर बनाउने कुरा जो गरी राखेका छौं, त्यसमा केही सफलता मिल्छ कि भन्ने मेरो आफ्नो ठम्याइ हो । हो त्यसको लागि सडक जरूरी छ, त्यसका लागि उर्जा जरूरी छ, अरू विषयहरू पनि जरूरी होला, त्यस कारणले गर्दा खेरि प्राथमिकताको सूचीमा अलिकति विचार गर्ने हो कि भन्ने मेरो आफ्नो मत छ ।

त्यस्तै गरी अब प्राथमिकताको कुरा गर्दा खेरि अब सबै माननीय सदस्यहरूले यहाँ जसरी यो अहिले बजेटमा हामी छलफल गरिराखेका छौं, यसका सिद्धान्त र प्राथमिकतामाथि

छलफल गरी राखेका छौं । पछि बजेट ल्याउदा खेरि यहीअनुसार आओस् भन्ने जो धारणा व्यक्त गरिराखु भएको छ, मेरो पनि त्यही कुरा के छ त भन्दा खेरि अघिल्लो बजेट छलफल गर्दा खेरि मलाई अनुभूति के भएको छ भने अघिल्लो बजेटमा पनि प्राथमिकताका केही कुराहरू थिएँ, बजेट विनियोजन गर्दा खेरि ग्रामीण विधुतीकरणको लागि भनेर ५० लाख छुट्याइयो, मठमन्दिर र गुम्बा व्यवस्थापनको लागि भनेर १ करोड ९७ लाख छुट्याइयो । मैले सुनेअनुसार यस अघि ५० लाख त बजेट भाषणमा नै आएको कुरा हो । १ करोड ९७ लाख छ भनेर मन्त्रीज्यूबाट मैले त्यो सम्बन्धित मन्त्रालयमा गएर बुझ्दा खेरि मन्दिरहरू, गुम्बाहरू पुनः निर्माणको लागि, त्यसको संरचनाका लागि भनेर १ करोड ९७ लाख बजेट छ भनेर उहाँले भन्नुहुन्थ्यो । हाम्रो प्राथमिकता के हो ?हाम्रो प्राथमिकता ग्रामीण विधुतीकरण हो या हाम्रो प्राथमिकता मन्दिर बनाउने, मन्दिर संरक्षण गर्न वा गुम्बा बनाउने र गुम्बा संरक्षण गर्ने के हो हाम्रो प्राथमिकता ?प्राथामिकताको सूची एकातिर हुने,बजेट विनियोजन अर्कातिर हुने स्थिति हुँदा खेरि त्यसका केही समस्याहरू कार्यान्वयन गर्ने सन्दर्भमा केही समस्याहरू आउन सक्छन । हाम्रो समृद्धिको यात्रामा त्यसले केही समस्याहरू पैदा गर्न सक्छ । त्यसकारणले गर्दाखेरि म के कुरामा ध्यानाकर्षण गराउन चाहन्छु त भन्दा खेरि हामी अहिले, हो हामी निश्चित निर्वाचन क्षेत्रबाट निर्वाचित भएर आएका छौं । हामीले १ चोटि मन्त्रीहरू पनि निश्चित निर्वाचन क्षेत्रबाट, केरे निर्वाचित भएर आउनु भएको छ आर्थिक मामिला मन्त्रीले यहाँ बजेट प्रस्तुत गर्नुभयो अघिल्लो बजेटहामीले छलफल गर्ने क्रममा हामी उहाँमाथि खनियौ, किनकी उहाँले धेरै कुरा लेखुभयो आफ्नो निर्वाचित क्षेत्रको भनेर भनियो तर मन्त्रालयको सानातिना बजेटहरू हेर्दै जादा खेरि आर्थिक मामिला मन्त्रीको मात्रै होइन कि सबै मन्त्रीको अवस्था उस्तै रहेछ म आग्रह गर्न चाहन्छु, यो सम्मानित संदनमा हाम्रो माननीय सदस्यहरू पनि आफ्नो निर्वाचनक्षेत्रबाट एक चोटिमाथि उठौं, हामी सबै मन्त्रीहरू पनि आफ्नो निर्वाचन क्षेत्रबाटमाथि उठौं, हाम्रो प्रदेशलाई आत्मनिर्भर बनाउनको लागि हामीले गरेका प्राथमिकताहरू के छन्, अलि ठूला आयोजनाहरू सञ्चालन गरेर प्रदेशलाई आत्मनिर्भर बनाऊ, त्यसपछि २वर्ष पछि दिउँला आफ्नो हामी भन्दैछौं अलिकति पैसा लिएर नजाने हो भने निर्वाचन क्षेत्रमा हामीलाई गाली गर्छन । गाली यो चोटि खाउ केही छैन । ५० वर्ष, ६० वर्ष, ७० वर्ष, ८० वर्ष, १०० वर्षदेखि नेपालका राजनीतिक दलका नेताहरूले गाली खाएकै छौं भने हामी २ वर्ष, ३ वर्ष गाली खान किन नसक्ने यो चोटि गाली खाउँ, हाम्रो प्राथमिकताहरू के हुन्, त्यो प्राथामिकता निर्धारण गरौं । म त भन्छु १ अर्ब रूपैयाँ जडीबूटी प्रशोधनको लागि छुटयाई दिउ, अहिले कति आएको छ १२/१४ अर्ब रूपैयाँ कति आएको छ । केन्द्रबाट त्यो भन्दा अरू बजेट हामीसँग नहोला १ अर्ब रूपैयाँ हामी जडीबूटी प्रशोधनको निम्ति छुटयाई दिउ, अर्को १ अर्ब रूपैयाँ अर्कोका लागि छुटयाई दिउ, जसले गर्दा हामी छिटो भन्दा छिटो त्यहाँबाट रिटर्न पाउन सक्छौं र अर्को बजेट निर्माण गर्ने क्रममा केन्द्रबाट संघीय सरकारबाट प्राप्त

भएको बजेट मात्रै होइन कि हाम्रै प्रदेशको आफ्नै आय स्रोतबाट प्राप्त भएको बजेट त्यसमा प्लस गरेर हामी अगाडि बढ्न सकौं । अर्को त्यस पछि गएर हामी अहिले ५ लाख लिएर जाने ठाउँमा हामी माननीय सदस्यहरू अर्को वर्ष हामी १० लाख लिएर जाम्ला यो हिम्मत हामीले गर्न सक्छौं कि सक्दैनौ ? म तपाईहरूसँग यो विषय राख्न चाहन्छु । सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत् यो विषय राख्न चाहन्छु । हामीले हाम्रा प्राथमिकताहरू, हाम्रा आयोजनाहरू, हामीले त्यो छुट्याउ, त्यसो नगरीकन हामी कर्णाली प्रदेशलाईहामी जति भाषण गरे पनि जति हाम्रा विषयहरू राखेपनि,हामी अगाडि बढ्न सक्दैनौ, त्यस कारणले गर्दाखेरि हामी आत्मनिर्भर हुन सक्दैनौ । हामी संघीय सरकारको मुख ताकेर बस्नु पर्ने र त्यो आएको बजेटलाई हामीले १/१ लाख, २/२ लाख वितरण गरेर हामीले बजेट लिएर जाने र फेरि अर्को वर्ष त्यही अवस्थामा हामी पुग्ने स्थिति हुन्छ । त्यसकारण बजेट निमार्णका सन्दर्भमा हामीले यतातिर ध्यान केन्द्रित गर्ने कि भनेर म यो विषय राख्न चाहन्छु । हामीले रारा पर्यटन वर्ष २०७५ भनेर घोषणा गर्यौं। आगामी वर्षहरूमा हाम्रो अब त्यो भन्दा निरन्तरताको कार्यक्रम के हो केही प्रश्नहरू त छन्, जरूरी रूपमा हामी कार्यक्रम त बनाऊ र पर्यटन वर्ष हामीले मनाई राखेको सन्दर्भमा यो बजेटले पर्यटनको कुरालाई कुन प्राथमिकतामा राखेको छ ? प्रदेश सरकारको क्याबिनेट बनिसके पछि पहिलो निर्णय के भयो ? रारा पर्यटन वर्ष २०७५ मनाउने भनेर अहिले हामी त्यही वर्ष अन्तरगतको हामी बजेट निर्माण गर्दैछौं । त्यो पर्यटन वर्षको पर्यटनको कार्यकमको प्राथामिकता, यो हाम्रो प्री-बजेटमा छलफल गर्दा हाम्रा बजेटको प्राथामिकता निर्धारण गर्दा खेरि पर्यटन क्षेत्रको हाम्रो प्राथामिकताकहाँ नेर हो । हामीले एकचोटि ध्यान लिएर सोचौं । यस कारणले गर्दा खेरि म आग्रह गर्न चाहन्छु, हामी एक चोटि सोचौं, हामी सबै हाम्रा निर्वाचन क्षेत्रका सीमा रेखाहरूबाटमाथि उठेर सिंगो कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाउन विकसित बनाउन समृद्ध बनाउनको निमित्त एक चोटि हामी उठेर हाम्रा आयोजनाहरूलाई केन्द्रित गरौं भन्ने मेरो मत यो सम्मानित सदनसमक्ष राख्न चाहन्छु । र, रोजगारीको अर्को प्रश्न छ, गरिबी न्यूनीकरणका लागि रोजगारीको प्रश्न हो । मैले त बेलाबेलामा अनौपचारिक रूपमा भन्ने गरेको छु र म आज सम्मानित सदनमा आफ्नो मत राख्न चाहन्छु ।रोजगारी सिर्जना गर्नको निमित्त एउटा नयाँ कार्यकम अगाडि नबढाइकन रोजगारी सिर्जना गर्न सकिदैन । म भन्छु, प्रदेश सरकारको मातहतमा रहने गरी एउटा Construction कम्पनीको निर्माण गरौं, किन नसक्ने हामीले Construction कम्पनीको निर्माण गरौं र यो विकास निर्माणका कामहरू प्रदेश सरकारको मातहतमा रहेको Construction कम्पनीले सञ्चालन गर्छ र त्यस पछि गएर ५ हजार हुन्छ, १० हजार हुन्छ । यो वर्षमा हामी जतिले बजेट खर्च गर्न खोजि रहेका छौं, केन्द्र सरकार, संघीय सरकारले हाम्रो प्रदेशमा जति विनियोजन गरेको छ, त्यो बजेट खर्च गर्न खोजि रहेको छौं । केन्द्र सरकार, संघीय सरकारले हाम्रो प्रदेशमा जति विनियोजन गरेको छ । त्यो बजेटको कार्य Construction कम्पनीले गर्ने हो भने पछि

यो वर्षमा हामीले यो प्रदेशमा १० हजार देखी १५ हजार मान्छेहरूलाई रोजगारी दिन सक्छौ । अहिले यो वर्षमा १५ हजार अर्को वर्ष क्रमशः गरेर जादा खेरि हामी ५-७ वर्ष हामी ५लाख मानिसलाई रोजगारी दिन सक्यौं भने कर्णाली प्रदेशका बाँकी रहेका बेरोजगार मान्छेहरूको संख्या ५देखि १० लाखभित्र होला, हामी कम्तीमा पनि रोजगारी स्तरलाई वृद्धि गर्न सक्छौं । रोजगारीको संख्यालाई वृद्धि गर्न सक्छौं, होइन हामीले देखेंका छौं, कर्णालीमा १ घर, १ रोजगार भनेर यो भन्दा अगाडि केन्द्र सरकारले सञ्चालन गरेको थियो । त्यो प्रकारको होइन, हामीले मासिक १५ हजार तलब दिने गरी साँझ बिहान खाना खुवाउने गरे हामीले Contract मा मान्छे लिन सक्ने हो भने पछि एउटा प्रकारको रोजगारी पनि हुन्छ,यहाँको सबै सकारका विकासमा ढिलासुस्ती पनि जो छ ती सबै ढिलासुस्तीपनहरूको अन्त्य गर्न सक्छौ र हामी अगाडि बढन सक्छौं, म यो प्रस्ताव गर्न चाहन्छु । हामीले शिक्षालाई प्राथमिकतामा राख्ने कुरा गरेका छौं, म भन्छु, म आग्रह गर्न चाहन्छु । यो भन्दा पछाडि बजेटमा आउला,नीति तथा कार्यक्रममा आउला तर नीति कार्यक्रम बनाउनको लागि,बजेट बनाउनको लागि केहि सहयोग मिलोस्, सहयोग पुगोस् भन्ने आसयका साथ म के राख्न चाहन्छु भन्दा खेरि शिक्षामा १ चोटि हामीले यो प्रदेश मात्रै यो जो प्रदेश हामीले शिक्षा क्षेत्रमा जो प्रकारका विकृतिहरू छन्, विसङ्गतिहरू छन्, तिनीहरूलाई सजिलै ढङ्गले हामीले हल गर्न सक्ने एउटा मात्र प्रदेश यो हो अहिले  काठमाण्डौमा हामी चाहेर पनि त्यो कुरा गर्न सक्दैनौ । अहिले हामी बुटवलमा त्यो चाहेर पनि त्यो कुरा गर्न सक्दैनौ तर यो प्रदेशमा सम्भव छ त्यसकारणले गर्दा खेरि यो प्रदेशमा हामीले यो प्रण गरौं, अहिले स्कुलहरूको फेरि maping गरौं । आवश्यक पर्नेदरबन्दी कति हो त्यसको पहिचान गर्ने, त्यो दरबन्दी एकै चोटि फुलफिल गर्ने गरी अहिलेको बजेटमा हामीले व्यवस्था गरौं । भौतिक संरचनाहरू निर्माण गर्नका लागि हामीले यो यहाँको बजेटका सिद्धान्तमा थप्न चाहन्छु ।गैर-सरकारी क्षेत्रको बजेटलाई हामीले यहाँ कसरी परिचालन गर्ने यो कुरामा हामी प्रष्ट हुन जरूरी छ । गैरसरकारी क्षेत्रको बजेटलाई हाम्रो प्रदेशमा आवश्यकतामा कसरी परिचालन गर्ने,अस्ति मैले सुन्दै थिएँ, गैरसरकारी संस्था महासंघको कर्णाली प्रदेशको एउटा भेला भएछ, नेतृत्वहरू निर्वाचित हुनु भएछ, उहाँहरू पत्रकार सम्मेलन गरेर भन्दै हुनुहुन्थो । हामी इन्फास्ट्रक्चर निर्माणमा हामी लगानी गर्न सक्दैनौं, उहाँहरूले घोषणा गर्दै हुनुहुन्थ्यो । त्यही  घोषणाको वरिपरि प्रदेश सरकार घुम्ने हो अथवा हाम्रो आवश्यकतामा गैर-सरकारी क्षेत्रको बजेटलाई विनियोजन अथवा कार्यान्यन गने ठाउँमा हामीपुग्न सक्ने हो । यो बनाउन सक्यौं भने पछि मलाई लाग्छ, यो वर्षमा यो कर्णाली प्रदेशका विद्यालयका संरचना निमार्ण गर्नकालागि गैर-सरकारी क्षेत्रको बजेटलाई हामी परिचालन गरौं । अर्को वर्ष स्वास्थ्य क्षेत्रको संरचना निर्माणका लागि गैर-सरकारी क्षेत्रको बजेटलाई हामी परिचालन गरौं, बजेट परिचालन गरौं, त्यो गर्ने हो भने पछि मात्रै हामी कर्णाली प्रदेशको समृद्धिको यात्रालाई अगाडि बडाउनु सक्छौं नत्र भने वर्षमा १५/२०अर्ब रूपैयाँ

काठमाण्डौबाट आउने संघीय सरकारबाट आउने, त्यसपछि गएर हामीले यहाँ भने जस्तै हाम्रा राजश्वको स्रोतहरू पहिचान नहुने, यतिमात्रै गरौं । कम्पनी रजिष्टारको कार्यालय यहाँ खोलौं, कर कार्यालय यहाँ खोलौं, यातायात व्यवस्थाको विभागको कार्यालय यहाँ खोलियो भने पछि आफनो स्रोत केही बढने सक्थ्यो प्रदेश सरकारले त्यतिमा पनि पहल कदमी लिन किन ढिलाई गरिराखेको छ, यसमा म सचेत गराउन चाहन्छु ।

समृद्धिको यात्रामा अगाडि बढदा खेरि हामी एकचोटि सबै आफ्नो निर्वाचन क्षेत्रबाट माथि उठेर अगाडि बढौं भन्ने कुरामा म राख्न चाहन्छु, आफनो भनाई अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री यज्ञबहादुर बि.सी., यसपछि माननीय श्री रातो कामी तयार रहनु होला ।

**माननीय श्री यज्ञबहादुर बि.सी.:-** माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७५मा समावेश गरिएको शिद्धान्त, उद्देश्य, प्रमुख प्राथामिकता र नीतिहरूको बारेमा दोस्रो अधिवेशनको आज चौथो दिनमा सम्मानित सदनमा व्यापक छलफल भइ रहेको कुरा म यहाँ प्रस्तुत गर्न चाहन्छु । माननीय अर्थमन्त्रीज्यूले सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको बारेमा आर्थिक वर्ष २०७५0/७६को सिद्धान्त जो प्रस्तुत गर्ने भएको छ । कि अन्तिममा जुन-जुन लेख्नुभएको छ, जुन शब्द लेख्नु भएको छ, यो चाहिँ विधेयकलाई घनिभुत रूपमा माननीय सांसदज्यूहरू बाट छलफल भइ आएको सुझावहरूलाई मार्गदर्शनको रूपमा लिइने कुरा व्यक्त गर्नुभएको छ । सभामुख महोदय, जुनभाषा, जुन आर्थिक मन्त्रीज्यूले व्यक्त गर्नुभएको छ र त्यही अनुसार भोलिको आउने दिनहरूमा शिद्धान्ततः छलफल र भोलि पास भएको खण्डमा र व्यवस्थापन नीतिगत रूपमा अगाडि धेरै कुराहरू बढाउनु भयो भने यो स्वागत योग्य छ । किनभने देखिन् यहाँ यस गरिमामय सदनबाट माननीयज्यूहरूले धेरै कुराहरू राखि सक्नु भएको छ । प्रथम अधिवेशनको जुन विनियोजन बजेट हो, त्यो विनियोजन बजेट जे जति यो सदनले पारित गरेको थियो र सदनबाट उठेका कुराहरू, माननीय सभामुख महोदय, त्यो चाहिँ कार्यान्वयन पक्षमा भनौं यही सदनबाट नि कार्यान्वयनमा जानु पर्छ भन्ने कुरा उठिरहेको थियो । २०७४/०७५ को बजेट हामीले त्यो विनियोजित १ अर्ब २ करोड ५ लाख गरेका थियौं र सबै माननीयज्यूहरूलाई के लाग्यो भने त्यो बेला भने अब मन्त्रालयको नाम भन्न चाहन्न, सबै यो सदनका माननीयज्यूहरूलाई याद भएको कुरा हो,माननीय मन्त्रीज्यूले तपाईंहरूको यो सीमाभित्र रहेर यो बजेट चाहिँ ल्याउनुहोस् र यो-यो कार्यान्वयन हुने पक्षमा जानेछ । मैले योकुरा किन गरिरहेको छु भने जुन माननीय अर्थमन्त्रीज्यूले जुन घनिभुत रूपमा छलफल भएपछि म एउटा सुझावको रूपमा मार्गदर्शनको रूपमा यो आउने बजेटमा लिनेछु भनेर अर्थमन्त्रीज्यूले अभिव्यक्ति दिनु भएको छ, प्रस्तुत गर्नुभएको छ र त्यही मानेमा म यो गरिमामय सदनमा मेरो कुराहरू राख्दै छु र त्यही कुराहरू जो हिजोको प्रथम अधिवेशनबाट पास भएको बजेट जुन यो आउनु पर्ने हो, त्यो नआउदा यसलाई

सुधारिएर जानुपर्छ । हाम्रा मागहरू पुन:र्विचार हुनपर्छ भन्ने कुरा यो सम्मानित सदनमा सबै माननीयज्यूहरूले राख्नुभएको सुझावअनुसार २०७४/०७५को जुन बजेट हो सुझावअनुसार आउन सकेन । कहिँ यसो हुने होकि फेरिपनि काग बास्दै गर्छ, पिना सुक्दै गर्छ भन्ने उखान सत्य हुनेत होइन भन्ने शंकाको कुरा उठिरहेको छ । सभामुख महोदय, जति यो रोष्टमबाट यो सम्मानित सदनका माननीयज्यूहरूले बोलिरहनु भएको छ । आजसम्म कि यो सरकारले ल्याएको शिद्धान्त र प्रमुख नीतिहरू अब यो सदनले पारित गरिसकेपछि अगाडि बढ्न सक्छ कि सक्दैन भन्ने आजयो सदनलाई चिन्ताको विषय छ । सभामख महोदय, अब यहाँ सडकलाई प्रथम ग्राहयतामा राखिएको छ । उर्जा पूर्वाधारका शिक्षा, स्वास्थ्य नीतिहरूशब्द संजाल जो जति अहँ भूमिकामाअगाडि बढेको पाइन्छ सरकारले कामगर्ने सक्यो भने यो प्रदेशका, यो सदन सफल रहने छ र यो सरकारले सफर प्रथम अगाडि बेस्सरी सुरूवात हुँदा खरायोको गतिमा अगाडि बढने बताएको पाइन्छ, जब दोस्रो अधिवेशनमा आइ पुग्दा आज कछुवाको तालमा हिडि रहेको महसुस गरिरहेको छु ।

सभामुख महोदय, हामीलाई, हामीलाई चिन्ता के छ भने अब हिजो हाम्रो त्यो खरले बनाएको घर थियो, कोठाहरू काठले बारि रहेको थियो र कोठाहरू अलग अलग थिएँ, दाइ बस्ने, भाई बस्ने, आमा बस्ने, बुबा बस्ने सबै कोठाहरू अलग अलग थिएँ । सबैकोसम्मतिबाट अब आधुनिक घर चाहिँन्छ, भुकम्प रहित घर चाहिँन्छ । अब कोठाहरू एकदम डेकुरेसन हुनुपर्छ भन्ने हिसाबले सबैको सम्मतिबाट त्यो खर फुसको छानो, काठले बारेको घर,हामीले भत्कायौं, अब पक्किघर बनाउन लागी रहेको अवस्था छ, सभामुख महोदय, कतै यो पक्कि घर बनाउने सवालमा हामीले ढिलो गयौं भने यतातिर गयर कच्चि घर पनि भत्काइ सक्यौं, पक्कि घरपनि बनाउन सकेनौं भने हिजो २०७१ सालदेखि बाढी गएर त्यो खुल्ला आकाश मुनि बसिरहेका, च्यातिएका पालमा बसिरहेका ती बाढी पीडित जस्ता त हुँदैनौ हामी? त्यही कुरा आज चिन्ताको विषय भएको छ । सभामुख महोदय, म प्रतिपक्षको हैसियतले भन्नुपर्दा आज यो प्रदेशमा प्रतिपक्षको भूमिका गर्ने नेपाली कांग्रेस हो, आज सत्तापक्ष जस्तो भएर नेपाली कांग्रेसका सांसदहरू हिडिरहेका छौं । हामीलाई के लाग्छ भने कर्णाली प्रदेश यो हिजोदेखि हेपिएको प्रदेश हो, जब संघीय प्रणाली आइ सकेपछि जुन यो प्रदेश कर्णाली प्रदेशको रूपमा नामाकरण गरेर सुर्खेत राजधानी बनाउन सफल भयौं, यसलाई अब यहाँका जनताहरूलाई वास्तविक चाहिँ यहाँका जनताहरूको अनुहारलाई उज्यालो बनाउनको लागि खुशी पार्नका लागि यहाँको आर्थिक उन्नति प्रगति अगाडि बढाउनका लागि र यो प्रदेशलाई समृद्ध बनाउनका लागि अबको हाम्रो चिन्ताको विषय हो, सभामुख महोदय ।यो सरकार किन आज कछुवाको तालमा हिडेको छ ? कहीं कतै भन्ने गर्छौं उदाहरणका लागि कि यथार्थ पनि हो? त्यो बाबियो, खर हुन्छ, हाम्रो घर छाउने त्यो अर्थिङ्ग हुन्छ, अर्थिङ्गको झै घरैभित्र लटपट नगरीकन कि कर्णाली जनताको हकहितको लागि यो सरकार चनाखो भएर क्रियाशील

रूपमा अगाडि बढोस् भन्ने कुरा म राख्न चाहन्छु, सभामुख महोदय । सभामुख महोदय अब यो सिद्धान्त, प्रमुख नीतिहरू र भोलि आउने बजेट र जो आउदै छ, हाम्रो ०७५/०७६को यो गणितीय हिसाबले पिछिडिएको वर्ग र क्षेत्रलाई समेटेर हामी अगाडि बढ्यौं भने निश्चत रूपमा पनि हामी सफल हुने कुरा यहाँ राख्न चाहन्छु । सभामुख महोदय, कि अब यो यहाँभनिएको छ, आदिवासी, जनजाति, दलित, महिला, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख, पिछडिएका वर्ग, समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, सामाजिक सुरक्षा संरक्षण सम्बर्द्धन गर्न, लैङ्गिक मैत्री तथा सामाजिक समावेशीकरण, नीति अङ्गीकार गरिने छ भन्नेमा लैङ्गिकता आयो तर तेस्रोलिङ्गिको रूपमा थप्दापनि हुन्छ, मलाई लाग्दछ तेस्रो लिङ्गि पनि यहाँ थपिनु पर्छ भन्ने सुझाव म यहाँ दिन चाहन्छु ।

यसपछि खाद्य सुरक्षा उन्मुख प्राङ्गारिक कृषिका आधारहरू खडा गरी कृषि क्षेत्रलाई आत्मनिर्भर प्रतिस्प्रधात्मक, प्राधिकरण, विविधीकरण, बजारीकरण र व्यावसायीकरण एवं आधुनीकरण गरी कृषि क्षेत्रलाई टेवादिने हिसाबमा र कृषि पेशालाई प्रदेश समृद्ध बनाउने मुख्य आधारको रूपमा अगाडि बढाइएने छ भने असल कृषकलाई त निवृतिभरणको व्यवस्था पनि गरिने छ भन्ने उल्लेख भएको भए त्यहाँ चाहिँ कृषकहरू उत्प्रेरित भएर कृषि क्षेत्रमा अर्गानिक बनाउने क्षेत्रमा लाग्ने कुरा यहाँ सभामुख महोदयमार्फत् राख्दै, म विदा हुन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री रातो कामी । यसपछि माननीय श्री सुशिलकुमार थापा तयार रहनु होला ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू, प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीज्यूबाट कर्णाली प्रदेशको प्री-बजेटका बारेमा नीति तथा कार्यक्रम र यो नीतिहरू भनेर आएको छलफलको यो जुन किताब छ। यसको सबै हिसाबले अध्यन गर्दा यसको मूल स्प्रिट राम्रो छ र कयौं विषयहरू अपुगता पनि छन् । त्यसलाई एउटा दस्तावेज आफैंमा पूरा हुँदैन । त्यसलाई पूरा गरेर जानु पर्ने हुन्छ र पहिलो कुरो त हामीले यो नीति तथा कार्यक्रमले समाजवाद उन्मुख विकास कार्यक्रम गर्ने कर्णालीलाई समृद्ध बनाउने कर्णालीलाई अरू प्रदेश भन्दा अलि राम्रो किसिमको बनाउने परिकल्पना गरेको छ । निश्चित रूपमा यो कल्पना हामी सबैको हो र यही चाहेका छौं । यो यतातिर गैरहेकोमा म प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीलाई म धेरै भन्दा धेरै धन्यवाद दिन चाहन्छु । सँगसँगै बजेटका बारेमा छलफल गर्दा अथवा नीति तथा कार्यक्रमहरू आउदा हामी खुशी नै छौं र बजेट विनियोजन अर्थात यसको छलफल गर्दाखेरि हामीले यो निधार खुम्च्याउनु पर्ने अवस्था जो छ, त्यसलाई चाहिँ हामीले कसरी अन्त्य गर्ने भन्ने बारेमा पनि हामीले सोच्नुपर्ने बेला भएको छ ।

समाजवाद निर्माणको कुरा अथवा समृद्ध कर्णाली मुलुकलाई समृद्ध गर्ने कुराको हामीले बाटो पहिल्याइ रहेका छैनौं । हामी नीति बनाइ रहेका छौं, कार्यक्रम बनाइ रहेका छौं

तर पनि कहाँबाट सुरू गर्ने भन्नेकुरा सारै अकर्मण्यतामा हामी फसिरहेका छौं, सिङ्गो मुलुक र हाम्रो कर्णाली प्रदेश पनि नीति कार्यक्रमले सबै कुराको चाहिँ अमूर्त रूपमा हामी अगाडि बढाउन सक्छौ । जडिबूटीको कुरा आउदा हामी जडिबूटीको हामी धेरै बखान गरिसक्यौं । कुनै पनि चिजको बयान गर्न त्यसको सीमा र समय हुन्छ । अब त्यो जडिबूटीका बारेमा मात्र यहाँ कुरा गरेर पुग्दैन, अब कुन जडिबूटी हो ? कहाँ छ ? कसरी ल्याउने र कति समयभित्र कति आम्दानी हुन्छ कति जनशक्ति लाग्छ कति खर्च लाग्छ? भन्ने बारेमा यसतिरको चाहिँ मूलयोजना र नीति कार्यक्रमले बजेट तर्जुमा गरेर त्यो आवश्यक जनशक्ति छुट्याएर त्यसलाई चाहिँ ठोस गरिनु पर्छ भन्ने मलाई लाग्दछ । युवा रोजगार र बेरोजगारी समस्यालाई अन्त्य गर्ने कुरा पनि हामीले अमूर्त भाषामा गर्यो भने यो सरकार हो, सरकारले याजना कार्यक्रम ल्याउदा मूर्तकरण गरेर ल्यायो भने त्यसले चाहिँ एउटा दिशा पकड्न सक्छ भन्ने मलाई लाग्दछ । कति जनालाई कुन-कुन काममा उत्पादन होकि, निर्माण होकि अथवा अन्य कुनै काम हो त्यो बारेमा मुखरित गरेर ल्याउनुपर्ने हुन्छ । यहाँ त्यसो हुँदा हामीलाई यतातिर गैसक्यो अथवा यतातिर जादैछौं भन्ने कुराको चाहिँ मान्छेलाई महसुस हुन्छ र यो बारेमा सबैको एउटा चाहिँ स्वच्छ प्रकारको प्रतिस्प्रर्धा अथवा त्यता तिर जानको लागि मान्छे प्रेरित हुन्छ । मान्छेलाई आशा हुन्छ, कति वर्षभित्र, १ वर्षभित्र गरी सक्ने, २ वर्षभित्र गरी सक्ने, कति वर्षभित्र सक्ने, त्यसै गरी कति वर्षसम्म गरी सक्ने, ५ वर्षभित्र कति गर्ने १०,१५,२० वर्षका योजना रणनीतिक योजना गरेर जानुपर्ने यहाँ मैले महसुस गरेको छु र त्यो कुरा मैले यहाँ राख्न चाहे खास गरिकन नीति कार्यक्रम तथा यस्ता दस्तावेजले जुन प्रकारको चाहिँ यो शिद्धान्त र उद्देश्य, प्राथामिकता र प्रमुख नीतिहरू भन्या छ, शिद्धान्त र व्यवहार आफैंमा फरक विषय हुन् । शिद्धान्त एउटा हो भने त्यसको व्यवहारिक रूप अर्को हुन्छ, त्यो हामीले जानेको कुरा हो । शिद्धान्त र व्यवहारको तालमेल तादम्यता हुनुपर्छ । यहाँ अहिले सबै भन्दा कर्णालीमा रहेको समस्या भनेको हामी सबैले बुझेका छौं तर थोरैले मात्र बोलिरहेका छौं । कर्णाली यो नेपालको सबैभन्दा भाषा संस्कृतिको उत्पति पनि कर्णाली नै हो । यो भित्रका कयौं खराबीहरू पनि कर्णालीबाट जन्मेर अन्त्य गएका छन्, फैलिएका छन्, यो कुरा चाहिँ हामीले हेक्का राख्नु पर्दछ । कर्णाली आफैंमा नराम्रो छैन, यसले चाहिँ राम्रो प्रतिशतले जितेको हुनाले कर्णालीले अहिले सिङ्गो नेपालमा आफ्नो भाषा, नेपाली भाषा संस्कृति खसान राज्यको चाहिँ उत्पति र त्यसको भाषा शैली चाहिँ अहिले देशव्यापी रूपमा छ,यो राम्रो पक्ष हो । यसभित्रका केही महिला, दलित र अन्य पिछडिएका वर्गमाथि चाहिने जुन प्रकारको शासन गर्ने अथवा त्यति बेलाको धर्मग्रन्थमा आधारित हिन्दू समाजमा वैदिक समाज अन्तरगत नेपालमा आइसकेपछि एउटा खसआर्यभित्र जुन पैदा भयो, यसले चाहिँ अहिले पनि जरो गाडेको छ । विश्वको एउटा चाहिने बृहत सम्मेलन हुँदा अथवा चाहिँ डर्बान सम्मेलन हुँदा के कुराको उल्लेख गरिएको रहेछ भने अंग्रेजले india मा बढि भन्दा बढि राज गर्नुमा त्यसको पछाडि के छ र के

थियो भनेर चाहिँ संश्लेषण गर्दा हिन्दू समाज विश्वको सबैभन्दा बढि भन्दा बढि फुटमा आधारित समाज हो । त्यसैले चाहिने अंग्रेजले India मा लामो समयसम्म राज गर्यो भनेर विश्वका वैज्ञानिकहरूले प्रमाणित गरेका चाहिँछन् । नेपालमा पनि यो अहिले हेर्दाखेरि जातिको उत्पति र यसको चाहिँ मतलब मान्छे-मान्छे बीचको अछुत र भेदभावको उत्पतिलाई हेर्ने हो भने कर्णाली प्रदेश एउटा चाहिने त्यसको पनि शेयर लिनु पर्दछ ।

नेपाली भाषा संस्कृतिको मात्रै लिने र त्यो जुन कुशंका उत्पन्न भयो त्यसको शेयर लिने कि नलिने ? त्यसका बारेमा कर्णालीले अलि बढि हेक्का राख्नु पर्दछ र कर्णाली सरकार र कर्णालीका माननीय संसदज्यूहरूले र कर्णाली सरकारले यसलाईचाहिँ यसको निरूपण गर्नकालागि बढि भन्दा बढि जोड गर्नुपर्छ भन्ने मेरो चाहिँ ठम्याइ हो । सभामुख महोदय, यसो गर्दा प्राथामिकता क्रममा कर्णालीभित्रको कर्णाली प्रदेशले महिलाका छाउगोठहरू, महिलाहरूलाई हुने विविध किसिमका मतलब चाहिँ रुढिवादी परम्परामा आधारित त्यस्ता किसिमका, जुन प्रकारका कुरीति छन्, तिनको अन्त्य गर्नको लागि नीति कार्यक्रमले यति वर्षभित्र छाउगोठ पन्छाइ सक्ने, यति वर्षभित्र महिलाहरूलाई सशक्तीकरण गर्न र महिलालाई चाहिँ अरूसरहको जीवनयाँपन गर्नका लागि वातावरण तयार गर्ने भनेर नीति कार्यक्रमले बोल्नु पर्छ कि पर्दैन, दलितहरूलाई छुवाछुत मुक्तनगरगाउँ जिल्ला घोषणागर्दैकर्णाली प्रदेशभित्र, यतिभित्र सबै मान्छेसरहको एउटा चाहिँ समानस्तरमा चाहिँविकासगर्नका लागि भनेर नीति कार्यक्रमले पनि गर्नु पर्दछ । राजनीतिक वैचारिक कुराले मात्र हुँदैन त्यो भित्त अर्थतन्त्र जोडिएको हुन्छ । हामी समाजको विकास गर्छौं, सामाजिक, भौतिक, विकास मात्र विकास होइन । सामाजिक र सांस्कृतिक विकास अन्तरहृदयमा भएका सबैहरूका मन मस्तिष्कहरू पगाल्न र तिनलाईचाहिँ उज्वल बनाउन अलिबढि बिकासे हो । राजनीतिक परिवर्तन गर्न जति सजिलो थियो, मुलुकमा यो सांस्कृतिक परिवर्तन भनेको असाध्यै एउटा चाहिँ बडो चाहिँ गम्भीर विषय हो । यसलाई सामाजिक, सांस्कृतिक रूपमा परिवर्तन गर्नको लागि नेपालको संविधान, २०७२ ले जुन प्रकारको चाहिँ कुनै मान्छेलाई विभेदकारी नीतिगरेका आधारमा, मतलब चाहिँ छुवाछुत भेदभाव र अपशब्द बोलेमा त्यसलाई चाहिने सामाजिक अपराध वा सोसरहको सजाय भोग्ने भनेर चाहिँ बनाइसकेको छ । हाम्रो समाजमा सामाजिक अपराधको सजाय यो कारणले गर्दा भोग्नुपर्ने हुन्छ भनेर जनतालाई सुसूचीत नगर्दा भोलि गएर कसैले चाहिँ उजुरि दर्ता गरेर त्यो चाहिँ, त्योबाट उत्पन्न हुने, मतलब चाहिँ उत्पन्न हुने समस्या, हामी सरकारले बेहोर्नु पर्ने हुन्छ अथवा कर्णालीको चाहिँ मुख्य जिम्मेवारी पक्षले नै बेहार्नु पर्ने हुनसक्छ त्यसैले गर्दा यसको चाहिँ गरिबीको रेखामुनि रहेको भनेको सबै भन्दा पछि परेको चाहिँ समुदायनै होला । हामीले कृषिमा बढि कुरा गरिरहेका छौं, कृषिमा आधारित कुरा गर्दा म एउटा कुरा भन्न चाहन्छु, सम्मानित सदनमा म एउटा कुरा भन्न चाहन्छु कि यो हिजोआज खेतीपातीको सन्दर्भ छ । हिजोआज तपाईलाई थाहानै छ, हाम्रो

कलस्टरका हिसाबले, एउटा कलस्टरले हलो जोत्ने नहुने कलस्टर थियो, समाजमा त्यो धर्मग्रन्थका आधारमा एउटा कलस्टर अरूले जोते पनि जोताउने प्रकारको थियो । एउटा कलस्टर थियो, जुन निरन्तर जोती रहने बाबुले २ टक लगे बापत पनातिको पालासम्मलाई हलि बस्नुपर्ने, बाउसे बस्नुपर्ने, डोली बोक्नु पर्ने विविध प्रकारका ती अहिले नेपालको कम्युनिष्ट आन्दोलनले तिनी सबैलाई उठाएर एक ठाउँमा ल्यायो, अहिले तल चाहिने सबै बाझा बोक्रा परेका छन् । फेरि दलित समुदाय, फेरि हली गोठालो बस्दाखेरि हराभरा हुने हो भने त्यही प्रकारको गर्नुपर्यो । होइन, चक्लाबन्दी र विविध प्रकारको यो योजना बनाउने हो भने नयाँ योजना बनाउन पर्यो, जमिन जग्गा जसको नाममा छदैछैन, अहिले जोत्ने मान्छे नभइकन, बाझिएका छन् । यो कुरा राम्रोसँग बुझ्न जरूरी छ । अब हलारी कोही बस्नेवाला छैनन्, अब हलारी होइन तिनी बाँझा जग्गामा यही समुदायलाई कार्यक्रम बनाएर,त्यहाँ लैजाने होभने त्यहाँ चाहिने अब फेरि हराभरा हुन सक्छ, यो कुरा साँचोसत्य कुरा हो । कुरा साना छन् तर कुरा गम्भीर छन्, कुरा सास्कृतिक रूपले लटपटिएर बसेका छन्, गजल्टिएर बसेका छन्, तिनलाई चाहिँ मतलब चाहिँ संश्लेषण गरेर, विश्लेषण गरेर, अबको राजनीति अथवा अबको सरकार, अबको चाहिँ हामीले चाहिँ व्यवस्थालाई अगाडि बढाउन जरूरी छ । होइन, भने हामी यहाँचाहिँ काग कराउदै गर्छ, पिना सुक्दै गर्ने, हामीले चाहिँ राम्रा राम्रा नारा लगाउँदै जाने समाजमा उहि कुराको बिकृति विसङ्गति र उस्तै प्रकारको चाहिने स्थिति पैदाहुने हो भने हाम्रा समाज कहिल्यै पनि अगाडि बढ्न सक्दैन ।त्यो समाज पछि पर्नुको पछाडि भागेदार हामी पनि हुन्छौ र भागेदार बन्नको निम्ति नीति तथा कार्यक्रम र सबैप्रकारका मन मस्तिष्कहरू माथि ल्याउनका लागि सांस्कृतिक, सामाजिक विकासका लागि चाहिने विशेष प्रकारको योजना कार्यरूप हुनु पर्दछ र यसमा भनिएको छ । जनजाति, आदिवासी जनजाति, महिलाहरू भन्याछन् र आदिवासी भन्ने दाबी गर्ने आदिवासीको कार्यक्रम आदिवासी हौं भनेर दाबी गर्ने, खसक्षेत्रीले पनि दाबी गर्ने, अरू जनजाति आफूले पनि दाबी गरी राख्ने आ-आफ्नो ठाउँमा तर यो कर्णालीको आदिवासी त उहि खसक्षेत्री त होनि, खसान राज्य भन्दा पहिला मगर आइपुगेको थियो ? यहाँ थिएन, बरू दलित त आफनो दाइभाइ मतलब चाहिँ सित्तैमा श्रमको शोषण गर्नका लागि उहि खस क्षेत्रीभित्र बाहिर बनाइएको दलित हो । यो त अर्को दलितको त छुट्टै जात त हुँदैन खास जात हुनलाई त यस्तो भाषा चाहिँन्छ, त्यस्तो सांस्कृतिक चाहिँन्छ । यस्तो छुट्टै भूगोल चाहिँन्छ, त्यो खसक्षेत्री नै हो, हामी खसक्षेत्रीभित्रको मतलब बाठाटाठाले सोझालाई कजाएर त्यसको विना मुआब्जा श्रमलाई शोषण गर्नका लागि पो दलित बनाइएका थिए त, त्यति त हामीले पनि बुझेका छौं । त्यसैले गर्दा आदिवासीबाट सुरू होइन पछिपरेको समाजमा छु भने दलित हो । दलितको छुट्टै कार्यक्रम हुनुपर्यो, महिलाको छुट्टै कार्यक्रम हुनुपर्यो, दलित र महिलालगायतका चाहिने दलित र महिलाको छुट्टै कार्यक्रम र अरू चाहिँ समाजमा विविध पक्षको चाहिने भने पछि उत्पीडन भोगिरहेका मानिसहरूको चाहिँ बनाउनु पर्यो,

जनजातिको त्यो प्रकारको चाहिँ बनाउनु पर्यो । संविधानले जनसंख्याको आधारमा चाहिँ मतलब समानुपातिक प्रतिनिधित्वको जो प्रश्न उठाएको चाहिँ छ, जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व नभइकन, अहिलेको निर्वाचनमा मतलव मात्र समानुपातिकभित्र लगिएको छ । यस्को बारेमा पनि गहिरो खोज अनुसन्धान गर्न सीमान्तकृत वर्ग समुदायभित्रकाले बढि जोड दिनुपर्नेछ र नेपालको संविधान चाहिँ व्यवहारले कार्यन्वयन गर्न र अबको मुलुकमा चाहिँ संविधान कार्यान्वयनसँगै समाजको एउटा सामाजिक आर्थिक विकास र सबै प्रकारको भाषा सांस्कृतिक विकास गर्नका लागि हामी तयार रहनु पर्दछ । यही कुरोको चाहिँ स्पिडमा बढ्यो भने मात्र हाम्रो प्रदेश एउटा चाहिँ समृद्ध र हामीले भन्या जस्तै कर्णाली हुन्छ भन्ने कुरा राख्न चाहन्छु ।

**माननीय सभामुखः**-माननीय श्री सुशिलकुमार थापा । यसपछि माननीय श्री सोशिला शाही तयार हुनुहोला ।

**माननीय श्री सुशिलकुमार थापाः**- माननीय सभामुख महोदय, कर्णाली प्रदेशको दोस्रो अधिवेशनको यो हामी पाँचौ बैठकमा बसिरहेका छौं । आज पाँचौ बैठकमा हामीले कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले ल्याउनुभएको विनियोजन विधेयक, २०७५ मा समावेश गरिने सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा हामी आज पनि छलफल गरिरहेका छौं र यो हाम्रो सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख सिद्धान्तहरूका बारेमा थुप्रै हाम्रा माननीय सदस्यहरूले कुरा राखि सक्नुभएको छ । थुप्रै कुराहरू आइसकेका छन्,त कतिपय कुरा मैले राख्ने सोच बनाउदा बनाउदै पनि हाम्रा माननीय सदस्यहरूबाट आइसकेको हुँदा म त्यति धेरै त्यता तिर जान चाहन्न, जस्तो हामीले आधुनिक प्रविधिका माध्यमबाट कृषि भूमियोग्य जमिनलाई हामीले व्यवस्थित गर्ने सबै कुरा गरेका छौं तर मैले पटक-पटक यो सदनमा कुरा उठाएको थिएँजस्तो हाम्रो प्रदेश मै र विशेष गरी दैलेखमा गुठीको थुप्रै समस्या छ । यसलाई पनि हामी छिट्टै कानून बनाएरअगाडि बढाउने छौं यसको समाधान गर्ने छौं । यसमा यो गुठी समस्या पनि समेटिएको भए राम्रो हुन्थ्यो किनकी यसले कर्णाली प्रदेशका धेरै जिल्लाहरूलाई असरगरिरहेको छ । त्यस्तै अर्को हामीले यहाँ एकदम हाम्रो कर्णाली प्रदेश सरकारले,, एकदम सस्तो नारा रूपमा अर्गानिक प्रदेशको अवधारणा हामीले ल्यायौं तर अर्गानिक प्रदेश भनि रहँदाहामीले कर्णाली प्रदेश सरकारले ल्याएको हाम्रो पोशाकमा हेर्दा हामीले लगाई अहिले पनि मैले पोशाक आज त्यो dress त लगाएको छैन । त्यो पोशाक हाम्रो कर्णाली प्रदेशमा उत्पादन भएको हुन्छ तर हामीले कर्णाली प्रदेशमा उत्पादन हुने एउटा पोशाक जो कोट छ, त्यो पनि हामीले कर्णाली प्रदेशमा उत्पादन हुने त्यो कपडालाई हामीले पोशाक बनाउन सकेनौं । हामी आज कुरा गर्दै छौं, अर्गानिक प्रदेश बनाउने भनेर अबको हाम्रो कार्यकाल ५ वर्षभित्रको कार्यकाल कर्णाली प्रदेशले ५ वर्षभित्र यो प्रदेशलाई अर्गानिक प्रदेश बनाएर केन्द्रीय सरकारलाई हामीले चाहिँ प्रदेशबाट कर तिर्ने प्रदेशका रूपमा रूपान्तरण गर्ने हामीले सपनादेखिरहेका छौं तर हामीसँग हाम्रो

दैलेखमा, कालिकोटमा, रूकुममा थुप्रै जिल्लामा अल्लोकोकपडा बन्छ, कोट बन्छ,अस्ति हाम्रो उद्योग पर्यटन तथा वन मन्त्रीले कार्यक्रम गर्दा त्यहाँ थुपै कोटहरू कपडाहरू राखिएको थियो । हाम्रो सरकारले रारा पर्यटन वर्ष मनाइ रहँदा हाम्रो सरकारले हाम्रो केन्द्रीय सरकारका प्रधानमन्त्रीलाई अल्लोको कोटको कपडा उहाँलाई चाहिँ उपहार दिएको थियो, त्यही कोट लगाएर उहाँले सम्वोध गर्नु भएको थियो । थुप्रै अहिले पनि कार्यक्रममा उहाँले लगाइ रहेको देखेंको छु, तर हामीले हाम्रो प्रदेशमा उत्पादन भएका वस्तुलाई प्रयोग गर्ने, त्यसलाई विशेष गरेर हामीले आत्मसाथ गरेर जाने भन्ने गरेका छन् । हामीले त्यही कपडालाई हाम्रो प्रदेशको कम्तीमा पनि चालिस जना माननीय सदस्यले अर्थात मुख्यमन्त्री, मन्त्रीहरूलगायत सदस्यहरूले कोट बनाउन सकेनौं, दैलेखमा सावरको जुत्ता बन्छ । त्यो जुत्ता आज मैले लगाएको छु, यो जुत्ता हामीले कम्तीमा पनि यहाँ प्रदेशमा सबै माननीयहरूको पहिचान बन्न सक्छ । त्यो सुरूवात हुन सक्यो, त्यता तिर हामीले साना तिना कुराहरूलाई ख्याल गर्न सकेनौं मलाई लाग्यो, यी कुरालाई हामीले ख्याल गरेर अझै केही गर्न सक्छौं भने हामीले सच्चाएर लैजान पर्छ । त्यस्तै हामीले भनेका छौं, हामीले हाम्रो विनियोजन विधेयकमा आएको छ, हाम्रो केन्द्रीय सरकारले समृद्ध नेपाल, सुखी नेपाली भनेर ल्याएको छ । हाम्रो प्रदेशले समृद्ध प्रदेश, सुखी जनताको लक्ष्य पूरा गर्ने लक्ष्य हामीले, यो कर्णाली प्रदेशले हामीले सपना देखेंका छौं । हामीले साकार पार्ने उद्देश्यका साथ अगाडि बढेका छौं । तर हामीले आफैले प्रयोग गर्ने कतिपय कुराहरू अहिले मैले भने जस्तौ यो अलिकति यस्तो तरिकाले अगाडि बढि रहेकाछौं तर हामी आफैले प्रयोग गर्ने कतिपय कुराहरू अहिलेमैले भने जस्तै यो अलिकति यस्तो तरिकाले अगाडि बढि रहेको छ । त्यसकारण हामीले यो कर्णाली प्रदेशमा भइ रहेको थुप्रै खाले जति परिवर्तनका सम्भावनाहरू छन् । हामीले हाम्रो माननीयहरू, सरकारका मन्त्रीहरूले बोल्दै गर्दा कतिपय ठाउँहरूमा हाम्रो प्रदेश गरिब प्रदेश, कान्छो प्रदेश, कमजोर प्रदेशका रूपमा हामीले विभिन्न ठाउँमा बोल्ने गरेका छौं । मलाई त के लाग्छ भने यो कर्णाली प्रदेश गरिब प्रदेश, कान्छो प्रदेश हौइन, यो कर्णाली प्रदेश सम्भावना नै सम्भावनाको प्रदेश हो । अब हामीले नारा दिदा कर्णाली प्रदेश सम्भावना नै सम्भावनाको प्रदेश, हो कोही कसैले पनि बिर्सेर गरिब प्रदेश, कान्छो प्रदेश होइन यो कर्णाली प्रदेश विश्वमा नेपाललाई बहादुरको देश भनेर चिनिन्छ । कर्णाली प्रदेशमा पनि, कर्णाली प्रदेशका जनताहरू बहादुर भनेर चिनिन्छन् किनकी कर्णाली प्रदेशका जनता लढेर ४ जना सहीद भएर ११ जनाले आफ्नौ शरिरलाई क्षतविक्षत बनाएर होइन जिउदो शहिद भएर यो कर्णाली प्रदेशको निमार्ण गरेका हुन्,यो कान्छो प्रदेश रूपमा होइन । कर्णाली प्रदेशको रूपमा निमार्ण गर्या हो । कान्छो प्रदेश कहाँ नेर छटयाएर बनाएको छ । कर्णाली प्रदेशलाई त्यसो होइन यहाँका बहादुरले, कर्णाली प्रदेशका आमाका सन्तानले लडेर यो कर्णाली प्रदेश निमार्ण गरेको कारण हामीले अब यो कर्णाली प्रदेशलाई कमजोर गरी यो कान्छो कामनलाग्ने, हामीले लडेर ल्याएको यो

प्रदेशमा होइन, यो कर्णाली प्रदेश हामी सबैको परिकल्पनाका साथ अएका छौं । आज केन्द्रीय सरकारले कर्णाली प्रदेशलाई एक नम्बर प्रदेश पछिको दोस्रो प्रदेशका रूपमा बजेट विनियोजन गरको छ त्यो हाम्रो लागि स्वागत योग्य हो । हामीले यति भनिरहँदा अझै हामीले अलि दर्होसँग कर्णाली प्रदेश सरकारले हामीले केन्द्रीय सरकारसँग हिजो दर्होसँग लविङ्ग गर्न सक्नु पर्थ्यो, किनकी कर्णाली प्रदेश हुनुमा सबैभन्दा कसको दोष हो भने हिजोको केन्द्रीकृत शासन प्रणालीले, कर्णालीले हिजोको काठमाण्डौको सिंहदरबारले अर्थात केन्द्रीय सरकारले कर्णाली प्रदेश प्रति गरेको लगानी त्यहाँको उत्पादन, त्यहाँको उद्योग कलकारखानाहरू नखोलेको कारण, त्यहाँको जनशक्तिहरू उत्पादन नगरेको कारण कर्णाली प्रदेश गरिब भएको हो । त्यसकारण अब कर्णाली प्रदेशलाई हामी सबैभन्दा बढि बजेट विनियोजन गर्नुपर्छ । किनकी भूगोलले कर्णाली प्रदेश सबै भन्दा धनी छ । साँच्चै बजेट जनसंख्याका कारण विनियोजन हुने हो भने कर्णाली प्रदेशले अब बजेट विनियोजन गर्दा जनसंख्या उत्पादन गर्नुपर्छ । अनि मात्र कर्णाली प्रदेश विकास हुन्छ भनेर हामीले भन्ने हो त, होइन, त्यस कारण आज यो मुलुकको सात वटा प्रदेश मध्यको सबै भन्दा ठूलो प्रदेश कर्णाली प्रदेश भएको हुँदा हामीले यो तरिकाले अगाडि बढ्न पर्छ र हाम्रो कर्णाली प्रदेशभित्र रहेका थुप्रै खाले सम्भावनाहरूलाई हामीले विशेष जोड गरेर अगाडि जानुपर्छ जस्तो अघि हाम्रो माननीय विन्दमान विष्टले भन्नु भयो,थुप्रै कुराहरू जस्तो अहिले पनि हामी कर्णाली प्रदेशले सङ्कल्प गरौं हामी अहिले पनि १५/१६ करोडमा एक मेगावाट विद्युत् उत्पादन गर्न सक्छौ, त्यसो सक्छौ भने हामीले यो सालको १६अर्ब रूपैयाँ हामीसँग लगभग १६ अर्ब ६९ करोडमात्र हामीले यहाँ चाहिँ, हाम्रो यो चाहिँ विद्युत्मा लगानी गरौं । यो वर्ष भने प्रत्येक वर्ष, ५ वर्ष यसरी लगानी गयौं भने यसमा यो वर्ष मात्र हामीसँग लगभग लगभग ५ मेगावाट विद्युत् उत्पादन गर्न सक्ने क्षमताकर्णाली प्रदेशले राख्न सक्छ,भने पछि ५ वर्षभित्र ५ पञ्चे २५ मेगावाट विद्युत् हामी उत्पादन गर्न सक्ने रहेछौं । कर्णाली प्रदेशका जनता र सरकारको ५० प्रतिशत कर्णाली प्रदेश सरकारले ५०प्रतिशत यहाँका जनताहरूले शेयर लगानी गरेर कम्तीमा पनि ५० मेगावाट विद्युत् उत्पादन गरौं भनेर सङ्कल्प गयौं भने कर्णाली प्रदेश सरकारले गर्न सक्दैन surkhet र कर्णाली प्रदेशका जनताले गर्न असम्भव कुरा छ । हामीले आत्मनिर्भर प्रदेश निमार्ण गर्ने भनेका छौं, हामीले प्रदेशमा अब हाम्रो सरकारले भनेको छ र हिजो पनि हाम्रो,अहिलेको नेपाल कम्यूनिष्ट पाटि,हिजो नेकपा एमाले र माओवादी घोषणापत्रले के भनेको छ भने हामी अबको ५ वर्षभित्र, १० वर्षभित्र अर्थात यो कार्यकालभित्र कम्तीमा पनि प्रत्येक वर्ष १० प्रतिशतका हिसाबले गरिबी न्युनिकरण गर्नेछौं । प्रत्येक वर्ष १० प्रतिशतका हिसाबले हामी प्रत्येक प्रदेशमा विद्युत् उत्पादन गर्ने छौं । १० प्रतिशतका हिसाबले त्यहाँको आर्थिक उपार्जनको नीतिलाई हामी अबलम्बन गरेर त्यसको विकास गर्नेछौं भनेर घोषणापत्रमा पनि हामीले हिजो उल्लेख गरेका छौं भने आज हामीले सङ्कल्प गरौं, निश्चित लगानी एक ठाउँमा केन्द्रित गरौं केही रकम निश्चित क्षेत्रमा छट्याउ, जस्तो

हामीले जडीबूटीको रूपमा पनि हेर्न सक्छौ, अहिले पनि हाम्रो कर्णाली प्रदेशको जडीबूटी ग्लोबल टेण्डर गर्ने हो भने ५० लाख रूपैयाँसम्ममा बेच्न सकिन्छ तर हाम्रो सरकारले २५हजार रूपैयाँ किलो बिक्री गरिरहेको छ किनभने त्यसको कर पनि सबै पैसा केन्द्रमा जान्छ थोरै मात्रामा प्रदेशको त्यही क्षेत्रमा रहनेछ । त्यसो हो भने, हामी यो कर्णाली प्रदेश सरकारले एउटा नीति बनाओस् कम्तीमा २ सय, ३ सय जना सुरक्षाकर्मी हुन्छन् या कसैलाई कर्मचारीका रूपमा नियूक्ति गरेर त्यहाँचाहिँ कर्णालीमा रहेका यार्सागुम्बा लागायतका थुप्रै जडीबूटीहरूलाई केही निश्चित तलब दिएर उहाँहरूलाई अर्थात सुरक्षाकर्मीहरूलाई राख्दा केही भत्ताको व्यवस्था गराएर २महिना हामीले जडीबूटी उत्पादन गरेर त्यो जडीबूटीलाई कर्णाली प्रदेश सरकारले आफनो मातहतमा ल्याएर यसको ग्लोबल टेण्डर गरेर, हामीले वितरण गर्यौं भने त्यो कति अर्बौ हुन्छ होला, मलाई लाग्छ, झण्डै हिसाब गर्दा ७५, ८० अर्ब रूपैयाँमा त्यो बिक्री हुन्छ । किनभने मैले हाम्रो बिरबहादुर दाइलाई पनि सोधेको थिएँ, डोल्पामा पनि उत्पादन भयो, गतसाल भन्दा ११ क्वीण्टल, १ किलो ५० लाखले ११ क्वीण्टलको हिसाबले गर्नुहोस् मात्र ५/१० करोड लगानी गर्न सक्ने हो भने त्यहाँको उत्पादन हामीले सजिलै ल्याउने रहेछौं भने पछि हामीले सहि प्लान बनाएर, सहि दृस्टिकोणका साथ गर्यौं भने कर्णाली प्रदेश साँच्चै सम्भावना नै सम्भावनाको प्रदेश हो । साँच्चै यो विनियोजन विधेयकमा आएको समृद्ध प्रदेशको यो लक्ष्य पूरागर्ने यो कहीं कतै खोज्न जान पर्दैन, त्यसकारण यो अन्त्यमा यो विनियोजित विधेयक, २०७५अत्यन्तै महत्वका साथ अत्यन्तै मेहनतका साथ ल्याइएको छ ।जसको आवश्यकता हामीले कर्णाली प्रदेशका माननीय सांसदहरूले व्यापक छलफल बहस गरेर भोलि आउनेनीति तथा कार्यक्रम कस्तो बनाउने, भोलि आउने हाम्रो नीति तथा कार्यक्रमकस्तो, भोलि आउने हाम्रो बजेट कस्तो बनाउने भनेर यो छलफलका रूपमा जो ल्याउनु भयो, अर्थमन्त्रीले बडो मेहनतका साथ ल्याउनु भएको छ । उहाँहरूलाई हार्दिक बधाइ दिन चाहानछु र यो विनियोजन विधेयकले हामी कर्णाली प्रदेशका सबै माननीय सांसदहरूलेदेखिरहेका सपना सबैलेदेखिरहेका बाटोतर्फ भोलिको नीति कार्यक्रम जानेछ, बजेट बन्नेछ र यो प्रदेशका सबै नागरिकले देखेंको सपना पूरा हुनेगरी बजेट आउनेछ भन्ने मैले आशा गरेको छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही !

**माननीय श्री सोशिला शाहीः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेशको दोस्रो अधिवेशनमा उपस्थित भइरहेका छौं । विभिन्न विधेयकमाथिको छलफलका साथै आगामी प्रदेशसभाको बजेट बारे केही कुरा राख्न चाहन्छु । यस भन्दा पहिला प्रस्तुत भएको संक्षिप्त बजेट पनि कार्यान्वयन हुन सकेन, प्रदेश सरकारले प्रस्तुत गरेको बजेट कार्यन्वयन नहुँदा जनमानसमा हाम्रो विश्वसनियतामाथि प्रश्न उठ्न सक्छ । तसर्थ यो बजेट पनि कार्यान्वयन हुनुपर्छ भन्ने धारणा राख्न चाहन्छु । साथै आगामी बजेटका विषयमा बजेटको क्षमताअनुसार योजना मात्र अगाडि सार्नू पर्दछ । सभामुख महोदय,

क्षमता भन्दा बढ्दा महत्वकांक्षी योजनाहरू अगाडि सारेर कुरा पूरा हुन नसक्दा, जनतामा निरासा पैदा हुन सक्छ । यसको ठीक ढङ्गले तर्जुमा र व्यवस्थापन गर्न म अनुरोध गर्दछु, गर्न चाहन्छु । सभामुख महोदय, हिजो मात्र सरकारको प्रस्तुत गरेको बजेटमा कर्णाली प्रदेशलाई खासै महत्व नदिएको देखिन्छ । संसद संघीयताको अभ्यास सुरू गरी सक्दा खेरि पनि सरकार नै हावी भएको देखिन्छ, त्यसै पनि हामी प्रतिशत गरिबीको रेखामुनि रहेका जनताको बसोवास गर्ने प्रदेश हो, यसमा अरू प्रदेशलाई हेर्ने र कर्णाली प्रदेशलाई हेर्ने दृष्टिकोण फरक-फरक हुनुपर्छ । यर्थात क्षतिपूर्तिसहित विशेष अधिकारको विशेष व्यवस्था हुनु पर्छ भन्ने धारणा राख्न चाहन्छु । सभामुख महोदय, अन्य प्रदेश र कर्णाली प्रदेशलाई एउटै व्यवहार, एउटै नीति, एउटै मापदण्ड प्रदेश समृद्ध हुन सक्दैन हुन त भिन्नै प्रकारको नीति अधिकार र व्यवस्था हुनु पर्दछ । खाली संघीयतामा एउटा प्रदेश बनाइ दिए अहिले कति बजेट पठाएर मात्र यसको विकास सम्भव छैन । त्यसैले, हामीले पनि आफ्नो भिजन राख्नु पर्दछ र त्यही रोडम्यापअनुसार कामको आधारमा हामी अगाडि बढ्नु पर्दछ । सभामुख महोदय, मैले २/४ कुरा सम्झेको थिएँ, बस्दा बस्दै ठ्याकै यो प्रदेशमा पनि एउटा त्यो १० औं जिल्लामा पहिला यो विनियोजन भै सकेको बजेट १० ओटै जिल्लामा एम्बुलेन्सहरू किन्दिएको भए पनि जनताहरूलाई अलि सुविधा हुन्थ्यो र अर्को कुरा धर्मशाला यहाँ १० ओटै जिल्ला वा यो सुर्खेत जिल्लामा धर्मशाला खोलि दिएको भए पनि अलिकति उनिहरूलाई राम्रो हुने थियो । कयौं गरिबहरू आउँछन् धर्मशालामा बस्न पाउनु पर्छ, उनिहरूले भन्ने मेरो मानसिकतामा अलि त्यो आयो, एउटा गरिबले खाने पनि ठाउँ हुनुपर्छ । जस्तै हङकङ बजारहरू खोल्दापनि यहाँ अलिकता सस्तो यस्तो रोटीहरू पनि तिनीहरूले खान पाउनुपर्छ, जस्तै अब कसैले महङ्गा होटलमा बस्ने होलान्, कोही सस्तो होटलमा बस्नेहरू होलान्, तिनीहरूलाई पनि त्यस्तो खान पाउनुपर्छ भन्ने एउटा त्यो व्यवस्था मिलाएको भए यो सरकारले अझै राम्रो हुन्थ्यो र यो बजेट नीति तथा कार्यक्रम अत्यन्तै राम्रो छ, अझै पनि राम्रोसित लाग्नुहोस् भन्न चाहान्छौ । यति भन्दै आफना दुई शब्द यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा नीतिहरूमा भएको छलफलको क्रममा माननीय सदस्यहरूले दिनुभएको सुझावहरूलाई बजेट र कार्यक्रममा समावेश गर्ने सम्वन्धमा प्रदेश सरकारको धारणा राख्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिलातथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-**माननीय सभामुख महोदय, म माननीय सभामुखमार्फत् प्रदेशसभाको यो गरिमामयय बैठकमा माननीय सदस्यज्यूहरूले उठाएका धेरै महत्वपूर्ण सवालहरूका वारेमा सम्वोध गर्ने प्रयत्न गर्नेछु । हाम्रो छलफल निकै लामो भएको छ । ३ दिन हामीले यो विषयमा छलफल गरेको छौं । त्यसैले छलफल पनि लामो जवाफ पनि लामो भयो भने यो अलि असजिलो हुन सक्छ । त्यसैले

लामो छलफलको छोटो जवाफ दिने प्रयास गर्दछु । लामो छलफल गर्ने अवसर धेरै छन्, अझै आगामी आर्थिक वर्षको निम्ति भर्खर हामी प्री-बजेट डिस्कसनमा उभिएका छौं,पूर्व बजेट छलफल यसको नाम नै पूर्व बजेट छलफल त्यसपछि त नीति कार्यक्रम आउनेवाला छ नीति कार्यक्रममा बृहत त्यसमा हामी छलफल गर्नेछौं । त्यसपछि फेरि बजेट आउने छ, बजेटमा पनि हामी व्यापक छलफल गर्नेछौं र कर्णाली प्रदेशको आगामी आर्थिक वर्ष २०७५/०७६ को एउटा विकासको रोल मोडल विकासको एउटा रोडम्याप कोर्नेछौं । एक्लै त्यो अर्थमन्त्रीले कोर्ने पनि होइन, एक्लै मुख्यमन्त्रीले बनाउने चिज पनि होइन । त्यस कारण सरकार र संसद एउटै सिक्काका २ वटा पाटा हुन्, त्यसकारण सरकार संविधानले, कानूनले सरकार र संसदका कामहरूको आफ्नो परिभाषा गरेको छ तर फेरि पनि एउटा विना अर्को चल्नेवाला छैन, चल्न सक्ने वाला छैन । केही दिन अगाडि संसद अलि समय स्थगित भयो, किन भयो सरकारले बिजनेस दिन ढिलो भयो, त्यसो भए त सरकारले बिजनेस नदिदा संसद चल्दो रहेन्छ,अनि संसद नभए त झनै सरकारको, सरकार निर्माणको जननी भनेको नै संसद हो, जो संसद हुन्छ, सांसदबाट मात्रै सरकार बन्छ, त्यसैले यो अनन्य सम्बन्ध, अन्योन्याश्रित सम्बध छ । एक अर्को कुरा, हामो संविधानले र संविधान बनाइ सकेपछि हामो प्राक्टिसले चेक एण्ड ब्यालेन्स सन्तुलन र नियन्त्रणको व्यवस्था रहेको छ । कोहीले सरकार अलि दाँया बाँया गर्न खोज्यो भने संसदले समाति हाल्छ । अघि पनि एउटा प्रसंग आयो कहिले काहि जवाफदिदा पनि चित्त बुझ्दो रहेन्छ र फेरि जवाफ दिन पर्दो रहेछ । हामीले कर्णाली प्रदेश जो नामाकरण गयौं र राजधानी तोक्यौ त्यसको कार्यान्वयनमा कहिकतै व्यापकरूपमा चाहिँ कार्यान्वयन भएको छ । कहिकतै कमी भएको कुरालाई व्यापक रूपमा संसदज्यूहरूले उठाउनु भयो,अनि त्यसको जवाफ सरकारले दियो अझैचित्त बुझेन, अझै ठोसरूपमा जवाफ दिनपर्यो भने फेरि सोसरहमा उभिन पर्यो त्यसकारण चाहिँ हामीलाई दाँया बाँया गर्ने छुट छैन, सरकारलाई दाँया बाँया गर्न छुट छैन । सरकार र संसदको गाइडलाईनमा चल्छ, संसदको निर्देशनमा चल्छ, संसदले बनाएका नियम कानूनअनुसार चल्छ । त्यसकारण चाहिँ म सबै भन्दा पहिले यो सन्दर्भ जुन फेरि सन्दर्भ हामी छलफल गरिरहेका छौं । अर्थात सरकारको आगामी नीति कार्यक्रम र बजेटको लागि जो पूर्व बजेट छलफल गरेर सुझाव दिएका छौं । ती सुझाव प्रति पूर्णरूपमा हामी इमान्दारीताका साथ कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । यसबाट बिचलित हुन पाइँदैन, त्यसबाट चाहिँ दाँयाबाँया गर्न पाइँदैन भन्नेकुरामा हामी प्रष्ट छौं । माननीयज्यूले यहाँ केही प्रसंगहरू ल्याउनु भएको छ । यो प्री-बजेट हो कि, यो नीति कार्यक्रम हो कि, यो बजेट नै पो होकि, यस्ता खालका प्रसंग पनि छन् ।अलि-अलि चाहिँ यो डुब्लिकेसन जस्तो मलाई पनि अनुभूति भएको छ । प्री-बजेट छलफलका लागि पूर्ण बजेट छलफलका निम्ति जसरी हाम्रो कानूनले र हाम्रो संसद सञ्चालन नियमावलीले हामीलाई जो गाइडलाईन गरेको छ, त्यही गाइडलाईन भन्दा हामी दाँयाबाँया जान

पाइँदैन, फेरि पनि त्यहाँ पनि हामीलाई एउटा निश्चित मार्गदर्शन गरेको छ । त्यसअनुसार हामी चल्नु पर्छ । अब अघि माननीयज्यूले पनि भन्नु भयो, हाम्रो बाध्यता के छ भने आर्थिक कार्यविधि ऐनको दफा ९मा सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउनु पूर्व सरकारका तर्फबाट विनियोजन बिधेकका सिद्धान्त, उद्देश्य प्राथमिकता र प्रमुख नीतिहरू मात्रै नभनेर प्रमुख नीतिहरूलाई सभामा पेश गर्नुपर्ने छ भनेर चाहिँ हामीलाई एक किसिमले निर्देशन गरेको छु । कानूनको निर्देशन हो यो ऐनको निर्देशन हो । यो चाहिँ म एउटा आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतमा मैले शीर्षक बनाएर त्यहाँ चाहिँ त्यो विषय ल्याएको होइन । कानूनले नै यसो गर्ने निदेशन दिएकोले आगामी आर्थिक वर्षको बजेटका लागि अर्थात विनियोजन विधेयकका लागि पूर्व बजेट छलफल गर्नलाई विनियोजन विधेयकका सिद्धान्त केही सिद्धान्त पनि राखु पर्यो । खासगरी बजेटका सिद्धान्त हो यो समग्र नीति कार्यक्रमको सिद्धान्त होइन, अनि उद्देश्यहरू पनि हामीले उलेख गर्नुपर्यो प्राथमिकता पनि दिनुपर्यो र प्रमुख नीतिहरू पनि दिनुपर्यो । अब हामीलाई कहाँ नेर समस्या छ भने बजेटको उद्देश्य र प्राथमिकता ल्याउनु भन्दा पहिले पूर्वबजेटमा उद्देश्य र प्राथमिकता ल्यायो भने यो त बजेट होइन यो पूर्वबजेट हो । त्यसकारण हामीले बजेट ल्याउदा खेरि तपाईहरूको छलफलबाट अझै चाहिँ व्यवस्थित गर्नका लागि उद्देश्य र प्राथमिकता तपाईंहरूको बीचमा प्रस्तुत गरिएको संसदमा प्रस्तुत गरिएको हो । जुन सुझावहरू तपाईंहरूका आएको छन्, कसैकसैले आएका प्राथमिकता चाहिँ एकदमै ठीक छन् भन्नु पनि भयो, कति माननीयहरूले केहो भन्नु भयो, अलिअलि त्यो पनि देखिएको छ । त्यस्तो गरिएको होइन विषय छान्दैजादा खेरि मन्त्रालयले छोटा  बनाउने क्रममा पनि त्यसो भयो कि हामी त्यसको चाहिँ समिक्षा गरौंला । अर्को तिर फेरियो सुरूमा लेखिएको पहिलो प्राथमिकता, दोस्रो प्राथमिकता, तेस्रो प्राथमिकता किटानी नै गर्नुपर्छ तर यहाँ चाहिँ रेट नमिलि आएको छतर यहाँ किटान गर्दा खेरि सुरूमा एउटा लेखुपर्ला, त्यसपछि अर्को लेखु पर्ला, त्यसैले प्राथमिकताहरू त्यसअनुसार जुन सुझाव आएका छन्, त्यसलाई हामीले अझै व्यवस्थित र परिपक्व बनाउने हो भन्नेकुरामा तपाईहरूको बीचमा राख्न चाहन्छु । अनि अब यो जुन चाहिँ पूर्व बजेट छलफलको निम्ति हामीले जुन डकुमेन्ट यहाँ पेश गरिएको छ । त्यसको एउटा आधार भनेको आर्थिक कार्यविधि ऐन भयो नै त्यसले चाहिँ हामीलाई जुन निर्देशन गर्यो त्यसअनुसार गर्यौं । अर्को तिर प्रदेशसभा नियमावलीको दफा १३२ को २ ले पनि हामीलाई प्री-बजेट छलफलको निम्ति बजेट अथवा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसदमा पेश गर्ने भनेको छ । त्यसमा चाहिँ हाम्रो नियममा सिद्धान्त र प्राथमिकता मात्रै भन्यौ ऐनले चाहिँ के भन्यो त भन्दा सिद्धान्त उद्देश्यप्राथमिकता र प्रमुख नीति भने पछि कुरो चाहिँ एउटै हो हुनलाई त्यसले चाहिँ हामी २ वटा कानूनी दस्ताबेजको निर्देशनमा यो चाहिँ दस्ताबेज हामीले त्यहाँ पेश गरेका हौं । अब यो बजेट होइन प्री-बजेट हो । यो बजेटको चाहिँ एक किसिमको गाइड

लाईन हो अथवा बजेट निर्माणको निम्ति एउटा बाट देखाउने दस्ताबेज हो । त्यस कारण बजेटमा आउनु पर्ने सबै ठोस कुरा मूर्त कुरा किटानीका साथ आउनु पर्ने कुराहरू अहिले आउन सक्दैन्थे । त्यसैले भोलि चाहिँ बजेट ल्याउदा खेरि हामीले प्रस्तुत गरेको चाहिँ विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता अनि माननीयज्यूहरूले दिनुभएको सुझावलाई समेटेर हामीले बजेट मूर्तरूपमा ल्याउनुपर्ने हुन्छ, बजेट चाहिँ ठोस रूपमा ल्याउनुपर्दछ । बजेट भनेकोत किटानी कार्यक्रम आउनु पर्यो, किटानी बजेट छुट्याउनु पर्यो । अब अहिले बोले जस्तो गरी बोलेर त मिल्दैन हामीचाहिँ बजेट ल्याउन सक्दैनौ, फेरि त्यो कुरा प्रष्ट हुन्छ र म तपाईलाई सुरूमै के भन्न चाहन्छु भने जुनखालको सिद्धान्तहरू तय गर्यो, जसरी यो चाहिँ दस्तावेजमा हामीले महत्वपूर्ण प्राथमिकता उद्देश्य र नीतिहरू प्रस्तुत गर्यो, त्यसलाई संबोधन नगर्ने गरी अथवा त्यसलाई उपेक्षा गर्नेगरी बजेटआउदैन । यसको गाइडलाईनमा बजेट आउछ, यसमा अझ थप हुन्छ किनभने यसको मात्रै आधारमा होइनकि यो हामीले प्रस्तुत गरेको दस्ताबेज तपाईंहरूको समेत सुझावलाई समेटेर समृद्ध बनाएर बजेट ल्याउछौं । प्रतिबद्धता पनि म तपाईंहरूको बीचमा व्यक्त गर्न चाहन्छु। अनि माननीयज्यूहरूले एउटा प्रसंग ल्याउनु भएको छ,कानून निमार्णको प्रंसग यो धेरै महत्वपूर्ण छ । हामी सुरूवाती अवस्था मै छौं, अब अस्ति बजेट ल्यायौं, छोटो अवधिको बजेट त्यो बाध्यकारी बजेट थियो, किनभने चालु आर्थिक वर्षको निम्ति राष्ट्रिय बजेटमा प्रदेशको निम्ति १ अर्ब २ करोड५ लाख रूपैयाँ छुट्याइएको छ भनेर बजेट छुट्याइयो । अब प्रदेशको चाहिँ कुनै संरचना बनेको थिएन, प्रदेशको चुनाव प्रदेशसभाको चुनाव प्रदेशको सरकार बनेको थिएन । अनि आर्थिक वर्षको अन्तिम तिर आएर चाहिँ सरकार बन्यो तर त्यो पैसा खर्च गर्न पायौं, त्यसकारण त्यो पैसा खर्च गर्नका निम्तिहामीले बजेट ल्याउनु पर्ने थियो त्यस मध्ये पनि ४५ करोड रूपैयाँ पहिलै निकासा दिइसकेको थियो । हामीले बजेट ल्याउनु भन्दा पहिले केन्द्रीय सरकारले नै ४५ करोड रूपैयाँचाहिँ निकासामा दिइसके छ । अनि त्यसमा चाहिँ सबै खर्च पनि भएको हुन सक्थ्यो नि हामीले चाहिँ धेरै खर्च गरेनछौं । ३ करोड ४० लाखमात्रै खर्च भएछ त्यो ४५ करोड खर्च भएको भएपनि त्यस लाई समर्थन गर्न पर्थ्यो, समर्थन गर्न नै बजेट ल्याउन पर्थ्यो उचित, अनुचित, ठीक, बेठीक, अर्को मूल्याङ्कनको पाटो होला, खर्च भयो त भइनै सक्यो, त्यसैकारण चाहिँ हामीले त्यो बजेट ल्यायौं अलिकति चाहिँ हतार पनि भयो, अलिकति अन्योलता पनि भयो । किनकी खास अन्योलता के भयो भन्दा खेरि हामीले यो बजेट खासगरी यो विकास निमार्णका काममा कसरी खर्च गर्ने हामीसँग चाहिँ संरचनागत बे बनेको छैन अथवा कानून पनि बनाउन सक्या छैनौं त्यस्तो अवस्थामा कार्यान्वयन गर्न के उपाय गर्ने होला, यस्तै अन्योलताले हामीलाई चाहिँ अलि समस्या चाहिँ पार्यो । त्यसका बाबजुत पनि बजेट ल्यायौं, त्यसमा खर्च गर्ने प्रतिवद्धता पनि राख्यौं, खर्च गर्न कामको सुरूवात पनि भएको छ । खर्च गर्ने होइन, विकास गर्ने भन्नुपर्यो पनि भन्नुभयो, होइन विकास गर्ने मात्रै भन्ने कुराले त्यो सम्वोध हुन्छ कि हुँदैन विकास निर्माणमा खर्च

गर्ने कार्यक्रममा खर्च गर्ने, खर्च चाहिँ मुलतः २ किसिमका एउटा चाहिँ चालु खर्च, जो चाहिँ नगरौं भन्दा पनि गर्नै पर्छ सकेसम्म त्यसलाई चाहिँ नियन्त्रण गर्ने कुरा होइन होला र तलब त दिनै पर्ने होला सवारी साधनमा कन्ट्रोल गर्न सक्छौं, भत्तामा कन्ट्रोल गर्न सक्छौं, मितव्ययिता हामीले अपनाउन सक्छौ तर चालु खर्च चाहिँ तोकिएको छ सामान्यतया त्यति खर्च हुन्छ । विकास बजेट हाम्रो चाहिँ एउटा दुःखको पक्ष केछ भने विकास बजेट धेरै खर्च गर्न नसक्ने, जुन सबै भन्दा धेरै खर्च हुनु पर्ने हो, यसले पनि हामीलाई त्यही समस्या विकास निमार्णका कार्यक्रमहरूको योजनाहरूको जो चाहिँ योजना छुट्टै हो त्यसको पनि हामीले धेरै खर्च गर्न सकेका छैनौं । खर्चगर्नका लागि २ ओटा पक्ष तपाईहरूको बीचमा म राख्न चाहन्छु । एउटा हामीसँग चाहिँ मेनपावरको पनि कमी रहयो, हामीसँग कार्यान्वयन गर्ने कानूनको पनि कमि रह्यो, हामीसँग खर्च गर्ने यूनिटहरूको कार्यान्वयन निकायको यूनिटहरूको पनि कमी रहयो र खर्च गर्ने भन्या फेरि अर्थ मन्त्रालयले होइन, यो कुरा पनि प्रस्ट हुनुपर्यो । अर्थ मन्त्रालयले जो चाहिँ बजेट प्रस्तुत भयो संसदले पास गर्यो, कानूनी स्वरूप लियो र त्यस पछि कानूनी रूपमा चाहिँ हामीले अख्तियारी सम्बन्धित मन्त्रालयमा पठायौं । भौतिक पूर्वाधार सम्बन्धी भौतिक पूर्वाधार विकास मन्त्रालयमा गयो । समाज, शिक्षा, स्वास्थ्यसम्बन्धी सामाजिक विकास मन्त्रालयमा गयो र पर्यटन उद्योगसम्बन्धी पर्यटन मन्त्रालयमा गयो या चाहिँ शान्ति सुरक्षासम्बन्धी कार्यक्रमचाहिँ आन्तरिक मामिला मन्त्रालयमा गयो । कृषि सहकारीसम्बन्धी अथवा यसरि सम्बन्धित मन्त्रालयमा गयो ।यो कार्यान्वयनको निम्ति मुख्यमन्त्रीको प्रमुख जिम्मेवारी होला अर्थमन्त्रीको पनि जिम्मेवारी होला तर मुलतः कार्ययोजना बनायर कार्यान्वयन गर्ने भनेको सम्बन्धित मन्त्रालयले हो । यसमा त दुई मत हुनु परेन त्यसकारण तपाईंले पास गरेको चाहिँ बजेट सम्बन्धित मन्त्रालयमा छ । कार्यान्वयन गराउन तपाईंले पनि अथवा माननीयज्यूहरूले पनि सहयोगको चाहिँ आवश्यकता होला र हामी छलफल गरौं, मन्त्रीहरू, सांसदहरू यो छोटो अवधि अबत डेढ महिना मात्रै छ । यो डेढ महिना चाहिँ कति खर्च गर्न सकिन्छ, खर्च गरौं, कम खर्च भएन भने अब यसपटकमा चाहिँ आकाशै खसि हाल्छ कि भन्नु पर्दैन किनकी त्यो बजेट फ्रिज भएर केन्द्रको चाहिँ फण्डमा जादैन । त्यो फ्रिज भएर हाम्रै फण्डमा अथवा प्रदेशकै सञ्चित कोषमा आउँछ बरू योचाहिँ १५ दिनमा चाहिँआगामी आर्थिक वर्षको बजेट राम्रो बनाउने सन्तुलन बनाउने पछाडि परेको वर्गलाई कसरी सम्वोध गर्न सकिन्छ, त्यसका निम्ति सबै चाहिँ राम्रो बजेट बनाउने कुरामा लाग्यौं । सबै माननीयज्यूहरूको यसमा चाहिँ पूर्ण सहयोगको अपेक्षा गर्दछु । अब माननीयज्यूहरूले यहाँ पेश गरेका कुराहरूछन्, म एक एक विषयहरूमा गए भने धेरै लामो पनि हुनसक्छ । खासगरी मैले त पूर्वबजेट छलफलमा प्रस्तुत गरेका सवालमा माननीयज्यूहरूको एउटा गम्भीर चिन्ता चाहिँ मैले के देखेंको छु भने यो हामीले जे बोलेको छौं, यहाँ यो डकुमेन्टमा जे बोलेका छौं, त्यो अनुसार बजेट आओस्, पछाडि परेका क्षेत्रलाई

प्राथमिकता दिइने भनिएको छ ।अर्को कुरा चाहिँ बजेट चाहिँ छर्ने काम गर्नु हुँदैन, हामीले नै भनेका छौं, तपाईंले पनि त्यो भन्नुहोला त्यसमा माननीयज्यूहरूको पनि कमिटमेन्ट चाहिँन्छ । अब राष्ट्रमा चाहिँ अलि गतिला अलि फुर्तिला प्रोजेक्टमा छुट्याउ है भनेर चाँहि बडो उर्जा दिने फेरि मन्त्रालयमा गएर चाहिँ २ लाखको योजना पनि पर्यो,यहाँ त ५० हजार नभइ हुँदैन । एउटा बाखी खोर पनि त बनाउन पर्नेछ भन्ने तिर जान थालियो भने फेरि समस्या हुन्छ । छलफल गरौं, साचिकै चाहिँ सल्लाह गरौं यो मैले एक्लै चाहिँ लुकेर बनाएर, केही बहादुरी कमाउनु पर्ने छैन । मैले भने फेरि पनि हिजो सल्लाह गर्ने धेरै अवसर हामीसँग थिएन किनकी हामी हरेक खालका प्रेसरमा थियौं, १५ दिन अब नेट समय छ, हामीसँग तपाईंहरू यहाँ संसद चलिरहेको हुँदा तपाईंहरू पनि यही हुनुहुन्छ । छलफल गरौं र उपयुक्त के हुन्छ । कर्णालीको विकासका लागि एक त सानो स्रोत छ, हैन हामी धेरै लडनु पर्ने पनि छैन, वास्तवमा चाहिँ केन्द्रले त हेपेकै हो । अब यो एउटा चाहिँ प्रदेश सरकारको मन्त्रीले भन्न मिल्छ कि मिल्दैन तर नभने पनि सुख छैन, हामीलाई त ९ अर्बमा खुम्च्याइएको छ । राजश्व यहाँ चाहिँ आज यो वित्तीय आयोगबाट १ जना सहसचिव आउनु भएको थियो हाम्रो मन्त्रालयमा अब यो समानीकरण अनुदान, यो चाहिँ स्थानीय तहलाई दिने सन्दर्भमा छलफलगर्न त्यहाँ पनि हामीले कुरा गर्यौं । अस्ति वित्त परिषद्को बैठकमा सबैभन्दा सिरियसली सबै भन्दा गम्भीर रूपमा पटक-पटक कसैले यो कुरा उठायो भने मैले उठाएकोथिएँ कि राजश्व बाँडफाडमा जनसंख्याको weatige ७० प्रतिशत बनाइयो । हामीले चाहिँ हामीसँग जनसंख्या सानो छ, भूगोल ठूलो छ, भूगोल प्रतिशत १५ अनि जनसंख्याको प्रतिशत ७० भएपछि हामीले राजश्वको चाहिँ हिस्सा कति पाउछौं यसैबाट प्रष्ट हुन्छ । धेरै प्रयत्न गरियो, यो चाहिँ कुन होटलमा चाहिँ, शुभ होटलमा होकि सिदार्थमा हो एउटा कार्यक्रम हुँदा खेरि शुभमा हो क्यार त्यहाँपनि कति जना उपस्थित हुनुहुन्थ्यो माननीयज्यूहरू त्यहाँ पनि बडा गम्भीरताका साथ अब आयोग त बनेको छैन, आयोगका तर्फबाट सचिव आउनु भएको थियो । सचिवहरू सहितको टिमलाई चाहिँ बहुत सिरियसले चाहिँ क्याटागोरी हामीले चाहिँ त्यहाँ कुरा गर्यौं तर फेरि पनि त्यो माइन्ड सेटचेन्ज भएन उस्तै रूपमा चाहिँ ७० प्रतिशत जनसंख्याका weight र १५ प्रतिशत भूगोलको weight अरू त्यसमा पनि भूगोल विकास र त्यो अझ हिजो माननीयज्यूले भने जस्तै डोल्पाको चाहिँ भूगोल करिव २५ सय मात्रै भनेर चाहिँ बजेट छुट्याईएको थियो । २५ सय वर्ग किलोमिटर अनि त्यो चाहिँ सच्चाएका छन् तर त्यस आधारमा बजेट विनियोजन गरेको छ । एक अर्का सशर्त अनुदान जो हो सशर्त अनुदान हाम्रो हातमा केही हुँदैन, जुन निर्धारित कार्यक्रम हो, त्यो कार्यक्रमका लागि बजेट कार्यक्रम र बजेट पठाइदिन्छ । हामीले कार्यान्वयन गरी दिने हो । हामीले त्यसमा दाँयाबाँया चाहिँ बजेट चाहिँ हामीले चलाउन पाउने होइन । त्यो बजेटको चाहिँ सिलिङ्ग धेरै देखिने मात्रै हो, हाम्रो हातमा त्यो अधिकार छैन ।

तेस्रो कुरा भनेको हामीले चाहिँ जसरी समानीकरण अनुदान प्राप्त गयौं नी यो हामीले प्राप्त गरे जस्तै फेरि स्थानीय तहलाई समानीकरण दिनैपर्ने कानूनी बाध्यता छ । ९ अर्ब सम्थिङ्ग बजेट हामीले समानीकरण बजेटबाट पाउने भयौं । राजस्वको त हामीले चालु खर्चनै पुग्दैन होला उस्तै परे पनि विकास बजेटमा हामीले यता ल्याउला भन्ने नै छैन ।अब त्यस पछि ९ अर्ब मध्येको पनि एउटा फेरि शीर्षक थपिन्छ । सात ओटा मन्त्रालयको  शीर्षक छ, प्रदेशसभा सचिवालय शीर्षक छ, अनिअर्को एउटा शीर्षक चाहिँ हामीले स्थानीय तहलाई समानीकरण अनुदान दिने शीर्षक थप्नुपर्छ । केहिन केही त दिनै पर्छ हामीले, १/१ लाख भएपनि दिनु पर्छ । त्यसो हुँदा त्यही बजेट पनि स्थानीय तहलाई फेरि समानीकरण अनुदान भनेको हाम्रो अनुकूल हुँदैन हामीले दिने मात्रै हो। उसले आफ्नो हिसाबले त्यसको चाहिँ बाँडफाँड गर्छ, विनियोजन गर्छ ।त्यस हिसाबले हाम्रो बजेटको सीमा असाध्यै सानो छ । माननीयज्यूहरूसँग म विनम्रताका साथ अनुरोध गर्छु । अर्को कुरा फेरि कर्णालीमा ठूला कुनै प्रोजेक्टहरू चाहिँ सम्वोध भएको पनिदेखिएन, हिजोको बजेटमा त्यहाँ ३ वटा नाका जोड्ने वाटो पनि चाहिँ लहर र चहर भद्रगोल अब कहाँ भन्छ, के भन्छ कसैले नबुझ्ने गरी गोलमटोल बनाऊ छ । रातो किताबमा पनि त्यस्तै आयो भने त त्यो कामै लाग्दैन । अनि अरू सडकको निम्ति चाहिँ बजेट ४ अर्ब भन्नुपर्ने, २ अर्ब भन्नु पर्ने, २५ करोड भन्नुपर्ने अनि हाम्रो बाटाका निम्ति यति अर्ब यति करोड केही पनि भन्या छैन, बजेट छुट्टाईएको छ । त्यस कारणले चाहिँ केन्द्र पनि अझै पनि हाम्रो प्रदेशलाई प्राथमिकता दिए जस्तो देखिँदैन । कार्यक्रम पनि कम आउने राष्ट्रिय गौरवका योजना पनि कम हुने, हामीलाई प्राप्त भएको बजेट पनि कम हुने हो भने पछि हाम्रो सीमा चाहिँ अत्यन्त साघुंरो छ । साघुंरो सीमाभित्र हामीले चाहिँ सर-सल्लाह गरेर यो बजेटलाई अत्यधिक सदुपयोग गर्ने गरी जाऔं ।म चाहिँ माननीयज्यूसँग त्यही  अनुरोध गर्न चाहन्छु ।

अर्को, अब यो पछाडि परेको, पछाडि पारिएको वर्ग क्षेत्र समुदायका सन्दर्भमा हामी सम्वेदनशील हौं । यस भन्दा पहिले ल्याइएको बजेटमा पनि त्यो सम्वेदनशीलता सम्वोध भएको छ । दलितको कहानी माननीयज्यूले बताउनु भयो, महिलाहरूको अवस्थाको कुरा गरौं, सामाजिक विकृतीको विसङ्गति यही नै हामीले दोहर्याइ रहेका छौं, छाउप्रथा, छाउगोठ त अन्त्य गर्नैपर्छ, छुवाछुत घोषणा चाहिँ पालिका वा जिल्ला घोषणा गर्नैपर्छ । घोषणा मात्र गरेर भएन, कार्यान्वयनमा पनि लैजाने होला । यता चाहिँ छुवाछुत मुक्तगाउँपालिका भन्ने त्यहाँ चाहिँ छुवाछुत भै रहने, दलितलाई हेपिरहने ठूलो सानो उच्च निच्च भैरहने, एउटाको घरमा अर्को छिर्नै नपाउने एउटा मान्छेको घरमा अर्को मान्छे छिर्न नपाउने, एउटा मान्छेले अर्को मान्छेलाई छुन नपाईने, एउटाले छोएको अर्कोले खान नहुने, नमिल्ने, त्यो भैरहने हो भने त त्यसको केही अर्थ हुँदैन । प्रदेश सरकारले यसका निम्ति कडा कानूनी व्यवस्था गर्छ, संघीय कानून छ, त्यसको कार्यान्वयन पनि

गर्नुपर्ला, कानूनी व्यवस्था गर्नुपर्ने जरूरी छ, आवश्यकता छ भन्ने कुरा म राख्न चाहन्छु ।

त्यस्तै गरी गुठीको कुरा आयो हामीले चाहिँ अघिल्लो बजेटमा त्यो चाहिँ विषयलाई अलि सम्वोध गर्न छुटाएको जस्तो महसुस मलाई पनि  भएको छ । गुठी समस्याहरूछन् अथवा जग्गासँग जोडिएका सवालहरू जुन छन् । ती सवाललाई चाहिँ यो प्रदेशमाचाहिँ उत्पादनको मुख्य साधन नै जमिन हो । हाम्रो मुख्य साधन यही हो । अब अरू ठाउँमा चाहिँ उत्पादनका साधनहरू परिर्वतन हुन लागेका होलान, उद्योगको विकास अलिअगाडि बढाए होलान, अरू भेगमापनि काम गर्न सकिएला तर हाम्रो कर्णालीको उत्पादनको मुख्य साधन भनेकै जमिन हो । उस्तै परे एक मात्रै साधन जमिन हो भने जमिनसँग जोडिएका चाहिँ सवालहरूको समाधान गर्नैपर्छ, चाहे त्यो सुकुम्वासीको होला, चाहेत्यो भूमिहिनको होला चाहे त्यो गुठीको होला चाहे अन्य समस्याहरू होलान ती समस्याहरूको समाधान गर्नुपर्छ र जो चाहिँ उच्चस्तरीय भूमि समस्या समाधान आयोग बनाउने जो प्रवाधान हामीले अघिल्लो बजेटमा ल्यायौं, त्यो चाहिँ आयोगको कार्यक्षेत्रभित्र गुठीको सवाल पनि जोडिन्छ यी तमाम खालका सहस्याहरू चाहिँजमिनसँग जोडिन्छ । बाढी पीडितवाला, बाढी पहिरोवाला, अलि अलग विषय हो । त्यो चाहिँ तत्काल एउटा चाहिँ प्राकृतिक प्रकोपबाट उत्पन्न भएको समस्या जमिनसँग जोडिएका तिनीहरूको समाधान गर्नैपर्छ, म यो कुरा पनि अबको बजेटमा प्रष्ट रूपमा आउने कुरा विश्वास दिलाउन चाहन्छु । त्यसैगरी रोजगारीको सवाल बडा महत्वपूर्ण छ, गरिबी निवारणसँग यसको सम्बन्ध छ, उत्पादनसँग पनि यसको सम्बन्ध छ,त्यसैले त्यो विषयमा पनि हामी सिरियस हुनेछौं । चालु आ.व.को बजेटमा सम्वोध गर्न नसकिएको एउटा विषय भनेको लैङ्गिक उत्तरदायी बजेट लैङ्गिक उत्तरदायी बजेटको निम्ति त्यो कार्यक्रमको निम्ति एउटा निश्चित बजेटको हिस्सा छुटयाउनै पर्छ । खासगरी महिलाहरूको वृत्ति विकासको, ससक्तीकरणको र उत्पादनसँग महिलाहरूलाई जोड्ने विषयमा एउटा निश्चित समलिङगीमा छुट्याउनुपर्छ, कार्यक्रमसहित बजेट छुट्याउनुपर्छ र बजेटहरूको एउटा प्राथमिकतामा महिला हुनुपर्छ । महिला,दलित, उपेक्षित, सीमान्तकृत वर्ग समुदायहरू बजेटका चाहिँ मुख्य हिस्सादार हुन् भन्ने कुरा म चाहिँ तपाईहरूको विषयमा प्रष्ट पार्न चाहन्छु ।

अर्को कुरा चाहिँ माननीयज्यूहरूले ल्याउनुभयो, यो बिचौलियाहरूको चाहिँ चलखेलको कुरा यसलाई नियन्त्रण गर्ने कुरा सेन्डिकेटलाई नियन्त्रण गर्ने लगायतका कुराहरूलाई पनि हाम्रो चाहिँ आगामी बजेटमा प्रष्ट रूपमा ल्याउने छौं । शिक्षा, स्वास्थ्य धेरै महत्वपूर्ण कुरा हुन्, गरिबीको जुन डिग्री छ, त्यसलाई चाहिँ तल झार्नका निम्ति रोजगारीको अवसरहरू शृजना गर्नुपर्छ । त्यसैगरिफेरिपनि  यो बाढी पीडीतहरूको समस्या बजेटमा पनि सम्वोध गरियो, माननीयज्यूहरूले पनि पटक-पटक ध्यानाकर्षण गराउनु भएको छ, धेरै सिरियस समस्या हो । अर्को वर्षात त आउन थालि सक्यो, पूराना पाल च्यातिसके घर बनाउने कुरा हामीले गरेका छौं । यो वर्षात अगाडि घर बनाउन कति सम्भव हुन्छ

। त्यसकारण तत्कालको समाधान केहो, दीर्घकालीन समाधन केहो एउटा समिति बनाएर त्यसको निम्ति सरकारले यो गठन आदेश अगाडि सारिसकेको छ । त्यस आधारमा चाहिँ बाढी पीडीत समस्या समिति गठन गरेर त्यो समस्या समाधानका निम्ति हामी अगाडि बढने छौं र आगामी बजेटमा पनि यो विषय प्राथमिकताका साथ आउनेछ र आवश्यक बजेट छुट्याईने छ । यस्ता धेरै विषयहरू कृषिको सवाल, धेरै सवाल, अब हामीले २०७५ लाई पर्यटन वर्षका रूपमा चाहिँ मनाउने निर्णय गरेकाछौं । सम्मानननीय प्रधानमन्त्रीले वैशाख १ गते राराबाट सम्वोध गरी सक्नुभएको छ । अहिले यो वर्ष २०७५ साल पर्यटन वर्ष भनेर हामीले घोषणा गरिसके पछि त्यो त्यसका निम्ति ठोस कार्यक्रम र आवश्यक बजेट चाहिँ छुट्याउने छ । यसरी कृषि अर्को प्राथमिकताको विषय होला उद्योग अहिलेनै कति औद्योगिक क्षेत्रमा जान सक्छौ, कमसेकम साना उद्योगहरूका निम्ति चाहिँ हामीले प्राथमिकता दिनु पर्दा जलस्रोतको कुरा छ । अब विधुतीकरण र जलस्रोत एउटा उर्जा उत्पादनको सवाल, त्यसका निम्ति ठूला-ठूला प्राजेक्ट त केन्द्रले गर्ने हो तर हामीले हाम्रो हैसियतले सक्ने चाहिँ जलविद्युत् आयोजनाहरू प्रदेशले आफै निमार्ण गर्नुपर्छ र प्रदेशको समृद्धिको निम्ति चाहिँ अगाडि बढ्नु पर्दछ भन्ने हामीले प्रतिवद्धता जनाएका छौं, सँगसँगै अहिले मान्छेले सबैभन्दा आवश्यक ठान्ने भनेका गाउँमा बिजुली बाल्नेकुरा विधुतीकरणको कुरा योचाहिँ महत्वपूर्ण पक्ष हो र यसलाई चाहिँ बजेटले पनि प्राथमिकतामा राखेको छ । हामीले बजेट विनियोजन गर्दा खेरि अब यसपटक चाहिँ ५० लाख मात्र अब धेरै पटक बोल्नुभयो, माननीय सदस्यज्यूहरूले कार्यान्वयन गर्न सकिदैन कि भनेर मात्र हामीले थोरै बजेट छुट्याएका हौं । अब यो वार्षिक खर्च हुन्छ कि हुँदैन, मैले धेरै भन्न पर्दैन तर यो विषय प्राथमिकतामा पर्छ । फेरि पनि प्राथामिकताको नम्बर १ मा यो कर्णाली प्रदेशको हकमा सडकनै हो । म अन्तिममा तर सबै भन्दा महत्वपूर्ण, सबैभन्दा पहिलो कुरा यो सम्मानित सदनसमक्ष राख्न चाहन्छु कि हामीले पहिलो प्राथमिकता, सबैभन्दा धेरै प्राथमिकता र ठूलो बजेट छुट्याउनै पर्छ । त्यस हिसाबले अरू क्षेत्रलाई नजर अन्दाज गर्ने या कम प्राथमिकतामा राख्ने होइन तर सडक प्रत्येक जिल्लाको, प्रत्येक निर्वाचन क्षेत्रको, सबै पालिकाको निम्ति पहिलो प्राथमिकता नै हो । हामी हवाई यातायातको पनि कुरा गरी रहेका छौं, त्यो पनि प्राथामिकता मानै छ र सडक यातायातको सन्दर्भमा कमसेकम प्रदेशको राजधानी र जिल्ला सदरमुकाम र पालिकाको चाहिँ केन्द्रको बीचमा सुगम तरिकाले आवतजावत गर्न सक्नुपर्ला, कमसेकम जिल्ला सदरमुकाम र पालिकाको चाहिँ केन्द्रको बीचमा यातायातको सुविधा हुनुपर्ला यति त आधारभुत कुरा होला नि । यति कुराका निम्ति अबको बजेटमा प्राथमिकता दिनैपर्छ, धेरै सडकहरूको आवश्यकता छ, गाउँगाउँमा सडक चाहिनेवाला छन्तर कमसेकम प्रदेशको राजधानी जोडिने जिल्लाहरूबाट र कमसेकम पालिकाबाट चाहिँ जिल्लाको सदरमुकाम जोडिने कुरा प्रमुख प्राथमिकतामा राख्नै पर्छ । पर्यटकिय स्थलहरूमा पुग्ने, सडक जस्तो चाहिँ राराको विकासको निम्ति

रारामा सडक बाटै पुग्नु पर्यो । रारामा पर्यटन प्रवर्धनगर्न गाह्रो छ अथवा अर्को कुनै ठाउँ छाँयानाथको कुरा होला, अर्को कुनै ठाउँको कुरा होला फेरि पर्यटनको विकासको लागि पनि सडककै विकास गर्नुपर्ने छ । कृषि क्षेत्रको विकासको निम्ति विकास गर्नुपर्यो । फेरिपनि विकास निर्माण चाहियो अथवा जुनसुकै पूर्वाधारको निम्ति, अरू क्षेत्रको विकासको निम्ति, सडक पूर्वाधार पहिलो प्राथमिकतामा पर्छ । यो कुरामा चाहिँ सरकारको ध्यान गएको छ भन्नेकुरा म माननीयज्यूहरूको बीचमा राख्दै अन्तिममा सबै माननीयज्यूहरूले ३ नंसम्म गम्भीरताका साथ एकदम किटानीका साथ बुँदागत रूपमा, ठोस रूपमा जुन सुझावहरू सरकारलाई दिनुभएको छ, ती सुझावहरूलाई आत्मसाथ गरेका छौं । ती सुझावहरू आगामी आर्थिक वर्षको बजेट निमार्णको गाइड लाईनको रूपमा मार्गदर्शनको रूपमा र मुख्य मेरूदण्डको रूपमा हामीले लिनेछौं र तपाईंहरूका सुझावहरू आगामी आर्थिक वर्षको बजेटमा कुनै पनि हिसाबले कुनै न कुनै रूपमा सम्वोध हुने पूर्ण बिश्वास दिलाउँदै म आफ्नो भनाइ यही टुङ्ग्याउछु, धन्यवाद !

**माननीय सभामुख :-** माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७५ का शिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीतिहरूमा भएको पूर्व बजेट छलफलको क्रममा माननीय सदस्यहरूले दिनुभएका सुझाव र मार्गदर्शनलाई समाबेश गरी आगामी आ.व.को बजेट र कार्यक्रममा तयार गर्न सभामार्फत् प्रदेश सरकारलाई निर्देशन दिन्छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ १७ गते बिहिबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या–६
(२०७५ जेष्ठ १७ गते बिहिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको छैटौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायको ध्यानाकर्षण गराउनु पर्ने विषयमा यथास्थानबाट आफ्ना भनाई राख्न माननीय सदस्यका लागि विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री चन्द्रबहादुर शाही, समय ५ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदय, गरिमामय संसदमा हामी उपस्थित छौं । यो संसदलाई गफ गर्ने थलोको रूपमा परिणत नहोस् र यो संसदलाई कामकाजी संसदको रूपमा अगाडि बढाइनु पर्छ । संसदज्यूहरूले यो संसदमा राखेका कुराहरू जनता र यो प्रदेशसँग गासिएको कुराहरू हुन सक्छन्, ती कुराहरूलाई, ती आवाजहरूलाई तत्काल कार्यान्वयन गरिनु पर्छ र अगाडि बढाइनु पर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, अहिले मुलुकभरी  जलवायू परिवर्तनको कारणले गर्दा सिङ्गो नेपाल छटपटिएको छ । त्यो सँगसँगै हाम्रो कणाली प्रदेश, हामीले हिजोदेखि भन्दै आएका छौं भिरालो छ, करालो छ, भिर पाखाहरू धेरै छन्, यसले गर्दा कणालीवासी जनताको थुप्रो क्षति भैरहेको छ, अझै हुन सक्दछ, जतिखेर जे पनि क्षति हुन सक्दछ । हामीले यी कुराहरू यो संसदमा र यो कर्णाली प्रदेशको सरकारसमक्ष राख्दै आएका छौं । थुप्रै आगलागी भैसके थुप्रै धनजनको क्षति भै सक्यो तर जुन क्षतिबाट पीडित जनताले खासै राहात पाएको महसुस जनताले पनि गरेका छैनन् र यो संसदले पनि गरेको छैन । सभामुख महोदय, अहिले हिमालयमा हिउँ छैन, ठण्डि हुने ठाउँमा गर्मी भएको छ, धान नफल्ने ठाउँमा धान फलिरहेको छ, कोदो नफल्ने ठाउँमा कोदो फलिरहेको छ, अनि हिउँ पर्ने समयमा हिउँ आउदैन, पानी पर्ने समयमा पानी आउदैन । आज हामी कर्णालीवासी मात्र होइन सिङ्गो मुलुले यो जलवायू परिवर्तनको जुन वेदना छ, यो भोगी रहेका छन् । मैले यहिँ सँगै गासिएको मेरो निर्वाचन क्षेत्र (ख) मा यही वैशाख १९ गते छोरु गाउँपालिका वडा नम्बर ४ मा रातीको १ बजे त्यो मुसलधारे वर्षाले जनताले लगाई रहेको त्यो बाली बगरमा परिणत भएको छ । गहुँबाली बगरमा परिणत भएको छ । वर्षा धान रोप्नका लागि रहेकाहरू डुबेका छन् । हिउँदको बाली पनि सखाप भयो, वर्षाको बाली पनि रहेन, अब ती जनता कहाँ गएर के गर्नु पर्ने हो, सँगसँगै सिंचाइका कुलाहरू भत्किएका छन्, खानेपानीका टेङ्कीख हरू फोडिएका छन्, पाइपहरू क्षतविक्षत छन्, खोलामा काठका पुलहरू र अन्य पुलहरू पनि क्षतविक्षत छन्, पानी घट्ट कुटानी पिसानी गर्ने ती मेसिनहरू पनि क्षतविक्षत छन् । चौपाया गाई भैसी पनि क्षतविक्षत छन्

। लगाएको गहुँ बाली र बिउ बेर्नाहरू पनि रहेको छैन, जनताहरू कहाँ जाने के गर्ने ? भनेर छटपटिएको अवस्था छ । मैले यो सोरु गाउँपालिकाको पूर्णबहादुर शाहीलगायतका ४५ जनाको अवस्था नाजुक छ, मैले सम्बन्धित अब प्रदेश सरकारका प्रमुख मुख्यमन्त्रीज्यू अनि यहाँ भएकाले मैले यो क्षेत्र तिर ध्यानाकर्षण गर्न म हार्दिक अनुरोध गर्दछु ।

त्यस्तै सभामुख महोदय, यही वैशाख २२ गते खत्याड गाउँपालिका मेरो क्षेत्रको खत्याड गाउँपालिकाको ११ नम्बर वडामा त्यसरी नै बाढी पहिरो जाँदा त्यहाँ स्कुलका टिनका छाना छैन र अहिले बालबच्चाहरू विद्यार्थी भाई बहिनीहरू त्यो रूखमुनि र अन्य अर्काको छहारीभित्र बसेर पठन पाठनको अवस्था गुजारी रहेका छन् । त्यहाँ लगायका गहुँबाली र अन्य बेर्नाहरू पनि नष्ट भएका छन् । अरू चौपाया वस्तुको ठूलो क्षति भएको छ, यतातिर पनि सरकारको ध्यान जानु पर्छ र मैले भन्न खाजेको कुरा के भने यो कसैलाई काखा र कसैलाई पाखा गर्ने नीति अब सरकारको हुनु हुँदैन भन्ने कुराहरू म यहाँ राख्न चाहन्छु । किनभने कुनै ठाउँमा बाढीपहिरो जादा कुनै ठाउँमा जनतालाई मर्का पर्दा खेरि हेलिकप्टर उडाएर जाने तर कुनै ठाउँमा सुनाई बोलाइ पनि नगरीकन चुप लागेर बस्ने यो नीति ले ठीक हुन सक्दैन समानुपातिक ढङ्गले सरकार र सरकारमा रहेका माननीय मन्त्रीज्यूको ध्यान जानु पर्छ । कि काग कराउदै गर्छ पिना सुक्दै जान्छ, हामी यहाँ कुरा राख्दै गर्ने माननीय मन्त्रीज्यूले सुन्दै गर्ने समय गुज्रिदै गर्ने अवस्था नआओस् भन्ने म राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री मिनासिंह रखाल, समय ५ मिनेट ।

**माननीय श्री मिनासिंह रखालः-** माननीय सभामुख महोदय , सदनमा आज आफूलाई उपस्थिति गराउन पाउदा म आज असाध्यै दुःखी छु । कि अहिले दैवीक प्रकोपको कारणले हरेक ठाउँमा बालीनाली नष्ट हुनका साथै धेरै ठाउँमा घरका छानाहरू छैनन् । धेरै ठाउँको स्कुलहरू उजाड भएका छन् । धेरै ठाउँका गरिब दुःखीहरू आज चौतारीका छहारीमा बस्ने अवस्था आइ रहेको छ । मेरै दैलेख जिल्लाको यस २०७५ जेष्ठ १० गतेको कुरा महाबु गाउँपालिका वडा नम्बर २ बडाखालामा एउटा स्वास्थ्य चौकी थियो, त्यहाँका जनताहरू दैलेख आउन हिडेर दिनैभरी लाग्ने गाडीमा २ र ३ घण्टा लाग्ने र त्यस ठाउँबाट उहाँहरूले उपचार पाइरहेको अवस्था थियो । आज त्यो वैशाख, जेष्ठ १० गतेको हुरीले त्यहाँको स्वास्थ्य चौकी उजाड भएको छ । त्यहाँका औषधीहरू सबै हावाहुरीले कहाँ पुर्यायो थाहाँ छैन, अहिलेसम्म पनि त्यो स्वास्थ्य चौकी बन्द छ । त्यहाँका जनताहरूले विकल्प पनि पाएका छैनन्, कहाँ जाने कसरी जाने र हामीलाई स्थानीयतहले दिन पर्ने सुविधा हो कि प्रदेशसभाले दिनुपर्ने सुविधा हो कि अथवा केन्द्र सरकारले नै दिनुपर्ने हो कि भन्ने जस्ता अन्यौलमा उहाँहरू परिरहनु भएको अवस्था छ । त्यस्तै कुरा आज दैलेखी जनताको केही टमाटर केही आलु लगाएर आफ्नो जिविका उपार्जन गर्न लागिरहेका किसानहरूका लागि पनि टनेलले पास पाएको छैन र टनेलहरू

छैनन् । डाडाँभाटा मात्र छन् र त्यहाँका किसानहरू अति दुःखी भैरहेको अवस्था छ र हाम्रो प्रदेश सरकारको पनि अहिले नियम कानून कुनै पनि नबनेको, नभैरहेको अवस्था र हामीले चाहेर पनि त्यहाँ दिन नसक्ने पनि अवस्था देखिएको तर जनताहरू असाध्यै आत्तिरहेको अवस्था छ । त्यसैले जनताहरू लाई ढिलासुस्ती नहोस् र समयमै हामीले चाहिँ यो कुरालाई सोच राख्नु पर्नेछ र अर्को कुरा अस्ति मात्र हामीलाई गणतन्त्र दिवस मनाउने बेलामा मुख्यमन्त्रीबाट हामीलाई आमन्त्रित भयो, हामी रात्रीभोजमा त्यहाँ उपस्थित भयौं र त्यहाँको हुरीडाडाँले हेर्दाहेर्दै ती टेन्टहरू उडायो भने आज पालमुनि बसिरहेका हाम्रा बाढी पीडितहरू, आज खोलामा बसिरहेका हाम्रा बाढी पीडितहरूले त्यो राती कसरी दिन काटे होलान, तिनीहरूले आज कसरी बसिरहेका होलान् भनेर मलाई असाध्यै, दुःखले मेरो मन छोई रहेको छ । दिनभरि गिट्टी कुट्नु हुन्छ, बेलुकी पनि वास पाईरहेको अवस्था छैन, त्यसैले सभामुख महोदय, म हजुरहरूकोसमक्ष यो सदनकोसमक्ष सबै भन्दा पहिला जस्को छाना उडाएको छ, जसको घर वास छैन, जसले खान पाएको छैन, जसले हिड्न पाएको छैन, त्यसको राम्रो व्यवस्था प्रदेश सरकारले गरोस् भन्ने माग राख्दै विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री झोवा वि.क. ।

**माननीय श्री झोवा वि.क.:-** माननीय सभामुख महोदय, हाम्रो त्यही मुगु काममोरुङ्ग गाउँपालिका वडा नम्बर २ र ४ मा पर्ने २० घर चाहिँ आगोले जलेर नष्ट बनाएछ । त्यही अहिलेसम्म चाहिँ केही हामीलाई के ल्याउने हो कि घर बनाउला भनेर त्यही हाम्रो मुख्यमन्त्री पनि पुगेछ । हाम्रो त्यही केरे, माननीय त्यही, दानसिंह पनि पुगेछ, केन्द्रबाट यो त्यही गोपाल माननीय पनि पुगेछ । अनि अहिलेसम्म पानी खाउला भनेर लोटा पनि छैन । अनि घरमा बसाउला भन्या घर पनि, केही पनि व्यवस्था छैन । यति मात्र छ टेममा चाहिँ केही केही पनि नराखेर सत्यनास बनाएछ । योलाई छिटो भन्दा छिटो व्यवस्था गर्नुहोला, घर बनाउनु होला हाम्रो मुख्यमन्त्रीज्यूले भन्नु भएछ, घर लगाउँला, घर बनाउला भनेर त्यही के रेमाथि त्यही नै भन्याछ, ठेगान गरेछ । योलाई छिटो भन्दा छिटो तिनीहरूलाई व्यवस्था गर्नु होला, त्यहिबाट यो के रे पुवा गाउँमा चाहिँ अनि त्यही भएर खोलाले चाहिँ पुल लस्केर वारीपारी हिड्नु पनि छैन । त्यही पुल नाई, अनि पुल नभएर चाहिँ तीन जना मान्छे चाहिँ खोलाले बगायो र लियो अनि भोटमाथितिर पिछडिएको क्षेत्र जनजाति भन्छन, त्यहिलाई फेरि सबैले हेला नगर्नु होला अगाडि ल्याउनु होला पछि परेको मान्छे अगाडि ल्याएमा हाम्रो सबैको नाम हुन्छन्, अनि अगाडि भएको मान्छेलाई अगाडि लिएमा के को अगाडि यी हुने होला हाम्रो नानी हुँदैन, पछाडि परेको मान्छेले अगाडि लिए पछिमा भयो चाहिँ सबैलाई नाम यता प्रदेशले भोट गर्यो भनेर नाम लेखाउने हो । अनि कुरा चाहिँ सबैले भन्छन अनि दलितलाई अगाडि ल्याउने, महिलालाई अगाडि ल्याउने, पछाडि परेकालाई अगाडि ल्याउने भन्छन । दलितको दलित नै राखेर दलितलाई केही ठेगान, केही पनि छैन, अनि केही राहत उपलब्ध गर्ने हो कि

केही न केही यो दलित नबन भन्ने हो कि त्यही  के रे दलितलाई केही सुविधा दिनु पर्ने हो कि यो भन्दै दुई शब्द यही टुङ्ग्याउछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रीको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारीहरूको सेवालाई व्यवस्थित तथा मर्यादित र पारदर्शी बनाउन, पदाधिकारी तथा सदस्यहरूको कार्य क्षमताको अधिकतम उपयोग गर्न, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूलाई उत्प्रेरित गरी समग्र विकासमा योगदान पुर्याइ, आर्थिक पारदर्शीता कायम गर्नका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियमको परिच्छेद १५ को उपनियम १०५ बमोजिम कर्णाली प्रदेश स्थानीय तहका कर्मचारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सम्मानित सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४माथि छलफलका लागि प्रस्ताव गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशमा सामाजिक सेवा प्रवाह गर्ने गैरसरकारी संघसंस्थाहरूको कामकारबाहीलाई जनमुखी, जनउत्तरदायी, जवाफदेही र पारदर्शी बनाइ, प्रभावकारी नियमन तथा सहजीकरण गर्न गैरसरकारी संघसंस्थाको दर्ता नवीकरण सञ्चालन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गरी गैरसरकारी क्षेत्रबाट सम्पादन हुने सामाजिक तथा विकास मूलक कार्यहरूमा समन्वय कायम गर्दै तिनीहरूको भूमिकालाई व्यवस्थित गर्न आवश्यक भएकाले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४माथि शैद्धान्तिक छलफल गरियोस् भनि सम्मानित सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ माथिको शैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यको लागि समयको निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ लाई शैद्धान्तिक छलफल होस् भनेर माननीय

समाजिक विकास मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको छ । यो अत्यन्तै महत्वपूर्ण विधेयक हो तर अहिले हामी अलिकति गुमराहमा परिरहेको बेला, संघीय कानूनले निदृष्ट बाटो दिन नसकिरहेको बेला, हामीले बनाएको कानून हामीले बनाएको विधेयक, कानूनमा रुपान्तरित हुने बखतमा यसले के कस्तो गर्न सक्छ, यसको चाहिँ व्यवस्थापन हामीले कसरी गर्न सक्छौं भन्ने कुरा आइ रहेको छ । यहाँ हामीले यसलाई दर्ता गर्नेदेखि लगेर, नवीकरण गर्नेदेखि लगेर, यसका मनिटरिङ्गका कुराहरू पनि सबै कुराहरू यहाँ आइरहेका छन् । यो दर्ता गर्नको लागि केन्द्रीय कानून जुन अहिले २०३४ अनुसार गृह प्रशासन अर्थात सिडियो कार्यालयमा हुने भएको छ । त्यो खारेज भएको अवस्था हो कि होइन ? त्यसलाई पनि हामीले एकपल्ट अध्ययन गर्नुपर्छ भन्ने मलाई लाग्छ । यसलाई नवीकरण गर्ने र केही मैले त अलिअलि हेरें, मैले कतै भोलि अन्तर्राष्ट्रिय संस्थाहरू यहाँ आउनलाई पनि कन्जुस्याई गर्ने हुन कि, केन्द्रबाट संघीय सरकारमा आइसके पछि संघमा के हुन्छ ? अन्तर्राष्ट्रिय संस्थाहरू कुन कुन जिल्लामा जाने हिजो तत्कालिन जिल्ला त अहिले पनि छदै छ, कुन कुन क्षेत्रमा जाने भनेर केन्द्रीय सरकारले तोक्ने गर्थ्यो । संस्थामा चाहेर मात्र ल्याउन सक्ने अवस्था चाहिँ रहदैनन् । अहिले आएर केन्द्रले सूचीकृत गर्नु असाध्यै राम्रो कुरा हो । किन जानकारी हुनुपर्छ तर अहिले आएर हामी प्रदेश सरकार अन्तरगत राख्ने, यसले चाहिँ छलफल गर्नुपर्ने, यसको स्वीकृति लिनुपर्ने, अनि यसले चाहिँ यो परिषद्मा राखेका मान्छेहरूको पनि त्यो संस्थाहरूलाई हेर्नुपर्ने, प्रदेश सरकारलाई पनि जानकारी दिनुपर्ने, भन्ने यावत कुराहरू आएका छन् । यो राम्रो हुन सक्ला र पनि आज हाम्रो छलफलले के भन्छ भने संघीय कानूनसँग बाझिएको कुरा हुँदैन, यो स्पष्ट नभएको हुनाले कयौं कर्मचारी हुनुहुन्छ । यो जिल्ला प्रशासनमा काम गरेर, केरे अनुभवहरू चाहिँ बटुलिसक्नु भएको छ । यस्तो अवस्थामा यसलाई चाहिँ सम्माननीय सभामुख महोदय, यो सदनमा पास गर्नु भन्दा पहिला समितिमा पठाइयोस् र समितिबाट व्यापक रूपले छलफल गरेर, समितिबाट फर्केर आओस् भन्ने म चाहिँ प्रस्ताव गर्न चाहान्छ, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री बिन्दमान बिष्ट ।

**माननीय श्री बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, हामी आज सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४माथि शैद्धान्तिक छलफल गरिरहेका छौं । अब, हाम्रो प्रदेशको सन्दर्भमा यहाँको विकासको लागि यहाँको समग्र विकासको लागि सामाजिक संघसंस्थाको महत्वपूर्ण भूमिका रहन्छ । यसलाई प्रदेश सरकारको आवश्यकतामा परिचालन गर्ने आवश्यकता हुन्छ । सोअनुसार हामीले ऐन, नियमको व्यवस्था गर्नुपर्छ भन्ने मेरो आफ्नो ठम्याई हो । अब यसमा प्रवेश गर्दाखेरि यो विधेयकले परिकल्पना गरेको छ, संघसंस्थाहरूलाई दर्ता, नवीकरण, आबद्धता, खारेजीसम्मको सम्पूर्ण अधिकार यहाँ हामीले परिकल्पना गरेको सामाजिक सेवा परिषद्अन्तरगत रहने गरी, यी सबै कार्यको परिकल्पना हामीले गरेका छौं । मैले पनि के विषयमा जोड दिन चाहन्छु त भन्दा खेरि २०३४ को संघसंस्थासम्बन्धी नियम

विस्थापित भएको छ या छैन ? त्यो विस्थापित नभएको सन्दर्भमा संघसंस्थाको दर्तालगायतका कार्यहरू जिल्ला प्रशासन कार्यालयमार्फत् हुने गरेको अहिलेसम्मको अवस्था हो । मेरो सरोकार के हो भन्दा खेरि मेरो सरोकार अब त्यही  जिल्ला प्रशासन कार्यालय अन्तरगत गर्नुपर्छ भन्ने मेरो  सरोकारको विषय होइन । भोलि संघीय कानून निर्माण गर्ने सन्दर्भमा यो विषयलाई कसरी सम्वोध गर्छ संघीय कानूनले, अहिले यो हामीले यहाँ ऐन, बनाउदै गर्दा खेरि भोलि त्योसँग बाझिन जादा खेरि यसले फेरि अथवा संघीय कानूनसँग बाझिएसम्म स्वतः खारेज हुने प्रावधान भएको हुँदाखेरि यसलाई अलिकति हामीले गहिरो छलफल गरेर अगाडि बढ्नु पर्ने आवश्यकता हाला जस्तो मलाई लाग्छ । दोस्रो कुरा यहाँ सामाजिक सेवा परिषद् को एउटा परिषद् गठनको यहाँ व्यवस्था गरिएको रहेछ । यो परिषद् गठन सँग मैले अलिकति विषय राख्न चाहन्छु । यहाँ के भनिएको छ भन्दा खेरि अरू पदेन सदस्य जस्तो छ । खासगरी प्रदेशमा कार्यरत गैरसरकारी संस्था महासंघका पदाधिकारी मध्येबाट, प्रदेश सरकारबाट मनोनित कम्तीमा एक जना महिलासहित दुई जना प्रतिनिधि भनेर यहाँ दुई जना सदस्यको व्यवस्था गरिएको छ । प्रदेश सरकार द्वारा मनोनित एक जना प्रमुख कार्यकारी भनेर ३ जना अब सरकारी सेवा भन्दा बाहिरका अब सामाजिक मन्त्रीको अध्यक्षता रहने गरी व्यवस्था गरिएको छ र अरू दुईओटा मन्त्रालयका सचिवहरू, त्यसपछि गएर प्रादेशिक योजना आयोगको सदस्य एक जना सदस्य रहने व्यवस्था रा.प. द्बितिय श्रेणीको त्यसमा कर्मचारी रहने व्यवस्था गरेको छ । मैले भन्न गरेको कहाँ हो भन्दा खेरि हामी संघसंस्थालाई सामाजिक संघसंस्थालाई नियमन गर्नको लागि त्यसलाई अनुशासित बनाउनको लागि हामीले यो विधेयक ल्याउदै छौं र ऐनको हामीले परिकल्पना गरी राखेका छौं र त्योअनुसारको परिषद् गठन गर्दैछौं । यसको ४ मा व्यवस्था भएअनुसार प्रदेशमा कार्यरत गैरसरकारी संस्था महासंघका पदाधिकारी मध्येबाट, प्रदेशबाट कम्तीमा एक जना महिलासहित दुई जना सदस्य रहने व्यवस्था यो त्यति उपयुक्त हुँदैन कि भन्ने मेरो ठम्याई छ । जसको लागि हामी नियमन गर्नको लागि हामीले परिषद् गठन गर्दैछौं । समिति गठन गर्दै छौं, उसैका प्रतिनिधिहरू यसमा सदस्य रहँदा खेरि त्यसको नियमनमा हैन ? त्यसको केरे रूल एण्ड रेगुलेसन गर्ने सन्दर्भमा कहीं न कहीं समस्याहरू अवरोध आउन सक्छन । त्यसकारणले गर्दाखेरि सामाजिक संघ संस्थासँग अनुभव भएका तर तत्काल सामाजिक संघसंस्थामा कार्यरत नभएका ब्यक्तिहरूबाट यसमा सदस्यता माग गरिनुपर्छ भन्ने कुरा मेरो आफ्नो ठम्याई हो । यसपछि गएर अर्को कुरा यहाँ केरे पूर्णकालिन सदस्यको व्यवस्था गरिएको छ सभामुख महोदय, यसको ६ नम्बरमा यसको प्रदेश सरकारबाट मनोनित भनेर भनिएको छ तर (च) मा अघि मैले पढेको गैरसरकारी संस्था महासंघका एक जना महिलासहित २ जना सदस्य भनेर त्यहाँ व्यवस्था गरेको छ । कर्मचारीको व्यवस्था (ङ) मा गरिएको छ । प्रिन्ट मिस्टेक हो कि के हो हैन ? यसलाई अलिकति सच्याउन आवश्यक होला जस्तो मलाई यसकारणले गर्दाखेरि यसको परिषद्को

हामीले यसको संगठनको फर्मेसन गर्ने सन्दर्भमा पनि अलिकति नयाँ ढङ्गले सोच्न जरूरी छ र त्यसपछि गएर अब यसको कतिपय संघीय कानूनसँग बाझिन सक्ने कुराहरूलाई पनि अहिले अब संघीय कानून भन्दा अगाडि नै यो यो बाझिन सक्छ भनेर परिकपना त गर्न सक्दैनौ तर पनि हैन अलिकति यसलाई हामीले छलफल गरेर अगाडि बढाउन आवश्यकता छ भन्ने मलाई लाग्छ । त्यसपछि गएर अर्को कुरा अब यो हामीले यो ऐनको हामीले परिकल्पना गर्दा खेरि, बनाउदै गर्दा खेरि, मैले फेरि पनि यहाँ जोड दिन चाहन्छु । हामीले सामाजिक संघसंस्था हरूलाई प्रदेशको आवश्यकतामा परिचालन गर्नको लागि प्रदेशको आवश्यकताको क्षेत्रहरूमा त्यो लगानीलाई परिचालन गर्नको लागि हामीले केही बाध्यात्मक व्यवस्थाको आवश्यकता यहाँ व्यवस्था गर्नुपर्छ कि भन्ने मेरो आफ्नो भनाई छ, यसकारण यो छलफल बहस गहिरोसँग गरेर एउटा हामी निश्कर्षमा पुगौं भन्ने कुरा म भन्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ माथिको शैद्धान्तिक छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूका सम्बन्धमा जवाफ पेश गर्न सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू, विशेष गरी यो प्रस्तावित विधेयकमा आफ्ना गरिमामय भनाई राखुहुने दुवै जना माननीय सदस्यज्यूलाई सामाजिक विकास मन्त्रालयको तर्फबाट र मेरोतर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । विकास यो अहिलेको साझेदारी भनेको International Development Partnership हो । Sustnable Development जो २०१५देखि २०३०सम्म अन्तर्राष्ट्रिय नीतिमा हाम्रो सरकारले पनि संयुक्त राष्ट्र संघका प्रतिनिधिसँग हाम्रो प्रतिबद्धता गरेको गोल नम्बर १७ मै के भनेको छ भने अन्तर्राष्ट्रिय साझेदारी भनेको छ । हाम्रो नेपालको संविधान र नेपालका कानून विशेष गरी यो अन्तर्राष्ट्रिय लगानीसम्बन्धी नीतिले पनि विकास साझेदारलाई चाहिँ यथोचित रूपमा व्यवस्थापन गरेको छ । हाम्रो जस्तो प्रदेश, जुन प्रदेशमा सबै विकासका सुचाङ्कहरू पछाडि छन् । यसमा चाहिँ वैदेशिक सहायता र साझेदारी निश्चत रूपमा आवश्यक छ भन्ने छ । त्यो भनि रहँदा हाम्रो प्रदेशका प्राथमिकता क्षेत्रहरू यसलाई सुशासनका हिसाबले, पारदर्शीताका हिसाबले, जवाफदेहीताका हिसाबले, साँच्चिको दिगो विकाससँग आधारित हुने ढङ्गले कसरी हामी विकास साझेदारी परिचालन गर्न सक्छौ भन्ने ढङ्गले यो चाहिँ यो एउटा बिलले परिकल्पना गरेको छ । माननीय सदस्यहरूले उठान गर्नु भएका धेरै विषयहरू चाहिँ जायज छन् । नेपालमा संघसंस्था ऐन दुई खालका छन् । एउटा संघ संस्था दर्ता ऐन, २०३४ मा दर्ता हुन्छन्, जो सिडियोले रजिस्टर गर्नुहुन्छ । अर्को राष्ट्रिय निर्देशन ऐन छ जो गृह मन्त्रालयले दर्ता गर्छ तर त्यसको सम्पूर्ण व्यवस्थापन गर्ने त्यसको रूलिङ्ग गर्ने त्यसको मेकानिजम सबै चाहिँ समाज कल्याण परिषद्ले गर्छ । त्यो

भएको नाताले हामीले पनि यहाँ के गर्यौं भने दर्ता चाहिँ सकेसम्म चाहिँ यही प्रदेशमा कार्यक्षेत्र बनाएर जन्मिएका संस्थाहरू चाहिँ यही प्रदेशमा दर्ता होस् र बाहिरबाट आउने जो छन् NGO हरू जो राष्ट्रिय संस्थाहरू छन् ती सूचीकृत होस् जो INGO हरू भन्छ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू छन्, ती पनि सूचीकृत होस् । त्यसले गर्दा के गर्छ भने यो डुब्लिकेसन हुँदैन । स्रोतमा चाहिँ डुब्लिकेसन हुँदैन भन्ने हो कुनै गाउँपालिकाको कुनै स्थानीय तहमा, कुनै जिल्लामा चाहिँ एकै प्रकृतिका ५ र ६ ओटा संस्थाले काम गर्ने कुनै ठाउँमा नपुग्ने यस्तो खालको पनि अहिले प्रवृत्ति छ । यसलाई पनि नदोहोरिन दिउ भन्ने एउटा हो, अर्को यसको पारदर्शीता कसरी कायम गर्न सकिन्छ । अर्को हाम्रो Country System Country Ownership छ । जुन हाम्रो अन्तर्राष्ट्रिय रूपमै कमिटमेन्ट गरेका विदेशी दाताहरूले कमिटमेन्ट गरेका कुराहरूलाई चाहिँ कसरी यहाँ लगानी गर्न सकिन्छ, लागू गर्न सकिन्छ भन्ने ढङ्गले चाहिँ यो बिलले चाहिँ परिकल्पना गरेको छ । अर्को कुरा त्यो सामाजिक परिषद् हुन्छ । त्यसमा ३ जना सदस्यहरू एक जना सिईयो जस्तो कार्यकारी, त्यो सदस्य सचिव हुन्छ । एउटा गैरसरकारी संस्थाबाट प्रतिनिधित्व गर्ने मध्ये एकजना हुन्छ । अर्को नेपाल सरकारको Second Class Officer तीन जना रहने व्यवस्था छ । अर्को कुरा त्यो परिषद् सामाजिक विकास परिषद् हुन्छ । त्यसमा तीनजना सदस्यहरू एक जना सिइयो जस्तो कार्यकारी सदस्य सचिव हुन्छ । एउटा गैर सरकारी संस्थाबाट प्रतिनिधित्व गर्ने मध्यको एक जना हुन्छ । अर्को नेपाल सरकार को Second Class Officer रहने व्यवस्था छ । त्यो ढङ्गले परिकल्पित माननीय सदस्यज्यूहरू यसमा पनि केही संसोधन गर्नुपर्छ भने माननीय सदस्यज्यूहरूले हाम्रो सामाजिक विकास समितिमा पठाएर घनिभुत रूपमा छलफल होस् यो चाहिँ अझै समृद्ध डकुमेन्टको रूपमा बाहिर आओस् भन्ने म चाहन्छु र यो शैद्धान्तिक छलफलका लागि चाहिँ आज प्रस्तुत भएको छ । यसलाई अझै परिमार्जित गरेर, अझै समृद्ध डकुमेन्टको रूपमा माननीय सदस्यज्यूहरूले बनाउनको निम्ति, हाम्रो गरिमामय बनाउनको निम्ति, आफ्नो एकदमै उल्लेख्य भूमिका दिनुहुनेछ भन्दै यो चाहिँ शैद्धान्तिक रूपमा छलफलका लागि अगाडि बढोस् भन्दै आग्रह गर्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १अनुसार विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूका लागि सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ मा संसोधन पेश गर्नका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा स्मरण गराउन चाहन्छु ।

माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट कर्णाली प्रदेशको गाउँसभा र नगरसभा निर्माण

प्रक्रियासम्बन्धी विधेयक, २०७५ सभासमक्ष शैद्धान्तिक छलफलका लागि प्रस्ताव गर्न सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**माननीय सामाजिक विकास मन्त्री दल रावलः-** माननीय सभामुख ज्यू, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा १ मा अनुसूची ८ र अनुसूची ९बमोजिमका सूचीका कानून बनाउन सक्ने भन्ने व्यवस्था भएअनुसार गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियालाई व्यवस्थित मर्यादित पारदर्शी चुस्त दुरूस्त तथा परिणाममुखी बनाउन आवश्यक भएकाले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम प्रस्तावित गाउँसभा तथा नगरसभा कानून निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन बनेको विधेयक, २०७५माथि शैद्धान्तिक छलफल गरियोस् भनि सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको गाउँसभा तथा नगरसभासम्बन्धी विधेयक, २०७५माथिको शैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समयको निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री करबीर शाही ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको शैद्धान्तिक छलफलमा म सुरूमै संविधानको स्प्रिटका बारेमा थोरै कुरा राख्न चाहन्छु । संविधानले परिकल्पना गरेको नेपालको संविधानले वास्तवमा हामीलाई तीन तहका सरकारहरू बनाउने र तीन तहका सरकार द्वारा नेपाली जनताहरू आफ्ना, नेपाली जनताहरूले आफ्ना अधिकारहरू प्रयोग गर्ने जो अधिकार दिएको छ । यसमा संविधानको स्प्रिट कस्तो देखिन्छ भने सबै भन्दा पहिले संघको निर्माण चुनाव हुने, त्यसमा सरकार बनाउने र त्यसले प्रदेशको कानून निर्माण गर्न केही धारणाहरू बनाइ दिने र प्रदेशको चुनाव पछि स्थानीय तहको चुनाव गर्ने र त्यसले चाहिँ आफ्नो कानूनहरू बनाउने हो जस्तो देखिन्छ । त्यसैले हामी यसै पनि अहिलेको निर्वाचनका कारणले हामी ८ महिनापछि हामी निर्वाचित भयौ र ८ महिना पछि निर्वाचित भएर आउदा हामीले आजको दिनमा गरिरहेका काम आजको दिनमा प्रस्तुत गरिरहेका कानूनहरूले कति व्यवस्थित गर्न सकौला या नसकौला त्यो आफ्नो ठाउँमा छ । तर पनि यो बेला हामीले संविधानले दिएका अधिकारहरूलाई हामीले प्रयोग गर्दै केही कानून बनाउने तहमा छौं । म आज एउटा शैद्धान्तिक छलफलका हिसाबले म एउटा दृष्टान्त यसलाई शैद्धान्तिक छलफल र दफाबार छलफलका लागि सहयोग पुगोस् भन्नको लागि मैले केही दृष्टान्तहरू मात्र भन्न चाहन्छु । वास्तवमा आजको दिनमा यो बेला हामी कहाँ छौं, स्थानीय तहहरू कहाँ छन् र के गर्दै छन्, यो एउटा दृष्टान्त भन्न चाहन्छु । वास्तवमा यो दृष्टान्तले यो सभालाई र भोलि दफावार छलफल र शैद्धान्तिक छलफलमा सहयोग पुर्याउने छ भन्ने मैले आशा लिएको छु । खासगरिकन अहिले स्थानीय तह भन्यौ, हामी प्रदेश भन्छौ, केन्द्रीय

सरकार भन्छौ तर स्थानीयतह होइन स्थानीय निकायमै हामी रुमलिरहेका छौं । हामी प्रदेशको तहमा छौं, अहिले हामी साँच्चै भन्ने हो भने हामी साँच्चै छातीमा हात राखेर भन्दा खेरि दुई तहका दुई ओटा तहले हामीलाई पिरलोमा पारी रहेको वास्तवमा स्थानीय तहले यो बीचको बुखाचा किन आएको होला ? केही कानून निर्माण गरेर पठाउदा पनि त्यो अफ्ठ्यारो पार्ने हो कि भन्ने हिसाबले पनि हेरिरहेको देख्छु । मैले वास्तवमा उनिहरू आज भन्दा ८ महिना पहिला अहिले वर्ष दिन पुगेर यहाँ आउदै छौं । १७ ओटा १८ ओटा कानूनहरू पास गरिसके उनिहरूले उनिहरू अगाडि बढि सके उनिहरू बेलगाम घोडाको जस्तो भएर अगाडि बढिरहेको अवस्था देखिन्छ । जताततै आफ्ना आफन्त आफ्ना आसेपासेलाई डोजर किन्ने हो के भन्छ, उपभोक्ता समितिमा बनाउने जिम्मा लगाएर अगाडि बढिरहेको अवस्था देखिन्छ । यो बेलगाम घोडालाई रोक्नको लागि यो विधेयक यो चाहिने व्यवस्था गर्न बनेको विधेयक सार्थक त होला तर यत्तिकै भरमा धेरै छलफल नगरीकन आजको दिनमा देखिएका समस्याहरूलाई चिर्नका लागि र समस्यालाई सन्तुलन गर्नका लागि वास्तवमा हामीले ख्याल पुर्‍याएनौं ध्यान पुर्‍याएनौं भने यत्तिमात्र यो त खाली हामीलाई सभामा प्रस्तुत गर्ने, टेबुल गर्ने, कसरी जाने भन्ने लेखेको रहेछ भनेर पार लाउने अवस्था देखिन्छ । मैले दुईओटा सवालमा फेस गरेको छु, एउटा सवालमा केन्द्रीय सरकारले प्रस्तुत गरेका पठाइ दिएका ड्राफ्टहरू जस्ताको तस्तै पास गर्ने र पास भयो भनेर भन्ने ५६ जना ५७ जना जम्मा हुने र अगाडि बढ्ने अवस्था देखिन्छ त्यसकारणले हामीले साँच्चै भन्ने हो भने संघीयताको मर्म संघीयताको मुटु प्रदेश हो भने संघीयताका पिल्लरहरू वास्तवमा स्थानीयतह हुन् । आजको दिनमा भन्नु पर्दा मैले यो मञ्चमा उभिएर, यो रोष्टममा उभिएर भन्नु पर्दा खेरि अलिकति थोरै निन्दा गर्नुपर्ने अवस्था देखिन्छ । किन भन्दा हामीले कानून बनाउदा, संविधान बनाउदा, के गल्ती गरिएछ, त्यो गल्ती भनेको वास्तवमा भारतको जस्तो दुईओटा प्रान्त र संघ हुने, स्थानीय तह होइन स्थानीय निकाय हुने अवस्था भएको भए आजको अवस्था आउदैनथ्यो । कतिपय माननीयज्यूहरूले ख्याल गर्नु भएको छ, मसँग सभामुख महोदयमार्फत् भन्न चाहन्छु । वास्तवमा संविधानमा एउटा भ्याकुम देखिन्छ, त्यो भ्याकुम के देखिन्छ भन्दा खेरि तिनले गरेका, गरिरहेका पुनरावलोकन, जिल्ला समन्वय समितिमा गएर यो त तलको सरकार हो, यो त सरकार होइन, समन्वयकारी मात्र हो भन्ने, सिडियो कहाँ गयो हामीभन्दा ठूला हुन्, उनिहरू त्यसकारणले उनिहरूको बोलाएर भन्न त सकौला हजुर निर्णय गराउने ठाउँमा पुग्न सक्दैनौ भन्ने, त्यसकारणले प्रदेशले मैले नेपालको परिकल्पना संविधानले कोही पनि यस्तो नहोला, नहोस्, जहाँ कसैले गरेका निर्णयका पुनरावलोकन गर्न नहुने र पुनरावलोकन नहुने विरूद्धमा केही पनि गर्न नपाईने कहिँ लेखेको छैन होला, तर साँच्चै भन्ने हो भने अहिले स्थानीय तहहरू बेलगाम, त्यो खास गरिकन उनिहरूले दुईओटा व्यवस्थापकीय र कार्यपालिकीय जो अधिकार जोलाई दिएको छ उहि मान्छेले व्यवस्थापकीय उसको चाहिने गर्नुपर्छ । त्यहाँ मिल्दैन पछि गरौंला, ठीक छ तपाईले

भनेको गरिदिउ भनेर भन्दिन्छ, कार्यकारीले गएर उसले आफ्नो बहुमत पुर्याउछ र अर्को निर्णय गरेर अगाडि बढ्छ । साँच्चै भन्ने हो भने बिडम्बना भएको छ, साँच्चै संघीयताले परिकल्पना गरेको स्थानीय तहलाई दिएको अधिकार वास्तवमा स्थानीय तहले ठीक ढङ्गले प्रयोग गरेकि गरेनन् । म त भन्न चाहन्छु, म त यो रोष्टममा गएर भन्न चाहन्छु, वास्तवमा उनिहरूको अधिकारलाई लिमिट गर्ने होइन, अधिकारलाई ठीक ढङ्गले प्रयोग गर्नका लागि हामीले सक्छौं भने संविधानमा संन्देश खोजौ, मलाई लाग्छ, प्रदेशले कोटयाउन पर्ने अवस्था छ । हामीले हाम्रोतर्फबाट केही स्पेस खोजौं र उनिहरूलाई नियमित बनाउनलाई पर्यत्न गरौं, होइन भने संघीयता प्रदेशका मानानीय सांसदहरू, प्रदेशका के भन्छ स-सानो संरचना निर्माणमा वास्तवमा संघीयता धान्न सक्ने देखिदन यो बिडम्बना भन्नु पर्छ । वास्तवमा आजको दिनमा हामीले सबैले बराबरी सबैले जिम्मेवारी त्यही ढङ्गले बुझ्यौ र त्यही ढङ्गले अवस्थाबाट हिड्यौं, माथिकाले अधिकार दिन नचाहने, साँच्चै भन्नुहुन्छ भने एउटा बिडम्बना देखिन्छ । संघले साँच्चै एउटा निर्देशिका दिएको छ, एउटा कार्यविधि दिएको छ, भन्छ के तिमिले कर्मचारी पनि भर्ना गर्न पाउदैनौ, तिमिलाई म पठाउन पनि सक्दैन, काम कसरी भैरहेको होला, तल भन्दा हामीलाई प्रदेशले केही दिने भए देओस् हामीले छुट्टै दिने त केही पनि ठाउँ छैन, हामीले गर्ने यत्ति हो, हिजोको सचिव रिटायर्ड हुने बेला छ, धेरै गाली गर्नु पनि छैन । त्यस कारणले यो अवस्थाबाट अगाडि बढ्नु पर्ने अवस्था छ भनेर उहाँहरू जवाफदेही देखिन्छ । त्यसै कारणले हामीले साँच्चै संघीयताको मर्म, संघीयतालाई ठीक ढङ्गले परिचालन गर्ने, संघीयता कार्यान्वयन गर्ने हाम्रो दायित्व र भूमिका हो भने स्थानीय तहलाई बेलैमा हामीले केही सोचेर ऐन कानून बनाएर लिमिट गर्ने मात्र कुरा होइन । यसलाई नियमित अनुगमन गर्नका लागि पनि केही कुरा सोच्नु पर्ने आजको अवस्था देखिन्छ, बाध्यात्मक अवस्था देखिन्छ । त्यसकारणले मैले यो दृष्टान्त वास्तवमा स्थानीय तहको दृष्टान्त मैले अलिकति धेरै बोले होला, बढ्ता बोले होला, वास्तवमा देखिएको दृष्टान्तलाई सार्वजनिक गर्दिएको हो । यो सार्वजनिक गर्दा नै वास्तवमा राम्रो देखिन्छ । होइन भने भोलि धेरै दौडिसके पछि, दुई वर्ष दौडेको मान्छेलाई २ वर्ष पछि दौडया मान्छेले भेटाउछ कि भेटाउदैन, त्यो पनि अवस्था देखिन्छ, प्रदेशले त उनिहरू लाई भेटाउन सक्ने अवस्था नै छैन । हामीले त्यस कारणले पनि यो वास्तवमा यो अवस्थालाई बेलैमा हामीले विचार पुर्याएनौ र हामीले अगाडि बढाउन सकेनौं भने वास्तवमा उनिहरू बेलगाम हुने जस्तो देखिन्छ । त्यस्तै अब केन्द्रले केही कार्यविधि बनाएर पठाइ दिने स्थानीय स्वायत्त शासन ऐन, एकातिर छ, स्थानीय के भन्छ कार्यविधि एकातिर छ । उनिहरूले एउटा विधि पठाइदिने, त्यो विधिमा टेकेर त्यसलाई व्याख्या गर्ने गरेर अहिले पनि म देख्छु, बेलगाम हिड्ने र अगाडि बढ्ने जो अवस्था देखिन्छ, त्यो अवस्थालाई रोक्न, रोक्नै मैले भन्दिन, वास्तवमा रोक्नका लागि केही प्रर्यत्न गर्नुपर्ने आवश्यकता देखिन्छ । यो आवश्यकतालाई महसुस गरेर वास्तवमा प्रदेशले अहिले ल्याएको यो जो विधेयक छ, जो स्थानीय तह

व्यवस्थापन गर्न बनेको विधेयक, यो विधेयकमाथि गम्भीर छलफल र दफावार छलफल गरेर सकिन्छ । धेरै यसका केस्रा केलाएर थप यसलाई सुझावसहित अगाडि बढाउनका लागि मैले अनुरोध गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुखज्यू, गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ हुन त हामी सबैलाई थाहाँ भएको कुरा हो । घोडा अगाडि बग्गी पछाडि हुन्छ । तर हामीले बग्गी अगाडि घोडा पछाडि गर्यौं । सबै कुरो उल्टो ढङ्गले हामी प्रस्तुत भएका छौं । पहिला स्थानीय तहको निर्वाचन भयो, प्रदेशको भयो, अनि संघको भयो । वास्तवमा पहिला संघको हुनुपर्थ्यो, प्रदेशको हुनपर्थ्यो, अनि स्थानीय तहको हुनुपर्थ्यो । यसले गर्दा खेरि पनि केही अवरोधहरू आएका, कठिनाइहरू आएका भन्ने मलाई लाग्दछ । अब अगाडि हुनुपर्ने पछाडि भयो पछाडि हुनुपर्ने अगाडि भयो यद्यपी त्यति हुँदाहुँदै पनि हाम्रो सरकारले जुन विधेयक ल्याएको छ र अहिले पनि अहिले भर्खरै पनि माननीयज्यूले भन्नु भयो कि ऐन,कानून विहीन ढङ्गले स्थानीयतहहरू सञ्चालन भैरहेका छन् । संविधानमा कतै कतै १ र २ ठाउँमा चाहिँ स्थानीय सरकार भनेर लेखिएको छ तर त्यो सरकार जस्तो सरकार पनि छैन, स्थानीय तह जस्तो स्थानीय तह पनि छैन । कि त तीन तहका सरकार भनेर जुन संघीय सरकार भए पनि अलि सहज हुन्थ्यो होला र विधायिकाहरूले गर्नुपर्ने, निर्माण गर्नुपर्ने कानूनको त्यो अवस्था पनिदेखिन्न । त्यसकारणले यो जुन, यो कानून निर्माण गर्ने प्रक्रिया जुन आइरहेको विधेयक छ । यसले सायद स्थानीय तहहरूलाई सहयोग पुर्याउछ होला र यो छिटो पुग्यो भने हुन त केन्द्रबाट पनि आएका छन्, ड्राफ्टका रूपमा आएका छन् । कसरी जाने भन्ने कुरो तर यसले चाहिँ, प्रक्रियाको कसरी जाने, कुन प्रक्रियाबाट कानून बनाउने र त्यहाँ चाहिँ कानून बेत्ता नहुने, अहिले यस्तो अफ्ठ्यारो छ, उपाध्यक्षले कानूनी कुरा हेर्नुपर्ने र कयौं ठाउँमा कानूनको क नजानेको पनि उपाध्यक्षहरू हुनुहुन्छ, उपप्रमुख हुनुहुन्छ । त्यसको लागि पनि यसले एउटा चाहिँ दिएको छ र तिमिले आफ्ले बनाउन सक्दैनौ भने कानूनी सल्लाह लिएर कानूनी मान्छेहरूलाई राखेर समिति बनाएर अगाडि बढाउन सकिन्छ भन्ने कुरा आइ रहेको छ । त्यस कारणले म चाहिँ सरकारलाई धन्यवाद दिँदै यो शैद्धान्तिक छलफलमा मात्रै होइन यसलाई अब हामीलाई समय छैन र यो हामी भन्दा एक वर्ष अगाडि निर्वाचित भएका छन् । संस्थालाई विना कानून, उहाँहरूले बनाउनु पर्ने कानूनलाई चाहिँ ढिलो गर्नु हुन्न र म त भन्छु यसलाई छिटो भन्दा छिटो हामीले पास गरेर, यसलाई सर्कुलेट गर्नुपर्छ जस्ले गर्दा खेरि यो बेतिथि हुनबाट रोकिन्छ र हामीले दफावार छलफलमा गएर, दिनभरि लगाएर, यसलाई रोकिनु पर्छ भन्ने मलाई लाग्दैन । शैद्धान्तिक छलफल पनि आजै गरेर दफावार छलफल गर्नुपर्छ भने पनि आजै गरेर यसलाई यथासम्भव छिटो पास गरेर, यसलाई गाउँगाउँमा

पठायौं भने र नगरपालिकाहरूमा पठायौं भने सायद उहाँहरूलाई चाहिँ सहजता हुन सक्ला यही कुरा राख्दै म विदा हुन चाहन्छु, हवस् त धन्यवाद ।

**माननीय सभामुख -** माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियासम्बन्धी विधेयकमाथि शैद्धान्तिक छलफलका लागि म उभिएको छु । संविधानको मूल स्प्रिट के छ भने सभामुख महोदय, कानून चाहिँ तीन ओटै तहबाट निर्माण गर्नुपर्छ भन्ने चाहिँ संविधानको मूल स्प्रिट छ । प्रदेश तहबाट कानून बनाइनु पर्छ, स्थानीय तहबाट कानून बनाउनु पर्छ, गाउँसभा र नगरसभाहरू बाट कानून बनाउनु पर्छ, संघीय सांसदबाट कानून बनाउनु पर्छ । संविधानले तीन प्रकारको कानून र तीन प्रकारको विधायिकाबाट बनाउनु पर्छ भन्ने चाहिँ संविधानको स्प्रिट हो । यद्यपी यो बनाउदा, हामीले संविधान बनाउदा, संविधान त रिवाइज हुँदै जाने डकुमेन्ट हो, सभामुख महोदय, संविधान चाहिँ विकसित हुँदै जान्छ, क्रमशः विकसित हुँदै जाने भएको हुनाले, यसलाई हामी कानूनका विद्यार्थीहरू संविधानलाई चाहिँ लिभिङ्ग डकुमेन्ट भन्छौं, यो चाहिँ क्रमशः यसमा चाहिँ सुधार हुँदै, संसोधन हुँदै, रिवाइज हुँदै, जान्छ । आज प्रदेशमा उभिएर स्थानीय सरकारको कानून निर्माण गर्ने बारेमा जहाँ चाहिँ छलफल गर्दै गर्दा विधायकी अधिकार स्थानीय तहलाई दिन जरूरी थियो, त्यहाँ थिएन यसको बारेमा पनि सोच्न छलफल गर्न धारणा बनाउन अहिले चाहिँ जरूरी छ । संविधानको व्यवस्थाका बारेमा हामीले अरू केही भन्न सक्दैनौ त्यो बारेमा संविधानको व्यवस्था के भयो भने नगरसभा र गाउँसभाले कानून बनाउछ भन्ने व्यवस्था भयो तर त्यो व्यवस्थाको लागि प्रदेश कानूनले हामीलाई बनाइ दिनुपर्ने भयो । कार्यविधि सम्बन्धित हामीले प्रदेश कानूनले बनाइदिनु पर्ने व्यवस्था भयो, हामी त्यो बनाउन चाहिँ बाध्य छौं र त्यो बनाउन पर्छ । यद्यपी ढिलो भयो जस्तो प्रश्न केछ भने गत वर्ष स्थानीयको निर्वाचन सम्पन्न भएपछि, स्थानीयले काम के गर्ने भन्ने कुरा केही पनि जानकारी थिएन हेर्नुस् जस्तो स्थानीय कानून जसरी हाम्रो निर्वाचन भए पछि हामीलाई जानकारी थिएन, त्यसै गरी स्थानीय तहले पनि काम कसरी गर्ने त भन्ने जानकारी थिएन । संघीय मन्त्रालयले संविधानका केही एक्सपोर्टहरूलाई, हामीले बोलाएर उसले सोध्यो, स्थानीय तहको निर्वाचन भयो काम चाहिँ कसरी गर्ने ? उहाँहरूलाई निर्देशन के दिने ? सिन्धुपाल्चोकको एउटा गाउँपालिका अध्यक्षले तुरून्तै लेखेर दिनुभयो, एक हप्ता नपुग्दै लेखेर के दिनु भयो भने जिसिओलाई तिम्रो क्षेत्राधिकारभित्र पर्दैन, अब गाउँपालिकाभित्र शिक्षकहरूको सरुवा बढुवाको कुरा मेरो क्षेत्राधिकारभित्र पर्छ भनेर चाहिँ एउटा गाउँपालिका अध्यक्षले निर्वाचित भए लगतै लेखेर दिनु भएछ । संघीय मन्त्रालयले बोलाएर कानूनको केहि, संविधानको केही एक्सपोर्टहरूलाई बोलाएर सौभाग्यबस म पनि त्यही मिटिङ्गमा थिएँ कसरी काम गर्ने भन्नु पर्छ, संविधानको व्यवस्था त यो भयो काम गर्न कसरी गर्नुपर्छ सचिवज्यूले कसरी भन्नु भयो, समग्र छलफल पछि हामीले के निचोड निकाल्यौं भने,

एउटा निर्देशन दिनुपर्यो, तल संघीयतामा यस्तो निर्देशन दिन मिल्छ कि मिल्दैन भन्ने छलफल भयो संविधानले छुट्टै चाहिँ उसले पनि कानून बनाउने भन्या छ, प्रदेशले पनि कानून बनाउने भन्या छ, नयाँ निर्वाचित भएको छ, तल गाउँपालिका अध्यक्षहरू, नगरपालिका अध्यक्ष उसलाई पूरानो सरकारको संघीय मन्त्रालय निर्देशन दिन मिल्छ कि मिल्दैन भनेर संविधानमा छलफल भयो तर कुरा के हो भने कतै न कतै त टेक्नु पर्यो कसै न कसैले त यसको सुरूवात गर्नु पर्यो, त्यसो हो भने संघीय मन्त्रालयले एउटा निर्देशन पठाएर, त्यो निर्देशनले गाउँसभा के रे गाउँपालिका, यो गाउँपालिका र नगरपालिकाहरूले चाहिँ आफ्ना कामहरू अगाडि बढाए । त्यस पछि अहिले त ऐन नै बनेको अवस्था छ । स्थानीय तहको सरकारले कार्य सञ्चालनका बारेमा अब आज हामी जुन ऐनमाथि छलफल गर्दैछौं । यसले कानून जुन ड्राफ्टमाथि छलफल गर्दैछौं, यसले कानून निर्माणका आधारभुत सिद्धान्तहरू तलसम्म गर्न सकिन्छ कि सकिदैन, मान्छेहरूलाई अविश्वास लाग्छ हेर्नुहोस्, भारतमा चाहिँ संविधान बनाउदा पनि बेलायतीहरूलाई त अविश्वासै लाग्यो, थियो, उनिहरूले के भने भने भारतले आफै कानून कसरी बनाउन सकछ, भारतलाई स्वतन्त्रता दिने चलन थियो तर भारतका धेरै कानूनहरू ब्रिटिस पार्लियामेन्टले बनाइ दिन्थ्यो, अहिले पनि भारतमा धेरै प्रचलित कानूनहरू छन् ती बेलायतको संसदले बनाएको थियो । उनिहरूले के भन्थे भने भारतको कानून बनाउने जनशक्ति कहाँ छ, कसरी यिनिहरू कानून बनाए होलान आइपिसि अहिले इन्डियन प्यानल कोट छ, अहिले चाहिँ यता छ, त्यो आइपिसि तपाईको ब्रिटिसहरूले बनाएको हो, ब्रिटिस पार्लियामेन्टले बनाएका कानूनहरू अहिले पनि भारतमा छन् । अब हामीले तल दियौं भने यिनिहरू बनाउन सक्लान कि नसक्लान भन्यो भने बनाउन सक्लान, हामीले पनि १५ सालको संविधान बनाउदा त नेपालमा विज्ञ भएन भनेर ब्रिटिस विद्वान आइभर जेनिङ्गलाई ल्याएर नेपालमा संविधानको ड्राफ्ट गरेको हो । नेपालमा १५ साल त कति वर्ष अगाडि भयो र २०१५ सालमा तर अब चाहिँ के छ भने गाउँसभा, नगरसभाले कानून बनाउन सक्छन कि सक्दैनन् भन्यो भने गाउँसभा र नगरसभाले कानून बनाउनु पर्छ । उनिहरूले बनाएको कानून बढि चाहिँ अर्गानिक हुन्, उनले कानून बनाउनु पर्छ । उनिहरूले बनाएको कानून बढि चाहिँ अर्गानिक हुन्छ । आफ्नो ठाउँमा चाहिँ के छ समस्या भन्ने कुरा जानकारी हुन्छ तर यसले फरक चाहिँ के भयो भने २ र ३ ओटा यसका शिद्धान्त छन्, आज पेश गरेको ड्राफ्टका पनि २ र ३ ओटा शिद्धान्त छन् । गाउँसभा र नगरसभाले बनाएको कानून कम्तीमा प्रदेश कानूनसँग बाझिनु भएन । गाउँसभा र नगरसभाले बनाएको कानून कम्तीमा संविधानसँग बाझिन भएन र संघीय कानूनसँग बाझिन भएन, अनुसूची ८ को विषयमा उहाँहरूलाई, गाउँसभालाई चाहिँ २१ ओटा विषय छन्, त्यसमा सबै अधिकार छ । उहाँहरूले चाहिँ, स्थानीय सरकारले गाउँसभा र नगरसभाले, स्थानीय चाहिँ अनुसूची ८ का २१ ओटा विषयमा त कानून बनाउन पाउछ नै, अनुसूची ९ को साझा विषयमा त हामी प्रदेशमा कति कानून बनाउछौं,

हाम्रो ल्याकत हेरे पछि स्थानीयले कति काम बनाउछ, त्यसपछि हेर्नुपर्ने हुन्छ । त्यसो हुँदाखेरि केहो भने केही विषयमा चाहिँ छलफलको जरूरी छ । यसलाई पारित गर्न त केही समस्या भएन तर केही विषयमा केही छलफलको जरूरी छ भने अहिले गाउँसभा र नगरसभा यो कानून नभएको कारणले जति मिसलिडिङ्ग छ, आज यो कानून बनाए पछि हामीहरूले उहाँलाई लिडिङ्ग गर्न सक्छौ कि सक्दैनौ यसमा प्रश्न छ कि केही दफाहरू छन् जस्तो यसमा कानून बनाउदा हामीले कानूनको शिद्धान्त के छ भने यसलाई भुतप्रभावी कानून बनाउनु हुँदैन । हामीले सुरू मै पढ्दा के भन्छौ भने अहिले कानून बनाएर पहिलेदेखिको मितिमा चाहिँ लागू गर्न हुँदैन भनेर भन्छ । हैन यो कानून अब गाउँसभा र नगर सभाले के गर्नुपर्यो भने कम्तीमा भुतप्रभावी कानून र भविश्य प्रभावी कानून केहो ? भन्ने कुराको त जानकारी हुन पर्यो । ऐनले कतै तपाईको के गर्नुपर्यो भने तपाईले भुतप्रभावी कानून बनाउन हुँदैन है भन्ने कुरा चाहिँ ऐनले गाईडलाईन हुन पर्यो । त्यसो हुँदाखेरि यसमा छलफलको त जरूरी छ, लामो छलफलको जरूरी नभए पनि छोटो छलफलको जरूरी छ । कम्तीमा अहिलेसम्म जुन चाहिँ समस्या छ, गाउँसभा र नगरसभालाई कानून नभएका कारणले जुन समस्या छ । यो कानून हामीले बनाएर पठाइ सकेपछि त्यो समस्या हल हुन्छ कि हुँदैन, त्यो समस्या हल हुन्छ भने चाहिँ पठाउन पर्यो । मैले केही विषयहरू यसमा थप्न जरूरी छ, केही विषयहरू यसमा चाहिँ अल्ली स्ट्रङली राख्नु जरूरी छ । त्यसो हुँदा खेरि यसमा चाहिँ छलफलको जरूरी छ । यी कुरा मैले बडो विनम्रता पूर्वक मैले उहाँहरूलाई यो ऐन, हामी जुन ड्राफ्ट, जुन हामी आज विधेयकमा छलफल गर्दैछौं । यो विधेयकमाथि थप छलफलको जरूरी छ र विकासको मोडल गाउँमा बनाउने ऐनले, विकासको मोडल यही हो कि होइन अघि माननीयज्यूहरूले छलफलमा राख्नु भयो । मैले १ हप्ता अगाडि सोधेको थिएँ, २ हप्ता करिब-करिब दैलेखको सिडियोले भन्नु भयो, ९८ ओटा डोजर दैलेखमा थियो, सभामुख महोदय, विकासको लागि त्यो रेट चाहिँ बढ्यो होला, अहिले भयो भने त्यो बढ्यो होला ९८ बाट १००माथि गए होला भनेपछि उनिहरूले गर्ने विकासको मोडल स्थानीय सरकारले गर्ने विकासको मोडललाई, उनिहरूले बनाउने कानूनलाई हामीले आज बनाइदिएको कानूनले नियमन गर्न सकिन्छ कि सकिदैन ? यसले गाईड लाईन दिन्छ कि दिँदैन भन्यो भने यसमा धेरै विषयहरू थप्न जरूरी छ, यसमा धेरै विषयहरू नयाँ प्रावधान राख्न जरूरी छ, त्यसो हुँदाखेरि मिसलिडिङ्ग हुन्छ । प्रदेशसभाले बनाएको कानूनको सम्बन्धमा मिसलिडिङ्ग हुन भएन । त्यसो हुँदा खेरि यसमा थप छलफलको आवश्यकता देखेँर मैले थप छलफलको आवश्यकताको संकेत, सम्मानित संसदमा गर्छु र त्यो गर्दै मैले आफ्ना भनाइहरू यही अन्त्य गर्छु, सभामुख महोदय, धेरै धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५माथिको शैद्धान्तिक छलफलमा माननीय सदस्यहरूले

उठाउनु भएका विषयहरूका समबन्धमा जवाफ पेश गर्न सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजीक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू, यो माननीयज्यूहरूले आफ्नो धारणा राख्दा खेरि उठाउनु भएको धारणाहरू एकदमै जेन्युन छन् । अत्यन्तै कानूनका दृष्टिकोणले लाभदायक छन् । हाम्रो कानूनहरूलाई डोमेस्टिकेसन गर्नुछ । हामीले हाम्रो प्रदेशको तहमा व्यवहारिक बनाउनु छ । हाम्रो ७९ ओटै स्थानीय तहमा एकदम व्यवहारिक, राम्रा कानून बनाउनु छ । अघि माननीय सदस्यले भने जस्तै भुतप्रभावी कानून होइनन्, भविश्य देख्न सकिने कानून बनाउनु छ, त्यो जरूरी छ । अब संविधानले तीनै तहका सरकारहरूको व्यवस्था गर्यो, तीनै तहका सरकारहरू पनि बने, निर्वाचन सम्पन्न भए, अब हामीले व्यवस्थित ढङ्गले नेपालको संविधानलाई टेकेर अगाडि बढ्न जरूरी छ । त्यो भएको नाताले स्थानीय तहको निर्वाचन भएर सरकारहरू गठन भैसकेको करिब करिब १ वर्ष सम्पन्न भएको छ, एक वर्ष पूरा भएको छ । उहाँहरूले धेरै कानूनहरू बनाउने प्रयास पनि गर्नु भएको छ, वास्तवमा त्यो सह्रानीय होला तर कानून बनाउदा खेरि आफ्नै मर्यादा, आफ्नै गरिमाहरू, थुप्रै क्राइट एरियाहरू छन्, नेपालको संविधान छ, अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग मेल खान्छ, खादैन, कानूनसँग मेल खान्छ कि खादैन, प्रदेश कानून संग मेल खान्छन खादैनन् । यी थुपै खालका क्राईटएरियाहरू उहाँले मिट गर्नु भएको छ कि छैन ? त्यो कुरालाई निर्धारण गर्नको निम्ति त्यो एउटा कानूनी गाईडलाईन पनि हो यो वास्तवमा एउटा त्यहाँका स्थानीय सरकारहरूले बनाउने, गाउँसभाले बनाउने, तपाईको यो नगरसभाबाट बनाउने कानूनहरूलाई अझ पारदर्शी, अझ व्यवस्थित, अझ कानूनसम्मत बनाउनको निम्ति सहज होस् भनेर यो हामीले चाहिँ प्रदेशसभाबाट यो कानून बनाउदैछौं । यसमा फेरि पनि माननीय सदस्यहरूले समितिमा पनि आफ्नो राय छलफल पनि प्रस्तुत गर्नुहुनेछ भन्ने आशा छ । यहाँहरूले चाहिँ आफूले जानेसम्म, आफूले बुझेसम्म, अझ राम्रो कानून बनाउनको निम्ति हामीले यहाँहरूको एकदमै राम्रो इम्पोटेन्ट चाहिँ फिटब्याक, इम्पोटेन्ट नलेज दिनुहुनेछ भन्ने हामीलाई सरकारलाई आशा छ । यसलाई चाहिँ फेरि पनि छोटो रूपमा अघि माननीय सदस्यहरूले भन्या जस्तै यसलाई छिटो गर्नु पनि छ किन भने फेरि आवश्यक छ । एक वर्ष त भैसक्यो अर्को वर्षमा पनि फेरि यस्तै गरेर हिड्न जरूरी मलाई लाग्छ, फेरि पनि अफ्ठ्यारो पर्न सक्छ । त्यो भएको हुनाले छिटो भन्दा छिटो कानून बनाउनको निम्ति पनि माननीय सदस्यज्यूहरूको भूमिका रहने छ भन्नेमा चाहिँ आशा प्रकट गर्न चाहन्छु । यसलाई एकदमै इम्पोटेन्ट कानून भएको नाताले यसमा चाहिँ घनिभुत छलफल र बहस गरेर छिटो भन्दा छिटो यो कानूनको रूपमा चाहिँ, केरे पारित गरिदिनु हुन यो विधेयकलाई पारित गरिदिनु हुन माननीय सदस्यज्यूहरूलाई, सभामुखज्यूमार्फत्, माननीय सदस्यज्यू र गरिमामय संसदलाई म आह्वान गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार विधेयकमा संसोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यलाई कर्णाली प्रदेशको गाउँसभा र नगरसभाका कानून निर्माण प्रक्रियासम्बन्धी विधेयक, २०७५ मा संसोधन पेश गर्नका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा समेत स्मरण गराउँदछु ।

माननीय सदस्यहरू, प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल भइ निर्णयार्थ प्रस्तुत हुने कार्यसूची रहेकोमा कार्यसूचीबाट हटाएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ १८ गते शुक्रबार दिनको ४:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-७
(२०७५ जेष्ठ १८ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको सातौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् प्रदेश सरकारको सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाइहरू राख्न माननीय सदस्यहरूको लागि विशेष समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री पद्मा खड्का, समय ५ मिनेट ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, आज यो दोस्रो अधिवेशनको सातौं बैठक, यो गरिमामय सदनमा मैले अहिले यो भैरहेको निर्वाचन क्षेत्रको विशेष समयमा केही कुरा राख्न चाहन्छु । हिजो मात्रै कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा भारी वर्षाले जो कि यो अहिले जलवायू परिवर्तनको असर हो वा यसलाई के भन्न सकिन्छ । जहाँ एउटै भ्यालीभित्र काहिँ पानी परेको छैन कहिँ वर्षातले ठूलो क्षति पुर्याएको र डुबान भएको हेर्न सकिन्छ । हामीलेदेखि रहेका पनि छौं । हिजो मात्रै वीरेन्द्रनगर बजारको बिभिन्न आसपासमा मुसलधारे पानीले जहाँ विगत धेरै बैठकमा पनि यो विषयलाई सम्झाएको छु । यो वीरेन्द्रनगर बजारको ढल निकासलाई व्यवस्थित गर्नुपर्छ भनेर पटक-पटक यो सदनमा हामीले कुरा उठाइ रहेको अवस्थामा अहिले मैले ध्यानाकर्षण गराउन कहाँ चाहन्छु भने भौतिक पूर्वाधार विकास मन्त्रालयमा यसको जुन अहिले यो बाटोको काम भैरहेको जुन अवस्था छ, जुन गति छ, यो गतिले गर्दा बनाउनु पर्ने संरचना समयमा निर्माण भै नसक्दाको यो परिस्थति हो भन्ने यहाँका जनताले बुझिरहेका छन् । आज जान्न चाहन्छन्, जहाँ एउटा सदरमुकामै, एउटा यति ठूलो, छोटो समयमा आएको पानीले त्यति धेरै क्षति हुन्छ भन्ने अब वर्षातको समयमा यसले कत्तिको असर पर्ला, यो गम्भीर विषयको जनताको जिउ धनसँग जोडिएको विषय छ । त्यसका कारणले गर्दा पनि यसलाई गम्भीर भएर यो जुन काम गरिरहेको निर्माणाधिन रूपमा रहेको बाटोको काम जुन अवस्थामा छ अहिले यसलाई सक्ने यसको अवधि कति हो सक्नुपर्ने यसले कहिलेसम्म हो र यो काममा किन ढिलाई भैरहेको छ । यसको जवाफ यो सदनमा हामीले पाउने आशा गरिरहेका छौं । सँगसँगै बनाइरहेका जुन संरचनाहरू भत्काएर गैरहेको छ, यो अवस्थामा र यहिलाई पुर्ननिर्माण गर्ने कुरामा भत्काउन मात्र ठूलो कुरा होइन, पुनः निर्माण किन ढिलाई भै रहेको छ । यो विषयमा पनि मैले गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । अहिले पनि भन्नुपर्छ पानी आइरहँदा आज हिजोको त्यो पानी आइरहँदा, धेरै आमजनता र सुर्खेतका जनताले, कर्णाली प्रदेशका जनाताले फेरि पनि बाढी पहिरो बढेको छ, पिडा सहनु पर्ने होकि भन्ने जुन चिन्ता उठाइरहनु भएको छ ।

यो समस्या समाधान गर्न हामीले किन विषयवस्तु बनाएर, कानून बनाएर, लागू गर्न सकेका छेनौ, यो विषय पनि मैले ध्यानाकर्षण गर्न चाहन्छु ।

अन्त्यमा, यो गरिमामय सदनमा हामीले बोलिरहँदा जनताको प्रत्यक्ष रूपमा जहाँ जनतासँग जोडिएका विषयवस्तुहरू छन्, ती विषयवस्तुलाई गम्भीर ढङ्गले यस प्रदेश सरकारले लिनेछ भन्ने कुरा म राख्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर बिष्ट, समय ५ मिनेट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** माननीय सभामुख महोदय, विशेषत समसामयिक विषयमा ध्यानाकर्षण गर्न हामी केन्द्रित हुनु पर्दा अहिले यो जो वर्षाको, यो समस्याहरू बनाइ राख्या छ । हिजो मात्रै पनि त्यहाँ यो खजुरा रेन्जलगायत यो दक्षिण तिर पश्चिमतिर पनि समस्याहरू थुप्रै आएको कुराहरू यहाँ पत्रपत्रिकामा पनि आइरहेको छ । यहाँ हामीलाई पनि जानकारी आइ राख्या छ । अब यसले हिजो एक डेढ घण्टाको अन्तरालमा राजमार्ग डुबान हुने स्थिति भयो भने अब कल्पना गरौं, २/३ दिन पानी आयो भने अब सरकारले २/४ ओटा डुङगा बनाएर अगाडि जानुपर्ने, सबै माननीय पेन्टी गन्जी लगाएर त्यतै तिर जान पर्ने परिस्थिति हुन्छ कि त्यो ट्रेनिङ्ग लिनुपर्ने अवस्था देखिन्छ, नभएत यो अवस्था के हो ? फेरि अर्को कुरा यसको जवाफ पनि कसले दिने हो एउटा एकीकृत प्लान हुन्छ नी त्यसको पनि अभाव देखिन्छ । जसरी त्यो ढल मतलब पानी पर्छ, वर्षामा पानी पर्छ भन्ने थाहाँ नपाएर चाहिँ नाप र ईन्जिनियर काम गर्ने ठेकदार हेर्ने नगरपालिका अथवा गाउँपालिकाको, प्रदेशको कुरा होला यो सबै कुरा कसरी बन्न गयो अब त्यहाँ निकास पनि छैन । त्यो रातारात त्यो त्यहाँ त्यसको चाहिँ रेस्क्यु गर्न सकिन्छ । त्यो खालको अवस्था छ, त्यसलाई के गर्न सकिन्छ, मैले विशेष गरी प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।यात रातारात तलबाट केही पाइपलाईन दबाएर हुन्छ या अरू पूर्व तिरबाट त्यसलाई निकास गरेर हुन्छ या अरू के छ, त्यसको वैज्ञानिक विधि त्यो कुरा गर्नुपर्ने अवस्था त्यहाँ देखिन्छ । हैन भने त्यहाँ निकै धनजनको क्षति हुने देखिन्छ । हामीले बेहोरी सक्यौं, बाढी पीडितको कुरा, अब त्यो बाढी पीडितको त हामीसँग रहेकै छ यहाँ समस्या, अब सबै प्राय माननीयज्यूहरूले र म आफैले पनि कयौं चोटि यहाँ उठाइ सक्या छ । बाढी पीडित त त्यतिकै समस्यामा छन्, अब उनिहरू कसरी चाहिँ जिविकोपार्जन गर्ने र कसरी बाच्ने भन्ने एउटा मानवीय एउटा संकट त्यहाँ पैदा भइ रहेको छ । अब यो हिसाबले कति बाढी पीडित हामी जन्माउछौं । त्यसको पनि अब लेखाजोखा गर्नुपर्ने अवस्था छ । त्यसले गर्दा यसको एउटा चाहिँ तुरून्तै के हुन सक्छ, यसको कुराहरू म ध्यानाकर्षण गर्न चाहन्छु ।

अर्को कुरा हामी कहाँ एउटा समस्या यो देशकै पनि समस्या होला हामी कहाँ के छ भने बिजुलीको काम गर्दा पानीको हिसाब नहुने, पानीको गर्दा बाटोको नहुने, अनि एउटा गर्दा अर्कोले सबै भताभुंग पार्नु पर्ने यो खालको जो अवस्था छ । त्यसले गर्दाखेरि एकीकृत प्लानको पनि हामीले सुरूवात गर्न जरूरी छ । त्यो पनि सरकारले अबिलम्ब चाहिँ

एउटा बिलम्ब नगरेर यो कामहरूलाई अगाडि बढाउन पर्छ यो पनि आवश्यकता छ । यो कुरा म यहाँ निवेदन गर्न चाहन्छु ।

अब दोस्रो कुरा भनेको यो बिजुलीको कुरा छ । अब अहिले, मैले पनि त्यति पहिला थाहाँ पाएको थिएन तर अहिले कस्तो लाग्न थाल्यो भने अलि अलि पात हल्लिए पछि बिजुली स्वाट्ट गैहाल्ने, केही वैज्ञानिक प्रविधि त्यहाँ, डिजिटल केही जोइन्ट भएको छ कि हैन खतरा हुन सक्छ नागरिकलाई भनेर हो कि के हो ? अलि अलि पात हल्लियो भने बिजुली स्वाट्टै गैहाल्ने । यो के कारण हो, यो अचम्म भएको छ । अनि मैले हाकिम लाई सोधे यो त के भाछ  यो हामीले कहिल्यै जन्मियदेखि यस्तो हुँदैनथ्यो सुर्खेतमा के भयो भन्दाखेरि अर्कै के प्रविधि भाछ हजुर भन्ने कुरा गर्यो उल्ले पनि अब टेक्निकल कुरा त्यति बुझ्ने कुरा भएन यो सम्बन्धित, कुन मन्त्रालय अन्तरगत पर्छ, बिजुली सायद भौतिक योजना, उर्जा अन्तरगत पर्छ होला, मन्त्रीज्यू यही बिराजमान हुनुहुन्छ । अब उहाँले दिनुहोला अब यो कुरा पनि चाहियो होइन भने अब यो डिजिटल प्रदेश दुनिया भन्ने यो खाली एउटा इन्सल्टिङ्गको विषय भयो । अब खाउ भने खुर्सानी छैन, नपुग्दो के छ र भन्या जस्तो अब बिजुली सिजुली उस्तै परे टुक्कि र झरो खोज्नु पर्ने भयो, यहाँ ठुलै चाहिँ तपाईको अब यो फोरम राखेर कसले मान्ने भयो, योतर्फ ध्यानाकर्षण गर्न जरूरी छ, कस्लाई भन्नु पर्ने हो यो तल जिल्लाको हाकिमलाई भनेर पनि हुँदैन । यो कसरी हुन्छ, एउटा चाहिँ एउटा एकीकृत प्लान बनाएर बिजुलीको विषयमा अनि ४५ साल राजा आउदा खेरि, रातारात बनाउदा खेरिअलि अलि यसो भयो भन्ने कुरा पनि अब त्यहाँ केही कुराहरू सुनियो अब त्यो राजाको बेला भएको संरचना भत्काएर केही गर्नुपर्ने होला । गणतन्त्र नयाँ समाजवाद तिरै जान लागि सक्यौं, खामाखुट्टा उनै प्रयोग गरी राख्ने हो भने के हुन्छ ? त्यसले गर्दा खेरि यो खालको पनि एउटा कति हुन्छ, त्यो काठहरू कति छ, त्यसलाई फालेर राता-रात हामीले चाहिँ त्यहाँ नयाँ प्रविधि कसरी हामीले जोड्न सक्छौं, यो कुरा गर्न जरूरी छ । मैले यो कुरा पनि यहाँहरूलाई राखे, अर्को कुरा हिजो अस्ति मलाई २/३ जना पत्रकारहरूले पनि सोध्नु भएको थियो, पब्लिकले पनि सोध्नु भयो, मैले एक दिन त्यहाँ रोष्टमबाट मैले राखेको थिएँ, विषय अब यो बैठक सुरू हुँदा खेरि हाम्रो आधा घण्टा यो २ घण्टा लेख्या रहेछ त्यसमा अब कमसेकम २ घण्टा पछि नभए पछि अर्को सूचना हुने, त्यो त्यति अब ख्याल पाइएन भन्न त मिलेन, मैले त्यो पारित हुने बेला त्यति चाहिँ यस्तै चाहिँ हुलमूलमा भएछ कि क्या हो, त्यसलाई कमसेकम संसोधन गर्न त पाइन्छ होला बिग्रिय पछि गल्ती त सुधार्न पाइन्छ, पाइयो, त्यसलाई आधा घण्टासम्म ल्याउने हो कि । त्यो २/२ घण्टा हाइकाढेर बस्ने, त्यसपछि हरहिसाबै नभएर हिड्ने खालको जो बेतिथि भएको छ, यो खालको कुरा २/२ घण्टा किन राख्नु पर्यो, २ घण्टामा प्रलय, एउटा ठुलै चाहिँ तपाईको कायापलट गर्न सकिन्छ, त्यसले गर्दा त्यसलाई चाहिँ संसोधन गर्न जरूरी छ । अर्को कुरा टाइममा सुरू नहुने कुराले बाहिर एकदम गलत म्यासेज गै राख्या छ । हैन आधा घण्टा नर्मल्ली २/३ घण्टा त अब यसो चाहिँ करिब

करिब दुई ढाइ घण्टा पछि गए पनि हुन्छ भन्या जस्तो भैसक्यो यहाँ त्यसकारण तत्कालै बढिमा चाहिँ तपाईको ५ मिनेट ढिलो हुने कुरा स्वभाविक मानिन्छ । त्यसकारण अबका बैठकहरू एकदम टाइममा सुचारू गर्नु पर्यो, बरू केके कार्य गर्नु पर्छ, बिहानै गरौं, बरू चाहिँ अलि राती अबेरसम्म गरौं, ६ घण्टा सुते पछि चाहिँ अब विज्ञानले भनकै छ, स्वास्थ्यमा चाहिँ कुनै गडबढि हुँदैन त्यहाँदेखि त्यो त अल्छि लाग्ने र त्यो चाहिँ खराबै गर्ने त हो । त्यो भएकाले, यो ढङ्गले सरकारले, सभामुखज्यूले यो कुरालाई थिति मिलाएर अगाडि बढाउन पनि मैले निवेदन गर्न चाहे, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, समय ५ मिनेट ।

**माननीय श्री राजु नेपालीः-** माननीय सभामुख महोदय, हामी धेरै बोल्नु पर्दा मिडियामा देखक्को लागि मात्र बोलेका हौ कि जस्तो लाग्छ । बोल्ने मात्र काम हुने, काम केही नहुने, माईक लिएर बोलिरहने गरी रहेका छौं । यो कुरा यो हिजोको भिषण बाढीले जनताको जनधनलाई सायद असाध्यै दुःख दियो । हिजो किन भने हिड्दै यो समस्या कस्ले ब्यहोर्ने हो जस्तो पनि लाग्यो, केही रूखहरू छन् क्याम्पसका अगाडि, नजिकै वरिपरि बस्ती त्यही छ, बाढी पीडित अथवा अरू केहो त्यो कस्ले हेर्ने हो ? हिजो हिड्दै गर्दा ठूलो पानी आइरहेको, त्यो कहाली लाग्दो, त्यो कहाली मच्चिएको थियो, समुन्द्र जस्तै भैरहेको थियो अनि हामीले आर्थिक विधेयक ल्याउदा धेरै कुराहरू सम्भाव्यता अध्धयन गर्ने, मलाई हिजोसम्म सम्भाव्यता अध्ययन गर्न पाएको भए राम्रौ सँग त्यो ढल निकासको उपाय आउथ्यो कि जस्तो लाग्यो । कहाँबाट ढल निकास गर्ने होला यता बाट बाङ्गेसिमलदेखि लिएर यो खजुरासम्मको ढल निकास कता कुन खोला तिर लाने होला, ईत्राम खोलाबाट ढल निकास गर्दा ईत्राम खोलामा अग्लो भएछ । त्यताको पानी यता आउछ है भन्ने पनि अलि अलि जनताहरूको भावना सुनिरहेको थिएँ मैले अब यताबाट गएको पानी अग्लो हुन्छ उता जादैन ।जादा कहाँ जान थाल्यो बस्तीमा सबै जान थाल्यो त्यो संरचना हिजो को संरचना कहीं कहि ह्युम पाइपमा अलि अलि जाने ठाउ थियो, बीच बीचमा बनाउदा सबै ब्लक भएछन् बन्द भएछन् समस्या ठूलोदेखियो यो समस्यालाई समाधान हामीले कहिले गर्ने होला सधैंभरी बोलि रहेका छौं, हिड्दै छौं, पाइला टेक्दै छौं । त्यस्तै हो बोली रहेका छौं, बोली कस्ले सुन्ने हो, सभामुख महोदयमार्फत् नै कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि प्रदेशसभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू कर्णाली प्रदेशमा आकस्मिक वा प्रत्यासित कारणबाट सिर्जना हुन सक्ने विशेष परिस्थिति भुकम्प, बाढी,

पहिरो, आगलागी, महामारी जस्तो प्राकृतिक तथा गैर प्राकृतिक विपदमा तत्काल चाहिने खर्चको लागि आवश्यक रकम व्यवस्था गर्न प्रदेश आकस्मिक कोषको स्थापना र व्यवस्थित गर्नुपर्ने भएकोले कर्णाली प्रदेससभा नियमावलीको नियम ७ (१) क बमोजिम कर्णाली प्रदेश आकस्मिक कोष विधेयक, २०७५माथि दफावार छलफल सभामा गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा दफावार छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समयको निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय जीवन बहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, यो पहिला पहिला भन्ने गरिन्थ्यो दैवीक प्रकोप दैवले रुचाएन भने पछि यस्तो यस्तो घटनाहरू घट्छन । जस्तो अहिले माननीय सांसदज्यूहरूले भन्नु भयो, त्यो कुरा त अहिले सुनिहालियो तर बिस्तारै के भयो भने दैव भन्ने छदै छैन त, कहाँको दैवीक प्रकोप हुन्छ ? भनेर यही आकस्मिक भएको होला, आकस्मिक त आयो, आकस्मिकै भन्ने मैले बुझेको थिएँ, यही आकस्मिक बिल आएको पनि अहिले एक महिना भन्दा बढि भए जस्तो लाग्छ । यो हेर्दा खेरि त यो आकस्मिक हो कि होइन भन्ने मलाई चाहिँ फिलिङ्ग हुन थाल्यो, के हिजो पनि जो आएका छन्, त्यसकारणले हामी बिलहरू ल्याउदा र बिलको मर्म हेर्दा पनि कति सजग रह्यौ भन्ने कुरालाई पनि भविश्यमा हामीले बुझ्नुपर्छ भन्ने मलाई लाग्छ । मेरा एक दुई ओटा यसमा सुझावहरू छन्, अब प्रस्तावनामा यहाँ लेखिएको छ सभामुख महोदय, भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपदलगायत अन्य आकस्मिक भनेर भनिएको छ र म सुर्खेत आएर बसी सकेपछि एउटा अर्को महत्वपूर्ण शब्द नै थप्नुपर्छ भने मलाई लाग्यो । यो प्रस्तावनामा भुकम्प पछि लेखिने हो बाढीपहिरो पछि लेखिने हो अथवा आगालागि पछि लेखिने हो, त्यो भन्दा अगाडि लेखिने हो, कुन शब्द लेख्दा ठीक होला भन्ने होला लागेको छ मैले लेखेको छु । तर हावाहुरी भन्ने कि हुरीबतास भन्ने, हावाहुरी भनेर हावा पनि चाहिने हो भन्ने कि भनेर हुरी बतास लेख्ने होकि भने यो हुरीबतासले त बिजोगै गर्दो रहेछ, त रूख पनि उक्काइ हाल्ने भाचिहाल्ने त्यस्तो बेलामा पनि हाम्रो यहाँको जनताहरू दौडेर गएर हावा आएकै बेला छ, त्यो रूख चाहिँ भटाभट काटेकै हुँदा रहेछन् । अनि त्यो जहाँ रूख थियो, अहिले बिहान गएर हेर्ने हो भने त त्यहाँ रूख थियो भन्ने कल्पना पनि हुँदैन, त्यसमा के यो अलिकति खतनाक भयो । अब अंग्रेजीमा त साइक्लोन भन्छ, त्यो साइक्लोन भन्ने शब्द चाहिँ नेपालीमा हुरी पनि आयो बत्ताउने भएकोले बतास, त्यसकारण यो शब्दलाई उपयुक्त लाग्यो यो आउदा खेरि परिभाषा भन्नाले आर्थिक मामिला भन्ने कुरो यहाँदेखियो र हाम्रो प्राक्टिसमा अहिले आएको यो आकस्मिक विपद पर्ने कुराहरू जहिले पनि केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा हुने, गाउँतिर, जिल्ला तिर, हामी जिल्ला विकास समिति हुँदा

खेरि सभापतिको अध्यक्षतामा हुने, जिल्ला विकासले गर्ने यता चाहिँ सिडियोको अध्यक्षतामा हुने गर्थ्यो, त्यसकारण यो उपयुक्तता के हो भने मुख्यमन्त्रीको अध्यक्षतामै यो चाहिँ उपयुक्त हो । हामीले चाहिँ भोलि फेरि हुँदा हुँदा अर्थमन्त्रालयले पैसा दिने भएको हुनाले त्यो भयो, के रे अर्थमन्त्रालयले राख्ने शिक्षामा माहामारी आयो भने शिक्षामा चाहिने राख्ने, कृषिमा आयो भने कृषिमा राख्ने हुन सक्छ । यो सबैको हेय भनेको यो व्यक्तिगत भन्ने कुरा होइन संस्थागत कुरो भएको हुनाले यो मुख्यमन्त्रीको उसमा राख्नुपर्छ जस्तो लाग्छ ।

अर्को कुरा हामीले पैसा त राख्यौं १ करोडको कोष भनेका रहेछौं । यहाँ हेर्दा हेर्दै ४/५ ओटा जिल्लामा सभामुख महोदय, सम्माननीय सभामुख महोदय, आगलागी भयो मुगुमा भयो केही राहत दिन सकिएकको छैन, हुम्लामा एक दुई ठाउँमा भयो त्यसरी नै अब हामी गयौं पनि मुख्य डोल्पामा त्यस्तै भयो, धेरै ठाउँमा गयौं, अनि तर हामी राहत दिन जान भन्दा पनि त्यो जस्ता के बटालियन पल्टन नै जाने, मुख्यमन्त्री जानै पर्ने, आन्तरिक मामिला मन्त्री जानै पर्ने, त्यो जिल्लाको माननीय जानै पर्ने सबै जादा खेरि २४ क्विन्टल सामान जाने ठाउँमा चाहिँ अब २० क्विन्टल चाहिँ मन्त्रीज्यूहरूनै जाने, २० क्विन्टल चाहिँ, अनि ४ क्विन्टल सामान लिएर राहत हुन सक्दैन । यसलाई पनि हामीले ख्याल गरौं त्यसकारणले मैले अहिलेको यो परिस्थिति हेरि सकेपछि र यहाँ माननीय संसदज्यूहरूले उठाइरहेको अब सबैभन्दा ठूलो त आपत बिपत त यहिँ हुने वाला छ । यस्तो खालको हो भने मैले भर्खर अहिले माननीय सभामुखज्यू प्रत्येक दिन घरमा गएपछि स्विमिङ्ग खेल्ने कोठाभित्र हुने रहेछ । अब हेर्दा खेरि बाहिर ठिकै जस्तो देखिन्छ,भित्र गएपछि पानी नै पानी हुन्छ । त्यसकारणले कम्तीमा पनि मेरो विचारमा आस्मिक कोष खडा गरिसके पछि २ करोड भन्दा तल नगरौं र संसद पनि त्यस प्रति उत्तरदायी हुने गरी जब फेरि होला अब नेपाली त हामी नेपाली नै हौ । अब मुख्यमन्त्रीज्यूलाई सुर पसेको दिनमा मन्त्रीज्यूलाई सुर पसेको दिन, लौ आइ जाउ भनेर खसाखस दिने काम नगरौं, त्यो भएको खर्च दिएको कुरा चाहिँ पार्लियामेन्टमा चाहिँ पेश गर्ने गरौं । यो पनि यता राख्न मिल्छ, म कानूनको विद्यार्थी होइन, हाम्रो यहाँ कानूनको पनि माननीयज्यूहरू भएको हुनाले त्यसमा चाहिँ सल्लाह दिएर चाहिँ गर्दिन, भयो भने त्यो खर्च भएको अवस्थामा संसदलाई जानकारी गयौं भने त्यो नियन्त्रण होला भन्ने चाहिँ मैले सोचेको छु । त्यस कारण त्यही किसिमले माननीय आर्थिक मामिला मन्त्रीज्यूले त्यही व्यवस्था मिलाएर यसलाई अगाडि बढाइ दिनको लागि सम्माननीय सभामुख महोदय,मार्फत् अनुरोध गर्दै मैले मेरो भनाइ टुङ्ग्याएर म आफ्नो बाटो लाग्छु, हवस् त, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, विपक्षी दलको नेताले जानी जानी शब्द प्रयोग गर्नुहुन्छ । सम्माननीय सभामुख भन्नुहुन्छ, एक पटक, दुई पटक जानी जानी सम्माननीय सभामुख महोदय भन्नु हुन्छ, मत संविधानको विद्यार्थी माननीय नै

भन्नुपर्छ । मैले किनभने सम्माननीय भन्ने व्यवस्थामाथि ६ ओटामा राष्ट्रियसभा, प्रतिनिधिसभासहित सर्बोच्च र त्यता भएको हुनाले म चाहिँ माननीय नै भन्छु, विपक्षीलाई त्यो सुविधा छ । माननीय सभामुख महोदय, कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि हामी छलफलमा भाग लिएका छौं । यसले कोष कसरी स्थापना गर्न सकिन्छ, कोष कसरी सञ्चालन गर्न सकिन्छ, यसको कार्यविधि के हो ? यसको अधिकार चाहिँ कसले प्रयोग गर्छ ? पेश्की कसले माग्छ, हस्ताक्षर कसले गर्छ, फेरि चाहिँ शोधभर्ना गर्नुपर्छ कि, यसको एउटा जनरल प्रोसेस चाहिँ छ । संविधानलेजे चाहिँ हो, राज्यले सुरक्षाको गर्नुपर्छ भन्ने कन्सेप्ट वेयल फर स्टेटको कन्सेप्ट भएको हुनाले चाहिँ यो संविधानको धारा २९२बमोजिम सभामुख महोदय, नागरिकको चाहिँ राज्यले चाहिँ राज्य आधुनिक राज्य चाहिँ प्रोटेक्टर हो । नागरिकको चाहिँ राज्यले सुरक्षा गर्नुपर्छ, एकजना विद्वान छन्, एक जना चाहिँ एफडब्लु फ्रायडले राज्यको कार्यहरू अन्तरगत एउटा स्टेटलाई चाहिँ प्रोटेक्टर पनि भन्या रहेछन् । राज्य चाहिँ नागरिकको संरक्षक हो, संरक्षक हुँदा खेरि आपत पर्यो भने, विपद पर्यो भने पछि प्राकृतिक र चाहिँ गैह्रप्राकृतिक चाहिँ दुई ओटा हिसाबले आपत पर्यो भने स्टेट चाहिँ यसको प्रोटेक्टर हो । हामीले सुरक्षा गर्नुपर्छ भन्ने उद्देश्यसहित चाहिँ यो ऐन, ड्राफ्ट हामीले चाहिँ यो विधेयक चाहिँ हामीले प्रस्तुत गरेको छौं, सरकारले चाहिँ प्रस्तुत गरेको छ । एउटा मोडालिटी यसकोमाथि भए जस्तो चाहिँ यो प्रधानमन्त्रीको मातहतमा भए जस्तै, यो चाहिँ मुख्यमन्त्री र मन्त्रिपरिषद्को कार्यालयमा हुनुपर्छ, यो चाहिँ यो कुरा सच्याउन जरूरी छ, सभामुख महोदय । यसमा दुई तीनओटा, उसमा चाहिँ प्रोभिजनहरूमा खासगरी यो आकस्मिक कोषको सञ्चालन दफा ७ मा छ । प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ भन्नेमा प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भनेर राख्नु पर्ने छ । त्यसको चाहिँ उपदफा २ मा चाहिँ मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत भन्ने ठाउँमा मुख्यमन्त्री वा कार्यालयको सचिव वा तोकिएको अधिकृत रमाथि दुई दफामा मुख्यमन्त्री भन्नाले मुख्यमन्त्री कार्यालयलाई हामीले गर्नुपर्ने छ । रकमको बारेमा चाहिँ एक करोड रूपैयाँ डिजास्टर भएकोमा चाहिँ उक्त पैसा कम हो । तत्काल हुनत यसपछि व्यवस्था के छ भने फेरि पेश्की चाहिँ माग गर्ने पेश्कीकै रूपमा यसको प्रयोग हुन्छ । यो माग गर्ने फेरि चाहिँ यो शोधभर्ना गर्ने प्रोभिजन चाहिँ हो भने केही टेक्निकल, केही चाहिँ यी कामहरू गर्ने, यदि यो पैसा सकियो भने फेरि राखेर फेरि माग गर्ने र त्यसो हुँदा खेरि फण्ड चाहिँ एक करोड भन्दामाथि हुनुपर्छ । दुई करोड, ५ करोडसम्म भयो भने एकदम उपयुक्त हुन्छ । त्यो एक करोड चाहिँ फण्ड कम भयो मेरो विचारमा चाहिँ किनभने त्यो आकस्मिक कोषको लागि पनि त्यो पैसा पुगेन भने फेरि चाहिँ माग्ने अरू प्रक्रियाहरू पूरा गर्न त्यसपछि चाहिँ आगो निभाउन जाने, त्यसो भयो भने त्यो हामी भैरब अर्यालको जय भोलि पढ्थ्यौ, चन्द्र शमसेरले आदेस गर्दा खेरि आगो निभाइ दिनु भन्ने आदेश गर्दा कति ३ महिना ६ महिना लाग्यो चाहिँ घरमा आगो लाग्यो, तह-तह पूरा

गरेरमाथि पुर्याएर, ल त्यसो भए भोलि नै आगो निभाइ दिनुभने जस्तो कतै चाहिँ डिजास्टर भयो, बाढी, पहिरो गयो, आगो लाग्यो, केही गर्यो भने त्यो कोषमा आधा पैसा चाहिँ जाने, आधा पैसा फेरि पेश्कीको व्यवस्था मिलाएर अरू प्रोसेसबाट जाने हो भने अलिकति ढिला हुने हो, त्यसकारण फण्डको बारेमा चाहिँ रिवाइज गरौं, अहिले अब पार्लियामेन्ट चाहिँ एकाउन्टेबल त अटोमेटिक भैहाल्छ । जस्तो कार्यकारीले यसमा चाहिँ बढि केही काम गर्न सक्ने उहाँहरूले चाहिँ पैसाको डेली प्रोसेसरहरूमा पार्लियामेन्टले हिसाब लिनु परेन । उहाँहरूले गर्ने अथोरिटीबाट गर्ने हो, हैन गर्भरमेन्ट अथोरिटीबाट गर्ने हो । तर अघि माननीयले पनि भन्नु भएको थियो, आफ्नो ढङ्गले चाहिँ गर्ने हो कि त भन्ने हो भने पार्लियामेन्ट प्रति चाहिँ सरकार एकाउन्टेबल छ । त्यसकारण एकाउन्टेबल व्यवस्थामा उहाँहरूले केही कार्यकारीले गरेका कामहरूको बारेमा पार्लियामेन्टमा प्रश्न आउन सक्छ । छुट्टै केही प्रोभिजन छ जस्तो मलाई लाग्दैन,त्यसका बारेमा त प्रश्न उठिनै हाल्छ । चेकहरू काहिँ मिस्युज भयो कि भनि हामीले सरकारले मिस्युज गर्दैन भन्ने मान्यता राख्नुपर्छ । मिस्युज पनि स्टेटका आधारमा धेरै मेकानिजमहरू छन् । ती बाट चाहिँ काम गरौंला र पार्लियामेन्ट छदैछ, यसले चाहिँ एकाउन्टिबिलिटी बनाउला, त्यस कारणले यिनै तीन ओटा विषयहरूमा मैले यसलाई रिवाइज गर्न म सम्मानित सदनसमक्ष चाहिँ माननीय सभामुख महोदयमार्फत् म विनम्र अनुरोध गर्छु र म आफ्ना भनाइ यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशको आकस्मिक कोषको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको दफावार छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएको विषयका सन्दर्भमा आफ्ना धारणा राख्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू, म सभामुख महोदयमार्फत्, माननीय सदस्यहरूले प्रदेश आकस्मिक कोष, २०७५ का सम्बन्धमा यो सभामा प्रस्तुत गर्नु भएको सुझावहरूका सम्बन्धमा केही प्रष्ट पार्न, जवाफ दिनका लागि म उपस्थित भएको छु । यो आकस्मिक कोष, नामै आकस्मिक कोष छ । परिभाषामा पनि के भनिएको छ भने, भुकम्प, बाढी, पहिरो, आगजनी, आगलागी, महामारी जस्तो प्राकृतिक तथा गैरप्राकृतिक विपदलगायत अन्य आकस्मिक र अप्रत्यासित, आकस्मिक वा अप्रत्यासित रूपबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल चाहिने खर्चको लागि व्यवस्था गर्न प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २१२बमोजिम कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ भन्ने प्रस्तावना समेत हामीले प्रस्तावित गरेका छौं । यसैबाट पनि यसको अर्जियन्सीको बारेमा मैले धेरै भन्न पर्दैन । जरूरी र छिटो बन्नु पर्ने कानून हो, पास हुनु पर्ने कानून हो, त्यसैले प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रालयले संसद सचिवालयमा यस भन्दा अलि अगाडि करिब

करिब १ महिना अगाडि नै यो विधेयक दर्ता गरिसकेको थियो । अब बीचमा चाहिँ संसदको बैठक पनि हुन सकेन जे होस् सरकारको यो कर्णाली प्रदेश आकस्मिक ऐन छिटो पास गर्नमा असाध्यै धेरै चाहिँ हामी इच्छुक थियौं, इच्छुक छौं । अहिले पनि म माननीयज्यूहरूसँग म अनुरोध गर्न चाहन्छु, आजसम्म त जति समय गयो, गयो, अब चाहिँ छिटो यसलाई पारित गर्नुपर्छ ।

अर्को कुरा यसको परिभाषामा केही परिवर्तन गर्ने कि भन्ने पनि आएको छ । खासगरी अब भुकम्प, बाढी, पहिरो, महामारी, जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद भनि सके पछि यहाँ त धेरै छन् हामी कहाँ हावाहुरी वा त्यसलाई आधिवेहरी पनि भन्न सकिएला त्यसलाई थप्ने कि भन्ने सन्दर्भ आयो, मेरो विचारमा त्यो शब्दहरू धेरै थपेर मात्रै समस्या समाधान हुन्छ जस्तो लाग्दैनलगायत अन्य आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना भएको विशेष परिस्थिति भने पछि यो धेरै कुराहरू यसमा पर्छन । प्राकृतिक वा गैर प्राकृतिक अथवा मान्छे द्वारा सिर्जित कतिपय चाहिने घटनाहरू कसैले कुनै व्यक्तिले वा मान्छेले सिर्जना गरेका घटना पनि हुन सक्छन्, जे होस्, हाम्रो प्रदेशलाई चाहिँ आकस्मिक रूपमा अप्रत्यासी रूपमा तत्काल कुनै घटना भयो र त्यसका निम्ति खर्चको आवश्यकता पर्ने भयो भने त्यो एउटा कोष हामीले एउटा रिजर्भ फण्ड जस्तो हो यो खुरुखुरु चाहिँ तपाईको यो केरे आर्थिक सहायता कोष जस्तो खर्च गरी रहने कोष पनि होइन त्यस्तो चाहिँ घटना भैसकेपछि त्यसका निम्ति चाहिँ तत्काल खर्च गर्नुपर्यो भने धेरै प्रकृया पूरा नगरेर क्याबिनेटले निर्णय गरेर चाहिँ खर्च निकासा गर्ने कुरा हो । त्यसकारणले यो परिभाषामा धेरै शब्दहरू थपि रहन नपर्ला भन्ने मेरो चाहिँ अनुरोध छ । अब यो मन्त्रालय भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय भनेर एउटा चाहिँ प्रस्ताव छ । यसमा खासै यो जहाँ रहे पनि खासै तात्विक अन्तर पर्छ जस्तो मलाई लाग्दैन, कोष रहने हो । खर्च चाहिँ क्याबिनेटले निर्णय गरेर गर्ने हो । त्यसका निम्ति कुनै खर्च गर्ने समिति पनि बनाइ रहने ऐनमा व्यवस्था छैन आवश्यक ठान्दा खेरि पछि कार्यविधि बनाउने कुरा होला तर पनि माननीयज्यूहरूले दिएको सुझावलाई म स्विकार गर्दछु । त्यस्तै गरी यो कोषको रकम अलि बढाउने कि भन्ने सुझाव पनि आएको छ । यो संघीय आकस्मिक कोष ऐन, २०७४ छ म सँग त्यसमा चाहिँ यस्तो व्यवस्था गरिएको छ । संघीय सञ्चित कोषबाट १ करोड रूपैयाँ झिकि त्यस्तो रकम संघीय आकस्मिक कोषमा जम्मा गर्ने गरिएको छ भने पछि १ करोड रूपैयाँ संघीय आकस्मिक कोषमा समेत १ करोड छ । यो एक करोड मात्रै अथवा थारै देखिन्छ नि किन गरिएको हो भने यसलाई चाहिँ अर्को दफाले पुष्टि गर्छ । त्यो भनेको केहो ? भने हामीले प्रस्तावित गरेको दफा ९ मा खर्च रकम सोधभर्ना गर्नुपर्ने भन्ने व्यवस्था छ । जसमा उपदफा १मा प्रदेश सरकारबमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नुपर्ने छ । यो चाहिँ १ करोडमा १० लाख खर्च हुँदा बित्तिकै १० लाख फेरि पुर्ति गर्नुपर्यो अथवा चाहिँ एक करोडै खर्च गर्यो भने फेरि एक करोड चाहिँ जम्मा गर्नुपर्ने, यो स्थायी

रूपमा रहने, यो राष्ट्रिय सभा जस्तो के कहिल्यै पनि चाहिँ यो नघट्ने कोष हो । यो खर्च गने बित्तिकै हामीले फेरि जम्मा गर्नुपर्छ । त्यसैले १ करोडले पनि पुग्छ तर यहाँ चाहिँ सुझाव आइसकेकोले २ करोड यसकोचाहिँ आकस्मिक कोषको रकम २ करोड बनाऊ भन्ने मेरो चाहिँ प्रस्ताव छ । माननीयज्यूहरू यसमा सहमत हुँदाखेरि यसलाई चाहिँ पास गर्न सकिन्छ । माननीय ज्यूका सुझावलाई ध्यानमा राखेर केही प्रस्ताव यहाँ राख्न चाहन्छु । एउटा व्यवस्था गर्ने यो कोषको चाहिँ रकम २ करोड नम्बर २ विधेयकको दफा ७ को प्रदेश आकस्मिक कोष सञ्चालनसम्बन्धी व्यवस्थामा प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ भन्ने प्रावधानको सट्टा प्रदेश आकस्मिक कोषको सञ्चालन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुनेछ भन्ने चाहिँ प्रस्ताव पास गरौं । मेरो चाहिँ अनुरोध आकस्मिक कोषको व्यवस्था सम्बन्धित आर्थिक मामिला तथा योजना मन्त्रालय हुनेछ भन्ने प्रावधानको सट्टामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव अनि निजले तोकेको अधिकृतको दस्तखत हुनेछ भन्ने चाहिँ व्यवस्था गरौं चौथोमा चाहिँ विधेयकको दफा २ परिभाषा को (ग) मा मन्त्रालय भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झिनु पर्छ भन्ने बाक्यासंको सट्टा मन्त्रालय भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झिनु पर्छ भन्ने बनाउँ । पाचौं विधेयकको दफा ८ आकस्मिक कोषबाट खर्चको निकासा माग गर्नेसम्बन्धी व्यवस्थाको उपदफा ३ मा निकासा माग गर्ने र निकासा प्राप्त भएपछि जानकारी गराउने विषयको सम्बन्धमा विधेयकमा भएको व्यवस्थाको सट्टा आकस्मिक कोषबाट खर्चको माग भएमा मन्त्री परिषद्समक्ष पेश गरी निकासा भएबमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रूपमा रकम दिइने छ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी महालेखा परिक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकलाई दिनुपर्ने छ भन्ने प्रावधान राखिने छ । यो व्यवस्था पनि थपौं पाचौंमा, छैठौंमा चाहिँ यहा माननीयज्यूहरूले राम्रै उठाउनु भएको छ । कोषको खर्चको जानकारी चाहिँ संसदलाई दिने अब फुल संसदलाई दिने भन्दा यो सम्बन्धित समितिलाई दिन उचित हुन्छ कि जस्तो मलाई लाग्छ । प्रदेशसभा अन्तरगतको सम्बन्धित समितिलाई चाहिँ यो खर्चको जानकारी उपलब्ध गराउने व्यवस्था गरौं, किन भने त्यो समितिले आफ्नो वार्षिक प्रतिवेदन यही सदनमा फुल हाउसमा पेश गर्छ, त्यसैले म सरकारले सिधै चाहिँ यो संसदको पूर्ण बैठकमा अथवा संसदमा पेस गर्ने भन्दा सम्बन्धित समितिमा पेस गर्ने सम्बन्धित समितिले चाहिँ यो प्रदेशसभामा सदनमा पेश गर्ने व्यवस्था गरौं भन्ने चाहिँ यी ६ ओटा चाहिँ तपाईहरूका सुझावलाई सम्वोध गर्दै, अथवा चाहिँ यो विधेयकमा समेट्ने कुरा गर्दै, त्यसलाई ग्रहण गर्दै, प्रदेश सरकारको तर्फबाट यो विधेयक छिटो भन्दा छिटो पारित गरिदिन यसको अर्जेन्सी, यसको महत्व यसको चाहिँ यो अपरिहार्यतालाई ध्यानमा राखेर, यो सदनले माननीय प्रदेशसभाका सदस्यहरूले, छिटो पारित गरिदिनुहुन म अनुरोध गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा सभामा छलफलका क्रममा माननीय सदस्यहरूले दिनु भएका सुझावहरू विधेयकको अङ्गको रूपमा समावेश हुने गरी संसोधनसहित पारित गरियोस् भनि आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरू कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा सभामा छलफलका क्रममा माननीय सदस्यहरूले दिनु भएका सुझावहरू विधेयकको अङ्गको रूपमा समावेश हुने गरी संशोधनसहित पारित गरियोस् भनि आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेश आकस्मिक कोषको सम्बन्धमा माननीय सदस्यज्यूहरूले राख्नु भएका सुझावहरूलाई समेटी संसोधनसहित यो विधेयक पारित गरिदिनका निम्ति प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा सभामा छलफलका क्रममा माननीय सदस्यहरूले दिनु भएका सुझावहरू विधेयकको अङ्गको रूपमा समावेश हुने गरी संसोधनसहित पारित गरियोस् भनि माननीय आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला ।

फ्लोर-हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेशको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा माननीय सदस्यहरूले दिनुभएका सुझावहरू विधेयकको अङ्गको रूपमा समावेश हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्बसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ २० गते आइतबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-८

(२०७५ जेष्ठ २० गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको आठौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल समाप्त भइ सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई उक्त विधेयक विद्यायन तथा प्रदेश मामिला समितिमा पठाउनका लागि प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सरकारलाई कानूनी सल्लाह प्रदान गर्ने र प्रदेश सरकारलाई विपक्षी बनाइ उच्च अदालतमा दायर भएका मुद्दाहरूमा उपस्थित भइ, प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारका मन्त्रालयहरू, सचिवालय, विभाग वा प्रदेश सरकारका अन्य कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखत जवाफका कानूनी मस्यौदाहरूमा काम गर्ने र प्रदेश सरकारका मन्त्रालयहरू र सचिवालयसँग कानूनी विषयमा आवश्यक सल्लाह गर्ने एवं निर्देशन दिने तथा अन्य कानूनीका कार्यहरू सञ्चालन गर्नका लागि नेपालको संविधान, २०७२ को धारा १६० को उपधारा १ र ७ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानूनी तर्जुमा गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भइ, सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले, उक्त विधेयकमा थप छलफल आवश्यक भएकाले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियमको १०७ बमोजिम उक्त विधेयक विद्यायन तथा प्रदेश मामिला समितिमा पठाउन सम्मानित सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल गर्न आवश्यक भएकाले सम्बन्धित समितिमा पठाउन उपयुक्त छ भनि प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो प्रस्तवको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
फ्लोर-हुन्छ ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
हुन्न भन्ने आवाज सुनिएन ।
तसर्थ, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाशर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५मा थप छलफल गर्न आवश्यक भएकाले समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राखु भएको प्रस्तावमा सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली २०७४ को नियम १०६ मा उल्लेख भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रीको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष सैद्धान्तिक छलफलका लागि प्रस्ताव गर्न समय दिन्छु ।
**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सेवालाई व्यवस्थित, मर्यादित तथा पारदर्शी बनाउन पदाधिकारी तथा सदस्यहरूको कार्य क्षमताको अधिकतम उपयोग गर्न स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूलाई उत्प्रेरित गरी, समग्र विकासमा योगदान पुर्याइ, आर्थिक पारदर्शीता कायम गर्नका लागि प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६ बमोजिम कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल गरियोस् भनि सम्मानित सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद !
**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समयको निर्धारण गरेकोछु।
सर्वप्रथम माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट ।
**माननीय श्री हिमबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, सबभन्दा पहिले स्थानीय तहको जनप्रतिनिधिहरूको सुविधा सम्बन्धमा प्रस्तुत विधेयकमाथि सैद्धान्तिक छलफलको सुरूवातमा मेरै पालो आयो । संविधान को धारा २२२ उपधारा २ (१)बमोजिम गाउँपालिका र संविधानको धारा २१५ को उपधारा ४ बमोजिम गाउँपालिकामा गठित कार्यकारी सदस्य र संविधानको धारा २८२ उपधारा २ (१) र २९४ मा नगरपालिकाको गठनमा निर्वाचित प्रतिनिधिको जुन सेवा सुविधाका वारेमा यहाँ प्रस्तुत

भएको विधेयक छ । यस विधेयकमाथिको सैद्धान्तिक छलफलमा साधारण तथा केही न केही हेरफेर गरेर केही न केही संशोधन गर्न आवश्यक छ । यस बारेमा लामो चर्चा गरी रहन आवश्यक छैन । यस धारामा बाहिर आएको कुरा के छ भने कार्यकारी सदस्यहरूले निर्वाचित सदस्यहरू भन्दा हामी सुविधामा के रे, कमजोर पर्नुको कारण के हो ? किन हो भनेर अत्यन्तै आवाज दिइरहेका छौं । यस बारेमा हामी समेतलाई, प्रदेश सरकार र प्रदेशसभा समेतलाई यसले अलि अशुद्धियुक्ति ल्याएको छ । यसबारेमा केही विचार पुर्याउन सकिन्छ वा सकिदैन सरकारले नै सुरू गर्नुपर्ने हो, यसबारेमा म लामो भन्न चाँहदैन ।

जुन यो विधेयक प्रस्तुत भएको छ । यसबारेमा मेरो अत्यन्तै अलिकति सभामुख महोदयमार्फत् प्रदेश सरकार एवं प्रतिनिधिसभाको ध्यानाकर्षण गर्न चाहन्छु । संविधानको धारा २२७ मा स्पष्ट रूपमा गाउँसभा र नगरसभासम्बन्धी गरिएको व्यवस्थामा गाउँ सभा र नगर सभाको सञ्चालन एक र त्यसको कार्यविधि दुई समितिको गठन, तीन सदस्यको पद रिक्त हुने अवस्था, चार गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा पाँच गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुनु पर्ने छ भनि उल्लेखित छ वटा स्पष्ट आएको छ । ६ वटा विधेयक मध्ये बीचबाट टिपेर प्रदेश सरकार ले यहाँ पेश गरेको छ । ५ वटा विधेयकलाई किन तकिया बनाएर हालिरहेको छ किन निन्द्रामा सुताईरहेको छ, मलाई जानकारी छैन् । यसबारेमा मैले बढि भन्नु पनि छैन्, मलाई लाग्छ यसबारेमा यति नै भन्छु । म आज सम्माननीय सभामुख महोदयमार्फत् मुख्यमन्त्री तथा प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु, स्पष्टरूपमा हाम्रो सम्मानित सदनको पनि ध्यानाकर्षण गर्न चाहन्छु । एक पटक पञ्चयातकालमा तत्कालिन पञ्चनेता सुर्यबहादुर थापाले कोल्टे पर्यो भन्नुभएको थियो अरे, त्यस्तै सभामुख महोदय, गरिमामय संसदका सम्पूर्ण माननीय सदस्यज्यूहरू प्रदेश सरकार कोल्टे परिसकेको छ । कर्णाली प्रदेशको प्रदेश सरकार कोल्टे परि सकेको छ । अब यो कोल्टे परेको सरकारको अवस्था के हुने हो, कसरी जाने हो, म भन्न सक्दैन् । म यसको सवुद प्रमाण दिन्छु, स्पष्ट रूपमा आर्थिक वर्ष २०७४/०७५ को आर्थिक बजेट पेश भइ सकेको छ । सम्पूर्ण संसद सदस्यहरूको माग गरिमामय सदनले पारित गरिसकेको छ । १ अरब ५ करोड रूपैयाँको बजेट त्यो कुन दाउमा लगाएको हो । हामीलाई संसद र यो गरिमामय सदनलाई कुन दाउ लगाएर यो बजेट पारित गराएको हो, यसको बारेमा सरकारले आउँदो गरिमामय सदनलाई स्पष्ट पार्नु प्रर्दछ भन्ने म माग राख्दछु, म यसमा जोडदार माग राख्दछु । हामीलाई त अति नै भै सकेको छ । कुनामा जाउ सरकार चेपेको चेपै राख्ने, छेउमा जाउँ धकेलेको धकेलै गर्ने, कस्तो किसिमको सरकारले हामीलाई, यो बाटोलाई हामीले के भन्ने, स्वंयम सरकारको मुख्यमन्त्रीज्यूले आयोजना गरेको हाम्रो के रे त्यो शुभहोटलमा गरेको त्यत्रो कार्यक्रममा हाम्रो सम्माननीय प्रमुखमन्त्रीज्यू भेस्ट लगाएर अध्यक्षताको आशन ग्रहण गर्नु

भएको छ । त्यसैले हाम्रो पनि अस्तित्वमाथि, हामीमाथि पनि त्यसले अवश्य पनि आँच पुर्याएको छ । यस्तो किसिमका कामहरू पनि सरकारबाट भएका छन् । त्यो १ अरब ५ करोड रूपैयाँ प्रति गरिमामय प्रदेशका सदस्यहरूलाई बत्तीको पुतली बनाउनका निमित्त दाउ लगाएको हो, बत्तीको वरिपरी घुमिरहुन भनेर दाउ लगाएको हो । दाउमा राखेको हो के हो, त्यसबारेमा स्पष्ट रूपमा आगामी बैठकमा प्रदेशको सदनलाई स्पष्ट जानकारी आओस् सरकारको भनि ध्यानाकर्षण गर्न चाहन्छु ।

मलाई त के लागेको छ भने हाम्रा प्रदेश सरकारको व्यवहार हेर्दा खेरिमा राणाशासनको नायक जंगबहादुरले "जसको हातमा तरबार उसको दरबार भन्यो" अरे कतै हाम्रो प्रदेश सरकारको त्यस्तै मानसिकता त छैन भन्ने पनि हामीलाई कताकता मनमा लाग्छ । तर यस्तो किसिमको व्यवहारले, यस्तो किसिमको पक्षले आज कर्णाली प्रदेशको समृद्धि हुन सक्दैन, आर्थिक विकास हुन सक्दैन । आज सडकका नाराहरू, आज खानेपानीका नाराहरू, बत्तीका नाराहरू, सिंचाइका नाराहरू, अर्गानिक प्रदेशका नाराहरू, यी नाराहरू केबल शब्दमा सीमित भएर मन्त्र फु मन्त्र भन्ने एउटा बाचा हुन्छ, त्यस्तै फु मन्त्र बाचा भएर जाने सम्भावना देखिएको छ । त्यसैले अवश्य पनि हामीले कस्को मुख ताकेर काम गर्ने, त्यसैले मैले दुईवटै शब्द भनेर आफ्नो भनाईलाई अन्त्य गर्छु ।

सभामुख महोदय, प्रदेश सरकार कोल्टे परेको छ । असफलताको उत्तारार्धमा गैसकेको छ । यसको बारेमा गरिमामय सदनले गम्भीर भएर आगामी दिनमा अगाडि बढोस् भन्ने स्मरण गराउँदै अहिले विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कुर्मराज शाही, समय ७ मिनेट । यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुख महोदय, यो शब्द चयनमा अलिकति यहाँ अन्यौलता उत्पन्न भएको छ । म आफै कन्फ्यूजनमा परे, सायद मलाई लाग्छ, संवैधानिक व्यवस्थामा माननीय भन्ने कुरा नै होला जस्तो लाग्छ । मलाई यदि त्यस्तै, म कानूनको व्यक्ति हैन, यसको व्याख्या विश्लेषण गर्ने चाहिँ त्यो सामर्थ्य मसँग छैन तर पनि सदनमा एउटा उत्पन्न भएको कुराले सायद मलगायत सिङ्गो समाजलाई प्रभाव पार्छ । त्यो भएको हुनाले माननीय भन्ने वा सम्माननीय भन्ने यो विषयमा चाहिँ प्रष्ट हुन जरूरी छ ।

मैले फर्स्टमा यो कुरा उठाएं । योसँगै कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धको व्यवस्था गर्न बनेको विधेयक २०७५ १ वर्ष बिति सक्यो स्थानीय निकायको चुनाव भएको र १ वर्ष पछि हामी स्थानीय निकाय का जनप्रतिनिधिहरूको सेवा सुविधा तोक्ने यो अवस्था, यो अवसरमा आइरहेका छौं । ठीक उल्टो भयो कि जस्तो मलाई लाग्छ, हुन त राष्ट्रिय सभाको चुनाव गर्नुपर्दा स्थानीय निकायका जनप्रतिनिधिहरूले भोट हाल्नु पर्ने भएको हुनाले सायद मलाई लाग्छ स्थानीय निकायको चुनाव पहिला भएको हुनुपर्छ । मलाई के लाग्छ भने केन्द्रको निर्वाचन

पहिला, त्यस पछि गएर प्रदेशको चुनाव हुँदै स्थानीय तहको चुनाव भइ दिएको भए, आज जुन बखडा मच्चीरहेको छ, स्थानीय तहको चुनावमा धेरै आलोचनाका पात्रहरूको सिर्जना भइ रहेको छ, यो अलि दुर्भाग्य कुरा जस्तो मलाई लाग्छ । जनताले विस्तारै के भन्न थालेका छन् भन्दा खेरि सिंहदरवारको अधिकार गाउँमा हैन आज गाउँमा सिँह जन्माउने स्थिति पैदा भएको छ भन्ने एक खालको आलोचनाका पात्रहरू, मलाई लाग्छ, हाम्रो जनप्रतिनिधिहरू जसले समाजवाद उन्मुख गर्नका लागि एउटा आधारशिला निमार्ण गर्छन, उनिहरूले तल्लो आधारबाट स्टार्ट भयो भने विस्तारै चाहिने मलाई लाग्छ, सिङ्गो देशको परिर्वतनको परिकल्पना हामीले गर्न सक्छौ । आर्थिक समृद्धिको दिशातिर लिन सक्छौ । त्यो भएर आज ढिलै भए पनि यो तोकेका छौं  र यसमा चाहिँ मैले खासै उद्देश्य र कारणहरूमा म त्यति विषय विशषेज्ञ हैन र म त्यो नेपालीको टिचर पनि हैन र सामान्यतया मैले के कुरा नर्मल्ली आफ्नो अध्ययनमा, मैले के बुझ्छु भन्दा खेरि यसमा चाहिँ पुरै उद्देश्य र दायरामा के लेखिएको छ भन्दा खेरि पदाधिकारी सदस्य भन्दा हुन्छ, जम्मैले सदस्य मात्रै भन्नु भाछ । पदाधिकारीको तलव हैन कि भन्ने यस उद्देश्य र कारणले चाहिँ बताउछ । सायद मलाई लाग्छ म त्यति विज्ञ हैन, यो विषयमा र यसै गरी अर्को चाहिँ यहाँ मलाई के लाग्छ भन्दाखेरि आर्थिक टिप्पणीमा यो विधेयक पारित भइ कार्यान्वयन हुँदा राज्यलालई सामान्य आर्थिक भार परेता पनि मलाई लाग्छ, यो साहित्यक भाषा प्रयोग गर्नु जरूरी छैन । सामान्य कृपा गरेको अनि संवैधानिक व्यवस्थामा भएको व्यवस्थाले मलाई लाग्छ, सामान्य ढङ्गले अलिकती हामीले चाहिँ उनिहरूलाई प्रोटेक्सन गर्नका निम्ति उनिहरूलाई फिडब्याक दिनका निम्ति अन्य प्रदेशबाट नभएर हामीले यो प्रदेशबाट विनियोजन गरेका छौं कि भन्ने खालको एउटा आाभास व्यक्त गर्दछ । यसभित्र अन्तर चिज लुकेको छ, त्यो भएको हुनाले यो साहित्यक शब्द नराख्दा उपयुक्त होला, जस्तो मैले अनुभुत गरेको छु । यो कृपा हैन, दान हैन, संवैधानिक व्यवस्थामा भएको व्यवस्था हो त्यो तलको पुरै हटाइदिए हुन्छ जस्तो मलाई लाग्छ ।

अब अर्को कुरा चाहिँ यसैगरी यो कार्यदक्षतालाई अभिप्रेरित गर्ने हिसाबले भन्ने कुरा जस्तो छ, कार्यदक्षता मात्रै प्रभावित गर्ने कुरा हैन । यसलाई निरन्तरता दिनका निम्ति जनताको सेवामा निरन्तर रूपमा हाजिर हुन भन्ने प्रकारको मलाई के लाग्छ भन्दा, त्यो शब्द कार्यदक्षता पनि प्रफेक्ट साथ गरुन, आफ्नो क्षमताका साथ भोलेन्टेर भएर काम गरुन भन्नका निम्ति केही हामीले यो व्यवस्था गरेको जस्तो मलाई लाग्दछ । त्यो शब्द चाहिँ निरन्तर भन्ने शब्द राख्दिदा राम्रो होला भन्ने मलाई लाग्या छ ।

यसैगरी अर्कोमा चाहिँ यो संञ्चार सुविधा मलाई के लाग्छ भन्दा खेरि अध्यक्षलाई पनि आवश्यकता हो, उपाध्यक्षलाई पनि आवश्यकता हो, मेयरलाई पनि आवश्यकता हो, उपमेयरलाई पनि आवश्यकता हो, सँगसँगै वडा अध्यक्षलाई पनि आवश्यकता हो, त्यसै गरी सदस्यहरूले कहिले काँही टेलिफोन गर्नुपर्ने भएको हुँदा उनिहरूलाई संञ्चार सुविधा

बञ्चित गरिनु हुन्न । यसको चाहिँ व्यवस्था गरिदिँदा राम्रो होला जस्तो मलाई लाग्छ । यसै गरी यो गाउँकार्यपालिकामा हामीले के भन्यौ भन्दाखेरि, हिंजो सायद मलाई लाग्छ, मनोनित गर्ने क्रममा फेरि गडबढ होला है भनेका छौं । हामीले पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गराएका छौं, महिलाबाट प्रतिनिधित्व गराएका छौं । अहिले वडा अध्यक्षको बराबर हैसियत हो भन्ने ढङ्गले हामीले बोलेका छौं । यसमा अहिले वडा अध्यक्ष भन्दा अलिकति तल मात्रै मलाई लाग्छ, यदि इकोनोमिकल्ली हिसाबले ग्रेडिङ्ग गरेको हो भने अहिले उनिहरूको चाहिँ मलाई लाग्छ मनोवल गिर्ने हो कि ? समानुपातिक समावेशी सिद्धान्तले कहिले काँही अलिकति ठेस पुर्याउने हो कि ? त्यो भएको हुनाले कार्यपालिकामा विभिन्न समुदाय र विभिन्न वर्गको प्रतिनिधित्व गरेको हुनाले वडा अध्यक्ष र कार्यपालिकाको सेवा सुविधा बराबर गरिदिँदा उपयुक्त हुन्छ होला जस्तो मलाई लाग्छ । यसैगरी यो बैठक भत्ता चाहिँ तोक्नुपर्यो, अलिकति यसमा चाहिँ समस्या छ । यो बैठक भत्ता चाहिँ तोकिएन भने भोलि यसमा चाहिँ एउटा गाउँपालिकाले कति तोक्ने अर्को गाउँपालिकाले कति तोक्ने यसको कुराको निर्धारण चाहिँ प्रदेशसभाले गर्दा उपयुक्त होला जस्तो लाग्छ ।

अन्त्यमा म के भन्न चाहन्छु भन्दाखेरि अब यसको अनुगमन र नियन्त्रणमा सन्तुलन ल्याउन, हामीले यो प्रदेशले सेवा सुविधा तोक्ने अधिकार राख्छ भने त्यसको नियन्त्रण सन्तुलन गर्ने अधिकार राख्छ कि राख्दैन, संवैधानिक प्रश्न यहाँनिर छ । त्यो भएको हुनाले मलाई के लाग्छ भने, भन्दा खेरि जब उनिहरूको सेवा सुविधा तोकिसक्यो भने नियन्त्रण गर्ने अधिकार पनि यो प्रदेश सरकारलाई हुनुपर्छ । तल गइसकेपछि के देखिन्छ भन्दाखेरि अहिले सौतेनी व्यवहार जस्तो के हामी गाउँपालिकाका प्रमुख वास्तवमा प्रदेशसभा अनि केन्द्रमा चाहिँ सदस्य भन्दा खेरि के आइदिन्छ भन्दा खेरि तीनवटा बीचको चाहिँ कन्टयाक्टेसन आउने सम्भावना भएको हुनाले थोरै मलाई के लाग्छ अथवा के गर्दा उपयुक्त हुन्छ भन्दाखेरि, यो नियन्त्रण, सन्तुलन र अनुगमन गर्नका निम्ति प्रदेशले पनि आफ्नो अपनत्व, ओनरसिप लिनु पर्छ भन्ने कुरा यहाँ राख्दै, मेरो आफ्नो सुझाव यहीँ अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट, समय ७ मिनेट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** माननीय सभामुख महोदय, हामी यो धेरै अगाडिका बैठकहरूमा आज यहाँ छलफलका क्रममा यो कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा यो व्यवस्था गर्न बनेको विधेयक, २०७५ यहाँ आएको छ । अब यस अगाडि पनि हामीले थुप्रै विषयमा सदनको ध्यानाकर्षण र सरकारको ध्यानाकर्षण गराउँदै आएका थियौं । अब एउटा उखान भन्छ "ढिलै होस् सन्तान राम्रो होस्" भनिन्छ त्यस्तै "देर आय दुरूस्त आए" पनि भनिन्छ । अब हामी राष्ट्रवाद तिरै उन्मुख हुने भएको हुँदा हिन्दीलाई कटौती गरौं यो केवल क्लोज मात्रै हो । त्यसकारण यो जसरी आएको छ, यो यसको लागि एउटा राम्रो अवसर बनेको छ र

कमसेकम अब तल जसरी एक डेढ वर्ष स्थानीय तहमा निर्वाचित भइ सकेर त्यहाँ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरू जसरी बाना सेवा सुविधा, विना तलव भत्ता आफ्नो घरको रोजिरोटी खाएर जसरी जनताको सेवा गर्न हिडिराख्नु भएको थियो । हामीलाई पनि त्यो फोनहरू आइ राख्थ्यो भेटदा खेरि पनि अमिलो अनुहार उहाँहरूकोदेखिन्थ्यो, किनभने अब भोको गोरुलाई जोत्यो भने त त्यो मर्ने बाहेक अर केही हुँदैन, त्यस्तै भोक भोकै काम गर्ने जुन स्थिति थियो त्यसलाई एउटा राम्रो सुखद सन्देश हो र अब जहाँसम्म यहाँ धेरै विषयहरू उठाउनुपर्ने छ जस्तो लाग्दैन । एक दुई वटा कुराहरू छन्, जस्तो यो सेवा सुविधाको हकमा यहाँ यो जिल्ला समन्वयमा यात्रा खर्च भनेर तीन हजार रूपैयाँ रै"छ । यो मोविल भनेर तल १ लिटर लेखिएको रैछ, अब यात्रा खर्च तीन हजार रूपैयाँ छदैंछ, दिने नै हो भने पेट्रोल पनि यति अथवा डिजेल चल्ने गाडी हो भने यति डिजेल र यति मोविल भन्नुपर्यो होइन भने त्यो कहिले बत्तीसत्ति गएको बेला सल्काउनलाई हो भने त्यो पनि कोड गर्नुपर्यो, यो कुरा अलिकति मिलाएर चाहिँ यहाँ आउन पर्थ्यो । त्यसकारण मेरो जोड के छ भने यो यात्रा खर्च कि त यसैमा बढाएर लेख्नु पर्यो कि त्यो अलि खुलाएर लेख्न पर्यो कैफियतमा गाडीअनुसार उहाँहरूलाई सेवा सुविधा आउनु पर्यो ।

अर्को कुरा यो नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्यको कुराहरू छ । त्यस्तै गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको कुराहरू छ । अब यो ३१, २६, १८, ८, ६ दरले आएको छ यहाँ ३५, ३०, २०, ९, ७ को दरले आएको छ । यो कम बेसी कति हो त्यो आफ्नो आफ्नो ठाउँमा होला तर यसमा के गर्ने जरूरी होला भने यो दैनिक भ्रमण के रे बैठक भत्ताको व्यवस्था रहेन्छ । कि त यसलाई बढाइनु पर्यो कि यसलाई कुनै न कुनै के भनौं पकेट खर्च वा अब के भनेर उल्लेख गर्नुपर्ने हो त्यो भनेर त्यो लेख्नु पर्यो नभए यो सेवा सुविधा यसरी आउँदा खेरि मासिक चाहिँ सात हजार पाउने सदस्यको ह्युमेलेशन हुने जस्तो भयो । अब हामीले स्थानीय तहको गाउँगाउँमा सिंहदरबार भनेका छौं । सिंहदरबारै चलाउने मान्छेको फेरि मन अमिलो भयो भने त त्यसलेमाथि पनि त धक्का हान्ला । त्यसले गर्दा खेरि यसलाई छुट्याएर कि अब यसलाईमाथि पनि व्यवस्था गरिदिनु पर्यो, कि भने अरू शीर्षकहरूमा जसरी यातायात खर्चलगायत अरू खर्चहरू छ, यसमा बढाइ दिनुपर्यो त्यसो गर्दा खेरि सन्तुलन होला जस्तो छ ।

अब अर्को कुरा हामी कहाँ पनि चिठी आएको छ, अरू माननीयहरू कहाँ पनि पुग्या होला, यो सदस्यज्यूहरूले अलिकति बढि, उहाँहरूको त्यस विषयवस्तु यहाँ रोष्टमसम्म, सदनसम्म पुगोस है भनेर । त्यसकारणमाथि त अलि सेवा सुविधा हुन्छ तर तल भने हामी त त्यतिकै दौडने हो । कार्यकारी भएर पनि त्यतिकै हामीलाई लोड छंदैछ तल सदस्य हुँदा पनि लोड हुन्छ भन्ने पनि कुराहरू छ । त्यसकारण अब यो सकिन्छ भने यसमा यो कार्यपालिका सदस्य र सभाका सदस्यमा सकिन्छ भन्दा पनि सक्नुपर्यो । यसमा अलिकति एक, दुई आफ्नो बढाएर हैन कमसेकम दश जति भन्दापनिमाथि कता

हुन्छ बढाउदा खेरि ठीक हुन्छ जस्तो लाग्छ । किनकी यो रेसियोमा पनि ३५, ३०, २० घट्न पनि एकै चोटि स्वाट्टै घटेर आइ जाने गर्दा खेरि त हामीले के गल्ती गर्या छौं र भन्ने खालको पर्ला त्यहाँ पुग्दा पनि पुग्दैन । त्यसो गर्दा यता भत्ता पनि नतोक्ने उता ७ हजारले चाहिँ महिनामा बीस पच्चिस वटा मिटिङ्ग भ्याउनु पर्ने भयो भने त फेरि मुद्दा आउने त यही प्रदेशसभामा हो, फेरि त्यसको लागि पनि अलिकति यसलाई हामीले ख्याल पुर्याएर गर्नुपर्ने स्थिति छ । अब सारमा विषयवस्तुहरू यी नै हुन र अब अलिकति मलाई लागेको कुरा के हो भने अब जसरी यो आर्थिक विधेयक तल सेवा सुविधाको कुराहरू आएको छ । यो सँगसँगै अब अहिले एउटा प्रश्न पनि उठिराखेको छ, अब एउटा मेकानिजम जसरी संघीय सरकारले अथवा प्रदेश सरकारसँग एउटा कोडिनेट गर्ने हुन त अहिले सहकार्यता, सहअस्तित्व र समन्वयको आधारमा चल्ने भनेर तीन वटै सरकारहरूलाई तीन वटै तहलाई भनिएको छ तर त्यसको लागि केही न केही एउटा कन्ट्रोल मेकानिजम बनाउन पनि जरूरी छ । त्यो कुरा तलैबाट पनि आइरहेको छ । स्थानीय तहकै पदाधिकारीहरूबाट पनि एउटा केही न केही मेकानिजम बनाउन जरूरी छ । यसको लागि प्रदेशले बनाउने र त्यसलाई हेन्डलिङ्ग गर्ने, केही न केही एउटा कन्ट्रोलिङ्ग गर्ने खालको चाहिँ अवस्था भयो भने अलि व्यवस्थित भएर जान सक्छ भन्नेकुरा आइरहेको छ । यही स्पिडलाई पकडेर जान जरूरी छ भन्ने मलाई पनि लाग्छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद (१५) व्यवस्थापन कार्यविधि को नियम १०९ को उपनियम (१)अनुसार विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधन पेस गर्नका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लेखा प्रमाणीकरण कार्यविधि, २०७५ पारित गरियोस् भन्ने प्रस्ताव आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट सभासमक्ष पेश गर्न सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, प्रदेश सरकारले बनाएको ऐन, अध्यादेश, आदेश, अधिकार, नियम प्रस्ताव, अधिकार पत्र, निर्णय आदि जस्ता गतिविधिहरूलाई सार्वजनिक गरी पारदर्शीता कायम गर्न तथा लोकतान्त्रिक पद्धतीलाई संस्थागत गर्न प्रदेश सरकारले जारी गर्ने सार्वजनिक महत्वका लिखतहरूको प्रमाणीकरण प्रमाणित महत्व दर्शाउन र आम नागरिकहरू बीच यस्ता लिखतहरू सूचीत

गर्न, प्रमाणीकरणका लागि निश्चित कार्यविधि आवश्यक पर्ने भएकोले प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक भएकोले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद् १५ को नियम (१२१)बमोजिम प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि, २०७५ पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लेखा प्रमाणीकरण कार्यविधि, २०७५ पारित गरियोस् भनि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राखुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लेखा प्रमाणीकरण कार्यविधि २०७५ मा माननीय सदस्यहरूले दिनुभएका सुझावहरू विधेयकको अङ्गको रूपमा समावेश हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ २२ गते मंगलबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-९
(२०७५ जेष्ठ २४ गते बिहिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको नवौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकषर्ण गराउनु पर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाईहरू राख्नु हुन माननीय सदस्यहरूको लागि विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही, समय ५ मिनेट ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, सर्वप्रथम त यो समितिमा पठाउन निर्णयार्थ पेश गरेको जुन कार्य सूची छ, यो एउटै हो कि दुई वटा हो कि, तीन वटा हो, मैले बुझ्न सकिन । आज हामीले तालिम प्राप्त पनि गयौं, तालिम पनि गरायौं, ३/३ वटा विधेयक भिन्दा भिन्दै रूपले बनेर आएको छ र ३/३ वटा को ३/३ वटा दफामा उल्लेख गर्नु पर्नेमा यो नभएर आएको छ । यसले पनि के जनाउँछ भने हामी कति सक्षम छौं, कति सबल छौं भन्ने कुरा पनि देखाएको छ । यो मैले जानकारी गराउँन चाहे, सभामुख महोदय, यो कालिकोटमा वडा सदस्यको हत्या भएको छ । सभामुख महोदय, हत्या कस्ले गरेको हो ? कसरी गरेको हो? यर्थाथ सत्यतथ्य पत्ता लगाएर त्यसको कारबाही होस् तर त्यो गर्न सक्ने क्षमता त हामीलाई प्रदेश सरकारलाई दिएको छैन् । त्यो केन्द्रीय सरकारले नै गर्ने हो तर हामी पनि सरकारको रूपमा रहेको हुनाले सरकारले यस्तो गर्नुपर्ने छानबिन गर्नुपर्ने सत्यतथ्य कुराहरू चाहिँ यसलाई अपभ्रशं गरेर समाजमा द्वेष फैलने कुराले हैन कि हत्याराको हत्यारालाई पत्ता लगाएर, सत्यतथ्य पत्ता लगाओस्, म भन्न चाहन्छु । सभामुख महोदय, अर्को अब म प्रदेशको बेइज्जत हामीले कतिसम्म गर्ने हो सभामुख महोदय सरकारले कतिसम्म यो गराउने हो । यहाँ सरकारले के गर्यो राष्ट्रपति रनिङ्ग शिल्डको आयोजना गरेछ, हामीले सुन्यौ र त्यो भइ सकेपछि हाम्रो प्रदेश पनि केन्द्रमा भाग लिन गयो, एउटा जर्सी दिन नसक्ने सरकारले के भनेरमाथि पठायो ? यो कर्णाली प्रदेशको कारणले आधा घण्टा-एक घण्टा समेत त्यो कार्यक्रम अगाडि बढ्न सकेन, पैसा थिएन भने मन्त्रालय गठन गरेर कस्लाई जिम्मेवारी लगाइएको थियो ? यसरी दिन प्रति दिन हाम्रो प्रदेशको चाहिँ बेइज्जत गर्ने कुराहरू भएको हुनाले सम्माननीय सभामुख महोदय, यसको पनि ध्यानाकषर्ण गराउन चाहन्छु । मैले धेरै चोटि रोष्टमबाट बोलेको थिएँ, यहाँका सडकहरूको निमार्ण गर्नुपर्यो भन्दा खेरि, मैले जवाफ प्राप्त गरेको थिएँ । सदनका सबैलाई याद होला यहाँका नगरपालिकाले सडकहरू बनाउँदै छ, नगरपालिकाले टेन्डर गरिसकेको छ, त्यस कारणले हामीले बनाइ रहनु परेन भनेर चाहिँ हामीले सम्बन्धित मन्त्री र मुख्यमन्त्रीबाट जवाफ पाएका थियौं । सभामुख महोदय, तर बुझ्दा यहाँ भनिएको रहेछ अहिलेको नालीहरू

बनाउनको लागि, अरू संरचनाहरू बनाउनको लागि ६ करोड रूपैयाँ भयो भने बन्न सक्छ भनेर यहाँका मेयरहरूले भनेका रहेछन् र प्रपोजलहरू पनि सरकारलाई दिएको रहेछ तर सरकारले के भन्यो यहाँको लागि चाहिँ पैसा पर्दैन भन्यो तर लाज मर्दो कुरो अर्को भएको छ, सभामुख महोदय, हामी संसद भवनसम्म जाने बाटो पनि नगरपालिकालाई बनाऊ भनेर ५५ लाखमा ठेक्का दिएका रहेछौं । हामीसँग पैसा खर्च नभएर बसिरहेको छ र नगरपालिकालाई त्यो पैसा  खर्च गर भनेर भनिरहेको छौं र नगरपालिकाले अघि ६ करोड अहिले ६५ करोड रूपैयाँ भयो भने हामीले सबै संरचनाहरू बनाउन सक्छौं भनेर भनेका रहेछन् । हामीले सदनमा बोल्दा खेरि बारम्बार भनेका थियौं । सम्माननीय सभामुख महोदय, यदि त्यस्तो हो भने हुम्लालाई पैसा चाहिँन्न, डोल्पालाई पैसा  चाहिन्न, जुम्लालाई चाहिन्न, कालिकोटलाई चाहिन्न, यो सदरमुकाम हो, हाम्रो प्रदेशको सदरमुकाम पहिले बनिनु पर्छ भनेर सम्माननीय सभामुख महोदय, हामी माननीयहरूले भन्ने गरेका छौं, त्यसको पनि सुनुवाइ भएन । आज केन्द्रीय राजमार्ग बाहेक प्रदेशभित्र पर्ने सबै योजनाहरू प्रदेश सरकारको जिम्मामा हुन्छ । त्यस्तो पनि हामीले गरेनौ र अर्को महत्वपूर्ण कुरो के छ भने सभामुख महोदय हामीले नीति तथा कार्यक्रम ल्यायौं । नीति तथा कार्यक्रम आइ सके पछि, बजेट पनि ल्यायौं, सभामुख महोदय, अनि बजेटमा भनियो हामी रातो किताब ल्याउदैछौं । आज बजेट आएको ४५, ४६ दिन भैसकेको छ, रातो किताब देखिएन र माननीय मन्त्रीहरूले आफूलाई स्वाद परेको ठाउँमा गएर ४ लाख, ५ लाखका बजेटहरू बाँडेर गएको त्यो खबर जिल्लाबाट आउने गरेको छ । यो कुन किताबमा लेखेको त ? त्यो रातो किताब कहाँ छ ? सम्माननीय सभामुख महोदय, रातो किताबमा नभएको कुरामा कसरी यो खर्च हुँदैछ । आजसम्म नभएर फेरि नयाँ, मलाई जहाँसम्म लाग्छ हामीलाई सदन चाहिएको छैन । हामी अनलाईन न्यूजबाट हेरेर  भोलि नीति तथा कार्यक्रमहरू आउँदैछन् भन्ने हामीले सुन्यौ । यो कहाँको नियम हो ? सभामुख महोदय, यहाँ चाहिँ कार्यव्यवस्थाको मिटिङ्ग हुन्छ, त्यसमा चाहिँ बसेर आइ सकेपछि पहिलो अधिकार भनेर संसदले प्राप्त गर्छ र संसदले थाहा भइ सकेपछि न्यूजमा जानुपर्ने, आज हामीले एउटा पूरानो उखान सभामुख महोदय, एउटा अनुसन्धानको त्यो रियल कुरा हो, अनुसन्धानको एउटा मित्र हुनुहुन्थ्यो, उहाँले चाहिँ आज देशमा यस्तो यस्तो भएछ नी भनेर भन्नु हुन्थ्यो, अनि हामीले सोध्यौं कहाँबाट थाहा पाउनु भयो, हुम्लामा बसेर बिहानै कान्तिपुर पढेको थिएँ भन्यो । के आज हामीले कान्तिपुर, नयाँ पत्रिका, यहाँका लोकल पत्रिका पढेर चाहिँ यो संसदको कार्यविधि सूचनाहरू प्राप्त गर्ने हो ? सभामुख महोदय, त्यसकारण हामी चाहान्छौं किन आएन ? अब नयाँ नीति तथा कार्यक्रम आउनु पर्ने कुनै आवश्यकता पनि छैन, पूरानो हिसाव किताब नहुँदासम्म, राराको त्यत्रो चाहिँ भ्रष्टाचार भएछ भनेर आइरहेको छ । मैले पहिला पनि बोले सभामुख महोदय हामीले सिरियस भएर बोलेको थियौं । त्यो बेला उन्नाचालिस हो कि चालिस लाख सरकारले विनियोजित गर्यो । त्यसको खर्च चाहिँ सत्तरी हो कि करोड भनेर आइ

रहेको छ । हामीले सत्यतथ्य पत्ता लगाउन सकेका छैनौं, थाहा पाएका छैनौं, पत्रकारहरूले बारम्बार लेखे त्यसको पनि हिसाब किताब भएन, कुनै पनि रातो किताब नआइ सकेको अवस्थामा नयाँ अब यो बन्न सक्दैन । त्यसकारण प्रतिपक्ष दलको नाताले यदि त्यो हिसाब किताब नआउन्जेलसम्म, सदनमा नहुँदासम्म, सदन अगाडि बढदैन, हामी चाहिँ उभिएर सदनलाई अवरोध गर्दछौं, सभामुख महोदय ।

**माननीय सभामुखः-** बसौं माननीय सदस्यहरू, माननीय सदस्यहरूले उठाउनु भएका कुराहरूको विषयमा ध्यानाकर्षण भएको छ, यथासमयमा सरोकारवालासँग छलफल गरिनेछ । बसौं माननीय सदस्यहरू, बसौं माननीय सदस्यहरू, माननीय सदस्यहरूले उठाउनु भएका कुराहरूको विषयमा सम्बन्धितहरूसँग छलफल हुन्छ, यसको सम्वोधन हुन्छ, माननीय सदस्यहरू बसौं ।

माननीय सदस्यहरू, आधा घण्टाका लागि यो बैठक स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-१०
(२०७५ जेष्ठ २५ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको दशौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउने क्रममा माननीय सदस्य श्री जीवनबहादुर शाहीले उठाउनु भएका विषयहरूमा प्रदेश सरकारमातर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, यो गरिमामय सदनको बैठकमा कतिपय सार्वजनिक महत्वका विषयहरूमा, प्रदेशसभाका प्रमुख प्रतिपक्ष दलका नेतालगायतका माननीय सासंदज्यूहरूले सरकारको ध्यानाकर्षण गराउने गरी विषयहरू उठाउनु भएको छ । मलाई ती सन्दर्भहरूमा, माननीयज्यूहरूले उठाएका विषयहरूमा सभामुख महोदयमार्फत्, सदनलाई र सदनमार्फत् सम्पूर्ण सरोकारवालालाई ध्यानाकर्षण हुने गरी जानकारी गराउन, आज ती विषयहरूमा सरकारका तर्फबाट केही कुरा राख्ने अनुमति चाहन्छु ।

स्वभाविक रूपमा पनि जनताका सरोकारका विषयहरू, सरकारले गरेको कामहरूका सन्दर्भमा सबैभन्दा आधिकारिक रूपमा छलफल हुने थलो भनेकै संसद सदन हो, किनकी यो जनप्रतिनिधिमूलक निकाय हो । जनप्रतिनिधिहरूले जनताको प्रतिनिधित्व गरेर जनताका सरोकारका विषयहरू जसरी सदनमा प्रस्तुत गर्नु हुन्छ । त्यसैले नै जनताको सवालहरूलाई पनि सम्वोधन गर्न सकिन्छ र सरकारलाई पनि ठीक ढङ्गले अगाडि बढनका निम्ति मार्ग निर्देशन हुन्छ । यसैले सरकार र सदनको बीचको सम्बन्धलाई पनि निरूपण गर्छ । एउटा पारिवारिक सम्बन्ध यसले चाहिँ निर्धारित गर्छ । त्यसैले सरकार स्वभाविक रूपमा संसद प्रति सधैं उत्तरदायी हुन्छ, त्यो उत्तरदायित्व बोध गरेर, यहाँ उठेका विषयहरूमा समय समयमा जानकारी दिने गरेका छौं, प्रष्ट पार्ने गरेको छौं र यतिबेला पनि विभिन्न विषयहरूमा प्रमुख प्रतिपक्ष दलका नेता तथा अन्य माननीयज्यूहरूले, जसरी सरकारको ध्यानाकषर्ण गराउनु भएको छ र जवाफ माग्नुभएको छ । त्यस मध्ये खासगरी दुई वटा विषयमा सम्माननीय सभामुख महोदयमार्फत्, सरकारको तर्फबाट यो सदनलाई जानकारी गराउने उद्देश्यले म यहाँ उपस्थित भएको छु ।

कर्णाली प्रदेश सरकारको निर्णयानुसार २०७५ साल वैशाख १ गते कर्णाली रारा पर्यटन वर्षको उद्घाटन कार्यक्रम, हामीले रारातालको किनारमा गयौं । सम्माननीय प्रधानमन्त्रीज्यूबाट त्यो कार्यक्रमको उद्घाटन भयो र कुनै पनि कार्यक्रम गर्दा खेरि खर्च त भइ नै हाल्छ । त्यो खर्च जनता प्रति जवाफदेही बनेर सरकारले चाहिँ खर्चमा पारदर्शीता अपनाउनु पर्छ, यो आर्थिक अनुशासनको एउटा चाहिँ सबैभन्दा महत्वपूर्ण पाटो हो भन्ने

मलाई लाग्छ । यसलाई हामीले गम्भीरताका साथ महसुस गरेको छौं, गरिरहेका छौं, गर्ने छौं । म अलिकति यो सदनको ध्यानाकषर्ण गराउन चाहन्छु, आर्थिक वर्ष २०७४/०७५ को बजेटमा समेत मितव्ययिता र आर्थिक अनुशासनलाई हामीले महत्व धेरै दिएका छौं र त्यसैबाट हामी गाइडेट पनि छौं । त्यसैले त्यो खर्चका सम्बन्धमा एउटा विषय चाहिँ उठेको छ । म त्यस विषयमा अलि प्रष्ट पार्ने छु । सँगसँगै बजेट कार्यान्वयन, बजेट पुस्तिका र योजना पुस्तिका भर्ने, जसलाई हामी औपचारिक भाषामा रातो किताब पनि भन्ने गर्छौं । त्यसको प्रकाशन नभएको सन्दर्भमा अथवा त्यसलाई चाहिँ संसदमा पेश नगरिएको सवालमा पनि माननीयज्यूहरूले, खासगरी प्रतिपक्ष दलका नेताज्यूले ध्यानाकषर्ण गराउनु भएको छ । त्यस विषयमा पनि म सदनको ध्यानाकषर्ण गर्नेछु । कर्णाली रारा पर्यटन वर्षको महत्वको बारेमा मैले धेरै भन्न पर्दैन । पछिल्लो सूचनाअनुसार कर्णाली रारा पर्यटन वर्षको उद्घाटन पछि अथवा यो कार्यक्रम अगाडि बढिसके पछि प्रधानमन्त्रीज्यू स्वयम रारामा उपस्थित भइ सकेपछि, पर्यटकहरूको संख्यामा वृद्धि भएको छ । आवश्यक पर्दा त्यो एकिन संख्या पनि हामीले माननीयज्यूहरूसमक्ष राख्ने छौं । हामीले जुन लक्ष्य निर्धारण गरेका छौं, त्यो लक्ष्यअनुसार रारा र कर्णालीका सबै पर्यटकीय स्थलहरूमा पर्यटकहरू पुग्ने अवस्था सिर्जना गर्ने, त्यो लक्ष्य पूरा गर्ने छौं भन्ने पनि हामीलाई विश्वास छ । यस्ता कार्यक्रम संचालन गर्दा खेरि खर्च हुन्छ, स्वभाविक रूपमा यो कार्यक्रममा पनि खर्च भयो तर म विनम्रताका साथ के अनुरोध गर्न चाहन्छु भने यो कर्णाली रारा पर्यटन वर्षको कार्यक्रमलाई कम खर्चमा सम्पन्न गर्ने, यसमा पनि मितव्ययिता अपनाउन, सकेसम्म खर्च कटौती गर्न हामीले निकै प्रयत्न पनि गर्यौं । असाध्यै ठूलो कार्यक्रम पनि भयो, सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरूसमेत आएको कार्यक्रम हामी सम्पूर्ण अब कोही छुट्नु भयो होला, नत्र सम्पूर्ण प्रतिनिधि सभा, राष्ट्रियसभा, प्रदेशसभाका माननीयज्यूहरूलाई समेत त्यो कार्यक्रममा हामीले सहभागी बनाएका छौं । अनि हामीले विशाल कार्यक्रमको उद्घाटन समारोहमा अत्यन्तै ठूलो संख्यामा जनताको उपस्थिति पनि गराएका छौं । यी धेरै कारणले गर्दा खेरि स्वभाविक रूपमा केहिखर्च हुन्छ नै, त्यो खर्चका सम्बन्धमा कतै अनियमितता भयो कि ? भन्ने प्रसंगमा प्रश्न उठाउन पर्छ भन्ने मलाई लाग्दैन । यो कार्यक्रममा जति खर्च भयो त्यो खर्च सही छ, यथार्थ छ, वास्तविक छ भन्ने कुरा म तपाईंहरूका बीचमा राख्न चाहन्छु । त्यसमा कहिंकतैबाट यो बजेटमा चाहिँ दुरूपयोग भएको छ, अनियमितता भएको छ भन्ने कुरा तपाईंहरूले कुनै पनि आशंका गर्न सक्नु हुन्न भन्ने कुरामा म दाबीका साथ भन्न सक्छु । हामीले एउटा कुरामा चाहिँ कमजोरी गर्यौं के भन्दा, कुनै पनि कार्यक्रम सकिसकेपछि तुरून्तै, छिट्टै, त्यो कार्यक्रमको खर्च सार्वजनिक गर्नु बित्तिकै या यो सम्मानित सदनसमक्ष राख्नु पर्दथ्यो, त्यस ढिलाईमा चाहिँ कमजोरी भएकै हो । अनि अरू कामका व्यस्तताले पनि होलान्, यती नै बेला चाहिँ हामी बजेट निमार्णको, नीति कार्यक्रम निमार्णको, बजेट निमार्णको काममा पनि छौं । त्यति बेला पनि हामीलाई

कस्तो प्रेसर पर्यो भन्दा कर्णाली रारा पर्यटन वर्षको उद्घाटन समारोह सक्ने बित्तिकै दौडादौड यहाँ आएर चाहिँ बजेट तयार पारेर पेश गर्नुपर्ने थियो । त्यस कारण बजेट निमार्णमा त सबै मन्त्रालयहरू लाग्नु पर्थ्यो । यस्ता विभिन्न कारणले ढिलाई भयो यो कुरालाई हामी महसुस गर्छौं, रियलाइज पनि गर्छौं र जुन खर्च हामीले गरेका छौं, यो सम्पूर्ण खर्चका बिल भरपाई हिसाब किताब सरकारसँग जिउदै छन्, प्रष्ट छन् । हामीले सबै कुरा चाहिँ पारदर्शी तरिकाले सबैका सामुन्यमा राख्न सक्छौं, पत्रकारहरू हुनुहुन्छ, प्रेस मिडियासँग पनि हामीले त्यो सबै खर्चको विवरण देखाउन सक्छौं । अब त्यो सबै विवरण यहाँ पेश गर्न चाहिँ त्यति व्यावहारिक नहुने भएकोले मैले खर्चका शीर्षकहरूमा अब मोटो रूपमा शीर्षकहरूसहितको रकम चाहिँ यहाँ माननीय सभामुखमार्फत्, सदनसमक्ष जानकारी गराउन चाहन्छु । खर्च विवरण हामीले यो कर्णाली रारा पर्यटन वर्ष उद्घाटन समारोहमा अतिथिहरूलाई र केहिसहभागीहरूलाई उपलब्ध गराएको कर्णाली रारा पर्यटन वर्ष २०७५ लेखिएको अलि प्रचारात्मक खालको एउटा झोला तयार पारिएको थियो । त्यसका निम्ति दुईलाख रूपैयाँ खर्च भएको छ । यो कार्यक्रममा अतिथि र सहभागीहरूको खाना र खाजा खर्चको निम्ति १७ लाख ४६ हजार १ सय २० रूपैयाँ खर्च भएको छ । त्यस्तैगरी अतिथिहरूलाई हामीले केहिउँपहारहरू, कोसेलीहरू पनि दिएका छौं, त्यसका निम्ति ५ लाख ५४ हजार ३ सय ७१ रूपैयाँ खर्च भएको छ । पत्रकारहरूसहितको चाहिँ बाटो खर्च र खाना खर्चको निम्ति ६४ हजार ९ सय ७० रूपैयाँ खर्च भएको छ । अनि प्रचारप्रसार अन्तरगत चाहिँ टेलिभिजन जिङ्गलको निम्ति ४ लाख १२ हजार ६ सय ८४ रूपैयाँ खर्च भएको छ र एफ.एम. रेडियोहरूमा हामीले त्यो उद्घाटन कार्यक्रमको अथवा कर्णाली रारा पर्यटन वर्षको जुन प्रचार गर्यो त्यसका निम्ति २ लाख ५८ हजार ३ सय ३८ रूपैयाँ खर्च भएको छ । डिजिटल बोर्ड पोष्टर निमन्त्रणा कार्डलगायत प्रचार प्रसारका अन्य सामाग्रीहरूका निम्ति २ लाख २७ हजार ३ सय ३८ रूपैयाँ अनि हवाई भाँडा रारा पुग्ने र फर्किनेहरूका लागि हवाई भाँडा १० लाख २९ हजार ३ सय ६ रूपैयाँ खर्च भएको थियो । स्थलगत यातायात खर्च ७६ हजार रूपैयाँ, मञ्च व्यवस्थापन, व्यानर, गेट, ब्याच, सांस्कृतिक कार्यक्रम र पत्रकारहरूको स्थलगत खर्च समेत ११ लाख ५० हजार २ सय रूपैयाँ, भएको थियो भने आवास खर्च बापत ४ लाख ६२ हजार ४ सय ६८ रूपैयाँ कार्यक्रमको तयारीका लागि, स्थानीयस्तरको तयारीको निम्ति मुगु जिल्ला समन्वय समितिलाई उपलब्ध गराइएको रकम २ लाख गरी जम्मा ६३ लाख ८१ हजार ७ सय ९५ रूपैयाँ जम्मा खर्च भएको छ । त्यसमध्ये नेपाल पर्यटन बोर्डबाट हामीले २५ लाख उपलब्ध गराउनका निम्ति अनुरोध गरेका थियौं । बोर्डबाट १४ लाख ४० हजार हामीले प्राप्त गरेका छौं । त्यो रकम घटाउँदा खेरि प्रदेश सरकारको खर्च ४९ लाख ४१ हजार ७ सय ९५ रूपैयाँ खर्च भएको छ । म अन्तिममा फेरि पनि प्रदेश सरकारको खर्च जम्मा ४९ लाख ४१ हजार ७ सय ९५ रूपैयाँ र नेपाल पर्यटन बोर्डबाट प्राप्त भएको १४ लाख ४०

हजारसहित ६३ लाख ८१ हजार ७ सय ९५ रूपैयाँ यो कार्यक्रमको कुल जम्मा खर्च भएको कुरा म जानकारी गराउन चाहन्छु । त्यस्तै गरी दोस्रो विषयमा म १३:१४, ५१:३०सम्मको दिएको छ, माननीय सभामुख महोदयमार्फत् यो सदनलाई जानकारी गराउन चाहन्छु । माननीय प्रदेशसभाका सदस्यज्यूहरूलाई म जानकारी गराउन चाहन्छु कि यो कार्यक्रम पुस्तिका अर्थात रातो किताब प्रकाशनका सम्बन्धमा यस विषयमा पनि हामी त्यस्तै अलि प्रेसर मै पर्यौं । आर्थिक वर्षको अन्तिममा बजेट ल्याउनु पर्ने, बजेटको भोलुम पनि एक अर्ब दुई करोड, त्यसमा पनि एकदम धेरै माग र आवश्यकताको चापमा हामी परेको, त्यो एउटा चाहिँ प्रेसरको बीचबाट हामीले बजेट ल्याउनु पर्ने, हामीले केहिछलफल त माननीयज्यूहरूसँग गर्यौं तर अँझै घनिभुत रूपमा छलफल समेत गर्न सकेनौं, त्यति बेला म त्यो कुराको पनि महसुस गर्न चाहन्छु । हतारमा ल्याउनु पर्ने, कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने द्विविधाको बीचमा बजेट ल्याउनु परेको छ । यो कुरा माननीयज्यूहरूले पनि राम्रोसँग महसुस गर्नु हुन्छ । त्यस अवस्थामा हामीले बजेट ल्याउनु परेको र बजेट कार्यान्वयनका निम्ति हामीसँग अनेकौं चुनौतीहरू थिए, हामीसँग कानूनको अभाव थियो, संरचनाहरूको अभाव थियो, हामीसँग समयको पनि दबाब थियो, किनकी हामी आफै भन्दै आएका थियौं कि असारमा खर्च गर्ने प्रवृतिलाई निरूत्साहित गरौं, असारमा खर्च गर्दा खेरि क्वालिटीको काम पनि हुँदैन र रकम चाहिँ सदुपयोग हुने सम्भावना पनि कम हुन्छ, भनेर हामीले भन्दै आएको अवस्थामा अब असारमै फेरि पहिलेको चाहिँ गलत प्रवृति दोहर्‍याउनु पर्ने भएको हुँदा यो उचित हुँदैनथ्यो । त्यस्तो अवस्थाबाट हामी गुज्रिनु परेको कारणले पनि यो कार्यान्वयन कति गर्न सकिन्छ त्यो कुराले गर्दा खेरि यो बजेट पुस्तिका अर्थात रातो किताब निकाल्ने कुरामा पनि केहिकन्फ्युजन भएको हो । त्यसैले म आज अलि प्रस्ट रूपमा सरकारको तर्फबाट यो अब धेरै लुकाई रहनु पर्ने कुरा पनि होइन जे छ त्यो यर्थाथता यहाँहरूको बीचमा राख्न चाहन्छु । खासगरी यो जुन चालु आर्थिक वर्ष २०७४/०७५ को मन्त्रालयगत आयोजनाहरूको अवस्था छ, केहिकार्यान्वयनहरूका प्रयत्न त भएका छन्, कतिपय सम्झौता पनि भएका छन् । केहिमा कामहरू अगाडि बढेको छ तर हामीले फेरि पनि कार्यान्वयन गर्ने संरचनाको अभावमा, कर्मचारीको अभावमा र समय कम भएको त्यो चापले गर्दा खेरि धेरै काम अगाडि बढाउन सकिएको छैन् । यो यर्थाथता, यो वास्तविकता यो सदनसमक्ष, म अनुरोध गर्न चाहन्छु । त्यस कारण चाहिँ सरकार एउटा के निष्कर्षमा पुगेको छ भने, हालसम्म प्रक्रिया पूरा भइ बजेट निकासा भइ सकेका वा निकासाको चरणमा रहेका आयोजनाहरू अगाडि बढ्दछन् । तिनीहरूलाई त रोक्न पनि सकिदैन किनकी धेरै काम भइसकेको छ तर आजसम्म काम अगाडि बढि नसकेको, प्रक्रिया पनि अगाडि नबढेको असार लाग्न सुरू भइ सकेको, नयाँ बजेटको एकदम तयारीमा घनिभुत रूपमा लाग्नु पर्ने, त्यस्तो अवस्थामा चाहिँ कार्यान्वयनका लागि कानूनी संरचनागत र समयको अभावका कारण त्यस बाहेकका त्यस्ता प्रकृतिका आयोजना

बाहेकका आयोजनाहरू कार्यान्वयन गर्न नसकिने अवस्था रहेको जानकारी गराउन चाहन्छु । आर्थिक वर्षको अन्तिम समय, असार महिना सुरू हुन थालेको र वर्षाको समय पनि सुरू हुन लागेका जस्ता यी विविध कारणले कार्यान्वयन गर्न कठिनाइ हुने र बजेट सदुपयोग हुन ग्यारेन्टी पनि गर्न नसकिने त्यो चुनौती पनि हामीसँग रहेको कारणले अब आउने चालु वर्षका योजना कार्यान्वयन गरी अगाडि नबढाउनेमा हुने हामी निष्कर्षमा पुगेका छौं । यो कुरा पनि म सदनसमक्ष जानकारी गराउन चाहन्छु । अब कार्यान्वयनमा अनेकौं खालका चुनौतीहरू रहेको कारणले चालु आर्थिक वर्षका आयोजनाहरू कार्यान्वयन गर्न नसकिने अवस्थामा योजना पुस्तिका वा रातो किताब चाहिँ संसदसमक्ष पेश नगरिएको कुरा पनि म यहाँहरू सँग अनुरोध गर्न चाहन्छु । किताब पेश गर्ने अनि त्यसपछि योजना कार्यान्वयन हुन नसक्ने अनि हामीसँग अपेक्षा महत्वकाक्षां हुने अनि त्यसलाई व्यवहारमा उतार्न नसकिने अवस्थामा त्यो पुस्तक मात्रै वितरण गर्दाखेरि त्यति उचित हुँदैन भन्ने हिसाबले पनि हामीले पुस्तक वितरण गर्न सकेनौं र बरू एउटा कुरा यहाँहरूसँग म के अनुरोध गर्न चाहन्छु भने यस वर्ष छनौट भइसकेका योजनाहरू, अगाडि बढिसकेका ती योजना औचित्यपूर्ण छन् भनेपछि ती योजनाको फेरि पनि आवश्यकता छ भने र अझ चाहिँ त्यसमा बजेट बढाएर थप्नुपर्ने पनि अवस्था छ भने ती योजनाहरूलाई आगामी आर्थिक वर्षको कार्यक्रममा चाहिँ सम्वोधन गर्ने गरी हामी अगाडि बढ्ने कुरा पनि यहाँहरूसँग अनुरोध गर्न चाहन्छु ।

अब अहिले चाहिँ हामी असार १ गते अगाडि आर्थिक वर्षको बजेट संसदमा पेश गर्नुपर्छ । अझ १ गते त अन्तिम मिति हो, १ गतेभित्र चाहिँ पेश गर्नुपर्छ । कानूनअनुसार त्यो अन्तिम दिनमा गर्नु परे पनि हामी असार १ गते चाहिँ संसदमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुपर्छ । अब छिट्टै चाहिँ सरकारको नीति तथा कार्यक्रम संसदमा पेश गर्नुपर्छ । त्यो नीति तथा कार्यक्रममा छलफल गर्नुपर्ने छ र बजेटका बारेमा हामी तयारीमा लाग्नु पर्ने छ । यो एउटा परिस्थतीले पनि योजनाहरूको कार्यान्वयनमा हामी चाहिँ घनिभुत रूपमा लाग्न नसक्ने अवस्था यहाँहरू सँग फेरि पनि जाहेर गर्न चाहन्छु र अन्तिममा म माननीयज्यूहरूसँग यस भन्दा पहिले पनि नीति कार्यक्रमका बारेमा हामीले छलफल गरेका छौं, धेरै महत्वपूर्ण सुझाव आएका छन् र अब चाहिँ नीति कार्यक्रम संसदमा पेश भइ सकेपछिका बाँकी समय बजेटका सम्बन्धमा माननीयज्यूहरूसँग सरकारले आर्थिक मामिला तथा योजना मन्त्रालय वा विषयगत मन्त्रालयले घनिभुत रूपमा छलफल गरेर यहाँहरूका सुझावहरू, यहाँहरूका रायहरूलाई हामीले सम्वोधन गर्नेछौं र निश्चित रूपमा पनि काम गर्ने क्रममा केहिकमजोरी हुन सक्छन् ती कुराहरूलाई हामीले रियलाइज पनि गर्छौं, महसुस पनि गर्छौं र त्यसबाट पाठ पनि सिक्नुपर्छ, शिक्षापनि लिनुपर्छ । यसपटक चाहिँ हामीले पहिलो पटक बजेट पेश गयौं, अत्यन्तै हतारमा बजेट पेश गयौं, सानो बजेटलाई, एउटा बजेटको रूपमा पेश गर्नुपर्ने यी सीमाको बीचमा हामी चाहिँ कतिपय कुराको रूपमा अगाडि बढ्न कठिनाइ भयो । अब हामीसँग जति बजेट

प्राप्त भएको छ, समानीकरण अनुदान, राजश्व बाँडफाँडको हिस्सा र हाम्रो आन्तरिक स्रोत, आन्तरिक स्रोत त एकदम कम छ र अब फेरि एउटा कुरा के भने यो चालु आर्थिक वर्षको जुन बजेट छ त्यो खर्च भएन भने, त्यो फ्रिज भएर केन्द्रमा जाँदैन, त्यो सुविधा हामीलाई छ । त्यसकारण हतारपतारमा चाहिँ त्यो आउटपुट नहुने गरी कार्यान्वयन हुनेभन्दा बरू चाहिँ अलि राम्रोसँग सल्लाह गरेर आगामी वर्षमा, त्यो रकम चाहिँ हामीले थप्छौं विनियोजन गर्न सक्छौ । जति रकम बाँकी रहन्छ, त्यो चाहिँ हाम्रै बजेट हुन्छ, हाम्रै संञ्चित कोषमा रहन्छ, आगामी आर्थिक वर्षको बजेटमा त्यसलाई चाहिँ हामीले विनियोजन गर्न सक्छौ । त्यसैले चाहिँ आगामी आर्थिक वर्षको बजेट बनाउँदा खेरि माननीयज्यूहरूसँग चाहिँ घनिभुत रूपमा छलफल गरेर, यहाँहरूका सल्लाह सुझाव लिएर कर्णाली प्रदेशका समस्याहरू सम्वोधन गर्न सक्ने सानो बजेटबाट धेरै आवश्यकताहरूलाई कसरी सम्वोधन गर्न सकिन्छ, त्यसमा चाहिँ तपाईंहरूको असाध्यै ठूलो सहयोगको अपेक्षा पनि हामी गर्न चाहान्छौ र संसदहरूको सहयोग, माननीयज्यूहरूको सहयोगबाट सरकार अगाडि बढ्ने प्रतिबद्धतासहित म आफ्नो चाहिँ जवाफ यही टुङग्याउछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोवारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाई राख्न माननीय सदस्यहरूका लागि विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री अम्मरबहादुर थापा, समय ५ मिनेट । त्यसपछि माननीय श्री कुर्मराज शाही तयार रहनु होला ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज करिव २–४ दिन भो कालिकोटको घटना भनौं, नरहरीनाथ गाउँपालिका वडा नं. ९ को वडा सदस्य, यो जुन घटना भएको हो भने तत्काल कारबाहीको निमित्त म यो सदनमा सभामुख महोदयमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यस्तो अहिले संवैधानिक व्यवस्थामा सबै मानव समाजको निमित्त सबैलाई, सबै एक हुन र सबै यो देशका नागरिक हुन् भनि सके पछि जातीय विभेद गरेर, यदि त्यसो भएको हो भने, त्यस्ता जातीय विभेद गर्नेहरूमाथि कडा भन्दा कडा कारबाही गर्नुपर्छ । यो मेरो माग हो र अर्को कुरा यो सरकारको ध्यानाकर्षण गराउँदा गराउदैं, यो सरकारले सुन्दैन कि क्या हो भन्ने लाग्छ, पटक पटक हामीले भन्यौ, यो देशमै सबै भन्दा पहिले कर्णाली प्रदेशको नामाकरण र राजधानीको नाम समेत हामीले तोक्यौ । अहिले पनि सुर्खेतमै यो कर्णाली प्रदेशकै वरिपरि ६ नं. प्रदेश भनेर लेखिएका बोर्डहरू पाइन्छन् । अझ गृह मन्त्रालयले अरूलाई गर्नुपर्छ भन्ने आदेश गर्नुपर्ने मन्त्रालयका बोर्डहरूमा त्यस्ता कुराहरू लेखिएका छन् । यो लेख्न पाइन्छ कि पाइँदैन, मैले यसको जवाफ सुन्ने गरेको छु । अहिले तत्काल यो प्रदेशभित्र छैन र केन्द्रीय नीतिभित्र रहेको हुनाले हामीलाई लेख्न बाध्यता छैन । यदि ६ नं. लेखी सकेपछि  कर्णाली प्रदेश लेख्न ६ नं. लेख्न पनि अधिकार रहेन, केन्द्रसँग सम्बन्धित हो भने, त्यसो भएको हुनाले अहिले यो सदनको गरिमालाई यो प्रदेशमा बस्नेहरूले ध्यान

दिनुपर्छ । त्यसो भएको हुनाले अहिले यो कर्णाली प्रदेशका हरेक १० वटा जिल्लामा कुनै पनि, अरूको या त ८ नं. प्रदेश लेख्न पर्यो या त यो चाहिने कर्णाली प्रदेश होइन भन्न पर्यो, या त यो संघ, केन्द्रीय सरकारको हो भन्नु पर्यो, अन्यथा यो १० वटा जिल्लामा रहने कुनै पनि सरकारी निकायहरूले कर्णाली प्रदेशको नामलाई हटाउने प्रक्रिया र कर्णाली प्रदेशलाई नभएर ६ नं. प्रदेश लेख्ने कुराले यो गरिमामय सदनको अपमान भएको छ । त्यसो भएको हुनाले तत्काल सरकारले त्यस्ता कुराहरू कहीं कतै छन् भने छानबिन गरेर तत्काल यो कर्णाली प्रदेशको बोर्ड त्यहाँ टासिँनु पर्छ । त्यसो भएको हुनाले म सरकारको ध्यानाकर्षण यसै सदनमा गराउन चाहन्छु ।

अर्को कुरा अब बजेटमा मलाई लाग्छ, आज नीति र कार्यक्रम सरकारको आउँछ भन्ने कुरा आएको थियो । आज विभिन्न कारणले रोकिएको छ र भोलि मलाई लाग्छ भोलिको म्याद सकियो भने मैले सुन्याछु, अब आधिकारीक होइन । यो प्रदेशको नीति र कार्यक्रम आउँदैछ र यो नीति र कार्यक्रमलाई विशेष गरेर यो कर्णाली प्रदेशको सुन्दरतालाई ख्याल गरेर विगत जस्तै आज प्रतिपक्ष दलका नेताले, आज बजेट हिजै यो सभालाई यस्तो अवरोध गर्न आउनुपर्ने अवस्था दिनु हुँदैन थियो । सरकारले अब यो नीति र कार्यक्रम पनि विशेष गरेर, यो कर्णाली प्रदेशको सुन्दरतालाई ध्यान दिएर हामी अगाडि बढ्नुपर्छ र यो गत वर्षको बजेटमा पनि फास्ट ट्र्याक भन्दा अब अहिले त आजबाट त क्लोज नै भो, वास्तवमा अब यो पैसा दिएर खर्च हुन्छ भन्ने कुरा त पत्याउन पनि सकिंदैन त्यसो भएको हुनाले अब यसलाई राम्रो तरिकाले, यो कर्णाली प्रदेश सधैंभरी भन्ने गरिएको पहाडमा रहेको हीरालाई कसरी तोड्न सक्छ र सबै यो प्रदेशमा रहेका जनतालाई त्यो हीराको गहना लगाउन सक्ने वातावरण कसरी बन्न सक्छ । यसतर्फ यो सरकारको ध्यान जाओस् र यसरी हामी अगाडि बढ्यौं भने साँचिकै यो हामीले जे भाषण गरिरहेका छौं, यो स्रोत साधनले सम्पन्न प्रदेश भनेका छौं । मैले विशेष गरेर यो प्रदेशको आयस्रोत बढाउने, यो प्रदेशलाई धनी बनाउने के हुन सक्छ होला, म माननीय भएको हुनाले मैले धेरै महत्वाकांक्षा राखुला तर यो प्रदेशलाई मजबुत बनाउनका निमित्त, यो प्रदेशको राजश्व मात्रै नभएर ती स्रोत साधनहरूलाई प्रयोग गरेर, हामीले अर्काका भरमा नपर्ने, परनिर्भर नहुने र यो कर्णाली प्रदेशका जनताको विकासका निमित्त जनताको जीवन अगाडि बढाउनका निमित्त समृद्ध नेपाल र सुखी नेपाली भनेर केन्द्रीय सरकारले घोषणा गरेको छ । तर समृद्ध प्रदेश र समृद्ध यो प्रदेशका जनतालाई कसरी सुखी जनता बनाउन सकिन्छ, यतातिर ध्यान जाओस्, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कुर्मराज शाही, समय ५ मिनेट । यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुख महोदय, साविकको लालु गाविस र अहिले नरहरीनाथ गाउँपालिकाको वडा नं. ९ लालुमा १९ गते राती ९ बजे एउटा अकल्पनिय तरिकाले अप्रिय घटना घटेको छ । त्यो घटनासँगै त्यहाँको लालु र जिल्लावासी पछि यो

सिङ्गो प्रदेश र हामीसहित दुखित भएका छौं । घटनाका प्रकृतिहरू, घटनाको अन्तरवस्तु आफ्नो प्रकारका होलान् तर मान्छे मारी हाल्नुपर्ने, मान्छेलाई डेथ पेनाल्टी दिनुपर्ने, यो त जघन्य कार्य हो, अत्यन्तै दुखदायी कुरा हो र यो जुन ढङ्गले एउटा आफ्नो आवेशमा आएर रिसमा उनलाई जुन मृत्यु दण्ड दिनु पर्ने, डेथ पेनाल्टी दिनु पर्ने, मारी हाल्नु पर्ने हत्या गरी हाल्नु पर्ने होइन, त्यो भएको हुनाले यो गलत काम गर्ने जो अपराधिक मानसिकता बोकेका छन्, २ जना महिला दिदि बहिनीहरू र तिनीहरूलाई कानूनको दायराभित्र ल्यायर हदैसम्मको कारबाही गरिनुपर्छ भन्ने कुरा म यो गरिमामय सदनसमक्ष सभामुख महोदयमार्फत् म यो कुरा राख्न चाहन्छु ।

दोस्रो कुरा हामी विकास निर्माणको प्रक्रियामा अगाडि बढिरहँदा खेरि हामीले आर्थिक समृद्धिको परिकल्पना गरिरहेका छौं र त्यो दिशातिर, त्यो ढङ्गले हामी अगाडि बढि रहेका छौं । तर के छ त भन्दा खेरि हामी पक्की पुलहरू बनाउदै छौं । ती पक्की पुलहरू हावाले उडाईदिने, हावाले उडाउने पक्की पुलहरू बनाउछौं भने मलाई के लाग्छ भने, गाडी चढ्दा खेरि, गाडी हिड्दा खेरि त्यो पुलहरूको अवस्था के होला ? त्यो भएको हुनाले दैलेख जिल्लाको यो जाक्सीमा आएको हावाहुरीले पुल उडाई दिएको छ । त्यो भएको पक्की पुल हुनाले अहिलेसम्म, त्यो ठेकेदार नजिक आइ पुगेको छैन र कामदारहरू पैसा नपाएर अहिले पनि मन्त्रालय धाउने, विभिन्न ठाउँहरू धाउने, उनिहरूको स्थिति बनिरहेको छ । पैसा उनले पाएका छैनन् र त्यो पुल निर्माणको प्रक्रियालाई अगाडि बढाउनको निम्ति अहिले पनि ठेकेदार मलाई के लाग्छ भन्दा खेरि सम्पर्कमा आएको छैन । त्यो भएको हुनाले, त्यो हावाले उडाएको पुल र त्यो ठेकेदारलाई कारबाही गरियोस् भन्ने कुरा यो गरिमामय सदनमा राख्दै मेरो आफ्नो भनाई अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री कौशिलावती खत्री, समय ५ मिनेट ।

**माननीय श्री कौशिलावती खत्रीः**- माननीय सभामुख महोदय, अबको हाम्रो लक्ष्य कर्णाली प्रदेशको सरकार र सदनको लक्ष्य न्यायसहितको समृद्धि, समतामूलक समाज निर्माण गर्ने भनि राख्दा कालिकोटमा एउटा जनप्रतिनिधि महिलामाथि छुवाछुत र भेदभावको कारण अमानवीय तरिकाले ज्यान मार्ने घटना भएको छ । यसरी हामी न्यायोचित समाज, समतामूलक समाज निर्माण गर्ने नाराका साथ अगाडि बढ्दा एउटा महिला जनप्रतिनिधिमाथि यसरी ज्यान मार्ने समेत घटना भएको हुनाले हामी महिला जनप्रतिनिधिहरू स्तब्ध भएका छौं र त्रसित पनि छौं । यसरी मनकला सार्कीमाथि भएको जातीय विभेदकै आधारमा हो या जुनसुकै कारणले भएपनि ज्यान मार्ने घटना भएको कारण जनप्रतिनिधिहरूको सुरक्षाको जवाफदेहीता सरकारले लिनु पर्दछ भन्ने कुराको पनि सभामुखमार्फत् म यो सदन र कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुरा यसरी जातीय विभेदकै आधारमा हो भने कर्णाली प्रदेश सरकारले यथाशीघ्र रूपमा यसको छानबिन गरेर, नेपालको संविधान २०७२ को भाग ३ को धारा २४

उपधारा (५) मा व्यवस्था भएअनुसार दोषीलाई कडा भन्दा कडा कारबाहीसहित पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न म यो सदन र सरकारलाई सभामुख महोदयमार्फत् ध्यानाकर्षण गर्न चाहन्छु । अब यस्ता घटना हुन नदिनको लागि कर्णाली प्रदेश सरकारले सचेतनामूलक कार्यक्रम ल्याएर वा त्यो घटना पक्कै पनि पहिलो होइन, बारम्वार कालिकोटमा यस्ता छुवाछुतसम्बन्धी घटनाहरू भइ राखेका छन् । अब यस्ता विसङ्गति कुसंस्कारलाई निमुर्ल गरेर अबको कर्णाली प्रदेश सरकारले सुशासनयुक्त कर्णाली प्रदेश बनाउनको लागि पहलकदमी यथाशीघ्र रूपमा लियोस् भन्ने कुरा पनि म सभामुख महोदयमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । अन्त्यमा पीडित मनकला सार्कीको परिवारलाई भावपूर्ण संवेदना प्रकट गर्दै, मृतक मनकला सार्की प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गणेशप्रसाद सिंह, समय ५ मिनेट ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुखज्यू, मैले विशेष गरेर जाजरकोटको बारेकोट गाउँपालिकामा वैशाख १७ गतेको असिनापानीबाट भएको क्षतिको बारेमा प्रदेश सरकारले किन बोलेन ? बोल्नु पर्छ त्यहाँ अलि खाद्य समस्या भइराखेको छ, अनि वर्षा पनि बढ्दै गइ राख्या छ । त्यहाँ दुई ठाउँमा डिपो माग गरेको थियो । ५ हजार क्वीन्टल खाद्य व्यवस्था, छ महिनाको लागि खाने व्यवस्थाको माग गरिएको थियो । त्यो सम्पूर्ण असिनाले क्षति गरेपछि, त्यहाँ अभाव छ । त्यसको व्यवस्थाका लागि अग्रिम माग गर्दै प्रदेश सरकारलाई सभामुख महोदयमार्फत् म ध्यानाकर्षण गराउन चाहन्छु, अन्यथा महामारी हुनसक्ने सम्भावना छ ।

अर्को बारेकोट गाउँपालिका ३ मा रहेको नुनपानी मैले केन्द्रीय खानी विभाग काठमाडौंमा लिएर गएको थिए, क्लोराइड, सोडियम र पोटासियमले गर्दा १ लिटर पानीमा नब्बे प्रतिशत नुनको भाग देखापरेको छ, त्यो प्रमाण मसँग मौजुदा छ, आवश्यक परे म पेश गर्न सक्छु। त्यहाँ चाहिँ अब नुन उत्खनन गर्नका निम्ति त्यो बजेटको विनियोजन गरियोस् । अब त्यहाँ स्वागको खानीमा ९२ प्रतिशत स्वाग देखा परेको छ । त्योसँगै फलाम, तामा, भेरी नगरपालिका १३ मा यो कोइलाखानीको कच्चा पर्दाथ पाइएको छ । त्यसको उत्खननका लागि बजेट व्यवस्था गरियोस् ।

अर्को, कुरा मैले टेलिकम टावरको विषयमा बेला-बेलामा यहाँ कुरा उठाएको छु । दिन दिनै न्यूनतम तीनदेखि पाँच जना जनसमुदायहरूले मलाई फोन गर्ने गर्दछन् र जहिले पनि टेलिकम ह्याङ भइ राखेको छ र टेलिकमको व्यवस्था तुरून्त गरियोस् भन्ने आवाज छ । त्यो मैले अत्यन्त जरूरी ठानेर यहाँ ध्यानाकर्षण गराए । यसको अब्टर कम्पनी इन्डियाले ठेक्का लिएको छ । यो गत साल असोजमा ठेक्का भएको छ । अहिले आउने भदौ असोजसम्मको लागि अब धेरै दिन छैन्न । त्यसका निमित्त प्रदेश सरकारले तुरून्तै र केन्द्रीय सरकारसँग सम्वाद गरेर यसको काम तुरून्तका तुरून्तै सुरू गरियोस् अन्यथा त्यहाँ तल असहज परिस्थिति हुनसक्ने सम्भावना छ । हामी टावर फाल्छौ भनेर मलाई

थ्रेड आइराखेको छ । स्थिति यो हो र अब एम.डी. कम्पनीका निर्देशक प्रतिमा प्रधान टेलिकम टावर बबरमहल काठमाडौं र त्यहाँको उप महाप्रबन्धक नामक न्यौपाने (कालिकोट) र अब यो मध्यपश्चिम हेर्ने प्रमुख युवराज खनाल, नेपालगंञ्ज उहाँहरूलाई टेलिफोन गरेर यो कर्णाली प्रदेश सरकारले सम्वाद गरोस् । हामीसँग मेरो निर्वाचन क्षेत्रमा रहेको नलगाड हाइड्रोपावर आठ महिनामा चाहिँ मतलब ऊ आउँदै छ, यो के भन्छ यो डिपिआर रिपोर्ट आउने, जम्मा छ हजार रोपनी जग्गा मतलब त्यो क्षतिपुर्ति अर्थात मुआब्जामा दिनुपर्नेमा जम्मा डेढ करोड मात्रै केन्द्र सरकारले छुट्टयाएको छ । त्यसपछि जनताको ठूलो मतलब अब विरोध प्राप्त भइ रहेको छ । त्यहाँ चाहिँ अब मुआब्जा दिने भनेर त्यो गाउँपालिकालाई भनिएको छ तर एकमुष्ट मुआब्जा दिएको छैन् । घर, गोठ, जग्गा सम्पूर्ण मुआब्जा दिनुपर्ने हो । डेढ करोडले हुन सक्दैन यसको निमित्त प्रदेश सरकारले केन्द्र सरकारसँग सम्वाद गरोस्, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दानसिंह परियार, समय ५ मिनेट ।

**माननीय श्री दानसिंह परियारः-** सभामुख महोदय, आज हामीले खुसी नेपाली र समृद्ध नेपालको परिकल्पना गरिरहँदा अस्तीमात्रै १९ गते राती कालिकोटको जुन मिना सार्कीको निर्ममता पूर्वक लखेटि लखेटि, जुन हत्या भएको छ, यसको निन्दा गर्ने शब्द पनि नेपाली शब्दकोषमा कहीँ कतै भेट्टिदैन् । त्यसलाई जति निन्दा गरे पनि त्यो अपुरो नै हुन्छ । २१ औं शताब्दीमा आज हामीले समतामूलक समाज, न्यायपूर्ण राज्य व्यवस्थाको परिकल्पना गरिरहँदा, अहिले पनि जातीयय विभेदकै कारणले गर्दा एउटा महिला मर्छ भने यो कर्णाली प्रदेशको मात्र हैन सिंगो नेपालको पहिचान विश्व जगतमा, हाम्रो चाहिँ पहिचान हाम्रो चाहिँ अन्तर्राष्ट्रिय छविमाथि प्रश्नचिह्न खडा भइ राखेको छ । आज हामीले महसुस गरिराखेका छौं कि हिजो कर्णाली राज्य पछाडि पर्यो, हिजो कर्णाली पछाडि पर्यो भनेर जसरी विश्लेषण गयौं । त्यसको एउटा कारण त केन्द्रीय शाषण व्यवस्था थिएन । हामीले भनेका थियौं र केन्द्रीय शाषण व्यवस्थामा हामी लड्दै पनि आयौं र नेपालका हरेक पानाहरूमा कुनै पनि समुदायले रगत बगायो । थाहा छ १९ दिने जनआन्दोलनमा २४ जना शहिदहरूले रगत बगाएका छन्, यो देशमा जनयुद्धको प्रमुख शहिद डिल बहादुर रम्तेललगायतले रगत बगाएका छन् । यो देशमा जनयुद्धको गरिएको नाटकमा रगत बगाउँदा १३ सय दलितहरूले रगत बगाएका छन् । तर अहिले हामीले देखी रहेका छौं, आज सांस्कृतिक क्रान्तिको नाममा गरिएका कम्यूनिष्ट क्रान्तिहरू फेरि आज बुर्जुवा शैलीबाट अगाडि बढ्ने र यो र त्यो नाममा फेरिपनि उत्पीडित समुदायले चाहिँ राज्य व्यवस्थामा हाम्रो हो कि होइन भन्ने कुरा परिस्थितिको निर्माण भइ राखेको छ । एकातिर केन्द्रीय शासन व्यवस्था नै कर्णाली पछाडि पर्नुको प्रमुख कारण हो । त्यो सँगसँगै प्रमुख कारण कर्णालीभित्रको विभेद, असमानता, उत्पीडन थियो । त्यसो भएकोले हामीले ती विभेद उत्पीडन र असमानतालाई यदि आगामी नीति तथा कार्यक्रममा सम्वोधन गरेनौ भने हामीले भनि राखेका छौं, कर्णाली प्रदेश ५२% गरिबीको रेखामुनि छ

। त्यसको एउटै कारण हो कि नेपालको सबैभन्दा बढि सघन दलित समुदायको चाहिँ बस्ती भएको क्षेत्र कर्णाली प्रदेश करिब २३% जनसङ्ख्या भएको चाहिँ दलित समुदायको क्षेत्र ५२%भित्रको चाहिँ २३% दलितहरूलाई राज्यले कहिल्यै पनि आफ्नो रूपमा लिएन, नेपालका दलितहरूको मुद्दा कहिल्यै पनि राज्यको भएन, नेपालका दलितहरूको मुद्दा दलितहरूको मात्रै भयो । त्यसो हुनाले मलाई लागिरहेको छ, आज, हिजो कर्णाली खस राज्यको अन्तिम राजा देउमन शाहीले जसरी शासन चलाएको थियो । अहिले फेरि त्यही किसिमको शासन व्यवस्थाको हामीले आभाष पाईराखेका छौं । त्यसो भएकाले म भन्न चाहन्छु, यस्ता घटनाहरू अब आइन्दा कुनै पनि ठाउँ र परिवेशबाट हामीले हाम्रो कानमा सुन्न नपरोस् र राज्यले निर्वाचित एउटा सदस्यलाई आज जसरी घटना घटिएको छ । यसलाई सरकारको तर्फबाट तत्काल शहिद घोषणा गरियोस् । पीडितका घर परिवारलाई उचित किसिमको क्षतिपूर्तिको व्यवस्था होस् र अन्त्यमा जो उक्त घटनामा संलग्न अपराधीहरूलाई हदैसम्मको जातीय विभेद तथा छुवाछुत कसुर ऐन, २०६८ र कर्तव्य ज्यानसम्बन्धीको महलको व्यवस्थाअनुसारको हदैसम्मको कारबाही होस् यति भन्दै आफ्ना भनाई यहीं राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमबहादुर रोकाय, समय ५ मिनेट ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुख महोदय, सर्वप्रथम म कालिकोटको घटना बारेमा जो मृतकलाई श्रद्धाञ्जली दिदैं र अपराधीलाई छिटो भन्दा छिटो कारबाही हुनुपर्छ, त्यस्तो घटना फेरि नदोहोरियोस् । देशमा हामी परिवर्तनको संघारमा आइसकेका छौं, देश संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको छ । हामी समावेशी र समृद्धिको लोकतन्त्रको कुरा गरिरहेका छौं, समृद्धिको भाषणसँग गीत गाईरहेका छौं तर समावेशी विकास गर्नको लागि समृद्धि आवश्यक हुन्छ । कर्णाली प्रदेशमा रूपान्तरण गर्नु जरूरी छ, परिवर्तन गर्नुपर्दछ, त्यो कर्णाली प्रदेश परिवर्तन गर्नका लागि यही तालले, यो कर्णाली प्रदेश कछुवाको गतिमा हिड्यो भने हामी असफल हुन्छौ, जस्तो लाग्दछ । हामीले २०७४/०७५ को बजेट ल्यायौं, पास गर्यौं, नीति तथा कार्यक्रममा सबै साथीहरू बोल्यौं, कति बोल्ने बोल्दै बोल्दै मुख पनि पट्टाई सक्यो । अहिलेसम्म कुनै कार्यान्वयन भएन, कुरा मात्रै भए, कार्यान्वयन भएन फेरि आउने २०७५/०७६ को बजेट पनि यही ताल भयो भने हामी कर्णाली प्रदेशको समृद्धि र विकास गर्न सक्दैनौ जस्तो लाग्दछ । अब आउने बजेटमा एउटा कुरा हामी माननीय सदस्यहरूले अहिलेसम्म कोठा भाँडा तिर्न सकेका छैनौं मेरो कुरा गरेको हैन मलाई मात्र नपुगेको हैन जस्तो लाग्छ,घरवेटीले मागेको माग्यै छ । चुनाव भएको ५ महिना भइ सक्यो किन कानून बन्न सकेन ? कहिले बन्ने हो र २०७५/०७६ को बजेट ल्याउँदा हामी माननीय सदस्यहरूले कति विकास बजेट बाँढ्ने हो र मन्त्रालयले कति दिने हो, यो पनि प्रस्ट पारिदिनु पर्यो । अनि हिजो त हामीले केहिकुरा सुनेका छौं, मन्त्री भएको जिल्लामा मात्रै, मन्त्री भएको क्षेत्रमा मात्रै बजेट बढि जाने मन्त्रालयको अनि माननीयहरूले त्यतिकै आफ्नो सिफारिसमा मात्रै पाउने

हो भने यो अन्याय होला । हिजो २०७४/०७५ बजेट त कायम भएको छैन । सुन्यौ केही जिल्लामा गइ सक्यो भने मेरो क्षेत्रमा, मेरो जिल्लाको बारेमा (क) मा हाम्रो माननीय दीनवन्धु दाइलाई थाहा होला, मेरो क्षेत्रमा २ लाख गएको छ, गएको छैन २ लाखको कायम मात्र भएको छ । अरू जिल्लामा कतिको छ, थाँहा छैन भने भोलि पनि यही तरिकाले हुने हो भने हामी अन्यायमा पर्छौं । अनि हामी समृद्धिका र समावेशीका के कुरा गर्ने, समावेशी भनेको त सबैलाई बराबर होला, सबैलाई बराबर भए पो त्यो दामासाहीको दरले भनेको होइन, योजनाको आवश्यकता भएको ठाउँमा बढि पनि दिनु पर्दछ, बाटो नपुगेको ठाउँमा बाटो पुग्नु पर्दछ, बत्ती नभएको ठाउँमा बत्ती पुग्नु पर्दछ, खानेपानी नभएको ठाउँमा खानेपानी पुग्नु पर्दछ, सिंचाइ नभएको ठाउँमा सिंचाइ पुग्नु पर्दछ, त्यसै कारणले अहिले रकम निकासी बढि हाम्रो भौतिक पूर्वाधार तथा योजना मन्त्रालय भएको हुनाले भौतिक मन्त्रालयमा बजेट अलिबढि जानसक्छ, जानुपर्दछ, किनकी सडक त्यहीं छ, सिंचाइ त्यही छ, खानेपानी त्यहीं छ, मेन जनतालाई चाहिने त्यहीं हो, चाहिँ न त सबै चाहिँन्छ । त्यसै कारणले अब आउने दिनहरूमा २०७५/२०७६ को बजेट समावेशी र समानुपातिक ढङ्गले कसैलाई पिर, मर्का र अन्याय नपर्ने हिसाबले हुनुपर्दछ भन्दै मेरो भनाई यही राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, समय ५ मिनेट ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, आजको यो दोस्रो अधिवेशनको १० औं यो गरिमामय सदनमा, यो विशेष समयमा, अहिले यो कर्णाली प्रदेशको जुन कालिकोट जिल्लामा नरहरिनाथ गाउँपालिकामा निर्वाचित वडा सदस्य मना सार्कीको जुन हत्या गरिएको छ । यो एकदमै दुःखद घटना छ, यो घटनाले सिंगो कर्णालीवासी मात्र नभएर, यो सिंगो नेपालको जुन अहिले महिलाहरू असुरक्षित छन् भन्ने कुराहरू यस्ले देखाइरहेको छ । मैले सर्वप्रथम यो एउटा जातीय छुवाछुतको घटना जुन बाहिर आइरहेको छ । त्यो विषयमा सत्य तथ्य छानबिन गर्नुपर्दछ र यसको लागि यो प्रदेश सरकारले त्यहाँका सत्य कुरा पत्ता लगाई, वस्तुनिष्ठ विषय बाहिर ल्याउनका लागि मैले यो सदनमार्फत् कर्णाली प्रदेश सरकारलाई छानबिन समिति गठन गरियोस् भन्ने माग राख्न चाहन्छु र मृतक मना सार्की जुन निर्वाचित वडा सदस्य पनि हुनुहुन्छ, उहाँप्रति म भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु र पीडित परिवारलाई यो सरकारले उचित क्षतिपूर्तिको पनि व्यवस्था गर्नुपर्छ भन्ने पनि म यहाँ राख्न चाहन्छु । यस्तै गरी हामीले सदनमा बोलिरहेका छौं तर बोल्दाखेरि पनि हामी हाम्रा विषयलाई प्रदेश सरकारले गंम्भिर भएर लिनु भएको छ कि छैन् भन्ने कुराको आज यहाँ प्रश्न चिह्न उठेको छ । सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकामा वैशाखको महिना जहाँ खडेरीको बेला पनि बाढी आयो भन्दा हामीलाई पनि अचम्म लाग्दछ । त्यहाँ बालीनाली क्षति भयो काटिरहेका गहुँहरू बगायो तर हामीले आज पीडित पक्ष आएर, हामीले न्याय पाएनौं, हामीले राहात पाएनौं भनिरहेका छन् । यो कस्ले उपलब्ध गराउने हो, कसरी सरकारले यसलाई बोल्ने हो यो कुराको पनि

जवाफ दिनुपर्छ भन्ने मैले माग राख्न चाहन्छु । यो सुर्खेत जिल्लाको भेरीगंगामा सबैभन्दा बढि आँप उत्पादन हुने, फलफूल खेती उत्पादन हुने, लिची उत्पादन हुने जुन क्षेत्र हावाहुरीका कारणले सबै बालीनाली नष्ट भएको छ । जहाँ किसानहरू अन्य खेतीपाती नभएर फलफूल उत्पादन गरेर वर्ष दिनभरी आफूले खाना पुर्याउने जुन उद्देश्यमाथि आज हुरीबतासका कारणले सबै बालीनाली नष्ट भएको छ, यसको लागि पनि प्रदेश सरकारले विशेष ध्यान दिनुपर्छ भन्ने मैले राख्न चाहन्छु ।

अर्को विषय छ, एकदमै हामीले उठाइरहेका आवाजहरूलाई गम्भीर भएर यो प्रदेश सरकारले लिन पर्दछ । कर्णाली प्रदेशको यो सदरमुकाम सुर्खेतमा प्रदेश सरकार, प्रदेश मन्त्रालय, प्रदेशसभा सदन, वरिपरी हामीले हेरीरहेका छौं । यहाँको बाटो सँगसँगै सुर्खेत बजारमा यहाँका मन्त्रीहरूले पनि हेर्नु भएको छ होला, मुख्यमन्त्रीले पनि देख्नुभएको छ, सभामुखले पनि देख्नुभएको छ र हामी माननीय सदस्यलगायत सर्वसाधारण जनताले पनि देखी रहेका छन् । आज ३ महिना भइ सक्यो, मैले यो विषय उठाउन लागेको ढलबाट पानी बजारमा बगी रहेको छ, बजार दुर्गन्धित भइरहेको छ । आजसम्म किन ध्यानाकर्षण हुन सकिरहेको छैन ? किन नगरपालिकालाई पनि यो प्रदेश सरकारले विषयमा ठोस उठान गराउन सकिरहेको छैन ? यो कुरालाई गम्भीर भएर सोच्नुपर्दछ भन्ने मलाई लाग्दछ । किनभने हामी स्वास्थ्यका कुरा गरिरहेका छौं, बजारमा ढल बगी रहेको छ, तल बुलबुले तालको पानी यहाँका नागरिकहरूले खाईरहेका छन् यस्तो संवेदनशील विषयमा पनि प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण हुन पर्दछ भन्ने मलाई लाग्दछ ।

अन्त्यमा हामीले जुन यहाँ मैले यो विषय प्रदेश सरकारमार्फत् वीरेन्द्रनगर नगरपालिकालाई ध्यानाकर्षण होस् भन्न चाहन्छु । सबै मजदुरहरूले थोरै थोरै भए पनि आफ्नो रोजगारी गरेर विभिन्न व्यवसाय गरेर, पसलहरू गरेर बसी रहेकाहरूलाई, यो सुन्दर सहरलाई व्यवस्थित गराउन भनेर हामीले फुटपाथहरू हटाएका छौं, हामीले टहराहरू हटाएका छौं तर हामीले टहरा हटाएपछि यो बजार ब्यवस्थापन गर्छौं । सडक व्यवस्थापन गर्छौं, सडकलाई व्यवस्थापन गर्छौं भन्दै रातारात दिनानु दिन सबै कुरा फालियो तर अहिले बन्ने बेलामा यो वीरेन्द्रनगर के बीचमा बजारमा मंगलगढी चोकमा जहाँ दिनानुदिन पर्यटकहरू भित्रिने पहिलो बाटो हो । जहाँ बेलुका साँझ हुना साथ सोलार बत्तीहरूले आम पर्यटकहरूलाई उज्यालो दिन चोकमा थिए, त्यो हटाईएको संरचना छिटो भन्दा छिटो कार्यान्वयन होस् भन्ने म माग राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, समय ५ मिनेट ।

**माननीय श्री राजु नेपालीः-** माननीय सभामुखज्यू, यो गरिमामय सदनमा आफू बोली रहँदा अत्यन्तै भावविहिल भएको छु, २१ औ शताब्दीमा आएर पनि एउटा मान्छेले पानी छोएको निहुँमा ज्यानै जाने यो कानून, त्यस्तै होकि कानून कार्यान्वयन गर्ने ठाउँ त्यस्तै हो । यस्तै हो भने कसरी समृद्ध नेपाल हुन्छ ? समृद्धि कर्णालीका सपना देखेंका हामीले

यो मना सार्कीको निर्मम हत्या भएको छ, यो हत्या गर्ने हत्यारालाई कडा भन्दा कडा सजाय हुनुपर्छ र मृतक मना सार्कीको मृत आत्मा प्रति चिरशान्तिको कामना गर्दै उहाँको परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति मिलोस भन्न चाहन्छु । उहाँका परिवार प्रति राज्यले क्षतिपूर्ति दियोस् र उहाँलाई शहिद घोषणा गरियोस्, उहाँ एउटा जनप्रतिनिधिको हैसियतले पनि यो कर्णाली प्रदेशले जवाफ सभामुख महोदयमार्फत् दिनुपर्दछ र यस्तै हामी यो सुर्खेत राजधानीको मुटु भनेर भनिरहँदा, अहिले बाटामा ठूला-ठूला रूखहरू भए, तिनी रूखहरू बुढाभए र बत्तीको पोल त्यहीं छ, टेलिफोनको तार पनि त्यहीं छ, हरेक कुरा त्यहीं जोडिएको छ, रूखहरू भाँचिएका हुन्छन्, हावाहुरीले रूख भाँचिदा केहिथिएन तर रूख भाँचिएर त्यो विद्युतीय लाईनबाट कहिंकतै आगजनी भयो भने त्यसको जवाफ कस्ले दिने हो ? हामीले पहिल्यै यसको व्यवस्था गर्नुपर्छ कि, तिनी ठूला र बुढा रूखहरू काटिनु पर्छ र साना रूखहरू लगाउँने तिर पनि हामी जानु पर्छ कि भन्ने लागिरहेको छ । यो हाईहाईमा बाटो खोलेर जथाभावी तिर बाटो गयो, धेरै टाढा गयो पहिलाका पोल नजिक थिए, अहिले त्यो त्यहाँका धेरै समुदायहरू आतंकित हुनुहुन्छ, पोल ढल्ने निश्चित नै छ । यहाँ धुलियाबिटदेखि लिएर बाङ्गेसिमलसम्मको त्यो पोलहरूको व्यवस्था छिटो भन्दा छिटो गरिनुपर्दछ भन्ने मैले आफ्नो भनाई राखें, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री रातो कामी, समय ५ मिनेट ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू, आज हामी यो गरिमामय सदनमा दुःखद कुराको उत्खनन् गरी रहेका छौं । कालिकोट जिल्लाको नरहरि गाउँपालिका वडा नं. ९ का जनप्रतिनिधि वडा सदस्य मना सार्कीको निर्ममता पूर्वक हत्या भएको खबरले हामी स्तब्ध भएका छौं । हत्या कसरी भयो र हत्या हुनुका पछाडिका कारण के हुन ? भन्ने बारेमा यसको छानबिन अथवा यसको सही सूचना हामी पनि प्राप्त गरिरहेका छैनौं । त्यसैले म सर्वप्रथम मना सार्कीको हत्यासम्बन्धी स्वतन्त्र एउटा छानबिन समिति बनाएर अविलम्व छानबिनको प्रक्रिया पछि यो सदनमा जानकारी पाउन सभामुख महोदयमार्फत् यो सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु ।

अहिले देशमा विभिन्न प्रकारका असमानताका विरूद्धमा समानता कायम गर्नका खातिर मानिसहरूले आफ्नो ठाउँबाट बलिदान गरिरहेका छन् र आज त्यति हुँदाहुँदै पनि जनताका प्रतिनिधिहरू अथवा उत्पिडित दलित महिलाहरूको हत्या हुने गर्दछ । सायद यो राज्यमा बस्ने सबै नागरिकहरूको रगतको मूल्य एउटै हुनु पर्दछ । कसैको मूल्य अलिबढि हुने र कसेको मूल्य अलि कम हुने भयो भने यसले फेरि असमानताको खाडल देखा पार्दछ र यसका बारेमा फेरि उत्पिडितहरू एउटा किसिमको संघर्षको थालनी हुन्छ, त्यसले फेरि राज्य संकटमा पार्दछ । त्यसैले गर्दा अहिले कर्णाली प्रदेश त्यो पनि गरिबहरूको, दुःखीहरूको प्रदेश हामीले भनिरहेका छौं । यसमा पनि एउटा गम्भीर प्रकारको चाहिँ जातीय छुवाछुत महिला र दलितमाथि हुने असमानता यहाँ चुलिएको छ । यसका लागि कर्णाली प्रदेशका जिम्मेवार निकायहरू अलि सचेत हुन म आग्रह गर्न

चाहन्छु । मना सार्कीको जसरी हत्या भएको छ, म मृतक प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र सँगसँगै मृतकका परिवारजनमा म समवेदना ग्रहण गर्दछु र मना सार्कीको मात्रै नभइकन अब यो श्रृङ्खलाबद्ध ढङ्गले विभिन्न किसिमका उत्पिडितहरूको चाहिँ बस्तीमा अथवा उत्पिडितहरूमाथि यो जाई लाग्ने प्रकारको श्रृङखलाबद्ध घटना अगाडि बढने हो भने, यो समस्या हुन्छ र फेरि यसको प्रतिवाद अथवा यसको चाहिँ गहिरो मूल्य चुकाउनु पर्ने हुन्छ र म अन्तिममा के भन्न चाहन्छु भने मना सार्कीको हत्याको विषयलाई लिएर छानबिन समितिको अविलम्ब माग गर्न चाहन्छु । पीडितका परिवारजनलाई विशेष प्रकारको क्षतिपूर्तिको चाहिँ माग गर्न चाहन्छु र योसँगै मना सार्कीको हत्याको सत्यतथ्य छानबिन पछि, मना सार्की एउटा जनताको निर्वाचित जनप्रतिनिधि भएको हुनाले उहाँलाई शहिद घोषणा गरेर उहाँको एउटा शहिदको दर्जामा लिनको लागि म विशेष अनुरोध गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सीताकुमारी नेपाली, समय ५ मिनेट ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा भएको १२ औं दिवस मनाई रहँदा, कर्णाली प्रदेशको कालिकोटको नरहरिनाथ गाउँपालिका वडा नं. ९ मा ४२ वर्षिया मना सार्की (आइती ) जो दलित महिला जनप्रतिनिधि पनि हुनुहुन्थ्यो जातीय छुवाछुतको विवादका कारण उहाँलाई कुटपिट गरेर मारिएको विषय जुन मिडियामा आइरहेको छ, त्यो प्रति हाम्रो ध्यानाकषर्ण भइरहेको छ । मान्छे भएर बाँच्न पाउने अधिकार छ छैन ? सभामुख महोदय, जातीय छुवाछुतका घटनाहरू दिन प्रति दिन घटिरहेका छन् । हामीले सुनेका छौं, हामीले थाहा पाएका छौं, यस्ता प्रकारका थुप्रै घटनाहरू छन् । हाम्रै कर्णाली प्रदेशमा कालिकोटमा करबीर सुनार, दैलेखमा सेतो दमाई, काभ्रेमा अजित मिजार र लक्ष्मी परिवार, सप्तरीमा शिव मण्डल, ताप्लेजुङ्गकी शुसिला वि.क. जातीय छुवाछुतकै घटनाका कारण उहाँको हत्या भएको छ । जातीय छुवाछुतका घटनाहरू दिन प्रति दिन घटि रहेको छ । यही सिलसिलामा कालिकोटको नरहरिनाथ गाउँपालिकामा मना सार्कीमाथि जातीय छुवाछुत र भेदभावको घटनाको कारण कुटि-कुटि, उहाँलाई मारिएको खबरहरू हामीले पाईरहेका छौं, दुईजना राजेन्द्र शाही र सिर्जना शाहीलाई समाएको खवर पनि हामीले पाएका छौं । सभामुख महोदय, हामीले सुनिरहेका छौं, त्यो विषयलाई अन्यत्र डाईभर्ट गरिंदै छ । हामीले नेपालको संविधानमा व्यवस्था गरेका छौं, मौलिक अधिकारमा व्यवस्था गरेका छौं, जातीय छुवाछुत र भेदभाव विरूद्धको हक हामीले स्थापित गरेको छौं र दलितहरूको हक स्थापित गरेका छौं, महिलाहरूको हक स्थापित गरेका छौं । आज मान्छेले बाँच्न पाउने अधिकार खोसिएको अवस्था छ, यो गम्भीर घटना प्रति हाम्रो ध्यानाकर्षण भइरहेको छ । यो घटनाको विषयमा थुप्रै माननीयज्यूहरूले पनि प्रश्न उठाइसक्नु भएको छ र यो विषयमा म यो सम्मानित सदनमाथि के कुराको ध्यानाकषर्ण गर्न चाहन्छु भने, सभामुख महोदयमार्फत्, घटनाको सत्यतथ्य उच्चस्तरीय छानबिन गर्न जो स्थलगत अध्ययन्

गर्नकालागि तत्कल समिति गठन गरियोस्, मृतक मना सार्की जो जनप्रतिनिधि हुनुहुन्छ, उहाँलाई शहिद घोषणा गरियोस्, मृतकको परिवारलाई क्षतिपूर्तिको व्यवस्था गरियोस् र अपराधीलाई कडा भन्दा कडा सजाय गरियोस् भन्नेकुरा सम्मानित सभामुख महोदयमार्फत् कर्णाली प्रदेशको सरकारसमक्ष म यी चारवटा माग राख्न चाहन्छु र अपिल गर्न चाहन्छु । मृतक मना सार्की प्रति भावपूर्ण शब्द व्यक्त गर्दछु र मृतकका परिवारहरूमा समवेदना प्रकट गर्दछु ।

सभामुख महोदय, हामी सदनमा बोल्दै गर्दा खेरि कुन विषय बोल्ने, कुन विषय नबोल्ने भन्ने कुरामा अलि हेक्का राख्नुपर्दछ । मैले सुने जनयुद्ध नाटक भनेर यहाँ भनियो, सभामुख महोदय, जनयुद्ध कुनै नाटक थिएन, जनयुद्धकै कारण आज राजतन्त्रको अन्त्य भएको छ, गणतन्त्र स्थापित भएको छ, यो राज्य धर्मनिरपेक्ष राज्य बनेको छ, समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व भएको छ, संघीय संरचना अहिले खडा भएको छ, यो जनयुद्ध बाटै जन्मेको हो । त्यसैले सभामुख महोदयमार्फत्, म यो जुन शब्द बोलिएको छ, यो रेकर्डबाट हटाइयोस् भन्ने कुरा माग गर्न चाहन्छु ।

सभामुख महोदय, दिन दिनै आज थुप्रै प्राकृतिक प्रकोपका घटनाहरू भइ रहेका छन् । हिजो चट्याङ्ग परेर दैलेखमा एकजना व्यक्तिको मृत्यु भएको कुरा हामीले सुनेका छौं । त्यस्तै गरेर हुम्लामा पनि खोलाको किनार, भिर पाखामा दलितहरूको बस्ती छ । ती नै दलितहरूका बस्तीमा आज बाढीका कारणले गर्दाखेरि, पानीका कारणले गर्दा खेरि, ती बस्तीहरू, ती घरहरू तहसनहस भइ रहेका छन्, खेती बालीहरू नष्ट भइरहेको छ । त्यसैले सभामुख महोदय, जुन प्राकृतिक प्रकोपबाट भएका घटनाहरू छन्, ती घटनाहरूमा सभामुखमार्फत्, कर्णाली प्रदेश सरकारको ध्यान जाओस् र त्यसका निम्ति म यो विषय यहाँ उठाउँन चाहन्छु र मना सार्कीको जुन घटना भएको छ, हत्या भएको छ, यो हत्या नै हो । यो हत्यालाई छानबिन गर्नका निम्ति जुन मैले चारवटा माग राखेको छु । कर्णाली प्रदेश सरकारलाई सभामुख महोदयमार्फत् यो छिटो भन्दा छिटो गठन गरियोस् भन्ने कुरा राख्दै आफ्ना भनाइहरू यहीँ अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४माथि सैद्धान्तिक छलफल समाप्त भइ सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशमा सामाजिक सेवा प्रवाह गर्ने गैरसरकारी संघ-संस्थाहरूको कामकारबाहीलाई जनमुखी, जनउत्तरदायी, जवाफदेही र पारदर्शी बनाइ, प्रभावकारी नियन्त्रण तथा सहजीकरण गर्न गैरसरकारी संघ-संस्था दर्ता, नवीकरण, सञ्चालन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गरी गैरसरकारी क्षेत्रबाट उत्पादन हुने सामाजिक तथा विकासमूलक कार्यहरूमा समन्वय

कायम गर्दा गैरसरकारी संघ-संस्थाहरूको भूमिकालाई व्यवस्थित गर्न आवश्यकदेखि सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको सामाजिक संघ-संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ माथि सैद्धान्तिक छलफल भइ सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधन सूचना प्राप्त भएकोले उक्त विधेयकमा थप छलफल भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम उक्त विधेयक सामाजिक विकास समितिमा पठाउन सम्मानित सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, सामाजिक संघ-संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४माथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनि प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, सामाजिक संघ-संस्था सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयक, २०७४ मा थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म गाउँसभा र नगरसभाको कानून निमार्ण प्रक्रियाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल समाप्त भइ सोमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) मा अनुसूची ८ अनुसूची ९ का अनुसूचीमा कानून बनाउन सक्ने भन्ने व्यवस्थाअनुसार गाउँसभा र नगरसभाको कानून निमार्ण प्रक्रियालाई व्यवस्थित मर्यादित पारर्दशी, चुस्त दुरूस्त तथा परिणाममुखी बनाउन आवश्यकदेखि सम्मानित सभामा प्रदेश सरकारको तर्फबाट पेश भएको कर्णाली प्रदेशको गाउँसभा र नगरसभाको कानून निमार्ण प्रक्रियाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल भइ, सो विधेयकमाथि माननीय सदस्यको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमा थप छलफल आवश्यक भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७

बमोजिम उक्त विधेयक विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको गाउँसभा र नगरसभाको कानून निमार्ण प्रक्रियाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राखु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ, कर्णाली प्रदेशको गाउँसभा र नगरसभाको कानून निमार्ण प्रक्रियाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राखु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल समाप्त भइ सो माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सेवालाई व्यवस्थित, मर्यादित तथा पारर्दशी बनाउन पदाधिकारी तथा सदस्यहरूको कार्यक्षमताको अधिकतम उपयोग गर्न स्थानीय तहका प्रतिनिधि, पदाधिकारी तथा सदस्यहरूलाई उत्प्रेरित गरी समग्र विकासमा योगदान पुर्याइ पारदर्शीता कायम गर्न आवश्यकदेखि सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भएको विधेयकमाथि माननीय सदस्यको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमा थप छलफल गर्न आवश्यक भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७बमोजिम उक्त विधेयक सम्बन्धित विषयगत समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि थप छलफल गर्न आवश्यक भएकाले सम्बन्धित विषयगत समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा छलफल गर्न आवश्यक भएकाले सम्बन्धित विषयगत समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ २६ गते शनिवार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-११
(२०७५ जेष्ठ २६ गते शनिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको ११ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री दुर्गाकिशर खनालज्यू, प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सभालाई सम्वोधन गर्नका लागि उपस्थित हुनुभएकोमा प्रदेशसभाको तर्फबाट उहाँलाई म हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमको प्रति प्रदेश प्रमुख माननीय श्री दुर्गाकिशर खनालज्यूलाई उपलब्ध गराउन समय दिन्छु ।

माननीय सदस्यहरू अब म नेपालको संविधान, २०७२ को धारा १८४ एवम् कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३५ बमोजिम कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री दुर्गाकिशर खनालज्यूलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गर्न आग्रह गर्दछु ।

**प्रदेश प्रमुख माननीय श्री दुर्गाकिशर खनालः-** सभामुख महोदय,

१. नेपालको इतिहासमा जनताको सार्वभौम शक्ति समेतको समावेशी एवम् समृद्ध राष्ट्र निर्माण अभियानमा कर्णाली प्रदेशका न्यायप्रेमी जनताको विशिष्ट योगदान रहेको स्मरण गर्दै, वर्तमान धरातलमा उभिएर नयाँ इतिहासको रचना गर्ने बेला आएको छ । यस ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्नका लागि उच्च सङ्कल्पका साथ नेपाल सरकारले अगाडि सारेको "समृद्ध नेपाल-सुखी नेपाली" राष्ट्रिय अभियानलाई आत्मसाथ गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणका लागि पहिलो पटक आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी र गौरवान्वित भएको छु । यस अवसरमा म जनयुद्ध, जनआन्दोलन र कर्णाली प्रदेशको माग गर्दै आफ्नो जीवन उत्सर्ग गरेका महान शहिदहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, बेपत्ता योद्धा, घाइते, अपाङ्ग र परिवर्तनको महत्वकांक्षी दिने र पहलकदमी लिने अग्रगामी नेतृत्वप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

२. समाजवादमा आधारित जनसहभागितामूलक विकास र सुशासनसहितको समृद्ध कर्णाली प्रदेश निर्माणका लागि शान्ति, समृद्ध र समतामूलक समाजको निर्माणमार्फत् न्यायपूर्ण एवम् समावेशी समाजवादी व्यवस्थाको आधार तयार गरिने छ ।

३. जनताका आकांक्षा, आवश्यकता, आवाजमा आधारित वैज्ञानिक योजना निर्माण र त्यसको कार्यान्वयन गरिने छ । यसको माध्यमबाट आगामी पाँच वर्षमा कर्णालीका जनताको प्रतिव्यक्ति आय २१०० डलर पुर्याइने छ ।

४. खाद्य सम्प्रभुता, खाद्य र पोषण सुरक्षाको प्रत्याभूति दिइने छ ।

५. शिक्षा र स्वास्थ्यमा प्राथमिकताका साथ कार्यक्रमहरू तर्जुमा र कार्यावन्यन गरिनेछ ।

६. भौतिक पूर्वाधार र ऊर्जा क्षेत्रको विकासको तीव्र अभियानसहित उत्पादन र उत्पादकत्वमा जोड दिइने छ ।

७. समावेशी एवम् समानुपातिक सिद्धान्तसहित सहभागितामूलक कार्यक्रमद्वारा आर्थिक, सामाजिक एवम् सांस्कृतिक रूपान्तरण र प्राकृतिक स्रोतको न्यायोचित वितरणको व्यवस्था मिलाइने छ ।

८. सार्वजनिक क्षेत्र, सहकारी र निजी क्षेत्रको संयुक्त सहभागिताद्वारा आर्थिक सामाजिक सशक्तीकरणका साथै समूह, सहकारी र कम्पनीमार्फत् जनताको अनिवार्य सहभातगिामा लगानी र उत्पादनको वातावरण निर्माण गरिने छ ।

९. प्राकृतिक स्रोत तथा उत्पादनका साधनहरूमा जनताको स्वामित्वसहितको विकास तथा प्रतिफलको न्यायपूर्ण वितरणको व्यवस्था गरिने छ ।

१०. सापेक्षिक रूपमा पछि परेको भु-भागका समुदाय र परिवारलाई योजना तथा विकास कार्यक्रममा प्राथमिकता दिइने छ । साथै, "एक घर-एक रोजगारी" को कार्यक्रम सञ्चालन गरी वर्षमा १०० दिनको रोजगारी दिने नीति लिइने छ ।

११. समग्र स्रोत, श्रमशील जनशक्ति र नेतृत्वको इच्छाशक्ति एवम् जनचाहनाको एकीकृत तागतलाई पूँजीमा बदल्दै कर्णाली प्रदेशलाई सामाजिक न्यायसहितको समृद्ध प्रदेशको उचाईमा पुर्याउने गरी विकास क्रियाकलापहरू अघि बढाइने छ।

१२. गतिशील नेतृत्व, असल प्रशासन र सुधारिएको कानूनी व्यवस्थाद्वारा कर्णाली प्रदेशका जनतालाई शीघ्र प्रदान गरिने छ । राजनीतिक तथा आर्थिक-सामाजिक-सांस्कृतिक कार्यक्रमहरूमार्फत् दिगो विकास लक्ष्य तथा समाजवादउन्मुख अर्थव्यवस्था निर्माण गर्न, यातायात, विद्युतीकरण, सूचना प्रविधि, पर्यटन र व्यापार" को पञ्चतत्वबाट कर्णाली प्रदेशको आधुनीकरण गरिने छ ।

१३. कर्णाली प्रदेशमा राष्ट्रकै नमूना प्राङ्गारिक तथा आधुनिक कृषि प्रणाली स्थापित गरी खाद्य सम्प्रभुताको प्रत्याभूति दिइने छ । समग्र गरिबी रोग, अज्ञानता, भूमिहिनता र बेराजगारीका विरूद्ध सशक्त कार्यक्रम सञ्चालन गरिने छ । सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको संयुक्त सहभागिताबाट आर्थिक तथा सामाजिक सशक्तीकरणको अभियानलाई मूर्त रूप दिँदै लगानी तथा उत्पादनलाई गुणात्मक वृद्धि गरिने छ ।

१४. कर्णाली प्रदेश सरकारलाई प्रभावकारी रूपमा सञ्चालन गर्न संविधान प्रदत्त अधिकार क्षेत्रभित्र रही आवश्यक ऐन, कानुन निर्माण तथा कार्य सञ्चालनका लागि आवश्यक संरचनाहरू यथाशीघ्र निर्माण गरिने छ ।

१५. कर्णाली प्रदेशका जनताको आर्थिक, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक स्तरलाईमाथि उठाउन, प्रदेशको विद्यमान प्राकृतिक स्रोत, साधन, जनशक्ति, इच्छाशक्तिलाई

एकीकृत गरी यस प्रदेशलाई १० वर्षभित्र देशकै सबैभन्दा समृद्ध प्रदेशमा पुर्याउने लक्ष्यका साथ आम कर्णालीवासीको बीचमा साझा सङ्कल्पका साथ अगाडि बढाइने छ ।

१६. नेपाल सरकारबाट प्राप्त न्यून बजेटको सदुपयोग गर्नुका साथै विगतका शासन व्यवस्थाहरूले पछि पारेको कर्णाली प्रदेशको विकासमा क्षतिपुर्ति माग्नु पर्ने अवस्थालाई नेपाल सरकारको ध्यान आकर्षित गराइने छ । कर्णालीको विकासका लागि नेपाल सरकारको स्वीकृतिमा वैदेशिक अनुदान तथा आवश्यक ऋण लिई विभिन्न क्षेत्रको तीव्र विकास गर्ने नीति लिइने छ ।

१७. कर्णालीको समग्र विकासका लागि शिक्षा, स्वास्थ्यलाई प्राथमिकता दिँदै भौतिक पूर्वाधारमा केन्द्रित भएर अगाडि बढ्ने, पर्यटन, कृषि, जडीबूटी, जलविद्युत् उत्पादनका साथसाथै उद्योगहरूको स्थापना र विकासमार्फत् प्रदेशमा नयाँ आर्थिक तरङ्ग पैदा गरी गरिबीको अन्त्य गरिने छ ।

१८. प्रदेश सरकारले सेवा प्रवाह गर्ने संरचनाअनुसारको जनशक्तिहरू नेपाल सरकारबाट आपूर्ति गर्न अनुरोध गर्नेछ । आवश्यक जनशक्ति आपूर्ति नभएको अवस्थामा स्वीकृत दरबन्दीमा सेवा करारको विधि अन्तरगत जनशक्तिको आपुर्ति गरिने छ ।

१९. कर्णालीको विकासलाई तीव्रका साथ अगाडि बढाउन तथा बजेटको न्यूनता पूर्ति गर्न कर्णाली विकास तथा लगानी कोष खडा गरी विभिन्न क्षेत्रबाट कोषको वृद्धि गर्नुका साथै उक्त कोष महत्वपूर्ण पूर्वाधारका क्षेत्रमा लगानी गरिने छ ।

२०. ठूला पूर्वाधार- त्रिदेशीय दूर्तमार्ग, रेलमार्ग, सुर्खेतमा प्रदेशस्तरीय एअरपोर्ट, विभिन्न स्थानका अन्य एअरपोर्टहरूको स्तर उन्नतिका साथै पर्यटकीय एअरपोर्ट को रूपमा हुम्ला र रूकुममा निर्माण गर्न १ वर्षभित्र डिपिआर तयार गरी सरकारी निजी साझेदारीमा निर्माण कार्य प्रारम्भ गरिने छ ।

२१. शिक्षा र स्वास्थ्यमार्फत् बालबालिकालाई लगानी, कृषि, उद्योग र पर्यटनमार्फत् कर्णालीका युवाहरूलाई रोजगारी सिर्जना गर्न र अनुभव बैंकका रूपमा जेष्ठ नागरिकलाई सम्मान गर्ने हेतुले "बालबालिकालाई लगानी, युवालाई रोजगार र जेष्ठ नागरिकलाई सम्मान" गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२२. "पानी, खानी, कृषि र वन-हाम्रा युवा हाम्रा धन" भन्ने मूलमन्त्रका साथ कर्णालीको स्रोत साधनको पहिचान तथा परिचालन गरी समृद्ध कर्णालीको परिकल्पनालाई साकार पार्ने अभियान निरन्तर चलाइने छ । अर्गानिक कृषि उत्पादन बढाउने, कृषिजन्य उत्पादन खाद्यान्न, फलफूल, पशुपालनलाई बजारीकरण गर्ने व्यवस्था मिलाइने छ ।

२३. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिकामार्फत् प्रादेशिक अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरू केन्द्रित गरिने छ ।

२४. अनुसन्धान विना दिगो विकास असम्भव हुने भएकाले कर्णाली प्रदेश सरकारले भौतिक पूर्वाधारको विकास गर्न अनुसन्धान र विकासको यथोचित व्यवस्था मिलाएको छ

। साथै, समग्र कर्णालीको विकासका लागि जिआइएस तथा रिमोट सेन्सिङ विधिबाट अध्ययन गरी यथाशीघ्र गुरुयोजना बनाइने छ ।

**सभामुख महोदय,**

२५. संविधानका निर्देशक सिद्धान्तबमोजिम सरकारी, सहकारी र निजी क्षेत्रलाई प्रदेश सरकारले तीन खम्बे नीतिका रूपमा अवलम्बन गरेको छ । नागरिक समाज, गैरसरकारी क्षेत्र समेतको सहभागिता र समन्वयमा आर्थिक विकासको दिगो लक्ष्य हासिल गर्ने गरी नीतिगत व्यवस्था गरिने छ ।

२६. सबै स्थानीय तहहरूमा आधुनिक बैंकिङ्ग सुविधा उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गरी सबै स्थानीय तहसम्म बैंक तथा वित्तीय संस्थाको वित्तीय सेवा पहुँच विस्तार गरिने छ ।

२७. करका क्षेत्रहरू पहिचान गरी प्रादेशिक कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचनामार्फत् कर तथा गैरकर असुली तथा सङ्कलन कार्य प्रभावकारी बनाइने छ ।

२८. प्रशासनिक खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पुँजीगत एवम् विकास खर्चलाई बढाउँदै तीव्र आर्थिक विकासद्वारा ठोस प्रतिफल प्राप्त गर्ने नीति अवलम्बन गरी सीमित साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्ने नीति लिइने छ ।

२९. आन्तरिक तथा वैदेशिक ऋण परिचालनबाट प्राप्त स्रोत उच्च प्रतिफलयुक्त आयोजनाहरूमा मात्र परिचालन गर्ने नीति अङ्गीकार गरिने छ । कर्णाली प्रदेशको समृद्धिको खाकासहित दीर्घकालीन र आवधिक योजना तर्जुमा गरी सोही आधारमा विकास कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइने छ ।

३०. बजेट तर्जुमा, सार्वजनिक खर्च, लेखाङ्कन प्रतिवेदन, अनुगमन, मूल्याङ्कनलगायतका कार्यहरू तथ्य र मापदण्डको आधारमा गर्ने गरी नीतिगत, कानूनी र संरचनात्मक व्यवस्था गरिने छ ।

३१. बजेट तथा कार्यक्रम कार्यान्वयनलाई नतिजामा आधारित बनाउन भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनका आधारमा निकासा तथा भुक्तानी दिने व्यवस्था मिलाइने छ ।

३२. प्रादेशिक योजना प्रभावकारी बनाइ कार्यान्वयन गर्न कर्णाली प्रदेश नीति तथा योजना आयोग गठन गरिने छ । साथै, कर्णालीको अनुसन्धान र विकासका लागि विज्ञहरूको सहयोग लिने हेतुले थिङ्क ट्याङ्कको व्यवस्था गरिने छ ।

३३. प्रदेशमा सञ्चालित राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनालगायत प्राथमिकता प्राप्त महत्वपूर्ण विकास आयोजनाहरूको अनुगमन मूल्याङ्कन प्रभावकारी बनाउन योजना/आयोजना अनुगमन मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

३४. आयोजना सञ्चालन गर्ने कार्यालय प्रमुख तथा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन परियोजना कार्य सम्पादन सम्झौता दिग्दर्शन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

३५. प्रदेश र संघ, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा प्रदेश स्वयमले सञ्चालन गर्ने सम्भावित आयोजनाहरूको सूची परियोजना बैंक तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

३६. नेपाल सरकारसँग समन्वय गरी सार्वजनिक खरिद प्रक्रिया समय सापेक्ष, प्रतिस्पर्धी, पारदर्शी, मितव्ययी, परिणाममुखी बनाउन प्रादेशिक सार्वजनिक खरिद कानून तर्जुमा गरी लागू गरिने छ ।

३७. कर्णाली प्रदेशको विकास र समृद्धिको लागि प्राप्त गरिने विकास साझेदारहरूको सहयोगलाई प्रभावकारी क्षेत्रमा परिचालन गर्न कर्णाली प्रदेश विकास साझेदार मञ्च गठन गरी कार्यान्वयनमा ल्याइने छ ।

**सभामुख महोदय,**

३८. प्रदेशको प्रभावकारी सुरक्षा व्यवस्था सुनिश्चित गर्न प्रविधियुक्त कर्णाली प्रदेश प्रहरी गठन गरिने छ ।

३९. समृद्धि र विकासका लागि शान्ति सुरक्षा, सुरक्षित प्रदेश जन अपेक्षाको मूल मर्मलाई हृदङ्गम गर्दै समृद्धिका लागि विशेष शान्ति सुरक्षा अभियान सञ्चालन गरिने छ ।

४०. चुस्त र दुरूस्त सक्षम आधुनिक प्रविधियुक्त प्रदेश प्रहरी संगठन निर्माण गरी प्रदेशको शान्ति सुरक्षालाई अनुभूति हुने गरी गुण्डागर्दी, कालोबजारी, संगठित अपराध, जबरजस्ती असुली, चेलीबेटी बेचबिखन, महिला हिंसा आदिको प्रभावकारी रूपमा नियन्त्रण गरिने छ ।

४१. "व्यावसायिक प्रदेश प्रहरी सेवाको विस्तार, प्रविधियुक्त प्रहरी सेवाको आधार" को नीति अनुरूप सुरक्षा सेवामा प्रविधिको अधिकतम उपयोग गर्ने कार्यक्रमहरू लागु गरिने छ । जस अन्तरगत प्रदेश तथा शहर प्रवेशद्वार र प्रमुख शहरहरूमा आधुनिक सि.सि.क्यामरा जडान गरिने छ ।

४२. लागुपदार्थ निषेध, मदिरा नियन्त्रण र निर्माण कार्यमा हुने अनियमितता र ढिलासुस्तीको अन्त्य गर्न मूर्त कार्ययोजना निर्माण गरी दृढ कार्यान्वयन गरिने छ ।

४३. स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँगको सहकार्यमा "हाम्रो प्रहरी, हाम्रो साझेदारी" कार्यक्रमद्वारा सुरक्षा सेवाको पहुँच विस्तार गर्दै शहरदेखि गाउँसम्म सुरक्षाको अनुभूति दिलाइने छ । अपराध नियन्त्रण गर्न "प्रहरी युवा हातेमालो" कार्यक्रम सञ्चालन गरिने छ ।

४४. प्रदेश प्रहरीको वृत्ति विकासका लागि प्याकेज कार्यक्रम कार्यान्वयनमा ल्याइने छ । साथै, प्रहरी कर्मचारीका छोराछोरी अध्ययन गर्ने प्रहरी विद्यालय स्थापना गरिने छ ।

४५. डिजिटल प्रदेशका लागि योजनाबद्ध ढङ्गले आधारहरू निर्माण गर्ने नीति अनुरूप यसै आर्थिक वर्षदेखि प्रत्येक निर्वाचन क्षेत्रका एउटा गाउँपालिका र नगरपालिकाको क्षेत्रलाई र प्रमुख शहरहरूलाई डिजिटल शहरको रूपमा विकास गरिने छ । सूचना र सञ्चारलाई सर्वसाधारणको पहुँचमा पुर्याउन सबै स्थानीय तहलाई वाईफाई जोनको रूपमा परिणत गरिने छ ।

४६. नागरिकहरूको सुसुचित हुन पाउने हकको प्रवर्धन र प्रदेशलाई सञ्चार प्रणालीमा आवद्ध गर्न "सबैका लागि सूचना, सबैतिर सञ्चार" को अवधारणालाई योजनाबद्ध ढङ्गले कार्यान्वयनमा ल्याइने छ । साथै, सरकारका काम कारबाहीहरूलाई वेबसाइटमार्फत् व्यवस्थित रूपमा सार्वजनिक गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

४७. नेपाल सरकारसँगको समन्वयमा कर्णाली प्रदेशभित्र सञ्चारको पहुँचबाट बन्चित गाउँ बस्तीहरूलाई आगामी दुई वर्षभित्र पूर्ण रूपमा सञ्चार प्रणालीमा आवद्ध गरिने छ ।

४८. प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालयहरूमा कागजरहित चुस्त प्रशासनको अवधारणालाई कार्यान्वयनमा ल्याउने प्रक्रिया प्रारम्भ गरिने छ ।

४९. निरन्तर पत्रकारितामा रहेर समाज परिवर्तनका लागि उल्लेख्य योगदान गरेका पत्रकारलाई प्रोत्साहन गर्न कार्यविधि बनाइ प्रेस स्वतन्त्रता दिवसको अवसरमा पुरस्कार तथा सम्मान पत्र प्रदान गरिने छ ।

५०. सञ्चारकर्मीहरूको पेशागत दक्षता र विषयगत क्षमता अभिवृद्धि गर्न तथा आमसञ्चारको क्षेत्रमा अध्ययन, अनुसन्धान कार्य अघि बढाउन प्रदेशस्तरीय आमसञ्चार प्रतिष्ठान गठन गरिने छ । साथै, आम सञ्चारको क्षेत्रमा आवद्ध पत्रकारहरूको स्वास्थ्य सम्वेदनशीलतालाई मध्यनजर गर्दै पत्रकार स्वास्थ्य बीमा कार्यक्रम लागु गरिने छ ।

५१. आमनागरिकहरूको सुसुचित हुने हकको सम्मान र प्रवर्धन गर्न तथा प्रदेश स्तरका सूचना, जानकारी सम्प्रेषण गर्न प्रादेशिक रेडियो, टेलिभिजन, अनलाइन र पत्रिका सञ्चालनमा ल्याइने छ । प्रदेशभित्रका एफ.एम. रेडियोहरूमा कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि गराउने कार्यक्रमहरू ल्याइने छ । हाल सञ्चालनमा रहेको सुर्खेत स्थित रेडियो नेपालको क्षेत्रिय प्रशारण केन्द्रलाई प्रदेश सरकारको मातहतमा ल्याउन पहल गरिने छ ।

५२. विपद् जोखिमलाई न्यूनीकरण गर्न प्रदेश विपद् व्यवस्थापन कार्यान्वयन समिति गठन भइ कार्ययोजना तयारीसहित कार्य सुरू गरीसकेको छ । उक्त समितिले स्थानीय तहको विपद् व्यवस्थापन समिति र जिल्ला तहको जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी विपद् न्यूनीकरण, पूर्व तयारी, खोज तथा उद्धार र राहतको कार्यलाई व्यवस्थित गराइने छ । विपद् पीडितहरूको उद्धारका लागि यस प्रदेशमा नियमित रूपमा हेलिकप्टर राख्ने व्यवस्था गरिनेछ ।

५३. प्रदेश स्तरमा कानूनी अध्ययन, अनुसन्धान तथा कानून तर्जुमा गर्न सहयोग पुर्याउन प्रदेश कानून आयोगको गठन गरिने छ । सूचनालाई व्यवस्थित र पहुँचयोग्य बनाउन डेटा सेन्टरको विकास गरिने छ ।

५४. भौगोलिक विकटता र लोकमार्गहरूको अवस्थालाई दृष्टिगत गर्दै अन्य निकायहरूसँग समेत समन्वय गरी सवारी दुर्घटना न्यूनीकरण गर्न सशक्त पहल गरिने छ । निश्चित मापदण्डका आधारमा यातायातका साधनहरूमा प्रविधि जडान गर्ने र सवारी चालकहरूलाई दिइने तालिम तथा ट्राफिक सचेतना कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने छ ।

५५. कर्णाली प्रदेशमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरूलाई उत्प्रेरित र प्रोत्साहित गर्न दण्ड र पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ । कार्य सम्पादनस्तर मापदण्डका आधारमा कार्यविधि बनाइ प्रोत्साहन र पुरस्कृत गर्ने नीति लिइने छ ।

५६. सम्पूर्ण कर्णालीवासीले आफ्नो प्रदेश सरकार प्रमुखसँग सिधा सम्पर्क गरी सेवा प्रवाह र सुशासनमा आफ्नो जिज्ञासा राख्न सक्ने र प्राप्त सुझाव, सल्लाह तथा गुनासाहरूको सुनुवाइ तथा सम्वोधन गर्न "जनतासँग मुख्यमन्त्री" कार्यक्रम सुरू भइ सकेको र यसलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

**सभामुख महोदय,**

५७. "गुणस्तरयुक्त शिक्षा र शैक्षिक पूर्वधारः प्रदेश सम्वद्धको आधार" मा प्रदेश शिक्षा नीति तर्जुमा गरिने छ ।

५८. विद्यार्थी संख्या र भूगोलको आधारमा शिक्षकको दरबन्दी मिलान गर्न र विद्यालयमा गुणस्तरीय शिक्षा प्राप्तको सुनिश्चितिका लागि विद्यालयहरूको मर्ज गरी आवासीय विद्यालय सञ्चालन गर्न स्थानीय तहहरूलाई प्रोत्साहन गरिने छ ।

५९. सबै स्थानीय तहमा क्रमशः प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ । यसै आ.व.देखिसबै प्रादेशिक निर्वाचन क्षेत्रमा माध्यमिक तह र कर्णाली प्राविधिक शिक्षालय तथा दसवटा जिल्लामा रहेका आवश्यक पूर्वाधार भएका क्याम्पसहरूसँगको सहकार्यमा स्नातक तहको प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ ।

६०. नेपाल सरकारसँग समन्वय गरी मध्यपश्चिमाञ्चल विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक विश्वविद्यालय र प्रतिष्ठानको रूपमा सञ्चालन गर्न आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध मिलाइने छ ।

६१. प्राविधिक शिक्षालाई व्यवस्थित गर्न प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गठन गरिने छ ।

६२. प्रदेशभित्र सञ्चालित सामुदायिक क्याम्पसहरूको शैक्षिक कार्यक्रमहरूको नक्साङ्कन गरी आवश्यकताका आधारमा गुणस्तरीय शिक्षा र शैक्षिक उन्नयनका लागि प्रोत्साहित गर्ने नीति लिइने छ ।

६३. कर्णाली प्रदेशको दक्ष र उच्च प्राविधिक जनशक्ति निर्माणका लागि "पर्वतीय विज्ञान तथा प्रविधि विश्व विद्यालय" स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

६४. जिल्लागत विशेषताअनुसार पहिचान निर्माण गराउने प्राविधिक विश्वविद्यालय तथा महाविद्यालयहरू सञ्चालनको सम्भाव्यता अध्ययन गरी सरोकारवालालाई प्रोत्साहित गरिनेछ ।

६५. कर्णाली आयुर्वेदिक प्रतिष्ठान स्थापना गरी जडीबूटीसम्बन्धी अध्ययन, अनुसन्धान, उत्पादन तथा प्रशोधन निजी तथा सहकारी क्षेत्रको साझेदारीमा गर्ने नीति लिइने छ ।

६६. प्रदेशमा असहाय, फरक क्षमता भएका र अशक्तका लागि एक पुनःस्थापना केन्द्रका साथै फरक क्षमताका विद्यार्थीलाई पढ्ने विद्यालयको व्यवस्था गरिने छ ।

६७. सबैलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउनका लागि सुर्खेतस्थित क्षेत्रीय अस्पतालको स्तर वृद्धि गरी नेपाल सरकारसँग समन्वय गरी प्रादेशिक शिक्षण अस्पताल तथा मेडिकल कलेजको रूपमा विकास गरिने छ ।

६८. प्रादेशिक शिक्षण अस्पताल तथा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ । प्रत्येक जिल्ला अस्पताललाई विशेषज्ञ सेवासहित ५० शैंया तथा प्रत्येक स्थानीय तहमा क्रमशः न्यूनतम १५ शैंयाको अस्पताल र एम्बुलेन्स सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

६९. सरकारी अस्पतालको आफ्नै फार्मेसी तथा ल्याब सञ्चालन गर्न प्रोत्साहन गरिने छ । मोटर बाटो नपुगेका जिल्ला हुम्ला र डोल्पामा अध्ययन गरी अक्सिजन प्लान्ट जडान गरिने छ ।

७०. आयुर्वेदलगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिने छ । यसका लागि प्रादेशिक आयुर्वेद अस्पताल स्थापनाको सम्भाव्यता अध्ययन गरिने छ ।

७१. औषधिजन्य उद्योग स्थापनाका लागि निजी सामुदायिक साझेदारीलाई प्रोत्साहन गरिने छ ।

७२. आकस्मिक स्वास्थ्य सेवा कोषलाई निरन्तरता दिइने छ । स्वास्थ्य सेवालाई भरपर्दो र प्रभावकारी बनाउन चिकित्सक, औषधी र एअरलिफ्टिङ सेवाको प्रबन्ध मिलाइने छ । हेल्थ पुलिस, गैर जमानती हिरासत र हवाईएम्बुलेन्स सम्भाव्यता अध्ययनको आधारमा सेवा सुचारू गरिने छ । साथै कार्यविधि बनाइ एअरलिफ्टिङ सेवालाई निरन्तरता दिइने छ ।

७३. सुरक्षित मातृत्व, बालस्वास्थ्य, सरुवा र नसर्ने रोग नियन्त्रणसम्बन्धी प्रतिरोधात्मक तथा प्रबर्द्धनात्मक स्वास्थ्य सेवा कार्यक्रमहरू सञ्चालन गरिने छ । स्वास्थ्य सेवालाई मर्यादित र सुरक्षित बनाउन स्वास्थ्यकर्मी आचारसंहिताको व्यवस्था गरिने छ ।

७४. प्रदेश स्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण गरी क्षेत्रगत रूपमा आवश्यक पर्ने मानवीय संशाधन विकास योजना तर्जुमा गरिने छ । सबै मन्त्रालयसँग सम्बद्ध कर्मचारीहरूलाई एकद्वार प्रणालीमार्फत् तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

**सभामुख महोदय,**

७५. स्वस्थ जीवनको लागि खेलकुद" को लागि खेल र खेलाडीहरूको प्रवर्धन गर्न "कर्णाली खेलकुद परिषद" गठन गरिने छ ।

७६. नेपाल सरकारसँग समन्वय गरी सुर्खेतमा प्रादेशिक रङ्गशाला निर्माण कार्य थालनी गरिने छ । पहाडी तथा उच्च हिमाली क्षेत्रमा बहुउद्देशीय खेलकुद रङ्गशाला निर्माणका लागि अध्ययन गरी निर्माण कार्य सुरू गरिने छ ।

७७. १८ वर्ष पुगेपछि एक वर्ष अनिवार्य शारीरिक तन्दुरुस्ती तथा सामाजिक सुरक्षा तालिम लिने व्यवस्था मिलाइने छ । "युवाको फुर्सदको समय खेलकुद विद्यालय" भन्ने नारालाई आत्मसाथ गर्दै युवाको शारीरिक र मानसिक विकास गर्न प्रत्येक सामुदायिक विद्यालयलाई खेलकुद मैदान निर्माण, विकास र विस्तार गर्न प्रोत्साहन गरिने छ ।

७८. बालबालिका बेचबिखन, बाल शोषण, बालविवाह, यौन हिंसा तथा दुर्व्यवहार, बहुविवाह, बोक्सी, छुवाछुत छाउपडी जस्ता सामाजिक सांस्कृतिक कुरीतिजन्य क्रियाकलापको रोकथाम र निवारणका कार्यक्रमहरू सञ्चालन गरिने छ । छुवाछुत, छाउपडी, बोक्सी, बालविवाह र सडक बालबालिका क्षेत्र मुक्त घोषणा गर्ने स्थानीय तहलाइ प्रोत्साहन गरिने नीति अवलम्बन गरिने छ ।

७९. जेष्ठ नागरिकलाई पारिवारिक वातावरणमा बस्न सक्ने बनाउन परिवारको भूमिका र जिम्मेवारी अभिवृद्धि हुने कार्यक्रमलाई प्रोत्साहन गर्दै "मनमोहन जेष्ठ नागरिक" कार्यक्रम सञ्चालन गरिने छ ।

८०. द्वन्द्व पीडित, सडक तथा अभिभावकविहीन बालबालिका, असहाय, एकल तथा प्रिताडित महिला र अपाङ्गगता भएका व्यक्तिहरूलाई संरक्षण, सम्वर्द्धन तथा सम्मानपूर्वक जीवनयापन गर्न सुरक्षित आवासीय व्यवस्थासहितका कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूलाई सहयोग गरिने नीति लिइने छ ।

८१. "जनताको घरमा कर्णाली सरकार, उपेक्षित उत्पीडितहरूको संरक्षण र सम्भार" भन्ने नाराका साथ पछि परेका दलित, महिला, अपाङ्ग, आदिवासी र जनजाति, लोपोन्मुख राउटे तथा उपेक्षित, उत्पीडित, भूमिहीन, सिमान्कृत वर्ग समुदायलाई विकासका सबै प्रक्रियामा मूलप्रवाहीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

८२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा सञ्चालन गरिने कार्यक्रमलाई पारदर्शी र जनउत्तरदायी बनाइने छ । प्रदेश सरकारको प्राथमिकताका क्षेत्रहरूमा कार्यक्रम सञ्चालनमा दोहोरो नपर्ने गरी स्रोत र साधन परिचालन गर्न प्रोत्साहित गरिने छ । यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन र समन्वयका लागि सामाजिक सेवा परिषद् गठन गरी व्यवस्थित गरिनेछ । अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोगलाई समेत प्रदेशको प्राथमिकतामा अपनत्व हुने गरी परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

८३. यस प्रदेशमा श्रमको सम्मान गर्दै कामअनुसार उचित ज्याला दिने व्यवस्था गरिनेछ ।

८४. कर्णाली प्रदेशमा नै रोजगारी र स्वरोजगारीका साथै युवाहरूलाई उद्यमशील बनाउन युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग समन्वय गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूमार्फत् विना धितो प्रस्तावनाको आधारमा सहुलियत कर्जा उपलब्ध गराइने छ । रोजगारीका लागि वैदेशिक श्रम बजारमाथिको निर्भरता क्रमशः घटाइदै लगिने छ ।

८५. वैदेशिक रोजगार प्रवर्धन बोर्डसँग समन्वय गरी वैदेशिक रोजगारमा गएर समस्यामा परेका कामदारको उद्धार, सहुलियत कर्जालगायत अन्य सुविधा प्रदेशस्तरबाट उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

**सभामुख महोदय,**

८६. प्रदेशमा रहेका पूरातात्विक, ऐतिहासिक, धार्मिक, परम्परागत रीति, मूल्य, मान्यता, भाषा एवम् सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र सम्वर्द्धनका लागि “भाषा, कला, साहित्य तथा संस्कृति प्रतिष्ठान” गठन गरिने छ ।

८७. प्रदेशको राजधानी सुर्खेत र सिञ्जामा खस संग्रहालय, अभिलेखालय र पुस्तकालयको स्थापना गरिने छ । अन्य स्थानका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

८८. खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी नीति तथा मापदण्ड तर्जुमा गरिने छ । स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच अभिवृद्धि गर्न स्थानीय तहहरूलाइ प्रोत्साहन गरिनेछ । यसको लागि निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सहभागिता बढाइने छ ।

८९. दिगो विकास लक्ष्यअनुसार सन् २०३०सम्ममा भोकमरी र गरिबीको अन्त्य गर्ने लक्ष्यका साथ विद्यमान अवस्थामा पचास प्रतिशतको गरिबीको रेखामुनि रहेको जनसंख्यालाई आगामी पाँच वर्षभित्र पच्चिस प्रतिशतमा घटाइने छ । यसका लागि आगामी तीन वर्षभित्र दुध र मासुजन्य पदार्थ, दुई वर्षभित्र तरकारी र पाँच वर्ष खाद्यान्न, फलफूल र अन्डामा आत्मनिर्भर हुने गरी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

९०. कर्णाली प्रदेशले अर्गानिक प्रदेश तयार गर्ने आधार निर्माणका लागि निर्णय लिइसकेको सन्दर्भमा हिमाली पाँच जिल्लाहरू र अन्य पाँच जिल्लाहरूको भौगोलिक विशेषताअनुसार अर्गानिक कृषि प्रवर्धनका लागि आवश्यक पर्ने कृषि उत्पादन सामाग्री, उत्पादन प्रविधि, अर्गानिक प्रमाणीकरण र बजार व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**सभामुख महोदय,**

९१. कृषिको व्यावसायिकताको लागि "एक फार्म-एक व्यावसायिक अनुदान"को नीति अवलम्बन गरी निजी, समूह र सहकारीमार्फत् सञ्चालन हुने व्यावसायिक फार्मलाई उत्पादन र उपलब्ध गराएको रोजगारीको आधारमा प्रोत्साहन गरिने छ ।

९२. अर्गानिक कृषि विकासका लागि आवश्यक पर्ने कृषि अनुसन्धान, शिक्षा र सिप विकासद्वारा दक्ष जनशक्ति उत्पादन गरी कृषि ज्ञान केन्द्रद्वारा आम किसानहरूलाई

प्रविधिको सदुपयोग गर्न कृषि क्याम्पसको स्थापना गरिने छ । साथै, आवश्यकताअनुसार प्राङ्गारिक मल कारखाना, कृषि औजार कारखाना, जैविक विषादी कारखाना सञ्चालनमा सरकारी, निजी/सहकारीसँग साझेदारी गरिने छ । साथै, माटो परीक्षण प्रयोगशाला र विषादी परीक्षण प्रयोगशाला स्थापना गरिने छ ।

९३. "अर्गानिक खेतीमा वृद्धि-कर्णालीको समृद्ध" भन्ने नारालाई साकार तुल्याउन एक स्थानीय तह एक नमूना फार्म, एक सहकारी एक नमूना कृषि, पशुपंक्षी र माछा फार्म नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । यसका लागि रैथाने प्रजातिका कृषि बाली, पशुपंक्षी र जलचरको उचित संरक्षण र सम्बर्द्धन, उत्पादकत्वमा वृद्धि र जीन बैंकको स्थापना समेत गरिने छ ।

९४. कर्णालीका सम्पूर्ण जनतालाई खाद्य तथा पोषण सुरक्षामा वृद्धि हुने गरी खाद्य उत्पादन, वितरण एवम् खाद्य भण्डारण गर्ने व्यवस्था गरिने छ । साथै, हाल सडक नपुगेका जिल्ला हुम्ला र डोल्पामा नेपाल सरकारसँग समन्वय गरी खाद्यान्न ढुवानी अनुदानको व्यवस्था गरिने छ ।

९५. परम्परागत खानपानसम्बन्धी सोच परिवर्तन गरी स्थानीय उत्पादनलाई आपुर्तिको बलियो आधार बनाउने गरी उपभोक्ताको आहार बानीमा सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

९६. पर्यावरणअनुकूल हुने किसिमको उत्पादन एवम् बजार सम्भाव्यताको आधारमा बाली वस्तु छनौट गरी त्यस्ता कृषि व्यवसायीलाई प्रोत्साहन गरिने छ ।

९७. सरकारी अनुदान र सहयोगलाई समुचित प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ र उपलब्ध गराइएको अनुदानको दुरूपयोग गर्ने कृषक, कृषक समूह, सहकारी तथा निजी फार्महरूबाट रकम असुल गरिने छ । उक्त रकम असूलउपर नभएसम्म अनुदान सहयोग रोक लगाउने नीति लिइने छ ।

९८. फलफूल, पुष्प, आलंकारिक बिरूवा र तरकारीहरूका बेर्नामा आत्मनिर्भर बन्नको लागि हावापानी र भौगोलिक क्षेत्रानुसार आधुनिक र हाइटेक नर्सरी स्रोत केन्द्रको स्थापना र विकास गरिने छ ।

९९. तन्तु प्रजनन् प्रविधिको आधुनिक प्रयोगशाला स्थापना गरी केरा, आलु, कागतीको बेर्ना र च्याउको बिऊ उत्पादन गर्न तथा हाइड्रोपोनिक प्रविधिको विकास गर्न निजी तथा सहकारी क्षेत्रलाई आकर्षित गर्न अनुदानको व्यवस्था गरिने छ ।

१००. केन्द्र सरकार र स्थानीय तहको सहकार्य तथा साझेदारीमा "एक वडा-एक कृषि तथा भेटनरी प्राविधिक" को नीति लिइने छ ।

१०१. कृषकको सामाजिक सुरक्षाको लागि योगदानमा आधारित व्यावसायिक कृषक पेन्सनको व्यवस्था गर्न किसान पहिचान र वर्गीकरणको सुरूवात एक जिल्लाको एक स्थानीय तहबाट कार्यविधि बनाइ सुचारू गरिने छ ।

१०२. उत्पादन बढाउने कार्यमा प्रोत्साहित गरी रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले अर्गानिक उत्पादनका आधारमा व्यावसायिक किसानहरूको अभिलेख तयार गरी प्रोत्साहित गरिने छ। साथै कृषि पेशालाई मर्यादित र सम्मानजनक बनाउन कार्यविधि बनाइ किसानहरूलाई "मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार" वितरण गर्न सुरू गरिने छ ।

१०३. कृषि तथा पशुक्षेत्रको समग्र विकासको लागि प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना, उच्चमूल्य कृषिवस्तु विकास आयोजना लगायि स्थानीय तह, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा कार्यरत संघ-संस्थासँग कार्यमूलक सहकार्य र समन्वय गरिने छ ।

१०४. कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश बनाउन माछा, मासु, दुग्धजन्य पदार्थ आदिमा प्रयोग भइरहेको औषधी (एन्टिबायोटिक) को मानव स्वास्थ्यमा पर्ने प्रभाव कम गर्न प्राङ्गारिक औषधी, मल, बिउको उत्पादनलाई प्राथमिकता दिइने छ । साथै एकीकृत कृषि फार्म (कम्युनिटी फार्म) सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

१०५. गरिबीको रेखामुनि रहेका परिवारलाई रोजगार बनाउन क्षमता अभिवृद्धि तालिम, सहुलियत ऋणका साथै सहकारीमा आवद्ध गराई सहकारीमार्फत् विविध रोजगार सिर्जना गर्न अनुदान समेत उपलब्ध गराइने छ ।

१०६. कर्णाली प्रदेशका दुईलाख घर धुरीलाई एकीकृत कृषि प्रणालीसहित एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गर्न सम्बन्धित परिवार, स्थानीय तह र नेपाल सरकारसँगको सहकार्यमा स्थानीय रोजगारीको सुनिश्चित गर्दै नमूना गाउँमा रूपान्तरण गर्ने गरी कार्यक्रमहरू तर्जुमा गरिने छ ।

१०७. ओखर, ढंटेलो, खमु, चुली, जैतुन, जटामासी, भाङ्गोलगायतका वस्तुहरूको तेल उत्पादन गरी निकासी गरिने छ । साथै, प्राङ्गारिक कृषि गर्ने किसान र कृषिजन्य उद्योगलाई कृषि बीमाको व्यवस्था गरिने छ ।

१०८. समृद्ध कर्णालीको लागि सहकारी अभियानको नारालाई आत्मसाथ गरी कृषि उद्यम र सिपमा आधारित सहकारी, कृषि विकासको लागि सार्वजनिक निजी, सहकारी बीच साझेदारी नीतिलाई अवलम्बन गरिने छ । स्थानीय अर्गानिक खाद्यवस्तुहरूको प्रवर्धनका लागि सहकारी क्षेत्रसँग मिली अर्गानिक होमस्टेको सञ्चालनमा सहयोग गर्ने नीति लिइने छ । साथै, होमस्टे क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

१०९. सुर्खेतमा अर्गानिक सहकारी कम्प्लेक्स ग्राम स्थापना गरिने छ । प्रादेशिक सहकारी रजिस्टर कार्यालय, प्रशिक्षण केन्द्रजस्ता अत्यावश्यक कार्यालय स्थापना गरिने छ ।

११०. अति विपन्न किसान लक्षित किसान-सरकार हातेमालो कार्यक्रम सञ्चालन गरी गरिब किसानको जीवनस्तरमा वृद्धि गरिने छ ।

१११. सहकारीलाई समाजवाद निर्माणको महत्वपूर्ण आधारको रूपमा विकास गर्दै सहकारीको माध्यमबाट बहुआयामिक उत्पादन, प्रशोधन, बजारीकरण र कार्यलाई प्रोत्साहित गरिने छ ।

११२. गरिब घर परिवार पहिचानसम्बन्धी प्रादेशिक सर्वेक्षण गरी पहिचान भएका गरिब घर परिवारको लागि सामाजिक सुरक्षा तथा आय आर्जनसम्बन्धी व्यवस्था गरिने छ ।

११३. गरिबी निवारणको लागि अन्तरमन्त्रालय साझेदारी कार्यक्रम सञ्चालन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ । गरिबी निवारण कोष युवा स्वरोजगार कोष र राष्ट्रिय युवा परिषद्लगायतका संस्थासँग समन्वय गरी बैंक तथा वित्तीय संस्था एवम् सहकारीमार्फत् सहुलियत कर्जा उपलब्ध गराइने छ ।

११४. जमिनलाई अधिकतम सदुपयोग गर्ने नीति लिइने छ । सबै प्रकारका भूमिसम्बन्धी समस्या समाधान गर्न सुकुम्वासी, ऐलानी, बाढी पीडित, गुठी, मुक्त हलिया, जनयुद्धको समयमा किनबेच गरिएको जग्गाहरूको स्वामित्व तथा हक भोग समस्यालगायतका सबै समस्याहरू एक शक्तिशाली भूमि आयोग गठन गरिने छ ।

११५. कृषियोग्य जमिनको खण्डिकरण रोक्न र उर्वरा जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरिने छ । बाँझो राखेको खेतीयोग्य जमिन लिजमा दिनको लागि त्यस्तो जग्गा धनीको तथ्यांक सङ्कलन गर्न स्थानीय तहलाई परिचालन गरिने छ । त्यस्तो अभिलेखको आधारमा भूमि बैंकको स्थापना गरी स्वीकृत कार्यविधि अनुरूप सुकुम्वासी र साना किसानलाई करार खेतीमा लगाइने छ ।

११६. विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माण तथा औद्योगिक क्षेत्रको सञ्चालनमा स्वदेशी तथा विदेशी लगानी कर्तालाई आकर्षित गर्ने नीतिगत व्यवस्था मिलाइने छ । पहिचान भैसकेका र औद्योगिक उत्पादनका दृष्टिले उपयुक्त ठूला उद्योगहरूलाई पहुँच विस्तार गर्न सडक र विद्युत् प्रसारण लाईन निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

११७. वन, वनस्पति र जडिवुटिको व्यवस्थापनको लागि प्रदेशमा एउटा बृहत प्रशोधन केन्द्र प्रदेश राजधानी सुर्खेतमा र हिमाली जिल्ला हुम्ला, मुगु र डोल्पामा नमूना प्रशोधन केन्द्र स्थापना गरिने छ । कर्णाली प्रदेशमा पाइने जडीबूटीको अध्ययन, उत्पादन, बिक्री, वितरण, प्रशोधन र बजारीकरणसम्बन्धी आवश्यक व्यवस्था मिलाइने छ ।

११८. अर्गानिक कर्णाली प्रदेश र निर्माणलाई सहयोग पुग्ने गरी स्थापना हुने उद्योगलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

११९. सम्भावित खानीजन्य पदार्थहरूको मिनिरल्स तथा जेम स्टोनलगायतको उपलब्धिको स्थिति भूगर्भ शास्त्रीद्वारा सर्वेक्षण अध्ययन, अनुसन्धान पश्चात सम्भावित उद्योगको स्थापना गरिने छ ।

१२०. सम्भाव्य अध्ययनबाट लगानीमैत्री वातावरण निर्माण गर्न "विशेष आर्थिक क्षेत्र" स्थापना गरी "कर्णाली ब्राण्ड" को उत्पादन गराइने छ ।

१२१. कर्णाली प्रदेशको आवश्यकता पुर्ति गर्ने गरी जैविक विषादी, जैविक मल तथा कृषि औजारलगायतका अन्य ठूला उद्योगहरूको स्थापना गरिने छ ।

१२२. महिला, दलित, सीमान्तकृत वर्ग लक्षित साना तथा लघु उद्यम व्यवसायीहरूलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

१२३. उत्पादनका साधन र स्रोतहरूमा लाभग्राही जनताको स्वामित्व स्थापित गर्न सहकारी संस्था, निजी कम्पनीहरूमार्फत् लगानी मैत्री वातावरण निर्माण गरिने छ ।

**सभामुख महोदय,**

१२४. कर्णाली प्रदेश सरकारले बहुपक्षीय लगानीलाई आकर्षित गर्न लगानीकर्ताको सहभागितामा लगानी सम्मेलन गर्ने छ । कर्णाली प्रदेशमा जन्मि, हुर्कि, बढि, पढि आफ्नो क्षेत्रमा विशिष्टता हासिल गरेका र उद्यमशील नागरिकहरू र काम विशेषले प्रदेश बाहिर रहनु भएकाहरूलाई आफू जन्मेको माटो सम्झी सरकारको नीति तथा कार्यक्रममार्फत् प्रदेशमा सुरू गरिएका कार्यक्रमहरूमा लगानी गर्न आकर्षित गरिने छ ।

१२५. सम्माननीय प्रधानमन्त्रीज्यूबाट नयाँ वर्षको पहिलो दिनमै रारा-कर्णाली पर्यटन वर्षको शुभारम्भले पर्यटन क्षेत्रको विकासका प्रचुर सम्भावना र अवसरहरू उजागर भएका छन् । पर्यटन वर्षलाई सफल बनाउन प्रबर्द्धनात्मक र प्रचारात्मक कार्यहरूलाई निरन्तरता दिइ पर्यटकहरूको सेवा र सुविधाको विस्तार र स्तरीयकरण गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने नीति अवलम्बन गरिने छ ।

१२६. कर्णाली प्रदेशमा पर्यटन सम्वर्द्धनका लागि आवश्यक संस्थागत संरचनाको निर्माण गरी "विश्वको पर्यटकीय गन्तव्य नेपाल र नेपालको पर्यटकीय गन्तव्य कर्णाली" हो भनेर चिनाउन कर्णाली पर्यटन बृहत्तर गुरुयोजना तयार गरिने छ । साथै कर्णाली जाऔं अभियान सञ्चालन गरिने छ ।

१२७. पर्यटनको विकास, विस्तार, प्रवर्धन र समन्वयका लागि नेपाल सरकारको सहयोगमा निर्माण हुने नयाँ पर्यटन स्थलसँग सामन्जस्यता कायम गर्दै यस प्रदेशले ५० वटा नयाँ पर्यटकीय स्थलहरूको सम्भाव्यताको अध्ययन गर्नेछ ।

१२८. सुर्खेतबाट जुम्ला, रारा, हुम्ला, डोल्पा, चौरजहारी र नेपालगन्ज, धनगढी, भैरहवा, काठमाण्डौलाई विभिन्न हवाई कम्पनीहरूलाई उडान सुचारू राखी थप उडान सेवा विस्तार गर्न उत्प्रेरित गरिने छ ।

१२९. दुर्गम क्षेत्रका जनतालाई सहज र सुलभ हवाई यात्रा गर्न प्रदेश राजधानी सुर्खेतबाट उडान हुने हुम्ला, जुम्ला, मुगु र डोल्पामा आवतजावत गर्न हवाई इन्धनमा कार्यविधि बनाइ अनुदान दिने व्यवस्था गरिने छ ।

१३०. पर्यटकीय पूर्वाधारको विकास, निर्माण र सञ्चालनमा वातावरण संरक्षणको पक्षलाई प्राथमिकता दिइ वातावरणको जर्गेना गर्नुका साथै होमस्टे, मोटल, रिर्सोट, कटेज र होटलको पूर्वाधार विकासको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने छ । कर्णाली प्रदेशको स्थानीय उत्पादनको प्रवर्धन, संरक्षण र बजारीकरण गर्न उपलब्ध गराइने खानाको मेनुमा कम्तीमा एउटा परिकार स्थानीय उत्पादनकै हुनु पर्ने व्यवस्था मिलाइने छ ।

१३१. प्रदेशको भौगोलिक, भौगर्भिक, सामाजिक विविधता झल्काउने गरी पर्वतीय संग्रहालय तथा भौगर्भिक उद्यान निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ । सबै स्थानीय तहका केन्द्र र वडा कार्यालयको आसपासमा हेलिप्याड बनाउन प्रोत्साहित गर्नुका साथै त्यस्ता हेलिप्याडको अभिलेखीकरण गरिने छ ।

१३२. तालबाट ताल, हिमालबाट हिमाल, सभ्यता, संस्कृति र धार्मिक पर्यटन सर्किटको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरू गरिने छ । यस्तै बहुउद्देश्यीय लाभका दृष्टिले मानव निर्मित तालको सम्भाव्यता अध्ययन गरी निर्माण गरिने छ ।

१३३. एसियाकै लामो कालिकोटको पचाल झरना (३८५ मि.) लाई पर्यटकीय स्थलको रूपमा विकास गर्ने, देवपुरी हुम्लाको रूपमा परिचित हुम्लामा धार्मिक पर्यटकीय गन्तव्य निर्माण गर्न कैलास हिमाल दर्शनको लागि "बाह्रदेउ भ्यु टावर" निर्माण गरिने छ । उच्च हिमाली स्थानमा मानव बस्ती भएको धार्का भोट, धो, तिन्जे, भिजे, चाला, लिमी भ्यालीजस्ता क्षेत्रको पर्यटकीय गन्तव्यलाई पूर्वाधार विकासमा जोड दिइने छ ।

१३४. पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जोड्ने ग्रेट हिमालयन ट्रेलको यस प्रदेशमा पर्ने खण्डलाई सर्वेक्षण गरी पर्यटकीय पदमार्गको रूपमा विकास गरिने छ । गुरिल्ला पर्यटन पदमार्ग, नावर तथा कस्तुरी पदमार्ग निर्माण गरिने छ । सुर्खेत-गोठीकाँडा-सिद्धपाइला, पहाडी तथा हिमाली जिल्लाहरूमा केबलकारहरूको सम्भाव्यता अध्ययन गरिने छ ।

१३५. कर्णाली प्रदेश पर्यटनको विकास, विस्तार र प्रवर्धन गर्न कर्णाली पर्यटन बोर्डको स्थापना गरिने छ । कर्णाली प्रदेशलाई पर्यटकीय हव बनाउने उद्देश्यसहित प्राकृतिक सौन्दर्य, ऐतिहासिक, पूरातात्विक, धार्मिक, सांस्कृतिक, कृषि, स्वास्थ्य, वन र जडीबूटी, जनयुद्ध स्मृति गन्तव्य, जनयुद्ध संग्रहालय, जलयात्रा तथा साहसिक पर्यटनको प्रवर्धन गरिने छ । यस्तै काँक्रिबिहार-कुपिण्डे ताल-वायूघट्ट-स्यार्पु दह- से फोक्सुण्डो ताल-से गुम्बा, वाला त्रिपूरा सुन्दरी-चन्दनाथ-छायानाथ- रारा ताल- भिउदुलो, रल्लिङ गुम्बा, खार्पुनाथ, याल्बाङ गुम्बा, लिमीको हल्जी गुम्बा, हिल्सा (कैलास, मानसरोवर) पचाल झरना- महाबु- पञ्चदेवल- दुल्लु पञ्चकोशी, सिद्धपाइलालाई प्रादेशिक पर्यटकीय सर्किटको लागि अध्ययन गरी कार्य थालनी गरिने छ ।

१३६. वैज्ञानिक वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरिने छ ।

१३७. सामुदायिक, कबुलियती, साझेदारी, संरक्षित, धार्मिकलगायतका समुदायद्वारा व्यवस्थित वनलाई पारिस्थितिकीय, आर्थिक र सामाजिक रूपले सक्षम बनाउँदै लाभको न्यायोचित बाँडफाँड गरिने छ ।

१३८. निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्धन, उत्पादनको विविधिकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गरिने छ ।

१३९. जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्बन गरी हिमाली बुट्यान र वन जोगाउन “हिमाली वन संरक्षण” अभियान सञ्चालन गरिने छ ।

१४०. वन स्रोतलाई अत्याधिक खाना पकाउने इन्धन को रूपमा प्रयोग गर्ने दरलाई न्यूनीकरण गर्ने आधुनिक वैकल्पिक प्रविधिको प्रयोग गर्ने प्रोत्साहित गरिने छ । चुरे क्षेत्रको संरक्षरणद्वारा पुनर्जलीकरण गर्ने व्यवस्था मिलाइने छ ।

१४१. खाली रहेको बाँझो वनक्षेत्रमा जडीबूटी तथा उत्पादनमूलक वृक्षहरू रोपी “वातावरणमैत्री हरित अर्थतन्त्र, समृद्धिको मूलमन्त्र” भन्ने नारालाई साकार पार्न बहु-सरोकारवालाको साझेदारी तथा सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिने छ । सबै स्थानीय तहमा फलफूल तथा क्षेत्र विशेष उपयोगी जातका नर्सरीहरूको सञ्चालन र व्यवस्थापन गर्नुका साथै एक व्यक्ति दस बिरूवा वृक्षारोपण गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने छ । साथै यस प्रदेशका नाङ्गा डाँडामा वृक्षारोपण कार्यक्रमलाई ठाउँ विशेषताअनुसार उत्पादनमूलक फलफूल तथा अन्य बिरूवाउत्पादन गर्न र वृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ ।

१४२. हिमाली वन्यजन्तुको संरक्षण गर्दै अन्तर्राष्ट्रिय स्तरमा कर्णालीको वन्यजन्तुको प्रचार प्रसार गर्न प्रदेश राजधानी सुर्खेत र हिमाली क्षेत्रमा समेत चिडियाखाना निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

१४३. वन, वनस्पति र जडीबूटीको विषयमा आधारभूत विस्तृत अध्ययन अनुसन्धान गरी संरक्षण एवम् दिगो उपयोगको लागि रणनीति तयार गरिने छ । गैरकाष्ठ वनपैदावारलाई प्राङ्गारिक प्रमाणीकरणको प्रक्रियाको लागि आवश्यक पहल अगाडि बढाइने छ ।

१४४. कर्णाली प्रदेशका दलित तथा अति विपन्न घर परिवारलाई लक्षित गरी जडीबूटी, नर्सरी तथा वृक्षारोपण कार्यक्रमबाट नगदी बालीको रूपमा लाभान्वित गराउने कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

**सभामुख महोदय,**

१४५. कर्णाली प्रदेशमा निजी तथा सरकारी निकायहरूबाट सर्वेक्षणमा रहेका विभिन्न जलविद्युत् आयोजनाहरूको आगामी १० वर्षभित्र प्रगति मूल्याङ्कन तथा सहजीकरण गरी "विकास र समृद्धको लागि ऊर्जा" भन्ने नारालाई आत्मसाथ गर्दै "उज्यालो कर्णाली प्रदेश" अभियानबाट कम्तीमा ५००० मेगावाट क्षमताका आयोजनाहरूको निर्माण कार्य अगाडि बढाइने छ ।

१४६. नेपाल सरकारबाट कार्यान्वयन भइरहेको भेरी-बबई पथान्तरण परियोजनाबाट उत्पादन गरिने ४८ मेगावाट जलविद्युत् गृहलगायतका सम्बन्धित संरचनाको निर्माण, सञ्चालन र स्वामित्व ग्रहण गर्ने कार्य अघि बढाइने छ । यसका लागि आवश्यक पर्ने १३२ के.भि.को प्रसारण लाईन र सवस्टेसनको निर्माण कार्य नेपाल सरकारको समन्वयमा तत्काल प्रारम्भ गरिने छ ।

१४७. दुई वर्षभित्र भेरी डाईभर्सन परियोजनामा जलविद्युत् आयोजना प्रदेश सरकारको स्वामित्वमा निर्माण गरिने छ । पाँच वर्षमा जनताको शेयर सहभागितासहित ऋण र अनुदान समेतका आधारमा कम्तीमा ५०० मेघाबाट भन्दामाथिको जलविद्युत् आयोजना निर्माण कार्य सुरू गरिने छ ।

१४८. फुर्कोट कर्णाली, माथिल्लो कर्णाली, बेतन कर्णाली, तिला-१, तिला-२, जगदुल्ला, आगेखोला, शारदा, नलसिंगाड, भेरी-१ र भेरी-४, जुम्लाको जबा, हुम्ला-१, हुम्ला-२, कबाडी खोला जलविद्युत् आयोजनालाई सञ्चालन गर्न लगानीमैत्री वातावरण बनाइने छ ।

१४९. नेपाल सरकारको सहयोगमा कर्णाली कोरीडोर र भेरी करिडोरमा विद्युत् प्रसारण लाईन विस्तार गरिने छ ।

१५०. वैकल्पिक ऊर्जा केन्द्रसँग समन्वय गरेर तीन वर्षभित्र घर-घरमा आधुनिक ऊर्जा र पाँच वर्षभित्र सबै प्रकारका उद्यमी समेतको मागबमोजिम विद्युत् उपलब्ध गराउन विशेष जोड दिइने छ ।

१५१. कर्णाली प्रदेशका अधिकांश गाउँपालिका र नगरपालिकाहरूमा स्थानीय तहहरूसँग सहकार्य गरी सौर्य, वायू, वायो ग्याँस एवम् अन्य नविकरणीय वैकल्पिक ऊर्जा प्रविधिलाई प्रोत्साहन गरी ३ वर्षभित्र पूर्ण विद्युतीकरण गरिने छ ।

१५२. जल तथा जमिनको अधिकतम उपयोगका लागि प्रदेश नं. ५ र ७ तथा नेपाल सरकारसँग समन्वय गरी बृहत कर्णाली जलाधार रणनीतिक गुरुयोजनाको प्रारूप तयार गरी सम्बन्धित आयोजनाहरूको सम्भाव्यता अध्ययन एवम् निर्माण कार्यलाई अघि बढाइने छ ।

१५३. जलस्रोतको बहुउद्देशीय उपयोग तथा जलाधार एवम् स्वच्छ पानी संरक्षण गर्न स्थानीय तहसँग समन्वय, सहकार्य गर्दै जलस्रोतको बहुउपयोगको लागि स्थानीय तहलाई प्रोत्साहित गरिने छ ।

१५४. साना तथा मझौला जलविद्युत् आयोजना निर्माण गर्न सार्वजनिक र निजी लगानीलाई प्रोत्साहन गरिने छ ।

**सभामुख महोदय,**

१५५. नेपाल सरकारले सार्वजनिक गरेको पाँच वर्षभित्र सिंचाइयोग्य सबै जमिनमा सिंचाइ सुविधा पुर्याउने लक्ष्यका साथ साना सिंचाइ, टार सिंचाइ, भूमिगत सिंचाइका साना तथा मझौला आयोजनाहरूको पहिचान गरी क्रमशः निर्माण गरिने छ ।

१५६. नदी, पहिरो वा भू-क्षय, डुबान र कटान हुने सम्भाव्य जोखिमयुक्त बस्ती र संरचनाहरूको पहिचान गरी रोकथाम तथा व्यवस्थापनका उपायहरू अवलम्बन गरिने छ । ठूला नदीको हकमा नेपाल सरकार र अन्यको हकमा स्थानीय तहहरूसँग सहकार्य गरिनेछ ।

१५७. स्वच्छ खानेपानीमा पहुँच पुर्याउन सिंचाइ तथा खानेपानीको दीर्घकालीन समस्या समाधान गर्न उपलब्ध भूमिगत तथा सतह जलस्रोतहरूको समुचित व्यवस्थापन, उपयोग

गर्दै कर्णाली, भेरी, बबई, तिलालगायतका नदी र खोला वा तालबाट पानीलाई लिफ्ट गरी स्वच्छ खानेपानी तथा सिंचाइ उपलब्ध गराउने नीति अवलम्बन गरिने छ । साथै, पानीको मुहान संरक्षण सम्वर्द्धन तथा डिपबोरिङ्ग प्रविधि समेत प्रयोग गरी खानेपानी वितरण तथा आपुर्तिलाई सहज गरिने छ ।

१५८. "सडक पूर्वाधारविना विकासको ढोका खुल्दैन" भन्ने अनुभवको आधारमा सडक मार्ग नजोडिएको जिल्ला हुम्ला र डोल्पाको सदरमुकाम जोड्ने सडक एक वर्षभित्र जोडिने छ । नेपाल सरकारले अगाडि सारेको अन्तर्राष्ट्रिय सीमा जोड्ने सिमिकोट-हिल्सा, गमगढी-नाग्चेलाग्ना, दुनै-मोरिम्ला सडकलाई उच्च प्राथमिकता दिइने छ । जमुनाह-हिल्सा, रानीघाटदेखिबर्दियाको भुरिगाउँ, जाजरकोटको मुल्सामदेखि जुम्लाको टोप्लासम्म सुरूङ्ग मार्ग, दैलेखको भामसैनदेखि कालिकोटको दिल्लीकोटसम्म सुरूङ्ग मार्ग, मुगुको बामदेखि हुम्लाको दार्मसम्मको सुरूङ्ग मार्ग र मटेलादेखि जुम्लासम्म सुरूङ्ग मार्ग निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिने छ ।

१५९. "अर्थतन्त्रमा सक्रियताको आधार, चुस्त दुरूस्त यातायात पूर्वाधार" भन्ने मूलमन्त्रका साथ कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरबाट नजिकमा रहेका आर्थिक र व्यापारिक केन्द्रहरू नेपालगञ्ज, धनगढी, घोराही, जुम्ला र दिपायललाई सडक मार्गबाट जोड्न सम्भाव्यता अध्ययन गरिने छ । साथै, रेलमार्गको पनि सम्भाव्यता अध्ययन गरिने छ ।

१६०. प्रदेश राजधानीबाट स्थानीय तहहरूसँग जोड्ने सडक दुई लेनका सडकहरूमा स्तरोन्नती गरिने छ । यसका साथै, पर्यटकीय, ऐतिहासिक, सांस्कृतिक, पूरातात्विकलगायतका स्थल जोड्ने सडकहरू निर्माण गर्दा स्थानीय तहहरूसँग समन्वय गरी निर्माण कार्य अघि बढाइने छ ।

१६१. कर्णाली प्रदेशको तीव्र आर्थिक वृद्धिका लागि निर्माण गरिने अन्तर्राष्ट्रिय मापदण्डका सडकहरू बनाऊ, स्वामित्व लेऊ, सञ्चालन गर, हस्तान्तरण गर (बिल्ड, ओन, अपरेटर, ट्रान्सफर) को अवधारणामा निर्माण गर्न विदेशी लगानीकर्तालाई आकर्षित गरिनेछ ।

१६२. ईन्जिनियरिङ्ग डिजाइन र सवारी साधन संख्याको प्रक्षेपण विना नै निर्माण गरिएका वा निर्माणाधिन जिल्ला वा ग्रामीण सडकहरूको पूर्वमूल्याङ्कन गरी आन्तरिक लाभांश दर (ईन्टरनल रेट अफ रिटर्न) को मापदण्ड पूरा गर्ने सडकहरूको स्तरोन्नती/ पुनरुत्थान गरिने छ ।

१६३. सामरिक महत्व, पर्यटकीय वा सिधा सम्पर्कका हिसाबले महत्वपूर्ण सडकहरू जस्तै उत्तर-दक्षिण सडक, जिल्ला सदरमुकामलाई वीरेन्द्रनगरसँग जोड्ने सडकहरू, वीरेन्द्रनगरदेखि रारासम्मको सडकलाई कालोपत्रे गर्ने र स्तरोन्नती गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ ।

१६४. वीरेन्द्रनगर, चन्दननाथ, चौरजहारी, खलंगा मुसिकोट जस्ता शहरी क्षेत्रमा भित्री सडकको अवस्थाको आँकलन गरी शहरी यातायातको विकासका लागि १० बर्षे गुरुयोजना बनाइ सो अनुरूप सडक सञ्जालको विकास गरिने छ ।

**सभामुख महोदय,**

१६५. खुला प्रतिस्पर्धा र बजार अर्थतन्त्रको सिद्धान्त अवलम्बन गरी यात्रुको सुविधालाई सर्वोपरी ठानी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गरेका सवारी साधनलाई मात्र सार्वजनिक यातायात सेवा दिन पाउने व्यवस्था मिलाइने छ ।

१६६. प्रदेश यातायात कार्यालय स्थापना गरी यातायात प्रणालीलाई व्यवस्थित गरिने छ ।

१६७. प्रदेशमा स्वच्छ खानेपानी वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१६८. प्रदेश राजधानी, मुख्य शहरहरू, नगरपालिका र अन्य पर्यटकीय सेवा केन्द्रहरूमा सिर्जित जलप्रवाह मार्गको अध्ययन गरी भलपानी तर्काउने, ढल निकास र दिसाजन्य लेदोको विसर्जन गर्ने संरचना अनिवार्य निर्माण गर्न गराउन प्रोत्साहन गरिने छ ।

१६९. "प्रदुषकले व्योहोर्छ" अर्थात "पोलुटर पे प्रिन्सिपल" को आधारमा ठोस तथा तरल फोहोरको व्यवस्थापन गरिने छ । साथै, बसपार्क, चोक, बजार, सेवा केन्द्र, सेवा प्रवाह गर्ने कार्यालय, स्कूल, कलेज, अस्पताल, राजमार्गमा निश्चित दुरीमा र अन्य सार्वजनिक महत्वका स्थानहरूमा वैज्ञानिक विश्लेषणमा आधारित सार्वजनिक शौचालयहरूको निर्माण गरिने छ ।

१७०. जोखिममा रहेका सम्पूर्ण गाउँबस्तीमा सुरक्षित एकीकृत बस्ती विकास गर्न स्थानीय तहहरूलाई प्रोत्साहन गरिने छ । फिरन्ते जीवन बिताइरहेका राउटेलगायतका आदिवासी, सीमान्तकृत घरबारविहीन परिवारलाई सुरक्षित बसोवासको व्यवस्था मिलाउने गरी कार्यक्रम तर्जुमा गरिने छ । नेपाल सरकारले अघि सारेको खरका छाना विस्थापित गरी टिनका छाना लगाउने कार्यक्रममा सहभागी गराउन स्थानीय तहलाई परिचालन गरिने छ ।

१७१. आवास क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र र सेवा प्रवाह गर्ने (सरकारी कामकाज, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, बजार, आपुर्ति) क्षेत्र छुट्ट्याई सबै जिल्लामा कम्तीमा एक नमूना शहरको विकास गरिने छ ।

१७२. हालको उर्वरा भूमिलाई मासेर बस्ती बस्ने र प्लटिङ् गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न कृषिको लागि अयोग्य स्थानहरू जस्तै उजाड पहाडहरूलाई सम्याएर जग्गा प्राप्त गरी ईन्जिनियरिङ् डिजाइनका आधारमा नयाँ बस्तीहरूको विकास गरिने छ ।

१७३. वीरेन्द्रनगरमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गरिने छ । नेपाल सरकारसँग समन्वय गरी कालिकोटको सुनथराली एअरपोर्ट सञ्चालनमा ल्याइने छ ।

१७४. कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरका साथै सबै स्थानीय तहको केन्द्रको गुरुयोजना तयार गरी कार्यान्वयन गरिने छ ।

१७५. प्रदेशको संसदीय अभ्यास नयाँ हो । यसकारण संसदको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका लागि विशेष कार्यक्रम ल्याइने छ ।

१७६. अन्त्यमा, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा महत्वपूर्ण सुझाव, सल्लाह दिनु हुने कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरू, राजनीतिक दल, स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, वुद्धिजिवी, नागरिक समाज, सञ्चार जगत, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरू, नेपाल सरकार र विकास साझेदारहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यो नीति तथा कार्यक्रमलाई दृढतापूर्वक कार्यावन्यन गर्ने क्रममा सबैको निरन्तर सहयोग र सद्भावको अपेक्षा गरेको छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या- १२

(२०७५ जेष्ठ २६ गते शनिबार)

---

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको १२ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेशसभाको दोस्रो अधिवेशनको एघारौं बैठकमा सम्वोधन भएको नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१)बमोजिम यस सभासमक्ष टेबुल गर्न माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीः-** माननीय सभामूखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको एघारौं बैठकमा प्रस्तुत गरिएको प्रदेश सरकारको आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१)बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यू, प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएकोमा उहाँ प्रति कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२)बमोजिम धन्यवाद ज्ञापनको प्रस्ताव राख्न माननीय श्री धर्मराज रेग्मीज्यूलाई अनुमति दिन्छु ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामूखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेशको नीति तथा कार्यक्रम सभामा प्रस्तुत भएकोमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१)बमोजिम माननीय प्रदेश प्रमुखज्यूसमक्ष धन्यवाद ज्ञापनको प्रस्ताव पारित गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब माननीय श्री सीताकुमारी नेपालीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय श्री धर्मराज रेग्मीले प्रस्तुत गर्नुभएको धन्यवादज्ञापनको प्रस्तावलाई समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामूखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा माननीय प्रदेश प्रमुखज्यूसमक्ष धन्यवाद ज्ञापन गरियोस् भनि माग माननीय श्री धर्मराज रेग्मीले राख्नु भएको प्रस्तावलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२)बमोजिम समर्थन गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म माननीय श्री दीनवन्धु श्रेष्ठलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२)बमोजिम माननीय श्री धर्मराज रेग्मीले पेश गर्नुभएको धन्यवाद ज्ञापनको प्रस्तावलाई समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/२०७६ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा माननीय प्रदेश प्रमुखज्यूसँग समक्ष धन्यवाद ज्ञापन गरियोस् भनि माग माननीय श्री धर्मराज रेग्मीले राख्नु भएको प्रस्तावलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२)बमोजिम समर्थन गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम कर्णाली प्रदेशका प्रमुखद्वारा प्रस्तुत भएकोमा उहाँसमक्ष यस सभाद्वारा धन्यवाद ज्ञापन प्रस्ताव पारित गरियोस् भनि माननीय श्री धर्मराज रेग्मीले पेश गर्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्ताव गर्दछु ।

माननीय सदस्यहरू, प्रस्तावको पक्षमा हुने सदस्यहरूले हुन्छ भन्नेले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

फ्लोर- हुन्छ ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (३)बमोजिम कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा उहाँसमक्ष यस सभाद्वारा धन्यवाद ज्ञापन प्रस्ताव पारित गरियोस् भन्ने प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले सभासमक्ष गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममाथि छलफल गर्नका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ३७(१) अनुसार यही जेठ २८ र २९ गतेका दिन तोकेको छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेठ २८ सोमबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-१३

(२०७५ जेष्ठ २८ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको १३ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफलको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही, माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, यो नीति तथा कार्यक्रमको छलफलको विषयमा बोल्ने सबै सांसदज्यूहरूले रोष्टम प्रयोग गर्न नै सक्नुहुन्छ तपाईंले भन्नै पर्ने भयो र विशेष समयको बेला विशेष गरेर दलका नेताहरू उहाँहरूलाई चाहिँ रोष्टम प्रयोग गर्नको लागि अनुमति दिने गरिन्छ, यो मैले चाहिँ यस सम्मानित सदनमा चाहिँ मैले जानकारी गराए गर्नै पर्ने भयो । सम्माननीय सभामुख महोदय, हामीले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७५/०७६ को नीति तथा कार्यक्रम सरकारले प्रस्तुत गरेको छ । अब सरकारको रूपमा भनौं वा हामीले केन्द्रीय सरकारको एउटा एजेन्टको रूपमा हामीले प्रयोग गरेका छौं, किनकी संसारको इतिहासलाई हेर्ने हो भने सरकार भैसकेपछि त्यसका आफ्नै झण्डाहरू हुन्छन् आफ्नै लोगोहरू हुन्छन् आफ्नै छापहरू हुन्छन् । आजसम्म हाम्रो यो कर्णाली प्रदेशको सरकारले न लोगो बनाएको देखें न छाप बनाएको देखें न झण्डा बनाएको देखें । यदि तपाईंहरूले इतिहासलाई हेर्नुभयो भने त्यही नजिकको म भन्दा धेरै घुम्नु भएको छ, भारतमा हेर्नुभयो भने प्रत्येक स्टेटको गभर्मेन्टको आफ्नो-आफ्नो हुन्छ अनि बल्ल त्यो गभर्मेन्ट हुन्छ, सरकार हुन्छ । हाम्रो निशाना चिह्न गाउँपालिका गाउँविकास समितिका, हिजो हुन्थ्यो, त्यो के भनेको भने तिमि मेरो अन्तरगतमा छौं, तिमि स्वायत्त होइनौं भन्ने हिसाबले चाहिँ सरकारले यो निशाना चिह्न राखेको हुन्छ । यही चिह्न राख्दा पनि हामीले यसको मुनि कर्णाली प्रदेश भनेर राख्नु पर्ने थियो होला, होइन भने हामी सरकार होइन हामी पनि एउटा निकाय हौं । यो कुरा सायद सरकार र मन्त्रीहरूलाई हेक्का नहुनसक्छ किनकी उँहाहरू क्याबिनेटमा बस्न नै मख्ख हुनुहुन्छ, ढुक्क हुनुहुन्छ, धन्न एकजना मन्त्री आउनुभाको छ र यो सदन अगाडि बढिरहेको छ । सभामुख महोदय लेखेर हुने भए नेपालको विकास उहिले भैसक्थ्यो । मेरो हुम्ला र डोल्पामा सडक उहिल्यै पुगिसक्थ्यो किनकी प्रत्येक आर्थिक वर्षमा भन्ने गरिन्थ्यो प्रत्येक आर्थिक वर्षको जुन नीति तथा कार्यक्रम हो त्यो बजेट आउथ्यो अनि सरकारले भन्थ्यो यो वर्ष डोल्पाको सदरमुकाम र हुम्लाको सदरमुकाममा सडक पुग्नेछ । यहाँहरूले पनि सम्माननीय सभामुख मार्फत् भन्न चाहन्छु माननीय सांसदले पनि त्यो बुझ्नु भएको छ हरेक कुराहरूको नीति बनाउँदाखेरी हामीले आर्थिक सर्वेक्षण

प्रतिवेदनअनुसार नै बनाउनु पर्ने हुन्छ किनकी ती केन्द्रीय सरकारले गरेका कुराहरू पनि हुन् । अब यसमा योजना तर्जुमा नीति निर्माण गर्ने आधारहरू, मध्य तथ्याङ्कहरू प्रमुख स्रोतका रूपमा स्वीकार गरिएको र प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमहरू बनाउँदा थ्रीपी (3P) का आधारमा बनिएको छ, थ्रीपी (3P) भन्नाले संसदले बुझ्न सक्छ, पब्लिक प्राइभेट पार्टनरशिप, पब्लिक प्राइभेट पार्टनरसिप होइन यो चाहिँ पकेट प्याकेज प्रोग्राम अन्तरगत यहाँ आएको छ । सभामुख महोदय, यो आफ्नो दललाई जे-जे मन लाग्छ कुन-कुन कुराले आफूलाई फाइदा हुन सक्छ त्यसरी नै यो चाहिँ अहिलेको नीति तथा कार्यक्रम आएको छ । समृद्ध प्रदेश निर्माणका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने आधारहरू यसरी नै हुदैं आइरहेका छन, यसले यहीं पीपीपी (PPP) मोडेल अन्तरगत गइरहेको छ सभामुख महोदय, नीति तथा कार्यक्रमलाई पहिलो भनिएको छ । २०७५ वैशाख ९ गते सभासमक्ष प्रस्तुत गरेको नीति तथा कार्यक्रम सरकारको नभइ कस्को हो त्यो चाहिँ यो सम्मानित सदनले चाहिँ त्यसको जानकारी पाउनुपर्छ सभामुख महोदय किनकी हामीले यो दोस्रो नीति तथा कार्यक्रम हो, हामीले पहिलो भनिरहेका छौं, त्यो नीति तथा कार्यक्रम कि त होइन भन्नु पर्यो कि कसैको हो भन्नु पर्यो, होइन भने यो दोस्रो हो त्यो म भन्न चाहन्छु, सम्माननीय सभामुख महोदय । संघीय सरकारले समेत जम्मा १०३ वटा नीति उल्लेख गरिहेको छ तर हाम्रो प्रदेश सरकारले १७५ वटा नीति तथा कार्यक्रम ल्याएको छ र कार्यान्वयन गर्ने बलियो संयन्त्र एवम् संरचना निर्माण गर्ने नीति के हो प्रमुख प्राथमिकताको क्षेत्र के-के हुन भन्ने कुरा पनि यँहा देखिदैंन किनकी हाम्रो नीति तथा कार्यक्रममामाथि एउटालाई प्राथमिकता तोकिएको छ तल गएर अर्कोलाई तोकिएको छ । त्यो कुन चाहिँ हो त त्यो कुरालाई पनि हामीले हेक्का गर्नुपर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय । इ.सं. २०१७सम्म नेपालको प्रतिव्यक्ति आय १००४ डलर पुगेको छ । संघीय सरकारले दोहोरो आर्थिक वृद्धिको लक्ष्यसहित ५ वर्षमा दोब्बर अर्थात २००० डलर पुर्याउने लक्ष्य लिएको छ तर कर्णाली प्रदेश सरकारले ल्याएको नीति बुँदा नं. ३ मा प्रतिव्यक्ति आय २१०० डलर पुर्याउने भन्छ । जुन हालको अहिले हाम्रो १७ मा ८६६ डलर थियो प्रतिव्यक्ति आय भन्दा धन्नै तीन गुणा बढि हुन आउछ । यसलाई वस्तुनिष्ठ र वास्तविक मान्ने कि हचुवाको मान्ने सम्माननीय सभामुख महोदय, २१००, २२००, ३००० भन्न मात्र सजिलो छ र जब केन्द्रीय सरकारले पनि त्यति गर्न सक्दैंन भने हाम्रा हविगत के होला यलाई पनि वस्तुनिष्ठ ढङ्गले अगाडि बढाइनुपर्छ भन्ने हो सभामुख महोदय । बुँदा नं. १० मा १०० दिन बराबरको रोजगारी दिने नीति तथा कार्यक्रम मा उल्लेख छ । जनगणना २०६८अनुसार कर्णाली प्रदेशमा २ लाख ९८ हजार १ सय ७४ घर परिवारले स्थायी रूपमा बसोवास गरिरहेका छन् तर हाल उक्त संख्यामा वृद्धि भएको अवस्था छ किनभने वृद्धि नै भएको होला र २०६८ को घरधुरी तथ्याङ्क र वर्षमान गरिबीको दर ५१.२% छ भन्ने जुन अहिले बाहिर आइरहेको छ त्योअनुसार पनि १ लाख ४५ हजार ५१० घर परिवार अतिगरिब घरधुरीभित्र पर्दछन

हाम्रो यहाँको भने ज्यामीको ज्यालादरअनुसार न्यूनतम ७०० रुपैंया सुर्खेतमै छ । सुर्खेतमा मैले बुझे ७०० सय छ तर कर्णालीका साविक कर्णालीका हुम्ला, डोल्पा, मुगुमा १ हजार कुनै ठाउँमा १२ सय छ । हामीले ७ सयको हिसाबले राखिम, प्रतिदिन ज्याला दिन समेत १० अर्ब १८ करोड ५६ लाख ३० हजार बजेट आवश्यक पर्छ तर प्रदेश सरकारसँग हाल रू.१६ अर्ब ६९ करोड ३५ लाख मध्ये ९ अर्ब १३ करोड १४ लाख मात्र विकास बजेटमा खर्च गर्न सक्ने सामर्थ्य छ यो कत्तिको वस्तुनिष्ठ र विश्वसनीय छ सभामुख महोदय । यस्ता कुराले हामीले जनतालाई रूमलिएर लाने हो । हाम्रो बजेट छ ९ अनि हामी १०० दिनको दिन्छौं भनेर हामी पनि अरू पनि मखख भएरै बसिरहेका छौं । बुँदा १० मा नि एक घरमा रोजगार भन्ने शब्दावली प्रयोग भएको छ, एक घरमा तर हामी त्यो प्रदेशमा जनता हौ सम्माननीय सभामुख महोदय एक घरमा नै तीन/चार परिवार हुन्छ । भाइ छुट्टिएको भिन्न हुन्छ, घरधुरी एउटा हुन्छ तर परिवार भिन्न भिन्न त्यही घरको आकँडा हेरेर चाहिँ हामीले रोजगारी दिने हो भने अरू परिवारले पाउने कि नपाउने ? ती कुरामा हामीले ख्याल गर्नु पर्थ्यो कि पर्थेन भन्ने कुरा पनि मेरो चाहिँ जिकिर छ सभामुख महोदय । बुँदा नं. १५ मा सबै भन्दा समृद्ध प्रदेश बनाउने नीति उल्लेख भएको छ । नेपाल सरकारद्वारा गरिएको आर्थिक सर्वेक्षण ०७४/७५ मा रहेका तथ्याङ्कले यस प्रदेश यो प्रदेश गरिबीदरमा धनी हुनुबाहेक गरिबीदरमा चाहिँ हामी धनी छौं गरिबीदरमा धनी हुनुबाहेक अन्य सबैमा नाजुक छ, तर प्रदेश सरकारले संघबाट प्राप्त अनुदानलाई सक्ने उद्देश्यले रेल, केबलकार, हवाई एम्बुलेन्स जस्ता क्षेत्रको सम्भाव्यता अध्ययन शीर्षकमा खर्च गर्ने नीति तथा कार्यक्रम बनाएर दस वर्षभित्र सबै प्रदेश भन्दा समृद्ध बनाउन खोजिएको हो कि अथवा यो प्रदेशलाई कंगाल बनाउन खोजिएको हो सभामुख महोदय, यसमा पनि पुनर्विचार गरिनुपर्छ । बुँदा नं. २० मा हुम्ला र रूकुममा एक वर्षभित्र पर्यटकीय हवाई मैदान निर्माण कार्य सुरू गर्ने नीति उल्लेख भएको छ । हवाई र उडड्यन क्षेत्र निर्माण गर्ने अधिकार हामी प्रदेश सरकारसँग छ कि छैन ? यदि आफै निर्माण गर्ने हो भने बजेटमा आवश्यक रकम विनियोजन हुन्छ कि हुँदैन ? किनकी अस्तिन हामीले सुनि सक्यौं एउटा एअरपोर्ट बनाउनको लागि कम्तीमा पनि हुम्लामा त १० अर्ब पनि पुग्दैन रूकुममा पनि ५/६ अर्ब भन्दा तलले पुग्दैन र केन्द्रीय सरकारको अधिकार हामीले ल्यायौं हामीले बनाउन सकौला हामीमा ती म्यानपावर होला तर तिसँग पैसा छ कि छैन । यस्ता खालका कपोकल्पित किताबका पाना भर्ने किसिमले नीति र नियम बनाएर यो अगाडि बढ्न सक्दैन सभामुख महोदय । प्रदेशभित्र रहेका सामुदायिक क्याम्पसका स्तरवृद्धि तथा संस्थागत प्रवर्धनका लागि अनुदान उपलब्ध गराउन नीति तर्जुमा गर्नुपर्नेमा बुँदा नं. ६० मा मध्यपश्चिम विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रदेश सरकारको स्वामित्वमा सञ्चालन गर्ने नीतिले सरकारको शिक्षासम्बन्धी गर्ने बुँदा ६६ मा पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय महाविद्यालय निर्माण गर्ने नीतिले सरकारको शिक्षासम्बन्धी मार्ग दृष्टि स्पष्ट देखिएको छैन । अब यहाँ महाविद्यालय

भनेको कसरी बुझ्नु भएको छ मैले बुझेको छैन, मैले बुझेको विद्यालय पछि महाविद्यालय भनेर कलेजहरू हुन अनि त्यसपछि आएर विश्वविद्यालय हुन् । यहाँको भावना के छ भने विश्वविद्यालय पछि महा लेखेर झनै ठूलो हो कि भन्ने कुरा गरिएको छ । अनि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय त्यो के पढ्ने हो माउन्टेन क्लाइम्बिङ को मात्र पढ्ने हो कि, इन्जिनियर बनाउने पढ्ने हो कि अनि एकातिर हामीसँग यो आर्थिक अभाव छ, हामीले केन्द्रको रकमअनुसार अगाडि बढ्नु पर्ने छ भने अर्कोतिर केन्द्रले अहिले सञ्चालन गरेका पनि हाम्रो स्वामित्वमा आउनुपर्छ भनेर हामी भुलिरहेका छौं सभामुख महोदय । ६९मा स्थानीय तहमा ७१८ वडा छन् । हाम्रो प्रदेशमा जम्मा ती वडाहरूमा १३ वटा प्राथमिक स्वास्थ्य केन्द्रमात्रै छन् सभामुख महोदय, र ३३९ स्वास्थ्य चौकी रहेकोमा सबै वडामा प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी स्थापना गर्ने नीति लिनु भन्दा बुँदा नं. ६८ संघीय सरकारको नीतिमा समावेश भइसकेको जिल्ला अस्पताल ५० शय्या र प्रत्येक स्थानीय तहमा १५ शय्याको अस्पताल निर्माण गर्ने नीति दोहोर्याइ रहनु पर्ने आवश्यकता हो । हाम्रोमा ७१८ मध्येमा जम्मा ३३९ मात्र स्वास्थ्य चौकीहरू छन, यो प्रदेश सरकारले अरू बाँकी ४ सय चानचुनलाई हामीले बनाउनुपर्थ्यो, केन्द्रले बनाउने कुरा त छदैंछ नि । यी कुरामा यहाँका आम जनतालाई रूमलिने कुरा गरिएको हुनाले यसलाई सुधार्नुपर्छ भन्ने मेरो मान्यता हो र हाम्रो दलको मान्यता हो सभामुख महोदय । बुँदा नं. ७५ मा कर्णाली खेलकुद परिषद् गठन गर्ने नीति जुन संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने र बुँदा नं. ९४ मा उल्लेखित नेपाल सरकारसँग समन्वय गरी हुम्ला र डोल्पा जिल्लामा खाद्यान्न ढुवानी अनुदान व्यवस्था गर्ने भनेको छ । यदि प्रदेश सरकारले अनुदान दिने हो भने बजेट पक्कै पनि आवश्यक हुन्छ, होइन भने अहिले कर्णालीका ती जिल्लाहरू डोल्पा र हुम्ला मात्र होइन कर्णाली प्रदेशका अन्य जिल्लाहरू पनि केन्द्रीय सरकारले अनुदान दिएकै छ नि, कि एउटै दफा राखेर त्यसले समन्वय गर्नेछ भन्ने कुरोख् होइन । सरकारले ल्याउनुपर्यो कर्णालीका ती जिल्ला जहाँ मोटर बाटो पुगेको छैनन् ती जिल्लाहरूमा सरकारले ढुवानी अनुदान नदिए पनि प्रदेश सरकारले यति अर्ब रूपैयाँ अथवा यति करोड रूपैयाँ छुट्टाएको छ भनेर आउनुपर्छ भन्ने चाहिँ हो सभामुख महोदय । आर्थिक सर्वेक्षण प्रतिवेदनले कर्णाली प्रदेशमा सबै भन्दा कम विद्यालय अर्थात माध्यामिक विद्यालय संख्या जम्मा ५७४ छ, विद्यार्थी भर्नादर जम्मा ९३ प्रतिशत छ, शिक्षक विद्यार्थी अनुपात १२६ विद्यार्थी बराबर एकजना शिक्षकको संख्या रहेको छ र साक्षरतादर ५३ प्रतिशत रहेको छ । बुँदा नं. ७७ मा सामुदायिक विद्यालयमा खेल मैदान निर्माण नीतिलाई उल्लेख गरेको छ । हामीलाई अहिले विद्यालय भवन निर्माण गर्नु पर्ने पहिलो आवश्यकता हो कि खेलकुद मैदान ? विद्यार्थी भर्नादर १०० प्रतिशत पुर्याउने नीतिहरू के-के हुन ती नीतिहरू आउनुपर्ने आवश्यकता हो कि होइन ? आर्थिक सर्वेक्षण ७४/७५अनुसार प्रदेशको युवाको बेरोजगारदर नेपालको औषत बेरोजगारिदर चाहिँ ३५.८ भन्दा बढि रहेको छ हाम्रो प्रदेशको तर युवा आयमूलक क्रियाकलापहरूमा

परिचालन गर्ने नीति आउनुभन्दा बुँदा नं. ७७ मा १८ बर्ष पुगेपछि १ वर्ष अनिवार्य सामाजिक सुरक्षा तालिम लिनुपर्ने बाध्यात्मक नीति लिएको छ कत्तिको व्यवहारिक देखिन्छ । के हाम्रो प्रदेशमा रहेको बेरोजगारीदर हल गर्नको लागि १ वर्ष तालिम लिने व्यवस्था गर्न लागेको हो सभामुख महोदय ? त्यसमा यहाँ युवाहरूलाई रोजगारी दिन खोजिएको हो ? बुँदा नं. ७९, मनमोहन जेष्ठ नागरिक कार्यक्रम नीतिका अन्तरगत केन्द्रीय सरकारबाट छुटेकालाई हो कि कसलाई हो यो केही बुझ्न सकिएन किनकी जेष्ठ नागरिकलाई पनि राज्यले दिने गरेको छ र छुटेकाहरूलाई हामीले चाहिँ कार्यक्रम ल्याउन खोजेका हौं या कि दोहोरो दिन खोजेका हौं, दोहोरो दिन खोजेको हो भने हाम्रा आफ्नो आन्तरिक राजश्व, हाम्रा आन्तरिकहरू स्रोत केही पनि छैन, त्यो बाढ्नका लागि त केन्द्रीय सरकार छदैंछ सभामुख महोदय । बुँदा नं. १०६ मा २ लाख घरधुरीलाई एकीकृत कृषि प्रणालीसहित एकीकृत नमूना बस्ती कार्यक्रम सञ्चालन गर्ने भनिएको छ । कार्यक्रमको सञ्चालनको लागि सरकारको म्यान्डेटलाई आधार मान्दा पहिलो वर्ष २० प्रतिशतले ४० हजार घरधुरीलाई न्युतनतम ३ लाख अनुदान दिदाँ पनि १२ अर्ब बजेट आवश्यक पर्छ । आवश्यक रकम बजेटमा समावेश गर्न सक्ने अवस्था छैन र यो केन्द्रसँग समन्वय गर्ने भनेको छ भने केन्द्रले पनि समन्वय गरेपनि आधा-आधा हामीले दिनुपर्यो भने पनि ६ अर्ब रूपैयाँ दिनु पर्दछ । त्यसैले यस्ता खालका हचुवा कार्यक्रमहरू नीति तथा कार्यक्रममा आउनु हुँदैन भन्ने हो सम्माननीय सभामुख महोदय ।
बरू त्यसो गर्नु भन्दा यस्तो यान्त्रिक नीति तथा कार्यक्रम तयार गर्नु भन्दा सुर्खेतको वीरेन्द्रनगरमा खुला आकाश मुनि हुनत हाम्रो सरकारको नीति खुला आकाश मुनि परिणत हुन्छ भन्ने यो चाहिँ होइन । खुल्ला आकाशमुनि जीवन बिताइरहेका बाढी पहिरो पीडित र सुकुम्वासी तथा मुक्त हलियालाई बसोवास गर्न प्रबन्ध गर्ने नीति तथा कार्यक्रम सान्दर्भिक हुन्थ्यो होला । यो कार्यक्रमलाई सायद कम पैसाले हामीले त्यो बनाउन सक्थ्यौं होला । बुँदा नं. १०७ मा प्रतिबन्धित भाङ्गोलाई खेती गरी तेल निकाल्न प्रोत्साहन गर्ने नीति निर्माण गरी भाङ्गोलाई कानूनी बैधता दिन खोजिएको हो ? अन्तर्राष्ट्रिय कानूनले पनि आज रूकुम रोल्पामा यो भाङ्गोबाट आन्दोलनहरू सुरू भएका थिए । रूकुम रोल्पामा चाहिँ गरिएका थिए यो अन्तर्राष्ट्रिय कानूनले यो अवैध भन्छ । हामीले त्यसमा सही गरेका छौं अनि हाम्रो प्रदेश भाङ्गोबाट तेल बेचेर, तेल बनाएर अनि भोलि आउन सक्छ अर्को नीति तथा कार्यक्रममा अफिमबाट तेल बनाएर लानुपर्ने यस्ता गैरजिम्मेवार कुराहरू सदन जस्तो महत्वपूर्ण कुरामा यस्तो महत्वपूर्ण नीति र कार्यक्रममा आउन हुन्छ कि हुँदैन सभामुख महोदय ।
बुँदा नं. ११४ मा एकमुष्ट हलिया उत्थान भन्ने उल्लेख गरिएकोमा कर्णाली प्रदेशमा सबै भन्दा बढि संख्यामा रहेका मुक्त हलियाको पुनःस्थापना हुने विशेष नीतिको आवश्यकता पर्ने हो । त्यस्तै द्वन्द्वकालिन अवस्थामा किनबेच गरिएको स्वामित्व कानूनी प्रक्रियालाई संघीय कानूनले असर पार्छ कि पार्दैन ? किनकी यो प्रदेश सरकारले अहिले गरेर हुन्छ

भन्ने मलाई लाग्दैन । सामाजिक, प्राविधिक र लागत उपयोगिताका सम्भाव्यता अध्ययन गर्नु पर्ने प्रकृतिका योजनाहरू जस्तै बुँदा नं. १३३ उल्लेखित कैलास दर्शनका लागि बाह्रदेउ भ्यू टावर यो कत्तिको उपयोगी हो ? बाह्रदेउ भनेको कहाँनिरबाट छ ? के यो सुर्खेतको योमाथि गढिबाट हेर्ने हो त्यस्को यो रिटर्न कति हुन्छ भन्ने कसैलाई लहढमा कसैको भरमा बनाउने कुराहरू नीतिमा आउन हुँदैन भन्ने हो सम्माननीय सभामुख महोदय ।

कर्णाली प्रदेशको कुल भूभाग ३०,२१३ वर्ग कि.मि. छ, जसमध्ये जम्मा यो प्रदेशमा २,६०७. कि.मि. भूगोल मात्र स्थानीय सडक सञ्जाल रहेको छ सभामुख महोदय । कुल २,६०७ कि.मि. मध्ये जिल्ला सदरमुकाममा ४० कि.मी. र गाउँमा ९ कि.मी. गरी जम्मा ४९ कि.मी. मात्र कालोपत्रे सडकको पहुँच रहेको देखिन्छ । हाम्रो यो प्रदेशमा केन्द्रीय राजमार्गहरू बाहेक प्रदेश सरकारको कार्यक्षेत्रभित्र रहेका राष्ट्रिय राजमार्ग बाहेक अन्य सम्पूर्ण सडकको स्तर वृद्धि निर्माण व्यवस्थापन गर्ने नीति लिनु पर्ने हो । के राष्ट्रिय सडक राजमार्गमा हाम्रो वास्तविक आवश्यकता र आर्थिक मानवीय क्षमता के हो त्यसलाई पनि हामीले अध्ययन गर्नुपर्छ सभामुख महोदय । नेपालमा अहिले नेपालको परिस्थिति विजुलीकोमा १०४५ मेगावाट विजुली उत्पादन भएको छ र यस प्रदेशमा हालसम्म १ मेगावाट भन्दा बढि  विद्युत् उत्पादन भएको पाइदैंन । एउटा प्लान्ट १ मेगावाटको छैन । १००, ५०, १०, १५ का यी गरेर कतिको छ त्यो भन्दा छैन । तर जब बुँदा नं. ? १४५ मा १० वर्षभित्र ५०० मेगावाट क्षमता र ५ वर्षभित्र प्रदेश सरकारले ५००० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य र प्रदेश सरकारको क्षमता भन्दा बाहिरको कति वैज्ञानिक छ सभामुख महोदय । यो १ मेगावाट नभएको ठाउँमा ५०० मेगावाट र ५००० मेगावाट परिकल्पना गर्नु यो नीति कत्तिको उपयोगी हो ? बुँदा नं. १४८ मा हुम्ला-२ कवाडीखोला जलविद्युत् हुम्ला-१ मा खाली राखेर अमूर्त योजनालाई नीति तथा कार्यक्रममा समेटिएको छ । के भनेको त्यो कि के त्यहाँ खोलाहरू छैनन् कि त्यहाँ खोलाहरूको नाम दिनु पर्यो कि अझ फेरी मैले भने कि PPP मोडेलमा जान खोजिएको हो । सम्माननीय सभामुख महोदय, आफ्ना खल्तिबाट भर्नका लागि नीति तथा कार्यक्रम त्यसरी आउनहुँदैन चालु आ.व. मा कर्णाली पर्यटन अन्तरगत हिल्सा-सिमिकोट खण्डको जम्मा ७ कि.मि. मात्र बन्यो । संघीय सरकारले समेत आफ्नो नीति तथा कार्यक्रम अहिलेको बजेटमा ७५/७६ मा जम्मा ७६ जिल्लाको सदरमुकाममा सडक सञ्जाल जोड्ने लक्ष्य लिएको छ तर बुँदा नं. १५८ मा प्रदेश सरकारले एक वर्षभित्र डोल्पा र हुम्लाको सदरमुकाममा राष्ट्रिय सडक पुर्याउने लक्ष्यसहित नीति लिएको छ । राष्ट्रिय सडक निर्माण सम्पन्न गर्ने कार्यक्षेत्राधिकार संघ हो कि प्रदेशको हो यदि प्रदेश हो भने लक्ष्य प्राप्तिका लागि स्पष्ट बजेट विनियोजन हुनुपर्छ । अहिले कालिकोटबाट सिमिकोटसम्म पुग्नको लागि १९६ कि.मी. यसको दुरी छ, १९६ कि.मी. मा झन्डै ९६ आर्मीले बनाउदैछ १०० कि.मी. सिङ्गै बाँकी छ । १०० कि.मी. कच्चि रोड बनाउनको

लागि करिब करिब १ अर्ब ६० करोड रूपैयाँ लाग्छ के हाम्रो सरकारले छुट्टाएको छ ? अनि १ वर्षभित्रमा बाटो पुर्याइदिन्छु भनेर हामीले नीति तथा कार्यक्रममा ल्याउने ? प्रदेश क्षेत्रभित्र पक्की पुलको अभाव म धेरै स्थानमा सडक सञ्चालन नभएको अवस्थामा बुँदा नं. १५९ मा उल्लेखित रेलमार्गको सम्भाव्यताको अध्ययन कति जरूरी हो । बुँदा नं. ३ मा भनिए जस्तै जनताका आकांक्षा, आवश्यकता र आवादमा आधारित वैज्ञानिक योजना निर्माण र कार्यान्वयन भनेको यहीहो ? कुन चाहिँ यहाँका जनताले गाउँगाउँमा रेल पुर्याउ भनेको छ, त्यो देखिएको छ सभामुख महोदय, तत्काल जनआवाज नभएको विषयलाई दिवा सपना देखाएर भुलाउनु सरकारको कति सुशासन र जवाफदेहिता हो । घरेलु उद्योग दर्ता संख्या हाम्रो यो प्रदेशमा ५२५४ रहेका छन भने, व्यक्तिगत फर्म दर्ता गर्ने मात्र १३३७ छन् । दर्ता भएका उद्योग क्रियाशील अवस्थामा छैनन्, उक्त दर्ता भएका फर्म र उद्यमीहरूलाई क्रियाशील एवम् प्रोत्साहन गरी सञ्चालनमा ल्याउने र आम्दानी एवम् रोजगारी अभिवृद्धि गर्नेतर्फ नीति तथा कार्यक्रमले सम्वोधन गर्नुपर्ने हो तर उद्योग विभागको तथ्याङ्कअनुसार जम्मा ३८ वटा ठूला उद्योगहरू दर्ता भएका छन् । दर्ता भएका मध्ये केही मात्र सञ्चालनमा आएका छन् । उक्त उद्योगलाई सञ्चालनमा ल्याइ थप नयाँ उद्योग दर्ता सञ्चालन गर्ने र रोजगारी सिर्जना गर्ने नीति कहिले आउने हो सभामुख महोदय ? के सरकारले पाँच वर्ष पछि आवश्यकता देखे हो ? उद्योग धन्दा हाम्रो ५ वर्षको कार्यकाल पछि ल्याउन खोजिएको हो ? वित्तीय पहुँच समेत हाम्रो प्रदेशमा ३.८ प्रतिशत रहेको र प्रदेशगत निक्षेपण जम्मा १ प्रतिशत मात्र रहेको छ । के कर्णाली प्रदेशको समृद्धि यही वित्तीय पहुँच र निक्षेपणले पूरा गर्न सकिन्छ । हाम्रो समृद्धिको लागि संघीय सरकारको अनुदानमा निर्भर रहिरहनु पर्ने हो यसको लागि हाम्रो सरकारले जुन नीतिमा आउनुपर्ने करका दायरालाई कसरी अगाडि बढाउनुपर्ने काहिँ पनि लेखिएको छैन । यस प्रदेशमा चालु आ.व. मा १६ लाख हिमाल आरोहणबाट रोयल्टि उठेको छ । यसलाई प्रदेश सरकार मातहत ल्याउने र थप पर्यटनका लागि सुविधा सम्पन्न तारे होटेलहरू मनोरञ्जन स्थल, पर्यटकीय स्थल, निर्माण गरी पर्यटनलाई भित्र्याउने ठोस नीति र कार्यक्रम समेटेको देखिदैंन तर प्रदेश सरकारले रारामा ५ लाखमा भित्र्याउने लक्ष्य राखेको छ, उक्त लक्ष्य पूरा गर्न आवश्यक संरचना निर्माण गर्ने आवश्यक नीति र कार्यक्रम ल्याएको देखिदैंन सभामुख महोदय । यो किताब उल्लेख गर्दैमा लक्ष्य प्राप्ति हुने भएको भए सबै कुरा किताबमा लेखेर राख्नुपर्थ्यो । नेपालमा पर्यटकको १३ दिन औषत बसाइ छ यहाँ बाहिरबाट आउने ५४ डलर प्रतिदिन खर्च भएको मानिन्छ । त्यस्तै पर्यटकले यो भन्दा बढि दिन बस्ने र खर्च गर्नका लागि आवश्यक नीति तथा कार्यक्रम रूखको मुनि बसेर खुल्ला आकाशमा हेरेर पर्यटन हुन्छ भन्ने मान्यता अगाडि बढाइएको हो सभामुख महोदय । जलवायू परिवर्तन असर सर्वेक्षण २०१६अनुसार ८६ प्रतिशत घरधुरीले बढ्दो खडेरी, ७०.३% ले अन्नबालीमा नयाँ रोग, त्यस्तै ८४.५% ले मुहानमा पानी घटेको बताएका छन् । जलवायू नीति तथा योजना

जलवायू परिवर्तन असरहरू न्यूनीकरण गर्न सकिदैंन सभामुख महोदय, हुँदा पनि हुँदैन र मलाई एउटा अचम्मको कुरा अन्तिममा भन्न चाहन्छु कि वैज्ञानिक विश्लेषणात्मक आधारमा सार्वजनिक शौचालय निर्णय गर्ने यो कस्तो वैज्ञानिक विश्लेषण हो सभामुख महोदय, सार्वजनिक शौचालय गर्नको लागि विज्ञानको प्रयोग गर्नुपर्छ भन्ने मलाई लाग्दैन । अनि अर्को भनेको अर्गानिक फुडको बारे त मैले अलिकति बुझेकै थिएँ, अर्गानिक प्रदेश बनाउने कृषिलाई अर्गानिक बनाउने यो नहाल्ने त बुझेकै थिएँ हुँदाहुँदा सभामुख महोदय, अर्गानिक होमस्टे पनि भनेको छ, अर्गानिक होमस्टे भनेको कस्तो ? मैले बुझे, मैले तर्क लिए, अर्गानिक भनेको सिमेन्ट नलाएको घर होला । माटोले पोतेको घर होला त्यो अर्गानिक हुन्छ, गोबरले पोतेको घर होला अनि हाम्रा ती कुशका छाना होला, सल्लाका काठका घर बनाएका होलान् । त्यसैले त अर्गानिक भनेको सोचे, डलबमा होइन किनभने डलब अर्गानिक होइन सभामुख महोदय । त्यो छालामा हाम्रो पहिला पहिला हुम्ला जुम्लाका मान्छेहरू भेडाको छालामा सुत्थे त्यो पो अर्गानिक होला भन्ने ठानेको त कतिभित्रमा फुसका छानाहरू विस्थापित गरेर टिनका छानाहरू ल्याउने भनेको छ सभामुख महोदय । म यो सदन के केटा केटिको खेल हो यस्ता यस्ता अर्को एउटा महत्वपूर्ण कुराहरू लेख्नुपर्ने यातायात व्यवस्थापन, यातायात व्यवस्थापन आज हामीले रोयल्टी ५ नं. तिर्दैछौ, जुम्ला अफिस छ, २ पाङ्ग्रे र ट्याक्टरको मात्र छ । त्यो तुरून्त हामीले आजदेखि, भोलिदेखि लागु गर्नुपर्छ किनकी हामीलाई राजश्व आउने हो, हाम्रो प्रदेशको राजश्व हामीले ५ नं., यस्ता कुराहरू लेखिएका छैनन् । अनि यस्तो खालको नीति तथा कार्यक्रम आएको छ, समग्रमा भन्नुपर्दा १७५ बुँदा समेटिएको सरकारी कुलिन्दा नीति तथा कार्यक्रम अध्ययन गरिसकेपछि दैनिक घरायसी खाद्य वस्तु जस्तै दाल, चामल, नुन, तेल किन्ने उद्देश्यले वीरेन्द्रनगर बजारमा जादाँ आफ्नो खल्तिमा कति छ भन्ने होस् नपुर्याइ विलासिताका पेय पदार्थमा सबै रकम सिध्याएर अनि घरमा आउँदा दैनिकी घरायसी सामानहरू लिएर आउँदा किन्न नसक्ने फिर्ता हुने र घरमा बच्चाहरू भोक भोकै मर्ने स्थितिको यो नीति तथा कार्यक्रम आएको छ सभामुख महोदय र अन्तमा म जादाजादैं म भन्न चाहन्छु, कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेत जिल्लामा पर्दछ । कुनै जमानामा कसैका सालिक बनाउने नाममा भत्काउने गरिएका थिए, तर आज सगरमाथा आरोहण गरेका नाममा सालिकहरू पुनः निर्माण गर्न सुरू गरिएको छ । यो वीरेन्द्रनगर हामीले लेख्ने गरेका छौं र वीरेन्द्रनगर बिहान-बिहान म गएर हेर्छु भयाविवश अवस्था देखिन्छ सभामुख महोदय । कसैले कुनै कालमा गरेका राम्रा कुराहरूलाई हामीले मान्यता दिनुपर्छ, त्यो वीरेन्द्रचोक यथासम्भव सरकारले भोलि नै किनकी पहिलाको हामीसँग बजेट छ त्यसलाई सुरू गरोस त्यसलाई सालिक पनि बनाओस् किनकी त्यही वीरेन्द्रनगरको नाममा हामी बसेर हामीले हाम्रो राजधानी तोकेका छौं, यति भन्दै म विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गुलावजँग शाह, समय ७ मिनेट ।

**माननीय श्री गुलावजँग शाहः-** माननीय सभामुख महोदय, सरकारले धेरै मेहेनत गरेर समग्रतामा यो सरकारको नीति तथा कार्यक्रम ल्याएको छ, यसको सत्तारूढ दलको सांसदको हैसियतले समर्थन गर्दै थोरै मात्रै यसमा नीति तथा कार्यक्रम टिप्पणी गर्न चाहन्छु । पहिलो कुरो नीति तथा कार्यक्रम खास गरी मुख्य सुचकहरू के-के हुन भनेर लेखिएको भए राम्रो हुन्थ्यो भन्ने कुरा सुझावको रूपमा राख्न चाहन्छु । समग्रतामा भन्दा खास गरी फोकसिङ्ग गरेको भए अझ राम्रो हुन्थ्यो भन्न चाहन्छु, नम्बर १/२ नम्बर आवश्यक संरचनाको अभावमा धेरै कामहरू लथालिङ्ङ छन् अधिकांश कानूनहरू नबन्दा संरचना बन्न सकेको छैन, संरचना नबन्दा सेवा प्रवाह हुन सकेको छैन । प्रदेश सरकारले बढि भन्दा बढि कानून निर्माणमा संसदलाई पनि समेटेर अघि बढ्यो भने यी सबै कुराहरूको यथोचित व्यवस्था हुन्थ्यो भन्ने कुरा भन्न चाहन्छु । तेस्रो पाँच वर्षभित्र हामीले हाम्रो प्रतिव्यक्ति आय २१०० डलर बनाउने १० वर्षमा समृद्ध कर्णाली प्रदेश बनाउने यसमा मुख्य लक्ष्य राखिएको छ तर हाम्रो गरिबीको रेखामा रहेको अहिलेको ५२ प्रतिशत जो छ त्यसलाई ५ वर्षमा घटाएर २५ प्रतिशतमा झार्ने भनेको छ यो अलि कता कता बाझिएको जस्तो देखियो । हाम्रो गरिबीको रेखामुनि ५२ प्रतिशत छ ५ वर्षमा त्यसलाई घटाएर २५ प्रतिशतमा झार्ने कुरा गर्याछ यसको आयवृद्धि २१०० डलर मा वृद्धि गर्ने अलि बाझिएको जस्तो देखिन्छ यसलाई अलि सुधार गरेर लेख्दा राम्रो होला भन्ने सुझावसम्म राख्न चाहन्छु । यो बाँझो जमिनको तथ्याङ्क सङ्कलन गर्दा जहाँ-जहाँ बाँझो जमिनहरू छ, त्यो बाँझो जमिनलाई राज्यले अथवा प्रदेश सरकारले लिजमा लिने भन्ने व्यवस्था गरिनेछ भनेको छ अब त मलाई कता-कता लाग्छ धेरै मान्छेले खेती गर्न छोड्छन् । अहिले पनि हेर्नु भयो भनेपछि धेरै मान्छेहरू काम नगरेर विदेश पलायन भाको अवस्था छ । बाँझो जग्गालाई सरकारले, राज्यले, कर्णाली प्रदेशले लिजले लिने व्यवस्था गर्यो भने अरू मान्छेले जोत्न छोड्छन् । त्यसैले यो खेती नगर्ने कुरालाई प्रोमोट गर्नु भन्दा पनि कृषिमा खासगरी के गर्न सकिन्छ, त्यो प्राथमिकताको आधारमा हामीले बाँझो जमिन राख्ने जग्गा धनीलाई निरूत्साहित गर्ने कार्यविधि नीति तथा कार्यक्रम ल्याएको भए राम्रो हुन्थ्यो भन्ने सुझाव म राख्न चाहन्छु । जहाँ बाँझो जमिन छ त्यसलाई उपयोग गर्ने मान्छेहरूलाई वितरणमुखि ढङ्गले अगाडि बढ्न सकेन कि बाँझो जमिनलाई प्रोत्साहन स्वरूप राज्यले लिजमा लिने हो भने धेरै मान्छेले खेती गर्न छोड्छन् अब मान्छेले पहिला पहिलाको जस्तो हलो जोति सकेपछि बाँकी रहेको घारी छेउलाई खोस्रेर काम गर्ने मान्छेले कार्यविधि छोडिसके । खासगरी यहाँ क्षेत्रको समस्या जनसंख्याले सबभन्दा सानो भूगोलले सबभन्दा ठूलो हाम्रो कर्णाली प्रदेश । यो कर्णाली प्रदेशमा जम्मा जनसंख्याको १८देखि२० प्रतिशत जनशक्ति बाहिर छन् । जनशक्ति बाहिर छ, ती जनशक्तिलाई फर्काउने वा पलायन रोक्ने ठोस नीति ल्याउनुपर्छ कर्णाली प्रदेशमा । १८देखि२० प्रतिशत बाहिर छ, जनसंख्या सानो भएका ठाउँमा भूगोल ठूलो छ तिनलाई चाहिँ पलायन हुने विदेश जाने नीतिलाई अथवा बाहिर गएको जनशक्तिलाईभित्र ल्याइकन

फर्काउने पलायन रोक्ने ठोस नीति ल्याउन सक्नुपर्थ्यो, यसलाई के गर्न सकिन्छ, पढेलेखेका युवाहरूलाई केन्द्रीय सरकारले सात लाखसम्म शैक्षिक ऋण जस्तै गरी हामीले त्यहि पैसा दिन सक्ने हो कि ठोस नीति ल्याएको भएको राम्रो हुन्थ्यो भन्न चाहन्छु । अथवा सरकारले आफैं उद्योग सञ्चालन गरेर जनशक्तिको खपत सरकारले उद्योग सञ्चालन गरिसकेपछि त दक्ष जनशक्ति जादैंन यहीआउछ त्यो नीति ल्याउनुपर्थ्यो श्रम खपत गर्ने नीति ल्याउनुपर्थ्यो । अर्को बुँदा नं. १६ मा नेपाल सरकारले न्यून बजेट हामीलाई विनियोजित गर्यो कर्णाली प्रदेशलाई । यसको लागि हामीले तपाईंको चाहिँ हामीले केन्द्रीय सरकारसँग ध्यानाकर्षण गरेर कमसेकम क्षतिपुर्ति माग गर्ने भन्ने टाइपले हामीले नीति तथा कार्यक्रम ल्याएका छौं । यो अलि हामी परनिर्भर जस्तो टाइपको भयो वास्तवमा के.पी. सरकारको नीतिमा सबै प्रदेशहरूलाई आ-आफ्नो ढङ्गले विनियोजित गरिएको छ त्यसमा क्षतिपुर्तिको कुरा गर्नु अल्लि हामी परनिर्भर हो कि भन्ने जस्तो अनुभूति मलाई भयो । यो जलविद्युतको क्षेत्रमा प्रदेश सरकारले कति तहसम्म मेगावाटका बिजुली उत्पादन गर्न सक्छ स्पष्ट संवैधानिक व्यवस्था छ। केन्द्रीय सरकारको लगानी बोर्डको विवाद हेर्ने हो भनेपछि ५०० मेगावाट भन्दा बढि मन्त्रालयले लगानी गर्न सक्दैन । लगानी बोर्डको मातहत आउनुपर्छ भन्ने तरिकाले केन्द्रमा विवाद उठिरहेका बेला हाम्रो संवैधानिक व्यवस्था प्रदेश तहमा कति छ, त्यो कुरालाई अलि हेक्का राखेर ५००० मेगावाटसम्म उत्पादन गर्न अलि त्यो व्यवहारिक अलि पाच्य खालको हुँदैन किनकी अहिले यो कर्णाली प्रदेशमा १००देखि१५० मेगावाट भन्दा बढि बिजुली हुने हो भनेपछि मौजुदा व्यवस्थामा हामी कर्णाली कहिले पनि अध्याँरो हुँदैन, बरू साना-साना खालका हामीले बिजुली उत्पादनमा केन्द्रित गरेको भए एकदम हाइलाइट गरेको भए कर्णाली जनता अध्यारोबाट मुक्त हुन्थे कि भन्ने सुझावको रूपमा राख्न चाहन्छु । ठूला आयोजनालाई महत्व दिनु भन्दा हाम्रो क्षमताले भ्याउन सक्ने खालका आयोजना छनोट गरेको भए राम्रो हुन्थ्यो भन्न चाहन्छु । अर्को कुरा सुरूङ्ग र रेलमार्गको सम्भाव्यता अध्ययन यति छ कि जब हामीले लगानीमा त्यति ध्यान दिन सकौंला जस्तो लाग्दैन । हाम्रो क्षमताले नै अहिले त पहिलो दोस्रो बजेट विनियोजनमा त्यो खालको अवस्था छ भने अर्को पटक केन्द्रीय सरकारले अनुदानको व्यवस्था गर्न सकेन भने सम्भावना कति छ त्यो कुरालाई ध्यान दिनु पर्छ जस्तो लाग्छ । संसदको बारेमा धेरै कुरा समेटिएन यो कर्णाली प्रदेशको वीरेन्द्रनगर सुर्खेत वास्तवमा भन्ने हो भने सातै प्रदेशहरू मध्ये सबै भन्दा राम्रो ढङ्गले भूगोल बनेको छ । हामीले सिंहदरबारको परिकल्पना गर्छौं त्यो भन्दा अत्यन्तै १० गुणामाथि यो कर्णाली प्रदेशलाई बाहिरबाट आउने मान्छेले अतिथिको रूपमा ल्याएर नमूना प्रदेशको रूपमा विकास गर्न सकिन्छ । त्यो कर्णाली प्रदेशको संसदीय भवनलाई पनि नमूनाको रूपमा विकास गर्ने गरी ल्याइनुपर्छ मात्रै औपचारिकतामा मात्र पेश गरिएको छ । यो नगरीकन गुरूयोजना ल्याएर कस्तो खालको नमूना बनाउने, अहिले हेरेको मौजुदा अवस्थामा हाम्रो संसद राम्रो

ढङ्गले बन्दैछ । यो खालको ढङ्गले सोच बनाएको भए राम्रो हुन्थ्यो भन्न चाहन्छु । यो नीति तथा कार्यक्रम सरकारले पहिलो लेख्याछ, यो दोस्रो हो यस्ता खालका सानामसिना गल्ति पनि गर्न हुन्न जस्तो लाग्छ । खासगरि मेरो अन्तिममा भनाइ के छ भन्दा हाम्रा प्राथमिकता के हो त्यो कुरा हामी कुनलाई प्राथमिकता दिने क्रमगत प्राथमिकता के हो शीलशिलेवार आएको भए धेरै राम्रो यो नीति तथा कार्यक्रम हुन्थ्यो भन्ने मेरो सुझाव छ । यसमा आएका सबै गर्न सक्यो भने प्रदेश ५ वर्षमा हैन १ वर्षमा यो गरिबीको रेखामुनि ५२ लाई २५ मा झार्न सक्छौ । समग्रतामा सरकारले धेरै मेहेनत गरेर यो नीति तथा कार्यक्रम ल्याएको छ । यसको लागि म धन्यवाद दिन चाहन्छु । अन्तिममा सभामुख महोदय हिजो आएको ठूलो बाढीले सल्यान जिल्ला बनगाड कुपिन्डे नगरपालिका वडा नं. १ अन्तरगत गैरी बजारमा त्यहाँ घरभित्र खोलाहरू पसेर ठूलो धनजनको क्षति गराएको छ । म सभामुख मार्फत् भन्न चाहन्छु सरकारलाई यथोचित ढङ्गले समयमै अहिले करिब २५ देखि ३५ मान्छेहरू घरबार विहीन भएका छन् । यथोचित ढङ्गले यथाशक्य राहत उपलब्ध गराओस् यही भन्न चाहन्छु, यति भन्दै विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री अमरबहादुर थापा, समय सात मिनेट । त्यसपछि माननीय श्री कृष्णा शाह आचार्य तयार रहनुहोला ।

**माननीय श्री अमरबहादुर थापाः-** माननीय सभामुख महोदय, ०७५/०७६ को सरकारले नीति तथा कार्यक्रम ल्याएको छ र त्यसको स्वागत गर्न चाहन्छु म र नीति र कार्यक्रम ल्याउदा वास्तवमै २/३ राउण्ड हामी छलफलमै भयौ । हिजो त प्रतिपक्ष दलको नेता रिसाएर पनि भाग्नुभयो । छलफल आउदाखेरी हामी नीती कार्यक्रम पनि योजना माग्ने नीति कार्यक्रममा कसरी बनाउने विषयमा पनि हामी योजना दिने । अब योजना माग्ने सिवाय हाम्रो अरू केही देख्याछैन । नीति कार्यक्रम कस्तो हुन्छ भन्दा पनि यी क्षेत्रमा योजना कसरी जान्छ नीति कार्यक्रमले पनि कुनै ठाउमा योजना बन्दिने कुनै ठाउमा नबन्दे पछि सांसदहरूलाई लौ यहाँ त फुत्किएछ भन्ने वातावरण सिर्जना हुने यो नीति कार्यक्रम अलि लामो भयो र नीति र कार्यक्रम भन्ना साथ नीति यो हुनेछ र यसले परिणाम यो निकाल्ने छ भन्ने हुनुपर्छ मेरो सरकारलाई सुझाव त्यो छ । अर्को कुरा मनमोहन जेष्ठ नागरिकहरूले अहिले प्रतिपक्ष दलको नेताले पनि कुरा उठाउनुभयो मैले पनि कुरा उठाउनु पर्ने भयो । ७० वर्षमाथिलाई त सरकारले दिने भन्ने कुरामाथि भनिसक्यो, दिरा"छ । अब यहाँ यो सरकारले ६७ वर्षदेखि७० वर्षकालाई जेष्ठ नागरिकको रूपमा घोषणा गर्नुपर्ने । नीति र कार्यक्रममा प्रष्ट आउनुपर्थ्यो कताकता त्यतै तिर मोहित भएर आएको जस्तो लाग्छ तर पनि ठ्याक्कै ६७ वर्ष अथवा ६८ वर्षदेखि कमसेकम ६५ मा पुर्याउने भनेका छौं, अब यो प्रतिपक्ष दलका नेताले धेरै कुरा राखिसक्नुभयो । अबमाथि ठोक दिइ हाल्नु भयो सरकारले नै सदन गर्ने काम यहाँ भन्दा अगाडिको सरकारले ६५ बर्ष भनेर तोक्दियो कानून नै नबनाइकन हामीले त्यसो गर्नु त

भएन । ६८ बर्ष ६७ बर्ष बनाउदै ६५ मा झार्ने हो कि अब यसले अलिकति स्पष्टताका साथ म चाहन्छु । अब नीति र कार्यक्रम दीर्घकालीन अल्पकालीन हुन्छ रे अब यो नीति कार्यक्रम यस्तो आयो उस्तो आयो भनेर छलफल गर्नु भन्दा पनि अब सपनै नदेखे । म लाई समझना छ । म सदनमा थिएँ हाम्रो प्रधानमन्त्री के.पी ओलीले नेपाली झन्डा भएको जहाज समुद्रमा ल्याउने योजना बनाएको छु भनेर एउटा कार्यक्रम बजेटमा आयो बिरोधीहरूले भने यो बानेश्वर तिरै चलाएको भए हुन्थ्यो, सपनै नदेखे योजना कसरी बन्छ । कमसेकम यो प्रदेशमा जुन किसिमले बनाउछौ भनेर कल्पना सपना देखेंका छौ यो कुनै कागजमा नलेखे यो कुरै नल्याउने हो भने हामीले सपना कसरी साकार गर्छौं, त्यस कारण नीति र कार्यक्रमले यस्ता यस्ता कुरा पनि ल्याएको छ । अलि ठोस रूपमा आएको भए टवाक्क टवाक्क बुझिने गरी आएको भए हुन्थ्यो । यो अलि तल कहि योजना हालेको छ एउटै कुरा दुई ठाउँमा भनेको छ । यसो नगरेको भए हुन्थ्यो भन्ने मेरो सुझाव हो । अब यो रोजगारीको अवसर भनिएको छ, रोजगारीको अवसर कहाँबाट प्राप्त हुन्छ । युवाहरूलाई स्वरोजगारको भत्ता दिनुपर्यो, भत्ता बाहेक अरू कुरा छैन । रोजगारीका अवसर दिने हो भने मैले बारबार भन्ने गरेको छु कृषि मै हो । हामी कृषि प्रदान देशका नागरिक हौं । कृषिलाई व्यावसायीकरण गर्ने हो भने त्यहाँ रोजगारी अवसरहरू प्रदान हुन्छन् । कृषिमा विशेष किसिमले जोड दिएर सबै किसानहरूलाई उत्पादन बनाउने वातावरण सरकारले हामी यो कर्णाली प्रदेशले गयौं भने वास्तवमा युवाहरू स्वरोजगार हुन सक्छन् वा त साना उद्योगदेखिलिएर ठूला उद्योगसम्म सञ्चालन गर्न पर्यो, रोजगारका अवसर यिनै हुन भन्ने लाग्छ । एउटा हाइड्रोपावर बनाएर त्यहाँ रोजगारी पाइदैंन, त्या प्राविधिक इन्जिनियर अरू २/४ जनाले पाउलान् अरू मान्छेहरू त्यहाँ मजदुरीको रूपले पाउलान् तर पनि त्यहाँ काम मेसिनले गर्नेछ । अहिले भेरी-बबई डाईभर्सन मेसिनले गर्याछ त्यहाँ मान्छे लाग्दै लाग्दैनन् । त्यसकारणले रोजगारीका अवसर दिने यिनै दुईवटा कुराहरू छन् र यसलाई सरकारले ध्यानपूर्वक अगाडि बढाउनुपर्छ भन्ने सुझाव दिन चाहन्छु । त्यसैले मैले अघि भने सुझाव दिने कुरामा विवाद छैन, सुझाव सरकारले ग्रहण पनि गर्नुपर्छ, सुझाव दिएको विरोध मान्नु हुँदैन । तर सुझावलाई नकारात्मक रूपमा मात्रै सोच्ने सकारात्मक कुरालाई नसोच्ने हो भने त्यो सुझाव दिएको औचित्य लाग्दैन । नकारात्मक कुरालाई यो नकारात्मक हो भन्ना साथ सरकारले पनि महसुस गरोस् । जस्तो अहिले अस्ति नीति कार्यक्रममा आएको कुरा मलाई पनि बोल्न दिनु भयोर अहिले प्रतिपक्ष दलको नेताले पनि भन्नुभयो नीति र कार्यक्रममा भाङ्गो आइसक्यो । यो राज्यको प्रतिबन्धात्मक कुरालाई ल्याउन हुन्थेन पत्रपत्रिकामा आइदियो । यसले यो नीति कार्यक्रमलाई फिक्का गर्यो नि । यसो भएको हुनाले राज्यमा प्रतिबन्धात्मक चिज के हो भन्ने त बुझ्नु पर्यो । त्यो प्रतिबन्धात्मक चिजबाट कुनै कुरा उत्पादन हुन्छ भन्न त अब गाह्रो हुन्छ । त्यसकारणले यो अन्तर्राष्ट्रिय प्रतिबन्धात्मक कुरा नेपालको प्रतिबन्धात्मक मात्र होइन । त्यसकारण यी

सबै कुराहरू सरकारका सदस्यहरूले सुझबुझका साथ एकदमै अध्ययन गरेर हतारो नगरेर त्यो किसिमको वातावरण सिर्जना गरेर नयाँ नयाँ हुनुहुन्छ अहिले यो प्रदेश सरकार नयाँ छ प्रदेशका सांसद हामी नयाँ छौं । सबै कुरा हामीलाई अनुभव नि नहुन सक्छ, त्यसकारणले पनि हामीले यी कुरालाई पनि अझ आउँदा दिनहरूमा यस्ता कुराहरू नआउन र यसलाई व्यवस्थित गरेर अगाडि बढ्न सकियोस् भन्ने म चाहन्छु र क्रान्तिकारी भूमिसुधार हामी त अलिअलि कम्युनिष्ट हुन लागेबाट क्रान्तिकारी भूमिसुधार आउनेछ भनेर औंला ठडाएको ठडाइ गर्ने योमाथि र तल क्रान्तिकारी भूमिसुधारका कुरै नआउने के हो यो ? यसमा नीति र कार्यक्रमले छुटायो कि अब क्रान्तिकारी भूमिसुधार र चक्लाबन्दिको सिद्धान्त २०५१ सालमा आएको हो । २०५१ सालको अल्पमतको सरकारले र बराल आयोगले प्रतिवेदन पेश गरेको छ । केन्द्रीय सरकार पनि त्यता तिर हेर्दैन ।तर अहिले मैले बुझ्दाखेरी त्यसबेला एउटा व्यक्तिले हजारौं जग्गा ओगटेको थियो । त्यो क्षतिपुर्तिसहित राज्यले लिने भनेर आयोगले लेखेको छ, अब अहिले हजारौं विघा जग्गा भएका नागरिकहरू देशमा छैनन् । किनभने त्यो सबै जग्गा कसैले बेचिसके, कसैले  अब अहिले २०/३० विघा भन्दा धेरै भएका मालिक पाउन गाह्रो छ । त्यसैले यसलाई चक्लाबन्दिको रूपमा कसरी लिन सकिन्छ र कसरी सबै सुकुम्वासीलाई हुकुम्बासी कसरी बनाउन सकिन्छ । तर सुकुम्वासी कमै छन अहिले । हुकुम्बासीले सुकुम्वासी हुँ भनेर किर्ते गर्नाले मात्रै सुकुम्वासी धेरै देखिएको छ, त्यसकारणले सुकुम्वासी साँच्चै पहिचान गर्ने हो भने हाम्रो प्रदेशभित्र पनि हामीले एकै वर्षभित्र व्यवस्थापन गर्न सक्छौं । तर मेरो छोरो सुकुम्वासी हो सुकुम्वासी भन्ना साथ तीन पुस्तेसम्म कसैका नाममा जग्गा नभएको मान्छे हुन्छ कत्ति जग्गा नभएकालाई सुकुम्वासी भन्ने हो, २ रोपनी भएपछि त्यो सुकुम्वासी हुन सक्दैन । त्यसोभएको हुनाले जसको नाममा जग्गा छैन त्यो सुकुम्वासी भन्ने हो भने त ३ करोडमा यहाँ करिब करिब २ करोडदेखिढाई करोड मान्छे सुकुम्वासी हुन्छन् । त्यसो भएको हुनाले यसलाई वैज्ञानिक रूपले कसरी व्यवस्थापन गर्न सकिन्छ वास्तविक पिरमर्का परेका मान्छेहरूलाई, एउटा छानो मुनि बस्न नसक्ने नागरिकहरूलाई राज्यले अब संविधानले छानो मुनि आकाश मुनि बस्न पाइने छैन भनेको छ, भोको पेटले मर्न पाइने छैन भनेको छ, अब त्यो वातावरण तिर अब कसरी उन्मुख हुने त्यो वातावरण सरकारले गर्नु पर्छ र अझ कर्णाली प्रदेशले त्यो व्यवस्था गर्नु पर्छ । हामी सबै भन्दा गरिब, हामी सबै भन्दा कमजोर, हामी सबै भन्दा ठूलो भूगोल भएका, भूगोलले पनि विकासका लागि अफ्ठ्यारो परिस्थिति सिर्जना गर्छ । त्यसो भएको हुनाले यसलाई १० वर्षभित्र २१०० डलरमा पुर्याउन सक्यौ भने त बहादुर हुन्छ गर्दै गरेनन् भन्न त पाइदैंन नि । अहिले हाम्रो प्रतिपक्ष दलका नेताले कस्तो कल्पना गरेको रे, कल्पना नगरेसम्म सम्भव नै छैन त्यो काम पूरा हुने । तर घोषणा मात्रै गर्ने होइन त्यसको नीति, कार्यक्रम, व्यवस्थापन कसरी गर्न सकिन्छ र अब ५ वर्ष १० वर्षभित्र यो प्रदेशका नागरिकहरूलाई २१०० डलर प्रतिव्यक्ति आय पुर्याउन

सकिन्छ २१०० होइन ३००० डलर पुर्याउनु पर्छ भनेर हाम्रो जोस र उमंग भएर जानेछ । अब ८ सय छ ८ सयबाट ५ सय घटाउने काम त राम्रो भएन नि । ८ सय भए त वृद्धि गर्नुपर्यो २१ सय भन्यो सरकारले २१ सय पुर्याउ होइन ३ हजार पुर्याउनु पर्छ भन्न पर्यो तब पो समृद्ध नेपाल सुखि नेपाली हुन्छ । सपनै नदेख्ने सपना कसैले देख्यो भने नकरात्मक कुरा गरेर सम्भव छैन । त्यसकारणले यो नीति कार्यक्रमलाई सुझावसहित पास गर्ने त छैन बजेटलाई मात्र हो, जे आयो पास भयो यसमा कुनै टिप्पणी हुँदैन, अब टिप्पणी गर्दा सुझाव दिने हो, अब सुझाव भनेको यो नीति कार्यक्रममा आएको कुरालाई बजेटमा कसरी समायोजन गरेर ल्याउन सकिन्छ, सरकारले सोच्ने त्यति हो अब अर्को चोटि नीति कार्यक्रम पढुँला भनेर हुँदैन । त्यसो भएको हुनाले अलि यसलाई ध्यानपूर्वक अगाडि बढाइयोस् । यी सांसदहरूको कुरालाई सरकारले ध्यानपूर्वक सुनोस् र नीति कार्यक्रममा प्रवेश गर्न नसके पनि भोलिको बजेटमा प्रवेश गर्न सकोस् र यहाँ यो मुलुकलाई सबैभन्दा बढि विद्युत् दिन सक्ने ठाउँ छ । अहिले पनि यो सरकारको नीति कार्यक्रममा नर्सिङगाड मैले कराइराखेको छु, नर्सिङगाड ५ नम्बरमा पर्छ । ठूला नबनाउने अनि ५ किलोवाटको उर्जा उत्पादन गरेर हामी सक्षम हुन्छौं त ? ५०० मेगावाट छ भने पनि गर्नुपर्यो, के चाहिने हो लगानी । जलस्रोतमा लगानीको कुरा गर्नुहुन्छ भने यो सरकारले जिम्मा लियोस् हजार मेगावाटको उत्पादन गर्ने पनि लगानीकर्ता भेटिन्छन् । मैले करिब करिब एक महिना यसको विषयमा सर्भे गरे पब्लिक पार्टनरसिपको सिद्धान्तमा जाँदाखेरी वर्षमा ४ खर्ब रूपैयाँ यो देशका नागरिकले दिन सक्ने छन्, यदि राज्यले ग्यारेण्टि गर्ने हो भने त्यो गर्न सक्ने अवस्था छ। त्यो हामीले सजिलैसँग अहिले सबै जनताको दिमागमा के छ भन्दा, पानीमा सुन बगिरहेको छ भन्ने छ । भोलि पानीमा, पानी नै हो भन्ने हुनसक्छ केही समय पछि । पानीमा सुन बगिरहेछ भन्दा एउटा मजदुर गिट्टि कुट्नेले पनि के भनेको छ भन्दा मैले वर्षमा एउटा कुखुराको भाले बेचेर राज्यले ग्यारेण्टि गर्छ भने दुई हजार रूपैयाँ एउटा गिट्टी कुट्ने मान्छेले पनि त्यो कोषमा हाल्न सक्छु भन्छ । २५/३० लाख रूपैयाँ दिन सक्छु भन्छ र त्यसकारणले यो सरकार सकेसम्म मैले बारबार भन्ने गरेको छु, यो प्रदेशको ढुकुटिलाई कसरी परनिर्भर होइन आफ्नो खुट्टामा निर्भर हुन सक्ने स्रोत साधनले अगाडि बढ्न सकोस् र जडीबूटी र जलस्रोत र किसानहरूलाई उत्पादन तिर लाउन सकोस् र सरकारले यो सुझावलाई ग्रहण गर्न सकोस्, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कृष्ण शाह आचार्य, समय ५ मिनेट ।

**माननीय श्री कृष्ण शाह आचार्यः-** माननीय सभामुख महोदय, सर्वप्रथम त यो प्रदेशको दोस्रो नीति तथा कार्यक्रमलाई स्वागत गर्न चाहन्छु । हामीले यो सम्माननीय सदनबाट हाम्रो दोस्रो नीति तथा कार्यक्रम सार्वजनिक गर्दै गर्दा आज आम कर्णालीवासीले चासो पूर्वक हेरिराख्नु भएको छ । कर्णालीको वास्तविकतामा टेकेर नीति तथा कार्यक्रम आयो कि आएन हाम्रो भावी कार्यदिशा यसले हासिल गर्छ कि गर्दैन । हाम्रो यात्रा यसले सही

ढङ्गले तय गरेको छ कि छैन भन्ने कुरा उहाँहरूले समिक्षा गरिराख्नु भएको छ । सभामुख महोदय, नीति सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्छ । हाम्रो प्रदेशले हाम्रो नीति कस्तो ल्यायो भन्ने कुराले आगामी हाम्रो यात्रा गतिविधि कतातिर जान्छन् भन्ने कुराको निर्धारण गर्छ । त्यसैले नीति स्पष्ट हुनुपर्छ, जनताले बुझ्ने हुनुपर्छ, कार्यान्वयन हुन योग्य हुनुपर्छ र कार्यान्वयनमा विश्वसनियता प्राप्त गरेको हुनुपर्छ र कार्यनीतिमा प्रमुख प्राथमिकताका योजनाहरू समेटिएको हुनुपर्छ, अनि मात्र यो यथार्थमा परिणत हुनसक्छ । मैले नीति तथा कार्यक्रम अध्ययन गर्दै राख्दाखेरी यो सैद्धान्तिक रूपमा अत्यन्तै सुन्दर र अत्यन्तै मिठास छ । तर व्यवहारिक रूपमा हेर्दा हामी अलि बढि महत्वकांक्षी बन्यौं कि ? हाम्रा केही आयोजना र योजनाहरूको दृष्टिकोणले ती योजनाहरूको सबै मापदणड हेर्दाखेरी अलि हाम्रो क्षमता भन्दामाथिबाट सोच्यौं कि भन्ने मैले यहाँ कुरा राख्न चाहन्छु । नीति तथा कार्यक्रमलाई अध्ययन गर्दाखेरी हामीले हाम्रो सम्भावनालाई साकार पार्नका लागि हामीले भनिराख्यौं पूर्वाधार नै पहिलो कुरा हो । नीति तथा कार्यक्रमले पनि पूर्वाधारलाई नै पहिलो प्राथमिकतामा राखेर आएको छ त्यसमा पनि सडक, सडक सञ्जाल विस्तार र विकासको कुरालाई प्राथमिकतामा राखेर आएको छ । त्यहाँ प्राथमिकतामा राख्दा राख्दै पनि अझ प्रमुख प्राथमिकताका विषयहरू सम्भाव्यता अध्ययनमात्रै भनिएको छ हाम्रा सडकहरू लथालिङ्ङ भताभङ्ग भैरहेका छन् त्यत्तिकै तिनीहरू सडकहरू व्यवस्थित भएका छैनन् स्तरोन्नती भएको छैन । हामीले सडकहरूलाई स्तरोन्नती गर्ने कुरा हामीले कहि पनि लेखेका छैनौं नयाँ सडकहरू कहाँदेखिकहाँ बनाइनुपर्ने हो त्यो कुनै ठेगान छैन र केन्द्रले कस्तो प्रकारको आयोजनाहरू निर्माण गर्नुपर्ने हो र प्रदेशले कस्तो प्रकारको आयोजनाहरू निर्माण गर्नुपर्ने हो त्यो कुनै छुटयाइएको छैन यो कुरामा म टिप्पणी गर्न चाहन्छु र यो हुनुपर्छ । अब हामीले हेर्ने कुरा कर्णाली प्रदेशको नीति तथा कार्यक्रम बजेटमा परिणत हुन्छ कि हुँदैन रूपान्तरित हुन्छ कि हुँदैन त्यहाँ हामीले हेर्ने कुरा हुन्छ र त्यो समिक्षाको विषय आगामी दिनमा बन्नेछ । मैले नीति तथा कार्यक्रमहरू पढ्दै गर्दाखेरी सारमा समग्रमा वास्तविक हुँदा हुँदै पनि म यहाँ केही टिप्पणीहरू गर्न चाहन्छु । मुख्य कुरा त सामाजिक सुरक्षाका विषयलाई सरकारले प्रमुख प्राथमिकताको विषयहरू बनाइएको छैन । सामाजिक सुरक्षाको पुरै एजेण्डाहरू यहाँ छुटाइएको छ । लैङ्गिक हिंसामा शुन्य सहनशीलताको नीति ल्याउनु पर्थ्यो । आज देशमा महिला हिंसा अत्यन्तै बढिराखेको अवस्थामा महिला हिंसाका कुराहरू समेटिएका छैनन् । लैङ्गिक समानता तथा महिला सशक्तीकरणको नीति स्पष्ट छैन र हामीले पहिलो नीति तथा कार्यक्रममा पनि भनिराखेका थियौं । सम्भव भएसम्म प्रदेशका दशैवटा जिल्लामा र यदि सम्भव हुँदैन भने प्रदेशस्तरको एउटा सेफ हाउस चाहियो र सम्भावित जिल्लाहरूमा हामीले एक दुईवटा सेफ हाउसहरू आवश्यक महसुस अनुभूति राख्दाखेरी हामीले भनिराख्दाखेरी त्यसको कुनै यहाँ नीतिमा आएको देखिएन । अर्को कुरा ग्रामीण स्वास्थ्य क्षेत्रमा मातृशिशुदर जुन घटाइरहनु भएको जुन निशुल्क विना मुल्य काम

गरिराख्नु भएका हाम्रा स्वयम्सेविकाका लागि यहाँ कुनै नीतिमा समेटिएको छैन । हाम्रा दिदीबहिनी, हाम्रा आमाहरूको, हाम्रा भाउजुहरूको, हाम्रा छोराछोरीको शिशुहरूको ज्यान बचाउन रातदिन खटिरहने जुन राष्ट्रसेवक पनि भन्न सकिन्छ उहाँहरूलाई, उहाँहरूको बारेमा आज नीति तथा कार्क्रममा कुनै समेटिएको छैन । उहाँहरूलाई दक्षता हासिल गर्नको लागि तालिमको व्यवस्था र उहाँहरूको पारिश्रमिक बढाउने कुरा जुन गरिनुपर्थ्यो त्यो भएको छैन र अर्को कुरा मैले उठाउन खोजेको मुख्य प्वाइन्ट भनेको जनयुद्धका घाइते तथा अपाङ्ग । हामीले बुँदा नं. ८० मा द्वन्द पीडित तथा सडक तथा अभिभावक विहीन बालबालिका, असहाय, एकल तथा प्रताडित महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई संरक्षण, सम्वर्द्धन तथा सम्मानपूर्वक जीवन यापन गर्नको लागि सुरक्षित आवासीय व्यवस्था देखिएको छ सबै पढ्दिन म । यो विषयमा हामीले जनयुद्ध संग्रहालय जनयुद्ध अर्को के बुँदा भनिएको छ । त्यो भन्दै गर्दाखेरी यहाँसम्म ल्याइपुर्याउनको लागि व्यवस्था परिवर्तन गर्नको लागि आफ्ना आधा शरीर गुमाएका आफ्नो आधा जीवन देशको लागि यो परिवर्तनको लागि दिने अपाङ्गता घाइते जुन उहाँहरूको लागि नीति तथा कार्यक्रममा कुनै समेटिएको छैन र उहाँहरूको लागि हामीले जसरी उहाँहरूले आफ्नो जीवन दान गर्नु भएको छ उहाँहरूको अवस्थालाई व्यवस्था परिवर्तन गर्नको लागि उहाँहरूले जीवन दान गर्नु भएको छ र हामीले उहाँहरूको व्यवस्था मिलाउन सक्ने कि नसक्ने । यो राज्यको दायित्व हुनुपर्छ यो राज्यले लिनु पर्छ यो विषय पनि म यहाँ राख्न चाहन्छु । अर्को कुरा सबै भन्दा कर्णाली प्रदेशको मुख्य समस्या भनेको कुपोषणको समस्या छ । बाल कुपोषण हामी कति वर्षमा अन्त्य गर्न सक्छौं त्यो कुरा पनि यहाँ समेटिएको छैन । हामी बारम्बार हाम्रो कर्णाली प्रदेशबाट बाल कुपोषण यति बच्चाको मृत्यु भन्ने दुःखदायी समाचार गइराखेको हुन्छ तर हामी यहाँ जिम्मेवार बनेका छैनौं र यो विषयलाई समेटिराखेका छैनौं । अर्को कुरा हाम्रो युवा, हाम्रो महिलाहरू, युवायूवतिहरू असाक्षर अथवा साक्षर भएर पनि रोजगार नपाएर विदेशिने स्थिति पैदा भइराखेको छ । त्यसको लागि यो प्रदेशमा तालिम केन्द्रको आवश्यक छ । त्यो पनि व्यवस्था गरियोस् भन्ने म यहाँ राख्न चाहन्छु । त्यसैगरी सामुदायिक स्कुलहरूमा छात्रामैत्री बनाउने कुरा छ, प्राविधिक शिक्षामा छात्राहरूको पहुँचको लागि प्राविधिक छोरी छात्रवृत्ति कार्क्रम पनि यहाँ ल्याउन आवश्यक छ । पहिला छोरालाई स्कुल पठाउने र छोरीलाई नपठाउने व्यवस्था थियो तर अहिले आउँदाखेरी विभेदको रूप बदलिएको छ । छोराहरूलाई बोर्डिङमा पठाउने छोरीहरूलाई सरकारी स्कुलमा पठाउने जुन स्थिति पैदा भएको छ । हामीले त्यो विभेद अन्त गर्नको लागि हामीहरू प्राविधिक शिक्षामा छोरीहरूको पहुँच बढाउनको लागि छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र यति कुरा भन्दै यो नीति तथा कार्यक्रम सफल हुनेछ र हामीले सफल बनाउनेछौं र विभिन्न सीमा समस्याका बाबजुद पनि हामीले यसलाई कार्यान्वयन गर्ने सवालमा हामी सबै

जिम्मेवार माननीय सांसदहरू एकजुट भएर लाग्नेछौं र यसलाई कार्यान्वयन गरेर अगाडि बढ्नेछौं भन्ने कुरा राख्दै मेरो भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय कौशिलावति खत्री, त्यसपछि माननीय गणेशप्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री कौशिलावति खत्रीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ७५/७६ को नीति तथा कार्यक्रमको छलफलको क्रममा छौं हामी । म मेरोतर्फबाट यो नीति तथा कार्यक्रमलाई समर्थन गर्दै म आफ्ना सुझावसहित प्रस्तुत हुने अनुमति माग्दछु । समग्रमा मैले यो कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम अध्ययन गर्दा यो शब्दलाई योजनामा र कार्यान्वयनको तहमा लिइयो भने यो असाध्यै उपयोगी र यो कर्णाली प्रदेशका जनताको गरिबी घटाउन र प्रत्यक्ष रूपमा रोजगारीमा संलग्नता हुने अवसर यसले देखाएको छ । कर्णाली प्रदेश यस्तो प्रदेश हो जहाँ विभिन्न जैविक विविधता, जडीबूटी र भुगर्भमा रहेका विभिन्न खानीहरू प्रसस्तै रहेका छन् र हामीले यसलाई दिगो रूपमा उत्खनन्, सम्भाव्यता अध्ययन र यही विभिन्न किसिमका आफ्नै प्रदेशमा कच्चा पदार्थ उत्पादन गरेर यही विदेशमा आफ्ना परिवार पाल्नका लागि गइरहेका दाजुभाइ दिदीबहिनीलाई रोजगारी दिन हामी सक्छौं । कर्णाली प्रदेश सरकारले केही योजना परिकल्पना रूपमा, सपनाका रूपमा ल्याइनु, केही यथार्थका रूपमा ल्याइनु अन्यथा होइन । मेरो यही विश्लेषण छ, जसले सपना देख्छ उसका सपना साकार हुन्छ । मेरो तर्क छ, यहीसपना देखेको सपना साकार हुन्छ भन्ने छ । यति हुँदा हुँदै पनि मैले यो कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम सरसर्ति हेर्दा केही सुझाव कर्णाली प्रदेश सरकारलाई सभामुख मार्फत् राख्न चाहन्छु । बुँदा नं. १४८ मा जलविद्युतको कुरा गरिएको छ, जलविद्युतको कुरा गरिरहँदा विभिन्न ठाउँका जलविद्युत्हरूका नामहरू लेखिएको छ । यसमा जाजरकोटको छेडागाडमा रहेको सरूगा जलविद्युत् आयोजना छुटेको छ, किनभने यो सर्भे भइसकेको छ र यो महत्वपूर्ण आयोजना पनि हो । अर्को बुँदा नं. १३५ मा पर्यटनहब बनाउने कुरा गरिरहँदा जाजरकोटका कुनै पनि पर्यटन क्षेत्र नभए जस्तो गरी जाजरकोटको कुनै पनि क्षेत्र समेटिएको छैन । यसमा जाजरकोट र जुम्लाको सिमानामा रहेको यो नदिडाब छेडागाडको सिमाना र जुम्लाको सिमानामा पर्छ । र ठाकुरजी दह बाह्रकोट गाउँपालिका र जुम्लाको सिमानामा पर्छ । यसलाई पनि समेट्दा उत्तम होला भन्ने सुझाव म माननीय सभामुख मार्फत् कर्णाली प्रदेश सरकारलाई राख्न चाहन्छु । बुँदा नं. १३३ मा पर्यटन भित्र्याउनका लागि भ्यु टावरको कुरा गर्दै राख्दा हाम्रो भैरी भ्युटावर पनि जो जाजरकोटको छेडागाडको साल्मामा पर्छ । यहाँबाट असोज कार्त्तिकमा जानुभयो भने जो नेपालगञ्जको बत्ती बलेको दृश्य र घरहरूको दृश्य प्रष्ट रूपमा देखिन्छ । यो पनि महत्वका साथ त्यहाँ समावेश गरिनुपर्छ भन्ने म सुझाव दिन चाहन्छु । बुँदा नं. १८१ मा महिला, दलित, पछि परेका भन्ने छ यसमा लेखिएको छ, पछि परेका होइन पछि पारिएका लेख्न हुन म अनुरोध गर्दछु र आगामी दिनमा

कर्णाली प्रदेशले यस्ता महत्वपूर्ण दस्तावेजीकरणमा गर्दाखेरी लैङ्गिक संवेदनशील शब्द र वर्ग विशेष प्रयोग हुने संवेदनशील शब्दलाई हेक्का राख्नुपर्छ भन्ने कुरा म माननीय सभामुख मार्फत् कर्णाली प्रदेश सरकारलाई सुझाव दिन चाहन्छु । अर्को कुरा म सभामुख मार्फत् म के भन्न चाहन्छु भने कर्णाली प्रदेश सरकारले यो अघि माननीय कृष्ण शाहले भने झै हाम्रा गाउँघरमा स्वयम्सेवकका रूपमा खटिएका हाम्रा स्वयमंसेवकको बारेमा यो कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा कतै पनि उल्लेख छैन । उहाँहरूलाई क्षमता वृद्धि अझ सकेसम्म पारिश्रमिक अथवा प्रोत्साहन भत्ता बढाइदिएको भए पनि हुन्थ्यो तैपनि उहाँहरूको क्षमतावृद्धिको तालिम र पुरस्कारको व्यवस्था समेत नभएको यसमा देखिन्छ र यसलाई पनि नीति तथा कार्यक्रममा ल्याउन म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सामाजिक कुसंस्कार, कुरीति र भेदभाव हटाउनको लागि कर्णाली प्रदेश सरकारले सामाजिक रितिरिवाजसम्बन्धी पाठ्यक्रम बनाउनको लागि म कर्णाली प्रदेश सरकारसँग सभामुख मार्फत् अनुरोध गर्न चाहन्छु । अन्त्यमा, हामीले कर्णाली प्रदेशमा प्रत्येक निर्वाचन क्षेत्रमा प्राविधिक शिक्षालयका कुरा गरिरहेका छौं । यो प्राविधिक शिक्षालयमा पनि विशेष गरेर छोरीहरूलाई आकर्षण गर्ने खालको र छोरीहरूलाई प्राथमिकता दिने खालको कार्यक्रम समावेश हुनुपर्छ भन्ने म ध्यानाकर्षण गर्न चाहन्छु । यो नीति तथा कार्यक्रमले असमानता, असंतुलन, कुसंस्कार, कुरीति न्यूनीकरण तथा महिला मैत्री, दलित मैत्री, अपाङ्ग मैत्री, बालबालिका मैत्री यो नीति तथा कार्यक्रमबाट समेटिएर यस्ता खालका योजनाहरू ल्याउनमा प्राथमिकता देओस् भन्दै म आफ्नो भनाइ यही टुंग्याउछु, धन्यवाद ।
**माननीय सभामुखः** माननीय गणेशप्रसाद सिंह, समय ५ मिनेट । त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयार अवस्थामा रहनुहोला ।
**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुखज्यू, सम्मानित सदनमा प्रस्तुत ७५/७६ को नीति तथा कार्यक्रममाथिको छलफलमा मलाई सर्वप्रथम यो नीति तथा कार्यक्रममा यो गौरवपूर्ण कर्णाली प्रदेशको निर्माणको क्रममा साहगत प्राप्त गर्नुहुने महान् शहिदहरूको सालिक अनावरण यो वीरेन्द्रनगर र मंगलगढिमा सालिक अनावरण गर्ने नीति कार्यक्रम यहाँ आउनुपर्थ्यो । यो अपूर्ण यस मानेमा भएको छ । एकातिर मंगलगढि र वीरेन्द्रचोकमा यो सार्वजनिक स्थल भताभिङ्ङ, लथालिङ्ङ देखिएको छ । महान् शहिदहरूको सालिक अनावरण गर्नुपर्छ । यो सम्मानित सदनबाट बहुमतले पारित होस् नीति कार्यक्रममा समावेश गरीयोस् । सरकारलाई सुझाव सभामुख मार्फत् जाओस् भन्ने मेरो पहिलो सुझाव । यो नीति कार्यक्रम अलिकति प्राथमिकिकरण हुने कुरामा अलि अपुग रह्यो जस्तो लाग्यो । अलि गज्याङ्ग गुजुङ्ग, अलि गज्याङ्ग मज्याङ्ग जस्तो, अप डाउन जस्तो, अलि तलमाथि जस्तो यसलाई अलि प्राथमिकिकरण गरेर ल्याएको भए राम्रो हुन्थ्यो र यो अब स्वतः सरकारको नीति तथा कार्यक्रम आउँदा महत्वकांक्षी हुने त भइहाल्यो सपना अलि धेरै दुरगामी देख्ने कुरा नि भइहाल्यो । यो त्यता तिर भइहाल्यो ठिकै छ फेरी । अब अर्को यो केन्द्र सरकार मार्फत् हाम्रो प्रदेशको पिछडिएको क्षेत्रको

हिसाबले बजेट ल्याउनका लागि लबिङ्ग गर्ने कुरामा यो नीति तथा कार्यक्रम बोलिनु पर्थ्यो किनकी हामी भूगोलको हिसाबले धेरै ठूलो भूगोलमा फैलिएर यो प्रदेशमा रहेमा तर जनसंख्या कम भएको तर दुर्गम र पिछडिएको समावेशी सुत्रअनुसार बजेटमा न्यूनीकरण यो सधैं भएर जाने हो भने थोरै असन्तुलन हुने है अब चौंथो बजेट आउँदा पनि यो महसुस हुँदै जाने छ । यो कुरालाई अहिले नीति तथा कार्यक्रमले बोल्नु पर्छ र सरकारले बार्गेनिङ्ग गर्नुपर्छ र यो नीति तथा कार्यक्रममा आउनु पर्छ र अर्को कुरा सामथ्र्य वृद्धि गर्नका लागि यो नीति तथा कार्यक्रममा केही बोल्नु पर्थ्यो । हाम्रो आफ्नो सामथ्र्य वृद्धिको लागि राजश्व सङ्कलन गर्नका निम्ति यो नीति तथा कार्यक्रमले बोल्नु पर्थ्यो, त्यहाँ आएन । कर्णाली प्रदेशको राजधानी सुर्खेतलाई व्यवस्थित गर्नका लागि एउटा मास्टर प्लान अथवा डिपिआरको लागि अथवा समृद्धि स्मार्ट शहरको लागि केही न केही नीतिमा आउनुपर्थ्यो किनकी यो राजधानी हो । राजधानी सबैको इज्जत र प्रतिष्ठानको स्थान भएको हुनाले यस विषयमा नीति तथा कार्यक्रममा आउनुपर्थ्यो, आएन अपूर्ण जस्तो देखिन्छ । त्यसकारण सडकबारेमा सुरूङ्गमार्ग, पर्यटनमार्ग धेरै मार्गहरू खोलिए तर प्रदेशले बनाउने अन्तर जिल्ला जोड्ने प्राथमिकताको सूचीमा आउनुपर्थ्यो र प्रदेशले बनाउने कुन स्तरको, कुन तहको सडक हो त । सडक पूर्वाधारको यो विषय आम जनमानस र सबै हामी जनप्रतिनिधिको चासोको विषय बनिरहेको बेला अन्तरजिल्ला जोड्ने यो सडक प्रदेशको प्राथमिकताको सूची हो भने यो नीति तथा कार्यक्रममा बोलिनु पर्छ यो सुझावको रूपमा माननीय सभामुख मार्फत् यो सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र यो बजेट कार्यक्रममा आओस् । अब नलगाड हाइड्रोपावर अबको ८ महिनामा डिपिआर आउँछ, आज बिहान मात्र मैले समन्वय गरेको थिएँ । अब यसको सामथ्र्यको हिसाबले विशेष गरेर यो हाम्रो कर्णाली प्रदेश र ७ नं. प्रदेशलाई विद्युतीकरण गर्ने सामथ्र्य भएको नलगाड हाइड्रोपावर यो सहकार्यबाट बनाउनु पर्छ र यो हाम्रो आफ्नै सामथ्र्यले बनाउनु पर्छ । अबको ८ महिना मंसिर वा पुसमा यसको डिपिआर फाइनल हुन्छ । त्यसपछि हामी आफै पनि गर्न सक्छौं । हामी जनप्रतिनिधिको हैसियतले यो नीति तथा कार्यक्रममा राष्ट्रिय गौरवको नलगाड आयोजना हाइड्रोपावर आउनुपर्थ्यो । यो सरकारलाई सुझाव अझै पनि यसमा गम्भीरता पूर्वक सोचियोस् र ५/६ वटा हाइड्रोपावरमा अगाडि बढेको हाइड्रोपावर हो भने नलगाड हाइड्रोपावर हो । डिपिआर फाइनलमा जादैंछ, यसबारे सरकारले ध्यान दियोस् । हिजो हाम्रो जाजरकोट जिल्ला निर्वाचन क्षेत्र १ नलगाड नगरपालिकाको ७ र ८ नम्बर वडामा बाढीपहिरो आएर छ वटा घर जोखिममा छन् । अहिले त्यहाँको जिल्लाको डि.एस.पी. कार्यालय, इलाकालाई नगरपालिकालाई भनेर त्यो डोल्पाबाट आउने बाटो खुलाईराखेको छ । त्यहाँ घरहरू जोखिममा छन् र यस्ता घटनाहरू धेरै पटक बेला बखतमा आउन सक्छन् । यसका निमित्त उद्धार कार्यका आकस्मिक बजेटका निमित्त यो नीति तथा कार्यक्रममा अलि व्यवस्थापनका निमित्त म सरकार मार्फत् ध्यानाकर्षण गराउदैं विदा हुन्छु, हवस् त धन्यवाद ! नमस्कार !

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर विष्ट, समय ५ मिनेट । त्यसपछि माननीय श्री पदमबहादुर रोकाय तयारी अवस्थामा रहनुहोला ।

**माननिय श्री ठम्मरबहादुर विष्टः-** माननीय सभामुख महोदय, नीति तथा कार्यक्रम जुन आएको छ, सारले यसले विषयवस्तु समेट्न खोजेको जस्तो देखिन्छ । मेहेनत गरेरै आएको जस्तो पनि देखिन्छ त्यसको लागि म मन्त्रीज्यूलाई धन्यवाद पनि दिन चाहन्छु । यसमा केही ल्यापसेसहरू, केही अपुगताहरू छन यसलाई समृद्ध बनाउनको लागि म त्यस उपर केही कुराहरू उजागर गर्न गइरहेको छु । यसमा म बुँदागत रूपमा नै गए म त्यो अघि पनि कुरा आइसकेको छ सय दिनको त्यो रोजगारीको कुरा छ । ३६५ दिनमा १०० दिन रोजगारी गरेपछि बाँकी दिन कहाँ जाने हुन् । यस्तो खालको मान्छेलाई यता न उता बनाउने गर्नु हुँदैन बरू थोरै रकम होस् ३६५ दिन नै भन्न पर्यो । त्यसपछि के गरेर बस्ने हो । त्यसकारणले यस्ता कुरा यो स्पष्ट भएन यो कुरा म भन्न चाहें । दोस्रो कुरा यो कृषिको कुरा के छ भने हामीले यो कृषिलाई पेशाको रूपमा अथवा सिपको रूपमा वा रोजगारको रूपमा भनेका छौ । हुनत यसो भन्दै गर्दा कृषि प्रधान भइसक्यो नेपाल भन्ने पनि छ । यसको ठाउँमा यो बुँदा नं. १२ मा यातायात लेखिएको छ यसको ठाउँमा कृषि लेख्नुपर्छ । यस्तै ३२ नम्बरमा विज्ञ र थिङ्क टयाङ्क भनेको छ यो ठिकै छ । तर नेपालको सत्यता के छ भने यो विज्ञ र थिङ्क टयाङ्कले नै राजा फ्यालेका हुन् । सल्लाह त दिने के के सल्लाह दिने गुमराहमा छोड्दिने त्यसकारण राजा, महाराजाहरूले त्यसलाई फिल्टेरेसन गर्न सकेनन् अब हाम्रो पनि मन्त्री मण्डलले पनि यसो अगाडि पछाडि लगाएर बस्ने यस्तै गर्ने हो भने डुब्छ, खेती हुन्न । यसलाई लिन त पर्यो किनभने कतिपय राम्रा खालका क्रान्तिकारी देशभक्ति पनि छन् त्यसलाई लिन त पर्यो । मुख्य विज्ञ त संसद हो नि त्यहाँ पिएचडि गरेका, डिग्री गरेका ठूला-ठूला व्यापारीहरू ठूला-ठूला अनुभवीहरू प्रदेशस्तरमा छन् । निर्वाचित भएर हामी आएका छौं भने त्यो त यहाँ केन्द्रित हुन्छ नि । विज्ञ भनेछ हाइलाइट गरेको छ यो किसिमले एउटा संसदको मानहानी पनि हुन सक्छ तसर्थ त्यो किसिमले यसलाई धेरै हाइलाइट नगर्न पनि म अनुरोध गर्न चाहन्छु । विज्ञको पनि फिल्टेरेसन गर्न पनि म अनुरोध गर्दछु । कस्ता किसिमका सरकारी विज्ञ हुन् वा गैरसरकारी हुन कि कस्ता के हुन अलि सरकारले तिनीहरूलाई बुझेर काम लगाओस् भन्न चाहन्छु । यति बेला नीति तथा कार्यक्रममा धेरै विज्ञ विज्ञ भन्ने आइरहेको छ । दोस्रो कुरा भनेको यो राउटे जातिको कुराहरू छ जुन हाम्रो प्रदेशमा मात्र छ अरू प्रदेशमा छैन । यो हाम्रो नैतिकता र आदर्शसँग पनि जोडिएको छ किनकी विश्वमा अहिले यस्तो खालको फिरन्ते जीवन बिताइराखेका छन भने एनजिओ आइएनजिओले पनि करोडौं पैसा खर्च गरिरहेको छ । यिनीहरूको एउटा बसोवास भनेर समग्रमा भनेको छ, त्यसरी हुँदैन एउटा विशेष खालको प्याकेज, उनीहरूलाई केबल बस्नको मात्र समस्या होइन सबैमा रूपान्तरण गर्न छुट्टै एउटा प्याकेज यहाँ लिन जरूरी छ त्यो कुरा यहाँ उल्लेख भएको छैन । त्यस्तै यो ओखर,

करेला भनेको थियो भाङ्गोलगायतको भन्ने भयो अघि यहाँ कुरा पनि आइसक्यो । अब भाङ्गो नै उत्पादन गर्ने अझ महंगो चरेस पर्छ, त्यो गरौं भन्छु मैले किनकी यो प्रदेशको स्वायत्त नै होला । केन्द्रबाट केही अनुमति गर्नु पर्ने भए गरौं बरू कति गरौं, अन्तर्राष्ट्रिय पैठारी गरौं केही पैसा पनि आउँछ नयाँ पनि हुन्छ । त्यहि त यस्तै भवितव्य नगरे प्रदेश कहाँ अगाडि बढ्ला । अनि त्यसो भाको कारणले त्यो गरौं, होइन यो यस्तै विज्ञबाट आएको हो भने हाइलाइट त जडीबूटी, यार्सागुम्बाको पो गर्नुपर्यो जो अन्तर्राष्ट्रिय मार्केट ५० लाख किलोको छ। अब म गर्छु आग्रा कुरा मिज्जु गर्छन गाग्रा कुरा जस्तो अब यता तिर भाङ्गो तिर चरेस तिर हाइलाइट त्यो के हो त्यो पनि बुझिएको छैन । उहाँहरूले बुझेर प्रष्ट पारे क्लियर पनि होला । अर्को यहाँ नारा छ, कर्णाली जाऊ भन्ने अब कर्णाली पौडी खेल्न जाने हो कि माया प्रेम गर्न जाने हो कि के गर्न जाने यो नारा नै क्लियर भएन । कर्णाली जाऔं खुलेर रमाउ खुसी मनाऔं भन्ने खालको नारा जोडिनु पर्यो । यो प्रिन्टिङ्ग त्रुटी हो कि कर्णाली जाऔ भन्ने मात्र छ के गर्न जाने हो, त्यसैले यो खालको कुरा आउनुपर्यो । अब यो १० वर्षभित्र मूल्याङ्कन र सहजिकरण गरेर ५ हजार मेगावाट भन्ने छ तर आफ्नो आयु चाहिँ ५ वर्षको छ त्यो १० वर्ष सबै सरकार भइराख्ने हो कि त्यो अलि प्रष्ट चाहियो । आयुभित्र हो के काम गर्ने मान्छे मरिसके पछि त्यसपछि केही हुन्छ । आफ्नो आयु ५ वर्षको छ, अब १५ वर्ष २० वर्ष दीर्घकालीन भनेर कोहीले पत्याउछ । त्यसकारण यो कुरा यहाँ भएन यो सच्याउनु पर्यो । अब अर्को कुरा पनि यहाँ छ २ वर्षभित्र डाईभर्सन भन्ने छ त्यसपछि यो जनता शेयर लगानीमा ५ वर्षमा कम्तीमा ५ सय मेगावाट भन्ने छ २ वर्षभित्र बनाउनु पर्यो नि ।माथिको पनि २ वर्षभित्र बनाउनु पर्यो त्यो मूल्याङ्कन गरेर अगाडि बढाउन पर्यो ५ हजार मेगावाटको तल पनि जनताको शेयरले २ वर्षभित्र बन्नु पर्यो । अनि बल्ल त्यसकारण केही पत्याउने केही होला । त्यसपछि चाहिँ यो १५८ मा छ, धेरै सुरूङ्गहरू छ हुनत धेरै सुरूङ्गहरू भयो भने मलाई डर पनि लाग्यो बाहिर ठाउँ पनि हेर्न नपाइने हो कि भन्ने निसास्सिएर एता गयो सुरूङ्गै उता गयो सुरूङ्गै । कर्णाली हेर्न नपाइने हो कि भन्ने खतरा छ साँच्चिकै भयो भने त । हुनत छिटो त होला वैज्ञानिक कुरा पनि भयो तर त्यो गर्नु हुँदैन, त्यस्तो १०/२० वटा सुरूङ्ग नेपालकै बजेटले पुग्दैन कल्ले पत्याउछ । त्यसैले के गर्न पर्यो भने जमुना-हिल्सा भन्ने छ नि त्यसलाई एउटा सुरूङ्ग त्यो का हो त्यो सर्टकर्ट खोलिहालौं, अलिअलि पत्याउछन् पनि गरे भन्ने पनि हुन्छ । वीरेन्द्रनगर र गोठीकाँडा छ नि त्यहाँ केबुलकार बनाऔं किनकी धेरै मान्छे त्यहाँ आउछन् आयस्रोत पनि हुन्छ । त्यसकारण राजधानी पनि हो अलिअलि झल्याक झुलुक पनि होला । त्यसरी जाऊ, यो कुरा मैले राख्न चाहन्छु । अर्को केही समेट्ने विषयमा अब यो वैज्ञानिक विश्लेषणमा आधारित शौचालय भनेर अघि माननीयज्यूहरूले पनि राख्नुभयो । हुन त यो शौचालय विज्ञानमा त धेरै सम्भव हुन्छ, किनकी उडि छुनु चन्द्र एक भन्ने बेला लक्ष्मीप्रसाद देवकोटालाई पागल भनेका हुन् त्यो बेलामा रकेट उडेको देखियो । पछि त्यस्तै यो ट्वाइलेट भन्या कस्तो

खानपिन सबै ती मनोरञ्जन सबै ति, नाच्ने गाउने सबै कुराको व्यवस्थित जडित हो कि त्यो ट्वाइलेट मात्र स्वाट्ट जाने हो हामीले नबुझेको पनि हुन सक्छन कित धेरै किनकी दायरा त धेरैमाथि हुन्छ । त्योसहित हो भने ठिकै पछि प्रष्ट पार्नुहोला होइन भने यो विज्ञहरू आएर विज्ञानकै थलो बनाएर ट्वाइलेट बनाउने हो भने अरू काम कहिले हुन्छ । यो अचम्म लाग्दो कुरा छ त्यसकारण प्रष्ट नभएर पनि होला । हामी त संसदकै दिमागबाट बोल्ने कुरा भयो । अब अर्को समेट्नु पर्नेमा यो शहिद, बेपत्ता, घाइतेहरूको लागि विशेष कार्यक्रम ल्याउनु पर्ने उनीहरूले पाएको सेवा सुविधामा बढोन्नती गर्नु पर्ने शहिद बेपत्ताका छोराछोरीलाई निशुल्क अध्ययन व्यवस्था मिलाउनुपर्ने । जनयुद्ध र जनआन्दोलनका घाइतेहरूलाई निशुल्क उपचारको व्यवस्था मिलाउनुपर्ने नै विशेष कारणबस शहिद बेपत्ता र घाइतेको कोटा छुटेका छन् कतिमा शहिद परिवार व्यक्तिलाई सम्वोधन गर्नुपर्ने यो खालको कुरा राखे मैले अर्को यहाँ शहिदहरूलाई कसरी सम्वोधन गर्ने भन्ने छ, मैले हिजो पनि त्यहाँ राखेको थिएँ । यो ऋषि राजमार्ग छिन्चुदेखिजाजरकोट हुँदै ऋषि शर्माको त्यहाँ नामाकरण गरौं । अनि अर्को ऋषिप्रसाद गौतम रावलजी हुनुहुन्छ उहाँको दाङ्ग भेडाबारी दिपायल हुँदै उहाँको गरौं एउटा जुम्लामा रहित बाँकी चारवटा कताकता सालिक बनाउने त्यो पनि निर्णय गरौं अरू शहिदहरू पनि के के भएका हुन त्यो हिसाब किताब गर्नुपर्या । नभए यो खण्डहरू हुन्छ, त्यो खण्ड हुने स्थिति छ । यो मैले निवेदन गरे । अब अर्को एउटा किसानको हकमा सुकुम्वासीलाई २ बर्षभित्र उनीहरूलाई लालपुर्जाको ब्यवस्था गर्ने र भूमिहिन किसानलाई सरकारले निशुल्क जग्गा दिने भनेर ठोस रूपमा लेखिनुपर्या । मैले यहाँ अनुरोध गरे, बाढीपीडितको हकमा तत्काल उनीहरूलाई सेन्टर हाउसको व्यवस्था गनुपर्ने र अस्थायी रूपमा २ बर्षमा उनीहरूको व्यवथापन गर्नुपर्यो भनेर ठोस रूपमा आउनुपर्या । अब आँप र सुन्तलाको कुरा यो भेरी बेल्टको पूर्ब क्षेत्रमा पनि छ । प्रशोधन केन्द्रको व्यवस्थापन सुन्तला पनि दैलेख र सुर्खेतको त्यहाँ पनि प्रशोधन गर्ने र बजारीकरण गर्ने कुराहरू ल्याउनु पर्या । टिम्मुरको कुरा यहाँ दैलेखको कुरा । (माननीय सभामुखः- समय सकियो माननीयज्यू)

माननीय श्री धन्यवाद छ, म यहाँ फेरी मैले च्यापे यो मेसो पनि नमिलेर हो यो च्याप्ने कारण पहिलो जीवन शाहीज्यूले अब अनलिमिटेड बोल्नुभयो अब दलको नेता ठिकै छ । त्यस पछि गुलावजगं शाह बोल्नुभयो सात मिनेट त्यो ठिकै थियो । फेरी अमर थापा आउदाँ सात मिनेट बोल्नु भयो यहाँ दलको नेता हो कि सचेतक हो कि त्यहाँ म कन्फ्युज परे । फेरी त ५ मा झरिगो" हेर्नुस् । त्यसकारण यो कुरा प्रष्ट पछि हौंला । यो १ मिनेट यता पनि कनफ्यूजले होला, प्रष्ट होउला । त्यसको लागि माफि माग्न चाहन्छु ।

अब वृद्धवृद्धालाई के गर्ने ६५ बर्षको सम्मानमूलक यो बोलेको कुरा केही नगर्ने हो भने बुढाबुढीले नि लट्टीले हानेर मार्छन् । अनी यो कुरातिर नि जान पर्या, अर्को कुरा अब

मैले सारमा के भन्न खोजेको भने अब नाराहरू कार्यक्रमहरू धेरै राम्रो आएको छ । मेहनत पनि छ तर यसमा के छ भने जोड र ध्यान छैन, अब बजेट बनाउने नीति बनाउने एउटा कर्मचारीले बनाइहाल्छ नी । त्यो कोले बनाउन सक्दैन । यहाँ के भयो भने संघीयता र समाजवादको आधारमा जोड दिने कहाँ ध्यान दिने का त्यो किसिमले आएको छैन । अल्पकालीन र तत्कालिन भनेर हाम्रो सरकारले त ५ बर्षभित्र बनाउनु पर्यो नि मध्यकालिन र दीर्घकालीन पछि छोडदिन पर्या त्यो ठिकै छ । हुँदै जाला राज्यले भ्यायो भने यो कुराको पनि यहाँ क्लिएर हुनुपर्या होलसेलमा आएको छ । यो ढगंले कन्क्रिट बजेट आओस् म यति नै राख्छु, धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाय, समय ५ मिनेट । माननीय श्री बदमी क्वारी बोहोरा तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री पदमबहादुर रोकायः-** नीति तथा कार्यक्रम यहाँ छलफल गरिरहेका छौं । त्यो भन्दा पहिला म तीन दिन अगाडि २६ गते २ बजेर ४५ मिनेटमा जुम्लाको एअरपोर्टमा तारा एयरको प्लेन दुर्घटना भएको छैन र क्याप्टेन हिम्मत रोकायलगायतका क्याप्टेनलाई मानव क्षतिबाट बचाएकोमा उहाँलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु । त्यसैकारण हामी नीति तथा कार्यक्रममा हाम्रो प्रदेश प्रमुखले पुरै पाना पढेर १७५ पेजसम्म पढिसक्नु भयो । प्रतिपक्ष दलको नेता हाम्रो जीवन शाहीले पनि बुँदाबुँदा पढेर सुनाइसक्नु भयो । त्यो बारेमा हामीले घोटीघोटी पढ्नु पर्दैन र पढ्नु पनि हुँदैन जस्तो लाग्छ किनकी सत्ता पक्षको माननीय सदस्य भएको नाताले पनि अब अगाडि हिडें पछि अत्तालिने रैछ पछाडि हिडें पछि अल्छि रैछ भन्ने हुन्छ त्यसैले हामी त्यो विषयमा बोल्दैनौं । नीति तथा कार्यक्रम ठिकै हो । म जुम्लामा सुतेको थिएँ अमेरिकाको सपना देखु ठिकै त हो त । विपनामा अमेरिका नगएपनि सपनामा त गएनि अमेरिका । कुनै अध्ययन गर्नु गलत होइन । ५ वर्ष १० वर्ष १५ वर्षको योजना त तर्जुमा हुन्छ त्यसको लागि गलत होइन त्यो भन्दा पहिला मैले भने हेर्रेको राजमार्गमा ठूलो ढुङ्गा बीच बाटोमा छ गाडी फर्केर आउछन, त्यो ढुङ्गा फालौं भनेको थिएँ मैले । त्यो भन्दा पहिले महावुको लेक दैलेखबाट छोटो पर्छ । त्यो भन्दा पहिला ७७ जिल्ला मध्ये ७५ जिल्लामा गाडी पुगेको छ । हुम्ला र डोल्पा पुग्या छैन त्यो बाटो पुर्याम् । बाढी पीडितहरू सुर्खेत बसेका छन पटक पटक सुर्खेतका माननीयज्यूहरूले बोल्नुहुन्छ । पालमुनि बसेका विस्थापितलाई राहत लिनु पर्यो भनिरहेका छन् । जाजरकोटमा असिना पीडितहरू छन् पाएका छैनन् जाजरकोटका माननीयज्यूहरू बोलिरहनु भएको छ । अनि मुगुको कात्तिकिल्निमा हुम्लाको गोल्वामा आगलागि भएको थियो । त्यहाँ पनि राहत पाएका छैनन् त्यहाँ दिऊ । दुई घर आगलागि लाग्दैमा हेलिकप्टर लिएर जानुभन्दा ८ लाखको भाडा खर्च गर्नु भन्दा दुई घरलाई दुई लाख रूपैयाँ राहत दिऊ, त्यो सदुपयोग हुन्छ । त्यो हेलिकप्टरले राहत दिने होइन, यहाँ हामीले हेरेर राहत दिने होइन, कुरा गर्नु भन्दा काम गर्नु पर्छ । त्यसै कारणले हाम्रो नीति तथा कार्यक्रम १० वर्ष २० वर्षको होला ।

हामी विपनामा रेल चढ्न नपाए पनि हामी विपनामा जलमार्ग चढ्न नपाए पनि कर्णाली प्रदेशमा विपनामा चारवटा सुरूङ्गभित्र छिर्न नपाए पनि हामीले कागजमा त छिर्न पाईम नि देखिम नि त्यो पनि ठूलो कुरा हो । यो पनि गौरव मान्ने कुरा हो त्यसै कारणले म नीति तथा कार्यक्रममा छुटेका कुराहरूलाई समावेश गर्न चाहन्छु । सभामुख महोदय मार्फत् यो हाम्रो गरिमामय सदनमा । अब मैले आफ्नो क्षेत्रको भएर क्षेत्रको लागि बोल्नु पर्ने, सुर्खेतको लागि पनि बोले साथीहरू दैलेख मुगु हुम्लाको लागि पनि बोले । अरू जिल्ला छुटेकोमा दुःख नमान्नुहोला केही छ भने तपाईं भन्नुहोला । मेरो सिञ्जा क्षेत्रमा त्रिपूरा सुन्दरी हाम्रो डोल्पाको पहिलो क्षेत्रमा छ । त्रिपूरा र कनका भन्ने दुईवटा बहिनि हुन् । सुन्दरी भन्नाले धेरै राम्री भएकिले राम्रीलाई सुन्दरी भनिन्छ । कनका सुन्दरी सिञ्जामा छन् त्रिपूरा सुन्दरी डोल्पामा छन् । त्रिपूरा सुन्दरी परिसकेको छ, कनका सुन्दरी पनि पार्नु पर्यो । उनी बहिनि भनियो रूष्ट भइन् उनी भाग नपाएपछि उनीहरूले । अर्को हाम्रो गृदह जस्तो नदिडाव जाजरकोटबाट जुम्ला जोडिन्छ । नदिडाव र ठाकुरजी जस्तो, त्रिवेणी तातोपानी पाल्लो गुफा, कति भनु धेरै भनिसके अब म हिजो पनि भने अस्ति पनि भन्या थिएँ मैले तर परेन कसरी पर्दैनन् कि पदम रोकायले भनेको नपर्ने हुन कि त्यो बनाउने मान्छे भुल्न सक्छन लेख्दा खेरीमा । त्यसैकारणले यो नीति तथा कार्यक्रममा नपरे पनि बजेटमा पार्दिनुहोला भन्ने यो गरिमामय सदनमा सभामुख मार्फत् अनुरोध गर्न चाहन्छु । त्यसैकारणले हामी समावेशी र समृद्धिका कुरा गरिरहेका छौं । समृद्धिको भाषण संगीत र गीत गाइरहेका छौं । कर्णाली प्रदेश सम्भवना धेरै छ, रूपान्तरण गर्न धेरै छ परिवर्तन गर्न जरूरी छ । कर्णाली प्रदेश रूपान्तरणको पर्खाइमा छ । यो प्रदेशलाई रूपान्तरण गर्नको निम्ति तपाईं हामी सबैले स्वच्छ, निष्पक्ष प्रशासन हुनुपर्दछ र भ्रष्टाचारमुक्त यो प्रदेश हुनुपर्दछ । हामी प्रतिनिधि छौं हाम्रो प्रदेशमा कर्मचारी हुनुहुन्छ होला । हामी टेबुलबाट पैसा लिने र दिने काम छुटाउ अनि कर्णाली प्रदेश आर्थिक सम्पन्न हुन सक्दछ । त्यसैकारणले अब हामी होमस्टेको कुरा गर्दैछौं । होमस्टे त बुझेकै छौं रारा जाने पर्यटक सबै सिञ्जाबाट जान्छन, सिञ्जामा होमस्टे गरिनुपर्छ । सिञ्जा खस संग्रहालयको कुरा आएको त्यो संग्रहालय बनाउनु पर्छ । म सिञ्जाको भएको नाताले होइन अस्ति रारा जादाँ सबै त्यहिबाट गएका हौं हामी । भोलि पर्यटकहरू सिञ्जाबाट जान्छन त्यहाँ तिनलाई चाहिँन्छ बस्ने ठाउँ त्यसैकारणले जुम्लाको त्रिपूरा सुन्दरीको मैले अघि कुरा गरे त्यसै गरी हिमा नदि र तिला नदि छन् । जुम्ला बजारबाट तिला नदि बगेको छ सिञ्जाबाट हिमा नदि बगेको छ । ती पनि दुईवटा दिदीबहिनी हुन्, जस्तै राम लक्ष्मण भगवान छन् उनी दुई भाइ दशरथका छोरा थिए । भृकुटी, पार्वती, सिता पनि आज हामी देवी भनेर पुजा गर्छौं उनीहरू पनि छोरी थिइन् त्यस्तै तिला नदि र हिमा नदि पनि दुईवटा बहिनि थिइन् । अनि जुम्ला बजारबाट तिला नदि आउदैंछ । तिला १, तिला २ जवा २,३ भनेर विद्युत् पारिएको छ त्यस्को लागि धन्यवाद छ तर हिमा नदिलाई पनि पाउनु पर्थ्यो । हिमा नदि र तिला नदि बराबर छन् हिमा नदिलाई पनि

त्यो गडामावलामा मैले पहिला पनि भनिसकेको थिएँ ठूलो मेगावाटको विद्युत् आउनेछ त्यो हाम्रो क्षेत्र नम्बर "ख" लाई भ्याउनेछ बिजुली पनि हिमा नदिबाट बिजुली आउनेछ । बजेटमा पार्दिनुहुन अनुरोध गर्दछु म र अब बत्ती बलिसक्यो, यत्तिकैमा विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री बदमीक्वारी बोहोरा, समय ५ मिनेट । माननीय श्री बिरबहादर शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री बदमीक्वारी बोहोराः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको यो दोस्रो अधिवेशनको कर्णाली प्रदेशको पहिलो बजेटको को नीति तथा कार्यक्रममा छलफल गरिरहेका छौं । आज दुई दिन भयो हिजो मन्त्रालयको हलमा त्यहाँ छलफलमा गयौं, पूर्वमाननीयज्यूहरूले सम्पूर्ण कुरा भनिसक्नु भयो । मेरो बुझाइमा नीति र कार्यक्रम भनेको बजेट र कार्यान्वयन गर्ने पक्ष होला जस्तो लाग्छ । हरेक क्षेत्रमा दुईवटा कुरा हुन्छ, एउटा रथको दुईवटा पाङ्ग्रा भनेझैं नीति सरकारले ल्याउने नीति र कार्यक्रम जनताले पाउने त्यहाँभित्र सम्पूर्ण कुरा समेटिएको हुन्छ जस्तो लाग्छ मेरो बुझाइमा । सभामुख महोदय यो धेरै अध्ययन गर्न पाएको त छैन मैले पनि अलि अलि हल्का हल्का हेरिम सबै कुरा लेखिएको त छ तर यसमा यो कर्णाली प्रदेशको मुख्य नाराभित्र परेको मुख्य मुख्य कुराहरूमा अलि धेरे अध्ययन नगरी लेखेको जस्तो लाग्छ यो नीति तथा कार्यक्रममा । पर्यटन, कृषि यो प्रदेश मुख्यको आयस्रोत हो भनेर कर्णली प्रदेशको सरकारले एउटा नारा बनाएको छ । यसमा पर्यटन क्षेत्रभित्र यो गुम्बाहरू पनि पर्छ । साविकको कर्णाली अञ्चलको ५ वटा जिल्लामा थुप्रै गुम्बाहरू पनि छन् र त्यसै मध्ये हाम्रो डोल्पा जिल्लाकोमाथिल्लो बेल्टमा करोडौं मुल्य पर्ने गुम्बाभित्र मुर्तिहरू छन् । २०६३ सालमा एउटा मुर्ति करोड, डेढ करोड पर्ने मुर्ति त्यहाँबाट चोरी भयो, डोल्पाकोमाथिल्लो बेल्टबाट, याजर गुम्बाबाट र नेपाल सरकारबाट त्यति बेला पर्यटन मन्त्री पिएस गुरूङ्ग हुनुहुन्थ्यो र त्यहाँको रिम्पोच्छे लामाको सहयोगमा चाइनाको बजारमा बिक्री भएको मुर्तिहरू फर्काएर नेपाल सरकारले नेपाल ल्यायो र त्यो डोल्पामा लगेर फेरी त्यहि गुम्बामा राखिएको छ र थुप्रै गुम्बाहरू जस्तै हुम्लाको रलिङ गुम्बा छ, मुगुको गुम्बाहरू पनि छ, जुम्लामा पनि होला गुम्बा, साविक कर्णाली अञ्चलमा थुप्रै गुम्बाहरू छन् । गुम्बा व्यवस्था र गुम्बा सुरक्षाको लागि कुनै यो बोलिएको छैन । मैले यो प्रदेश सरकारको यो ८६ नम्बर बुँदामा रहेको प्रदेशमा रहेका पूरातात्विक, ऐतिहासिक, धार्मिक, परम्परागत रिति र मुल्य मान्यता, भाषा एवम् सांस्कृतिक पहिचान संरक्षण र सम्वर्द्धनका लागि भाषा कला साहित्यिक तथा सांस्कृतिक प्रतिष्ठान गठन गरिने भनिएको छ तर यसमा हाम्रो अहिलेको कर्णाली प्रदेश र साविकको कर्णाली अञ्चलका ५ वटा जिल्लामा थुप्रै बहुमुल्य मुर्तिहरू रहेका गुम्बाहरू छन् यसको बारेमा कतै समेटिएको जस्तो लाग्दैन । हुन त यो एउटै शब्दले सबै ठाउँ समेट्ने होला, नीति तथा कार्यक्रममा त्यो हुन्छ होला मैले नबुझेको पनि हुन सक्छ तर पनि धेरै कुराहरू छन् जस्तै पूर्व माननीयज्यूहरूले

उठाउनु भयो भाङ्गोमो कुरा छ । भाङ्गो कुरा उठाउने ठाउमा यार्सागुम्बाको कुरा उठाए पनि ठिकै हुन्थ्यो । थुप्रै जडीबूटीहरू छन् यो कर्णाली प्रदेशको सरकारले छिट्टै उन्नति प्रगति चाहाने हो भने यहाँको बहुमुल्य जडीबूटीलगायत सामान्य दुई, तीन सय प्रति के.जी. पर्ने जडीबूटीलगायत र यहाँको कृषिलाई र पर्यटनलाई मात्र प्राथमिकता दियो भने पनि यो प्रदेशको धेरै उन्नति हुने सम्भावना छ, किनकी धेरै कुरा गर्यो धेरै काम गर्न खोज्यो भने पनि मान्छे बिफल हुन्छ यो कुरा पक्कै पनि हो दुईवटा डुङ्गामा खुट्टा टेक्यो भने पल्टिने सम्भावना हुन्छ । कृषि र पर्यटनलाई प्राथमिकता दिनु पर्छ सबै भन्दा । कर्णाली प्रदेश कृषि योग्य जमिन भएको ठाउँ थुप्रै छन् । जुम्लाको स्याउ डोल्पाको स्याउ आज हामीले सुर्खेतको बजारमा स्याउ किनेर खादाँ ढाइ सय रूपैयाँ हालेर स्याउ किनेर खानुपर्छ यो दुःखद कुरा हो । हाम्रो कर्णालीको स्याउ जुम्लामा कसरी बिक्री हुन्छ थाहा छैन, डोल्पामा सानो उद्योग भएको ठाउँमा २०/२५ रूपैया के.जी. बिक्री भैरहेको छ र कृषिले अनुदान दिएर चार्टर गर्दिन्छ, ३०/३५ दिन्छ १ के.जी. बराबर र २०/२५ रूपैयाँ के.जी. कृषकले बेच्छ, नेपालगञ्जको बजारमा ल्याएर महिनौ महिनौ कुरेर सडेर जान्छ, बिक्री हुँदैन । इन्डियाको स्याउ, चाइनाको स्याउ जालिमा बेरिएर आएको हुन्छ, क्वालिटीको देखिन्छ, डोल्पाको प्लेनमा ल्याएको हेलिकप्टरमा ल्याएको स्याउको मान्छेले मुल्य बुझ्दैन । काठमाण्डौमा लग्दाखेरी डोल्पाको कर्णालीको स्याउ अर्गानिक स्याउ हो खानु पर्छ त भन्छ तर मान्छेले सस्तो मुल्यमा खान खोज्छ । त्यसैले कर्णाली प्रदेशले धेरै ठूलो सपना देख्नु भन्दा सपना देख्नु कुनै अपराध होइन । सपना नदेखि कुनै काम पूरा हुँदैन, अहिले जुन कर्णाली प्रदेशको सरकारले सपना देखेंको छ त्यो सपनामा हाम्रो हात छ, हामी सबै जनाको हात छ । हामीले त्यसलाई सफल बनाउनमा साथ दिनु पर्छ, हामी पनि लाग्छौं । जुन नीति ल्याएको छ, त्यसमा कृषिलाई हल्का पर्यटनलाई हल्का लिएको देखियो । जति नारामा अगाडि ल्याए पनि कर्णालीको रारालाई मात्र अहिलेको बजेटबाट राम्रोसँग सम्वोधन गरिने हो भने कर्णाली पर्यटन वर्ष २०७५/७६ भन्ने भाछ, यसलाई धेरै राम्रोसँग सफल पार्न सकिन्थ्यो तर अहिले बजेटले त्यति बोलेको जस्तो लागेन । अब पूर्वसांसदज्यूहरूले भन्या जस्तै, माननीयज्यूहरूले भन्या जस्तै मुखले बोलेर किताबमा लेखेर मात्र हुँदैन यसलाई अलिकति सिरियसले लिनुपर्छ भन्ने हाम्रो सुझाव छ र अन्त्यमा विकासको लागि दुईवटा कुरा हुन्छ विकास र समृद्ध, समृद्ध नेपाल र सुखी नेपाली एउटा नारा छ । अहिलेको नारालाई सफल पार्नको लागि कृषि र पर्यटनलाई बहुत महत्वपूर्ण दियो यो प्रदेश सरकारले भने यसमा कर्णालीका महंगा महंगा थुप्रै जडीबूटी छन् अहिले डोल्पाकै कुरा गर्ने हो भने करोडौं राजश्व उठाएको छ राष्ट्रिय निकुञ्जले खै हामीले प्रदेश सरकारले अस्तिको नीति तथा कार्यक्रममा बोल्दाखेरी त्यति सिरियस भएर सुन्नु भएन, लिनु भएन, सुन्नु भएन प्रदेश सरकारले । अहिले पनि डोल्पामा करोडौं राजश्व राष्ट्रिय निकुञ्जले उठाएको छ, सायद नीति बनाएको भए एउटा कानून बनाइदिएको भए त्यो पैसा आज कर्णाली प्रदेश सरकारको खातामा

हुन्थ्यो र जनताको आवश्यकता पूरा हुन्थे होला तर पनि अब आउदों नीतिमा यो अलिकति राम्रोसँग सोचेर कार्यान्वयन गरेनन् र नीति बनाएन प्रदेश सरकारले भने अझै पनि पछाडि पर्न सक्छ एक वर्ष पछाडि परिहाल्यौं अझै अर्को वर्ष पनि पछाडि पर्ने सम्भावना देखिराखेको छु मैले र अर्को कुरा जलवायू परिवर्तनले धेरै ठाउँमा मान्छे मरेका छन् । हिजो अस्ति मात्र दुई/चार जना विद्यार्थी चट्याङ लागेर मर्यो रे भनेर अघि मात्र मेरो एकजना साथीले भन्नुभयो । हामी बस्ने घरमा पनि रूख ढलेर झ्याल फुटेका छन् अघि हाम्रो पूर्व कम्रेड गुलावजंग कम्रेडले भन्नु भयो बस्तीहरू डुबेका छन् भनेर थुप्रै ठाउँ यस्ता घटनाहरू भएका छन् । डोल्पामा पनि धेरै ठाउँ बाढी पहिरो गएको छ, मान्छेहरू मरेका छन् ढुङ्गाले लागेर मान्छेहरू घाइते भएका छन् । जलवायू परिवर्तनसँग लड्न प्रदेशसँग क्षमता त छैन होला क्षति भएको मान्छेलाई राहत दिने क्षमता त छ होला नि खै त सुनेको । बाढी पीडितको लागि कति पटक बोलिसक्नु भयो केही कार्यान्वयन नै भएकै छैन । हिजो हामी मुख्यमन्त्रीज्यू कहाँ जादाँ पनि फेरी त्यहि कुरा उठायौं । त्यसैले कुरा सुन्ने एउटा कानले अर्को कानले उडाउने भन्दा पनि सानो-सानो कुरालाई सुनेर कार्यान्वयन गर्ने पक्षतिर जाओस् । यो आर्थिक वर्षको पहिलो बजेटको यो नीति तथा कार्यक्रमलाई पूर्ण रूपमा सफल गरोस् र कर्णालीका जनताले जे अपेक्षा गरेका छन् त्योअनुसारको नीति कार्यक्रम आओस् र बजेट आओस् भन्दै विदा हुन चाहन्छु,, धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री बिरबहादर शाही ।

**माननीय श्री बिरबहादुर शाहीः-** माननीय सभामुख महोदय, २०७५/०७६ को नीति तथा कार्यक्रम म यो कर्णाली प्रदेशले बडा मेहेनतको साथ ल्याएकोले स्वागत गर्न चाहन्छु र मैले आफ्नो निर्वाचन क्षेत्र डोल्पा जिल्लाको बारेमा केही जोड्न गइरहेको छु, सभामुख महोदय । मलाई यो किताबमा एउटा खुसी पनि लाग्यो अब गाडी नभएको जिल्लामा डोल्पा र हुम्ला एक वर्षभित्र गाडी चढ्न पाउने भए । मैले यो सरकारलाई एकदमै धन्यवाद दिन चाहन्छु । सडक मात्र पुगेर हुँदैन गाडी पनि पुग्नु पर्छ र अहिलेसम्म जाजरकोट, रूकुमको सिमाना तल्लुदेखि डोल्पासम्म ९ वटा पुल लागेका छन् । ९ वटाको पुलको अहिलेसम्म केन्द्रीय सरकारले पनि हेरेको छैन प्रदेश सरकारले पनि हेरेको छैन । गाडी त यो भन्दा अगाडि हेलिकप्टर लिएर एक आधा ठाउँमा जिप चलेका छन् र डोल्पामा पनि हेलिकप्टरबाट लिएर जिप चलेका छन् तर बाटो मात्र पुगेर भएन गाडी पुग्नु पर्यो पहिलो मान्यता । अर्को डोल्पा जिल्लामा अहिलेसम्म त्रिवेणीबाट जबकि १३ वटा गाउँपालिकामा कुनै पनि विकास नभएको र त्रिवेणी कालिका, से-फोक्सुन्डो हुदैं क्याटोसम्म कुनै पनि यो नीति कार्यक्रममा लेखेको छैन बजेट कार्यक्रममा आउने यो सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु र पर्यटन क्षेत्रमा कर्णालीको प्रमुख नारा पर्यटन क्षेत्र भनियो तर मेरो क्षेत्रको थुप्रै ताल तलैया गुम्बाहरूको नाम कतै पनि आएको छैन । तपाईले सुन्नुभएको होला आमा सम्झिएर दुधकर्णाली जानु बाबु सम्झिएर रणमति जानु

भन्ने उखान छ । दुधकर्णाली भनेको ऐतिहासिक ताल हो त्यसको नामाकरण छैन । एउटा हिमालको नाम पनि आएको छैन, कर्णालीमा अरू कुनै हिमाल पनि छैन, काञ्जिरोवा हिमाल डोल्पा जिल्ला भित्रै पर्छ । त्यसपछि यो काञ्जिरोवा हिमाललगायत २०देखि४० मिटरको एउटा गुफा छ, लगभग त्यो गुफा अहिलेसम्म नेपालमा पहिलो गुफा होला । मैले बारम्बार यो भन्दा अगाडि पनि निवेदन दिएको छु, त्यो कुनै नाममा पनि आएको छैन । मुड्केचुला अन्तरगत २४० मिटरको गुफा छ, पहिला त्यो तामाखानी हो भन्ने पनि अनुसन्धान भैराखेको छ र त्यो २४० मिटरको गुफा छ । अब झरना से-फोक्सुन्डो तालमाथि छ तल झरना छ, त्यस्तो सुन्दर झरना छ कि तपाईंले फोटो देख्नु भैएको होला त्यो आएको छैन १६८ मिटरको झरना छ । यो गुम्बा चाहिँ सबै भन्दा अमुल्य गुम्बा, सालदाङ्ग गाविसको तेन्जिङ गुम्बामा २०६३ सालमा त्यहाँबाट अमुल्य मुर्तिहरू चोरी भएर चाइनामा तीन जनाको मृत्यु दण्ड भएर बाँकीको अहिले जेल कारबाही चलिरहेको छ । त्यो मुर्ति फर्कि आएको छ र त्यसको समाधान भएको छैन । मैले बारम्बार त्यहाँको शान्ति सुरक्षा चाहिँन्छ । मेरो यो भन्दा अगाडि निवेदन दिएको त्यसको सुनुवाइ केही पनि भएको छैन र आम्दानीको स्रोतमा अब भाङ्गोको तेल निकाल्ने यार्सागुम्बाको गणना नै छैन । उखान भन्थे लाखको गोली बाटो मुनि छोडेछन् कुखुराको गोठाला लाग्छन् भनेझैं त्यहि नै भैराछ । अब कहाँको यार्सागुम्बा १० लाखदेखि५० लाखसम्म अहिले चाहिँ चाइनामा खेती गरिराछ । त्यो खेतीको कमसेकम नीतिमा ल्याउनु पर्यो नि त । माटो प्रशोधन गरेर त्यो त कर्णालीको सम्पत्ति हो नि त । यो राष्ट्रिय वन, निजी वन र सरकारी वन त्यसलाई पनि अलग अलग नीतिमा ल्याउने पर्ने त्यो पनि ल्याएको छैन । अहिलेसम्म राष्ट्रिय वन भएर यार्सागुम्बालगायत विभिन्न जडीबूटीहरू राष्ट्रिय निकुञ्ज मार्फत् त्यो अधिकार प्रयोग भैराखेको छ । त्यो पनि यो कर्णाली प्रदेशको सरकारले हेर्ने कि नहेर्ने सभामुख महोदय । भर्खरै अस्ति यार्सागुम्बाको शीलशिलामा ५ जनाको मृत्यु भैसक्यो र एकजना नेपालगञ्जमा औषधी उपचार हुदैंछ । यहाँबाट औषधी गर्नको लागि नेपालगञ्ज पुग्याछ। उसको औषधी उपचारको लागि राहतको लागि सरकारलाई म ध्यानाकर्षण गराउन चाहन्छु र मोटर बाटो भन्दा पनि डोल्पामा गोरेटो बाटो पनि छैन । तर किताबमा आएको छ, एक वर्ष भित्रै बाटो पुग्नेछ भनेर किताबमा आयो मलाई असाध्यै खुसी लाग्यो । अर्को वर्ष प्रदेश सरकारलाई झण्डा फरफरादै लगेर उद्घाटन गर्न पाऊँ भन्दै मेरो दुई शब्द यही टुङ्ग्याउछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका मुख्यमन्त्रीज्यूबाट कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा हामी छलफल गरिरहेका छौं, प्रस्तुत नीति तथा कार्यक्रममा । नीति तथा कार्यक्रम असाध्यै राम्रो पनि छ, र यति काम गर्न पाए त कर्णाली प्रदेश साच्चिकै कर्णाली प्रदेश बन्छ जस्तो मलाई लागिरहेको छ । अब यसको बजेटको बारेमा हामीसँग सामर्थ्य छैन र यो सामर्थ्य नभइरहेको सन्दर्भमा सबै

कामलाई भन्दा पनि  यिनी सबै नीति कार्यक्रम मध्ये पनि जेठो कान्छो पहिल्याइ दिएको भए अहिले गर्नु पर्ने कति हो र पछि गर्नुपर्ने कति हो साना ठूला यो हुन सकेन । यो असाध्यै अलमल छ र एउटा नीति कार्यक्रम पढ्दै जादाँ असाध्यै राम्रो छ, यहीप्राथमिकता हो कि भन्ने लाग्ने फेरी अर्को आउँदा अर्को प्राथमिकता हो कि भन्ने लाग्ने सबै परेका सबै प्राथमिकता प्रमुख जस्तो देखिएका छन् । त्यसैले गर्दा यो नीति हुँदा हुदैं पनि यो नीति तथा कार्यक्रमले जहाँसम्म मलाई लाग्छ, कर्णाली प्रदेशमा एउटा सपना देख्ने एउटा योजना बनाउने एउटाको तयारी गर्ने सन्दर्भसँग जोडिएको छ । आउदाँ दिनहरूमा क्रमशः हामी गर्ने नै छौं भन्ने कुरा आउँला र यो सँगसँगै सामान्यतय केही बुँदाहरूमा सच्याउनु पर्ने अथवा चाहिँ केही त्यस्ता त्रुटीहरू पनि यहाँ फेला परेका छन् । पहिलो कुरा त कर्णाली प्रदेशको नीति तथा कार्यक्रम हामीले यो भन्दा अगाडि पनि पहिलो भनेर प्रस्तुत भैसकेको सन्दर्भमा यो नीति कार्यक्रम दोस्रो हुन्छ, जस्तो लाग्दछ । अरू म भन्दा अगाडि बोल्ने माननीय वक्ताज्यूहरूले पनि औल्याइसक्नु भएको छ र यो सँगसँगै कर्णाली प्रदेशको नीति कार्यक्रममा २ वटा नीति एक आपसमा बाझिएको यहाँ देखिएका छन् । बुँदा ४२ ले समाजमा विकृति विसंगतिलाई रोक्नको लागि लागुपदार्थको निजीकरण निरूत्साहित गर्ने भनेको छ भने बुँदा १०७ मा फेरी भाङ्गो खेती अथवा तेल खेती उत्पादन भन्ने कुरा छ । यो दस्तावेज पारित भैसकेपछि कर्णाली प्रदेशका सबै माननीय सदस्यहरूले पनि सरकारले पनि स्वामित्व लिनु र जवाफ दिनु पर्ने भएकाले भाङ्गो आफैंमा प्रतिबन्धित पनि हो भाङ्गो खेतीले मान्छे आफैं पनि दुःख पाएका छन् । नीति कार्यक्रममा एकैतिर झगडा छ, फेरी झगडा दोहोरिएला सरकारले लेख्यो फेरी हामीले गरिम भन्लान् यसमा बारेमा नीति कार्यक्रममा ल्याउनु हुँदैन यसलाई झिक्नु पर्छ । यो असाध्यै समस्या भैजान्छ, रूकुम, रोल्पामा अघि एकजना माननीयज्यूले पनि बोल्नु भाको थियो । जेलमा सडिरहेका छन्उनीहरूले वैधानिक हुनुपर्छ भन्ने खोजेका छन् खेती गरेर पैसा कमाउने । जुन तरिकाले मान्छे बाचिरहेका छन् त्यहि तरिकाले सोचिरहेका हुन्छन् । जीउने तरिका र सोच्ने तरिका फरक हुँदैन, त्यसैले गर्दा तिनीहरूले वैधता खोजिरहेको बेला हामीले छिसिक्क राख्देउ भने चाहिँ अर्को समस्या खडा हुन्छ भन्ने कुरा मलाई लागिरहेको छ । यो सँगसँगै अर्को बुँदामा के लेखेको छ भने बाँझो जमिनलाई सरकारले लिजमा ल्याउने र त्यसलाई सहकारीको माध्यमबाट अरूहरूको माध्यमबाट खेती गर्ने यहाँ उल्लेख भाछ । यो मान्छेहरूलाई कस्तो हुन्छ भने अहिले यो जमिन कोलाई दिने होला कोलाई हात लाउने होला र आफूले अरूअरू व्यापार गर्ने र जमिनबाट पनि  आओस् भन्ने मानिसले भनिराखेका छन । यो बाँझो जमिनलाई खेती गर्ने कुरा नीतिमा चाहिँ ल्याउनु पर्छ तर लिजमा ल्याउनु हुँदैन । लाउने किसिमको र नगरपालिका, गाउँपालिकाले राम्रो किसिमको कर लाउने हो भने यो जमिन राज्यको हो र राज्यलाई मान्छेले छोडेर भाग्ने वाला छन् । राज्यभित्र के हुन्छ भने राज्यमा पहिलो कुरा त यो जमिनको चक्लाबन्दि त्यसको प्लटिङ्ग गरेर ब्लकमा खेती गर्ने आदि इत्यादि कुराहरू प्रमुख हुन् राज्यलाईमाथि

बनाउने कुरामा । हिजो एउटा जमानामा मान्छेले रोजेको भरमा कमारा कमारीहरू कमैयाहरूलाई प्रयोग गरिकन मतलब चाहिँ जंगल फाड्ने गरेकोमा मान्छेले आफैंले आफ्नो थाहा पाइरहेका छैनन् । तराईमा १७/१८ जनाको नाममा नेपालको २५ प्रतिशत खेती योग्य जमिन चाहिँ कब्जामा छ । त्यसकारण अहिले पछिल्लो अवधिमा नेपालमा राजनीतिक परिवर्तन हुदैं जाँदा मान्छेहरूले क्रमशः भागबन्डा लगाएर कुकुर बिरालोको नाममा पनि जमिनहरू राखेका छन् । त्यसैले गर्दा यो सन्दर्भमा यसलाई लिजमा लिने हैनकी बाँझो नराख्ने नीति मात्र राख्दे पछि त्यसलाई जसरी भएनि लाउन सकिन्छ र यो वैज्ञानिक त्यताबाट हुन्छ र यो सँगसँगै नीति तथा कार्यक्रमको ७८ नम्बर बुँदामा दलितहरूको छुवाछुत मुक्त, सडक बालबालिका मुक्त क्षेत्र, छाउगोठ मुक्त क्षेत्र, आदि कार्यक्रमहरू असाध्यै चाहिँ सामाजिक महत्वको नीति तथा कार्यक्रममा उल्लेख छन् तर यो नीति तथा कार्यक्रममा त छन् तर यसको बजेटमा चाहिँ काहिँ बोलेको छैन । यलाई चाहिँ प्राथमिकतामा राख्नु पर्ने विषय हो, अहिले चाहिँ कर्णाली प्रदेशमा एक चौथाइ जनसंख्या एकले अर्कोलाई छुवाछुत गर्नुपर्ने, भेदभाव गर्नुपर्ने त छदैंछ दलित भनेर परिभाषित त छदैंछ । अर्को फेरी एक चौथाइको सिङ्गो तीन भाग चाहिँ आधा भन्दा बढि महिलाहरू असाध्यै नेपालको आकँडामा ९६ प्रतिशत महिलामा आफूलाई पैत्रिक सम्पत्ति पनि छैन र कर्म घरको सम्पत्ति पनि छैन र जन्म घरको सम्पत्ति पनि छैन उनीहरू सर्वाहारा नै हुन् । सर्वहारा मध्येमा पनि अझ विशेष गरी महिलाहरूको वेदना अझ विछट्टै छ, त्यसका बारेमा विचार गरिकन कर्णाली प्रदेशले समानता र समाजवादी समाजलाई एउटा प्रजातन्त्र तिर लैजाने र समानता तिर लैजाने र समतामूलक समाजतिर लैजाने हो भने केही न केही कार्यक्रम प्रष्ट देखिने गरी सुरू गरिम भन्ने खालको कार्यक्रम हुनुपर्दछ । यो चाहिँ यताबाट हामी जादैंछौ भन्ने ज्ञात भएन भने यो कार्यक्रम के हुन्छ भने असाध्यै फितलो हुन्छ त्यसो भएको हुनाले कर्णाली प्रदेशभित्रको नीति तथा कार्यक्रमले धेरै कुरा बोलेको छ । सुरूङ्ग मार्गको कुरा बोलेको छ, रेलमार्गको कुरा बोलेको छ र त्यति मात्र नभइकन अफ्ठ्यारा अफ्ठ्यारा ठाउँहरूमा अहिले दुर्गमहरूमा बाटो पुल कुलो खेती अर्गानिक बाली आदि इत्यादिको कुरा पनि बोलेको छ । यो बोलेको कुरालाई कहाँबाट सुरू गर्ने भनेर नीति तथा कार्यक्रमले प्रष्ट नबनाए पनि अब बजेटले प्रष्ट बनाउनु पर्दछ । बजेट र कार्यक्रमबाट अब प्रष्ट हुनुपर्दछ । माननीय मन्त्रीज्यूहरूले जसरी मैले यो अल्लि अगाडि अघिल्लो दिन, अस्ति पनि राखेको थिएँ, विज्ञ र विज्ञताको बारेमा, अहिले बजेटको बारेमा छलफल हुदैं गर्दा हामीले पनि एउटा तल जनताले जुन कुरा चाहिरहेका छन् हामीलाई पनि प्रेसर छ, हामीलाई पनि बारबार फोन टेलिफोनबाट खबर छ तलको आवश्यकता । सरकारले ल्याएको नीतिलाई तादम्यता मिलाएर जानुपर्ने हुन्छ । अन्यथा हामीले यहाँबाट फरक किसिमको बनाइदियौं भने अब त्या चाहिँ के हुन्छ भने अब तादम्यता मिलेन भने सरकारको नीति तथा कार्यक्रम अथवा सरकारले गर्न खोजेको र जनताको चेतनाको अवस्था फरक पर्न गयो भने त्या पनि

समस्या हुन्छ । अहिले मुख्य गरिकन जोले जे भने पनि पहिलो कुरा चाहिँ हामीले सबै ठाउँमा बाटो पुर्याउनु पर्छ र अगाडि चाहिँ बाटो पछाडि कृषि कार्यक्रम बनायौं भने अथाह रोजगार पनि हुन्छ । त्यसमा चाहिँ धेरै प्रकारको रोजगार सिर्जना हुन्छ र धेरै मान्छेहरू पनि त्यहाँ जोडिन्छन् । सामाजिक क्षेत्रमा पनि विकास गर्न जरूरी छ । अरू पर्यटनको हिसाबले पनि गरौंला तर पहिला बाटो पछाडि कृषि खानु त पर्ने हुन्छ । त्यसो भएको हुनाले यो कुरामा थोरै जोड दिएको खण्डमा कर्णाली प्रदेश वास्तवमा यो नीति तथा कार्यक्रम सबैलाई लागु गर्न पनि सजिलो हुने र सबैले रिझाउने खालको कार्यक्रम हुन जान्छ र यो कार्यक्रमले मात्रै हाम्रो जनताको कर्णाली प्रदेशको मुहार बदल्न सक्छ भन्ने कुरा यहाँसमक्ष मतलब सम्माननीय सभामुख मार्फत् म यो सम्मानित सदनमा मैले आफ्नो कुराहरू राख्दै विदा हुन चाहन्छु, धन्यवाद, नमस्कार ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ २९ गते मंगलबार दिनको ३:०० बजेका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-१४
(२०७५ जेष्ठ २९ गते मङ्गलबार)

राष्ट्रिय गान,

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको १४ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफलको क्रमलाई निरन्तरता दिँदै माननीय सदस्यहरूको लागि समय उपलब्ध गराएको छु । सर्वप्रथम माननीय श्री गोपाल शर्मा, समय सात मिनेट ।

**माननीय श्री गोपाल शर्माः**- माननीय सभामुखज्यू, प्रदेश सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रमसँग सम्बन्धित छलफलमा मलाई एउटा कुराको याद आयो, हिजो विपक्षी दलका माननीय सचेतकज्यूको कुरालाई सम्झन चाहन्छु, खास गरी म एउटा सत्तापक्ष दलको प्रतिनिधि हुनुको नाताले फुलको आँखामा फुलै संसार, काँडाको आँखामा काँडै संसार जस्तो हो । प्रतिपक्ष दलका मित्रहरूले यसलाई अलिकति व्यङ्ग्यात्मक रूपले, अलिकति आलोचनात्मक रूपले लिनु स्वभाविकै छ, तर म हाम्रो पाटीले, हाम्रो दलले समर्थन गरेको दलको प्रतिनिधिको हिसाबले यसलाई अध्ययन गर्दा खेरि यसमा धेरै महत्वपूर्ण कुराहरू समेटिएका छन्, जसकार कर्णाली प्रदेश समृद्धिको यात्रामा अगाडि बढ्न खोजि राखेको मलाई अनुभूति भइरहेको छ । यद्यपी यसका अरू पक्षहरू पनि छन्, त्यस विषयमा जान चाहन्छु । मैले खास गरी चार वटा सन्दर्भबाट यसलाई हेर्न खोजिरहेको छु । यसको लक्ष्य के हो भन्ने सन्दर्भबाट हेर्दा यसले खास गरी समाजवादमा आधारित विकास र सुशासनसहितको समृद्ध कर्णाली प्रदेशको निर्माण गर्ने लक्ष्य राखेको छ । यस नीति तथा कार्यक्रमभित्र मूर्त कार्यक्रमहरू के छन् भन्ने सन्दर्भबाट हेर्दा खेरि, यसले पूर्वाधारमा आफूलाई सबैभन्दा बढि जोड दिएको छ । अन्तरराष्ट्रिय सीमालाई जोड्ने सडक सञ्जालको कुरा होस् वा जिल्लाहरूलाई प्रदेशसँग जोड्ने सडक सञ्जालको कुरा होस् वा फास्ट ट्र्याकको कुरा होस्, वा सुरूङ्ग मार्गको कुरा होस्, जलविद्युत् उत्पादनको सन्दर्भमा, उद्योग स्थापनालगायतका क्षेत्रबाट हेर्दा खेरि कृषिमा हामीले राष्ट्रकै नमूना प्राङ्गारिक आधुनिक कृषि प्रणालीको स्थापना गर्न जोड दिएका छौं । यसभित्र खास गरी एक फार्ममा एक अनुदान कार्यक्रम, रोजगारीको सिर्जनाको हिसाबले हेर्दा खेरि यसकारण अत्यन्तै महत्वपूर्ण हुन सक्छ । कमिटी टू फार्म, भूमि बैंक र यसको करार खेतीको सन्दर्भबाट हेर्दा खेरि पनि यसको धेरै महत्वपूर्ण छ । पर्यटन, वन तथा वातावरणको तर्फबाट पनि यसलाई हेर्दा एकखालको खासगरी पर्यटकीय सर्किट बनाउने र पर्यटकीय सम्भावनाको अलिबढि त्यसलाई सम्वोधन गर्न खोजिरहेको छ । वन पैदावार र खासगरी जडीबूटी प्रशोधन केन्द्रको स्थापना सन्दर्भमा खासगरी रोजगारी, आर्थिक समृद्धिको

दिशामा यसले महत्वपूर्ण भूमिका खेल्न सक्छ । शैक्षिक क्षेत्रबाट यसलाई हेर्दा खेरि गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधारलाई खासगरी मूर्त कार्यक्रमको रूप दिएर यसलाई एउटा नाराको रूपमा अघि सारेको छ ।

आयुर्वेदिक स्वास्थ्यलाई यसले प्राथमिकतामा राखेको छ । मेडिकल कलेजको स्थापना र आयुर्वेदकको क्षेत्रबाट पनि स्वास्थ्यलाई, स्थानीयतहमा अस्पतालहरू विस्तार गर्ने लक्ष्य पनि यसले लिएको छ । हामीले खासगरी सामाजिक विकासको सन्दर्भबाट पनि यसलाई हेर्दा खेरि बालबालिकाहरूमा लगानी, युवालाई रोजगार र जेष्ठनागरिकलाई सम्मान भन्ने नाराका साथ तीनैवटा पुस्ताको कसरी सम्वोधन गर्ने भन्ने कुरालाई एउटा नाराले सम्वोधन गरेको छ । आज चाहिएको शिक्षा र स्वास्थ्यमा लगानीलाई यसले बढि जोड दिएको छ । शिक्षामा नै लगानी गर्ने हो भने हामी भोलिका दिनहरूमा कसरी, कस्तो बनाउँछौ र त्यसबाट कस्ता नागरिक तयार गर्छौं भन्ने कुरा हुन सक्छ, त्यो सँगसँगै युवाहरूलाई रोजगारी चाहिएको छ । जेष्ठ नागरिकहरूलाई सम्मानको कुराहरूलाई पनि यहाँ जोड गरिएको छ । त्यस सँगसँगै पछि पारिएका समुदाय क्षेत्र र फरक क्षमता भएका व्यक्तिहरूलाई सम्वोधन गरिएको छ, घाइतेहरूलाई पनि यहाँ सम्वोधन गरिएको छ । खासगरी यसले कानून निर्माण र संरचना निर्माणलाई पनि जोड दिएको छ । विभिन्न आयोग, प्रतिष्ठान, मञ्च र केन्द्रहरू बनाउने र त्यसमार्फत् नीति निर्माण र कार्यान्वयनलाई  जोड गरेको छ । प्रदेश स्तरको पनि र स्थानीय तहको पनि गुरुयोजना निर्माण गर्ने र कार्यान्वयनमा जाने कुरालाई जोड दिइएको छ । अर्को कुरा यस नीति निर्माणले खासगरी कार्यान्वयनको विधि के छ भन्ने सन्दर्भबाट मैले हेर्दा खेरि कार्यान्वयनको विधि खासगरी सार्वजनिक, निजी, सहकारी र जनताको संयुक्त परिचालन र सहभागितामा लगानी र उत्पादन गर्ने एउटा विधि यसले तय गरेको छ । यसलाई तीन खम्बे अर्थनीति पनि भन्न सकिन्छ । सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी र जनतालाई सयुँक्त परिचालन गर्दा खेरि हामी समाजवादको अर्थनीतिको आधारमा अगाडि बढ्न सक्छौ । अर्को यसको लागि स्रोत र साधनको पहिचान गर्दा खेरि स्रोत र साधनलाई यसले परिचालन गर्न खोजिरहेको छ । पानी, खानी, कृषि र वन, अनि हाम्रो युवा हाम्रो धन भनेर पछाडि राखिएको छ । यसो गर्दा खेरि पानी, खानी, कृषि र वनसँगै पर्यटनलाई आफ्नो स्रोत र साधनको परिचालन गर्ने नीति बनाएको छ, यसरी हाम्रो नीति र कार्यक्रमबाट अगाडि बढ्न सक्छौ भन्ने मैले अनुभूति गरेको छु ।

सभामुख महोदय, यसका केही फरक पक्षहरू छन्, यो अलि महत्वकाँक्षी छ कि भन्ने अनुभूति गर्न सकिन्छ, यद्यपी महत्वकाँक्षा नराखेर हामी अगाडि बढ्न सक्दैनौ । तर यो सरसर्ती हेर्दा खेरि अलिकति महत्वकाँक्षी पनि छ की भन्ने जस्तो लाग्छ । भाषा सम्पादनको हिसाबले अलिकति त्रुटि पूर्ण छ । यहाँ कतिपय  विषयहरू नआउनुपर्ने जस्तो खासगरी भाङ्गोको सवाल वा वैज्ञानिक विश्लेषणको आधारमा शौचालय निर्माणको सन्दर्भमा भाषा सम्पादनको त्रुटिहरू मैले देख्छु । यहाँ कतिपय असान्दर्भिक र नराखे

पनि हुनुपर्ने विषयवस्तुहरू छन्, खासगरी हेलिप्याड निर्माण र अभिलेखिकरण, पहाडमा जहाँनेर पनि हेलिप्याड नै चाहिने र हेलिप्याड निर्माणकै लागि लगानी गर्नुपर्ने जरूरी ठान्दैन र त्यसको अभिलेखिकरण गर्नुपर्ने जरूरी छैन । जहाज चढ्नेहरूका लागि इन्धनमा छुट दिनुपर्ने भनिएको छ, सबै मान्छे जहाज चढ्छन् भन्ने छैन, जहाज चढ्नेहरूलाई इन्धनमा छुट दिने हो भने बस चढ्ने, हिड्ने मान्छेहरूलाई हामीले के मा छुट दिन्छौं, अर्को कुरा मेनुमा स्थानीय परिकार अनिवार्य भन्या छ, व्यावसायिक स्वतन्त्रताको हिसाबले कहीं न कहीं हस्तक्षेप भएको देखिन्छ । हिजो प्रमुख विपक्षी दलको नेताज्यूले भन्नुभएको छ, त्यसमा मेरो पूर्ण समर्थन छ, अर्गानिक क्षेत्र बनाउन खोजिरहेका छौं, अनि टिनको कुरा गरिरहेका छौं यो चाहिँ असान्दर्भिक छ । १० वर्षमा ५ हजार मेगावाट विद्युत् बनाउने भनेर भन्या छौं, हामीले ५ वर्षमा फेरी ५०० मेगावाटको कुरा गरिरहेका छौं, हाम्रो वार्षिक क्यालकुलेसन गर्ने सन्दर्भमा १ वर्षमा कति गराउन सक्छौं, २ वर्षमा, ५ वर्षमा र १० वर्षमा हाम्रो अलिकति क्यालकुलेशन पुग्या होकी नपुग्या हो भन्ने विषयमा मलाई शंका छ । एक घर एक रोजगारी भन्ने कुरा अत्यन्तै राम्रो र उपर्युक्त छ, त्यसमा १०० दिने थप्देर त्यो वाक्य नै अलिकति असान्दर्भिक भएको जस्तो मलाई लाग्दछ ।अबआवश्यकता मैले अलिकति मैले के देखिरहेको छु भने कर्णाली प्रदेशको लगानी कोषको स्थापनाको परिकल्पना कुरा नीति तथा कार्यक्रमले गरेको छ र त्यससँग जोड्नै पर्ने कुरा भनेको सरकारी क्षेत्रबाट निर्माण कम्पनी र त्यसको परिचालन गर्दा खेरि पैसा पनि सदुपयोग हुने, रोजगारीको क्षेत्र र त्यसको दायरा पनि फराकिलो हुने हामीले देखेंका हौं । यसको शब्द र भाषाहरूले बनाउन सकिने ठाउँहरू मैले देखेंको छु तर यसलाई नै फोकस गरेर राखेको जस्तो मैले देखेंन, त्यसका लागि मैले प्रदेश सरकारलाई यी सुझावमूलक कुरा राख्दै विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, माननीय श्री दीनवन्धु श्रेष्ठ । त्यसपछि माननीय श्री देवी ओली तयार हुनुहोला । समय सात मिनेट ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारले पेश गरेको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यमक्रममा छलफल गरिरहेका छौं । मलाई लाग्छ, पूर्ववक्ता माननीय संसदज्यूहरूले यस विषयमा धेरै कुरा स्पष्ट पारिसक्नु भएको छ । कर्णाली प्रदेशको नीति तथा कार्यक्रम सरकारले जसरी पेश गरेको छ, त्यसलाई हेर्दा, संघीय नीति तथा कार्यक्रम भन्दा राम्रो, उत्तम, सुन्दर र धेरै मेहनत गरेर ल्याएको जस्तो मलाई लागेको छ । तर त्यो नीति तथा कार्यक्रम कर्णाली प्रदेशको लागि अहिलेको परिस्थितिमा तत्काललाई कत्तिको सान्दर्भिक छ, हामीले अल्पकालीन, मध्यकालिन र दीर्घकालीन पनि हेर्नुपर्दछ । तर मलाई के लाग्दछ भने, कर्णाली प्रदेशका जनताको चाहना एउटै मात्र के हो भन्ने जस्तो मलाई लाग्दछ भने, परनिर्भर होइन आत्मनिर्भर, निगाहको पात्र होइन, सम्मानका पात्र, कर्णाली प्रदेशका

जनता हुनुपर्दछ, यो नीति तथा कार्यक्रम त्यता तिर उन्मुख हुनुपर्दछ भन्ने कुरा हो । यो नीति तथा कार्यक्रमलाई सबैले चासोको रूपमा हेरेका छौं, मैले पहिले नै भने, कर्णाली प्रदेशले समृद्धिका बाटोहरू कता तिर लाँदैछ, यसले कत्तिको फड्को मार्दैछ, भन्ने कुरा नै महत्वपूर्ण हो । तर यहाँ के देखियो भने प्रतिपक्षकै हिसाबले विरोधको भाषा बोलेका हैनौ, हामीलाई लागेका कुराहरू, असम्भव लागेका कुराहरू, कति सान्दर्भिक छन् कति छैनन्, यहाँ राख्नु जरूरी छ, हामीले विकासका नाममा, समृद्धिका नाममा धेरै सपनाहरू हिजो आज सपनाका कुराहरू, सपना देखौं, हामी खुम्चिनु हुँदैन । अलिकति ठूलो विचारले अगाडि बढ्दा खेरि नै हामीलाई प्रेसर पर्दछ, र अगाडि बढ्छौ भन्ने हो । तर सपना पूरा गर्न सक्छौं कि सक्दैनौ भन्ने मुख्य विषय हो । हामी कार्यक्रम कार्यान्वयनको पक्षमा एउटा Criteria तोकौं, कुन वर्षमा कुन कुनलाई महत्व दिएर अगाडि बढ्ने त्यो विकास निर्माणका कुराहरू, गोलमटोल तरिकाले अगाडि बढ्न खोज्यौ भने, धेरै सपना देख्यौ भने, बीच बाटोमै अलमलिन्छौं कि भन्ने चिन्ताको विषय हो । यहाँ नेर कर्णाली प्रदेशको नीति तथा कार्यक्रमहरू हेर्दा मलाई यो लामो कुरामा हिजो हाम्रा प्रतिपक्ष नेता माननीयज्यूले धेरै बुँदागत रूपमा राख्नुभयो । समय पनि कम छ, म त्यता तिर जाँदिन । तर हाम्रो अहिलेको आवश्यकता भनेको कर्णाली प्रदेशका स्रोत र साधनलाई सदुपयोग गरेर अगाडि बढ्ने नै हो । त्यसबाट नै हामीले आर्थिक समृद्धि र विकास कसरी गर्ने हो, हामीले धेरै सपना देखेंर तत्काल सम्भव छ कि छैन ? जे जे सम्भव छ, त्यसमा हामी अगाडि बढ्दा एउटा हामीले एक वर्षभित्र कर्णाली प्रदेशका जनताले प्रत्यक्ष अनुभव हुने विकास निर्माणका कुराहरूलाई अगाडि ल्याउनु सक्छौ भन्ने हो । त्यसका लागि जडीबूटी भो, पर्यटन प्रवर्द्धन, कृषि, शिक्षा, स्वास्थ्य र रोजगारका कुरा हुन्छन् । यसलाई हामीले सदुपयोगमा ल्याएर, जस्तै कृषिका कुरा छन्, उत्पादन र वैज्ञानिक कृषिमा जानु पर्यो, शिक्षाका कुराहरू छन्, प्राविधिक शिक्षा र गुणस्तरीय शिक्षा र व्यावसायिक शिक्षातर्फ लाग्नुपर्यो । स्वास्थ्यका कुरा छन्, गुणस्तरीय स्वास्थ्य र सुलभ हिसाबले कसरी कर्णाली प्रदेशका जनतालाई उपलब्ध गराउन सक्छौ । अर्को कुरो हाम्रो साधन र स्रोतलाई उपभोग गर्नका लागि आन्तरिक र बाह्य लगानीकर्ताहरूबाट कुनै योजनाहरू आउनु पर्दथ्यो । लगानीको वातावरण सिर्जना भइ लगानीकर्ताहरूको आकर्षण बढेपछि उद्योगधन्दा र कलकारखाना स्थापना गर्यौं भने बेरोजगारीको समस्या पनि धेरै हदसम्म न्यूनीकरण हुन्थ्यो जस्तो मलाई लाग्दछ । पहिलो त हामी सडक सञ्जालमै जानु पर्दछ, सडक विना हामीले अन्य विकास निर्माणका कुराहरूको कल्पना गर्न सक्दैनौ । त्यसैले मैले के भन्न चाहन्छु भने, कर्णालीका दुई वटा जिल्ला डोल्पा र हुम्ला जोड्न बाँकी छन्, ती जिल्लालाई १ वर्षभित्र कसरी जोड्न सकिन्छ भन्ने कुरा विचार गर्नुपर्ने भएको छ । भोलि यो आएको बजेट कसरी कार्यान्वयन गर्ने त ? यस विषयमा यो नीति तथा कार्यक्रममा आउनु पर्थ्यो, यो देखिएन । पहिलो कुरा त यो नीति तथा कार्यक्रम लागु हुने आधारहरू देखेंको छैन र प्रष्ट छैन । नीतिलाई कार्यक्रमले पुष्टि गर्नुपर्नेमा नीति तथा

कार्यक्रमको तालमेल देखिँदैन । कार्यक्रमको प्राथमिकता स्पष्ट हुनुपर्यो । यो सरकार बढिमा पाँच वर्षका लागि हो । एक वर्षको नीति तथा कार्यक्रममा दश वर्षमा समृद्ध प्रदेश बनाउने वाचा व्यवहारिक छ कि छैन र आगामी पाँच वर्षभित्र प्रतिव्यक्ति आय २१०० डलर पुर्याउने भनिएको छ । पञ्चवर्षिय योजना भए पनि आय कसरी वृद्धि गराउनेतर्फ ठोस कार्यक्रम के छ, कार्यक्रम त आउनु पर्यो नी, हामीले यसलाई यसरी अगाडि बढाउनु पर्यो भन्ने, तर त्यसलाई लक्ष्यमा पुग्ने ठोस कार्यक्रम त हुनुपर्यो जस्तो मलाई लाग्दछ । यहाँ मैले प्रष्ट पाइन यो नीति तथा कार्यक्रममा । गरिबी निवारण, विपन्न वर्गका उत्थानको लागि ठोस कार्यक्रम छैन, यो नीति तथा कार्यक्रममा स्पष्ट हुनुपर्दथ्यो । कर्णाली प्रदेशको उत्तर दक्षिण व्यापारिक नाका जोड्न जरूरी छ, अनि मात्र हामी आर्थिक समृद्धि र उद्योग धन्दा, कलकारखानाहरूको क्षेत्रमा ठूलो फड्को मार्न सक्छौ । दक्षिण र उत्तरको नाका जोड्न कर्णाली प्रदेश सरकारले ध्यान दिनु पर्दछ । म यसमा एउटा आफ्नो विचार राख्न चाहन्छु, जमुनाह, कर्णाली, चिसापानी, लालिगाड, जुम्ला खलंगा, मुगु गमगढी, सिमिकोट हिल्सा व्यापारिक नाका जोडिनुपर्दछ । यस नीति तथा कार्यक्रममा आएको छ, यसमा फेरी पनि पुनर्विचार गरियोस् भनेर सभामुख महोदयमार्फत् अनुरोध गर्न चाहन्छु ।

नीति तथा कार्यक्रममा उल्लेख भएको सुरूङ्ग मार्ग कति दशकका लागि हो, अब हामी सुरूङ्ग मार्गमा गयौं, सुर्खेत वीरेन्द्रनगरको सडकको हालत, सुर्खेत नाग्मा जुम्लाको सडकको हालत के छ पहिला त्यता तिर ध्यान दियौं । सुरूङ्ग मार्ग होला त्यो धेरै टाढाको सपना भयो, यसमा हामी अल्झिने कुरो छैन, तत्कालका हाम्रा आवश्यकता कुरा के हुन् ? राजधानी सुर्खेतका सडकका कुरा, विद्युत्का कुरा, खानेपानीका कुरा, व्यवस्थापन गर्न सकेका छैनौं, यहाँ निर फड्को मारेर एकैचोटि सुरूङ्गमार्गमा पुग्यौं । यहाँनिर एउटा उदाहरण छ, मेलम्ची खानेपानी आयोजना सुरूङ्गमार्गमार्फत् पच्चिस वर्ष भन्दा बढि भैसक्यो अहिलेसम्म आइपुगेको छैन । यहाँ नेर म कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । पाँच वर्षमा ५०० मेगावाट विद्युत् उत्पादन गर्ने भनियो, स्रोत, जनताको शेयर, ऋण अनुदान वास्तविक तथ्यमा आधारित छैन, त्यहाँ हामी गहिराइमा गएर ५०० मेगावाट विद्युत् पाँच वर्षमा उत्पादन गर्नका लागि योजना प्रष्ट हुनुपर्यो । हचुवाको भरमा योजना बनाएर हुँदैन । ऋण अनुदान वास्तविक तथ्यमा आधारित छैन, ऋण तथा अनुदानको प्रष्ट एकिन हुन जरूरी छ, पर्यटनका लागि कर्णाली, अर्थतन्त्रको आधार भनिएको छ, हालसम्म पर्यटनको क्षेत्रबाट कर्णाली प्रदेशको अर्थतन्त्रमा कति योगदान पुगेको छ भन्नेकुराको हामीसँग एकिन तथ्याङ्क छैन । हामीसँग त्यसको पनि त रेकर्ड हुनुपर्यो नी । प्रस्तावित पर्यटन बोर्ड भनिएको छ, त्यसमा सतापक्षको कार्यकर्तालाई रोजगार दिन नभइ, विज्ञ टोलीलाई नियुक्त गरिनु जरूरी छ । पर्यटन पदमार्गको रूपमा जोखिम पूर्ण पर्यटनको उल्लेख भएतापनि ठोस वैज्ञानिक योजना देखिँदैन, यसका लागि ठोस वैज्ञानिक योजना पनि प्रष्ट हुनपर्दछ । जनयुद्ध संग्रहालयबाट फजुल खर्च हुने

देखिन्छ । यदि जनयुद्ध संग्रहालय राख्ने हो भने जनआन्दोलन र जनयुद्ध पीडित संग्रहालय राख्न उपर्युक्त र व्यवहारिक हुन्छ ।

कृषि, स्वास्थ्य, वनजङ्गल, औद्योगिकजन्य जडीबूटी उल्लेख भएपनि वास्तविकतामा र ठोस कार्यक्रम विनाको देखिन्छ । प्रजातान्त्रिक समाजवाद, समानता, विकास, समृद्धि र समावेशिताको उच्चतम अवस्था तर नीति तथा कार्यक्रममा समावेशी, समाजवादी प्रणाली उल्लेख भनेर गोलमटोल रूपमा कम्यूनिष्ट अधिनायकवादको झ-झल्को देखिन्छ । रेलमार्गको नारा यस प्रदेशलाई पनि छोएको देखिन्छ । भौगोलिक विकटता र प्रदेशको साधन, स्रोत र संघीय सरकारले प्राथमिकता नदिएकोलाई पनि यहाँ नेर प्रदेश सरकारले अलिकति जनतालाई आश्वासन दिएको देखियो, झुट्टा आश्वासन दिन छोडौं । अन्तमा म के भन्न चाहन्छु भने, कर्णाली प्रदेशका १० वटा जिल्ला मध्ये २ वटा जिल्लामा तत्काल १ वर्षभित्र सडक सञ्जाल जोडौं । प्रत्येक गाउँपालिका र त्यहाँबाट जाने वडाहरूमा सडक व्यवस्थित र स्तरोन्नती गरौं । त्यहाँ उत्पादन गरिने कृषि उत्पादनलाई हामीले बजारमा ल्याउन सक्छौं र सही मुल्य पाउन सक्छौ । अहिले अन्त टाढा गएर सपना नदेखौं, बरूअबआउने प्रतिनिधिहरूलाई देखाउनु पर्ला जस्तो छ । हामीले यति गर्यौंअबयति तपाईंको पालो भनेर उहाँहरूलाई प्रष्ट पार्न सक्नुपर्छ । त्यसले गर्दा जति गर्न सकिन्छ त्यति गर्न सकौं, कर्णाली प्रदेशका १० वटा जिल्ला र हरेक गाउँपालिका र वडाका सडकहरूलाई ध्यान दिउं भन्दै विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, माननीय श्री देवी ओली, समय सात मिनेट । त्यसपछि माननीय श्री धर्मराज रेग्मी तयार हुनुहोला ।

**माननीय श्री देवी वलीः-** माननीय सभामुख महोदय, आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम मुख्यमन्त्रीज्यूद्वारा टेबुल भइ, प्रदेश प्रमुखज्यूले प्रस्तुत गर्नु भएको छ । त्यसको सैद्धान्तिक छलफलमा हामी उपस्थित भएका छौं । ती कार्यक्रममा हिजो र आज माननीयज्यूहरूले धेरै कुराहरू राखिसक्नु भएको छ, ती कुराहरू नदोहरिने गरी मैले आफूले देखेंका आफूलाई लागेका कुराहरू राख्न चाहन्छु । सर्वप्रथम सरकारले जुन उद्देश्य हाँसिलका निम्ति एउटा पथको तय गरेको छ, यो सफललता तिर जाओस्, यसको पूर्ण सफल कार्य तिर जाओस् भन्ने म शुभकामना दिन चाहन्छु । यो नीति तथा कार्यक्रममा मलाई आफूलाई लागेको कुरा, कति माननीयज्यूहरूले धेरै लामो भयो पनि भन्नु भयो । धेरै बुँदा आयो पनि भन्नु भयो, यो हेर्दा खेरि १६ पेज र १७५ वटा बुँदाहरू छन् । हाम्रो प्रदेशमा १० वटा जिल्लाहरू छन् । धेरै माननीयज्यूहरू हुनुहुन्छ, हिजो जिल्ला विकास समितिहरूमा बीस वर्षसम्म स्थानीय तह खालि हुँदा खेरि सबै पाटीका अगुवाहरू त्यहाँ बजेटिङ्ग तथा कार्यान्वयनसम्म अभ्यास गरेको संयुक्त रूपमा, सर्वदलीय सहमतिहरू जुटाउँदै गरेको अनुभव बटुलेका माननीयज्यूहरू पनि हुनुहुन्छ । त्यो जिल्ला विकासको कार्यक्रम हेर्दा खेरि नीति १६ पेजमा आएको छ, ठिकै छ, त्यो छोटो नै हुनुपर्दछ । तर कार्यक्रम तिर जाने हो भने, एउटा जिल्लाको कार्यक्रम ३०६-

७ पेजको कार्यक्रम हुन्छ भने प्रदेश सरकारको कार्यक्रमहरू अझै ठूलो हुनुपर्दछ भन्ने लाग्दछ । किनभने जनताका आशा र अपेक्षाहरूलाई हामीले ओझेलमा पारेर, गुमराहमा पारेर थिच्ने काम सरकारले गर्नुहुँदैन । जनताले राखेका कुराहरूलाई हामीले लिपिबद्ध गरेर हामीले कुनैपनि ठाउँबाट, कुनैपनि समयमा सम्वोधन गर्न सक्छौं, त्यसकारण नीति अझै जो हामीले छलफल गरिरहेका छौं, केही कार्यक्रमहरूका नाम पनि आएको हुनाले अलिकति कन्फ्यूजन पनि छ, यसमा मैले सरकारलाई संशोधन हुने हो, र परिमार्जन भएर आउनु पर्दछ । अँझ यो नीतिलाई सबै सेक्टरबाट जस्तो हामीसँग भएका विभागीय मन्त्रालयहरू छन्, जस्तै शिक्षा, भौतिक पूर्वाधार, उद्योग पर्यटन, कृषि यस्तै गरी शीर्षकअनुसार हाम्रा नीतिहरू आउनु पर्दछ । हामीले नीति मात्रै वाचन गर्ने र कार्यक्रम मात्रै त्यसमा संलग्न गरेर राख्नुपर्दछ । अझै यहाँ पुगेको छैन, सानो भयो, धेरै विषयवस्तुहरू छुटे भन्ने मलाई लागिरहेको छ । किनभने मैले उदाहरणको रूपमा भन्न चाहन्छु, नीति सँगसँगै वाचन गर्दाखेरी नीतिगत कुरासँग उता तिर धार्मिक पर्यटनको कुरा गर्दा धेरै पर्यटकीय क्षेत्रहरू, धार्मिक आस्था राखेका कुराहरू छुटेका छन् । हाम्रो रूकुमको कुरा गर्दा खेरि मुसीकोट नगरपालिकाको डिग्रे स्वाइक्वारी अत्यन्तै चर्चित छ, भारतबाट पनि दर्शन गर्न आउने गर्छन्, अरूकुराहरू पनि धेरै छुटेका छन् । त्यो नै महत्वपूर्ण कुरा छुट्यो भने, हिजो एकजना माननीयज्यूले भन्नुभएको थियो, हिड्दा पाती फाल्ने स्थानहरू धेरै छन् । त्यसकारण यस्ता महत्वपूर्ण कुराहरू छुट्ने गरी, नीतिमा कार्यक्रमका नामहरू केही वाचन गर्दा खेरि अलिकति कन्फ्यूजन भएको छ । कार्यक्रममा अझै थपेर आउनु पर्दछ र सरकारलाई कार्यक्रम छुट्टै सूची हुनुपर्दछ भन्ने सुझाव दिन चाहन्छु ।

त्यस सँगसँगै प्राथमिकताका कुराहरू गर्दा खेरि पहिलो प्राथमिकता भौतिक पूर्वाधार नै हो आज । केही जिल्लाका मानिसहरूले गाडीबाट यातायात गर्दाखेरी गाडी देख्न नपाउनु भनेको एउटा सामाजिक न्यायको दृष्टिले सुहाउँदो हुँदैन । यातायात नपुगेको ठाउँमा सरकारले पहिलो प्राथमिकतामा राखेर त्यहाँ यातायात पुर्याउने कुरामा कसैको विमती छैन, म त्योकुरामा सहमत छु । मैले यो भन्दा अगाडिको नीति तथा कार्यक्रममा भनेको थिएँ, हाम्रो छिमेकी राष्ट्रको नाकालाई पहिलो प्राथमिकता दिउँ भनेर । यो नीति तथा कार्यक्रममा नीति मात्रै, कुनै बुँदाहरूमा कार्यक्रम पनि आउँदा खेरि कन्फ्यूजन कहाँनेर भएको छ भने, भौतिक पूर्वाधारलाई प्राथमिकता दिने कुरामा हाम्रो सहमत नै छ, तर समावेशी दृष्टिकोणको बजेट पनि हामीले बिर्सनु हुँदैन । त्यो नीति पनि आउनु पर्दछ । नीति कार्यक्रमको सात पेजमा मैले धेरै चोटि पढ्दा खेरि भेटाएँ, ८० नं. बुदामा रहेछ, नीति कार्यक्रम यहाँ प्रस्तुत हुने बित्तिकै, हिंशा पीडित महिलाहरूको संरक्षणमा कार्य गरी रहनु भएका महिलाहरू धेरै प्रश्न गर्नुभयो । आज यो आफ्नो माइती नहुने अथवा घरबाट निकालिएर सडकमा पुर्याइएका महिलाहरूको संरक्षण गर्ने कार्यक्रम कहाँ आयो भनेर, हामीले सेफ हाउसको संचालन गर्नुपर्दछ । यस्ता महिलाहरू संरक्षण गर्नुपर्दछ ।

यकातिर हिंशा अन्त्य गर्नुपर्दछ, न्यूनीकरण गर्नुपर्दछ । त्यो कार्यक्रम पनि हुनुपर्दछ । तर गर्दागर्दै समाज रहँदासम्म विभेद रहन्छ भने मान्छेहरूमा त्यस्तो खालको अमानवीय व्यवहार देखिँदा खेरि संरक्षण पनि राज्यले दिनुपर्दछ भन्ने कुरा बिर्सनु हुँदैन । त्यहाँ त्यो ८० नं. बुँदामा भनिएको रहेछ, तर त्यो नभेटाउँदा खेरि त्यस्तो अन्यौलता जनताहरूमा आयो । हामीले ल्याएका कार्यक्रमहरूमा अलिकति भाषा प्रष्ट नहुँदा खेरि मान्छेहरूलाई प्रश्नमाथि प्रश्न आएको जस्तो अनुभूति गरेको छु । त्यसकारण त्यो हिंशा पीडित महिलाहरूलाई आवासीय संरक्षण दिने त भनिएको छ, त्यसलाई हिंशा पीडित महिलाहरूलाई अल्पकालीन संरक्षण दिनेछौं अथवा अल्पकालीन आवासगृहको स्थापना गर्ने छौं भनेर नाम नै उल्लेख गरियो भन्ने प्रष्ट भइनेछ भनेर मलाई लागेको छ । त्यससँगै हामीले संघीय सरकारबाट अनुदान आएको बाहेक अरू अनुमानित बजेट पनि ल्याउने हो भने नीतिमा हाम्रो करका सीमाहरू, दायराहरू के-के हुनसक्छन्, हामीले कहाँबाट आम्दानी लिन सक्छौ भनेर नीतिमा आउनु पर्दछ र त्यसअनुसार नै मान्छेहरूले राज्यलाई के लगानी गर्नुपर्दछ भन्ने कुरामा त्यसले अलिकति सचेतना दिनसक्छ भन्ने लाग्दछ । यसको सँगसँगै जसरी हाम्रो प्रदेशमा यो भौतिक पूर्वाधारको कुरालाई हामीले गरिरहेका छौं, त्यो सँगसँगै मानवीय संरक्षणको, मानवीय विकासको कुरालाई सँगसँगै लैजानुपर्दछ, जस्तो हामीले अनुभव गरिरहेका छौं, सडक खनिरहँदा खेरि त्यसको वरीपरी बस्ने मानिसहरूले धुलो मात्रै खाने होइन, माटो मात्रै खाने होइन, त्योसँगसँगै सम्भावित कुराहरू हुन्छन्, त्यो सम्भावित कुराहरू गर्न पाउनु पर्दछ, कुनै सानातिना कुराहरू हुनसक्छ, उत्पादनका कुराहरू हुनसक्छ यस्ता योजनाहरू बनाउनु पर्दछ भन्ने मलाई लाग्दछ । अर्को म के सुझाव दिन चाहन्छु अन्तिममा, हामीले अघिल्लो पटकको बजेट ल्याउँदा खेरिको जस्तो गरेर संरचना विहीन भएर, अर्कोपटक पनि नीति कार्यक्रम भनेर भन्नु पर्ने स्थिति सिर्जना हुन दिनुहुँदैन । संरचनाहरूलाई तयार पार्नुपर्दछ । त्यससँगै हाम्रो प्रदेशमा अहिले कानून निर्माण पनि पहिलो प्राथमिकतामा पर्नसक्छ । पहिला संरचना र कानून निर्माण गरिसकेपछि मात्रै हामीले योजनाहरू लैजान सक्छौं जस्तो लाग्छ, यो कुरालाई प्राथमिकतामा राखेर नीति कार्यक्रम सर्वसाधारणहरूले पढ्दा खेरि पनि प्रष्ट बुझिने गरि, नीति एकातिर र कार्यक्रम अझै थपिएर सबै जिल्लामा भएका जनताका मागहरू सूचीबद्ध भएर राखिनुपर्दछ, ती योजनाहरू, कार्यक्रमका नामहरू, लिपिबद्ध भएर रहनुपर्दछ भन्ने कुरा अनुरोध गर्न चाहैं, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री धर्मराज रेग्मी, त्यसपछि माननीय श्री पद्मा खड्का तयार हुनुहोला ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमको छलफलमा सहभागी हुन सम्मानित यस सदनमा उभिएको छु । यो अवसरका लागि म माननीय सभामुखज्यू प्रति आभारी छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुने प्रदेश प्रमुखज्यू र प्रदेश सरकारलाई धन्यवाद ज्ञापन

गर्न चाहन्छु । सभामुख महोदय, हेर्दा संसदका गतिविधिहरू औपचारिक, झन्झटिला र कर्मकाण्डी लाग्ने गर्छन् । संसदले संसदीय मुल्य स्थापित गर्न, स्थापित विधि र प्रकृयाको जगमा जनअधिकारको रखवाली गर्छ । सार्वभौम जनताका प्रतिनिधिका रूपमा यो अवसर र जिम्मेवारीकै कारण हामी संसदमा संधै जनताका पक्षमा उभिन्छौ । सभामुख महोदय, त्यसो गर्दा हामी सत्ता र विपक्षीको घेरा भन्दामाथि उठेर सार्वभौम जनताका पक्षमा उभिन्नु पर्दछ ।

सभामुख महोदय, हामी हाम्रो कर्णाली प्रदेशको नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छैनौं । देशका कम अल्पायु जिन्दगी कसरी लम्बाउने, कसरी ५२ प्रतिशत भन्दा बढि गरिबीको रेखामुनि रहेका जनताहरूलाई भिमकाय समस्याबाट कसरी मुक्ति दिलाउने, अशिक्षा, कहालीलाग्दो बेरोजगारी, भोकमारी, गरिबी, रुढीवाद र अनेकौं प्राकृतिक तथा कृतिम संकट र विपत्तिहरूबाट प्रदेशभित्र र विदेशमा बस्ने करिब १७ लाख जिन्दगी बारे छिनोफानो गर्न हामी यो बहसमा भाग लिइ रहेका छौं । त्यसकारणले सभामुख महोदय, नियमित तथा साधारण बहस होइन, यस छलफलमा गम्भीरता छ र सबैमा गम्भीरता महसुस गर्न आग्रह गर्दछु, सभामुख महोदय ।

सभामुख महोदय, नीति तथा कार्यक्रममा सब्बल र दुर्बल पक्षहरू छन्, म ती सब्बल र दुर्बल पक्षहरूको बारेमा तर्क वितर्क गर्न सकुलाँ तर म अहिले त्यता तिर लाग्दिन। कम्तीमा यो नीति प्रिन्सिपल भयो भएन, कम्तीमा यो कार्यक्रम प्रोगामिङ्ग भयो भएन, राजनीतिक विश्लेषक, माननीयज्यूहरूले संसदमा आवाज उठाउनु भएकै छ । हिजोदेखि संसदमा चलेका छलफलहरूले त्यसको एउटा सार बुझ्न सक्छौ । माननीयज्यूहरूले गरेका ती टिप्पणीहरू गम्भीर भएर मैले सुनिरहेको छु । भिजन जहिले पनि सोच, अवधारणा, मन्थन र मथिङ्गलका वरिपरी घुम्छ । भिजन प्रिन्सिपल र प्रोगामका रूपमा विकसित हुन सक्यो कि सकेन त्यसका आफ्नै चरणहरू छन । मलाई जहाँसम्म लाग्छ प्रस्तुत दस्तावेजमा भिजन र प्रिन्सिपल र प्रोगामका बीच वस्तुनिष्ठ अन्तर छैन, सभामुख महोदय । यसले हाम्रो सैद्धान्तिक दिवालीयापन, वैचारिक र वास्तविक ल्याकतको गहिरो संकेत गर्छ, न केवल सरकारको कमजोरी मात्रै हो, सभामुख महोदय । यो न केवल सरकारको कमजोरी मात्रै हो, हामी किन कर्णालीवासी भयौं, हामी किन दरिद्र भयौं, भन्ने तितो सत्य हो सभामुख महोदय । यसले हाम्रो वास्तविक चेतनाको प्रतिविम्व झल्कन्छ । हामी कति चेतनाको निर्माण पनि यसै मनोविज्ञानले गर्छ सभामुख महोदय । त्यसो भएकोले मलाई यसले गम्भीर र भावुक बनाएको सभामुख महोदय । जुन दस्तावेजलाई हामीले नीति तथा कार्यक्रम भनेर छलफल गरिरहेका छौं, सभामुख महोदय । यसले केही प्रश्न उठेका छन्, हामीले बनाएको नीति तथा कार्यक्रमले जनताको मुहारमा खुशी देखिन्छ छ कि देखिँदैन, सभामुख महोदय । भारतमा संविधान बन्ने चरणमा थियो, गान्धी जी संविधान सभामा प्रवेश गर्नुभएन, बाबु जलमोहन गएर प्रश्न गर्नुभयो, तपाई संविधान सभामा जानुभएन, मलाई तपाईंले आशिर्वाद दिनुहोस्, तब गान्धीजीले भन्नुभयो,

तपाईंले नियम बनाउनुहोस्, संविधान बनाउनुहोस्, त्यो बनाउनुभन्दा पहिला मुलुकका सबैभन्दा गरिब र सबैभन्दा कमजोर मान्छेहरूको अनुहारमा हेर्नुहोस्, ती गरिब र कमजोर मान्छेहरूको अनुहार हेरिसकेपछि तपाईंले बनाउने नीति कानून तथा संविधानले उनीहरूको जिन्दगीमा परिवर्तन ल्याउँछ कि ल्याउँदैन विचार गर्नुहोस् अनि त्यसपछि मात्रै बनाउनु होला, गान्धीजीले नेता बाबु जलमोहनज्यूलाई यसरी सुझाव दिनुभएको थियो, सभामुख महोदय । पछि गएर भारतका चर्चित न्यायाधीशले संविधानको व्याख्या गर्ने सन्दर्भमा यही कोटेशन लेख्नुभएको छ भन्नु भएको छ न्यायाधीशहरूलाई, "तिमिहरूले संविधानको व्याख्या गर्दा, जुन कदम चाल्दैछौ, त्यसले भारतका सबैभन्दा गरिब र उत्पिडित जनताहरूलाई प्रभाव पार्छ कि पार्दैन त्यो कुरा बुझेर लेख" भनेर भारतको सर्वोच्च अदालतका एकजना चर्चित न्यायाधीश कृष्णएरले आफ्नो फैसलामा लेख्नु भएको छ, सभामुख महोदय । के हामीले बनाएको नीति तथा कार्यक्रमले जनताको मुहारमा खुशी देखिन्छ, के हामीले ल्याएको दस्तावेज कर्णालीवासीको मुहार फेर्छ, सभामुख महोदय । म बढो किंकर्तव्यविमुढ छु, म यसमा निष्कर्ष भन्न सक्दिन, सभामुख महोदय । हामी कति अकर्मण्य छौं भन्ने कुरा यसले इङ्गित गर्छ । वैशाख १० गते १४६ बुँदे नीति तथा कार्यक्रम यसै सभामा प्रस्तुत गरेका थियौं, सभामुख महोदय । त्यसको डेढ महिना पछि १७५ बुँदे नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं । त्यो राष्ट्रिय गौरवका आयोजना र केबुलकार मुखी थियो, सभामुख महोदय । यो सुरूङ्ग मार्ग र रेलमार्ग मुखी छ, सभामुख महोदय । मलाई लाग्छ एकमहिना दिनपछि यो दस्तावेज आएको भए, बुलेट ट्रेन, ओभरफ्लाई, एअरस्पेश, रकेटमार्ग मुखी जान्थ्यो, सभामुख महोदय । १ महिना अघि हामीले संसदमा उभिएर जे बाचा गयौं, १ महिनापछिको तत्कालक राजनीति यसको भुराजनीति योजनाहरूको के परिवर्तन भएको छ र हामीले आज के दस्तावेज ल्याएर आइरहेका छौं । त्यसो हो भने मलाई के लाग्छ भने, नीति र कार्यक्रम जस्ले लेख्यो, यो तयार पार्न जो जो सामेल हुनुभयो, म उहाँहरूको योगदान प्रति धन्यवाद र आभार प्रकट गर्न चाहन्छु । गल्ती उहाँहरूको होइन, गल्ती हाम्रो हो । गल्ती हाम्रो हो, हाम्रो विज्ञता यति दरिद्र छ, जसले समाज जनता, परिस्थिति र वास्तवकितामा आँखा चिम्लिन्छ सभामुख महोदय, गल्ती हाम्रो हो, हाम्रो राजनीति यति बरालिएको छ की, आफ्नो धारणा हामी आफै बनाउन सक्दैनौ सभामुख महोदय । त्यसो हुँदा प्रस्तुत दस्तावेजमा इतिहासको सही मूल्याङ्कन र भविष्यको मार्गदिशाका बारेमा हामी अल्झिएका छौं, यो कटुक सत्य हो । यसो हुँदा जीवनमा सुने, जानेका, भोगेका, सुनेका, पढेका सबै विषयहरू यसमा समेटिएका छन् सभामुख महोदय । त्यसो भएपछि प्रस्तुत दस्तावेजमा हामी प्राथमिकता निर्धारण गर्न चुकेका छौं, मैले गम्भीर रूपमा सम्मानित सदनमा यो कुरा उठाइरहेको छु । प्राथमिकता निर्धारणमा हामी चुकेका छौं र समस्या पहिचान र त्यसको निदानमा हामी चुकेका छौं, म कसैको नियतमा प्रश्न उठाउदिन, सभामुख महोदय । म कानूनी अभाव, संरचनात्मक समस्या, जनशक्ति व्यवस्थापन यही सरकारले

गरिरहेको छ, गर्दैछ, म त्यसको प्रशंसक हुँ, सभामुख महोदय । सरकारका सकारात्मक प्रयासहरू छन्, म त्यसमा सभाको सदस्यको हैसियतले गर्व गर्न चाहन्छु । यद्यपी चरण चरणका छलफलहरू भए, छलफल नभएका पनि होइनन्, सायद राम्रो बनाउने प्रयासका बाबजुद दस्तावेज यस्तो आयो सभामुख महोदय । यसो हो भने दस्तावेजमा केही महत्वपूर्ण विशेषताहरू छन्, म यसलाई संक्षिप्त रूपमा भने, प्रस्तुत नीति तथा कार्यक्रम १६ पृष्ठ लामो दस्तावेजमा जनसहभागितामा आधारित विकासलाई प्राथमिकता दिइएको छ, यो अत्यन्तै सकारात्मक पक्ष हो, सभामुख महोदय । अर्थतन्त्रको आधारको रूपमा पब्लिक, प्राइभेट र को-अपरेटिभ (पिपिसी) मोडलबाट यसलाई अगाडि सारिएको छ, साझेदारीलाई जोड दिइएको छ । विकास र समृद्धिको छटपटी धेरै ठाउँमा देखिन्छ, सभामुख महोदय । डिजिटल प्रदेश, दुई वर्षभित्र सबै गाउँलाई सञ्चार क्षेत्रमा जोड्ने, हो यो कहिले काँही हाम्रो देशमा पनि थिङ्क ट्याङ्कको बडो आवश्यकता छ, थिङ्क चाहिँ नहुने अनि ट्याङ्क मात्रै भएर बस्ने, हामीले यहाँ बनाउने ट्याङ्क चाहिँ थिङ्कसहितको बनाउनु पर्दछ । प्रेस र पत्रकारितासँग आधारभूत विषयहरू समेटिएका छन् । जनतासँग मुख्यमन्त्री कार्यक्रम छ, सभामुख महोदय । यसले प्रदेश सरकारलाई पारदर्शी बनाउन सहयोग पुर्याउँछ, सभामुख महोदय । यसमा अर्गानिकरण छ, अर्गानिकरण हुँदाहुँदा होटलका मेनुहरूसम्म छ, सभामुख महोदय । यसलाई हामीले सकारात्मक रूपमा लिनुपर्दछ । हामीले केही महत्वपूर्ण कार्यहरू गर्नुपर्दथ्यो, दस्तावेजमा ती कामहरू छुटे, सभामुख महोदय । म त्यसलाई सुझावको रूपमा राख्न चाहन्छु, सभामुख महोदय । घाइते बेपत्ता, सबै प्रकारका आन्दोलनका शहिद परिवारका आँशु, पसिना र भावनाहरूको बारेमा स्पष्ट रूपमा प्रदेश सरकारको तर्फबाट धारणा बनाएका छैनौं, सभामुख महोदय । वैदेशिक रोजगारीको लागि खाडी र अन्य मुलुकहरूमा भौतारिएका युवाहरूलाई स्वदेश फर्काउन, खाडीदेखिखेतबारीसम्म भन्ने नारासहित कृषिमा आधारित रोजगारमूलक कार्यक्रमहरूको संचालन गर्न सकिन्थ्यो, सभामुख महोदय । यसलाई हामीले नीतिको रूपमा अगाडि सारेका छैनौं सभामुख महोदय । धेरै आयोगहरू छन्, प्रतिष्ठानहरू छन्, त्यसले इन्स्टिचिउसन लोड होला, त्यसले संरचनात्मक लोडहरू होला, त्यसले आर्थिक लोड होला, यद्यपी केही संरचनाहरूको कल्पना गरिएको छ, सभामुख महोदय । अर्थव्यवस्थालाई सुदृढ गर्न आजको समयमा असाधारण हिम्मत गरिनु पर्दछ, सभामुख महोदय । त्यसो गरिएन भने, हाम्रो नीति तथा कार्यक्रमहरू ठोस् रूपमा लागु हुन सक्दैनन् । कृषकलाई पेन्सन होइन, सभामुख महोदय, कृषकलाई लोन चाहिएको छ, कृषकलाई सहुलियत चाहिएको छ, कृषकलाई प्रविधि चाहिएको छ, कृषकलाई अनुदान चाहिएको छ, कृषकलाई पूँजी चाहिएको छ, कृषकलाई बजार चाहिएको छ, कृषकलाई पेन्सन होइन, सभामुख महोदय । मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार छ,माथि प्रधानमन्त्री उत्कृष्ट कृषक पुरस्कार छ, सभामुख महोदय । नाम राख्दा पनि प्रधानमन्त्री उत्कृष्ट कृषक पुरस्कार भनेको त म त प्रधानमन्त्रीहरूले नै कृषि गरेर, ती प्रधानमन्त्रीहरू मध्ये

उत्कृष्ट हो कि भन्ने लाग्थ्यो ।यता मुख्यमन्त्री उत्कृष्ट कृषक भन्दा ७ वटा प्रदेश मध्येका मुख्यमन्त्रीहरूले कृषि गरेर ती मध्येका उत्कृष्ट मुख्यमन्त्रीलाई दिने होकी भन्ने लाग्थ्यो, सभामुख महोदय । कृषकलाई दिने पुरस्कार होला, उत्कृष्ट प्रदेश कृषक पुरस्कार दिए भैगोनी, सभामुख महोदय । उत्कृष्ट मुख्यमन्त्री पुरस्कार के दिनुपर्यो ?माथि पनि प्रधानमन्त्री उत्कृष्ट पुरस्कार भनिएको छ, एउटा आयोजनाको नाम प्रधानमन्त्री कृषि आधुनीकरण योजना छ, सभामुख महोदय । प्रधानमन्त्रीले नै त्यसलाई आधुनीकरण गर्नेहोला जस्तो, हाम्रो त राष्ट्रपति चुरे संरक्षणको बेहाल छ, सभामुख महोदय । नामाकरण गर्दा पनि हामी आममान्छेको भावनाको चाहिँ प्रतिनिधित्व नगर्ने गर्छौं । म एकचोटि मुद्दाको सिलसिलामा प्रहरीकोमा गएको थिएँ । त्यहाँ अपराध महाशाखा राखेको थियो, यसले क्राइमिङ्ग गर्ने होकी के हो, अपराध अनुसन्धान महाशाखा भनेर राख्नुहोस् न भनेर हामीले सुझाव दिएका थियौं, सभामुख महोदय । नामहरूको बारेमा पनि मुख्यमन्त्रीले सम्मान गर्नेहोला, प्रदेशको उत्कृष्ट किसान पुरस्कार भनेर राख्न सकिन्छ । यसमा चाहिँ मैले कार्यक्रमको बारेमा सकारात्मक कार्यक्रम हो, केही कुराहरू छुटे, सभामुख महोदय, निष्कर्षमा के भन्न चाहन्छु भने, विकास र समृद्धिको अवधारणा अघिल्लो दस्तावेजमा मूर्त रूपमा थियो, विकास र समृद्धिको अवधारणा छुट्यो । असारमा शुन्य सहनशीलता, जिरो पर्फर्मेन्सको कुरा थियो, त्यो छुट्यो, अघिल्लो दस्तावेजमा थियो, त्यो पनि छुट्यो, पेट्रोलियम पदार्थको अनुसन्धान र उत्खनन्, सार्वजनिक विदा मिलान गर्ने र स्मार्ट सिटीका अवधारणाहरू थिएँ, ती अवधारणाहरू एक महिनामा किन निकम्मा भए, अघिल्लो पटकका ती अवधारणाहरू कायम हुनुपर्दछ, किनभने ती भनेका संसदका सम्पती हुन्, सभामुख महोदय । आज यो सम्मानित सदनमा उभिएर हामीले प्रण गरेको छ, संसदले सङ्कल्प गर्नुपर्ने भएको छ । यही गतिले समृद्ध कर्णाली प्रदेश बनाउन सक्छौ, हामीले यसको गति द्रुत बनाउनु पर्ने भएको छ । त्यसो हो भने जनताका बीचमा सरकारले स्पष्टसँग भन्नुपर्दछ, हामीसँग कानून छैन, हामीसँग सीमित अधिकार छ, हामीसँग थोरै पैसा छ, त्यसो हो भनेअबहामी काम कसरी गरौ भनेर हामीले जनताका बीचमा खुल्ला आग्रह गर्नुपर्दछ सभामुख महोदय । समृद्ध कर्णालीको समस्या के हो ,हामीले त्यो कुरा जनतालाई भन्नुपर्दछ, सरकार डराउनुपर्ने, लाज मान्नुपर्ने केही पनि छैन, सभामुख महोदय । त्यसो हुँदा यो बहसलाई म सम्मानित संसदमार्फत् आम जनताका बीचमा लैजान अपिल गर्दछु, सभामुख महोदय । किनकी यस हलमा जो प्रदेशको नीति तथा कार्यक्रममा टिप्पणी गर्दैछौं, जसले हामीले जनताको भविष्य जोगाउने, वा प्रदेशको तरकी गर्ने वा अकर्मन्यता एवम अयोग्यताको दलदलमा फसिराख्ने हाम्रा अगाडि यो प्रश्न छ सभामुख महोदय । मान्छेहरूले हामीलाई आशापूर्ण र शंकालु नजरले चियाई रहेका छन्, उनीहरूले हामीहरू प्रति आशा पनि गरिरहेका छन् र शंकालु नजरले चियाई पनि रहेका छन् । त्यसो हो भने, सभामुख महोदय, भौतिक पूर्वाधार, कृषि, पर्यटन, पशुपालन, सूचना, सञ्चार, शिक्षा र गुणस्तरीय जिन्दगीका लागि बेरोजगारी र गरिबी नै यो प्रदेशका

समृद्धिका तगारा हुन्, हाम्रा यी चुनौतीका पहाडहरू खडा छन्, तथा अथाह सम्भावनाहरू पनि पर क्षितिजमा छन्, कालो बादलमुनि मैले त चाँदीको घेरा देखिरहेको छु, सभामुख महोदय । म सरकारसँग दस्तावेज उपर संसदमा उठेका अंहम सवालहरू समावेश गरी सम्पादन गर्न र पुनर्लेखन गर्न विनम्र आग्रह गर्दछ सभामुख महोदय । यो गरिमामय संसदमार्फत् आम कर्णालीवासीहरूलाई सामाजिक न्याय र समृद्धिका लागि सुशासनको अभियानमा सबै एकाकार हुन अपिल गर्दछु, र म सरकारसँग दस्तावेजलाई सम्पादन, पुनर्लेखन गर्न र सदनमा उठेका प्रश्नहरू सामेल गराउन आग्रह गर्दछु, धन्यवाद र हार्दिक आभार ।

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, यसपछि माननीय श्री बिन्दमान बिष्ट तयार हुनुहोला ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, दोस्रो अधिवेशनको चौंधौं बैठकको क्रममा यस गरिमामय सदनमा प्रदेश सरकारका मुख्यमन्त्रीबाट टेबुल भइ, प्रदेश प्रमुखबाट प्रस्तुत यस आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रमको लागि प्रदेश सरकारलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । यो नीति कार्यक्रमले पक्कै पनि जनताका आवश्यकतालाई समेटेर कार्यान्वयनमा लैजाने छ भन्ने कुरामा एकदमै आशा र विश्वास पनि व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, आज हामी २०७५/०७६ को नीति तथा कार्यक्रममाथि सैद्धान्तिक छलफल गरिरहेका छौं । २०७४/०७५ को नीति तथा कार्यक्रम पनि वैशाख १० गते यसै गरिमामय सदनमा छलफल गरेका थियौं । आज त्यो नीति तथा कार्यक्रममा समावेश गरिएका विषयवस्तुलाई २०७५/०७६ को नीति तथा कायक्रममा समेटिएका छन् कि छैनन् भन्ने विषय पनि यहाँ उठिरहेको छ । सर्वप्रथम वैशाख १० गते कर्णाली प्रदेश सरकारले यो गरिमामय सदनमा प्रस्तुत गरिएको कर्णाली प्रदेशको पेट्रोलका कुरा, खानीका कुराहरू एकदमै महत्वपूर्ण विषयहरू यो नीति तथा कार्यक्रममा समावेश गरिएको थियो, अहिले २०७५/०७६ को नीति तथा कार्यक्रममा छुट्न गएको होकी भन्ने हामीलाई आभाष भइरहेको छ, यसलाई पनि समेट्न सकिन्छ कि भन्ने विषयमा सुझाव दिन चाहन्छु । कर्णाली प्रदेश सरकारले अहिले प्रस्तुत भइरहेको नीति तथा कार्यक्रममा कर्णालीका आम जनताहरूलाई प्रत्यक्ष रूपमा छुने गरी, जनताहरूलाई कर्णाली प्रदेश सरकारले ल्याएको कार्यक्रमले प्रत्यक्ष रूपमा लाभ हुने गरी, नीति तथा कार्यक्रम जुन १६ पेज १७५ बुँदामा ल्याइएको कार्यक्रम छ । पक्कै पनि यस कार्यक्रमलाई कर्णाली प्रदेशका जनताहरूले आशा गरिरहँदा, हामीले नीति तथा कार्यक्रम ल्याइरहेका छौं । तर कार्यान्वयनमा जाँदा हाम्रो कर्णाली प्रदेशको कार्यान्वयनको पाटो महत्वपूर्ण रहेको छ । हाम्रो सामु चुनौतीहरू देखा परिरहेका छन् । हामीले ल्याइरहेका नीति तथा कार्यक्रमलाई प्रत्यक्षरूपमा जनतासम्म जान सकिन्छ कि सकिदैन भन्ने कुरा पनि हाम्रो सामु चुनौतीको रूपमा देखापरेको छ । त्यसकारणले गर्दा पनि म कर्णाली प्रदेश सरकारलाई यो नीति तथा कार्यक्रम सँगसँगै सबै विषयगत मन्त्रालयहरूका संरचना

बनाउने कुरामा कर्णाली प्रदेश सरकारको छिटो भन्दा छिटो ध्यान जाओस् भनेर भन्न चाहन्छु । हामीले जुन अहिले एउटा सम्भावना धेरै छ कर्णाली प्रदेशमा भनेर भनिरहेका छौं, बोलिरहेका छौं, अध्ययन गरिरहेका छौं तर एउटा बालक फालिएको पाउरोटी खान कुकुरसँग लड्नु पर्ने अवस्था छ, सडकमा, आज तिनै बालबालिकाका लागि, आज बेरोजगार भएर युवाहरू मिठो सपना देखेंर खाडीमा गइरहेका छन् तर आउँदा बाकसमा आउनुपर्ने बाध्यता छ, त्यसलाई निर्मुल गर्नका लागि एक घर एक रोजगारको कार्यक्रम ल्याइएको छ, तर आज ती युवाहरूलाई प्रत्यक्षरूपमा कहाँ जोडिएको छ भन्ने कुरालाई पनि विशेष रूपमा चाहिँ आज यहाँका आम कर्णालीवासीहरूले हेरिरहेका छन् । आज हामी ती युवाहरूलाई स्वदेशमा फर्काएर उत्पादनमा लगाउने खालका कार्यक्रम यस नीति तथा कार्यक्रमले ल्याउन सक्छ सक्दैन, ल्याएको छ कि छैन भन्ने कुरा चासो लिइरहेका छन् । यो सदनमा सैद्धान्तिक छलफलमा उठिरहेका कुराहरू कर्णाली प्रदेश सरकारको गम्भीर रूपमा ध्यान जाने कुरामा हामीले आशा लिएका छौं । आज आम नागरिकहरूले भनिरहेका छन्, हामीलाई धेरै सपनाहरू, धेरै योजनाहरू बाड्न भन्दा कर्णाली प्रदेशका सम्भावना र प्राथमिकता के हो ? आज कर्णाली प्रदेशको, सुन्दर रारा तालमा अमेरिकन डलहरू बगिरहेका छन्, आज ती डलरहरूलाई कर्णाली प्रदेशका जनतालाई समृद्ध गराउनका लागि रारा याललाई कसरी जनताका प्रत्यक्षरूपमा चाहिँ जनताले फाइदा लिन सक्छन् । यो कर्णाली प्रदेशमा प्रचुर सम्भावनाहरू छन्, ती सम्भावनाहरूलाई जनतासम्म कसरी जोड्न सकिन्छ, जनतालाई कसरी त्यहाँसम्म जोड्न सक्छौं भन्ने कुरालाई महत्वपूर्ण रूपमा हेरिएको छ । हामी कर्णाली प्रदेशसँग भेरी नदी र कर्णाली नदी बगिरहेको छ, यो प्रदेशलाई उर्जाको क्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि कार्यान्वयन गर्न सक्छौ कि सक्दैनौ भन्ने कुरामा आम नागरिकहरूले हेरिरहेका छन् । आज तपाईंहरूले धेरै कार्यक्रम गर्नुभन्दा ठूलो प्रोजेक्टको रूपमा सम्भावना भएका कर्णाली प्रदेशका जुन सम्भावना छन्, तिनैलाई बोकेर अगाडि बढ्यो भने यो कर्णाली प्रदेशले जुन हाम्रो राष्ट्रिय नारा "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने जुन नारा छ, त्यस नारालाई पनि कर्णाली प्रदेशका जनताले आभाष गर्न पाउने छन् भन्ने कुरा म यहाँ राख्न चाहन्छु । हाम्रो यो कर्णाली प्रदेशमा रहेका जल, जङ्गल, जडीबूटी प्रशोधन गर्ने भनिएको छ, तर उत्पादन गर्ने कुरालाई कहाँ लेखिरहेको छौं, जडीबूटी उत्पादन गर्नुपर्दछ, संरक्षण गर्नुपर्दछ भन्ने कुराहरूलाई पनि हामीले यहाँ समावेश गर्नुपर्दछ । हामीले प्रशोधन सँगसँगै उत्पादनका क्षेत्रलाई बढाउन सकेनौं, उत्पादनका क्षेत्रहरूलाई पनि छुटयाउन सकेनौं । जस्तो पहाडी भूभाग, हिमाली भूभाग, तराई क्षेत्रमा कुन कुन खालका जडीबूटीहरू पाइन्छन् भन्ने कुरामा हामीले महत्वका साथ हेर्यौं भने पक्कै पनि यो नीति कार्यक्रमलाई कार्यान्वयनमा लैजाने कुरामा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । कर्णाली प्रदेश जहाँ हामी मातृ शिशुदर घटाउने कुरा गरिरहेका छौ, गरिबीको दर घटाउने कुरा गरिरहेका छौं, महिलाहरूले सुरक्षित मातृत्वको कुरा गरिरहेका

छौं, भौगोलिक विकटताका कारणले गर्दा पनि जहाँ गाउँ बस्ती-बस्तीमा महिला स्वयमसेविकाहरूले एउटा डाक्टरहरूको काम गरिरहेका छन् । यो नीति कार्यक्रमले ती स्वयमसेविकाहरूलाई सम्वोधन गरेको देखिँदैन । सभामुख महोदय, त्यसकारणले गर्दा म यस गरिमामय सदनमा स्वयम सेविकाहरूलाई पनि यो नीति तथा कार्यक्रममा समेट्नु पर्दछ । हामीले बाहिर राष्ट्रको कुरा गरिरहँदा, साना बालबालिकाहरूलाई महत्वपूर्ण ध्यान दिएको देखिन्छ तर हाम्रो कर्णाली प्रदेशमा जहाँ प्रारम्भिक बालविकास केन्द्रहरूमा अध्ययनका कुराहरू गराई रहेका जुन महिला दिदिबहिनीहरू छन् त्यो कुरालाई पनि यो नीति तथा कार्यक्रमले समेट्न सकेको छैन । समेटिएको भए, पक्कै पनि यो कर्णालीवासीका महिला दिदिबहिनीहरूलाई प्रत्यक्षरूपमा छुन सक्थ्यो भन्ने कुरा राख्दै, यो नीति तथा कार्यक्रमले जनतालाई प्रत्यक्ष रूपमा छुने गरी बजेट आउने छ, यो नीति कार्यक्रमलाई सही ढँगबाट कार्यान्वयन गरिने छ भन्दै पुनः प्रदेश सरकारलाई धन्यवाद दिँदै, म मेरा आफ्ना भनाइहरू यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री बिन्दमान बिष्ट, यसपछि माननीय श्री राजु नेपाली तयार हुनुहोला ।

**माननीय श्री बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं, अब यो प्रदेशको संरचना यस्तो बनेको छ, सभामुख महोदय । अलिमाथि जाँदा खेरि नीति कार्यक्रम उड्न्ते होला जस्तो अलितल जाँदा खेरि नीति कार्यक्रम भिसेपिटे होला जस्तो । हामी बीचमा बडो सन्तुलन कायम गरेर नीति कार्यक्रम प्रस्तुत गर्दै, बजेट प्रस्तुत गर्दै, यो प्रदेशको आर्थिक समृद्धि तिर लैजानु पर्ने अवस्थाको ठाउँमा हामी उभिएका छौं । मैले भन्न खोजेको कुरा यो कर्णाली प्रदेशको मात्रै होइन कि प्रदेशको संरचनाको विषयमा हो । अलि ठूला आयोजनाहरूको व्याख्या गर्दा खेरि, छलफल गर्दा खेरि प्रदेशको संरचना जो छ, यो प्रदेशको संरचनामा यसरी सन्तुलित ढँगले अगाडि बढ्नुपर्ने आवश्यकतामा हामी उभिएका छौं ।अबअहिले प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई सरसर्ती हेर्दा खेरि, मूल उद्देश्य भनेको, यसको मूल लक्ष्य भनेको, टार्गेट भनेको समाजवादमा आधारित जनसहभागिता मूलक, विकास र सुशासनसहितको समृद्ध कर्णाली, यो लक्ष्य लिइएको छ । यसकारणले गर्दा खेरि जुन कुरामा छलफल गरिरहेका छौं, सभामुख महोदय, मलाई लाग्छ समाजवादसम्बन्धी हाम्रा व्याख्याहरू, समाजवादसम्बन्धी हाम्रा निष्कर्षहरू फरक फरक छन् । हामीहरूले विभिन्न ढँगले समाजवादलाई बुझिरहेका छौं, यस अर्थमा समाजवादमा आधारित जनसहभागिता मूलक, विकास र सुशासनसहितको समृद्ध कर्णालीको हामीले सपना देखिरहँदा खेरि यसमा छलफल र बहसलाई मैले स्वभाविक रूपमा लिएको छु, यस्को नीति तथा कार्यक्रमको, सभामुख महोदय, मलाई के लाग्दछ भन्दा खेरि हाम्रा २-४ वटा टार्गेटहरू छन्, हामीले कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाउनु छ, हामीले कर्णाली प्रदेशलाई आफ्नै खुट्टामा उभिन सक्ने बनाउनु छ, यो नीति तथा

कार्यक्रमलाई अगाडि बाट पछाडिसम्म हेर्दा खेरि मूलभूत रूपमा कर्णाली प्रदेश आफ्नो खुट्टामा उभिन सक्ने गरी आत्मनिर्भताको बाटोमा अगाडि बढिरहेको छ ।
दोस्रो कुरा हामीले कर्णाली प्रदेशका जनतालाई सुखी जनताका रूपमा परिणत गर्ने यसको उद्देश्य हुँदा खेरि कर्णाली प्रदेशका जनतालाई रोजगारी सिर्जना गर्नुपर्ने हाम्रो अर्को आवश्यकताको बिन्दु हो । सबै कार्यक्रमहरू चाहे त्यो पर्यटनको कार्यक्रम होस्, चाहे त्यो भौतिक पूर्वाधार निर्माणका सन्दर्भका कार्यक्रम हुन, यी सबै कार्यक्रमहरूले मलाई विश्वास छ, कर्णाली प्रदेशका जनताहरूलाई रोजगारी तिर मुखतरित गर्ने छ भन्ने कुरामा म विश्वस्त छु । रोजगारीका सन्दर्भमा मूर्त रूपमा ल्याइएको कार्यक्रमको हिसाबले हेर्दा खेरि १०० दिनको रोजगारीको कार्यक्रमको योजना ल्याइएको छ । यो भन्दा अगाडि साविकको कर्णालीमा १०० दिने रोजगारी कार्यक्रम थियो, त्यो प्रभावकारी रूपमा हुन सकेको छैन । रोजगारी सिर्जना गर्ने तिर हामी अगाडि बढौं, १०० दिने रोजगारीले अलि त्यति प्रभावकारी हुँदैन कि भन्ने मेरो अलिकति टिप्पणी हो । तर समग्रमा कार्यक्रमको हिसाबले हेर्दा खेरि रोजगारी वृद्धि गर्ने तिर कार्यक्रमको नीतिको ओरेन्टेसन छ, यसकारणले गर्दा खेरि यो कार्यक्रमको अर्को विशेषता यो हो जस्तो लाग्दछ । यसले मूलभूत रूपमा पूर्वाधार विकासको कार्यक्रमलाई चाहे त्यो पर्यटनसम्बन्धीका कार्यक्रम होस्, चाहे त्यो अरू कार्यक्रमहरू हुन यी पूर्वाधार विकासको कार्यक्रमहरूलाई आफ्नो केन्द्रबिन्दु बनाउँदा खेरि यसले प्रमुख प्राथमिकतामा राख्दा खेरि, हामीले धेरैपटक भनेका छौं, बाटो बाटो फेरी पनि बाटो भनेर भनेका छौं । बाटो निर्माणको हिसाबले हेर्दा खेरि, विद्युत् निर्माणको हिसाबले हेर्दा खेरि, सिंचाइको हिसाबले हेर्दा खेरि,लगायतका पूर्वाधार विकासका कुराहरू तिर हामीले बढि जोड दिइरहेका छौं । जुन अवस्थाबाट हामी गुज्रिरहेका छौं, त्यो अवस्थाबाट कर्णाली प्रदेशलाई र यहाँका जनतालाई केही हदसम्म अगाडि बढाउन सक्छ भन्ने विश्वास मैले लिएको छु । सामाजिक विकास, सुरक्षाका हिसाबले हेर्दा खेरि समाजमा रहेका जुन प्रकारका असमानताहरू छन्, जुन प्रकारका विकृतिहरू छन्, जुन प्रकारका विभेदहरू छन्, ती विभेदहरूलाई अन्त्य गर्ने र कम्तीमा पनि समतामूलक समाज निर्माणगर्ने तिर कार्यक्रमको ओरन्टेसन् छ, नीतिको दिशा निर्देश छ, त्यसको भरमा हाम्रो सन्दर्भमा कार्यक्रम मूलभूत रूपमा कर्णाली प्रदेशलाई मार्गनिर्देशन गर्न सकेको छ र अगाडि बढ्न सक्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । यो सँगै मेरो अर्को टिप्पणी के छ भने सभामुख महोदय, हामी छलफल गरिरहेका छौं, बहस गरिरहेका छौं, हामीले सोच्ने भनेको हाम्रै धरातलबाट हो । नीति तथा कार्यक्रम पनि हाम्रै धरातलबाट आउने हो, हामीले गर्ने बहस पनि हाम्रै धरातलबाट गर्ने कुरा हो । हामीले नीति कार्यक्रम ल्याउँदै गर्दा खेरि पनि आदर्शको धरातलमा उभिएर ल्याउने र हाम्रा बहसहरू पनि आदर्शको धरातलमा बसेर गर्ने हो भने कर्णालीको समृद्धिको सपना हामीले पूरा गर्न सक्दैनौ । यो समृद्धि पनि कस्तो भैसक्यो भने, समृद्धि भन्दा भन्दा चिनि धेरै खायो भने तितो हुन्छ भनेर भन्थे, हरेक ठाउँमा समृद्धि समृद्धि भन्दा भन्दा, चिनिलाई पनि

चियामा हालेर खाँदा मिठो हुन्छ, सभामुख महोदय । यो समृद्धिलाई पनि चुम्नको लागिअबकेही कार्यक्रमकोमार्फत् व्यक्त गर्दा खेरि समृद्धिको बाटो अगाडि बढ्ला । तर मैले भन्न खोजेको कुरा के हो भन्दा अहिलेको नीति तथा कार्यक्रम जे छ, यसलाई अलि बढि सजावट गर्दा खेरि यसमा केही भद्दापन भएको छ । केही आवश्यकता भन्दा पनि बढि शब्दहरूको प्रयोग भएको छ । जनताहरूले बुझ्ने गरी सरल भाषामा लिपीबद्ध गरेको भए, कार्यक्रमको मूल उद्देश्य, कार्यक्रमको मार्गनिर्देशन सही छ, राम्रो छ । यो बाटोमा अगाडि बढ्दा खेरि हामी ठीक ठाउँमा पुग्न सक्छौ । तर यसका केही सजावटहरू, केही डेकुरेशनहरूमा अलिकति भद्दापन हुँदा खेरि अलिकति नमिलेको जस्तो हुन जान्छ त्यसैले यसो हुन गएको हो जस्तो मलाई लाग्दछ । त्यसैले मेरो मत केहो भन्दा खेरि यो नीति तथा कार्यक्रमले कर्णाली प्रदेशलाई मार्गनिर्देशनले गर्न सक्छ र हाम्रो यात्रालाई अगाडि बढाउन सक्छ भन्ने कुरा हो ।

अर्को कुरा हाम्रा पूर्वाधारका कुरा, बाटो घाटोको कुरा भै हाल्यो, बिजुलीको कुरा, जस्तो मैले कसरी भन्दा खेरि, हामी पहिलो अल्मलिनु पर्ने हो जस्तो मलाई लाग्दैन । पहिलो दुई वर्षमा ४८ मेगावाट विद्युत् उत्पादन गर्ने कुरा कार्यक्रममा उल्लेख नै छ । त्यसपछि पाँच वर्षमा ५०० मेगावाट उत्पादन गर्नका लागि हामीले प्रयत्न गर्दाखेरी असम्भव भन्ने कुरा छैन । यसको स्रोतको कुरा, पूँजीको कुरा कहाँबाट ल्याउने भन्ने कुरालाई पनि क्लियर गर्दिएकै छ । पाँच वर्षमा ५०० मेगावाट उत्पादन गर्न नसकिने कुरा होइन । बाँकी ५००० मेगावाटको कुरा गर्दा खेरि, सभामुख महोदय, ठूला हाइड्रोप्रोजेक्टहरू यहाँ जो डिपिआरमा अगाडि बढिरहेका छन्, त्यसमा लगानीमैत्री वातावरण सिर्जना गर्ने कुरा यहाँ उल्लेख गरिएको छ । लगानी मैत्री वातावरण सिर्जना गर्नको निम्ति प्रदेश सरकारले त्यो वातावरण सिर्जना गर्न सक्छ, त्यस विषयमा यहाँ धेरै टिप्पणी गरिरहनु पर्ने जस्तो मलाई लाग्दैन ।

अर्को कुरा कृषिलाई व्यावसायीकरण गर्ने यो नीति तथा कार्यक्रमको अर्को विशेषता हो । व्यावसायीकरण गर्ने, त्यहाँमार्फत् रोजगारी सिर्जना गर्ने, यो कुरा क्लियर नै जस्तो लाग्दछ । यो प्रदेश गौरवका आयोजनाहरू निर्माण गर्ने, जिल्ला सदरमुकामलाई प्रदेश राजधानीसँग जोड्ने र गाउँपालिकालाई जिल्ला सदरमुकामसँग जोड्ने, जो नीति आएको छ, यसले कनेक्टिभिटीलाई अगाडि बढाएर लैजान्छ । सञ्चारलाई जोड्ने यसले पनि कनेक्टिभिटीलाई जोडेर लैजान्छ, त्यसकारण गर्दा खेरि यी मूलभूत रूपमा कार्यक्रमहरू ठीक छन् । मैले टिप्पणी गरे, यसमा केही सजावटहरू, डेकुरेशनहरू भद्दा छन्, अनावश्यक शब्दहरूको जमघट गराइएको छ, त्यसकारण गर्दा खेरि अलिकति नमिल्दो, अमिलो जस्तो अनुभूति हुन जान्छ । यसलाई फेरी अर्को कार्यक्रममा व्यक्त गर्दा खेरि, संरचनामा व्यक्त गर्दा खेरि सरसर्ती, प्रदेश सरकारलाई अगाडि बढ्नको निमित्त, जनताको नेतृत्व गर्नको निमित्त, यहाँको विकासको नेतृत्व गर्नको निमित्त, यसले त्यति धेरै छेकबार

गर्छ जस्तो मलाई लाग्दैन, त्यसकारणले अगाडि बढ्न सक्छ भन्ने कुरा व्यक्त गर्दै म विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, यसपछि माननीय श्री सुशिलकुमार थापा तयार रहनुहोला ।

**माननीय श्री राजु नेपालीः-** माननीय सभामुख महोदय, दोस्रो अधिवेशनको नीति तथा कार्यक्रम मुख्यमन्त्रीज्यूले टेबुल गरिसक्नु भएको र हामी छलफलमा भाग लिइरहेका माननीयहरूले यसलाई अत्यन्तै मेहनत गरेर सरकारले ल्याएको छ । हामी, यो सत्तापक्ष भएको कारणले यसलाई विरोध गर्न खोजेको होइन, समर्थन गर्दै केही छुटेका कुराहरूलाई समावेश गरियोस् भन्ने मेरो माग मात्रै हो । सभामुख महोदय, हामीले पटक पटक उठाइरहेका छौं, अनौपचारिक छलफलमा पनि कुरा उठाउछौं, सदनमा पनि कुरा उठाउछौं, यहाँ प्रदेश सरकारको बजेटले नपुग्ने कारणले गर्दा होकी, केन्द्र तिर जाने भएर होकी, सुर्खेत उपत्यकाको ढल निकास जर्जर अवस्थामा छ, यसलाई समावेश गरिनुपर्दछ भन्ने मेरो माग हो । किनभने सुरू भैसकेको छ । यहाँ एकैछिन १० मिनेट १५ मिनेट पानी आउँदा पूरा भ्याली जलमग्न हुन्छ । यदी केन्द्रसँग हो भने पनि केन्द्रले यसको बजेट छुटयाउँछ भन्ने कुरा सुन्न पाए हुन्थ्यो । न केन्द्रले छुटयाएको जस्तो लाग्छ, न प्रदेशले छुटयाएको जस्तो लाग्छ । केन्द्रसम्म हिजो पनि कर्णाली प्रदेशको पहुँच थिएन, ध्यान प्रत्यक्ष रूपमा गएन,अबत प्रदेश सरकार बनेको छ, यहाँका जनताले आशा धेरै गर्नुभएको छ ।अबत प्रत्यक्ष रूपमा हाम्रा माननीयज्यूहरूले ती खोला टोला, पुलपुलेसा, नदिनाला प्रत्यक्ष रूपमा देख्नुभएको छ । जनतालाई हामीलाई सुहाउँदो नीति र कार्यक्रम आउँछ भनेर आश गर्नुभएको छ । यहाँ हामीले कुरा उठाइरहँदा हामी सधैं भरि पछाडि परेको वर्गलाई अगाडि उठाउने हो भनेर जहाँ जान्छौ त्यहीं बोलेर आउछौं, के त्यस्तो हतियार छ हामीसँग? त्यो हतियार निर्माण गर्नुपर्छ कि पर्दैन ? त्यो समुदाय दिनदहाडै मारिएको छ, त्यो उत्पिडित समुदाय जातीयताका नाम मारिएको छ, गरिबीको नाममा मारिएको छ, भोकमरीले पनि मरेको छ, यसलाई पनि एकदमै गोलमटोल तरिकाले नभएर ठ्याक्कै उत्पिडित समुदायको लागि यो कार्यक्रम यतिको भनेर आइदिए पनि हुन्थ्यो होला भन्ने मलाई लागिरहेको छ । त्यस्तै यहाँ मध्यपश्चिमकै एउटा बहिरा बालबालिका स्कुल छ, सायद कसैले देख्नुभएको छ कि छैन, यहीं क्याम्पस नजिकै छ । त्यसको अवस्था कति दयनीय छ, त्यसमा यही प्रदेशकै बालबालिका पढ्ने हो । त्यस बहिरा स्कुलका बारेमा पनि आउनु पर्दथ्यो कि ? त्यो नीति तथा कार्यक्रमले त्यसलाई सम्वोधन गरेन । ती बालबालिका कहाँ जाने हुन? कस्का हुन त ? तर कर्णाली प्रदेशकैनागरिक हुन् । त्यस्तालाई पनि ध्यान दिनुपर्छ कि कार्यक्रम बनाउँदा । यो कर्णाली प्रदेशको सुर्खेतमा चौधरी समुदाय छ, होमस्टेको कुरो थियो, चलिरहेको होला, होमस्टेमात्रै नभनेर भनौं हामीले, उहाँहरूलाई प्रशिक्षण दिनुपर्छ । कहाँ राम्रो होमस्टे चलिरहेको छ, त्यहाँ अनुगमन गर्न लगाएर होमस्टे चलाउन सक्यौ भने राम्रो हुन्छ हाम्रो प्रदेशको बारेमा, धेरै

युवा युवा भनेर बोलीरहन्छौ, आएको छ कार्यक्रम, तर यो दुर्व्यसनी तिर लागेका युवाहरूलाई के गर्ने होला ? सबैभन्दा उहाँहरूको लागि प्रदेश स्तरीय एउटा राम्रो खाले त्यसलाई नामाकरण त के राख्ने पछि राखम्ला, उहाँहरूको दयनीय अवस्थालाई संघसंस्थाले संरक्षण गरिराखेको छ, कति पैसा दिनुपर्छ, कोही गरिबका छोराछोरी परेका छन्, १०-१५ हजार महिनामा दिन सक्दैनन्, त्यसकारण पनि प्रदेश सरकारले तिनीहरूका लागि पनि संरक्षण केन्द्र अथवा सुधार केन्द्र, अथवा तिनीहरूलाई सिपमा लगाउने तरिकाले प्रदेश सरकारले नीतिमा राख्नुपर्दछ कि जस्तो मलाई लाग्दछ । धेरै कुराहरू आइसकेका छन्, नीति तथा कार्यक्रमको सफलताको कामना गर्दै, यिनी कुराहरूलाई समेटियोस् भन्ने माग राख्दै, आफ्ना भनाइहरू यहीं अन्त्य गर्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सुशिल कुमार थापा, यसपछि माननीय श्री शोशिला शाही तयार रहनुहोला ।

**माननीय श्री सुशिलकुमार थापाः-** माननीय सभामुख महोदय, हामी यो कर्णाली प्रदेश सरकारको आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रममा छलफल गरिरहेका छौं । यो २०७५/०७६ को नीति तथा कार्यक्रमका सन्दर्भमा धेरै कुरा उठिसके । नीति तथा कार्यक्रम जहिले पनि एक वर्षको आर्थिक वर्षको नीति तथा कार्यक्रम हुन्छ, यो पहिलो दोस्रो नभएर हालको लागि २०७५/०७६को नीति तथा कार्यक्रम हो । यो जहिले हुन्छ त्यही सालको अथवा त्यही आर्थिक वर्षको नीति तथा कार्यक्रम हुन्छ, भन्ने म यो कुरा राख्न चाहन्छु मेरो बुझाइ त्यस्तो छ । किनकी यो अलि विविध पटक यो कुरा आएको हुँदा यो कुरा राख्न चाहन्छु । त्यस्तै नीति तथा कार्यक्रममा केही भाषागत त्रुटिहरू भएका छन् । यद्यपी अन्य कुरामा यो नीति तथा कार्यक्रम यो कर्णाली प्रदेशका लागि केही साथीहरू बसेर, जुन एउटा व्यापक छलफलका बीचबाट ल्याउनु भएको छ । यद्यपी यो नीति तथा कार्यक्रम समग्रमा राम्रै छ, तर यसमा केही भाषागत त्रुटिहरू भएका छन्, म यति मात्रै भन्न चाहन्छु यो नीति तथा कार्यक्रमका बारेमा । यो त्रुटिहरू जो आइसके पछि, के कति मिलाउन सकिन्छ, योभित्र भएका, सपोज हामीले भाङ्गोलाई ल्याएका छौं, यो त्रुटि नै हो जस्तो मलाई लाग्छ, यस्ता केही त्रुटिहरू भएका छन् । राज्यले प्रतिबन्ध गरेका केही चिजहरू ल्याउँदा त्यसले केही प्रभाव अथवा असरहरू पार्दछ, यसकारण भाषागत त्रुटिहरू सच्याउनुपर्दछ । यसमा केही लेखिएको छ, कृषिलाई प्राथमिकतामा त राखिएको छ, तर कृषकले उत्पादन गरेको वस्तुको मुल्य र बजारीकरण गर्ने कुरा नीति तथा कार्यक्रममा उल्लेख हुनुपर्दछ किनकी कृषकहरूले उत्पादन त गर्ने त्यसको मुल्य पनि निर्धारण नगर्ने र कर्णाली प्रदेश सरकारले त्यसको व्यवस्थापन गर्न सकेन भने, कृषिको उत्पादितको व्यवस्थापन सही हुँदैन, किनकी हाम्रो प्रदेशले यसलाई मुख्य रूपमा लिएका छ । जबसम्म हामीले कृषिको मुल्य र बजारीकरणको सही व्यवस्थापन गर्न सक्दैनौ, कृषकले उत्पादन गर्ने उत्पादन वस्तुको चाहिँ

आवश्यकताअनुसारको अथवा बजारको पहिचान गर्न सकिएन भने त्यसको सही ढँगले उत्पादन र बजारीकरण गर्न सकिदैन । विशेष गरी एउटा यहाँ प्रदेशमा फरक क्षमता भएका र अशक्त नागरिकहरूको बारेमा त्यसमा मैले भनेको थिएँ, नेपालमा एउटा नयाँ फरक क्षमता भएका विद्यार्थीहरूकालागि पनि आएको छ, त्यसलाई पनि नीति तथा कार्यक्रम ल्याएर त्यसको आउँछ होला भन्ने सोच थियो, किनकी अटिजम नै भनेर, नेपाल सरकारले नै नीति तथा कार्यक्रममा ल्याएको हुँदा, यो प्रदेशमा पनि आउँछ कि भन्ने आशा थियो, यो आउनु पर्ने थियो, यसकारणले मैले अगाडि भने यो नीति तथा कार्यक्रममा केही भाषागत त्रुटिहरू छन् । सभामुख महोदय, हामीले कर्णाली प्रदेशको सिङ्गो दस्तावेज, अथवा नीति तथा कार्यक्रम, यो रोष्टमबाट बोलिरहँदा हाम्रा जनताहरूले एकदम महत्वका साथ आफ्नो भविष्य र यो क्षेत्रको सिङ्गो भविष्यका बारेमा उहाँहरूले अत्यन्तै गम्भीर भएर नियालिरहनु भएको छ, हामीले सोच्नुपर्दछ कि यो कर्णाली प्रदेश पटक पटक हामीले भन्दै आएका छौं ५२ प्रतिशत भन्दामाथि गरिबीको रेखामुनि भएका यो क्षेत्रका नागरिकहरूको सामु हामीले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा ती नागरिकहरूको चाहिँ अधिकार, तिनीहरूले सोचिरहेको जीवनयापन आज यो नीति तथा कार्यक्रमले समेट्न सक्यो कि सकेन । हामीले सोची रहेको सिङ्गो सुखी नेपाली, समृद्ध नेपाल जस्तो कर्णाली प्रदेशको जो समृद्धिको सपना देखिरहेका छौं, यो नीति तथा कार्यक्रमले समेट्न सक्छ कि सक्दैन । हाम्रो देशमा सबै भन्दा बढि विदेश पलायन हुने त्यो भन्दा पनि भारत र खाडी मुलुकमा पलायन हुने कर्णाली प्रदेशकै नागरिकहरू सबैभन्दा बढि छन् । हामीले भोलि ती नागरिकहरूलाई नेपालमा फर्किएर कर्णाली प्रदेशको आफ्नै घरमा बाँच्न पाउने, आत्मनिर्भर भएर बस्न पाउने आधार निर्माण गर्न सक्ने नीति हामीले ल्याउन सक्यौं कि सकनौ, उनीहरूलाई आफ्नै घरमा फर्किएर, आफ्नै समाजमा, आफ्नै परिवारमा बस्ने सक्ने अर्थात उनीहरूले राज्यबाट पाउने सहुलियत ऋण, अनुदानलगायतका थुप्रै कुराहरूलाई हामीहरूले समेट्न सक्यौं कि सकेनौं । समेट्नु पर्दथ्यो, हामीले जबसम्म ती ५२ प्रतिशत गरिबीको रेखामुनि रहेका नागरिकहरूलाई उकास्न सक्दैनौ, तबसम्म हाम्रो प्रदेश समृद्धिको बाटोबाट अगाडि बढ्न सक्दैन । यो प्रदेश राउटेको बस्तीदेखिलिएर मुख्यमन्त्रीसम्म स्थापित भएको, यहाँ अरबपतिसम्म बसोवास गर्ने प्रदेश हो । यो भन्दा अगाडिको नीति तथा कार्यक्रममा आएको थियो, ५२ प्रतिशत गरिबीको रेखामुनिका मान्छेहरूदेखिलिएर उच्च तहका बसोवास गर्ने मानिसहरू समग्र रूपमा सबैलाई समेटेर लिँदा न्यायोचित हुन्छ । यो नीति तथा कार्यक्रममा राउटेदेखिलिएर ती गरिबहरूको समेट्ने गरेर कार्यक्रम ल्याउनु पर्दथ्यो । मैले भनेको थिएँ, मुस्लिमहरूको अत्यन्तै दयनीय बस्तीहरू छ, कतिपय लोपोन्मुख नागरिकहरूको बस्ती पनि छ, केही बस्तीहरूको बारेमा यसमा समेटिएर आउनु पर्दथ्यो । नीति तथा कार्यक्रममा उनीहरूलाई यसरी व्यवस्थापन गरेर अगाडि बढाउनेछौं भन्ने कुरा राख्दै म मेरा भनाइहरू यहीं अन्त्य गर्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही, यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री सोशिला शाहीः-** माननीय सभामुख महोदय, संघीय संरचनाको अभ्यास गरिरहँदा यसपाली प्रदेशको आ.व.२०७५/०७६को नीति तथा कार्यक्रमभित्र समावेश भएका विषयवस्तुलाई मध्येनजर गर्न पाउँदा धेरै खुशी लागेको छ, किनकी त्यसभित्र समावेश गरिएका पूर्ण कार्यान्वयनका त कुरै नगरौं, लागु गर्ने अभ्यासमा मात्रै हामी सबै जुट्यौ भने सफल हुन्छौ भन्ने ठानेका छौं । सभामुख महोदय, भनिन्छ, सयौं माइलको यात्रातय गरिरहँदा एक माइलबाट, एक पाइलाबाट सुरू गरेजस्तै आज हामी त्यही अवस्थामा छौं । नीति तथा कार्यक्रममा केही विषयवस्तु छुट हुन सक्छन्, त्यसलाई संशोधन गर्दै कार्यान्वयनका व्यवहारिक पक्षलाई मध्येनजर गर्दै अगाडि बढेको खण्डमा मात्रै अवश्य पनि हामी सफल हुन्छौ भन्ने ठानेका छौं । यस नीति तथा कार्यक्रममा केही सुझावहरू तपसिलबमोजिम रहेका छन् ।

हरेक क्षेत्रमा खाद्यान तथा पेयपदार्थलगायत दैनिक उपभोग्य वस्तु, खाद्य तथा विषादीयुक्त मिसावटले स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्न गुण नियन्त्रण प्रयोगशाला स्थापना गरिनुपर्दछ । बुँदा नम्बर १३५ मा प्रादेशिक सर्किटका लागि छुट्याइएका क्षेत्रमा जस्तै कालिकोटकै त्रिवेणी धाम, देउरा मालिका, गडुल, स्नान, चुली मालिका, कोट दरबार जस्ता क्षेत्र समेटिनु पर्दछ जस्तो मलाई लाग्दछ । साथै पर्यटन आवागमनका लागि कर्णाली प्रदेश भित्रै सम्भाव्यता अध्ययन गरी बन्जी जम्पिङ्गको व्यवस्था गरिनुपर्दछ। यस प्रदेशमा पेट्रोलियम पदार्थको करिब तीन महिना पुग्ने भण्डारको व्यवस्था गरिनुपर्दछ । वीरेन्द्रनगरको पहिचानको लागि सुर्खेतमा वीरेन्द्रको सालिक निर्माण गरियोस् भन्ने कुरामा सभामुख महोदयमार्फत् यो सदनलाई ध्यानाकर्षण गराउन चाहन्छु । अन्त्यमा कार्यक्रम कार्यान्वयनको क्रममा नियमित अनुगमन र मूल्याङ्कनको बढि महत्वका साथ ध्यान दिइएको खण्डमा हामी अवश्य पनि हामी सफल हुन्छौ भन्ने विश्वास लिएको छु । फेरी पनि मैले दोहोर्याएँ, धेरै पहिले विरेन्द्रनगर, राजा वीरेन्द्रले बनाएको नगर हो, राजाको शालिक एकदम भत्किएको देख्नु भन्दा शालिक बनाएर राख्नु अत्यन्तै राम्रो कुरा हो, हामीले इतिहासलाई मेटाउनु भन्दा इतिहासलाई जोगाएर राख्नुपर्दछ । यसलाई विशेष भन्दा विशेष ध्यान दिइयोस् भन्ने कुरामा सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ को लागि प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा म के भन्न चाहन्छु भने स्पष्ट रूपमा नीति भन्ने शब्दले नियतीलाई जनाउँछ । कर्णाली प्रदेशका जनताको अपेक्षा, आंकक्षा, कर्णाली प्रदेशका जनताको कस्तो नियती रहेछ भन्ने कुरा यस नीति तथा कार्यक्रमले स्पष्ट पारेको छ । सभामुख महोदयमार्फत्, म सरकारको ध्यानाकर्षण गराउन

चाहन्छु, १७५ बुँदाहरूमा आज आर्थिक समृद्धि, समाजवाद उन्मुख समाजको निर्माण गर्नुको निमित्त सबैभन्दा महारोग के हो ? त्यसलाई सबैभन्दा अगाडि लैजानका निमित्त महारोग केहो ? त्यस महारोगको बारेमा मैले भनि रहनु पर्दा भष्ट्राचार र कमिशनतन्त्र हो । १७५ बुँदामा पनि एउटा शब्द अक्षरमा पनि प्रदेश सरकारले भष्ट्राचार र कमिशनतन्त्रको नाममा नलेखिएको तपाईंहरूको अगाडि आएको छ । यसमा सरकारको नीति केहो ? सभामुख महोदयमार्फत् स्पष्ट रूपमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । भष्ट्राचार र कमिशनतन्त्रको बारेमा सरकारले के चाहेको हो ? प्रदेश सरकारको नीति के हो ? प्रदेश सरकारको अन्तर निहित कार्यदिशा के हो ? भष्ट्राचार र कमिशनतन्त्रलाई आज नियन्त्रण र अन्त्य गर्ने कुरामा यो सरकार मौन रहनु अत्यन्तै दु:खको कुरा हो, यस प्रति म दु:ख प्रकट गर्दछु । यहाँ साथीहरूले भनिसक्नु भएको छ, कर्णाली प्रदेशको नीति तथा कार्यक्रमको बुँदा न. १४२ मा के भनिएको छ भने लागुपदार्थ निषेध भनिएको छ, मदिरा नियन्त्रण र परिचालन भनिएको छ । त्यस्तै गरेर तेल निकाल्नका निमित्त भाङ्गो लेखिएको छ । भाङ्गो, कता कर्णाली प्रदेशका सबै माननीयहरूले भाङ्गो खाएका थियौं कि ? या त त्यो लेख्ने टाइममा कलमले नै भाङ्गो खाएको थियो कि, के हो? त्यो स्पष्ट पार्नु पर्छ नी ? एकजना साथीले भन्नु भएको थियो काँडाको आँखामा काँडै संसार । मलाई त कस्तो लागेको छ भने, सम्राट अकबर बादशाहको एकचोटि महासभा भएको थियो रे, ए बिरबल काजी आकाश तिर तारा हेर, तारा हेर भनेर बाह्र बजे तिर भन्दा खेरि, सम्राटका आँखा फुटेकी, मेरो घाटी चिलायो भनेर भन्थ्यो गरे । यस्ले यस्तै किसिमको देखाएको छ, कर्णाली प्रदेशको सदन नै यस्तो किसिमको चकित भएको छ, वर्तमानको सरकारको नियत नै के थियो भन्ने कुरा म सोध्न चाँहदैन । म के भन्न चाहन्छु भने, कृषकले पेन्सन भनेर व्यवस्था राखिएको छ । कृषक पेन्सनलाई म विरोध गर्दैन । उत्तम कृषकलाई पेन्सनको पनि व्यवस्था गरौं । तर त्यो भन्दा पहिला यो नीति तथा कार्यक्रममा उद्यमशील कृषि व्यावसायहरूलाई सहुलियत ऋण, मल, बिउबिजनका कुराहरू कहाँ उल्लेख गरिएको छ, कुन अक्षरमा उल्लेख गरिएको छ । कृषि क्षेत्रलाई आज विकसित र विस्तार गर्नका निमित्त कृषकलाई सहुलियत ऋणको आवश्यकता परेको छ, यस्ता कुराहरू आवश्यक छ । म अर्को तिर अत्यन्तै अफ्ठ्यारो कुरो लागि रहेको छ, म खस हुँ, बुँदा नं. ८६ मा खस आर्य संग्रहालय सिंजा भनेर राखिएको छ, हाम्रो संविधानमा, हाम्रो प्रदेशमा ६२ प्रतिशत खस र २३ प्रतिशत दलित जनजाति र विभिन्न जातिहरूको रहेछ । खस आर्यको संग्रहालय किन चाहियो, संग्रहालय चाहियो भने सिंजा संग्रहालय राखौ न ? खस आर्य ६२ प्रतिशत मात्रै छ, अरूको इतिहास छैन ? के दलित र जनजातिको इतिहास छैन ? सबैको इतिहासलाई एकातिर खाल्डोमा फालेर, मलाई त कस्तो लाग्छ भने, हिमबहादुर शाही चर्को बोल्छ, यो राख्यो भने हिमबहादुर शाही खुशी हुन्छ कि भनेर राखेको हो कि ? यस्तो कार्यक्रमले यसलाई सिंजा संग्रहालय भनेर राखौं, खस संग्रहालय भनेर होइन ।

यसरी हामी जानु पर्ने हुन्छ । तपाईंहरूसँग यो कुराहरूमा धेरै विरोध गर्न र धेरै समर्थन गर्ने कुरा होइन, म सभामुख महोदयमार्फत् माननीयज्यूहरूले राखेका उत्कृष्ट र उच्च मनोबलका कुराहरूलाई राखेर संशोधित नीति तथा कार्यक्रमलाई प्रस्तुत गरेर सर्वसहमतबाट पारित गरिनु पर्दछ भन्ने कुरा राख्न चाहन्छु । उदाहरण दिन्छु, आज बिहानै ५ नं. प्रदेशको नीति तथा कार्यक्रम मैले हेरेको थिएँ । प्रदेशको नीति तथा कार्यक्रम हेर्दा के ल्याएको थियो भने कक्षा चारबाट पूर्णतया मेजर इंग्लिसलाई बनाएर पढाउने लगाउने । चार कक्षाबाट प्रत्येक विद्यालयमा कम्प्यूटर शिक्षा प्रणाली लागु गर्नका लागि कम्प्यूटर दिने भनेर भनेको कुरा मैले ५ नं. प्रदेशको नीति तथा कार्यक्रममा भनेको मैले देखेंको थिएँ । हाम्रो नीति तथा कार्यक्रममा पनि गुणस्तरीय शिक्षाको लागि कार्यक्रम तयार गरिने छ भनेर भनिएको छ, मलाई कस्तो लाग्यो भने, कार्यपत्र वैज्ञानिक भनिएको छ, विज्ञानबाट आएको नीति तथा कार्यक्रम हो जस्तो लागेन, मनोविज्ञानबाट आएको नीति तथा कार्यक्रम हो जस्तो लाग्यो मलाई, मनोविज्ञानबाट सरकारले नीति तथा कार्यक्रम ल्याइदिनु भएन । सरकारले यथार्थ जनताको अपेक्षा आंकक्षा, जनताका आवश्यकता के हुन भन्ने कुरालाई लिएर सरकार अवश्य अगाडि बढ्न आग्रह गर्दछु । अन्त्यमा भ्रष्टाचार र कमिशनतन्त्रको बारेमा स्पष्ट रूपमा म यस सरकारको ध्यानाकर्षण गराएर, यस प्रति सभामुख महोदयमार्फत् जवाफ माग्दै, भ्रष्टाचार र कमिशनको बारेमा सरकारको स्पष्ट ध्येय र लक्ष्य सदनलाई जानकारी होस् र यो नीति तथा कार्यक्रममा १७६ राखेर भ्रष्टाचार नियन्त्रण र अन्त्यको बुँदा राख्नुपर्दछ भन्ने माग राख्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममामाथि माननीय सदस्यहरूले आफ्नो धारणा राख्ने क्रम नटुङ्गिएकाले भोलि ३० गते एक दिन थपेको छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल जेष्ठ ३० गते बुधबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-१५

(२०७५ जेष्ठ ३० गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको १५औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममाथिको क्रमलाई निरन्तरता दिँदै माननीय सदस्यहरूका लागि समय उपलब्ध गराएको छु ।

सर्वप्रथम माननीय श्री अमृता शाही, समय सात मिनेट ।

**माननीय श्री अमृता शाहीः**- माननीय सभामुख महोदय, आज कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा भाग लिँदै गर्दा यो नीति तथा कार्यक्रममा जो यो हामीले अध्ययन गर्दै छौं, गयौं । यसमाथि सम्पूर्ण माननीयज्यूहरूले राम्रो नराम्रो भन्ने कुरा राखी सक्नु भएको छ । हामीले आज जुन सरकारको कार्यविधिअनुसारको मैले पनि अध्ययन गरेको थिएँ । यसमा राम्रो भन्ने थोरै थोरै मात्र छ । यसमा धेरै सोच हो कि ? कल्पना हो कि ? जस्तो सोच धेरै भएको छ । गर्ने काम थोरै, सोच, कल्पना र सपना धेरै भएको पाइयो । यसमा जस्तै रेल मार्ग र सुरूङ्ग मार्गको बारेमा पढ्दै गर्दा, रेल र सुरूङ्ग मार्ग निर्माणमा हाम्रो बजेटले साथ नदेला । कर्णाली प्रदेशका जनताले औषधी र साँझ बिहान के खाने ? के लगाउने ? भन्ने बारेमा उहाँहरूको चिन्ता भएन की, ठूला-ठूला योजना र सपना देखाएर जनतालाई झुक्याएको जस्तो मलाई लाग्यो । यो भन्दा अगाडिको कार्यक्रममा हामी सबै माननीयज्यूहरूले होला, बाढी पीडितहरूलाई जहाँनेर बसेका छन्, त्यही नेर टिनको छानो भएपनि दिनुपर्छ भनेर भनेकोमा, त्यसको जवाफ पनि दिनुभएन, काम पनि गर्नु भएन । हामी ढलानवाला घरमा बस्दा पनि पानी पर्दा झ्यालबाट पानीभित्र छिर्छकी भनेर डर मानेर बस्छौं, झन उनीहरूलाई कस्तो अनुभव भइरहेको होला । यो बजेटमा पर्सी १ गते बजेट प्रस्तुत हुँदैछ, सरकारले तुरून्तै बाढी पीडितहरू जहाँनेर बसेका छन्, त्यहीं नेर टिनको छानो बनाइदिनुपर्यो । पछि उहाँहरूको व्यवस्था भएपछि आफू जाने ठाउँमा लिएर जानुहुन्छ । यसको बारेमा मैले पहिले पनि भनेको थिएँ, अहिले पनि भने । बाढी पीडितका लागि कर्णाली सरकारले तुरून्तै हेरी दिनुपर्यो, सभामुख महोदय । द्वन्द्व पीडितको बारेमा ८० नं. बुँदामा द्वन्द्व पीडित बारेमा लेखेको छ, त्यसमा मैले महिलाहरू, बालबालिकाहरूको बारेमा पनि मैले पढें । चार जना शहिद यो सुर्खेत राजधानीमा अथवा यो कर्णाली प्रदेशका शहिदहरूको बारेमा लेखेको देखेंन । ती शहिदको बारेमा के कस्तो सरकारले नीति ल्याउने हो, त्यो प्रष्ट हुनु पर्यो । द्वन्द्व पीडितहरूको बारेमा द्वन्द्व पीडितहरूलाई छुट्टै कार्यक्रमको व्यवस्था गर्नुपर्यो, उहाँहरूलाई कतिले दुःख पाएका छन्, कति बालबच्चाहरूले पढ्न पाएका छन् कि छैन, अपाङ्गहरूले,

सरकारले यही बजेटमा कार्यक्रम ल्याउनु पर्यो र १६ हजार शहिद भएको १० वर्षे द्वन्द्वले, १-२ जना शहिदको नाममा बाटो घाटो बनाएर पक्कै पनि जनताहरूको चित्त बुझ्दैन होला । अरू शहिदहरूको नामबाट पनि बाटोघाटो नामाकरण गरिनु पर्यो, कसैको हुँदैन भने कसैको हुनुहुँदैन । मैले कसैको नहोस् भन्न खोजेको होइन, किनकी सबैको समान हुनुपर्यो । सबै शहिद भएका हुन्, द्वन्द्व पीडित हुन । सरकारको १०७ बुँदामा भाङ्गो खेतीको बारेमा लेखिएको छ। यसमा सबै माननीयज्यूहरूले भन्नुभएको छ, यो नराम्रो चिज हो भनेर । हिजो माननीय राजु नेपालीज्यूले भन्नुभएको थियो, युवाहरू लागुपदार्थले गर्दाखेरि उनीहरूको बेहाल भएको छ । हो यो भाङ्गो अफिमजस्ता चिजहरूले, हाम्रो समाजमा हाम्रा सानासाना केटाकेटीहरूले त्यही लागुपदार्थको कारणले गर्दा खेरिको कोही जेलमा छन्, कोही कतै गएका छन्, कोही दिउँसै लागु पदार्थ सेवन गरे दिउँसै आँखा नदेख्ने भएर कतै बाटोमा पल्टिरहेका हुन्छन् । यो सरकारको नीति एकदमै राम्रो भएन । सरकारले अथवा यो भन्दा पहिलाको कानूनले यसलाई नष्ट गर्दथ्यो भने अहिलेको सरकारले व्यवस्थित खेती गर्ने भनेको अत्यन्तै नराम्रो भयो । यो शब्द अन्तको प्रदेशको माननीयज्यूहरूले अथवा अरू प्रदेश सकारले सुन्यो भने पनि हाम्रो बेइजत हुने खालको यो शब्द भयो । लागुपदार्थ तथा कुनै पनि ठाउँमा खेती गरेर हाम्रो सरकारको कसरी हाम्रो उन्नति होला । कानूनमा नभएको कुरा सरकारले भनेको हुँदा मेरो आपति छ । कर्णाली प्रदेशमा एक ठाउँबाट सुने, हेलिकप्टरबाट सुत्करी हुन नसकेको महिलालाई ल्याउँदै हुनुहुन्छ रे भन्ने सुने, यो कस्तो नराम्रो र दुःखको कुरो हो । कति जनालाई हामीले ल्याउने, ढुवानी खर्च कति लाग्छ ? २० लाख, ८ लाख कति खर्च लाग्छ ।यस्तो खर्च गर्नुभन्दा त्यति खर्च गरेर स्वास्थ्य चौकी अथवा बर्थिङ्ग सेन्टर राख्ने हो भने त्यहाँ हामीले ठूलो रकम खर्च गर्नुपर्ने थिएन र धेरै मानिसहरूले सुविधा प्राप्त गर्नसक्ने थिएँ । कुनै ठाउँमा हेल्थपोष्ट छैनन्, त्यस ठाउँमा सरकारको ध्यान जाओस् । अब आज पारित अथवा यो हुने भइ सक्यो यसमा राम्रो राम्रो बुँदा टिपेर जनताले भनेअनुसारको यो सरकारले काम गर्नुपर्दछ । यो कर्णाली प्रदेशको सरकारले सुर्खेतको राजधानीमा बाटो घाटो निर्माण तथा मर्मत गर्नुपर्यो । बाहिरको पर्यटनहरू आउँदा खेरि कर्णाली प्रदेशको राजधानी सुर्खेत एकदम राम्रो बनाएका रहेछन् भन्ने सन्देश अन्त जाओस् भन्दै हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री करबीर शाही, समय सात मिनेट । यसपछि माननीय श्री कुर्मराज शाही तयार रहनु होला ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमको छलफलमा सहभागी भइ रहेकाछौं । यो नीति तथा कार्यक्रमको तेश्रो दिनमा छलफल चलिरहेको छ । दुई दिनका छलफलले यो नीति तथा कार्यक्रममा धेरै विषयहरूलाई केही घोचपेच पूर्ण त

केही सुझाव पूर्ण हिसाबले धेरै विषयहरू यहाँ आइसकेका छन्, तथापी म सभामुख महोदयको अनुमतिले यो सन्दर्भमा केही कुरा राख्न चाहन्छु ।

समग्रमा यो नीति तथा कार्यक्रम अलि ठूलो भयो भन्ने पनि आयो, अलि ठूलो संख्या र पेजका हिसाबले ठूलो पनि छ । यसमा धेरै विषयहरू कर्णाली समृद्धिका लागि उद्घाटित भएका छन्, ती विषयहरू अघिल्लो पटकका नीति तथा कार्यक्रममा पनि थिए यो पटक पनि छन् र सँगसँगै तिनलाई केही वर्गिकृत गरेर कामका हिसाबले अगाडि बढ्नका लागि बाटो खुल्ला गर्ने प्रयास पनि गरिएको छ । समग्रमा नीति तथा कार्यक्रममा नीति भन्नाले वास्तवमा कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि अख्तियार गरेको नीति हो । त्यो नीतिको प्रकाशमा, त्यसको आलोकमा कार्यक्रमहरू बन्नु पर्दछ । यो नीति तथा कार्यक्रममा धेरै विषयहरू दोहरिएको, दोहोरो परेको र प्राथमिकीकरण गर्न अलिकति अलमल देखिएको, केही विषयहरू दोहरिन खोजेको जस्तो देखिन्छ। कृषिको विषय आउँदा, हामीले भन्यौ, कर्णाली प्रदेशको पहिलो प्राथमिकता भनेको पूर्वाधार हो भनेर सरासर पूर्वाधार राखेर, त्यसपछि कृषि अनि पर्यटन एवम् रितले राखेको भए, यसलाई हामी माननीय सदस्यहरूले र तलका जनताहरूले बुझ्न सजिलो हुन्थ्यो भन्ने मलाई लाग्छ । खासगरीकन यसले रेल, सुरूङ्गमार्ग, केबुलकार, वृद्धवृद्धा सम्मान, बालबालिकामा लगानीलगायतका विषयहरूलाई समेटेको छ । पुस्ताका हिसाबले र यहाँका बासिन्दाका हिसाबले, यहाँ बस्ने मानिसहरूको सम्मानको विषयको कुरा पनि उठेको छ । यसले गर्दा खेरि यो आफैंमा राम्रो र सुन्दर विषय पनि हो । तथापी यो गर्नका लागि हामीले कार्यक्रम के बनाउँदै छौं भन्ने कुरामा मैले त्यहाँ समस्या देखिरहेको छु । प्रविधियुक्त प्रहरी सेवा, डिजिटल प्रदेश, हिजो पनि यो कुरा उठ्यो, खस संग्राहलय, म त खस संग्राहलय भन्दापनि यसलाई सिंजा सभ्यताको संग्राहलय भनेर राख्दा राम्रो होला जस्तो मलाई लाग्छ । सँगसँगै कृषक पेन्सन, अर्गानिक खेतीलगायतका विषयहरू पनि यसमा समेटिएका छन् । हाम्रा धेरै विषयहरू एकैठाउँमा आएका छन्, तर हामी कसरी जाने भन्ने विषयमा छलफलको क्रममा छौं । वास्तवमा जाने गोरेटो भनेको, वास्तवमा यसको बजेट हुन्छ । बजेट पर्सी आउने तरखरमा छ । म के भन्न चाहन्छु भने, आजसम्मको छलफलका आधारमा कार्यक्रम बनेर नीति तथा कार्यक्रमको आलोकमा बजेट आयो भने कर्णाली प्रदेशले थोरै भएपनि समृद्धिको आधार र समृद्धिको बाटोतर्फ अगाडि बढ्ने छ, त्यसका लागि म अग्रिम शुभकामना दिन चाहन्छु । आज हामी कहाँ छौ, भन्ने कुरा हामीले ख्याल गर्न सकेनौं भने, नीति तथा कार्यक्रम जतिसुकै लामो वा जतिसुकै छोटो वा सटिक, भाषिक हिसाबले शुद्ध, र राम्रो जे जस्तो लिपीबद्ध भए पनि हामी हाम्रो गन्तव्यमा पुग्न सक्दैनौ । आज हाम्रो अवस्था भनेको फेरी पनि पूर्वाधारको चपेटाले पूर्वाधारका कारणले सम्बन्धित ठाउँमा पुग्न नसकिने र असुविधाका कारणले अफ्ठ्यारो परिस्थिति सिर्जना भएको कुरा अघि मात्र माननीय सदस्यले भन्नुभयो, त्यसकालागि हामीले कहाँबाट सुरूवात गर्ने भन्ने कुरामा पूर्वाधारबाट नै सुरू गर्ने, त्यसको सँगसँगै रोजगारीको सिर्जना

गर्नका लागि कृषि र पर्यटनलाई आधार बनाउने, यो नै हाम्रो बाटो हो जस्तो मलाई लाग्दछ । हामी नीति तथा कार्यक्रम बनाउँदै गर्दा, अगाडि बढ्दै गर्दा, वास्तवमा हामीले कार्यान्वयनको बाटो अघिल्लो पटक जस्तो वा यस पटक पनि संस्थागत विकासको परिकल्पना गर्न सकेनौं भने फेरी पनि हामीले कार्यक्रमको कार्यान्वन गर्न सक्दैनौ । अर्को वर्षको मध्ये बीच बीचमा आएर फेरी पनि हाम्रा अफ्ठ्याराहरू, हामीले अमिलो अनुहार लाउनु पर्ने र उभिएर जवाफ दिँदा खेरि पनि के जवाफ दिउँ भन्ने अवस्था रहँदो छ । मैले यो नीति तथा कार्यक्रममा अघिल्लो पटक संस्थागत विकासका लागि राखिएका विषयवस्तुहरू पनि मैले यसमा पाइन, त्यो विषयवस्तु पनि समेटिनु पर्दछ । मलाई लाग्छ दुई महिना अगाडि ल्याएको नीति तथा कार्यक्रमका धेरै महत्वपूर्ण विषयहरूलाई यता साभार गरिनु पर्दछ । ती विषयहरू आजै तिस दिनका दिन, साठी दिनका दिन ती आफै सकिएका, विलाएर जानुपर्ने अथवा मेट्नुपर्ने कारण चाहिँ किन हो ? भ्रष्टाचारको कुरा, अनियमितताको कुरा र सुशासनका कुरा कम्तीमा पनि यी तीनवटा विषयहरूलाई यो नीति तथा कार्यक्रममा समेटियो भने यसको ओभरअल, वास्तवमा अनुगमनको पाटो पनि पूरा हुन्छ र कार्यक्रमले गर्न खोजेको र कार्यक्रमले ल्याउन खोजेको परिणाम पनि प्राप्त गर्न सक्ने बाटो तिर जान्छौ । अब यहाँ धेरै कुरा उठ्यो, धेरै विषयहरू उठी सकेको छ, १०७ नं. बुँदा हो जस्तो लाग्दछ । वास्तवमा हामीले यो पटक नीति तथा कार्यक्रम बनाउँदा यही प्रदेशमा जन्मिएका विज्ञ, यही प्रदेशका बासिन्दा, अहिलेको सन्दर्भमा कामका हिसाबले यो प्रदेश भन्दा बाहिर बस्ने दाजुभाईहरूले सहयोग लिएर लिपीबद्ध गर्नुभयो, त्यसका लागि उहाँहरूलाई म धन्यवाद दिन चाहन्छु । तर सन्दर्भ के बिग्रियो भने, कविहरूले कविता राम्रो बनाउँ भनेर भन्दै गर्दा अलिराम्रो बनाऊ भन्दै गर्दा, समाजमा व्यक्त गर्ने र व्यक्त गर्न नसकिने विषयहरू पनि कहिले काँही पर्न जान्छ, त्यस्तै भएर यो विषय परेको वा उहाँहरूले नजानेको विषय हो वा कम्प्यूटरमा मात्र त्यो बिरूवाको नाम सुन्नु भएको हो । वास्तवमा त्यसको साइड इफेक्टका हिसाबले, दाना बन्नु भन्दा अगाडि कति चिज प्राप्त गर्दछ र त्यसले समाजलाई के असर पार्छ भन्ने विषयलाई ख्याल नगर्दा वास्तवमा यो विषय राखेको जस्तो मलाई लाग्यो । त्यसकारणले पनि त्यो विषय जुन थियो, १०७ नं. बुँदा छ, त्यसलाई हटाएर, साँच्चै भन्नु हुन्छ भने यो प्रदेश अर्गानिक प्रदेश बनाउने हो भने, यहाँ मह उत्पादन हुन्छ, महका लागि पकेट क्षेत्र निर्धारण गर्नका लागि, मौरीको चरनका लागि तोरी खेतीको विषय राखियो भने तेल पनि हुने र मह पनि हुने दुईवटा विषयसँगै समेटिने विषय राख्दा राम्रो हुन्थ्यो । साँच्चै भन्ने हो भने त्यो बुँदा नै हटाउँदा राम्रो हुने र यो विषय समेट्दा राम्रो हुने मैले देख्दछु । यो नीति तथा कार्यक्रममा जे सुकै कुरा भएपनि हाम्रो गन्तव्य भनेको दश वटा जिल्लामा दश वटा उत्पादन हुन्छ । खानी र पानीको धनी कर्णाली प्रदेश, यो प्रदेशले खानी र पानीमा लगानी गर्न सकेन । खानी र पानीलाई राम्रोसँग चिन्न सकेन भने फेरी पनि पाँच वर्ष पछि हामीले आफ्नो जिउको धुलो टकटकाएर हिड्नुपर्ने अवस्था

आउने छ । त्यसकारणले एक जिल्ला एक उत्पादन भन्न त भनिएको छ, कृषिका हिसाबले एक फार्मलाई एक उत्पादन भनिएको छ, तर त्यो पछि गरेपनि हुने विषय हुन् । अहिले कम्तीमा पनि एउटा जिल्लामा एउटा उत्पादन, यस्तो गर्न सकियो भने यो नीति तथा कार्यक्रमले थप सुन्दरता प्राप्त गर्ने थियो । एउटा जिल्लामा जे बन्न सक्छ त्यही बनाउँ । हाम्रो जिल्लामा जेम्सको उद्योग बन्दा, अथवा पानीको उद्योग बन्ला, त्यो बाटोतर्फ हामी हिड्नका लागि सरकारसँग अनुरोध गर्न चाहन्छु । मैले यति कुरा भनिरहँदा यहाँ लेखिएका विषयहरू, धेरै विषयहरूको भारले यतिमात्रै भनु की, कार्यान्वयन गर्ने क्रममा कतै समस्या आउँछ भन्ने मलाई चिन्ता लागेको छ । यो नीति तथा कार्यक्रमका विषयको भारले हामीले गुडाउने गाडी, त्यसको फ्यूल, त्यसका चक्काले गुड्न सकेन भने हाम्रो गन्तव्य पूरा हुन सक्दैन । त्यसकारणले यसबाट हामीले गर्न सक्ने केही विषयहरूलाई सर्टिङ्ग गरेर अगाडि बढ्दा राम्रो होला । केन्द्रबाट साझेदारीमा गर्ने विषयहरू धेरै छन्, ती विषयहरू पनि हामीले गर्ने नै छौं । हुम्ला र डोल्पामा सडक पुर्याउने हाम्रो भन्दा पनि केन्द्रको दायित्व हो । केन्द्र र हाम्रो साझेदारीमा र अविलम्व गर्नका लागि हामीले प्रयत्न गर्ने छौं भन्ने शब्द राख्दा राम्रो हुने थियो । यो अलिकति अलमल यसकारणले गर्दा पनि भएको छ । यी विषयहरू नीति तथा कार्यक्रममा सुधारका लागि, प्रदेश सरकारलाई माननीय सभामुखज्यूमार्फत् राखेर विदा हुन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममाथि दुई दिनदेखिलगातार हामीले छलफल र बहस गरिरहेका छौं । मलाई लाग्छ, यो छलफल र बहसले सही चिज हामीले प्राप्त गर्ने छौं । यो बहसले एउटा तार्किक निष्कर्षमा पुर्याएर असल खालको सुरूवात गर्ने छ भन्ने मैले विश्वास लिएको छु । यो सरसर्ती हेर्दा खेरि अलि हतारमा लेखिए जस्तो भएपनि तर यसको विषयवस्तु, यसकोभित्र गएर अध्ययन गर्दा खेरि ५-१० वर्षमा सायद मलाई लाग्छ, गरिबी, यहाँको पछौटेपनको अन्त्य गर्ने कुराको उदघोष यसले गर्छ जस्तो मैले विश्वास गरेको छु । सबैकुराहरू समेटिएका छन्, यो चिज छुट्यो भनेर गुनासा गर्नुपर्ने ठाउँमा यो नीति तथा कार्यक्रम छैन जस्तो मलाई लागेको छ र मैले त्यही कुरा महसुस गरिरहेको छु । यो भनिरहँदा खेरि २-३ वटा विषयवस्तुहरू धेरै हाइलाइट भएका छन्, यहाँ केही कुराहरू छलफलका विषयवस्तुहरू बने । विज्ञ टोलीहरू र यसै गरी सरकारको कार्य संचालन गर्नका निम्ति यसको सम्पादन गर्नका निम्ति हाम्रा सचिवहरू पनि विज्ञ नै हुनुहुन्छ । यसै गरी सरकारका मन्त्रीहरूपनि कमजोर छन् भन्ने जस्तो मलाई लागेको छैन, उहाँहरू पनि आफैंमा विज्ञ हुनुहुन्छ, उहाँहरूले पनि धेरै अनुभव प्राप्त गर्नुभएको छ । त्यो अनुभवका बाबजुद यो ठाउँमा आइपुग्नुभएको छ, त्यसो भएको हुँदा लेख्ने कुरामा हतार भयो भन्ने कुरा मैले महसुस गरेको छु । होला अब भाङ्गोकैशब्द यहाँ

आएको छ, कुनै देशमा भाङ्गोको तेल उत्पादन गरेर आयस्रोत बनाएको पनि हुनसक्छ । जलविद्युतको क्षेत्रमा ५००० मेगावाट पाँच वर्षमा पुर्याउने जुन कुरा भनिएको छ, मलाई के लाग्छ भन्दा खेरी, यो ५००० मेगावाट लक्ष्य प्राप्त गर्नका लागि सानै भएपनि सुरूवात चाहिँ गर्नुपर्छ । छलफल र बहसमा परिरहँदा खेरि केही समस्याहरू उत्पन्न भएका हुन् कि, हाम्रो अलिकति कन्फ्यूजनले गर्दा यदाकता काम गरिरहेको होकी जस्तो मलाई लागेको छ । अर्को विषयवस्तु चाहिँ मलाई के लाग्दछ भने हाम्रो प्रदेश दुई वर्ष अगाडि खुल्ला दिशामुक्त घोषणा गरिसकेका छौं । कालिकोटबाट ५-६ वर्ष पहिले खुल्ला दिशामुक्त घोषणा भैसकेको छ । सुर्खेतमा एउटा समस्या छ, सार्वजनिक ट्वाइलेट नहुँदा समस्या सिर्जना भएको हो । सार्वजनिक ट्वाइलेट ठाउँ ठाउँमा निर्माण गर्नका निम्ति यो व्यवस्था गरिएको छ भन्ने शब्द मात्र भइदिएको भए राम्रो हुन्थ्यो जस्तो मलाई लाग्दछ । वैज्ञानिक अध्ययन गरिने, सुर्खेतमा आवश्यकता छैन, यो लेख्दा खेरि अलिकति हतारमा भयो कि भन्ने मेले महसुस गरेको छु । मैले जोड्न खोजेको प्रसंग अहिले हामी कुन अवस्थामा छौं, यो अवस्थाको बारेमा व्याख्या गरिदिएको भए सरल हुन्थ्यो कि बुझ्नका निम्ति, यसको अगाडिको भागलाई मिलाइ दिएको भए बुझ्नका निम्ति अलि सजिलो हुन्थ्यो । यसरी समस्याहरू उत्पन्न भएका छन् । त्यो भएको हुँदा हाम्रा दिमागहरू अलि बाहिर तिर डाइभर्ट भएका हुन्, अहिले हाम्रो अवस्था मलाई के लाग्दछ भन्दा खेरि प्रजातन्त्रमा दुईवटा विषयलाई, व्यवहारिक र सामाजिक मामिलामाथि छलफल गरिरहँदा, विवेकशील शासकको आवश्यकता पर्दछ । सायद उन्नाइसौं, बिसौं शताब्दीमा जतिबेला स्वीडेनमा प्रजातन्त्रकालागि संघर्ष भैरहेको थियो, त्यहाँका जनताहरूले र शासकले महसुस गरेका विषयवस्तु आज हामीले देखिरहेका छौं । विवेकशील शासकको आशा गरेका हुन्छन् जनताले, त्यो विवेकता प्रकट गर्न जरूरी हुन्छ । यसैगरी दुरदर्शी र देशका बुद्धिजीवीहरूको आवश्यकता पर्दछ । मलाई के लाग्दछ भन्दा खेरी, शासक बुद्धिजीवी हुँदैन तर विवेकशील हुन्छ । फर्सराइडरहरू विवेकशील हुनु जरूरी छैन, बुद्धिजीवी हुनु जरूरी छ । यसैले स्वीडेनको प्रजातन्त्र सफल भएको छ । आज इटालीको कुरा गर्दा खेरि हामीले महसुस गरेका छौं, त्यहाँ राजसंस्थाको अन्त्य किन भएको छ ? विकासका निम्ति उनीहरूले के विश्वास गरेका रहेछन् भने सामन्त नेतृत्व होइन तर सामन्तको परम्परालाई विश्वास गरिनुपर्दछ भन्ने महसुस गरेका रहेछन्, त्यसैले अहिले पनि ब्रिटेनमा राजा रहेछन् । विकास निर्माणको प्रक्रियामा फिउडो प्रकारको पोलिसी भएन भने विकासको प्रक्रिया साँच्चिकै जुन गतिमा अगाडि बढ्नु पर्दथ्यो, त्यो भएको हुँदा, उनीहरूले त्यो कुरालाई महसुस गरेका रहेछन् । हिजो आज हामीले बहस गर्दै गर्दा, आज हामी कुन अवस्थामा छौं, संघीय लोकतान्त्रिक गणतन्त्रमा हामी छौं । संघीय लोकतान्त्रिक गणतन्त्र भनेको मलाई के लाग्दछ भने समाजवादमा उन्मुख नेपालको संविधानमा लेखिएको छ । त्यो समाजवाद भनेको न क्यापिटल इकोनोमिकमा हुन्छ, न सोसियल इकोनोमिकमा हुन्छ । मैले दुई प्रदेश बीच अनुभव आदान प्रदान वटा

कुराको महसुस गरेको छु, त्यहाँ न क्यापिटल इकोनोमिकमा हुन्छ, न सोसियल इकोनोमिक पनि हुँदैन, त्यहाँ त मिक्स इकोनोमिक्स व्यवस्था हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई सफल बनाउनका लागि हामी कता तिर लागेका छौं हामीबीचको मिक्स इकोनोमिक्स हुन्छ ।त्यसको आधार निर्माण गर्नका लागि यो नीति तथा कार्यक्रम पेश गरेका छौं । त्यसले यो देशलाई समृद्ध बनाउने छ भन्ने कुरा अलि महत्वकांक्षी होला जस्तो लाग्नसक्छ, यो प्रदेशलाई आर्थिक समृद्धिको दिशा तिर उन्मुख गराउनका निम्ति, यो प्रदेशलाई पाँच वर्षमा समृद्धिको मुख्य विन्दुमा पुर्याउनका निम्ति, मलाई के लागिरहेको छ भन्दा खेरि अघि माननीय साथीहरूले भनिसक्नु भएको छ ।
यसै गरी दोस्रो सडक विनाको विकासको परिकल्पना पर्न गर्न सक्दैनौ । ठूला इक्विपमेण्टहरूको ढुवानी गर्न सक्दैनौ । विद्युत् भएन भने अरू चिजको परिकल्पना गर्न सकिदैन । त्यसकारण कृषि आज महत्वपूर्ण छ मानिसहरूलाई आत्मनिर्भर बनाउनका निम्ति । म अन्तिममा, माननीय सभामुख महोदयमार्फत् म यो गरिमामय सदनमा के भन्न चाहन्छु भने, कृषिमा सरकारले लगानी गर्ने ठाउँ र क्षेत्र छुट्याउनु पर्दछ । मिक्स इकोनोमिक्समा के हुन्छ भन्दा खेरि, टुरिजममा खर्च गर्दो रहेछ, पर्यटनमा खर्च गर्दो रहेछ, उद्योगमा खर्च गर्दो रहेछ, उडययनमा खर्च गर्दो रहेछ, यस्ता विषयवस्तुहरूमा लगानी गर्दछ । सबैभन्दा पहिले आफ्नो लगानीका क्षेत्रहरूलाई किलियर बनाएर, वस्तुगत विषयवस्तुको पहिचान गरेर, वस्तुगत विषयको ठोस विश्लेषण गरेर समृद्धिको बाटोतर्फ अगाडि बढ्ने कुरामा मार्क्सवादको विचार पनि यही हो । सडक, सडकसँग जोडिएको बिजुली, बिजुलीसँग जोडिएको टुरिजमका विषयहरू, अरू विषयहरूमा कृषि विषयहरू पनि छन् । कृषिमा आज सबैभन्दा बढि प्राथमिकता दिनु जरूरी छ, बेरोजगारीको समस्या अन्त्य गर्ने हो भने आज कृषिका प्रत्येक क्षेत्रहरूमा छुट्याउने, टिम्मुर र कागती उत्पादनका क्षेत्रहरू भनेर सरकारले घोषणा गरिदिने र त्यहाँ करोडौ लगानी गरिदिने, अरू क्षेत्रमा पनि यसरी नै पहिचान गरेर लगानी गर्यौं भने बेरोजगारीको समस्या पनि अन्त्य हुन्छ । रुपैडियाबाट आउने तरकारीको विस्थापित गर्न सक्छौं । मिक्स इकोनोमिक्समा के हुन्छ भन्दा खेरि, धेरै चिजको प्राप्ति गर्नका लागि त्यसमा लगानी गर्नु जरूरी हुन्छ । त्यसलाई बनाउनका निम्ति सबै भन्दा पहिलो आधार सडक र विद्युत् हो, यो क्षेत्रलाई अगाडि बढाउन सकियो भने आत्म निर्भर बन्न सक्छौ र आत्म निर्भर प्रदेश बनाउन सक्छौ, समृद्ध प्रदेशको परिकल्पना गर्न सक्छौ । सबै भन्दा पहिलो कुरा निर्यात हुने चिजलाई बढि प्रश्रय दिने र आयात हुने चिजलाई विस्थापित गरिदिने, लुगा पनि यहींको लगाउने, तरकारी पनि यहींको खाने, फलफूल पनि यहींको खाने, खाद्यान पनि यहींको खायौं भने बल्ल यो प्रदेश आत्मनिर्भर बन्न सक्छ र समृद्धितर्फ अगाडि बढ्न सक्छ । साँच्चिकै हाम्रो कर्णाली प्रदेशको समाज मिक्स इकोनोमिक्स सिस्टम समृद्धिको बाटोतर्फ अगाडि बढ्दछ भन्ने सुझाव राख्दै आफ्नो भनाइ यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री चन्द्रबहादुर शाही, समय सात मिनेट । त्यसपछि माननीय श्री झोवा वि.क. तयार रहनु होला ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको तर्फबाट मुख्यमन्त्रीज्यूले यो सम्मानित सदनमा कर्णाली प्रदेशको नीति तथा कार्यक्रम टेबुल गर्नुभएको छ र त्यो नीति तथा कार्यक्रम गहन ढङ्गले छलफल भैरहको छ । नीति तथा कार्यक्रम हामीले कर्णालीवासी र कर्णाली प्रदेशको भाग्य र भविष्य देखाउने र रेखा कोर्ने एउटा दस्तावेज हो । यो नीति तथा कार्यक्रमलाई हल्का ढङ्गले हेर्नुहुँदैन । अवश्य पनि प्रदेशका जनताहरूको भविष्य यससँग गाँसिएको छ भन्ने कुरामा म सन्देश दिन चाहन्छु । अर्को कुरा यो नीति तथा कार्यक्रमलाई पूर्णरूपले समर्थन गर्दछु । किनभने यो नीतिले आर्थिक, सामाजिक विकाससहित समग्र विकास र समृद्धितर्फ कर्णाली प्रदेशलाई डोर्याई, समाजवादको आधार तयार गर्न सङ्कल्प बोकेर आएको नीति तथा कार्यक्रम भएकोले यो नीति तथा कार्यक्रमलाई समर्थन गर्न गइरहेको छु । तर यसमा केही कमी छन्, केही कमजोरी छन् । ती कमी कमजोरी समावेश गरेर जानुपर्दछ, अरू कमजोरी के रहेका छन् भने अलिकति गफ बढि भएकी भन्ने मलाई लागेको छ ।

सिँगो संघीय सरकारको नीति तथा कार्यक्रम १०३ बुँदामा सीमित भएको छ तर एउटा प्रदेशको कार्यक्रम १७५ बुँदामा भद्दा ढङ्गले रहेको हुँदा, अलिकति यसलाई व्यवस्थित नगरीकन आएकाले अलिबढि गफ भयो कि भन्ने मेरो सुझाव छ । अर्को कुरा त्यसमा समिति गठनका नारामा बढि केन्द्रित देखिएको छ । समिति हाम्रो स्रोतले भ्याँउछ कि भ्याँउदैन । हाम्रो अर्थव्यवस्थाले यसलाई कतिसम्म थेग्न सक्छ, त्यसो भएकोले समिति गठन बढि छ । नारामा धेरै अब ढल्केको अवस्था देखिन्छ । त्यसो भएकोले यसमा अलि ध्यान जानु पर्दछ भन्ने कुरा छ ।

अर्को साँच्चिकै यो प्रदेश समृद्धिको प्रदेश बनाउन हामीले आत्मैदेखि काम गर्न लाग्नुपर्छ की, अहिले यसो हेर्दा खेरि गफमा मात्रै सीमित हुने अनि कुरामा मात्रै सीमित हुने संकेत देखापरेको छ । आत्मदेखि नै यो प्रदेश निर्माणको लागि लागि पर्नु पर्छ भन्ने मेरो धारणा हो । यो प्रदेशलाई पहिलो हामीले के संदेश दियौं भने कृषिसँग जोडियौं र अर्गानिक प्रदेश घोषणा गरिसक्यौं । अर्गानिक प्रदेश घोषणा गरिसकेपछि, टोटल विषादी रसायनलाई बन्द गर्नुपर्दछ र गोठ सुधारदेखिगडा सुधारसम्मको कार्यक्रम नीतिले बोल्नुपर्दछ र उत्पादनमा जोड दिनुपर्दछ भन्ने कुरामा यो नीतिले बोल्नुपर्छ भन्ने विचार रहेको छ ।

हाम्रो कर्णालीको शिक्षाको पहिचान के हो, अहिले शिक्षाको पहिचान भनेको चिट चोर्ने, चोरेर पास हुने पहिचान मात्रै कर्णालीमा छ । त्यसैले थुप्रै सिडियो, डिएसपीदेखिलिएर अन्य कर्मचारीहरू काठमाण्डौ, स्याङ्जाका हुन वा झापाका छन् । त्यही चिट चोराउनका लागि र नम्बर धेरै ल्याउनका लागि आज त्यो ठाउँको पहिचान हामीले बनाएका छौं । त्यसैले हाम्रो शिक्षाको पहिचान केहो त्यो कुरा आउनुपर्दछ । कर्णाली

प्रदेशका लागि कस्तो जनशक्ति हामीले उत्पादन गर्ने, कस्तो जनशक्ति आवश्यकता हो, त्यो कुरा पनि प्रष्ट हुनुपर्दछ । अर्को कुरा कर्णालीको विशेषतालाई सम्वोधन गर्ने गरी प्राकृतिक स्रोतसँग जोडिएको शिक्षासँग अलिकति हामीले जोड दिनुपर्दछ । अर्को कुरा सानासाना भाइबहिनीहरू कर्णालीका, जसमा भाषाको समस्या छ, जुन तराईतिर वा अन्य ठाउँका शिक्षक हुँदा खेरि भाषाको समस्या हुँदा, प्राथमिक तहका बालबालिकामा अलिकति बुझाइमा फरक आएको छ । त्यसैले हामीले कक्षागत शिक्षक व्यवस्था गर्नुपर्दछ, त्यसलाई एउटै टिचरले वर्षभरी एउटै कक्षामा त्यसको भाषा, त्यसको रहनसहन लवाइखवाइ र बानी व्यहोरा विद्यार्थीहरूले बुझ्ने भएकोले वर्षभरी एउटा कक्षामा एउटै शिक्षकको व्यवस्था गर्नुपर्ने कुरा यो नीतिले बोल्नुपर्दछ भन्ने कुराहरू रहेको छ ।

अर्को कुरा स्थानीय तहले प्रदेशबाट कस्तो शिक्षा नीति आउने हो भनेर कुरिरहेको छ ।हामीले हाम्रो कर्णाली प्रदेशको शिक्षा नीति कस्तो किसिमले बनाउने भनेर समयमा निर्माण नगरेको हुँदा तल गाउँका विद्यालयहरू कर्णाली प्रदेशका सबै शिक्षण संस्थाहरू अलमलिएर बसेको अवस्था छ । शिक्षा क्षेत्रको जुन कानून छ, त्यो छिटो भन्दा छिटो बनाउने किसिमले यो नीतिमा बोल्नुपर्दछ भन्ने कुरा यहाँ रहेको छ ।

पर्यटन क्षेत्रतिर मैले केही कुरा यहाँ राख्न चाहें । पर्यटनको क्षेत्रमा, अप्पर डोल्पा, अप्पर मुगु र मनाङ्ग अहिले पनि पर्यटकलाई सहज ढङ्गले त्यहाँ जाने अनुमति छैन । किन छैन भने हिजोका दिनहरूमा चीनले आफ्नो सेक्युरिटीका लागि नेपालबाट आफ्ना विरूद्धमा केही गतिविधीहरू हुनसक्छन् भनेर बाह्य अनुमति दिन नेपाल सरकारलाई रोक्न लगाएकोले त्यो ठाउँमा सहज ढङ्गले पर्यटकहरू जान सकिरहेका छैनन् । त्यहाँ पुग्नका लागि एउटा पर्यटकलाई ६०० डलर तिर्नुपर्ने अवस्था छ । ६०० डलर तिरेर बाह्य पर्यटक त्यहाँ जान सक्दैन, त्यसो भएकोले अप्पर डोल्पा, अप्पर मुगु, अप्पर हुम्लाको पनिमाथिल्लो एरियामा पर्यटक जानको लागि सहज वातावरण सिर्जना गर्नुपर्दछ र जुन ६०० डलर हो त्यस विषयमा पनि हामीले सोच्नुपर्दछ भन्ने कुरा छ ।

अर्को कुरा जुन हवाई जहाजको भाँडा विषयमा पर्यटकहरूलाई डलरको हिसाबले लिने, अनि त्यसपछि हामी स्थानीयलाई नेपाली रूपैयाँको हिसाबले लिँदा खेरि आज डलरको हिसाबले नगइकन कर्णाली प्रदेशमा पर्यटकहरूलाई भित्र्याउन सक्ने हो भने सहज ढङ्गले भाँडामा मिलान गर्ने हो भने थुप्रै पर्यटकहरू कर्णालीमा भ्रमणका लागि आउन सक्छन्, त्यसो भएकोले यो भाँडामा पनि सोच पुर्याउनु पर्दछ भन्ने कुरा रहेको छ । अर्को कुरा पर्यटनकै कुरालाई लिएर १३१ दफामा एसियाकै लामो कालिकोटको पचाल झरनालाई पर्यटकीय स्थलको रूपमा बिकास गर्ने, देवपुरीको रूपमा परिचित हुम्लामा धार्मिक पर्यटकीय गन्तव्य निर्माण गर्ने, कैलास हिमाल दर्शनको लागि बार्हदेव भिउ टावर निर्माण गरिने छ । उच्च हिमाली मानव बस्ती भएको छार्का भोट, धो, तिन्जे, लिमि भ्याली जस्ता पर्यटकीय गन्तव्यमा पूर्वाधार विकासमा जोड दिइएको छ भनेर भनिएको छ । सभामुख महोदय, भर्खरै रारा पर्यटन वर्ष हामीले मनायौं, तर राराको कुनै पनि शब्द

जोडिएन, जहाँ कि अप्पर डोल्पामा अहिले पनि पर्यटक त्यहाँ पुग्न सक्दैनौ । हुम्लाकोमाथिल्लो बस्तीहरूमा पनि त्यहाँ पर्यटकहरू पुग्न सक्दैनौ । रारा भन्ने बित्तिकै सबैको मन पग्लिएको छ, रारालाई केन्द्र बनाएर हामीले सिंजा भ्यालीको नाम पनि आएको छैन, सिंजा भ्यालीको पनि विकास गरिनुपर्दछ । राराको विकास गर्नलाई कालिकोटको मान्मादेखिलिएर तल तिरको बस्तीलाई पूर्वाधारदेखि लिएर अरू सबैको कुराको विकास नगरीकन रारा अगाडि बढ्न सक्दैन । रारालाई छोडेर हामीले टापनटिपन गरेर हामीमाथि तिर लम्किएका छौँ । अर्को कुरा पर्यटकीय सर्किट भनिएको छ, पर्यटकीय सर्किटको लागि जुन कुरा यहाँ उल्लेख भएको छ, सर्किट बन्नका लागि त हामीले सुर्खेतबाट सुरू गरेर दैलेख कालिकोटहुँदै त्यसपछि हुम्लाको हिल्सासम्म एउटा सर्किट, अर्को सुर्खेतबाट सुरू गरेर जाजरकोट, सल्यान हुँदै डोल्पाकोमाथि मरिम्लासम्म अर्को सर्किटको रूपमा विकास गरी जोड्नुपर्ने ठाउँमा त्यो नजोडीकन कहिलेकाँही यता त कहिले उता लगेको छ, यो मिलेको छैन भन्नेकुरा मैले राख्न चाहें, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री झोवा वि.क., समय सात मिनेट । त्यसपछि माननीय श्री दानसिंह परियार तयार रहनु होला ।

**माननीय श्री झोवा वि.क.ः**- माननीय सभामुख महोदय, आज हामी आ.व. २०७५/०७६ को नीति निर्माणमा हामीले छलफल गरिरहेका छौं । सबैभन्दा पहिले हामीले यहाँ राजधानी वीरेन्द्रनगरको वरीपरी हेरेको छु । सबभन्दा पहिला काम गरेपछिमा, आगन राम्रो भएपछि वन राम्रै त हुन्छ नी । घर राम्रो भएपछि वन राम्रै त हुन्छ नी । यहाँ त्यो काम गरेपछि मात्रा बाहिर काम गर्न सजिलो होला । मान्छे पनि भन्ला, राजधानीको बाटो कति राम्रो गर्यो भन्ला । त्यसपछि हामीचाँहीमाथितिर यो गमगढीको बाटो कहिले पनि बन्दैन । चिनबाट गौतमबुद्ध लामाहरूको प्रस्ताव राखेर हामीलाई गोममा मर्ने बेला पनि गोममा नै चाहिंन्छ । बिहे गर्ने बेला पनि गोमा चाहिंन्छ, जे सुकैलाई पनि गोममा नै चाहिंन्छ । त्यो विषयमा कसैले कुरा गरेको छैन । केके भन्छन्, हामीमाथि तिर रेल हामीलाई चाँहिदैन, बाटो नै छैन, रेल कहाँबाट जाला र, बिजुली छैन, बिजुलीको के कुरा गर्ने, झरो बालिकन जीवन बिताएछ । छिटो भन्दा छिटो कर्णाली सरकारले बिजुली, हामीलाई बाटो लिए पछिमा गाडी त जाला । बाटो गएपछि, गाडी गएपछि हामीलाई राम्रो कुरा त्यही नै छ । भाङ्गाको तेल भन्छन्, त्यो भाङ्गाको तेल हामीलाई ठीक लागेन, भाङ्गा तेल के हो ? बरू त्यही भन्दा त चुलीको तेल चाहिंन्छ । त्यही चुलीको तेल सुत्केरी हुने बेला आमालाई र बच्चालाई पनि त्यही तेल चाहिंन्छ र अरू बेला पनि चाहिंन्छ । खम्पुको तेल भनेपछि कति राम्रो कुरा हुन्थ्यो होला । त्यही कुरा गर्दै म भाङ्गा तेल भन्छ, भाङ्गा तेल राम्रो भयो भने जीवनको नशा पनि पार्छन् । हाम्रोमाथि भोटेले काठमाण्डौ राजधानी गएर, सिंहदरबारमा गएर, भन्थ्यो गरे, सिंहदरबारमा के राम्रो होला भनेको त, यो सिंहदरबार जानुभन्दा त त्यही गाउँमा ठूलो ढुङ्गा छ, त्यहीँमा हामी दर्शन गरेर जाने हो भनेर । तपाईहरू झरला छ भन्छ, धेरै छ भन्छ, हाम्रोमा ढुङ्गा छ,

हाम्रोमा खसानहरू सबै दर्शन गर्न आउँछन्, त्यसोमा केही गर्दैमा केही वेश हुन्थ्यो । हामी सबैसँग कुरा गर्न सकिदैन । सरकारले पनि केही सपोर्ट गर्दैन । ठूलो ढुँगा लगाएर, सानो सिमेन्ट र बालुवा गरेर हामी पनि ढलानवाला घरबनाउन सक्छ, मिले पछि सबै बन्छ । हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय दानसिंह परियार, समय सात मिनेट । त्यसपछि माननीय श्री मिनासिंह रखाल तयार रहनु होला ।

**माननीय श्री दानसिंह परियारः**- माननीय सभामुख महोदय, कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा आज हामी छलफल गरिरहेका छौ । आज जसरी हामीले, कर्णाली प्रदेश सरकारले सदनमा आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गरिरहँदा, सिङ्गो कर्णाली करिब १६-१७ लाख जनताहरूले नजिकबाट हेरिरहेका छन् । यसको बुँदाबुँदामा आफ्नो दृष्टिकोणहरू बनाइरहेका छन् । यो सरकारले ल्याएको कार्यक्रमले साँच्चीकै हामीलाई छुन्छ कि छुँदैन भनेर हेरिरहेका छन् । मलाई लाग्छ, धेरै माननीय सदस्यज्यूहरूले धेरै भन्दा धेरै धारणा राखिसक्नु भएको छ । हामीले सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरिरहँदा हामीले धेरै पटक यो सरकारको नीति तथा कार्यक्रमको अभ्यास हेर्दा पनि जनताभित्रको असमानता, गरिबी, बेरोजगारी, उत्पीडन र सामाजिक न्यायसहितको विकासको परिकल्पनालाई राज्यको नीति तथा कार्यक्रमले सम्वोधन गर्छ कि गर्दैन भन्ने कुरा अहिलेको प्रश्न चिह्न हो । वास्तवमा अहिले हामीले भनिरहेका छौं कि समाजवादी राज्यव्यवस्था निर्माण गर्ने, समाजवादी शासन व्यवस्थाको आधार तयार गर्ने भन्ने कुरा परिकल्पना गरिरहँदा मैले हेरें वास्तवमा समाजवादी राज्यव्यवस्थाभित्र प्रमुख कुरा राज्यको पूँजीको विकास गर्ने कुरा हो । राज्यले जसले अधिकतम, राज्यको धेरै अवसरबाट धेरै सेवा सुविधा प्राप्त गरेको छ, धेरै उद्योग कलकारखानाहरू खोलेको छ, धेरै पेशा गरेको छ, त्यस्ता व्यक्ति समुदायलाई कर लगाउने र त्यसको करबाट उठेको पैसालाई राज्यको विकासमा चाहिँ आवश्यक योजना बनाउने धेरै देशको इक्जाम्पल छ । हामीले चाइनाको इक्जामपल हेर्यौं । चिनिया क्रान्ति सम्पन्न भैसकेपछि, माओत्सेतुङ्गले चिनिया क्रान्तिको सम्पन्न गरिसकेपछि, आर्थिक क्रान्तिको नेतृत्व कमरेड जेन्जापिङ्गले गर्नुभयो । त्यसमा आर्थिक नीति, समाज विकासको पहिलो आधारभित्र अर्थ नीति सबैभन्दा प्रमुख हुन्छ । यो नीति तथा कार्यक्रममा करको दायराको सन्दर्भमा चाहिँ त्यति प्रष्ट नभएको हुँदा, एकत हामी आफैले भनिरहेका छौं की, हाम्रो कर्णाली प्रदेशमा ५२ प्रतिशत नागरिक गरिबीको रेखामुनि छन्, त्यसो भएको हुँदा त्यो गरिबीलाई न्यूनीकरण गर्नका निमित्त प्रष्ट रूपमा यो क्षेत्रबाट यो कर हामीले उठाउने छौं र प्रभावकारी कार्यान्वयन गर्नेछौं भन्नेकुरा त्यति प्रष्ट रूपमा आएको छैन, त्यो कुरा म यहाँ राख्न चाहन्छु ।

अर्को कुरा हामीले भनेका छौं, कि हाम्रो प्रदेश गरिब छ, कर्णाली प्रदेश केन्द्रिकृत शासन व्यवस्थाका कारणले गर्दा, जति जनसंख्याका आधारमा बजेट विनियोजन गरियो, त्यो

कर्णाली प्रदेशको विकासका लागि अयोग्य छ भन्ने कुरा त हामीले गरिरहेका छौं । हामीले हामीसँग भएका स्रोत र साधनलाई भरपुर रूपमा प्रयोग गर्न सक्नु पर्दछ । हामीले गरेको अभ्यास यो नीति तथा कार्यक्रममा मैले हेरेको छु, सबै क्षेत्रलाई समेट्न खोजेको त जस्तो देखिन्छ तर वास्तवमा हाम्रो प्रदेशका प्रमुख गौरवका आयोजनाहरू के हुन् त ? हाम्रो कार्यकाल पाँच वर्षमा गरिनुपर्ने प्रमुख गौरवका आयोजनाहरूको किटान गरेको देखिएको छैन । गौरवका आयोजनाहरूका निमित्त राज्यले प्रमुख लगानी गर्ने, जसमा एक वर्ष दुई वर्षभित्र यसलाई पूर्णता दिएर, छोटो समयमा राज्यको पूँजीको विकास गर्ने परिकल्पना गरिएको छैन । हामीले बजारमा देखिरहेका छौं, नेपालका साहुजीहरूले गर्छन, सियोदेखिसुनसम्म एउटै पसलमा हुन्छ, अहिले यदाकदा सबै क्षेत्रलाई छोएको जस्तो देखिने, तर समग्रतामा उपलब्धि नहुने हो कि ? यो नीति तथा कार्यक्रमले सम्वोधन गर्छ कि गर्दैन भन्ने कुरा उठिरहेको छ ।

नेपालको सबै भन्दा ठूलो समस्या भनेको बेरोजगारी हो । अहिले नेपालका कैयौं युवाहरू विदेशमा पसिना बगाइरहेका छन्, र राज्यले अहिले पनि नेपालका बेरोजगार युवाहरूलाई काम दिन सकिरहेको स्थिति छैन । त्यसैले अधिकतम उद्योगहरूको स्थापना गर्ने, यहीकर्णाली प्रदेशभित्रका प्राकृतिक स्रोत र साधनको अधिकतम प्रयोग गरेर, कर्णालीका युवाहरूको योग्यता र क्षमताका आधारमा काम दिने नीतिलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ भन्ने कुरा मैले सोचिरहेको छु । साँच्चिकै बेरोजगार युवाहरूलाई हामीले सम्वोधन गर्न सकेनौं भने फेरी समाजमा केही हुने खानेवालाहरू मात्रै वर्चस्व रहनेवाला छ । वास्तवमा समाजका सबै मान्छेहरूलाई राज्यव्यवस्था आफ्नो हो भन्ने चाहिँ परिस्थिति सिर्जना होला जस्तो मैले देखेंको छैन ।

अर्को कुरा हामीले भनिरहेका छौं, समाजमा विशेष गरेर यो क्षेत्रमा भन्नुपर्दा, करिब कुल जनसंख्याको एक चौथाई उत्पीडित समुदायको रूपमा दलित समुदाय रहेको छ । त्यसो भएकोले ५२ प्रतिशत गरिब भनिरहँदा प्रमुख कारण भनेको दलित समुदाय हो भन्ने कुरा राज्यले बिर्सनु हुँदैन । त्यो समुदायका मानिसहरूलाई पेशागत रूपमा कसरी जोड्ने, उत्पादनमा उनीहरूलाई कसरी जोड्ने, शिक्षा क्षेत्रमा उनीहरूलाई कसरी जोड्ने, रोजगारीको क्षेत्रमा उनीहरूलाई कसरी जोड्ने । अहिले पनि जमिन छैन उनीहरूको, अहिले पनि घर छैन, अहिले पनि बेसाहारा जीवनमा बाँचिरहेको स्थिति छ । वास्तवमा उत्पीडित समुदायलाई अहिलेको नीति तथा कार्यक्रमभित्र पहिलो प्राथमिकतामा राँखौ । ताकी समाजमा एउटा वर्ग, एउटा जात, एउटा क्षेत्र, एउटा लिङ्गलाई उत्पीडनमा पारेर सामाजिक न्यायसहितको समाजको कसरी परिकल्पना गर्न सकिन्छ भन्ने कुरामा त्यो दिवा सपना मात्र हुन्छ, वास्तविकता हुन सक्दैन । त्यसो भएको हुनाले मलाई लाग्दछ, कर्णाली प्रदेशको समग्रताको विकासको चाहिँ एजेण्डा र विशेष गरेर सामाजिक न्यायसहितको विकासको नयाँ योजना हुनुपर्दछ जस्तो मलाई लाग्दछ । हामीले चुनावमा भनेका थियौं, हामीले संयुक्त घोषणापत्र आमजनताका साथमा लिइराखेका थियौ,

हामीले प्रतिव्यक्ति आय २१०० डलर पुर्याउने भनिरहँदा हामीले, साँचिकै अहिलेको प्रश्न चिह्न त्यसमा नै उठिरहेको छ । जनतालाई हामीले भोट माग्दा खेरि जुन जुन खाले प्रतिवद्धता गरेका थियौं, त्यो प्रतिवद्धताअनुसारको हाम्रो कार्यक्रम भएन भने जनताले हामीलाई प्रश्न गर्नेवाला छन् । मैले अन्त्यमा, फेरी मेरो निर्वाचन क्षेत्रमा गएँ, तपाईंको अहिले हामीले रारामा चाहिँ पर्यटन वर्ष शुभारम्भ गर्यौं, १ वर्षभित्र पाँच लाख पर्यटकहरूलाई यस क्षेत्रमा भित्र्याउने भन्यौ । तर अहिले राराको कहीँकतै नाम लिइएको छैन । राराको बारेमा त्यति प्रष्ट योजना यहाँ कहीँ पनि देखिएको छैन । यदि कर्णाली प्रदेशको चाहिँ पर्यटनको क्षेत्रमा गौरवको प्रमुख आयोजना हो भने त्यो रारा ताल बाहेक अरू केही हुन सक्दैन । यो कुरा सरकारका प्रतिनिधिहरू र यो क्षेत्रमा काम गर्ने विज्ञहरूले बुझ्न जरूरी छ । अहिले पनि नाग्म गमगढी बाटो छैन, अहिले पनि रारातालमा व्यवस्थित होटलको व्यवस्था छैन, अहिले पनि राराताल वरीपरीको भौतिक पूर्वाधारको कल्पना गरिएको छैन । त्यसैले राराको बारेमा यो सरकारले गम्भीरताका साथ सोचोस् भन्ने कुरा पनि राख्न चाहन्छु । र अन्तमा हामीसँग दक्षिणी नाका हामीसँग छैन भनेर भनिरहँदा, उत्तरी नाका अहिले हिल्सा र तपाईंको गमगढी नाक्चेलाग्नाको बाटोकुरा उठिरहेको छ । बाटो बनाउने कुरो त हामीले ल्याएका छौं, तर कतिवर्षभित्र गर्ने हो । गमगढी नाक्चेलाग्ना बाटो १ वर्षभित्र हामीले पुर्याउने होकी होइन ? हिल्सामा हामीले यो वर्ष बाटो पुर्याउने होकी होइन ? यी र यस्तै कुराहरू छन्, मैले धेरै कुराहरू गरिन । आज जनताहरूले नजिकबाट सरकारको नीति तथा कार्यक्रमहरू हेरिरहँदा, नीति तथा कार्यक्रमभित्र सुन्दर पक्षहरू पनि छन् । त्यसैले कार्यान्वयन गर्ने पक्ष आफैंमा चुनौतीपूर्ण पनि छ । हामीले परिकल्पना गरेका छौं रेलमार्गदेखिसुरूङ्ग मार्गका । तर यी जति पनि परिकल्पना गरेका कुराहरूलाई बजेटले सम्वोधन गरोस् । नीति तथा कार्यक्रममा आएका कुराहरूलाई बजेटले निषेध नगरोस् । बजेटले ती क्षेत्रहरूलाई समेटोस्, र नीति कार्यक्रममा एउटा कुरा आउने र बजेटमा अर्को कुरा आउने हो भने त्यो न्यायोचित हुँदैन ।

म अर्को कुरा भन्छु, प्रदेश सरकारका गौरवका आयोजनाहरू बाहेक अन्य बजेट विनियोजनका सन्दर्भमा कहीँकतै पहुँचको आधारमा, कहीँकतै मन्त्री भएको जिल्लाको आधारमा नहोस् । समानुपातिक विकास होस् र मलाई लाग्दछ, हिजोको कर्णालीभित्र हुम्ला, जुम्ला, कालिकोट मुगु र डोल्पा जुन मानव विकास सुचकाङ्क र सबै भन्दा पछाडि परेका जिल्लाहरू छन् । ती जिल्लाहरूलाई समानुपातिक ढङ्गले बजेट विनियोजन गरियोस् । जसले गर्दा समग्र कर्णाली क्षेत्रको विकास गर्नेछ । अन्त्यमा नीति तथा कार्यक्रमभित्रका सुन्दर पक्षलाई कार्यान्वयन गर्ने सन्दर्भमा यो सदनभित्र मात्रै होइन, जिल्लाभित्रका कार्यक्रम संचालन गर्ने सन्दर्भमा पनि हामीले सपोर्ट गर्ने छौं । हामीले सुन्दर नेपाल, सुखी नेपाली, समृद्ध जीवन भन्ने नेपाल सरकारको नीति छ, त्यसलाई पनि यस सरकारको नीति तथा कार्यक्रमले सहयोग पुर्याओस्, धन्यवाद !

**माननीय सभामुखः**- माननीय मिनासिंह रखाल, समय सात मिनेट । त्यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार रहनु होला ।

**माननीय श्री मिनासिंह रखालः-** माननीय सभामुख महोदय, आज हामी नीति र कार्यक्रममा छलफल गरिरहेका छौं । कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा छलफल गरिरहँदा, हामीले हाम्रा सोचेका जस्ता नीति तथा कार्यक्रमहरू आए कि आएन भन्ने कुरा पूर्व माननीयज्यूहरूले राखिसक्नु भएको छ, म दोहोर्याउन चाँहदिन । किनकी हामीले यसभन्दा अगाडिको आ.व.मा २०७४/०७५ को कार्यक्रममा छलफल गरिसकेका छौं । त्यो छलफलमा हामीले भाग लिएर पनि, त्यो कार्यक्रमले र त्यो बजेटले हामीलाई छोयो कि छोएन भन्ने कुरा हामीले आभास गरिसकेका छौं । मलाई लाग्दछ, यो सरकारले ल्याएको नीति तथा कार्यक्रम १ वर्षको भएको हुनाले हामीले १ वर्षसम्म गर्ने कार्यक्रमबाट लक्ष्य प्राप्त गर्न सक्छौ भन्ने मलाई लाग्दछ । असाध्यै मेहनत गरेर, असाध्यै राम्रा बुँदाहरू लिएर, कर्णाली प्रदेशलाई समृद्धि बनाउने हिसाबले र दुःखी नागरिकहरूलाई सम्वोधन गर्ने हिसाबले आएको यो नीति तथा कार्यक्रमलाई म धन्यवाद दिन चाहन्छु । म धेरै केही भन्दिन, बुँदागत हिसाबमा कहीं छुटेका, कहीं शब्द नमिलेका, त्यस्ता कुराहरू मैले देखेंको छु । हुनसक्छ, सायद मेरो भाषा र लेखाइमा फरक हुन्छ होला, म बुँदागत रूपमा यहाँहरूलाई पढेर सुनाउन चाहन्छु ।

सर्वप्रथम त यो नीति तथा कार्यक्रम लेख्दा हामीले हाम्रा शहिदहरूलाई सम्झिनु पर्दथ्यो कि । किनकी यो कर्णाली प्रदेशलाई स्थापना गर्ने क्रममा हाम्रा ४-४ जना शहिदहरूले बलिदान दिएका छन्। आज यो १७५ बुँदामा नीति तथा कार्यक्रम लेख्दै गर्दा हामीले हाम्रा शहिदको स पनि नदेखेंको हुँदा मलाई कता कता हामी जसले त्याग गर्छ उसलाई सम्झन छोड्छौ कि जस्तो मलाई लागिरहेको छ । कर्णाली प्रदेशका जनताहरूको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक स्तरलाई माथि उठाउन प्रदेशको प्राकृतिक स्रोत र साधन, जनशक्ति, इच्छाशक्तिलाई एकीकृत गरी, प्रदेशलाई एक वर्षभित्र देशकै सबैभन्दा समृद्ध प्रदेश बनाउने लक्ष्यका साथ आम कर्णालीवासीका बीचमा साझा सङ्कल्पका साथ हामी अगाडि बढेका छौं । यो चाहिँ असाध्यै राम्रो शब्द छ, यसले गराउँछ तर हामीसँग समय पाँच वर्ष मात्रै छ । यो नीति त एक वर्ष मात्रै त होनी जस्तो मलाई लाग्दछ । उद्देश्यले १० वर्ष छोयो तर हामीले ५ वर्षमा समृद्ध गराउने लक्ष्य राखेको भए राम्रो हुन्थ्यो कि भन्ने मलाई लागेको हो ।

त्यसैगरी बुँदा २१ म शिक्षा स्वास्थ्यमार्फत् बालबालिकामा लगानी, कृषि, उद्योग, पर्यटनमार्फत् कर्णाली प्रदेशका युवाहरूलाई रोजगार, जेष्ठ नागरिकलाई सम्मानको कुरा जो आएको छ । जेष्ठ नागरिकहरूलाई सम्मान दिएर चित्त बुझाउनु भन्दा जेष्ठ नागरिकका लागि व्यवस्थाको कार्यक्रम लिएर आउनुपर्दथ्यो, जस्तो मलाई लागेको हो । त्यस्तै हामीले अग्रगामी सोच राख्दा अथवा हामीले कुनै योजना बनाउँदा भावी दिनलाई

सम्झेर बनाउँछौ । त्यस्तै म दैलेख जिल्लाको हकमा के भन्न चाहन्छु भने हाम्रो धेरै वर्ष पहिले २०२८ सालकै कुरा हो, म पनि थाहा पाउँछु, राजा वीरेन्द्र त्यहाँ सवारी हुँदा खेरि विमानस्थल गराइने छ भनेर घोषणा गरिसकेको कुरा हो । आज जनयुद्ध, जनसंघर्षबाट हामीले प्रजातन्त्र हुँदै २०६२/०६३ को जनआन्दोलनबाट पनि हामीले गणतन्त्र स्थापना गरिसकेका छौं र आज संघीय राज्यको स्थापना गर्न सकेका छौं । यहाँ हामीले माग्नै पर्दथ्यो की, विज्ञहरूले गल्ती गर्नुभयो की, एउटा एअरपोर्टको व्यवस्था होस् भनेर यो नीतिमा आइदिएको भए दैलेख जिल्लावासीहरू खुशी हुन्थेकी जस्तो मलाई लागेको छ ।

त्यस्तैगरी बुँदा नं. ३२ मा प्रादेशिक योजना प्रभावकारी र कार्यान्वयन गर्नका लागि कर्णाली प्रदेश नीति तथा योजना आयोग गठन गरिनेछ साथै कर्णालीको अनुसन्धान र विकासको लागि विज्ञहरूको सहयोग लिनका लागि थिङ्क ट्याङ्कको प्रयोग गर्ने भनिएको छ, यो अब नेपाली शब्दमा लेखेको भए राम्रो हुन्थ्यो । थिङ्क ट्याङ्क भनेको सर्वसाधारणले बुझ्दैनन् भन्ने मैले सुझाव राख्न चाहें ।

त्यस्तैगरी बुँदा नं. ४० मा चुस्त, दुरूस्त, सक्षम, आधुनिक र प्राविधिक प्रदेश प्रहरी संगठन निर्माण गरी, प्रदेशको शान्ति सुरक्षालाई अनुभूति हुने गरी गुण्डागर्दी, कालोबजारी, संगठित अपराध, जवरजस्ती चन्दा असुली, चेलीबेटी बेचविखन, महिला हिंसाको प्रभावकारी रूपमा नियन्त्रण गरिने छ भनेर भनिएको छ । यहाँ नेर एउटा भष्ट्राचार नियन्त्रण गर्ने भनेर लेखिदिएको भए असाध्यै राम्रो हुने थियो । पहिलाको नीति तथा कार्यक्रममा भ्रष्टाचारको शब्द ल्याएका थियौं । तर अहिले हामीले १ वर्षको लागि नीति तथा कार्यक्रम ल्याएका छौं, किन यसमा भष्ट्राचारको शब्द छैन । किन हामीले भष्ट्राचारीलाई जोगाएर अरू मात्रै काम गरिरहेका छौं कि भन्ने मलाई लागिरहेको छ । त्यस्तै गरेर लागुपदार्थ नियन्त्रण भनेर भनिएको छ, आज लागुपदार्थकै कारणले विभिन्न किसिमको विसङ्गगति, हिंसा, आतङ्क, झगडा, कलह भइरहेको छ । अनि यसलाई नियन्त्रण मात्रै होइन कि यसलाई निरूत्साहित पनि गर्नका लागि यो नीति तथा कार्यक्रममा उल्लेख हुनुपर्दथ्यो कि भनेर मलाई लागेको छ ।

बुँदा नं. ४४ मा प्रदेश प्रहरीको वृद्धिविकासको लागि प्याकेज कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ । साथै प्रहरी कर्मचारीका छोराछोरीहरू अध्ययन गर्ने प्राविधिक विद्यालय बनाइनेछ भनेर प्रहरीलाई मात्रै फोकस गरिएको छ । मलाई के भन्न मन लागेको छ भने, प्रहरीलाई मात्रै नभएर गरिबका छोरा छोरीहरूलाई पनि फोकस गरम न । आज गरिबका छोराछोरीहरू पढ्न नपाएर, खान नपाएर, लगाउन नपाएर, तपाईंहरूले पनिदेखिरहनुभएको छ होला, मैले सधैंजसो देखिरहेको छु । पाँच कक्षा पढीसकेपछि गोठाला जान्छन्, अनि भारततिर जान्छन्, किनभने बाबुआमाको आर्थिक अवस्था कमजोर छ । आज हामीले निशुल्क शिक्षा भन्दा भन्दै पनि बाबुआमाले पेटभरी खाना खुवाउन सक्ने हैसियत छैन अनि कसरी छोराछोरी पढाउने ? अनि उनीहरूले निशुल्क पढाउने ठाउँ खोजिरहन्छन्, निशुल्क लत्ताकपडा दिने ठाउँको खोजि गरिरहन्छन् । प्रहरीको

विरोध गरेको होइन, प्रहरीको छोराछोरीका साथसाथै गरिबका छोराछोरीहरू पढ्ने स्कुल पनि बनाउने भनेर लेखिदिएको भए राम्रो हुन्थ्यो भन्ने मलाई लागिरहेको छ । त्यस्तै अब ४७ नं. बुँदामा नेपाल सरकारसँगको समन्वयमा कर्णाली प्रदेशका गाउँबस्तीलाई आगामी दुई वर्षमा संचारको पहुँच पुर्याउने भनेका छौं । अनि हामी त हुम्ला, जुम्ला, दैलेख, सुर्खेत १० वटा जिल्लाका मानिसहरू छौं । हामी हाम्रो ठाउँको बारेमा आफै विज्ञ छौं । हाम्रा ती कुनाकन्दरामा अझ पनि मोबाइल सेटले काम गर्दैनन् । हामी सदरमुकामबाट गएर अलितल पुग्यौं भने मोबाइल नेटवर्कले काम गर्दैनन् । त्यसैले दुई वर्ष होइन कि १ वर्षभित्र सबैभन्दा पहिला संचारको काम गरौं भन्ने सरकारलाई म सुझाव दिन चाहन्छु ।

बुँदा नं. ६६ मा भनिएको छ, प्रदेशमा असहाय, फरक क्षमता भएका, असक्तका लागि एक पुनःस्थापनाका साथै फरक क्षमताका भएकालाई पढ्ने विद्यालयको व्यवस्था गरिने छ भनेर भनिएको छ । फरक क्षमता भएका भनेर कसलाई चिन्ने । आज विहान हामी अपाङ्गको कार्यक्रममा गएका थियौं, यहाँ फरक क्षमता भनेर हामीलाई भन्ने गरिएको छ, तर हामीसँग फरक क्षमता होइन, हामीसँग अरूको जस्तै हरेक क्षमता छ, तर हामी अपाङ्ग मात्रै हो र अपाङ्ग नै भन्ने गरियोस् भनेर बिहान हामीसँग अपाङ्गका साथीहरूले कुरा राख्नुभएको थियो । मलाई पनि लागिरहेको थियो, यो फरक क्षमता कसलाई भन्ने हो त, क्षमता र अपाङ्गता फरक कुरा हो । कसैको केही क्षमता कसैको केही क्षमता हुन्छ । यो फरक क्षमता भनेको केहो मैले नबुझेकै होला । म सरकारलाई यो विषयमा सुझाव दिन चाहन्छु ।

त्यस्तै अहिले हामी प्रत्येक जिल्लामा ५० सैयाको हस्पिटल अथवा अस्पताल बनाउने भनिरहेका छौं । तर म पहिलेकैकुरा गर्दछु भने यहीजेष्ठको ९-१० गतेको हावा र हुरीले गर्दा छाना छैन, आज पनि बिरामीहरू पालमा बसेर, पानी आएको बेलामा छाता ओडेर बस्नु पर्ने त्यस्तो स्थिति दैलेखको जिल्ला अस्पतालमा भैरहेको छ, त्यस्तै स्थिति अर्को दैलेखको बडाखोलाको स्वास्थ्य चौकीमा पनि भएको छ । यसलाई छिटो भन्दा छिटो किन कार्यान्वयमा नलगिएको हो । कि त रोग लागेर मर्ने बेलामात्रै अस्पताल जाने हो ? हामी त अस्पताल जानुभन्दा पहिला रोग पहिचान गर्ने ठाउँमा पनि पुग्नुपर्यो । अहिले अस्पतालको त्यस्तो किसिमको अवस्था हुँदा हुँदै हामीले आज यो नीति तथा कार्यक्रममा ल्याउँदा खेरि काम नगर्ने, कुरा धेरै गर्ने होला जस्तो मलाई लागेको हो ।

त्यस्तै अब बालबालिका बेचबिखन, शोषण, बाल यौन हिंसा, दुर्व्यवहार, बहुविवाह, बोक्सी, छाउपडी जस्ता कुराहरूको हामीले यसलाई प्रदेशबाट नै मुक्त गराउने भनिएको छ । तर बालविवाह त हिजो विगतमा चाहिँ बाबुआमाले कन्यादानको हिसाबले दिनुहुन्थ्यो भने आजभोलि आफूखुशी विवाह गर्नुहुन्छ । विवाह बदर गर्न जाने हो झुण्डिएर मर्ने, विष खाइ मर्ने गरिएको छ भने त्यो विवाहलाई वैद्यानिकता दिने हो भने कानूनले मान्दैन । यस्तो किसिमको अफठ्यारो यो बालविवाहमा परिरहेको छ । प्रदेश सरकारले कानून

बनाउँदा, हाम्रो प्रदेशको स्थितिलाई हेरेर केही फेरबदल गर्नुपर्छ कि जस्तो मलाई लागिरहेको छ ।

अर्को कुरा मलाई के लागिरहेको छ भने दैलेख जिल्लामा दैलेखबाट भवासैनी हुँदै सुरूङ्ग मार्ग भनिएको छ, यो भवासैनी भनेको यस्तो ठाउँ होकी अहिले जुका लाग्दछ, अनि हिँउदमा हिउँ पर्दछ । त्यहाँका मानिसहरूको बस्ती पनि एकीकृत छैन, त्यहाँ अहिलेसम्म बाटो पुगेको छैन, त्यहाँ एउटा स्वास्थ्य चौकी छैन, त्यहाँ एउटा राम्रो विद्यालय छैन । अनि सुरूङ्ग मार्ग खोलेर अन्त पुग्ने कि ? हामीले त्यो बस्तीलाई पनि व्यवस्थित गर्ने, सबैभन्दा अगाडि त्यो बस्तीमा पुर्याउनका लागि बाटो बनाइयोस् भन्ने मेरो माग छ ।

अर्को कुरा यहाँ चाहिँ पर्यटन क्षेत्रभित्र विभिन्न आयोजनाहरू छन्, अनि दैलेख दुल्लु पञ्चकोशी हुने ठाउँमा दुल्लु पञ्चकोशी भएको छ, त्यसलाई दैलेख दुल्लु पञ्चकोशी भन्ने बनाइयोस्, अनि कुइयाँको ताल भन्ने हाम्रो दैलेखको असाध्यै राम्रो ताल हो, त्यो ताल १५०० मिटरको उचाईमा अवस्थित छ, त्यो कुइयाँको माललाई पनि सम्झना गरियोस् भनेर आफ्ना शब्द यहीँ राख्छु हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय यज्ञबहादुर बि.सी., समय सात मिनेट ।

**माननीय श्री यज्ञबहादुर बि.सी.ः**- माननीय सभामुख महोदय, दोस्रो अधिवेशनको आज यो पन्ध्रौ बैठकमा कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममाथि आज तेश्रो दिनमा पनि छलफल भैरहेको छ । सभामुख महोदय, यो कर्णाली प्रदेशको यहाँ न कोही शत्रु छ, यहाँ न कोही विपक्षी छ । यस प्रदेशको शत्रु र विपक्षी भनेको रोग र भोक, अशिक्षा र गरिबी हो । सभामुख महोदय, कर्णाली प्रदेशको सरकारले जुन प्रस्तुत गरेको २०७५/०७६को नीति तथा कार्यक्रमलाई हेर्दा खेरि इतिहासको पानामा, जस्तो यो दस्तावेजमा उल्लेख गरिएको छ र यो प्रदेशलाई अब यो पाँच वर्षसम्म प्रदेशका जनताको प्रतिव्यक्ति आय डलर २१००मा पुर्याउने र त्यसपछि बेरोजगारी समस्यालाई समाधान गर्नका लगि एक घर एक रोजगार भन्ने जुन उल्लेख गरिएको छ, त्यो रोजगार पनि सय दिन, एक घर एक रोजगार र एक रोजगारलाई सय दिन रोजगार भनेर यहाँ उल्लेख गरिएको छ । मलाई के लागेको छ भने अहिले यो कर्णाली प्रदेश प्रतिव्यक्ति आय ८०० डलरको हाराहारीमा छ भने अब गएर पाँच वर्षभित्र प्रतिव्यक्ति आय २१०० डलरको जुन यो सरकारले नीति लिएको थियो । यसलाई १००मा १८० दिन बनाउँदा के फरक पर्दथ्यो, १८० दिन बेरोजगारहरूलाई रोजगारको अवसर, एक घरलाई एक रोजगार, १८० दिनमा उत्तम नै हुन्थ्यो जस्तो लाग्छ । जहाँसम्म लाग्दछ यो कर्णाली प्रदेशका मुख्यमन्त्रीज्यूले टेबुल गर्नुभएको यो नीति तथा कार्यक्रममा धेरै छलफल भै सके । यो प्रदेशको मुहार फेर्नका लागि अथवा भनौं यो प्रदेशवासीको अनुहार हँसिलो बनाउनका लागि यो प्रदेशको सर्वप्रथम पहिलो चाहिँ पूर्वाधार विकासमा जोड दिइरहेको मैले भेटाएको छु । पूर्वाधार विकास नभैकन कुनैपनि विकासका बाटाहरू अगाडि बढ्न सक्दैनन् । यस प्रदेशका वासीहरूको आर्थिक स्तरमाथि

उठ्न सक्दैन । सभामुख महोदय, चाहे त्यो सडकका क्षेत्रमा हेर्नुहोस्, यातायातका क्षेत्रमा, हवाइ मार्गदेखि लिएर, सुरूङ्ग मार्गसम्म पनि यो सरकार अगाडि बढि रहेको छ । यो सरकारले सपना देखिरहेको छ । सपना देख्नुपर्दछ, साकार हुन्छ या हुँदैन भन्ने चिन्ता लागिरहेको छ । किनभने यो सरकार विफल भयो भने, यो कर्णाली प्रदेश नै विफल हुन्छ, यो कर्णाली प्रदेश नै विफल हुने बित्तिकै यहाँका जनताहरू पनि विफल हुन्छन् । यो मुलुकमा संघीय संरचना आयो, सम्पूर्ण सिंहदरबारको अधिकार गाउँमा आयो, प्रदेशमा आयो । अब यहाँ हिजो एकीकृत राज्य प्रणालीबाट पिछडिएका, दुःख पाएका, धेरै कुराले, विविध हिसाबले पनि अगाडि बढ्न नसकेको कर्णाली प्रदेश र कर्णाली प्रदेशका जनताहरूले सबै अधिकारहरू पाए र अब अगाडि बढ्ने कुरामा हामीले विश्वास गरेका थियौं र गरेका पनि छौं तर यहाँ के भैदियो भने सभामुख महोदय, कर्णाली प्रदेश सरकारले हिजो को केन्द्रिकृत राज्यप्रणालीमा जस्तो किताबका माझमा मात्रै जनतालाई देखाउने गरिन्थ्यो, अब त्यस्तो हुने त होइन, खोलाका माछा मारेर खुवाउने वातावरण बन्छ कि बन्दैन । यसो गहिरिएर हेर्दा यो नीति तथा कार्यक्रमले यो नीतिले कार्यक्रमलाई, बजेटलाई, हाम्रो बजेट कति छ, हाम्रो बजेटको आधारमा हामीसँग सम्पति कति छ ? हामीले घर बनाउँदै गर्दा २५ तलाको घरको स्टमेट गर्यौं, तर हाम्रो आर्थिक अवस्थाको आधारमा हामीले स्टमेट गरेर अगाडि बढ्यौं भने निश्चित रूपमा हामीले घर बनाउन सक्छौ । अब यहाँ हामीसँग पूँजी नभएको देखिन्छ ।

सभामुख महोदय, अब यहाँ पर्यटकको विकास धेरै किसिमले गर्ने भनेर कुराहरू आएको छ, यसमा पर्यटनको विकास गर्नका लागि, पर्यटकीय स्थललाई बढाउनका लागि, विकासकै माध्यमबाट कर्णाली प्रदेशको विकास र आर्थिक समृद्धिको विकास गर्नकालागि फेरी पनि ५० वटा भन्दा बढि कुरामा सम्भाव्यता अध्ययन गर्ने भन्ने यहाँ उल्लेख भएको छ । समयको अभाव छ, म यो चाहिँ तपोभूमि, बुद्धविहार, बराहताल, बड्डीचौर, बराहताल गाउँपालिका आज बराहतालको नामबाट गाउँपालिकाको नाम रहेको छ, पञ्चपुरी नरपालिकामा चमेरे गुफा, पञ्च गुफा र चौकुनी गाउँपालिका, तातोपानी र घाटगाउँ, भेरी नदी र कर्णाली नदीको संगम दोभान, धार्मिक पर्यटकीय क्षेत्र, दुवै किसिमको जलमार्ग र स्थल मार्ग दुवै पुग्दछ । दुवै हिसाबले भोलि पर्यटकीय स्थलको अवधारणा लिएर हामी अगाडि बढ्यौं भनेमाथि गएर राराताल र तल गएर भेरी र कर्णालीको संगमस्थल छ, त्यो भोलि एकदम चाहिँ बाह्य पर्यटक र आन्तरिक पर्यटकको ठूलो घुँइचो लाग्ने कुरा राख्दै म मेरो भनाइ यहीं अन्त्य गर्छु,, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममाथि छलफल हुँदा माननीय सदस्यहरूले उठाउनु भएका विभिन्न प्रश्नहरूको सन्दर्भमा प्रदेशसभा नियमावली, २०७४ को नियम ३७ को उपनियम २बमोजिम सरकारको तर्फबाट जवाफ दिन समय दिन्छु।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम यस गरिमामय सदनमा पेश भइ र यस नीति तथा कार्यक्रममा माननीय सांसदज्यूहरूले आफ्ना अत्यन्तै महत्वपूर्ण विचारहरू प्रस्तुत गर्नुभएको छ । यसका लागि महत्वपूर्ण विचारहरू राखी, यो नीति तथा कार्यक्रमलाई थप अझै व्यवस्थित बनाउनका लागि मद्दत गर्नुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि विचार राख्ने क्रममा, आफ्नो विचारहरू विभिन्न कोणबाट प्रस्तुत भएका छन् । मलाई लाग्दछ, यो नीति तथा कार्यक्रम यो अपूर्ण हुन सक्दछ, केही क्षेत्रहरू छुटेका हुनसक्छन् र सरकारको दृष्टि नपुगेको हुनसक्छ । यसलाई पूर्ण बनाउनकै लागि यो गरिमामय संसदमा यो पेश भएको हो । यो नीति तथा कार्यक्रमले, यसमा समेटिएका विषयवस्तुहरूले, यदि यो गम्भीर एउटा समस्या अथवा यसलाई क्षति, कायम गर्दै, कुनै क्षेत्रमा विषयहरू उठाउँदा, यदि समस्या पुग्न गएको छ भने हामीले त्यसलाई सच्याउन पनि सक्दछौं । यो माननीय सांसदज्यूहरूले उठाउनु भएको विषय, अघिल्लो हामीले २०७४/०७५ को चौमासिक नीति तथा कार्यक्रम हामीले पेश गर्दै जाँदा त्यहाँ पनि विभिन्न विषयवस्तुहरू उठेका थिए । धेरै विषयवस्तुहरू समेटियो, अलिकति विषयहरू बढि महत्वकाँक्षी भए भन्ने विषयवस्तुहरू उठेका थिए । यो राम्रोसँग हामीलाई थाहा थियो । थाहा हुँदाहुँदै पनि फेरी २०७५/०७६को नीति तथा कार्यक्रमलाई अझै बढाएर अघिल्लो नीति तथा कार्यक्रममा उठाएका विषवस्तुहरू यथावत नै राखेर, ती विषयवस्तुहरूमा केन्द्रित रहेर, सरकारले ती नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको प्रक्रियामा छ र कार्यान्वयन गर्नुपर्दछ । त्यसपछि हामीले अझै केही विषयवस्तुहरूको उठान गरेका छौं । यहाँ यसमाथि पनि प्रतिक्रियाहरू आएका छन्, संघीय सरकार भन्दा पनि अझै ठूलो नीति तथा कार्यक्रम आयो । यो सानो ठाउँ, थोरै जनसंख्या भएको, यो कर्णाली प्रदेशमा यो आवश्यकता थियो कि थिएन, भन्ने प्रश्नहरू पनि उठ्यो । यो अस्वभाविक र असान्दर्भिक भन्ने कुरा मलाई लाग्दैन । यसका बारेमा हामीले सरकारले पेश गरेको नीति तथा कार्यक्रममा हरेक विषयवस्तुहरू बुँदागत ढङ्गले राखिएका छन् । सबै बुँदाहरूमा गएर हामीले अध्ययन चाहिँ कति गर्यौं ? यो नीति तथा कार्यक्रम हामीले मात्रै होइन, यो कर्णाली प्रदेशको गरिमामय सदनभित्रको छलफलको विषय मात्रै रहेन, माननीयज्यूहरूको मात्रै छलफलको विषयवस्तु नभएर यसका बारेमा छलफल, यसका बारेमा चर्चा, यसका बारेमा बहस र टिकाटिप्पणीहरू राष्ट्रिय रूपमा र अझै अन्तर्राष्ट्रिय रूपमा थुप्रै प्रकारका चर्चाहरू र प्रतिक्रियाहरू अगाडि बढेका छन् । सबैका टिप्पणीहरू प्रदेश सरकारले नजिकैबाट अध्ययन गरिरहेको छ । त्यसो हुँदा म फेरी के आग्रह गर्न चाहन्छु भने होला, राम्रो गर्दै जाऔं भनेर भन्दा केही ठाउँमा राम्रो गर्दा गर्दै पनि केही समस्याहरू आउन सक्छन् । हामी द्वन्द्वात्मक भौतिकवादलाई स्वीकार्ने मान्छे हो । राम्रोभित्र नराम्रो पनि हुन्छ, सफलताभित्र असफलता पनि हुन्छ । राम्रो कति छ र

नराम्रो कति छ, धेरै राम्रो छ तर थोरै नराम्रो छ भने सबै कुरा नराम्रो देखुलाई द्वन्द्ववादको विश्लेषण भनेर भन्न सकिदैन । हामीले नराम्रो कति छ र राम्रो कति छ, यी पक्षहरू असाध्यै राम्रा छन्, यी पक्षहरू हाम्रा लागि राम्रा छैनन् भनेर हामीले प्रष्टसँग बोल्न सक्नु पर्दछ, राख्न सक्नुपर्दछ, त्यसो हुँदा हामीले अर्को कुरा भन्ने गरेका छौँ सोचको कुरा, हामीसँग सोच के छ, अहिले सरकारले नीति तथा कार्यक्रम संसदमा पेश गर्दैगर्दा नीति तथा कार्यक्रम प्रतिको सोच कस्तो प्रकारको चाहिँ बनाउने, के सोच हामीले बनायौं, यसमा भर पर्ने कुरा चाहिँ हो । यदि सुरूमै हामीले सोच खराब सरकार, खराब सरकारमा रहेका मान्छेहरू खराब, यो हामीले सरकारप्रतिको हेर्ने सोच यदि हामीले खराब बनाएका छौं भने यो खराब लाग्न थाल्दछ । बोलेको कुरा पनि खराब लाग्छ, हेरेको कुरा पनि खराब लाग्दछ, लेखेको कुरा पनि खराब लाग्दछ, खाएको कुरा पनि खराब लाग्दछ, सबै कुरा खराब लाग्न थाल्दछ । सबै भन्दा पहिले सोच चाहिँ के बनाएका छौं, सोचमा भरपर पर्ने कुरा हो, सोच कस्तो बनायौं, त्यसअनुसारको हाम्रो दृष्टिकोण बन्ने हो । हाम्रो सोच केछ, त्यसपछि हामीले दृष्टिकोण चाहिँ के बनायौं, हाम्रो आँखाले हाम्रो नजरले के देख्यो, राम्रो देख्यो कि, खराब देख्यो, त्यो दृष्टिकोणले तयार पारेको हाम्रा विचारहरू अर्थात अभिव्यक्तिहरू, हाम्रा प्रस्तुतीहरू कस्ता हुन्छन् ? त्यसपछि हामीले प्रस्तुती के दियौं ? भन्ने कुरादेखि व्यवहारमा के हुन्छ भन्ने कुरासम्म मुख्य कुरा हुन्छ । त्यसो हुँदा मलाई यहाँ अलिकति लामो समय लिन मन लाग्या छ । अझै मलाई त के लाग्यो भन्नु हुन्छ, एकपटक यो सरकारको नीति तथा कार्यक्रमको सबै बुँदा बुँदामा पढौं कि जस्तो लाग्या छ । म धेरै कुरामा जाँदिन । म प्रत्येक माननीय सदस्यज्यूहरूले राखुभएका विचारहरू, आफ्ना मतहरू जस्ताका तस्तै लिपीबद्ध गरेर यहाँ हामीले राखेका छौं । यो सरकारका रेकर्डका लागि र भोलि गर्ने कामकारबाहीलाई थप सपोर्ट गर्नका लागि एउटा सन्दर्भका लागि राख्याको छु र त्यो ढङ्गले मैले ग्रहण गर्या चाहिँ छु । अहिले मलाई यसो सबैका विचारहरू सुन्दा, अलिकति नीति तथा कार्यक्रम प्रतिको अलिकति अध्ययन, नीति तथा कार्यक्रम अलिकति हेरिदिनु भएन कि क्याहो, अलिकति पढिदिनु भएन कि क्याहो भन्ने कुराको अनुभूति मलाई भयो । जे कुरा उल्लेख गरिएको छ, लेखिएको छ, ती विषयमा प्रश्न उठाउनु भएको छ, भएन, आएन, भनेर भनिराखु भएको छ । त्यसो हुँदा अलिकति हामीले अध्ययन गर्न जरूरी छ यसमा, सामान्य शहिदहरूको बारेमा उल्लेख गरिएन कि भन्ने कुरा यहाँ छ, १ नं. मा हेर्नुभयो भने, प्रष्टै लेखिएको छ, शहिदका बारेमा हामीले गर्ने सम्मानका बारेमा हामीले यहाँ राखेका छौं । त्यसपछि अर्को कुरा हामीले बारम्बार सरकारका तर्फबाट र तपाईं हामी सबैले संसदले र सिङ्गो सबै माननीय संसदज्यूहरूले र यहाँका जनप्रतिनिधिहरूले उठाउँदै आएको विषय के हो भने यो प्रदेश समस्या नै समस्याबाट गुज्रिएको छ, रोगले, भोकले, अशिक्षाले, गरिबीले, अविकसित ठाउँ छ, सबै हिसाबले हाम्री ग्रसित, यो प्रदेशका हामी जनप्रतिनिधि हौं । यहाँ हाम्रो यदि खेरको जिम्मेवारी अत्यन्तै चुनौतीपूर्ण रहेको छ ।

सामान्य अवस्थामा हामीले हाम्रो जिम्मेवारी राम्रोसँग लिएका छैनौं । यो असाधारण परिस्थिति हो । यसलाई हामीले गम्भीरताका साथ चिन्तन र मनन गर्न जरूरी चाहिँ छ । यो हामी सबैले बोलेका शब्दहरू चाहिँ, त्यसैले हाम्रो सोच, सरकारको सोच, सरकारले एउटा सपना देख्यो, सपनै देख्न पाइँदैन यो होइन, सपना देख्नुपर्दछ । असम्भव सपना हामीले देख्नुहुँदैन, सम्भव सपना हामीले देख्नुपर्दछ । हामीले सपना यस्तो देख्नुपर्दछ, जुन सपनाले हामीलाई सुत्ने पनि टाइम चाहिँ हुनुहुँदैन । त्यो सपना पूरा गर्नका लागि हामीले सुत्नेसम्मको टाइमचाँही हामीसँग हुनुहुँदैन । सपना आफैंमा चुनौती हो, समस्या हो, सपना आफूलाई चुनौती ल्याउनका लागि देख्नुपर्दछ । अहिले प्रदेश सरकारले देखेंको सपनाले प्रदेश सरकारलाई ठूलो चुनौती ल्याएको छ । सपना सगरमाथाको फेदीबाट देख्ने होकी सगरमाथाको शिखरबाट, सगरमाथाको टुप्पोबाट देख्नसक्नपर्दछ । सगरमाथाको टुप्पोबाट देख्ने सपना भनेको धेरै टाढाको, धेरै परसम्मको, दुरदृष्टिसम्म पुग्न सक्दछ । हामीले सानो खाल्डोबाट देख्ने सपनाले सीमित भूगोल मात्रै देखिन्छ । सानो ठाउँ वा साँघुरो ठाउँ देखिन्छ, त्यसैले अलिकति हामीले टाढा देख्नका लागि परसम्म देख्नका लागि हामीले अग्लो ठाउँबाट हामीले देख्यौं भने हामीले परका समस्याहरूका बारेमा पनि सोच्न सक्छौं र प्लान हामीले बनाउन सक्छौं । यसकैलागि हामीले सपना ठूला देखेंका छौं, ठूला सपना हामीले देख्नु पर्दछ । यी सपनालाई हामीले पूरा गर्ने मामिलामा हामीले नीति तथा कार्यक्रमका प्राथमिकताहरू हामीले निर्धारण गरेका छौं, यो सपना पूरा गर्नका लागि हामीले यो प्रदेशको नीति तथा कार्यक्रममा यो प्रदेशको सामाजिक, आर्थिकलगायत समग्र विकास र समृद्धिका लागि आधार वस्तुको रूपमा यसलाई लिएका छौं । यो वर्ष भनेको कानून निर्माणको वर्ष रहनेछ र यो वर्ष भनेको योजना निर्माणको वर्ष रहनेछ । यो वर्ष भनेको हरेक क्षेत्रको अध्ययन र अनुसन्धानको वर्ष रहनेछ । यो वर्ष भनेको अहिलेको अवस्थाको सुचाकाङ्क र तथ्याङ्क सङ्कलनको वर्ष रहनेछ । यो नीति तथा कार्यक्रमले स्पष्ट यही भनेको छ । हामीले कानून निर्माण गर्नेछौं र हामीले योजना निर्माण गर्ने छौं । यो योजना निर्माण गर्नका लागि गुरुयोजना तयार पार्नेछौं । हाम्रो सडकको गुरुयोजना बन्ने छ, कर्णाली प्रदेश भरि हाम्रा दशैवटा जिल्लाका हरेक बस्तीसम्म सडक पुर्याउनका लागि कति किलोमिटर सडक आवश्यकता छ, त्यो सडक निर्माणका लागि कति बजेटको आवश्यकता छ, त्यो गुरुयोजना तयार पार्नु छ । त्यसैगरी पर्यटनको पनि गुरुयोजना तयार पार्नुछ । अहिले पनि रारा आयो, अर्को ठाउँ आएन, अर्को ठाउँ आएन भनेर भनिरहेका छौं । हामीले रारालाई नराखेको, रारा राष्ट्रिय निकुञ्ज हो, राष्ट्रिय निकुञ्जभित्र निकुञ्जको आफ्नै ऐन छ । हामीले संघीय सरकारको अनुमति, उसको सल्लाहले हामीले रारा राष्ट्रिय निकुञ्जभित्र प्रदेश सरकारले मात्रै प्लानिङ्ग गरेर, योजना बनाएर त्यो सम्भव छैन । त्यसका लागि संघीय सरकारसँग सहकार्य गरेर हामीले योजना निर्माण गर्नुपर्दछ । त्यसको पनि हामीले प्लानिङ्ग गर्ने, त्यसपछि यो कर्णाली प्रदेशभित्रका सबै पर्यटकीय क्षेत्रलाई हामीले भनेका छौं, यहाँका प्राकृतिक नदी नाला, तालतलैया, हिमालहरूलाई

समेटेर पर्यटन क्षेत्र के हुनसक्छ ? अर्को कुरा धार्मिक पर्यटकीय क्षेत्र, अनि अर्को सांस्कृतिक, भाषिक र अर्को यहाँको केही ऐतिहासिक क्षेत्रलाई समेटेर पर्यटकीय क्षेत्रको विकास गर्नुछ । त्यसपछि अरूपनि पर्यटन क्षेत्रको रूपमा, कृषि पर्यटन हुनसक्छ, शिक्षा पर्यटन हुनसक्छ, स्वास्थ्य पर्यटन हुनसक्छ, जडीबूटी पर्यटन हुनसक्छ, हाइड्रोपावर पनि पर्यटन हुनसक्छ, यी सबै क्षेत्रलाई पनि पर्यटन क्षेत्रको रूपमा विकास गरेर, कर्णाली प्रदेशलाई नेपालमात्र नभएर विश्वकै पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नका लागि डिपिआर तयार पार्ने हामीले भनेका छौं, त्यसको तयारीमा सरकार लाग्दछ । त्यसपछि अरूक्षेत्रहरू छन्, कृषि क्षेत्र छ, शिक्षा, स्वास्थ्य, हाइड्रोपावर, खानेपानी, सिंचाइ यी सबै भौतिक पूर्वाधार, समृद्धिका यी सबै क्षेत्रहरूको योजनाहरू, सबै क्षेत्रहरूको योजना निर्माण गरेर, यसको कति सक्छौं, यो वर्षभित्र सक्छौ वा सक्दैनौ, टाइमलाग्छ फेरी, सर्भे गर्ने कुरामा, एउटा समान्य हाइड्रोपावरको डिपिआर तयार पार्नको लागि ५ वर्ष लाग्दछ । यदि त्यो ढङ्गको काम गर्ने हो भने, हामीले फास्ट्र्याकबाट धेरै भन्दा धेरै योजनाहरूको डिपिआर तयार पार्न सक्यौं भने, डिपिआरले लागत कति लगानीमा कुन योजना सम्पन्न गर्न सकिन्छ भन्ने कुराहरूको पहिचान भैसकेपछि, हामीले बजेट जुटाउने काम हुन्छ । बजेट जुटाउने, यसमा उठेका छन्, यी धेरै असम्भव कुरा हुन्, दुनियाँमा असम्भव कुरा नै हुँदैन, तर हाम्रो गतिमा भर पर्ने कुरा हो । हाम्रो गति के छ, हाम्रो स्पिड के हो, भन्ने कुराले हाम्रो कामको निर्धारण गर्ने कुरा हो । रेल मार्गको कुरा पनि हामीले उठायौं, कर्णाली प्रदेशमा रेल चल्दैचल्दैन भनेर भन्ने आधार के छ, के कर्णालीमा रेल आउनै सक्दैन । कालिकोट जाने क्रममा एउटा बुढो बा"लाई मैले भेटें, अनि मैले सोधें बुवा यो ठाउँमा गाडी यसरी आउँछ भन्ने कुरा कहिल्यै सोच्नु भएको थियो त ? अनि तपाईले सबैभन्दा पहिले गाडी चाहिँ कहाँ देख्नु भएको थियो ? भारतको तिनकुनेमा गएर गाडी देखेंको थिएँ, त्यसबेला नुन ल्याउने बेलामा भनेर भन्नु भयो । अनि तपाईंले आफ्नो घर अगाडि गाडी आउँछ भनेर सोच्नु भएको थियो कहिल्यै ? कहाँ बाबु सोच्दै सोच्या थिएन यसरी गाडी आउला भनेर, पुग्दो रहेछ त गाडी त्यहाँ पनि, ठूला-ठूला चट्टानहरू थिए त्यहाँ, आखिर त गाडी पुग्यो रेल पुग्ने कुराको सपना किन नदेख्नु, यही आर्थिक वर्षमा रेल चलाउने त हामीले भनेका छैनौं, यस्को सम्भाव्यता अध्ययन गर्ने मात्रै हामीले भनेका छौं, भोलि यस क्षेत्रका विज्ञहरूले, प्राविधिकहरूले यस कर्णाली क्षेत्रमा रेल फिजिवल छैन भनेर भन्यो भने हामी जवरजस्ती रेल पल्टाउनका लागि त ल्याउँदैनौ । अब सम्भाव्यता त अध्ययन गर्नै पाउनुहुन्न, सपना नै देख्न पाउनुहुन्न भनेर भन्ने कुराहरू कत्तिको जायज छ ? त्यसो भएको हुँदा बरू अझै तपाईंहरूले ठूला-ठूला सपनाका कुराहरू गर्नुपर्दछ । सरकारलाई, कस्तो सपना नै नदेख्ने सरकार, यो पनि सपना देख्नुपर्छ नी, त्यो पनि सपना देख्नुपर्छ नी भनेर भन्नु पर्दछ । सपना कार्यान्वयन कसरी गर्ने सबैभन्दा ठूलो चूनौती हाम्रा लागि त्यही हो । जहाँसम्म हामीले हामीलाई, आफैले आफैलाई समस्या ल्याउँदैनौ, समाधान पनि भेट्दैनौ । जब हामीले आफूले आफैलाई समस्या ल्याउँछौ, त्यसपछि मात्रै

समस्याको समाधानको खोजि हुन्छ । हामीले भन्यौ कति खर्ब तपाईंको यूएस डलर चाहिने हो, यो प्रदेशका लागि सबैभन्दा पहिला त्यो कति लागत लाग्छ भन्ने कुरा स्पष्ट हुनुपर्यो । त्यो स्पष्ट भै सकेपछि स्रोतको खोजि गर्नुपर्यो, जान्छौ स्रोतको खोजि गर्नका लागि, संघीय सरकारसँग लड्छौं । नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ, संघीय सरकारका बारेमा, यहाँ प्रष्ट राखिएको छ, हामी त्यहाँ जान्छौ । त्यसपछि संघीय सरकारबाट आवश्यक लोनका लागि हामीले भन्छौ, हामीले लोन ल्याउँछौ, त्यसपछि हामी निजी लगानीकर्तासँग जान्छौ, अनि स्रोतको खोजिमा लाग्छौ । अब स्रोत जुटाइसकेपछि क्रमश हामीले देखेंका सपनाहरू पूरा गर्नका लागि हामी अगाडि बढ्छौ । त्यसपछि यहाँ पूरा गर्नका लागि केही विषयहरू चाहिँ हामीले उठान गरेका छौं, अलिकति म यहाँ सुनाउन चाहन्छु । माननीय साँसदज्यूहरूले १ नं. बुँदादेखिलिएर १२ नं. बुँदासम्म पढ्नुभयो भने मात्रै सरकारले प्राथमिकता नै दिएन भनेर भन्ने ठाउँको अन्त्य हुन्छ । यो त मिनिङ्ग मात्रै हो, शब्द त धेरै प्रयोग हुन्छन्, तर यसको सार के छ, सार चाहिँ हामीले बुझ्नु जरूरी छ, त्यसैले पढेर सुनाउने अनुमति चाहन्छु, सभामुख महोदय ।

समाजवादमा आधारित, जनसहभागितामूलक विकास र सुशासनसहितको समृद्ध कर्णाली प्रदेश निर्माणका लागि शान्ति, समृद्धि, समतामूलक समाज निर्माणका लागि न्यायपूर्ण एवम समावेशी समाजवादी व्यवस्थाको आधार तयार गरिनेछ, भनेर स्पष्ट कुरा यहाँ भनिएको छ । यहाँ भष्ट्राचारका विषयमा लेखिएन, अर्को विषयमा लेखिएन, सुशासनलगायत विविध विषयहरूको बारेमा तपाईंहरूले भन्नु भएको छ । सायद १ नं. बुँदाले मात्रै धेरै विषयहरू समेट्छ र सम्वोधन गर्छ । धेरै माननीयहरूले उठाउनु भएको धेरै विषयहरूको सम्वोधन २ नं. बुँदाले गर्छ । अनि ३ नं. बुँदामा जनताका आकांक्षा, आवश्यकता, आवाजमा आधारित वैज्ञानिक योजना निर्माण र यसको कार्यान्वयन गरिनेछ । जनताका आकांक्षा के छन् ? जनताका आवाजहरू के छन् ? त्यसमा आधारित रहेर वैज्ञानिक योजना निर्माण र यसको कार्यान्वयन गरिनेछ । यसको माध्यमबाट आगामी पाँच वर्षमा कर्णाली प्रदेशका जनताको प्रतिव्यक्ति डलर २१०० पुर्याइने भनेको छ । यसमा सबै कुरा समेटिएको छ, यो पुग्दैन । हो, अहिलेकै वर्तमान अवस्थामै हामी रह्यौ, हाम्रो संस्कार यही नै रहे, हामी परम्परागत सोचबाटमाथि उठ्न सकेनौं, यथास्थानमा उभिएर हरेक कुराको हामीले व्याख्या मात्रै गरी राख्यो भने असम्भव कुरा मात्रै छ, सम्भव कुरा छैन । तर हामी नयाँ सोचका साथ, नयाँ जिम्मेवारीका साथ यो हाम्रो चुनौती हो, हामीले चूनौती ल्याएका हौं, हामीले हाम्रा कामका घण्टाहरू बढायौं र साँच्चिकै बसी खाने होइन गरिखाने भयौं भने असम्भव भन्ने कुरा छैन, यस्तो लक्ष्य राख्न पाइयो । यो ठाउँमा पुग्नका लागि योजना निर्माण गर्ने, कार्ययोजना बनाउने र अगाडि बढ्ने, युवाहरूको व्यवस्थापनका लागि विभिन्न किसिमका कार्यक्रमहरू अहिले पनि भएका छन् । युवाहरूलाई व्यवस्थापन गर्नका लागि के संरचना खडा गर्ने भन्ने विषयमा छलफल गर्न सकिन्छ । हाम्रो कर्णाली प्रदेशमा कति युवाहरू छन्, त्यसको डाटा हामीलाई चाहिएको

छ, युवाहरूको योग्यता के छ ? योग्यता चाहिएको छ, यो प्रदेशका युवाहरूको रूची के छ ? रूचीको डाटा पनि हामीलाई चाहिएको छ । सबैभन्दा पहिला, संख्या कति छ ? योग्यता कति छ ? के कुरामा रूची छ ? यो कुरा हामीले बुझी सकेपछि हामीले तालिम भनेर भनेका छौं, तालिम भनेको त्यो कुस्ती खेल्नका लागि या हतियार पड्काउनका लागि दिइने तालिम होइन । यो तालिम योग्य बन्नका लागि हो । शारीरिक हिसाबले पनि हट्टाकठ्ठा हुनुपर्यो, रोगी हुनुभएन, रोगका विरूद्धमा लड्न सक्ने क्षमता हामीसँग हुनुपर्यो । जन्मदै ब्लडप्रेसर भएर जन्मनु भएन, विभिन्न प्रकारका दीर्घरोगी भएर बाँच्नु भएन, त्यसलाई शारीरिक फिटनेसको आवश्यकता चाहिँ हो भनेका छौं । अर्को मानसिक स्वस्थताको कुरा गरेका छौं, मानसिक रूपमा मानिस स्वस्थ रहनुपर्यो, यसका लागि तालिम, त्यसपछि उसलाई व्यावसायका लागि योग्य बनाउने भनेका छौं । व्यवसायिक तालिमको कुरा, यो कर्णाली प्रदेशका दशैवटा जिल्लामा हामीले तालिम केन्द्र खोल्नु पर्दछ । त्यसपछि युवाहरूलाई तालिम दिइन्छ । फिजिकल तालिम पनि दिइन्छ, ब्रेनलाई कसरी स्वच्छ राखिन्छ, युवाहरूको दिमागमा नयाँ सफ्टवेयर कसरी राख्न सकिन्छ, त्यसपछि उनीहरूलाई व्यावसायिक दक्षता राख्नका लागि विभिन्न किसिमका तालिम, विभिन्न प्रकृतिका तालिमहरू हामीले हावसवाइरिङ्गसम्बन्धीको तालिम, सिलाईसम्बन्धीको तालिम, पलम्बरसम्बन्धीको तालिम, कृषिसम्बन्धीको तालिम, हाइड्रोसम्बन्धीको तालिम, पर्यटनसम्बन्धीको तालिम, ड्राइभिङ्गसम्बन्धीको तालिम हरेक किसिमका तालिमहरू दिनुपर्यो । भोलि विदेशमा रोजगारीका लागि जाँदा पनि काम लाग्ने गरी तालिम दिनुपर्यो । यो के हामीले बनायौं ? जति सकिन्छ हामीले यही देशमा, यही प्रदेशमा रोजगारीको सिर्जना गर्ने, यो प्रदेशमा युवाहरूको रोजगारीको ग्यारेन्टी गर्न नसकेमा अर्को प्रदेशमा सरकारले नै पहल गरिदिने, बाहिर विदेशमा जानु परेमा पनि सरकार आफैले पहल गरिदिने गर्नुपर्दछ । अहिले तपाईंको युवाहरू मेनपावरबाट ठगिएका छन्, दुःख पाइरहेका छन्, सरकारले विदेशको सरकारसँग समन्वय गरेर पठाउन सकिन्छ, पहल गर्नुपर्दछ, पहल अगाडि बढाउनका निमित्त यहाँ उल्लेख गरिएको छ । सबैले कमाउनु पर्दछ, यसकालागि हामीसँग श्रम चाहियो, पसिना बगाउनुपर्यो, मेहनत कति गर्यौं, हामीले त्यसमा भर पर्दछ, राम्रो मेहनत गर्नेले २१०० डलर नभएर त्यो भन्दा धेरै पनि कमाउन सकिन्छ । यो लक्ष्यसहित हामी अगाडि बढ्ने भनेका छौं, अर्को कुरा ४ नं. बुँदामा भनिएको छ, खाद्यसम्प्रुभता, खाद्य र पोषण सुरक्षाको प्रत्याभूति दिइने छ भनेका छौं । त्यसपछि शिक्षा र स्वास्थ्यलाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ ।

बुँदा नं. ६ मा भौतिक पूर्वाधार र उर्जा क्षेत्रको विकासको तीब्र अभियानसहित उत्पादन र उत्पादकत्वमा जोड दिइने छ । हाम्रो प्राथमिकता के हो भन्ने कुरामा सरकारले केलाई प्राथमिकता दिएको छ भन्ने कुरामा प्रश्न गर्नुभएको छ । जवाफ बुँदा नं. ६ मा छ, हाम्रो प्राथमिकता भौतिक पूर्वाधारलाई जोड दिएकै छौं, त्यसपछि उर्जा क्षेत्रलाई भनेका छौं, उर्जा क्षेत्रलाई जोड दिएका छौं । अब प्राथमिकताका साथ हेर्नु भयो भने भेटाउनु हुनेछ

। अर्को कुरा बुँदा नं. ७ मा दिइएको छ, समावेशी एवम समानुपातिक सिद्धान्तसहित, सहभागितामूलक कार्यक्रमद्वारा आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण, प्राकृतिक स्रोतको न्यायोचित व्यवस्था मिलाइने छ । अब यहाँ विभिन्न किसिमका कुराहरू उठेका छन्, महिलाका कुराहरू उठे, दलितका कुराहरू उठे, जनजातिका कुराहरू उठे, यो ७ नं. बुँदामा हेर्नुभयो भने, महिलाका बारेमा छुट्टै केही अलग कार्यक्रम खोज्नु भएको छ भने, त्यो कुरा हामीले बजेटमा ल्याउँछौ । तर यो विषयले सबैलाई समेटेको छ, के हो समावेशी र समानुपातिक भनेको ? यो ७ नं. बुँदामा छ । त्यसपछि ८ नं. बुँदामा सार्वजनिक क्षेत्र, सहकारी, निजी क्षेत्रको संयुक्त सहभागिताद्वारा आर्थिक, सामाजिक, सांस्कृतिकका साथै समूह, सहकारी र कम्पनीमार्फत् जनताको अनिवार्य सहभागितामा लगानीको वातावरण सिर्जना गरिने छ । लगानीका स्रोतका कुराहरू तपाईंहरूले उठाउनु भएको छ, के हुन्छन् सरकारका स्रोतहरू, १६ अर्ब आएको छ अनि ठूला-ठूला महत्वकांक्षी योजना बनाउने भनेर प्रश्न आउला । यो ८ नं. बुँदामा तपाईंहरूले हेर्नुभयो भने, हाम्रा के के क्षेत्रहरू हुनेछन् भन्ने कुराहरू यहाँ राखिएका छन् । ९ नं. बुँदामा राखिएको छ, प्राकृतिक स्रोत र उत्पादनका साधन जनताको स्वामित्वसहितको विकास र प्रतिफलको न्यायोचित वितरण गरिने व्यवस्था गरिएको छ । हाम्रो वितरण प्रणाली के हुनेछ र कस्तो हुनेछ भन्ने कुरा पनि यहाँ समेटिएको छ। त्यस्तै १० नं. बुँदामा सापेक्षित रूपमा पछिपरेको, प्राथमिकता के हुन् भन्ने कुराहरूमा विषय यहाँ उठेको छ । सापेक्षित रूपमा पछि परेको भूभाग, समुदाय र परिवारलाई योजना र विकास कार्यक्रममा प्राथमिकता दिइनेछ, साथै एक घर एक रोजगारीको सिर्जना गरी, वर्षमा १०० दिन रोजगारी दिइने छ । हिजो काठमाण्डौबाट कर्णाली प्रदेशलाई गरिने व्यवहार जे थियो, सुर्खेतबाट कर्णालीकामाथिका जिल्लाहरू हेर्ने भिजन स्पष्ट हुनुपर्दछ, नीति स्पष्ट हुनुपर्दछ भनेर यहाँ भूगोललाई, त्यसपछि समुदायलाई, त्यसपछि परिवारलाई यहाँ उल्लेख गरेर विषयवस्तु प्रष्ट पारिएको छ । कार्यक्रम कहाँबाट सुरूवात गर्ने भनेर हामीले राखेका छौं र कार्यक्रम हाम्रो टार्गेट, कम्तीमा १०० दिनको रोजगारी सरकारले दिनुपर्दछ भन्ने टार्गेट हो। टार्गेटमा पुग्नका लागि सरकारले कार्यक्रम ल्याउँछ, कार्यक्रम हामीले तुरून्त पेश गर्दैछौ । त्यसपछि ११ नं. बुँदामा छ, श्रम शक्ति, श्रमशील जनशक्ति र नेतृत्वको इच्छाशक्ति एवम् जनचाहनाको एकीकृत ताकतलाई पूँजीवादमा बदल्दै कर्णाली प्रदेशलाई सामाजिक न्यायसहितको समृद्ध प्रदेशको उचाइमा पुर्याउने गरी विकासका क्रियाकलापलाई अगाडि बढाइने छ, हाम्रो श्रम र स्रोत केछ, हामीसँग श्रमशील जनशक्ति कति छ ? के छ ? र नेतृत्वको इच्छाशक्ति के छ ? हामी काम गर्न चाहान्छौ कि चाँहदैनौ ? जन चाहना के छ ? यी सबैकुरालाई एकीकृत नगरीकन, केन्द्रित नगरीकन हामीले पूँजीवादमा बदल्न सक्दैनौ । यसका लागि हामीले कार्यक्रम बनाएर अगाडि बढ्ने छौं भनेर भनेका छौं । त्यस्तै गरी यहाँ १२ नं. बुँदामा लेखिएको छ, गतिशील नेतृत्व, असल प्रशासन र सुधारिएको कानूनी व्यवस्थाद्वारा कर्णाली प्रदेशका जनतालाई शीघ्र सेवा

प्रदान गरिनेछ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक कार्यक्रमहरूमार्फत् दिगो विकासका लक्ष्य तथा समाजवाद उन्मुख अर्थव्यवस्था निर्माण गरिनेछ भनेर हामीले यहाँ सरकारको प्राथमिकतामा राखेका छौं । त्यसपछि थुप्रै योजनाहरूमा हामी प्रवेश गरेका छौं, या त तपाईंको कृषिमा हामीले प्रवेश गरेका छौं, त्यसपछि हामीले पर्यटनमा प्रवेश गरेका छौं । म यहाँ १४ नं. देखि २१ नं.सम्म हामीले हेर्यौं भने शिक्षाको बारेमा के छ भन्ने प्रष्ट नीति यहाँ बोलिएको छ । त्यसपछि २३-३६सम्म हेर्यौं भने सहकारीको लगानीसम्बन्धी कस्तो हुने भनेर उल्लेख गरिएको छ । हामीले धेरै विषयहरू यसमा समावेश गरिएका छन् । मलाई त फेरी एकपटक सबै विषयहरू र सबै बुँदाहरूमा गएर, यहाँ प्रष्ट पार्नु पर्छ कि जस्तो मलाई लाग्यो । फेरी मैले सबै वाचन गर्दा अर्को फेरी अस्ती घण्टा लाग्याथ्यो फेरी अर्को घण्टा लाग्नसक्छ । अझ पनि म अनुरोध गर्छु, एक पटक हामी सबैले अवश्य पनि अध्ययन गर्ने छौं । यहाँ नभएका विषयवस्तुहरू अझै छुटेका विषयवस्तुहरू, गर्न सकिने विषयवस्तुहरूलाई हामीले समावेश गर्न जरूरी छ । धेरै समय यहाँ भाङ्गोमै बित्यो, तीन दिन भाङ्गोले खायो । अर्को तपाईंको वैज्ञानिक प्रणालीबाट ट्वाइलेट बनाउने भनिएको रहेछ, यसमा पनि त्यस्तै छ, यसले पनि धेरै समय खायो । यी दुई तीन वटा विषयहरू सदनमा छलफलका विषयहरू भएका छन् । यो भाङ्गो भन्ने कुरा नाम मिल्दै जाँदा भाङ्गो भएछ, यसलाई चाहिँ हामीले करेक्शन गर्ने भएका छौं । यसलाई बन्देज लगाएको चिज भएको हुनाले शब्द हटाउनु पर्दछ । अर्को कुरा ट्वाइलेटको कुरा जे छ, वैज्ञानिक ट्वाइलेट बनाउनै पर्दछ, अहिलेका ट्वाइलेट त बनाइयो, रिवन काटेपछि दिशामुक्त भइहाल्छ । साँच्चिकै दिशामुक्त भएको छ कि छैन भन्ने कुरा सब्बै माननीयज्यूहरूलाई थाहा भएकै कुरा हो । अहिले दिशामुक्त क्षेत्र घोषणा गरेका ठाउँहरूमा हेर्नु भयो भने दिशा ढुङ्गाले पुछेर हान्ने गरिएका छन् । त्यो वैज्ञानिक भएन झन फोहर भयो । हामीले ट्वाइलेट बनाइसकेपछि, ट्वाइलेटकोमाथि पानी ट्याङ्की बनाएर पानी आउने त बनाइ दिनु पर्यो त । ट्वाइलेटको पिन राखेर ट्वाइलेट बनायो, ढोका नै लाग्दैन अनि कसरी हुन्छ । अब त ट्वाइलेट कहाँ अग्लो राख्ने, कता होचो राख्ने भन्ने नै थाहा छैन । यसका लागि चाहिँ हामीले स्वास्थ्य तथा सरसफाईसम्बन्धीको वैज्ञानिक नीतिअनुसार सामाजिक विकास मन्त्रालयले कार्यक्रम बनाउँछ । सुर्खेतमा इन्जिनियरले बनाएका ट्वाइलेटहरू सबै वैज्ञानिक प्रविधिबाट बनाइएका छन् । त्यसैले अब वैज्ञानिक ट्वाइलेट बनाउनु पर्यो भनेको राम्रै होला । सबै विधि, रित, प्रक्रिया पुर्याउनु पर्दछ जस्तो मलाई लाग्दछ । यस कुरामा माननीय सदस्यज्यूहरूले चित्त दुखाउनु पर्ने मैले देखेंको छैन ।

अर्को कुरा फेरी पनि भनेका छौं, कर्णाली प्रदेश बनाउनका लागि धेरै सजिलो छैन, धेरै जटिलताहरू छन् । अमेरिका बनाउनका लागि अमेरिकनहरूले विश्वका टप विद्यार्थीहरूलाई इस्कलरशिप दिएर अमेरिका लैजान्छ र उतै बसाल्छ, उतै काम दिन्छ अनि यस्ता क्रियाकलापबाट अमेरिका बनेको हो । अहिले पनि कर्णाली प्रदेशले त्यस्तो

किन नगर्ने ? तपाईं हामी सबैलाई थाहा छ, भूगोलले राम्रो अध्ययन गरेको छ । कति भूगोल उत्तर तिर फर्केको छ, कति भूगोल दक्षिण तिर फर्केको छ, कति भूगोल समथर होचो छ भन्ने पनि थाहा छ, सबै कुरा थाहा हुँदाहुँदै पनि हामीले यो भूगोलमा रहेका प्राकृतिक स्रोत र साधनको अत्यधिक प्रयोग गर्नका लागि विज्ञ र प्राविधिकहरूलाई कर्णाली प्रदेशमा ल्याउने भनेका छौं । कर्णाली प्रदेशलाई के ट्याङ्की भन्नुभयो, राम्रो ट्याङ्की बनाउने भनेका छौं । त्यो ब्रेनको ट्याङ्की हो, बौद्धिकताको ट्याङ्की हो, विद्वानहरूको ट्याङ्की हो । सामन्तवादको विशेषता के हुन्छ भने सबैकुरा मैले जानेको, कसैले केही पनि जानेका छैनन् र बुझेका छैनन्, भन्ने विशेषता हामीसँग हुन्छ, विकासको बाधक नै त्यही हो । अर्काको अस्तित्वलाई स्वीकार नगर्ने, अर्काको क्षमतालाई स्वीकार नगर्ने । यही सोच हामीसँग कायम रह्यो भने, हामी फेरी अगाडि बढ्न सक्दैनौ । यो सोचबाट हामी मुक्त रहनका लागि सबैका कुरा सुन्न सक्ने हामीसँग त्यो क्षमता हुनुपनि बौद्धिकता नै हो । बच्चाका कुरा सुन्यो, बुढाबुढीका कुरा सुनियो, पक्षका कुरा सुनियो, विपक्षका कुरा सुनियो, सुन्न सक्ने क्षमता पनि बौद्धिकता नै हो । कर्णाली प्रदेशमा सबै खालका मानिसहरू ल्याउनु पर्दछ । सबैका कुराहरू सुन्नुपर्दछ, तपाईंको कर्णाली प्रदेशको बारेमा सोच केछ ? तपाईंले लिएको सपना भन्ने कुराका बारेमा सोच्नुपर्दछ । यसले हामीलाई मद्दत नै पुर्याउँदछ । यसका लागि हामीले फेरी पनि यो कर्णाली प्रदेशलाई जिआइएसए गढ, हामीले जिआइएसए गर्ने भनेर कार्यक्रममै हामीले राखेका छौं, भौतिक पूर्वाधारका समग्र विकासका सन्दर्भमा हामीले यहाँ राखेका छौं । यो म्यापिङ्ग चाहिँ गर्ने, यो भनेको डिजिटल म्यापिङ्ग पनि हो, यसलाई हामीले गर्ने । त्यसपछि हामी समग्र प्लान बनाएर, भोलिलाई असर नपार्ने गरेर, कृषिलाई हामीले अलग अलग गुरुयोजना बनाउने कि भनेर सोचेका थियौं, एउटै ठाउँबाट एउटै फार्मबाट हामीले बनाउने भनेका छौं । त्यो भयो भने अलिकति लगानी हाम्रो खेर जाँदैन, कृषिले एउटा कार्यक्रम बनाएर जान्छ । नदीको आसपासमा, सडकले अर्को कार्यक्रम बनाएर जान्छ, फेरी हाइड्रोपावर पनि त्यही जान्छ र ठूला-ठूला कृषि फार्महरू आयोजनाहरू पनि डुबानमा पर्छ, सडक पनि डुबानमा पर्दछ । उदाहरणहरू धेरै छन्, सहरमा सडकले सडक बनायो, फेरी ढलले सडक भत्कायो, फेरी सडकले सडक बनायो, फेरी खानेपानी आयो फेरी सडक भत्कायो, फेरी सडकले सडक बनायो फेरी अर्को विद्युत् लाइन जमिन मुनिबाट लिने भनेर आयो, अप्टिकल फाइवर आयो, अर्को टेलिकम आउँछ । हरेक पटक सडक खन्या खन्यै, सधैं धुँवा धुलो उड्या उड्यै हुने भयो । हामी गुरुयोजना बनायौं भने सडक एकचोटि मात्रै खने हुन्छ । गुरुयोजना बनाएर बाटो बनायौ भने लगानी खेर जाँदैन । यो प्रदेशको पनि समग्र बरू ढिला होला, आत्तिन जरूरी छैन । पाँच वर्ष सरकारको आयु छ, योजना बनाएको छ, १०-१५ वर्षको भनिएको छ । एकजना इन्जिनियरले घरको इस्टमेट गरायो भने एकैरातमा घर खडा भै हाल्छ भन्ने होइन । तर हामीले डिजाइन बनायो, योजना बनायो भने भोलि त त्यसकोमाथि तला

थप्दै जाने हो । त्यसको कार्यान्वयन गर्नुपर्दछ, सत्य त एउटै हो । एउटा सत्य पत्ता लगायौं भने अर्काको आँखाले हेर्दा अर्को सत्य देखिन्छ भन्ने कुरा नदेख्ने गरिकन हामीले प्लानिङ्ग गर्न सक्यौ भने त्यो नै वैज्ञानिक प्लान हो, त्यही वैज्ञानिक प्लान बनाउने भनेका छौं ।

अर्को कुरा टिनको कुरा उठेको छ, थुप्रै खरले छाएका गाउँघरहरू आगलागि भएका छन् । थुप्रै ठूला घरहरू ढुँगाले छाएका छन्, घरको तौल बढ्न गइ, भुकम्प जाँदा भत्किन सक्छ । संघीय सरकारले घोषणा गरेको कार्यक्रम पनि हो, हामीले टिनको छाना बनाउन अलिकति मात्रै अनुदान दिन सक्यौं भने, जनताहरूमा रूची पैदा गर्नका लागि ध्यान आकर्षण गर्नका लागि कार्यक्रम ल्याउन सक्यौ भने, सबै जनताहरू अब सुरक्षित टिनको छाना मुनि बस्नुहोस् भनेर भन्यौ भने, विपद जोखिम न्यूनीकरण गर्नका लागि सरकारले कार्यक्रम ल्याउँदै छ । यसका लागि अव्यवस्थित बसोवासहरूलाई व्यवस्थित गराउने, जहाँ जोखिममा रहेका बस्तीहरूलाई सार्ने, छरिएर रहेका बस्तीहरूलाई एकीकृत बस्ती विकास कार्यक्रममा लैजान हामीले अध्ययन गर्दछौं । कति घरहरू जोखिममा परेका छन्, कति वटा घरहरू छरिएर रहेका छन्, यसको हामीलाई तथ्याङ्क चाहिएको छ । एकठाउँमा बसोवास गराउनका लागि जमिनको खोजि गर्छौं, बस्तीकालागि हामी घर निर्माणमा लाग्दछौं, त्यसका लागि त समय लाग्दछ । यो वर्ष कति घर जोखिममा छन् भनेर अध्ययन गर्नका लागि समय लाग्न सक्छ । उनीहरूलाई बसोवास गर्नका लागि जमिनको खोजि हुनसक्छ यो वर्ष । त्यसपछि अर्को वर्ष बस्ती बसाउनका लागि घर बनाउनु पर्छ । त्यसो भएको हुँदा गुरुयोजना निर्माण गरेर, हामी अगाडि बढ्यौं भने, त्यसो हुँदा हाम्रो यो कर्णाली प्रदेशको समग्र विषयलाई लिएर हिजोको के हो ? हिजो कुन अवस्थामा थियो ? आज कुन अवस्थामा यो कर्णाली प्रदेश छ र कर्णाली प्रदेशका सम्भावनाहरू के हुन्, अहिले पनि हामीले भन्छौ अथाह सम्भावना छ । सुनै सुन छ, कसले देख्या छ, सुन कहाँ छ भनेर, कहाँ नेर छ सुन ? त्यसै सुन छ भनेर हुन्छ ? छैन की, ढुङ्गा नै ढुङ्गा मात्रै छ की, के थाहा हामीलाई, तर सम्भावनाको कुरा गरेको हो । हाइड्रोपावरको कुरा गरेका छौं, कति छ ? के छ ? हामीसँग एकिन छैन । अर्को अनि हरेक कुराको सम्भावना मात्रै भनेका छौं, सम्भावना कति छ ? सम्भावना के छन् भन्ने तथ्य चाहियो । त्यो तथ्यमा हामी पुग्नका लागि यो वर्ष भनेको सम्भाव्यता अध्ययनकै वर्ष हो, यो वर्ष भनेको योजना निर्माणकै वर्ष हुन्छ, यो वर्ष भनेको हाम्रा लागि चाहिँ सम्भावना कार्यान्वयन गर्नका लागि हामीलाई चाहिने बजेट जुटाउने वर्ष हुन्छ । हामीले सबैसँग छलफल गर्छौं, हरेक प्रकार सम्भावनाहरूको खोजि गर्छौं, जति सकिन्छ सम्भावनाहरूलाई सदुपयोग गर्नतर्फ लाग्छौ, यसमा केन्द्रित भएर सरकार अगाडि बढेको छ । सरकार गम्भीर छ, फेरी पनि यो सरकार भनेर मुख्यमन्त्री र त्यसपछि ६ जना मन्त्रीको मात्रै हो । यिनीहरूले मात्रै के-के गर्दा रहेछन्, कसरी गर्दा रहेछन् खै हेरम भनेर बस्ने । पहिले पनि मैले आग्रह गरें र अहिले पनि म आग्रह गर्न चाहन्छु,

मुकदर्शक भएर, टाढाबाट रमिते भएर, मुख हेर्ने भएर हुँदैन, तपाईंहरूको सुझाव, सल्लाह, हाम्रो यहाँ संस्कार पनि छ, कसैको घरमा केही भोजभतेर भयो भने अगाडि नबोलाए रिसाउने चलन छ । हामीहरू रिसाउने खालका मानिसहरू पनि छौं, बोलाए पछि जाऔंला, केही सोधे पछि भनौंला, केही सुझाव मागेपछि दिम्ला । त्यो होइन, हामी सबैको दायित्व हो, संसदमा तपाईंहरूले चुनेर नै पठाउनु भएको हो, तपाईंले सरकारको नेतृत्व गर्नुहोस् भनेर, तर एक्लै मुख्यमन्त्रीको ताकतले, एक्लै मुख्यमन्त्रीको क्षमताले केही हुनेवाला छैन, हामी सबैको सामूहिक प्रयत्न, हामी सबैको सामूहिक निर्णय भयो र हाम्रा अगाडिका चूनौतीहरूको सामना गर्नका लागि लाग्नुपर्दछ, रातदिन नभनेर लाग्नुपर्दछ । हामी लागौं, बरू हामीले हरेक क्षेत्रको अलग अलग जिम्मेवारी हामीले लागौं भन्ने सोच हामीले राख्यौ र हामी सबैको सक्रियता रह्यो भने सायद असम्भव भन्ने सपना छैन । सपना सम्भव हुन्छन्, हामीले जहिले पनि ठूला सपना देख्नुपर्दछ, हामीले ठूलो महत्वकांक्षा देख्नुपर्दछ । हामीले साना सपना देख्ने होइन, हामीले कमजोर मनस्थिति लिएर अगाडि बढ्ने होइन, हामी साँच्चिकै बलिया, हामी साँच्चिकै निडर, कुनै पनि चिजबाट हामी नडराउने, एउटा सामान्य ममः पसल राख्नका लागि घाटा लाग्छ कि भनेर सोच्यो भने कहिले पनि सफल हुनसक्दैन । घाटा लाग्या लाग्छ भनेर अगाडि बढ्नु पर्दछ भनेर सोच्यो भने उसले एकपटक अवश्य पनि सफलता हाँसिल गरिहाल्छ । त्यसैले डराउनुहुँदैन, बहादुरीका साथ, उच्च मनोबलका साथ, यी सबै कुरा सम्भव छन्, यो संसारमा असम्भव भन्ने कुरा केही छैन । अहिले भन्छन्, जलमार्ग भनेर अहिलेका सम्माननीय प्रधानमन्त्रीले बोल्दै गर्दा मानिसहरूले खिल्ली उडाउँछन्, हाँसो मजाक गर्छन् तर असफल भन्ने हुँदैन । कर्णाली जलमार्ग बन्छ, तर बनाउने कि नबनाउने भन्ने मुख्य कुरा हो, बनाउनका लागि हामी सबै लाग्ने कि नलाग्ने, हामी सबै आम नेपाली जनताहरूको दायित्व हो, हाम्रो कर्तव्य हो । हामीले नै हो यो देश निर्माण गर्ने भनेको, यो देश हामीले बनाउने हो भन्ने सोच राख्यौ भने, यो कर्णाली प्रदेश बनाउन बाहिरको जिल्लाका कुनै मानिस आउँदैनन्, यो कर्णाली प्रदेश हामीले नै बनाउने हो । यो कर्णाली प्रदेश हामी जननिर्वाचितहरूले नै बनाउने भन्ने सोच राखेर हामी अगाडि बढ्यौ भने अवश्य पनि हाम्रा सपनाहरू पूरा गर्न सक्छौं । यसका लागि फेरी पनि म आग्रह गर्दछु, अनुरोध गर्दछु, तपाईंहरूले विषयवस्तु रचनात्मक ढङ्गले उठाउनु भएको छ, सरकारलाई अझै तपाईंहरूले थप मद्दत पुर्याउनु भएको छ, यसका लागि तपाईंहरूको भनाइलाई म सम्मान गर्न चाहन्छु । प्रतिपक्ष दलका नेताले पनि रचनात्मक ढङ्गले नीति तथा कार्यक्रममाथि टिप्पणी गर्नु भएको छ, यसलाई अझै सरकारलाई झन गम्भीर बनाउनका लागि यो लेख्नका लागि मात्रै न लेखियोस्, भन्नका लागि मात्रै नभनियोस्, भाषणका लागि मात्रै भाषण नहोस्, बोलिएका कुराहरू, लेखिएका कुराहरू, हामीले कार्यान्वयन गर्नका लागि, सरकारले कार्यान्वयन गर्नका लागि तदारुकता कायम गर्नपर्दछ, भन्ने कुराको जिम्मेवारी बोध प्रमुख प्रतिपक्ष दलका नेताहरूले गराउनु भएको छ । सरकारले त्यही ढङ्गले ग्रहण

गरेको छ । यसका लागि पनि प्रमुख प्रतिपक्ष दलका नेतालगायत प्रतिपक्ष दलका सबै माननीय संसदज्यूहरूले आफ्नो रचनात्मक ढङ्गबाट प्रतिक्रिया दिनु भएको छ । सत्तापक्ष दलका सबै माननीयज्यूहरूले पनि रचनात्मक ढङ्गबाट सरकारको ध्यानाकर्षण गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराउनु भएको छ । त्यसका लागि सरकारको तर्फबाट धन्यवाद दिँदै, फेरी पनि हामीले बजेट ल्याउँदै छौं । यस नीति तथा कार्यक्रममा आधारित रहेर हामीले बजेट ल्याउँदै छौं, बजेटका लागि पनि आवश्यक सुझाव सल्लाहहरू माननीय संसदज्यूहरूबाट आएको चाहिँ छ, बजेट प्लानिङ्ग पनि यसैमा केन्द्रित रहने छ, हामी अध्ययनका लागि केन्द्रित रहनेछौं, हामी कानून निर्माणमा केन्द्रित हुनेछौं । हाम्रा केही पूर्वाधारहरू, प्रारम्भिक केही आधारहरू तयार पार्नका लागि हाम्रो बजेट केन्द्रित हुनेछ । बजेट जतिसक्यो हामीले केन्द्रित गर्ने छौं, बजेटलाई विकेन्द्रिकृत गर्ने छैनौं, बजेटलाई परिणाममुखी बनाउनका लागि हाम्रो सरकारको ध्यान जानेछ । विकेन्द्रकरण मुखी हुनेछैन, संघीय सरकारले अझै पनि ६०-७० हजारका कार्यक्रमहरू दिन छाडेको छैन । आएका छन् कार्यक्रम, लाखमा होइन कार्यक्रमहरू हजारमा आएका छन् । अहिलेको कर्णाली प्रदेश सरकारले जति सकिन्छ बजेटलाई केन्द्रिकृत गरेर, अहिलेका रणनीतिक महत्वका योजनाहरू के हुन् भन्ने कुरामा केन्द्रित हुनेछौं र विकेन्द्रित गर्न तिर लाग्ने छैनौं, यसैमा चाहिँ हाम्रा सबै मागहरू सम्वोधन भएनन् भनेर पक्कै पनि माननीय सदस्यज्यूहरूले भन्नु हुनेछैन । अहिले माननीय सदस्यहरूले दिनु भएका योजनाहरू अहिले पनि परम्परागत मात्रै छन्, मन्दिरदेखिलिएर धाराका टुटीहरूदेखिलिएर, सबै फेरी त्यही माग्ने तिर गएका छन् । त्यसरी हुँदैन, अलि प्रभावकारी हुने, अलि ठूला प्रोजेक्टहरूको आवश्यता छ, दीर्घकालीन रूपमा बेनिफिट हुने त्यस्ता आयोजनाहरूको छनौट गरेर अगाडि बढ्ने छौं, सानातिना योजनाहरू त स्थानीय तहले नै गर्ने छ र यो कुराहरू भन्दै फेरी पनि माननीय संसदज्यूहरूलाई विशेष धन्यवाद दिँदै मेरो यहाँ उठेका विषयवस्तुहरू, यहीं अन्त्य भएको जानकारी गराउन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६को नीति तथा कार्यक्रम पारित गरियोस् भनी प्रस्ताव राख्न समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीः**- माननीय सभामुखज्यू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रदेशसभा नियमावली २०७४ को नियम ३७ को उपनियम ३बमोजिम पारित गरियोस् भनि सभासमक्ष पेश गर्दछु ।

**माननीय सभामुखः**- माननीय सदस्यहरू, यस सभामा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमलाई पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर

शाहीको प्रस्ताव प्रदेशसभा नियमावली, २०७४ को नियम ३७ को उपनियम ३ बमोजिम निर्णायार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।
फ्लोर- हुन्छ ।
यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।
हुन्न भन्ने आवाज भन्दा हुन्छ भन्ने आवाज प्रदेशसभामा उपस्थित सदस्य संख्याको बहुमत भएकाले आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम पारित गरियोस् भनि माननीय मुख्यमन्त्रीको प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार १ गते शुक्रबार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१६
(२०७५ असार १ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको १६ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रस्तावित कार्यसूचीको २ नम्बरमा रहेको प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमान प्रदेशसभामा टेबुल हुने विषयलाई कार्यसूचीबाट हटाएको छु ।

माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२८ र नेपालको संविधान, २०७२ को भाग १६ प्रदेश आर्थिक प्रणाली, धारा २०७ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको अनुमान प्रस्तुत गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, आज म विकास र समृद्धिको व्यग्र प्रतिक्षामा रहेको कर्णाली प्रदेशको प्रदेशसभाको गरिमामय सदनमा आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७५/०७६ को अनूमानित आयव्ययको विवरण बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

संविधान र संघीयता कार्यान्वयनको क्रममा प्रदेशसभा र प्रदेश सरकार गठन पश्चात सार्वभौम कर्णाली प्रदेश सरकारको पहिलो ऐतिहासिक पूर्ण बजेट जनताको प्रतिनिधिमूलक यो गरिमामय सदनमा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

लोकतन्त्र, राष्ट्रियता र नागरिक अधिकार प्राप्तिको लागि भएको जनआन्दोलन र जनक्रान्तिमा आफ्नो जीवन बलिदान गर्नुहुने महान शहिदहरू तथा यस प्रदेशको स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने वीर शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरू प्रति हार्दिक आदर सम्मान प्रकट गर्दछु । श्रद्धेय अग्रजहरू, विद्वान वर्ग, न्यायप्रेमी जनसमुदायसले आफ्नो ठाउँबाट योगदान नगरेको भए आज हामी हाम्रो मातृभूमिमा यस प्रकारले उपस्थित हुन सक्ने थिएनौं, तसर्थ उहाँहरू सबै प्रति हार्दिक नमन व्यक्त गर्दछु ।

हामीले कर्णाली प्रदेशको समृद्धि र प्रदेशवासीको हितको लागि सहमति र सहकार्यको गन्तव्यमा एकाकार हुने संस्कृतिको अभ्यास गरिरहेका छौं । यसै असल संस्कृतिका कारण सर्वप्रथम प्रदेशको नामकरण र राजधानी तोक्न सफल भएको विषय मुलुक मै सिलसिला हुन पुगेको कुरा सम्मानित सदनसमक्ष स्मरण गराउन चाहन्छु । विगतका

त्याग, बलिदान र असल अनुभवबाट मार्ग निर्देशित हुँदै कर्णाली प्रदेशको समृद्धिको मार्गचित्रको रूपमा स्वाभिमानी कर्णालीवासी सामु यो बजेट प्रस्तुत गरिरहँदा आजको गरिब प्रदेशलाई भोलिको समृद्ध प्रदेशमा रूपान्तरण गर्ने सङ्कल्प बोध भइरहेको छ ।

'गाउँ-गाउँमा सिंहदरबार, घर घरमा प्रदेश सरकार' भन्ने उद्घोषका साथ कर्णाली प्रदेशको श्रमशील जनशक्तिलाई पूँजीमा बदल्दै न्याय र सामाजिक रूपान्तरणसहित समृद्ध कर्णाली प्रदेश निर्माण हाम्रो लक्ष्य रहेको कुरामा फेरि पनि जोड दिन चाहन्छु ।

हामी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि 'समृद्ध नेपाल, सुखी नेपाली" को नारालाई आत्मसात गर्दै 'समृद्ध कर्णाली, सुखी कर्णालीवासी' को दीर्घकालीन उद्देश्य अनुरूप समतामूलक समाज निर्माण गर्दै समाजवादतर्फको यात्रामा अघि बढिरहेको कुरा स्मरण गर्दछु । माननीय सभामुख महोदय, अब म प्रदेशको विद्यमान अवस्थालाई बुँदागत रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

विकास र समृद्धिको अतुलनीय सम्भावना बोकेको यो प्रदेश विकासका दृष्टिले अन्य प्रदेशहरूको दाँजोमा पछाडि रहेको छ । ५४ ओटा गाउँपालिका र २५ ओटा नगरपालिकासहित ७९ ओटा स्थानीय तह रहेको यो प्रदेश आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय र भौगोलिक विविधताका साथै जल, जंगल, जमिन तथा जडीबूटीको सम्भावित उत्पादन क्षमताका दृष्टिले उच्च स्थानमा रहेको छ ।

मुलुकको करिब २१ प्रतिशत भूभाग ओगटेको सबैभन्दा ठूलो यो कर्णाली प्रदेशको जनसंख्या पछिल्लो जनगणना वर्ष २०६८अनुसार करिब ६ प्रतिशत अर्थात १५ लाख ७० हजार रहेको छ ।

साक्षरताको हिसाबले पनि कर्णाली प्रदेश निकै पछाडि रहेको छ । देशको औषत साक्षरता दर ६५.९५ प्रतिशत हुँदा यस प्रदेशको साक्षरता दर ५८.२५ प्रतिशत मात्र रहेको छ ।

यसै गरी मुलुकको प्रतिव्यक्ति वार्षिक औषत आय अत्यन्तै कम अर्थात ११६० अमेरिकी डलर (करिब एक लाख बाह्र हजार रूपैयाँ) रहेको अवस्थामा यस प्रदेशको प्रतिव्यक्ति आय सो भन्दा पनि ज्यादै कम अर्थात ८०६ अमेरिकी डलर (करिब पचासी हजार रूपैयाँ) रहेको कुरा स्मरण गर्दछु ।

यो प्रदेश आर्थिक र सामाजिक परिसूचकमा राष्ट्रिय औषतभन्दा न्यून मात्र होइन, कूल ग्राार्हस्थ उत्पादनको योगदानमा समेत पछाडि रहेको छ । कूल गार्हस्थ उत्पादनमा यस प्रदेशको योगदान ३.९ प्रतिशत मात्र रहेको छ ।

प्रदेशको आधाभन्दा बढि जनसंख्या नेरपेक्ष गरिबीको पीडामा बाँचिरहेको अवस्था एकातिर छ भने मुलुकमा गरिबीको जनसंख्या करिब २५.५ प्रतिशत रहेकोमा यस प्रदेशको गरिबी प्रदेश जनसंख्याको तुलनामा ५१.८ प्रतिशत रहनुले गरिबीको भयावह तस्विर स्पष्ट गर्दछ ।

मुलुकको औषत मानव विकास सूचकाङ्क ०.४९० हुँदा यस प्रदेशको सूचक ०.४११ मात्र रहनु निश्चय नै मानव विकास सूचक धेरै कमजोर रहेको कुरा स्पष्ट हुन आउँछ । यस प्रदेशका नागरिकको औषत आयु करिब ६० वर्ष रहेको छ, जबकि समग्र देशका नागरिकको औषत आयु ७१ वर्ष छ ।

आर्थिक दृष्टिले सक्रिय जनशक्ति बढि भए पनि यसको उचित व्यवस्थापन र रोजगारी शिर्जना गर्न नसक्दा उर्जाशील जनशक्ति भारतका विभिन्न स्थान, खाडी मुलुक र मलेसियामा जोखिमपूर्ण काममा न्यून स्तरको पारिश्रमिक लिई आफ्नो श्रम बेच्न बाध्य छन् । यसरी उर्जाशील जनशक्तिको पलायनताले एकातिर हाम्रो कृषि तथा खेतीयोग्य उर्बर भूमि उजाड बनेका छन् भने अर्कोतर्फ गाउँघर बालबालिका, वृद्ध तथा अशक्तहरूको थलो बन्न पुगेको छ । यसबाट एकातिर आवश्यक उत्पादनशील जनसंख्याको अभाव हुन गएको छ भने अर्कोतिर सामाजिक, सांस्कृतिक सन्तुलन खल्बलिने र विदेशी मुलुकमा पसिना बगाई आर्जन गरेको ठूलो रकम अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ ।

प्रदेशका उर्जाशील युवा जनशक्तिलाई सिपयुक्त र दक्ष बनाइ कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था शिर्जना भइ आत्मनिर्भर र समृद्ध प्रदेशको रूपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

उपरोक्त परिवेशमा सीमित स्रोत साधनबाट धेरै आवश्यकता सम्वोधन गर्नु पर्ने यो बजेट सामाजिक रूपान्तरण, आर्थिक विकास र कर्णाली प्रदेश समृद्धिको आधारशीला बन्ने कुरामा विश्वास लिएको छु । माननीय सभामुख महोदय,

अब म यस सम्मानित सदनसमक्ष आर्थिक वर्ष २०७५/०७६ को बजेटका उद्देश्य र प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु ।

**उद्देश्यहरू:-**

**बजेटको मूलभूत उद्धेश्य:-**

प्रदेशको विकास र समृद्धिको यात्रा सुनिश्चित गरी समाजवादको बाटो तय गर्नु हो । यसका लागि निम्नलिखत उद्देश्य अङ्गिकार गरिएको छः

आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गर्दै समृद्धि हासिल गर्ने, सहज जीवनयाँपन र आर्थिक समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्ने,

मानव अधिकार संरक्षण तथा सामाजिक न्यायको प्रवर्द्धन गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन एवं प्रभावकारी रूपमा परिचालन गर्ने, कृषिको व्यावसायीकरण, विविधीकरण तथा आधुनीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि एवं खाद्य सुरक्षा सुनिश्चित गर्दै आत्मनिर्भरतातर्फ उन्मुख हुने, पर्यावरणमैत्री र प्राङ्गारिक प्रदेशको रूपमा विकास गर्ने, भ्रष्टाचार नियन्त्रण, जनमुखी प्रशासन र सुशासन कायम गर्ने ।

सभामुख महोदय, उपरोक्त उद्देश्य प्राप्तिका लागि देहायका विकासका प्राथमिकताहरू निर्धारण गरेको छुः

सडक, यातायात, जलस्रोत, उर्जा, खानेपानी, सहरी पूर्वाधार, सिंचाइ, सूचना, सञ्चार तथा प्रविधि जस्ता विकासका भौतिक पूर्वाधारहरूको विकास गर्ने, कृषि, वन, जडीबूटी, पर्यटन र उद्योग क्षेत्रको विकास गर्ने, शिक्षा, स्वास्थ्य, खेलकुदलगायतका सामाजिक क्षेत्रको विकास गर्ने, शान्ति सुरक्षा तथा अत्यावश्यक सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा अभिवृद्धि गरी नागरिकलाई अनुभूति हुने किसिमको सुशासन प्रदान गर्ने, मानव स्रोत विकास गर्ने, कानून निर्माण गर्ने, कर्णाली प्रदेशको सामग्रिक विकास योजना मार्गचित्र तयार गर्ने ।

सभामुख महोदय, बजेटका उल्लेखित उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि संघीय र स्थानीय सरकारसँग प्रभावकारी समन्वय र साझेदारी गर्ने व्यवस्था मिलाइने छ । उपलब्ध पूँजी, सिप र क्षमताको सदुपयोग गर्न सहकारी र निजी क्षेत्रलगायत अन्य विकास साझेदारहरूसँग सहकार्य गरिने छ ।

सभामुख महोदय, अब म बजेटका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**भौतिक पूर्वाधारः-**

प्रदेशको विकासमा प्रत्यक्ष प्रभाव पार्ने विकासका भौतिक पूर्वाधारहरू सडक, यातायात, उर्जा, जलस्रोत, सिंचाइ, खानेपानी, नदी कटान नियन्त्रण तथा तटबन्धन, मोटर पुल, झोलुङ्गे पुल आदिको पहिचान र पूर्वसम्भाव्यता/सम्भाव्यता अध्ययन गरी उपयुक्त ठहरिएका योजनाहरूको प्राथमिकताक्रम निर्धारण गरी कार्यान्वयनमा लगिने व्यवस्था मिलाइने छ ।

**सडकः**

हुम्ला र डोल्पा जिल्लालाई प्रदेश र राष्ट्रिय सडक सञ्जालमा आबद्ध गरी यातायात सहज गराउन प्रदेश सरकारले आवश्यक पहल गर्नेछ । प्रदेश राजधानीबाट अन्य जिल्लाहरूको जिल्ला सदरमुकामसम्म पुग्ने राजमार्गलाई दुई लेन सडकको रूपमा स्तरोन्नती गरिने छ ।

प्रत्येक प्रदेशलाई कम्तीमा एक अन्तर्राष्ट्रिय व्यापारिक नाकासँग सोझै जोड्ने नेपाल सरकारको नीतिलाई प्रदेश सरकारले आवश्यक सहयोग गर्दै भेरी करिडोर (छिन्चु, जाजरकोट, रूकुम, डोल्पा, धो मोरिम्लासम्म) तथा कर्णाली करिडोर (जमुनाहा, सुर्खेत, दैलेख, कालीकोट, जुम्ला, सिमिकोट, हिल्सा) लाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा अघि बढाउन नेपाल सरकारसँग पहल गरिने छ ।

जमुनाहा, सुर्खेत, हिल्सा प्रधानमन्त्री अन्तर्राष्ट्रिय द्रुतमार्गको विस्तृत अध्ययन गरी नेपाल सरकारको सहयोगमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण कार्य अघि बढाइने छ ।

नेपाल सरकारसँगको समन्वयमा रानीघाट, भुरीगाउँ बर्दिया सुरूङ्गमार्गको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइने छ ।

नेपाल सरकारसँग समन्वय गरी जमुनाहा, सुर्खेत, दैलेख, महाबु, कालीकोट नाग्मा, गमगढी, नाक्चेलाग्ना तथा राजापुर बर्दिया, भुरीगाउँ, तेलपानी सुर्खेत, दैलेखकोमाथिल्लो डुङ्गेश्वर बैक, दुल्लु, डाँडीमाडी, कुसापानी, ब्याउली, नाग्मा, गमगढी, नाक्चेलाग्ना सडकलाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा अघि बढाइने छ । उक्त सडकको गमगढी नाक्चेलाग्ना खण्डको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

सुर्खेत, छिन्चु, सिम्ता, जाजरकोट सडकलाई 'शहिद ऋषि शर्मा मार्ग' नामकरण गरिएकोछ ।

भेरी करिडोरको छिन्चुबाट-रानीघाट-हरिहरपुर-तातोपानी हुँदै प्रदेश नं. ७ को कर्णाली चिसापानी जोड्नका लागि पूर्वसम्भाव्यता अध्ययन गरिने छ । मदन भण्डारी राजमार्गको दाङ, सुर्खेत, डडेल्धुरा खण्डको काम तीव्रताका साथ अघि बढाउन नेपाल सरकारसँग समन्वय गरिने छ

नेपाल सरकारको समन्वयमा लुम्बिनीदेखि थारमारे, रूकुम, चौरजहारी, जाजरकोट खलंगा, थलह, चाँदे, जुम्ला तातोपानी, रारा जोड्ने (लुम्बिनी रारा लोक मार्ग) लाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा सम्भाव्यता अध्ययन गर्ने लगायत निर्माण कार्य अघि बढाइने छ ।

विकासको मेरूदण्डको रूपमा रहेका प्रदेशभित्रका रणनीतिक सडक तथा प्रदेश गौरवका आयोजनाहरूलाई सूचीबद्ध गरी क्रमशः कार्यान्वयन गर्न सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइने छ ।

प्रदेशभित्र सन्तुलित र समन्यायिक विकासको अवधारणा अनुरूप जनता सडक कार्यक्रम अन्तरगत कर्णाली प्रदेशका सबै प्रादेशिक निर्वाचन क्षेत्रहरूमा महत्वपूर्ण सडक आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइने छ । उक्त कार्यक्रमका लागि प्रत्येक निर्वाचन क्षेत्रमा रू. ५ करोड पर्ने गरी जम्मा रू. १ अर्ब २० करोड बजेट विनियोजन गरेको छु । लागत भारलाई ध्यानमा राखेर हुम्ला, डोल्पा र मुगुमा केही बजेट थप गर्ने व्यवस्था गरिने छ ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरलाई पर्यावरणमैत्री र व्यवस्थित शहरको रूपमा विकास गर्न विशेष कार्यक्रम अन्तरगत विस्तृत गुरुयोजना तयार गर्नुका साथै पूर्वाधारका कार्यक्रमहरू वीरेन्द्रनगर नगरपालिकासँगको समन्वय र साझेदारीमा सञ्चालन गरिने छ । उक्त कार्यका लागि रू. ११ करोड बजेट विनियोजन गरेको छु ।

नेपाल सरकारसँगको समन्वयमा प्रदेशको राजधानी सुर्खेतको चक्रपथ निर्माण तथा स्तरोन्नती कार्यलाई अघि बढाइने छ ।

जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने, कर्णाली प्रदेशबाट अन्य प्रदेश जोड्ने अन्तरप्रादेशिक तथा दुई वा दुई भन्दा बढि जिल्ला जोड्ने प्रदेश गौरवका सडक आयोजना निर्माण कार्य अघि बढाइने छ । बहुवर्षीय आयोजनाको रूपमा सञ्चालन गरिने उक्त सडकहरूको लागि रु १ अर्ब २८ करोड बजेट विनियोजन गरेको छ ।

ग्रामीण पहुँच परियोजना-३ अन्तरगत मुगु गमगढी हुम्ला सडकको निर्माण कार्यलाई तीब्रता दिइने छ ।

राप्ती राजमार्गको तुलसीपुर, श्रीनगर, मुसिकोट खण्डको विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्तरोन्नती गर्न संघीय सरकारको समपूरक अनुदानको लागि पहल गरिने छ । उक्त कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

सुर्खेत दैलेख सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गरी नेपाल सरकारको सहयोगमा स्तरोन्नती कार्य अघि बढाइने छ । यसका लागि केही आवश्यक बजेट विनियोजन गरेको छ ।

सुर्खेत जुम्ला कर्णाली राजमार्ग मर्मत सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

प्रदेश राजधानी सुर्खेतबाट रूकुम सदरमुकाम मुसीकोट जोड्ने सल्लीबजार चौरजहारी मुसीकोट सडक स्तरोन्नतीका लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

ग्रामीण सडक पहुँच कार्यक्रम कार्यक्रम अन्तरगत प्रदेशका स्थानीय तहहरू प्रभावकारी र भरपर्दो सडक सञ्जालद्वारा आबद्ध गरिने छ । यस अन्तरगत सडक निर्माण, मर्मत र स्तरोन्नती गर्ने कार्यका लागि रू. २० करोड बजेट विनियोजन गरेको छ ।

स्थानीय तहहरूसँगको साझेदारीमा प्रदेशका विभिन्न शहरहरूमा सडक निर्माण र स्तरोन्नती गर्न सहरी सडक साझेदारी कार्यक्रम को लागि रू.१४ करोड विनियोजन गरेको छ ।

रूकुम मुसिकोटबाट सल्यान खलंगा कालिमाटी प्रदेश नं. ५ को कोहलपुर हुँदै जमुनाहा नाका जोड्ने सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अघि बढाइने छ ।

प्राकृतिक प्रकोपका कारण प्रदेशभित्रका सडक यातायात अवरूद्ध भएको अवस्थामा तत्काल यातायात सूचारु गर्न एवं पूर्वाधार विकासको लागि आवश्यक उपकरणसहितको हेवी इक्विप्मेन्ट कार्यालय यान्त्रिक कार्यालय स्थापना र सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

सडक, पुल, भवन, नहरलगायतका भौतिक पूर्वाधारको गुणस्तर कायम गर्न गुणस्तर मापदण्ड बनाइ लागू गरिने छ । गुणस्तर परीक्षण गर्न पूर्वाधार प्रयोगशाला स्थापना गरिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

प्रदेशभित्र सम्भाव्यता अध्ययन भइसकेका पक्की पुल, झोलुङ्गे पुलहरूको निर्माण कार्य अघि बढाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

प्रदेशभित्रका महत्वपूर्ण सडक, सुरूङ्ग मार्ग, पक्की पुल, झोलुङ्गे पुल, केबुलकार परियोजनाहरू र कर्णाली र भेरी नदीमा जलमार्गको सम्भाव्यता अध्ययन गरिने तथा सम्भाव्य योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**विद्युतः-**

'कर्णालीको पानी, जनताको लगानी' भन्ने उद्घोषका साथमाथिल्लो कर्णाली, बेतन कर्णाली, जगदुल्ला, फूकोट कर्णाली, नलसिंगाड, शारदा, जवाखोला, सइगाड,लगायतका जलविद्युत् आयोजनाहरू सञ्चालन गर्न नेपाल सरकारसँगको समन्वयमा उत्पादनको जिम्मा लिएका उत्पादक कम्पनीलाई छिटो भन्दा छिटो आयोजना निर्माणको काममा सक्रिय बनाइने छ ।

नेपाल सरकारको सहयोगमा कर्णाली करिडोर र भेरी करिडोरमा विद्युत् प्रसारण लाईन विस्तार गरिने छ ।

सम्पूर्ण रूपमा कर्णाली प्रदेशमा रहेको भेरी नदीको पानी उपयोग गरिने भेरी बबई डाइभर्सनमा कर्णाली प्रदेशको पनि हिस्सा रहेको हुँदा भेरी बबई डाइभर्सन जलविद्युत् आयोजना नेपाल सरकारसँगको समन्वय र साझेदारीमा कर्णाली प्रदेश सरकारको स्वामित्वमा यथाशीघ्र निर्माण कार्य अघि बढाइने छ ।

साना तथा मझौला जलविद्युत् आयोजना निर्माण गर्न सार्वजनिक, सामुदायिक र निजी लगानीलाई प्रोत्साहन गरिने छ । प्रदेशका सबै जिल्लाहरूमा विद्युत् वितरण लाईन विस्तार गरिने छ । यस कार्यको लागि रू.२५ करोड विनियोजन गरेको छु ।

स्वच्छ विद्युत् सेवा सहज रूपमा उपलब्ध गराउन सौर्य ऊर्जा, वायू उर्जा, बायो ग्याँस उर्जा एवं अन्य नविकरणीय वैकल्पिक उर्जा प्रविधिलाई प्रोत्साहन गरिने छ ।

साना जल विद्युत् आयोजनाहरूको सम्भाव्यता अध्ययन, निर्माण र मर्मत सुधारका लागि रू. १८ करोड विनियोजन गरेको छु ।

**भवन तथा सहरी विकासः**

सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँग सम्बन्धित ऐन, नियम, भवनसंहिता, मापदण्ड र निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

नेपाल सरकारसँगको समन्वयमा प्रदेश राजधानी सुर्खेत वीरेन्द्रनगरलाई स्वच्छ र सफा राख्न व्यवस्थित ढल निर्माण कार्यलाई अगाडि बढाइने छ ।

प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानहरूको खोजि गरी नमूना प्रादेशिक स्मार्ट सिटी र हरित शहरको अवधारणाका साथ व्यवस्थित शहरको विकास गर्न उपयुक्त कार्यविधि र डिजाइन तयार गरिने छ ।

**खानेपानी, सिंचाइ तथा नदी नियन्त्रणः**

सुर्खेत उपत्यका तथा भेरी नदी बेसिनका बस्तीको सिंचाइ तथा खानेपानीको दीर्घकालीन समस्या समाधान गर्न भेरी नदीको पानीलाई लिफ्ट प्रविधि प्रयोग गरी सिंचाइ तथा स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाउनका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

स्वच्छ खानेपानीमा जनताको पहुँच पुर्याउन प्रदेशका खानेपानी सुविधा नपुगेका स्थानहरूमा खानेपानी योजना छनोट गरी सञ्चालनमा ल्याइनेछ साथै निर्माणाधिन आयोजनाहरू समयमै सम्पन्न गर्न रू. ५० करोड बजेट विनियोजन गरेको छु ।

कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रदेशका सम्भावित स्थानहरूमा विभिन्न प्रविधिका सिंचाइ आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरू गरिने छ साथै निर्माणाधिन, नयाँ तथा अवरूद्ध रहेका आयोजनाहरू सुचारू गर्न रू.५० करोड बजेट विनियोजन गरेकोछु।

प्रदेशका विभिन्न क्षेत्रमा बाढी पहिरो र नदी कटान नियन्त्रण गरी तटबन्ध निर्माण गर्न रू. ४० करोड विनियोजन गरेको छु ।

**सामाजिक विकासः**

**शिक्षाः**

'गुणस्तरयुक्त शिक्षा र शैक्षिक पूर्वाधारः प्रदेश समृद्धिको आधार' भन्ने नीति अनुरूप बालबालिकाहरूलाई आधारभूत तहसम्म अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध हुने कुराको सुनिश्चित हुने गरी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

विद्यालय नजाने तथा छाड्ने प्रवृत्तिलाई निरूत्साहित गर्न, विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न, बालबालिकाहरूलाई ल्याउँ टिकाऔं र सिकाऔं' भन्ने राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरिने छ । विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई नियमित पठनपाठन गराउन सक्ने स्थानीय तहलाई प्रोत्साहन गरिने छ । १ करोड ७० लाख बजेट व्यवस्था गरेको छु ।

आगामी तीन वर्षभित्र 'साक्षर कर्णाली प्रदेश' घोषणा गर्ने अभियानलाई सफल तुल्याउन अनौपचारिक शिक्षा एवं साक्षरता अभियानसम्बन्धी कार्यक्रमका लागि स्थानीय तहसँगको समन्वयमा कार्य मोडालिटी तथा कार्य पद्धति निर्माण गरी कार्यान्वयन गरिने छ । यसका लागि रू. २ करोड करोड बजेटको व्यवस्था गरेको छु ।

प्रदेशका सबै निर्वाचन क्षेत्रमा सञ्चालित सामुदायिक क्याम्पसहरूको शैक्षिक कार्यक्रमहरूको नक्साङ्कनका आधारमा समायोजन गरी आवश्यकतामा आधारित गुणस्तरीय शिक्षा र शैक्षिक उन्नयन गरिने छ । यसका लागि रू. २ करोड ४० व्यवस्था गरेको छु ।

सबै स्थानीय तहमा क्रमशः प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । प्राविधिक शिक्षालाई व्यवस्थित गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गठन गरिने छ । यसका लागि आवश्यक कानून निर्माण गरिने छ ।

प्राविधिक शिक्षामा महिलाको पहुँच वृद्धि गर्न 'छोरीबुहारी प्राविधिक शिक्षा छात्रवृत्ति' कार्यक्रम लागू गरिने छ । साथै दलित, विपन्न, द्वन्द्व पीडित, दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि समेत प्राविधिक शिक्षामा पहँच वृद्धि गर्न थप छात्रवृत्ति कार्यक्रम छात्रवृत्ति कार्यक्रमे व्यवस्था गरेको छु । यसका लागि रू. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

आर्थिक वर्ष २०७५/०७६ मा ६ हजार युवाहरूलाई छोटो अवधिको सिप विकास तालिम कार्यक्रम सञ्चालन गरिने छ । कार्यक्रमका सहभागी छनोट गर्दा महिला, एकल महिला, द्वन्द्व प्रभावित तथा दलित समुदायसलाई प्राथमिकता दिने व्यवस्था मिलाइने छ । यसका लागि सशर्त अनुदानबाट रू. १० करोड ३० लाख बजेट व्यवस्था गरिएको छ ।

विद्यालय तहको शैक्षिक गुणस्तर र भौतिक विकासका लागि निर्वाचन क्षेत्रलाई आधार बनाएर विद्यालय पूर्वाधार सुधार कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रू. २१ करोड बजेट विनियोजन गरेको छु ।

मध्यपश्चिम विश्वविद्यालयसलाई कर्णाली प्रादेशिक विश्वविद्यालयको रूपमा विकास गर्न र प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक नीतिगत र कानूनी प्रक्रियाका लागि नेपाल सरकारसँग समन्वय गरिने छ ।

दक्ष र उच्च प्राविधिक जनशक्ति उत्पादनका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

निर्वाचन क्षेत्र तथा जिल्लाहरूलाई आधार मानी सबै निर्वाचन क्षेत्रका एक/एक ओटा मा.वि.हरूमा प्राविधिक शिक्षाको पढाइ सञ्चालन गरिने छ । साथै कृषि, पशुविज्ञान, इन्जिनियरिङ्ग, विज्ञान तथा सूचना प्रविधि, वन विज्ञान, पर्यटन तथा होटल व्यवस्थापन विषयमा स्नातक तहको प्राविधिक शिक्षाका लागि पूर्वाधार भएका सामुदायिक विद्यालय वा क्याम्पसहरूलाई आवश्यक सहयोग गरिने छ । जसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

जुम्ला स्थित कर्णाली प्राविधिक शिक्षालयको स्तरोन्नती गरी स्नातक तहको प्राविधिक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक पहल गरिने छ ।

हिमाली क्षेत्रको विद्यालयमा पठनपाठनको अवस्थालाई ध्यानमा राखी घुम्ती विद्यालय कार्यक्रम सञ्चालनमा ल्याइने छ । हिमाली जिल्लाका तीनओटा बस्तीहरूमा आवश्यक अध्ययन गरी सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा आवासीय विद्यालय सञ्चालन गरिने छ । उपरोक्त कार्यक्रम का लागि रू. ९ करोड बजेट विनियोजन गरेको छु ।

यस वर्षदेखिमाध्यमिक शिक्षा परीक्षा प्रदेश स्तरबाट सञ्चालन गरिने भएकोले सोको लागि सशर्त अनुदानबाट व्यवस्था रू. २ करोड ८ लाख बजेट व्यवस्था गरिएको छ ।

कर्णाली प्रदेश स्थापनाको लागि जीवन आहुति दिने महान शहिदहरूका छोराछोरीहरूका लागि सार्वजनिक शिक्षण संस्थाहरूमा लाग्ने आवश्यक शुल्क, शैक्षिक सामग्री, छात्रवृत्ति तथा आधारभूत स्वास्थ्य सेवामा सहयोग गर्न बजेटको व्यवस्था गरेको छ ।

दलित छात्र छात्राहरूलाई छात्रवृत्ति कार्यक्रमहरूका लागि आवश्यक बजेटको व्यवस्था गरेको आवश्यक बजेटको व्यवस्था गरेको छ ।

दलित तथा विपन्न समुदायका महिलाहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच वृद्धिका लागि लोकसेवा तथा अन्य सार्वजनिक सेवाको परीक्षाको तयारी कक्षाहरू सञ्चालन गरिने छ । यसका लागि केही बजेट व्यवस्था गरेको छ ।

**युवा तथा खेलकुदः**

नियमित रूपमा प्रदेश स्तरीय खेलकुदका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न मुख्यमन्त्री कर्णाली खेलकुद प्रतियोगिताको आयोजना गरिने छ । यसका रू. ५० लाख बजेटको व्यवस्था गरेको छ ।

‘स्वस्थ जीवनको लागि खेलकुद’ भन्ने मान्यतालाई प्रदेशमा व्यवस्थित गर्न तथा खेलाडीहरूको कार्य क्षमतालाई प्रवद्र्घन गर्न ‘कर्णाली खेलकुद परिषद ’ गठन गरिने छ ।

प्रदेश राजधानी सुर्खेतमा प्रादेशिक रङ्गशाला निर्माण कार्य थालनी गरिने छ । पहाडी तथा उच्च हिमाली क्षेत्रमा बहुउद्देशीय खेलकुद रङ्गशाला निर्माणका लागि आवश्यक अध्ययन गरी निर्माण कार्य सुरू गरिने छ ।उक्त कार्यक्रम का लागि रु १५ करोड व्यवस्था गरेको छ ।

सम्भाव्य स्थानमा खेलकुद रङ्गशाला तथा आठ जिल्ला मध्ये विस्तृत परियोजना प्रतिवेदन तयार भएका जिल्लामा कबर्ड हल निर्माण सुरू गरिने छ भने बाँकी जिल्लामा सम्भाव्यता अध्ययन गरिने छ । सबै प्रादेशिक निर्वाचन क्षेत्रमा एक/एक खेलकुद मैदान निर्माण गर्ने व्यवस्था गरेको छ । यसका लागि रू. ६ करोड ४० लाख बजेट व्यवस्था गरेको छ ।

‘श्रम, सिप र रोजगारः युवासँग प्रदेश सरकार’ भन्ने ध्येयका साथ जिल्ला युवा परिषद्सँग युवा उद्यमी तथा युवा समूहमार्फत् युवाद्वारा उत्पादन कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रू. ३ करोड विनियोजन गरेको छ ।

प्रदेशभित्र रहेका युवाको सर्वाङ्गिण विकासका लागि ‘प्रदेश युवा परिषद्’ गठन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

नेरक्षरता उन्मुलन, सामाजिक भेदभाव विरूद्ध जनचेतना अभियान, वृक्षारोपण र वातावरण संरक्षण जस्ता अभियानहरू सञ्चालन गर्न युवा स्वयंसेवक सञ्जाल निर्माण गरी परिचालन गरिने छ ।

**स्वास्थ्यः**

'स्वस्थ नागरिकः समृद्ध प्रदेश' भन्ने मूल ध्येयका साथ जनताको जीवनसँग जोडिएको आधारभूत स्वास्थ्य सेवालाई भरपर्दो, जनमुखी र प्रभावकारी बनाइने छ ।

'सबैका लागि स्वास्थ्य बीमा' भन्ने अभियानका साथ प्रदेशका सबै जिल्लाहरूमा नागरिक स्वास्थ्य बीमा लागू गर्ने कार्यमा संघीय सरकारसँग समन्वय गरी परिचयपत्र प्राप्त गरेका गरिबीको रेखामुनि रहेका नागरिकहरूका लागि आवश्यक पर्ने प्रिमियम रकम अनुदान दिइ स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक कर्णाली प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा रूपान्तरण गर्न आवश्यक नीतिगत र कानूनी प्रक्रियाका लागि नेपाल सरकारसँग समन्वय गरिने छ । प्रदेशका दशओटै जिल्लामा आवश्यक गुणस्तरयुक्त विषेशज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ । विशेषज्ञ स्वास्थ्य सेवा वापत हुने सेवा खर्चको लागि रू. ४ करोड विनियोजन गरेको छु ।

सुर्खेत स्थित क्षेत्रीय अस्पतालको स्तर वृद्धि गरी प्रादेशिक शिक्षण अस्पतालको रूपमा विकास गरिने छ । नेपाल सरकार तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी प्रादेशिक मेडिकल कलेजको रूपमा विकास गरिने छ । यसका लागि रु १० करोड विनियोजन गरेको छु ।

प्रदेशका प्रत्येक वडामा एक/एक वटा बर्थिङ सेन्टर (प्रसुति केन्द्र) स्थापना गरिने छ । यसका लागि रू. ५ करोड विनियोजन गरेको छु ।

प्रदेशका चारवटा जिल्ला अस्पतालहरूलाई ५० शय्या तथा ७ वटा स्थानीय तहमा कम्तीमा १५ शय्याका आधारभूत अस्पतालहरू सञ्चालनका लागिरू. १६ करोड विनियोजन गरेकोछु ।

बिरामीहरूको आकस्मिक सेवाको लागि दशवटा एम्बुलेन्स खरिद गरी आवश्यक भएका जिल्ला अस्पताल तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ । यसका लागि रू. १ करोड ५० लाख बजेट व्यवस्था गरेको छु ।

'सुत्केरीलाई सेवा, भावी सन्ततिलाई टेवा' भन्ने नाराका साथ बाल तथा मातृ स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन र प्रसब पीडामा परी जोखिममा रहेका गर्भवती महिलाहरूको जीवन रक्षाका लागि सुत्केरी उद्धार सेवा उपलब्ध गराउने कार्यका लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छु ।

आवश्यक औषधि स्टक, आकस्मिक चिकित्सक सेवा तथा सुलभ औषधि पसलका लागि रू. १ करोड ५० लाख रकमको व्यवस्था गरेको छु ।

महिलाहरूको आङ खस्ने, पाठेघर क्यान्सर, आँखा, हाडजोर्नी, मुटुलगायतका अत्यावश्यक विशेषज्ञ सेवा शिविर सञ्चालनका लागि रू. २ करोड बजेट व्यवस्था गरेको छु ।

दुर्गम क्षेत्रका नागरिकहरूको आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन टेलिमेडिसिन, सामुदायिक अस्पतालहरूसँग सहकार्य गर्नेलगायतका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

प्रदेशका उपयुक्त स्थानमा सम्भाव्यता अध्ययन गरी बाल रोग अस्पताल र क्यान्सर अस्पताल स्थापनाको प्रक्रिया अगाडि बढाइने छ ।

आकस्मिक स्वास्थ्य सेवा कोष रकम वृद्धि गरी यसलाई नेरन्तरता दिइने छ । यसका लागि रू. १ करोड बजेट व्यवस्था गरेको छु ।

सरकारी स्वास्थ्य सेवालाई भरपर्दो, सुलभ र विकल्पसहितको बनाउन आयुर्वेदिक, होमियोप्याथिक र प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक उपचार पद्दतिलाई प्रवर्द्धन गरिने छ । यसका लागि रू. १ करोड बजेट बनियोजन गरेको छु ।

हवाई जहाजबाट अक्सिजन नबोक्ने र अत्यावश्यक सल्यक्रिया सेवाहरू समेत प्रभावित हुने गरेकाले हालसम्म मोटर बाटोले नछोएका हुम्ला र डोल्पा जिल्ला अस्पतालहरूमा आवश्यक अध्ययन गरी अक्सिजन उत्पादन प्लाण्ट स्थापना गर्ने व्यवस्था मिलाएको छु । यसका लागि २ करोड बजेट विनियोजन गरेको छु ।

औषधि उद्योग स्थापनाका लागि आवश्यक अध्ययन गरिने छ । यसका लागि निजी सामुदायिक साझेदारीलाई प्रोत्साहन गरिने छ । यसको अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

मर्यादित स्वास्थ्य सेवा तथा सुरक्षित स्वास्थ्यकर्मीका लागि स्वास्थ्यकर्मी आचारसंहिता बनाइ लागू गरिने छ ।

सुरक्षित मातृत्व, प्रजनन तथा परिवार स्वास्थ्य सुधार, बाल स्वास्थ्य, पोषणलगायतका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**भाषा धर्म र संस्कृतिः**

सुर्खेतमा प्रदेशस्तरीय पुस्तकालय र संग्रहालय, सिंजा र दुल्लुमा खस संग्रहालय, फलावाङ्ग दरबार पुर्ननिर्माण तथा लामा, एवं मगरलगायतका संग्रहालयहरू स्थापना गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाइने छ । यसका लागि आवश्यक रु ४ करोड २० लाख बजेटको व्यवस्था गरेको छु ।

दलित समुदायको मौलिक कला र संस्कृतिको संरक्षणका लागि परम्परागत पेशा, सिप र कला संस्कृतिको संरक्षण तथा प्रर्बद्धन गरिने छ । यसका लागि रू. १ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

प्रदेशमा रहेका पूरातात्विक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको खोजि तथा अभिलेखीकरण गरी संरक्षण र सम्बद्र्धन गर्ने कार्यलाई कार्यान्वयन गरिने छ । यसका लागि रू. ३ करोड बजेट व्यवस्था गरेको छु ।

पूरातात्विक, ऐतिहासिक, धार्मिक, परम्परागत रिति, मूल्य, मान्यता, भाषा एवं सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र सम्बर्द्धनका लागि प्रतिष्ठान' गठन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सामाजिक समावेशीकरणः**

'मानवसभ्यताको सम्मानः छुवाछुत र सामाजिक कु-सम्मानः विरूद्धको अभियान ती विरूद्धको अभियान" भन्ने नाराका साथ दशओटै जिल्लामा छुवाछुत र सामाजिक कुरीति विरूद्धका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रू. ५० लाख विनियोजन गरेको छु ।

महिला, दलित, अल्पसंख्यक, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा नागरिकका लागि स्रोत, साधन र अवसरमा समानता कायम गर्ने नीति तथा रणनीति तयार गरी विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

महिला, दलित, अपाङ्ग,ज्येष्ठ नागरिक, बालबालिका मैत्री नीति तथा कानून निर्माण गरिनेछ ।

महिला, बालबालिका र ज्येष्ठ नागरिक विरूद्ध हुने हिंसा तथा दुव्र्यवहार, बालश्रम, बालविवाह, छुवाछुत, छाउपडी, बोक्सीलगायत सबै प्रकारका कुरीतिहरूको अन्त्य गर्न चेतनामूलक कार्यक्रमहरू, उपचार, मनोविमर्श, कानूनी सहायता र पुनर्स्थापनासम्बन्धी कार्यक्रमहरू बृहत रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

सामाजिक कुरीतिका रूपमा रहेका छुवाछुत, छाउपडी, बोक्सी, बालविवाह, सडक बालबालिका मुक्त क्षेत्र घोषणा गरिने छ । त्यस्तो क्षेत्र घोषणा गर्ने स्थानीय तहलाई दुई सवाल पूरा गरेमारू. १ लाख र सबै सवाल पूरा गरेमा रू. ५ लाख प्रोत्साहन स्वरूप प्रदान गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रू. ५० लाख विनियोजन गरेको छु ।

प्रदेशका सबै सार्वजनिक निकायका संरचनाहरूलाई अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउने कार्य अघि बढाइने छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा सञ्चालन गरिने कार्यक्रमलाई पारदर्शी र जनउत्तरदायी बनाइने छ ।

महिला हिंसा अन्त्य गर्न आवश्यक पहल गरिने छ । प्रदेश राजधानी सुर्खेतलगायत रूकुम, जाजरकोट, दैलेख, सल्यान र कालिकोट जिल्लामा सुरक्षित घर(सेफ हाउस)को विकास र प्रर्बद्धन गर्दै आवश्यक थप जिल्लामा सेफ हाउसको सञ्चालन गरिने छ । सेफ हाउसमा रहेका महिलालाई सिपमूलक तालिम र कानूनी सहायता दिने व्यवस्था मिलाइने छ । यसका लागि रू. ७० लाख बजेटको व्यवस्था मिलाएको छु ।

राउटेलगायतका लोपोन्मुख समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु । राउटेका लागि

अस्थायी आवासको व्यवस्था गरिने छ । यसका लागि रू. ५० लाख बजेटको व्यवस्था मिलाएकोछु।

सडक बालबालिका, बहिरा, अपाङ्गता भएका बालबालिका, अटीजम, दृष्टिविहीन बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र संरक्षणका लागि विशेष कार्यक्रमहरूको व्यवस्था गरेको छु । यसका लागि रू. १ करोड ६५ लाख बजेट विनियोजन गरेको छु ।

प्रदेशमा घाइते, अपाङ्गता भएका र अशक्तको सहयोग र पुनःस्थापनाका लागि पुनःस्थापना केन्द्रको स्थापना गरिने छ । अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, सिप विकास र उपयोगका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि रू. १ करोड बजेट विनियोजन गरेको गरेको छु ।

जेष्ठ नागरिकहरूलाई पारिवारिक तथा सामाजिक वातावरणमा सम्मानपूर्वक बस्न र बाँच्नका लागि 'मनमोहने ज्येष्ठ नागरिक' कार्यक्रम अन्तरगत ७० वर्षमाथिका जेष्ठ नागरिकहरूलाई प्रदेशभित्र उपलब्ध स्वास्थ्य सेवा निःशुल्क गरिने छ । ज्येष्ठ नागरिकका लागि देशदर्शन कार्यक्रम सञ्चालन गरिने छ । आवश्यक स्थानमा वृद्धाश्रमलगायतका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रू. १ करोड ५० लाख बजेट व्यवस्था मिलाएको छु ।

शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, सामाजिक सुरक्षालगायतको सामाजिक विकास गुरुयोजना बनाइ लागू गरिने छ ।

**श्रम तथा रोजगारः**

सापेक्षिक रूपमा पछाडि परेको भूभागका समुदाय र परिवारलाई योजना तथा विकास कार्यक्रममा प्राथमिकता दिइने छ । यसका लागि अन्तर मन्त्रालय साझेदारी गरिने छ ।

प्रदेश स्तरमा सुरक्षित आप्रवासन, असल श्रम सम्बन्धको विकास तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिने छ ।

श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न मुख्यमन्त्री, मन्त्री, जनप्रतिनिधि, प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारी र आम नागरिकको सहभागितामा प्रत्येक महिनाको १ र १५ गते श्रम दिनको रूपमा मनाउँदै आएको कार्यलाई नेरन्तरता दिइने छ ।

श्रममैत्री औद्योगिक रोजगारीका लागि सुमधुर श्रम सम्बन्धका माध्यमबाट लगानीमैत्री वातावरण बनाउन प्रादेशिक औद्योगिक श्रम सम्बन्ध नीति तयार गरी लागु गरिने छ ।

योग्य दक्ष जनशिक्त उत्पादन गर्न प्राविधिक शिक्षामा जोड दिने, प्रादेशिक मानव संशाधन केन्द्र स्थापना गर्ने, जिल्ला जिल्लामा व्यावसायिक तालिम केन्द्र स्थापना गर्ने, प्रदेशमा रहेका युवाहरूको संख्या, रूची र योग्यतासहितको प्रोफाइल तयार गरी कार्यान्वयन गरिने छ । यस कार्यका लागि रू. ५ करोड बजेट विनियोजन गरेको छु ।

दक्ष र सक्षम जनशक्ति उत्पादन गरी रोजगार, स्वरोजगार कार्यक्रमका लागि रोजगार प्रवर्द्धन नीति तयार गरी स्थानीय तहसँगको समन्वयमा कार्यान्वयन गरिने छ ।

युवा स्वरोजगार कार्यक्रम सञ्चालनमार्फत् उर्जाशील र कर्मठ युवाहरूलाई स्वेदशमै काम गर्ने वातावरण तयार गर्न आवश्यक रणनीति बनाइ कार्यान्वयन गरिने छ ।

प्रदेशका सबै जिल्लामा सिप तथा श्रम स्कुल सञ्चालन गर्ने र रोजगार बैङ्क तथा नेपाल सरकारसँगको समन्वयमा श्रम कार्यालय तथा श्रम सिपसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**कृषि तथा पशुपालनः**

'अर्गानिक खेतीमा वृद्धि, कर्णालीको समृद्धि' भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि बाली तथा पशुपंक्षी र जलचरको उचित संरक्षण र प्रवर्धन गर्दै अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि कर्णाली अर्गानिक कृषि विशेष कार्यक्रमको लागि रू. १२ करोड विनियोजन गरेको छु ।

अर्गानिक कृषि उत्पादनको प्रवर्धन, विकास र कृषिलाई आधुनीकरण गर्दै रोजगारी शिर्जना गर्नको लागि संघीय सरकार, स्थानीय सरकार, सहकारी, निजी तथा अन्य संघ संस्थाहरूसँगको साझेदारीमा प्रदेश स्तरमा जैविक मल, जैविक विषादी र कृषि औजार कारखाना स्थापना गर्नको लागि रू. ७ करोड छुट्याएको छु ।

व्यावसायिक कृषकहरूलाई उत्पादनमा प्रतिस्पर्धाको वातावरण शिर्जना गरी उत्पादन वृद्धि गर्ने उद्देश्यको लागि उत्पादन तथा प्रतिफलमा आधारित कृषक प्रोत्साहन कार्यक्रम लागू गरिने छ । यसका लागि कृषक समूह, सहकारी र निजी फर्म सञ्चालन गर्ने व्यवसायीहरूलाई निश्चित कार्यविधि र मापदण्ड बनाइ उत्पादनको परिमाण र शिर्जना गरिएको रोजगारीको आधारमा सञ्चालन गरिने छ । यसको लागि रू. १० करोड विनियोजन गरेको छु ।

निश्चित कार्यविधि बनाइ सरकारी सेवाको पहुँच प्राप्त गर्न नसक्ने अति विपन्न गरिब तथा दुर्गम, पिछडिएका क्षेत्रका कृषकहरूलाई उनीहरूको घरदैलोमा गइ आवश्यकता र औचित्यका आधारमा साना किसान लक्षित किसान सरकार हातेमालो कार्यक्रम लक्षित किसान सरकार हातेमालो कार्यक्रम कार्यक्रममार्फत् सिप, सेवा र प्रविधि उपलब्ध गराइनेछ । यस कार्यक्रमका लागि रू. ५ करोड विनियोजन गरेको छु ।

'कर्णालीका ओखर, स्याउ, देश विदेश फिजाऔं' भन्ने नारालाई साकार पार्न जुम्ला, डोल्पा, हुम्ला, मुगु र कालिकोटलाई स्याउ र ओखर उत्पादनको हबको रूपमा विकास गर्न स्याउ, ओखर प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रू. १ करोड विनियोजन गरेको छु । 'हाम्रो उत्पादन हाम्रो शान, कृषि पेसालाई गरौं सम्मान' भन्ने नारालाई सार्थक तुल्याउन योगदानमा आधारित व्यावसायिक कृषक पेन्सन कार्यक्रम लागू गरिने छ । यसका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरी प्रत्येक जिल्लाको एक स्थानीय तहमा नमूना कार्यक्रम सञ्चालन गरिने छ । यस कार्यक्रमका लागि रू. ३ करोड विनियोजन गरेको छु ।

'घातक विषादीको प्रयोग हटाऔँ, मानव स्वास्थ्य र वातावरण जोगाऔँ' भन्ने मूल मन्त्रलाई आत्मसात गरी विषादी मुक्त प्रदेश निर्माणको उद्देश्यलाई सार्थक बनाउन सम्पूर्ण खाद्यजन्य पदार्थहरूमा विषादी न्यूनीकरणको लागि कर्णाली प्रदेशको नाकाहरू बबई र कपुरकोटमा विषादी परीक्षण केन्द्र स्थापनाका साथै आवश्यक स्थानहरूमा द्रुत विषादी विश्लेषण प्रयोगशाला स्थापना गरिने छ । यसका लागि रू. १ करोड ५० लाख छुट्याएको छ ।

एकीकृत नमूना कृषि उत्पादन कार्यक्रम अन्तरगत हरेक निर्वाचन क्षेत्रमा कृषि पूर्वाधार र प्राविधिकसहितको एक निर्वाचन क्षेत्र, एक नमूना कृषि पकेट कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

कृषि तथा पशुपंक्षीजन्य उत्पादनको भण्डारण गर्नको लागि प्रदेशका अति आवश्यक स्थानहरूमा शीत भण्डारको निर्माण गरिने छ । जसको लागि रू. ४ करोड विनियोजन गरेको छु ।

कर्णाली प्रदेशलाई फलफूलमा आत्मनिर्भर बनाउँदै निर्यात प्रवर्धन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा वातावरण सुहाउँदो कृषि नर्सरी तथा हाइटेक फलफूल नर्सरी स्थापना गरी प्रवर्धन गन विनियोजन गरेको छु ।

कृषकहरूको लागत जोखिम न्यूनीकरण गर्नको लागि कृषि तथा पशुपंक्षी बीमालाई प्रभावकारी बनाइने छ । यसरी बीमा गर्दा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिइने छ । यसका अतिरिक्त कृषि तथा पशुपंक्षीमा हुने आकस्मिक क्षति व्यवस्थापन राहत जोखिम सहयोग कार्यक्रम समेत सञ्चालन गरिने छ । यी कार्यक्रमहरूका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

प्रादेशिक स्तरमा अर्गानिक कृषि तथा पशुपंक्षी अनुसन्धान केन्द्र स्थापना गरिने छ । यस केन्द्रलाई प्राङ्गारिक कृषि उत्पादनसम्बन्धी अध्ययन, अनुसन्धान र दक्ष प्राविधिक जनशक्ति निर्माण गर्ने थलोको रूपमा विकास गरिने छ । यसको लागि रू. २ करोड ५० लाख छुट्याएको छु ।

'एक जिल्ला दुई नमूना पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिने छ । यस अन्तरगत स्थानीय सम्भाव्यता र तुलनात्मक लाभका आधारमा १० वटा कृषिसम्बन्धी र १० वटा पशुपंक्षीसम्बन्धी उच्च मूल्य कृषि वस्तुको उत्पादन वृद्धि गरिने छ । यसका लागि रू. १५ करोड विनियोजन गरेको छु ।

'कृषि पूर्वाधार, सुनिश्चित बजार' कार्यक्रमको लागि कृषि सडक, कृषि सिंचाइ, कृषि उपज सङ्कलन केन्द्र, हाट बजार, सेलार स्टोर तथा रस्टिक स्टोर निर्माण गरिने छ । यसको लागि रू. २१ करोड बजेटको व्यवस्था गरेको छु ।

मागमा आधारित व्यावसायिक कृषि विकास साझेदारी कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि कृषक, कृषक समूह र सहकारी तथा कृषि फर्मसँग व्यावसायिक योजना र

प्रस्तावका आधारमा छनोट गरिने यस्ता कार्यक्रमको लागि रू. १० करोड  छुट्याएको छु ।

स्थानीय तह तथा नेपाल सरकारसँगको सहकार्यमा 'एक वडा एक कृषि तथा पशु प्राविधिक' नीति लागू गरिने छ । यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

अर्गानिक कृषि उत्पादनको नीति बनाइ कार्यान्वयनमा गएका स्थानीय तहलाई सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा सञ्चालन हुने अर्गानिक उत्पादन प्रोत्साहन गर्न रू. २ करोड विनियोजन गरेको छु ।

कर्णाली, भेरी, मध्य पहाडी र राप्ती रोड करिडोर विशेष कार्यक्रममार्फत् कृषिको विविधीकरण, आधुनीकरण र बजारीकरणको प्रवर्धन गर्दै कृषि पर्यटन क्षेत्रको रूपमा विकास गरिने छ  । यसको लागि रू. ४ करोड  व्यवस्था गरेको छु ।

स्वस्थ र गुणस्तरीय बेर्ना उत्पादनको लागि तन्तु प्रजनन् प्रविधि, टिस्युकल्चर टेक्नोलोजी आधुनिक प्रयोगशाला स्थापना गरी केरा, आलु, कागतीको बेर्ना र च्याउको बीऊ उत्पादन गर्न तथा हाइड्रोपोनिक प्रविधि बाट तरकारी उत्पादन गरिने छ । सोको लागि रू. १ करोड रकम विनियोजन छु ।

प्राङ्गारिक कृषि तथा रैथाने बाली संरक्षण र प्रवर्धन एवं जलवायू परिवर्तनसम्बन्धी स्नातक र सो भन्दामाथि अध्ययन अनुसन्धान गर्ने कर्णाली प्रदेशका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ ।

'कृषिमा सिर्जनशीलताः उत्पादनमा आत्मनिर्भरता' भन्ने अभियानका साथ कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिँदै खाद्यान्न उत्पादन, प्याज, लसुन, बेसार, अदुवा, अलैंची, मह, च्याउ, कफी, पुष्प, कपास, केशर, बदाम जस्ता स्थानीय वस्तुहरूको उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरणमा जोड दिइने छ । कफी, मह, कपास, अलैची, केशर, बदामखेतीको पकेट क्षेत्र निर्धारण  गरिने छ । यस कार्यक्रमको लागि रू. ५ करोड विनियोजन गरेको छु ।

मुख्यमन्त्री उत्कृष्ट कृषि पुरस्कारको स्थापना गरी उत्कृष्ट कृषक, कृषक समूह, कृषि फर्म र सहकारी संस्थालाई पुरस्कृत गरिने छ ।

रूकुम मुसीकोट चाँपा स्थित तरकारी बीउ उत्पादन केन्द्रलाई कृषि विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्ने प्रक्रिया अगाडि बढाइने छ ।

मागमा आधारित स्याउ, सुन्तला, आँप, अम्बा, मेवा, केरा, अनार, लिची, ओखरलगायतका १० लाख फलफूलका बिरूवाहरू सहुलियत दरमा पकेट क्षेत्रका विभिन्न कृषक, किसान समूह, कृषि फर्म र सहकारीहरूलाई लगाउन प्रोत्साहन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

अत्याधुनिक चिलिङ भ्यानसहितको प्रादेशिक दुग्ध प्रशोधन र सङ्कलन केन्द्रहरूको स्थापनाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

कर्णाली प्रदेशमा उत्पादित अर्गानिक वस्तुहरूको गुणस्तर प्रमाणीकरण तथा ब्रान्डिङ गरेर उच्च मूल्य कायम गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पठाउने व्यवस्था मिलाइने छ ।

नेपाल सरकार र स्थानीय तह समेतको समन्वय र सहकार्यमा घुम्ती प्रयोगशालामार्फत् स्थलगत माटो परीक्षण गरी माटो सुहाउँदो कृषि उत्पादनलाई प्रोत्साहन गरिने छ ।

स्वच्छ र गुणस्तरीय माछा, मासु र दुग्ध पदार्थको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा जोड दिइने छ ।

१०० जना भूमिहीन परिवारलाई जमिन भाडामा लिई समूहमा आधारित व्यावसायिक खेती गर्न एक पाइलट परियोजना सञ्चालन गरिने छ । यस कार्यक्रम अन्तरगत मल, बीउ, सिंचाइ आदिमा अनुदानको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सहकारी तथा गरिबी निवारणः**

कर्णालीमा रहेको बहुआयामिक गरिबी न्यूनीकरण गर्न 'गरिबी विरुद्ध साझा अभियान' अन्तरगत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

'समृद्ध कर्णालीका लागि सहकारी अभियान' अन्तरगत सहकारीलाई समृद्ध कर्णाली र समाजवाद निर्माणको प्रमुख आधार स्तम्भको रूपमा विकास गर्न र समाजवादको अभ्यास गर्ने गाउँको रूपमा प्रत्येक जिल्लामा एक उपयुक्त सहकारी नमूना गाउँ कार्यक्रम सञ्चालन गरी उक्त गाउँलाई पर्यटन हबको रूपमा विकास गरिने छ ।यसको लागि रु १० करोड विनियोजन गरेको छु ।

सहकारीहरूको दर्ता, नियमन र व्यवस्थापनको लागि प्रदेश स्तरमा सहकारी रजिष्ट्रार कार्यालय स्थापना गरिने छ । 'गाउँ-गाउँमा सहकारी, घर घरमा रोजगारी' को नारालाई सार्थक तुल्याउन सहकारीमार्फत् एक जिल्ला एक कृषिजन्य उद्योगको स्थापना गरी रोजगारी शिर्जना गरिने छ । जसको लागि रू. १० करोड विनियोजन गरेको छु ।

सहकारीहरूसँगको साझेदारीमा सबै स्थानीय तहमा रैथाने बालीहरूको सामुदायिक बीउ बैंक स्थापना गरी बीउको संरक्षण तथा प्रवर्धन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

सहकारीहरूसँगको साझेदारीमा सहकारीमार्फत् उत्पादित कृषिजन्य वस्तु एकीकृत ढङ्गले भण्डारण र बिक्री वितरण गर्न सहकारी कम्प्लेक्स निर्माण गरी सञ्चालनमा ल्याइनेछ । यसका लागि रू. २ करोड छुट्याएको छु ।

युवा बेरोजगारीलाई सम्वोधन गर्न युवा रोजगारी लक्षित कार्यक्रम का लागि रू. ३ करोड विनियोजन गरेको छु ।

वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि उत्पादन र व्यावसायसँग जोड्ने उद्देश्यले प्रवर्धनात्मक कार्यक्रमको लागि 'युवा कृषि आकर्षण कार्यक्रम'सञ्चालन गरिने छ । यसको लागि रू. १ करोड विनियोजन गरेको छु ।

दलित महिला, द्वन्द्वपीडित, विपन्न तथा सीमान्तकृत समुदायको आत्मनिर्भरताको लागि लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि रू. ३ करोड रकम विनियोजन गरेको छु ।

नेपाल सरकारको सहकार्यमा गरिब घर परिवार पहिचानसम्बन्धी प्रादेशिक सर्वेक्षणबाट पहिचान भएका गरिब घर परिवारको लागि सामाजिक सुरक्षा तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्नका लागि रू. २ करोड विनियोजन गरेको छु ।

**भूमि व्यवस्थाः**

जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरी जमिनको सही उपयोग गर्न प्रादेशिक भू-उपयोग नीति तथा कानून तर्जुमा गर्नुका साथै भू-उपयोगसम्बन्धी बृहत गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

कृषियोग्य जमिनको खण्डीकरण रोक्न, बाँझो राखेको उर्बर जमिनको तथ्याङ्क सङ्कलन गरी अभिलेखको आधारमा भूमि बैंकको स्थापनामार्फत् करार खेती र सामुहिक खेती प्रवर्धन गरिने छ । उपरोक्त कार्यक्रमहरूको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

भूमिसम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रणालीमा आवद्ध गरिने छ । साथै सुकुम्वासी, गुठी, मुक्त हलिया, अव्यवस्थित बसोवासी, अस्थायी बसोवासी, जनयुद्धको समयमा किनबेच गरिएको जग्गाको स्वामित्व तथा हक भोगलगायत सम्पूर्ण समस्याहरूको समाधान गर्नको लागि एक शक्तिशाली भूमि तथा सुकुम्वासी समस्या समाधान आयोग गठन गरी कार्यान्वयन गरिने छ ।

आवश्यक मापदण्ड र कार्यविधि तयार गरी कर्णाली प्रदेशमा उत्पादन हुने स्याउ, सुन्तला, आँप, लिची र ओखर जस्ता फलफूलहरूको व्यावसायिक उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा जोड दिइने छ ।

गाई, भैंसी, भेडा, बाख्रा, च्याङ्ग्रापालन र चौंरीको व्यावसायिक पशुपालन, कुखुरा, हाँसलगायतका पन्छीजन्य उत्पादन र बजारीकरणलाई प्रोत्साहित गरिने छ ।

“एक स्थानीय तह, एक अर्गानिक उत्पादन”को अवधारणालाई कार्यान्वयनमा ल्याउन स्थानीय तह विशेष उत्पादनलाई बढावा दिने रणनीति तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

बजारमा पाइने न्यून पौष्टिक र गुणस्तरहीन खाद्य पदार्थको उपभोग निरूत्साहित गरी स्थानीय स्तरमा उत्पादित अर्गानिक उच्च पोषणयुक्त र गुणस्तरीय खाद्य वस्तुको प्रयोगलाई जोड दिइ खाने बानीमा परिवर्तन गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

**उद्योगः**

सम्भाव्यता अध्ययन भइ सञ्चालनमा आउनुपर्ने सुर्खेतको चौकुने सिमेन्ट तथा सल्यानको कजेरी सिमेन्ट उद्योगका विद्यमान समस्याको उचित समाधान खोजि स्थानीय रोजगारीसँग आवद्ध गरी उद्योग सुचारू गर्ने व्यवस्था मिलाइने छ ।

ढुँगा, गिटी, बालुवाको उत्खनन् तथा प्राकृतिक सम्पदाको अत्यधिक दोहनबाट वातावरणमा परेको असर कम गर्न नीतिगत र कानूनी व्यवस्था मिलाइने छ ।

उच्च हिमाली भेगमा पाइने बहुमूल्य जडीबूटीहरू जस्तैः यार्सागुम्बा, पाँचऔंले, जटामसी, सतुवा, भूँइकस्तुरीलगायतको अनियन्त्रित र अव्यवस्थित रूपमा भइरहेको सङ्कलन कार्यलाई रोकि संरक्षण, उत्पादन, व्यवस्थापन र उपयोग गर्न तथा राजश्वको दायरामा ल्याउन आवश्यक कानूनी नीतिगत एवं वैज्ञानिक योजना तयार गरी लागू गरिने छ ।

स्थानीय उत्पादन तथा साधन र स्रोतमा आधारित जल, जंगल, जडीबूटी, फलफूल, खनिज पदार्थ, कृषिजन्य उत्पादन, पशुपालन, पर्यटकीय साधन र मानवीय स्रोतको उचित प्रयोग गरी साना, मझौला तथा ठूला उद्योगहरूको स्थापना र विकास गरी नागरिकको समग्र जीवन पद्दतिलाई आर्थिक रूपबाट रूपान्तरण गर्दै प्रदेशलाई समृद्ध गरिने छ ।

सुर्खेतको साटाखानीमा क्षेत्र स्थापना र विभिन्न जिल्लाहरूमा साना तथा मझौला उद्योगग्राम स्थापना तथा उद्योग विकासका सहयोगी पूर्वाधार कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि रू. २२ करोड विनियोजन गरेको छु ।

आयमूलक कार्यक्रम अन्तरगत दलित लक्षित उद्योग विकास कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि रू. ६ करोड विनियोजन गरेको छु ।

प्रदेशमा रहेका खनिजहरूको अध्ययन, अनुसन्धान, उत्खनन् र विकासको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

जडीबूटी प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन र यसको पूर्वाधार निर्माण, यार्सागुम्बा पकेट क्षेत्र संरक्षण एवं प्रवर्धन, वन पैदावार संरक्षण, प्रवर्धन तथा व्यवस्थापन कार्यक्रमको लागि रू. १३ करोड ६० लाख विनियोजन गरेको छु ।

**पर्यटनः**

'कर्णाली समृद्धिको आधार, पर्यटनको विकास र पूर्वाधार' भन्ने उद्घोषका साथ सुरू गरिएको कर्णाली रारा पर्यटन वर्ष, २०७५ लाई सफल बनाउन प्रबद्र्धनात्मक र प्रचारात्मक कार्यहरूलाई नेरन्तरता दिइ पर्यटकको सेवा र सुविधा विस्तार र स्तरीकरण गर्न निजी क्षेत्रलाई आकर्षित गरिने छ । काँक्रिविहार, बुलबुले, बराह ताल, जाजुरा दह, कुपिन्डे ताल, खैरावाङ, कुमाख, कुसे जलजला, सुयडा मालिका, स्यार्पु दह, शे फोक्सुण्डो ताल, शे गुम्बा, चन्दननाथ, छायाँनाथ, रारा ताल, रलिङ्ग गुम्बा, खर्पुनाथ, लिमिहल्जी गुम्बा, हिल्सा, (कैलास मानसरोवर), पचाल झरना, महाबु, पञ्चदेवल, पञ्चकोशी, दुल्लु, सिद्धपाइला सुर्खेत 'कर्णाली पर्यटन सर्किट' को सम्भाव्यता अध्ययन गरी नेपाल सरकारको सहयोगमा कार्यान्वयन गर्दै लगिनेछ । यस कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

प्रदेशका विभिन्न स्थानहरूमा र्याफ्टिङ, बन्जी जम्पिङ, प्याराग्लाइडिङ्ग, पर्वतारोहण, रक क्लाइम्बिङ जस्ता साहसिक पर्यटनको निजी तथा अन्य विकास साझेदारसँग समन्वय र

सहकार्य गरी पर्यटन प्रवर्द्धन गरिने छ । रूकुमदेखि सल्यान, जाजरकोट, दैलेख कालीकोटसम्म 'युद्ध ट्रेल' निर्माण गर्नका लागि बजेट विनियोजन गरेको छु ।

यस प्रदेशको महत्वपूर्ण पर्यटकीय क्षेत्रको विकास गर्न रारा ताल, शे-फोक्सुण्डो ताल, स्यार्पु, पञ्चकोशी र कुपिण्डे ताल पर्यटन विकास समिति गठन गरी पर्यटन विकासमा जोड दिइनेछ ।

'निकुञ्जदेखि निकुञ्जसम्म' कार्यक्रम अन्तरगत बर्दिया रारा तथा 'तालदेखि तालसम्म' कार्यक्रम अन्तरगत रारा, शे-फोक्सुण्डो, स्यार्पु, कुपिण्डे, बुलबुले पर्यटन रुटको विकास गरिने छ ।

निजी क्षेत्रको सहकार्यमा सम्भाव्यता रहेका जलमार्ग क्षेत्रमा स्टिमर सञ्चालन गर्न र वीरेन्द्रनगर गोठीकाँडा केबुलकार सञ्चालनमा ल्याउन प्रदेश सरकारले आवश्यक पहल गर्नेछ ।

प्रर्यटन प्रवर्धनका लागि पर्यटन व्यावसायीकरणको विकास, होमस्टे तथा सामुदायिक लज व्यवस्थापन, सामुदायिक पर्यटनमा स्थानीय उत्पादन प्रवर्धन कार्यक्रम जस्ता विविध कार्यक्रम सञ्चालन गर्न रू. ४ करोड ५० लाख विनियोजन गरेको छु ।

पर्यटन सूचना प्रवाह कार्यक्रम अन्तरगत कर्णाली पर्यटन गुरुयोजना निर्माण, प्रादेशिक पर्यटन बोर्ड गठन तथा संस्थागत विकासको सम्भाव्यता अध्ययन, पर्यावरणीय जैविक विविधतायुक्त प्रादेशिक संग्रहालय सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरू गर्ने, पर्यटन सूचना केन्द्र स्थापना, नेपाल सरकारसँगको सहकार्यमा राराको भू-उपयोग योजना तयारी कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि रू. ४ करोड  ४० लाख विनियोजन गरेको छु ।

रारा ताल तथा शे-फोक्शुण्डो ताल वरिपरि पदमार्ग निर्माण, दैलेख पञ्चकोशी पर्यटन सर्किट र कोटिला मानव निर्मित ताल, पचाल झरना पर्यटन विकास, रूकुम स्यार्पू ताल संरक्षण, सल्यान कुमाख, खैरावाङ, लक्ष्मीपुर र कुपिन्डे ताल संरक्षण, सुर्खेतको काँक्रिबिहार र बुलबुले पर्यटन विकास तथा पर्यटकीय स्थलहरूमा धर्मशाला निर्माण, ग्रेट हिमालयन ट्रेकिङ्ग सर्किट, ढोरपाटन शे-फोक्शुण्डो-रारा-खप्तड हरित सडक सम्भाव्यता अध्ययन, पर्यटक पदमार्ग निर्माण, कालीकोट, डोल्पा जस्ता क्षेत्रमा जीयोपार्क संरक्षण कार्यक्रम तथा कर्णाली प्रदेशका पर्यटन गन्तव्यहरूको श्रव्य दृश्य सामग्री तयारी गरी प्रचार प्रसार गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि रू. ६० करोड विनियोजन गरेको छु ।

नागरिकको जीविको पार्जन सुधार गरी गरिबी न्यूनीकरण गर्न सहयोग पुर्याउने विभिन्न निकायहरूसँगको साझेदारीमा प्याकेज कार्यक्रम सञ्चालन गरिने छ । यस साझेदारी कार्यक्रमको लागि रू. १० करोड विनियोजन गरेको छु ।

**हवाइ यातायातः**

प्रदेशको राजधानी वीरेन्द्रनगर स्थित विमान स्थलको स्तरोन्नती गरी सुर्खेतबाट जुम्ला, मुगु, सिमिकोट, डोल्पा, चौरजहारी, रूकुम सल्ले साथै नेपालगञ्ज, धनगढी, भैरहवा र काठमाण्डौसम्म थप उडान सेवा विस्तार गर्न विभिन्न हवाई सेवा प्रदायक कम्पनीहरूलाई उत्प्रेरित गर्नुका साथै इन्धनमा अनुदानको व्यवस्था मिलाइने छ ।

सुर्खेतमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको विमान स्थल निर्माण कार्य गर्न र अन्य जिल्लाहरूमा हवाई मैदानको सम्भाव्यता अध्ययनको लागि नेपाल सरकारसँग समन्वय गरिने छ ।

रारा पर्यटन वर्ष, २०७५ लाई दृष्टिगत गरी मुगुको ताल्चा र काठमाण्डौ सिधा हवाई उडान सञ्चालन गर्न नेपाल सरकारसँग पहल गरिने छ ।

**वन वातावरणः**

हिमाली वन संरक्षणमा वैकल्पिक आधुनिक प्रविधिलाई प्रोत्साहन गरिने छ । कर्णाली क्षेत्रको महत्वपूर्ण रैथाने वनस्पति र वन्यजन्तुहरूको अनुसन्धान, अभिलेखीकरण तथा संरक्षण गरी वैज्ञानिक वन व्यवस्थापन, वन डढेलो नियन्त्रण कार्यक्रमहरू सञ्चालन गरिने छ ।

उद्योग, पर्टयन, वन, वातावरणसम्बन्धी नीति, रणनीति तर्जुमा गरिने छ ।

'वातावरण मैत्री हरित अर्थतन्त्र, समृद्धिको मूल मन्त्र' भन्ने नाराका साथ एक व्यक्ति दश विरुवा रोप्ने नीतिलाई प्रोत्साहन गर्न भावी सन्ततिलाई विरुवा उपहार कार्यक्रम अन्तरगत जन्म, विवाह जस्ता सामाजिक, सांस्कृतिक कार्यहरूका नाममा वृक्षारोपण गरी वन र वातावरण संरक्षण, सम्बर्द्धनका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

'स्वच्छ वातावरणको लागि हरियाली' भन्ने नारालाई सार्थक तुल्याउन युवा क्लब, महिला समूह, विद्यालय तथा अन्य सामाजिक संघ संस्थाहरूलाई सहभागी गराई नियमित सरसफाई र सार्वजनिक स्थलमा वृक्षारोपण कार्यलाई अभियानको रूपमा अगाडि बढाइने छ । 'गरिब जनताको धन, जडीबूटी वन्यजन्तु र वन' भन्ने नारालाई अभियानको रूपमा सञ्चालन गर्न वन तथा निजी जग्गामा आयमूलक जडीबूटी वृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक जिल्लामा सामूहिक जडीबूटी खेतीलाई प्रोत्साहन गर्न विभिन्न निकायहरूको साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ । यस कार्यक्रमका लागि रू. रू. १८ करोड विनियोजन गरेको छु ।

विगतका परिवर्तनकारी आन्दोलनहरूमा जीवन बलिदानी दिने सम्पूर्ण शहिदहरूको सम्झनामा शहिद स्मारकका साथै पर्यटन पार्क, बाल उद्यान, बोटानिकल गार्डेन र चिडियाघर निर्माण गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइने छ । यसका लागि आवश्यक रकम विनियोजन गर्दछु ।

उच्च प्रविधियुक्त बहुवर्षीय वन, नर्सरी वन स्थापना र यसको प्रभावकारी सञ्चालनका लागि रू. ४ करोड विनियोजन गरेको छु ।

एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम, आकस्मिक पहिरो व्यवस्थापन तथा नदी नियन्त्रण कार्यक्रम, वातावरणीय सेवाको भुक्तानी अध्ययन, जलवायू परिवर्तन अनुकूलन योजना तयारी जस्ता वातावरण संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ । यसको लागि रू. २९ करोड ५० लाख विनियोजन गरेको छु ।

गुराँस संरक्षण क्षेत्र घोषणा गरी संरक्षण, प्रवर्द्धनमार्फत् पर्यटकीय विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**वाणिज्य तथा आपूर्तिः**

उपभोक्ताको हित संरक्षण गर्न स्थानीय तहको सहकार्यमा बजार अनुगमन गरी बजारलाई नियमित र व्यवस्थित गर्न उपभोक्ता जागरण अभियान कार्यक्रमहरू सञ्चालन गरिने छ । यस कार्यक्रमको लागि रू. ७० लाख विनियोजन गरेको छु ।

सडक यातायातको पहुँचबाट टाढा रहेका डोल्पा र हुम्ला जिल्लाका ७० वर्ष पुगेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो जिल्लामा आवतजावत गर्दा हवाई यातायातमा सहयोग पुर्याउनका लागि आवश्यक कार्यविधि बनाइ तोकिएको हवाई भाडा दरमा रू. १००० अनुदानको व्यवस्था गरिने छ । साथै दुर्गम क्षेत्रका लागि खाद्यान्न ढुवानीमा समेत अनुदानको व्यवस्था गरिएको छ । यसका लागि रू. ४ करोड विनियोजन गरेको छु ।

सुर्खेतदेखि कर्णालीका विभिन्न जिल्लाहरूमा गरिने हवाई उडानलाई नियमित र सुचारू गर्न हवाई सेवा प्रदायकलाई हवाई इन्धनमा अनुदान दिने व्यवस्था गरेको छु ।

वस्तु तथा सेवाको उत्पादन, गुणस्तर कायम र आपूर्ति व्यवस्थालाई सहज गरिने छ । यसका लागि तुलनात्मक लाभका वस्तु तथा सेवाको पहिचान, प्रवर्धन र विकाससम्बन्धी कार्यक्रमहरू, कालोबजारी तथा कार्टेलिङ्ग नियन्त्रण, खाद्य वस्तुको गुणस्तर मापन प्रयोगशाला स्थापना तथा प्रदेशभित्रका पेट्रोल पम्पहरूको स्तरोन्नतीको मापदण्ड तयार गरी कार्यान्वयन गर्न रू. १ करोड ९० लाख विनियोजन गरेको छु ।

नेपाल सरकारसँगको समन्वयमा प्रदेशको उपयुक्त स्थानमा कम्तीमा ९० दिनलाई पुग्ने गरी पेट्रोलियम पदार्थ भण्डारण गर्न पेट्रोलियम भण्डारण केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

**विज्ञान तथा प्रविधिः**

यस प्रदेशको समग्र विकासको लागि सूचना, सञ्चार, विज्ञान र प्रविधिको उच्चतम विकास र उपयोग गरिने छ । वातावरणीय प्रदुषणमापन प्रयोगशाला स्थापना, बहुउद्देशीय आधुनिक प्रविधि केन्द्र स्थापना तथा विज्ञान र प्रविधिको प्रदर्शनी गरिने छ । विज्ञान र प्रविधिको अध्ययन र अवलम्बनका साथै उद्योग, वन, पर्यटन तथा वातावरणको वैज्ञानिक अनुसन्धानसम्बन्धी शोध गर्नका लागि आवश्यक सहयोग गरिने छ । यसका लागि रू. ५ करोड विनियोजन गरेको छु ।

**आन्तरिक मामिला तथा कानूनः**

‘समृद्धि र विकासका लागि शान्ति सुरक्षा, सुरक्षित प्रदेश जनअपेक्षा’ को मूल मर्मलाई हृदयङ्गम गर्दै चोरी, डकैती, गुण्डागर्दी, कालो बजारी, जबरजस्ती असुली, मानव बेचबिखन, महिला हिंसा जस्ता अपराधको प्रभावकारी रूपमा नियन्त्रण गर्न विशेष शान्ति सुरक्षा अभियान सञ्चालन गरिने छ । यसका लागि रू. १० करोड बजेट विनियोजन गरेको छु ।

प्रदेशका जनतालाई शान्ति सुरक्षाको प्रत्याभुति दिलाउन आवश्यक कानून निर्माण गरी प्रदेश प्रहरी गठन एवं प्रदेश प्रहरी मुख्यालयलगायत आवश्यक संरचनाहरू तयार गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

‘व्यावसायिक सेवाको आधार, प्रविधियुक्त प्रहरी सेवाको विस्तार’ को नीति अनुरूप सुरक्षा सेवामा प्रविधिको अधिकतम प्रयोग गर्ने कार्यक्रमहरू लागू गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

लागू पदार्थ निषेध, मदिरा नियन्त्रण तथा सार्वजनिक, भौतिक पूर्वाधार निर्माण कार्यमा हुने अनियमितता र ढिलासुस्तीको अन्त्यका लागि मूर्त कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न केही बजेट विनियोजन गरेको छु ।

स्थानीय आवश्यकता, भौगोलिक अवस्था र विशिष्टीकरणका आधारमा सुरक्षा सेवाको वर्गीकरण गरी पर्यटकीय क्षेत्रमा पर्यटकीय प्रहरी सेवा, ग्रामीण भेगमा सामुदायिक प्रहरी सेवा र नगर क्षेत्रमा नगर प्रहरी सेवाको स्थापना र विस्तार गर्ने व्यवस्था मिलाएको छु ।

स्थानीय सरकार र सरोकारवाला सँगको सहकार्यमा ‘हाम्रो प्रहरी, हाम्रो साझेदारी’ कार्यक्रमद्वारा शहरदेखि गाउँसम्म सुरक्षाको अनुभूति दिलाउन ‘प्रहरी युवा हातेमालो अभियान’सञ्चालन गरिने छ ।

प्रहरीको व्यावसायिक क्षमता अभिवृद्धि गर्न यसै आर्थिक वर्षमा उच्च प्रविधियुक्त प्रादेशिक तालिम केन्द्र व्यवस्थापन गर्नुका साथै विशिष्ट प्रकृतिको पर्वतीय प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थापना गरिने छ, यसका लागि रु १० करोड बजेटको व्यवस्था गरेको छु ।

प्रदेश प्रहरीका छोराछोरीहरूलाई विद्यालयमा सहज पहुँच पुर्याउने उद्देश्यले एक प्रहरी विद्यालय स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

प्रदेशभित्र रहेका कारागार भवनहरूको मर्मत, सम्भार र सुधार गरिने छ । कारागारभित्र रहेका कैदी बन्दीहरूको चालचलन सुधार गर्दै सिपमूलक तालिम दिइने छ । कैदी बन्दीहरूद्वारा उत्पादित वस्तुहरू खरिद गर्ने व्यवस्था प्रदेश सरकारले मिलाउने छ ।

लागु पदार्थको दुर्व्यसनमा फसेका युवा-युवतीहरूलाई सही मार्गमा हिँडाउनको लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र सो कार्यका लागि स्थापित संघ-संस्थाहरूसँग सहकार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

डिजिटल कर्णाली प्रदेशका लागि योजनाबद्ध आधारहरू निर्माण गर्न प्रत्येक निर्वाचन क्षेत्रका कम्तीमा एक स्थानीय तह र एक विद्यालयसलाई डिजिटल प्रविधियुक्त बनाउन आवश्यक बजेट को व्यवस्था गरेको छु ।

सूचना प्रणालीलाई व्यवस्थित र पहुँचयोग्य बनाउनका लागि सुर्खेतमा डाटा सेन्टरको स्थापना गरिने छ । यसका लागि रू. ३ करोड बजेट विनियोजन गरेको छु ।

'सबैका लागि सूचना, सबैतिर सञ्चार' अवधारणालाई कार्यान्वयनमा ल्याउन सञ्चारको पहँचबाट बञ्चित गाउँ-बस्तीहरूलाई दुई वर्षभित्र पूर्ण रूपमा सञ्चार प्रणालीमा आबद्ध गर्ने व्यवस्था गरिने छ ।

कर्णाली प्रदेशका सबै मन्त्रालय र मातहतका सरकारी निकायहरूलाई एक वर्षभित्र प्रविधियुक्त बनाइ पेपरलेस तथा स्मार्ट एड्मिनिस्टेसनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

सञ्चारकर्मीहरूको पेसागत दक्षता र विषयगत क्षमता अभिवृद्धि गर्न तथा आमसञ्चारको क्षेत्रमा अध्ययन, अनुसन्धान कार्य अघि बढाउन प्रदेश स्तरीय आमसञ्चार प्रतिष्ठान गठन गरी सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

सुशासनको पक्षमा अनुसन्धानमूलक पत्रकारितालाई प्रोत्साहन गर्न सो क्षेत्रमा अविच्छिन्न क्रियाशील भइ समाजमा उल्लेख्य योगदान गरेका अग्रज पत्रकारहरू मध्येबाट प्रत्येक वर्ष प्रेस स्वतन्त्रता दिवसको अवसरमा एकजना पत्रकारलाई रू. १ लाख राशी को 'कृष्णसेन इच्छुक पत्रकारिता पुरस्कार' प्रदान गर्ने व्यवस्था गरेको छु ।

पत्रकारहरूको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै थप सक्रिय हुन अभिप्रेरित गर्ने उद्देश्यले पत्रकार स्वास्थ्य बिमा कार्यक्रम लागू गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

रेडियो र टेलिभिजन तथा प्रादेशिक समाचार समिति जस्ता सञ्चारमाध्यमहरू सञ्चालनमा ल्याइ जनताको सु-सूचीत हुने अधिकारलाई सम्मान गर्न केही बजेटको व्यवस्था मिलाएको छु ।

प्रदेश सरकारका आधिकारिक दस्तावेजहरू प्रकाशनका लागि प्रादेशिक मुद्रण विभागको स्थापना गरिने छ ।

विपद् जोखिम व्यवस्थापन गर्न प्रभावकारी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न र विपद् पीडितहरूको उद्धारका लागि हेलिकप्टर सेवा उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।

द्वन्द्व पीडित, शहिद परिवार, घाइते र अपाङ्गहरूको राहत र रोजगारीको अवसर शिर्जनाका लागि रू. ५ करोड बजेट विनियोजन गरेको छु ।

'कानूनको अनभिज्ञता क्षम्य हुँदैन' भन्ने कानूनको सर्वमान्य सिद्धान्त सबैमा सुसूचीत गराउनको लागि मानव अधिकार तथा मानवीय कानून, कानूनी साक्षरता, सुरक्षा शिक्षा

जस्ता विषयमा सचेतना अभियान सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

यस वर्षलाई 'कानून निर्माण वर्ष' को रूपमा लिई जनसहभागितामा कर्णाली समृद्धि मैत्री कानूनहरूको निर्माण गरिने छ । कानूनी अध्ययन, अनुसन्धान तथा कानून तर्जुमा गर्न सहयो पुर्याउन प्रदेश कानून आयोग गठन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**मुख्यमन्त्री तथा मन्त्रीपरिषद्:**

कर्णाली प्रदेशमा गरिबीको रेखामुनि करिब ५२ प्रतिशत जनसंख्या रहेको छ । उक्त गरिबी प्रतिशतलाई ५ वर्षभित्रमा आधामा झार्ने लक्ष्य लिइएको छ । रोजगारीका अवसर शिर्जना गर्न कर्णाली रोजगार कार्यक्रम सञ्चालन गरिने छ । बेरोजगारी दर घटाउन एक घर एक रोजगार कार्यक्रम अन्तरगत वर्षमा कम्तीमा १०० दिन रोजगारीको ग्यारेन्टी गरिने छ ।

नेपाल सरकारको समन्वयमा युवा शैक्षिक बेरोजगारीलाई सम्वोधन गर्न शैक्षिक प्रमाणपत्रको आधारमा ऋण दिने व्यवस्था गरिने छ । व्यावसायिक प्रस्तावको मूल्याङ्कन गरी उपयुक्तताको आधारमा सरल माध्यमबाट ऋण उपलब्ध गराउन बैंकहरूसँग सहकार्य गरिने छ ।

'कर्णाली उज्यालो कार्यक्रम' लाई मूर्तरूप दिइ प्रदेशको विभिन्न जिल्लाको ग्रामीण क्षेत्रमा विद्युत् पुर्याउन का लागि रू. ५० करोड बजेट विनियोजन गरेको छु ।

अव्यवस्थित र छरिएर रहेका बस्तीलाई एकीकृत गरी विकास र सेवा सुविधा सहज बनाउन मुख्यमन्त्री एकीकृत बस्ती तथा नमूना गाउँ शहरविकास कार्यक्रम अभियानका साथ अघि बढाउने व्यवस्था मिलाइने छ । यस कार्यका लागि रू. २५ करोड बजेट विनियोज गरेको छु ।

प्रदेशमा उत्कृष्ट नतिजा ल्याउने जेहेन्दार विद्यार्थीलाई प्राविधिक उच्च शिक्षाका लागि मुख्यमन्त्री छात्रवृत्ति कोषको व्यवस्था गरी छात्रवृत्ति प्रदान गरिने छ ।

प्रदेशको दीगो र व्यवस्थित विकासका लागि विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित एक एकीकृत कर्णाली विकास विज्ञ समूह थिङ्क टयाङ्क गठन गरिने छ ।

भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, घुसखोरी, कमिसनतन्त्रलाई कडा नियन्त्रण गर्नको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँगको सहकार्यमा अनुगमन, नियन्त्रण र कारबाहीलाई प्रभावकारी ढङ्गले अगाडि बढाइने छ । यसका लागि आवश्यक नीति, कानून र संयन्त्र निर्माण गरिने छ ।

भौगोलिक सूचना प्रणाली Geographical Information System को माध्यमबाट उत्पादन क्षेत्रहरूलाई नक्सांकन गरी प्राथमिकीकरण गरिने छ । साथै कर्णाली प्रदेशका महत्वपूर्ण विकास आयोजनाहरूको पूर्वसम्भाव्यता, सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन निजी क्षेत्रसँगको साझेदारीमा तयार गर्ने र सम्भाव्य आयोजनाहरूको

बृहत कर्णाली विकास योजना निर्माण गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

प्रदेशसभाको संस्थागत सुदृढीकरण तथा प्रदेशसभाका सदस्यहरूको ज्ञान, सिप र क्षमताको अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठी र सेमिनार सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**आर्थिक मामिला तथा योजनाः**

आर्थिक, सामाजिक र भौतिक पूर्वाधार समेतको दृष्टिले पछाडि रहेको कर्णाली प्रदेशमा नेपाल सरकारको उचित ध्यान पुग्न नसकेको धरातलीय यथार्थता हाम्रा सामु छ । न्यून आर्थिक स्रोत रहेको र नेपाल सरकारबाट समेत पर्याप्त अनुदान रकम प्राप्त हुन नसकेको सन्दर्भमा हामी सानो आकारको बजेटमा बाँधिन बाध्य छौं । तर यस प्रदेशले नेपाल सरकारसँग विशेष अनुदान, समपूरक अनुदान, आन्तरिक ऋण र अन्य विशेष अनुदान, समपूरक अनुदान, आन्तरिक ऋण र अन्य सहयोगको लागि दाबी पेश गर्ने अग्राधिकार रहेको छ । प्रचुर विकासको सम्भावना भएको यस प्रदेशमा अन्तर्राष्ट्रिय विकास साझेदारहरू र निजी क्षेत्रका लगानीकर्ताहरू विकास र समृद्धि यात्रामा साझेदारी र लगानी गर्न इच्छुक रहेका छन् । हामीसँग आफ्नो साधन स्रोतले सम्पन्न गर्न नसकिने प्रशस्त आकर्षक ठूला र बृहत आयोजनाहरू रहेका छन् । त्यस्ता आयोजनाहरूमा लगानी गर्न नेपाल सरकारको पहल कदमी र अन्य सहयोगी समुदायको सहयोग अपरिहार्य छ । यस सन्दर्भमा बहुपक्षीय लगानीलाई आकर्षित गर्न नेपाल सरकारको समन्वयमा लगानीकर्ताहरूको सहभागितामा कर्णाली लगानी सम्मेलन गरिने छ । यसका साथै प्रदेशमा जन्मी हुर्की हाल देशका विभिन्न स्थानमा रहनु भएका उद्यमी, व्यापारी, व्यवसायी, पेशाकर्मी, राष्ट्रसेवकहरू, विभिन्न देशमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरू तथा विदेशमा रहेका गैर आवासीय नेपाली नागरिकहरूलाई प्रदेशका विभिन्न आयोजनाहरूमा लगानी गर्न अपिल गर्दै लगानीकर्तालाई प्रोत्साहन गरिने छ । यस पृष्ठभूमिमा कर्णाली प्रदेशका मेरूदण्ड आयोजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र निर्माणका लागि नेपाल सरकारको विशेष अनुदान, समपूरक अनुदान, नेपाल सरकारको आन्तरिक ऋण, समपूरक अनुदान, नेपाल सरकारको आन्तरिक ऋण, विकास साझेदारहरूको सहयोग एवं निजी क्षेत्रको लगानी आकर्षित गरिने छ ।

प्रदेश सरकारले नेपाल सरकार र दाता वा निजी क्षेत्रसँग सहकार्यमा देहायबमोजिमका आयोजनाहरूलाई शीघ्रताका साथ सम्पन्न गर्न समन्वय तथा साझेदारी गर्नेछ । भेरी बबई डाइभर्सन, नलसिंगाड, फूकोट कर्णाली, बेतन कर्णाली जलविद्युत् आयोजनाहरू, जमुनाहा हिल्सा प्रधानमन्त्री अन्तर्राष्ट्रिय द्रुत मार्ग (फास्ट ट्र्याक), हुम्ला र डोल्पा जिल्ला सदरमुकाम जोड्ने रणनीतिक राजमार्गहरू, कर्णाली राजमार्ग दुई लेन स्तरोन्नती, भेरी करिडोर छिन्चु डोल्पा धो मोरिम्ला सडक निर्माण तथा स्तरोन्नती, नाग्मा रारा नाक्चे

लाग्ना पर्यटकीय मार्ग स्तरोन्नती, दक्षिण सीमाना बर्दियादेखि नाक्चे लाग्नासम्म सडक स्तरोन्नती, सुर्खेत बर्दिया सुरूङ्ग मार्ग निर्माण, मुसीकोट जमुनाहा नाका सडक, सुर्खेत उपत्यका बृहत चक्रपथ, सुर्खेत दैलेख सडक स्तरोन्नती, चौरजहारी जाजरकोट जुम्ला कामी बुढा शहीद मार्ग, राप्ती लोक मार्ग स्तरोन्नती, कर्णाली, भेरी, बबई लिफ्ट सिंचाइ, जडीबूटी प्रशोधन केन्द्र, औषधि उद्योग स्थापना, सिमेन्ट उद्योग स्थापना र सञ्चालन, खनिज उद्योग स्थापना, प्रादेशिक रंगशाला निर्माण, कर्णाली पर्यटन सर्किट निर्माण, अर्गानिक कृषि व्यावसाय प्रवर्द्धन कार्यक्रम, प्रादेशिक कृषि प्रतिष्ठान स्थापना, कर्णाली आयुर्वेद विश्वविद्यालय स्थापना, सुर्खेत मेडिकल कलेज स्थापना, एयर एम्बुलेन्स सेवा सञ्चालन, कर्णाली विश्वविद्यालय पूर्वाधार निर्माण, एकीकृत बस्ती विकास तथा नमूना गाउँ शहर कार्यक्रम, प्रादेशिक पेट्रोलियम भण्डारण केन्द्र निर्माण, विशेष आर्थिक क्षेत्र स्थापना, दैलेखको ग्याँस र पेट्रोलियम पदार्थ अन्वेषण, उत्खनन । उल्लेखित आयोजनाहरूको प्रकृतिअनुसार नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान, समपूरक अनुदान, आन्तरिक ऋण एवं नेपाल सरकारको समन्वयमा विकास साझेदारहरूको सहयोग समेतबाट विभिन्न आयोजनाहरूको पूर्वसम्भाव्यता तथा सम्भाव्यता अध्ययन र उपयुक्तताका आधारमा प्राथमिकीकरण गरी क्रमिक रूपमा कार्यान्वयन गर्न रू. २० अर्ब परिचालन गरिने छ ।

कर्णाली प्रदेशमा नेपाल सरकारको विशेष अनुदान, समपूरक अनुदान, आन्तरिक ऋण, विकास साझेदारहरूको सहयोग तथा अन्य निजी क्षेत्रको लगानीमा सञ्चालन गरिने उपरोक्त ठूला बहुउद्देश्यीय आयोजनाहरूको लागि कर्णाली पूर्वाधार विकास लगानी कोष स्थापना गरिने छ । हाल उक्त कोषमा बीउ पूँजीको रूपमा रू. १ अर्ब विनियोजन गरेको छु ।

'समृद्धिका लागि सहकार्य' भन्ने नाराका साथ जनताको सहभागिता र स्वामित्वमा 'आफ्नो गाउँ आफै बनाऔं' कार्यक्रम अन्तरगत स्थानीय तहसँगको साझेदारीमा विभिन्न पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ । त्यसका लागि आफ्नो गाउँ आफै बनाऔं साझेदारी कोष स्थापना गरिने छ । रू. ६० करोड विनियोजन गरेको छु ।

स्थानीय तहको विकास निर्माणमा सहयोग पुर्याउनका लागि प्रदेश सरकारले ७९ वटै स्थानीय तहहरूलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुत्रअनुसार प्रदेश सञ्चित कोषबाट रू. ४० करोड वित्तीय समानीकरण अनुदान प्रदान गरिएको छ ।

नेपाल सरकारबाट कार्यक्रम सूचीसहित प्राप्त हुन आएको सशर्त अनुदान रकम रू. ६ अर्ब ६४ करोड तत्आयोजनाहरूमा खर्च गरी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु ।

यस प्रदेशको आर्थिक, सामाजिक र पूर्वाधार विकासको लागि सार्वजनिक, निजी, नागरिक साझेदारी (Public, Private, Partnership) मोडेलमा आयोजनाहरू छनोट तथा सञ्चालन गरिने छ ।

कर्णाली प्रदेशमा लगानी गर्ने निजी क्षेत्रका लगानीकर्ताहरूलाई आयकरमा छुट दिनका लागि नेपाल सरकारसँग अनुरोध गरिने छ । लगानी मैत्री वातावरणका लागि सडक, विद्युत्लगायतका पूर्वाधार निर्माण, शान्ति सुरक्षा, अन्तरनिकाय समन्वय र लगानीकर्ताहरूको लगानी सुरक्षित हुने वातावरण निर्माण गरिने छ । त्यसका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिने छ ।

कर्णाली प्रदेशभित्रको १०० मेगावाटसम्मको एक सम्भाव्य जलविद्युत् आयोजना छनोट गरी जनता र प्रदेश सरकारको संयुक्त लगानीमा प्रदेश सरकारद्वारा निर्माण कार्य थालनी गरिनेछ ।

चालु आर्थिक वर्ष २०७४/०७५ मा पारित भएका योजना र कार्यक्रमहरू मध्ये आवश्यकता र औचित्यताका आधारमा आगामी आर्थिक वर्षमा नेरन्तरता दिइ कार्यान्वयन गरिने छ ।

'करदाता मैत्री कर प्रशासन' भन्ने नाराका साथ स्वेच्छिक कर प्रणालीलाई प्रोत्साहन गरिने छ । सरकारलाई बढि कर तिर्ने संस्था र व्यक्तिलाई सम्मान स्वरूप कदरपत्र प्रदान गरिनेछ ।

१०० जना भन्दा बढि प्रत्यक्ष रोजगारी दिने व्यवसायी फर्मलाई सम्मान प्रदान गरिने छ ।

कर्णाली प्रदेशमा लामो समयसम्म काम गर्ने, कर्णाली प्रदेशको विकासमा योगदान पुर्याउने, कर्णालीलाई अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित गर्ने विभिन्न व्यक्तिहरूलाई उनीहरूको योगदानको कदर गर्दै सम्मान गरिने छ ।

**बजेट कार्यान्वयनः**

आगामी आर्थिक वर्षदेखि सीमित साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्ने व्यवस्थालाई अनिवार्य गरिने छ ।

कर्णाली प्रदेशको समृद्धिको खाकासहित दीर्घकालीन र आवधिक योजना तर्जुमा गरी सोही आधारमा विकास कार्यक्रमहरू सञ्चालन गर्न कर्णाली प्रदेश नीति तथा योजना आयोग गरिने छ ।

प्रदेशमा सञ्चालित राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनालगायत प्राथमिकता प्राप्त महत्वपूर्ण विकास आयोजनाहरूको अनुगमन र मूल्याङ्कन प्रभावकारी बनाउन योजना आयोजना अनुगमन मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

योजना, आयोजना तथा कार्यालय सञ्चालन अनुशासनयुक्त बनाउन वित्तीय सुशासनसम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

आयोजना सञ्चालन गर्ने कार्यालय प्रमुख तथा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन परियोजना कार्य सम्पादन सम्झौता दिग्दर्शन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

सम्बन्धित सचिवलाई बजेट कार्यान्वयनको समग्र जिम्मेवार बनाइनेछ । सम्बन्धित विभागीय प्रमुख र आयोजना प्रमुखलाई आयोजना कार्यान्वयनको जिम्मेवार बनाइनेछ ।
प्रदेश र संघ एवं प्रदेश र स्थानीय साझेदारीमा सम्पन्न गर्न सकिने तथा प्रदेश स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरूको सूची परियोजना बैंक (Project Bank) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
कर्णाली प्रदेशको विकास र समृद्धिको लागि प्राप्त गरिने विकास साझेदारहरूको सहयोगलाई प्रभावकारी क्षेत्रमा परिचालन गर्न कर्णाली प्रदेश विकास साझेदार मञ्च (Karnali Province Development Partners Forum) गठन गरी कार्यान्वयनमा ल्याइने छ ।
कर्णाली प्रदेशको समृद्धिको खाका तयार गर्न सहायता सञ्चालनसम्बन्धी रणनीति तयार गरी विकास साझेदारहरूबाट प्राप्त सहायताको प्रभावकारी उपयोग गर्न नेपाल सरकारको स्वीकृतिमा विकास साझेदार कर्णाली सम्मेलन (Developent Partners karnali summit) आयोजना गरिने छ । बैंक तथा वित्तीय संस्था गैर सरकारी क्षेत्र, सरकारी, सहकारी, निजी क्षेत्र तथा नागरिक समाजको समन्वय र सहयोगमा आर्थिक विकासको दिगो लक्ष्य हासिल गर्न नीतिगत व्यवस्था गरिने छ ।
सबै स्थानीय तहहरूमा आधुनिक बैंकिङ्ग सुविधा उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गरी सबै स्थानीय तहसम्म बैंक तथा वित्तीय संस्था स्थापना गरिने छ ।
प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रादेशिक कर कानून तत्काल ल्याइनेछ । छरितो कर प्रशासनिक संरचनामार्फत् कर तथा गैरकर असुली तथा सङ्कलन कार्य प्रभावकारी बनाइनेछ ।

**कार्यालय सङ्गठन तथा व्यवस्थापनः**

प्रदेशमा रहने मन्त्रालय र अन्तरगतका सङ्गठनहरू नेपाल सरकारबाट हस्तान्तरण भइ आएमा सो संरचनामा प्रदेशको आवश्यकताअनुसार परिमार्जन गर्ने र हस्तान्तरण भइ नआएमा आवश्यकताअनुसार नयाँ संरचना स्थापना गरी प्रदेशले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
कर्मचारीहरूलाई कामप्रति जिम्मेवार र जवाफदेही बनाउन कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने र कर्मचारीहरूलाई अनुशासित, मर्यादित र कर्तव्यनिष्ठ बनाउनको लागि आचारसंहिता तयार गरी लागू गरिने छ ।
प्रदेशमा रहने कर्मचारीहरूलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन अपनाउने उपाय तथा उपलब्ध गराउनुपर्ने सेवा सुविधाका सम्बन्धमा सुझाव पेश गर्न गठित कार्यदलबाट प्राप्त सुझाव क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
सभामुख महोदय,
अब म आगामी आर्थिक वर्ष २०७५/०७६ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर आगामी आर्थिक वर्षको राजश्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहायअनुसार प्रस्तुत गर्न चाहन्छुः

(क) सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याइ राजश्वको आधार फराकिलो बनाउने,

(ख) आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानीमैत्री बनाइ उत्पादनमूलक उद्योग तथा व्यावसायको प्रवर्द्धन गर्ने,

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,

(घ) कर कानूनको पालनामा जोड दिँदै कर छलि तथा चुहावट नियन्त्रण गर्ने,

(ङ) गैरकर राजश्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजश्व वृद्धि गर्ने ।

प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रादेशिक कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचनामार्फत् कर तथा गैर कर असुली तथा सङ्कलन कार्य प्रभावकारी बनाइनेछ ।

कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावकारी बनाइने छ । प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचनामार्फत् समन्वयात्मक रूपले कर असुली गरिनेछ ।

आगामी आर्थिक वर्षमा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनका अनुसूचीहरूमा उल्लेख गरेको छु ।

सभामुख महोदय,

अब ममाथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. २८ अर्ब २८ करोड २८ लाख २८ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालुतर्फ रू. ६ अर्ब ६३ करोड ८४ लाख ८५ हजार र पुँजीगततर्फ रू. २१ अर्ब २४ करोड ४३ लाख ४३ हजार तथा वित्तीय व्यवस्थापनतर्फ रू. ४० करोड विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्वबाट रू. ५० करोड, चालु आर्थिक वर्षको खर्च नभइ बाँकी रहन जाने अनुमानित रकम रू. ५० करोड, संघीय सरकारबाट राजश्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रू. ५ अर्ब ५१ करोड ६६ लाख १५ हजार र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रू. ९ अर्ब १३ करोड १४ लाख र सशर्त अनुदानबाट रू. ६ अर्ब ६३ करोड ४१ लाख ५० हजार परिचालन गरिने छ । त्यसै गरी समपूरक र विशेष

अनुदानबाट रू. ५ अर्ब प्राप्त हुने अनुमान गरिएको छ । सो अनुदानबाट समेत नपुग हुन जाने रू. १ अर्ब आन्तरिक ऋण परिचालनबाट व्यहोर्ने व्यवस्था मिलाएको छु ।

माननीय सभामुख महोदय,

अन्त्यमा, बजेट तयारीका क्रममा निर्देशन गर्नुहुने प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, संसदीय दलका नेताज्यूहरू, माननीय उपसभामुखज्यूलगायत प्रदेशसभाका माननीय सदस्यज्यूहरू, विभिन्न राजनीतिक दलका नेताज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरूमा व्यापक छलफल गरी प्रदेशसभाका माननीय सदस्यहरूले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट छलफलका क्रममा सुझाव दिनुहुने प्रदेश सरकारका प्रमुख सचिव तथा सचिवहरू, प्रदेश मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीहरू, वरिष्ठ विज्ञहरू, उद्योग वाणिज्य संघलगायत निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजीवीहरू, सामाजिक संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, पत्रकार तथा प्रदेशभित्र र प्रदेश बाहिर रहनु भएका दिदीबहिनी दाजुभाइहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-१७
(२०७५ असार १ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको १७ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकारमार्फत् सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न माननीय सदस्यहरूका लागि विशेष समयको व्यवस्था गरेको छु । माननीय जीवनबहादुर शाही, रोष्टम प्रयोग गर्न सक्नुहुन्छ, माननीय सदस्य ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, आज वास्तबमा कर्णाली प्रदेशको लागि एकदम सुःख को दिनहामीले यो प्रदेशको उन्नति समृद्धिगर्नको लागि बजेट आउने दिनहो र बजेट आएको पनि छ र हामीले प्रतिप्रक्षमा रहेर पनि यो सरकारलाई यो क्षेत्र को विकासको लागि हामी सधै सहयोग गर्दै आयौं, तर आज दुःखद अवस्था आएको छ । सभामुख महोदय, हामी चाहादैन्थ्यौ कि यी कुराहरू आजकै दिनमा भन्न परोस् भनेर तर हामीले चाहेको भए बजेट आउनुभन्दा अगाडि पनि यी कुरा राख्न सक्थ्यौ, यो हाम्रो प्रदेश कसरी चलिरहेको छ । सम्माननीय सभामुख महोदय, म सरकारलाई माननीय सभामुखमार्फत् यो सोधन चाहन्छु । हो, हामीलाई थाहा छ कि प्रहरी संयन्त्र हाम्रा मातहतमा छैन, आज मैले जब बजेट सुनिसके पछि मलाई थाहा भयो कि प्रहरीलाई जतिको बजेट अरू विकासमा रहेन्छ । सभामुख महोदय, त्यसैले किन त्यसरी प्रहरीहरू उर्फीयएर एउटा पाटी कार्यालयभित्रजम्प गरेर गएकाछन् । तालिम प्राप्त हुनलाई पैसा छुट्याएको रहेछ र पो त आज चाहिँ यसरि गएर पाटी कार्यालयभित्र गएर चाहिँ मानिसलाई थुतेर ल्याएर चाहिँ कठघरामा हाल्ने गरियो, सभामुख महोदय । हामी रूल अफ ललाई मान्छौ रूल वाई ललाई होइन कानूनी राज्यमा कसैको एउटा ब्यक्तिको घरमा जानको लागि पनि बारेन्ट काटिनु पर्छ तर एउटा संस्था आज हामी त्योभित्र पसेको र त्यहाँ तोडफोड गरेको र त्यहाँ कार्यकर्तालाई कारबाही गरेको भन्दा पनि हामीलाई पिर के छ भने एउटा हाम्रो नेपाली उखान छ, बुढि मरेको भन्दा निकाल पल्केको अथवा बुढा मरेको भन्दा पनि काल पल्केको हामीलाई ठूलो पिर भएको छ । हामीले सौच्यौं, यो सरकार त्यति दोषि छैन तर मलाई अहिले लाग्यो सरकार दोषि छ । आन्तरिक मामिला भनेको के हो आज आन्तरिक मामिला मन्त्रालय मैले त्यो त गृह मन्त्रालयको जिम्मेवारी लिएको होला यसले चाहिँ गृहप्रशासन चलाउँछ होला भन्ने सोचेको थिएँ । यो त दाल, भात, तरकारी पकाउने जस्तो पो लाग्यो सभामुख महोदय, कि प्रहरीहरूलाई चाहिँ हामीले संचालन गर्न नसक्ने प्रहरीलाई हामीले आदेश दिन नसक्ने हो भने हामीले उनीहरूको लागि यत्रो बजेट छुटयाउनु पर्ने कारण के हो, यहाँ अब शंका लाग्दो कुरा चाहिँ आएको छ । त्यस कारण म सभामुख महोदयमार्फत् मैले फेरि पनि

भन्ने मौका पाए भर्खरै आन्तरिक मामिला मन्त्रीज्यू आउनुभएको छ । यो उहाँको जिम्मेवारीभित्रको कुराहरूमा पर्दछ, कि कोडनेशन नगरिएको हो भने केन्द्रीय सरकारलाई भन्नुपर्यो । हामीलाई त्यहि लाग्छ, केन्द्रीय सरकारले यहाँ जथाभावी कुटपिट गर भनेको होइन, आज जुन बिध्यार्थीहरूले गरिरहेको आन्दोलन छ, त्यो आन्दोलन पेट्रोलियम पदार्थको मुल्य वृद्धिको विषयमा हो । हामीले पनि धेरै विचार गर्यौं अन्तर्राष्ट्रियस्तरमा मुल्यवृद्धि भएको छैन काहिँ पनि केही पनि भएको छैन, किन यो ५/५ चोटि मुल्यवृद्धि गरियो भनेर भन्दा खेरि केन्द्रीय सरकारको जवाफ एउटै छ, संघीयता आयो, संघहरू चलाउनु पर्ने भएको हुनाले हामीले चाहिँ कर बढायौं । के अब संघीयता आयो हामीले प्रदेश चलाउनु पर्ने भयो भनेर हाम्रा यहाँका गरिब जनतालाई पनि त्यसरी नै कर उठाउँदै जाने हो । त्यसकारण सम्माननीय सभामुख महोदय, म एउटा अनुरोध गर्न चाहन्छु र माग राख्न चाहन्छु । मैले अघि बोल्दा यो भन्दैन्थे होला अबको आउने बजेटमा यी प्रहरीलाई छुट्याइएको बजेटहरू सबै कटौती हुनुपर्छ । हामीले चाहिँ हाम्रो नियन्त्रणमा नभएका प्रहरीलाई पैसा छुट्याउने, हकदैया हामीभित्र हुन सक्दैन र म आन्तरिक मामिला मन्त्रीज्यूलाई भन्छु कि आन्तरिक मामिला मन्त्रीज्यूले म त्यो घरको भान्सा खाना कहाँ पाक्यो मात्र हेर्ने मेरो दायित्व हो । यो पुलिस अनि प्रशासनसँग केही छैन भन्ने हो भने पनि ठीक छ म त्यसलाईमान्न चाहन्छु होइन भने अब हामीलाई बाध्य पर्नसक्छ कि आन्तरिक मामिला मन्त्रीज्यू यो पदमा बस्न उपयुक्त हुन्छ वा हुँदैन र हामी अर्को राख्न चाहान्छौ यसरि दिन दाहाडै अचम्म एउटा शैलीमा जुन रक्षक हुनु पर्ने भक्षक भएर हामीले त्यो भनेका छैनौं, जहाँ आन्दोलन भएका थिए, जहाँ पुत्लाहरू जलाइएका थिए, त्यो ठाउँमा यता कुटपिट हुँदा खेरि हामीहरूले केही गरेनौं, किनभने यस्तो त यो राज्यमा भैरहन्छ तर पाटी अफिसमा आएर, पाटी अफिसलाई घेरेर ढुंगा हानेको निहुँमा, ठीक छ ल ढुंगा हानेका रहेछन् भने पनि हाम्रो कानूनले के भन्छ भने त्ययो घरलाई सिलबन्दी गरेर बस्नुपर्थ्यो र कसैलाई बोलाएर चाहिँ वारेन्ट ल्याएर चाहिँभित्र ल्याउनु पर्थ्यो, एउटा लहलहैमा एउटा इन्सपेक्टर मैले त नाम पनि चिनेको छैन तर आज सुन्नमा आएको छ, श्रेस्ठ भन्ने इन्सपेक्टर यदि त्यो इन्सपेक्टरलाई हाम्रो सरकारले, प्रदेश सरकारले यहाँ बाट तुरून्तै हटाउदैन, निलम्बन गर्दैन भने यसको परिणाम धेरै गहिरो हुन सक्छ, धेरै ठूलो हुन सक्छ । आजको लागि हामी प्रदेश सरकारलाई त्यति धरै दोष दिन चाहदैनौ तर पनि यद्यपी यति गर्दैगर्दा पनि आज बजेट छुट्याइ सकेपछि चाहिँ प्रदेश सरकारको नै आन्तरिक मामिला मन्त्रीज्यूको नै बिशेष पहलमा उनीहरूलाई उक्साहट गरिएको हो भन्ने चाहिँ बजेटले देखाएको हुनाले त्यो मान्छेलाई कारबाही नगरिदासम्म हामी हाउस नचलोस् पनि भन्दैनौ, बजेट अगाडि नबढोस्, पनि भन्दैनौ तर भोलि यहाँ आउने विद्यार्थीले गर्ने आन्दोलन अरूले गर्ने आन्दोलन त्यसमा हामीहरूले पनि सांसदले संसद छोडेर सडक आन्दोलनमा जान नपरोस् यहीकुरा सचेत गर्नका लागि सम्माननीय सभामुखमार्फत् म सरकारको ध्यानार्कषण गरेको छु । यसलाई चाहिँ सिरीयस रूपले लगियोस् न कि

करराउछन् बोल्दै गर्छन्, भोलि त भै हाल्छ नि भन्ने कुरा नहोस् र त्यो जसले चाहिँ गल्ति गरेको छ, त्यसमाथि कारबाही होस् भनि म जोडदार माग राख्दै विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२८ को उपनियम २ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको अनुमान र उक्त विधेयकमा आश्रित कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५, कर्णाली प्रदेश आर्थिक विधेयक, २०७५ र कर्णाली प्रदेश ऋण उठाउने विधेयक, २०७५, एक एकप्रति सभासमक्ष टेबुल गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२८ को उपनियम २ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमान बजेट तथा आश्रित विधेयकहरू नियमावलीको परिच्छेद १७ को नियम १३२ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७५, कर्णाली प्रदेश आर्थिक विधेयक, २०७५ र कर्णाली प्रदेश ऋण उठाउने विधेयक २०७५ को एक एकप्रति सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परच्छिेद १६ नियम १२९ को उपनियम १बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलको लागि यहीअसार ३ र ४ गतेका दिनहरू तोकेको छु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश आकस्मिक कोषका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ जेष्ठ १८ गतेको बैठकबाट सर्बसहमतिले पारित भइ प्रदेश प्रमुखसमक्ष प्रमाणीकरणका लागि पेश भएकोमा मिती २०७५ साल जेष्ठ ३० गते माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएको जानकारी प्राप्त भएको तथा कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि विधेयक, २०७५ प्रदेशसभाको २०७५ साल जेष्ठ २० गतेको बैठकबाट सर्बसम्मतिले पारित भइ प्रदेश प्रमुखसमक्ष प्रमाणीकरणका लागि पेश भएकोमा मिति २०७५ साल जेष्ठ ३० गते माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएको जानकारी प्राप्त हुन आएकोले प्रदेशसभा नियमावली, २०७४ को नियम १२५ को उपनियम ३बमोजिम सभासमक्ष जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार ३ गते आइतबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-१८
(२०७५ असार ३ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको १८ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेशसभा नियमावली २०७४ को नियम १२९ को उपनियम ३बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालालाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू,

**माननीय श्री जीवनबहादुर शाहीः-**नियम आपत्ति छ, सभामुख महोदय ।

**माननीय सभामुखः** के विषयमा माननीय सदस्य ।

**माननीय जीवनबहादुर शाहीः-** मेरो नियम, आपत्ति यसमा छ, माननीय सभामुख महोदय, यो संविधानको बर्खिलाप हुने गरेर हाम्रो बजेट आएको छ, संविधानसँग जुध्ने गरेर कुनै पनि प्रदेशले नगरपालिकाले, गाउँपालिकाले या संघले पनि कुनै कुराहरू गर्न पाउदैन, त्यसकारणले यो संविधानसँग जुझेर आएको हुनाले म चाहिँ संविधानको भाग १६ को २०७ नम्बर धारा २०७ नम्बरको म पढेर सुनाउन चाहन्छु, सभामुख महोदय, राजश्व र व्ययको अनुमान प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेशसभासमक्ष देहायका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न सक्नेछः-

(क) राजश्वको अनुमान,

(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

(ग) प्रदेश विनियोजन ऐनबमोजिम व्यय हुने आवश्यक रकमहरू ।

२० उपधारा ९१० बमोजिम वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्चअनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ । मैले हेर्दै जाँदा कुनै पनि यो कुरा नभेटेको हुनाले अब यो संविधानको बिपरित हुने गरेर त्यो नआएचाहिँ छलफल अगाडि बढ्न सक्दैन भन्ने चाहिँ मेरो नियम आपत्ति हो, सभामुख महोदय ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-१९

(२०७५ असार ५ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको १९ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई नेपालको संविधानको भाग १६ धारा २०७ को उपधारा २ बमोजिमको विवरण समावेश गर्दै कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफलका लागि प्रदेशसभा नियमावली, २०७४ को नियम १२९ को उपनियम ३ बमोजिम वक्तव्य सभासमक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुखज्यू, प्रदेशसभाको दोस्रो अधिवेशनको १६ औं बैठकमा प्रस्तुत भइ, १७ औं बैठकमा सभासमक्ष टेबुल भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमान बजेट सभामा पेश हुँदा आर्थिक वर्ष २०७४/०७५ को निकायगत विनियोजन र खर्च रकम खुलेको विवरण समावेश हुन छुट भएकोमा उक्त बिवरण अनुसूची ३ विनियोजन विधेयकको अङ्ग हुने गरी माननीय सदस्यलाई उपलब्ध गराइ सकियको हुँदा आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमान बजेटमाथि छलफल हुनका लागि प्रदेशसभा नियमावली, २०७४ को नियम १२९ को उपनियम ३बमोजिम सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकास ज्वालाले छलफलका लागि प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री जीवन बहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७५/०७६ को विनियोजन विधेयकमाथि हामी छलफल गरी राखेका छौं । वास्तवमा यो छलफल अस्तिनै हुनु पर्थ्यो, रोकियो, यहाँ कता-कता के पनि देखियो भने प्रतिपक्षहरूले उखरमाउलो गरेर सधैं सदनलाई रोक्ने प्रयास भएको भन्ने पनि केही माननीय सांसदज्यूहरू ट पनि आयो र म सभामुख महोदयमार्फत् विनम्र अनुरोध गर्न चाहन्छु । वास्तवमा प्रतिपक्षले उठाएको कुराले यो प्रदेशको इज्जत, मानसम्मान वृद्धि भएको छ, घटेको छैन । हामीले प्रतिपक्षले कसैको विरोधका लागि विरोध होइन । मैले यहीमञ्चबाट यहीरोष्टमबाट भनेको थिएँ, यो प्रदेशमा पक्ष र प्रतिपक्ष नभएर प्रतिपक्षले जहिले पनि रचनात्मक कुराहरूमा साथ दिनेछ भन्ने कुरा हामीले पहिला पनि गरेका हौं । म सम्माननीय सभामुखज्यूमार्फत् सदनलाई अनुरोध के गर्न चाहन्छु भने यो जुन बजेट

बक्तब्य त्यतिखेर आएको थियो र हामीलाई भनियो कि २०७४/०७५को आर्थिक वर्ष त चालु हो, यो पहिलाको होइन, यो आउन सक्दैन भन्ने कुरा पनि नभएका होइनन् तर म सभामुख महोदयमार्फत् के भन्न चाहन्छु भने सदनलाई के अवगत गराउन चाहन्छु भने चालु भए पनि नभए पनि २०७५/०७६ को आइसके पछि २०७४/०७५को ल्याउनुनै पर्थ्यो, त्यो संवैधानिक व्यवस्था हेरि पनि सक्नु भयो होला, धारा २०७ को उपधारा २ मा लेखिएकै छ र त्यो बेला माननीय मन्त्रीज्यूले पनि प्रयास नगरेको होइन भन्ने जस्तो कुरा लाग्दैन, मैले हेरे जुन अनुसूचीहरू छन् त्यसमा उहाँहरूले लेख्नु नै भएको रहेछ, ऐले मैले अलिकति बुझिन अनुसूची ३ सँग सम्बन्धित हुने हो, यो विवरण अथवा ६ सँग हुने हो, त्यो चाहिँ विचार गर्नु पर्ला भन्ने चाहिँ छ । किनकी ३ मा यसले के भन्छ भने व्यय अनुमान हो, ३ मा चाहिँ ६ मा चाहिँ शीर्षकगत बजेट खर्च हो । यसमा उहाँहरूले लेख्नु नै भएको रहेछ पहिला आर्थिक वर्ष २०७३/०७४ को यथार्थ अब २०७३/०७४ मा त यहाँ थिएनौं, त्यसैले यथार्थ हाम्रो आउने कुरो भएन आर्थिक वर्ष २०७४/०७५ को संशोधित अनुमान त्यसमा अहिले अनुमानको कुरा आउथ्यो तर आज पनि आउन त अब बिग्रिएरै आएको छ । यहाँ चाहिँ २०७४/०७५ को विनियोजित बजेट २०७४/०७५ जेष्ठसम्मको जम्मा खर्च भनेर आएको छ तर आउनु के पर्थ्यो भने संशोधित अनुमान भनेर आउनु पर्थ्यो, संशोधित अनुमान किन भनिएको हो भने त्यसको टोटल खर्च कति भयो या भएन त्यो त पूरा त आएको थिएन त्यसकारणले यो म सुझावको रूपले राख्न चाहन्छु । सम्माननीय सभामुख महोदय, किनकी हामीले आफूले जानेका कुराहरू यो सदनमा राखेर सदनलाई चाहिँ मजबुत बनाउन चाहान्छौ नाकि हामी निहुँ नै खोज्ने भए यो विनियोजन बजेट भयो, यो संशोधन यसरी आउन पर्थ्यो भन्न पनि सकिन्थ्यो होला, यसको लागि पनि मैले सम्पूर्ण सदनलाई सभामुखज्यूमार्फत् चाहिँ अनुरोध गर्न चाहे ।

अब, यो एउटा अङ्ग बनेको छ र कर्णाली प्रदेशको जुन विनियोजन विधेयक आएको छ । हामीले महत्वकांक्षा राख्नुपर्छ नराख्ने कुरो होइन, महत्वकांक्षा विनाको त मानब जीवन हुन सक्दैन तर अति महत्वकांक्षा राख्न मिल्छ कि मिल्दैन, भारी के हुन्छ भने गाउँमा हामी हुर्किएका सम्माननीय सभामुख महोदय गाउँमा घाँसको भारी बोक्न जाँदा खेरि आज ५ ओटा पुला बोकियो भने भोलि त १ पुला थप्छु भन्ने हिम्मत गरिन्थ्यो तर यहाँ चाहिँ ५ ओटाबाट एकैचोटि १० ओटा भन्दा खेरि त्यसैले ढाड च्यापेर चाहिँ भुतुक्कै पार्ने हो कि भन्ने मेरो पिर चाहिँ त्यो हो, त्यस कारणले पनि त्यसलाई यदि हामीले सोच्न सकिन्छ भने सोचौं, यो हामीले बजेट ल्याउने महत्वकांक्षी ल्याउने भोलि कार्यान्वयन भएन भने हाम्रो यो प्लानिङ्गको कुरा अगाडि राम्रोसँग नजान सक्छ ।

अर्को कुरा, सम्माननीय सभामुख महोदय, हामीले प्राएरोटी तोकेका छौं, भौतिक पूर्वाधारलाई हामीले राम्रै पैसा छुट्याएका छौं, हामीसँग भएको बजेटअनुसार तर हेर्दा खेरि मलाई के लाग्छ भने अहिले हाम्रो यो कर्णाली प्रदेशमा ८० प्रतिशत चाहिँ भौतिक पूर्वाधार मा २० प्रतिशत अरू मा गएको भए यो उपयुक्त हुन्थ्यो भन्ने हो मेरो, किनकी

कर्णाली प्रदेश आज पछि पर्नको कारण यहाँको भौतिक पूर्वाधार राम्रो नहुनुको कारणले हो भौतिक पूर्वाधार भनेको सडक मात्र होइन, भौतिक पूर्वाधार भनेको खानेपानी पनि हो, भौतिक पूर्वाधार भनेको सिंचाइ पनि हो, अनि यसले के गर्थ्यो भने यो बजेटले वितरणमुखी नभएर अनि उत्पादनमुखी हुन्थ्यो, निर्माणमुखी हुन्थ्यो, अहिले हामीले जति कुरा गरे पनि यो हाम्रो चाहिँ वितरणमुखी नै भएको छ । केन्द्रीय सरकारले पनि वितरण गर्ने, स्थानीय सरकारले पनि गएर वितरण गर्ने, अनि हामी प्रदेश सरकारले पनि गएर वितरण गरेनौ भने भएन भने कमसेकम यो सदनले पनि सेक्रिफाइज गरोस्, राम्रो खानेपानी बनाउँ, राम्रो सिंचाइ बनाउँ, राम्रो सडक बनाउँ, अनि हाम्रो उद्देश्य होला म यो कुरा बुझ्दछु किनभने अर्थमन्त्रीलाई कति भनिएको हुन्छ, मन्त्रालयका मन्त्रीहरूले कति भनेका हुन्छन् त्यो पनि हामीले बुझेका छौं, नबुझ्ने कुरा होइन तर साँच्चै नै मैले हेर्दा अहिले मन्त्रीमण्डलमा भएका मन्त्रीज्यूहरू पनि एक से एक युवाहरू पढे लेखेका देश विदेश घुमेका, साराकुराहरू जानेका, यस्तो बेलामा एउटा अडान लिनु पर्थ्यो नकि हामी पनि अलिकति गाउँपालिका जस्तै बुढाबुढिलाई यति तरुनालाई, यति तरुनिलाई, यति अर्कोलाई, यति पैसा अर्काको छ, बाँड्ने हामीले हाम्रो त उत्पादन केही छैन, हाम्रो राजश्व त केही छैन, अनि गाउँतिर सायद धेरैले नबुझ्न सक्नु

हुन्छ, केहिले बुझ्नुहोला हाम्रो गाउँतिर भन्छन्, ताउलो फागुनेको बाँड्न पो के भयो, ताउलो फागुनेको बाँड्नको लागि के भयो तर जब आफैले पसिना चुहाएर कमाएर ल्याएको सम्पति वितरण गर्दा खेरि थाहा हुन्छ । त्यस कारण वितरणमुखी जुन आइरहेको छ यसलाई चाहिँ हामीले निरूत्साहित गर्नैपर्छ । हामीले भोगेका छौं कर्णालीवासीले भोगेका छन् । धानको चामल वितरण गर्ने, यो for work भनेर चाहिँ खान पाओस र पछिका उत्पादन वृद्धि होस् भन्ने दृष्टिकोणले Food for work आयो तर त्यसले हामीलाई के गर्यो, बाटो बढार्ने अनि चामल खाने, त्यतिले मात्र पुगेन सभामुख महोदय, अनि दाल पनि चाहिने, अहिले हुँदाहुँदा नुन पनि चाहिने, हाम्रा खेतहरू सबै बाँझा रहे, आज यस्तै किसिमका सुत्केरी हुनेलाई यति दिने भन्ने नाममा हामीले आफ्ना घरका भाइ बुहारी, छरछिमेकि, नातागोतालाई पनि त्यहि ढङ्गले जाने होकि मैले हिजो सुन्दै थिएँ, यस्तै यस्तै कुरामा फेरि एउटा हेलिकप्टर चार्टर गरियो, सुत्केरीलाई पैसा दिइयो तर सुत्केरी नेपालगंज पुग्ने बित्तिकै केही बेरमा नर्मल डेलिभरी भयो । अब यसलाई हामीले राजनीतिकरणमा मात्र जाने हो भने हाम्रो प्रदेशको उभोगति लाग्न सक्दैन । त्यसकारणले पनि म चाहिँ सभामुख महोदयमार्फत् अर्थमन्त्रीज्यूलाई, आर्थिक मामिला मन्त्रीज्यूलाई अनुरोध गर्न चाहन्छु, हामीले सक्छौं भने यसलाई पुर्नविचार गरौं, यो बाँड्ने चुड्ने कुरा चाहिँ होइन, होइन प्रदेशले त्यो गर्नु हुँदैन । हामी अलिकति कठोर बनौं, जुन दिन हाम्रो राजश्व वृद्धि भएर जाने छ, त्यो बेला सामाजिक कुरालाई हेरौंला अहिले राज्यले नहेरेको भन्ने छैन, स्थानीयले पनि हेरेकै छ, हिजो मात्र मैले सुन्नमा आयो जुन सशर्तसहितको अनुदान आएको छ, १८ हजारको पनि छ रे भनिसके पछि जसले नियम बनाउने, त्यो

उल्लंघन गर्ने भयो भने त्यसले चाहिँ राम्रो गर्दैन । र अर्को, कुरा हामीले ४० करोड पैसा चाहिँ स्थानीय सरकारलाई, स्थानीयतहलाई अनुदानको रूपमा दिएका छौं, त्यसको वितरण पनि भएको रहेछ, तर त्यो कुन फर्मुलाले भयो, मैले यसो हेर्दा खेरि म अरू जिल्लाको त जान्दिन मेरै जिल्लाको हेर्दा, केन्द्रले एउटा फर्मुला गरेको छ । केन्द्रको फर्मुला भनेको भूगोल, जनसंख्या अनि त्यसको वित्तीय आम्दानीको उसलाई लिएर चाहिँ त्यसले बनाएको छ । केन्द्रले के गर्यो, सिमिकोट गाउँपालिकालाई २३ करोड ४३ लाख दियो, चर्केगाढलाई २१ करोड ६३ लाख दियो, खार्पूनाथलाई १७ करोड ८ लाख दियो, नाम्खालाई यो सबैभन्दा नेपाल अधिराज्यको ५/६ ओटा जिल्ला मिलाउदा पनि एउटा हुन्छ, १४ करोड ६४ लाख दियो, ताजाचौरलाई ११करोड ८७ लाख दियो, अदानचुलीलाई १३ करोड १४ लाख दियो, चंखेलीलाई १२ करोड ७८ लाख दियो तर हामीले त्यसको ठीक उल्टो के गर्यौं भने २३ करोड पाउनेले चाहिँ ४७ लाख पायो, २१ करोड पाउनेले ४९।२५ पायो, १७ पाउने ले ४६।९५पायो, १४ पाउने ले ४२।९३ पायो, ताजाकोटले ११ पाएकोले ४८।५० पायो, अदान चुलिले१३ पाएको ले ४८ पायो चंखेलिले ४७ पायो, यसले हेर्दा कतै क्याबिनेट नै बायस भएको होकि फर्मुला विनाको कहाँबाट निर्बाचित भएका छन् भन्ने दृष्टिकोणले यो ल्याइएको हो भने यो गलत कुरा हो । केन्द्रको एउटा फर्मुला छ र अधिकांस बजेट फर्मूला हाम्रो चाहिँ केन्द्रबाट आउने यो केन्द्रअनुसारको जुन फर्मुलाअनुसार दिइएको छ त्यहिअनुसारले यो सबै गाउँ स्थानीय निकायलाई चाहिँ विनियोजित गरियोस् भन्ने चाहिँ म यो सैद्धान्तिक कुराहरू चाहिँ म राख्न चाहन्छु ।

र सिद्धान्ततः भन्ने हो भने हाम्रो भौतिक पूर्वाधार, हाम्रो भौतिक पूर्वाधार, हाम्रो भौतिक पूर्वाधार, हाम्रो भौतिक पूर्वाधार भन्यौ तर अन्ततगत्व हामी गएर पुलिसलाई घर बनाउने, पुलिसका छोरा छोरी पढाउने पुलिसको Training सेन्टर बनाउने अर्को बनाउने, अब यो नभइकन केही विकासै नहुने भयो मैले त सोचे अब त भन्नै पर्ने भयो सभामुख महोदय, भोलि चाहिँ संसद र कर्मचारीका छोराछोरी पढाउने पर्ने होला । अब हामी पनि त सभामुख महोदय ५/५ वर्ष यहीबस्नुपर्ने भयो हाम्रा छोराछोरी कहाँ पढाउ, त्यसको लागि पनि एउटा स्कुल चाहिने होला, यहाँ सुन्न आउने पत्रकारलाई पनि चाहिने होला, त्यो उत्पादनमुखी होइन, त्यसको लागि केन्द्रले बजेट छुट्याउँछ, हाम्रो बजेट भनेको उत्पादनमुखीमा जानु पर्दछ, न कि कसैलाई खुशी बनाएर आफू एउटा शक्तिशाली बन्ने हिसाबले क्याबिनेटले सोच्नु हुन्न भन्ने कुरा राख्दै विदा हुन्छु, धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, आर्थिक वर्ष २०७५/०७६ को राजश्व तथा वार्षिक अनुमानमाथिको छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहनु भएका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला । अब माननीय श्री कुर्मराज शाही समय ७ मिनेट ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्य अर्थमन्त्रीले यो गरिमामय सदनमा पेश गर्नु भएको छ, प्रस्तुत गर्नु भएको छ । यो उपरमा छलफल गरिरहँदा खेरि हाम्रा बीचमा केही समस्याहरू उत्पन्न भए होलान् र मलाई के लाग्छ भन्दा खेरि यो हामीले नयाँ अभ्यासको क्रममा पनि छौं, जस्तो लाग्छ । मलाई नयाँ अभ्यास र नयाँ घरबार जस्तो नयाँ घरबार बनाउदा खेरि ताउलो जोड्नु पर्ने, पन्यु जोड्नु पर्ने डाडु जोड्नु पर्ने, बस्ने सानो छानो बनाउनु पर्ने यी यावत समस्य हुँदाहुँदै पनि कहाँनेर डाडु छुट्यो कि, खाना पकाउदा खेरि कहाँ नेर पन्यु छुट्यो कि, जब एक्सनमा जान्छौ, जब चाहिँ एउटा प्रकृयामा आइपुग्छौं त्यति बेला चाहिँ बल्ल याद आउँदो रहेछ । यी समस्याहरू स्वभाविक विषयहरू हुन सायद मलाई लाग्छ, आउने आर्थिक वर्षमा यस्ता सानातिना समस्याहरू उत्पन्न हुँदैनन् । जो जसले पनि गरिरहँदा खेरि यस्ता समस्याहरू उत्पन्न हुने गर्छन, यसलाई सहज रूपले लिनुपर्छ भन्ने ढङ्गले मैले बुझिरहेको छु र अब यो बजेट प्रस्तुत भैरहँदा खेरि हामीसँग बेलायति अर्थशास्त्रीहरूले रबिन्स, मार्सलहरूले भन्ने गर्थे, त्यहाँको आर्थिक क्रान्ति बेलायतले आर्थिक क्रान्तिको सुरूवात गर्दाखेरि उनीहरूले एउटा निष्कर्ष ल्याएका छन् त्यो त्यति बेला साधन त प्रशस्त मात्रामा बेलायतमा त थिएन होला युरोपमा साधन थोरै मात्रामा थियो । सीमित आवश्यकताहरू तमाम थिए, अझ उनीहरू त दोस्रो बिश्वयुद्ध खेपिरहेका थिए, अभावै अभावको यूरोपमा पुरै एउटा चाहिँ संजाल थियो र त्यति बेलाको अर्थशास्त्रीहरू, पूँजीवादी अर्थशास्त्रीहरूले के भनेर एउटा निस्कर्ष निकाले भने, हामीसँग साधनहरू सीमित मात्रामा छ, हामीले असीमित आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने छ । आज त्यो १८ औं, १९ औं शताब्दीमा भनेका त्यो अर्थशास्त्रीहरूले जस्तै ठ्याक्कै मैले महसुस गरेको छु । कर्णाली प्रदेशमा साधन हामीसँग थोरै मात्र छ, यो थोरै साधनलाई चाहिँ हामीले प्रयोग गरेर अहिले हाम्रा असीमित आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने भएको छ । हामीले देखिहाल्यौं डाटामा ५१ प्रतिशत गरिबी हामीसँग छ । एउटा पनि उद्योग नभएको प्रदेश भएपनि साना उद्योगहरू होलान्, त्यो पनि सुर्खेतमा होलान्, एउटा उद्योग नभएको प्रदेश, धेरै युवाहरू विदेशिएको प्रदेश, अभावै अभाव भएको प्रदेश यहाँ नेर छ । साधन थोरै मात्र केन्द्रले हामीलाई दिएको छ । थोरै मात्र मैले हेर्छु, सशर्त बजेटमा अझ हेर्दा खेरि त एउटा योजना २ लाखको पनि हेरे, खानेपानी जो ५/१० वर्षदेखिनेरन्तर रूपमा चलिरहेको छ, अझ योजना सम्पन्न भएको छैन त अहिले पनि के गरेको छ भन्दा खेरि पूराना डिभिजन कार्यालयहरूले जुन सिफारिस गरेर केन्द्रमा गयो । त्यो आधारमा २/२ लाख, २लाख कुनै ठाउँ यस्तै यस्तै रकमहरू विनियोजन गरेर पठाएको छ । त्यो २ लाखले योजना सम्पन्न हुँदैन त्यो २ लाख प्रयोग गर्यौं भने १० वर्षका लागि तिमी प्रयोग गर्दै गर भन्या जस्तो स्थिति छ । त्यो भएको हुनाले सशर्त बजेटमा ६ अर्ब आएको छ । यो बजेट कार्यान्वयन गर्नका निम्ति अर्को कुरा म सरकारलाई सभामुखमार्फत् यो आग्रह गर्न चाहन्छु । झ्यालबाट आएका योजनालाई प्रशय नदिनु

होला, म आग्रह गर्न चाहन्छु । अहिले पनि हामीले केन्द्रको कुरा सुनेरहेका छौं । आज एउटा जिल्लामा, धेरै भने कुनै जिल्ला शुन्य भएको छ । आज सांसदहरू कराइ रहेका छन् । भोलि यो संसद कराउने फेरि विरोध आउने खालको नेगेटिभ सोच तिर रूपान्तरण हुने खालको वातावरण सरकारले नगरोस् म आग्रह गर्न चाहन्छु । झ्यालबाट आउने निवेदनको आधारमा आउने भनेको केवल घर परिवारलाई पाल्नको निम्ति मात्र आउने हुन् । झ्यालबाट योजना भनेको सिधा ढोकाबाट आउने अहिले संरचना भनेको माननीय मात्र हुन् । यो प्रदेशले संरचना कोही छन् भने अर्को गाउँपालिका पनि होइन तपाईंहरूको नगरपालिका पनि होइन प्रदेशको यो प्रदेशको संरचना भनेको एउटा मात्र संस्था छ, त्यो माननीय हुन् । त्यो भएको हुनाले माननीयहरूबाट आएका आधिकारिक जति हुन्छन्, झ्यालबाट आएका आधिकारिक हुँदैनन् । तपाईका आफ्ना इच्छा होलान् आकांक्षा होलान्, आफ्नो कुनै विचारबाट प्रभावित हुन सक्नुहुन्छ, नहुन सक्नुहन्छ । कोही व्यक्ति होलान् प्रभावित हुन सक्नुहुन्छ त्यसको आधारमा जानुभयो भने विगतको स्थिति जस्तो त्यस्तो अवस्था फेरि भोग्नुपर्ने हुन्छ, त्यो भएको हुनाले म आग्रह गर्न चाहन्छु, झ्यालबाट आउने योजनाहरू नरोकेर मलाई लाग्छ सिधा ढोकाबाट आउने योजनालाई प्रशय दिएर अगाडि जाओस् अनि बल्ल थोरै बजेट छ, थोरै बजेटबाट प्रशस्त सपना देखेंका छौं, अनि बल्ल मात्र रूपान्तरण हुन्छ, परिवर्तन हुन्छ । अनि बल्ल परिवर्तन गर्दै जाऔं र पाचँ वर्षभित्र एउटा गुणात्मकता आउने खालको वातावरण हामी Creat गरौं भन्ने मेरो यहीकुरा राख्दै मेरा आफ्नो यो सुझाव यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय ठम्मरबहादुर बिष्ट, समय ७ मिनेट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** माननीय सभामुख महोदय, बजेट उपर हामी छलफलको क्रममा छौं । यस सन्दर्भमा यो बजेटमा आएका जति पनि विषयवस्तुहरूलाई कसरी यसलाई समृद्ध बनाउन सकिन्छ, यहाँ नपुग भएका विषयलाई कसरी बहुआयामिक बनाउन सकिन्छ भन्ने कुरासँग रहेर, म केही कुराहरू यहाँ सुझावको रूपमा म राख्न चाहन्छु ।

पहिलो कुरा जस्तो अहिलेसम्मको म बजेटमा कुरा गर्नु भन्दा अगाडि म केही कुरा हामीले यहाँ पछ्याउनु पर्ने देखेंको छु । सभामुख महोदय, हाम्रो जुन संसदको हाम्रो जो प्रक्रियाहरू कार्यशैलीहरू जसरी अबलम्वन हामीले गरिरहेका छौं । जस्तो यो कुनै मुख्यमन्त्री या मन्त्री प्रति लक्षितको कुरा होइन, अब हामीले बोलेका कुराहरू ह्रस्वदीर्घ प्राय चेन्ज नहुने या भए पनि आफ्नो ढङ्गले हुने कुरा त छदै थियो । अब हुँदाहुँदै अब के खतरा भैसक्यो भने विषयवस्तु अलि बढि जोडले राख्ने हो भने बाह्रखरी नै नपढ्ने त कसरी राख्यौ बाह्रखरी नै पढेनौ भन्ने खालको कुरा पनि यहाँ खतरा बढ्यो । त्यसकारण सरकारको तर्फबाट सम्भव भएसम्म संसदहरूले पनि त्यसमा लिखत रूपमा सम्भव भएसम्म २/२ प्वाइन्ट दिनुपर्यो सरकारको मुख्यमन्त्री र मन्त्रीहरूले जवाफ दिन

संसदहरूले उठाएको विषय के हुन् भनेर लेखेर यहाँ जवाफ दिनु पर्यो । त्यसो गर्दा विषय प्रवेश हुन्छ र कुनकुन विषयमा जवाफ दिनुपर्ने हो भन्ने कुरा मुख्यमन्त्री या मन्त्रीहरूले त्यसको अध्ययन गरेर यहाँ दियो भने त्यो वस्तुवादी हुन्छ, होइन भने विषय एकातिर हुन्छ, गोजीमा हात हालेर भाषण गर्दै जाने हो भने अब कता कता पुग्ने हो । यसकारण यो ढङ्गले यो कुनै व्यक्ति प्रति लक्षित नभएर हाम्रो संसद त्यतातिर ओरेन्टेशन छ । त्यसरी भन्ने हो भने जसले रोष्टम प्रयोग गर्यो, त्यसरी चाहिँ जसरी पनि बोल्ने हो भने हामी पनि बोल्छौं, त्यसो हुँदै जाँदा बाहिर त्यसको मेसेज के हुन्छ । त्यसकारणले विगतका बैठकहरूमा मन्त्रीहरूले यहाँ जवाफ दिने सवालमा त्यो शैली प्रयोग भएको छ । त्यसकारण सभामुख महोदयमार्फत् विषयवस्तु अध्ययन गरेर आउने र त्यसरी जवाफ दिने कुराहरूमा त्यो खालको चाहिँ ध्यान जाओस्, यो कुरामा मैले यहाँ अनुरोध गर्न चाहन्छु र दोस्रो कुरा यो सँगसँगै कुरा गर्दै खेरि यसमा यो अब जहाँसम्म बजेटभित्र प्रवेश गर्दा अब यहाँ नखाऊ भने दिनभरी शिकार खाऊ भने कान्छा बाउको अनुहार भन्ने छ नि त्यो खालको एउटा अवस्था छ । त्यसकारण यसलाई विरोधको रूपमा विरोध भन्दा पनि कसरी यसलाई चाहिँ प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरा नै यहाँ हाम्रो विषयवस्तु हो । अब यसो भन्दै गर्दा अब विषयवस्तुलाई यहाँ हामीले राख्दा सरकारले त्यो जिम्मेवारीका साथ लिनुपर्यो ।

यो दोस्रो सुझाव हो, शैली आ-आफ्नो हुन्छन्, हुँदा हुँदा यहाँ मलाई हास्यव्यङ्ग्यकारकै चाहिँ पगडि गुथाउने होला भन्ने खतरा पनि छ । त्यसकारण यो जानि बुझिकन नै यहाँ तात्तिने हो भने कति तात्तिने सदनमै ढल्ने स्थिति हुन्छ । पूरा केही हुँदैन भनेअनुसार चाहिँ तपाईको स्प्रीट छैन त्यसकारण मैले जानि बुझिकन यसलाई अलिकति चाहिँ क्रियात्मक ढङ्गले, अलि रचनात्मक ढङ्गले यसरी जाऔं, त्यसो गर्दा अलि जिउधनको सुरक्षा होला भन्ने ढङ्गले मैले यो चाहिँ अवलम्बन गरेको हुँ । त्यसको मतलब त्यो होइन किनकी हामी सबै लडेरै आएका हौं, आशु बलिदान पसिना रगत, जेलनेलबाट सबै त्यो स्प्रीटबाट जनताको कुराहरूलाई हामीले यहाँ उजागर गरिरहेका हुन्छौ । मैले पनि त्यो स्प्रीटमा बोलिरहेको हुन्छु । त्यो ढङ्गले अलिकति सिरियसली विषयवस्तुलाई लिन पनि मैले सभामुखमार्फत् अनुरोध गर्न चाहन्छु ।

तेस्रो कुरा भनेको अब यसमा हामीले प्रयोग गर्ने भनेको एउटा English मा भन्छ डाइलेटिकल मेटिलिजम यो खालको यो द्वन्द्वात्मक भौतिकवादसँग रहेर नै हामीले विषयवस्तु अगाडि बढाउन पर्छ, संसदको सवालमा कुरा गर्दा मैले बुझेको त्यो हो । २/३ खाले एउटा विरोधको नाममा विरोध गर्ने पनि अति हो ।

अर्को समर्थनको नाममा अन्दाजीकरण गर्ने पनि त्यो अति हो । त्यसकारण विषयवस्तुलाई रचनात्मक ढङ्गले ससंदहरूले राख्नुपर्छ भन्ने कुरामा प्रेरित गर्नुपर्दछ र सरकारले या मन्त्रीहरूले पिर मान्ने भन्ने कुरा हुँदैन । त्यहाँ सत्तापक्षले हामी तिर लक्षित गर्यो भन्ने कुरा गयौं भने हामी फेरि त्यो अगाडि बढ्न सक्दैनौं, विकास हुन सक्दैन, त्यो

ढङ्गले पनि हामी यसरी अगाडि बढ्न पर्छ जस्तो मलाई लाग्छ । यो मैले यहाँ अुनरोध गर्न मैले चाहे हाम्रो अब अन्ततः कुलगोत्रको हाम्रो धर्म हुँदैछ । जति मच्चिए पनि अन्तिममा हुन्छ भन्नेले हुन्छ भन्नुहोस् भन्ने बेलामा हात उठाएका छौं, उठाउन पर्ने नै हो त्यसले गर्दा खेरि अब यहाँ सुरूमै मैले अलिअलि चाहिँ हाम्रो पनि नमिल्या होला मैले देख्छु । सुरूमै समर्थन गर्छु भन्दा अलि खुशी हुने त्यो भनि पनि हाल्ने त्यो संसदहरूले सुरूमै विरोध गर्दा विरोधको एकदम उच्चतम रूपमा पनि गैहाल्ने यो खालको कुराबाट नभएर रचनात्मक ढङ्गबाट रिल्यायाटिकल मेटालिजमबाट द्वन्द्वात्मक भौतिकवादी भएर वस्तुनिष्ट भएर विषयवस्तुलाई उजागर गर्ने तिर सभामुखमार्फत् यो स्प्रीटबाट अगाडि बढोस् मैले यो राख्न चाहन्छु । जहाँसम्म बजेटको सन्दर्भमा अब यहाँ धेरै विषयवस्तुमा प्रवेश नगरौं मैले यहाँ बजेटको स्प्रीटमा मैले राख्दा फेरि अब अघिल्लो चाहिँ जो तेस्रो चौमासिक जो बजेट आएको थियो त्यसमा विशेष गरी अलि विवाद, हाम्रो धनको डल्लो र जिउनी राखियो भन्ने तिरबाट आएको थियो र कता कता मन्त्रालय त राम्ररी बेठक नै बस्न सकेन । त्यहि विषयममा पनि कार्यान्वयन गर्ने कि नगर्ने विषयमा विवाद भयो भन्ने विषयमा पनि हामीले सुन्यौ । अहिले बजेटको स्वरूप हेर्दा त्यो जिउनी तिर धनको डल्लो केन्द्रित भएको जस्तो देखिँदैन, त्यो मानेमा यो खुशीकै कुरा हो । विकेन्द्रित रूपमा आएको छ, अब विकेन्द्रित भन्दा खेरि अब कस्तो छ भने अब ठ्याक्कै यसमा चाहिँ एडजिस्टमा भन्दा कतिपय यो बुँदाहरू यसमा आएको छ । मलाई, विकेन्द्रित त हुनै पर्छ किनकी एउटा विकासलाई पूर्वाधार बनाएर विशेष गरी सडक सञ्जाल, पर्यटन, विद्युत्लगायत हामीले त्यो गर्नैपर्छ, त्यो फोकस अलि गरियोस् भन्नेमा चाहिँ यहाँ सुझाव दिन चाहन्छु ।

दोस्रो कुरा अब दलित, महिला, उत्पीडित, अल्पसंख्यक, लोपोन्मुख, सीमान्कृत अब यो सबै कुराहरू विशेष क्षेत्र, स्वायत क्षेत्र, संरक्षित क्षेत्र भन्दै गर्दा खेरि त्यहाँ मान्छेको मनोविज्ञान केन्द्रित गर्नुपर्दा खेरि कतिपय विकेन्द्रित गर्ने हुने कुरा स्वभाविक हो । यसलाई अन्यथा लिन सकिदैन तर यो सँगसँगै त्यो कतिपय कुराहरू, बुँदाहरू छिचोलिएर आएको छ, त्यसमा म जस्तो बुँदा नं. १२७ र १४३ मा हामीले त्यहाँ हेर्यौं भने जस्तो यहाँ एउटा अर्गानिक भनेर अर्गानिक खेतीको कुरा भन्या छ । तल अर्को फेरि त्यहि अर्गानिक कुरालाई दोहोर्याइ राखेको छ, यसमा एउटैमा ४/५ वटा कुरा दोहोरिएका छन्, अर्गानिक एउटैमा आउने बरू त्यसैलाई केन्द्रित रूपमा यसरी गरिने छ भन्दा बुझ्न पनि सझिलो, अलि केन्द्रित र प्रभावकारी, यता २ करोड, उता १ करोड, उता ३ करोड गर्दै जाँदा एउटै अर्गानिकमा धेरै जाने, यस्ता धेरै छन् । मैले केवल उदाहरणको रूपमा मात्र मैले भने यो ६० नं. बुँदा र २०२ मा पनि त्यो दोहोरिएको छ । आफ्नो गाउँ आफै बनाऊ भनेकोछ । यता यति करोड, उता यति करोड भनेर त्यसैलाई एकै ठाउँ आफ्नो गाउँ आफै बनाऔ भन्नेमा यति करोड भनेर राख्दा खेरि प्रभावकारी हुन्छ । यस्ता थुप्रै अलिकति तालमेल ढङ्गले धेरै उहि उहि शीर्षकमा उस्तैउस्तै खालको चाहिँ परिवेशमा यो

चाहिँ बुँदाहरू आएको छ । यसलाई अलि चाहिँ विषयवस्तुहरू, बुँदाहरू धेरै छिचोरीएका छन्, यसलाई चाहिँ केन्द्रित गर्न सक्यो भने राम्रो हुन्छ । अब यसमा छुटेका बुँदाहरूमा मेरो विचारमा बाढीपीडितको कुरा, उनीहरूको चाहिँ एउटा मानवीय कुरा हो । हामीले २ चोटि यहाँ बोलिसकेका छौं । त्यसलाई मैले कति योजनाभित्र अस्थायी रूपले तत्कालै यो असारभित्र नै भएको व्यवस्था कि उनीहरूलाई एउटा मानवीय संकटलाई रोक्न सकिन्छ, त्यो कुरा चाहिँ आएन, त्यो कुरा तुरून्तै आउनु पर्यो । त्यसलाई बजेटसहित त्यो आउनु पर्यो भन्ने मैले जोडदार माग राख्न चाहन्छु ।

दोस्रो कुरा यो गैर-सरकारी संस्था अन्तरगत NGO को विषयमा NGO र INGO को विषयमा केन्द्रमा पनि यसको चाहिँ जोयो केहो त सरकारको कम्यूनिष्ट सरकारले के गर्न खोज्या हो भन्ने खालको आइरहेको हुनाले यो सहमति केहो भन्ने कुरा पनि केहो किनकी बाहिरको हामीले लिदाँ कसरी लिने, कुन-कुन लिने, कुन-कुन क्षेत्रमा लिने भन्ने कुरा आएको छैन ।

अर्को एयरपोर्टको विषयमा पहिला चाहिँ ७५देखि६५देखि७५सम्म सम्भाव्यतामा सार्दै गयौं अब फेरि चाहिँ हामीले एयरपोर्टको कुराहरू आइरहेको छ, यो पनि बजेटसहित आओस् भन्ने मैले चाहन्छु र त्यो पनि नपुगेर जस्तो लाग्छ । मलाई त प्रदेशले आज लगाएको राजश्व चाहिँ छ, समानीकरणमा बजेट जति छ । त्योबाट विनियोजन गरेर योजनाहरू २ वर्षमा सम्पन्न गर्नु पर्ने स्थिति हाम्रो बीचमा उत्पन्न भएको छ, यो समस्या छ । हामीसँग हाम्रो आन्तरिक स्रोत केही पनि छैन, त्यहि ५० करोड मात्रै हो, त्यो भएको हुनाले मलाई के लाग्छ भन्दाखेरि सीमित साधनबाट धेरै हाम्रो आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने भएकोले सबैका सोचहरूमा मलाई के लाग्छ भन्दा, Positive सोच गर्न आवश्यक देख्छु म त, Negative Atitude होइन, सकारात्मक सोचमा हामीले आफूलाई बदल्न सक्यौं, हामी चाहान्छौं, एउटा आख्यान छ, हामीले देश परिवर्तनका कुरा गर्दै आयौं, हिजोदेखि अहिलेसम्म देश परिवर्तनका कुरा गर्दै आयौं, परिवर्तनका कुरा गरी रहँदा खेरि हामीले सबैभन्दा पहिला मबाट सुरूवात गर्नुपर्छ । मैले देश परिवर्तन र बदल्ने कुरा भन्दा पहिला मेरो वरिपरिको वातावरण, समुदायलाई, मेरो समाजलाई परिवर्तन गर्न सक्नुपर्छ । मेरो समुदायलाई परिवर्तन गर्नु भन्दा पहिले मैले आफूलाई बदल्न सक्नुपर्छ, त्यो ठाउँमा मलाई उभ्याउनु पर्छ । अनि मलाई आफूले परिवर्तन होइन, मेरो सोचमा परिवर्तन गर्नुपर्छ । मेरो समुदायलाई परिवर्तन गर्नु भन्दा र जतिसुकै, उच्चखालको सोच भए पनि जतिसुकै महान सपना भएपनि, मेरो सोच आफूबाटै परिवर्तन गर्न स्टार्ट गयौं भने बल्ल यो प्रदेशको विकासको मैले चाहिँ सपनादेखिरहेको छु । यदि होइन भने मलाई के लाग्छ भन्दाखेरि यो सानो सानो कुरामा उल्झनमा फसेर मलाई लाग्छ हाम्रो अभिव्यक्तिहरू Present गयौं भने हाम्रो अभिव्यक्ति राख्यौं भने मलाई के लाग्छ भने यो प्रदेश केवल सकारात्मक सोचको दिशामा अगाडि बढिरहेको छैन, केवल Negative सोचका साथ मात्रै अगाडि बढिरहेको छ भन्ने खालको बहस हामीले गर्छौं । यहाँका

जनताले त्यो महसुस गर्छन, त्यो भएको हुनाले मलाई के लाग्छ भन्दाखेरि हामीले सकारात्मक सोचबाट मात्रै परिवर्तनको अपेक्षा गर्न सकिन्छ । त्यो बिन्दुमा पुग्न सकिन्छ । त्यो भएको हुनाले हाम्रो सोचलाइ सकारात्मक परिर्वतन गर्ने सोच हामी सबैमा होस् भन्ने यो आग्रह गर्न चाहन्छु र त्यो भएको हुनाले अर्को यो सँगै म के भन्न चाहन्छु भन्दा खेरि यो ठेक्का प्रणालीलाई अन्त्य गर्न सकिने हामीसँग केही ताकत छ भने यो प्रदेशले गर्दा हुन्छ । आज कर्णाली प्रदेश पछि परेको भनेको ठेक्का प्रणालीले नै हो, ४ करोड रूपैयाँ, १ अर्ब रूपैयाँ लाग्यो सम्पन्न भएन, ठेकेदारले गर्न सक्नुभएन त्यो प्रोसेस लामै प्रकृया हुँदाहुँदै आर्थिक वर्ष समाप्त भैसकेपछि हाम्रो योजना सम्पन्न नहुने OutPut केही पनि नभएको विगतको इतिहास छ । यो मलाई के लाग्छ भन्दाखेरि, त्यो इतिहासलाई ठेक्कापट्टा नदिइ हुँदैन सायद आफ्नो एउटा आर्थिक नियम होला तर पनि मलाई के लाग्छ भने यो प्रदेशले उपभोक्ताको माध्यमबाट बढि प्रशय देओस् म आग्रह गर्न चाहन्छु । हिजो ४ करोडमा नकाटेको बाटो आजसम्म यो म्याद थप्दै थप्दै १० वर्ष, ५ वर्ष, ४ वर्षसम्म एउटा ढुङ्गो पनि फोर्न सकेका छैनन् । त्यो ढुङ्गो फोर्न नसकेका ठेकदार मलाई के लाग्छ भन्दा रहेछ । हामी चाहान्छौ, मैले यति समयभित्र हामी पूरा गर्न सक्छौं भन्ने कुरा पनि यसमा आओस् मैले यो कुरा निवदेन चहान्छु । उसमा मूल रूपमा भन्दा खेरि यो एउटा राजमार्गको कुराहरू आएको छ, ऋषिराजमार्गको कुरा मैले नै मैले यहाँ रोष्टममा पनि अगाडि उठाएको थिएँ । अब हुनत यसमा १/२ जनाको मात्रै कुरा किन उठ्यो भन्ने होला कुनै एउटा Top Leadership शहिदहरूको सम्मान सबैको एउटा सम्झना पनि हन्छ अरूपनि गर्दै जाने कुरा पनि हुँदैछ, यसमा जो ऋषिराजमार्गको कुरा थियो यसमा राहुलराजमार्ग भनेर राखेको भए उहाँपनि एउटा टप लिडरसिप हो द्वन्द्वकालमा एउटा चाहिँ परिवर्तनको पक्षमा लडेको त्यसकारण सुर्खेतदेखिरातानाङ्ला हुँदै दैलेख हुँदै जुम्लासम्मको रोडलाई त्यो चाहिँ नामकरण गरियोस् भन्ने कुरापनि मैले यहाँ राख्न चाहन्छु ।

अर्को कुरा अब यसमा मैले अन्तिममा भन्दा खेरि अरू कुराहरू जसरी यो औपचारिक शिक्षाका कुराहरू अरू कुराहरू जस्तो यो लालिगुँरासको संरक्षण गर्ने कुराहरू या चाहिँ अन्य यस्तै यस्तै खालका कुराहरूमा अब अलिकति त्यहाँ केन्द्रित भएको छ । अब नेपालमा एउटा चाहिँ औपचारिक शिक्षाहरू एक किसिमले चाहिँ त्यो कार्यान्वयन राम्रोसँग हुने पाएन त्यसको रिजल्ट नै राम्रो छैन त्यसको कार्यान्वयनको प्रोसेस पनि राम्रो छैन बरू यसलाई ओभरल एउटा शिक्षा नीतिमा राखेर जाँदा खेरि राम्रो हुन्छ जस्तो लाग्छ र अन्त्यमा मैले यो सारमा भन्दाखेरि अब जसरी यो बजेट आएको छ । बाहिर पनि विषयवस्तुहरू उठि राख्या छ, कार्यान्वयन कसरी हुन्छ, एउटा हामीले अनुदानको जगमा यो बजेट बनाएको छौं, अर्को दायराहरू छैनन् । उत्पादनमुखी र यसलाई छैन यो उपलब्धिसहित जाओस्, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, समय ७ मिनेट ।

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय, दोस्रो अधिवेशनको आज १९ औं बैठकमा हामी २०७५/०७६ को जुन बजेटमाथि सैद्धान्तिक रूपमा छलफल गरी रहँदा मलाई जहाँसम्म लाग्छ, आज हामी यो कर्णाली प्रदेशलाई समृद्ध प्रदेश, सुखी कर्णाली जनता बनाउने हो । उद्देश्यका साथ यो बजेट हामीले अगाडि कर्णाली प्रदेश सरकारले जुन ल्याएको बजेट छ । सर्बप्रथम यो बजेटका सैद्धान्तिक कुराहरूको जसरी यहाँ प्रस्तुत गरिएको छ र यो हामीले अध्ययन पनि गरेका छौं । जुन ४० पेज र २७५ बुँदामा जसरी यहाँ ल्याइएको छ, यो बजेटले हेर्दा शीर्षक असाध्यै राम्रा छन् । कर्णाली प्रदेशको समग्र रूपमा यसले विकास गर्ने छ भन्ने आशामा यसलाई हेरिएको देखिन्छ तर सँगसँगै हामी यो बजेटलाई कार्यान्वयन गर्ने जुन पाटो छ, त्यो पाटो आम नागरिकहरूले पनि हेरिरहेका छन् र हामी माननीय सदस्यहरूले पनि कार्यान्वयनको पाटोलाई कसरी जान्छ भन्ने कुरो चाहिँ हामीले सोचि रहेका छौं । पक्कै पनि आशा गरौं जसरी यहाँ मेहनत गरेर मन्त्रालयका शीर्षकवाइज बजेट आएको छ । यो बजेटले कार्यान्वयन होस् भन्ने पनि एकदमै शुभकामना दिन चाहन्छु र सर्बप्रथम यो बजेटलाई जुन आर्थिक मामिला तथा योजना मन्त्रालयबाट यहाँ प्रस्तुत गरिएको ०७५/०७६ को बजेटलाई म कार्यान्वयनको पक्षमा बलियो होस् भन्ने म फेरि पनि शुभकामना दिन चाहन्छु । अहिले जुन आज हामी यहाँ सदनमा बोली रहेकाछौं र सबै प्रदेशको बजेटको झल्को हामीले हेर्ने पनि गरिरहेका छौं, विभिन्न मिडिया, सामाजिक सञ्जालहरूबाट हेरिरहेका छौं र संघीय सरकारको बजेट पनि हामीले भर्खरै मात्रा पनि यसभन्दा अगाडि हेरिरहेको अवस्था र त्यहाँ छलफल गरिरहेको अवस्था हेर्दा आज हामी यो मुलुक संघीय संरचनामा गइ सक्यो भनि रहँदा कताकता फेरि बजेटको आकार हेर्दा संघीय बजेट, प्रादेशिक बजेट र अब आउने स्थानीयतहको बजेट पनि उहि पुरानै तरिकाले आएको होकी भन्ने जस्तो पनि हामीलाई कताकता महसुस भै रहेको छ र यसले जुन हामीले संघीय सरकारले अहिले सशर्त अनुदानको जुन बजेट को सिलिङ्ग हेर्यौं, हामीले हेरिसकेको छौं । अझ पनि बाँड्ने प्रवृत्ति टुक्राटुक्रा बजेटहरूलाई छुट्याउने प्रवृत्ति हेर्दा विकास होइन यसले अझै विकासको जुन बाटोलाई पछाडि धकेलेको चाहिँ हामीलेदेखिराख्या छौं । यो अहिलेको जुन परिस्थितिमा यो बजेटको जुन समानीकरण बजेट देखिएको छ । २५ हजारको पनि बजेट हामीलेदेखिरहेका छौं । केन्द्रीय सरकारको त्यसैगरि कता कता फेरि पनि शीर्षक छुट्याइएको छैन । ठूलो भोलुममा कुनै कुनै शीर्षकमा छुट्याइएको छ । अनि प्रदेश सरकारले पनि फेरि त्यस्तै गर्ने हो कि भन्ने हामीलाई कता कता चिन्ता पनि लागिरहेको छ, यो नहोस् भन्ने हामी चाहान्छौ ।

सभामुख महोदय, यो गरिमामय सदनमा हामी चाहान्छौ, यो कर्णाली प्रदेशको समृद्धिको ढोका खोल्ने, आज हामी यो सदनबाट विभिन्न विषयहरू नीति कार्यक्रम पास गर्दै बजेटमा आज छलफल गरिरहँदा यी कर्णालीवासीका जनताले धेरै आशा र अभिलाषा बोकेर हेरि रहेकाछन् । अब हामीले सानासाना टुक्रा योजनाहरूमा हाम्रा ध्यान केन्द्रित होइन, यो

कर्णाली प्रर्देशको गौरवका आयोजनाहरूमा हामी यस कर्णाली प्रदेशका ४० जना माननीय सांसदहरूलाई एकै ठाउँमा राखेर यो कर्णाली प्रदेशको पहिलो वर्षको बजेट महत्वपूर्ण १० ओटा आयोजनाहरू, २० ओटा आयोजनाहरूमा राख्नुपर्यो भनेर तपाईंहरू कर्णाली प्रदेश सरकारका मन्त्रीहरूले छलफल गर्नुभयो भने सायद आज कोही माननीय सदस्यहरूले यो हुँदैन भन्ने मैले देख्दिन भाव बुझ्दा त्यस्तो देखिन्छ, सबैलाई लागेको छ । यो कर्णाली प्रदेश अन्य प्रदेश भन्दा समृद्ध बनोस्, यो कर्णाली प्रदेशका जनता समृद्ध हुन भन्ने सबैको चाहना छ । तर पनि आज फेरि हिजो गा.बि.स. हुँदा हिजोका नगरपालिका हुँदा एउटा निवेदनको भरमा एउटा फोनको भरमा अनि यस्तै गरी आयोजना बाडिने हो भने उस्तै गरी योजनाहरू सम्झौता हुने हो भने अनि हामी संघीयतामा आयौं, मुलुक संघीयतामा आइसक्यो, अब जनताले नयाँ अनुभूति पाउछन् भन्ने बेलामा अनि उहि पुरानै तरिकाले हामी चल्न लाग्यौं भने हामी यो संरचनामा आफू कताकता हामी आफैलाई अफ्ठ्यारो महसुस भएको देखिन्छ । यो कदापि नहोस्, यो सभामुख महोदयमार्फत् म यो गरिमामय सदनमा म अनुरोध गर्न चाहन्छु र आज यो ०७५/०७६ को बजेटले हामीले उठाइरहेको छौं, हाम्रो कर्णाली प्रदेश सडक सञ्चालनले अझै जोडिएको छैन, आज सडक सञ्जाल सबै स्थानीयतह, सबै जिल्लामा छोएको भए एउटा सामान्य सुत्केरी महिलालाई हेलिकप्टर चार्टर गरेर आज नेपालगंज पुर्याउनु पर्ने, यो कर्णाली प्रदेशको राज्य भार थपिनुपर्ने अवस्था आउने थिएन, त्यसो भएको हुनाले त्यसलाई पनि मध्येनजर गर्दै अब सडक सञ्जाललाई एकदमै यो कर्णाली प्रदेशको पहिलो प्राथमिकता राख्दै हामीले त्यस पछिका आवश्यकताहरूलाई शिक्षा स्वास्थ्य कृषि यहाँका बेरोजगारी समस्या यो कर्णाली प्रदेशका धेरैभन्दा धेरै युवाहरू बेरोजगार छन्, बेरोजगारी युवाहरूलाई जुन यहाँ कार्यक्रममा ल्याइएको जुन यहाँ कार्यक्रममा ल्याइएको छ । श्रमसँग युवा उत्पादनमा युवाहरूलाई जोडनु पर्छ भनेर ल्याइएको छ तर यसलाई कार्यान्वयन गर्ने कुरामा अब हाम्रो ध्यान केन्द्रित हुनुपर्छ फेरि पनि जिल्ला संघीयता भनेको छौं । फेरि जिल्लागत बजेट छुट्टियो भने फेरि पनि उहि टुक्राहरू बजेट बाँड्ने हामीले त्यसो होइन कुनै एउटा निर्वाचन क्षेत्र, कुनै एउटा गाउँपालिकालाई केन्द्रित गरेर नमूनाको एउटा कार्यक्रम गर्दै हामी अगाडि बढ्यो पटकै पनि बजेट कार्यान्वयनको पाटोलाई सहज रूपले अगाडि बढने र सबैको सहयोग हुने र साझेदारीमा अगाडि बढ्दै गयो भने जुन तरिकाले यो प्रदेश अगाडि बढ्नुपर्ने हो त्यो तरिकाले अगाडि जानेछ भन्नेकुरा राख्न चाहन्छु ।

अर्को एउटा हामीले यहाँ एकदमै घुमाउरो पाराले तर मलाई लाग्छ मैले प्रश्न गरिरहँदा निर्वाचन क्षेत्र केन्द्रित भनिएको छ, तर सांसदलाई बजेट छुट्याइयो भनेर जुन आलोचना बाहिर मिडियादेखि हरेक कुरामा हामीले पढिरहेका छौं, संघीय सरकारले प्रत्येक सांसदलाई निर्वाचन क्षेत्र केन्द्रित ४ करोड बजेट छुट्याएको छ भन्ने त्यो हामीले देखिरहेको छौं तर प्रदेशमा पनि त्यहि सिको गर्दै प्रदेश निर्वाचित सांसदले त्यसमा पनि ५

करोड छुट्याईएको छ भन्ने जुन एकदमै व्यापक रूपमा आएको छ तर यहाँ हेर्दा हामीलाई लाग्या छ, अध्ययन गर्दा त्यस्तो देखिँदैन । ५ करोड सडक सञ्जालका लागि निर्वाचन क्षेत्र केन्द्रित भनिएको छ, तर घुमाउरो तरिकाले त्यो पनि त्यहि हो कि भन्ने हामीलाई पनि आशंका लागि रहेको छ । यसको लागि पनि भोलि फेरि पनि यो ४० जनाभित्र द्वन्द्व शिर्जना हुने खालको यो बुँदाले नसमेटियोस् भन्ने कुरामा ध्यान जाने छ भन्ने कुरा राख्दै यो बजेटको कार्यान्वयनको लागि पनि मैले धेरै भन्दा धेरै सफलताको शुभकामना दिंदै मेरो भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री बिन्दमान बिष्ट ।

**माननीय बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, हामी २०७५/०७६ को बजेटमाथि सैद्धान्तिक छलफलको रूपमा हामी सहभागी भै राखेको छौं । यो क्रममा हामी सबैलाई थाहा छ । स्रोतको अभाव र आवश्यकताको फराकिलो घेरा यो धन्दामा हामी फसि राखेका छौं । यहीस्थानमा हामी जे अवस्थामा, जे धरातलमा उभिएका छौं त्यहिअनुसारको हामीले कार्यक्रम बनाउने नीति बनाउने र बजेट विनियोजन गर्ने कुरा स्वभाविकै होला मलाई लाग्छ । यो आएको विनियोजन विधेयक जो छ म यसमा सरकारका आर्थिक मामिला मन्त्रीलाई धन्यवाद दिन चाहन्छु । अघि माननीयज्यूहरूले भने जस्तै विस्तारै हामी सुदृढ, परिपक्व हुँदै अगाडि बढि राखेका छौं, यो अभ्यासको क्रममा हुँदै जाने कुरा पनि हो । मलाई लाग्छ, यो हामीले कर्णाली प्रदेलाई समृद्ध बनाउनको लागि यहाँको अहिले हामी जुन अवस्थामा छौं । त्योबाट अगाडि बढ्नको लागि पूर्वाधारको क्षेत्रमा हामीले जोड दिनुपर्छ भनेर हामीले नेरन्तर रूपमा भन्दै आएको कुरा हो, बजेटले अब कति समेट्यो, कति समेटेन, थप छलफलको विषय होला तर मूलभुत रूपमा पूर्वाधारको विकासको क्षेत्रमा यो बजेटले हाम्रो स्थितिबाट हेर्दा खेरि, हाम्रो क्षमताबाट हेर्दा खेरि, यसले विशेष जोड दिएको छ । यसले अहिलेको पूर्वाधारको हाम्रो अवस्था जे छ, हाम्रो यो आर्थिक वर्षको अन्त्यसम्म आइ पुग्दा खेरि आगामी आर्थिक वर्षको अन्त्यसम्म गइपुग्दा खेरि मलाई ठीक ढङ्गले हामीले कार्यान्वयन गर्न सक्यौं भने पछि पूवार्धारको क्षेत्रमा हामी अर्को ठाउँमा पुग्न सक्छौं भन्ने प्रकारको त्यो विश्वास गर्न सकिन्छ, जस्तो लाग्छ मलाई । त्यसपछि गएर अनि अरू विषयहरू छन्, यहाँको आर्थिक आत्मनिर्भरताको लागि, प्रदेशको आत्मनिर्भरताको लागि र यो हामीले बजेट कार्यान्वयन गरिसके पछि आगामी वर्षमा २/४ वर्षमा अब रिटन हामीले कति लिन सक्छौं भन्ने स्थितिबाट हेर्दाखेरि आर्थिक आत्मनिर्भरताको स्थितिबाट सरकारको आर्थिक आत्मनिर्भरता, जनताको आर्थिक निर्भरता यो अवस्थाबाट हेर्दा खेरि केही महत्वपूर्ण कार्यहरूको यसले थालनी गर्न प्रयत्न गरी राखेको छ । फेरि यो पक्षमा पनि मलाई के लाग्छ त भन्दाखेरि कार्यान्वयनको मोडालिटी हामी के बनाउछौं भन्ने कुरा हामीसँग एउटा जाडेदार प्रश्न उठ्छ । हामीले विगतमा अभ्यास गरेका सरकारका बजेटहरू कार्यान्वयन गर्ने सन्दर्भमा जे कार्यान्वयन मोडालिटिहरू बने, त्यसले खास प्रतिफल दिन

सकेन, त्यो बाट हामीले उचित शिक्षा लिन सक्छौं कि सक्दैनौ र त्यो शिक्षा लिइ सकेपछि त्यसलाई हामीले दृढतापूर्वक हाम्रो प्रदेशको सन्दर्भमा त्यसलाई कार्यान्वयन गर्न सक्छौं कि सक्दैनौ, त्यसले यसको वैज्ञानिकता, त्यसको प्रभावकारीता पुष्टि गर्नेछ भन्ने कुरा मलाई लाग्छ ।

अर्को कुरा यसको सामाजिक विकास सामाजिक जो विभेद असमानता छ त्यसको अन्त्य गर्ने र अब समतामूलक समाज निर्माण गर्न जो अभियान छ, विकासको मोडालिटीबाट बाटो खन्ने मात्रै होइन कि सामाजिक रूपमा पनि अब समतामूलक समाज निर्माण गरेर जाने कुराबाट हेर्दा खेरि यसले सामाजिक विकासको लागि, सामाजिक कार्यको लागि महत्वपूर्ण कार्यको प्रारम्भ यसले गर्न खोजेको छ । यी तीन ओटै विषयलाई राख्दा खेरि एउटा जरूर रूपमा एउटा प्रश्न के उठ्छ त भन्दा खेरि फेरि पनि त्यो बजेट छरिने स्टाइलमा अथवा एकदम सानो सानो रूपमा अथवा अनुत्पादक क्षेत्रमा यो बजेट कार्यान्वयन हुन्छ कि भन्ने आशंका गर्ने छुट हामी सांसदहरलाई छ । त्यो आशंका गर्न सक्ने ठाउँहरू छन् तर म के आग्रह गर्न चाहन्छु त भन्दा खेरि, हामीले जे क्षेत्रमा बजेट छुट्याएको छौं, त्यसलाई एउटा मोडालिटी बनाएर सामाजिक विकासको सन्दर्भमा छुट्याईएको रकमलाई पनि, बजेटलाई पनि दुरूपयोग नहुने गरी एउटा कार्यान्वयन माडोलिटी बनाउन जरूरी छ । आधार क्षेत्रमा पनि हामीले कामको ढिलासुस्ती, अनियमिततादेखिलिएर जे जति कामहरू गतिविधिहरू छन्, त्यसलाई पनि Centerlize गर्न एउटा timing र त्योअनुसारको नीति नियम ऐनको आवश्यकता छ र त्यसपछि गएर हामीले आर्थिक रूपमा आत्मनिर्भर बनाउनको निम्ति हामीले पछि परेको वर्गलाई अगाडि बढाउनको नीमित जे कामहरू गर्न खोजि राख्या छौं । त्यो क्षेत्रमा पनि केही माडोलिटी बनाउने हामीले यसको सही सदुपयोग गरेर २८ अर्बको बजेट हामीले जो यहाँ ल्याएका छौं । २८ अर्बमा हामीले त्यसको सही सदुपयोग गरेर यसको प्रतिफल लिएर हामीले अगाडि बढ्नुपर्छ भन्नेकुरा म यहाँ राख्न चाहन्छु ।

अर्को कुरा के छ त भन्दा खेरि सबै अनुदानको कुरा जो छ, यो कर्णाली प्रदेशलाई यहाँका आवश्यकताहरूलाई हेरेर यसको मलाई लाग्छ, यो सशर्त अनुदानको कुरा जो छ, सभामुख महोदय, म यो सम्मानित सदनमा के कुरा राख्न चाहन्छु त भन्दा खेरि विगतको संरचनाले निर्धारण गरेका आयोजनाहरू जो छन् । ती आयोजनाहरू के कार्यान्वयनको प्रक्रियामा छन्, हैन मैले यसो सशर्त अनुदान हेर्दा खेरि, केही आयोजनाहरू नयाँ पनि थपिएका छन् । हैन अब यहीप्रक्रियाबाट जाने हो भने पछि यो सशर्त अनुदान हाम्रो प्रदेश सरकारको लागि, प्रदेशको लागि प्रदेशसभाको लागि, प्रदेश सरकारको लागि, अनावश्यक बोझ जस्तो थोपरिने स्थिति पनि बन्न जाने हो कि जस्तो मलाई लाग्छ । त्यसका कारणले गर्दा खेरि प्रदेशका आवश्यकताहरू यदि केन्द्र सरकारले सशर्त अनुदान दिने हो भने यसका आवश्यकताहरूलाई फेरि एकचोटि हामीहरूले रिबाइज गर्न जरूरी होकि भन्ने तिरबाट सशर्त अनुदानको पक्षलाई हामीले यहाँ मिलाएर लैजान जरूरी छ ।

सर्सर्ती हेर्दा खेरि अब माननीय सांसदहरूले अघिल्लो पटक असन्तुलनकारी विभेद, जो प्रकारका टिकाटिप्पणीहरू भएका थिए, त्यो भन्दा अझ १० गुणा उफ्रेर बढि गर्नुपर्ने आवश्यकता जस्तो देखिन्छ । सशर्त अनुदानलाई हेर्दा खेरि, त्यसकारणले गर्दा खेरि सशर्त अनुदानलाई पनि आज प्रदेशको आवश्यकताहरू कहि Complet नभएका आयोजनाहरू छन् । तिनीहरूमा छिटो कसरी कसरी पूरा गर्ने हो त्यतातिर केन्द्रित गरौं र नयाँ शीर्षकहरू पनि यहाँ उल्लेख गरिएको छ केही नयाँ शीर्षकहरूका सन्दर्भमा प्रदेशको आवश्यकताला,ई प्रदेशले पहिचान गरेर, त्यसपछि मात्र त्यसमाथिको अनुदान तिर लाग्ने होकि भन्ने कुरा यहाँ राख्न चाहन्छु । अब यी विषयहरू हेर्दा खेरि अब म ध्यानार्कषन गराउन चाहन्छु । यसको कार्यान्वयनको प्रक्रियामा उचित मेकानिजमहरू बनाएर, संरचनाहरू बनाएर, त्यसको मोडालिटी तब गरेर र त्यसपछि गएर त्यसको केरे कुनै पनि हालतमा दुरूपयोग नहुने कुराको विश्वसनीय आधार तयार गरेर यो बजेटलाई कार्यान्वयनमा लैजान पर्छ । त्यसका प्राथमिकताहरू यसका उद्देश्यहरू तब गर्न सन्दर्भमा मैले त्यति धेरै टिप्पणी गरे राख्नुपर्ने आवश्यकता मैले पनि देखेंको छैन । त्यसको कार्यान्वयनको सन्दर्भमा संरचना निर्माण गर्ने माडोलिटी तयार गर्न र त्यसपछि गएर दुरूपयोग नहुने प्रकारको एउटा उचित वातावरण निर्माण गरेर अगाडि बढ्नु पर्ने आवश्यकता मैले देख्छु र त्यसपछि गएर केही छुटेका विषयहरू छन्, केही अलमलहरू पनि छन्, बजेटमा छुटेका विषयहरू पनि छन्, माननीयज्यूहरूले पनि यहाँ राख्नु भयो, जस्तो बाढी पीडितको सन्दर्भमा यो कति पटक भन्नुपर्ने हो म फेरि पनि यहाँ जोड दिन चाहन्छु । अहिले त यो बजेटमा कहि पनि उल्लेखै भएन । बजेट नुछुटयाएर तिनीहरूको सम्वोधन कसरी गर्ने हो । भने अघिल्लो वर्ष त्यसो कुरा भयो । बेला बेलामा सदनमा त्यो विषय उठेको छ, अब त्यो एक निर्वाचन क्षेत्र मुख्यमन्त्रीको परेन कि, माननीय अर्थमन्त्रीको परेन कि, आन्तरिक मामिला मन्त्रीको निर्वाचन क्षेत्र नपरेर यस्तो भएको होकि कति चोटि भन्यौ बजेट बाटै गायव छ यो कुरा बजेट नछुट्याइकन त्यसको सम्वोधन कसरी हुन्छ । हामीले भन्यौ अघिल्लो पल्टको बजेट अझ कुनै पनि कार्यान्वयन हुँदैन भने बाढी पीडितहरूलाई व्यवस्थापन गदिनुहोस् भनेर भनियो । त्यस पछि गएर यहाँ बेलाबेलामा सदनमा प्रश्न उठाइयो, आन्तरिक मामिला मन्त्री आएर यहाँ जवाफ दिनुभयो । केही दिनभित्र हामीले एउटा समिति बनाउछौं र त्यसपछि गएर त्यसको पहिचान गरेर कार्यान्वयन गरिने भनेर कति दिन भयो त्यो १/२ दिनभित्र भनेको केही वर्षभित्र हो कि केही दशकभित्र होकि कहि शताब्दीभित्र होकि कति हो । त्यो अहिले त यो बजेट कतै पनि आएन बडो अचम्म लाग्दो कुरा छैन र त्यसपछि गएर अब केही पूर्वाधारका कुराहरू निर्माण गर्नुपर्ने पूर्वाधारको कुराहरू जस्तो शिक्षाको पूर्वाधार निर्माण गर्ने कुरा गरिएको थियो । स्वास्थ्यको पूर्वाधारको कुरा जोडि रहेको होला त्यो पनि कुरा त्यहाँ छुटेको छ जस्तो लाग्छ ।लगायतका कुरा पछि अब दफाबार छलफलमा अरू विस्तृतमा छलफलमा गर्ने कुरा छलफल हामी गरौंला तर कुरा के छुनु

भन्नुहुन्छ भन्दाखेरि अब छुटेका विषयहरूलाई सम्वोधन गरेर जाऔं केही विषयहरू छुटेका छन् । केही विषयहरू कहि त्यस्तो धेरै छरिने आवश्यकता नभएका क्षेत्रहरू छन् भने पछि खुल्ला छलफल गरेर तेलाई अलिकति त्यो क्षेत्रको बजेटलाई सकिन्छ भने पछि अर्को तिर ट्रान्सफर गरौं जस्तो खेलकुद रंगशाला निर्माणको लागि १५ करोड बजेटको व्यवस्था गरिएको छ । मैले बुझेअनुसार यहाँको प्रादेशिक रंगशाला निर्माण केन्द्रीय सरकारको जिम्मा र ३ वटा प्रादेशिक रंगशाला निर्माण गर्नका लागि ७५ करोड रूपैयाँ छुट्याएको छ । ३ वटा त्यो रकम केही पनि होइन, त्यसको डिजाइनिङ्ग गरेर अर्को वर्षदेखिनिर्माण कार्य थालनी गर्न होला तर हामीले यहाँ एउटा प्रादेशिक रंगशाला र अर्को हाइअल्टीच्यूट रंगशाला निर्माण गर्नको लागि भनेर १५ करोड रूपैयाँ हामीले विनियोजन गरेका छौं । अब मलाई के लाग्छ त भन्दा खेरि जस्तो विद्यालयका पूर्वाधार निर्माण गर्नका लागि २१ करोड मात्र हामीले छुट्याएका छौं । स्कुलहरूको हविगत, तपाईं हामीहरू सबै बुझेका छौं म भन्न चाहन्छु । ७५ करोड बाट २५ करोड रूपैयाँ हाम्रो प्रदेशमा आउदा खेरि रंगशालाको मञ्च हन्छ भने मैले हामी यो वर्षमा मञ्च निर्माण प्रक्रियामा जाने हो भने मैले त्यो १५ करोडलाई म आग्रह गर्न चाहन्छु कि स्कुलका पूर्वाधारमा, शिक्षण संस्थाका पूर्वाधार निर्माण गर्नको लागि २१ र १५, ३६ करोडको व्यवस्था गरौं । त्यसले केही न केही राहतको व्यवस्था गर्ला भन्ने कुरा लाग्छ मलाई । स्थानीय तहमा हुने स्वास्थ्य चौकीहरूको पूर्वाधार निर्माण गर्ने कुरा यहाँ उल्लेख गरिएको र समेटिएको छैन, यस्ता विषयहरू छन् । त्यस्तै कारणले गर्दाखेरि म के भन्न चाहन्छु त भन्दा खेरि अब यसका आफ्ना प्राथमिकताहरू, उद्देश्यहरू सही छन् र त्यसमा केही विषयहरू मिलाउनुपर्ने छन्, फेरि पनि त्यसमा ध्यान दिएर अगाडि बढ्न सक्छौं र यसको कार्यान्वयन भरपदो र विश्वासिलो ढङ्गले कार्यान्वयनमा अगाडि बढ्न सक्यौ भने पछि होला, यो त दुबै चमत्कार हुन्छ भन्ने मलाई लाग्दैन, तर एउटा बाटोमा एउटा बाटो देखाउन सकिन्छ, गोरेटो खन्न सकिन्छ । हामी आगामी वर्षमा अगाडि बढ्न सक्छौं भन्दै म विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२९ (१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल भोलि २०७५ असार ६ गते पनि जारी रहने छ ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार ६ गते बुधवार दिनको ३:०० बजेसम्मको लागि स्थगित हन्छ ।

□□□

# बैठक संख्या-२०

(२०७५ असार ६ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको २० औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सभाको १९ औं बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलका लागि प्रस्ताव पेश गर्नु भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा बोल्न बाँकी माननीय सदस्यहरूका लागि समयको निर्धारण गरेको छु । सर्बप्रथम माननीय श्री गुलावजंग शाह, समय ७ मिनेट ।

**माननीय श्री गुलावजंग शाहः-** माननीय सभामुख महोदय,२०७५/०७६को अनुमानित बजेटको सैद्धान्तिक छलफलमा आफूलाई रोष्टममा उभिएर सकारात्मक ढङ्गका साथ सुझावका रूपमा यहाँ प्रस्तुत गर्न चाहन्छु । माननीय सभामुख महोदय, संविधानले स्वतन्त्र र आत्मनिर्भर बजेटको परिकल्पना गरेको छ । बजेट सरकारको नियमित प्रक्रिया पनि हो नियमित प्रक्रियालाई नयाँ ढङ्गले संबोधन गर्नुपर्ने आवश्यकताका बीचमा हामी अहिले छौं । नयाँ परिवर्तन नयाँ संरचनामा हामीले बजेट पनि नयाँ सोचाईका साथ ल्याउनु पर्छ र पर्थ्यो । हाम्रो लक्ष्य समृद्धि र विकास हो भने यसलाई हाँसिल गर्ने औजार बजेट हो । परम्परागत बजेटका कारण हाम्रो विकास र समृद्धिमा बाधा परेको यर्थाथतालाई हामी सबै यसमा हामी विज्ञनै छौं । बजेट भन्ने बितिकै सदुपयोग दुरूपयोगका विवरणहरू बेलाबेलामा सार्वजानिक हुन्छन् । यो बजेट अनुदानमा आधारित बजेट पनि हो। आफैले राजश्व गरेर बजेट बनाउनु र अनुदानमा बजेट बाडफाँड गर्नु दुई भिन्न काम हुन् । आफैबनाउदा जति खुल्ला ढङ्गले खर्च गर्न सकिन्छ । अर्थात वितरण गर्दा धरै कुरा हेक्का राखु पर्ने हुन्छ भन्ने कुरा हामी सबैले बिर्सनु हुँदैन । होला, बजेटका आकार ठूलो हुँदैमा भर्खरै मात्रै कायापलट गर्न सकिदैन ।

आर्थिक योजना मन्त्रीले करिब साढे ६ अर्बको घाटा बजेट पेश गर्नु भएको छ । कुल बजेको करिब २३ प्रतिशत घाटा परिपूर्ति गर्न सामर्थ्य हामी सँग छ कि छैन ? सोच्नै पर्ने अवस्थामा छौं । जहाँसम्म बजेटमा १ अर्ब ऋण उठाउने कुरा गरिएको छ । हामीसँग त्यस्तो अधिकार छैन, यस बारे हामी प्रष्ट हुनुपर्छ भन्ने मलाई लाग्दछ । वर्तमान संविधानअनुसार संघीय ऐन बाहेक प्रदेशले आफै कानून बनाएर ऋण उठाउन पाउदैन । संविधानको धारा २०३ त्यो प्रावधानलाई प्रष्ट किटान गरेको छ । आवश्यक संरचना नहुँदा बजेटको कार्यान्वयनमा जटिलता छ । कार्यान्वयनमा जटिलता देखिएपछि बजेटको आकार वढाएर धेरै योजना र कार्यक्रमहरू सार्वजनिक गर्नुले कुनैं अर्थ राख्छ जस्तो मलाई लाग्दैन । हाम्रा प्रदेशमा पूर्वाधारको अभावमा पछाडि परेको यथार्थतालाई हामी सबैले बिर्सनु हुँदैन । बजेटमा पूर्वाधार विकासका लागि प्राप्त होइन भन्ने हामी

सबैले महसुस गरेका छौं । हाम्रो जस्तो प्रदेशको लागि पर्याप्त होइन भन्ने कुरा हामी सबैले महसुस गरेको छौं । यद्यपी आर्थिक योजना मन्त्रीले धेरे मेहनतका साथ यो बजेट प्रस्तुत गर्नु भएको छ, सकारात्मक सोचका साथ यो बजेट आएको छ, यो बजेटको मूल स्प्रीट कर्णाली प्रदेशका जनताको समृद्धिको लागि आएको छ भन्ने सोचका साथ विदा हुन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री हिमबहादुर शाही, नेपाली कांग्रेस, समय ७ मिनेट । यसपछि माननीय अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाहीः-** समाननीय सभामुख महोदय, सर्बप्रथम कर्णाली प्रदेशको आ.व. २०७५/०७६ बजेटमाथिको छलफलको क्रम जारी भैरहँदासम्म मलाई लाग्छ, यो विधेयकले यस्तो किसिमको नियति प्रर्दशन गरेको छ कि हामी आज संघदेखिलिएर प्रदेश, स्थानीय तहसम्म नेपाल र नेपाली जनताको समृद्धि समृद्धि समृद्धि समाजवाद उन्मुख भनेर बारम्बार हामीले जिब्रोमा प्रचारप्रचार गरिरहेका छौं । यहाँ कुरा उठेको छ केही साथीहरूबाट द्वन्द्वात्मक भौतिकवादको कुराहरू पनि उठेको छ । चाहे द्वन्द्वात्मक भौतिक वाद होस्, चाहे पूँजीवाद होस् चाहे, अध्यात्मवाद होस्, त्यो जुनै वाद होस्, त्यो जुनै वादको गन्तब्य र लक्ष्य भनेको मानव जीवनयापनको उन्नति र प्रगति हो तर हाम्रो यो बजेटको नियति यस्तो देखिन्छ कि जसमा मलाई गम्भीर रूपमा हेर्ने हो भने धनी, धनी हुँदै जाने र गरिब, गरिब हुँदै जाने यसले बाटो ओगटेको छ । यो बजेटले यस्तो किसिमको नियति स्पष्ट गरेको छ। यहीधनी हुँदै जाने र गरिब हुँदै जाने हो भने हामीले समृद्धि, समृद्धि, समृद्धि भन्न अथवा समाजवाद उन्मुख समाजको निर्यात गर्ने भन्नुको औचित्य पुष्टि हुँदैन यसको कुनै अर्थ रहदैन यसैले मलाई लाग्छ, यस आर्थिक वर्ष २०७५/०७६ को कर्णाली प्रदेशमा जुन बजेट छ, यहाँ कुरा उठेका छन्, सत्तापक्ष र प्रतिपक्ष, सत्तापक्ष, सत्तापक्ष र प्रतिपक्ष भनेको संवैधानिक व्यवस्था हो । तपाई हामी बीचमा अंशवण्डा गरेर सत्तापक्ष र प्रतिपक्ष रहेका होइन तर यसमा त्यसलाई पनि कसैको दृष्टिले कसैको दृष्टिकोणले हेर्छ भने त्ससमा मलाई कुनै पनि अर्थाउने कुरो छैन तर मलाई लाग्छ, कर्णाली प्रदेशमा प्रतिपक्ष भन्दा सत्तापक्ष नै अत्यन्तै गम्भीर हुन आवश्यक छ । अत्यन्तै गम्भीर, अत्यन्तै चिन्तन र अत्यन्तै मननका साथ आउनुपर्ने अवश्था देखिएको छ । यदि यो कर्णाली प्रदेशका जनताको समृद्धि र समाजवाद उन्मुख नै नारा लिएर अगाडि बढ्ने हो भने सत्तापक्ष नै गम्भीर भएर आउनु आवश्यक छ । मलाई लाग्छ, स्पष्ट यहाँ भन्दा केही साथीले केही भनिसक्नु भयो, यस भन्दा पहिले मैले सरकारको आजको दिनसम्म सरकारले कोल्टे परेको भनेको थिएँ तर यस्तै यस आर्थिक वर्षको आयव्ययको बजेटलाई स्पष्ट रूपमा प्रतिवेदनले गहन चिन्तन र मनन गरिसकेको छ । सत्तापक्षका आदणीय सांसद, माननीय साथीहरू, तपाईहरू मलाई यसरी चिन्तन गर्नुहोस्, मैले हेर्दा एउटै पाएको छु "लथालिङ्ग, देशको भताभीङ्ग चाला, जो छोरो बुझ्ला, त्यो छोरो खाला, त्यो भन्दा अरू मैले हेर्नै पाएको छैन । तपाईहरूलाई स्पष्ट भन्ने हो

भने यहाँ हिजोको कुरा उठेको थियो वितरणमुखी बजेट आयो भने वितरणमुखी त हुँदैछ । त्यो बजेट वितरणमुखी मात्रै होइन, अझै पजनिबाट यसले वितरणमुखी स्पष्ट तय गरेको छ। यस बारेमा म स-प्रमाण तपाईंहरूलाई भन्न चाहन्छु कि बुँदा न. ६८ मा २१ करोड विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने भनि लेखिएको छ कुनै विद्यालय हो, कुनै ठाउँ हो, कुनै जिल्लामा हो, कुनै निर्वाचनमा क्षेत्र हो, कुनै पनि खुलिएको छैन । त्यस्तै ४ जिल्लाको स्थानीय तहमा ५० शय्याको १६ करोड रूपैयाँ छुट्याइएको छ, ती ४ जिल्लाको हुनत ७ वटा स्थानीय तहको हुन्, त्यो स्पष्ट बजेटमा आउनु पर्यो त्यो पनि पजनीमुखी हो कि होइन, गम्भीर भएर म तपाईहरूको अगाडि ध्यानार्कषण गर्न चाहन्छु । त्यस्तै १० वटा एम्बुलेन्स १ करोड ५० लाखको खरिद गर्ने भनि सकेको छ । हामीले आ.व.२०७४/०७५ को बजेटमा सबै ७९ स्थानीय तहलाई १/१ वटा एम्बुलेन्स दिने भनेर स्पष्ट लेखेको हो, यसमा कुनै किसिमको त्यसमा दुईमत छैन त्यसलाई कटाएर, आज १० वटा एम्बुलेन्सको योजना कसरी ल्याइयो, किन ल्याइयो, यस बारेमा मलाई प्रष्ट पार्नु पर्दछ ।

त्यस्तै लामा, मगर संग्रहालय भनेर ४ करोड २० लाख रूपैयाँ छुट्याइएको छ, कहाँ हो कुन जिल्लामा हो, को हुन लामा लामा, को हुन, कुन जिल्लाको हो, कुन गाउँको हो, केसमा, कुन ठाउँ, किन यसमा लेखिएको छैन, यस्तै दलितको मौलिककला भनेर १ करोड ३० लाख छुट्याइएको छ, कहाँको दलितहरू हो, रूकुमको दलित हो कि, दैलेखको हो कि, हुम्लाको हो कि, सुर्खेतको हो कि, कहाँका दलित हो अथवा रामबहादुर, श्यामबहादुर, धनबहादुर, हिमबहादुर, दलितलाई छुट्याइएको हो कि यो भनि म प्रश्न गर्न चाहन्छु, म दलित त होइन हुनत तै पनि सरकारले भनेपछि परि पो हाल्छु कि ।

केहि आपत्ती छैन यसको लागि त्यस्तै यो लक्षित उद्योगलाई छ करोड छुट्याइएको छ । कुन लक्षित उद्योग हो, बिस्कुट हो कि, खानेपानी हो कि, यो चाइने के हो, चकलेट हो कि के हो, सिमेन्ट हो कि, मह हो कि, दुध हो कि, कुन हो यस्तो किसिमको वितरण बजेट हुँदैछ । यो अवश्य पनि पजनी वितरणमुखी बजेट भएको हुनाले यसलाई स्पष्ट भाषामा भन्दा कर्णाली प्रदेशका जनताको जुन अपेक्षा छ, थियो, जुन आशा थियो, जुन आकांक्षा थियो, त्यसलाई साँघुरो घेरामा केन्द्रित गरेर राखिएको छ ।

एउटा साँघुरो घेरामा पजनीमुखी बनाएर वितरणमुखी बजेट प्रस्तुत गरेको हुनाले यसलाई यथाशक्य सम्पूर्ण माननीय सदस्यको राय र परामर्शले यसलाई संशोधन र परिमार्जन गरेर अगाडि ल्याउनु पर्दछ भन्ने म माग गर्दछु ।

अर्को कुरा गर्ने हो भने सरकारले अफठ्यारो मान्दिनु भएन, माननीय, अर्थमन्त्रीज्यू यही हुनुहुन्छ । सम्पूर्ण सातै जना मन्त्रीहरूले सरकारले खराब गरेको काम पनि राम्रो हो भनेपछि र प्रतिपक्षले पनि राम्रै हो भने म स्पष्ट भाषामा भन्छु, गलत कामलाई कसैले त्यो सही हो भनेर भन्छ भने अतिवाद भनेको त्यहि हो ।

अतिवाद खोज्न बाहिर कतैँहि जानु पर्दैन अतिवाद भनेको हाम्रो जनैमा झुण्डिएको छैन, जिब्रोमा टासिएको छैन, नाकमा फुली जस्तो भएर बसेको छैन, जति खराब कामहरू हुन्छन्, त्यसलाई सही, ठीक हो, मान्यता हो भन्छ भने पछि त्यो अवश्य पनि अतिवाद हो । त्यसैले यसरी हाम्रो बजेटमा देखिएको पूर्वाधार रसम्बन्धी हाम्रो स्पष्ट भनौं । यहाँ अहिले हाम्रो हात, खुट्टा, पञ्च इन्द्रीय सब सम्पूर्ण शरीरको मेरूदण्ड भनेको केहो, मेरूदण्ड भनेको हाम्रो हड्डि हो तर त्यस्तै विकासको लागि मेरूदण्ड भनेको पूर्वाधार नै हो । आज पूर्वाधारलाई पन्छाएर, पाखा लगाएर, हो आवश्यकता सबै हुन हामीलाई, पर्यटनको पनि आवश्यकता छ, हामीलाई कृषिको पनि आवश्यकता छ, शिक्षाको पनि आवश्यकता छ, मेरूदण्ड भनेको पूर्वाधार हो । पूर्वाधारलाई हामीले अवश्य पनि चिन्तन र मनन गरेर अगाडि जानु पर्दछ । अब अन्त्यमा लामो कुरा केही भन्दिन हेर्नुहोस्, जति बोले पनि सत्तापक्षका साथीहरू हुन्छ भन्नु हुने होला, प्रतिपक्ष हुन्न भन्नु हुने हो तर हुन्छ र हुन्नमा कुहिरोको कागज जस्तो भएर रुमलिएर, नबसेर, यथार्थ सोचको, सत्यता के हो खोजि गरौं भन्ने कुराको आग्रह गर्दै अहिले विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, आर्थिक वर्ष २०७५/०७६ राजश्व र व्ययको अनुमानमाथिको छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला ।

अब माननीय श्री अम्मरबहादुर थापा, समय ७ मिनेट ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज हामी २०७५/०७६ को बजेटको अर्थमन्त्रीज्यूले अस्ति भाषण गर्नु भएको बजेट भाषणमा सैद्धान्तिक छलफल गर्दैछौं । सैद्धान्तिक छलफलमा धैरै कुरा उठाइ सकियो, बजेट वितरणमुखी अथवा चाहिने यो बजेटको आकासियो, यो Red Book जस्तो हामीले ठानेका थियौं तर यो रातो होइन, हरियो हो, यो हरियो किताबलाई हामीले रातो किताब मान्यौं भने अफ्ठ्यारो हुन सक्छ । अब रातो किताब कुन ठाउँमा छ, त्यो कहाँ बन्दै छ तर यो सरकारले अस्ति नै, हिजो नै हामीलाई दिएको थियो । त्यो रातो किताबमा के हाम्रा जनताका कुराहरू सम्वोधन भएका छन् कि छैनन् । यो बजेट भाषणले एकमुस्टै बताउँछ । यस ठाउँमा यति करोड, यस ठाउँमा यति अरब, तोक्ने नै हो । मैले अहिलेसम्मका बजेटहरूमा देखेंको यस्तै हो ।माथि यस्तै करिब करिब चार सय पेजको आउथ्यों, यहाँ चाहिँ २ सय पेजसम्म आउछ कि, त्यो किताब कहाँ गयो ? पहिलो वर्षको किताब अहिलेसम्म प्राप्त भएन, यस्तै हुने हो भने फेरि यो वर्ष आउँदा १ आर्थिक वर्षको किताब पनि अर्को आर्थिक वर्षमा त पाउने होइन, यसकारण सरकार त्यसमा तत्काल सचेत भएर हामीले माग गरेका कुराहरू जनताका अवश्यकताका कुराहरू तत्काल यो सदनभित्र पेश हुनुपर्छ । तपाईहरूले, सरकारले पेश नगर्ने सांसदले हरियो किताबमै रातो किताबको छलफल गर्नु पर्ने वातावरण यो सरकारले बनायो । त्यसैले मैले बुझेको यो बजेट भाषण हरियो किताबले अरू क्षेत्रभन्दा राम्रै बनाएको छ भन्ने लाग्छ । केन्द्रीय बजेट भन्दा पनि मैले

यो राम्रै छ भन्ने लाग्या छ । मैले अरू अध्ययन गरे एउटा कुरा यसले सकारात्मक कुरा मैले के भेटाए भन्दा करिब २१ अर्ब बजेट यसले पूँजीगत बजेट बनाएको छ र ६ अर्ब रूपैयाँ चालु बजेट बनाएको छ । यसले अमेरिकालाई पनि जित्छ भन्ने कि जस्तो लाग्या छ । किनभने विकसित मूलकका भौतिक संरचना निर्माण गर्दा पूँजीगत बजेटभन्दा चालु बजेट जुन देशको अगाडि बढ्दैन त्यो देशको विकास हुँदैन र विकास गर्दाखेरि उहि केन्द्रले गर्ने सशर्त अनुदान भनेर काति ४० हजार, ५० हजार बाँडे जस्तो बाँड्नु भयो ।

अहिले सांसद साथीहरूको कुरा त सुनि सक्नु भएको छ, त्यसैले मैले पहिल्यै देखि भनेको थिएँ । यो कुरा प्रदेशको अब बजेटका आधारभूत क्षेत्रमा कुन, कसले, कहाँ, जहाँ भने पनि क्षेत्रमै जाने हो २४ वटा निर्वाचन क्षेत्रमा केन्द्रीय हुन्छ, यो मलाई लाग्छ । यो २४ भन्दा २५ मा क्रस गर्दैन तर २४ वटा निर्वाचन क्षेत्रमा जानका निम्ति हामी सबै सांसदहरूलाई चित्त बुझ्ने गरी जानुपर्यो । जनतालाई चित्त बुझ्ने गरी जानु पर्यो, अहिलेको अहिल्यै प्रशंसा बजेट भाषणमा गरौंला, भोलि रातो किताब आएको बेला आँखा मिनिमिनि रहनु पर्यो भने जनताले भने हामी सांसदहरूलाई तपाईहरू त ७ जना मात्र हुनुहुन्छ । हामी ३३ जनालाई स्पष्टीकरण दिनु पर्ने जहाँ गयो त्यहिँ स्पष्टीकरण दिनुपर्ने बजेट बनाइ दिनुभयो । रातो बजेटमा पनि अफ्ठ्यारो आउछ । यो जस्तो आकाशमा उडिरहेको बजेट नआओस्, भूगोलमा, निर्वाचन क्षेत्रमा, जिल्लामा केन्द्रित समानुपातिक वितरण प्रणालीलाई र ख्याल गरेरै यस्तो अझै हामीले बनाउदा खेरि १ लाखको बजेट, १ लाखको योजना बनाउने, पठाउने प्रकिया रामो हुँदैन, त्यसैले यम्तो मोडालिटी सरकारले संसदमा रहनु भएका साथीहरूले, कतिसम्मको यो प्रदेशले दिने बजेट गाउँपालिकाको, वडा कार्यालयले दिएजस्तो गरेर वितरण भयो भने त्यो वितरणमुखी नै हुन्छ । त्यो वितरणमुखी बजेटले मुलुकलाई अगाडि बढाउन सक्दैन, अहिले केन्द्रीय बजेट हेर्दा खेरि केन्द्रीय त्यो सशर्त अनुदान हेर्दा खेरि करिब करिब ६ अर्बको हिसाब किताब यहाँ आएको छ । ३० हजारदेखिलिएर ३ लाख, २ लाख, १ लाखको बजेटहरूमा आइरहेका छन् । अब यसलाई पनि हामीले खर्च गर्ने त यो प्रदेशले हो यसलाई अझै विशेष किसिमले बनाउन सकिने केही आधारहरू बदल्न पाईने छैन तर त्यस्ता त्यस्ता आयोजनाहरू स्थानीयकरण गर्ने होकि अब वितरमुखी बनाउने, दिएको त्यो उपभोक्तालाई आउन जानमै ठिक्क पार्ने त्यो बजेटले चाहिँ विकासमा जादै नजाने वातावरण बन्द गर्नुहोस् । त्यसकारणले यो बजेटले त्यो काम यो सरकारले गरोस् भन्न म चाहन्छु । अहिले बारम्बार मैले यहाँ भन्ने गरेको छु, अर्काको सम्पति बाँड्नका निम्ति तपाईहरू भान्से भैदिनु भएको छ, हामी कसरी लिउ भन्ने पक्षमा लागि राछौं तर हाम्रो राजश्वको दर हेर्दा यसलाई सहजीकरण गरेर अगाडि बढ्ने मात्र छ । राजश्व भन्या चिजै छैन हो । हाम्रो प्रदेशको ढुकुटीमा कति पैसा छ । यो बजेटले बोल्दै बोल्दैन, त्यसकारण अब हामी सुरूवातमा छौं आजै किन ढुकुटीमा आएन भन्ने कल्पना त हामीले गर्ने होइन ।

अब यो प्रदेशलाई साँच्चिकै समृद्ध बनाउने हो भने त हामीले यो वर्षबाटै आम्दानीलाई कुन कुन प्रोजेक्टबाट अगाडि बढ्न सकिन्, यो कुरालाई ख्याल गर्नुपर्छ । प्रदेश सरकारले भन्या छ ऋण पनि लिने भनेर कतिपय हाम्रा सामुन्नेमा भएका ऋणहरू पनि यो प्रदेशले सम्झौता गर्नुपर्ने एउटा अफ्ठ्यारो स्थितिमा कानून बनाएर त्यसलाई पनि हामीले उत्साहिपूर्वक अगाडि बढाउनु पर्छ । मलाई सम्झना छ, चाइनाले करिब करिब चार सय मेगावाट बत्ती चाहिने १४ वटा देशलाई वितरण गरेको छ । पैसा चाहिँ कति मिलियन, २०० मिलीयन डलर त्यो चाइनाले नेपालमा आएर चाहिने धेरैपटक वार्ता गर्यो । चाइनिज राजदुतले त्यहाँका व्यापारीहरूले हामीलाई यो हाइड्रोपावर दिनुहोस् हामी निर्माण गर्छौं, हस्तान्तरण गर्छौं, अरू देशले लिईसक्यो तर नेपालले के गर्छ भन्दा कमिसन कति आउछ, चाईनाले कमिसन दिन चाहेन, त्यो २०० मिलियन डलर फर्केर गयो प्रोजेक्ट प्राप्त गर्न सकेनौं, अनुदान दिएकै कुरामा पनि त्यो अनुदानबाट हामीलाई कति कमिसन आउछ भन्ने कुरा त्यसबेलाका जलस्रोत मन्त्री, अर्थमन्त्री त्यो पनि जनताको सहमति र सम्झौता गर्न नसकेका भरमा हामीले धेरै बजेटहरू गुमाएका छौं । त्यसैले हामीमाथि शासन गर्ने, बजेट त कसैसँग सम्झौता गरेर हुँदैन । जनतालाई हित हुन सक्ने बजेटहरू कहाँबाट आउन सक्छन् कसरी आउन सक्छन र कसरी यहाँ उपयोग गर्न सक्छौं, कसरी यो प्रदेशको आयस्रोतलाई वृद्धि गर्न सकिन्छ, यता तिर यो सरकारले धेरै चिन्तन गर्नु पर्छ । एउटा विदेशीले मलाई पनि एउटा सूचना दियो, तपाईको प्रदेश सरकारले राजी गर्यो भने १ अर्ब डलर मैले त्यहाँ लगानी गर्छु । तपाईसँग पहिलो कुरा अब म सँग चिनजानको कुराले कुरा गरौं, त्यो प्रदेशले चाइने ग्यारेन्टी गर्छ । अब त्यो नहुन पनि सक्ला मलाई चाहिने टेलिफोन गर्दा ढाँट्या पनि हुन सक्छ । अब त्यो म हो भोलि १ अर्ब डलरल्याइ दिन्छु, तपाईहरू कहाँ भनेको होइन तर मेरो मसँगको टेलिफोन सम्पर्क टेलिफोनमा मसँग कुरा भएको हो। (माननीय सभामुखः- समयलाई ध्यान दिनुहोस्, माननीय सदस्य)

हामीले अब यो सरकारसमक्ष पनि आग्रह गरेको छु । सरकारको अर्थमन्त्री र मुख्यमन्त्रीले अनुमति दिनुभयो भने डाइलग गर्न सकिन्छ । त्यसो हुनाले म यो बजेट आकासमा उड्ने जनतालाई दिएको जस्तो हुने र ठोस् परिणाम नआउने, यो बजेट भोलि निस्किने रातो किताब छिटो निस्कोस् र त्यसमा ठोस् आयमूलक परिणाम आओस् र सैद्धान्तिक रूपले छलफलमा पनि रातै किताब खोजि रहनुपर्ने अवस्था सृजना नहोस् अहिले पनि मैले सुनेको छु । अहिले पनि त्यो रातो किताब तयार भएको छैन । यो सदन त अझैपनि बजेट पास गर्न २५/२६ गतेसम्म कुर्नु पर्ने हो कि मलाई लागि रहेको छ त्यहि त्यहि सुनेको छु । तत्काल सदनलाई बिजनेस, त्यो रातो किताबमा दफाबार छलफल गरेर बजेट छिटो भन्दा छिटो पास होस् यही भन्न चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय श्री कृष्णा शाह (आचार्य), समय ७ मिनेट ।

**माननीय श्री कृष्णा शाह (आचार्य)**:- सभामुख महोदय मैले मेरा धारणाहरू लिखत रूपमा राख्न चाहन्छु । देश संघीय संरचनामा गैसकेपछि कर्णाली प्रदेश सरकारले पहिलो पूर्ण बजेट ल्याएको छ । यतिबेला कर्णाली प्रदेश सरकारले पहिलो पूर्ण बजेट यो गरिमामय सदनबाट सार्वजनिक गर्दैगर्दा यो सदनमा हामीले छलफलमा भाग लिंदैगर्दा सिङ्गो मुलुक, अन्य प्रदेश विशेषगरि कर्णाली प्रदेशका जनताहरूले चासोपूर्वक हेरि राख्नु भएको छ र विभिन्न कोणबाट छलफल र बहस भैराखेका छन् । सभामुख महोदय, कर्णाली प्रदेश सरकारले सवा २८ अर्ब रूपैयाँको बजेट विनियोजन गरेको छ । २७५ बुँदामा समेटिएको बजेट वक्तव्य अन्तरगत ८८ वटा बुँदामा किटानी बजेट विनियोजन गरिएको छ भने अरू बुँदामा नीतिगत रूपमा आवश्यक बजेट विनियोजन गर्ने शर्तमा आएका छन् । सभामुख महोदय, बजेट वक्तव्यमा पहिलो मुख्य र महत्वपूर्ण कुरा त के छ भने बुँदा नं. १८ मा भनिएको छ । बजेटको मूलभुत उद्देश्य विकास र समृद्धिको सुनिश्चित गरी समाजवादको बाटोतय गर्नु हो । यसका लागि ६ वटा उपबुँदाहरू सूचीबद्ध गरिएको छ । सभामुख महोदय समृद्धिका लागि सहकार्य लगायत मन्त्रालयवाइज आठओठा अतिसुन्दर नाराहरू अगाडि सारिएको छ । फोकस गरिएको छ, यी नाराहरू केवल नाराहरूमा सीमित हुने छैन, आशा गरौं कार्यान्वयन हुने छन् । सभामुख महोदय, बजेट वक्तव्यको १८ नम्बर बुँदामा उद्देश्य प्राप्तिका लागि ६ वटा उपबुँदा, समृद्धिका ८ वटा नाराहरू बजेटको अत्यन्त महत्वपूर्ण र सकासत्मक पक्ष यहीनेर छ । सभामुख महोदय, बजेटले अहिलेको गरिब प्रदेशलाई समृद्ध प्रदेशको रूपमा विकसित गर्ने जुन परिकल्पना गरेको छ, जुन रूपमा सपना बोकेको छ र देखाइएको छ, यो चाहिँ अत्यन्तै प्रसंशनीय र स्वागत योग्य कुरा छ ।

अर्को कुरा हामीले समृद्धिको नारा लगाउँदै गर्दा समृद्धि कस्तो र कसका लागि भन्ने कुरा महत्वपूर्ण हन्छ । अधिकारवाला, बाठाटाठा, निणर्यकर्ता नेताहरू, मन्त्रीहरू, संसदहरू, उच्च तहका कर्मचारीहरू, एक एक मानिएका व्यापारीहरूका लागि के यता गरिब किसानहरू कहाली लाग्दो जीवन बाचि रहेका मजदुरहरू, बेरोजगारीहरू, महिलाहरू, दलित, तल्लो तहमा काम गर्ने कर्मचारीहरूका लागि समृद्धिका कुरा सुखी र खुशी सीमित मान्छेहरूमा केन्द्रित भयो उनीहरूकै वरिपरी घुमिरहेको आजको समृद्धिको फल कस्ले चाख्न पाउने, वास्तवमा हिजो र आजको समृद्धिको कुरा के”मा गर्ने, सभामुख महोदय, यति बेला पेच्चिलो बहसको विषय यो हो र यसलाई आवश्यक रूपमा आमबहसको विषय बनाउन आवश्यक छ । बजेटको आधारभुत हल पनि यहीनेर मैलेदेखिराखेको छु । मैले अर्को मुख्य विषय भनेको बजेटको मूलभुत उद्देश्य समाजवादको बाटो तय गर्नु हो भनेर भनिएको छ, यसका लागि समृद्ध बन्ने तवरले समाजवादको चरित्र निधारण गर्ने गरेको छ ।

सभामुख महोदय, हामीले तय गर्ने यात्रा कस्तो हुनेछ, अभिजात वर्गीय हुनेछ, यात आम श्रमजीवी वर्गीय हुनेछ । मुख्य त सवाल हो, पूर्वाधारको निमार्ण उत्पादनमा वृद्धि केही

रोजगारीहरूको अवसरहरूको सृजना त पूँजीवादी, पूँजीवादले पनि गर्छ र गर्दै गएको छ । यतिले मात्र समाजवादको यात्रा सफल हुँदैन सभामुख महोदय, समाजवादको चरित्र यो होस्, समाजवादले लैङ्गिक बिचलन र उपभोगमा उचित ध्यान दिनुपर्छ । उत्पादनमुखी उपभोग र वितरण न्यायोचित हुने प्रणाली नै समाजवाद हो भन्ने कुरा मैले यहाँ बुझेको समाजवाद हो । सभामुख महोदय, हामीले कानून निर्माण गर्नुपर्छ भनेरहँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लगायत २४ भन्दा बढि संरचना निमार्णको अवधारणा अगाडि सारेको छ । यो हाम्रा लागि प्रदेश र प्रदेश सरकारको लागि आवश्यक विषय हो तर फेरि अर्को तिर पनि के हो भने प्रदेशले आफ्नो संरचना निमार्ण गर्दा र गर्नुपूर्व तिनीहरूको विषय, औचित्य र उपयोगिता के कति छ, सोच विचार गरेर मात्र अगाडि बढाउनु पर्ने, हाम्रो सरकारले त्यो कुरामा ध्यान दिनुपर्छ भन्ने सुझाव म यहाँ पेश गर्न चाहन्छु । त्यसैगरि बजेटले सात बुँदामा आफ्ना प्राथमिकता निधार्णरण गरेको छ र यो वास्तविकतामा आधारित भएर एकदमै वस्तुवादी ढङ्गले प्राथमिकीरण गरेको छ र भौतिक पूर्वाधार विकास निमार्णलाई प्राथमिकता राखेको छ । त्यसमा पनि १ नम्बरमा सडकलाई जोड दिएको छ, यो अति राम्रो पक्ष हो । यहाँ सडक उर्जा खानेपानी शहरी पूर्वाधार र निमार्ण जस्ता अति महत्वपूर्ण जनताको जनजिविकाको विषयसँग जोडिएका, विशेष ओझेल परेको कुराहरू यस्तो हुनु हुँदैन, यो दुःखद विषय हो । गरिबीबाट मुक्ति प्राप्त गर्न हाम्रो कर्णाली प्रदेशको सन्दर्भमा, यो बजेटको सन्दर्भमा कृषिकरण र दोस्रो औधोगीकरण, यो हेर्दा दुबै क्षेत्रमा अति न्यून बजेट विनियोजन भएको छ ।

सभामुख महोदय, समाज विकास र रूपान्तरणको विशेष आधार शिक्षा क्षेत्र हो । विद्यालय भवनहरू, सारा जिर्ण छन्, भवन नभएर टहरामा, झुप्रोमा, रूखको फेदमा, छहारी मुनि पठनपाठन भइ रहेका छन् । सभामुख महोदय, आज शिक्षा क्षेत्रमा मुख्य काम भनेको भवन निमार्ण हुनुपर्दछ । सानासाना मठ मन्दिर निमार्ण गर्नु भन्दा, त्यो बजेट शिक्षाका पूर्वाधार निर्माण जसले प्राथमिकीकरणको महत्व राख्ने छ ।

सभामुख महोदय, विभिन्न मन्त्रालय जनता सडक कार्यक्रमलाई २१ ओटा अति राम्रो सुन्दर बजेटमा ल्याइएको छ । केही महत्वकांक्षी देखिए पनि कर्णाली प्रदेशको वास्तविकता अनुरूप समृद्धिको स्थापनासहित आएको छन् । आशा छ यी कार्यक्रम कार्यान्वयन हुनेछन्, कर्णाली प्रदेशलाई यो प्रदेशका गरिब जनसमुदायको अवस्था बदल्ने यी विषयहरूले राख्ने छन् ।

सभामुख महोदय, केही अपूर्णताका बीचबाट पनि समृद्ध प्रदेश कर्णाली, सुखी कर्णालीको दीर्घकालीन उद्देश्य यो बजेटले बोकेको छ । समाजवादको बाटो तय गर्ने उद्देश्य बोकेको छ, यो समग्रमा यो बजेटको उत्कृष्ट पक्ष हो । अबको हाम्रो काम र चुनौती भनेको कार्यान्वयनको पक्ष हो । सरकारको चुनौती भनेको आवश्यक कानून निमार्ण गरेर, दक्ष जनशक्ति परिपूर्ति र व्यवस्थापन गरेर बजेट कार्यान्वयन गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने, चुनौती हाम्रा सामु, सरकारका सामु छ । सभामुख महोदय, बजेट

कार्यान्वयन सही ढङ्गले नगर्ने, गरे पनि असार महिनामा गएर गर्ने, जुन असारे नीति छ, त्यसलाई हामीले बदल्नै पर्छ । सभामुख महोदय, अनि मात्र परिमाण, परिणाममुखी र उत्पादनमुखी बजेट बन्ने छ ।त्यसमा विशेष गरी सरकारको ध्यान जानेछ भन्ने कुरा म सभामुखमार्फत् राख्न चाहन्छु । अब एक पटक हामी सबै इमान्दारीतापूर्वक इच्क्षा शक्तिका साथ जिम्मेवारीपूर्वक हामीले भन्दै गरेको समृद्धिलाई जनताको जीवनमा बदल्ने साझा पर्यत्नमा लागौं, दुनियामा मानवजातिका अगाडि असम्भव भन्ने केही छैन र हामीले बजेटलाई वितरणमुखी भन्दा पनि यसलाई परिणाममुखी, उत्पादन मूलक बनाउने हो भन्ने कुरा राख्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कौशिलावती खत्री, समय ७ मिनेट । यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, हामी आ.व.२०७४/०७५ को विनियोजन बजेट, राजश्व र व्ययसम्बन्धी बजेटमा छलफल गरिरहँदा मलाई अत्यन्तै गर्वको महसुस भएको छ किन भने यो विनियोजन बजेट व्यय न्यायमूलक ढङ्गले स्थापना गर्नको निम्ति, न्यायसहितको समृद्ध कर्णाली, सुखी कर्णालीवासी भन्ने नारालाई साकार बनाउनको लागि जमर्कोको साथ आएको मेरो ठम्याई छ र यस्तो भन्दै गर्दा केही हाम्रा योजनाहरू, हाम्रा आशाहरू खुम्चिएर आउनु पर्ने भएका छन् । यो हाम्रो प्रदेशको राजश्व, प्रत्यक्ष रूपमा उठाउने दायरा नभएको कारणले जुन केन्द्रले दिएको अनुदान छ, त्यसैमा आधारित भएर हाम्रा कर्णालीवासीको भविष्य, सुख र विकास निर्माण गर्दा समृद्धिको आशामा हामी थन्किनु पर्ने अवस्थामा आईपुगेका होला जस्तो मलाई लाग्दछ । सभामुख महोदय, म आफ्ना केही रचनात्मक सुझाव र आफ्ना केही भनाइहरू सभामुखमार्फत् म कर्णाली प्रदेश सरकारलाई राख्न चाहन्छु ।

यो विनियोजन विधेयक न्यायसहितको समतामूलक समाज निमार्ण गर्नको लागि सकारात्मक विभेदसहित आएको मेरो अनुमान छ । किन भने महिलाको पक्षमा, दलित पक्षमा र पछाडि पारिएका वर्ग र तल्लो तहमा अति दुरदराजमा रहेका किसान, जो आफ्नो भूमिकालाई सरोकारवालासँग पुर्याउन सक्दैन, त्यहिसम्म कर्णाली सरकार पुगेर यो बजेट लागु गर्न, अफ्नो दायित्व कर्णाली सरकारले विनियोजन विधेयकमा ल्याएको छ । यदि यो विनियोजन विधेयक जसरी आयो त्यसरी नै कार्यान्वयनको पक्षमा गयो भने समृद्ध कर्णाली र सुखी कर्णालीवासी हुनका लागि आफ्नो पहिलो खुड्किलो चढ्नका लागि खुट्टा उचाल्ने जमर्को हुनेछ तर हाम्रा चुनौती कहाँ हो भने यो बजेट हाम्रो रातो किताबमा कसरी विनियोजन भएर आाउनु पर्ने हो र हाम्रा जुन आशा गरिएका, हाम्रा अधिकाशं आशा गरिएका योजनाहरू नआए पनि, केही आउन पर्ने हो तर त्यो आएन भने यहाँ बजेट मन्तव्य गरेको सार हुँदैन भन्ने मलाई लाग्छ । किन भने कार्यान्वयन गर्ने कुरामा यो बजेटले ध्यान दिनुपर्छ र कार्यान्वयन यो बजेट वक्तव्यको छलफल यहाँ कर्णाली प्रदेशको संसदमा मात्र भैरहेको छैन, समस्त सरोकारवालाहरूको माझमा पनि यो छलफल

भइरहेको स्थिति  छ र बाहिर छलफल गरेको मैले सुनेअनुसार यो सकारात्मक रूपमा मान्छेहरू प्रस्तुत भएको म ठान्दछु । यसलाई अब कार्यान्वयनको पक्षमा अत्यन्तै भरपर्दो, जिम्मेवार, भ्रष्टचारमुक्त गर्न सक्ने संयन्त्र कर्णाली प्रदेश सरकारले अब बजेट कार्यान्वयनमा जानु पर्दछ भन्ने मेरो सुझाव छ । विनियोजन विधेयकको बुँदा नम्बर ४८ मा विद्युतको कुरा गरिराख्दा केही कम्प्यूटरमा लेख्न मिस्टेक भएको मैले अनुमान गरेको छु । जलबिद्युत आयोजनाको कुरा गरी रहँदा यो सहीघाट होइन, सरुघाट जलविद्युत् आयोजना हो । म यसमा पनि सुझाव दिन चाहन्छु र अर्को सामाजिक रूपमा पछाडि पारिएका वर्गको कुरा राख्दा बुँदा नम्बर ११० मा केही यस्ता लक्षित वर्गहरूलाई वा पछाडि परिरहेको वर्गका कार्यक्रम आउदा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको बारेमा अपाङ्गता, आरक्षण गृहको अवधारण ल्याइ दिएको भए एकदमै सकारात्मक हुन्थ्यो किन भने परिवारले पूर्ण अपाङ्गता भएका व्यक्तिलाई हेर्ने दृष्टिकोण फरक छ र समाजले हेर्ने दृष्टिकोण फरक छ, परिवार वाक्क भैसकेका हुन्छन् र उसलाई खुवाउन पनि अर्कैले खुवाउनु पर्ने हुन्छ । उसलाई आफू बाच्नका लागि पनि सामान्य क्रियाकलापमा परिवारले गर्दिनु पर्दछ । परिवारले उलाई अपहेलित दृष्टिले हेर्छ । यो दायित्व राज्यको हो भने पनि हामीले सामान्य अहिले एउटा जिल्लामा मात्र यस्तो अपाङ्ग आरक्षण केन्द्र स्थापना गरेर पछि प्रर्याप्त रूपमा स्थापना गरेर सबै जिल्लामा यसको अवधारणा ल्याउनु पर्छ र हामीले यसका लागि स्थानीय तहसँग साझेदारी गरेर यो कार्यक्रम अघि बढाउनु पर्छ भन्ने मलाई लाग्छ र यो अपाङ्ग आरक्षण गृह आफ्नो बजेटमा समेटेर ल्याउन कर्णाली सरकारलाई पनि अनुरोध गर्दछु । अनि अर्को अपाङ्ग आरक्षण गृहको स्थापना गर्दा कर्णालीवासीको जुन घरमा पूर्ण अपाङ्गता भएका अपाङ्गहरू छन्,  उहाँहरूले कर्णाली सरकारलाई आफ्नो भएको महसुस गर्नु हुनेछ र उहाँहरूलाई आत्मबल बढ्ने किसिमको मनोविमर्श र यस्तो वौदिक कुरा गर्न सक्छु भन्ने किसिमको कार्यक्रम पनि त्यहाँ लागु गर्दिनु पर्दछ । यद्यपी हामीलाई प्रेरणाको रूपमा हुनेछ । झमक कुमारी र हेलेन केलेर पनि अपाङ्ग नै हुनुहुन्छ । यो कुरा उहाँहरूलाई हामीले प्रत्यक्ष रूपमा उहाँहरूको प्रेरणा हुन भनेर चेतन मूलक कार्यक्रम सञ्चालन गर्न सक्नुपर्दछ । यति भन्दै गर्दा म एउटा अत्यन्तै जर्जर रूपमा उठेको कुरा जो सुर्खेतका बाढी पीडित हुनुहुन्छ, उहाँहरूलाई हामी अस्ति मेरै बस्ने ठाउँको अगाडि एक जना आएर भन्दै हुनुहुन्थ्यो, म  तपाईलाई चिन्छु, तपाई जाजरकोटको माननीय हो तर तपाईले सडकको कुरा गर्दा, विद्युतको कुरा गर्दा हामीलाई अचम्म लाग्छ किन भने हामी पनि यहीकर्णाली प्रदेशका गरिब जनता हौं, हाम्रो बर्षा लाग्दै गर्दा, टाउको लुकाउने ठाउँ छैन । पालहहरू सबै च्यात्तिएर र त्यसको कुरा कतै पनि उठेको छैन, हामी टाउको ढाक्न पाउदैनौ भने त्यो विद्युत् के काम, सडकको के काम भन्दै हुनुहुन्थ्यो । त्यसैले अति हृदय विदारक कुरा उहाँले सुनाउदै गर्दा मलाई यो कुरालाई सरकारले गम्भीर रूपमा लिएर तुरून्तै वर्षा नलाग्दै त्यो सुर्खेतका बाढी

पीडितहरूको व्ययवस्थापन गरोस्, बस्ने ठाउँको कमसेकम टिनको पाता भए पनि सुरक्षित बस्ने ठाउँ दियोस् भन्दै म आफ्नो भनाइ टुङ्ग्याउछु,धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गणेशप्रसाद सिंह। समय ७ मिनेट । त्यसपछि माननीय श्री दीनवन्धु श्रेष्ठ तयार रहनु होला ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुखज्यू, आ.व.२०७५/०७६ को कर्णाली प्रदेशको बजेट वक्तव्यको छलफलमा म सहभागी भएको छु । समृद्ध कर्णाली, सुखी कर्णालीवासी, तत्कालिन, दीर्घकालीन उद्देश्य प्राप्तिका साथ समाज रूपान्तरणतर्फ जान खोजेको यो बजेटको सार अथवा बजेटको यो आभास पाइन्छ । विषेश गरी भौतिक पूर्वाधारतर्फ सडक यातायात, कृषि, पर्यटन तिर जोड दिन खोजिएको छ र मुख्य यो आर्थिक वर्षलाई कानून निमार्णको वर्ष भनिएको छ । बजेटलाई सन्तुलित बनाउन खोजिएको छ तर त्यो ब्रेकडाउन हुँदा सन्तुलित हुन्छ कि हुँदैन र हेर्न बाँकी छ, त्यो मेरो अनुभूति हो । मैले त्यहाँ ब्रेकडाउन हेर्दा के हुन्छ हेरि राखेको छु । कम्यूनिष्ट पाटीको सन्तुलित र समानतामा आधारित भएर यो वस्तुको वितरण गर्ने सरकार हो । त्यसो भएको हुनाले यो बजेट जनमुखी र सन्तुलित हुने मैले अपेक्षा गरेको छु र बजेटले जोड दिने विषय भौतिक पूर्वाधार र कृषि उत्पादन पर्यटन छ तर बजेटले त्यता तिर अलि बजेट र विशिष्टीकरण गरेको छैन है, मैले त्यो पाउन सकिन मैले त्यो बजेट वक्तव्य किताबबाट अध्ययन गर्दा खेरि धेरै जसो शीर्षकहरूलाई एकमुष्ट भागबण्डाको बजेटमा राखिएको छ र उक्त अस्पष्ट जनसाधारणले बुझ्न नसकिने खालको छ । सायद ब्रेकडाउन हुँदा भाग बाँड्न सजिलो होस् भन्नका लागि राखिएको होला । त्यसो हुँदा समानतामा आधारित सन्तुलित बजेट विनियोजन होस् भन्ने मेरो भनाइ र छलफलको सार र मेरो जोड हो । निर्वाचन क्षेत्र कोशको सट्टा जनता सडक भनिएको छ र सांसदहरूलाई वितरण गर्ने यो बजेट भनेर कान्तिपुर दैनिकमा हिजो अस्ति आएको छ, यो प्रति मेरो आपत्ती छ । यहाँ हाम्रोमा त्यति धेरै मोनोपोली प्रस्ताव छैन । यहाँ सरकारको सामु हामीले चाहिने हाम्रा धारणहरू आपसी संम्वादबाट हामीले ५ करोड विनियोजन गर्ने हो वा प्रदेश गौरवका सडकलाई अवण्डाका सडक मतलब छुट्याइएका बजेटहरूलाई त्यहाँ चाहिने बजेटिङ्ग गर्ने हो अथवा ब्रेकडाउन गर्ने हो । मैले बुझ्या छैन यसको बारेमा, स्पष्ट गरेर, त्यो ब्रेकडाउन गरी रातो किताबमा ल्याइ दिनुपर्छ । हरियो किताब अस्पष्ट छ, यो सरकारले बोल्नु पर्छ । माननीय सांसदहरूलाई यहाँ मानमर्दन गरिएको छ, वेथिति गर्न केन्द्रले छुट्याएको केन्द्रीय प्रतिनिधि सांसदले ४ करोड मा ५ करोड वेथिति गर्न दिने भनेर कान्तिपुरमा आएको छ यो सरकारले त्यो प्रति जवाफ दिनुपर्छ, खण्डन गर्नुपर्छ यो प्रति मेरो आपत्ती छ र सांसदहरूको पनि सायद आपत्ती छ । बाटाहरू, सडकहरू पूर्वाधारलाई विशेष जोड दिदा खेरि पूर्वाधारहरूलाई क्याटागोराइज गर्नु पर्छ । अन्तरजिल्ला, अन्तरप्रदेश, अन्तर गाउँपालिका, नगरपालिका र गाउँपालिका, नगरपालिकाभित्रका प्रदेश गौरवका योजना कति राष्ट्रीय गौरवमा छन् ।

हामीले गाउँपालिका विशेष जोड गर्नु पर्ने कुरा के हो ? बाटो पुगेन भने पछि त्यहाँ उद्योग कसरी हुन सक्छ, त्यहाँ पर्यटक कसरी हिड्न सक्छन । यो प्रश्नको जवाफको खोजि मैलो जुन २ जिल्ला जोड्न जाजरकोटबाट अगाडि बढ्दै गर्दा बारेकोट चाप्रे भने आए बारेकोट हपल्लो भुटानलाई नर्कु भुटान भन्छ । डोल्पाका माननीय ज्यूहरूलाई थाहाँ छ र त्यो २ ओटा जिल्ला जोड्ने बाटोलाई अघिल्लो पटक पनि धेरै कुराहरू गरिएको थियो, जोड गरिएको थियो । अहिले पनि त्यो सम्वोधन भएन त्यसलाई विशेष ध्यान दिइयोस्, सभामुखमार्फत् म चाहिँ ध्यानाकर्षण गराउन चाहन्छु । युवा स्वरोजगार भनेर अमूर्त कुरा चाहिँ राखेको छ । उर्जाशील र कर्मशील युवाहरूलाई देश विदेशमा रोजगार दिने भनिएको छ । को हो भारी बोक्ने युवा काँहि यस देशमा सबै उर्जाशील सबै देशभक्त युवाहरूलाई देश भित्रै रोजगार दिने भनिएको छ, को छ पानी मरुवा सबै कर्मठ छन्, कोही  देश विरोधि छ, सबै उर्जासिल सबै कर्मठ सबै देशभक्त कोही चाहिने देश विरोधी छ । मलाई यो शब्दमा अलिकति सुन्दरता त भयो तर अर्थ एन्टोनिम्सलाई हेर्दा खेरि Negative Posetive पक्षलाई हेर्दा अर्थमा सार्थकता दिँदैन है ।  तपाईले बजेट अस्पष्ट राख्नु भएको छ, युवाहरूलाई स्वरोजगारको कार्यक्रम व्यावसायिक, कृषि अर्गानिक, औद्योगिक भनेर करोडौ बजेट राख्न पर्थ्यो नि त, बजेट नै छैन, त्यहाँ फेरि पनि उर्जा र कर्मठ युवाहरूलाई यहीदेशमा काम गर्ने भनिएको छ, यसले राम्रो सन्देश दिएको छैन । यसको अलि बजेट कम भयो र भौतिक पूर्वाधारमा बजेट कम भयो र सडक पूर्वाधार यातायातको निर्माणमा जोड दिने हो भने त्यहि ५ करोडले भयो त, अब ५ करोड थप्ने होकि के हो यो एउटा निर्वाचन क्षेत्रमा ५०-६० करोड पर्छ । ८-९ अर्बलाई ब्रेकडाउन गयौं भनेपछि हिसाब गरिएको छ । यो हैन समानता र सन्तुलितमा हेर्न खोजिएको छ, नभएपनि मानिदैन । समानता, असमानता, सन्तुलन, असन्तुलन, विभेद र विकेन्द्रिकृत विरूद्धमा त कुर्लिदै जाने हो । भलै त्यो Negative होस् वा त्यो Posetive सबैलाई चाहिने यो कुराले सम्धोन गर्नुपर्छ । त्यो नै संघीय गणतन्त्रको मर्म हो, त्यो नै कर्णालीको समृद्धि हो, त्यो नै हाम्रो चाहिँनो स्वाभिमान हो । पूरातनवादिलाई परास्त गर्नका निम्ति नेतृत्वभित्र त्यो सुत्र प्रयोग हुनु पर्छ । सञ्चारका टावर २ वर्षमा निर्माण गर्ने भनिएको छ । अहिले केन्द्र सरकारसँग चाहिने आफै बनाउने होकि, यसले मतलब केन्द्र सरकारको त्यो पनि बोलेको छैन । २ वर्षमा आफै बनाउने हो भने out of ability हाम्रो क्षमता भन्दा बाहिर केन्द्र सरकारसँग सम्वन्य गर्ने हो भने इन्डियाको ठेकेदारले ठेक्का लिएर हैदरावादमा बसेको छ । पोहोर साल असोजमा ठेक्का भएको तपाईहरू बुझ्नु हुँदैन । के हो त यहाँ प्रदेश सरकारको चाहिने महत्व, हैसियत, केन्द्र सरकारसँग समन्वय गर्नु पर्दैन, कहाँ नेर गएर कुरा अडिएको छ । त्यो पर्यटनमन्त्रीले कदम चलाउनुहोस् । दुई वर्षलाई भनेको एक वर्षलाई राख्नु होस् । सकिन्छ, म तपाईलाई टिप पोइन्ट दिन्छु, पर्छ भने एक एक ठेकदारको ठेगाना स्वंयम दिन्छु ।

इन्डियाको, नेपालको स्टेप होल्डरसहितको तपाईको तिनीहरूसहित आउनुहोस् डिल गरौं, यो कुरामा म सहमत छैन । २ वर्ष हुन सक्दैन, एक वर्ष वर्षभित्र काम गर् पर्छ Output निकाल्नुपर्छ । संञ्चारमा मैले भन्याछु यो Coummucational Digitel हो । प्रदेश सरकारले गर्नका निमित्त कुम ठोक्नु पर्छ, हैसियत राख्नुपर्छ, हामी गर्न सक्छौं, यस्तै डिलिङ गरौं, यसमा मेरो सहमत छैन । २ वर्षमा आयोग बनाऊ, बजेट दुरूपयोग नहोस् भनेर मोडालिटी बनाऊ, यो भ्रष्टाचार नहोस्, सुरूमै भन्या छु । भन्याको सुन्नु पर्यो के सरकारले, बेला वखतमा विशेष समय लिएर बोलिएको छ । बजेट भोलि सार्वजनिक गर्ने हो, रातो सेतो पहेलो किताब जे हो, त्यो गर्ने हो, त्यसपछि गएर कार्यान्वयनमा मतलब मध्यावधि समिक्षा गर्ने हो, लाईभमा पब्लिक अडिट गर्ने हो । यो तीनओटा कुरालाई हामीले आधार बनाएर हामी नयाँ मोडालिटी बनाएर जाउ आफ्नो मेकानिजम बनाएर जाऔं तुरून्त कार्यान्वयन गरौं । अब यो परिणाम निकालौं, हाम्रो छुट्टै भिन्न पहिचान दिउँ । योजनामा क्वालिटी ल्याउँ, त्यसमा म सहमत छु है । सामर्थ्य नै हाम्रो समृद्धि हो । हामीले करका कुरा त धेरै ल्यायौं, कर न्यूनीकरण गर्ने कुरा पनि तल उठ्या छ, फिल्डमा एउटा रूख काट्नेबाट २ हजार सिफारिस दस्तुर लिएको कुरा पनि आईरहेको छ । हाम्रो जाजरकोटको कुरा हो, भेरी नगरपालिकाको कुरा हो, एउटा बाँसको हागो काटेको १५ रूपैयाँ लगाएको छ है कर, त्यहाँ पनि ध्यान दिनुपर्छ तर फेरि उचित र सन्तुलित कर पनि लगाउनु पर्छ । राज्यको कर प्रणालीमा देश र जनतालाई तर हाम्रो आफ्नै सामर्थ्य बनाउनका निमित्त हाम्रोभित्रका Resources हरू परिचालनको नीति पनि ल्याउनुपर्यो । खोजि पनि गर्नु पर्यो र त्यसो भयो भने पछि हाम्रो सामर्थ हुन्छ, सामर्थ्य नै समृद्धि हो । त्यसको नीति कार्यक्रम आउनु पर्यो, पूँजी र लगानी, लगानीमैत्री राजश्व उत्पादन, आयआर्जनको लागि यो कार्यक्रम पनि आउनु पर्यो । पूर्वाधारमा सडक, कृषि, वन, उद्योग, मैले अघि भनिसकेसिक्षालगायत स्वास्थ्यमा अस्पष्ट छन् है । १० ओटा एम्बुलेन्स भन्या छ । २१ औं करोड चाहिने विद्यालय सुधार भन्या छ । तलको अवस्था एकदम जर्जर छ, लथालिङ्ग छ र सन्तुलित हुने गरेर विद्यालय, महाविद्यालय, क्याम्पस, प्राविधिक शिक्षालयमा त्यो सन्तुलित तरिकाले बजेट विनियोजन गरियोस् । सबै ठाउँ व्यावसायिक प्राविधिक शिक्षा पढ्न चाहना छ । सबै ठाउँमा मतलब सामुदायिक क्याम्पसहरू चलि राखेका छन् । तिनलाई व्यवस्थित गर्न आवश्यक छ । सबैठाउँमा मा.बि.हरू छन्, त्यहाँ शिक्षक विधार्थीहरूको पढाइ खस्केको छ । यसलाई व्यवस्थित गरेर, त्यो कर्णाली विश्वविद्यालयभित्र ल्याउने नीति कर्णालीको शिक्षा नीतिभित्र ल्याउने, कार्यक्रम बजेट ब्रेकडाउन भएको रातो किताब आओस् भन्ने सुझाव राख्दै म विदा हुन्छ, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दीनवन्धु श्रेष्ठ, समय ७ मिनेट ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, आज हामी २०७५/०७६ आ.व.को बजेटमाथि हामी सैद्धान्तिक छलफल गर्दैछौं र मलाई लाग्दछ हाम्रो कर्णाली

प्रदेश आर्थिक स्रोतमा पछि छौं तर यो बजेट वक्तव्य हेर्दा हामीलाई अन्य प्रदेशभन्दा अग्रगामी र अगाडि गएको हामीले पायौं । पक्कै पनि स्वागत योग्य कुरा हो तर त्यो कति व्यवहारिक छ, कति कार्यान्वयन हुन्छ कि हुँदैन, यसमा ध्यान दिन जरूरी छ । हामी २८ अर्ब २८ करोड २८ लाख र २८ हजारमा पुगेका छौं तर यथार्थमा हामी हाम्रो कर्णाली प्रदेशको आर्थिक स्रोत हेर्दा हाम्रा कर्णाली प्रदेशका आमजनताले यो आर्थिक वर्षको बजेट आउदा उहाँहरूमा एउटा ठूलो आशा र उत्साह थियो कि यो बजेटले कर्णाली प्रदेश र कर्णाली प्रदेशका जनतालाई परिणाममुखी, आत्मनिर्भरमुखी बजेट आउनु पर्दछ भन्ने सोच हो तर यो बजेट सरसर्ति हेर्दा हामी प्रतिपक्षहरूको एउटा धर्म केहो भने सत्तापक्ष र सरकारले ल्याएका राम्रा कुराको हामी स्वागत गर्छौं । हामी सहयोग गर्छौं तर सत्तापक्षले ल्याएका कतिपय कुराहरू कर्णाली प्रदेश र त्यहाँका जनताको अहित छ भने हामीले सचेत गर्ने हो । त्यो सरकार र सत्तापक्षलाई सहयोग नै हो तर बजेट विनियोजन गर्नुभन्दा पहिला मलाई लाग्दछ, सर्वप्रथम व्यक्ति र दलगल स्वार्थ भन्दामाथि हामी उठेर विनियोजन गयौं भने पक्कै पनि त्यो बजेट पारदर्शी हुन्छ, कार्यान्वयन हुनेमा पनि त्यसले ठूलो बल पुर्याउछ जस्तो मलाई लाग्दछ । त्यसैले मलाई यहाँ नेर के लाग्छ भने यो बजेट विनियोजन भयो र हामीले केही आर्थिक, अहिले पनि भरखरै यो बजेटमा समावेश गरिएको छ । आ.व. २०७४/०७५ को बजेटमा विनियोजन गरिएको हो । हामी सँग खर्च नभएको ५० करोड भनेका छौं, त्यो बजेटमा समावेश गरेका छौं । भरखरै केन्द्रीय सरकारको खातामा जाने भनिएको छ, त्यो के हो ।

अर्को कुरा हामीले आन्तरिक राजश्व भाग बण्डाको हिसाबले ५० करोड भनेका छौं तर त्यो सम्भब छैन, हाम्रो आउने त्यो स्रोत हुन । अर्को १ अर्ब हामीले आन्तरिक ऋण भनेको छौं । त्यो कहाँबाट आउने हो, त्यो प्रष्ट छैन । त्यसैले ठीक छ, आकांक्षा राखौं, सपना देखौं तर कति प्रतिशत देख्ने हो, त्यसमा यदि सीमित रहयो भने पक्कैपनि हाम्रा कार्यान्वयन, हामीले ल्याएका बजेटहरू कार्यान्वयन गर्नमा सजिलो पर्थ्यो जस्तो मलाई लाग्दछ । यहाँ नेर म यो केही छलफलमा केही सुझाव राख्न चाहन्छु । जस्तै कर्णाली प्रदेशका जनताले समृद्धि र विकास चाहेका छन्, त्यसलाई बल पुग्नको लागि यो बजेटमा जस्तै कार्यक्रम प्राथमिकता, बजेटको प्राथमिकताको तालमेल हुन, यो कसरी कार्यान्वयन हुन सहज हुन्छ । सडक र अन्य पूर्वाधारमा पूर्ववक्ता माननीयज्यूले बोली सक्नु भयो, जति बजेट विनियोजन हुनुपर्थ्यो, त्यो भएन । सडकको विस्तार, स्तरोन्नती यदि भएन भने अन्य पूर्वाधार तयारी गर्नेलाई पनि सडकलाई नै मेरूदण्ड हो । त्यसलाई महत्व दिंदै अन्य पूर्वाधारमा पनि विशेष बजेटको पूनः बजेटलाई विचार गरियोस् यो अपूर्ण छ भन्ने मलाई लाग्दछ ।

अर्को कुरो कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र मध्यपश्चिमाञ्चल विश्व विद्यालयसलाई नै स्तरीय बनाइ, कर्णाली विश्व विद्यालय बनाउन उचित हुन्छ । पर्वतीय विज्ञान र प्रविधिको लागि अलगै विश्वविद्यालयको सट्टा कर्णाली विश्वविद्यालय अन्तरगत गरिने यसको

विकास गर्न सकिन्छ, जस्तो मलाई लाग्दछ । अलग्गै विश्वविद्यालय निर्माण गर्नुभन्दा कर्णाली विश्वविद्यालयलाई पनि पर्यटकीय र विज्ञान र प्राविधिकस्तरको बनाएर विकास गर्यो लियो भने यो पनि राम्रो हुन्छ, जस्तो मलाई लाग्दछ । मेरो एउटा सुझाव श्रम र सिप स्कुल हामीले कस्तो मोडालिटीमा बनाउने हो, यो प्रष्ट हुनुपर्यो, यो आएको, अहिलेको बजेटमा प्रष्ट छैन । जस्तै मुख्यमन्त्रीको पुरस्कार जस्ता कार्यक्रममा निष्पक्षता र उचित मापदण्ड तय हुन जरूरी छ । पारदर्शीको लागि सामाजिक विकास शिक्षा, स्वास्थ्य, सामाजिक विकासका जुन योजना बनाउन, यो वर्ष त्यसैमा सीमित हुनुहुँदैन, गुरुयोजनामै भन्ने मेरो सुझाव माननीय सभामुख महोदय, खेलकुद परिषद्, युवा परिषद्, भूमि तथा सुकुम्वासी समस्या आयोग यहाँ प्रस्ताव भएको छ । सभामुख महोदय, तर काम गर्नलाई हो कि रोजगारीका लागि हो, यो प्रष्ट हुन जरूरी छ । सभामुख महोदय, इन्धनमा सहुलियत दिने भनिएको छ,जहाँ जहाँ सडक संञ्जाल पुगेको छैन, कर्णाली प्रदेशमा त्यहाँ इन्धनमा एउटा अनुदान दिने कुरा केही हदसम्म उचित होला तर पनि जहाँ सडक सञ्जाल पुगेको छ, त्यो ठाउँमा इन्धनमा यो अनुदान दिने कुरा उचित होइन कि जस्तो मलाई लाग्दछ । त्यहाँ अलि सम्पन्न मान्छे, हुने मान्छेले प्लेन चढ्ने हो । सडकको लागि त्यो पैसा स्तरोन्नती तिर लगाउँ विपन्नवर्गका क्षेत्रहरूमा विपन्नवर्गको लागि केही प्याकेजमा, केही प्रोगाम ल्याउनु उचित होला जस्तो लाग्छ तर बजेट वितरणमुखी भयो भनेर माननीय मन्त्रीज्यूले भनिसक्नु भयो । विगतका पनि बजेट वितरणमुखी भयो तर हामी परिणाममुखी भयौ । त्यसले कुनै एउटा आउटपुट ल्याएन, विकास निर्माणमा तर बजेट उत्पादनमुखी हुन पर्यो । त्यसले हामीलाई आत्मनिर्भरमा ठूलो मद्धत गर्छ, जस्तो लाग्छ । यसमा पनि परिवर्तन गर्न जरूरी छ, जस्तो मलाई लाग्दछ ।

अर्को कुरो, म के भन्न चाहन्छु भने यहाँ हामीले विगतमा कर्णाली प्रदेशको नामाकरण गर्दा सभामुख महोदय, जुम्ला जिल्लाको पनि कर्णाली प्रदेशको राजधानी हुनुपर्छ भन्ने दाबी थियो तर हामीले भन्यौ, भावनामा बगेर मात्र हुँदैन । यथार्थमा हामीसँग भौतिक पूर्वाधारहरू छैन, त्यसले गर्दा हामीहरूले चाहेर पनि जुम्लामा कर्णाली प्रदेशको राजधानी सम्भव छैन बरू जुम्ला जिल्लालाई विकास निर्माणका कुरा, उद्योगका कुरा, रोजगारका कुराहरू, त्यसलाई अगाडि कसरी बढाउन सकिन्छ, त्यसमा हामी सरकार सँग डिल गर्नेछौं, त्यो हामी गर्छौं भनेर हामीले सर्वसम्मतिबाट सुर्खेतलाई राजधानी घोषणा गर्यौं । तर बेला मौकामा मन्त्रीज्यूहरूसँग हामी भेटेर पनि भन्यौ, कि जुम्लालाई विशेष एउटा तपाईहरूले प्याकेजमा हेर्नुपर्दछ, त्यो दृष्टिकोणले पनि हिजोका प्रस्तावित ५ जिल्ला मध्येको एउटा सदरमुकाम पनि हो, जुम्ला । त्यसले गर्दा अहिले यो बजेटमा के देखियो भने जुम्लामा खास्सै छोएको देखिएन, केही नाम उच्चारण छ । अन्य कुरामा छोएको देखिएन सभामुख महोदय, त्यसैले म सभामुख महोदयमार्फत् आर्थिक मामिला मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु । अझ पनि जुम्ला जिल्लालाई वैकल्पिक एउटा नमूना शहरको हिसाबमा यसलाई विकास गरौं, औद्योगिक क्षेत्रको विकासको हिसाबले यसलाई अगाडि

बढाऔं, यो मेरो आग्रह हो । अर्को कुरा म के भन्न चाहन्छु भने सभामुख महोदय, हामीले कर्णाली रारा महोत्सव भन्यौ, महत्वपूर्णका साथ पर्यटन पर्वद्धनमा त्यो मेरूदण्ड हो भन्यौ तर मन्त्रीज्यूलाई बेला बेला भन्यौ यो बजेटमा त्यो समाबेश गरिएन । किनभने जुम्ला एयरपोर्ट, उर्थु, बुलबुले, रारा ताल यसले कर्णाली रारा महोत्सवलाई ठूलो महत्वको साथ र पर्यटन प्रवर्धनलाई पनि यसले ठूलो भोलि एउटा चाहिँ आर्थिक स्रोतको हिसाबले काम गर्थ्यो । आज नाग्माबाट गमगढी रारासम्म पुग्नलाई जति समय लाग्छ । त्यो भन्दा यसमा ३ घण्टा समय कम लाग्छ । यसमा म पूनः सभामुख महोदयमार्फत् अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद !

**माननीय समामुखः-** माननीय श्री धर्मराज रेग्मी, समय ७ मिनेट ।

**माननीय श्री धर्मराज रेग्मीः-** सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ को बजेटमाथिको सैद्धान्तिक छलफलका लागि उभिएको छु । सबैभन्दा पहिले प्रदेश सरकारका माननीय अर्थमन्त्रीज्यूलाई आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रस्तुत गर्नुभएकोमा म हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । हिजोदेखि आजसम्म प्रदेशसभामा माननीय सदस्यहरूले बजेटमाथि आ-आफ्नो विचारहरू राखि रहनु भएको छ । यदि सैद्धान्तिक छलफलमा यति टिका टिप्पणी भइ सकेपछि साङ्गेपाङ्ग्रे रूपमा बजेट के छ, यसका बारेमा सदनमा के प्रतिक्रिया छ, अखबारहरू हेरिसकेपछि बजेट आएको दिनदेखिबजारमा के प्रतिक्रिया छ, मान्छेहरू बजेटको बारेमा के धारणा बनाएका छन् भन्नेकुरा प्रष्ट छ सभामुख महोदय । यसकारणले यसमा थप बढि लामो टिप्पणी अथवा यसमा अरू केही व्याख्या, सप्रसंग व्याख्या केही गर्नु पर्ने जरूरी छैन सभामुख महोदय । सैद्धान्तिक छलफल हो, मन्त्रालयवाइज शीर्षक गर्ने रूपले पछि छलफल गरौंला । मूलतः बजेट चाहिँ बजेट २/३ ओटा विषयहरू चाहिँ बजेटमा मिस्टेक नै भएको छ । हामीले सुरूदेखिउठाएका छौं सभामुख महोदय माननीयज्यूहरूले उठाएको जस्तै बजेट वितरणमुखी छ । माननीयज्यूहरूले प्रश्न राखे जस्तै, बजेटले यहाँको चाहिँ धरातलीय यथार्थमा छैन । आदि इत्यादी विषयहरूमा समर्थन गर्न सकिन्छ तर कुरा कहाँ नेर छ भन्दा खेरि करिब ६ अर्ब भन्दा बढि हाम्रो घाटा बजेट छ । सभामुख महोदय, करिब छ अर्ब भन्दा बढि चाहिँ हामीले यसमा बालुवाको महल नै सभामुख महोदय, अरूभन्दा बढि तर पैसा हुँदा करिब १ सय करोडको चाहिँ ऋण उठाउने एउटा डकुमेन्टेसन पेश भएको छ । १ सय करोड ऋण उठाउन बाँकी छ सभामुख महोदय, अघि पूर्ववक्ता माननीय अम्मरबहादुर थापाले भन्नुभयो करिब १ सय करोड त उहाँकोअनुसार डिलिङ भैरहेको छ भन्नुभयो । अर्थमन्त्रीज्यूलाई माननीयज्यूले पहिल्यै भनेर होकि १ सय करोड बराबरको त यता पट्टि चाहिँ ऋणको डकुमेन्ट पेश छ । सभामुख महोदय, ऋण लिन हामी पाउछौं कि पाउदैनौं । यसमा पनि संविधानमा केही समस्या छ, सभामुख महोदय, संविधानको धारा १९७ को अधिकार प्रयोग गरेर ऋण उठाउने विधेयक प्रस्तुत गरे भनेर माननीय अर्थमन्त्रीज्यूले पेश गर्नु भएको छ । १९७ मा प्रदेशको अधिकार क्षेत्रको सूची

हो । संविधान अनुसूची ६, ७, ९ का ती विषयहरूमा प्रदेशले विधायकी अधिकार राख्दछ । यसले कानून बनाउन सक्छ, त्यो कानून बनाउने प्रक्रिया पायौं तर ऋण उठाउने विधेयक १९७भित्रको कुन अनुसूचीको, कति नम्बर क्षेत्राधिकारबाट हो । सभामुख महोदय, हाउस क्लिएर हुन चाहन्छ, यसमा चाहिँ जनतालाई क्लिएर बनाउन पर्छ, सांसदलाई क्लिएर बनाउन पर्छ । त्यो प्रदेशको क्षेत्राधिकार हो अनुसूची ६को, ७को र ९ को विषयहरू प्रदेश व्यवस्थापिकाले कानून बनाउन सक्छ भन्ने विषय चाहिँ १९७ को विषय हो । १९७ को विषय त्यो ऋण उठाउने विधेयकमा चाहिँ संविधानको यति नम्बर धारा अन्तरगतमा यो बनाइ रहेछु भनेर त्यस्तो छैन । मेरो विचारमा १९७ त त्यो Provincial Right हो । Provincial jurisprudence प्रदेशको क्षेत्राधिकार हो, प्रदेश विधायकीले कानून बनाउन सक्छ, त्यो क्षेत्राधिकार हो । तत् विषयमा संविधानको अनुसूचीमा उल्लेख भएको विषय न कि तपाईले १९७ अन्तरगत ऋण उठाउने विधेयक प्रस्तुत गर्ने अधिकार हो । सभामुख महोदय, १ सय करोडको ऋण आन्तरिक ऋण तथा बाह्य ऋण संविधानको धारा २०३ को २ ले संघीय कानूनबमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिन र जमानत लिन पाउने छैन भन्ने व्यवस्था बडो स्पष्ट छ । सभामुख महोदय, आन्तरिक ऋण अथवा बाह्य ऋण, कुनै पनि ऋण र जामानत संघीय कानून भन्दा बाहेक संघीय कानून नबन्दासम्म प्रदेश सरकारले ऋण लिन सक्दैन, सभामुख महोदय । आज जुन ऋण उठाउने विधेयक सांसदमा प्रस्तुत भएको छ । यसका बारेमा विचार गर्न म माननीयज्यूहरूलाई यसको बारेमा थप बहसको खाँचो छ । सभामुख महोदय प्रदेश सरकारलाई ऋण लिने गरी संघीय कानूनले हामीलाई Facliity गरेको छैन । सभामुख महोदय, आन्तरिक ऋण अथवा जमान बाट ऋण लिने हो । सभामुख महोदय बैङ्क छ, प्रदेशसँग आफ्नै दाताहरू छ, जो सँग हामीले Direct Agriment गर्न पाउछौं । सो विधानले के भन्यो भने हामी चाहिँ औद्योगिक तथा करारजन्य सम्झौता बाहेक त्यो पनि संघीय सरकारको सहमति बाहेक प्रदेशले कोसँग ऋण उठाउन मिल्छ, व्यक्तिसँग, साहुसँग पैसा माग्ने हो, सभामुख महोदय । प्रदेश सरकारले साहुसँग पैसा माग्ने कपालु तमसुक गरेर हामीले १ सय करोड घाटा बजेट पूरा गर्ने हो भनेर भन्यो भने ऋण उठाउने प्रदेश सरकारले ऋण लिन सक्छ । संघीय कानूनले Facliity गर्नुपर्छ, Standarad संघीय कानून बनाउनु पर्छ, संघीय कानूनले नबनाउदासम्म सभामुख महोदय, संविधानको धारा २०३ को २अनुसार संघीय कानून नबन्दासम्म प्रदेश सरकारले ऋण लिन पाउदैन र ऋणसम्बन्धी विधेयक मैले अर्थ र औचित्व देखेंको छैन । यसमाथि पूर्ण विचार गर्न, छलफल गर्न, म थप यसमा छलफलको खाँचो छ, सभामुख महोदय । ६ अर्ब भन्दा बढि घाटा बजेट कसरी बेहोर्न सकिन्छ । सभामुख महोदय, प्रदेश आफ्नो राजश्व छैन, यद्यपी राजश्वसम्बन्धी छुट्टै राजश्व व्यवस्थापनसम्बन्धी बिल पेश भएको छ, संसद सचिवालयमा दर्ता भएको छ । प्रदेशले आफ्नै रावस्व उठाउन सक्ने ठाउँहरू छैन । ५० करोड जति राजश्व चाहिँ हामी

आन्तरिक राजश्वबाट ५० करोड आउछ भने चाहिँ अनुमान गरिएको छ । सभामुख महोदय, प्रदेशले आफ्नै राजश्व उठाउने हाम्रा सीमाहरू छन् यी सीमाहरूको विचारबाट हामीले राजश्व पूरा गर्न सक्छौं । यो घाटापूर्ति गर्न सक्छौं भन्ने कुरा मलाई त बढि चिन्ता लाग्छ, सभामुख महोदय, मलाई त बढि आश्र्चय लाग्छ । सभामुख महोदय, हामी त पठाएको पैसा अहिले बनाइ रहेको त केहो भने बजेट मिल्यो माननीय अर्थमन्त्रीज्यूले त्यो पैसा झोलामा लिएर आउनु भयो । बजेट डकुमेन्ट ल्याएर पेश गर्नुभयो त्यो पैसा बाँडफाड हो, जब अरूले दिएको पैसाको बाँडफाड त हामीले खर्च गर्दा खेरि हामी समानुपतिक हुन सक्दैनौ । हामी समानुपातिक हुन सक्दैनौ र हामी विशेष बजेटको रूपमा वितरण गर्न सक्दैनौ भने साँच्चै हाम्रा आफ्नै राजश्व भयो । हाम्रा आफ्नै स्रोत भयो, हामीले आफै पैसा कमायौं भने हामी कसरी वितरण गर्दा हौं । हामीले त्यो वितरण गर्ने तरिका कति लोभी हुँदो हो, कति पाखण्डी हुँदो हो, बडो यसले निर्मम यस्तो हाम्रो हामी यति निर्मम छौं भन्ने कुरा देखाउछ, सभामुख महोदय । जबसम्म हामी प्रादेशिक मान्यतामा पुग्दैनौ, जबसम्म हामी त्यहाँसम्मको सोचमा पुग्दैनौ, त्यो भएन भने सभामुख महोदय, हामी एउटा जिल्लामा केन्द्रित हुन्छौ, एउटा क्षेत्रमा केन्द्रित हुन्छौं, एउटा प्रदेशको आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित हुन्छौ । त्यस्तो भयो भने सभामुख महोदय, आफ्नो ठाउँमा लडेको ढुङ्गो छ भने पनि यसलाई देउता सम्झने र पर्यटकीय क्षेत्र सम्झने भावनाबाट हामी ग्रसित हन्छौ, यो मनोरोगबाट ग्रसित हुन्छौ, सभामुख महोदय । बजेट त मैले हामीले ७ गते सपथ लिदा, सभामुख महोदय, साथीहरूले ईश्वरको नाममा सपथ लिने कि जनताको नाममा लिने धेरै माननीयहरूले जनताको नाममा सपथ लिदै थियौं । सभामुख महोदय, जनताको नाममा हामीले किन सपथ लियौं भन्दा खेरि हामी जनता तिर फर्कन्छौं, हामी तिर मान्छेहरूले चिहाएर हेरिरहेका छन् । सभामुख महोदय, प्रदेशभित्र बस्ने र प्रदेश बाहिर बस्ने करीब १७ लाख मान्छेहरूको जिन्दगीको बारेमा हामी बजेट ल्याएर छलफल गरिरहेक छौं । सभामुख महोदय त्यस्तो हो भने हामीले जनताको नाममा लिएको सपथ जनताको बारेमा हामीले सम्वोधन गर्न सक्यौं कि सकेनौं, प्रश्न यसलाई उसलाई भन्ने छैन । सभामुख महोदय, बजेट हामीले फेरि पनि मैले दुःख पूर्वक भन्नु पर्छ सभामुख महोदय, हामीले चाहेको जस्तो बजेट ल्याउन सकेनौं । बजेटमार्फत् केही सैद्धान्तिक अवधारणाहरूमा हामी बिचलित छौं । यी सैद्धान्तिक अवधारणहरूलाई संसदले करेक्शन गर्नु पर्दछ, सभामुख महोदय । यी सैद्धान्तिक अवधारणाहरूलाई सरकारले संसदबाट करेक्शन गरेर जाने हिम्मत राख्नु पर्छ । सभामुख महोदय, सरकारले संसदमा आइसके पछि डकुमेन्टहरू करेक्सन भए भने सरकार कमजोर भएको होइन, सभामुख महोदय, त्यो त सरकार बलियो भएको हो, सरकार त संसद प्रति थप Accuntable भएको हो । सभामुख महोदय, हामी संसदहरूले सरकारका विषयहरूमाथि प्रश्न उठाउनु भनेको सरकारलाई कमजोर बनाएको होइन सभामुख महोदय, हामीले त सरकारलाई थप बलियो बनाएको हो । सभामखु

महोदय हामी त सरकारलाई थप समृद्ध बनाउन चाहान्छौ, हामी सरकारलाई थप बलियो बनाउन चाहान्छौ र हाम्रा प्राथमिकताहरू निर्धाण गर्न सरकारलाई हामी स्पष्ट गराउन चाहान्छौ । त्यस्तो हुँदा संसद प्रति तपाई Accountable भएको देखिन्छ । सभामुख महोदय, त्यस्तो हुँदा खेरि मैले बडो विन्रमतापूर्वक मैले के भन्नुपर्छ भने बजेटका बारेमा हामी विगतमा बरालिए जस्तै सैद्धान्तिक रूपमा, नीति कार्यक्रममा, हामी ठाउँ ठाउँ पुगे जस्तै, बजेटका बारेमा पनि ठाउँ-ठाउँ पुगेका छौं । यसो भन्न त मलाई सत्तापक्ष सांसद रूपमा कुनै समस्या छैन, सभामुख महोदय, एक पटक सिंगापुरमा लिववानको पाटीले ५८ सिटमा ५८ वटै सिट जित्यो, सभामुख महोदय । त्यो बेला सत्तापक्षका सांसदहरू सरकारको, सरकारले ल्याएको कार्यक्रमहरूमाथि टिप्पणी गर्यो । सभामुख महोदय, संसदको साइजका हिसाबले हामी सत्तापक्षका मानछेहरू धेरै हो तर यो होइन कि सरकारका गतिविधहरूलाई हामीले संसदबाट वाच गर्दैनौ भन्ने होइन सभामुख महोदय । त्यस कारणले सरकारलाई मैले विन्रमतापूर्वक भन्छु, के भने सरकारले ल्याएको Document बाट परिपक्व बनाएर लैजानु पर्छ । यति कुराहरू राखेर मैले समग्रमा के भन्छु भने केही सैद्धान्तिक विषयमा यसले निक्यौं गर्न बजेट ६ अर्ब भन्दा बढिको घाटा बजेटको बारेमा, १ सय करोड ऋणका बारेमा केही संवैधानिक प्रश्नहरू छन् । यी प्रश्नहरूको निरूपण संसदले नगरेर बजेट पास गर्न सक्दैन, सभामुख महोदय । त्यसो हुँदा खेरि म गम्भीर विषयहरू राखेर जनता पट्टि फर्केर संसदमा बजेट पेश गर्न, समृद्ध गर्न, जनता पट्टि, फर्केर बजेटलाई थप रचनात्मक बनाउन र माननीय सदस्यहरूले उठाएका रचनात्मक सुझावहरूलाई सुसंगठित गरेर अगाडि बढ्न म सरकारलाई विनम्रतापूर्वक निवेदन गर्दै फेरि म अर्थमन्त्रीज्यूलाई हार्दिक बधाईसहित आफ्नो भनाइ यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री पदमबहादुर रोकाय, समय ७ मिनेट ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेशका दोस्रो अधिवेशनको बजेटको विषयमा छलफल गरिरहेको छौं । यो बजेट २७५ पेजमा बढो संघर्षका साथ दिमाग लगाएर ल्याउनु भएको छ । अर्थमन्त्रीलाई यसको लागि धेरै धेरै धन्यवाद र बधाई छ । अब बजेटमा धेरै देखिएको छ, यहाँ केही कुरा छुटेका छन् । बजेट किताबमा लेखेर मात्र भएन, हाम्रा छुटेका कुराहरू किताबमा नलेख्नु होला, बजेटमा पैसा हाल्दिनु होला । चित्त बुझि हाल्छ, हाम्रो किताबमा त लेखिएको छ, यहाँ ५ वर्ष १० वर्षको योजना मात्रै होइन कि २०/३० वर्षको योजना, हाम्रा छोरानातिसम्मको पालासम्म बजेट आइसकेको छ । यहाँ ४ ओटा सुरूङ्ग मार्ग थियो, अहिले बजेटमा ५ ओटा सुरूङ्ग मार्ग आएछ, केबुलकार आएकै छ, जलमार्ग आएकै छ, ठिकै पनि हो, अध्ययन गर्नुपर्छ, सम्भावना भोलि, हामीहरूले पनि ५ वर्ष पछि हामी यो पदबाट जाने होला । हामीले चाहिँ टिकट नपाउन सकौंला, यदि टिकट पाए पनि नजितेको खण्डमा, हामीले जिताएको हुनाले हामीले टिकट पाए सुरूङ्ग मार्ग ल्याउने कुरा बजेटमा आएको छ

। जितेको भए रेलमार्ग ल्याउने थियौ हामी भन्ने बाटो त भयो । त्यसै कारणले अब यो बजेट हाम्रा पूर्ववक्ता माननीयज्यूहरूले बोलिसक्नु भयो, फेरि म त्यहि कुरा दोहोर्याउन चाहन्न । धेरै पटक हामीले बोलि सक्यौं यहाँ बच्चा रुन्छ, आमाले दुध खुवाए पछि बच्चा चुप लागेर सुत्छ, यदि आमाले दुध खुवाइनन् भने बच्चा फेरि रुन्छ, अझ त्यसै कारणले बजेट योजनाहरू मन्त्रालयमुखी हुनु भएन, बजेट जति पूँजीगततर्फ आएको छ । त्यो बजेट २४ वटै निर्वाचन क्षेत्रमा, दशै जिल्लामा, समानुपातिक र समावेशीको आधारमा, न्यायको हिसाबमा बाँडिनु पर्छ । तराजुमा जोखे जस्तै बराबर नभनौं, आवश्यकताअनुसार विस्तारै १०/२० लाख बढि होला, कमि होला तर बजेट बाँडिनु पर्दछ । स्थानीय निकायमा पनि गाउँपालिकाले प्रत्येक वडामा विभाजन गरी बाड्यों, त्यसैअनुसार वडा अध्यक्षहरूले आ–आफ्नो ठाउँमा विकास गरेका छन् । कोही गाउँमा औंसी, कोही गाउँमा पुर्णिमा भयो भने भोलि यो सरकार, मन्त्रीहरू प्रति सदन र दलको मिटिङ्गमा आलोचना खेप्न नपरोस्, उठाउँछु चित्त नबुझेका कुरा, घर त घराना भन्छन् । भात हाल्छन्, भात, दाल, मासु हाल्दिनु, घरिनाले, आमाले अथवा भाउजुले, कसैलाई धेरै, कसैलाई कम भयो भने कम हाल्नेको चित्त दुखांउछ । उस्तै क्रान्तिकारी छ भनेत त्यहि जुठो भातले हान्ला, नभए पछि चित्त दुखाएर रोएर जाला मलाई अन्याय पर्यो, उसको भागमा बढि पर्यो भनेर, मोरो पेटमा अघाएको छैन, भनेर उसले चित दुखाएर रोएर जान सक्छ । त्यस्तो अवस्थामा नआओस्, त्यस कारणले अब यो १८०को पेजमा भनिएको छ, यहाँ जडीबूटी प्रशोधन केन्द्र सम्भाव्यता अध्ययन र यसको पूर्वाधार निर्माणको, यार्सागुम्वा, पर्यटन क्षेत्र, संरक्षण क्षेत्र वन पैदावार संरक्षण प्रवर्द्धन र व्यवस्थापन कार्यक्रमको लागि १३ करोड ६० लाख विनियोजन गरिएको छ । अब यो यार्सागुम्वा, यो १३ करोड लगाएर कुन ठाउँमा बाँड्ने होला, फलामको तार हालेर कहाँ बार्ने होला । यो यार्सागुम्वा तमाथि हिमालमा हिंउ नै हिंउमा हुन्छ, मान्छेहरू हिंउमा परि मरेका छन्, त्यहाँ कसरी त्यसको संरक्षण हुने होला, त्यसकारण २१ करोड छुट्याईएको छ, २० करोड छुट्याएको छ,१५ करोड छुट्याएको छ, भनिएको छ । यो कति सदुपयोग हुने हो, कति युवाहरूले रोजगारी पाउने हो, भोलि व्यवहारले बताउने छ । अर्को पहिलो अधिवेशन जस्तै बोलेको कुरा आएको थियो, यो दोस्रो अधिवेशनमा पनि पाँचऔंलेको कुरा आएको छ, पाँचऔंले पनि बन्देज हो, सरकारले यो अवैध, भाङ्गो जस्तो अवैध छ । त्यस्तो पनि चाहिएको छ, यहाँ पाँचऔंले पनि यसको ऐले त्यो पनि निकाशी हुँदैन । यो भाङ्गो जस्तो हो । त्यसकारण पाचँऔंलेको चोरी बढेको छ, त्यसलाई नियन्त्रण गर्नु पर्छ । राजश्व उठ्न यहाँ जटामसी, झयाउ हरू यसको पनि निस्कासन हुन दिनुपर्छ । कर्णाली प्रदेश अरू स्रोत केही छैन हामीसँग यी जडीबूटी छ, जंगल, जल छ, हामीसँग बिजुली निकाल्या छैनौं, हामीले झरो बालेर बस्नु परेको छ, हामीसँग वन छ, हाम्रो वनको काठ प्रयोग भएको छैन, हामीसँग जडीबूटी छ, कर्णाली प्रदेशको स्रोत जडीबूटी छ, जडीबूटी हामीले झ्याऊ प्रशस्त छ, त्यो एकै वर्षमा सिद्धिने होइन, एक

सालको झयाउ अर्को साल पनि हुन्छ । जटामसी पनि त्यहि हो, एक बोरा जटामसी ल्याएर, झ्याऊ ल्याएर, त्यो झ्याऊ, जटामसी बेचेर एक बोरा चामल ल्याएर, खाने गर्छन कर्णाली प्रदेशका मान्छेले, यस ठाउँमा छ झ्याऊ, जटामसी र पाँचऔंले यसको हामीले निकासी पूर्जी दिनुपर्छ, अनि यो कर्णाली प्रदेशको राजश्व बढछ । त्यसकारण मैले पहिले पनि भनेको थिएँ, मैले वनमन्त्री शक्तिबहादुर बस्नेतलाई भन्न गएको हो । तपाईंलाई लाग्छ होला जडीबूटी व्यापार गर्न चासो लिएर गयो होला, व्यवशाय गर्नुपर्छ । होला, एकै सरकारले पनि, राजनीतिक पाटीले पनि आर्थिक क्रान्ति गर्नुपर्छ भनिसकेका छन् । राजनीतिक क्रान्ति सकियो, अब व्यावसाय त गर्नुपर्छ यदि व्यावसाय गरिदैन भने कि भ्रष्टाचार गर्नुपर्यो भने यसको लागि तीन वटा झ्याऊ, जटामसी र पाँचऔंलेको निकासी पूर्जि दिनुपर्छ । प्रदेश ट हो अथवा संघीय सरकारसँग सम्पर्क गरेर हामीले यसको पहल गर्नुपर्छ । अब यहाँ पर्यटकीय क्षेत्रहरू धेरै छन्, अघि हाम्रो दीनवन्धु दाजुले भनिसक्नु भयो जुम्लामा पर्यटकहरू बढिरहेका छन् । यहाँ धेरै पर्यटकीय स्थलहरू रहेका छन्, पाँच पाण्डव १२ वर्षसम्म गुप्तवास बसेको ठाउँ पटक-पटक भन्दै आएको छु, त्यसको नाम आएको छैन, कनकासुन्दरी, लमही घाट, केदारनाथ जस्ता यसको नामै आएको छैन । मैले भनेको नाम नआए पनि पैसा बजेट छुट्याए भै हाल्थ्यो । चित्त बुझेछ भने यसमा नआए पनि पैसा आए चित बुझ्छ, पैसा आए भै हाल्थ्यो । त्यसै कारणले अब यहाँ १७७ मा भनिएको छ, सुर्खेतको साटाखानिमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने, विभिन्न जिल्लाहरूमा सामान्य तथा मझौला उघोग, उद्योग गृह स्थापना तथा सिप विकासका लागि सहयोग पूर्वाधार कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि रू. २२ करोड विनियोजन गरिएको छ । विशेष आर्थिक क्षेत्र जुम्लाको सिंजामा छिचुने भने ठाउँमा ५ वर्ष अगाडि सर्भे भइ सकेको छ, दुई ढाई करोड गैसकेको छ, त्यहाँ सर्भेमा, त्यसको लगि पनि बजेट छुट्याउनु पर्छ । सिजाको छिचुने भन्ने ठाउँमा तथा सहमति हुँदा खेरिमा म त्यहाँ गएर ५० लाख मैले हाल्न लगाएको हुँ र त्यो भन्दा अगाडि सबै भइसकेको छ, बाटो काटि सकेको छ, त्यो जग्गा पनि यहाँ ४५-५० हजार पर्ने जग्गा छ । त्यसमा आथिक क्षेत्र विकास हुनुपर्छ । जुम्लाको हवाइ मैदानको पनि व्यवस्था हुनुपर्छ । अब म जुम्ला भएकोले जुम्लाको सेखी नबढाउ, जुम्ला पनि यो प्रदेशको तेस्रो जिल्ला हुनसक्छ । सुर्खेत, दैलेख जस्तै तेस्रो, जिल्ला हुनसक्छ । त्यहाँबाट जहाँ पनि जाने पिलेनको व्यवस्था हुनुपर्छ, जस्तो होमस्टे छ, होमस्टेको लागि रारा जाँदा खेरिमा बाटो सिंजाको पर्छ, सजिलो सिंजा बाटै हुन्छ, होमस्टेको लागि सिजामै हुनुपर्छ । त्यसैले अब धेरै बोल्न चाँहदिन । जति काग करायो, उति वुद्धि हरायो, जस्तो हुन लाग्यो, जति बोले पनि काम हुँदैन । त्यसकारण म यति कुरा राख्दै यो कुरालाई कर्णाली प्रदेश सरकारले यहाँका हाम्रा मन्त्रीज्यू सामु टाउकोमा हात राखेर कन्याएर, मलाई खानेपानी होइन, मलाई स्कुल हैन, मलाई सिंचाइ गर्ने कुलो छैन, टाउकोमा कन्याएर तपाईसँग बजेट माग्न नपरोस्, मन्त्रालयमा आफ्नो जति मन्त्रालयमा आफनो बजेट छ । त्यो

बजेट हाम्रो १० जिल्लास्तरमा समानुपातिक हिसाबले जानुपर्यो । यदि त्यो गयो भने हामीले प्रदेशसभाका माननीयहरूले हिजो कुर्मराज शाही माननीयज्यूले भन्नुभयो, हामीले योजनाहरू दाँयाबाँया झयालबाट नआओस्, सिधै ढोकाबाट आओस्, हामी माननीय भएकाले सारा हाम्रो सिफारिसमा आओस्, हामी त्यो क्षेत्रबाट जितेर आएको हो, १०/१२/१५ हजार जनताले हामीलाई जिताएका छन् भने तीनको इच्छा चाहना पूरा गर्ने नै होला । यसले धेरै योजनाहरू दायाँबाँया बाहिरबाट आएका छन् र ती योजनाहरू पास भयो, हाम्रो योजना आएन्न भने बजेटमा, रातो किताबमा अनि हाम्रो प्रदेशसभाका सदस्य भएको के काम, के औचित्य रह्यो जुन माननीयले सिफारिस गरेका छन्, प्रत्येक मन्त्रालयले त्यहि सिफारिस गरेर जानु पर्यो भन्दै म आफनो कुरा राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री शोसिला शाही, समय ७ मिनेट ।

**माननीय श्री शोसिला शाहीः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेशको दोस्रो अधिवेशनको २० औं बैठकमा उपस्थित भइरहेका छौं । स्वभाविक रूपमा संघीयताको कानूनहरू निर्माण गर्नुप,र्ने सबै संघीयता देशको एउटा नयाँ अभ्यास भएका कारणले गर्दा थुप्रै ऐन कानूनहरू निर्माण गर्नुपर्ने, सबै कुराहरूको नयाँ व्यवस्था गर्नुपर्ने अवस्था छ । विभिन्न विधेयकहरूमाथि छलफलको साथै आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्य प्रस्तुत भइरहेको छौं । सभामुख महोदय, बजेट ल्याउनु भन्दा पहिला नीति तथा कार्यक्रममाथि छलफल गर्दा हामी सबैको कर्णालीको पर्यटकका लागि त्रिवेणी धाम, देउडा मालीका, चुलीमालिका मान्मा, खाँडाचक्रमा रहेको कोट दरबार जस्ता क्षेत्रहरू समेटिनु पर्छ भनेर यो सदनलाई ध्यानाकर्षण गराएको थिएँ । सभामुख महोदय तर बजेट वक्तव्यमा ती कुराहरू कुराको त कुनै सम्वोधन नभएको हुँदा, यदि यो सदनमा राय सुझावसहित यो गरिमामय सदनमा बोल्नुको कुनै मान्य छैन जस्तो आभास भएको छ । सभामुख महोदय, साथै यो केही बजेटको पेरिफेरि हेर्दा कुनै पहुँच र शक्तिको परिधिमा परेको हो कि भन्ने महसुस भएको छ । सभामुख महोदय, सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने नारा पर्याप्त भएको अवस्थामा बीचमा अर्को सिंहको जन्म भएको जस्तो अनुभूति होस्, सभामुख महोदय । यस कर्णाली प्रदेश सरकारले प्रस्तुत गरेको बजेट भोलि कार्यान्वयन हुन नसक्दा जन मानसमा राम्रो विश्वसनियतामाथि प्रश्न उठ्न सक्छ । तसर्थ यो बजेट पनि समयमा कार्यान्वयन हुनुपर्छ भन्ने धारणा राख्दछु । साथै आगामी बजेटका विषयमा कार्यान्वयनको पक्षलाई हामी सबैले ध्यान दिएनौ भने हामी प्रदेश सरकार असफल हुनुका साथै संघीयतामाथिको प्रश्न चिह्न खडा हुन सक्छ । साथै यस बजेटमा खण्ड खण्डमा केही कमि कमजोरी भए पनि यस कर्णाली प्रदेश सरकारले समयमै बजेट ल्याइ, समय समयमै कार्यान्वयन गरी सफलता प्रदान गरोस् भनि शुभकामना दिन चाहन्छु । सभामुख महोदय, प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक ल्याउँदा हामीले जनताको यथार्थ स्थितिको चित्रण नगरी हचुवाको भरमा ल्यायौं भन्ने राज्यले

लगाएको करमा भोलि जनताले तिर्न सक्ने अवस्था भएन भने सभामुख महोदय, जनता बाध्य भएर संघीयताको विरोधमा जान सक्छनर, जनताले हामीमाथि गरेको विश्वास घट्न सक्छ । त्यहि भएर कर्णाली प्रदेशका जनताको प्रतिव्यक्ति आयको गहिरो अध्ययन र विश्लेषन गरेर मात्रै करको दायरा तोकिनु पर्दछ भन्ने सुझाव दिन चाहन्छु । हरेक रचनात्मक कामको लागि म र मेरो दलको सहयोग र समर्थन रहने छ तर गुण र दोषका आधारमा हामीले निर्णय लिनेछौं र लिइरहेका पनि छौं, जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२९ (१)बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल भोलि २०७५ असार ७ गते पनि जारी रहने छ ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार ७ गते बिहिबार दिउँसो ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-२१

(२०७५ असार १७ गते मङ्गलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको २१ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सभाको १९ औं बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलका लागि प्रस्ताव गर्नु भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री अमृता शाही समय ७ मिनेट । यसपछि माननीय श्री करबीर शाही तयार रहनु होला ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, आज ०७५/०७६ को बजेट वक्तव्यको छलफल गर्दै र आज तेस्रो दिनको सुरूमा यो बजेटको बारेमा आज तेस्रो दिनसम्म अरू बोल्ने सदस्यज्यूहरूले यो किताबको बारेमा छलफल गर्दै गर्दा निश्चित जस्तै कसैले राम्रो गरेका राम्रो त खासै अब कसैले पनि भन्नु भएको छैन अब हेर्दा खेरि राम्रो छ मेहेनत गर्नु भएको छ । मेहेनेत गरेर गराउनु भएको छ । उहाँहरूको मेहेनेत ठिकै छ तर यसमा सबै कुरो समेटिएको जस्तो मलाई पनि लागेन किनकी समेटिएको कुरो पनि थोरै मात्रामा छ । सपना जस्तै ठूला-ठूला योजनाका बारेमा छन् जनताको समस्या के हो ? र जनताको समस्याको बारेमा प्राय जसो मैले पाएन किनकी अहिले कर्णाली प्रदेशमा भोकमारी जस्तै चलिरहेको छ किनकी गरिब जनतालाई अहिले खानेपानीको अभावै अभाव छ अनि त्यो खानेपानीको योजनाको बारेमा अलि खानेपानीको बारेमा सरकारले खानेपानी, सडक, विद्युत, आउन त यहाँ आएको छ तर यस्तो योजना त पहिलो चार महिनाको लागि पनि आएको थियो । बाढीपीडित को लागि आएको थियो । खानेपानी, बत्ती, खानेपानी त्यो ४ महिनासम्म प्रारम्भ भइ दिएको कार्यक्रम भइ दिएको भए अहिले त हामीले खानेपानी पनि पाउने थियौ होला सायद प्रारम्भ हुन्थ्यो होला अथवा यो बजेटले काम गर्थ्यो होला । अब यो बजेटमा छलफल गर्दा गर्दै आज ३/४ दिन भइसक्यो अझ यो कहिले लागु हुन्छ र सर्वप्रथम यो बजेटमा यो द्वन्द्वपीडितको बारेमा लेखिएको छ । द्वन्द्वपीडितसहित घाइते अपाङ्गता भनेर ३/४ ठाउँ लेखिएको छ यो अलि पहिले प्रष्ट बुझ्न सकिन यो अब यो जति ठाउँ लेख्नु भाछ उति ठाउँ उनीहरूले सेवा सुबिधा पाउने हो कि यो कस्तो खालको प्रष्ट हुन सकिएन ५ करोड एकै ठाउँ छुट्टाउनु भाछ जेष्ठ नागरिक भन्ने जेष्ठ नागरिक त नागरिकको लागि जस्तै ७० वर्ष पुगेकोलाई मासिक दिइरहने त्यो छुट्टै सेवा भन्ने केही त्यो सेवा सुविधा भन्ने र त्यो जेष्ठ नागरिकको सम्मान भन्ने त्यो कस्तो खालको कार्यक्रम हो कि तिनीहरूलाई भत्ता बढाएर दिएको भए तिनीहरूको घर दैलोमा जान्थे होला तिनीहरूले सेवा सुविधा पाउथे होला छुट्टै कस्तो खालको सेवा सुविधा त्यो

मैले बुझिन त्यस्तै बाढीपीडितको लागि भनेर यहाँ ४ करोड छुट्टाउनु भएको रहेछ अस्तिको बाढीपीडितको लागि अथवा यो तारजाली नदी कटान निर्माण भनेर ४ करोड छुट्टाएको रहेछ यो भन्दा पहिला भन्दा बाढीपीडितको लागि पैसा छुट्टाएको थियो तर त्यो लागु भएन यसपालि पनि यसबाट यो बाढीपीडितको लागि हामी माननीयज्यूहरू सबैले कुरा उठाएका छौं यो ४ करोड मा तुरून्तै बाढीपीडितको लागि अब बर्षाले च्याप्दै ल्याएको अहिलेप असारको ६७ गते पानि परेको छैन गतिखेर वर्षा भइदिएको भए तिनीहरूको कुन हालत हुन्थ्यो होला । त्यो बाढीपीडितको लागि तुरून्तै यो ४ करोड मध्येबाट छुट्टाएर उनीहरूलाई बाढीपीडितको लागि जाओस् भन्ने आग्रह गर्छु र द्वन्द्वपीडित एकल महिला भनेर यहाँ धेरै किसिमका सबै सीमान्तकृत महिलाहरू द्वन्द्वपीडित एकल महिला सम्पूर्णलाई यहाँ एकमुष्ट समेटिएको छ । यसमा छुट्टाछुट्टै यसमा यसरी आयो भने अर्को चाहिँ उसमा छुट्टाछुट्टै तपाईंहरूले छुट्टाछुट्टै व्यवस्था गर्नुहोला भन्ने आग्रह गर्छु र एकल महिला भन्ने र अपाङ्ग भन्ने यी सब एकैठाउँ समेट्नु भएको छ । यसको लागि अलग-अलग गर्न अनुरोध गर्दै र यो शहिद परिवारका छोराछोरीलाई बालबच्चालाई सार्वजनिक विद्यालय भनेको के हो ? कस्तो खालको सार्वजनिक विद्यालय हो त्यसमा अथवा यो बोर्डिङ्ग स्कुल पर्छ कि निजी विद्यालय हो कि या त सरकारी विद्यालय यो चाहिँ प्रष्ट भएन द्वन्द्वपीडित छोराछोरीलाई सार्वजनिक विद्यालय भनेको कस्तो खालको हो ? छात्रवृत्ति यहाँ रकम राख्नु भएको छ । यसको लागि प्रष्ट पारेर अर्को किताबमा आओस् भन्न चाहन्छु । कर्णाली प्रदेशको बजेट आउँदै गर्दा खानोपानी यदि छुटेको योजना छ भने अहिले रामघाटको र कल्यान हुदैं आरनटुडा भन्ने एउटा गास्नखोला रहेछ । यो खानेपानी योजनालाई यो आ.व. ७५/७६ को रातो किताबमा राखियोस् त्यहाँको खानेपानी एकदमै समस्या छ । भेरी करिडोर बबई त्यस्ले चाहिँ त्यो लिफ्ट सिंचाइ भन्ने पानी अस्थायी खालको छ । यो पानी ल्याउदा खेरि ख्यालख्यालको हुनेछ । यसको लागि सरकारसँग खानेपानीको एकदमै जोडदार माग गरेको छु । रातो किताबमा आओस् भन्न चाहन्छु । रामघाट वारिको लागि यो भन्दा पहिला हामी माननीयज्यूहरूले यो सदनबाट सम्माननीय सदनबाट हामीले जति कुरा राखेपनि सरकारले सुन्नु भएन यसपालिको यो बजेटबाट हाम्रा मागहरू अथवा जनताको मागहरू हजुरहरूले पहिलाको बजेट जस्तो नहोस् यसपालिको बजेट कार्यान्वयन होस् भन्न चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू आर्थिक वर्ष २०७५/७६ को राजश्वर व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल आजै सकिने भएकाले बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेको सचिवालय कर्मचारीहरूकोमा नाम टिपाउनु होला ।

अब माननीय श्री करबीर शाही समय ७ मिनेट ।

**माननीय श्री करबीर शाहीः-** सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७५/०७६ को विनियोजन विधेयकमाथिको छलफलको तेस्रो दिनमा छलफलमा सहभागी छौं ।

सर्वप्रथम कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीले कर्णाली प्रदेशको विकासका लागि कर्णाली प्रदेशको समृद्धिको लागि यो आर्थिक वर्षसम्म गर्न सकिने र सम्भव भएका योजनाहरूसहित केही सपनाहरूसहित बजेट वक्तव्यमार्फत् यहाँ सार्वजनिक गर्नु भएको छ । सर्वप्रथम म उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो विनियोजक विधेयकले धेरै कर्णाली प्रदेशका धेरै विषयहरूलाई शब्दका हिसाबले समटेको देखिन्छ र कार्यक्रमको हिसाबले पनि धेरै विषयहरू यस्ले खुल्ला गरेको छ । जनताले आशा गर्ने ठाउँ जनताले राखेका मागहरू कहि न कहि कुनै न कुनै विषय वा शीर्षकबाट सम्वोध भएको देखिन्छ र यसरी सम्वोध हुँदै जाँदा सबै भन्दा महत्वपूर्ण पाटो यसको कार्यान्वयनको पक्ष हुन्छ यद्यपी कार्यान्वयनका पक्षका सम्बन्धमा यसपालिको बजेट वक्तव्यले फेरि पनि अलिकति अलमल कसरी कार्यान्वयन गर्ने होला भन्ने विषय अलमल मै देखिन्छ । मैले संस्थागत विकासको कुरो सुझावका रूपमा अघिल्लो पटक माननीय मन्त्रीज्यूहरूले विषयगत अफिसहरूले राख्दा खेरि पनि मैले भनेको थिए । सबै भन्दा पहिला भनेको  संस्थागत विकास हो । संस्थागत विकास विना हाम्रो केही पनि हुन सक्दैन र अघिल्लो वर्ष हामी संस्थागत विकास कारणले हामी अपुरोकारणले हामीले बजेट कार्यान्वयन गर्न सकेनौं र हामी यो अवस्थामा छौं र बेलाबेला सदनमा छलफल चल्ने जवाफ दिनुपर्न वाध्यता छ । यति हुँदाहुदैं हामीले विभिन्न मन्त्रालयगत छलफलहरूमा माननीय सांसदहरूको सुझाव लिने क्रममा हामीले भनेका थियौं, कम्तीमा पनि यो प्रदेशले आफ्नो केही गौरव त अलि उपरिभाषा भयो तर महत्वपूर्ण प्राथमिककरण गर्नुपर्ने केही विषयहरू केही बाटोहरूलाई प्रथामिकिकरण गरेर लिएको भए त्यो ५ वटा, ७ वटा, १० वटा जो लिन सकिन्थो लिएको भए राम्रो हुन्थ्यो । फेरिपनि त्यो दस्तावेज र यो विनियोजित विधेयक एउटा चाहिने सहमति हुन नसकेर अलमलमा परेर ल्याएको जस्तो एकठाउँमा देखिन्छ । यस्ले फेरि अघिल्लो पटक एउटा खालको डल्लो देखियो । यसपालि विषयहरू खुले तर ती विषयहरू चौर बाटोमा ल्याएर राखिएको छ । यी विषयहरू भनेका चौर बाटोबाट जस्ले जता प्रयोग गर्ने सक्यो त्यता प्रयोग हुने अवस्था देखिन्छ । हामी कुनै न कुनै एउटा निर्वाचन क्षेत्रबाट हामी जितेर आएका छौं । निर्वाचन क्षेत्रबाट जितेर आउँदा हाम्रो पहिलो भाग पहिलो महत्वपूर्ण पाटो भनेको आफ्नो निर्वाचन क्षेत्र र त्यस जिल्ला हुदोंरहेछ । त्यस कारण मैले यी सबै विषयहरूलाई जो चौबाटोमा राखिएका विषयहरू छन् ।जो एकमुष्ट राखिएका रकमहरू छन् यी रकमहरूलाई सक्नुहुन्छ । अघिल्लो पटक नै विषय केन्द्रित गरेर प्रथामिकिकरण गरेर ल्याएको भए त्यसमा छलफलको विषय बन्थेन होला । महत्वपूर्ण थियो कि थिएन भन्ने विषय मात्र हुन्थ्यो तर यति बेला सबै विषय महत्वपूर्ण भएर अगाडि जानुपर्ने अवस्था भयो । मेरो जति मैले मेरो जिल्लाका केही विषय राख्दा ती महत्वपूर्ण हुन्छन् भने अर्को माननीयज्यूहरूले राखेको विषयहरू त्यो जिल्लाका महत्वपूर्ण हुने अवस्था देखिन्छ । त्यसकारणले कार्यान्वयनको सन्दर्भमा अब रातो किताब निकाल्ने सन्दर्भमा तपाईंलाई अझ

यो सरकारलाई वास्तवमा भन्नुपर्दा अझै असजिलो पर्ने मैले अवस्था देख्छु र यदि हुँदाहुदैं पनि केही जस्तो १ अर्ब २८ करोडको कुरा छ यो १ अर्ब २८ करोड सरसर्ति दामासाहीले भाग गर्दा एउटा निर्वाचन क्षेत्रमा २४ वटा निर्वाचनको हिसाब गर्यो भने ५ करोड ३३ लाख पर्दो रहेछ तर जस्ताको त्यस्तै दामासाहीका हिसाबले विकास गर्नुपर्छ भनेको त छैन तर पनि त्यो शीर्षकबाट कुनै निर्वाचन क्षेत्र छुट्ने छैन कम्तीमा पनि सरकारले यसलाई ध्यान दिइयोस् । त्यसले खानेपानी, सिंचाइ, जलविद्युतलगायतका जो विषयहरू छन् ती विषयहरूमा जस्ले बजेट राखिएको छ त्यो सबै हिसाब गर्दा खेरि प्रत्येक निर्वाचन क्षेत्रमा मैले विषयगत हिसाबले भन्न चाहन्छु २ करोड डेढ करोड यस्तो हिसाबले पर्न जान्छ तर जस्ताको त्यस्तै दामासाहीका हिसाबले भाग गरेर जान त सकिँदैन सँगसँगै गर्न चाहिँ के सकिन्छ भन्दा कुनै पनि विषय वा शीर्षक मलाई लाग्छ कर्णाली प्रदेशको कुनै भेग वा क्षेत्रमा लागु नहुने अवस्था हुन्छ जस्तो मलाई लाग्दैन आवश्यकता छैन जस्तो मलाई लाग्दैन त्यसकारणले सबै विषयहरूले सबै निर्वाचन क्षेत्रलाई कहि न कहि छुनुपर्छ न्यूनतम मापदण्ड बनाएर अगाडि बढ्नपर्छ । अब यो बेला यो प्रदेश सरकारलाई मैले जानकारी र अनुरोध गर्न चाहन्छु । सँगसँगै यस्ले कृषिका क्षेत्रमा सहकारीका क्षेत्रमा धेरै विषय समेटेको देखिन्छ कृषि र स्वास्थ्य स्वभावैले अलि-अलि वितरणमुखी अफिस आफैंमा हुदैंहो तर यस्लाई चाहिने भन्दा धेरै भन्दा धेरै वितरणमुखी हुँदाहुदैं पनि त्यसलाई थपेर प्रतिशतका हिसाबले अलि बढि थपेर वितरणमुखी बनाउन खोजेको जस्तो देखिन्छ । मलाई लाग्छ माननीय मन्त्रीज्यूहरूले यो बजेट राख्दा खेरि यस्तो राख्दा देख्दा सजिलो भयो भाषिक हिसाबले पढ्दा राम्रो देखिन्छ राम्रो छ गर्न सकिनेछ यसको सम्भावना अध्ययन गरिने छ भन्ने हुन्छ तर कहाँ गरिने छ भन्ने कुरा पछि आउदा रातो किताबमा आउँदा निकै अफठ्यारो भएर आउला गाह्रो होला भन्ने मलाई लागिराछ जस्तो सामाजिक विकासका हिसाबले सातवटा उनासी वटा स्थानीय तह भएको यो चाहिँ हाम्रो प्रदेश सात वटा स्थानीय तहमा पन्ध्र सयका सैंया चाहिँ हस्पिटल खोल्ने भन्ने कुरा त्यति सजिलो छनोट गर्ने विधि बन्छ र त्यति सजिलो गरी बनाउन सकिन्छ जस्तो मलाई लाग्दैन । त्यो अप्ठ्यारै हुन्छ, गाह्रो हुन्छ र किन भन्दा कर्णाली प्रदेश रोग, भोक, अशिक्षा अभावले नै ग्रसित प्रदेश भएको हुनाले यहाँ कोही सम्पन्न र कोही विपन्न छैन सबै विपन्न त्यो विपन्नताको भारी बोकेर हिडेका छौं । त्यो विपन्नतामाथि कहिले हामीले शब्दमा चाहिँ त्यसलाई उच्चारण गरेका छौं कहिले त्यसलाई कुल्चेका छौं ती हामी सबै त्योबाट चाहिने बटुवा भएको हुनाले यस्लाई सजिलो गरी यसरी व्यवस्थापन गर्ने सकिएला भन्ने मलाई लागेको छैन माननीय मन्त्रीज्यूहरूले यसका लागि आफूलाई तमतयार बनाउनु भएको होला । अर्को दोस्रो कुरा अब दस्तावेज जस्तो यो सम्झौताको दस्तावेज गर्दा गर्दै समय नपुगेर जस्ताको त्यस्तै ल्याइएको जस्तो देखिन्छ तर कार्यान्वयनको सन्दर्भमा भन्नु पर्दा सबै जिल्ला सबै निर्वाचन क्षेत्र सबै भूगोल उत्तिकै महत्वपूर्ण छन् । ती महत्वपूर्ण ठाउँहरूलाई कसरी व्यवस्था गर्न सकिने होला र

वास्तवमा कम्तीमा पनि यो प्रदेशले म त भन्न चाहन्छु संयोगले संविधानले हामीलाई एउटा दायराभित्र राखेको छ । राख्दा राख्दै पनि जल, जङ्गल र जमिनको वास्तवमा धनी प्रदेश भएको हुनाले कम्तीमा हाम्रा योजनाहरू पूर्वाधार त हुदैं हो आफ्नो छदैंछ सँगसँगै हामीले जलविद्युत ठूला माइक्रोहाइड्रो जस्ता विषयहरूलाई हामीले कहि न कही त्यसलाई प्रमुखताका साथ हेरिने छ र त्यसलाई कार्यान्यवन गरिने छ । पाँच वर्ष यी कार्यकालमा कम्तीमा पनि म यो गरेर अगाडि बढ्न सके भने भावि सन्ततिका लागि हामी उज्यालो बाटो देखाउन सक्थ्यौं र त्यो बाटोतर्फ अगाडि बढ्न सकिन्थो भन्ने लाग्छ र मैले यति भन्दा-भन्दै म फेरि पनि कर्णाली प्रदेश सरकारलाई मैले एउटा अनुरोध गर्न चाहन्छु फेरि पनि रातो किताब निस्कदा सबै विषयहरू सबै विषयका शीर्षकहरू सबै मन्त्रलयका शीर्षकहरू बाँडफाँड गर्दा कुनै क्षेत्र छुट्ने वा छुटाउने प्रयत्न गरिने र अघिल्लो पटक जस्तैमाथिको जस्तै आजसम्म चलिरहेको विकासे मोडेलबाट अगाडि नबढ्न अनुरोध गर्न चाहन्छु । हामी कहि न कहि गएर हामीले ब्रेक थ्रो गर्नुपर्ने हुन्छ र हामी थोरै छौं साना छौं गरिब छौं धनीबाट गर्नुपर्ने भन्ने छैन राम्राले गर्छन् भन्ने छैन हामी गरिबले नै ब्रेक थ्रो गरौं, सबै ठाउँलाई उत्तिकै के भन्छ विकासका बाटाहरूमा अगाडि बढाउनका लागि समनायक सिद्धान्तका आधारमा भाषण गर्दा समनायक भन्ने विरोध गर्दा समनायक भएन भने हामी अगाडि बढ्न गाह्रो हुन्छ । त्यसकारणले कर्णाली प्रदेश देशको विकास र समृद्धि पनि त्यो समनायक सिद्धान्तका आधारबाट अगाडि बढ्न बेला जस्तो लाग्छ मैले यही सुझाव यही अनुरोध र रातो किताब आउँदा थोरै माननीयज्यूहरू सहभागी भएर बोल्नु पर्ने धेरै विषय मेरो छुट्यो । मैले मेरा यहाँ समावेश गर्नु पर्यो भनेर कराउन नपर्ने गरी रातो किताब ल्याउनका लागि अनुरोध गरेर विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री गोपाल शर्मा, समय ७ मिनेट । यसपछि माननीय श्री चन्द्रबहादुर शाही तयार रहनु होला ।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुख महोदय, विनियोजन विधेयक खास गरी बजेट २०७५/७६ को बजेटमाथिको छलफल यहाँ गर्नुपर्दा खेरि मूलभुत रूपले खास गरी उद्देश्यको हिसाबले नारामा व्यक्त कार्यक्रमको हिसाबले र बजेट आकार तयार गर्न हाम्रो स्रोतको हिसाबले यो बजेट सकरात्मक नै छ र यसको समग्रमा यसले जुन शीर्षकहरू तय गरेको छ त्यो शीर्षकको हिसाबले सकारात्मक छ भन्ने मरो ठम्याई छ । हामीले यो बजेट को मूलभुत उद्देश्य तयार गरेका थियौं वा अर्थ मन्त्रीज्यूले आफ्नो बजेट प्रस्तुतिकै सन्दर्भमा भन्नु भएको थियो । हामी समाजवादको यो बनेटको मलु उद्देश्य बनेपछि मात्र समाजवाद तय गर्न हो । समाजवादको यात्रालाई सुनिश्चित गर्न हो भन्ने कुरा थियो र त्यसमा व्यक्त पनि छ र यसका केही संकेतहरू थिए बजेट विनियोजन गर्दा खेरि हामीले केही निश्चित सिद्धान्तहरू अपनाएको देखिन्थ्यो सरकारले त्यो सिद्धान्तलाई यहाँ त्यसका मूलभुत सिद्धान्तहरू मैले चार/पाँच वटालाई मोटामोटी त्यो सिद्धान्तलाई हेरेर समिक्षा गर्न प्रयास गरेको छु । खास गरी प्रतिफलयुक्त तर प्रभावकारी

आयोजनाहरू विनियोजन गर्ने एउटा सिद्धान्त यहाँ पेश गरिएको थियो सामाजिक विकास र भौतिक पूर्वाधार विकासमा केन्द्रित हुने विकासको दृष्टिले पछि परेका क्षेत्र र समुदायलाई उच्च प्राथमिकता दिने र उत्पादन, उत्पादक र स–साना अनुत्पादक स–साना कार्यक्रममा रकम खर्च गर्ने छर्ने पर्ने प्रविधिलाई निरूत्साहित गर्ने यसको मूल उद्देश्य थियो मैल खास गरी बृहत कर्णाली योजनाको मार्ग चित्र तयार गर्ने कर्णाली उज्यालो कार्यक्रम एकीकृत बस्ती र सहरी विकास गर्ने "एक घर एक रोजगारी" कुरा वा आयोजनालाई प्राथमिकताको सूचीमा तयार गरेर प्राथमिकताको क्रममै कार्यान्वयन गर्ने कुरा पूर्वाधार विकासमा विकासको लागि लगानी कोषको स्थापना साझोदारी कोष खास गरी स्थानीय तह सँग साझेदारी काम गर्ने गरी साझेदारी कोषको स्थापना जनता सडक कार्यक्रम विद्युत उत्पादन र वितरणको लागि प्रसारण लाइनको विस्तार युवाहरूलाई सिपमूलक तालिम मेडिकल कलेजलगायतको स्थापना भौतिक पूर्वाधार स्थापना कृर्षक प्रोत्साहन कार्यक्रम खासगरी व्यावसायिक खेतीको प्रोहोत्साहन लागि गरिएका यस्ता केही कार्यक्रमहरू एकदमै सकारात्मक छन् यद्यपी मैले यहाँ भन्दा खेरि हामीले समाजवाद केलाई भन्छौं हामीले थाहा पाएको समाजवाद भनेको योग्यताअनुसारको काम र आवश्यकताअनुसार खास गरी कामअनुसारको मामको कुरा भन्थ्यौं हामीले नारामा यसलाई यसरी तय गर्थ्यौ आज योग्यताअनुसार काम भनेको खास गरी बेरोजगारी समस्याले हामीलाई विशेष रूपले समस्या सिर्जना गरेको छ र कर्णालीको समृद्धिको यात्रा धेरै ठूलो अवरोधको रूपमा सिर्जना भएको छ त्यसो गर्दा खेरि रोजगारी सिर्जना नै हाम्रो पहिलो प्राथमिकता हो भन्ने कुरा हामीले बुझेका छौं र बजेटले त्यसलाई संकेत पनि गर्न खोजेको छ तर मेरो सुझाव खासगरी कतिपय शीर्षकहरूमा यहाँ बजेट विकेन्द्रित छ र म यस्लाई आज वितरणमुखी रूपमा प्रस्तुत भएको छ । हामीले जाल दिने कि माछा दिने भन्ने सवाल बढि महत्वपूर्ण छ भन्ने लाग्छ कतिपय शीर्षकहरू यहाँ माछा दिने र जाल नदिने माछा किनेर भन्दा पनि माछा किनेर वितरण गर्ने प्रक्रिया चाहिँ अपनाइएको त्यो विधि अपनाइएको जस्तो मलाई लाग्छ । हामीले जाल वितरण गर्यौं माछा आफै मारेर जनता आफैले खान सक्छन भन्ने मलाई लाग्छ । हामीले साइकलको यात्रा उच्च गति कारमा दौडिन खोजिराखेका छौं बजेटको उद्देश्य यस्तो छ तर कहिले काही हाम्रा अलिकति विकेन्द्रित अथवा वितरणमुखी शैलीले हामी पञ्चर भएको साइकलमा हिड्नु पर्ने अवस्था बन्यो भने त्यसले हाम्रो गतिलाई प्रतिउत्पादक बनाउन सक्छ भन्ने कुरा हो । मैले यहाँ मोटामोटी झन्डै एक वर्षमा दश हजार युवालाई हामीले रोजगारी सिर्जना गर्न सक्दो रैछौं मैले यद्यपी मेरो हिसाबमा आउदा खेरि कम आयो तर दश हजार युवामा भन्दा खेरि हामी झन्डै अहिले एक घर एक रोजगारीको शीर्षकमा हामीले विनियोजन रोजगारी सिर्जना गर्न खोज्यौ भने तीन लाख युवाहरूलाई रोजगारी दिनुपर्ने अवस्था हामी सँग छ झन्डै सात लाख साढे सात लाख युवालाई हामीले रोजगारी सिर्जना गर्नुपर्ने अवस्था छ यो कुरालाई क्याल्कुलेसन गरेर हामीले हाम्रो यात्रालाई तय गरौं र खासगरी

विनियोजन शीर्षकमा अझै बढि रातो किताबमा या मूल शीर्षकहरू ठीक छन् मूल शीर्षकहरूलाई कार्यान्वयन गर्ने तिर हामी अभिप्रेरित हुन जरूरी ठान्छु म तर यसका केही अझ डल्लो मा भन्ने चलन छ हामी सँग केही शीर्षकहरू व्यक्त भएका छैनन् । मलाई लाग्छ रातो किताब हामी सबैले अपेक्षा गरेअनुसार नै अब खासगरी सबैलाई सन्तुलित र समान ढङ्गले वितरण हुने अपेक्षा मैले राख्दछु र ठूला आयोजनाहरू मलाई के लाग्छ भने साना-साना कुराहरू अहिले बजेट कति यस सन्दर्भमा बजेट छ निर्माणको सन्दर्भ कस्तो देखिन्छ भने कहिले काहीं आलोचना गर्न डराउने डराएको हो कि भन्ने पनि देखिन्छ केही ठूला र निश्चित काम गरौं । केही ठूला र निश्चित कामले ठूला अवस्थाहरू गर्छ । रोजगारीमा अवसरहरू सिर्जना गर्छ त्यो कुरातिर ध्यान केन्द्रित गर्न जरूरी ठान्दछु । यस अर्थमा मूलभुत रूपले अर्थ मन्त्रीज्यूले खासगरी आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले पेश गरेको बजेट मूलभुत रूपले सहि छ र यसलाई अझै शीर्षकहरू व्यक्त गर्ने गरी रातो किताबमा त्यसरी नै अनुभूति हुने गरी पढ्न पाइयोस् र यहाँ व्यक्त गर्न पाइयोस्, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री चन्द्रबहादुर शाही, यसपछि माननीय श्री झोवा वि.क. तयार रहनु होला ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुखज्यू आर्थिक वर्ष ०७५/०७६ को बजेट आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले कर्णाली प्रदेश सरकारको तर्फबाट सम्मानित सदनमा टेबुल भएको छ र यो बजेटमाथि गहन छलफल भइरहेको छ । यो बजेट सकारात्मक छ, यस मानेमा सकारात्मक छ यो बजेटले सबै क्षेत्रलाई समेटेर केही गरी खाला जस्तो देखिन्छ । त्यसो भएकोले मैले यो बजेट सकारात्मक भन्न खोजिरहेको छु । सभामुख महोदय, सम्मानित सदनमा आज बजेटको बारेमा विभिन्न कुराहरू उठिरहँदा सम्मानित सदन यो एउटा गफ गर्ने थलो नबनोस् सम्मानित सदन प्रति आज यो प्रदेशका आम जनताले यो बजेट र यो सदन प्रति टाढैबाट नजर लगाएर हेरिरहेका छन् । तिनै जनताको अभिमत लिएर यो सदनमा सांसदज्यू आउनु भएको छ । सांसदज्यूले उठाएको कुरा सरकार र सरकारमा रहेका मन्त्रीज्यूहरूले रेस्पोन्स गरेमा मात्रै संसद प्रभावकारी हुन सक्छ । संसद प्रभावकारी भयो भने मात्रै ती जनताका समस्या सम्वोध हुन सक्छन् । त्यसो भएकाले संसद गफ गर्ने थलोको रूपमा अगाडि नबढोस् भनेर मैले सुझाव दिन चाहन्छु । यो प्रदेश अभावै अभावको पहाडले उभिएको प्रदेश हो, आहिले बजेटमाथि धेरै टीका टिप्पणीहरू यहाँ भइरहेका छन् । एउटा गरिब परिवारमा चिसोयाम या तातोयाममा ४/५ जना सँगै सुत्दा खेरि यता तान्यो उता पुग्दैन उता तान्यो यता पुग्दैन रात भरि ताना तान को मात्रै स्थिति सिर्जना हुन्छ । सभामुख महोदय, भने अहिले हामीले हात थापेर भोट चेक गरेर ल्याएको बजेट यो प्रदेशका धेरै अभावका पहाडहरू छन् ती पहाडहरू भत्काउन लागि ती पहाहरू ढल्नको लागि यी बजेटले सम्वोध गर्ने वाला छैन जनताको एक क्वायल पायपको पनि हामीले नेपाल सरकारले हिजोदेखि नै त्यो समस्या

समाधान गर्नै सकेको छैन । साना तिना बाटा, घाटा, कुला, पधेराका समस्या अहिले जनताले झेलिरहेका छन् तर हामीले हात थापेर ल्याएको होच्चो गरेको ल्याएको बजेट अहिले हामी यता गरे उता पुग्दैन उता गरे यता पुग्दैन हरेक ठाउँ समस्या नै समस्या देखा परेको छ । त्यसो भएकोले मैले धेरै ठाउँ भनेको पनि छु यो प्रदेश यहीभित्र रहेका माननीय मन्त्री हुन या सांसद हुन या सभामुखदेखि लिएर सम्पूर्णको जिम्मामा छ, थाप्लोमा छ । जनताले हेरिरहेका छन् र त्यसो भएकाले यो प्रदेश हाम्रो टाउकोमाथि हाम्रो थाप्लोमाथि रहेकोले अब यो प्रदेश कसरी र कुन दिशामा पुर्याउने हाम्रो जिम्मेवारी छ । त्यसो भएकोले हामीले अपुग छ भने पनि कसरी पुर्याउन सकिने हो छलफल गरौं नमिलेका कुराहरू छन् भने पनि कसरी मिल्ने हो मिलाउने बाटोतिर जाऔं मुख्य कुरा प्रदेशभित्रका अभावका पहाडै-पहाडमा उभिएका जनताको त्यो अनुहार देखेर यो सदन अगाडि बढ्यो भने मात्रै संसद प्रभावकारी हुन सक्छ । सरकार प्रभावकारी हुनसक्छ । त्यसो भएकाले सांसदले उठाएका कुरा हल्का ढङ्गले सरकार र सरकारमा रहेका मन्त्रीज्यूहरूले ग्रहण नगरी म अनुरोध गर्ने चाहन्छु मैले यो कुरापनि राख्न चाहन्छु जुन दृश्य आज संघीय संसदमा भइरहेको छ । त्यो दृश्य अभावै अभावको पहाडमा उभिएको प्रदेशमा त्यो दृश्य देखा पर्ने गरेर सरकार र सरकारमा रहेका माननीय मन्त्रीज्यूहरूले गर्नुहुने छैन भनेर मैले सुझाव राख्न चाहन्छु । मैले यो बजेट वक्तव्य र यो बजेटका केही शीर्षकमा मैले केही हेरे मैले यहाँ के भन्न चाहिँरहेको छु भने हिजोका मध्ये पश्चिम अञ्चलका हिजोका नेताले यो प्रदेश बिगारेका बाटाहरू छन् । हामीले हिजोदेखि नै ध्यान दिएनौं यहाँका नेताले ध्यान दिइएन हिजो चिसापानीलाई केन्द विन्दु बनाएर हिल्सालाई प्रस्ताव दिने बनाइ दिने भए आज छ नम्बर सात नम्बर प्रदेशको दुईवटा हवाईमार्ग र जलमार्ग सँगसँगै दुईवटै अब अन्य मूलकसँग जोडिएको दुईवटै मुलुक आज सुन्दर मुलुक हुन्थ्यो जहाँ शक्ति भयो त्यतै लगेर आज सात नम्बर पनि ओझेलमा र छ नम्बर पनि ओझेलमा पर्ने अवस्था देखा परेको छ र त्यसो भएकोले त्यो कुरा फेरि यहाँ नदोहोरियोस् फेरि नदोहोरियोस् कर्णालीका दुईवटा करिडोर हुन एउटा छिन्चु भेरी करिडोर उता मुरील्ला निस्कने डोल्पा हुदैं अर्को सुर्खेत हुदैं अनि कर्णाली करिडोर कर्णाली करिडोरको बाजुराको अन्तिम बिन्दुमा गएर एउटा मुगु करिडोर छुटिन्छ अनि त्यसपछि हिल्सा करिडोर र कर्णालीमाथि प्रस्थान गर्छ त त्यो भएकाले अहिले अब हामीले फेरि पनि हिजोका जसरी नेताहरू प्रस्तुत भए अहिले त्यसरी नै रोड बाटोलाई आफ्नो अनुकुलको मात्रै बनाउन हामी मात्रै अगाडि बढिरहेको छौं अगाडि बनाउन अगाडि बढाउन खोजिरहेका छौं । मैले यहाँ धेरै कुरा मैले राखिन कि सुर्खेत जोडिएको छ अनि दैलेख कालिकोट हुँदै मुगुलाई छोडेर हुम्ला जोडिएको छ अनि अर्को कुरा नाक्चे लाग्ने को तीन ठाउँमा यहाँ जुन सम्वोध गरिएको छ अनि नाक्चे लाग्ने तीन ठाउँबाट छुट्टै जाने त होइन जाने बाटो त एउटै हो अनि एउटै बाटो कुन हो भनेर किटान नगरीकन यो आ-आफूले आफ्नो स्वार्थको लागि नाक्चे लाग्ना देखाउँदै चारैतिर आफ्नो स्वार्थ परिपुर्ति हुने काम

गरिएको छ । म अर्थ मन्त्रीज्यू हुनुहुन्छ यहाँ मैले सबै भन्दा पनि छोटो मैले अस्ति पनि राखे सबै भन्दा छोटो अनि हिउँदमा हिउँले डिस्र्टव गर्ने वर्षा पानीले डिस्र्टव गर्न रोडहरू अहिले यहाँ अगाडि बढिरहेका छन् हिउँ नै हिउँले डिस्र्टव नगर्न वर्षा पानीले डिस्र्टव नगर्न र नाक्चे लाग्नाको पानी कर्णाली करिडोरमा मिसाएर त्यो कर्णाली चिसापानी मिसिने बाटो जहाँ आठ किलोमिटर मात्रै यदि प्रदेश सरकारले गरीदियो भने सम्वोध गरीदियो भने सुर्खेतबाट सिधा वर्षा पनि हिउँद पनि बाह्रौ महिना त्यो आठ किलोमिटर मात्रै हामीले सम्वोध गर्यौं भने सहज हुन सक्दछ । त्यसो भएकाले यो मुगुको तारापानी दोमुख भन्ने आठ किलोमिटर बाटोलाई यसमा सम्वोध गरियोस् भनेर मैले मेरो भनाइ यही अन्त्य गर्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री झोवा वि. क. समय सात मिनेट । यसपछि माननीय श्री देवी ओली तयार रहनु होला ।

**माननीय श्री झोवा वि. क.:–** माननीय श्री सभामुख महोदय, ०७५/७६ को योजनामा छलफल गर्दै हामी नौं महिना काम गरेपछिमा तीन महिना पनि नपुग्ने केही हिसाबले चाहिँ हामी मन्त्रीहरूको चाल मैले देखेको छु । हामी कहिलेदेखि खेती पाति गर्यो होला । अनि नसक्दै फेरि लेखै पढाइ नहुँदै दुःख पिडा भयोक्दै यतिसम्म हामी छलफल गरिसके पछि मात्रै आमाले बच्चाहरू स्कुल जाने बेला कसैले चुइकमले बताउने कसैले मिठाईले बताउने कसैले पेट भरि चाहिँ खान दिएपछि चाहिँ त्यो बच्चाको हालत के होला यस्ले मन्त्री हो भन्ने बित्तिकै कहिले ओरालो पनि झर्नुपर्छ कहिले उकालो पनि चढ्नुपर्छ सबैले बराबर गरेपछि मात्र सबैको चित्त बुझ्ने हो भन्ने बित्तिकै यस्ले चाहिँ कसै काखा कसै पाखा गरे पछिमा कसरी चित्त दुख्छ होला यसरी नर्गनु होला मेरो भनाइ चाहिँ यही छ । अनि हामीलाई सानोतिनो योजनामा केही पत्याउने छैनौं यस्ले चाहिँ रोडअनुसारको जैविकअनुसारको हामीलाई योजना यति ठूलो बरू धेरै नदेऊ, दश दिने ठाउँमा चाहिँ पाँच देऊ, पाँच दिने ठाउँमा साढे दुई देऊ, त्यही गरेपछि मात्र कोही चुईकम खाएर मात्र दाँतलाई किरा पार्छन् कोही गुलियो चिया खाए पछिमा त्यसलाई खराब गर्छ । हामी त्यसै मान्यवाला पनि नाई पहिला काहाहोकी मन्त्रीहरूले आफै गाउँ ठाउँमा चाहिँ धेरै लिएर अरूलाई अलि थोरै दिएर यतिसम्म युद्ध परेछ अहिले हाम्रो मुगुको माननीय त्यही के गरे मुन बानिएले कत्तिपर केन्द्रमा हामी मान्दै मान्देनौं भनेर कसरी भयो हो त्यही त्यही सानो नभन्नुस त्यही यो भयोटिनि नभन्नु जरीनि नभन्नु यो कालो बादल फाटे घाम लाग्छ यो दुःखीलाई सम्झेर काम लाग्छन् हामी पनि कहिले चाहिँ सानो पाले ठूलो दुब्लो पाले मोटो हुन्छ त हुँदैमा हामीले लेखाई पढाइ नभए पछिमा मेरो दिमागमा यत्तिसम्म मैले कुरा गर्न सके तपाईंहरू चाहिँ पढेर पर चाहिँ यता लेखेर ल्याउछन् म चाहिँ लेखेर ल्याउनलाई मेरो बुबा आमाले नपढेपछि म पढनु के गरम ध्यानै छैन कुना कोप्चामा बसेको मान्छे लेखाई पढाइ छैन दुःख गर्दै गर्दै कतिसम्म आएपछि भोलि हामीले केहीले चाहिँ योजना सानो लेखाई पढाइलाई यस्ले मुखमा कुरा आउनेलाई ठूलो योजना बढि

लगेपछि हामी चाहिँ मान्यवाला छैनौं हामी यूद्ध गर्छौं बरू केके गर्दै यो पछि थाहा पाउला यस्ले चाहिँ हामी भन्दैमा अनि हामीले चाहिँ बराबरको हिसाबले ल्याउन पर्छ त हामी म सानो तिनो लाई हामी मान्यवाला छैनौं । हाम्रो त्यही दुर्गम हो दुर्गम हो भनेर सुगमको ठाउँमा मान्छे बलिया भएपछि सुगमको ठाउँमा बजेट लिएर दुर्गमको ठाउँमा मान्छे कमजोर छ भन्या कम दिएमा माननीय मन्त्रीहरूलाई हामी मान्यवाला छैनौं हामी पनि रोईधोई गरेर हुने होकि ढुङ्गो हानेर हुने हो हामी मान्यवाला छैनौं, यही भन्दै धन्यवाद !

**माननीय सभामुखः–** माननीय देवी ओली, यसपछि माननीय श्री बझीक्वारी बोहोरा तयार रहनु होला ।

**माननीय श्री देवी ओलीः-** सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को बजेटमा छलफल गरी रहँदा आफूलाई लागेका कुराहरू राख्ने अनुमति चाहन्छु । सर्वप्रथम सरकारले यो कर्णाली प्रदेशमा रोग भोक अशिक्षा गरिबीसँग छट्पटिरहेका जनताहरूको जीवनमा केही मुस्कान छर्ने सपना र उद्देश्यका साथ जुन बजेट ल्याएको छ त्यसको लागि धन्यवाद दिन चाहन्छु र सफल कार्यान्वयनका लागि शुभकामना दिन चाहन्छु । बजेटको छलफलमा सबैका आफ्ना-आफ्ना हेराइहरू बुझाइहरू हुन्छ नै विविधताभित्र नै एकता खोज्ने हो सबैको बुझाइ एउटै हुनुपर्छ भन्ने पनि छैन र सबै समस्याहरू एकै पटक सम्वोध हुने हुन्छन् भन्ने कुरा पनि छैन तर मलाई लागेको कुरा के छ भने कार्यान्वयनको पाटोमा अत्यन्तै चुनौतीपूर्ण छ । हामी सबैले नयाँ भनिरहेका छौं शब्दमा नयाँ भनिरहेका छौं व्यवहारमा त्यसलाई नयाँ कसरी बनाउने होला मन्त्रीसँग चिनजानको आधारमा माननीयज्यूहरूसँग चिनजानको आधारमा मात्रै मान्छेहरूलाई सुर्खेतसम्म आएर माननीयज्यूहरूलाई मन्त्रीज्यूहरूलाई वरिपरि घेरेर योजना पर्ने होला न कि अथवा एउटा सिस्टमा जनताले दुर्गम गाउँमा बसेर आफ्नो योजनामा बजेट परेको शुन्य होला यो कुरा पनि हामीले ध्यानदिनु पदर्छ सँगसँगै कार्यान्वयनको शीलशिलामा मलाई के लाग्छ भने जस्तो यहाँ कुरा उठ्यो कर्णाली र भेरी करिडोर सबै मन्त्रालयहरूको सम्बन्धित कार्यक्रमहरू त्यहिसँग जोडिन्छन् जस्तो लाग्छ मलाई त्यो एउटा हामीले नीति बनाउनुपर्छ अहिलेसम्म हामीले बाटो मात्रै खन्यौं बाटो खनिएका ठाउँहरूमा उजाड छ त्यहाँ पहिला भएका जंगल पनि मासियो अलि-अलि साना सुकासुर्की भएका किसानका जग्गाहरू पनि पुरियो र त्यसको छेउछाउमा हामीले के लगाउने भन्ने खालको नीति हामीले त्यो अवलम्बन गर्ने सकेनौं र त्यो छेउछाउमा बसेका जनताहरूलाई सिप दिएर गरीखान सक्ने हामीले बनाउन सकेनौं यो बजेटले त्यतापट्टि कल्पना गरोस् म भन्न चाहन्छु र जस्तो यो मैले उदाहरणको रूपमा अब के छ भने हामीले यसो हेर्दा खेरि आन्तरिक मामिला तथा कानून मन्त्रालयको कुनै कार्यक्रम छैन कि जस्तो पनि अनुभूति हुन्छ कतिखेर यो सडक सँगसँगै यो मन्त्रालयको पनि कार्यक्रम जानुपर्छ भन्ने म सुझाव दिन चाहन्छु र यी सबै सम्बन्धित मन्त्रालयहरूले सामाजिक

कुरीति कुसंस्कारको अन्त्य कसरी गर्ने हामीले त्यो सँगसँगै त्यहाँ लैजानु पर्यो हामीले क्षमता विकासका कुराहरू सचेतनाका कुराहरू कानूनी रूपमा अहिले संविधान अब भदौदेखि हाम्रा दुईवटा फैजदारी र देवानी संविधान बनिसकेको छ लागु हुने अवस्था छ आजै बजेटले बजेट भाषण गरिरहँदा खेरि माननीय मन्त्रीज्यूले उच्चारण गरीरहनु भएको छ कि कानूनको अनविज्ञता क्षम्य हुँदैन कानूनले भन्छ कुनै पनि नागरिकले कानून जानेको छैन भनेर कहिलै भन्दैन उस्ले जानेको छ सक्षम छ नागरिक कानूनप्रति कति सचेत छ भन्ने कुरा बुझेको हुनाले अब यो संविधानले हाम्रो कानूनले निर्दिष्ट गरेका नागरिकहरूले पालना गनुपर्ने कर्तव्यहरू पनि ती नागरिकहरूले जान्नु पर् छकि पर्दैन त्यसकारण कार्यक्रम छरिएको अथवा सानो अंशमा भन्ने कुरा पनि यी सबै कुराहरूलाई समेटेर जाँदा खेरि केही कार्यक्रमहरू साना पनि हुन सक्छन् केही कार्यक्रमहरू पनि छरिन पनि सक्छन् तर यो सबै कुराहरूलाई सम्वोध गरेर जान सक्यौं भने हामीले जनतालाई केही अनुभूति दिलाउन सक्छौं जस्तो हामीले अहिले ठूला र मझौला मात्रै कार्यक्रम गर्यौं भने कतिपय साना कुराहरू पनि हुन्छन् जहाँ हाइवे मा पुगेको छ मेनरोड पुगेको छ त्यहाँबाट अलि कति हामीले जोड गर्यौं भने पिछडिएका जनताहरूलाई त्यो राहात हुनसक्छ त्यसकारण ठूला मझौला साना तिनै प्रकृतिका कार्यक्रम गर्ने खालको जुन लक्ष्य पनि छ र यस्लाई कतै पनि यता टुटमुट नगरेर यो दृष्टिकोणबाट यो बजेट कार्यान्वयनको शीलशिलामा जाओस् र जति बजेटमा आएका अब जनताको प्रतिक्रिया सुन्दा खेरि डल्लोमा आयो हामीको छुट्टिएछौं भन्ने आशंका नै छ भन्ने जनाताहरूको बीचमा बाढीएको छैन केहिका त नाम आएका छन् तर धेरै डल्लोमा छ बजेट त्यसकारण फुटाउँदा खेरि कुन भेगको जनता कुन जिल्लाको जनता अथवा कुन बस्तीका जनता छुट्ने हो हाम्रो कुन कार्यक्रम छुट्ने हो भन्ने आशंका छ । यो आशंकालाई बजेटको रातो किताबमा आउँदा खेरि त्यो भावनालाई नफुट्ने गरी रातो किताबमा हामीले सबै योजनाहरू हेर्न पाउनुपर्दछ र कार्यान्वयनको शीलशिलामा देखिएका चुनौतीलाई आफ्नो संयन्त्रहरू छिटो भन्दा छिटो स्थापना गरेर सरकारले यी सबै कार्यक्रमहरू संयुक्त रूपमा लैजाँदा खेरि प्रभावकारी ढङ्गले हामीले लागु गर्न सक्छौं समताको कुरा गरिरहेका छौं विशेष र संरचित क्षेत्रहरूलाई अलि घनीभूत छलफल गरेर हाम्रो अहिलेको संघीय संरचना संघीय सरकार अथवा संघीय व्यवस्थामा गरिने कामहरूको प्रकृतिलाई पनि अलि राम्रो बीचमा पनि घनीभूत छलफल हुनुपर्छ यो नपुगेरै अनुभूति गरेको छु । जसका कारणले हामी सबैले आफ्नै ठाउँलाई मात्रै समस्या ग्रस्त आफ्नै ठाउँलाई मात्रै अलि बढि कार्यक्रम पार्नको लागि हाम्रो दौडधुप चलिरहेको छ । हामीले एकले अर्कालाई एकले अर्को ठाउँलाई स्वीकार्न सकिरहेका छैनौं आफ्नो गौरवका योजनाहरू स्वीकार्न सकिरहेका छैनौं रोड नपुगेका ठाउँका जिल्लाका माननीयज्यूहरूलगायतका जनताहरूका बेग्लै खालको आकांक्षा छ । त्यसकारण विशेष र संरक्षित क्षेत्रहरू बाहेक अरूमा समतामूलक कार्यक्रम बजेट आउनको निम्ति साना-साना कुराहरू दलित, जनजाति, महिला आज पनि

यो जमनामा आउँदा खेरि पनि हामीले पानीको छुईछिटो गर्नुपर्ने अवस्था छ । लिङ्गको आधारमा अहिले पनि हामीले यिनीहरूलाई दोस्रो दर्जाको नागरिकमा हेरिरहेका छौं हाम्रो संस्कारमा परिर्वतन आउन सकेको छैन । त्यसकारण कर्मचारीहरूलाई पनि अब हाम्रा मन्त्रालयभित्रका कर्मचारीहरूले नयाँ कानूनअनुसार गर्ने कार्यक्रम के हो त ? मन्त्रीज्यूले अब कुनै सचिवले अधिकृतले निर्देशन गरेर मात्र रित पुग्दैन कर्मचारीहरूको पनि क्षमता विकास हुनुपर्छ अहिलेको संविधान र कानूनको भावनाअनुसार काम गर्न सक्ने उनीहरूलाई पनि त्यो खालको एउटा सशक्ति अथवा क्षमता विकास चाहिन्छ । यो सबै सेक्टरमा चाहिन्छ, त्यसकारण मसिनो भयो भन्दैमा डल्लो पार्ने नाममा यी सामाजिक न्याय विनाको भौतिक पूर्वाधारको मात्रै विकास गर्न खोज्यो भने सरकारले फेरि असफलताका केही संकेतहरू बेहोर्नुपर्ने खतरा त्यहाँ मैले देख्दछु । त्यसकारण सामाजिक कुरीति कुसंस्कार विकृति विसङ्गतिको अन्त्य गर्नको निम्ति छरिएको बजेट पनि आज ठूलो प्रभाव पार्न सक्ने कुरा मैले देखिरहेको छु । त्यसकारण सबैका समस्या र आकांक्षाहरूलाई परिपुर्ति गर्दा खेरि विशेष गरेर हाम्रो जस्तो कर्णाली प्रदेशमा विभिन्न छाउपडीदेखि बोक्सी छुवाछुत हरेक समस्याले ग्रसित भएको प्रदेश भएका कारणले पनि ती शीर्षकहरूलाई सम्वोध गर्दा खेरि छरिएको जस्तो हुन सक्छ तर वास्तविकतामा हेर्दा खेरि त्यहाँ अत्यन्तै फरक हेर्दा सानो छ तर सानो कुराले पनि त्यो एउटा अभियानले ठुलै प्रभाव पार्न सक्छ । त्यसकारण यी कुराहरू पनि विशेष ध्यान दिइयोस् र जति पनि यो वक्तव्यमा आएका कुराहरूलाई रातो किताबमा आओस् र त्यो डल्लो फुटाउँदा खेरि विशेष संरक्षित क्षेत्रलाई प्राथमिकता दिने बाहेक अरू ठाउँमा समान ढङ्गले वितरण गरियोस् भन्ने कुरा राख्दै आफ्नो भनाइ यही अन्त्य गर्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री बह्मीक्वारी बोहोरा, समय सात मिनेट । यसपछि माननीय श्री मिनासिंह रखाल तयार रहनु होला ।

**माननीय श्री बह्मीक्वारी बोहोराः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले ल्याएको कर्णाली प्रदेशको ७५/७६को बजेटमा हामी छलफल गरिराखेका छौं । सभामुख महोदय, सबैका भनाइ आफ्ना-आफ्ना छन् आज तीन दिन भइसक्यो छलफलमा नै छौं बजेटको आकार हेर्दा ठुलै जस्तो लाग्छ, झट्ट हेर्दा खेरि कर्णाली प्रदेशका आवश्यकताहरू हेर्दा खेरि चारछेउको एक छेउ जति पनि छैन र जुन तरिकाले बजेट दुःख गरेर यो आर्थिक मामिला मन्त्रालयले जुन प्रदेशको बजेट प्रस्तुत गरेको छ यहाँलाई अहिले नै धन्यवाद दिने बेला त भएको छैन भोलि जुन तरिकाले बजेट अहिलेको यो बजेट वक्तव्यको किताबमा जुन तरिकाले आएको छ त्यही तरिकाले कर्णाली प्रदेशका दसै जिल्लामा समानुपातिक हिसाबले जनसंख्याको आधारमा भूगोलको हिसाबमा समानुपातिक हिसाबले बजेट विनियोजित होस् र जनताका आवश्यकताहरू पूरा हुने भन्न चाहन्छु र बजेटलाई हेर्ने हो भने कर्णाली अञ्चलका कर्णाली प्रदेश आफैंमा हिजोदेखि पछाडि परेको प्रदेश हो र यहाँको साविकका कर्णालीका पूराना

पाँच जिल्लामा आफ्नै किसिमका भूगोल छन् र यो अरू पाँच जिल्लामा आफ्नै किसिमको भूगोल छ । भूगोलको हिसाबले हेर्ने हो भने थुप्रै रकम दुर्गम जिल्ला कर्णालीका पूर्व कर्णालीका साविकका पहिलाका जिल्लाहरूमा जाने हो भने अहिलेको बजेटले एउटा जिल्ला मात्रै भौतिक पूर्वाधार शिक्षा तथा स्वास्थ्य खानेपानी सरसफाई सबै कुरालाई समेटने हो भने सायद एउटा जिल्लालाई पनि नपुग्ला किनकी भौगलिक हिसाबमा सबैभन्दा ठूलो र पातलो बस्ती भएको कर्णाली प्रदेशको डोल्पा जिल्ला मा मैले आफूले भयोगेको कुराहरू एउटा गाउँ विकास बाट अर्को गाउँ विकास जनतालाई ५/६ दिन लाग्ने ठाउँ छ जहाँ करोडौं बजेट खर्च गर्ने हुँदा पनि सायद नभ्याउला तर प्रदेशका सबै जिल्लाहरूमा भूगोल सबै राम्रो छ भन्ने होइन सबै त्यस्तै एकदमै दुर्गम जिल्ला छन् कर्णाली प्रदेश दुर्गम छ र यसमा अहिलेको बजेटले कर्णाली प्रदेशका सबै सदस्यहरू र प्रदेशको कार्यान्वयन गर्ने पक्षहरू महत्वपूर्ण तरिकाले लागेर गर्यो भने विकासको कुरा छपर फक्या झै भयो भने विकास विस्तारै हुन्छ विकास भएकै मान्नु पर्छ हिजो एक बोरा चामल ४५ सय ५ हजार हालेर खाने डोल्पा जिल्ला आज एउटा त्यही चामल १५ सयमा डोल्पाली जनताले खान पाएको छ । नेपाल सरकारका जनताले धेरै कुराहरूमा सस्तो कुराहरू उपलब्ध गराएर तेल एउटा धारा तेल किनेर खादा डेढ सय तिर्ने कर्णाली प्रदेश डोल्पाका जनता आज १०० रूपैयाँमा उपलब्ध भएको छ यो पनि विकास भएकै मान्नु पर्छ तर अहिले यो हाम्रो देश संघीयतामा गएको छ र अहिले हाम्रो स्थानीय तह छ हाम्रो प्रदेश सरकार छ प्रदेश सरकारले जुन तरिकाले कानून बनाउनु पर्ने कुरामा नचुकेर नभुलेर घर बलियो भयो भने जग बलियो भन्या जस्तै कर्णाली प्रदेश सरकारले राम्रो सिस्टम राम्रो कानून बनायो भने पक्कै पनि विकास गर्न कुनै समय जस्तै छैन अहिले थुप्रै बजेट गएको छ स्थानीय निकायमा सानातिना अहिले साथीहरूले भन्नु भएको छ डल्लै डल्लै भन्नु भाछ डल्लै हो हेरौं कल्लाई हो डल्लै कलाई हुन्छ भोलि हेरौं हैन तर दसै जिल्लालाई हुन्छ कि तर कर्णाली प्रदेशको सरकारले दसै जिल्लालाई विकास गर्न चाहनाले नै यो डल्लैलाई चाहिँ डल्लै बनाएर राख्या होलान भन्य मैले एउटा सोच राखेको छु । मैले हेरे किताबमा सबै बजेट हेर्दा खेरि राम्रो छ हेर्दा खेरि राम्रो छ । हाम्रोमा आज जुन तरिकाले बजेट किताबमा प्रस्तुत भएको छ त्यही तरिकाले भोलि भूगोल जनसंख्या पिछडिएको ठाउँ सम्पूर्णलाई समेटेर भूगोललाई मात्रै हेरेर पनि हुँदैन जनसंख्यालाई मात्रै हेरेर पनि हुँदैन सम्पूर्ण ठाउँलाई समेटेर कर्णाली प्रदेश सरकारले एउटा राम्रो विकासको लागि राम्रो लक्ष्य लिने छ र ल्याओस् भन्ने म शुभकामना दिन्छु र जुन यो सानोतिना योजना हुँदैन ठूलाठूला सपना देख्नुपर्छ, ठूलो काम गर्नुपर्छ र कर्णाली प्रदेश सरकारले गरेको काम देखिन्छ जुन यो प्रदेश सरकारको एउटा मनसाय बोकेको छ । सानो-सानो कामले पनि धेरै जनतालाई एउटा प्रदेश सरकाले गरेको अनुभूति हुन्छ, जस्तै यो खानेपानी एक गुच्छि पायप नपुगेर पानी खाने ठाउँ गाउँ नभएर गाउँबाट पानी हुने ठाउँसम्म बस्ती सारिने ठाउँ पनि छ कर्णाली प्रदेशभित्र जहाँ पानी हुन्छ घर छोडेर

त्यहाँ गाउँमा पानी नआउन्जेलसम्म त्यो बस्तीमा बसाई सर्ने बस्ती पनि छन् यो कर्णाली प्रदेशमा, त्यसैले आवश्यकता भनेको करोडौंको मात्रै हुँदैन मान्छेलाई एक सयको पनि आवश्यकता हुन्छ सानोतिनो बजेट भन्ने कुरा अहिले कर्णाली प्रदेशको सरकार देखेर यहाँ छलफल गर्न क्रममा सानोतिनो बजेट लगानी गर्नुहुँदैन, दिनुहुँदैन जनता सानोतिनो छरप्रष्ट बजेट दिनुहुँदैन र देखिदैंन र हामी ठूलो-ठूलो लक्ष्य लिनुपर्छ ठूलो काम मात्रै गर्नु पर्छ भनेर जुन यो सदनमा प्रस्तुत भएको छ यस्लाई चाहिँ मेरो विचारमा केही न केही गलत लाग्छ । जनताका आवश्यकता जनताका परिपूरक धेरै सानो कुराले पनि गर्छ धेरै कुरा पुर्याउँछ भन्ने मैले आफ्नो भनाइ राख्दै र रातो किताब र हरियो किताब भन्न यहाँ छलफल राख्नु भएको छ । जस्तै हाम्रो झोवा माननीय ज्यूले भनेको जस्तै भोलि रातो किताबमा आउँदा खेरि कुनै कोल्टे परेर बजेट आयो भने हामी पनि पछाडि पर्ने छैनौं झोवा वि. क. ले पछाडि लागेर आन्दोलन गरेर हामी पनि जाने छौं त्यसैले यो कर्णाली प्रदेश सरकार पहिलै सचेत होस् र समानुपातिक हिसाबले बजेट बाँडोस् जनताका सानातिना आवश्यकतालाई पनि ध्यान दिइयोस् भन्दै मेरो भनाइ यही राख्छु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री मिनासिंह रखाल समय सात मिनेट ।

**माननीय श्री मिनासिंह रखालः-** सम्मानिनय सभामुखज्यू संविधान र संघीयताको कार्यान्वयनको क्रममा हामी कर्णाली प्रदेशको सभा र सरकारमा सहभागी भएका छौं आज कर्णाली प्रदेशलाई सार्वभौम र समृद्धि बनाउन लोकतन्त्र राष्ट्रियता र नागरिक अधिकार प्राप्तिका लागि राजनीति, आर्थिक र सामाजिक परिर्वतनका लागि हाम्रा स्रदय अग्रज विद्वान वर्ग र न्याय प्रेमिहरूले बलिदान दिएर आज हामीले संघीयता प्राप्त गरेर कर्णाली प्रदेश बनाएका छौं । यसमा आज हामी यसै विषयमा लिएर यो कर्णाली प्रदेशलाई समृद्ध कसरी बनाउन सक्छौं र आज जनताका इच्छा आकांक्षा कसरी पूर्व आग्रह गर्न सक्छौं भनेर हामी आज २०७५/७६ को आर्थिक विनियोजन विधेयकमा छलफल गरिरहेका छौं । सभामुख महोदय,, यहाँ धेरै कुरा उठिसक्यो कर्णाली प्रदेश समृद्धिको लागि धेरै आवाज आइसके र आज हामी माननीय भइरहेको अवस्थामा हाम्रा जिल्लाका निर्वाचन क्षेत्र हाम्रा जिल्लाका सहभागी जनता यहाँ सबैले हेर्ने दृष्टि कोण के हो त भने पछि आज हाम्रा माननीय मन्त्री ज्यूहरूले यो जिल्लाका लागि के कस्ता कार्यक्रमहरू दिन्छन र हाम्रा जनताहरू त्यस प्रति कति लाभान्वित हूृन्छन भनेर हेरिरहेको अवस्था छ । समग्र रूपमा आयो कुरा केहो भने पछि यो कर्णाली प्रदेशको विकासको लागि स्पइको एउटै आवाज हुनु पर्छ भन्ने कुरा हुँदाहुदैं पनि हामी क्षेत्र बाट निर्वाचित भएका माननीयहरू छौं र कुनै दशै जिल्ला बाट समानुपातिक रूपमा उपस्थिति भएका माननीयहरू छन् जिल्लाका हित विकासका लागि हामी सबैको चाहना हुनुपर्छ र हुन्छ भन्ने यहाँ सभामुख महोदय,का म अगाडि प्रस्तुत गर्ने चाहन्छु । र यो विनियोजन विधेयकमा हामीले यहाँ सरसती धेरै कुराहरू पढिसक्यौं धेरै कुराहरू यहाँ छन् र यो जुन आर्थिक रूपमा जुन समावेश गरिएको छ यसलाई कार्यान्वयन गयौं भने हाम्रो प्रदेश

समृद्धि त हुन्छनै हामीलाई लागिरहेको छ त्यसमा पनि यहाँ केही छुटपुटहरू छन् कुनै शब्द नमिलेका पनि छन् कुनै ठाउँ चाहिँ एकदम हाईज्याक गरेर छोडेर पनि गइरहेको अवस्था छ । त्यस्तै के भएको छ भने पछि आर्थिक वर्ष २०७५ को बजेट वक्तव्य हुदैंमा हामीले सबै सम्पन्न प्राप्त गरेछौं र हाम्रा सबै कुराहरू पूरा हुनेछ भन्ने केही पनि छैन तर पनि आफ्ना जिल्लाका हकमा आफ्ना जिल्लाका केही कुराहरू केही क्षेत्र छुटेका केही वाक्य नमिलेका कुराहरू चाहिँ मनमा सबैको लागि राखेको हुन्छ भन्न मात्रै चाहन्छु । हाम्रा दैलेख जिल्लामा म दैलेख जिल्लाको प्रतिनिधित्व गर्ने भएको कारणले हाम्रो दैलेख जिल्लालाई सायद यो कर्णाली प्रदेशको माननीय मन्त्रीज्यूहरूले अब आर्थिक योजना सबैले मलाई आजसम्मको कुरामा अलिकति उपक्षित गरे जस्तै लाग्छ र आउन त ठूला-ठूला कार्यक्रमहरू त आएका छन् ती कहिले हुने हुन कहाँ हुने हुन कसरी हुने हुन ? त्यसलाई अहिले तत्काल भन्न चाहिँ सकिदैन तर साना-साना कुराले जनताले आशा गरिराखेका हुन्छन् । जस्ले खानेपानी खोजि राखेको हुन्छ जसले बाटो सानै भए पनि बाटो राख्या हुन्छन् जसले वन जङ्गल खोजि राखे हुन्छन् तर त्यस्ता कुराहरूलाई चाहिँ आज यो कर्णाली प्रदेश सरकारले चाहिँ नल्याउने ठूलो-ठूलो कुराहरू मात्रै गर्ने भनेको कारणले अथवा सुन्नमा आएको हुनाले कता हामी ओझेलमा पर्ने त हैनौं भन्ने मलाई लागि राखेको छ । सभामुख महोदय, यहाँ चाहिँ धेरै कुराहरू महिला हिसांका कुराहरू पनि आए र यहाँ चाहिँ पर्यटन क्षेत्रमा चाहिँ भाषा सँस्कृतिमा या लामा मगर संग्रहालय भन्ने कुराहरू पनि आए र त्यस्तै मलाई के लाग्छ भने हामीले काम गर्दा अथवा हामीले हाम्रो परिवारलाई राम्रो असल बनाउँदा हामी परिवारको मुख्य मान्छे नै असल हुनु पर्छ कि भन्ने मलाई लागेको छ । आज एउटा मन्त्रालय राम्रो बनाउनको लागि मन्त्री स्वच्छ, सफा, शुद्ध भएको हुनु पर्ने र त्यो मन्त्रालयलाई शुद्ध पारेर लैजानु पर्ने त्यस्तैगरी हामीले योलाई गरिमामय बनाउनको लागि अनुशासित बनाउनको लागि हामी सांसदहरू पनि त्यस्तै किसिमको अनुशासित नियम पालना गर्ने हुनुपर्ने त्यस्तै विकास प्रेमि हुनुको लागि जनता पनि विश्वासिलो र र इमान्दारीता हुनुपर्ने यसरी तीनवटै कुरा मिल्यो भने मात्रै मन्त्रालय, सदन, जनता विकास हुन सक्छ । मलाई जहाँसम्म लाग्छ यदि हामीले इमान्दारीता भएनै, हामी नै अनुशासित भएनै हामीले नै केही गर्न लागेको कामहरू गर्न सकेनौं भने हामीले जति ढ्वाङ्ग जति फुके पनि जनताले पत्याउने छैनन् । त्यसैकारण म यो सदनमा के भन्न चाहन्छु भने हामीले गर्ने काममा चाहिँ कुरा गरौं हुने कामलाई लक्षित गरौं गर्न नसक्ने नहुने सम्भाव्यता भनेर हामीले त्यसरी नअल्झौं भन्ने मलाई लागि राखेको छ । त्यस्तै अहिले ३० वटा एउटा बुँदा छ त्यो ३० वटा बुँदा मध्य दैलेखको पञ्चकोशी श्रीस्थान भन्ने कुराहरू आएको छ यहिँ निर दैलेख जिल्लालाई के लागि रहेको छ भने, त्यो श्रीस्थानलाई पर्यटन क्षेत्र बनाउने कि त्यो श्रीस्थानलाई धार्मिक स्थल बनाउने कि अथवा त्यो श्रीस्थानको चाहिँ पेट्रोल उत्खन्न गर्ने तीनवटा कुराहरू चाहिँ यहाँ अल्झिएको छ यदि त्योलाई पर्यटन क्षेत्र बनाउने हो भने त्यो मन्दिर वरिपरि धेरै कुराको

आवश्यकता छ । त्यसलाई मर्मत सम्भार बनाएर त्यसमा हरेक बार बगैंचाहरू बनाउनु पर्ने र यहाँ सबै थाहा नहुन सक्छ हाम्रो श्रीस्थान भनेको यस्तो ठाउँ हो त्यहाँ चाहिँ आफ्से-आफ यूगौंदेखि २०० वर्ष अगाडिदेखि नै त्यहाँ चाहिँ ज्वाला बलिरहेको छ र त्यस्तै नाविस्थान पनि ज्वाला बलिरहेको छ र हरेक ठाउँ-ठाउँमा हाम्रा धार्मिक स्थलहरू देख्ने लाइकका छन् र आज ती धार्मिक स्थलहरूलाई हामीले उत्खनन गरेर ग्याँस र पेट्रोल उत्खनन गर्ने कि या चाहिँ धार्मिक र पर्यटक क्षेत्र बनाउने भन्ने कुरामा हामी अल्झिरहेका छौं जो पेट्रोल उत्खनन गर्ने भन्ने कुरा आएको छ त्यो असाध्यै योग्य कुरा र यसलाई चाहिँ धन्यवाद दिन सक्छौं । यो संघीय सरकार र प्रदेश सरकारको अथवा स्थानीय सरकारको कतिसम्म सम्झौता सहकार्य हुन सक्छ र कसरी गर्न सकिन्छ त्यो कुरालाई चाहिँ गर्नलाई तत्परता जनता पनि छन् तर हामीले यो तीनवटा कुरामा के गराउने भन्ने कुरा चाहिँ निस्कर्ष चाहिँ दैलेखी जनतासँग सरकारले समन्वय गर्नु पर्छ, अर्को कुरा तालतलैया भन्ने कुराहरू आएका छन् हामी यसरी ओझेलमा परेका छौं भने हाम्रो दैलेख जिल्लाको क्षेत्र नम्बर १क को क मा कुञ्याको ताल भन्ने छ पन्ध्र सय मिटरमाथि एउटा लेख छ त्यो लेखमा चाहिँ यस्तो राम्रो ताल छ कि जहाँ मान्छेहरू काफल खान नि जान्छन् चरी त्यही नाचेको हुन्छ गीत गाउने हाम्रा दोहोरी गीत गाउने दिदि बहिजिहरू त्यही रमाइरहेका हुन्छन् । आज त्यो कुञ्याको तालको पनि कसैले आवाज लिएको छैन मैले यहाँ पटक-पटक भन्ने पनि गरेको छु हाम्रा त्यस्ता-त्यस्ता धार्मिक स्थलहरू छन् जहाँ द्धारी झरना भन्ने छ । जहाँ दुई सय फिटमाथिबाट झरना झरीरहेको छ तल मान्छेहरूले हेरेर आनन्द र उमङ्ग लिइरहेका छन् । त्यस्ता झरनाको कुरा पनि यहाँ आउदैनन् हामीसँग विभिन्न किसिमका धार्मिक स्थलहरू छन् त्यस्ता कुराहरू पनि आउदैनन् र आज मलाई शंका के रहेछ भने आज यो हरियो किताबमा आएका कुरा मात्रै रातो किताबमा लेखिनु हो भने हामी दैलेखी सांसदहरूले कुनै पनि आशा नगरे हुन्छ, हवस् त धन्यवाद, लाल सलाम ।

**माननीय सभामुखः–** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू आर्थिक वर्ष ७५/७६ को लागि आएको बजेट वक्तव्य जो आर्थिक मामिला तथा योजना मन्त्रीमार्फत् प्रस्तुत गर्दै हामी छलफल गरिरहेका छौं । यस सन्दर्भमा धारणा राख्नु पर्दा आर्थिक वर्ष ७५/७६ बजेटमा जे जति कुराहरू यहाँ आएका छन् यी कुराहरू सकारात्मक छन् र यो बजेट आइसके पछि धेरै मनमा कैतुहलता पनि जागेका छन् धेरै मानिसहरूका जनता पनि र हामी सदस्यहरूको पनि कौतुहलता भइरहेको छ र जसले गर्दा यो बजेट सहि ढङ्गले कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने कुरा पनि त्यतिकै प्रश्नहरू उठिरहेका छन् । पहिलो कुरा म के भन्ने चाहन्छु भने जे-जस्तो तरिकाबाट बजेट आइरहेको छ यो बजेट सहि ढङ्गले कार्यान्वयन होस् भन्ने कामना गर्न चाहन्छु र सँगसँगै बजेटमा केही त्यस्ता प्रदेश गौरवका योजनाहरू भनेर केही नामहरू आएका छन् तर कतिपय सन्दर्भमा पौरख प्रदेश गौरवका योजनाभित्र

छुटेका स्थानहरू सम्वोध कसरी गर्ने त्यसको सुरूवात कसरी गर्ने र त्यहाँको जनताको सम्वोधन र त्यहाँ भौतिक कठिनाइ परेका समुदायहरूको कसरी चाहिने सम्वोध गर्ने यो विषय पनि एउटा टड्कारो ढङ्गले अगाडि बढिरहेको छ भौतिक पूर्वाधार खानेपानी अथवा वन वातावरण कृषि आदि इत्यादिमा बजेटहरू विनियोजन भएका छन् यो विनियोजन बजेट उपर हामीले छलफल गरिरहेका छौं सभामुख महोदय, यो भौतिक विकास मात्रै हाम्रो विकास हो जस्तो मलाई लागिरहेको छैन भौतिक विकास मात्रै प्रमुख हुँदो हो त दुनियामा मानिसहरू सम्पन्न छन् तर पनि उनीहरू बैरागी छन् किन छन् तिनी बैरागी हामी हिजो घाँस काट्दा दाउरा काट्दा भारी बोक्दा सबै प्रकारका कष्टकर जीवन बिताउदा खुशीहुने मान्छेहरू अहिले मान्छेहरू चाहिँ भौतिक विकास आफ्नो घर छेउमा पुगिसके पछि पनि अझ बढि बैरागी बनेका छन् त्यसैले गर्दा सामाजिक सदभाव र मान्छेहरूका मन मस्तिष्कहरू सहि तरिकाको चेतनाले निर्देशन अथवा गाइड गर्ने कुरा अलि बढि चाहिँ विकासको प्रमुख कुरा हो जस्तो मलाई लागिरहेको छ । अहिले पनि देश असाध्यै एउटा चाहिँ विकराल अवस्थामा गुज्रिरहेको मलाई भान भइरहेको छ सभामुख महोदय, आज सामाजिक सञ्जालमार्फत् महिलाहरूलाई तातो फलामले डामेर बोक्सिको आरोपमा कपाल काटेर ठुटो बनाएर तातो फलामले डामेर उनीहरूलाई अस्वभाविक ढङ्गले चाहिँ बरवरता पूर्ण तरिकाले देशमा अर्को एक प्रकारको सामन्ति पूरातन् बादी सोच प्रवृतिको एउटा चाहिँ जकेडि रहेको, एउटा चाहिँ हिन्दू धर्ममा आधारित हाम्रा जो परम्परा छन् धामी झाक्रिहरू पुरै ब्राहमणहरू त्यहाँका चाहिँ पुजारी पण्डितहरूले दुःख दिने गरिरहेका चाहिँ छन् अर्को एक थरि मान्छे अहिले हामी पर्यटनको कुरा गरिरहेका छौं । अहिले हामी झनै चाहिँ समृद्धिको कुरा गरिरहेका छौं शान्ति विना सामाजिक सदभाव विना सम्भव छ समृद्धि त्यो सम्भव छैन म देखिरहेको छैन । त्यसैले गर्दा बजेट आएको छ स्वभाविक छ स्वभाविक मानिरहेका छौं तर यी विकृति विसङ्गतिबाट मान्छेहरूले पार पाउने कि नपाउने यसका विरूद्धमा छिर्ने कि नछिर्ने अभियान सञ्चालन गर्ने कि नगर्ने यो कुराको चुनौतीको विषय हो कि होइन एक थरि मान्छे आफूलाई मान्छे नभएको जस्तो भ्यान भएर बस्दासम्मलाई के स्थिति हुन्छ नेपालमा दुई वटा कुराको मेरो मैले दुई वटा कुरालाई चाहिँ म मान्यता दिइरहेको छैन नेपालमा धार्मिक सहिस्वर्णता जातिय सहिस्वर्णता तथा भनिन्छ एउटा दबिएको मान्छेले सहदासम्म मात्रै छ यो उठेर छलफल गर्ने वितिकै त्यहाँ चाहिँ गञ्जागोल भइहाल्छ कहाँ छ सहिष्णुता छैन ट्र्याक भइराखेको छ दमन भइरहेको छ यो दमन शोषणका विरूद्धमा लामो संघर्षमा चाहिँ मान्छेहरूले त्याग तपस्या बलिदान आफ्नो जीवनको कुर्वानी दिएर परिर्वतित परिस्थितिमा हामी छौं आज पनि पुरानै तरिकाबाट आज पनि पुरानै शैलीबाट हाम्रा तरिकाबाट अगाडि बढे भने मानव मुक्तिको प्रसंग पहिलो कुरा हो दोस्रो कुरा मात्रै हो भौतिक कुरा त के गर्ने सल्लैले गर्ने कुरा न हो बाटो कसरी बनाउने सल्ला भयो भने त भइहाल्छ नि के-के बनाउनु पर्ने हो हाम्रा संरचना हुन्छन् बनाउने हो भने मानव मुक्ति

प्रसंगलाई परिणामुखी राख्न सकिएन भने अगाडि मात्रै झोवा वि.क. ले राख्नु भयो दुई तीनवटा कुरा राखे पनि असाध्यै खदिला ओतपूर्ण छन् उत्पीडितका आवाजहरू त्यसरी आउछन् हामी अलिअलि पढेलेखेका मान्छेहरू बोल्दा खेरि धेरै मान्छेहरूले धेरै त्यस्तो राख्दैनन् तर त्यो दबिएको मनबाट चाहिँ आउने वा निस्किने ति-ति आवाज होइनन् तिनी त झिल्का हुन झिल्का त्यो झिल्काले कहि गएर ठोसियो भने आगो लाग्छ जल्छ भोलि यो विचार गर्नु पर्दछ त्यसो हुने भएको हुनाले यहाँ ०७५/०७६ को बजेट आइरहँदा विभिन्न किसिमका भत्किएका घरबारहरू पूरातन केही चिजहरूमा बचेको भनौं र सामाजिक सांस्कृतिक विकृति विसङ्गगतिलाई अब अभियानको रूपमा लग्ने भोलुम यति फरक भयो भने के-के अभियान हुन्छ यो-यो राखु भन्दा नराखु हुन्न त्यसैले गर्दा योबाट चाहिँ समस्या हो यो समस्या हामी उत्पीडित समुदायको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना माननीय सदस्यहरूले हामीले केही कर्णालीलाई टेवा दिनु पर्छ बाउ बराजुले टेवा दिएका हुन् त्यो हलि भएर गोठला चाहिँ मतलब खाद्यान्नमा आत्मनिर्भर बनाउँदा तमाम मान्छेहरू चाहिँ हलि थिए त्यो दलित थिए गोठाला थिए पशुधनमा ती चाहिँ गोठाला बस्ने पनि दलित थिए अरू सिप कर्म गर्ने पनि थिए तब न आत्मनिर्भर थियो आफू पनि नगर्ने गर्नेलाई पनि निराशा बनाएर पुरै दमन गर्दै पछि र नेपालमा नयाँ प्रकारको चाहिँ विज्यारोपण एउटा वैचारिक विज्यारोपण भैइसके पछि ती मान्छेले पनि छर्ने नगर्ने त नगर्ने थिए अहिले समस्या छ सबै कुराको पुनरावेदन वृद्धि हुने काम गर्ने कुराहरूमा फेरि पनि काममा लाउने कुराहरूमा किन त्यसलाई नसम्झिने मैले हामीले उत्प्रेरित समुदायको तर्फबाट प्रतिनिधित्व गर्ने माननीय सदस्यहरूले एक अरब ९७ करोडको बजेट माग गरेका थियौं ती किन माग गरेका थियौं भने कर्णालीभित्रको समस्यालाई समाधान गर्न समाजवादी विकासको चाहिँ सबै उत्कृष्ट समुदायहरूलाई लामबद्ध भएर अगाडि बढाउन सिप र कलाबाट कर्णालीलाई समृद्ध तिर लैजानका लागि हामीले माग गरेका थियौं चाहे कर्णाली ब्राण्डको छाला उद्योगको निर्माण गर्न होस टोटल खेर गइरहेको कच्चा पदार्थ जो छ त्यसको बारेमा कर्णालीमा भित्रिने जुन प्रकारको चाहिँ कृषि औजारहरू उपकरणहरू छन् त्यसको कुरा त्यसलाई चाहिँ सिपको माध्यमबाट चाहिँ गरेर होस जाई बाना बुङ्ग्रग्र रहेका जमिनहरूलाई विभिन्न प्रकारले चाहिँ राज्यको तर्फबाट या चाहिँ सामूहिक समूह सहकारीको माध्यमबाट खेती उत्पादन गर्ने अर्गानिक बालिको उत्पादन गर्नेदेखि लगेर १०/८ वटा सामाजिक महत्वका र कर्णालीको समृद्धिको लागि चाहिँ महत्व राख्ने किसिमका चाहिँ हामीले उद्देश्य बनाएका थियौं । उद्देश्यमा हाम्रो उद्देश्य हो उद्देश्यमा पुग्नका लागि बजेटको आवश्यकता पदर्छ अथवा चाहिँ सम्पत्तिको आवश्यकता पदर्छ र प्रवृतिको आवश्यकता पदर्छ त्यसो भएको हुनाले उक्त कुरालाई चाहिँ सम्वोध गर्दा पनि असाध्यै चाहिँ न्यून र सामान्य चाहिँ छोएको छ । बजेटले यो बजेटले र बजेट विकेन्द्रित छ तर यो कहाँ जान्छ के गरी जान्छ यसका बारेमा अहिले भनि नहालौं तर बजेट धेरै विकेन्द्रित गरेर हुँदैन बजेट लाई केन्द्रिकृत गरेर राज्यको चाहिँ मतलब

निगरानिमा अथवा प्रदेशको निगरानिमा र समाजवादि भ्रमको रूपमा हामीले विकास गरेका मतलब चाहिँ समूह सहकारीमार्फत् जानु पदर्छ र कम्युनिस्ट सरकार हो कम्युनिस्ट सरकार हो हिजो गरेका व्यक्त गरेका विचारको लाईन सिद्धान्तले रूप चल्नका लागि चाहिँ सरकारलाई म अनुरोध गर्न चाहन्छु । आग्रह गर्न चाहन्छु । सभामुख महोदय, गति कुरा राख्दै आगामी दिनमा यस्ता बजेटहरू कार्यक्रमहरू जो रातो किताब भनिएको छ । किताब रातो त्योभित्र पनि चाहिँ राता राता कार्यक्रमहरू क्रान्तिकारी परिवर्तनशील कार्यक्रमहरू आउन भन्यो कुराको शुभेच्छा राख्दैं मेरा भनाइहरू यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्यमा हामी सैद्धान्तिक हिसाबले छलफल गर्दै छौं दस वर्ष राजनीतिक परिर्वतनको आन्दोलनमा नेपाली जनताले आफूलाईसम्मरपित गरे दश वर्षको पिरेटमा नेपाली जनताको भाग्य र भविष्य को फैसला गर्नका निम्ति देशको मूल कानून निर्माण गर्न का निम्ति खर्चिय अबका दस वर्ष राजनीतिक र सांस्कृतिक परिर्वतन शहिद विकास र समृद्धिका वर्ष हुनेछन् भन्ने कुरामा हामीलाई विश्वास लागि राखेको छ । यही सिलसिलामा कर्णाली प्रदेशको विकास र समृद्धि सँगसँगै कर्णाली प्रदेशका जनताहरूको जीवन स्तरलाई माथि उठाउनका निम्ति जुन बजेट आएको छ वक्तव्य आएको छ कर्णाली प्रदेश सरकारले ल्याएको को छ २७५ वटा बुँदामा १० वटा अनुसूचीमा जुन बजेट आएको छ र यो बजेटको मूल उद्देश्य प्रदेशको विकास र समृद्धिको यात्रालाई सुनिश्चित गरी समाजवादको यात्रातय गर्ने भनिएको छ र समाजवादको यात्रा तय गर्ने क्रममा कर्णाली प्रदेश सरकारले चालुगत बजेट भन्दा पूँजीगत बजेट जो बढि छुट्टाइएको छ यो उदाहरणीय विषय हो । यो राम्रो पाटो हो, यसका निम्ति म कर्णाली प्रदेश सरकार र आर्थिक मामिला तथा योजना मन्त्रीज्यूलाई धन्यवाद पनि दिन चाहन्छु र सैद्धान्तिक हिसाबले छलफल गर्दै गर्दा धेरै माननीयज्यूहरूले विषय राखिसक्नु भएको छ सैद्धान्तिक हिसाबले हामीले यो बजेट वक्तव्यलाई अध्ययन गर्दै गर्दा यो बजेट वक्तव्य सन्तुलित नै छ र अघिल्लो चौमासिक बजेट र यस्लाई तुलना गर्दा यो धेरै सन्तुलित छ भन्ने मलाई लागेको छ तर सैद्धान्तिक हिसाबले यो जति सुन्दर छ जति सन्तुलित छ यसको अब व्यवहारीक कार्यान्वयनको प्रश्न व्यवहारीक हिसाबले यहाँ माननीयज्यूहरूले पनि उठाउनु भएको छ रातो किताब जो आउँदै छ मन्त्रालयगत हिसाबले सबै मन्त्रालयहरूले योजना सँगसँगै बजेट कसरी विनियोजन गर्नु हुन्छ र त्यो बजेट र योजनालाई हेर्दा साच्चिकै कर्णाली प्रदेशको जनताको समृद्धि हुन्छ कि हुँदैन कर्णाली प्रदेशका जनताहरूको जीवनस्तरमाथि उठ्छ कि उठ्दैन भन्ने कुरा हामीले त्यहाँ हेर्न बाँकी नै छ र हामीले हेर्ने नै छौं र मलाई के लाग्छ भने हामीले भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखेका छौं र भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकता राख्दै गर्दा

हामीले सडकलाई राखेका छौं म के भन्न चाहन्छु भने कर्णाली प्रदेश राष्ट्रिय सडक सञ्जालमा नजोडिएका दुईवटा जिल्ला भएको यो प्रदेश हो र त्यो प्रदेशमा संघीय बजेटमा ती सडकहरूका निम्ति केही बजेटहरू विनियोजन भएको छ र हामीले यहाँ लक्ष्य पनि राखेका छौं कर्णाली प्रदेश सरकारले लक्ष्य राखेको छ एक वर्षमा हुम्ला र डोल्पामा बाटो पुर्याउने कुराको लक्ष्य राखेको छ प्रश्न गर्न चाहन्छु संघीय संसदबाट छुट्टाइएको बजेटले सम्भव छ । एक वर्षभित्र डोल्पामा पुग्न सक्छ म मान्न सक्छु तर हुम्लामा सडक पुग्न सक्छ मलाई लाग्छ पुग्न सक्दैन त्यसैले हामीले हाम्रो प्रदेशका गौरवका योजनाहरूका कुरा गर्दै गर्दा राष्ट्रिय गौरवका योजनाहरू जुन छन् ती राष्ट्रिय गौरवका योजनाहरूमा कर्णाली प्रदेशले पनि केही स्वामित्त्व लिन पर्छ कि पर्दैन केही बजेट विनियोजन गर्नु पर्छ कि पर्दैन र हामीले लिएका उद्देश्यहरूलाई पूरा गर्नका निम्ति त्यसका निम्ति केही बजेट कर्णाली प्रदेशले पनि विनियोजन गर्नुपर्छ । त्यो रातो किताबमा आओस् भन्ने कुरा म राख्न चाहन्छु र त्यस्तै गरेर प्रदेशका गौरवका योजनाहरू यहाँ भन्नु भयो माननीयज्यूहरूले केही गौरवका योजनाहरू आएको छ र केही गौरवका योजनाहरू छुटेका छन् भनेर भन्नु भएको छ । मैले त्यस्ता प्रदेशको गौरवको योजनाहरू त्यति देखिरहेको छैन त्यसैले प्रदेश गौरवका योजनाहरू छुट्टाउन जरूरी छ र हामी अहिले संघीय संरचनामा जादै गर्दा हाम्रो निम्ति यो ऐतिहासिक एउटा संघीयतालाई कार्यान्वयन गर्नका निम्ति यो अवसर पनि हो र त्यो अवसरलाई पूरा गर्नका निम्ति हामीले कर्णाली प्रदेशका प्राकृतिक स्रोतसाधनहरूलाई पहिचान गर्न सोध खोज गर्न र त्यसलाई उपयोग गर्न कसरी गर्न सक्छौं भन्ने कुरामा प्रष्ट एउटा विचार प्रष्ट एउटा दृष्टिकोण अलि त्यति आउन नसकेको जस्तो मलाई लागिरहेको छ र हामीले सामाजिक रूपान्तरणसहितको समाजवाद जनताका लागि उत्पीडित वर्ग समुदाय र लैङ्गिक हिसाबले र लक्षित हिसाबले पनि बजेट छुट्टाउन जरूरी छ । सामाजिक न्यायिक न्यायसहितको समाजवादमा हामी पुग्ने हो भने हामीले राज्यबाट सामन्ति राज्य व्यवस्थाले पछि पारेका त्यो समुदाय जातिहरूलाई पछि पार्यौं भने अवश्य पनि हामीले समाजवादको बाटो तय गरे पनि सामाजिक न्यायसहितको समाजवादमा हामी पुग्न सक्दैनौं त्यसैले माननीय रातो कामीले पनि भनि सक्नु भएको छ लक्षित समुदायको कार्यक्रमका हिसाबले हामी कर्णाली प्रदेशमा दलित समुदायबाट प्रतिनिधित्व गर्न ५ जना माननीयहरूले हामीले संयुक्त रूपमा लेटर प्याड एउटै बनाएर हामीले योजनाहरू पेश गरेका छौं त्यो योजनामा मेरो पनि हस्ताक्षर छ र त्यसलाई सम्वोध गरीनु पर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र यहाँ केही लैङ्गिक कुराहरू गर्दैगर्दा बजेटको विषयमा छलफल गर्दैगर्दा ठूला योजनाहरू मात्रै होइन अलिकति साना योजनाहरूलाई पनि ध्यान केन्द्रित गर्न जरूरी छ भन्ने कुराहरू पनि राख्नु भएको छ । लैङ्गिक हिसाबले महिला, दलित, जनजाति त्यसपछि बालबालिका अल्पसंख्यक, सीमान्तकृत, वृद्धवृद्धाहरू, घाइते अपाङ्गगहरूका निम्ति पनि बजेटहरू छुट्टाउन जरूरी छ त्यो समुदायलाई त्यो वर्गलाई हामीले योजना र कार्यक्रममा ल्याउन सकेनौं भने अवश्य

पनि हामीले जुन उद्देश्य लिएका छौं त्यो उद्देश्य पूरा गर्न सक्दैनौं र यहाँ सेफहाउस निर्माण गर्न कुराहरूपनि आएको छ के साच्चैं सेफहाउस निर्माण गर्दैगर्दा महिलाहरूमाथि जुन प्रकारका हत्या हिंसाहरू भइराखेका छन् उत्पीडनका घटनाहरू विकृतिहरू भइरहेका छन् त्यस्ता एउटा सडक पुगेको अन्यायमा परेको महिलाहरूलाई सुरक्षित गर्नको निम्ति ६ वटा जिल्लामा ७० लाख मात्रै भनेर यहाँ बजेट विनियोजन गरिएको छ ठीक छ यो ७० लाख भनेर बजेट विनियोजन गरे पनि हामी ५ वटै जिल्लामा सुरूवात गरौं र आवश्यक अरू बजेटहरू हुनु पर्छ भन्ने कुरा म राख्न चाहन्छु । यहाँ छुवाछुतको कुरा गर्दैगर्दा जातिय छुवाछुत पनि हुने गर्छ यो ११० नम्बर बुँदामा दलित भनेर छुट्टाइएको छैन जातिय छुवाछुत दलितहरूमाथि नै हुने भएको हुनाले यो विषयलाई चाहिँ उल्लेख गर्नका निम्ति म भन्न चाहन्छु । हामी संघीय संरचनामा गइ सकेपछि कि निर्वाचन क्षेत्र केन्द्रित गरौं, एक जिल्लामा दुईवटा योजना भनेर यसरी योजना राख्दा खेरि त्यसले राम्रो हुँदैन बरू हामीले निर्वाचन क्षेत्र प्रतिनिधि सभा होस् या प्रदेशसभा निर्वाचन क्षेत्रलाई चाहिँ उल्लेख गर्दा राम्रो हुन्छ जस्तो मलाई लाग्छ र म सुर्खेत जिल्लाबाट प्रतिनिधित्व गर्न एउटा जनप्रतिनिधि हिसाबले यहाँ सुर्खेतको साटाखानिमा विशेष औद्योगिक क्षेत्र हुनुपर्छ, यहाँ अर्थिक क्षेत्र भनेर उल्लेख गरिएको छ । १७७ नम्बर बुँदामा र मैले एउटा विषय के राख्न चाहन्छु भने यो सुर्खेती जनताको एउटा माग पनि हो र यहाँ सडकको नामाकरण गर्दैगर्दा छिन्चु-सल्लीबजार-सिम्ता-जाजरकोट सडक ऋषि शर्मा मार्ग भनेर राखिएको छ त्यसका निम्ति म प्रदेश सरकारलाई धन्यवाद पनि दिन चाहन्छु र यो भन्दै गर्दा खेरि मैले अर्का शहिद ऋषिराम गैतम राहुललाई पनि सम्झन चाहन्छु । सुर्खेति जनताको मात्रै होइन यो भेरी कर्णाली क्षेत्रको एउटा छवि स्वच्छ छवि भएको एउटा कुशल नेतृत्व हुनुहुन्थ्यो ऋषि शर्मालाई सम्वोध गर्दै गर्दा ऋषिराम गौतम राहुललाई पनि सम्वोध गरीनुपर्छ । त्यसैले गर्दा कुनै सडकको नामाकरण राहुलको नामबाट हुनुपर्छ, त्यसका निम्ति म कर्णाली प्रदेश सरकारलाई माननीय सभामुखज्यूमार्फत् ध्यानाकर्षण गर्न चाहन्छु र माग पनि राख्न चाहन्छु यो नामाकरण गरियोस् भन्ने कुरा यो मेरो मात्रै होइन सुर्खेति जनताको आवाज हो भन्ने कुरा म राख्न चाहन्छु । त्यस्तै गरेर समय छैन तर सुर्खेतमा आएको बाढीपहिरोका कारण बाढीपीडितहरू अहिले पनि पाल मुनि बसिरहेका छन् यो बजेटमा कहि पनि बाढीपीडितका कुराहरू उल्लेख गरिएको छैन त्यसैले बाढीपीडितहरूको विषयमा अघिल्लो बजेटमा समिति बनाउने कुरा थियो तर यो बजेटमा त बाढीपीडितको नाम नै छैन त्यसले गर्दा यी बाढीपीडितहरूको समस्यालाई यदि हामी सम्वोध गर्न सक्दैनौं भने हामीले कर्णाली प्रदेशमा अरू केसम्म सम्वोध गर्न सक्छौं त्यसैले एकदम अप्ठारोमा परेका कष्टमा परेका यी बाढीपीडितहरूका समस्यालाई पनि समाधान गर्नका निम्ति रातो किताबमा आओस् भन्ने कुरा म राख्न चाहन्छु र पहेलो बत्ती बलिसकेको छ त्यसैले गर्दा अहिले हामीले कर्णाली प्रदेशले स्थानीय तहसँग सहकार्य गर्ने गरी कतिपय सशर्त अनुदान दिएर र कतिपय कर्णाली प्रदेशले नै कार्यक्रमहरू गर्ने गरी

रातो किताब बजेटहरूको सहि ढङ्गले विनियोजन होस् वस्तुवादी विनियोजन होस् त्यसमा हामी माननीयको तर्फबाट कर्णाली प्रदेशको समृद्धि र विकासका निम्ति निरन्तर लागि राख्ने कुराको प्रतिबद्धता पनि व्यक्त गर्दै म विदा हुन चाहन्छु, हवस् त धन्यवाद, लाल सलाम ।

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को राजश्व र वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको छ ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार ८ गते शुक्रबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या–२२

(२०७५ असार ८ गते शुक्रबार)

राष्ट्रीय धुन,

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको २२ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारको आथिक वर्ष २०७५/७६ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सभामा सामान्य छलफल हुँदा माननीय सदस्यहरूबाट उठाइएका प्रश्नहरूका सम्बन्धमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालालाई प्रदेशसभाको नियमावली, २०७४ को परिच्छेद १६ को नियम १२९ को उपनियम (३)बमोजिम सभामा उत्तर दिन समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाः–** माननीय सभामुखज्यूको अनुमतिले विनियोजन विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा माननीयज्यूहरूले उठाएका विषयहरूमा केन्द्रित भएर यहाँ उठेका प्रश्नहरू जिज्ञासाहरूलाई मैले सकेसम्म प्रष्ट पार्ने गरी उत्तर दिनको निम्ति यहाँ उभिएको छु । माननीयज्यूहरूले कतिपय महत्वपूर्ण सुझाव पनि दिनु भएको छ । सकेसम्म लिखत रूपमा संक्षेपमा र यहाँ व्यक्त भएका सवालहरू जिज्ञासाहरू प्रश्नहरूको सम्वोध होस् भन्ने किसिमले सुझाव पनि दिनु भएको छ । म त्यो कुरालाई मनन गर्दै माननीयज्यूहरूले उठाएका विषयहरूलाई म सम्माननीय सभामुख महोदयमार्फत् यस सम्मानित सदनसमक्ष लिखत रूपमै प्रस्तुत गर्न गइरखेको छु । माननीयज्यूहरूले जसरी यो जनताको प्रतिनिधिहरूको जनताको भावनाको सम्वोधन हुने थलोमा आफ्ना विषयहरू र बजेटसँग जोडिएका सवालहरू र बजेट र जनतालाई जोड्ने विषयहरूलाई व्यवस्थित रूपमा यहाँ चाहिँ प्रस्तुत गर्नु भएको छ । त्यसका निम्ति सबै यहाँ आफ्ना विषयहरू राख्ने सत्ता पक्षका प्रतिपक्षका सबै नेताहरू र माननीयज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु । सबभन्दा पहिले केही प्राविधिक कमजोरीहरू पनि औंल्याउनु भएको छ । कति नामहरू छुटेका कुरा कतिपय टेक्निकल कमजोरी भएका कुरा त्यस्ता कुरामा म महसुस गर्दछु । यो बजेट महत्वकांक्षी छ भन्ने कुरा माननीयज्यूहरूले उठाउनु भएको छ र कतिपय माननीयज्यूहरूलाई अति महत्वकांक्षी भयो पनि भन्नु भएको छ । मैले भन्दै पनि आएको छु । केही महत्वकांक्षासहित नै केही आकांक्षा उद्देश्यसहित नै यो बजेट ल्याइएको छ । आकांक्षा नै नराख्दा खेरि केही पनि गर्न सकिदैन । त्यसकारण त्यो अति महत्व आकांक्षा त होइन । केही आकांक्षा केही उद्देश्य, केही लक्ष्यसहित हामी प्रस्तुत भएका छौं । हामी नीति तथा कार्यक्रममा होस् अथवा चाहिँ बजेटमा हामीले समृद्ध कर्णाली सुखी कर्णाली बासिको जुन एउटा उद्देश्य बोकेका छौं, जुन लक्ष्य लिएका छौं त्यो पूरा गर्न पनि केही महत्वकांक्षासहित बजेट आएको कुरा म महसुस गर्न चाहन्छु । छ अर्ब बढिको घाटा बजेटका बारेमा केही आशंकाहरू पनि गरिएका छन् तर घाटा बजेट पूर्ति

गर्नका लागि भरपर्दो आधारहरू छन् भन्ने कुरा पनि म माननीयज्यूहरूसँग अनुरोध गर्न चाहन्छु । संघीय सरकारबाट प्राप्त हुने समपूरक र विशेष अनुदानको हिस्सा पाउने हाम्रो अथवा कर्णाली प्रदेशको पनि कानूनी अधिकार छ । संघीय सरकारबाट आन्तरिक ऋण लिनका लागि पनि संबैधानिक र कानूनी व्यवस्था भएकोले प्राप्त गर्न सकिने सम्भावना रहन्छ । यसमा केन्द्रीय सरकारको सहयोग प्राप्त हुन सक्ने वैदेशिक अनुदान सहयोग जोडिएको छैन । त्यो स्रोत पनि सम्भावित स्रोत हो । तर अहिले हामीले चाहिँ विशेष अनुदान बाट प्राप्त हुन सक्ने निश्चित अब कति भन्ने कुरा त पछि छिनोफानो होला । एउटा निश्चित सिलिङ्गमा चाहिँ विशेष अनुदान पनि प्राप्त गर्न सक्छौं । समपूरक अनुदान पनि प्राप्त गर्न सक्छौं र ऋण लिन पनि सक्ने भएकोले यो विश्वनियत स्रोतलाई आधार बनाएर घाटा बजेट प्रस्तुत गरिएको कुरा म अनुरोध गर्न चाहन्छु । स्थानीय तहलाई वितरण गरिएको जुन चाहिँ समानीकरण अनुदानको चालिस करोड बजेट वितरण कुन फर्मुलाअनुसार गरियो भन्ने माननीयज्यूहरूको जवाफ पनि मसँग छ । प्राकृतिक स्रोत तथा वृत्त आएको फर्मुलाअनुसार समानीकरण अनुदान र राजश्व बाँडफाँड गरिएको हो । यसमा प्रदेश सरकार वा आर्थिक मामिला तथा योजना मन्त्रालयको कुनै पनि भूमिका छैन भन्ने कुरा म प्रष्ट पार्न चाहन्छु । हामीले एकमुष्ट चालिस करोड चाहिँ वृत्त आयोगलाई उपलब्ध गरायौं । त्यो सिलिङ्ग अनि उसले चाहिँ निश्चित मापदण्डहरू त्यो चाहिँ डकुमेन्ट पनि हामीसँग छ । कुन-कुन मापदण्डमा के-के भन्ने कुरा त्यसका आधार उसले वितरण गरेर हामीलाई लिस्ट पठाइदिएको छ । त्यही लिस्ट हामीले स्थानीय तहलाई वितरण गरेका छौं । बजेट कार्यान्वयन धेरै महत्वपूर्ण सवाल हो । यसका लागि आवश्यक कानून र संरचना निर्माण गरेर योजना बद्धरूपले सम्वोधन गरेका योजनाहरूको कार्यान्वयनमा सरकार इमान्दार भएर लाग्ने कुरा म व्यक्त गर्न चाहन्छु । कार्यान्वयनको वैज्ञानिक संरचना र मोडालिटि बनाउने कुरामा सरकारको ध्यान निश्चित रूपमा जाने छ । साथै पूँजीगत खर्च अर्थात विकास बजेट बढाउने कुराको लागि पनि आवश्यक नीति, कानून र संरचना बनाइने छ । ठेक्कापट्टा प्रणालीको अन्त्य गर्न त सकिदैंन नै यो स्वभाविक रूपमा चाहिँ ठेक्कापट्टा टेन्डर प्रणालीमा जानैपर्छ तर प्रदेश सरकारले खर्च प्रणालीलाई नियमित र पारदर्शिक बनाउनको लागि सार्वजनिक खरिद ऐन र अन्य आवश्यक कानून तथा नियम, निर्देशिका बनाएर कार्यान्वयन प्रक्रियालाई सहज कम झन्झेटिलो समयमा काम सम्पन्न गर्न मितव्ययी, अनियमितता नियन्त्रण गर्ने प्रणाली अब अवलम्बन गर्नु छ । बजेट कार्यान्वयन निम्ति हामीले वार्षिक कार्यतालिका निर्माण गर्न छौं । हामी साउन १ गतेदेखि असार मसान्तसम्मको कार्यतालिका कुन समयमा के के काम गर्न भन्नेको भन्ने कार्यतालिका हामी सरकारको तर्फबाट तयार पार्न छौं । प्रक्रिया पुर्याएर नआएका योजनालाई प्राथमिकता दिइन्छ कि भन्ने पनि आशङ्का छ । त्यस्ता योजनाहरूलाई प्राथमिकता दिइदैंन मूल डोकाबाट आएका माननीयज्यूहरूले प्रस्ताव गरेका र सम्भाव प्रतिफल युक्त योजनाहरू नै प्राथमिकता पर्न विश्वास पनि

दिलाउन चाहन्छु । छलफलमा गम्भीरता पूर्वक उठेको बाढीपहिरोको विषय समग्र विपद् जोखिम व्यवस्थापन तथा विपद् पीडितको उद्धार राहतको विषयसँग समेटिएको छ र यसका निम्ति आवश्यक बजेट विनियोजन पनि गरिएको छ । २०७१ सालका बाढीपीडितहरूको पुनर्स्थापनाको लागि चालु आर्थिक वर्षको बजेटमा अर्थात ०७४/०७५ को बजेटमा नै उच्चस्तरीय समिति गठन गरी पुनर्स्थापना गर्न कुरा प्रष्ट रूपमा आइसकेको र पुनर्स्थापना कार्यका लागि समिति गठन गर्न प्रक्रिया पनि अगाडि बढि सकेको व्यहोरा यो सम्मानित सदनसमक्ष अनुरोध गर्न चाहन्छु । वर्ष अगाडि नै बाढी पीडितहरू का लागि आवश्यक सहयोगको लागि सरकार गम्भीर छ भन्ने कुरा पनि म ध्यानाकर्षण गर्न चाहन्छु । सुर्खेतमा अन्त्यराष्ट्रिय मापदण्डको एयरपोर्टको निर्माणका लागि संघीय सरकारसँग समन्वय गरेर काम अगाडि बढिरहेको कुरा जानकारी गराउन चाहन्छु । शहिदहरूको सम्मान स्वरूप शहिद कामी बुढा र शहिद ऋषिप्रसाद शर्माको नाममा राजमार्गहरूको नामाकरण गरिएको विषयमा सकारात्मक प्रतिक्रिया आएको छ । प्राविधिक कारणले छुट हुन गएको ऋषिप्रसाद गौतम अर्थात राहुल जस्ता योद्धाहरूको सम्मानमा सम्मानका लागि पनि सरकारले आवश्यक निर्णय कुरा म जानकारी गराउन चाहन्छु । हामीसँग स्रोतको अभाव छ आवश्यकता चाहिन्छ । सानो स्रोतलाई पनि कति धेरै उपयोग गर्न सकिन्छ भन्नेमा सरकार चिन्तित छ । सानो र टुक्रे योजनामा बजेट छर्ने प्रवृतिलाई निरूत्साहित गर्न प्रयन्त गरिएको छ । बजेटको प्राथमिकतामा प्रदेश महत्वका अथवा प्रदेश गौरवका ठूला आयोजनाहरू पनि पर्ने छन् । यो बजेटमा सांसद कोष भनेर जुन चर्चामा आएको छ त्यस्तो कुनै कोषको व्यवस्था गरिएको छैन । योजना कार्यक्रम र बजेट विनियोजन गर्दा प्रदेशका जिल्ला निर्वाचन क्षेत्र र स्थानीय तहलाई केन्द्रित गरिएको छ र बाँकी बजेट विनियोजन गर्नका लागि पनि निर्वाचन क्षेत्र र स्थानीय तहलाई केन्द्रित गरेर बजेट विनियोजन गरिने छ । सडक, विद्यालय सुधार, खेलकुद मैदान, कृषि सडक, कृषि सिंचाइ जस्ता कार्यक्रमहरू निर्वाचन क्षेत्र केन्द्रित गरिएको छ तर जथाभावी गर्ने गरी सांसदलाई रकम बाँडिएको भनेर सञ्चारमाध्यममा आएको समाचार प्रति सरकारको ध्यान गएको छ र यस्ता समाचारमा कुनै सत्यता नभएको कुरा पनि प्रष्ट पार्न चाहन्छु । प्रत्यक्ष र समानुपातिक भनेर सांसदको वर्गीकरण गर्न र फरक व्यवहार गर्ने कुरामा म सहमत छैन । निर्वाचन क्षेत्र फरक भएपनि सबै माननीय सांसदहरूको हैसियत मर्यादा दायित्व र भूमिका समान छ भन्ने कुरा प्रष्ट पार्दछु । यो बजेट पनि दुई थरि सांसदको विभेद मेटाइएको छ । बजेटको एउटा मूल लक्ष्य आर्थिक आत्मर्निभरता, भौतिक विकास, सामाजिक विकास र सामाजिक न्याय हो । यस लक्ष्य प्रति बजेट र सरकार प्रतिबद्ध छ । विकासको मेरूदण्ड सडक हो भन्ने कुरामा दुई मत छैन । त्यसैले प्राथमिकता भौतिक पूर्वाधार र त्यस मध्ये पनि सडकलाई दिनु पर्छ भन्ने कुरालाई बजेटले केन्द्र विन्दुमा नै राखेको छ । त्यसकारण सबभन्दा बढि रकम सडक र भौतिक पूर्वाधारमा विनियोजन गरिएको छ । साथै खानेपानी, सिंचाइ, बिजुली जस्ता भौतिक

पूर्वाधारलाई पनि प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको छ । केही अत्यावश्यक सामाजिक सुरक्षा र उत्पादनको क्षेत्र बजेटको अर्को प्राथमिकता हो । महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका, अल्पसंख्यक, सीमान्तकृत, लक्षित वर्ग समुदायिकलाई बजेटमा प्राथमिकता दिनै पर्थ्यो र त्यसअनुसार प्राथमिकता दिएको छ । त्यसरी नै छाउपडी, बोक्सी जस्ता समाजका कलङ्कका रूपमा रहेका सामाजिक विकृति र कुरीति अन्त्य गर्न कार्यक्रमका लागि पनि बजेट छुट्टाउनु अनिवार्य थियो । यस्तो सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा आवश्यक बजेट विनियोजन गर्दा बजेट छरिएको जस्तो लाग्न सक्छ तर यस्ता जनमुखी कार्यक्रममा बजेट राख्नु अनिवार्य छ । सामाजिक विकृति अन्त्य गर्न र सेफहाउस जस्ता महत्वपूर्ण कार्यक्रमका लागि बढि रकमको आवश्यकता परेमा बजेट थप गर्न सकिने कुरा पनि म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । यस अर्थमा यो बजेट वितरणमुखी होइन उत्पादन र निर्माणमुखी हुनुको साथै सामाजिक सुरक्षालाई समेत सम्वोधन गर्न आएको समावेशी बजेट भएको यथार्थता प्रष्ट पार्न चाहन्छु । लैङ्गिक र लक्षित वर्ग समुदायलाई केन्द्र विन्दुमा राखेर सकेसम्म वर्ग समुदाय मैत्री र लैङ्गिक उत्तर दायी बजेट ल्याउने कोसिस गरिएको छ । बजेटले स्वाथ्य शिक्षा खलकुद जस्ता सामाजिक क्षेत्र लाई पनि यथोचित सम्वोधन गरेको छ । जोखिममा रहेका सुत्केरी वा विपद्मा रहेका विपद्मा परेका जनताप्रतिको दायत्वबाट सरकार भाग्न सक्दैन । त्यसैले जेखिममा परेका सुत्केरी विपद्मा परेका नागरिकको उद्धार र राहतका लागि पनि उचित बजेट विनियोजन गरिएको छ । शैक्षिक पूर्वाधारलाई प्राथमिकतामा राखिएको छ । संविधानको भावनाअनुसार स्वतन्त्र र आत्मनिर्भर बजेट ल्याउने प्रयत्न गरिएको छ । हाम्रो लक्ष्य जो समृद्धि र विकास हो, त्यसको औजार बजेट हो भन्ने कुरामा म सहमत छु । बजेटको सदुपयोग हुन नदिने सवाल पनि एउटा महत्व पूर्ण पक्ष हो । अनियमिता डिला सुस्ती, भ्रष्टाचार नियन्त्रणमा सरकार कडाईका साथ प्रस्तुत हुनेछ र त्यसका लागि आवश्यक कानून र संरचना निर्माण गरिने गरी कार्यान्वन गरिने छ । हामी अरूको सम्पति बाँडने भान्से होइनौ अरूले दिएको बाँड्दा विचार गर्नुपर्ने आफ्नो बाँड्दा विचार नपुर्याउने कुरा पनि त हुँदैन प्रदेशको स्रोत अरूले दिएको अनुदान हो भन्नु भन्दा पनि कर्णाली प्रदेशका जनताले तिरेको कर बाट समेत राष्ट्रिय ढुकुटी बनेको हो । यसमा हाम्रो सम्पुण अधिकार छ । यो हाम्रै रकम हो । त्यसैले वितरणमुखी भन्दा पनि प्रतिफलमुखी बनाउने कुरामा सरकार गम्भीर छ । संवैधानिक रूपमा ऋण उठाउन पाइँदैन कि भन्ने माननीय ज्यूहरूको जिज्ञासाको संविधानलेनै जवाफ दिएको छ । संविधानको धारा २०३२ मा संघीय कानूनबमोजिम प्रदेशले ऋण लिन पाउने व्यवस्था छ । यस सम्बन्धमा संघीय कानून बनिसकेको पनि छ । संविधान को धारा ६० र धारा २५१बमोजिम तथा संघीय कानून अन्त्यसरकारी वित्त व्यवस्थापन ऐनको दफा १४, १, २ र ३ बमोजिम प्रदेश सरकारले आन्तरिक ऋण लिन पाउने र यही संवैधानिक कानूनी व्यवस्थाअनुसार कर्णाली प्रदेश ऋण उठाउने

विधेयक प्रस्तुत गरिएको हो र ऋण उठाउने सम्बन्धमा फेरि अर्को कानूनको जरूरत हुन्छ । त्यो प्रदेश सरकारले बनाउने छ । जसअनुसार एक अर्ब ऋण लिन सकिने उनुमान गरिएको छ । संविधानको धारा १९७ मा प्रदेशका अधिकारहरूको व्यवस्था गरिएको स्मरण गराउन चाहन्छु । धनी धनी हुँदै जाने र गरिब गरिब हुँदै जाने बजेटको ओरिनटेसन होइन । बरू विभिन्न कार्यक्रम मार्फद गरिबी न्यूनीकरणमा बजेटले जोड दिएको छ । निश्चित मापदण्डका आधारमा माननीय सांसदज्यूहरू स्थानीय तह समेतको सुझाव र सहयोगमा योजना र बजेटको बाँडफाँड पारदर्शी किसिमले गरिने छ । त्यसकारण यो बजेट पजनीमुखी हुन्छ कि भनेर शंका नगर्न आग्रह गदछु । बजेटको कार्यक्रम पुस्तिकामा कार्यक्रम योजना र बजेट उल्लेख गरेर माननीय सांसदज्यूहरूलाई वितरण गर्न व्यवस्था गरिने छ । बजेट किटानी नभएका योजनाहरूमा रातो किताबमा किटानी हुनेछ । रातो किताब कोल्टो पर्न छैन र कुनै गाउँमा औंशी र कुनै गाउँमा पुर्णी हुन्छ कि भन्ने आशङ्का पनि गर्नु पर्दैन । रातो किताब छिट्टै नै तपाईंहरूको हातमा आउने कुरामा विश्वास दिलाउन चाहन्छु । यो बजेटमा आएका योजना आकासे होइन्न भूगोल केन्द्रित नै छन् योजना छनोट गर्दा पनि भूगोललाई नै मुख्य आधार बनाइने कुरा पनि प्रष्ट पार्दछु । बजेटका नारा नारामा मात्रै सीमित हुन नदिन नारासहित कार्यक्रम र कार्यक्रमसहित बजेट विनियोजन गरिएको छ । यो कर्णालीका किसान, श्रमिक, दलित, महिला, गरिब आमजनाताको बजेट हो । त्यसैले न्यायचित वितरण र उपभयोगलाई एउटा मुख्य आधार बनाइएको पनि छ । व्यावसायिक कृषिकरण र औद्योगिकरणमा बजेटलाई लक्षित गर्न खोजिएको छ भने बजेट परिमाणमुखी र उत्पादनमुखी हुने कुरामा हामी प्रष्ट छौं । अपाङ्गता पुनर्स्थापना केन्द्र जस्ता महत्वपूर्ण सुझावहरूलाई म मनन गर्न चाहन्छु । केही ठूला राजमार्ग, ठूला जलविद्युत आयोजना, सडक, पुल, झोलुङ्गे पुल, सुरूङ्ग मार्ग, केबुलकार, जलमार्गहरूको सम्भाव्यता अध्ययन गर्ने कुरा बजेटमा बोलिसकेको छ । त्यसपछि प्रदेशले बनाउने समग्र गुरुयोजनामा यी योजनाहरू प्रष्ट हुनेछन् । युवा स्वरोजगार कार्यक्रमलाई कार्यविधि द्वारा मूर्त बनाइने छ । उचित कर प्रणाली सहि कर प्रशासन र करसम्बन्धी आवश्यक संरचना निर्माण गरिने छ । स्वदेशी तथा विदेशी नीजि लगानीकर्तालाई आकर्षित गर्न लगानी मैत्री वातावरण बनाउने कुरा बजेटमा उल्लेख गरेका छौं । बजेट बनाउँदा वा योजना छनोट गर्दा दलगत स्वार्थ नराखी पारदर्शी रूपमा काम गरिएको छ र गरिने छ भन्ने कुरामा खास गरी प्रतिपक्ष दलका माननीयज्यूहरूलाई आश्वस्त गर्न चाहन्छु । एक अर्ब दुई करोड पाँच लाख जो चालु आर्थिक वर्षको बजेट हो । यसबाट खर्च नभएको बजेट केन्द्रमा जादैंन प्रदेश सञ्चित कोषमा रहने कुरा पनि जानकारी गराउन चाहन्छु । कर्णाली विश्वविद्यालय र प्राविधिक विश्वविद्यालयको रूपमा विकास गरिने कुरा बजेट वक्तव्यमा बोलिसकिएको छ । बजेट कार्यान्वयनका लागि केही अति आवश्यक संरचनाहरू निर्माण गर्नुपर्ने हुन्छ तर सरकारलाई खर्चको भाव बढाउने गरी संरचना बनाउने कुरामा सरकार सजक छ ।

सडक यातायात सुविधा नपुगेका डोल्पा, हुम्ला जिल्लाका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई हवाई टिकटमा एक हजार अनुदान दिने र कर्णालीमा उडान भर्ने हवाईसेवा प्रदायक कम्पनीलाई इन्धनमा केही अनुदान दिने व्यवस्था गरेको कुरा अलि म प्रष्ट पार्न चाहन्छु । जडिबूटीको उत्पादन सङ्कलन प्रशोधन गरी व्यवस्थित गर्न र जडिबूटीहरूलाई राजश्वको दायरामा ल्याउने कुरामा पनि सरकार प्रष्ट छ । प्रदेश महत्वपूर्ण पर्यटकीय गन्तव्यहरूको पूर्वाधार, होमस्टेलगायतको विकासमा बजेटले प्राथमिकता दिएको छ । कतिपय त्यस्ता पर्यटकीय क्षेत्र छुटनगएका रहेछन् भने समेटिने छ । सुर्खेतको साटाखानिका साथै जुल्मा सिंजाको थिचिने भन्ने स्थानमा विशेष आर्थिक क्षेत्रको रूपमा काम भइरहेको छ । विशेष औद्योगिक क्षेत्र त होइन यो विशेष आर्थिक क्षेत्र नै हो । प्रदेश सरकारले उक्त योजनालाई सम्वोधन गर्ने छ । पछि परेका क्षेत्रलाई प्राथमिकता दिने र बजेट अनुत्पादन क्षेत्रमा नै नछर्ने कुरामा सरकार प्रतिवद्ध छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकमा रहेको भैपरी आउने पचासी करोड रुपैंया यो आर्थिक मामिला तथा योजना मन्त्रालयको आफ्नो खर्च गर्ने बजेट होइन । यो चाहिँ सिंगो सरकारको बजेट अथवा कुनै पनि मन्त्रालयमा खर्च गर्न सकिने बजेट हो । आर्थिक मामिला तथा योजना मन्त्रालयको आफ्नो खर्च होइन । बेरोजगारी समस्या र रोजगारीका अवसर सिर्जना गर्न विभिन्न मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकता साथ सम्वोधन गरिएको छ । मन्त्रीको क्षेत्र पहुँचवाला पढेलेखेकाहरूका क्षेत्रमा बढि बजेट छुट्टाउने र भनसुन र चिनजान तथा सम्बन्धका आधारमा योजना र बजेट दिने प्रविधिलाई निरूत्साहित गरिने छ । योजनाहरू ठूला मझौला आवश्कताअनुसार प्रतिफल दिने साना कार्यक्रमहरू पनि केही बजेट विनियोजन गर्नुपर्ने हुन्छ । डल्लो फुटाउँदा जनताको भावना नफुटोस नटुटोस भन्ने माननीयज्यूहरूको चिन्ता प्रति हामी सजक छौं । विकास भनेको भौतिक विकास मात्र होइन भन्ने कुरामा पनि म सहमत छु । यो बजेट आर्थिक अनुशासनभित्र छ । बजेटको एक महत्वपूर्ण उद्देश्य मितव्ययिता पनि हो । त्यसैले चालु खर्चलाई धेरै भन्दा धेरै नियन्त्रण गरिएको छ र विकास बजेट प्रतिशत निकै ठूलो बनाइएको छ । म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु संघीय सरकारको बजेट हेर्यौं भने पूँजीगत शीर्षकमा पूँजीगत खर्च अथवा विकास बजेट करिब २४ प्रतिशत मात्रै छ । ६४ प्रतिशत चाहिँ चालु खर्च छुट्टाइएको छ । अरू प्रदेशहरूको चाहिँ बजेट हेर्यौं भने कतिपय प्रदेशमा चाहिँ पूँजीगत खर्च भन्दा अथवा विकास बजेट भन्दा चालु बजेट बढि छ । जस्तै ७ नम्बर प्रदेशमा कतिपयमा चाहिँ बराबरी बजेट छ । केही प्रदेशमा मात्रै विकास बजेट धेरै छ । हामीले एउटा गरेका छौं चालु खर्चका लागि २५ प्रतिशत मा हामी चाहिँ नियन्त्रण गरेर ७५ प्रतिशत चाहिँ विकास बजेटको रूपमा चाहिँ छुट्टाएको छ । यो चाहिँ २५ प्रतिशतले ७५ प्रतिशत खर्च गर्न सकिन्छ कि सकिदैंन भन्ने प्रश्न पनि होला तर खर्च गर्न सकिन्छ भन्ने क्याल्कुलेसन गरेर हामीले त्यो प्रस्ताव गरेका छौं । यो कुरा पनि म जानकारी गराउन चाहन्छु । अन्त्यमा न्याय समानताको कुरा गर्न कम्यूनिष्ट

पाटीको सरकारले समाजबाट उन्मुख उद्देश्यसहित ल्याएको बजेट सन्तुलित र न्यायचित हनुपर्छ भन्ने माननीयज्यूहरूको सुझावलाई सरकारले आत्मसाथ गरेको छ । जग बलियो भयो भने घर बलियो हुन्छ । प्रदेश सरकार माननीय सांसदहरू स्थानीय सरकार सबैले हातेमालो गरेर बजेट कार्यान्वयन गरे मात्र पछाडि परेको कर्णालीको विकास हुन सक्छ तब नै समाजवादतर्फको यात्रा तय गर्न पनि सकिन्छ । माननीय ज्यूहरूको भनाइअनुसार यो कर्णाली प्रदेशको समृद्धिको ढोका खोल्ने बजेट हो । सीमित स्रोत रहेको यो बजेट कर्णाली प्रदेशको विकास र समृद्धिको आधारपत्रमा मार्ग चित्र पनि हो । यो बजेट कर्णाली प्रदेश समृद्धिको कोषे ढुङ्गा भन्ने विश्वाससहित म माननीयज्यूहरूका जिज्ञासा प्रश्नहरूको चाहिँ जवाफ यही टुङ्गयाउछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ सभा बाट टेबुल गर्न समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाः–** सभामुख महोदय नेपालको संविधानको धारा ६० को उपधारा (५) मा प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्वलाई मातहत स्थानीय तहको खर्चको आवश्यक र क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्न भन्ने कुरा उल्लेख भएकोले सो सम्बन्धमा प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँड तथा अनुदानसहित सहि तरिकाले समानुपातिक रूपमा वितरण गर्न वित्तीय हस्तान्तरणसम्बन्धी ऐन बनाउनु पर्ने भएकाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीलाई जिल्लासभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभामा टेबुल गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** सभामुख महोदयको अनुमतिले कर्णाली प्रदेश क्षेत्र गठन भएका जिल्ला समन्वय समितिमा सञ्चालन गरिने जिल्लासभा व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गर्नको लागि नेपालको संविधानको धारा २२० को उपधारा (८)बमोजिम ऐन बनाउन आवश्यक छ । जिल्ला सभाले पारित गर्न विभिन्न प्रस्ताव जिल्लासभा प्रस्तुत गरी पारित गर्दा आवश्यक विधि प्रक्रिया र अङ्ग पूरा गर्न तथा जिल्लासभा हलको कार्यालय सञ्चालनमा समान्यतय एकरूपता ल्याउने गरी ऐन बनाइ जारी गर्न आवश्यक भएकाले जिल्लासभाको सञ्चालनका निम्ति नीति व्यवस्था गर्न

बनेको विधेयक, २०७५, प्रदेशसभाको नियमावली, २०७४ को नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५ सभामा टेबुल गर्न समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाः–** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको समग्र विकास र समृद्धिको लागि स्रोतको आवश्यक पर्न तथा आन्तरिक स्रोतको रूपमा रहेको कर तथा गैरकर राजश्वको परिचालन गर्न वाञ्छनीय भएकाले कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५, प्रदेशसभा नियमावली, २०७४ नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीलाई गाउँसभा र नगरसभा सञ्चालन गर्नका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभामा टेबुल गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** सभामुख महोदयको अनुमतिले कर्णाली प्रदेश क्षेत्रमा गठन भएका गाउँपालिका र नगरपालिकाहरूमा सञ्चालन गरिने गाउँसभा र नगरसभा व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गर्नको लागि नेपालको संविधानको धारा २२७बमोजिम यो ऐन बनाउन आवश्यक छ । गाउँसभा र नगरसभाले पारित गर्ने विभिन्न प्रस्तावहरू गाउँसभा र नगरसभामा प्रस्तुत गरी पारित गर्दा आवश्यक विधि प्रक्रिया र अङ्ग पूरा गर्न तथा सबै गाउँसभा र नगरसभाको कार्यक्रम सञ्चालन पालनामा सामान्यतया एकरूपता ल्याउन ऐन बनाइ जारी गर्न आवश्यक भएकाले गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु ।

**माननीय सभामुखः–** माननीय सदस्यहरू अब यो बैठक २०७५ साल असार १३ गते बुधबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या–२३

(२०७५ साल असार १३ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको २३ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्ने समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाः–** माननीय सभामुखज्यू कर्णाली प्रदेशको समग्र विकास समृद्धिको लागि स्रोतको आवश्यकता पर्ने तथा आन्तरिक स्रोतको रूपमा कर तथा गैरकर राजश्वको परिचालन गर्ने एवम् दायरा तोक्ने उपयुक्त प्रशासनिक संरचना खडा गरी राजश्व परिचालन गर्नेका लागि प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथि सैद्धान्तिक छलफल गरियोस् भनि सभाको प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूका लागि समयको निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री अम्मरबहादुर थापा, समय ७ मिनेट ।

**माननीय श्री अम्मर बहादुर थापाः-** सभामुख महोदय, कर्णाली प्रदेशको कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक २०७५ आज सदनमा पेश भएको छ र यसमा केही थपघट गर्नुपर्ने कुराहरूको रूपमा सुझाव सैद्धान्तिक रूपले सुझाव दिन चाहन्छु । यसको परिभाषा बन्ने विषय सभामा लेखेको छ कर निर्धारण भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ भन्दा खेरि यो ऐन भन्दा पनि कर अधिकृत महत्वपूर्ण ठान्ने अवस्था आयो यहाँ त्यसैले यो कर निर्धारण भन्नाले यस ऐनबमोजिम अधिकृत निर्धारणको करलाई भन्नु पर्ने थप्नु पर्ने अवस्था देखिन्छ । अन्यथा यसो भएन यो ऐनको कुरा उल्लेख नगर्ने भने त कर अधिकृतले जति तोके पनि जे गरे पनि हुने भयो त्यसो भएको हुनाले यो अलिकति यसमा थप्नु पर्ने सुझाव दिए मैले र बाँकी कुराहरू अब यसले उठाउनु पर्ने कर पनि धेरै छैन सवारी कर, यातायात कर, कृषि कर अब केही यो प्रदेशभित्र चाहिने कृषिका पनि ठूला कम्पनीका रूपमा रहेका चाहिने कर दाताहरूलाई दायरामा ल्याउने यी सबै कुराहरू करको दायरामा ल्याउने ठिकै कुरा राखेको छ । अब घर जग्गा रजिष्ट्रेशन कर यी कुराहरू राखेको छ । त्यसैले अब यसमा पहिला त हामीले कर लगाउन पाउने कानूनबमोजिम संघीय कानूनले जे अधिकार दिएको छ, त्यो अधिकार क्षेत्रभित्र रहनै पर्छ

र यसले ५/७ वटा करका दायरा उठाउने कर मात्रै दिएको छ । त्यसो भएको हुनाले यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ र यसलाई अझै कसरी पारदर्शी गराउन सकिन्छ भन्ने सोच्ने कुरा हो र दोस्रो कुरा कृषिसम्बन्धी करका कुराहरू छन् कहिले काँहि अब सबैमा कृषिलाई कृषिसम्बन्धी अहिलेको संघीय कानूनले के भन्छ भन्दा कृषिसम्बन्धीका औजारहरू अथवा त्यस्ता जस्तै अहिले पनि ऐनले बताएको छ । ट्र्याक्टर हामीले चाहिँ यहाँ यातायातको साधन प्रयोग गरीराछौँ । यातायातको रूपमा त्यसलाई प्रयोग गरीराछौं । ट्र्याक्टरहरूलाई चाहिने यो भन्सार कर नै छुट दियो छ यो सामान ढुवानी गर्नका निम्ति ती ट्र्याक्टरहरूको राज्यले छुट दिएको हैन किसानहरूको औजारहरू रूपमा किसानहरूले जोत्नु पर्ने र त्यो औजार को रूपमा प्रयोग गर्ने भएका हुनाले ती करहरू छुट भएका छन् । र यसलाई यता पट्टी राजश्व पनि छलि हुने कर पनि छलि हुने उतापट्टि त्यो प्रयोजनको लागि नआउने प्रक्रिया पनि सुरू भएको छ । त्यसैले अब यस्ता यस्ता कुराहरूलाई पनि केन्द्रीय सरकारले छुट दिएको छैन यो आहा भन्दै गर्ने कुराहरू मात्र भएका छन् आ–आफ्नो ठाउँमा जुन प्रयोजनका लागि जुन चिजहरू ल्याइएका हामीले छुट दिन सक्छौं अब यो प्रयोजनमा प्रयोग हुनु पर्यो अब धेरै कुराहरू कृषि किसानका नाममा चाहिने राज्यको राजश्व चाहिने छुट दिएर ल्याउनु पर्ने तर त्यो किसान व्यापारिक रूपमा प्रयोग हुने गर्यो भने अब त्यो कर ठगी भएको ठहर छ । त्यसकारण यसलाई पनि प्रदेश सरकारले केन्द्रीय सरकारले जे गरेर बनाएको कानून छ । कार्यान्वयन गर्नका निम्ति यो समन्वय गरेर अगाडि बढेर यस्लाई करको दायराभित्र राज्यको करको दायराभित्र ल्याउने वातावरण कसरी बन्न सक्छ या त्यो करको दायरामा आउदैंन भने त्यस्ता कम्पनी अथवा व्यक्ति संस्था व्यवस्था कुराहरू अघि खारेजीका रूपमा अगाडि बढाउनु पर्छ । त्यसो भएको हुनाले अब कृषि मै पनि फेरि धेरै कुराहरू छन् कम्पनी जस्तै बाह्र हेक्टर जमिन प्रयोग गर्ने व्यक्ति वा संस्थालाई छुट भनेको छ त्यो मलाई लाग्छ ठिकै लाग्छ अब १२, १३, १४ र ५० हेक्टर जग्गामा कसैले चाहिँ कम्पनी खोलेर चाहिने कुनै व्यवसाय गर्छ भने त्यो व्यवसाय कर उसमाथि लाग्न पर्यो त्यो सो हुने भएकोले धेरै कुराहरू सकारात्मक रहँदा रहँदै पनि र केही कुराहरू हामीले सोचेर भएर अगाडि बढ्न पर्ने र हामीले सबै जनतालाई सेवा सुविधा प्राप्त गराउन सक्ने हामीले अहिले पनि किसानसँग हाम्रो चाहिने किसानको जीवनस्तरमाथि कसरी उठाउन सकिन्छ र किसानलाई कसरी ती औजारहरू प्रयोग गराउन लाउन सकिन्छ र कसरी किसानहरूलाई सबै केही कुरा अनुदान हामी स्वयम् अनुदान राज्यको तर्फबाट त्यो अनुदान दिएर पनि त्यसलाई कसरी चाहिने उत्पादनमुखी बनाउन सकिन्छ । यता तिर यो ऐनले पनि कहिनिर पनि रोकेको जस्तो त लाग्दैन त्यसैले यसलाई प्रोत्साहित गर्ने र जुन तोकिएको छ त्यसमा हामी कडाईका साथ अगाडि बढ्न पर्छ र यो ऐनहरू निर्माण गर्ने र ऐन निर्माण गरी सकेपछि कार्यान्वयन भएन भने यसले अर्थ राख्दैन त्यो सो भएको हुनाले मैले अब कर्णाली प्रदेश सरकाले यो मलाई लाग्छ यो फास्ट

ट्र्याक हामीलाई अगाडि बढाउनु पर्ने स्थिति पनि देखिन्छ र मलाई लाग्छ संशोधन हाल्ने समय पनि आउला यो सैद्धान्तिक पछि अब यसमा आफ्नो अधिकारको कुरा प्रयोग पनि हुने होला तर पनि यसलाई अझै परिमार्जित गरेर अझै व्यवस्थित गरेर अझै केही छुट भएका कुराहरू पनि अध्ययन गरेर हामीले अगाडि बढाउ यही भन्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५ सैद्धान्तिक छलफल आजै सकिने भएकाले बोल्न चाहनु भएका माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला ।

अब माननीय गणेशप्रसाद सिंह, समय ७ मिनेट मात्र ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यू, सांसदज्यूहरू यो कर्णाली प्रदेश कर उठाउने विनियोजन विधेयक, २०७५माथिको छलफलमा मैले भाग लिदैं गर्दा कर लगाउने विधेयकमाथि दफावार छलफल हुनु भन्दा पहिले यो कर्णाली प्रदेशको आर्थिक विनियोजन विधेयक २०७५ पहिले पास हुनुपर्छ त्यसो भयो भने करको दायरा कर उठाउने बढाउने घटाउने अथवा करको विधेयकबारे छलफल गर्दा सान्दर्भिक होला पहिलो कुरा म सभामुखमार्फत् म सरकारलाई सुझाव दिन चाहन्छु । दोस्रो कुरा अब यिनी आर्थिक विधेयकमा १०, ११ वटा करहरू छन् । अब यो जग्गा पाससम्बन्धी कृषि पर्यटन मनोरञ्जन विभिन्न किसिमका करहरू छन् । विशेष गरेर करको दायरा तल स्थानीय तह गाउँपालिका नगरपालिकाले यो १ वर्षको सिया अबलोकन गर्नु पर्छ । त्यहाँ धेरै चर्को भइराखेको छ । त्यसलाई सरलीकरण गर्नुपर्छ न्यूनीकरण गर्नुपर्छ त्यसको अनुगमन र नियगमन गर्नुपर्छ त्यो अब त्यसको कुनै पनि एउटा मातहतको मापदण्डबाट जानुपर्छ । त्यो अलि मनोवली टाइपको भयो एउटा सिफारिसको २ हजार रुपैंया लगेको छ । २५ सय रुपैंया लगेको छ त्यो अलि अस्वभाविक भयो र एक खालको प्रतिक्रिया जनगुनासो आइरहेको छ । यो त हिजोको अर्कै व्यवस्थामा जस्तो लाग्यो यो करको दायरामा मलाई के लाग्छ भन्दा खेरि करको दायरामा हामीले चाहिँ उन्मुख गराउने हो र जनताको प्रतिव्यक्ति आयदर वृद्धि गर्दै र अब कर तिर्ने अथवा राज्यलाई कर दिनु पर्छ करको कन्ट्रिव्युसन दिनुपर्छ भन्नेतर्फ उन्मुख गराउने हो जस्तो लाग्छ । त्यो अति मनोवलि भाछ त्यसलाई न्यूनीकरण गर्नुपर्छ सरलीकरण गर्नुपर्छ । यो सरकारलाई सभामुखमार्फत् म सुझाव दिन चाहन्छु । कसरी नियमन गर्ने हो करको दायरामा लिनुपर्छ राज्यलाई दिनुपर्छ भन्ने हो तर फेरि कर एकै चोटी फेरि ढाडै सक्ने गरी लगाएर हुँदै जादा संघीयताको विरूद्धमा अथवा संघीयताको यो मनोभावनामा चाहिने मतलब विकर्षण होला जस्तो छ है यो तलबाट ग्राउण्डबाट आएको जनसमुदायको मर्मसँग जोडिएको राज्यलाई तिर्नु पर्ने राजश्व कर शुल्कको यो चाहिने मनोविज्ञान हो त्यसो भएको हुनाले करलाई सरलीकरण न्यूनीकरण गर्ने कुरा यो प्रदेश चाहिने मतलब एउटा नीति बनाउनु पर्छ । त्यसो भयो भनेपछि अब हाम्रो करको अब करलाई व्यवस्थापन गर्नका

लागि अब यो आर्थिक अनुशासन अब कर किन चुहावट हुन्छ कर चाहिने कि मिस्युज हुन्छ करमा घोटाला अथवा कर छलि किन हुन्छ । भन्दा खेरि करमा सरलीकरण गर्नुपर्छ फेरि पनि यो कृषि प्रधान देश हो कृषिमा ठूलो व्यापक रूपमा हामीले रोजगारीको सिर्जना गर्नुपर्छ । व्यावसायीकरण गर्नुपर्छ, आधुनिकरण गर्नुपर्छ यसको मतलब कर लिनु हुँदैन भन्ने हो करमा सरलीकरण गर्नुपर्छ । कृषकहरूलाई करमा कस्डिनर गर्नुपर्छ कृषकहरूलाई छुट गर्नुपर्छ भन्ने हो हैन कृषकहरूलाई करको दायरामा ल्याउनु पर्छ छुट पनि गर्नुपर्छ यहाँ अब जग्गा रजिष्ट्रेसनको अब थैलिमा १ लाख राखेको जस्तो पाए मैले बुझिन कि यसलाई अलिकति पुर्नविचार गर्नुपर्छ कि यो जग्गा रजिष्ट्रेसनको उसमा १ लाख जस्तो थैली आयो यो अलि बढि हुन्छ कि हैन जग्गाको पनि अब यहाँ माननीय संसदहरूले हामी सबैले बेला बखतमा विशेष समय लिएर बोलेको पनि छौं । यो चक्लाबन्दी लाई पदाधिकरण चक्लाबन्दी शहरीकरण उत्पादन जग्गा उत्पादित योग्य जग्गा चक्लाबन्दीलाई रोक्नुपर्छ किन उत्पादित योग्य शहरीकरण गर्ने त्यसमा चाहिने मतलब पल्टिङ गर्ने अनि उत्पादन सिधियो भने के हुन्छ तनि त्यसलाई रोक्नुपर्छ । त्यसलाई करको दायरामा पनि त्यसलाई ख्याल गर्नुपर्छ । अब यो त्यसो भयो भने कर पनि आइराखोस्, कर छली पनि नहोस् कर प्रति जनताको आर्कषण बढोस् राज्य प्रति जनताको कन्ट्रिव्युसन उत्तरदायित्व पनि बनोस् त्यसकारणले त्यो त्यसो भयो भने बल्ल जनताको मतलब आय अथवा राज्यको ढुकुटी प्रति राज्यको आय स्रोत वृद्धि गर्नेतर्फ आकर्षित हुन्छ । म आफैं कर बुझाउनको लागि तयार हुनुपर्यो त्यो अब बिजुली कर किन नहोस् जग्गा कर नहोस् बिजुलीको किन चोरी हन्छत किन मतलब चोरर बिजुली बाल्छन् भन्दा खेरि त्यो त्यसको एउटा सिष्टम त्यसमा पनि केही पुर्नविचार सिष्टम रहेपनि त्यसमा चाहिँ मतलब अलिकति चाहिँ कन्ट्रोल गर्न सकेन एउटा कुरा त्यसमा पनि पुर्नविचार गर्नुपर्छ त्यसो हुँदा करको राजश्व तल स्थानीय तहदेखि लिएर केन्द्रसम्मको फाइनलसम्म पनि थोरै विचार गर्नुपर्छ करको बढि भाग स्थानीय र प्रदेशलाई अझ बढि स्थानीयलाई दिन पर्छ कि ५ प्रतिशतको कुरा छ नि त ६० प्रतिशत केन्द्रमा जान्छ हाम्रो सुझाव भयो है सभामुखमार्फत् सरकारले केन्द्र सरकारलाई सुझाव पठाउनु पर्यो ६० प्रतिशत त्यहाँ जान्छ, ४० प्रतिशत मा घटाएर १५ यस्तै तल स्थानीय तहमा जान्छ खासै कर लिएर राजश्व उत्पादन गर्ने स्थानीय तह हो स्थानीय तहले देशको ढुकुटी बढाइ दिने कुरामा स्थानीय तहको आर्कषण कसरी बढाउने त । यो कुरा पनि केन्द्रीय सरकारलाई प्रदेश सरकारमार्फत् सुझाव दिन म चाहिँ अब माननीय सभामुखमार्फत् अनुरोध गर्दै म विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउछु । माननीय सदस्यहरू प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम (१)अनुसार कर्णाली प्रदेश कर तथा गैरकर

राजश्वसम्बन्धी विधेयक २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश वित्तीय हस्तान्तरण र व्यवस्थासम्बन्धी विधेयक, २०७५ सैद्धान्तिक छलफलका लागि सभा प्रस्ताव गर्ने समय दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री प्रकाश ज्वालाः–** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा ६० को उपधारा (५) मा प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्वलाई मातहतका स्थानीयको खर्चको आवश्यकता र क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने भन्ने कुरा उल्लेख भएकोले सो सम्बन्धमा प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँड तथा अनुदान सहि तरिकाले समानुपातिक रूपमा वितरण गर्ने वित्तीय हस्तान्तरणसम्बन्धी ऐन बनाउनु पर्ने भएकोले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६ बमोजिम कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५माथि सैद्धान्तिक छलफल गरियोस् भनि सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूको लागि समयको निधारण गरेको छु ।

सर्वप्रथम माननीय श्री बिन्दमान विष्ट ।

**माननीय श्री बिन्दमान विष्टः-** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ को सैद्धान्तिक छलफलमा उपस्थित भएको छौं । अब यो विधेयकको सन्दर्भमा हाम्रो कस्तो भइराखेको छ भने कामहरू अगाडि गर्दै जाने ऐन अलि पछि ल्याउने भइराखेको छ यसलाई सरकारको सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु । ऐन इनटाइममा समय सीमाभित्र रहेर ऐन ल्याउने र त्यो ऐनअनुसार अरू काम कारबाही अगाडि बढ्दै जाने गर्दा खेरि बढि उपयुक्त होला अस्ति मात्रै हामीले बजेट प्रस्तुत गर्दा खेरि वित्तीय समानीकरण हामीले स्थानीय तहलाई हामीले पठाइ सक्यौं र अहिले हामी भर्खरै यो ऐनको सैद्धान्तिक छलफलमा विधेयकको सैद्धान्तिक छलफलमा सहभागी भइराखेको छौं र म फेरि पनि ध्यानाकर्षण गराउन चाहन्छु । कुनै कामहरू गर्नु भन्दा अगाडि त्यसलाई विधेयक ल्याएर ऐन बनाएर व्यवस्थित बनाएर अगाडि बढ्नुको निमित्त सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । दोस्रो कुरा अब यो नेपालको संविधानको धारा ६० को उपधारा (५)बमोजिम यो वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक भनेर यहाँ ल्याइएको छ । यसको राजश्वले बाँडफाँड त्यसपछि गएर वित्तीय अनुदानको कुरा छ यहाँ यो संविधानमा के व्यवस्था

गरिएको रहेछ भने सभामुख महोदय, यो पाँच नम्बर उपधारा भनेर जो भन्नु भएको छ त्यसमा प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोत र राजश्वबाट उठ्ने मातहतका स्थानीय तह खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान गर्ने छन् भनेर भनिएको रहेछ वित्तीय समानीकरणसम्बन्धी यहाँ जो व्यवस्था गरिएको छ यो ठीक छ राजश्वको बाँडफाँडसम्बन्धी पनि यहाँ संविधान मै व्यवस्था गरिएको छ । त्योअनुसार राजश्वको बाँडफाँडले आएको छ यसमा पनि ठिकै छ अब तेस्रो कुरा के छ भन्दा खेरि सशर्त अनुदान त्यसपछि गएर समपूरक अनुदान र विशेष अनुदानको व्यवस्था गरिएको छ सभामुख महोदय, यसमा यो नेपालको संविधानको धारा ६० को उपधारा (६) मा के लेखिएको रहेछ भने नेपाल सरकारले संघीय सञ्चितबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनको लागि विशेष अनुदान वितरणमुखी व्यवस्था संघीय कानूनबमोजिम हुनेछ भन्ने कुराको यहाँ व्यवस्था गरिएको छ । सभामुख महोदय, यसमा मेरो कुरा के हो भन्दा खेरि अब यो सशर्त अनुदान, समपूरक अनुदान र त्यस पछि गएर विशेष अनुदानको कुरा संविधानले के बोल्छ त भन्दा खेरि संघीय सरकारले मात्रै प्रदेश र स्थानीय तहलाई दिन सक्ने भन्ने कुरा संविधानमा उल्लेख गरिएको छ प्रदेश सरकारले स्थानीय तहलाई समपूरक अनुदान, विशेष अनुदान र त्यस पछि गएर सशर्त अनुदान दिने व्यवस्था संविधानमा नभएको कारणले गर्दा खेरि यो संविधानसँग अलि बाझिन गयो कि भन्ने कुरा मेरो तर्क हो । यस कारणले गर्दा खेरि यसमा अरू केही व्यवस्था छ भने संविधान भन्दा बाहिर गएर अरू केही व्यवस्था छ भने मलाई जानकारी भएन मैले संविधान हेरेर यो विधेयक हेर्दा खेरि अलिकति संविधानसँग नमिलेको कुरा हो कि भन्ने कुरा मेरो हो त्यस पछि गएर अर्को कुरा राजश्व बाँडफाँडसम्बन्धी यो अनुसूची जो छ यो अनुसूची प्रकृति स्रोतमाथिको के रे यो स्रोत साधन रोयल्टीको कुरा जो छ यद्यपी यो संघ प्रति स्थानीय तहको यो संयुक्त उभित्र अनुसूचीमा रहिदैंन अबमाथिबाट यो प्राकृतिक रोयल्टीसम्बन्धीको यो के रे राजश्वको बाँडफाँड भइसकेको छ भने मैले त्यो ठ्याक्कै हेर्न पाएको छैन तर फेरि के हो भन्दा खेरि अरू बाहेक प्राकृतिक स्रोत सवारी साधन घर जग्गा रजिष्टेसन शुल्क विज्ञापन कर मनोरञ्जन कर भनेर अनुसूचीमा चारवटा कुरा उल्लेख गरेको छ प्राकृतिक साधन स्रोतमाथि रोयल्टिको कुरा यो साझा अनुसूचीमा जो छ यसको पनि बाँडफाँड गर्नु पर्ने हो कि हामीले भन्ने कुरा लाग्छ त्यसकारणले गर्दा खेरि मैले अहिले जोड दिएर भन्न खोजेको कुरा के छ भन्दा खेरि सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानका सन्दर्भमा संविधानमा प्रदेश सरकारले स्थानीय तहलाई दिने व्यवस्था नगरेको कारणले गर्दा खेरि यो हामीले विधेयकमा राख्दा खेरि संविधान अलिकति नमिल्दो हुन्छ कि भन्ने कुरा म राख्न चाहन्छु र आफ्नो भनाइ अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय सदस्यहरू कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको

जानकारी गराउँछु । माननीय सदस्यहरू प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम (१)अनुसार कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७५ साल असार १४ गते बिहिबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-२४

(२०७५ असार १४ गते बिहिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको २४ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (६)बमोजिम आज २०७५ असार १४ गते र भोलि असार १५ गते कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेशसभा सचिवालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका शीर्षकहरूमा दफावार छलफलका लागि दिन निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, अब कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५माथिको दफावार छलफल सुरू हुन्छ ।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, सर्वप्रथम आर्थिक वर्ष ०७५/०७६ को वार्षिक विकास कार्यक्रम जो बोलिचालिको भाषामा रातो किताब भन्ने गरिन्छ त्यो ल्याएकोमा म उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मन्त्रीज्यूहरूलाई र पुस्तको खण्ड (ख) पनि भर्खरै प्राप्त भएको छ सभामुख महोदय, पुस्तिकाको खण्ड (क) मा प्रदेश मन्त्रालयबाट प्रस्ताव गरिएका कार्यक्रमलाई क्षेत्रगत रूपमा समावेश गरिएको छ त्यसै गरी पुस्तिकाको खण्ड (ख) मा नेपाल सरकारबाट सशर्त अनुदान अन्तरगत हस्तान्तरणर भएका कार्यक्रमका विस्तारित विवरण समावेश गरिएको छ मैले यो किन पढे भने सभामुख महोदय, सशर्त जुन दिएको छ त्यसमा सबै लेखेको छ, कुन कार्यक्रमको कुन जिल्लाको कुन नगरपालिकाको कति वडाको भन्ने लेखिएको छ । यदि उहाँहरूले दुःख गरेर यही खालको गोलमोडेल किसिमले रातो किताब निकाल्नु पर्थ्यो भने ननिकाले पनि हुन्थ्यो यो खर्च मात्रै भयो सभामुख महोदय र आज हामी जुनजुन विषयमा हामी छलफल गर्दै छौं ती मन्त्रालयलाई हेर्दा मलाई विश्वास थियो कि बुझुरुक मन्त्रीज्यूहरू जाने बुझेको मन्त्रीज्यूहरू उहाँहरूले त सबै कुराहरू असाध्यै राम्रो ढङ्गले ल्याउनु होला भन्ने मैले विश्वास लिएको थिएँ सभामुख महोदय, तर उहाँहरूले आफ्नो बुझरुकताको बुझुरुज्ञाई चाहिँ देखाउनु भएछ सब गोलमोडल राखेर यति-यति गोटावटा अनि कर्णाली भाषामा रोटा-गोटावटा रोटा त्यो ढङ्गले अगाडि बढे पछि यो कसरी अगाडि बढ्न सक्छ र अगाडि बढ्न सक्छ र कसरी हामीले यो भष्ट्राचार शुन्य सहनशिलतामा प्रदेशलाई बनाउछौं भनेर आगाडी बढाउन सक्छन् आज आएको बजेटलाई हेर्ने हो भने सभामुख महोदय, हिजो कमसेकम बजेट वक्तव्यमा नाम किटान गरेका पनि नाम यहाँ आएका छैनौं, नर्मली के हुन्छ भने बजेट भाषणमा नाम किटान गरेका नगरेका काममा यहाँ चाहिँ किटान हुने हो म १/२ वटा उदाहरण दिन चाहन्छु । सभामुख महोदय, यो

मुख्यमन्त्रीज्यूको कुरा यहाँ गरेर साध्यै छैन यो छोडिहालौं । अब यो आन्तरिक मामिला तथा कानून मन्त्रालय यसमा के भनिएको छ भने सभामुख महोदय, प्रदेश प्रहरी गठन भौतिक पूर्वाधार निर्माण २५ करोड राखिएको छ के हो त्यो भनेको प्रदेश प्रहरी त गठन हुने भयो भौतिक पूर्वाधार पनि निर्माण हुने २५ करोड के को के हो भौतिक पूर्वाधार चौकी हो कि, स्कुल हो कि, मन्त्रालय हो कि यस्तो पनि बजेट हुन्छ ? अर्को सभामुख महोदय, प्रदेश प्रहरी सञ्चार उपकरण खरिद भनेको छ ५० लाख ठिकै हो यो चाहिन्छ होला । अर्को सवारी साधन खरिद पिक अप भ्यान भनिएको छ पिक अप भ्यान मलाई जहाँसम्म लाग्छ यो लेन रोवरको पिक अप भ्यान जस्तो लाग्दैन यो इन्डियामा नै त्यो पाउने पिकअप भ्यानहरू होला दशवटा गोटा राखिएको छ । ६ करोड राखिएको छ मैले देखे जाने बुझेसम्म २७/२८ लाख पर्थ्यो त्यति पनि पर्दैथ्यो २२/२३ लाख पर्थ्यो अहिले करसहित वृद्धि भयो ३० सै लाख पुग्यो होला ३२ लाखै पुग्यो होला अब यो कर्णाली प्रदेश भनेरै ३५ लाखै पुग्यो होला तीन करोड पचास लाख मा त १० वटा आउछ । ६ करोड रूपैयाँ राख्नुको अर्थ के हो सभामुख महोदय, अर्को छ सवारी साधन खरिद हेभी१ करोड ६० लाख रूपैयाँ राखिएको छ हेभीत्यो जापानिज हो कि अब यो दुईवटा खरिद गर्ने हो भने पछि ८०/८० लाखको भयो अब राम्रै खालको ल्याण्डक्रुजर गाडी नै चढ्ने हो भने अहिले टियक्स भन्ने गाडी छ त्यो पनि १ करोड ७५ लाख भन्दा बेसीमा आउदैंन टियक्स जो हेभीखालको जापानिज मोडल सायद मैले यहाँ मन्त्रीज्यूले चढ्ने गाडीहरू सभामुखले चढ्ने गाडी विपक्षलाई चाहिँ एउटा थोत्रो ? तँ विपक्ष होस् भनेर थोत्रो दिएको त सबैलाई छर्दैछ म हासो गर्दै थिएँ त्यो इन्डियन गाडी बाहेक जापानिज गाडी चढेको मैले कसैले देखेको छैन त्यो हेभीभनेको के हो ? यसले पनि के देखाउँछ भने हामी बजेट यसरी बनाइरहेका छौं सभामुख महोदय कि आफ्नो त्यहाँबाट तीन करोड कप्लक्क आउने यहाँबाट २ करोड कप्लक्क आउने यस्तो खालको बजेटले यो प्रदेशको कस्तो होला इमेज कस्तो होला अर्को भनेको छ शान्ति सुरक्षा अभियान जसको लागि नै करोड रूपैयाँ छुट्टाएको छ सभामुख महोदय, शान्ति सुरक्षा अभियान हामीले त अभियान सुने कि गाउँ-गाउँमा प्रचार प्रसार गर्न जाने हो कि यो शान्ति सुरक्षा अभियानले कि विप्लवलाई बन्दुक हान्न जाने पो हो कि त्यो अभियान सुसूचीत गर्नको लागि नै करोड रूपैयाँ चाहिने हो कि होइन सभामुख महोदय, यस्तो यस्तो खालको यो आन्तरिक मामिलामा चाहिँ देखिएको छ प्रष्ट रूपले कतै यताका मान्छेहरूले गाडी देख्न पाएका छैनौं गाडी चढ्न पाएका छैनन् त्यसैले जति पनि राखे हुन्छ भनिएको हो कि अर्को अब यहाँ प्रादेशिक टेलिभिजन रेडियको स्थापनाको कुरा छ सभामुख महेदय सायद टेलिभिजन चलाउने सजिलो कुरा हो भन्ने मलाई लाग्दैन । रेडियोसम्म ठिकै छ हाम्रो प्रदेशले किन यत्रो एफएमहरू छन् त कहिले कहिले कार्यक्रम दिनु पर्यो कार्यक्रम दिन पाइएन भनेर हामी चाहिँ रिसाइरहेका हुन्छौं झोक्कि रहेका हुन्छौं यत्रो यो एफएमहरूको के काम छ उनलाई चाहिँ हामीले अनुदान दिन सकिदैंन यहाँ धेरै ठाउँहरूमा देखिएको छ अनुदान

दिने अब यहाँ पनि छ । सुधार गृह स्थापना तथा सञ्चालन अनुदान, २ करोड ५० लाख कसलाई हो सुधार गृह कसले बनाउने हो सरकाले बनाउने हो भने अनुदान चाहिन्न होला अनि कसलाई दिन खोजिएको हो यसले गर्दा खेरि यो पटक्कै राम्रो देखिएन सभामुख महोदय, यस्तै खालका धेरै छन् । उसमा पनि यस्तै छ उद्योग, पर्यटन, वन तथा वातावरणमा पनि यस्तै छ अरू ठाउँमा के हो म जान्दिन मैले एउटा मेरै जिल्लामा पर्ने र त्यो क्षेत्र पनि मेरै नै पर्छ यो खार्पुनाथ गाविसमा नै पर्छ गाउँपालिकामा नै पर्छ लेख हुँदै सप्त कुन्डै दुदे दह पर्यटकीय पद मार्ग हुम्ला भनेर मैले खुशी हुनु पर्थ्यो किन भने १ करोड रूपैयाँ राखिएको छ । तर म यस मानेमा दुःखी भए कि चार चोटि भ्रष्टाचारको अभियोग लाग्यो त्यो बाटोको लागि ४०/५० लाख भन्दा बढि पैसा त्यहाँबाट हिनामिना भयो आज त्यसको केही आवश्यकता गाउँका मान्छेहरू यस्तो पर्व पनि पर्दा जान्छन् कुनै पर्यटक हिड्ने बाटो होइन त्यहाँ एक करोड राखिएको छ । त्यसको अर्थ के हो ? सभामुख महोदय, किन कि म त त्यहाँको जन्मजात मान्छे हो मैले देखेको छु त्यो काम कति हुन्छ भन्ने कुरा त्यो बाटो बढाएर पद मार्गको नाममा सायद सिमकोड पञ्चमुखी भनेको भए मरो त्यति चित्त दुख्दैन् थियो होला अर्को सभामुख महोदय, मुस्ताङ्ग, ढोरपाटन से फोक्सुन्डो छायाँ नाथ रारा हिल्सा हुँदै खप्तड सँग ग्रेड हिमालयन । म बिहान बिहान कहिले कहिले त्यो हिमालयन यो ग्रेड हिमालयनको टिसर्ट लगाएको हुन्छु । जम्मा २ करोड राखिएको छ यो के भनिएको त्यत्रो सर्किट बनाउनमा कि त २० करोड राख्नु पर्थ्यो यसमा २ करोड भनेपछि अब यत्रो गएर मुस्ताङ्गबाट हिल्सा हुँदै त्यहाँबाट फर्केर कहाँ आउछ त खप्तड आउँछ २ करोड रूपैयाँले त्यो हुन्छ । यो खालका योजनाहरू राखेको छ जस्तै मैले धन्यवाद दिनै पर्छ काँक्रिबिहार पर्यटन विकास गुरु योजना कार्यान्वयन भनेर १० करोड राखिएको रहेछ त्यो मैले सायद मानिसमा हिम्मत हुँदैन मैले भनेको थिएँ काँक्रिबिहार होला बुलबुले होला यहाँका सडक होलान पहिलो वर्षको लागि हामी यो हाम्रो राजधानि हो । राजधानि भनेको मुटु हो मुटुको चाल राम्रो चलेन भने अरू कुनै पनि अङ्ग राम्रो चल्न सक्दैन त्यसको लागि गर्यो यसमा खुशी छु गरेको कुरामा तर गुरुयोजना गुरुयोजना नहोस् भन्ने मात्र मेरो चाहिँ मनसायहरू हुन् अर्को अब यो प्राकृतिक हिमाली चिडियाखाना निर्माणका लागि सम्भाव्यता अध्ययन भनेर २० लाख रूपैयाँ राखिएको छ । यो प्राकृतिक चिडियाखाना भनेको कस्तो रहेछ अचम्म लाग्यो । मलाई चिडियाखाना त के हो भने सबैलाई एकठाउँमा काहीँ न कहि जस्तै हाम्रो जस्तो जाउलाखेल जस्तो खोर नभएको र अलि ओपन खालको जस्तै चराहरूलाई पनि खुलेआम ढङ्गले बस्न सक्ने ठूला-ठूला जालि राखेका कि त्यो चरा उड्न सक्नेलाई ओपन चिडियाखाना अथवा अंग्रेजीमा Open Zoo भनिन्छ । अनि हाम्रो त्यो गर्नेलाई यो सम्भव छ एक डाँडाबाट अर्को डाँडामा मृग जान्छिन् त ती चिडियाखाना हुन्छ यो २० लाख भनेको के हो अनि गुराँस संरक्षण विशेष कार्यक्रम दैलेख रहिछ ५० लाख रूपैयाँ राखिएछ हाम्रो गुराँसको संरक्षण गर्नुपर्छ त्यो रूख रोप्ने हो त्यहाँ कि त्यसलाई संरक्षण

गर्ने हो त्यहाँ पैसा मैले त्यो रकम हेरेर ५० लाखको भनेको हाम्रो जंगल छ । जंगललाई संरक्षण गर्न चौकिदार राख्नु पर्ने होला त्यसमा ५० लाख चाहिन्छ भन्ने मलाई लाग्दैन त्यहाँ हामीले चाहिँ प्लानटेसन गर्न हो जसो मलाई लाग्यो अब सामाजिक विकास मन्त्रालयमा यहाँ त अब कुनै पनि उ चाहिँ देखिएको छैन जस्तै अब चौरजहारी रूकुम क्षेत्रीय रङ्गशाला निर्माण भनिएको छ अब त्यो कतिवटा हामीले क्षेत्रीय रङ्गशाला बनाउने हो । नेपालमा एउटा शब्द छ आजकल समृद्धि र इन्टरनेशनल एयरपोर्ट प्लेन बस्ने देख्यो कि इन्टरनेशनल जिल्ला भेट्यो कि यो क्षेत्रीय क्षेत्रीय भनेपछि त प्रदेशको होला कि त प्रदेश अन्तरगतको राख्नुपर्ने होला त्यहाँ मैले रङ्गशाला नभनेर शब्दको मात्र कुरा गरेको त्यसमा मेरो धेरै ठूलो आपत्तीको कुरा होइन । विद्यालय शिक्षकहरूका लागि आधारभुत खेल तालिम दिने भनेको छ अब यति पैसा भनेको छ अब महिलाहरू व्यवसाय रोजगारमूलक कार्यक्रम भनेर १० वटा भनेको छ ५० लाख भनेको छ कुष्ट रोगी सम्बन्धमा जटिलता अपाङ्गता व्यवस्थापनसम्बन्धी दक्ष जनशक्ति उत्पादन भन्यो कति पटक एक पटक १५ लाख भनेको छ कतिजनालाई भनेको हो । त्यो पढ्नलाई टाइम लाग्ने हो कि २ दिन चाहिँ प्रशिक्षणले पुग्ने हो कि अब त्यस्तै फेरि क्षयरोगसम्बन्धी दक्ष जनशक्तिको उत्पादनको लागि मोडोल्ट रिफ्रेसर तालिम भन्या छ कम्तीमा पनि २/३ महिनाका रेफ्रेसर एउटा सानो ट्रेनिङ्ग पनि ६ दिनको ७ दिनको हुन्छ । यस्ता खालले यो पैसाको चाहिँ विनियोजित गरिएका छन् सभामुख महोदय, युवा परिषद्मार्फत युवासँग श्रम सिप रोजगार प्रर्वधन कर्यक्रम गर्न ३० लाख रूपैयाँ राखिए छ १० वटा भनिएको छ अब कुन युवा हुन कतिलाई दिने हो त्यो पनि छैन विशेषज्ञको सेवाको विषयमा पनि त्यस्तै छ र सबै भन्दा त यो गजबको अर्को एउटा छ सभामुख महोदय, अब यो के हो मलाई थाहा भएन फोहोरमैला व्यवस्थापनका लागि जनशक्ति परिचालन २ जना राख्ने ५ लाख भन्यो अब यो कसको लागि मन्त्रालयको लागि हो कि यो संसद भवनको लागि हो । यहाँ बाटोको लागि हो कि नगरपालिकाको लागि हो कि कहिन कहि त हुनुपर्यो नि भने भोलि २ जना राख्यो ५ जना राख्यो अब कहाँको फोहोर व्यवस्थापन गर्नको लागि हो । यी कुरा पनि किलेर भएर आउनुपर्ने हो । अनि धेरै ठाउँमा बालविवाह, छाउपडी, बोक्सी, छुवाछुत न्यूनीकरण भनेर राखेछ अनि अर्को उदाहरण दिन चाहन्छु सभामुख महोदय । अब त्यहाँ आयो फेरि यहाँ आएर हिंसा पीडित महिला तथा अलपत्र पारिएका बालबालिकाहरूका लागि अल्पकालीन आश्रयसहितको जिल्ला सेवा केन्द्रलाई सञ्चालन गर्ने कुरा भन्यो त्यस्तै अर्को भनेको छ यहाँ विविध कार्यक्रम सञ्चालन अब अर्को कुरो बजेटमा जबकि कार्यक्रम भन्याको छ विविधमा ३ करोड रूपैयाँ छुट्टाएको छ सभामुख महोदय, विविधमा विविध भनेको त नामै त हामीले कहिले कहिले मिटिङ्गमा बस्दा खेरि के भन्छौ एजेन्डा वाइज आएपछि अनि विविध केही छ कि भन्ने कुरो हो सबैभन्दा ठूलो रकम ३ करोड विविधमा राखिएको छ यो ढङ्गले कसरी जान्छ सभामुख महोदय, अनि अर्को एउटा हुन त म आफू चाहिँ खुशीमै हुनुपर्ने हो तर पनि मनले त्यो मानेन यो एउटा

के भन्छ भने सभामुख महोदय, नमूनाको रूपमा हिमाली जिल्लामा आवासीय विद्यालय सञ्चालन गर्ने सम्भाव्यता र मोडालिटि अध्ययन गर्न एकदम राम्रो कुरो चाहिन्छ हिमालमा आवासीय विद्यालय भइकन हुँदैन त्यसको लागि १० लाख रूपैयाँ राखिएको स्वभाविक कुरो हो त्यस पछि तुरून्तै अब यो मोडालिटि पनि तुरून्तै तयार भइसक्यो होला सायद त्यसैले होला अनि तुरून्तै फेरि के भनिन्छ भने नमूनाको रूपमा हुम्ला, डोल्पा र मुगु जिल्लामा १/१ वटा आवासीय विद्यालय सञ्चालन अनुदान दिने ३० लाख लाग्छ अब अति सञ्चालन पनि भयो सभामुख महोदय, त्यस पछि तुरून्तै त्यही शीर्षकमा नमूनाको रूपमा हुम्ला डोल्पा र मुगु जिल्लामा एक-एक आवासीय विद्यालय सञ्चालनमा आवासीय छात्रवृत्ति ९६ लाख यस्तो बजेट शीर्षक भएको मलाई आजसम्म हुन सक्छ अल्पज्ञानको कारणले होला हुनसक्छ आजसम्म मैले देखेको छैन मोडालिटिको एकातिर अध्ययन हुँदै छ अर्कोतिर विल्डिङ्गहरू बनेका छैनन् कि हामीले के गर्नु पर्यो सभामुख महोदय, यो ठाउँमा चाहिँ आवासीय विद्यालयहरू छन् ती विद्यालयहरूमा खर्च यति लाग्छ यति खर्चको व्यवस्था गरिएको छ त्यो चित्त बुझथ्यो नि यो खालले आइरहेको छ सभामुख महोदय, अब यो प्रदेशभित्र आवश्यक निशुल्क औषधी खरिद गर्न १ करोड राखिएको छ त्यो निशुल्क औषधी खरिद गरेर कहाँ राख्ने हो के गर्न हो स्वास्थ्य चौकिहरूमा पनि सुलभ औषधी पसलहरू राख्ने भनिएको छ त्यो सुलभ औषधी पसल राख्नको लागि हामीले सुलभ भनेर यो निशुल्क औषधी किनेर त्यता दिएर त्यता सुलभ बनाउने हो कि यी कुरालाई हामीले विचार गर्नुपर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय, र सरसर्ति हेर्दा मैले धन्यवाद दिनै पर्छ सबैभन्दा अलिकति हुन त एउटा भन्ने भनाइ छ महिलाहरूमा कमल भाव पनि हुन्छ तर जब महिला कठोर हुन्छिन त्यति खेर अरू कुनैपनि संसारको पुरुषले सक्दैनन् भन्ने कुरो छ र यहाँ सायद महिला मन्त्री भएको कारणले होला उहाँले विशेष पूर्ण त भन्नु भएन उहाँ त प्रभावमा पर्न भएन होला कमसेकम उहाँले आँट गर्नु भएको छ यी जिल्लामा यो-यो ठाउँमा यो-यो ठाउँमा यो तर उहाँलाई पनि गरेछ मैले यसो हेरे जुम्ला, कालिकोट, हुम्ला, डोल्पा र मुगु जिल्लालाई आर्गानिक मोडल निर्माण गर्नको लागि ७ करोड ५० लाख राख्नु भयो त्यो चाहिँ जिल्लालाई ५ वटालाई छुट्टाउन सक्नु भएन अनि आर्गानिक मोडेल निर्माण आठबिसकोट न.पा. अनि रूकुमपश्चिमा १ करोड भनिरहन त्यस्तै ती जिल्लाकालाई राखेको भए हुँदैनथ्यो र हुन्थ्यो नि त्यसमा के भयो भने उहाँ प्रभावमा पर्नु भयो अहिले त्यस्तो गर्नु हुन्छ मन्त्रीज्यू हाम्रा पनि कार्यकर्ताहरू छन् नि त कार्यकर्तालाई रिझाउनु पर्दैन अहिले लेखिहाल्नु भयो सिद्धि गयो भन्नेमा उहाँ प्रभावमा पर्नु भयो मेरो यो मानसपटलले त्यही भन्छ नहुन सक्छ र अलिकति अर्को चाहिँ के छन् भने उत्कृष्ट कृर्षक कृर्षक समूह कृषि फम सरकारि सस्था कृषि प्राविधिक तथा कर्मचारीलाई पुरस्कार कार्यक्रम भनेर ७० लाख राख्नु भएको छ यो कति जाना लाई दिने हो एक एक लाख हो कि दुई दुई लाख हो कि यो धन्नै त नेपालको नोवेल पुरुस्कार हुने भयो यो खालले अनि अर्को छ अर्गानिक खेतीसम्बन्धी अध्ययन अवलोकन भ्रमण ९० लाख अब

सबै मन्त्रालय नै जाने नै होलान अनि कम्तीमा १०० दिनको रोजगार दिन युवा बेरोजगारलाई रोजगारीको अवसरको लागि युवा लक्षित विशेष कार्यक्रम १० जिल्लामा २ करोड रूपैयाँ हो कि २० करोड हो कि १०० हजार २ करोड रूपैयाँ राख्नु भएको छ अब अर्को चाहिँ गजब छ फेरि अहिले हाम्रो यो अहिलेको उसमा चाहिँ अर्गानिक शब्द चाहिँ समृद्ध भनेको झै आएको छ चमेना गृह निर्माण ब्राकेटमा अर्गानिकलाई प्राथमिकता १ पटक १० लाख भनेको रहेछ । म त त्यो चमेना गृह भाडामा लिनेले नै लिन आउँछ अनि अर्गानिक खुवाउनेलाई प्राथमिकता भनेको त्यो विल्डिङ्ग बनाउने कस्तो अर्गानिक हो । त्यो सिमेन्ट नलाउने भनेको हो कि माटोले पोत्ने भनेको हो कि यस्ता यस्ता खालका कुराहरू आएका छन् सभामुख महोदय, यसले के देखायो भने हाम्रो हिजोको जुन बजेट वक्तव्यमा आउनु र यसमा आउनु केही पनि फरक देखिएन किन मन्त्रीज्यूहरूलाई किन यस्तो गाह्रो अनि अर्को खुसीमा व्यक्तिगत हुनु पर्ने हो सिमिकोटमा मेरै ठाउँमा सिमिकोट भनेको हजुरहरूलाई धेरै सिमिकोट भन्नु हुन्छ त्यो सिमिकोट होइन सिमिकोट तल सिमि छमाथि कोट भनेको दरबार हामी सबैले बुझ्यौं सिमि र कोट भएकाले सिमिकोट रह्यो र त्यो पछि यो कर्मचारी गएर अपभ्रंस गरेर सिमकोट भने सिमिकोट हो । त्यहाँ चाहिँ सिमपार्क भनेर सिम पर्यटन पार्क, सिम भनेको रामसार सिमसार वर्ल्डवाइड इराक इरानमा हेर्नुस् त्यो सिम भनेको दलदल जमिन हो त्यलाई चलाउन पाइन्न वरिपरि संरक्षण गर्न पर्यो अब त्यहाँ पार्क बनाएर त्यसलाई सिध्याइदिने त्यस्तो खालको कार्यक्रमले अगाडि बढन् सक्दैन र त्यो कुनैपनि मलाई जहाँसम्म विश्वास छ यो कुनैपनि माननीयज्यूहरूको चित्त बुझेको छैन अब यो भौतिक सौतिकका सबै हेरे यी त कुनै केही छदैं छैन यो त ढयाङ्ग ढायाङ्ग कि त अस्ति नै छदैं थिए त किताबबाट त्यसकारणले मैले अघि नै सुरूमै किन पढे भन्दा खेरि ख मा सबै माननीयज्यूका हातमा किताब परिसकेको छ । सशर्त अनुदानमा आएका किताबमा के लेखेको छ कुन कुन योजना त्यसरी नआउँदासम्मको लागि सभामुख महोदय, सम्माननिय सभामुख महोदय, त्यसरी नआउँदासम्मको लागि यो बजेटमा ब्रेक डाउन भएर आएन भने आउँदैन भने त्यो ब्रेकडाउन भएर आउँछ भन्ने प्रतिबद्धता जायर नगर्दासम्म प्रतिपक्षले यसको चाहिँ घोर भर्त्सना गर्छ विरोध गर्छ र यो सभा ब्रेकडाउन भएर नआउँदासम्म अगाडि चल्दैन हामी चाहिँ यसको विरोधमा उभिएर बस्छौं सभामुख महोदय ।

**माननीय सभामुखः–** आसन ग्रहण गरौं माननीयज्यू माननीय सदस्यले छलफलमा भाग लिई सक्नुभएको छ । त्यसैले छलफलको क्रमलाई अगाडि बढाउन सहयोग गर्नुस आसन ग्रहण गर्नुस् माननीय सदस्य बैठक सञ्चालन गर्नेलाई सहयोग गरौं माननीय सदस्यहरू आसन ग्रहण गरौं । आसन ग्रहण गरौं । माननीय सदस्यहरू आसन ग्रहण गरौं माननीय सदस्यहरू बैठक सञ्चालन गर्नलाई सहयोग गर्नुहोस् आसन ग्रहण गर्नुस् ।

माननीय सदस्यहरू, अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

**माननीय सभामुखः–** माननीय सदस्यहरू, आधा घण्टाका लागि स्थगित भएको बैठक सुरू भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेशसभा सचिवालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका शीर्षकहरूमाथि दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । छलफलमा भाग लिनलाई माननीय श्री यामलाल कंडेललाई समय दिन्छु ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, यो प्रदेशसभामा आर्थिक वर्ष ०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत भइसकेको छ त्यसमा हामीले पर्याप्त छलफल गर्यौं त्यस पछि यसलाई मूर्तरूप दिनका निम्ति बजेट प्रस्तुत भएको छ । त्यसमा पनि सैद्धान्तिक रूपले सक्रियता पूर्वक यो सदनमा छलफल भएको अवस्था छ र आजदेखि बजेट अन्तरगत हाम्रो प्रदेश अन्तरगत रहेका मुख्यमन्त्रीलगायतसहित सातवटा मन्त्रालयगत विनियोजन शीर्षकमा छलफल प्रारम्भ भएको छ । सीमित साधन र स्रोतबाट धेरै समस्याको समाधान गर्नु पर्ने प्रदेशका हामी जनप्रतिनिधि हौं । त्यसमा हामी सबैको मत एकता रहि आएकै छौं । मैले यो भन्दा अगाडि पनि आफ्नो विचार राख्ने क्रममा व्यक्त गरेको थिएँ संरचना नयाँ छ नयाँ संरचनाअनुसार बाँकी रहेका संरचनाहरू कानूनी ढङ्गले निर्माण गर्नु पर्ने अवस्था छ जसका अगाडि हामीसँग कानून छैन कानून नभइसके पछि संरचना हुने कुरा रहेन नै संघीय हामी भन्दामाथि संघीय सरकार छ संघीय सरकारका कतिपय निर्णय र क्रियाकलापहरू पनि प्रदेश र तल सरकारलाई बलियो बनाउने कुरामा के कति सार्थक रह्यो रहेन आज छलफल रहेकै छलफल चलिरहेकै एउटा विषय छ त्यही अन्तरगत आज हामी विनियोजन शीर्षक अन्तरगत छलफल चलाइरहेका छौं हामी नयाँ भएको हुनाले म निश्चित तोक्न त चाहन्न हाम्रो गर्दा गर्दै पनि कतिपय जिम्मेवारीमा रहेका निकाय र व्यक्तिहरूले हामी जनप्रतिनिधिहरूले राम्रो कुरा गर्छौं भन्दा भन्दै पनि ढङ्ग नपुर्याउँदा कहिले काही त्यसलाई राम्रो बनाउनका निम्ति संसदमा छलफल हुने कुरा बाहिर छलफल हुने कुरालाई सकारात्मक ढङ्गले नै लिनु पर्न अवस्था रहन्छ भन्ने मलाई लाग्छ म विनियोजन शीर्षकमा प्रवेश गर्नु भन्दा अगाडि नै म के अनुरोध र आग्रह गर्न चाहन्छु भने हामीले छलफल गरिरहेको विषय हामी जनप्रतिनिधि सरकारमा सामेल रहेका व्यक्तिहरूका लागि मात्रै होइनौं यो सबै यो प्रदेश अन्तरगत रहेका सबै जनताले सबै पक्षले हामीले गरिरहेका छलफल र हामीले प्रकाशित गरिरहेका डकुमेन्टहरूलाई गम्भीरता पूर्वक छलफल गरीरहेकै छन् हेरिरहेकै छन् त्यस कारणले यो छलफल गर्दा वा पढ्दा र अध्ययन गर्दा हामीले निकालेका दस्तावेजहरू ठिकै छन् भन्ने कुरा गर्न सकियो भने त्यसले सबैलाई सकारात्मक सन्देश दिन्छ । मैले त त्यो सरकार रह्यो भने साथीहरूलाई झन बढि सकारात्मक रहन्छ त्यो दिशाबाट छलफल चलाउनु पर्ने एउटा अवस्था रहन्छ । आर्थिक मामिला यस्तो मामिला हो बजेट

यस्तो मामिला हो त्यसलाई एउटा सीमामा सोच विचार गरिकन कार्यान्वयन गर्ने र खर्च गर्ने प्रणालीलाई स्थापित गर्न सक्यौं भने थोरै खर्च हुने ठाउँलाई धेरै घाटा पुग्छ जहाँ धेरै छ जहाँ छताछुल्ल छ त्यहाँ थोरै मात्रामा छताछुल्ल भएपनि यताउता गए पनि कहि प्रतिफल प्राप्त गर्न सकिन्छ । जहाँ गयो अकं सारै थोरै छ थोरै अङ्कलाई सोच विचारसँग अगाडि बढाउन पुग्ने गरी छलफल खर्च गर्न कुरामा तलवितल भयो भने परिमाण घाटा पुग्न सक्छ त्यस कारणले म के अनुरोध र आग्रह गर्न चाहन्छु भने कि हामीले प्राप्त गरेका दस्तावेजहरूलाई अझ पुष्टिगत गर्ने गरी अझ जनविश्वासिलो आउने गरी साच्चिँकै राम्रो गराउनका निम्ति छलफललाई पनि आधार बनाएर तपाईंहरूले अलि बढि मेहेनेतका साथ अगाडि बढन जरूरी र आवश्यकता म देख्छु। म त्यतातिर ध्यानाकार्षण गराउन चाहन्छु तपाईंहरूले जे प्रतिबद्धता गरिरहनु भएको छ हामीले जे प्रतिबद्धता व्यक्त गरिरहेका छौं हामी सबैको व्यवहार सबैले हेरिरहेका छन् । हामी यही समाजबाट अगाडि आइरहेका छौं नयाँ संरचनामा त छौं मान्छे हामी पुरानै छौं त्यस कारणले यो नयाँ संरचनाअनुसारको नयाँ विश्वास दिलाउने गरी हामी सबै जनप्रतिनिधिहरूको उत्तिकै जोखिमपूर्ण यात्रामा यात्रा गरिरहेका यो नयाँ संरचनाअनुसारको नयाँ विश्वास दिलाउने गरी हामी सबै जनप्रतिनिधिहरूको उत्तिकै जोखिमपूर्ण यात्रामा यात्रा गरिरहेका छौं भन्ने मलाई लागिरहेको छ । त्यस कारणले म फेरि पनि अनुरोध र आग्रह गर्न के चाहन्छु भने खास गरी जो काम कार्यपालिकाको प्रतिनिधित्व गर्न जो साथीहरू हुनुहुन्छ जो सरकारमार्फत् यहाँ बजेट प्रस्तुत भइरहेको छ जे वचनवद्धता जे प्रतिवद्धता मैले नीति तथा कार्यक्रममा देखिरहेको छु जे बजेटमा देखिरहेको छु जे सदनसमक्ष उठिरहेका समस्यामा प्रतिउत्तर दिँदा छलफलमा सामेल हुँदा सरकारमा रहनु हुने साथीहरू जे भनि रहनु भएको छ । त्यलाई तलवितल नगर्ने गरी विश्वास आर्जन गर्ने गरी अगाडि बढाउनु भयो भने जस्ता सुकै समस्याको पनि समाधान गर्न सकिने एउटा अवस्था रहन्छ । विनियोजन शीर्षक भएको छ यसलाई पनि अलिकता परम्परागत ढङ्गले छलफल चलाउने भन्दा पनि पेश भएको कुरालाई सुझावलाई पनि मूर्तरूप दिने गरी कसरी समावेश गर्न सकिन्छ त्यसका बाटाहरू के होलान् के त्यसका तरिकाहरू के होलान् यद्यपी परम्परा हामीलाई अगाडि बढ्न सजिलो हुन्छ । अलमल परिरहेका बेलामा अगाडि बढ्नका निम्ति सजिलो हुन्छ तर परम्परालाई मात्रै अङ्गालियो भने कहिले काहीं रचनात्मक छलफलहरू ओझेलमा पर्यो भने कहिले काहीं यो गफ गर्न सभामा परिणत भयो भने सहभागीता र सक्रियता कम हुन्छ त्यता पट्टि मलाई लाग्छ हामी सबैले हेक्का राखै भन्ने मलाई लाग्छ म यस कारणले अलिकता मलाई रचनात्मक ढङ्गले आफ्ना सुझाव दिने पक्षमा छु कि सरकार जस्तो अवस्थामा बलिरहेको छ उसका अगाडि गर्न खोज्दा खोज्दै पनि कानून छैन त्यो कानून बनाउनका निम्ति कति तत्परताका साथ लाग्न पर्थ्यो कति गर्न सकियो सकिएन त्यो समिक्षाको विषय छ । त्यसका अगाडि संरचनाहरू छैनन् त्यसका अगाडि माननीय बाहेक विश्वास गर्ने को जनता छन् उनलाई अपमान गर्न सकिदैन विभिन्न

व्यक्तिहरू सरकार भएका कारणले मन्त्रालयमा आउछन् योजना पेश गर्छन । त्यसलाई अन्यथा गर्न सकिदैन तर भेरिफाई गर्ने निकाय रहिरहेको अवस्था छैन त्यस्तो अवस्था हुँदा जुन रूपले रातो किताब आउनु पर्ने अवस्थाको हो तर त्यस रूपको मेकाज र कानून नभएका कारणले गर्दा मलाई लाग्छ रातो किताबमा अमूर्त केही बजेटहरू आएका छन् म यस कारणले यो कुरा भन्न गइरहेको छु यो विवस्था र वाध्यता त हामीले बुझौंला तर पास भइसके पछि त्यसलाई कार्यान्वयन गर्न र वितरण गर्न र प्रोजेक्ट छान्ने कुरामा सरकारमा रहनु हुने माननीय मन्त्रीज्यूहरूले हेक्का राखिदिनु भयो भने म मनसायद राम्रो रहेछ उद्देश्य त राम्रो रहेछ समस्याका वावजुद् यस्तो आएको रहेछ भनेर विश्वास गर्न एउटा प्रमुख आधारहरू निर्माण हुन सक्ने म देख्छु । त्यसकारण म सबै माननीय मन्त्रीज्यूहरूले जुन बजेट शीर्षकमा बजेट विनियोजन गर्नु भएको छ शीर्षक छुट्टाउन सकिरहनु भएको छैन अन्त्यतः कार्यान्वयन हुँदा त त्यो सम्बन्धित मन्त्रालयबाट अर्थ मन्त्रालय हुँदै कार्ययोजना स्वीकृत गरेर नै कार्य योजना कार्यान्वयन हुने परम्परा रहि आएको छ त्यसलाई तपाईंहरूले अनुशरण गर्नु नै हुन्छ तर म के अनुरोध र आग्रह गर्न चाहन्छु भने जे आशंका अहिले छ व्यवहारमा आशंकालाई निवारण गर्ने गरी विश्वास आर्जन गर्ने गरी अगाडि बढ्ने कुरामा सबै माननीय मन्त्रीज्यूहरूले हेक्का राखिदिनु भयो भने मलाई लाग्छ आगामी दिनमा अझ राम्रो छलफल सौहार्द ढङ्गले जान्छ । हाम्रो आजसम्म प्रचलनअनुसार त्योमाथि पनि चलिरहेको छ । जनप्रतिनिधि हामी सबैको हुने तर साधन र स्रोत वितरण गर्दा आफ्नो मात्रै हुने जुन तरिका छ यसलाई हामी कति बदल्न सक्छौं जनप्रतिनिधि सबैको हुने सरकार नभएसम्म सरकारको ठाउँमा पुग्न सकिदैन तर साधन र स्रोत विनियोजन गर्दा आफ्नो ठाउँ मात्रै सम्झने जुन तरिका छ यसलाई हामी सबैले हेक्का राख्ने अवस्था देख्छु । जब सरकार हो भने १० जिल्लाको प्रदेश सरकारको हामी प्रतिनिधित्व गरिरहेका छौं मन्त्री त्यो ढङ्गले भइरहेका छौं हामी माननीय सदस्यहरू बरू एउटा संकुचनको घेराभित्र रहन सक्छौं किनकी हामी निश्चित ठाउँको भूगोलको प्रतिनिधित्व गर्ने पदावलिले हामीलाई बुझिन्छ । त्यसरी हामीलाई सम्वोधन गरी गरिन्छ तर तपाईं सरकारमा रहनु जो साथीहरू हुनु हुन्छ उहाँहरू त्यो ढङ्गले अगाडि बढ्नु पर्ने हुन्छ म त्यस मध्य पनि अझ अनुरोध र आग्रह गर्न चाहन्छु हामी सबैको सहयोग लियौं तर स्वयम् तपाईंहरू जो सरकारमा रहिरहनु हुने साथीहरू हुनु हुन्छ किताबमा एउटा छ तर प्रस्तुति अर्को गर्दिने कुरा सन्देश अर्को दिने कुरा त्यो बेठीक कुरा हुन्छ है साथी हो तपाईंहरूको दस्ताबेज त तपाईंहरू पैरवि गर्न सरकारमै रहेकै साथीहरू हो हामीले प्राप्त गरेका दस्तावेजलाई नै हामीले आधार मान्नु पर्ने हुन्छ विश्वाश गर्नु पर्न हुन्छ तर किताबमा एउटा हुने तर व्यक्तिगत सामुहिक ढङ्गले प्रस्तुति अर्कै ढङ्गले गर्नु भयो भने आशंका जन्माउने स्थिति बन्छ यो योजना त फलानोको परिरहेको रहेछ त लेख्न त लेखि पो नराको रहेछ फलानोको त परेको अवस्था भन्ने भयो भने तल अविश्वासको खाडल जन्माउँछ । त्यसकारणले कतिपय हाम्रा कार्य शैलीहरूलाई

हामीले सुधार गर्न जरुरि छ मन्त्री यस कारणले भिन्न हो सरकार यसकारणले भिन्न हो जनप्रतिनिधि यसकारणले भिन्न हो कि जनप्रतिधिका नामले सबै जनताका कुरा सुन्न सक्छ लागु भए पनि नभए पनि सरकारसँग माग राख्न सक्छ तर तपाईंहरूले जनताका प्रतिनिधिहरूले जनताले उठाएका वा तपाईंसँग प्रस्तुत भएका माग मध्य औचित्य पुष्टि हुन्छ जो उपयुक्त हुन्छ तेलाई मात्र तपाईं छनोट गर्नु भयो भने ठीक ढङ्गबाट योजनाहरू सम्पादन गर्न सकिन्छ त्यो दिशाबाट अगाडि बढ्न् पर्ने अवस्था रहन्छ । हामी यो प्रदेश निर्माणका नाममा हामी सबै सँगसँगै पनि छौं कतिपय सरकारले बेलाबखतमा गरेका कुरा हामी सबैलाई बेठीक लाग्दा हामी के प्रतिपक्ष के सत्तापक्ष सबै मिलेर सरकारलाई त्यो कुरा महसुस गराएका छौं सरकार त्यो ढङ्गले पनि अगाडि बढिरहेको हामीले देखिरहेका छौं तर त्यसलाई पनि सुधार गर्नका निम्ति हामी त्यो ढङ्गले अगाडि बढ्न जरूरी रहन्छ । त्यो आधारले अगाडि बढनु पर्ने अवस्था रहन्छ । बजेट पास भइसके पछि फेरि पनि भन्न चाहन्छु अनुरोध गर्न चाहन्छु बजेट त हामीले हिजो पनि पास गर्यौं तर बजेट जस्ताको त्यस्तै रह्यो अहिले पनि बजेट हामीले पास गरौंला तर तपाईं सरकारमा रहने साथीहरू मन्त्रीज्यूहरूले संरचना बनाउने कुरा कानून बनाउने कुरा तत्परता देखाउनु भएन त्यसमा अग्रसरता देखाउनु भएन भने हामीले धेरै छलफलका वावजुद् पास गरेर बजेट फेरि जस्ताको त्यस्तै रहने छ । फेरि जस्ताको त्यस्तै रहने छ । त्यसकारणले यो बजेटलाई कार्यान्वयन गर्नका निम्ति ध्यान त गएकै छ मन्त्रीज्यूहरूको विगतको भन्दा क्रमसः सुधार गर्नु भएकै छ तर फेरि पनि म भन्न चाहन्छु अहिले तपाईंहरूको जनसम्पर्क नगर्दा बिग्री हाल्दैंन समय हामीसँग चार/पाँच वर्ष छ । तर कानून बनाउनु भएन भने हामी सबैको विग्रन्छ कुनै जिल्लागत कार्यक्रम र सार्वजनिक कार्यक्रममा नजादाँ केही विग्रिहाल्दैन तर तपाईंहरूले समयमै संरचना बनाउने कुरामा ध्यान दिनु भएन भने हामीले समयमा बजेट कार्यान्वयन गर्ने सक्दैनन सम्पादन गर्ने सक्दैनन जब हामीले सम्पादन गर्न सक्दैनन अब संरचना नभएर कानून नभएर विगतको ७४/७५ मा जनताले माफि दिए जस्तै ७५/७६ मा हामीलाई माफि दिने अवस्था म देख्दिन यद्यपी कार्यक्रम तय बनाछु भन्दा भन्दै पनि कर्मचारी ढाँचाबाट आउदा बजेट परम्परागत नै छ । तर तपाईंले कार्यान्वयन गर्दा त्यही परम्परागत ढाचाँबाट अगाडि बढ्नु भयो भने तपाईंको अपेक्षामा गन्तव्यमा पुग्न सकिंदैन बजेट कार्यान्वयन गर्नका निम्ति कर्मचारी प्रशासन उत्तिकै सहयोगी र चुरुस्त दुरूस्त ढङ्गले अगाडि बढ्न पर्ने हुन्छ उहाँहरूका कतिपय राम्रा कुराहरू छन् । संरक्षण गर्नु पर्ने अवस्था रहन्छ यही उहाँहरूका कतिपय गलत कुराहरू छन् भने सम्झाई बुझाइ गरेर अगाडि बढ्नुपर्ने अवस्था रहन सक्छ । तर त्यो मेकानिजम रहेन आत्मसाथ गर्न सकिएन भने सरकारमा रहेका वा राजनीतिक नेतृत्व गरिरहेका मन्त्रीहरू जतिसुकै गतिशील भए पनि मन्त्रालयको गतिविधि जस्ताको त्यस्तै रहने छ । त्यसकारणले म त्यता तिर पनि तपाईंहरूलाई विनम्रता पूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु । ७४/७५ को सानै अंशमा भए पनि मेरो विचार मा त्यो

कार्यान्वयनमा म टिपर्णी गर्न चाहन्न । तर सम्बन्धित मन्त्रीहरूलाई म अनुरोध गर्न चाहन्छु । त्यही भयो भने तपाईंले नयाँपन दिनै सक्नु हुन्न । त्यस कारणले म अनुरोध र आग्रह गर्न चाहन्छु । यो दिशाबाट हामीले यसलाई छलफल चलाउ अगाडि बढौ र साउन १ गतेदेखि जुन लागु हुने बजेट छ त्यसलाई मूर्त रूपले कार्यान्वयन गर्नका निम्ति कानून र संरचना निर्माण गर्ने कुरामा गम्भीरता पूर्वक अगाडि ध्यान दिन सकियो भने मलाई लाग्छ अगाडि बढ्न सकिने अवस्था रहन्छ यद्यपी बजेट आइसकेको छ । तर आगामी दिनमा आउँदा मेरो विचारमा जुन प्रदेशमा जुन ठाउँमा स्रोत धेरै छ जहाँ कानून र संरचना छैन सरकार नै धेरै ठाउँ ओगट्ने गरी धेरै योजना लिने गरी जादा त्यो मूर्तरूप हुन्थ्यो । अनुगमन गर्न सजिलो हुन्थ्यो तर अब सरकारको प्रतिनिधित्व गर्न धेरै क्षेत्र भएको हुनाले बजेटमा विशाल क्षेत्र ओगटेर बजेट आइरहेको छ । त्यसलाई अन्यथा मान्न सकिएन किनकी छुट्टाइदियो भने क्षेत्रै छुट्ने अनुभूति सम्बन्धित कर्मचारीले सम्बन्धित मन्त्रीज्यूहरूले गर्ने कुरा जुन देखिरहेको छ त्यसलाई तपाईंहरूले सच्चाउनु होला । यसो गर्दा सामुहिक रूपले हेर्दा मन्त्रालयका योजनाहरू डुब्लिकेशन छन् । कृषि र उद्योग मिलिराछन् पर्यटन र भौतिक पूर्वाधार सँग मिलिराछन् त्यस्ता डुब्लिकेशन भएका योजनाहरूलाई एउटै योजनामा रुपान्तरित गर्न कुरामा तपाईंले हेक्का र ध्यान दिनु पर्न अवस्था रहन्छ । संघीय सरकारले बजेट बनाउँदा एउटै बाटाको तीनठाउँमा राखेर तीनवटा टुक्राको बजेट ल्याउने प्रवृति थियो । त्यो अनुभव अलि अलि प्राप्त भएर हो कि क्याहो यहाँ पनि अक्कलझुक्कल त्यस्तो पनि देखिन्छ त्यलाई तपाईंहरूले करेक्सन गर्नु पर्ने हुन्छ त्यो आधारबाट अगाडि बढ्ने कुरामा हामीले हेक्का राखे ध्यान दियौं भने मलाई लाग्छ नयाँपन दिन सकिने अवस्था रहन्छ यिनै विचार राख्दै विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री गुलावजंग शाह, समय ७ मिनेट ।

**माननीय श्री गुलावजंग शाहः-** माननीय सभामुख महोदय, सरकारले ०७५/०७६ को बजेट प्रस्तुत गरिसकेको छ । हामी आज सम्बन्धित मन्त्रालयको विषयवस्तुमा छलफल गर्दै छौं । आज छलफलमा सहभागी हुँदैगर्दा आज आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय, कृषि भूमि सुधार मन्त्रालय, संसद सचिवालय सन्दर्भमा आफूलाई उभिएर थोरै केही सुझावको रूपमा बजेटमा टिपण्णी गर्न चाहन्छु । हामीले सबैको जन जिब्रोमा भन्ने गरेका छौं कर्णाली प्रदेश गरिबीको रेखामा सबै भन्दा अग्र भागमा उभिएको प्रदेश विगतमा सिंहदरवारदेखि धेरै भूगोलले पनि टाढा रहेको प्रदेश कर्णाली आज ७ वटा प्रदेशमा सबै भन्दा गरिबीको रेखामा सब भन्दा अगाडि ५२ प्रतिशत गरिबीको रेखामुनि उभिएको प्रदेश कर्णाली प्रदेश यस्तो प्रदेशमा आज हामीले सरकारले जनताका पक्षमा उभिने गरी गरिब निमुखाका पक्षमा उभिने गरी जुन खालको बजेट ल्याउने प्रयत्न गरेको छ जुन खालको मेनेहत सरकारले गरेको छ मलाई लाग्छ पोजेटिभ धारणका साथ सकारात्मक धारणाका साथ सबै कुरालाई समेटेर बजेट प्रस्तुत

गर्ने मनसायका साथ यो सरकारले बजेट प्रस्तुत गरेको छ । यो सकारात्मक छ भन्ने कुरा पहिलो कुरा राख्न चाहन्छु । तर हामीले बजेट भन्दा वित्तिकै विनियोजित भन्ने वित्तिकै त्यो खर्च हुनु पर्छ बजेट विनियोजित खर्च हुने गरी गर्नु पर्छ हामीसँग अहिले हेर्नु भयो भने २०७२ को संविधान व्यवस्था गरेको छ । तीनतहको सरकारको परिकल्पना गरिरहेको छ तर हामी कहाँ कुनै संरचना छैन संरचना नहुँदा ७४/७५ को बजेट हामीले खर्च गर्न सकेनउ यथार्त हाम्रो सामुन्यमा छरलङ्ग छ । अहिले पनि ७५/७६ को बजेट हामीले विनियोजित गरी रहेका छौं यद्यपी खर्च गर्न संरचना हामी सँग छैन संरचना नहुँदा वास्तमा बजेट विनियोजित बजेटलाई खर्च गर्न सकिएन भने फेरि त्यो हामी तिर फर्कन सक्छ हामीलाई आलोचना हुन सक्छ त्यसैले बजेट विनियोजित गर्दा हामीले कही कतै परम्परागत ढङ्गले बजेटको नाम सबै कुरा समेट्ने गरी हामीले सम्वोधन गरेका छौं कि एकपटक विनियोजित गर्न माननीय मन्त्रीज्यूहरूले त्यतातिर ध्यान केन्द्रित गर्न पर्छ कि म अनुरोध गर्न चाहन्छु । वास्तवमा बजेट भनेको सबै जनताको सम्वोधन हुने गरी आउनु पर्छ यथार्थ कुरा तर हामी कर्णाली प्रदेशका बासिन्दा हामीले अब केही गरेर देखाउनु पर्छ हामीले एउटा राम्रो काम गरेका छौं सातवटै प्रदेश मध्ये सबभन्दा पहिला यसको राजधानि हामीले तोकेका छौं । वास्तवमा अहिले अरू प्रदेशले हाम्रो कुराको सिको गर्दैछन् । हामीले बजेट त्यो खालले विनियोजित गर्नुपर्छ त्यो खालको विनियोजित गर्यौं भने हामीले सोचेको परिकल्पना हामीले सोचेको समृद्धिको यात्रामा एउटै इट्टा थप्न सक्छौं । बजेट मैले हेरे सामाजिक मन्त्रालयमा २२४ वटा शीर्षकमा बजेट विनियोजित गर्नु भएको छ । कृषि सहकारी मन्त्रीले करिब करिब ९२ शीर्षकमा बजेट विनियोजित गर्नु भएको छ । खास गरी आन्तरिक मामिला मन्त्रीले २२/२४ वटा शीर्षकमा बजेट विनियोजित गर्नु भएको छ म एउटा कुरा सुझाव राख्न चाहन्छु हामीले प्रदेशमा सरकारको स्वायत्तता छौं तर हामी कहाँ संरचना हामीका स्वायत्तता धेरै कुरा बदल्न जरूर छ संघीय सरकारको मातहत जस्तो हामीले सरकार चलायौं भने मलाई लाग्छ सोधनीय हुँदैन कतिपय बजेट विनियोजित गर्न सन्दर्भमा डुब्लिकेशन नहोस् कुन खालको योजना छनोट गर्ने हामी प्रहरी चौकि बनाउने तालिम केन्द्र बनाउने अथवा कुन खालको संरचना तयार गर्न त्यो खालको हामीले सोच बनाउन जरूरी छ । मैले अस्ति पनि भनेको थिएँ संसदमा दास्रो विश्व यूद्धमा अमेरिकाले जापानमा बम खसाले जस्तै जापानिजहरूले १८ घण्टा जापानमा काम गरेर आज जापान जापान बनेको छ भने जस्तै यो प्रदेश संरचनाको जगमा छौं हामी त्यो जगमा उभिदा हामीले सबभन्दा पहिलो फेज कानून निर्माणको फेजमा हामीले आफूलाई रूपान्तरण गर्न सक्यौ संरचनागत ढङ्गले तल दलगत ढङ्गले यसका रूपहरू ल्याउन सक्यौं भने पछि त्यो विनियोजित गरेर बजेट कार्यान्वयनमा सहयोग हुन्छ र हामीले गरेका विनियोजित बजेटलाई हिजोको जस्तो परम्परागत ढङ्गले नआएर वास्तवमा कर्णालीवासी जनताले प्रत्यक्षरूपमा अनुभति गर्ने गरी त्यो बजेट विनियोजित भयो भने न परम्परागत ढङ्गले हुन्छ न हिजोको मोडेलले हुन्छ यहाँको वास्तविकता के

हो त्यो ढङ्गले हामीले बजेटलाई जनताको पक्षमा उभ्याउने गरी विनियोजित गर्यो भने सबै कुराको समेटिने र हामीले पनि केही गरेको कुरा देखिने गरी हामीले बजेटलाई विनियोजित गर्यो भने मलाई लाग्छ हामी कर्णालीवासी कर्णाली प्रदेश फेरि पनि स्यावासको केन्द्रमा हामी उभिने छौं । त्यसैले अहिले म भन्न चाहन्छु हामीले जुन खालको ढङ्गले योजनाको विनियोजित गर्यौं यो सरकारको सब भन्दा प्रतिनिधि अब्बल प्रतिनिधि हामी सांसदहरू हुम हामीले कति योजना ढङ्ग पुर्याएर छनोट गरेका छौं भोलिका दिनमा कार्यान्वयन गर्ने सवालमा हामीले ती योजना सम्पन्न गर्न सकेनौं भने फेरि त्यो कुरा हामीतिर फर्किने छ । त्यसको लागि अहिल्यै विनियोजित सवालमा जनताका पक्षमा जनताका प्रतिनिधि स्वच्छ ढङ्गले उभिने गरी हामीले योजनालाई विनियोजित गर्यौं भने पछि रकमलाई विनियोजित गर्यौं भने पछि मलाई लाग्छ साँच्चै वास्तवमा यो बजेट नीति तथा कार्यान्वयनका क्रममा बजेटमा दफावार छलफल सार्थक हुनेछ र हामीलाई आज सबै कर्णालीवासीले हेरिरहेका छन् कि कस्तो खालको बजेट योजना तर्जुमा गर्छन माननीय सदस्यहरू माननीय मन्त्रीज्यूहरूले यो कुरा हेरिरहेका हुनाले हामीले जनताका पक्षमा उभिने गरी जनताका पक्षमा सदैब रहने गरी र वास्तवमा कर्णालीलाई बनाउने गरी बजेटलाई कार्यान्वयन हुने गरी अगाडि बढ्यौ भने मलाई लाग्छ यो सार्थक हुने कुरा सुझाव राख्दै विदा हुन चाहन्छु हवस् त धन्यवाद !।

**माननीय सभामुखः–** माननीय श्री गोपाल शर्मा, समय ७ मिनेट । त्यसपछि माननीय श्री चन्द्रबहादुर शाही तयार रहनु होला ।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुखज्यू खास गरी हामीले आर्थिक वर्ष २०७५/७६ बजेटमा सैद्धान्तिक रूपले सहमति जनाइसकेका छौं र सैद्धान्तिक रूपले हाम्रो छलफल यहाँ व्यक्त पनि गरिसकेका छौं । हामी आजदेखि मन्त्रालयगत शीर्षकमा छलफल शीर्षकमा आएको बजेटलाई छलफलमा छलफल गरी राख्याछौं मैले खास गरी हामीले प्राय यो किताबलाई रातो किताब भनेर भन्ने गर्छौं । सभामुख महोदय, यसका तीन किसिमको कलर छ पुरै रातो छैन । यो शीर्षकमा शिर्ष स्थानमा यसको रातो रंग छ बीचमा निलो रंग छ र यसमा अलिकति पछाडि धेरै भाग पहेलो कलर छ अलिकति फिक्का पहेलो भन्न सकिन्छ । हामी यो बजेटको छलफल गर्दा खेरि हामीले अपेक्षा गरेको रातो नै हो तर व्यवहारमा हाम्रा केही आशंकाहरू पहेलो कलर व्यक्त भइराखेका छन् हामीले मन्त्रीज्यूहरूले राखेका केही कुराहरू अथवा शीर्षकहरू हेर्दा खेरि हाम्रा अपेक्षाहरू शंकाका घेरामा छन् तैपनि हामीले यसलाई सकारात्मक रूपले लिएका छौं र ग्रहण गरेका छौं । मलाई खास गरी सैद्धान्तिक छलफलमा हामीले जे कुरा खास गरी नीतिगत नीति तथा कार्यक्रामा हामीले जे सहमति जनौं र बजेटको समग्र शीर्षकमा जे सहमति जनाएका छौं र हाम्रा मन्त्रीज्यूहरूले पनि खासगरी आर्थिक तथा योजना मन्त्रीज्यूमार्फत् व्यक्त भएको गरेको बजेटलाई हेर्दा खेरि पनि धेरै कुराहरू त्यो नीति तथा कार्यक्रम निर्देशित छन् र सँगसँगै अलि ठूलो अपेक्षा गरेर सो चाहिँ राखेर नै

मन्त्रीज्यूहरूले आफ्ना कार्यक्रमहरू बनाउनु भएको छ नै भन्ने मलाई लाग्छ । सोचहरू कसैलाई पनि कर्णाली अलिकति कमजोर बनाऊ भन्ने कुराको कसैलाई पनि लाग्दैन त्यसमा पनि हाम्रा मन्त्रीज्यूहरू जसले कर्णाली निर्माणको मुख्य जिम्मेवारी लिनुभएको छ उहाँहरूलाई कर्णाली प्रदेश बनाउने जिम्मेवारीको रूपमा सबभन्दा बढि उहाँहरूलाई नै सबभन्दा बढि यसको अनुभूति हुने गर्छ र त्यसअनुसार बजेट व्यक्त गर्ने पनि खोज्नु भएको छ भन्ने मैले ठान्दछु । मैले शंका नगरेर उहाँहरूका सकारात्मक सोचहरूलाई मुख्य कुरा हेर्ने कुरा हो यस प्रति नै मेरो सर्मथन छ । अब अलिकति व्यक्त गर्दा खेरि रूपहरू कस्तो देखिन्छ र सभामुख महोदय, भन्दा अपेक्षा चाहिँ र सोचाई एकदमै ठूलो राम्रो पनि बनाउनु भएको छ र कतिपय कुराहरू व्यक्त गर्दा खेरि शीर्षकहरू विनियोजन गर्दा खेरि परम्परालाई पछ्याउँदा खेरि विगतका परम्पराहरू जो अलिअलि साना-साना शीर्षकहरूमा पनि व्यक्त गर्न जो परम्परा छ त्यसलाई पछ्याउँदा खेरि बजेट समग्र सकारात्मक सोचहरू रूपहरूमा पनि कहिले काहीँ अलिकति अन्त्यर उत्तरमा त्यसले थोरै असर पुर्याको मैले देख्दछु आज हामी चारवटा शीर्षकमा खासगरी प्रदेशसभा सचिवालयसँग सम्बन्धित हामीले शीर्षकहरू यहाँ अलि विनियोजन शीर्षकमा धेरै कुराहरू देख्न पाएनौ अब त्यसतर्फ धेरै छलफल गर्न जरूरी नै ठान्देन । म अब खासगरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले आफ्नो शीर्षकमा मैले यद्यपी यो तीनवटै उसमा पनि अरू तीनवटै मन्त्रालयमा पनि कहिले काही कस्ता छन् भने कार्यक्रमहरू दोहोरिएका छन् एउटै कार्यक्रम एउटै रूपमा व्यक्त गर्ने कार्यक्रम पनि दुईतीनवटा शीर्षकहरू राखेर व्यक्त गर्ने गरिएको छ । त्यसो गर्दा खेरि कतिपय धेरै बनाउनु भन्दा पनि रूपहरू विग्रिएको म देख्छु । त्यसो गर्दा जस्तो यहाँ मानौं उदाहरणको लागि एउटै प्रकृतिको शान्ति सुरक्षा अभियान सुरक्षा अनुसन्धान तथा अन्वेषण भनेर एउटै शीर्षक जस्तो बुझ्छुम तर एउटै शीर्षकमा ९ करोड एउटामा ५ करोड राखेर एउटै खालको शान्ति सुरक्षा अभियान बनिसके पछि यसले अनुसन्धान गर्ने पनि हो अन्वेषण गर्ने पनि हो सुरक्षात्मक अभियान चलाउनु हो त्यसो गर्दा शीर्षकहरू दोहोरिने खोजि राख्यो अथवा विभिन्न रूपले विनियोजन गर्ने खर्चहरूलाई कसरी विनियोजन गर्ने भनेर अलिकति हतार भइराखेको हो कि जस्तो देख्छु म अब अन्तरक्रियात्मक कार्यक्रम भनेर यद्यपी कानून तर्जुमालगायत शीर्षक छन् त्यहाँ अन्तरक्रियात्मक कार्यक्रम भनेर २ करोड विनियोजन छ । मैले यहाँ यदि शीर्षक अलिकति देखिराछैन भने यो अन्त्यरक्रिया भनेर २ करोड लाग्ने अन्त्यरक्रिया कस्तो खालको हो भन्ने अलिकति बुझिन्छ । तर यो पनि अपेक्षा चाहिँ यस्तो हो जस्तो चाहिँ लाग्दैन मलाई अपेक्षामा अलिकति शीर्षक अलिकति फरक-फरक गराउन खोजिएको हो कि भन्ने पनि जस्तो कानून तर्जुमा मानव अधिकार र सूचनाको हकसम्बन्धी अन्त्यरक्रिया कार्यक्रम भनेर ५ वटा संख्या र लक्ष्य राखिएको छ र २ करोड १९ लाख विनियोजन गरिएको छ । त्यसो गर्दा यो शीर्षक चाहिँ अलिकति मिलेन कि भन्ने मेरो कुरा हो र समग्रमा अब आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई जे

कार्यक्रम दिइएको थियो कार्यक्रमको आधारमा विनियोजन भएको छ यसलाई मेरो अन्यथा छैन सामाजिक विकास मन्त्रालयमा सबभन्दा पहिले म मन्त्रीज्यूलाई सामाजिक मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । क्षेत्रीय रंगशाला खासगरी मेरो निर्वाचन क्षेत्रमा पर्दछ त्यो क्षेत्रीय रंगशालामा अहिले पहिलो चोटि हामीले धेरै चोटि धेरै पटक केन्द्रमा केन्द्रीय सरकारलाई अनुरोध गर्दा पनि कहिले पनि बजेट परेन तर रंगशालाकै नाममा ठूलो जमिन छ । नामै रंगशालाको नाममा छ । तर रंगशालाको मूर्त रूप थिएन पहिलो चोटि बजेट विनियोजन छ विनियोजन भएको छ त्यसको लागि म धन्यवाद दिन चाहान्छु र त्यो बजेट विनियोजन झण्डै-झण्डै त्यसको हामीले मोटोमा बनाउँदा खेरि पनि ७० करोडको लागतमा बन्ने सम्भावना छ तर पहिलो चोटि २ करोड शीर्षकमा सम्वोधन भएको छ अब यसमा मैले सामाजिक विकास मन्त्रालयका आफ्नै बाध्यताहरू छन् । यसलाई त्यो थाहा छ यले धेरैवटा शीर्षकहरू सम्वोधन गर्नुपर्ने छ । यससँग धेरै एकदम असीमित शीर्षकहरू छन् त्यो गर्दा यहाँ कयौं कार्यक्रमहरू त्यो भ्याइ नभ्याइ उहाँलाई सम्वोधन गर्न भ्याई नभ्याई जस्तो पनि लाग्छ मलाई तर यसोगर्दा मैले यसो हेरे झण्डै २२४ वटा शीर्षकमा उहाँले ९९ वटा शीर्षक वितरणमा आधारित छ गोष्ठी, कार्यशाला प्रवर्धनात्मक कार्यक्रम, सहयोगात्मक कार्यक्रम भनेर राख्नु बाध्य हुनु भएको छ त्यो बाध्यता होला उहाँ मन्त्रीज्यूको मैले अन्यथा ठान्दिन अब हामीले प्रवर्धनात्मक गर्नै पर्ने छ । तालिम दिनै पर्ने छ गोष्ठी सञ्चालन गर्नै पर्ने छ कार्यशाला चलाउनु नै पर्ने छ त्यो बाध्यताहरू मैले बुझ्दै छु तैपनि यति धेरै शीर्षकहरू मध्ये कार्यक्रमगत शीर्षकमा मात्रै पनि ९९ वटा कार्यक्रममा झण्डै-झण्डै २१ करोड ६१ लाख रूपैयाँ यसमा विनियोजन भएको छ यसो गर्दा मेरो अपेक्षा के हो भने एकमुष्ट ठूलो कार्यक्रमहरू राख्न पाएको भए अलि परिणाम धेरै आउथ्यो कि भन्ने कुरा मात्रै हो मेरो अरू मैले धेरै टिप्पणी यसमा गरिन भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको समग्रमा शीर्षक मोटो शीर्षक राखेर विनियोजन गर्ने खोजिएको छ यो स्वभाविक र सकारात्मक नै छ तर यहाँ दुईवटा कुरा खास गरी उत्कृष्ट कृर्षक तथा कर्मचारी पुरस्कार अवोलकन भ्रमणलगायतका शीर्षकहरू चाहिँ अब यद्यपी यो अब हामी मिलेर गर्नु पर्ने भएकाले कर्मचारी साथीहरूका पनि केही अपेक्षाहरू होलान अब हामी सबैका कहिन कहि यसो सम्वोधन गर्न सकिन्छ कि भन्ने ठाउँ पनि हुन सक्छ त्यसको लागि उहाँले सम्वोधन गर्नु भएको छ होला यही कुरा राख्दै खासगरी समग्रमा विषयगत शीर्षकमा आज व्यक्त भएका कुराहरू प्रति मेरो सर्मथन राख्दै धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री चन्द्रबहादुर शाही, समय ७ मिनेट । यसपछि माननीय श्री रातो कामी तयार रहनु होला ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** सभामुख महोदय, मैले एउटा उखान यहाँ राख्न चाहे एउटा ससुरा र बुहारी घास काट्न गएछन्, भाई बुहारी अनि दुईवटैले घास काटे घाँस काटेर त्यो बिटो हाले बिटो हाली सकेपछि अनि उले उलाई छुन मिल्दैन उले उलाई

छुन मिल्दैन अनि कसरी अब दुइवटैले अब त्यो बिटो लिए अब कसरी उठ्ने अनि दुइवटै आत्तिय अनि त्यो ससुरो चाइनेले के भनेछ भने पाप धर्म तेरा पेट बेल बुहारी बिटो बेल बुहारी बुटो भनेर अनि उले ससुराले भनि सके पछि बुहारीले त्यो बिटो पेलेर अनि त्यस पछि घरमा आए त्यो भएकोले अब माननीय मन्त्रीज्यू मन्त्रालयसँग अब पाप धर्म उहाँहरूसँग छ तर अहिले पनि अहिले पनि बजेट खुल्ला दिलले खुल्ला रूपले ल्याउनको लागि अझै पनि अब यो मरि हत्या गरिरहेको अवस्था देखिन्छ मान्छे मर्दा खेरि अन्तिम त्यो सास जादा खेरि अवश्य पनि यसको के कान्छो छोरो अब के घाटीमा लाग्यो कि कान्छि छोरी लागि कि केहिन केही सम्झेको छ है भनेर अरूले सम्झिसके पछि मात्रै अनि त्यो सम्झाए पछि त्यो मान्छे मर्छ त्यस्तै गरेर खुलस्त रूपले यो बजेट विनियोजन गर्न के हो मन्त्रीज्यू अहिले पनि खुलस्त रूपले बजेट विनियोजन गर्न मानिरहनु भएको छैन । अब तैपनि हामीले त बेल बुहारी बिटो हामीले त अब सर्मथन गर्न पर्ने छ यसलाई पास गर्नै पर्ने छ । त्यसो भएकोले मैले यिनै कुरा राख्दै यो नाटकै-नाटक कति यो नाटक गरिरहने हामीले ०७४/०७५ को बजेट विनियोजन भयो छलफल गयौं योजना दियौं अनि समय लगायौ आर्थिकदेखि लिएर तमाम खर्च भयो तलको कार्यकता तलको जनतालाई हामीले योजना माग्यै समय जति पनि थियो तर त्यो बजेट कहाँ गयो के भयो केही पनि कार्यान्वयन भएन बालुवामा पानी हाले जस्तै त्यो समय त्यो लगानी बालुवामा पानी हाले जस्तै भयो । फेरि अहिले अहिले पनि फेरि अर्को नाटक फेरि हामीले यहाँ मञ्चन गरिरहेका छौं हाम्रो आदरणीय नेता यामलाल कमरेडले भनि सक्नु भएको छ त्यहाँ हाम्रो संरचना हाम्रो संरचना अझै पनि यो बजेट त्यो नीति संरचना तिर केन्द्रित भएको देखिँदैन । संरचनातिर केन्द्रित नभइकन फेरि पनि यो बजेट बालुवामा पानी हाले जस्तै हुन सक्छ अब तैपनि के गर्नु हामीले नुनको सोझो गर्नै पर्ने छ बोल्नै पर्ने छ हाजिर लगाउनु पर्ने छ जनताले पठाएका छन् गर्नु पर्ने छ अब के गर्नु गर्न पर्यो टिकाटिप्पणी गर्नै पर्यो भन्नै पर्यो त त्यो भएकोले मैले यिनै कुरा राख्दै मैले केही मन्त्रालयतिर म यहाँ आफ्नो भनाइ म यहाँ राख्न चाहन्छु सभामुख महोदय, अस्ति नीति र बजेटको नीतिगत छलफलमा पछाडि परेको जुन जिल्ला क्षेत्र र हामीले बजेटमा सम्वोधन गर्ने छु भनेर यहाँ भनियो तर हुनि खेल्नेले मात्रै काम हो भनेत जोले जे बोल्दा पनि भयो तर भनि खेल्ने त होइन नि यो थलो भनेको भनि खेल्ने थलो होइन । यो थलो भनेको आम जनताले चासो र चिन्ता राख्ने थलो हो त्यसो भएकोले बोलेका कुरा हामीले सहि किसिमले कार्यान्वयन गरेनौं भने पागल हुन्छौं है त्यसो भएकोले पछाडि परेको त्यो वर्ग समुदाय क्षेत्रलाई हामीले बजेटबाट सम्वोधन गर्न भनिएको थियो तर अहिले यदा कता-कता मन्त्रीका यो कोणबाट ठ्याक ठ्याक ट्वाक्क् ट्वाक्क अलिअलि घुमाउरो पाराले अनि योजना छुईएका बाहेक अनि त्यस पछिको क्षेत्रलाई सम्वोधन गरिएको अवस्था देखिँदैन अर्को यो सामाजिक अब क्षेत्रतिर जुन मैले शिक्षामा केही कुरा राख्न चाहे शिक्षामा प्राविधिक शिक्षा भनिएको छ अनि मुख्य कुरा हाम्रो शिक्षा नीति के हो यो प्रदेशले

खोजेको शिक्षा नीति के हो है यो प्रष्ट भएन यो प्रदेशले खोजेको शिक्षा नीति के हो यो कुरा मैले सुझाव राख्न चाहे अनि अर्को कुरा प्राथमिक शिक्षा बलियो नभइकन प्राविधिक शिक्षा राम्रो हुन सक्दैंन है प्राविधिक शिक्षालयमा यो बजेट यो जुन अगाडिका जुन कामहरू अनि त्यति गतिलो ढङ्गले लागेको जस्तो मलाई लागेको जस्तो छैन प्राविधिक शिक्षा गतिलो नभइकन प्राविधिक शिक्षा राम्रो हुन नसक्ने कुराहरूमा मैले राखिसके अर्को कुरा अहिले शिक्षामा खाडल छ सरकारी स्तरको शिक्षा प्राइभेट स्तरको शिक्षा बोर्डिङ्ग र सरकारी अब क्षेत्रको शिक्षाको ठूलो खाडल छ तर त्यो खाडल कसरी पुर्ने भन्ने यो बजेट मा कतै पनि केही अलि कता उल्लेख भएन अलि अपुरो भयो कि भन्ने कुराहरू रहेका छ अनि त्यसपछि हामीले ठाउँ ठाउँमामाथि प्राइभेट ढङ्गले स्कुल, हाईस्कुल खोलिएका छन् नि.मा.वि. खोलिएका छन् क्याम्पस खोलिएका छन् तर अहिले ती क्याम्पस ती नि.मा.वि.देखि लिएर विभिन्न तहका त्यो प्राइभेट रूपले संचालन गर्न नसकेर एकदम जनता छटपटिएको अवस्था छ त्यसो भएकोले त्यहाँको शिक्षक दरबन्दीदेखि लिएर त्यलाई त्यो प्राइभेट रूपमा खोलिएका सरकारी स्कुल त्यसैमा अनि आफूले संचालन गर्न गरेर खोलिएका ती स्कुलहरू न घरका न घाटका भएर उभिएका छन् यसलाई अब कसरी अगाडि बढाउने यसमा पनि बजेट बोल्नु पर्थो नीति बोल्नु पर्थे कुरा हुन सकेन अर्को कुरा अनि त्यस पछि यो डाक्टर अब कर्णालीका पूर्व कर्णालीका ती पहाडहरूमा गाउँ बस्तीमा डाक्टरहरू अहिले पनि बस्दैनन् कमसे कम डाक्टरलगायत अरू प्राविधिक त्यहाँ बस्ने खालको अनि अब बजेट नीति पनि त्यो आएन अनि अन्त्यमा हाम्रो संघीय मामिला कानून मन्त्रीज्यूले अब धेरै अब मेहेनतका साथ अब आफ्नो कुराहरू अगाडि ल्याउनु भएको छ जुन डिजिटल स्कुल एक/एक वटा डिजिटल स्कुलको कुरा गर्नु भएको छ अब डिजिटल अब स्कुल भने अब त्यो झरो काठको टुक्किमा अब त्यो डिजिटल अब हुने खाने हो कि हैन अनि त्यसपछि अब फोनको कुरा अब यही सुर्खेतमै हाम्रो राजधानिमै पर सुब्बाकुना गयो भने हाम्रा फोन काटिन्छन् अनि अब त्यो अलि अब कहाँ हुने हो एक अर्को कुरा अब हामी नयाँ संघीय संरचनामा अगाडि बढेका छौं हामीले थुप्रै ठाउँमा अनि चौकिहरूको आवश्यक छ भवनहरू अहिले पनि चौकिका अब प्रहरीहरू अहिले अर्काको खोरमा अनि बसीरहेका छन् अनि कुनै ठाउँमा चौकि नभएर जनताहरू छटपटाई रहेको अवस्था छ । अहिले हामीले यो गाडी खरिद गर्नु भन्दा यो अरू इक्विपमेन्ट खरिद गर्नु भन्दा कमसेकम जनताको जनमुखी त्यो कार्यक्रम तिर हामी जान पाएको भए बेस हुन्थ्यो कि भन्ने मैले सुझाव राखे, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू आज कर्णाली प्रदेश सरकारले ल्याएको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश विद्यालयको जसरी बजेट आएको छ बजेटका बारेमा हामीले छलफल गरिरहेका छौं अब पहिलो कुरा त बजेट आएकोमा म धन्यवाद

दिन चाहन्छु किनकी हामी कर्णाली प्रदेशको बजेट आउछ र आइसके पछि हामी जनताका इच्छा आकांक्षा अनुरूपका काम गर्छौं भनेर हामीले जनतासँगको फोन संवाद र छलफलको क्रममा हामी बार-बार भन्ने गरेका छौं र बजेट आउने कुरामा र बजेट आइसके पछि लागु हुने कुरामा जनता पनि तल एउटा ढङ्गले आशावादी छन् र सँगसगै बजेट आयो तर बजेटले पूरानो परम्परालाई पछ्याउँदै बजेट आएको महसुस मैले गरेको छु र यहाँ बजेट अलिकति नयाँ तरिकाबाट परिवर्तित परिस्थितिमा एउटा बजेटले नयाँ ढङ्गले केहिन केही कामको सुरूवात गर्न गरी बजेट आउन सकेन र यो नसक्नुको पछाडि हामीले अब आउँदा वर्षहरूमा पनि यो कुरालाई निरन्तरता जान्छ र हामी फेरि के हुन्छ भने एउटा ठाउँमा बजेटका बारेमा कर्णालीको समृद्धिका बारेमा फेरि गहिरो प्रकारको चाहिँ समिक्षा गर्ने बेला गर्ने ठाउँमा हामी पुग्छौं भन्ने मलाई लाग्दछ र बजेट सँगसँगै बजेटले यति बेलाको कर्णाली प्रदेशको बजेट युवासँग केन्द्रित भएर अथवा रोजगारी सिर्जनासँगै केन्द्रित भएर उत्पादनसँग केन्द्रित भएर जुन प्रकारको कर्णाली प्रदेशमा हामीले बाहिरबाट आयात गरेर हामीले निर्भरता अहिले निर्भर भइरहेका छौं त्यसलाई चाहिँ आपुर्ति गर्ने ढङ्गले चाहिँ उत्पादनसँग जोडेर बजेट आएको भए एकातिर हामीले आफ्नो उत्पादनबाट हामीले उपभयोग गर्थ्यौं र अर्कोतिर उत्पादन गर्ने जनशक्ति रोजगारीमा परिणत हुन्थ्यो त्यो नभइकन हामीले बजेटलाई एउटा पूरानो ढाचाँ ढर्राबाट चाहिँ आएको छ यो बजेटलाई के भन्न सकिन्छ भने कुखुरा बिरामी छ बोकाको बलि दिनु पर्ने परिस्थिति हुन्छ त्यस्तै प्रकारको भयो हामीले बजेटलाई एउटा नयाँ सिराबाट चाहिँ अगाडि बढने सुझाव माननीय सदस्यबाट सबैबाट गएकै थियो कर्णालीमा बजेटले एउटा चाहिँ उत्पादनसँग जोडियोस् बजेट अलिकति रोजगारीसँग जोडियोस् बजेटले चाहिँ यहाँको उत्पादन चाहिँ उपभयोग गर्ने प्रकारको चाहिँ वातावरण सिर्जना गरोस भन्ने कुरा हामीले चाहिँ अपेक्षा गरेका थियौं कता कता बजेट यस्तो ठाउँमा उत्पादन गर्ने ठाउँमा १ करोड २ करोड अब कर्णालीका युवाहरूलाई रोजगारी १०० दिनभित्र दिने २ करोड भनेको छ त्यस कारणले को-कोलाई दिने त्यसलाई त्यो भएको हुनाले बजेटले यो गर्न सकिरहेको छैन यो कुरा चाहिँ हामीले महसुस गरेका छौं र म भन्दा अगाडि बोल्ने प्रवक्ता माननीयज्यूहरूले पनि कुरा राख्नु भयो उहाँहरूले राखेका कुराहरूमा मेरो सर्मथन पनि छ र म यो मन्त्रालयगत बजेटका बारेमा म सामान्यतय केही मेरो सुझाव म राख्न चाहन्छु यहाँ आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट अगाडि बोल्नु भएका माननीय सदस्यहरूले पनि कुरा राख्नु भएको छ अलिकति बजेट कमै शीर्षकमा छ त्यसलाई चाहिँ अलिकति प्रष्ट बनाउने विषयमा केही कमी रहेको छ भन्ने कुरा आभाष मलाई पनि भएको छ र यो सँगसँगै सामाजिक विकास मन्त्रालयका त्योभित्रका बाध्यता पनि होलान तर पनि खास गरिकन ती बाध्यतालाई पूरा गर्दै १/२ वटा अलि महत्वपूर्ण काम चाहिँ त्यहाँ अलिकति बजेटको भनम त्यहाँ १/२ वटा महत्वपूर्ण काममा भनौं बनाइएको भए सायद सामाजिक विकास मन्त्रालयले गरेको सुरूवातलाई अरू पुरना चाहिँ त्यस्ता चाहिने काम

नलाग्ने खाल अर्थात चाहिँ त्यस्ता गुणस्तर कम भएका कुराहरूलाई अर्को वर्षबाट छोडेर चाहिँ जतातिर चाहिँ अलि सामाजिक विकास मन्त्रालयतिर अहिले बजेटले चाहिँ जुन प्रकारको चाहिँ एउटा उठेल्न पैदा गरेर जान जता खेजिराखेको थियो त्यतैतिर जान सकिन्थो त्यो हुन सकिरहेको छैन र त्यो सँगसँगै हामीले कृषिमा पनि केही बजेटहरू विनियोजन भएका छन् यद्यपी कृषिमा कृषि भूमि तथा सहकारी विकास मन्त्रालयले जिल्लाको नाम किटेर तलका चाहिने पालिकालाई पनि किटेर आएको छ यो सकारात्मक छ । अरू माननीय सदस्यज्यूहरूबाट पनि यो कुरा आयो सँगसँगै कृषिले अझै मलाई के लाग्छ भने कृषि सहकारी अझै पनि त्यो गर्ने ठाउँ छ अब हामीले मलाई एउटा चाहिँ गहिरो अनुभूति के भइराछ भने हामीले कुन प्रकारको चाहिँ कतातिर जादैं छौं भन्ने कुरा सबैलाई थाहा छ । हामीले अलिकति समाजवादि विकास गर्ने भनेका छौं हामीले चाहिँ उत्पादनमा जोड दिने भनेको छौं अर्गानिक उत्पादन भनेका छौं हामीले चाहिँ युवा स्वरोजगारी पनि भनेका छौं सबै-सबै कुरा भनेका छौं त्यो गर्नका लागि कुराले हुँदैन कुराले हुँदैन र त्यसलाई काममा जानका लागि कहिन कहि आधार चाहिन्छ यो आधार भनेको अहिले सहकारीमा होलान त्यो सहकारीको मैले विरोध गर्न खोजेको हैन हामीले राम्रा सहकारी उत्कृष्ट सहकारी पनि भनेका छौं त्यहाँ पनि ठीक छ । सहकारीमा बजेट गर्दा श्रम सहकारीलाई छुटाउन हुँदैन । श्रम सहकारी भनेको वास्तवमा जस्को चाहिँ अहिले सहकारी कस्ता छन धेरै चाहिँ जस्का चाहिँ १० हजार १२ हजार २० हजार ५० हजार लगानी गरेक बनेका सहकारी स्वतः राम्रा छन् जस्का चाहिँ सामान्य १००/२०० हालेर बनेका छन् तिनलाई कहिले बजेट पनि हाल्देन साना भनेर नराम्रा भनेर पनि बजेट हाल्दैन तिनको श्रम खेरा गइरहेको छ नेपालले यति मात्रै म भन्न चाहन्छु कि नेपालमा रोजगारी सिर्जना गर्न र अतिरिक्त मुल्यको सिद्धान्तलाई नेपालले उपयोग गर्न नसक्दा हामी विदेशले त्यो अतिरिक्त मुल्य लिइराखेको छ । काम गर्ने श्रमिकको एउटा चाहिँ मुनाफा नभइकन अर्को देशले काम लगाइरहेको छैन । नेपाललाई त्योबाट आउने मुनाफा चाहिँ लिइराखेको छ त्यसो भएको हुनाले हामीले श्रम सहकारीको माध्यमबाट अब युवाहरूलाई चाहिँ रोजगारी पनि दिन सक्ने र त्यसको चाहिँ अतिरिक्त मुल्य पनि चाहिँ हामीले हाम्रो कर्णाली प्रदेशले लिने प्रकारको वातावरण बनाउनु पर्छ त्यसको लागि छुट्टै एउटा चाहिँ छलफलको आवश्यकता पर्दछ । यसका बारेमा धेरै बुझाइहरू फरक पनि हुन सक्छन तर श्रम खेर गइरहेको छ श्रमसँगै मान्छेहरू कतापट्टि गइराखेका छन् भन्ने कुलततिर गइरहेका छन् हामीले त्यसको पनि हामीले निन्दा गरिरहेका छौं भरसक गरिरहेका छौं तर तिनलाई चाहिँ काममा लाउने बारेमा हामी सोचिरहेका छौं कि छैनौं त्यो दायित्व भनेको राज्यको दायित्व हुन्छ । जसले गर्दा मानिसहरूलाई चाहिँ श्रम सहकारीको माध्यमबाट अगाडि बढाउन हुनु पर्ने र कुनै पनि कार्यक्रम गर्दा खेरि अथवा कृषि अथवा चाहिँ सामाजिक विकास अरू मन्त्रालयले पनि काम गर्दा खेरि अब के हो भने हामीले अलि पैनामा गर्न पर्ने अलि ब्लकमा गर्नुपर्ने

हामीले सानो-सानो गर्दै गयौं भने हराउँछ हेरिरहेको पनि छ हामीले जस्तै मानिलिउ कृषिकै कुरा गर्दा खेरि कृषिमा चाहिँ कम्तीमा १ डेढ करोड चाहिँ गाईपालन गर्नुपर्ने १ डेढ सय कहि कुनै ठाउँमा त्यस्तो छनोट गरेर चाहिँ भैंसिपालन गर्न त्यसले दुधको उत्पादन पनि गरोस् त्यसले मासु पनि उत्पादन गरेर अर्कोतिर गएर अर्गानिक मल पनि उत्पादन गरोस् तब तेले के गर्छ भने हाम्रो चाहिँ कर्णाली प्रदेशको सपनालाई चाहिँ पूरा गर्छ हामीले चाहिँ एउटा/एउटा चाहिँ बाख्रो २/२ वटा चाहिने ठाउँमा चाहिने बाढ्यौं हामीले चाहिँ कयौं कुराहरू अहिले चाहिँ समाज पनि त्यो ढङ्गले चाहिँ उ भइराखेको छ कि मान्छेले चाहिँ पैसा भने पछि जसरी जान्छ त्यही मात्रै उपाय गर्छ भने आफूले चाहिँ उत्पादनमा कार्यको कुराहरू चाहिँ तल पनि समस्या छन् त्यसको योजना बनाउनुपर्छ र बजेटलाई चाहिँ दुरूपयोग गर्ने कुरामा रोक्नु पर्छ र जसरी चाहिँ यो बजेटहरू नाम ठेगाना नतोकेर आएका बजेटहरूलाई प्रदेश सरकारले के गरोस् भन्ने म चाहिँ अन्तिममा के भन्न चाहन्छु भने यसले चाहिँ प्रदेशसभाका सदस्यहरूसँगको छलफल र समन्वय र सहकार्यको माध्यमबाट चाहिने बजेटको अझै पनि विनियोजन गरोस् अन्यथा हामीले त्यहाँ गएर फेरि ढोक्नु पर्ने तलबाट हामी एकातिर हुने तलबाट जो-जो आउँछ त्यसलाई टपाटप बजेट हाल्दिनेरे एक प्रकारको अन्त्यर विरोध सिर्जना भयो भने भोलिका दिनहरूमा यसले चाहिँ राम्रो गर्दैन यही कुरा भन्दै म विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रम रातो किताबमा छलफल गर्दै गर्दा म माननीय सभामुखज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । यो बजेटमाथि मन्त्रालयगत छलफलमाथि माननीयज्यूहरूको नामावलि बनाउँदै गर्दा कुन आधारमा बोलाइएको छ म प्रश्न गर्न चाहन्छु ? पूर्व सचेतको हैसियतले माननीयहरूको नाम लेखाउने क्रममा यदि वर्णानुक्रममाअनुसार बोलाइएको हो भने माननीय कृष्णा शाहको नाम किन आएन र मैले यो नीति कार्यक्रम के रे मन्त्रालयगत छलफलमा भाग लिनका निम्ति बिहानै मैले नाम टिपाएको हुँ र मैले अघि बैठक सुरू हुन अगाडि मेरो नाम अगाडि थियो तर नाम पछाडि बोलाइयो यसमा मैले ध्यानाकर्षण गराउन चाहे र नियमावलीमा त्यस्तो कुनै व्यवस्था छैन । विनियोजन विधेयकमाथि विनियोजन विधेयकको प्रस्ताव र सिद्धान्तको विषयमा छलफल गर्दा कार्यविधि व्यवस्था समितिमा छलफल गरेर सभामुखको सभामुखज्यूले त्यो निर्णय गर्न सक्ने अधिकार छ तर पनि कार्यव्यवस्थामा समितिमा वर्णानुक्रमअनुसार माननीयहरूको नाम बोलाउन भनेर कुनै कार्यव्यवस्थाको बैठकमा अहिलेसम्म छलफल नभएको कुरा पनि म जानकारी गराउन चाहन्छु सभामुख महोदय । हामी रातो किताब हामीले पाएका छौं र यो रातो किताबमा छलफल गर्दा गर्दै नीति कार्यक्रम जो आएको छ र नीति कार्यक्रममा टेकेर बजेट वक्तव्य आयो र बजेट वक्तव्यलाई टेकेर मन्त्रालयगत हिसाबले विनियोजन गरिएको यो रातो किताब हाम्रो हातमा छ र यो रातो

किताबको विषयमा थुप्रै माननीयज्यूहरूले राखिसक्नु भएको छ कार्यक्रमहरू ब्रेकडाउन गरेर आउनु पर्ने थियो त्यो आउन सकेन हामीलाई लागेको छ सरकारलाई एउटा संयन्त्र नभएको अवस्था अर्को समयको चापका कारणले गर्दा खेरि योजना र कार्यक्रमका रोस्टरहरू हुँदा हुँदै पनि भोलि माननीयज्यूहरूसँग छलफल र बहसबाट ब्रेकडाउन गर्ने गरी यो रातो किताब ल्याउनु भयो भन्ने विश्वास म व्यक्त गर्न चाहन्छु र यो रातो किताबमा थुप्रै मूर्त योजनाहरू आएका छन् र यी अमूर्त योजनाहरूलाई कार्यान्वयनसम्म जाँदै गर्दा ब्रेकडाउन गरेर आउने कुराको विश्वास म सर्वप्रथम व्यक्त गर्न चाहन्छु । हामी प्रदेश निर्माणको पूर्व सन्ध्यामा छौं कर्णाली प्रदेशको विकास र समृद्धि हामीले भनिरहेका छौं र कर्णाली प्रदेशको विकासको समृद्धिका निम्ति जसरी हामी हाम्रो कर्णाली प्रदेशको सरकार अगाडि बढेको छ र अगाडि बढ्दै गर्दा माननीयज्यूहरूले थुप्रै प्रश्नहरू राख्दै गर्दा मैले पनि तिनै प्रश्नहरू राख्ने कुरा स्वभाविक हुन्छ र मन्त्रीज्यूहरूको रेडिमेड जवाफ पनि छ जस्तो मलाई लाग्छ त्यो रेडिमेड जवाफ भनेका माननीयज्यूहरूका योजनाहरू हामीले समाबेश गर्ने नै छौं भन्ने कुरा आउने नै छ भन्ने कुरा म राख्न चाहन्छु । म के सुझाव दिन चाहन्छु भने बजेटको कार्यान्वयनसम्म जाँदै गर्दा खेरि कर्णाली प्रदेशको वस्तुगत आवश्यकताका आधारमा  योजनाहरूको कार्यान्वयन हुने छ र त्यो योजनाहरूको कार्यान्वयन गर्दा विभेदको अनुभूति हामीले नगरीकन त्यो कार्यान्वयन हुने कुराको सुभेक्षा पनि म व्यक्त गर्न चाहन्छु र यहाँ हामी सामाजिक विकास मन्त्रालयको कुरा गरिरहँदा खेरि २२४ वटा बुँदामा छ यो केही बुँदाहरूमा अलि बढि अंग्रेजी शब्दहरू प्रयोग गरिएको छ । बजेट ल्याउदै गर्दा खेरि जनताले बुझने सरल भाषामा आउनु पर्छ भन्ने कुराको सभामुखमा राख्न चाहन्छु स्वास्थ्य सँग सम्बन्धित विषयमा थुप्रै कुराहरू आएको छ म त्यता जादैंन महिलाहरूको समस्याका रूपमा रहेका बिकराल समस्याका रूपमा रहेका पाटेघर खस्ने जुन समस्या छ त्यसको निम्ति बजेट वक्तव्यमा आएको थियो तर यसमा मैले देखिन र हिंसा पीडित महिलाहरूको संरक्षण गर्नेका निम्ति सेफ हाउसको कुरा बजेट वक्तव्यमा आएको थियो तर यहाँ मैले देख्न सकिन छोरी बुहारी प्राविधिक शिक्षामा छात्र वृद्धिको कुराहरू पनि बजेट वक्तव्यमा आएको थियो । दलित महिलाहरूको लक्षित कार्यक्रम बजेट वक्तव्यमा आएको थियो । यसमा मैले देख्न सकिन र स्वाथ्यको विषयमा कुरा गर्दा खेरि सुर्खेत जिल्लामा पनि थारु समुदाय बसोवास छ । थारु समुदायमा लाग्ने एउटा रोग सिकलसेक एउटा यनिमिया छ त्यो सिकलसेल यनिमियाको विषयमा पनि यहाँ समाबेश गर्दा राम्रो हुन्छ भन्ने मलाई लाग्छ बुँदा नं २०० र २०१ मा कार्यक्रम र आयोजना एउटै एउटै छ तर अब एउटा ६ पटक भनिएको छ एउटा १ पटक भनिएको छ हुनत ६ पटक बनेको जिल्लास्तरमा १ पटक भनेको प्रदेश स्तरमा भनेर यहाँ उल्लेख त गरिएको छ त्यस्तै छात्रवृत्तिका कुराहरूमा पनि सातवटा शीर्षकमा छात्रवृत्तिहरू छ त्यसमा केहिमा जना भनेर संख्या तोकिएको छ केहिमा पटक मात्र भनिएको छ प्रष्ट रूपमा आउनु पर्छ यदि छात्रवृत्ति दिने हो भने कति जनालाई दिने

हो भन्ने संख्या तोक्न सकिन्थो होला को-कोलाई दिने भन्ने कुरा पछि तोकिएला तर अहिले त्यो संख्या तोक्न सकिन्थो होला जस्तो लाग्छ र जहाँसम्म एम्बुलेन्सको कुरा छ । अहिले सुर्खेत जिल्लाको प्रतिनिधित्व हिसाबले सुर्खेतको लेखबेसी नगरपालिकाको प्राथमिक स्वास्थ्य चौकि र बराहा गाउँपालिकामा २ वटा एम्बुलेन्स यो सामाजिक विकास मन्त्रालयबाट पाउने छौं भन्ने कुराको एउटा माग पनि राख्न चाहन्छु र एम्बुलेन्स खरिद गर्दै गर्दा एम्बुलेन्स सयुक्त एम्बुलेन्स चालक संघ पनि छ त्यो आवश्यकता कहाँ भन्ने कुराको छनोट गर्न समितिमा समितिको प्रतिनिधि राख्दा त्यो वस्तुवादि होला भन्ने कुरा म राख्न चाहन्छु कृषि मन्त्रालयको कुरा गर्दा खेरि ९२ वटा बुँदामा आएको छ र कृषि मन्त्रालयले धेरै कुराहरू ठाउँको नाम पनि तोकिएको अवस्था छ त्यसका निम्ति कृषि मन्त्रीज्यूलाई म धन्यवाद पनि दिन चाहन्छु । अब वटा, गोटा, पटक, संख्या र जना यसरी आउदै गर्दा खेरि यसमा पनि जिल्ला निर्वाचन क्षेत्रवटा हैन जनाको कुरा यहाँ पनि आएको छ सामाजिक विकास मन्त्रालय जस्तै गरेर मैले के सुझाव दिन चाहन्छु भने अत्यन्तै केही गरौं भन्ने उद्देश्यलेसहित जो योजना निर्माण भएको छ प्रशोधन केन्द्रको कुरा गर्दा खेरि कम्तीमा पनि प्रदेशमा केही प्रशोधन केन्द्र आवश्यकता छ । त्यो प्रशोधन केन्द्र निर्माण गर्दै गर्दा प्रशोधन केन्द्रलाई चाहिने कच्चा सामाग्री छ कि छैन त्यसलाई हामीले मध्येनजर गर्यौं कि गरेनौ निर्वाचन क्षेत्र वाईज प्रशोधन केन्द्रहरू यहाँ राखिएको छ । त्यस्तै गरेर हाइटेक नर्सरीको कुरा गर्दा खेरि त्यो मलाई त कस्तो लाग्यो भने हामीले विदेश पनि निर्यात गर्दै छौं कि जस्तो खालको अनुभूति भयो २४ वटै निर्वाचन क्षेत्रमा १/१ करोडको दरले हाईटेक नर्सरी बनाईंदै छ हामीले त्यो हाईटेक नर्सरी बनाउने कुरा एकातिर राखेका छौं भने अर्को तिर फेरि बिरूवाहरू वितरण गर्ने कुरा पनि सँगसँगै राखेका छौं र त्यसको निम्ति छुट्टै बजेट छुट्टायको छ । यो हाईटेक नर्सरीमा बढि भयो बजेट त्यसलाई अलि कम गरौं निश्चित केही ठाउँहरूमा हाईटेक नर्सरी बनाऊ र त्यो उत्पादन भएका बिरूवाहरू जो घाँसका बिरूवाहरू होलान, तरकारीका बिरूवाहरू होलान, त्यसलाई अनुदानको हामीले वितरण गर्दा खेरि राम्रै हुन्छ भन्ने म राख्न चाहन्छु र अब बरू त्यसबाट आउने जुन बजेट हो त्यसमा चाहिँ एक स्थानीय तह एक प्रतिनिधि त्यो कृषि र पशु क्षेत्रको प्राविधिक बनाउनका निम्ति उनीहरूको लाग्ने लागतका निम्ति यो बजेट त्यतातिर राख्दा राम्रै हुन्छ जस्तो लाग्छ र अर्गानिक मोडेल जो भनिएको छ । ५ वटा जिल्लालाई अर्गानिक मोडेल बनाउने कुरा त्यस्तै निर्वाचन अरू ५ वटा जिल्लाका निर्वाचन क्षेत्र एउटा निर्वाचन क्षेत्रमा एउटामा स्थानीय तहलाई ताक्दै गर्दा मलाई कस्तो लाग्छ भने त्यो अर्गानिक निर्वाचन क्षेत्र तोकेको आधार के हो म प्रश्न गर्न चाहन्छु । सुर्खेत जिल्लाको सन्दर्भमा सिम्ता गाउँपालिकालाई तोकिएको छ मलाई के लाग्छ भने कम रासायनिक मलहरू प्रयोग भएको कम विषादीहरू प्रयोग भएको क्षेत्रलाई प्राथमिकता दिने भन्ने मैले सुनेको थिएँ । त्यो हिसाबले हेर्दा सुर्खेतको चिङ्गाड गाउँपालिका अर्गानिक हिसाबले त्यो उपयुक्त हुन सक्थ्यो तर यहाँ चाहिँ अर्को आयो हैन

यो विषयमा अब आगामी दिनमा हैन यो छनोट गर्दै गर्दा कम्तीमा यो एउटा आधारसहित एउटा विधिसहित छनोट गरेर जाऊ भनेर भन्ने कुरा म राख्न चाहन्छु र म कृषिसँग सम्बन्धित रहेर भन्दै गर्दा अर्गानिक मोडेल हामी भन्दै छौं तर अर्गानिकका निम्ति प्राङ्गारिक मलको र जौविक विषादीहरूको कारखाना खोई हामीले एका तिर कारखाना बनाउने योजना कहिले छुट्टाएको देखेन तर हामीले बाहिरबाट ढुवानी हुने कुरामा चाहिँ फेरि बजेट छुट्टाएका छौं अर्को शीर्षकमा यसरी अर्गानिक एउटा मोडेल निर्माण सक्दैनन अर्गानिक मोडेल बनाउनका निम्ति कारखाना हुन जरूरी छ । हामीले बाहिरबाट आउने विषादीहरूलाई परीक्षण गर्नका निम्ति भनेर परीक्षण गर्ने के रे यो केन्द्र हैन भनेर हामीले तोकेका छौं तर अर्गानिक कारखाना हैन अर्गानिक मल र जैविक मलका निम्ति हामीले कारखाना बनाउने कुरामा बजेट छुट्टाएका छैनौं त्यसैले वास्तविक कृषकहरूले पाउने गरी कृषिका कार्यक्रमहरू आउने छन् भन्ने कुरा राख्न चाहन्छु र मैले अन्त्यमा के रे कानून आन्तरिक मामिलासँग सम्बन्धित १/२ वटा कुरा राखेर मैले आफ्नो भनाइ अन्त्य गर्ने छु आन्तरिक मामिलासँग सम्बन्धित विषय राख्दै गर्दा म सुझावको रूपमा जस्तो डिजिटल स्कुलको कुरा यहाँ आएको छ यो डिजिटल स्कुल सामाजिक मन्त्रालयतिर दिदाँ कस्तो हुन्छ एउटा अर्को कुरा अन्त्यरक्रियाका निम्ति २ करोड सम्थिङ्ग लाख बजेट छुट्टाइएको छ अन्त्यरक्रियाको लागि त्यति धेरै आवश्यक होइन जस्तो लाग्छ र बढि बजेट भएका ठाउँबाट छुट्टाएर हामीले प्रदेश प्रहरी गठन गर्ने तिर लगाऔं र सँगसँगै भौतिक पूर्वाधार बनाउनका निम्ति हामीले त्यो बजेटलाई सदुपयोग गरौं र सञ्चारको क्षेत्रमा हैन थुप्रै ठाउँमा सञ्चार नटिपिरहेको स्थितिमा कम्तीमा हामीले टावरहरू ठाउँ-ठाउँमा टेलिफोनका टावरहरू बनाउने कुरा तिर लागौं र यो विपद्को कुरा गर्दा खेरि विपद्का निम्ति तयारीको कुरालाई चाहिँ यहाँ छुटेको जस्तो मैले अनुभूति गरेको छु विपद् आउनु भन्दा अगाडिको पूर्व तयारीको विषयमा पनि बजेट विनियोजित गरेर गयौ भने निश्चित पनि विपद्लाई व्यवस्थापन गर्न सक्छौं भन्ने कुरा राख्दै समग्रमा कर्णाली प्रदेशको विकासका निम्ति यहाँको वस्तुगत आवश्यकताका योजनाहरूलाई मध्यनजर गर्दै हामीले बजेटलाई कार्यान्वयन गर्थ्यौं भने अवश्य पनि हामीले कर्णाली प्रदेशलाई समृद्धि बनाउन जो खोजिरहेका छौं कर्णाली प्रदेश जो विकास गर्न खोजिरहेका छौं कर्णाली प्रदेशको विकास र समृद्धि सम्भव छ भन्ने कुरा राख्न चाहन्छु धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री कृष्णा शाह आचार्य, समय ७ मिनेट ।

**माननीय श्री कृष्णा शाह आचार्यः**- माननीय सभामुख महोदय, हामी आज रातो बुक रातो किताबमा जो कराइराखेको छ त्यो विषयमा हामी यहाँ छलफल गरिराखेका छौं हामी संघीयता कार्यान्वयन र अभ्यास र कार्यान्वयनमा छौं वास्तवमा संघीयता भनेको राज्य सत्ताको केन्द्रमा रहेको हरेक अधिकारलाई जनतासम्म बाँडफाँड गर्ने माध्यम हो मैले त्यही बुझने गर्छुर त्यही विषयमा आज छलफल भइराखेको छ । हामीले आर्थिक अधिकार बाँडफाँड गर्दै गर्दा खेरि कर्णाली प्रदेशको हकमा र त्यो आर्थिक अधिकारको

बारेमा सुचिबद्ध भएर रातो बुकमा आएको छ र त्यो बारेमा हामीले यहाँ छलफल गरिराखेका छौं कसको भागमा कति अधिकार पर्यो कसको क्षेत्रमा कति अधिकार पर्यो कुन जिल्लाको जनताको भागमा कति आर्थिक अधिकार अर्थात बजेट पर्यो भन्ने विषयमा हामीले यहाँ गहन रूपमा छलफल गरिराखेका छौं । यो हाम्रो कर्णाली प्रदेशको लागि अत्यन्तै महत्वपूर्ण विषय हो र हामीले यसलाई गम्भीरता पूर्वक लिनु पर्छ र लिइराखेका छौं । त्यहीअनुसारले हामीले छलफल गरिराखेका छौं भन्ने मैले यहाँ राख्न चाहन्छु । वास्तवमा हामी यति खेर नयाँ काम गर्दै छौं नयाँ काम नयाँ प्रणालीलाई हामीले अगाडि बढाउदै छौं सञ्चालन गर्दै छौं नयाँ काम आफैंमा चुनौतीपूर्ण हुन्छ र आफैंमा समस्या जनक हुन्छ आफैंमा नमिलेको जस्तो हुन्छ आफैंमा अफ्ठ्यारो जस्तो हुन्छ आफैंमा कठिनाइ जस्तो हुन्छ यो स्वभाविक विषयहरू हुन अहिले जे कुराहरू यहाँ उठाइराखेका छन् जे विषयवस्तुहरू उठिरहेका छन् यो यसैको सेरोफेरोमा रहेर यसैको केन्द्रविन्दुबाट यी विषयहरू उठिरहेका छन् यो स्वभाविक रूपले हामीले लिनु पर्छ । यसको मतलब यो होइन कि हामी केयरलेस भएर आउँदा दिनहरूमा फेरि पनि यी कुरा दोहर्याइ राख्नु पर्छ भन्ने विषय होइन जति विषयवस्तुहरू आएका छन् जति समस्याहरू आएका छन् यी विषयवस्तुहरलाई फेरि पनि हामीले गम्भीरता पूर्वक लिदै हाम्रा अगाडि आइपरेका समस्याहरूको हामीले समाधान गर्ने उपायबाट हामी अगाडि बढ्यौ भने साचिक्कै हामी प्रतिकुलतालाई पनि अनुकुलतामा बदल्न सक्छौं र हामीले कर्णाली प्रदेशलाई समृद्धि कर्णाली प्रदेश बनाउन सक्छौं भन्ने कुरा यहाँ राख्न चाहन्छु र रातो बुकको विषयमा भन्दा खेरि यो रातो किताबको विषयमा भन्दा खेरि अलिकति यहाँ मैले हेर्दा खेरि भाषा गत त्रुटीहरू देखिराखेको छु र रस्व दिर्घहरू मिस्टेक भइराखेका छन् गल्ति भइराखेका छन् यसले वास्तवमा हामीले जे उद्देश्य राखेर हामीले त्यहाँ परिभाषा गरेका हुन्छन् जे उद्देश्य राखेर जे अर्थ लाग्ने गरी हामीले त्यहाँ लेखिराखेका हुन्छौं त्यो अर्थ लाग्दैन र त्यसले अनर्थ दिन्छ त्यसले गर्दा खेरि यसलाई सच्याइनु पर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र अर्को कुरा रातो बुकलाई अध्ययन गर्दा खेरि समग्र आजको यो मन्त्रालय वायजका कार्यक्रमहरू पढ्दै गर्दा खेरि सबै माननीय मन्त्रीज्यूहरूले असाध्यै गम्भीरता पूर्वक असाध्यै जिम्मेवारी पूर्वक यो कर्णाली प्रदेशलाई समृद्ध बनाउने कुरा समाजवादको बाटो तयार गर्न कसरी भन्ने एउटा आफ्नो कर्तव्य बोधका साथै जिम्मेवारी त्यो दायित्वको साथ कार्ययोजना ल्याउने भएको छ कार्यक्रमहरू ल्याउनु भएको छ योजना तर्जुमा गर्नु भएको छ सूचीबद्ध गर्नु भएको छ । यो सराहनिय पक्ष छ यो स्वागत योग्य छ र यसका विषयमा मन्त्रालय वाईज जादा खेरि सामान्यत अब फेरि भन्नै पर्छ जा विपरित पक्ष बीच द्वन्द्व हुँदैन विपरीत पक्षहरू आउदैनन् त्यो कुनै पनि वस्तुको जीवन हुँदैन र त्यो अन्त्यतः मृतुको मुखमा पुगेको हुन्छ त्यसले गर्दा खेरि हरेक चिजभित्र सकारात्मक र नकारात्मक दुइवटै चिज हुन्छन् र त्यसले गर्दा नै त्यो वस्तुलाई त्यो संस्थालाई त्यो संगठनलाई जिवित बनाउने गर्छ त्यले गर्दा खेरि यो अन्त्यमा मन्त्रालय वाईज कार्यक्रम हेर्दा खेरि

समग्रमा सार रूपमा सकारात्मक अत्यन्त वस्तुवादी अत्यन्त महत्वपूर्ण हुँदा हुँदै पनि केही समस्याहरू मैले मेरो नजरमा मलाई लागेका कुराहरू म यहाँ भन्न चाहन्छु । आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालयको कार्यक्रम योजनाको जुन नामहरू २४४ बुँदामा सूचीवद्ध भका छन् यसमा सबैकुरा वस्तुवादी र एकदमै यर्थात रूपमा आएपनि मलाई के लागेको छ भने यो जुन संग्रहालयको कुरा छ र रंगशालाको कुरा छ एउटा चौरजहारी रूकुम क्षेत्रीय रंगशाला निर्माण रास्कोट कालिकोटमा रंगशाला निर्माण हुम्लामा बहुउद्देश्य रंगशाला निर्माण सुर्खेतमा प्रादेशिक रंगशाला निर्माण फेरि पनि पहाडि तथा उच्च हिमाली क्षेत्रमा बहुउद्देश्य खेलकुद रंगशाला निर्माणका लागि सम्भाव्यता अध्ययन भन्ने यो ५ वटा यो ५ वटा शीर्षकमा रंगशाला निर्माणसम्बन्धी जुन विषय आएको छ अहिलेको हाम्रो कर्णाली प्रदेशको आवश्यकताको आधारमा प्राथमिकताका विषयमा यिनी हुन कि हैनन् भन्ने कुरा यहाँ राख्न चाहन्छु । मन्त्रीज्यूले यहाँको आवश्यकता यहाँको वस्तुगत आवश्यकता अर्थात यहाँको सामाजिक आवश्यक यहाँको समग्र आवश्यकताअनुसारलाई ल्याउनु पर्छ भन्ने उहाँको मान्यताअनुसार उहाँहरूले ल्याउनु भएको होला तर मेरो विचारमा के छ भने यो अहिलेको हाम्रो कर्णाली प्रदेशको आवश्यकताअनुसार एउटा हामीले रंगशाला राख्न सक्छौं प्रादेशिक स्तरको जुन सुर्खेतमा हामीले राख्न सकिन्थो अरू रंगशालाहरू त्यति अहिले राख्न उपयुक्त हुँदैनथ्यो कि बरू यो यो ठाउँमा लगाउने रकम हामीले अहिलेको मुख्य चुनौती हामीले झेलिराखेका छौं हाम्रा स्कुलका पूर्वाधार निर्माण गर्ने कुरा हाम्रा भवनहरू निर्माण गर्ने कुरा हाम्रा स्कुलका भवन मर्मत गर्ने कुरामा यो बजेटलाई लगाउँदा खेरि अझ प्राथमिकिकरणले अर्थ राख्थ्यो र अझ महत्वपूर्ण र उपलब्धि हुन्थ्यो भन्ने कुरा यहाँ राख्न चाहन्छु । अर्को कुरा संग्रहालयको कुरा छ संग्रहालय पनि १, २, ३, ४ चारवटा रंगशाला निर्माणको कुरा आएको छ । यो म नपढौ ५ वटा शीर्षकमा फेरि पनि रंगशाला निर्माणको कुरा आएको छ यो पनि कति आवश्यक हो भन्ने कुरा यहाँ मैले जिज्ञासा राख्न चाहन्छु । मन्त्रीज्यूले आवश्यकै ठानेर यहाँ राख्नु भएको होला तर मेरो विचारमा के हो भने अहिलेको आवश्यकतामा यो पनि एउटा प्रादेशिकस्तरको सुर्खेतमा बाहेक अन्यत्र नराख्दा नै राम्रो हुन्थ्यो र यो रकमलाई हामीले बरू स्कुल सडक हाम्रा कैयौं स्कुलहरू सडकदेखि बाहिर छन् र कैयौं स्कुलहरू खाने पानी नभएर हाम्रा भाई बहिनिहरू स्कुले नानिबाबुहरू सुख्खा स्थितिमा रहने स्थिति छ । बरू यो बजेटलाई स्कुल सडकमा स्कुल खाने पानीमा राख्दा खेरि एकदमै उपयुक्त हुन्थ्यो र महत्वपूर्ण यो उपलब्धि मूलक हुन्थ्यो भन्ने कुरा म यहाँ राख्न चाहन्छु समय गइसकेको छ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत जुन अर्गानिक को कुरा छ अघि माननीय सिता जिले पनि भन्नु भयो अर्गानिक बनाउँदा खेरि पहिलो कुरा त्यसका पूर्वाधारहरू त्यसका आधारहरू के हुन त्यो सम्भाव्यता अध्ययन गर्नु पर्थ्यो हामीले जैविक मल कारखानाहरू त्यसपछि गएर प्राङ्गारिक मल कारखाना केरे यो के भन्छ यसलाई अर्गानिक बिउ अर्गानिक बिउ बिजन केरे बैङ्कहरू खडा नगरी कन यो

केरे अर्गानिक अर्थात पकेट क्षेत्र अर्गानिक क्षेत्र भन्ने कुरा ल्याउँदा अलि यो वैज्ञानिक हुँदैन कि यो कार्यान्वयनमा जादा खेरि समस्या हुन्छ कि त्यो भन्दा अगाडि हामीले त्यो त्यसलाई कार्यान्वयन गर्नको लागि त्यो प्रकारका पूर्वाधारहरू निर्माण गर्ने र त्यसलाई पहिला सम्भाव्यता अध्ययन गर्न त्योअनुसारले पूर्वाधार निर्माण गरेर अगाडि जादा यो एकदमै सहि हुन्थ्यो भन्ने लागेको छ समग्रमा त मन्त्रीज्यूहरूले जसरी कार्यक्रम ल्याउनु भएको छ । यो अत्यन्तै सरहानिय छ यो अत्यन्तै वस्तुवादि छ अब हाम्रो चुनौती भनेको कार्यान्वयन को चुनौती हो कार्यान्वयनमा अगाडि जादा खेरि अघि माननीयज्यूहरूले भने जस्तै यो कुनै कतै पनि भेदभावको अनुभूति नहुने गरी यो कार्यान्वयनमा जाने छ र त्योअनुसारले हाम्रो सरकारले हाम्रो मन्त्रीज्यूहरूले हामी सबै लाग्नछौं र कार्यान्वयन गर्न सवालमा मैले आफ्नो ठाउँबाट के कति भूमिका निभाउनु पर्छ त्यो कुरामा पनि मैले प्रतिबद्धता जाहेर गर्न चाहन्छु एउटा कुरा महिला अरू प्रादेशिक संरचना राख्ने कुरा जुन आएको छ यो सामाजिक मन्त्रालय अन्तरगत यस सँगसँगै महिला विकास प्रादेशिक शाखा पनि राख्दा खेरि एकदमै उपयुक्त हुन्थ्यो भन्ने मैले यहाँ सुझाव राख्न चाहन्छु ७५ जिल्ला बाट नै हाम्रो महिला विकास कार्यलयहरू खारेज हुने स्थितिमा प्रादेशिक स्तरमा यो एउटा शाखा राख्दा खेरि स्थानीय तहमा अर्थात स्थानीय इकाई हामीले खोल्ने त्यहाँ राख्ने भनि राखेका छौं त्यलाई अलिकति त्यसलाई प्रोत्साहन गर्न कुरा त्यसलाई लिडिङ्ग गर्न कुरामा यसले ठूलो भूमिका खेल्थ्यो भन्ने कुरा यहाँ राख्न चाहन्छु धन्यवाद !

**माननीय सभामुखः--** माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार १५ गते शुक्रबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या- २५
(२०७५ असार १५ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः--** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको २५ औं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेशसभा सचिवालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका शीर्षकहरूमाथि जारी रहेको दफावार छलफल सुरू हुन्छ सर्वप्रथम माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः-** सभामुख महोदय, हामी कर्णाली प्रदेश आर्थिक वर्षको २०७५/०७६ को विनियोजन आर्थिक विधेयकमाथि छलफल गर्न क्रममा आज मेरो पालो आएको छ अब यसमा भन्नु पर्दा खेरि मैले स्पष्ट भाषामा भन्नु पर्दा खेरि यसमा धेरै कुराहरूको बारेमा यस भन्दा पहिला चर्चा भइसकेको छ मलाई लाग्छ कर्णाली प्रदेशको प्रदेशसभा गठन भय पश्चात प्रतिपक्ष सत्तापक्ष चाहे जो सुकै हामी भएपनि कर्णाली प्रदेशको हित र कल्याणको लागि कर्णाली प्रदेशका जनजीवनको लागि आज आवश्यक समृद्धिको लागि गरिबी न्यूनीकरणको लागि कसरी अगाडि जानु पर्छ भन्ने विषयमा यहाँ प्रतिपक्ष र सत्तापक्ष नरहेर एउटै मोर्चा भएर हामी अवश्य कर्णालीवासीहरूको हित र कल्याणमा अगाडि बढछौं भन्ने जहाँसम्म हामी सबै को सङ्कल्प प्रारम्भ भएको जस्तो लाग्छ । तत्पश्चातका दिनहरूमा केही कुराहरूमा सत्तापक्ष र प्रतिपक्षको हैसियतबाट प्रतिपक्षले उठाएका प्रश्नहरू र कुराहरूमा पनि केहिकुराहरूमा आशंकाहरू अविश्वासहरू अथवा ममताहरू पनि अगाडि आए होलान तर नेपाली कांग्रेस प्रतिपक्षमा स्थापित भएर कर्णाली प्रदेशको सत्तापक्ष सरकारलाई कुनै पनि कुरामा असहयोग गर्न कुनै पनि कुरामा विरोधमाथि विरोध गर्न नभएर कर्णाली प्रदेशको गठित सरकारलाई सहजिकरण र समझदारी गर्न कुरोमा सदैब अगाडि बढ्ने कुरामा प्रतिपक्षले भूमिका निर्वाह गरेको कुरा स्मरण गराउन चाहन्छु । म मलाई लाग्छ यहाँहरूलाई लाग्यो होला हिजो हामीले हाम्रै संसदीय दलको नेताज्यूले यसमा ब्रेकडाउन गरेर प्रत्येक बजेटको उ आउनु पर्दछ भनेर हिजो यहाँ राख्नु भएको थियो तर कुनै साथीहरूलाई केही लाग्यो होला तर मलाई लाग्छ यस किताबमा ब्रेकडाउन केवल प्रतिपक्षको हैसियतले नेपाली काग्रेसले चाहेको होइन सम्पूर्ण माननीय सभासदहरूले प्रत्येक ब्रेकडाउन आवश्यकतालाई महसुस गरेर यो हुनुपर्छ भन्ने मान्यता हो हामीले कुनै विरोधमाथि विरोध गरेका हैनौं यसैले मलाई सरकारलाई म के भन्न चाहन्छु भने सरकारलाई मलाई सरकारलाई एउटा स्पष्ट के भन्न चाहन्छु भने मलाई कता कता लाग्छ यहाँ मन्त्रीज्यू हुनुहुन्छ । यो कुरा माननीयज्यू भन्दा पनि मन्त्रीज्यूलाई स्मरण गराउन चाहन्छु म नाव पानी मे रहेतो हर जनहि नाव अन्दर पानी नरहेतो बरना क्या सरकार प्रतिनिधि साथीहरूलाई सरकारका मन्त्रीहरूलाई म स्मरण

गराउन चाहन्छु, नाउ पानी मे रहेतो कुनै हर्जा छैन, कुनै दुःख छैन, जब नाउमाथि तल पानी छैन भने त्यो नाउको अवस्था के हुन्छ, त्यो नाउले कुन किसिमको प्रति रूप लिन्छ, यो कुराको स्मरण गर्न, आज सरकारका माननीय मन्त्रीज्यूहरूलाई म आग्रह गर्दछु । प्रतिपक्षले जे कुरा उठाएको छ, कर्णालीवासीको हित र कल्याणको लागि, कर्णालीवासीको जनताको एउटा उन्नतिको लागि कर्णालीवासीलाई समृद्ध कसरी गर्न चिन्ता र चिन्तनन गरेर नै केरे प्रतिपक्षको हैसियतले हामीले कुरा उठाएका छौं । मलाई लाग्छ, असजिलो परिस्थिति छ, मलाई थाहा छ, पूर्ण रूपमा आत्मविश्वास त मलाई थाहा छ, सत्तापक्षकै साथीहरू भन्दै हुनुहुन्छ, यसै मञ्चबाट आएर "नखाउ भने दिनभरिको सिकार खाउ भने कान्छा बाबुको अनुहार" भनेर भन्नु हुन्छ यो कुरा मन्त्रीज्यूहरूले आफ्नो कलेजोमा लेख्नु भएको छ कि छैन, आफ्नो कलेजोमा रगतको मसी बनाएर लेख्नु पर्ने कुरा सत्तापक्षकै सांसद मित्रहरूले भनि रहनु भएको छ । त्यसको साधारण कुरा कहि जाने छैन हामीलाई थाहा छ प्रतिपक्षलाई थाहा छ तपाईंहरूको कुर्सि हल्लाउने ताकत हामी छैन तपाईंहरू हल्लिनु होला तपाईंहरू हल्लिन तपाईंहरूका हल्लाउने हुन तपाईंहरूकै कुर्चिमा बस्ने हुन प्रतिपक्ष कांग्रेस गएर त्यो कुर्चिमा बस्ने वालो छैन स्पष्ट भाषामा भन्ने हो भने तर आज कर्णालीवासीको उन्नति र प्रगतिको लागि सबभन्दा मन्त्रीज्यूहरूलाई अति गम्भीर भएर आउन आग्रह गर्दछु । म स्पष्ट रूपमा भन्न चाहन्छु आज अवश्य पनि अभाव छ हामी नयाँ संरचनामा छौं कानूनको अभाव छ संरचनाको अभाव छ यी धेरै कुराहरूका कमि कमोजोरी छन् त्यो को चुनौतीसँग लडेर हामी सबै एक मोर्चा भएर त्यसको सामना गरेर आज कर्णाली प्रदेशलाई हामीले कर्णालीवासीलाई हामीले दिनु परेको छ । आज कानून को छ अब यो रातो किताबको कुरा गर्दा खेरि त यो म अरू केहिपनि भन्न चाहादैंन एउटा हाम्रो कृषि मन्त्री माननीय विमला केसीज्यूले कताबाट चामुण्डा नगरपालिका भनेर नाम राख्दिनु भएछ नगरपालिका राख्नु भएन त्यो पनि गाउँपालिका राख्दिनु भएछ यहाँ धेरै सरकारको टेक्निकल गल्ति हुन्छन् प्राविधिक गल्ति हुन्छन् त्यो गल्ति पनि मन्त्रीज्यूको नभनम मन्त्रीज्यूलाई मैले भन्यो भने पछि त्यो उले मिस्टेक गरेको कम्प्यूटरले मिस्टेक गर्यो भनि हाल्नु हुन्छ अनि उहाँको गल्ति के नभनै तैपनि गाउँपालिका लेख्नु भएको छ त्यो भन्दा अरू कुनै पनि लेखिएको छैन अर्को दुःखद कुरा मन्त्रीज्यूलाई आग्रह गर्छु सभामुखमार्फत् म सम्पूर्ण साथीको ध्यानाकार्षण गर्न चाहन्छु यो के रे सत्तापक्ष र प्रतिपक्ष संबैधानिक व्यवस्था हो । संविधानले निर्धारण गरेको व्यवस्था हो कर्णाली प्रदेश एउटा नयाँ कुरा निस्केको छ समानुपातिक र निर्वाचित भन्ने यो विभेद कोले निकाल्न खोजेको हो यहाँ समानुपातिक र चाहिने निर्वाचितको विभेद कसले सुरू गरेको हो । सरकारले सुरू गरेको हो हामीले सुरू गरेको हो मैले सुरू गरेको हुँ त्यस्तो हो भने यहाँ प्रतिपक्ष र सत्तापक्ष अथवा अहिले त कम्युनिष्ट पाटी भइसक्यो हिजोको तत्कालिन एमाले माओवादी कांग्रेस भनेर राप्रपा भनेर कुर्चि राख्न आवश्यक छैन यसमा तुरून्त सचिवालयले समानुपातिक र निर्वाचित भन्ने र कुर्चिको

व्यवस्था मिलाउनु पर्छ भोलिबाट स्पष्ट रूपमै यदि त्यस्तो किसिमको वातावरण हो भने होइन भने यस्तो विभेद कसरी आयो म अन्त्यमा लामो भन्दिन भन्नु पर्ने धेरै कुराहरू छन् तर मैलै अस्ति नै भनिसकेको थिएँ बजेट वितरणमुखीमा आाधारित पजनिमुखी आएको छ पजनिमुखी हुनु हुँदैन यसलाई आवश्यकता र आकांक्षाले समेटनु पर्छ भन्या छ । अन्त्यमा एउटा कुरा मैले बुझिन यो गुरिल्ला केरेल भनेको के हो यो गुरिल्ला केरेल भनेको के हो बुझिन ? मैले १० वर्षको जनयूद्धमा त गुरिल्ला युद्ध भएकै हो आज विभिन्न अन्त्यराष्ट्रमा पनि गुरिल्ला यूद्ध भएकै छन् रूकुम, जाजरकोट, दैलेख, कालिकोट गुरिल्ला केरेल गुरिल्ला रेल हो कि गुरिल्ला घोडा हो कि गुरिल्ला भैसी हो कि गुरिल्ला बाटो हो कि के गुरिल्ला हो मैले त्यो बुझिन त्यो कुरा स्पष्ट सम्बन्धित मन्त्रीज्यूले यो सदनलाई स्पष्ट गर्नु पर्दछ । त्यो गुरिल्ला केरेल भनेको के हो त्यो मैले त्यो भाषा सुनेकै थिएन गुरिल्ला भन्ने देखेको थिएँ । साहित्यमा होस् उपन्यासमा होस् इतिहासमा होस् तर केरेल भन्ने सुनेको थिएन गुरिल्ला केरेल भनेको के हो यसको बारेमा म अवश्य पनि यहाँ सम्बन्धित मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु, यसको स्पष्ट रूपमा दिनु पर्छ, हवस् त धन्यवाद

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेशसभा सचिवालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका शीर्षकहरूमाथि दफावार छलफल आजै सकिने भएकाले छलफलमा भागलिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फका रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । माननीय श्री बिन्दमान विष्ट ।

**माननीय श्री बिन्दमान विष्टः-** माननीय सभामुख महोदय, हामी विनियोजन विधेयक, २०७५ माथि दफावार छलफलमा सहभागी भएका छौं । दफावार छलफलमा सहभागी हुँदै गर्दा खेरि यसलाई अलिकति किलेयरलि जसरी आउनु पर्थ्यो अलि डाउन साईज गरेर कार्यक्रमहरू जसरी आउनु पर्थ्यो भनेर आउनु पर्थ्यो त्यसरी आएन भनेर हामी छलफलमा सबै माननीय सदस्यहरूको धारणा राखेको छ । मेरो पनि त्यो धारणामा सहमति छ । मलाई थाहा छ सरकारका केही बाध्यताहरू छन् हामी यही मञ्चमा उभिएर बेलाबेलामा भन्ने गरिराखेका छौं सरकारले संरचना छिटो बनाउनु पर्यो । आफ्नो संरचनामा आधारित भएर कार्यक्रमहरू अगाडि बढाउनु पर्यो यो कुरा हामी गरी राखेका छौं त्यसकारणले गर्दा खेरि संरचनाको अभावमा यसो गर्नु पर्ने बाध्यता सिर्जना भएको होला । यस सन्दर्भमा म फेरि पनि जोड दिन चाहन्छु संरचना छिटो निर्माण गरौं र आगामी दिनमा यस्तो तरिकाले बजेट ल्याउने स्थितिको अन्त्य गरौं बजेट ल्याउने मात्रै होइन सबै प्रकारका कामहरूलाई व्यवस्थित गर्ने वातावरण बनाऊ माननीय सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । अब संसदीय अभ्यासमा २/३ दिनका गतिविधि हेर्दा खेरि सभामुख महोदय, मलाई केही भन्न मन लागेको छ अब यो हामीले सरकारले जसरी यो रातो

किताब भनेर हामीले भन्छौ ल्यायो त्यसमा केही यसले केही वेथितिहरू ल्याउछ भन्ने कुराको हामीले संकेत गरिराख्दा खेरि संसदीय अभ्यासमा पनि केही वेथितिहरूको भुर्णहरू अंकुर भएका हुन कि जस्तो लाग्छ मलाई सभामुख महोदय, त्यसकारणले गर्दा खेरि सभामुखमार्फत् म यो सम्मानित सदनमा म सबैको ध्यानाकर्षण गराउन चाहन्छु । हामी सरकाले पनि संसदीय अभ्यासमा पनि सदनमा पनि वेथितिहरूका भुर्णहरू जन्माउने त्यसको नष्ट गरेर सरकार पनि वेथितिमा चलोस् संसदीय अभ्यास वेथितिमा होस् म यो सभामुखमार्फत् यो संसदको गम्भीरता पूर्वक ध्यानाकर्षण चहान्छु । म आज तोकिएका मन्त्रालयका विषयगत छलफलहरूमा म प्रवेश गर्न चाहन्छु । पहिलो कुरा आन्तरिक मामिला तथा कानून मन्त्रालयको कुरा छ माननीय सदस्यहरूले भने जस्तै अलिकति हामीले जे सामान खरिद गर्दा खेरि पनि त्यसको अहिलेको अवस्था स्थितिलाई हेरेर बजेट सामान्यतया राख्दा खेरि उपयुक्त हुन्थ्यो यसमा केही त्रुटीहरू छन् यो त्रुटीहरूलाई सच्चाउन जरूरी छ भन्ने मेरो कुरा हो जस्तो अगाडि पनि कुरो उठेको छ पिकअप भ्यानको कुरो अरू गाडीहरूको कुरो पनि सामान्य बजार रेट अहिले पुलिसले खास गरी प्रहरीहरूलाई परिचालन गर्नको निमित्त यो पिकअप भ्यानको आवश्यकता पर्यो होला । यो पिकप भ्यानको अहिलेको बजार रेट केहो बरू हामीले संख्या कति तोकेका छौं र यसको दर कति तोकेका छौं यो कुरालाई अलि नमिल्दा खेरि केही आशंकाहरू उत्पन्न हुने हुन्छ म यसो भन्दिन कि यो पैसा राखे पछि खानलाई नै राखियो भनेर त म भन्न सक्दिन किनकी अहिलेको सबै प्रक्रिया छ प्रणाली छ त्यो प्रणालीअनुसार हामी खरिद प्रक्रियामा जाऔंला तर फेरि यो रकम अन्त्य कुनै कार्यक्रममा विनियोजन गर्दा खेरि अर्को कार्यक्रम सिर्जना गर्न सकिने र कामहरू व्यवस्थित गर्न सकिने स्थिति हुथ्यो होला त्यसकारण त्यतातिर ध्यान जाओस् भन्ने कुरा म राख्न चाहन्छु र दोस्रो कुरा हामीले यहाँ छुटाउन छुटाएको र गर्नै पर्ने कर्णाली प्रदेशले गर्नै पर्ने र कर्णाली प्रदेशले एउटा मोडेल दिन सक्ने कुरा केहो जस्तो लाग्छ भन्दा खेरि मलाई जस्तो सुधार गृह र त्यस पछि गएर यो लागुऔषधसँग सम्बन्धित कुरा सुधार गृह यसको सञ्चालन र स्थापनाको लागि भनेर बजेटको विनियोजन गरिएकोको छ सभामुख महोदय, तर यसमा यति मात्रै होइन लागुऔषध दुर्व्यसनि जो छ त्यस हामी हाम्रो प्रदेशलाई केही वर्षभित्र एकदम तदारूपताका साथ लाग्ने हो भने पछि लागुऔषध दुरूपयोगलाई हामीले पूर्णता निर्मुल गर्न सक्ने ठाउँमा छौं हामीहरू धेरै झाङ्गीसकेको छैन यो केही समस्याहरू छन् जरूर रूपमा अब यसलाई एउटा अभियानात्मक रूपमा केही कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने आवश्यकता हो जस्तो लाग्छ त्योसम्बन्धी बजेट विनियोजन भएको छैन केही जागरण कार्यक्रमहरू केही यसका निर्मुलिकरणको निमित्त हामीले केही सचेतनाका कार्यक्रमहरू सामाजिक अभियानका कार्यक्रमहरू हामीले सञ्चालन गर्नुपर्ने छ । पहाडी इलाकामा एउटा प्रकारको छ हैन अस्ति संसदमा ठूलो हङ्गामा भयो भांगोदेखि लिएर सबै प्रकारका हैन त्यो कुराको निर्मुलि करण गर्नु छ अलि शहरमा आइपुग्दा खेरि ड्रग्सहरूको

ओसारपोसारहरूको केही अलिकति सञ्चालमा यसको विकास हुन खेजिराखेको छ । यसलाई निर्मुल गर्नको निमित्त हामीले कार्यक्रम गर्न सकेनौं भने पछि कार्यक्रम राखेनौं भने पछि भोलिका दिनहरूमा यो झाङ्गिदै जान्छ र हामीले निर्मुल गर्न नियन्त्रण गर्ने ठाउँ भन्दा बाहिर जान सक्छ । अहिले प्रारम्भमा छ हामीले एउटा प्रदेशलाई नमूना बनाउन सक्छौं लागुऔषध दुर्व्यसनि मुक्त प्रदेशको रूपमा हामीले यसलाई विकास गर्न सक्ने ठाउँमा छौं त्यसकारणले गर्दा खेरि म माननीय मन्त्रीलाई मन्त्रीको सम्बन्धित मन्त्रालयको गम्भीरता पूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । यो कार्यक्रम थपौ र त्यसपछि गएर बजेट हामीले काटेर राख्न सक्ने ठाउँहरू छन्, त्यो कार्यक्रम राखेर यसलाई प्रभावकारी ढङ्गले अगाडि बढाऔं, यो कुरालाई अलिकति यहाँ जोड्न जरूरी छ भन्ने लाग्छ । अरू कुरा सामान्यतया सबै कुराहरू यहाँ छोएको छ म यति मात्रै टिप्पणी गर्न चाहन्छु । दोस्रो कुरा अब सामाजिक विकास मन्त्रालयको कुरा छ, सामाजिक विकास मन्त्रालयमा अब धेरै विस्तृत रूपमा कार्यक्रम आएको छ तर अलिकति कनफ्युजन हुने खालको कार्यक्रमहरू यहाँ अलिकति भय जस्तो लाग्छ मलाई जस्तो म फेरि पनि जोड दिन चाहन्छु, आवासीय विद्यालयहरूको सन्दर्भमा चारवटा शीर्षक रहेछन्, चारवटा शीर्षक राख्न पाइयो, पहिला सम्भाव्यता अध्ययन गर्यो, त्यसपछि पूर्वाधार निर्माण गर्यो, त्यसपछि गएर केरे होस्टेलको लागि राख्यो हैन, त्यसपछि गएर अनुदान दियो, सञ्चालनको लागि चारवटा शीर्षकमा एउटा शीर्षकमा ५ लाख सम्भाव्यता अध्ययन, अर्को शीर्षकमा होस्टेल निर्माणमा ९६ लाख अर्को अनुदान दिनेमा ३० लाख र त्यसपछि गएर ४ वटा जिल्लामा भौतिक पूर्वाधारको निमित्त भनेर ८ करोडको व्यवस्था गरिएको छ, सभामुख महोदय । अब यो ४ वटा शीर्षकमा राख्न पाइयो तर गज्याङ्गगुजुङ्ग गरेर राखियो यो किन भयो यस्तो सम्भाव्यता श्रेणीवद्ध एउटै शीर्षक एउटै नम्बर १, २, ३, ४ नम्बर राखमन ती ४ वटै राखौं त्यति पैसा चाहिएला ठीक छ तर त्यसरी राख्दा खेरि बुझ्नेले पनि बुझ्न सजिलो हुने हैन पढ्नेले पनि सजिलो हुने र कार्यान्वयन प्रक्रियामा सहजता हुन्छ त्यसकारण यस्ता प्रकारका थुप्रै प्रकारका अलिकति अन्योलता सिर्जना गर्ने गरी यहाँ जो लेखिएको छ त्यसलाई अलिकति करेक्सन गरौं भन्ने कुरा म यहाँ राख्न चाहन्छु र दोस्रो कुरा यहाँ अलिकति मैले भन्न खोजेको कुरा के छ त भन्दा खेरि स्नातक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा भन्ने कुरा यहाँ लेखिएको छ, सभामुख महोदय । यो व्यावसायिक शिक्षा स्नातक तहको मलाई नेपालमा भएको मलाई याद छैन प्राविधिक शिक्षा छ यी व्यावसायिक शिक्षा स्नातक भयोकेस्नल ट्रेडिङ्गको कुरा हो भयोकेस्नल ट्रेडिङ्ग भनेको कुरा के हुन्छ त भन्दा खेरि टियलसिसरहको हुन्छ यो हैन हामीले अब सिटिईभिटि भनेर भन्छम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र भनेर भनिन्छ त्यसलाई त्यसकारणले गर्दा भयोगेस्नल ट्रेडिङ्ग गरेकाहरूले त्यसपछि गएर यो व्याच्लर प्रोग्राम उनीहरूले अध्ययन गर्न पाउदैनन् त्यसकारणले गर्दा यो प्राविधिक शिक्षा तथा व्यावसायिक यो स्नातक तहको कुरा केहो अलिकति यसमा अलिकति ध्यान जाओस् भन्ने

चाहन्छु र अर्को कुरा यहाँ त्यो सँग सम्बन्धित अर्को कुरा के लेखिएको छ भन्दा खेरि कर्णाली प्राविधिक चाहिँ केटियस भन्ने जो छ केटियसमा स्नातक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा केरे सञ्चालान गर्न भन्ने कुरा लेखिएको छ, सभामुख महोदय । अब मलाई जानकारी भएअनुसार यदि म गलत छैन भने पछि सिटिईभिटि भनेको स्नातक तह सञ्चालन गर्न कुनै त्यो संस्था नै होइन केटियस भनेको के होत भन्दा खेरि सिटिइभिटिको एउटा आङ्गिक कलेज हो । सिटिईभिटिको आङ्गिक कलेजमा हामी कुन खालको स्नातक शिक्षा सञ्चालन गर्न खोजेको हो, हामीले सिटिईभिटिको आङ्गिक कलेज हो, सिटिईभिटिको सम्पति हो केटियस, सिटिईभिटि आङ्गिक कलेज हो । अब त्यो आङ्गिक कलेजमा स्नातक तहको केरे हामीले शिक्षा कसरी सञ्चालन गर्छौं कि, अब केटियसलाई हामी प्रदेश सरकारका मातहतमा ल्याउछौं भन्नुपर्यो सिटिईभिटिबाट मुक्त गरेर त्यसपछि मात्र हामीले त्यही स्नातकको शिक्षा सञ्चालन कक्षा सञ्चालन गर्ने अवस्था सिर्जना होला नत्र भने सिटिईभिटिको हैसियत केहो त भन्दा खेरि व्यावसायिक तालिम र सञ्चालन गर्न र त्यस पछि पिसिएल लेबलको ३ वर्षिय लेबलको कार्यक्रमहरू सञ्चालन गर्न त्यो भन्दामाथिको हैसियत प्राविधिक विश्व विद्यालयलाई बनाउनु पर्छ भन्ने बहसहरू त छन् सभामुख महोदय, तर त्यो बहस तारङ्गिक निस्कर्ष पुगिसकेको छैन । त्यसकारणले गर्दा खेरि अब त्यो केटियसमा स्नातक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा हामीले सञ्चालन गर्न सक्दैनौं अहिलेको स्थितिमाबाट हेर्दा खेरि त्यो के हाम्रो प्रदेश सरकारको स्वामित्वमा हुनु पर्यो केटियसको मातहतमा रहुन्जेलसम्म त्यहाँ सञ्चालान गर्न सकिदैन यसको अलिकति त्रुटी रह्यो कि भन्ने कुरा मेरो कुरा हो मैले बेलाबेलामा धेरै पटक जोड दिने गरेको छु अलिकति विद्यालयका पूर्वाधारहरू निर्माण गर्नको लागि अलि बढि जोड दिम भन्ने कुरा मैले निरन्तर रूपमा यो सदन सञ्चालन भएदेखि यो कुरा उठाइ राखेको छु फेरि पनि अब एउटा निर्वाचन क्षेत्रमा ३ वटा स्कुल एउटा मोडल स्कुल निर्माण गर्न भन्ने कुरा छ अब यसले अब हामीलाई त समस्या त पार्छ पार्छ नै हैन तर हामीलाई मात्रै हैन जनप्रतिनिधि रूपमा हामीले निर्वाचन क्षेत्रको हामीलाई मात्रै होइन कि पछि गएर परसम्म गएर मैले के देख्छु त भन्दाखेरि अब शिक्षा क्षेत्र एक पछि अर्को गर्दै खस्किदै जाने यसको भताभुङ्ग हुँदै जाने र त्यस पछि गएर हामीले अझ फेरि शुद्धिकरण गरेर आगाडी लिनको निमित्त हम्मे हम्मे पर्ने अवस्था सिर्जना हुन्छ भन्ने कुरा मेरो ठम्माई छ । त्यसकारणले गर्दा खेरि म फेरि पनि जोड दिन चाहन्छु यो स्कुलका पूर्वाधारहरू निर्माण गर्न सन्दर्भमा र यी विद्यालयहरूमा केरे दरबन्दी सिर्जना गर्न सन्दर्भमा केहिन केही हामीले सोच्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालयको सन्दर्भमा मेरो कुरा के छ भन्दा खेरि विभिन्न एउटा निर्वाचन क्षेत्रमा एउटा अर्गानिक स्थानीय तह निर्माण गर्न कुरा गयौं र ५ वटा जिल्लालाई अर्गानिक मोडेलको रूपमा निर्माण गर्न कुरा गयौं तर अर्गानिक निर्माण गर्नको निमित्त चाहिने केरे जैविक मल र जैविक विषादीको सन्दर्भमा हामीले यहाँ बजेटमा कहि पनि बोलेनै एउटा कुरा यहाँ के

बुझिएको रहेछ भने सभामुख महोदय, अब विभिन्न केरे सहकारीसँग निजीफर्मसँग त्यसपछि गएर समूहसँग साझेदारी गरेर काम गर्न सकिने भनेर ७ करोड रूपैयाँ विनियोजन गरिएको छ । त्यो त्यसैमा टाईप मिस्टेक भएको हो भने पछि त्यो शीर्षकले समेट्छ भनेत ठिकै छ नत्र भने यत्रा गाउँपालिका र नगरपालिकामा लेख्न सक्दा खेरि जैविक विषादी र जैविक मल भनेर त्यसमा किल्यर गर्नु पर्थ्यो त्यो कुरा कहि पनि देखिएन ७ करोड रूपैयाँ कहि नखुलेको कुरा छ त्या साझेदारीमा काम गर्न भन्ने ७ करोड रूपैयाँ केरे लेखिएको छ तर त्यो कुन शीर्षकमा गर्न भन्ने खुलेको छैन यदि त्यो हो भने पछि ठिकै छ हैन भने त्यो ७ करोड रूपैयाँ जो विनियोजन गरिएको छ त्यसलाई जैविक मल र जैविक विषादीको रूपमा राखियोस् भन्ने कुरा म राख्न चाहन्छु र दोस्रो कुरा अब सहकारीमय छ हाम्रो सहकारी मैत्रि कृषि भूमि व्यवस्थाको कार्यक्रम हाम्रो के छत भन्दा खेरि सहकारी मैत्रि छ सहकारी मैत्री कार्यक्रम छ तर सहकारी मैत्री कार्यक्रम गर्दा खेरि ती सहकारीहरूलाई कन्ट्रोल गर्ने मेकानिजमको लागि एउटा केरे सहकारी रजिस्ट्रारको कार्यलय त्यसलाई नियन्त्रण गर्ने सहकारी तालिम केन्द्रको लागि कहि पनि बजेटको व्यवस्था गरिएको छैन यसकारणले गर्दा खेरि हामी जति कार्यक्रम गर्छौं सहकारी हामीसँग साझेदारी गरेर सहकार्य गरेर सहकारीलाई दिएर गर्ने कार्यक्रम गरिराखेका छौं तर सहकारी हालत केहो त्यो सहकारीको अवस्था केहो त्यसलाई नियन्त्रण कसरी गर्ने त्यलाई नियमन कसरी गर्ने त्यलाई व्यवस्थित कसरी गर्ने भन्ने कुरा यो बजेट मा कोही नबोलेको कारणले गर्दा खेरि यहाँ अपुग त छ भन्ने कुरा म राख्न चाहन्छु र आफ्नो भनाइ अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज आर्थिक वर्ष ०७५/०७६ को वार्षिक विकास कार्यक्रमको दफावार मन्त्रालयवायज छलफल म सर्वप्रथम यो बजेटका कुरा गर्दा मैले अहिलेसम्मको समिक्षा ४ वर्ष केन्द्रीय बजेट पनि हेरे केन्द्रीय बजेट हेर्दा पनि यो यत्तिको ग्रामीण तहमा गएको बजेट भेटा"थिन मैले ग्रामीण तहमा यो सानो बजेट पनि धेरै धेरै तरिकाले तल पुगेको छ र यसले भूगोललाई आधार बनाएको छ भन्ने कुरा मैले विश्वास त गरे तर विश्वास गर्दा गर्दै पनि १/२ ठाउँमा आखाँ छलेर यो रातो किताब कि हरियो किताब थाहा पाएन । मैलेमाथि ठक्ने र बजेट तल नआउने किताबमा सारा योजनाहरू छापिदिने यहाँ डल्लो पारेर आफ्नो मातहत राखेर तजविज गर्न जस्तो मन्त्रीज्यूहरूले यो नभ्याएको हो यहाँ क्या कुरा नमिलेको हैन यो रातो किताब त मैले मान्दै मान्दैन यो योजना किताब भनेर मैले मान्दैन किन मान्दैन भन्दा सडक १० करोड कता हो थाहै छैन अथवा निर्वाचन क्षेत्र आधार बनाएर बनाएको छ त्यो पनि त्यहाँ कुन सडक हो त्यो पनि थाहा छैन यो मान्छेलाई जनतालाई भ्रम बनाउने र जनप्रतिनिधिहरूलाई अविश्वास गराउने शिवाय यो बजेटले अरू गर्ने छैन किन छैन भन्दा लौ निर्वाचन क्षेत्रमा ४ वटा सडक अथवा ४ वटा स्कुल भन्दिए पछि अब

अघि हाम्रो प्रतिपक्षको प्रमुख सचेतकले भन्नु भयो २०० विद्यालय छन् अ ३ टा भन्दिने हो भने पछि यहिबाट तोकिदिएको भएत कमसेकम सदनले तोक्यो भन्ने कुरा हुन्थ्योनि अब त्यहाँ क्षेत्रमा जाने छलफल गर्न छलफल गरेर जाने हो भने यो अफ्ठ्यारो पार्ने जनप्रतिनिधिलाई अफ्ठ्यारो पारेर तपाईंहरूलाई आफूलाई सजिलो पारेको हो कि भन्ने मलाई लागिरहेछ । किन भने सदनबाट पास गर्दा संसदहरूले गर्छन् सदनबाटै रातो किताब पास भयो भन्ने एउटा जनताले बुझ्न सक्थे जे आयो त्यो कुरामा हामीले चित्त बुझाउनु पर्छ भन्थे अब यो लुछाचुडि चाहिने एउटा चाहिने गिद्धलाई एउटा सिनो देखाई दिएर त्यो सिनो चाहिनेमाथि गिद्ध झम्टिएको झम्टै गर्नुपर्ने अवस्था सिर्जना भयो । अब यसै विषयमा धेरै छलफल हिजै पनि भयो प्रतिपक्षले त अब संसदनै एक पटक अवरोध गर्नु पर्ने भयो तर यर्थाथमा चाहिने रातो किताबमा योजना कतिपय कुरा नलेख्न पर्ने पनि हुन्छन् जस्तै कतिपय सामाजिक मन्त्रालयका बजेटहरूमा ल्याव किन्ने भन्याछ कतिवटा कुन ठाउँमा किन्ने यो सबैलाई बाढ्ने भन्ने पनि हुँदैन निश्चित अस्पतालहरू होलान् अथवा त्यसठाउँ होलान फलानो फलानो भन्न पनि नसकिने एकमुष्ट पनि सकिन्छ तर मन्त्रालयले खरिद गरेर वितरण गरेर पनि सकिन्छ तर योजना भौतिक निर्माणमा कुरा हुन त्यो सम्बन्धित ठाउँमा जान पर्छ । हिजो प्रतिपक्षबाट पनि प्रशंसा पनि पाउनु भाछ अलिअलि ढाट्नु भएकै छ हामीलाई कृषि मन्त्रीले तीन/चारवटा शीर्षक हाल्दिनु भएछ सबै निर्वाचन क्षेत्र अरू सर्लक्कै शीर्षक भरि चाहिने तजविज मै छ त्यसो भएको हुनाले यो रातो किताब निर्माण गर्न भनेको योजना आज यसको के छ भन्दा वार्षिक विकास कार्यक्रम के-के कार्यक्रम हुन तिम्रा के-के गर्दै छौं भन्ने कुरा यो किताबले बताउँछ यो किताबमै एउटा पनि काहीँनिर देखिँदैन एउटा चाहिने सामाजिक मन्त्री आज बोल्नु पर्ने सामाजिक मन्त्रालय र कृषिकै छ २४ वटा निर्वाचन क्षेत्र भन्दियाछ २४ वटा निर्वाचन क्षेत्रमा नाम तोकेकै छैन र कृषि मन्त्रीले फलानो फलानो ठाउँमा फनालो फलानो ठाउँमा फलानो फलानो ठाउँमा भनेर चार पाँच वटा शीर्षक यो करिबकरिब ८०/९० शीर्षक बनाउनु भाछ त्यस मध्यका ४/५ वटा शीर्षक फलानो गाउँपालिका फलानो गाउँपालिका तोक्नु भाछ यसलाई अब विवाद आउदैन जे छ त्यसलाई प्रयोग गरिन्छ अब बाँकी कुरा त लटपटकै कुरा छ अब लटपटमा पार्ने यस्तो कुराले के लाग्छ भन्नु हुन्छ भने हुनत दुःख नमान्नु होला यो ५ वर्षिय हामीत अब बाध्य छ अघि चाहिने हिजो चन्द्रबहादुर दाईले भन्या जस्तै हो पास त गर्नै पर्छ अघि म हिमबहादुर दाईले भन्या जस्तै हो जेजे गर्न सकिन्छ अलि बलियो भए प्रतिपक्षले के गर्न पर्थ्यो सत्तापक्ष त केही तिमिहरू गनै सक्देनौं भन्नु भयो, हुन पनि हो, अब चाहिने हुई पाउने होला हुई पाए हामीले पास गनैपर्छ । नत्र सरकार फेल हुन्छ, सरकार फेल भयो भने जीवन शाही चाहिने एक हातमाथि टाउको उठाइ हाल्नु हुन्छ, प्रतिपक्ष दलको नेता । त्यसो भएको हुनाले अब यो बाध्यात्मक तरिकाले हामीलाई सत्तापक्षका सांसदहरूलाई आफ्नो काममा पछि लागि राखुन भन्ने वातावरण सरकारले गर्यो भने यो बजेट त ल्याउनु भयो, त्यस पछि संसदीय

दलका त बैठक हुन त्यसमा तपाईंहरूलाई आपत पर्ला है । त्यसो भएको हुनाले यो बजेटलाई विकास निर्माणका कामहरू भौतिक निर्माणका कामहरू ट्वाक्क ट्वाक्क संसदले प्रमाणीकरण गर्न पर्ने हाम्रो पर्सी निर्णय नै प्रमाणीकरण हो अन्तिम निर्णय गरिसके पछि ती सबै कुराहरू यो प्रदेशका १० वटा जिल्लामा हामी के के गर्दैछौं कृषिको क्षेत्रमा के के गर्दैछौं । सामाजिकको क्षेत्रमा के के गर्दैछौं सामाजिक मन्त्रालयको शिक्षाको क्षेत्रमा हामी के गर्दैछौं भन्ने कुरा प्रष्ट जनताले पाउनु पर्छ प्रष्ट जनताले पायन भने अन्यवल हुन्छ र हामीले असल काम गर्दा गर्दै पनि त्यसको गालि खान पर्ने हुन्छ यो त गलत गर्यो मलाई पाएन गलत गर्यो भने राम्रो काम तल भएको छ तर यसले अन्योलताले के दखाउँछ भन्दा त्यसले भ्रमपूर्ण कामहरू देखाउँछ । त्यसैले मैले प्रशंसा गर्नु पर्ने रहँदा रहँदै पनि म मैले तपाईंहरूलाई भने चारवटा बजेट मैले चलाउँदा जति लेखे अहिले पनि हाम्रो माननीय साथीहरू हुनुहुन्छ हाम्रो भनेको लागु भएन वास्तवमा हाम्रो सबै कुरा लागु गर्नु पर्छ हाम्रा कुरा लिएर सरकारले ट्वाक्कै योजना चाहिने देखायो भने त्यसबेला हाम्रो चित्त बुझाउनु पर्छ हरेक कुरा मैले लेखेका कुरा मात्रै चाहिने पास हुन लाय भने त सबैलाई त पुग्दै पुग्देन नि त्यही क्षमताका आधारमा सरकार गठन भयो सरकारका मन्त्रालय गठन भय मन्त्रालयका विषशेज्ञहरू राखेर छलफल गरेर यो कुरा यो लागु गर्नु पर्छ भन्ने वातावरण सिर्जना भयो नत्र सबै कुरा सासंदहरूले भनेका लेखिएर दिएका अथवा चोरबाटोबाट आएका चोरबाटाबाट आएकालाई पनि त मान्न त परोनि असल राम्रो नीति दिएको छ भने त त्यसलाई पनि ग्रहण गरेर यो ठीक छ भनेर ल्याउन परो त्यसैले पहिलो कुरा यो बजेटले यो हाम्रो प्रदेशलाई कसरी प्रदेशका जनताको समृद्धि हुन सक्छ प्रदेशका जनताको आय आर्जन कसरी हुन सक्छ प्रदेशका जनताको भौतिक विकासमा कसरी अ सम्लङ्गगता हुन सक्छ र यी कुराहरूलाई हामीले ख्याल गर्नु पर्छ र यो ख्याल गरिएन दुईवटा आए राता किताब पनि एउटा अस्ति भेटियो एउटा हिजो भेटियो हिजोमाथिको बाटसहित थपेर आएछमाथिको ठुलै छ नि यही प्रदेशका सबै प्रोजेक्ट आका छैनौं दुई/चारवटा प्रोजेक्टहरू आएका छन् के चाहिने उद्यम र कृषि सिंचाइ के-के दुई/चारवटा खानोपानी सडक भनेर आएको छ तर पनि ठूलो छ रातो किताब त्यस्तो रातो किताब पनि वास्तवमा अहिले संघीयतामा काम लाग्ने होइन । काम लाग्ने होइन तर हाम्रा यो सरकारले किताब यत्रै निकाले पनि हुन्थ्यो धेरै ठूलो निकाल्नै पर्ने धेरै रातो किताब भनेर एक जनाले बोक्नु पर्ने किताब त हुँदैन होइन तर यसले किटान गरेर निकालेको भए सबैभन्दा सुन्दर हुन सक्थ्यो । मैले अघि भन्या जस्तै अब हामी सांसद छौं अब तपाईंले भन्दिनु होला टाउकामा मन्त्रीहरूले हाली हाल्नु हुन्छ त्यो क्षेत्रको बजेटको विषयमा हामीले ट्वाक्क देखेको छौं त्यही त्यही माननीयहरू सँग सल्ला गर्नुस त्यही बाट चाहिने कताकता पार्नु हुन्छ पार्नुस भन्नु हुन्छ होला अब त्यो भने पछि त के हुने भयो भन्दा माननीयलाई अथवा चाहिने पछाडि लागेर यो काम गर्ने कि नगर्ने भन्ने एकातिरबाट जनताले सताउने उताबाट तल जनतालाई एक बोल्लियो यो मन्त्रीले आफू

खुसी अर्को ठाउँ पनि पार्दिन मिल्ने किन भन्दा यसले त त्यही बताउछ मेरो प्रदेशमा मेरो क्षेत्रमा आएको बजेट एक करोड आएको छ । भौतिक विकास निर्माणका लागि भनेर चाहिने मैले फलानो फलानो योजना हाल्दिनुस है भन्दिने भए मागअनुसार गर्ने भए तपाईंले त्यो कुरा त गलत रहेछ भन्ने ठान्नु भयो त्यो कटाइदिनु भयो भनेत मेरो त कामत गैइसक्यो त्यसकारणले यसले मुख्य कुरा अरू कुरा जेसुकै भए पनि अरू मैले यसलाई अन्यत्र हिजोको केन्द्रीय बजेट भन्दा पनि प्रशंसा योग्य छ । अहिलेको केन्द्रीय बजेट भन्दा पनि प्रशंसा योग्य छ । तर एउटै त्रुटी तपाईंहरूले गर्नु भयो ट्वाक्क योजना ल्याएर लै है यही हो भनेर यो संसदबाट पछि प्रमाणीकरण गरेर गएको भए ढुक्क भएर जनता पनि लागु गर्थ्यो हामीलाई पनि सहज हुन सक्थ्यो तर यो काम नगरे बापतले आज यसलाई धेरै कुरा गर्न पर्ने धेरै तपाईंहरूसँग माता परथि गर्नुपर्ने र धेरै यो बोलिरहनु पर्ने मैले त यहाँ यो यो छ यति पुगेनछ है हजुर यति थप्दिन सकिन्छ भने थप्दिनु होला भनेर जान पर्ने बजेट हो यो त्यसो भएको हुनाले यसलाई यो विधिबाट जानका निमित्त भोलिका दिनमा सहजिकरण कसरी भएर जान सक्छ र अब ह्या मैले कृषि मन्त्री जि सँग धेरै भन्याछु र वास्तबमा अहिलेको अवस्था अहिलेको जनताको जीवन स्तर उठने भनेको मैले त पहिले कतिपय त सांसदज्यूहरूले सडक भन्नु भयो मैलै सडक र कृषि अनिर्वाय है कृषिबाट जब हामी किसानका छोराछोरी हामी धेरै यो नेपाल कृषि प्रधान देश अहिले पनि ६७ प्रतिशत जनता कृषिमा निर्भर छन् त्यो कृषिमा निर्भर हुने जनतालाई पकेटको रूपमा अथवा कहाँ के हुन सक्छ त्यसको अध्ययन गरेर त्यहाँको जीवनस्तरमाथि कसरी उठन सक्छ यो सरकार गठन भएको यो प्रदेश का सांसदहरूलाई भोट हालेको र यो सरकार प्रदेशको गठन भइसके पछि हामीले यो चिज प्रप्त गर्यौं भन्ने अनुभूति जनताले गर्ने काम कहाँ हो त भन्दा कृषि मै हो तत्काल राहत हुने तिज तीन महिनाभित्र जनताले फटाफट आम्दानीको स्रोतहरूको पहिचान गर्न सक्ने ठाउँ त्यो हो त्यसलाई पकेटको क्षेत्रमा अभियानको रूपमा त्यहाँ जाने कुरामा जानु पर्थ्यो मलाई लाग्छ कृषि मन्त्रालय पनि हाम्रो बजेट पनि कम छ तर बजेट कम छदाछदै पनि कमलाई कमै तरिकाले खर्च गर्या भए ट्वाक्क ट्वाक्क देखिने गर्याभा हुन्थ्यो यदि लामो बनाएर १ लाख २ लाखको चाहिने नबनाएर सबै १० वटा जिल्लामा अबश्यकता परेको यही हो यसबाट जनताको जीवनस्तरमाथि उठन सक्छ । स्याउ अनि जाजा त्यो पनि गलतै छ भन्दिन मैले धेरै ठाउँमा फलफूलको चाहिने फर्म खोल्ने भन्नु भाछ तरकारीको पनि व्यवस्था गर्ने भन्नु भाछ ती ती त अलि अलि हामीलाई चित्त बुझाउने गर्नु भाछ तर आमरूपले अरू व्यवस्थापन गर्ने कुरामा ध्यान पुगेको छैन र यसलाई अब ट्राउट माछाको पनि हिसाब किताब गर्नु पर्छ है अब त्यो केरे उहाँ काठमाण्डौमा मात्रै होइन, अब दैलेखमा, सुर्खेतमा, माथि जुम्लामा ट्राउट माछाको पनि व्यवस्था गर्नुपर्छ, जसको एउटा किसानले बेच्यो भने १ किलो ट्राउटमाछालाई २५ सय रूपैयाँ किलो बेच्छ, त्यो ट्राउट माछालाई पाल्ने किसान त फाइदाजनकमा जान्छ, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री करबीर शाही ।

**माननीय श्री करबीर शाहीः-** माननीय श्री सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७५/०७६ को विनियोजन विधेयकमाथि दफावार छलफल मन्त्रालय र निकायगत छलफलमा सहभागी छौं । यो छलफलमा सहभागी हुँदै गर्दा हामीले विगतमा हामीले प्रतिवद्ध व्यक्त गरेका हामीले आजसम्म भन्दै आएका विषयहरूलाई अस्ति भर्खर मात्रै नीति तथा कार्यक्रममार्फत् हामीले सार्वजनिक गयौं त्यो नीति तथा कार्यक्रममा हामीले विभिन्न सुझावहरू व्यक्त गयौं । ती सुझावहरूलाई ध्यान दिइ केही कुराहरू सुधारात्मक हिसाबले बजेट वक्तव्य आयो र म भन्छु नीतिले बजेट वक्तव्यलाई फलो गर्न र बजेट वक्तव्यले विषय र निकायगत बजेटलाई फलो गर्न यसको सिद्धान्त यही हो जस्तो लाग्छ तर केही विषयहरू फेरि पनि नीति तथा कार्यक्रममा आएका विषयहरू बजेट वक्तव्यमा नओगटेको र केही बजेट वक्तव्यहरूमा व्यक्त गरिएका सैद्धान्तिक विषय जो बजेटगत कुरा थिएन केही सैद्धान्तिक विषयहरू यो मन्त्रालयगत शीर्षकहरूमा छुटेको मैले पाएको छु । त्यसकारणले पनि आज हामी छलफल गर्ने क्रममा के भन्दै छौं के गर्दै छौं कि यो हिसाबले हामीले दिएका हामीले राखेका धारणाहरू खालि सुझावको रूपमा मात्र हुने हो र हामीले दुईवटा कार्यपालिका र व्यवस्थापिका मान्छेहरू माननीय सांसदहरू र मन्त्रीज्यूहरू दोहोरो कुरामा दोहोरो भूमिका मात्र रहने हामीले सुझाव दिइरहने र उहाँहरूले ग्रहण नगर्ने अवस्था हो भन्ने मलाई लाग्छ आउँदा बजेटहरूमा आउँदा छलफलहरूमा यसले भिन्न रूप धारण गर्ने अवस्था पनि देखिन्छ । त्यसकारण मैले माननीय मन्त्रीज्यूहरूलाई ध्यानपूर्वक सुन्न र अनुरोध गर्न चाहन्छु । हामी हामीलाई इतिहासले एउटा ठूलो जिम्मेवारी दिएको छ । कर्णाली प्रदेश कर्णाली प्रदेशको आफ्नो पिडा कर्णाली प्रदेशका जनताका आफ्ना पिडालाई हामीले मध्यनजर गरेर यो बजेट ल्याउने प्रतिबद्धता व्यक्त गयौं । नीति तथा कार्यक्रममा अमेरिकी डलरको हिसाब गरियो मैले आज यहाँ बजेटमा आउदा त्यलाई त्यहाँ पुग्नका लागि बाटो तय भएको र त्यो बाटो अङ्गिकार गरेको मैले काहीं पनि भेटिन त्यसकारणले हामीले नीति एकातिर बनाउने वक्तव्य एकातिर आउने र कार्यक्रमहरू अरू तिर आउने हो भने तीनवटा चिजको तालमेल नहुँदा हामी विकासको बाटो कतातिर जादै छ के गर्दै छ र कसरी हामी समाजवादी लक्ष्यमा पुग्ने होला । दोस्रो कुरा परिर्वतन हरेक परिर्वतन पछि केही थान मान्छेहरू जन्मिने र तीनले सत्तामा पुग्ने र त्यो सत्तामार्फत् केही ठाउँहरूलाई परिचित बनाउने भूगोललाई परिचित बनाउने र भूगोलको विकास गर्ने सबै थान मान्छेहरू मन्त्री बन्न सक्दैन्न त्यो सकिदैन आज हामी ४० जना छौं ५ वर्षभित्र ४० सै जना मान्छे मन्त्री बन्दैन यो अनुभूति हामीले परिर्वतन गर्न आवश्यक छ यो अनुभूतिलाई परिर्वतन गर्न सकेनौं भने कार्यपालिका र व्यवस्थापिकाको द्वन्द्व जस्ताको त्यस्तै रहिरहन्छ । यो द्वन्द्वको अन्त्य गर्नका लागि पनि हामीले जे विश्वासका साथ धरातल केहो माननीय मन्त्रीज्यूहरू यही धरातलबाट सांसद भएर मन्त्री हुनु भएको छ ।

त्यसकारणले यो अनुभूति दिने गरी माननीय सांसदहरूलाई विश्वासमा राख्ने गरी १ वर्ष त विश्वासमा राख्नै पर्यो १ वर्ष वार्षिक बजेट हो फेरि अर्को वर्ष पनि यस्तो बजेट ल्याउछौं र थप उत्साहका साथ अगाडि बढ्छौं भन्ने मानसिकताका साथ अगाडि बढनु पर्यो । यो किताबमा रातो, पहेलो र बीचमा निलो धर्सा छ भनिन्छ । कालो बादलभित्र पनि चाँदिको घेरा हुन्छ मैले यसलाई यो आलकारी रूपमा भन्न चाहन्छु वास्तवमा मन्त्रीहरूले आफू अनुकुल गर्न खोजेको सबै कुरा म भन्न चाहन्न बजेटमा धेरै महत्वकांक्षी कुरा आएका पनि छन् । सपनामा पनि देखिएका छन् वक्तव्यमार्फत् पनि आएका छन् र यो कार्यक्रम पनि ती देखिएका छन् उत्घाटित भएका छन् तिनलाई परिपूर्ति गर्नका लागि फेरि पनि हामीले आफै जानेको विषय हो देखेको र भोगेको विषय हो तपाईंहरूसँग जनशक्ति छैन । अहिले जवाफमा माननीय मन्त्रीज्यूले भन्नुहुने छ हामीसँग जनशक्ति थिएन त्यसकारणले यो गर्न यतिका कुरा गर्न सम्भव भएन मैले अघिल्लो पटकको बजेटको छलफलमा सैद्धान्तिक छलफलमा भनेको संस्थागत विकास विना हाम्रो केही सम्भावना छैन । कुनै सम्भावना छैन संस्थागत विकास सकेनौं भने फेरि पनि हामी घुमिफिरि रुम्जाटार भन्या जस्तो जहाँको तहि हुन्छौं केही गर्न सक्दैनौं मैले त्यो बेला पनि भन्याथे अहिले यो पटकको बजेटमा मलाई लाग्छ त्यहाँ देखिन मैले भेटाइनकि देखिन कि मलाई लाग्छ सिद्धान्त त तपाईंहरू संस्थागत विकासभित्र पर्ने कर्मचारीको दरबन्दि समेत अस्थायी र करार को दरबन्दि समेत तपाईंहरूले ल्याएर यो संसदबाट पारित गराउनु पर्ने हुन्छ । आगामी वर्षलाई तपाईंले के-के काम गर्दै हुनु हुन्छ कति दरबन्दि थप्नु हुन्छ नेपाल सकारले दिएको त्यतिमा चित्त बुझाउनु हुन्छ वा अगाडि बढन चाहनु हुन्छ त्यो मैले विषय भेटाइन वास्तवमा त्यो राख्नु पर्छ । अस्थायी र करार सबै दरबन्दीहरू माननीय केही मन्त्रीहरूमाथि संविधान सभामा अनुभव गरेका माननीयज्युहरू पनि हुनुहुन्छ । त्यसकारण यो विषय पनि यहाँ राखिनुपर्छ र यो चाहिँ स्वीकृति गरेर जानु पर्ने हुन्छ । मैले यो धर्साको विषयको कुरा गर्दै थिएँ । यो निलो धर्साले के बताउँछ भने फेरि पनि हामीसँग जनशक्तिको अभावले केही कुरा ल्याउन सकेनौं । फेरि तपाईंहरूको भरमा हामी पर्नु पर्ने भयो । यसको निर्णय र यसको विषयगत हिसाबले योजनागत हिसाबले पनि पैसा छुट्टिने कुरा ब्रेक डाउन कुरा फेरि पनि कार्यपालिकाको भरमा पर्नु पर्ने भयो । हामीले विश्वास गर्न चाहान्छौ र गरेकै छौं तर माननीय मन्त्रीज्यूहरूलाई म यति भन्न चाहन्छु कि तपाईंहरूले हामीले दिएको भरोसा हामीले गर्न खोजेको विश्वासलाई धुलिसात पार्नु हुने छैन । त्यसलाई कार्यान्वयन चरणमा जाने बेलामा तपाईंहरूले तपाईंका रेस्पोन्डिक युनिट भने पनि तपाईंका प्रतिनिधि भने पनि माननीय सांसदहरूमा मात्र भएको अवस्थाले अहिलेको अवस्थालाई हेर्दा खेरि फेरि पनि तपाईंहरूले ती विषयहरूलाई माननीय सदस्यहरूलाई आधिकारिक हिसाबले छलफलमा सहभागी गराएर सोधेर मात्रै बजेट ब्रेक डाउन गर्नु हुनेछ । यसलाई केन्द्रीय सरकारको हिसाबले भन्नु पर्दा अहिले केन्द्रमा योजना राष्ट्रिय योजना आयोगले एउटा किताब

निकाल्यो मोटो त्यसलाई यहाँको सन्दर्भमा अस्तिको बजेट वक्तव्यमा नै अब दोस्रो किताब निकाल्दा खेरि मन्त्रालयगत निस्कन्छ । सबै मन्त्रालय आफ्नो कार्यक्रमसहित निकाल्छन् अझ पनि सम्भावना छ । दोस्रो किताब निकाल्नै पर्ने हो । कथाले त्यो माग गर्यो र दोस्रो किताब निस्कदा पनि फेरि पनि जम्मै विषयहरू डिपिआर गर्ने वा समयान्तर गर्ने यस्ता शब्दहरू यस्ता शब्द वाणहरू लेखेर ल्याउने कुरामा नलाग्न म अनुरोध गर्न चाहन्छु । फेरि पनि हुन त त्यस्तो किन देखिन्छ भने पछि जनशक्तिको अभावै देखिन्छ । तपाईंले कर्मचारीको दरबन्दी सिर्जना गर्न सक्नु भएन । यहाँ ल्याउनु नै भएन । त्यसकारणले फेरि आउँदा ती विषयहरू नदोहोरियोस् भन्न अनुरोध गर्न चाहन्छु । सँगसँगै यो आन्तरिक मामिलाको विषय जे छ त्यसलाई मैले थोरै टिप्पणी गर्न चाहन्छु । पूर्वाधारमा अस्थायी चौकीहरू बनाउने वा के बनाउने मैले पिकअप भ्यानहरू धेरै खरिदने भन्दा पनि तपाईंहरूको अहिलेको सन्दर्भमा नेपाल प्रहरी हाम्रो मातहतमा नआइ सकेको अवस्थामा हामीले आफू स्थापित भैसकेपछि मात्र ती व्यवस्थापन गर्ने गरेर अगाडि बढ्दा राम्रो होला र अर्को डिजिटलको कुरा गर्दा खेरि टेलिफोन नलाग्ने ठाउँमा डिजिटलको कुरा अलि थोरै कम गरौं र टेलिफोन लाग्ने वातावरण पहिला भनौं त्यसपछि डिजिटाइज गरौं । त्यो भन्न चाहन्छु र कृषि भूमि र के भन्छ सामाजिक मन्त्रालयको हकमा विषय धेरै राखु भएको छ । कार्यान्वयन गर्दा खेरि तपाईंहरूले कार्यान्वयन गर्ने सन्दर्भमा तपाईंलाई सबैभन्दा टाउको दुखाई विषय हुनेछ । मैले यो मञ्चबाट अहिले तपाईंहरूलाई इङगीत गरिरहेको जो छु त्यो हिसाबले तपाईंले कार्यान्वयन गर्दा कस्तो कार्य दिशा बनाएर अगाडि बढ्नु हुन्छ । कार्य दिशामा तपाईंहरूको समस्या देख्छु तपाईंहरूको त्यहाँ धेरै ठुल-ठूला विषयहरू छन् तर खर्च गर्ने सवाल कार्यविधि बनाउने सवालमा तपाईंलाई निकै अफठ्यारो पर्ने छ । कस्तो कार्यविधि बनाएर अगाडि बढ्नु हुन्छ त्यो तपाईंहरूलाई चुनौतीको विषय हुनेछ । त्यसकारणले तपाईंहरूले आजैदेखि आज बनाउँदा बजेट बनाउदा जे विज्ञहरूले सल्लाह दिए भोलि कार्यविधि बनाउँदा त्यो खालको सल्लाह भएन र पछि फर्कनु पर्ने अवस्था भयो भने फेरि पनि हामीले बोकेको अभिभारा कर्णाली प्रदेशलाई जे बनाउन खोजेका छौं जे गर्न खोजेका छौं गरिब घटाउन खोजेका छौं गरिब घटाउनका लागि त हामीले त्यसको शुत्र इन्डिकेटर कहाँ जानुपर्छ भन्दा सुर्खेतको हकमा विहान बसपार्क जानु पर्छ । कति नेपाली बस चढेर कहाँ जादै छन् राजधानीको देश बाहिर तेस्रो मुलुकको हिसाब हेर्ने हो भने एयरपोर्टमा जानु पर्छ । त्यो लहर देखिन्छ गेटमा देखिन्छ । त्यसकारणले अब उपरान्त ५ वर्षमा अब १ वर्षमा होइन ५ वर्षमा कम्तीमा त्यो लर्को घटाउने लासको राजनीतिक घटाउने आज फलानोको देहावसन भएछ । हामी जानु पर्छ जानु पर्ने भयो कमाउन गएको थियो यो भयो भन्ने अवस्था नराख्ने गरी अगाडि बढ्नका लागि सरकारलाई अनुरोध गरेर म यहाँ बाट विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय समाभमुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेशसभा सचिवालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय शीर्षकहरूमाथि जारी रहेको दफावार छलफल सुरू हुन्छ र यसमा बोल्ने माननीय सांसद श्री कौशिलावती खत्रीज्यूलाई म समय ७ मिनेट दिन चाहन्छु ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७४/७५ को वार्षिक विकास कार्यक्रमको छलफलको दोस्रो दिनको क्रममा छौं । सर्वप्रथम म कर्णाली प्रदेश सकारलाई होल मोडल भए पनि विकास योजना पुस्तिका रातो किताब बेलैमा हाम्रो हातमा थम्माइदिएको हुनाले म हार्दिक आभार प्रकट गर्न चाहन्छु र म यो रातो किताबभित्र भएका आर्थिक वर्ष २०७५/७६ को विकास कार्यक्रमका विषयमा आफ्नो रचनात्मक सुझाव माननीय सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई राख्ने अनुमति चाहन्छु । कमरेड मार्क्स भन्नु भएको छ जब मान्छे आफ्नो आवश्यकताको दुनियाँबाट विस्तारै स्वतन्त्रताको दुनियाँमा प्रवेश गर्न सक्दैन गर्दैन त्यहाँ कहिले पनि समाजवादको स्थापना हुन सक्दैंन जब मान्छे विस्तारै स्वतन्त्रताको दुनियाँमा प्रवेश गर्छ तब मात्र समाजवादको समाजवाद स्थापना गर्ने मान्छे सफल हुन्छ, भन्नको तात्पर्य के भने मान्छे जहिले पनि हामी आफ्नो वरिपरी वरिपरी घुमेर आफ्नो मात्रै आफ्नो बाद लागु गर्यौं भने हामीले परिकल्पना गरेको सुखी समृद्ध कर्णाली प्रदेश र सुखी कर्णालीवासीको नारा पूरा हुने छैन मैले भन्न खोजेको कहाँ हो भने यो जुन रातो किताबमा हाम्रा योजनाहरू प्रष्ट रूपमा आएका छैनन् यसलाई मन्त्रीज्यूले संसदको जुन सल्लाह सुझाव शहिद यसलाई ब्रेक डाउन गर्नु भयो भने मात्र हामी कर्णाली प्रदेशलाई समृद्धिको खुटकिला मा हुने जमर्को हुनेछ र आफ्नो मात्रै हेरेर यहाँ कुनै गंग्रामा पारेर आपु वाद लागु गरियो भने यो न कर्णाली प्रदेश सरकारको संसद प्रतिको विश्वास पाउन सक्छ । न संसदले हाम्रो मन्त्री हाम्रो सरकार राम्रो सरकार बन्न सक्छ भन्ने मेरो ठम्माई छ । सानो हामी जहिले पनि अभावको उसमा छौं । यो सानो बजेटले सानो पुंजीले केही पनि हुन सक्दैन भन्ने मानसिकताबाट हामी पर रहनु पर्छ । सानो पूँजी र सानो बजेटलाई पनि सहि कार्यान्विन र सदुपयोगमा लिन सक्यो भने केही हुन्छ र केही गर्न सकिन्छ । आफूसँग भएको पूँजीलाई चुस्त दुरूस्त र भष्ट्राचार मुक्त रूपमा सुशासनसहितको कार्यान्वयनमा लिने संयन्त्र गठन गरेर संयन्त्र बनाएर हामीले यी योजनाहरू कार्यान्वयन गर्न सक्यौं भने हामी कर्णाली प्रदेशको लागि केही गर्ने जमर्को गरिरहेका छौं भन्ने बाहिरबाट हेर्ने मान्छे र कर्णाली प्रदेशका दुनियाले बुझ्ने छन् म आफ्नो दफावार छलफलमा आज राखिएका हिजोदेखि राखिएका मन्त्रालय अन्तरगत सामाजिक मन्त्रालयमा केही कुरा मैले आफूले अनुभूति गरेका थप्नुपर्ने कुराहरू यस्तो आउनु पर्ने भन्ने आउनु पर्थ्यो भन्ने कुरा लागेको कुरा अहिले सामाजिक मन्त्रालयलाई म माननीय सभामुखमार्फत् मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु । सर्वप्रथम त म के भन्न चाहन्छु भने

भन्न त मन्त्रीले जवाफ दिदाँ भन्नु हुनेछ । यो आएकै छ माननीयज्यू यो आएकै कुरा हो यो नदेखिने अपाङ्गता हुन्छ । जीवनदेखि हार्ने भनेको कस्तो भने एउटा बच्चा नपाएकि कुमारीले पनि पाठेघर फाल्यो भने उले जीवनदेखि हार्छे । यस्तो किसिमको जेनेरल इस्सुमा यो आउन त आएको छ शिविरमार्फत् गरिने भनि यो नभएर प्याकेज मै आउनु पर्थ्यो । यसलाई न्यूनीकरण गर्न यसलाई उल्मुलन गर्ने यसलाई हुनै नदिने र यसलाई भैसके पछि चारै चरणसम्म कसरी गर्न पर्छ अप्रेसनसहित चारै चरणमा कसरी गर्नु पर्छ भनेर प्याकेजमै कार्यक्रम आउनु पर्थ्यो भन्ने मेरो सुझाव छ । दोस्रो यो मैले अस्ति पनि नीति तथा कार्यक्रममा सुझाव दिदा यही रोष्टमबाट कुरा उठायकि थिए । सामाजिक मन्त्री नभएजस्तो लाग्छ । यो पूर्ण अपाङ्गता भएका अपाङ्गलाई अपाङ्ग व्यवस्थापन गर्नको लागि अपाङ्ग आरक्षण केन्द्र जो कसैको उसको अभिभावक हुँदैन कसैको संरक्षण गर्ने मान्छे हुँदैन त्यो अलपत्र परेका उसले दिएका भत्ता पनि उसका नजिकका आसेपासेले खाएका हुन्छन् । त्यो भत्ताको उसको पनि काम हुँदैन । अपाङ्ग आरक्षण एउटा मात्रै भए पनि प्रयोग रूपमा हेर्नको लागि एउटा मात्रै ले स्थापना हुनुपर्छ भन्ने मेरो ठम्माई छ । त्यस्तै अब हुन त राम्रै ल्याउनु भएको छ । सामाजिक मन्त्रीले म उहाँलाई स्वागत गर्न पनि चाहन्छु । महिलाको पक्षमा पिछडिएका वर्गको पक्षमा स्वागत गर्न चाहन्छु । ती बजेटहरू उहाँहरूको पक्षमा बोलिएका छन् तर यति मात्रै मलाई अझै पनि राम्रो हुन्छ भन्ने लाग्छ । म अब हाम्रो कृषि मन्त्रीलाई विशेष धन्यवाद दिन चाहन्छु हुन त आफ्नो वर्गले गरेको काम सबैलाई गौरव लाग्छ । महिला मन्त्री भएकै कारणले होला उहाँको विनियोजित गर्ने तरिका मलाई केही हदसम्म राम्रो भएको अनुभूति भएको छ र सबै उसमा यसै गरी शीर्षक तोकिएर तोकिनु पर्ने शीर्षक तोकिएर आइदिएको भए झनै उत्तम हुने जस्तो लाग्छ । मैले थोरै मात्रै के भन्न चाहन्छु भने जुन अर्गानिक क्षेत्र बनाउने भन्ने कुरा छ त्यसमा अर्गानिक बनाउने भन्ने मात्र छ त्यसको अर्गानिक बनाउन को लागि पूर्वाधार बनाउने कुराको विषयवस्तु मा बोलिएको छैन । त्यसमा केही अर्गानिक बनाउनको लागि पशुपंछी पालन पनिसँगै दिनु पर्ने पर्छ र वातावरण मैत्री शौचालयहरू पनि बनाउनु पर्छ । वातावरण मैत्री शौचालय जो पिसाबले त्यो औषधीको रूपमा पनि काम गर्छ । वातावरणमैत्री शौचालय त्यहाँ कार्यक्रममा जोड्नु पर्छ भन्ने मलाई लाग्छ । अब म आन्तरिक मामिला मन्त्रीलाई भन्न चाहन्छु भान्सा राख्ने प्रिया छैन नभन्नु नपुग्दो क्या छ र हामी डिजिटलका कुरा गर्छौं म मेरो जाजरकोटको पश्चिम क्षेत्रमा अस्ति मात्रै भर्खर लामोसम्म जनता भेटघाटमा गएकी थिए । त्यहाँ स्कुलहरूमा न बेन्च छ न राम्रो किसिमको पढ्ने वातावरण छ न शिक्षाले जुन किसिमको मापदण्ड बनाएको छ त्यो मापदण्डअनुसारका कक्षा कोठा छन्, त्यस्तो छैन तर डिजिटलका कुरा गर्छौं डिजिटल होइन सञ्चारमा पंहुच नपुग्ने विद्यालय भने उपयुक्त हुन्छ कि त्यस्तो डिजिटल विद्यालय भन्नु भन्दा पनि आर्थिक आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तरगत रहेका पुलिस चौकीहरू भौतिक भवनहरू निर्माण गरौं । जहाँ म अस्ति जाँदा कुशे गाउँपालिकाको

टापुचौरमा आफ्नो जग्गा नभएर ३ वटा भवनसम्म रहेछ तर एउटा भवनमा एकदम मुसो कोचिए झै गरेर साना भवनहरू उसको दुलो जस्तो भवनहरूमा त्यहाँ पुलिसहरू कोचिएर बसेका थिए । त्यहाँकाले आफ्नो जग्गा नहुन्जेलसम्म भवन रहेन्छ र उनीहरूलाई जग्गाको व्यवस्था गर्ने पर्यो या भौतिक भवनहरू निर्माण गर्नुपर्यो । उनीहरू राष्ट्रसेवक कर्मचारी हुन्, त्यसरी बसे भने कसरी आफ्नो सुरक्षा छैन भने अर्काको सुरक्षा कसरी गर्छन । यो गर्न म आग्रह गर्छौं साथै अन्त्यमा के भन्न चाहन्छु भने योजना त आएका छन् कार्यक्रम त आएको छ यो कस्तो लाग्छ मलाई भने असोजमा कुहिरो लागेको पाटन र घुम्टोभित्र सजिएकी दुलही कसैले देख्न सक्दैनन् त्यस्तै किसिमको लाग्छ र शंका गर्ने ठाउँ पनि छ शंका गर्ने ठाउँ पनि प्रस्शतै छ किनभने अहिलेसम्म हामीले हुन त धेरै शंका गर्नु पनि हुँदैन । धेरै विश्वास गर्नु पनि हुँदैन त्यो कुरा राम्ररी जानेछु तर पनि झ्यालबाट र पिउदलाबाट आएका योजनाहरू कहिल्यै प्राथमिकता पाउने त हुन् कि हामी माननीयहरूले भनेका योजनाहरू ओझेलमा पर्ने हुन् कि भन्ने शंका पनि लाग्छ यस्तो नगर्नको लागि यस्तो स्थिति नआओस् गाउने, खेल्ने पिछिउडो, टिमुरो माउडो अघाउडो भन्या जस्तै हाम्रो मन्त्रीहरूले गर्नु हुने छैन भन्दै मेरो भनाइ यही टुङ्ग्याउछु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** सभामुख महोदय, विशेष गरी हामी २०७५/०७६ को बजेट पश्चात रातो किताबमा आएका विषय र शीर्षकमा छलफल गर्दैछौं । यस सन्दर्भमा अब एउटा पहिलो कुरा मेरो के टिप्पणी छ भने जसरी यो नीति कर्यक्रम आयो त्यसको स्पिडमा बजेट आउनु पर्ने बजेटको स्पिडमा रातो किताब आउनु पर्ने जो खालको हाम्रो प्रचलन हुनु पर्थ्यो स्पिड चाहिँ छैन । यो कासी र कुति बाटो जस्तो देखिन्छ यहाँ विडम्बना को कुरा अघिल्लो चोटि हामीले नीति कार्यक्रम बजेट रातो बुक हुँदै गर्दा हामीले कार्यान्वयन पनि गर्न सकेनौं जो तेस्रो चौमासिक बजेट ०७४/०७५ को त्यसकारण यो किसिमकोबाट स्पिड आउनु पर्थ्यो । अब यहाँ विशेष गरी रातो बुक ब्रेकडाउन भनेको छ यो शब्द धेरै राम्रो हो अझै कम्युनिष्टहरूको लागि त रातो भन्ने बितिकै त्यसले राम्रो निशानी भनिन्छ । तर यहाँ रातो भन्दा खेरि ट्राफिकको रेड लाईट जस्तो प्रयोग भयो अगाडि बढ्नै नसक्ने सांसद अगाडि बढ्यो कि डेन्जर खतरा मोड भेट होला भन्ने जस्तो छ र यो ब्रेक डाउन भन्दा खेरि ब्रेकको अर्थ भाचिनु डाउनको अर्थ तल हुन्छ यो संसदनै उचाल पछाल गर्ने यो तपाईंको चाहिँ शीर्षक मसिनो आउला भन्दा संसद यहाँ पड्किने खालको ब्रेक डाउन भयो त्यले गर्दा खेरि यो शब्द मेल खाएन अब यो पटकाउने हो । कति पटकिने हो यो खालको स्थिति छ । जे होस अब यो इतिहासको सन्दर्भमा जो अहिले इतिहास रच्न सफल हुनु हुन्छ हाम्रो मुख्य मन्त्री जी, मन्त्रीजीहरू विशेष गरी अब अर्थ मन्त्री जी जो बजेट तयार गर्नु भाछ उहाँहरू सबैलाई बधाई दिनै पर्छ । यो यो ल्याउनु भाछ यसको लागि तपाईंहरूलाई बधाई छ र अब

जहाँसम्म बजेट जादाँ खेरि एउटै कुरा के हो भने यसमा अलिकति रोड म्याप चाहिँ बनेन जस्तो लाग्छ । सुरूमा अब यहाँ मन्त्रीहरूको का केभयो अर्थको केभयो अर्को चाहिँ या कृषिको के भयो भन्दा पनि नर्मीलि एउटा सिद्धान्त चाहिँ के हो भने ६०/७० कति प्रतिशत भौतिकमा केन्द्रित गर्ने पूर्वाधारमा पूर्वाधार भनेर सडक मुख्य होला । कृषिको पनि पूर्वाधारमा चाहिँ तपाईंको आन्तरिक मामिलाको पूर्वाधार पनि हुन्छ । त्यसपछि सामाजिकको पूर्वाधार हुन्छ त्यसमा कति केन्द्रित गर्ने भन्ने त्यो मेलो मेसो भएन यहाँ आफ्ना-आफ्ना राउटेको ताल भयो । एउटा मन्त्री यता घुम्याछ अर्को उता गर्याछ अर्को उता गर्याछ गर्दै कहाँ पुगिन्छ त्यो पनि हिसाब किताब भएन । आफ्नै आफ्नै गीत गाउदा खेरि चाहिँ दोहोरी पनि भएन हैन त्यो खालको चाहिँ अब भलनष्किज जस्तो पनि भएन रिमिक्स टाईपको भयो यो किसिमले अलिकति आएको भए राम्रो हुन्थ्यो जस्तो मलाई लाग्छ अब यसमा हुनत यो शब्द चाहिँ जानेर राख्या हो कि कानूनमा भन्ने लाग्छ आर्थिक मामला गाउँ घरमा पनि भनिन्छ नि मामला बिग्रयो भनिन्छ कि यो मामला भने पछि त हेर्नुस् यो चाहिँ मामला नै बिग्रिने हो । यो शब्द पनि बुझेर मात्रै राख्या जस्तो छ । यो बुझिनसक्नु छ हेर्नुस् हैन त्यले गर्दा खेरि हिसाब पिसाब निसाफ ठीक ढङ्गले गर्नु पर्छ । भन्छन भन्नत किन अब सबभन्दा महंगो रोग मृगौलाकै छ अहिले अरूत हामीले बुझेकै छौं तर यहाँ यो स्पिडबाट आएको छैन । अब योभित्र छिर्दा के छ भने यो एउटा धर्म निरपक्षताको सिद्धान्तको अलिकति विपरित टेकेर आएको छ जस्तो मैले बुझेको छु । टोटल हेर्दा खेरि जस्तो संविधानको सेर्कुलेजम अर्थ के हो भने राज्यको धर्म हुँदैन भन्दा मठ मन्दिरहरूलाई मठ मन्दिरहरूलाई भन्दै विभिन्न खालको पुन निर्माण गर्ने भन्दै पैसा छुटयाइएको छ । अल्पसंख्यक क्रिसियन होलान्, इसाई होला, के रे मुस्लिम होला या अरू कुनै धर्म मान्नेहरू होला कि त तिनलाई समानान्तर ढङ्गले सम्वोधन गर्नु पर्थ्यो राज्यले नै डिस्क्रिमिनेसन गर्ने जो संविधानकै खिलाफमा छ । यो कुरा आएकै भए पनि सपोज यो नआएकै राम्रो हुन्थ्यो जस्तो लाग्छ मलाई किनकी धर्मको विषयमा राज्यले बोल्न जरूरी हुन्न त्यो स्थानीय तहलाई या व्यक्तिलाई दिएको भए पनि हुन्थ्यो । यी किसिमले अलिकति यहाँ चाहिँ यो एउटा चुनौतीपूर्ण ढङ्गले यहाँ विषय आएको छ । यसमा अझै पनि सुधारियोस् भन्ने मैले यहाँ अनुरोध गर्न चाहन्छु । अब अरू चाहिँ सँगसँगै के छ भने जस्तो केही कुराहरू गज्याङ्गमज्याङ्ग तरिकाले आएको छ । यो मन्त्रालयको खास जिम्मा के हो जस्तो यो सामाजिक मन्त्रालयको युवा परिचालन गर्न र गोडाफाट सतर्क बनाउने होइन जस्तो लाग्छ । रिजल्ट स्कुलका के-के स्कुलका गर्ने हो त्यो आन्तरिक मामिलामा राख्या छ । त्यो उहाँलाई पठाइ दिए भयो अथवा सामाजिकमार्फत् गए भयो । त्यो सामाजिक युवा परिचालन के के भन्या छ त्यो चाहिँ यता आन्तरिक तथा कानून मन्त्रालयमा हाले भयो । अब यले गर्दा सबैले सबै सिक्नु पर्छ भन्या जस्तो सल्लाह गरेर हालेको होकी या के हो होइन तर यो ढङ्गले आफ्ना आफ्ना हिसाब आफ्ना आफ्ना मेलो मेसोमा आफ्नो आफ्नो चरित्रअनुसारको बजेट हुन्छ

। त्योअनुसार लादा खेरि वस्तुवादी होला जस्तो लाग्छ । अब अर्को चाहिँ यसमा के छ भने English वर्ड धेरै प्रयोग भाछ । यो सुरूमै EME भनेको अक्समेल हो कि के हो गोरु भन्या हो कि गोरुको व्यवस्थापन भन्या हो कि हुन त त्यसको एउटा अप्रेसन मेन्टिनेन्स भने हुन्छ त्यो हो कि होइन त्यो पनि के थाहा । यो खालको चाहिँ तपाईंलाई English नै निकाल्ने छ भने अर्को किताब निकाले भयो त, खास गरी English कहाँ प्रयोग हुन्छ भने नेपाली शब्द राखे, त्यसलाई ब्याकिङ गर्नलाई, अलि मिठो बनाउनलाई English ले चाहिँ हिन्ट्स गर्नलाई त्यो राखिन्छ । अब यहाँ भद्रगोल, तपाईंको कतिवटामा छ भने भद्रगोल ४० नं. ६१, ६२, ६४, ६५, ६६, ६७, १७१, २२० यस्तै खालका OMG OMG हालेर यहाँ सिध्याइएको छ । तपाईंहरूले त बुझ्नु भयो कोड भाषा त्यो एउटा लभर भाषा भयो कि प्रेमिकाको भाषा जस्तो भयो यो किसिमले अझै जनतामा बुझ्ने खालको अलिकति साथै तपाईंको एउटा स्पिड पैदा गर्नु पर्छ नि संसद भनिसकेपछि एउटा शक्ति हो, यो त्यसले गर्दा यो खालको स्थिति भएन यसलाई सच्याउन जरूरी छ । निकाल्ने भए English निकालौ न छुट्टै, हैन त्यो खालको सुझाव दिन चाहन्छु । अब दोस्रो कुरा यसमा अब यो प्रदेश स्तरमा दलित छात्रावास भन्ने छ यो धेरै राम्रो कुरा हो तर म सुझाव के दिन चाहन्छु भने दलित छात्रावास भनेर ५० जना राख्नु हुन्छ भने त्यो सबै मिलाएर त्यसमा ५० जनाको कोटा छुट्याइदिनुस् न दलित भनेर छुट्टै भोलि जनजातिले भन्छ त्यो छुट्टै त्यो गरेर झन् डिस्क्रिमिनेसन हुन्छ बस्नेलाई पनि उता १२/१५ ठाउँ छुवाछुतको अभियान चलाउने त्यसको विरूद्धमा भन्ने पनि छ हुँदै जाँदा कति कति दलित छन् त्यलाई खोज्दै गएर एउटा चाहिँ छात्रावास तिर तिनलाई बस्ने छुट्टै घर जनजातिलाई छुट्टै घर अनि कोही चाहिँ बाहुनक्षेत्री बस्ने होला त्यलाई छुट्टै घर गर्दा कति पुर्याइ सक्नु हुन्छ । छात्रावास अनि डिस्क्रिमिनेसनको हल पनि हुँदैन नि जति पाउनी हो छात्रावास त्यो त कम्पिटिसन गर्न सक्दैन भने अन्य जातिसँग प्रतिस्पर्धामा गर्न सक्दैन भने त्यो कोटा दिए हुन्छ नि त । यो समाजवादको विपरित हुन्छ किनकी समाजवादमा राज्य बलियो हुन्छ र त्यसले प्रोटेक्सन गर्नु पर्छ निम्न वर्गको भन्ने कुरा हुन्छ यसको खिलाफ छ यो हामी सामन्तवाद तिर जान थाल्यौ के यो कुरा हरू मैले यहाँहरूलाई सभामुखमार्फत् निवेदन गर्न चाहन्छु । दोस्रो कुरा यो संग्रहालय खस संग्रहालय भन्या छ यसको ठाउँमा अब नेपाली भाषाको उत्गम स्थल भनेको जुम्ला हो सिंजा हो यो कुनै शंका छैन । त्यस अन्तरगत भाषा संस्कृतिसहितको एउटा केन्द्र बनाउने भयौ भने एउटा पर्यटन केन्द्र पनि हुन्छ । अब एउटा मान्छे अहिले यो अलिकति चाहिँ तपाईंको गणतन्त्र समावेशी समानुपातिक कर्णालीमा संविधान आइसकेपछि कुनै पनि एउटा जातिलाई हाइलाइट गर्यो भने अरूलाई पच्दैन हैन यो किसिमले यो शब्द लेख्दा राम्रो हुन्छ । संग्रहालय पनि बन्न सक्छ किन भन्दा खेरि सबै कुराहरू बन्न सक्छ विश्वविद्यालय बन्ला भाषाको कुरा बन्ला यसरी लेख्दा खेरि उचित होला जस्तो लाग्छ । त्यस्तै यो दलित समुदायलाई परम्परागत पेशागतमा गर्ने भन्ने छ यो शब्द पनि मिठो

भएन दलित समुदाय अहिले त समुदाय पनि दलित तै छैन भन्ने छैन । सिलाउन अन्य जातिले पनि थालिसके, फलाम पिट्न अरूले थाल्या छ त्यसलाई व्यावसायीकरण गर्न त्यसलाई आधुनीकरण गर्ने भन्यो भने सबै आउँछ । दलितको पनि उत्थान हुन्छ अनि पुरानै फलाम पिटाई राख्ने हो त पुरानै चाहिँ सिपमूलक गर्ने भन्या छ नि यो खालको चाहिँ मलाई सुधार्न जरूरी छ । अब यो १७५ बुँदामा मर्यादित महिनावारी भन्या छ फेरि महिला अधिकार भन्या छ यस्तो यो यस्तो कुरा त साहित मैले बुझ्या छैन । अब महिला अधिकार कुरा अलक च्याप्टरमा राख्नु पर्यो महिनावारी स्वास्थ्यको ढङ्गले आउने कुरा त्यो पनि मर्यादित भइ ऐतिहासिक तपाईंको महिनावारी भन्ने हुन्छ र त्यो त एउटा स्वास्थ्यको कारणले हुने हो बरू उनीहरूको प्रजननसम्बन्धी उनीहरूको अरू महिनावारीसम्बन्धी या यौनसम्बन्धीका कुराहरू सञ्चालन गर्ने छुट्टै एउटा चाहिने तपाईंको अभियान सञ्चालन गर्ने भन्न पर्यो शब्द पनि तपाईंको महिला अधिकार र मर्यादित भएको महिनावारी त यो लेख्या छ, यसलाई सच्याउन जरूरी छ । अब दोस्रो कुरा यसमा यो हाम्रो जस्तो मेरो निर्वाचन क्षेत्रसँग कुरा गर्दा यो सुर्खेतको सिम्ता गाउपालिका अन्तरगत मैले धेरै खानीखोला जस्तो डाडाखली, आग्रीगाउँ, काफलकोट, घोरेटा, काप्रिचौरलगायत सुन्तलाको एउटा केन्द्र हुन्छ । त्यसको लागि पनि एउटा प्रशोधन केन्द्रको व्यवस्था गर्न यहाँ छुटेको छ । मैले यहाँ अनुरोध गर्न चाहन्छु, सायद यो कृषि मन्त्रालयमार्फत् हुँदै होला त्यसकारण अब यो मैले अन्त्य तिर आउदा के हो भने यो रातो बुक को कुरा छ यले एउटा गलत सन्देश के दिइराछ भने तपाईंहरूको नियत सफा नै होला तर यो कुरा दाईलाई राख्नु पर्ने भयो के पुरै चाहिँ मन्त्रीको अगाडि कति चाहिँ तपाईंको जुत्ता पल्टाउनु पर्ने कति पापड मोल्नु पर्ने हो । भन्या जस्तै तपाईंहरू को त्यो होइन होला अर्को कुरा सँगसँगै अर्को म्यासेज यति धेरै संसदहरूले कुरा राख्दा पनि त्यो डल्लै नखुल्ने खुलेरै नआउने यहाँ २ वटा कुरा छ है हेर्नुस् है वितरणमुखी पनि अब मुख देखाउने ठाउँमा ढाड देखाउने अनि मुख छोप्यो भने के हुन्छ वितरण भन्दा खेरि खास वितरणमा पनि टेकेर आएको छैन अनि कहाँ केन्द्रित हुने हो । फोकस त्यो पनि भाछैन अलि अलि वितरणमुखी जस्तो अलि-अलि चाहिँ उ जस्तो केही न केही तपाईंको समायो भने त्यसै चाहिने आन्द्रा समाते जस्तो ताकतै लाग्दैन त्यसले गर्दा खेरि मलाई अलिकति क्लिएर गर्न पर्यो हैन यो किसिमले अब छुट्याएर अमन पर्यो भन्ने मैले यहाँ सभामुखमार्फत् निवेदन गर्न चाहन्छु र अन्तिममा यो जस्तो वाढी पीडित कुरा हामीले धेरै चोटी उठाएका छौं त्यो कुरालाई उल्लेख गर्न पर्यो बाढी पीडितको कुराहरू त्यहाँ ठोस रूपमा आएको छैन त्यस्तै यो कृषि अन्तरगत सुकुम्वासी समस्या देशकै विकलर समस्या हो १२ वटा सुकुम्वासी आयोग बने त्यले कुनै पनि चाहिँ अत्तो पत्तो लाउन सकेन त्यसको लागि रकम कति हो छुट्याउनु पर्यो नि अथवा चाहिँ २४ वटा निर्वाचन क्षेत्रमा त्यसको कार्यालय खोल्नु पर्ने होला खै त्यसको व्यवस्था अगाडि पट्टि नीति कार्यक्रम एउटा लेख्या छ यसमा छैन अनि त्यो ढङ्गले यसलाई चाहिँ उल्लेख गर्दा ठीक होला जस्तो मलाई लाग्छ र

सँगसँगै अर्को के छ भने जस्तो संरचना अगाडि बनेन हामीले काम गर्न सकेनौं अहिले पनि संरचना को कुनै अत्तो पत्तो छैन त्यसकारण संरचना बनाउने तिर सरकारले ध्यान दिइयोस् मैले निवेदन गर्न चाहन्छु अब यो सँगसँगै अब हिजो पनि यहाँ प्रश्न उठाएको जस्तो सिम्तामा अर्गानिक किन भन्दै जादाँ सबैमा सबै किन भन्ने हुन्छ के सिम्तामा अर्गानिक किन उद्योग चाहिँमाथि किन या चाहिँ अर्को ठाउँ तपाईंको चाहिँ त्यहाँ अरू कुनै योजना किन नर्सरी किन किनकी कुनै पनि पूर्वाधार छैन हामीले त यहाँबाट खाली शीर्षक चाहिँ बाडेर पठाइएको छ । यसको लागि मैले एउटा विनम्र अनुरोध के गर्न चाहन्छु भने एउटा संरचना तयार गर्न पर्यो भ्रष्टाचारमुक्त सुशासन हामीले परिकल्पना जे गरेका छौं एउटा संरचना बनाउनु पर्यो । सरकारले टाइममा काम सम्पन्न गर्न त्यसलाई अनुगमन पनि गर्न त्यो रकम फ्रिज नजाओस् त्यलाई बेलैमा एउटा सन्देश दिने ढङ्गले हामी लाग्यौ भनेदेखि यो सम्पन्न हुन्छ नभए फेरि चाहिँ उहि खेल हुन्छ जो चाहिँ हामी ७४/७५ को तेस्रो चौमासिकमा जो दुर्दशा व्यहोर्नु पर्यो फेरि त्यस्तै गरेर हामीले चाहिँ अब धारे हात लाएर चाहिँ एक आपसमा फेरि गाली गरागर गर्नु पर्ने तिर अर्को ठाउँ पुग्छौ । त्यसकारण यो ढङ्गले यसलाई पनि चाहिँ तपाईंको विशिष्ट ढङ्गले अलि चाहिँ विशेष ढङ्गले ध्यान दिइयोस् भन्ने मैले यहाँ विषय राख्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः--** माननीय श्री दानसिंह परिवार ।

**माननीय श्री दानसिंह परिवारः-** सभामुख महोदय, हामी आर्थिक वर्ष २०७५/७६ को वार्षिक विकास कार्यक्रममा आज हामी दफावार छलफल गर्दैछौं र त्यसमा विशेष गरेर विषयगत मन्त्रालयको विषयमा पनि हामी छलफल गर्दैछौं र अहिलेसम्म जति पनि छलफल बहसहरू गर्यौं हामीले र ती सबै छलफल बहसहरू भन्दा यो आजको छलफल बहस सबै भन्दा ऐतिहासिक हो र तपाईंको चाहिँ जनताले नजिकबाट हेर्ने र साचिक्कै जनताले हाम्रो पक्षमा कर्णाली प्रदेश सरकारले साचिक्कै बजेट ल्यायो कि ल्याएन भनेर नजिकबाट हेरिरहेको दिन हो जस्तो लाग्छ मलाई धेरै माननीयज्यूहरूले भनि सक्नुभयो र धेरै कुराहरू हामीले राख्यौ र प्रथमतः म के भन्न चाहन्छु भने हामी जति कर्णाली प्रदेश सरकारको नीति र कार्यक्रममा आउदा जति हामी उत्साहित थियौं र अहिले बजेट आउँदा त्यो नीति र कार्यक्रमलाई सम्वोधन गरेका कुराहरूलाई बजेटमा सम्वोधन गरिएको छैन । मेरो पहिलो प्रश्न त्यो हो यो मैले बुझेअनुसार एकातिर धेरै कामहरू गर्न खोजियो जस्तो एकातिर नयाँ नेपाल निर्माण गर्ने खुसी नेपाली समृद्ध नेपालको महाअभियान चलाउने र नेपाललाई एक पटक कम्युनिष्ट शासन व्यवस्थाको अभ्यास गर्ने र त्यो सँगसँगै समाजवादी अर्थतन्त्रको चाहिँ विकास गर्ने समाजका सबै वर्ग, समुदाय, लिङ्ग, क्षेत्रका मान्छेले राज्य व्यवस्था हाम्रो हो भन्ने आभास गर्ने हिसाबले चाहिँ यो सरकारको नीति कार्यक्रम आउनु पर्थ्यो र बजेट आउनु पर्थ्यो त्यो मैलेदेखि राख्या छैन यहाँ कसैलाई लागि रहेको होला हामी एउटा जनताको जनप्रतिनिधि भएको हुनाले आम जनताले त्यो हेरिराख्याछन् कि यो जनतको चाहिँ सरकार हो कि हैन यो प्रश्न चिह्न खडा

भइ राख्याछ । मलाई लागि राखेको छ अस्ति मात्रै यो अघिल्लो तपाईंको ०७४/०७५ बजेटको एउटा नाटकको हामीले अभ्यास गर्यौं त्यो मुगु जिल्लामा एउटा कृषि कार्यलयमा एउटा चाहिँ तपाईंको बाख्रापालन गर्न १ लाखको कार्यक्रको नाटक गरियो त्यहाँ के लेखियो रहिछ भने सांसदहरूको चाहिँ सिफारिस चाहिने दिनुपर्ने एक जनालाई सिफारिस मैले तीन सय जनालाई दिय र अहिले एक जनाले पाय २९९ जना मदेखि रुष्ट छन् । यो कुरा देखियो भने यो र त्यो नाम फेरि तपाईंको चाहिँ आफू शक्तिसाली हुने र तलका जनप्रतिनिधिलाई पागल बनाउने खेल जस्तो मैले त्यही बुझिराख्याछु को ले के बुझ्यो मलाई थाहा छैन मैले त्यो बुझिराख्याछु । २१ औं शताब्दीमा मान्छेले तपाईंको सूचनाको राईट तपाईंको केन्द्रीय बजेट सरकारको हेरौंन हामीले तपाईंको २० हजार/२५ हजारको योजना पनि तपाईंको चाहिँ रातो बुकमा आइराख्या छ यो के हो गोलमटोल गरेर चाहिँ मान्छेलाई अल्मल्याउने, होलसेलमा हालिदिने, मान्छेलाई हामीले बुझिराख्या छैनौं, जनताले कसरी बुझ्ला, तपाईंको चाहिँ कोईशन यो हो अनि प्रदेशका हाम्रा गौरवका आयोजना के हुन यो क्लिएर छ कि छैन हामीले ५ वर्षभित्र हाम्रो कार्यकालभित्र गर्न हाम्रो प्रदेशको गौरवको बाटो कुन हो । यो त मैले देख्दै देख्या छैन यहाँ हाम्रो प्रदेशको गौरवको यही प्रदेशका जनताको चाहिँ अर्थतन्त्रबाट चाहिँ बन्ने विद्युत के हो १ वर्षभित्र बन्ने २ वर्षभित्र बन्ने त्यो पनि देखिराख्या छैन त्यसो भएकोले मलाई लागि राख्याको कुरा केहो भने मैले कुनै मन्त्रालयगत छलफलमा जान चाहन्न म हामीले आन्तरिक मन्त्रालयको कुरा गरिरहँदा सुशासनको कुरा गरिराख्या"छौं हामीले असल शासनको व्यवस्था कुरा गरिराख्या"छौं तर एउटा डिजिटल स्कुल बनाउने कुरा आन्तरिक चाहिँ मामिलामा छलफलमा ल्याइ राख्या"छ यहाँ त्यो कति सान्दर्भिक छ अहिले पनि कयौं ठाउँमा प्रहरी चौकिहरू छैनन् ती स्थापना गर्न सन्दर्भमा हाम्रो कुरा आइ राख्या छैन प्रहरीहरूको तपाईंको क्षमता विकास गर्ने कुरा कर्मचारीहरूको क्षमता विकास गर्ने कुरा र जनतासँग तपाईंको चाहिँ राज्य व्यवस्था छ भन्ने चाहिँ अन्तरक्रियात्मक कार्यक्रमहरू चाहिँ प्लानिङ्गमा मैले देखिराख्या छैन यो मैले आन्तरिक मामिला मन्त्रालयको एउटा दुईवटा कुरो राखे मैले, अब रह्यो तपाईंको कृषि मन्त्रालयको कुरा हामीले अर्गानिक प्रदेशको परिकल्पना गरिराख्याछौं तर काहीं कतै मल उत्पादन गर्ने कुरै उठिरा"छैन त्यो तपाईंको वितरणमुखी कार्यक्रम जस्तो भइराख्याछ । हामीले पहिलो कुरा त रासायनिक मललाई तपाईंको चाहिँ निरूत्साहित गर्ने कुरा त पहिलो प्लानिङ्ग हुनुपर्ने होनि त्यो छदै छैन । तपाईंको चाहिँ अनि हामीले गर्ने खोजेको तपाईंको नमूना कहाँ हो त यदि यो कर्णाली प्रदेशका १० जिल्लाभित्र चाहिँ प्रमुख नमूनाको रूपमा कहाँ गर्दै छौं र त्यो चाहिँ सिङ्गगो १० सै जिल्लाका मान्छेलाई त्यहाँ आएर सिक्ने कुरा अभ्यासको चाहिँ सुरूवात काही देखिराख्या छैन । मैले फेरि यो कुरामा मैले छलफल राख्न चाहन्छु । अर्को कुरा कयौं कार्यक्रमहरू त्यो कसरी वितरण गर्ने हो भन्ने कुरा फेरि तपाईंको चाहिँ ५० चोटी मन्त्रीलाई चाहिँ भेटनु पर्ने भयो यहाँ मैले बुझेको त्यो हो एकपटक/दुईपटक भेट्दा यति

कुरा आए अब चाहिँ योजना ल्याउनकोलाई हैरान । मेरो विद्यालयमा भनिएको छ तीनवटा विद्यालय भन्या"छ मेरो क्षेत्रमा तपाईं चाहिँ ८० वटा विद्यालय छन् । अब ८० जनाको हेडसर बेलुकाबाट फोन गरी हाल्लछन् किन भने तीनवटा विद्यालय छनोट गरिदिएको भए विरोध हुँदै हुँदैनथ्यो । एउटा पकेट क्षेत्र तपाईंको चाहिँ कृषि चौरीपालन फलानो गाउँपालिका भन्या भा" त गाउँपालिकाको मान्छेले फोनै गर्दैनथ्यो त्यो सवाल चाहिँ म के लाग्छ भने अब चाहिँ ठूलो तपाईंको चाहिँ जनप्रतिनिधिहरूलाई टाउको दुखाईको विषय भइराख्याछ । यो प्रस्तुति निर्माण भइराख्याछ तपाईंले चाहिँ त्यसो भएकाले जनताको सूचना प्राप्ति गर्ने अधिकारको कुरा जनताले सजिलै रूपमा चाहिँ राज्य व्यवस्थाले गर्न चाहेको कुरा सजिलैले बुझने अभ्यास हामीले गर्नु पर्यो यो हो लोकतन्त्र भन्या यो कसैले थाहा पाएर अघाडि बढे जस्तो कसैले सूचना नपाए जस्तो कसैले चाहिँ यो हाम्रो होइन कि भने जस्तो परिस्थितिबाट चाहिँ यो राज्य व्यवस्था चलाउदा तपाईंको के हुन्छ भने फेरि द्वन्द्व त्यहिबाट सुरूवात हुन्छ । जहाँ उत्पीडिन हुन्छ, जहाँ विभेद हुन्छ, जहाँ असमानता हुन्छ, जहाँ राज्य व्यवस्था हाम्रो होइन भन्ने कुरा मान्छेले महसुस गर्छन् । द्वन्द्व त्यहाँबाट सुरूवात हुन्छ हामीले संसारका सबै क्रान्तिहरूको चाहिँ हमीले इतिहास अध्ययन गर्याछौं कमरेड माक्सले पनि त्यही भन्नु भाछ कि संसार बुझ्न ठूलो कुरा हैन संसार बदल्न ठूलो कुरा हो । त्यो बदल्ने ठाउँमा हामी आइरहँदा फेरि हामी आजै अन्योलमा पर्छौं हामीले आफै नबुझेका छौं भने जनतालाई हामीले कसरी बुझाउन सक्छौं । तल चाहिँ आम चाहिँ जनताको चाहिँ जनजिविकामा हामीले कसरी चेन् जगर्न सक्छौं त्यसो भएको हुनाले मलाई लाग्छ यो बजेट वास्तवमा प्रत्येक क्षेत्र वाईज रूपमा छुट्टाइएर ब्रेक डाउन गरेर प्रत्येक चाहिँ आम जनताले सजिलो रूपमा बुझने केही कतै नअल्मलिने मैले पहिले पनि बारम्बार भनेकि थिए । प्रदेशका गौरवका आयोजना हामी तय गरौं गौरवका आयोजनामा हामीले केही बजेट थप छुट्टाउ हामी एउटा विद्युत हुन सक्छ हाम्रै जनताले चाहिँ यहीका जनताको लगानिबाट चाहिँ बन्ने एक बाटो हुन सक्छ खैत हामीले उत्तरीबाटाहरूको कुरा गरिराख्याको नाक्चे नाग्ला बाटो खोई कता छ यहाँ हामी उत्तरी बाटो जोड्ने कुरा हामीले गर्नु पर्दैन ल यही तपाईंको चाहिँ भेरी डाईभर्सनको कुरा यदि एक वर्षभित्र बन्छ भने करोडौं रूपैयाँ हामीले किन नहाल्ने । त्यसो भएकोले यस कुरामा मेरो धेरै कुरामा चाहिँ आपति छ । किनभने होला सरकारका हामी तपाईंको संसद हो तर सरकारको चाहिँ संसद भइरहँदा पनि हामी जनताको जनप्रतिनिधि हो जनताले त्यो कुरा सदनको कुरा उठाए कि उठाएनन् जनताको भावनालाई तपाईंको चाहिँ सहि ठाउँमा उत्थान गरे कि गरेनन् यो कोईशन हो यो प्रश्न हो अहिले तपाईंको चाहिँ त्यसो भएकोले मलाई लाग्छ । यो बजेट यसको पूर्णता दिनको निमित्त फेरि तपाईंको चाहिँ प्रत्येक मन्त्रालय फेरि रातो बुक निकाल्ने होकि त्यो पनि मलाई थाहा छैन अब फेरि हामीले कति आउनु पर्ने हो त्यो पनि तपाईंको चाहिँ त्यो डाटा सभामुखमार्फत् चाहिँ जानकारी पाउनु हो कि कति दिन कुन मन्त्रालय जाने हामीले त्यो भएछि यो

अन्योलताको परिस्थितिबाट चाहिँ समृद्धिको परिकल्पना गर्न सकिन्न । अन्योलताबाट तपाईंको जनताको जनजीवनमा चेन्ज गर्न सकिन्न यो वास्तविक हो एकातिर सबै प्राप्ति भए जस्तो र अर्कोतिर सबै गुमाए जस्तो त्यसो भएको चाहिँ यो कुराहरू छ त्यसो भएको हुनाले मलाई लागेको कुरा के हो भने एकातिर संरचना छैन भनि राख्याछौं । हामीले संरचना निर्माण गर्ने कुरा पनि कहि कतै आइ राख्या छैन अर्को तिर हामीले राम्रै कार्यकालमा ५ वर्षभित्र हाम्रा कार्यकालमा चाहिँ गर्ने गौरवका कामहरू छैनन् अर्को कुरा तपाईंको चाहिँ हामी आफै पनि अल्मलिएर तल जनताले हजारौंको कोईशन दिइसके पछि उत्तर दिने कहि कतै बाटो छैन त्यसो भएकाले यी अन्योलताको बीचबाट सरकार अगाडि नबढोस् र आगामी दिनमा हामीले गर्ने प्लानिङ्गहरू हामीले गर्ने योजनाहरू हामीले गर्ने चाहिँ तपाईंको चाहिँ नयाँ तपाईंको रणनीतिहरूमा चाहिँ जनताको जनप्रतिनिधि सरकार र संसद तपाईंको एउटै ढिक्काका चाहिँ दुईवटा पाटा हुन भन्ने तरिकाबाट चाहिँ सरकारको प्रतिनिधि गर्ने चाहिँ सरकारका प्रतिनिधिहरूले बुझोस् र जनताले सजिलै रूपमा तपाईंको चाहिँ विकास र समृद्धि चाहिँ हाम्रो हो र हाम्रै कार्यकालमा चाहिँ हाम्रै शासन व्यवस्था चाहिँ यसको पूर्णता प्राप्ति गर्छौं भन्ने कुरा आभाष होस र यो बजेट मलाई लाग्छ तपाईंको चाहिँ यसो ल्याउन खोजेको कुरा जनस्तरमा बुझाउनु पर्ने कुरा र जनताको चाहिँ जनभावनालाई सम्वोधन गर्नु पर्ने कयौं कुरा त आइ राख्याछ तर यसलाई प्रस्टाउने कुरामा यो जनताले बुझाउने कुरामा जुन किसिमको अन्योलता छ तब यसले तपाईंको आम जनतामा एक खाले जुन खाले उत्साह नीति र कार्यक्रममा थियो र बजेटले त्यति उत्साह दिएको छैन र मलाई लाग्छ आगामी दिनहरूमा जनप्रतिनिधिहरूको भावनालाई सम्वोधन गरेर तपाईंको जनप्रतिनिधिका विचारहरूलाई सम्वोधन गरेर तपाईंको यो बजेटलाई पूर्णता दिइयोस्, धन्यवाद !

**माननीय सभामुखः**-– माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओलीः**- सभामुख महोदय, कर्णाली प्रदेश सरकारको ०७५/०७६ को बजेटमा दफावार छलफलमा हामी भाग लिइरहेका छौं । अवश्य पनि सरकारले यो प्रदेशको विकासको निम्ति जनताको जीवनमा परिर्वतन ल्याउनको निम्ति चिन्तनन् मनन् गरेकै होला भन्ने ठान्दछु म जुन मेहनत र उद्देश्यका साथ यो नयाँ अभ्यास भएरै होला रातो किताब भन्ने पुरै रातो पनि छैन बढि भाग पहेलो छ । हिजोको परम्परालाई तोडनका लागि होला भन्ने म बुझदछु त्यसका लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु । हामीले यो नै दश क्लाशमा पढ्दा खेरि एक नम्मरको प्रश्न हुन्थ्यो विज्ञानमा स्मरणको लागि मात्रै सबैलाई थाहा छ । एउटा दिशातिर गुडिरहेको बस एक्कासी रोकिदा यात्रु किन अगाडि हुतिन्छ यो प्रश्नलाई हामी खुबै घोक्थ्यौं १ नम्बर लिनका लागि आज यो स्थिति त्यस्तै भयोको मैले अनुभूति गरिरहेको छु । किन भने हामी यो नेपाल मा राज्यको सिर्जना भयो । इतिहास हेर्दा खेरि जयस्थिति मल्लले एउटा व्यक्तिबाट ऋण लिएर काठमाण्डौको पुरन निर्माण गरेको भन्ने इतिहास पनि पाउदैछौं । सरकारले देशको

विकास गर्नको निम्ति ऋण लिएर होस चन्दा संङ्कलन गरेर होस अथवा अरू केही गरेर पनि गर्ने खोज्छ । अत त्यति बेलादेखि हामीले एउटा रातो किताबमा आएको योजना ट्वाँक्कै हेर्दै, हेर्दै, हेर्दै हाम्रो अभ्यास त्यता भएको हुनाले अहिले त्यो नहुँदा हामी त्यही एक्कासी गाडी गाडी रोकिदा खेरि हामी आगाडीनै हुतिन्छौ नि ठयाक्कै त्यही भएको मैले अनुभूति गरेको छु यो विश्वास दिलाउने जिम्मेवारी मन्त्री ज्यूहरूमा छ । सरकारमा छ । त्यो गर्नु हुन्छ भनने मैले विश्वास लिएको छु किन भने हामीलाई धेरै सजिलो छ । हाम्रो उत्तर जनतालाई दिने अत्यन्तै सजिलो छ हामी मन्त्री भएनै मन्त्रीले योजना दिनु भएन दुई वाक्यमा हाम्रो उत्तर सकिन्छ । तर धेरै धरै उत्तर मन्त्रीहरूले सरकारमा बसेका सरकारका प्रतिनिधिहरूले नै दिनु पर्छ त्यसकारण यस विषयमा मलाई यस्तो लागिरहेको छ त्यसकारण हामीले जसरी यो बजेटको बारेमा सबैमा आफ्नो आफ्नो बुझाइ हुन्छ । सबैको आफ्नो आफ्नो विश्लेशण हुन्छ यो कुरामा कुनै अन्यथा छैन मेरो लागि मैले त्यसरी बुझेको छु । जसरी अहिले पहिलो कुरा म के सुझाव दिन चाहन्छु भने जुन कुराले हामीलाई अलिकति अबरोध खडा गरेको छ हामी हिडने बाटोमा ठेस लागि रहेको छ भने त्यो कुरा पहिला पन्छाउनु नै पर्छ । संरचनाको अभावमा जुन हामीले यो अन्योलता सिर्जना भइ राखेको अवस्था छ यसलाई हटाउनको निम्ति सरकारले पहिला संरचना नै बनाउनु पर्छ । साना-साना कार्यक्रमहरू पनि सरकार आफै इन्भल्ब भएर गर्ने खोज्ने हो भने यो अलि कति अझै अ हामीले गर्न खोजेका कामहरू हामी सम्पादन गर्न सक्दैनौं भन्ने लाग्दछ मलाई त्यसको सँगसँगै अब सबै यहाँ छलफल भइरहेका मन्त्रालयगत छलफलहरू जुन छन् त्यसमा मेरो खासै त्यस्तो टिप्पणी अथवा केही छैन आफूलाई लागेको कुरा थोरै मैले सामाजिक विकास मन्त्रालय मा २२४ वटा शीर्षकमा अथवा २२४ वटा कार्यक्रम छन् कति माननीयज्यूहरूले बढि भयो भनि राखु भएको छ । मैले अझै कम भएको जस्तो महसुस गरिरहेको छु । किनभने त्यहाँ शिक्षाको पुरै पाटो छुटेको जस्तो भौतिक पूर्वाधारको कुरा आएको छ । विद्यालयहरू निर्माण गर्ने कुरा त्यसको शिक्षामा गुणस्तर कसरी लिने अहिले निजी शिक्षा र यो सरकारी जुन दुई खालको शिक्षा प्रणाली छ हाम्रा बालबालिकाहरू जो बेला राम्रो आफ्नो दिमाग सिकाई गर्नु पर्ने हो त्यो अवस्थामा कलिलो अवस्थामा निजी विद्यालयहरूमा गएर त्यो कलिलो दिमागलाई एउटा टाङा हिडाईमा हिड्नु पर्ने बाध्यता जुन छ यतापट्टि अलिकति अझै नपुगेको जस्तो मैले ठानेको छु र यो महिला हिसां पीडित महिलाहरूको संरक्षणको निम्ति जुन छ त्यो दुई ठाउँमा देखे मैले संख्या त्यही ६ वटा नै छ दुई ठाउँमा देखे त्यसको सिपमूलक तालिम र संरक्षणको लागि व्यवस्थापन होकि अथवा केहो त्यो कुरामा एउटै शीर्षकमा राख्दा पनि राम्रै हुन्छ भन्ने लागिरहेको छ त्यसको सँगसँगै अब आन्तरिक मामिला तथा कानून मन्त्रालयको यो डिजिटल स्कुल विद्यालय बनाउने भन्ने चाहिँ अलिकति शीर्षक सामाजिक विकास तिरै मिल्छ कि भन्ने जस्तो मलाई पनि लागेको छ र यो कानूनी अभियानहरू अन्त्यरक्रियाहरू चलाउने कुरामा मलाई चाहिँ त्यो बजेट ठिकै

जस्तो लागिरा"छ किनभने हामी आज आफ्नो प्रदेशबाट जनतालाई कानूनको विषयमा हामीले के गर्न हुन्छ के गर्न हुँदैन भन्ने कुरा बुझाउनको निम्ति यो प्रदेशमा एउटा मात्रै अन्त्यरक्रियाले पुग्दैन हामीले प्रत्यक निर्वाचन क्षेत्र हुन सक्ला अथवा स्थानीय तहमासम्म पनि पुगेर ती अन्त्यरक्रियाहरू गर्न पर्ने अवस्थामा त्यो दृष्टिकोणले यो कार्यक्रमलाई लैजानु पर्छ भन्ने कुरा मैले मलाई लागेको छ । त्यस्तै गरी अब कृषि तथा सहकारी मन्त्रालयको मैले सुझाव रूपमा अरू सबै ठिकै छ अलिकति यो जसरी सहकारीहरूको कुरा गर्दा खेरि विशेष गरेर महिलाहरूको सहकारी महिला मात्रै भएको सहकारीहरू छन् ती सहकारीहरूलाई अलिकति जोड दिनुपर्छ कि किनभने महिलाहरू आफैंमा सम्पत्तिबाट वञ्चित भएका महिलाहरूले महिनामा आफूले सय डेढसय जम्मा गरेर पूँजी सङ्कलन गरेर त्यहिलाई ऋणको एउटा घुम्ति कोषको रूपमा सञ्चालन गरेर केही साना व्यवसायहरू गरेका सहकारीहरू छन् ती सहकारीहरूलाई हामीले पहिलो प्राथमिकता दिदा खेरि महिलाहरूको परिचालन राम्रो हुन सक्छ महिलाहरूको आर्थिक उन्नति हुन सक्छ भन्ने कुरा मैले राख्न चाहन्छु । र त्यस्तै गरी अब अन्त्यमा म के भन्न चाहन्छु भने अवश्य पनि यो बजेट कार्यान्वयनमा चुनौतीहरू धेरै छन् यो चुनौतीको सामना गर्नको निम्ति अघि माननीयज्यूहरूले भने जस्तै हामीले सधै मन्त्रालयमा धाउनु पर्ने अवस्था स्थितिको सिर्जना गर्नुहुने छैन त्यो स्थिति सिर्जना नहोस् । हामीले आफ्नो ठाउँमा परेन भनेर अर्को परेको ठाउँको योजनाको विरोध गर्न म त्यति सान्दर्भिक ठान्दैन किनभने हामी दशवटा जिल्लामा जति पनि पिछडिएका समुदायहरू छौं त्यस्ता बस्तीहरू छन् त्यसमा एकैचोटि कार्यक्रम हुन सक्दैन तर सबैलाई समेट्ने गरी भावना समेट्ने गरी त्यो क्षेत्र समेट्ने गरी त्यो एउटा आन्दोलनबाट आएका सरकारमा बस्ने मन्त्रीज्यूहरू भएको हुनाले त्यसमा चाहिँ कमी नरहोस् । हामीले एउटा विधि र एउटा कार्यविधि बनाएर हामीले सजिलो एउटा सिस्टमा विधिमा टेकेर जान सकै भन्ने कुरा राख्न चाहन्छु । र त्यसको सँगसँगै अब यो कार्यविधि निर्माण नगर्दासम्म हामीले सरकाले यी कार्यक्रमहरू लागु गर्नको निम्ति अझै चुनौतीहरू धेरै छन् यो चुनौती सामना गर्नको निम्ति सरकारको अवश्य पनि ध्यान जानेछ र यो बजेटको जुन यो विनियोजन गर्न कुरा छ त्यसमा यी कार्यक्रमहरू कुनैपनि जति पटक अन्त्यरक्रियाहरू भएका छन् ती अन्त्यरक्रियाहरूको भावनाअनुसार नै हुने छन् भन्ने कुरा मैले यहाँ आशा गरेको छु यो आशालाई सरकारले सम्वोधन गर्न सकोस र जति पनि अहिले हामी अभ्यासमा कार्यान्वयनमा नजादा खेरि शंका उपशंका हुनु स्वभाविक छ । यो शंकालाई मेटाउनको निम्ति सरकारको भ्रमदुत पर्यत्न रहोस् यसैमा हाम्रो सफलता रहनेछ भन्ने कुरा चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः-** सभामुख महोदय, २ दिनदेखि संसदमा बजेट बारेमा मन्त्रालयवाईज छलफल भइरहेको छ । माननीयज्यूहरूले धेरै प्रश्नहरू उठाउनु भएको छ समिक्षा गर्नु भएको छ आफ्ना माग र चासोहरू राख्नु भएको छ र यसका बारेमा काफि

टिप्पणीहरू भएको छ । २ दिन देखिको यो छलफललाई नजिकबाट नियालि रहँदा खेरि बजेट कता गइरहेको छ हामी कता गइरहेका छौं भन्ने कुरा सबै आम मान्छेहरूले जानकारी राखिराखेका छन् । सभामुख महोदय, म पहिले सरकारका र सरकारलाई माननीय मन्त्रीहरूलाई धेरै प्रयास गरेर धेरै मेहेनत गरेर उहाँले रातो किताबको रूपमा जे डकुमेन्ट प्राप्त भएको छ संसदमा पेश भएको छ म उहाँहरू प्रति हार्दिक आभार बधाई ज्ञापन गर्दछु । अत्यन्त सीमित स्रोत साधन थोरै कर्मचारीहरू कहिले काही मन्त्रीले आफै पनि चाहिँ इनभल्भ भएर डकुमेन्ट बनाउनु पर्ने आदि इत्यादी प्रक्रियाबाट साथीहरूले जे जति मेहेनत गरेर जे जस्तो रूपमा रातो किताब प्रस्तुत भएको छ यसलाई व्यक्तिगत रूपमा म उहाँहरूले गर्नु भएको कामको प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु र संसद सदस्यका रूपमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । सोच्ने तरिकाहरू फरक फरक छन् सभामुख महोदय, सोच्ने तरिका चिजलाई बुझ्ने तरिकाहरू फरक फरक छन् संसदमा बजेटमाथि टिप्पणी गर्नु भन्दा अगाडि सभामुख महोदय, जर्मनका एक जना शक्तिशाली कबि थिए विश्व यूद्धताका ब्रतुल ब्रेथ उनको कविता छ चर्चित कविता छ । उनलाई त्यो कविता लेखेकै कारणले ब्रतुल ब्रेथ जर्मनबाट निकाला भए । यसलाई नेपालीमा कवि स्लले उल्था गर्नु भयो जर्साब शक्त्तिशाली टयाङ्क सोचने तरिका फरक फरक छन् सभामुख महोदय, ब्रतुल ब्रेथले लेख्नु भएको छ जरसाब हजुरको टयाङ्क शक्तिशाली छ जंगलहरू सखाप पार्न सक्छ पेलेर कच्याक कुचुक पारिदिन सक्छ कयौं मानिसहरूलाई तर यसको एउटा कमजोरी छ । यसलाई चालक चाहिन्छ जर्साब शक्तिशाली छ । हजुरको बम ब्रस आदि भन्दा छिटो उड्न सक्छ यो र हात्ति भन्दा धेरै बोक्न सक्छ यसले तर यसको एउटा दोष छ यसलाई मिस्त्री चाहिन्छ जर्साब मानिस छ नि मानिस उपयोगी छ धेरै तर एउटा दोष छ उसको उ सोच्न सक्छ सभामुख महोदय, मानिस सोच्न सक्छ त्यो उसको दोष हो हामीले केही कुरा फरक सोच्नु हामी केही कुरा फरक बुझ्नु हामीले केही विषयका बारेमा फरक दृष्टिकोण बनाउनु के हाम्रो कमजोरी हो सभामुख महोदय, के हाम्रो दोष हो त्यसो हुँदा खेरि यो कविताका लागि ब्रतुल ब्रेथ जर्नलबाट निकाला हुनु पर्यो सभामुख महोदय, तर मान्छेहरूको सोच्ने तरिका फरक भएन मान्छेहरूको सोच्ने तरिका भिन्न तरिकाले आउँछ । मन्त्रीहरूको एउटा सोचाई हुन सक्छ हाम्रो सोचाई एउटा हुन सक्छ सभामुख महोदय, सरकारको सोचाई एउटा हुन सक्छ तर हामी जो छलफल गर्दैछौं १ वर्षमा कर्णालीलाई कहाँ लिएर जाने हामीले सुरूदेखि के छलफल गर्यौं भने समृद्ध कर्णालीका बारेमा हामीले छलफल गर्यौं १ वर्षमा हामी कर्णालीलाई कहाँ लिएर जान्छौ । २ वर्षमा कहाँ लिएर जान्छौ र ५ वर्षमा कहाँ लिएर जान्छौं यसका बारेमा हाम्रो साझा प्रतिवद्धता हामीले यो डकुमेन्टमा व्यक्त गर्न सक्यौं कि सकेनौं यसका बारेमा टिप्पणी गर्न सकिन्छ र फरक-फरक धारणा हुन सक्छ । मैले एउटा कुरा भन्न सक्छु माननीय मन्त्रीहरूले एउटा भन्नु सक्नु हुन्छ सांसदहरूले एउटा भन्नु सक्नु हुन्छ सभामुख महोदय, यसमा कि एउटा काम गर्न सकिन्थ्यो ५ वर्षको

हाम्रो कार्यकाल थियो १० वटा जिल्लाहर थिए २/२ जिल्लालाई १ वर्षको पैसा हाल्न सकिन्थो विवादै हुन्थेन । सभामुख महोदय, यो वर्ष २/२ जिल्लालाई हाल्ने यो वर्ष रूकुम र सल्यान उदाहरणको लागि अर्को वर्ष सुर्खेत र दैलेख उदाहरणको लागि कि त्यो मोडालिटि जान सकिन्थ्यो छलफल हामी हामीले गरेनै कुन क्षेत्रमा काहाँनिर पर्यो कुन गाउँपालिकामा के कार्यक्रम पर्यो कहाँनिर चाहिँ ५० हजार पर्यो कहाँनिर १ लाख पर्यो यो विषय निमित्त विषय हो । मूल विषय के हो भने संसदमा सरकार र हामी उपस्थित भएर हामीले यो क्षेत्रको विकास र सक्रिय १ वर्षमा यो बजेटबाट गर्न सक्छौं कि सक्दैनौं त्यो गर्न हिम्मत हामीमा छ कि छैन मूल प्रश्न त त्यता होनि त सभामुख महोदय, त्यसो हो भने बजेट हामीले जे जसरी प्रस्तुत गर्यौं यो त हाम्रो ल्यागतभित्र गर्ने यही हो सभामुख महोदय, यो हाम्रो ल्यागतभित्र हामी कोही जादा पनि त्यस्तै त्यस्तै हुन्थ्यो फरक के हुँदो हो यही तरिकाबाट सोच्ने हो भने म जहाँ म भइरहेको क्षेत्रमा बढि आउददो हो अर्को कोही जादा उ भइरहेको क्षेत्रमा बढि आयो । अघि माननीय करबीरज्यूले भन्नु भयो केही थान मान्छेहरू हामी मन्त्री भयौं केही थान मान्छेहरू हामी सांसद भयौं १७ लाख मान्छेहरूको प्रतिनिधित्व रूपमा हामी ४० थान मान्छेहरू चाहिँ सांसद छौं र ७ थान मान्छेहरू हामी मन्त्री छौं । यो धेरै ठूलो कुरा होइन सभामुख महोदय, राजेश खन्ना आफ्नो समयमा चर्चित सुपरस्टार थिए उनको एउटा राम्रो फिल्मि डाइलग छ । त्यसले जिन्दगीको बारेमा बुझाउँछ सभामुख महोदय, उनले भन्थे उनले धेरै कार्यक्रम भन्थे यी जस्ते, चौरस्दे, उल्फदे, दैल्लदे कोही भि चिज जीवनमे रहितीनहि आफमै यहाँ हु कल कोही और था यही एक दैर थे उभि एक दैर था तपाईं अहिले जहाँ हुनुहुन्छ याये त दौड हो सभामुख महोदय, भोलि अर्को मान्छे आउँछ आज हामी गरिरहेको अभियान र हामीले गरिरहेको मन्चन हिजो अर्कै मान्छे गर्थ्यो सभामुख महोदय, के हामी नभै यी चिजहरू चल्दैनन् चल्छन नि यी चिजहरू प्रतिगतिको र विकास सम्मुनतिको ठेक्का मात्रै होइन सभामुख महोदय, त्यसो हो भने तर हाम्रा जिम्मेवारी छन् तपाईं आफ्नो पदमा रहँदासम्म हाम्रा जिम्मेवारी जे छन् ती जेम्मेवारि हामीले पूरा गर्नु पर्छ । यसमा केही प्रश्न नै छैन सभामुख महोदय, त्यसो हो भने विकास र त्रगिको लागि १ वर्षभित्र हामीले प्रदेशलाई कहाँ लिने हो । एउटा डरलाग्दो मनोविज्ञान यो अहिलेसम्मको छलफल पछि म एउटा निचोडमा के पुग्न सक्छ भन्दा खेरि सुम्म रूपमा एउटा डरलाग्दो मनोविज्ञान निर्माण भइरहेको छ । कर्णाली अभावको केन्द्ररहेको लामो समय कर्णाली विपद्को केन्द्र रह्यो कर्णाली गरिब केन्द्र रह्यो र काठमाण्डौंबाट हामीले कर्णालीलाई अभावको विम्वको रूपमा बुझायौं सभामुख महोदय, अन्त्यर विरोध खास गरी विभेदको विम्वको हामीले बुझायौं । त्यो बुझियो के कर्णालीभित्र कर्णाली निर्माण गरिसके पछि पनि फेरि पनि हामी विभेदको सुरूवात गर्ने हो एउटा नयाँ मनोविज्ञान मैले यो बजेटको समग्र मूल्याङ्कन पछि एउटा म के निचोडमा पुग्छु भन्दा खेरि कर्णालीमा तीनवटा कलस्टर छ सभामुख महोदय, तीनवटा मनोविज्ञान छ । एउटा साविकको कर्णाली छ जहाँ ५ वटा जिल्ला

छन् एउटा साविकको भेरी छ जहाँ ३ वटा जिल्ला छन् एउटा साविकको राप्ती छ पूरानो ७५ जिल्लाको व्यवस्थापनमा डेर वटा जिल्ला छन् र नयाँ ७७ जिल्लाको व्यवस्था मा २ वटा जिल्ला छन् सभामुख महोदय, तीनवटा मनोविज्ञान छ । राप्तीको मनोविज्ञान एउटा छ कर्णालीको मनोविज्ञान साविकको एउटा छ र भेरीको मनोविज्ञान एउटा छ यसमा पनि बडो रोचक कुरा के छ भने ४० औं सदस्य साविको भेरीको दैलेख, सुर्खेत र जाजरकोटको २० जना सांसदहरू यो सभामा प्रतिनिधित्व गर्छन् सभामुख महोदय, यो मनोविज्ञानको उपेक्षा गर्न सकिन्छ भन्दा खेरि यो मनोविज्ञानको उपेक्षा गर्न सकिदैंन अथवा मनोविज्ञानहरू छुट्टाएर हेर्न सकिन्छ । राप्तीको मनोविज्ञान र कर्णाली मनोविज्ञानलाई एउटा मानेर भेरीको मनोविज्ञानलाई तपाईंले अर्को बनाउन सक्नु हुन्छ विभेदभित्र फेरि विभेदको जम्म गर्ने हामी प्रयास गर्छौं त्यो हुन्छ । भने पछि सभामुख महोदय, एउटा सदस्यका रूपमा यी कुरा हाम्रा लागि स्वीकार्य छैनन् र हामी विभेदभित्र अर्को विभेदको खोजि गर्न चाहादैनउ हामी विभेदभित्र अर्को मनोविज्ञानको जम्मा होस् भन्ने चाहादैनौं । म त्यसो नगर्न मित्रहरूलाई सबैलाई हार्दिक अपिल गर्दछु । हामी यो चाहादैनौं सभामुख महोदय, मैले बडो विडम्बना पूर्ण तरिकाले यो भन्दै छु केही दिनदेखि छलफलहरू जे चल्दैछन् बजेट निर्माण प्रक्रिया हामी जसरी गरदै छौं यसमा ईनभल हुने मान्छेहरू जे देख्दै छौं यो मनोविज्ञानमा जे देख्दै छौं बडो तितो हो तर समय त्यतातिर जाने हो भने यो दुर्भाग्य हुन्छ र हामी मिलेर राख्नु पर्छ । म बडो सुक्ष्म रूपमा पछाडि देखिरहेको चिजहरूलाई यहाँ चाहिँ संकेत गर्न चाहन्छु । सभामुख महोदय, केही कुराहरू छन् बजेटमा केही नयाँ विषयहरू छन् नयाँ विषयहरू साथीहरूले साहास गरेर ल्याउनु भएको छ । मन्त्रालय वाईजमा धेरै विषयमा आन्तरिक मामिला केही इस्टकचरी कामहरू छन्, जहाँसम्म विद्यालय डिजिटल बनाउने विषयमा साथीहरूले प्रश्न उठाउनु भयो आइसिटिको त जरूरी छ, इन्फरमेसन, कम्युनिकेसन, टेक्नोलोजीको जरूरी छ । स्कुलहरूलाई सायद पाईलट प्रोजेक्ट रूपमा २/३ वटा स्कुलहरू उहाँहरूको चाहिँ कार्यक्रम होलान । त्यो हो भने हामीले पाइलट प्रोजेक्ट रूपमा अगाडि बढाउन आइटी मात्र होइन डिजिटल मात्रै होइन कि आइसिटिको इनफरमेसन, कम्युनिकेसन, टेक्नोलोजीको चाहिँ समग्र रूपमा चाहिँ टेलिफोन नभएको ठाउँमा टेलिफोन केटाकेटीहरूलाई कम्तीमा हाईस्कुल सिध्याउँदा खेरि केही क्षेत्रहरूबाट आउने छोराछोरीलाई कम्प्यूटर चलाउन सिक्नु हामीले त बनाउनै पर्छ सभामुख महोदय, आजको यो दिन हो भने त्यसकारणले यो कार्यक्रमलाई हामीले अगाडि बढाउनु पर्छ । यसमा केही प्रश्न छैन सभामुख महोदय, सुधार गृह सरकारी स्तरबाट सञ्चालन गर्दा राम्रो हुन्छ भइरहेको छ सुधार गृहलाई डोनेशन गर्ने भन्दा पनि सरकारी अनुदान दिने भन्दा पनि सरकारी स्तरबाट चाहिँ सुधार गृहको जरूरी छ । खेलकुदमा खेलहरू कम छन् सभामुख महोदय, खेलहरू कम छन् रंगशालाहरू धेरै छन् खेलाडी धेरै हुनु पर्छ । रंगशाला कम भए पनि हुन्छ तर रंगशालामा आलो पालो गरेर खेल्न सकिन्छ । खेलाडी

बनायौं भने राम्रा खेलाडिलाई काठमाण्डौ रंगशाला पनि खालि हुन्छ । त्यता पनि कुदाउन सकिन्छ । रंगशाला धेरै छन् खेलाडि कम छन् । खेलाडि उत्पादन गर्ने तिर जाऔं रंगशाला केही रंगशाला बनाउला यदि भइरहेको रंगशालामा जति कुदे पनि हुन्छ जति उफ्रेर पनि हुन्छ । तर हामीसँग खेलाडि छैन उफ्रने वातावरण छैन जो फुटबल खेल्ने र क्रिकेट खेल्ने उफ्रन्छन् तिनी हामीले व्यवस्था गरेछैनौं । त्यसो हुँदा खेरि खेलाडि उत्पादनमा जोड दिने रंगशाला उत्पादनमा जोड दिने हो भने पछि आजको समयमा हामीले पहिलो प्राथमिकता हाम्रो खेलाडि हुन उत्पादनमा रंगशालाहरूलाई मैले एकचोटि विचार गर्नु पर्छ । मरो एकजना मित्रले पहिले भन्नु हुन्थ्यो हामी मुगुमा फुटबल खेल्न जान्थ्यौं भन्नु भयो हामी बडो हास्यौं तपाईंले मुगुमा कहाँ फुटबल खेल्नु भयो होला भन्यौं हैन मुगुमा फुटबल खेल्नु भयो कि भएन । जरूरी कहाँ स्वीमिङ्ग पुल बनाउन सकिन्छ । तर हुम्लामा बनाउन सकिदैंन सभामुख महोदय, सुर्खेतमा बनाउन सकिन्छ । जरूरी कहाँ यो बारेमा चाहिँ अलिकति देऊ र मैले भन्नु पर्छ केही सामाजिक विकास मन्त्रालयका केही कार्यक्रमहरूमा जस्तो १५५ मा एउटा परिवार नियोजन शिविर र स्याटालाईट कार्यक्रम छ अर्को तपाईंको ९५ मा चाहिँ जनसंख्या व्यवस्थापन कार्यक्रम जनसंख्या व्यवस्थापन कार्यक्रम र परिवार नियोजनवाला कार्यक्रम एउटै हो कि हैन फरक जनसंख्या व्यवस्थापनको बारेमा एउटा कुरा बुझ्न जरूरी छ सभामुख महोदय । नेपालमा पनि परिवार नियोजन जुन बेला लागु गरियो त्यो बेला नेपालमा जनसंख्या वृद्धिदर चाख्लो थिएन । नेपालमा परिवार नियोजन एउटा प्रजेक्टको रूपमा लागु गरियो । भारतमा परिवार नियोजन ७५ मा जबरजस्ती सरकारले मान्छे समातेर परिवार नियोजन गर्नको रूपमा लागु गयो चाईनिजहरूले टुटाईल पोलिसन ल्याए सभामुख महोदय, सिगांपुरमा अहिले बच्चा उत्पादन गर्दा खेरि जनशक्ति भएन भने काम गर्न सकिदैन र नेपालको भूगोलअनुसार अहिलेकै परिवार नियोजन कार्यक्रमका बारेमा रिथिङ्क गर्नुपर्ने छ । यो स्याटालाईट पनि परिवार नियोजन कार्यक्रम जनसंख्या व्यवस्थापन कार्यक्रमलाई माननीय मन्त्रीज्यूले एउटै कार्यक्रम बनाउनु होला । बरू स्याटालाईट बाटै हेर्न सकिन्छ भने बनाउनु पर्ला बुझिदिनु । मुख्यमन्त्री हुनुहुन्छ, सांकेतिक स्मार्ट मन्त्री भएको मन्त्रालयमा स्याटेलाइट आउनु स्वभाविक हो तर यो जनसंख्या व्यवस्थापन र परिवार नियोजनलाई यसलाई मिलाउनु पर्ला, सभामुख महोदय । म पहेलो बत्तीको ख्याल गर्दै कृषिमा केही मिनिमम स्टान्डरको कार्यक्रमहरू छ । मिनिमम स्टान्डरको कार्यक्रम उहाँको लागि चुनौती केहो भने ती कार्यक्रमहरू कार्यान्वयनको चुनौती हो । यद्यपी चुनौती हामी सबैका लागि चुनौती हो । सबै मन्त्रालयको चुनौती हो । यही प्रदेशसभालाई, प्रदेशसभाका बारेमा धेरै टिप्पणी भएन । प्रदेशसभालाई चाहिँ लाईबेरी ई–लाईबेरी बनाउनु पर्छ । सामाग्रीहरू खोज्नु पर्छ पुस्तकालयसलाई आइटी फ्रेन्ड्ली बनाउनु पर्छ । कम्प्यूटर ल्याब बनाउनु पर्छ प्रदेशसभामा ल्याब हुनु पर्छ । यसको बारेमा बजेट विनियोजन हुनुपर्छ । सांसदहरूको अध्ययन गर्ने सामाग्री पर्याप्त चाहिन्छ ।

लाईब्रेरी, ई–लाईब्रेरी, कम्प्यूटर चाहिँ तपाईंको ल्याब समेतको कार्यक्रमहरू चाहिन्छ । प्रदेशसभामा यी कार्यक्रमहरूका बारेमा कार्यक्रम बनाउदा सीमित केही प्रशासनिक खर्च र आदि-ईत्यादिमा हामी चाहिँ मात्रै राख्याछौं । यति कुरा राखेर मैले बत्तीको समेत ख्याल गर्दै म के भन्न चाहन्छु भने ज्ञान फरक मनोविज्ञान नगर्ने म सबैमा अपिल गर्छु विभेदलाई अन्त्य गर्ने एउटा विभेदको अन्त्यको खोजिमा अर्को विभेदको जन्म नर्गन म सबैलाई अपिल गर्छु र मान्छेहरूका सोच त फरक-फरक हुन्छन् सभामुख महोदय, ती सोचहरूका बारेमा हामी प्रतिबन्ध लगाउन सक्दैनौं बजेटलाई कार्यान्वयन गर्ने हामी हिम्मत गरौं त्यो गर्ने हामी मोडालिटि बनाऊ र व्यक्तिगत रूपमा हामीले गर्नु पर्ने कामहरू त्यो गर्छौं र प्रदेशका जनताका जिन्दगी परिर्वतन गर्ने अभियानमा हामी त हाम्रो ठाउँबाट प्रतिबद्ध छौं सभामुख महोदय, यति कुरा राखे अवसरका लागि धैरै धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकायाः-** माननीय सभामुख महोदय, हामी ०७५/०७६ को बजेटको विषयमा आज हामीले दफावार छलफल गरिरहेका छौं । मलाई लाग्छ आज यो रातो किताब यस्तै यस्तै पानामा यही भाषामा बजेट वक्तव्यमा पनि आएको थियो । नीति तथा कार्यक्रम पनि आएको थियो । अनि बोल्नु पर्ने पनि त्यही होला हामीले अरू-अरू यसमा लेखिएको भएत अरू कुरा बोल्थ्यौं अब त्यही कुरा आयो त्यही कुरा बाल्नु पर्ने भयो त्यसकारणले यो रातो किताब ३/४ रंगको हाम्मा माननीय ज्यूले भनिसक्नु भयो यो बनाउने माननीय सरकारलाई मन्त्रीज्यूहरूलाई विज्ञ काठमाण्डौबाट विज्ञ टोलि पनि आएको थियो । बजेट बनाउने हामीलाई थाहा थियो कति खर्च भएको छ त्यहाँ त्यो विज्ञ टोलिलाई आधा आधा धन्यवाद छ । पूरा धन्यवाद होइन पूरा माननीयहरूको जनताको चित्त बुझ्दो आएत पुरै धन्यवाद दिन्थ्यौं त्यसको लागि आधा धन्यवाद छ । त्यसै कारणले अब यो बजेट हामी प्रदेशसभाका माननीयहरूलाई हामी क्षेत्रमा गएर रातो किताब हैन यो कुटाउने बजेट आएछ । यो जनताले हामीलाई कुट्छन् जस्तो लाग्छ । हामीले भनेका थियौं ०७४/०७५ को बजेटमा पनि सरकारमा बस्ने मन्त्रीज्यूहरूले भन्नु भयो तपाईंहरूको योजना के के हुन म जुम्ला थिएँ है अरू साथीहरू पनि आ-आफ्नो ठाउँमा माननीयज्यू हुनुहोला तपाईं के के भन्नुस्त कि आउनुस् कि भन्नुस् म दौडेर आइहाले भनेपछि भन्या हैन कि दौडेर आइगय गाडीबाट प्लेनबाट आए टिपाईम सकेपछि पनि ती योजना एउटै १ अरब ५ करोड आय ५ हजारको आयछो त्यो पनि एउटै पर्यो मेरो क्षेत्रमा है अरूको क्षेत्रमा कति पायो थाहा छैन एउटै पर्या छैन अनि फेरि यो कार्यक्रमदेखि नीति तथा कार्यक्रमदेखि लिएर अहिले रातो किताबसम्म आएछ । अब यो हामीले फोन गरेका गर्यै हुन गाउँबाट हाम्रा जनताहरू मैले प्रस्ताव गरेको छु रातो किताब आउँदै छ । रातो किताबमा तपाईंको १/१ बजेटहरू खुलाएर आउछन् फलानो खानेपानीमा यति फलानो सिंचाइमा यति फलानो सिंचाइमा यति आउदैन छन् । कहिले आउँछन् रातो किताब अब आउँछन् रातो किताब अनि रातो किताब आइसके पछि हिजो

मात्रै मेरो प्रेसर बढि सक्यो । रातो किताब बजेट हाम्रा योजनाहरू परे कि परेनन् रातो किताब त आयो तर गोलमोडल तरिकाबाट मानिसहरूलाई यो धुवा र कुहिरोमा वरिपरी आखाँ नदेख्ने गरी रातो किताब बजेट आयो त्यस्तै कारणले यो बजेट यो रातो किताब यो पहिलाकै राजा महाराजाहरूले गर्ने व्यवहार नियम कानून बनाउने व्यापार जुन्याल मुखीयाले बनाउने व्यवहार जस्तै आयो । हामी देश संघीयतामा आइसकेको छ । हामी परिर्वतनको संघारमा छौं । हामी समृद्धिका नाराहरू गरिरहेका छौं । कर्णाली परिर्वतन गर्नुपर्छ भन्ने भाषण गरिराखेका छौं । तर यो हिसाबले परिर्वतन हुँदैन जस्तो लाग्छ मलाई बरू मेरो बुझाइको हुनसक्छ तर सबै माननीयको हित र बोलाइअनुसार भनेको सुन्दा खेरिमा त्यस्तै आएको छ मेरो मात्रै बुझाइ हैन जस्तो लाग्छ । के हो यो ३ वटा सरकार छ, प्रदेश सरकार स्थानीय सरकार, केन्द्रीय सरकार । प्रदेश सरकार मात्रै वडामा क्लिएर गरिसकेको छ । केन्द्रीय सरकार किताब बोकेर आएछौं । फलानो गाउँपालिका फलानो वडामा खानोपानी यति फलानो वडामा सिंचाइ यति फलानो सबै आइसकेको छ । अनि प्रदेश सरकार के अनि अप्ठारो  हुन्छ भन्नुस यो भन्दा अगाडि हामीले जे भन्यौं कानून बनेको छैन भन्यौं अनि यो हामी रातो किताबमा ब्रेक डाउन बनाउन के कानून बनाउनु पर्छ त यो-यो कानून बनेको छैन कहिले बनेको हो । त्यसै कारणले हामी प्रदेशसभाका हामी सदस्यलाई पनि हाम्रा सरकार बस्ने मन्त्रीज्यूहरूलाई त्यो दास्न सक्नुहोस् यो वडा अध्यक्ष भन्दा तल हैसियत छैन भन्दा हाम्रो के छ हाम्रो हजुरहरू पनि विरोध गरेको होइन हामी त्यो ठाउँमा गयौं भयो त्यो भन्दा कमाउन सक्थ्यौं कहिले नजान्ने जानेका हामी २/३ पटक सरकारमा गएका माननीय केही माननीयज्यू हुनु होला हामी पनि यही यहि भाषा हुन सक्थ्यो अथवा यो भन्दा राम्रो कम पनि हुन सक्थ्यो तर हजुर सरकारमा बस्ने मन्त्री ज्यूहरूले पनि अलि मैले भने नि विज्ञ टोलि आएको थियोमाथिबाट खर्च पनि भयो होला पटक-पटक विज्ञ टोलि आउँछ यहाँ त्यो विज्ञ टोलिले के भाषा बोले उनले यस्तै गर्नु यो कर्णाली प्रदेशमा भनेका हुन कि यो गोलमडेल पार्नु माननीयले घुमाउरो पारामा राख्नु भनेका हुन कि के अप्ठारो पार्छ भोलि थाहा हुने कुरा हो कि अहिलेको सरकारले के हामीलाई तपाईंहरूलाई कि मन पार्छ हिजो हाम्रो चन्द्रबहादुर शाहि माननीयले भन्नु भयो बेल बुहारी विटो भने जस्तै हामी बजेट पास गरौं भोलि तपाईंले जहाँ जहाँ मन लाग्छ उहि हालौं बजेट पास गरे त हाल्नु परि हाल्यो जहाँ जहाँ मन लाग्छ जहाँ जहाँ आफ्नो जिल्ला जो आफ्नो नातागोता त्यही हाल्नु परेको छ बजेट पास भइसके पछि जति विरोध गरे पनि त अब थपडी त बजाउनै पर्ने होला । हामी कित सत्तापक्षका माननीय भयौं सत्तापक्ष भएको कारणले हामीले विरोध गर्नु छैन । पार्टिले विरोध गर्छ भोलि पार्टिको मान्नै परो त्यसै कारणले सरकारमा बस्ने मन्त्रीज्यूहरूले पनि अलि हामी माननीयको प्रदेशसभा सदस्यको हैसियत राखिदिनु पयो । यो ब्रेक डाउन गर्न के गाह्रो पर्छ भोलि देखिने कुरा त हो । ५ वर्ष तपाईं हामी एकै ठाउँमा छौं । हामी आज विरोध नभए भोलि गर्ने हो हामी आज थाहा छैन हामी विरोध गर्दैनौं भोलि ५

वर्ष विरोध गर्ने नै हो २ वर्षसम्म विरोध गर्ने हो । त्यसै कारणले यो गर्नु भएन अर्को अब बजेट कहाँमार्फत् जान्छ त्यो बुझेको छैन हामीले गाउँपालिकामा जाने हो गाउँपालिकाको खातामा जाने हो अथवा प्रदेश सरकार आफैं चलाउने हो । मेरो भनाइ त प्रदेशसभाले आफै चलाउनु पर्दछ किनभने गाउँपालिकाका अध्यक्षहरू दिनदिनै फोन गर्छन् यो गाउँपालिका आउने आफ्नो अधिकार भएन त्यहाँ त्यसै कारणले प्रदेशसभाले कर्मचारी छान्ने कर्मचारी नियुक्त गर्ने प्राविधिक नियुक्त गर्ने दक्ष प्राविधिक नियुक्त गर्ने अनि आन्तरिक मामिला मन्त्रालयले पनि त्यो ९/१०/२० कति एम्बुलेन्स किन्ने भन्दा सुरक्षाकर्मी थप्ने रोजगार पनि पाउँछन् युवाहरूले हाम्रो प्रदेश नेपालका युवायूवतिहरू विशेष यो प्रदेशका युवायूवतिहरू खाडि मुलुकमा गएर दिन प्रतिदिन पशुपति आर्यघाटमा लासहरू आइरहेका छन् । के रोजगार पाउछन् २४/१७ मा २४ वटा निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरी जनपथ प्रहरीको गुल्म राख्नुहोस् सुरक्षा कम छ, हवल्दार असईको नेतृत्व कम छ, त्यहाँ त्यसै कारणले अब बत्ती पनि बलि सक्यो भन्ने कुराहरू त थियो एउटा म आफ्नै नमूनाको रूपमा हुम्ला, डोल्पा, कालिकोट र मुगु जिल्लामा आवासीय विद्यालय सञ्चालन गरिएको छ त्यसको ८ करोड छुट्टाइएको छ । अनि पूर्व कर्णाली त जिल्लै हुन बुझेको छु कर्णाली जाजरकोट अछामलगायत नै जिल्ला दुर्गमै हुन अनि जुम्ला कसरी छुट्यो त जुम्ला के सुगमै भइहाल्यो त्यो । जुम्ला छुटयोको छ ८ करोड छ यहाँ कि मेरो क्षेत्रमा त्यो खस सिँजा संग्रहालय पाईसक्यो कि अरू बनाउनु हुन्छ भने चित्त बुझाउनु पयो त्यसमा पनि बढि छैन ५० लाख मात्रै छ बढि भएपनि चित्त बुझाउँदा हौं । एउटा यार्सागुम्बा संरक्षणमा ढाई करोड छ जडिबूटी वृक्षारोपणमा २४ करोड छ मैले वन मन्त्रालयमा भने हाम्रा केही माननीयज्यूहरू अस्ति पनि भने मैले त्यहाँ त्यो पैसा सबै दुरूपयोग हुन्छ । यार्सागुम्बा कहाँ संरक्षण गर्ने को चौकिदार राख्ने को गोठालो लाग्ने यार्सागुम्बा ल्याएर दैलेख रोपिन्छ कि जुम्ला रोपिन्छ कि कालिकोट रोपिन्छ त्यो हुन्छ कि हुँदैन त्यो चार हजार पैतालिस हजारमाथिको यार्सागुम्बा हुन्छ हुँदैन त्यो ढाई करोड रुपैंया कहाँ लगाउने अनि २४ करोड छ अर्को बरू हामी वन मन्त्रालय यता ल्याउनु भन्दैनौं वन मन्त्रीलाई चित्त दुख्ला मैले १/२ पाउने पनि मेरो पदम रोकाय टाकियला विरोध बरू त्यही हाल्दिम अर्को ठाउँमा हालौं त्यो वन मन्त्रालय २४ करोड रुपैंया अर्को शीर्षकमा हालौं मान्छेलाई सब भन्दा खानोपानी आवश्यक छ सिंचाइ आवश्यक छ विद्यालयको आवश्यक छ सडकको आवश्यक छ त्यो गोलमोडल तरिकाले केही हुँदैन त्यसै कारणले अब यहाँ डल्लो बजेट भनाइ छ । हाम्रो कर्णाली प्रदेश डाँडैडाँडा र खोलैखोलाले भरिएको प्रदेश हो । (माननीय सभामुखः- समयलाई ध्यान दिऊ माननीय सदस्य ।)

एउटै सबै बजेट कि एरपोड बनाय सबैलाई संरक्षण हुन्छ कि मोगावाट बत्ती भएपछि सबैलाई हुन्छ । अनि हुम्लाकोमाथि त्यो लिमि डाँडाको खानो पानी सिमिकोट आउँछ अनि जुम्लाको कुर्मबाडी चौरको तल आउँछ कालिकोटमा त्यस्तै सबै ठाउँको त्यस्तै छ

आवश्यकताअनुसार १०० मिटर पाइपको आवश्यकलाई छ मान्छेलाई स्कुलको छानो उडिरहेको छ २ बन्डल जस्ताको आवश्यकता छ मान्छेलाई त्यसैकारणले यो डल्लो बजेट म आशा गर्छु मेरो जिल्लामा आवश्यकताअनुसारको बजेट चाहिन्छ भन्ने आफ्नो भनाइ यही राख्छु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री पदमा खड्का ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभमुख महोदय, हामीले यो गरिमा मय सदनमा प्रदेश सरकारले ०७५/०७६ को जुन बजेटमाथि मन्त्रालयगत जुन विषय गत सैद्धान्तिक छलफल भैइरहँदा आज यो छलफलमा भाग लिई रहँदा कर्णाली प्रदेश सरकार ले जुन ०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटलाई मुख्य केन्द्र विन्दु मानेर जुन आज रातो बुक प्रत्येक माननीय सदस्यको हातमा जुन परेको छ । त्यसलाई हामीले अध्ययन गर्दा सर्वप्रथम सबै विषयमा अध्ययन गर्दा कता-कता नीति कार्यक्रम र बजेटलाई छोए जस्तो पनि र केही छुटे जस्तो पनि महसुस भएको छ र त्यसको लागि अ केही सुधार गर्न सकिन्छ भने फेरि पनि प्रयास हाम्रो प्रदेश सरकारले गर्ने छ भन्ने हामीले आशा लिएका छौं । र सँगसँगै एकदमै मेहेनत गरेर नयाँ अनुभव छ नयाँ जुन हामीसँग संरचनामा अगाडि बढिरहँदा जुन मेहेनतका साथ यहाँ ल्याउनु भएको छ यसको लागि म प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । र सर्वप्रथम मैले यो रातो बुकमा भएका जुन योजनाहरू बजेटहरूलाई विश्लेशण गरेर र अध्ययन गर्दा कस्तो लागि रहेको छ भने हामीले भनिरहेका छौं जुन प्रदेश सरकारले पहिलो बजेट ०७४/०७५ को बजेट जुन २/३ महिनाको कार्यविधिमा यहाँ सदनमा प्रस्तुत गरेको बजेटलाई पनि हामीले हेरिरहेका थियौं र हामीले कार्यान्वयन हुन्छ कि हुन्न भनेर हेर्दै जादा कुनै मन्त्रालयको कार्यान्वयन भयो कुनै मन्त्रालयको कार्यान्वयन भएन र भएका जुन गर्दै गर्दा योजनाहरू सम्पन्न गर्ने बेलाका जुन कठिनाइहरू पनि हामीले देख्यौ त्यो कठिनाइ भनेको यो प्रदेश सरकारको सबै भन्दा पहिला काम कसरी गर्ने जुन कार्यविधि संरचना नभएकै कारणले अलमलमा पारिएको जुन अवस्था देखियो पहिलो बजेटमा त्यसले पनि हामीलाई केही समय पछाडि धकेलेको एउटा महसुस भयो र अहिले पनि समयमा बजेट आएको छ । कार्यान्वयनको लागि सर्वप्रथम सबै मन्त्रालयहरूले आफूलाई आवश्यक पर्ने संरचना तयार गर्न पहिलो ध्यान म प्रदेश सरकारलाई दिन चाहन्छु । र यस्तै गरी मैले आन्तरिक मामिला तथा कानून मन्त्रालयतर्फ पहिलो सुझाव राख्न चाहन्छु । आन्तरिक मामिला जुन यहाँ ल्याउनु भएको छ विषयहरू जसरी प्रदेश प्रहरी गठन भौतिक पूर्वाधार निर्माण भन्नु भएको छ अहिले पनि संघीय जुन संरचना संघीय प्रणाली प्रदेश प्रहरी जुन अहिले हामी हाम्रो यो प्रदेश मातहतमा आइसकेको अवस्था छैन भन्ने जुन अहिले समन पनि हामीले देखिरहेका छौं यसको लागि कानूनतः कानून मन्त्रालयको जिम्मेवारी पनि होला जुन स्थानीय तह प्रदेश तहमा आउनु पर्ने संरचनाहरू किन अझै आलटाल भइरहेको अवस्था छ । यसमा पनि प्रदेशको कानून मन्त्रालयले सबै भन्दा महत्वपूर्ण भूमिकाका साथ यो काममा अगाडि

लाग्न पर्छ भन्ने मलाई लाग्दछ । र अझै पनि हिजो सबै संरचनाहरू स्थानीय तहमा जाने प्रदेश तहमा जाने जुन खालको थियो अहिले फेरि जिल्लामा विभिन्न कार्यलयहरू अब रहदैनन् भन्ने बुझेका कार्यलयहरू आज जिल्ला कार्यलय रहने बोर्ड पनि टासिएको हामीले देखिसकेका छौं । के हो यसको अवस्थाको बारेमा कानून मन्त्रालयले सत्यतथ्य बुझेर यो सदनलाई जवाफ दिन पर्छ भन्ने मलाई लाग्दछ । आज हामीले प्रदेशको प्रहरी गठन गर्ने कुरा गरिरहँदा हिजो भइरहेका प्रदेश प्रहरीका यो प्रदेशभित्र रहेका प्रहरीका संगठनका जुन भौतिक संरचनाहरू छन् एकदमै जिर्ण अवस्थामा छन् । यसको बारेमा पनि यो प्रदेशको बजेटमा यो प्रदेश सरकारले बोल्न पर्छ भन्ने मलाई लाग्दछ । र अर्को विषय छ माननीय सदस्यले पनि उठाइ सक्नु भएको छ त्यलाई मैले फेरि जोडदारका साथ के भन्न चाहन्छु भने जुन लागुऔषध र दुर्व्यसनीमा फसेका बालबालिकाहरू छन् हामीले विभिन्न कोणबाट थुप्रै पैसा तिरेर अहिले लागु औषद दुरबेशनका बच्चाहरूलाई त्यहाँ जुन सुधार गृहमा राख्न आम नागरिकहरू बाध्य भएका छन् प्रदेश सरकारले छुट्टै सरकारको यो एउटा सुधार गृह स्थापना गरी त्यस्ता लागुऔषधबाट फसेका जुन बालबालिकाहरूलाई सिपमूलक अथवा उत्पादनसँग जोड्ने खालको कार्यक्रम यो कानून मन्त्रालयबाट आउनु पर्छ भन्ने मलाई लाग्दछ । र सँगसँगै स्कुलमा विद्यालयमा जस्तो नि.मा.वि.देखि आधारभुत नि.मा.वि.देखि हामीले कलेजसम्मका विद्यालयमा लागुऔषधको दुर्व्यसनिसम्बन्धी शिक्षा जुन जनचेतना शिक्षा कार्यक्रम पनि यो कानून मन्त्रालयबाट दिन पर्छ भन्ने मलाई लाग्छ । र यसैगरी मैले अब सामाजिक मन्त्रालय तिर केही सुझाव राख्न चाहन्छु । एकदमै धेरै बुँदामा समेटिएर जुन कार्यक्रम ल्याउनु भएको छ । एउटा त्यो पनि एउटा सुन्दर पक्ष छ । सबै विषय समेटिएको जस्तो पनि छ तर केही केही विषयहरू दोहोरिएको जस्तो पनि देखिन्छ । त्यो दोहोरिएको विषयलाई पनि अ पुर्नर विचार गर्न का लागि पनि म सुझाव दिन चाहन्छु । जस्तो पेज २४ को २०० मा हिंसा पीडित महिला तथा अलपत्र पारियको बालबालिका को लागि अल्पकालीन आश्रयसहितको जिल्ला सेवा केन्द्रलाई सञ्चालक सहयोग छ । ६ वटा भनिएको छ । ६ जिल्लालाई भनिएको होला फेरि २०१ मा पनि त्यही विषय दोहोरिएको छ यसलाई एउटै विषयले पुग्छ वा यो फरक आश्रय हो यसलाई पनि स्पष्टसँग पार्दिनु होला भन्ने म राख्न चाहन्छु र यसै गरी महिला तथा बालबालिका जुन सामाजिक विकास मन्त्रालय अन्तरगत पर्छ विषय धेरै ठूलो छ धेरै मन्त्रालयमा धेरै विषयहरू छ तर यतिले पनि कम छ भन्ने पनि लाग्यछ हामलाई तर समग्र महिलाहरूको एउटा यूनिट महिला विकास कार्यलय जुन विगतमा जिल्लागत रूपमा सञ्चालन भइरहेका थिए । त्यो महिला विकास कार्यालयहरूले विभिन्न महिलाहरूलाई हिंसामा परेका महिलाहरूलाई पनि सिप विकास तालिमहरू महिला सहकारीहरू विभिन्न माध्यमबाट महिलाहरूलाई एउटा उत्पादनमा जोड्ने जुन खालको चाहिँ भूमिका महिला विकास कार्यालय गरेको थियो अहिले त्यो कुनै यूनिट नभएको जस्तो जुन हाम्रो संरचनामा देखिएको छ यो महिला विकासलाई एउटा महिला विभागको

यूनिटको लागि चाहिँ सुझावको लागि राख्न पर्छ यो आवश्यक छ यो प्रदेश मा भन्ने कुरा पनि म यहाँ राख्न चाहन्छु र यस्तै गरी जुन यहाँ महिलाहरूको लागि ल्याइएको जुन कार्यक्रमहरू छ । एकदमै विषयगत रूपमा चाहिँ जोडिएको छ तर यसलाई व्यवहारिकता कार्यान्वयनको लागि पनि एकदमै यो मन्त्रालयले कार्यान्वयनमा पनि चुस्त दुरूस्तसँग कार्यान्वयन गर्ने कुरामा पनि जोडदारसँग ध्यान दिनु हुनेछ भन्ने कुरा पनि राख्न चाहन्छु र समग्रमा अब भूमि तथा कृषि मन्त्रालय तिर मैले सुझाव राख्न चाहन्छु । एकदमै धेरै विषयहरू समेटिएको छ कृषि मन्त्रालयमा र यसले मलाई लाग्छ हामीले छलफल गरिरहँदा पनि विभिन्न मोडेल निर्माण गर्दा हामीले त्यहाँको मापदण्डहरू तयार गरेर निर्माण गर्ने कुरा पनि गरिरहेका थियौं । कतै चाहिँ ठाउँ तोकेर आइहाल्ने कतै फेरि ठाउँ नतोकिने कुनै क्षेत्र निर्वाचन क्षेत्र समेटिएर आउने र कुनै निर्वाचन क्षेत्र छुट्टिएको यहाँ चाहिँ पाको छु । यसमा चाहिँ विशेष कृषि मन्त्रालयको चाहिँ ध्यान जान जरूरी छ । र अर्को कुरा हामीले अहिले पनि यो वीरेन्द्रनगर यो कर्णाली प्रदेशको यो निर्वाचन क्षेत्रको मैले कृषि मन्त्रीलाई पनि भनिरहेको थिएँ र यो कर्णाली प्रदेशको राजधानि सुर्खेतको पनि हाजो साविकको लाटिकोइली र साविकको उत्तरगगां गाविस जहाँ कृषि उत्पादनको उर्भर पनि हो यो यसलाई कृषि उत्पादनमा विशेष जोड दिन पर्छ भनिएको थियो तर यहाँ नाम कतै पनि देखिएको छैन यो कुरा पनि मैले राख्न चाहन्छु र सँगसँगै चिङ्गाड गाउँपालिका लेखवेशी गाउँपालिका जुन चिङ्गाड गाउँपालिकामाथिल्लो क्षेत्र यो उपत्यकालाई अहिले तरकारी पर्याप्त मात्रामा तरकारी पुर्याउने क्षेत्र हो । त्यसको पनि कहि कतै नाम हामीले देखिरहेको अवस्था छैन यसलाई पनि समेटन् लागि म कृषि मन्त्रालयका माननीय मन्त्रीज्यूलाई सुझाव राख्न चाहन्छु । र एकदमै जसरी विषयगत बुँदाहरूमा समेटिएर आउनु पर्ने योजनाहरू कुनै मन्त्रालयले सबै योजनाहरू समेटेर ल्याउनु पर्ने र कुनै मन्त्रालयले डल्लो राखेर ल्याउनु पर्ने यो कता कता नमिलेको जस्तो देखिराखेको छ । यसलाई पनि हामीले फेरि पनि जले धाउने उसैले पाउने हो कि भन्ने खालको एउटा आशंका हामीले मानिरहेको अवस्था छ । फेरि पनि मन्त्रालयमा धाईरहनु पर्ने अवस्था सिर्जना हुन्छ कि भन्ने हामीलाई आशंका छ । यो आशंका मेटाउनु हुनेछ प्रदेश सरकारका मन्त्रीज्यूहरूले भन्ने विश्वास व्यक्त गर्दौ मेरा भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री मिनासिंह रखाल ।

**माननीय श्री मिनासिंह रखालः-** सभामुख महोदय, आज आर्थिक वर्ष ०७५/०७६ को वार्षिक विकास कार्यक्रममा हामी छलफलमा भाग लिई रहेका छौं । र यो कार्यक्रममा भाग लिईरहँदा फेरि पनि नीति तथा कार्यक्रमलाई सम्झन गर्ने मन लागि रहन्छ । र हामीले यो वार्षिक विकास कार्यक्रम जब हेर्यौं र यहाँ धेरै राम्रा राम्रा कुराहरू पनि आएका छन् र यो सबै कार्यान्वयन भयो भने कर्णाली प्रदेशको समृद्धि विकास हुन्छ भन्ने पनि मलाई लागिरहेको छ । तर हामीलाई त के लागेको थियो भने नीति तथा

कार्यक्रममा जुन कुरा लेखियोको थियो जुन कुरामा हामीले आवाज उठाएका थियौ जहाँ नपुग थियो त्यहाँ हामीले समावेश हुनु पर्छ कि भन्ने कुरा राखेका थियौ तर यस वार्षिक कार्यक्रम कुनै पनि त्यस्तो केही पनि देखिएन अनि भनिन्छ देखाउने एउटा गर्ने अर्को त्यस्तो हो भनेत हाम्रो यो कार्यक्रममा उपस्थिति भएर बोलेको सार्थक लाग्ला जस्तो मलाई लाग्दैन र यहाँ जुन आर्थिक मामिला तथा योजना मन्त्रालयले ल्याएको कार्यक्रम सामाजिक विकासले ल्याएको कार्यक्रम कृषिले ल्याएको कार्यक्रम र मलाई लाग्छ यो कुनै पनि माननीयलाई सोधेर आवश्यकता के हो तपाईंहरूको जिल्लामा आवश्यकता थियो तपाईंहरू जानु हुन्छ जनताको आशा के हो ? तपाईंहरूले के बोल्नु भएको छ भनेर ल्याएको जस्तो मलाई लाग्दैन किन भने यी कार्यक्रमले काहीं कत्तै पनि छोएको छैनौं भने काहीं चाहिँ धेरै जिल्लालाई क्षेत्रलाई ठाउँलाई ओगटेको पनि मैले यहाँ पाइरहेको छु । र हामीले यो सबै किताब सरसर्ती पढ्दा खेरि म त आफूलाई के लाग्छ भने मैले यो भन्दा विगतमा अथवा यो भन्दा अगाडि ०७५/०७६ को नीति तथा कार्यक्रममा पनि र ०७४/०७५ को नीति तथा कार्यक्रममा पनि बोलिरहेको छु । दैलेख जिल्लालाई उपक्षेति नै गरिएको छ । कि यो प्रदेश भन्नु पर्यो दैलेख जिल्ला सम्पन्न छ सुखी छ साधन स्रोतले सम्पन्न भएको जिल्ला हो यसलाई कुनै पनि कुराले केही पनि चाहिँदैन भनेर भन्नु पर्यो । र हामी त्यसो भए पछि दैलेख जिल्लालाई केही पनि माग्दैनौं होइन भने हाम्रा कुरा पनि सुनाउनु पर्यो सुन्न पर्यो कि हामीले पनि आज ६/६ जना माननीय भएका छौं र १/१ बुँदामा हामीले १/१ योजना मागेका छौं । र ती कुनै पनि योजना चाहिँ परेको छैन । यो किताब हेर्दा खेरि हामी चाहिँ यो प्रदेश सरकारबाट सम्मानननीय भएको महसुस भइरहेको छ । मैले त हिजो पनि भनेको थिए म यो सदन बोल्दिन मलाई बोल्न मन लाग्दैन किनकी हाम्रो एउटै पनि माग पूरा छैन हामी के मुखले जिल्ला फर्कने कर्णाली प्रदेशको समृद्धिको लागि हो भनेर भन्नुहुन्छ भने हामी दैलेख जिल्लालाई केही पनि चाहिदैन । हामी विगतका हाम्रा जहाँ जहाँ पिछडिएका जिल्ला छन् त्यसलाई हामीले सहयोग पुर्याउछौं । होइन समग्र सबै जिल्लालाई समेटेर लिने र १/१ जनाबाट सम्पन्न बनाउने हो भने कुनै न कुनै योजना त पर्नु पर्ने थियो नि त कुनै न कुनै माग पूरा गर्नु पर्ने थियो । आज निर्वाचित सामानुपातिकबाट आएका यी सदस्यहरूले कहाँ गएर मुख देखाउने मलाई त कस्तो म दैलेख जिल्लामा नर्फकिने जस्तो मलाई भइरहेको छ । किन भने मैले यो किताब हेरेको छु हेन्निर चित्त दुख्दा एउटै पनि सामाजिक मन्त्रालयको कुरा गर्दा त उहाँले पछि हाल्नु होला त्यो डल्लोभित्र गाठो परेको होला त्यो दिनुहोला हामी लिनेछौं । तर अहिले दुल्लु दैलेख संग्रहालय भन्ने मात्रै आयोको छ । त्यत्तिले दैलेखि लाई पुग्ला त अनि त्यत्तिले मात्रै अनि त्यही मात्रै हेरेर बसिहाले त त्यहाँ त्यहाँ क्षेत्रि , बाहुन पनि हुनुहुन्छ त्यहाँ जनजाति पनि हुनुहुन्छ त्यहाँ दलित हुनुहुन्छ त्यहाँ उपक्षित वर्गहरू छन् त्यहाँ महिलाहरू छन् तिनीहरूको लागि हाम्रो कार्यक्रम के त ? कर्णाली प्रदेशले दिने कार्यक्रम के त ? आज यो कुरा पाइरहेको अवस्था मलाई अलिकति

आक्रोस पनि आइराछ तर पनि म यो सरकारले ल्याएको कार्यक्रमलाई स्वागत योग्य नै ठान्दछु । हामी नयाँ छौं हामीले माग गरेका छौं हामी नयाँ परिवेशमा छौं त्यत्ति भनेर हामी झलुङ्गामा बच्चालाई पखन बाबु भन्दै झलुङ्गो हल्लाउदै गर्ने आमाले फुर्सद नपाए पछि झलुङ्गो हल्लाउदै एउटा हातले कुच्चोले घर बढाल्दै एउटा हातले झलुङ्गो हल्लाउदै गरेर बच्चालाई भुलाईन्थ्यो त्यसरी नै हामी भुलिरहेका छौं र भुलाउने प्रवृति पनि भइरहेको छ । मेरो अलिकति सुझाव धेरै त्यस्तो केही पनि छैन म यो सुझाव पनि नदिम कि जस्तो मलाई लागेको हो तर आफूलाई लागेको कुरा बोलिन भने कहाँ गएर बोल्ने आफूले भन्नु पर्ने ठाउँमा भनेन भने कहाँ गएर भन्ने त्यही हिसाबले चाहिँ म सानो थोरै मात्रै अलि कति सुझाव राख्न चाहन्छु । जुन चाहिँ आन्तरिक मामिला तथा कानून मन्त्रालय यसलाई म धन्यवाद पनि दिन चाहन्छु किनभने आजसम्म हामीले म सुरूमा काहीँ गए भने पछि कारागारमा बसेका कैदिहरू जुनसुकै हिसाबले कैदि भएता पनि जुनसुकै हिसाबले जुनसुकै पिडाले अनिहरू कैदि भएर बसेता पनि उनीहरू त्यो साँगुरो ठाउँमा आफूलाई दिन भुलाउन नै गाह्रो समय पास गर्न गाह्रो भएको अवस्थामा आज चाहिँ कारागार बन्दि सिप विकास तालिम अथवा कार्यक्रम भनेर ल्याउनु भएछ यो स्वागत योग्य छ किनकी म हामी समानुपातिकलाई त कारागारका कैदिको पनि भोट चाहिएको हो । त्यति खेर म कारागार पुग्दा खेरि उहाँहरू सबैसँग के भन्नु भथ्यो भने यदि हजुर माननीय हुनुभयो भने हामीलाई आय आर्जन सिप मूलक कार्यक्रम यो कारागारभित्र हामीले जे गर्न सक्छम त्यो दिलाई दिनु होला र हाम्रो समय पनि पास हुने छ र हामीलले यहाँ बाट निक्लिदा सिपहरू सिकेर बाहिर निस्कने छौं र तपाईंहरूलाई धन्यवाद दिने छौं भन्नु भएको थियो आज म हाम्रो आन्तरिक मामिला कानून मन्त्रालय अथवा हाम्रो मन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु । त्यस्तै गरी कानून तर्जुमा मानव अधिकार सूचनाको हकसम्बन्धी अन्त्यरक्रिया कार्यक्रम यो साह्रै राम्रो कार्यक्रम छ । हामीले यो कार्यक्रम चाहिँ जान्ने मान्ने ठूलाबडा मात्र होइन तल तल भूगोलमा बस्ने ग्रामीण क्षेत्रका मान्छेहरूलाई पनि यो कानूनसम्बन्धी प्रशिक्षणको आवश्यक छ । अथावा अन्त्यर क्रियाको आवश्यकता छ यसलाई तल तलसम्म पुर्याउनु होला भन्ने मेरो हजुरहरूलाई सुझाव छ । त्यस्तै सुधार गृह स्थापना भन्नु भएको छ यो चाहिँ कुनै पनि लोनमा अथवा कुनैसँग साझेदारी नगरेर प्रदेश सरकारले नै सुधार गृह नै स्थापना गरोस् र प्रदेश सरकारले नै चलाओस् किन भने आज छोराछोरीहरू दुर्वेशनमा लागेर रक्सी जाँडका लतमा गाजाँ चरेसका लतमा आमाबाबुलाई सताइरहेको कुनै ठाउँमा एक ठाउँमा नबसिरहेको तर आबाबुवालाई पिडा छ कहाँ लगेर राख्ने मासिक आठ हजार १३ हजार १२ हजार त्यस्तो किसिमको शुल्क तिरेर बस्नु पर्दा बसाल्नु पर्दा आमा बाउले नसक्ने स्थिति आउनाले म के भन्न चाहन्छु यो सरकारले नै जिम्मा लिए राम्रो हुनेछ भन्ने म सुझाव दिन चाहन्छु । सामाजिकका कुराहरू सबै कुराहरू आइसक्यो दैलेखलाई चाहिँ छुनुभएको रैनछ अब फेरि पनि छुने काम गर्नु होला भन्दै अर्को कुरा के छ भने महिला

बालबालिकाका कुराहरू दोहोरो तेहोरो मात्र हैन चौथोसम्म पनि दोहोरिएका छन् २०० बाट लिएर ५३ बाट लिएर २०१, २२१, त्यस्तरी दोहोरिएका छन् तर यी महिला बालबालिकाका कुराहरू अथवा महिला हिसां पीडितहरू महिलाहरू आज महिला हिंसा मात्र होइन महिला हिंसामा धेरै प्रकारहरू छन् । महिला मानसिक हिंसा, महिला घरेलु हिंसा, महिला शारिरीक हिंसा, महिला सामाजिक हिंसा विभिन्न प्रकृतिका हिंसाहरू महिलाहरूमाथि भइरहेको छ । आज सामाजिक हिंसा गरी भइरहेको बोलामा महिलाहरू बोल्न सकिरहेका छैनन् र घरेलु हिंसा सब भन्दा महिला पीडित हुने घरेलु हिंसाबाट हुनुहुन्छ । किनकी उहाँ घरमा पीडित भएर बसिरहनु भएको छ तर बाहिर आवाज उठाउन सक्नु हुन्न । मैले बाहिर ल्याए यो कुरा भनेपछि घरबाटै म पछारिनु पर्ने हो कि त्यस्तो किसिमको हिंसा चाहिँ महिलाहरूमा भइरहेको हुनाले यहाँ हिंसाका धेरै प्रकृतिहरू आएका छन् प्रकृति बाहेक यो बजेटहरू छुट्टाएर महिलाहरूको कार्यक्रम ल्याउनु पर्छ कि भनेर म यहाँहरूलाई सुझाव दिन चाहन्छु । त्यस्तै कृषिमा पनि थुप्रै कार्यक्रमहरू आएको छ तर यो चोरी डोकाबाट गयो कि भ्यालबाट गयोकि हामीले भनेका कार्यक्रमहरू यहाँ समावेश भएका छैनन् तर म यो राम्रो छ स्वागत योग्य छ चामुण्डा नगरपालिकालाई चामुण्डा गाउँपालिका भनेर आउँदा खेरि के लाग्यो त भने पछि यो कुनै व्यक्तिले अथवा कार्यकर्ताहरूले हामीसँग हुने कार्यकर्ताहरूले यो कार्यक्राम हाल्नुपर्छ कि भनेर त्यसरी कुनैबाट छिरेको कार्यक्रम हो कि भनेर मलाई शंका लाग्छ । यदि यसो तपाईंहरूले गरिदिनु भयो भने हामी माननीय भएको कुनै पनि औचित्य हुनेछैन । हामी माननीयहरू हिमबहादुर शाही, धर्मराज रेग्मी होस् या मिना रखाल होस या राज बहादुर शाही सभामुख हुनुहुन्छ । जसले पनि तपाईंहरूसँग हामी कार्यक्रम मागेछौं हात थापेका छौं कमसेकम एउटा मात्रै कार्यक्रममा राखिदिनुस् एउटा मात्र पार्दिनुस् मैले अघि पनि गरेको छु यो कुरा । (माननीय सभामुख– समयलाई ध्यान दिऊ माननीय सदस्य ।)
र यसरी कार्यक्रम आएका छन् कार्यक्रम पाएका छन् हामीले यो कार्यक्रम स्वागत योग्य गर्दैछौं, गर्छौं तर पनि हाम्रो पनि मर्म बुझिदिनु होला भन्दै यहाँहरूलाई धन्यवाद दिन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री राजु नेपाली ।

**माननीय श्री राजु नेपालीः-** सभामुख महोदय, यो २०७५ को बजेटसम्बन्धी छलफल गर्दै जादा धेरै माननीय सदस्यज्यूहरूले बोलि सक्नु भएको छ र बोल्दै बोल्दै जादा काम कुरो एका तिर कुम्लो बोकि ठिमि तिर त्यस्तै मलाई लागिरहेको कुरो धेरै दिन भयो हामी धेरै जनताले हामी प्रति आशा गरेका भरोसा गरेका हामीले सरकारसँग आशा गरेका हामीले सरकारसँग भरोसा गरेका हामीलाई त्यो रातो किताब कतिपयले त पुरानै होला सायद हामी नयाँ संरचना नयाँ र प्रदेशका माननीय कतिपय नयाँ छौं कहिकतै त्यो रातो किताबको हामीलाई त्यति थाहा पनि नभएको असाध्यै रातो किताब आउँछ भन्दा त असाध्यै खुसी हर्षित पनि भयौ । रातो रातो त अचम्मै राम्रो हुन्छ । लालिगुँरास पनि

रातै हुन्छ गुलाव पनि रातै हुन्छ तर असाध्यै राम्रो हुन्छ के तर राम्रो हुन्छ राम्रो त त्यहाँभित्र हेर्दा अलिकति नबोलौ भन्दा पनि अलि-अलि बोल्ने मन लागिराछ । किनभने मन्त्रीज्यूहरू पनि एउटा मन्त्रीले चारवटा मन्त्रीले गर्ने काम सायद गर्नु परिराख्या हो कि जस्तो लाग्छ मलाई । त्यो पनि अफ्ठ्यारो सारो गाह्रो त्यही पनि पर्यो होला । एक त नयाँ संरचना नयाँ मन्त्रीज्यूलाई एउटा भनु भौतिक मन्त्री हो भने भौतिकको मात्रै काम भएको भए सजिलो हुन्थ्यो एउटै भौतिकमा पनि सिंचाइ त्यही छ । अब त्यो धेरै कुराहरू त्यहाँ भएको कारणले पनि उहाँहरूलाई असाध्यै गाह्रो पनि भएको महसुस लागेको छ । किन भने हो हामी पनि त्यो ठाउँमा गएको भए हामीलाई पनि अप्ठ्यारै हुन्थ्यो होला । किन अप्ठ्यारै हुन्थ्यो । अब उहाँहरूले अफ्ठ्यारोको बाबजुत पनि यहाँ रातो किताब ल्याइसक्नु भएको छ । त्यसमा धन्यवाद दिनुपर्छ किन भने अफ्ठ्यारोसँग जुद्दै उहाँहरू पनि रात दिन खटिरहनु भएको थियो । दौडौं धुप थियो निकै हामी बजेट कहि कतै पाइन्छ कि हाम्रा कार्यक्रम पर्छन कि भन्दै हामी जादै गर्ने हो उहाँहरूलाई दौडा दौड क्याविनेट भन्दै उहाँहरू पनि दौडा दौड गरेकै कुरो हो । हाम्रो त्यस मध्य मेहेनत गर्नु भएको थियो । धेरै-धेरै शीर्षकहरूमा रहँदा हामीले पहिला त सामाजिक मन्त्रीज्यूका धेरै कुरो आयो उहाँले शिक्षा पनि हेर्न पर्ने स्वास्थ्य पनि हेर्नु पर्ने र त्यस्तै संघसस्था पनि हेर्नु पर्ने सबै कुरो हेर्नु पर्ने थियो । तर यो पाना वाईच शिक्षाको एउटा पाना सरररर राख्ने स्वास्थ्यको एउटा पानामा राख्दिने र अब संघसस्थाको समाजिकको एउटा पानामा भइदिएको भए हामीलाई हेर्न पनि सजिलो हुन्थ्यो होला । र हामीले यस्तो भएन भन्ने हुन्थ्यो । एउटा हरफमा लेखिएको छ शिक्षा अर्को हरफमा छ स्वाध्य र अर्कोमा छ समाजिक यस्तो गर्दा खेरि हामी अझ कताकता उ भय जस्तो लाग्छ । अबका दिनहरूमा ध्यान दिनुपर्ला । र धेरै पटक भन्दै भन्दै आइराखेको कुरा आन्तरिक मामिलालाई सायद म धन्यवाद पनि दिन चाहन्छु । यो प्रदेश नयाँ हो संरचना नयाँ हो नयाँ एउटा संरचनामा प्रदेश सरकारले नै हेर्ने गरी सुधार केन्द्र बन्ने छ । सुधार केन्द्रको मात्रै नाममा मात्रै नभएर त्यहाँ तलसम्म बस्ने खाने अनि जाउ बाबु भन्ने पनि हैन फेरि उनीहरूलाई आयआर्जनका काममा लाउने र उनीहरूको केही दिन हतसम्मलाई तिनीहरूलाई यो व्यवस्था गरिन्छ । तिमिहरूले यो काम गर्नु अब त्यस्ता कुलतमा नलाग्नु भन्ने जस्तो शिक्षाहरू पनि त्यहाँ दिन जरूरी छ । अब यस्तै अब कृषि तिर पनि जादा कृषिमा त धेरै कार्यक्रममा सबै स्वागत स्वागत गर्नु भयो मैले पनि महिलाको स्वागत नै गर्छु । तर माननीयज्यूहरूले बोलेका कुरा त देखिएन हामी माननीयज्यूहरूले पनि बोलेका थियौं यहीमाथि हामी सुर्खेतकै उत्तरी जलाधार तिर बाख्रा पालनको पकेट क्षेत्र भनेर बोलि रहँदा अब हामी पकेट क्षेत्र कुनै ठाउँमा स्याउ क्षेत्र कुनै ठाउँमा अब गाई अब यस्तरी आउँछ कि भनेको तर त्यो देखिएन के पकेट पकेट भन्दै गयौ तर जादा फेरि के भो भने कनिका झै गर्ने भो कनिका छर्ने झै गयो यसलाई पनि अलिकति सच्चाउन मिल्छ भने सच्चाउ नभए अर्को पटकलाई ध्यान दिनुहोला । र मलाई भौतिक

मै पनि अलिकति भन्ने मन लाग्यो कुरो त उठेकै पनि थियो उठिरहँदा रहदै पनि मूलपानी, फलाटे, गिरिघाट हुँदै तेलपानी, भुरिगाउँ यसलाई अलि के चर्को स्वर पुगेन कि सायद म पनि बोल्दा सानै सानै स्वरले बोल्ने यलाई पनि अलिकति ध्यान दिनु पर्थ्यो कि यो अत्यन्तै आवश्यक भन्ने छ र कता-कता अस्थिन त कता कता कार्यक्रमा अझ सुरूङ्ग मार्ग भन्ने पनि आथ्यो तर त्यो सुरूङ्ग मार्ग भन्दा पनि पहिला यलाई चाहिँ पूरा गर्ने र जनतालाई सहज र छिटो तरिकाले वातावरण बनाउने हो कि काम गरिरहेकै छ त्यसलाई चाहिँ अलिकति ध्यान दिनु पर्ला भन्ने लाग्यो । र यहाँ हामी अब कतिपय कुराहरू सच्चाउनु पर्ने छन् तर सच्चाउन मिल्ने नमिल्ने केहो एक पटक फेरि पनि अब कर्णाली प्रदेश सरकारले बसेर आफूलाई केही सच्चाउन मिल्छ भने यो सबै माननीयहरूको चित्त बुझाउने तरिकाले आउनु होला भन्ने मेरो भनाइहरू राख्दै, हवस् त धन्यवाद !

**माननीय सभामुखः–** माननीय श्री शोशिला शाही ।

**माननीय श्री शोशिला शाहीः-** सभामुख महोदय, मैले त मेरो नाम छिट्टै आउछ कि भन्ने आश गर्दा गर्दै लगभग मेरो पछाडि पनि अर्को जना छ कि छैन भन्ने आस मारिसकेथे नाम आउदैन होला सोचेको थिए तैपनि आयो ढिलै भए पनि अब अगाडि नै आउनु पर्छ भन्ने छैन जति खेर पनि आफ्नो कुरा राख्न सक्यो हैन सभामुख महोदय । आज हामी कर्णाली प्रदेशको दोस्रो अधिवेशनको २५ औं बैठकमा उपस्थित भइरहेका छौं । आगामी अब ०७५/०७६ को बजेट विनियोजित भइरहेको छ । सभामुख महोदय, यत्रो दिन बितिसक्दा पनि पुरक बजेट किन आउन सकेन सभामुख महोदय, बजेट ल्याउनु भन्दा पहिला नीति तथा कार्यक्रममाथि व्यापक छलफल भएकै हो । सभामुख महोदय, छलफलमा उठेका कुराहरू सम्वोधन हुँदै हुँदैन भने त्यो केका लागि छलफल भएको हो मैले बुझ्न सकिन सभामुख महोदय, यहाँ भनिएको थियो सांसदहरूलाई प्रत्येक दिन तपाईंका क्षेत्रका योजनाहरू पेश गर्नुस अनि यो योजनाहरू पनि दिने काम भयो भयो खै त योजनाहरू कता लेखिएका छन् कहिले सम्वोधन हुने हुन सभामुख महोदय, बोल्नेको कनिका बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भन्छन्न त्यही भयो कि सभामुख महोदय, भनिन्छ एउटा रूखबाट सलाईका दशौ लाख काटिहरू बनाऊ छन् बनाउन सकिन्छ तर जब समय आउछ एउटै काटिले पनि हजारौ रूखहरूलाई जलाई दिन्छ जलाई दिन सक्छ सभामुख महोदय । त्यसकारण पद र शक्तिको सहायताले कर्णाली प्रदेशका गरिब सोझा-साझा जनतामाथि खेलवाड खेलवाड गर्न हुन्न भन्ने सुझाव दिन चाहानछु । सभामुख महोदय, आज हामी सांसदहरूलाई कार्टुन बनाउने काम नगरियोस् सभामुख महोदय, सत्तामा पुगिसके पछि बुद्धिमानले पनि बुद्धता गुमाउँछ भन्थे आज कहिले काहीं केही भयो कि भन्ने मलाई आवाज भएको छ सभामुख महोदय, साथै यो बजेटको पेरीफेरी हेर्दा कहिले कतै पहुँच र शक्तिको लगन गाठो परेको हो कि भन्ने महसुस भएको छ । सभामुख महोदय, सम्पूर्ण बजेटमा नै त्रुटी छ भन्ने हैन तर त्यस्ता बारेमा सांसदज्यूहरूले कमि कमजोरीहरू औंल्याईं सुझाव दिइ सक्नु भएको छ । म त्यसतर्फ तिर फेरि

कोटयाउन चाहन्न । सभामुख महोदय, तर बजेट ल्याउने विषयमा सानो सानो विषयमा त्रुटी भयो भने सभामुख महोदय, एउटा अङ्क शुन्ना र अक्षरले पनि धेरै ठूलो फरक पर्न सक्छ र अर्को पनि अर्थ अनर्थ लाग्न सक्छ त्यही भएर अझै त्रुटी सच्चाएर पुरक बजेट ल्याइयोस् भनि सुझाव दिन चाहन्छु । सभामुख महोदय, बजेट भाषण हुन भन्दा पहिला हाम्रो कृषि मन्त्रीज्यूले आफ्नो मन्त्रालय अन्तरगत रहेर फेरि व्यापक छलफल पनि गर्नु भएको थियो साथै छलफलमा उठेका विषयवस्तु धेरै समेटिएका र सम्वोधन भइरा"छन् । सभामुख महोदय, म सत्यवती, इमान्दारी नारी हुन्छन्न भन्ने बोलि बोलिले भन्दा व्यवहारले प्रकट गरेको छ । सभामुख महोदय, भनिन्छ सम्पति नभएर गरिब भइदैन सम्पति नचिनेर गरिब भइन्छ यदि हामीले समयमै ध्यान दिएनौ भने भोलि त्यो अवस्था यो कर्णाली प्रदेशमा आउन नआउला भन्न सकिन्न । सभामुख महोदय, यस कर्णाली प्रदेश सरकारले प्रस्तुत गरेको बजेट भोलि कार्यान्वयन हुन नसक्दा जनमानसमा राम्रो विश्वसनियतामाथि प्रश्न उठन सक्छ । साथै आगामी बजेटका विषयमा कार्यान्वयनको पक्षलाई हामी सबैले ध्यान दिएनौ भने हामी असफल सावित हुनेछौं हामी असफल हुनु भनेकै सिङ्गै कर्णाली प्रदेश सरकार असफल हुनुका साथै संघीयतामाथिको प्रश्न चिह्न खडा हुन सक्छ । जुन कुराले कर्णाली प्रदेशको हित हुन्छ हामी सबैले त्यही गर्नु आवश्यक छ । तसर्थ यस कर्णाली प्रदेश सरकारले धेरै मेहेनतका साथ रातो किताब ल्याउनु भएकोमा धन्यवाद साथै शुभकामना दिन चाहन्छु । साथै सबैका आवाजहरू सम्वोधन गरियोस् भन्ने भनाइ राख्दै मैले २/३ शब्द फेरि राख्न खोजेको हो यसमा अब एउटा यो कर्णालीमा जस्तै राप्रपाले मात्रै बाटो ल्याएको छ त्यसमा मात्रै हिड्न पाईन्छ भन्न सकिदैंन कांग्रेसले ल्याएको छ त्यो बाटोमा हिड्न सकिदैंन सम्रग जनताको हितमा हामीले त्यस्तो उहरू बाटो अथवा खानोपानी सम्पूर्ण जनताको हितमा हामीले ल्यायै भने पछि अवश्यनै राम्रो हुनेछ जनताको हितको लागि यहाँ सरकारले एकदम गम्भीरताका साथ सोचेर आफ्ना त्यो योजनाहरू कहाँ पर्नेछन् कहाँ पर्दैनन् भन्ने होइन किन भनेपछि सबैलाई समेटेर जनताले सुख समृद्धि आउन भन्ने म आशा राख्दछु राप्रपा एक्लै हो नसोचदिनु होला तर किन भनेपछि यहाँ अब बोलाइको क्रममा अगाडि पछाडि हो कि कस्तो हो यो खासै मैले बुझिराछैन यसलाई चाहिँ सभामुखले अलिकति ध्यान दिनुहोला भन्ने आग्रह गर्दछु किन भनेपछि अब नबुझेको कुरालाई सरकारसँग अथवा संसदमा केही भन्दा खेरि कहि पाईन्छ कि भन्ने हो त्यसकारणले हजुरहरूले अवश्य यो कुरालाई एकदम मध्यनजर राखिदिनु हुनेछ भन्ने आशाका साथ आफ्ना दुई शब्द यही टुङ्गगाउन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः**– माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेशसभा सचिवालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयका शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (६)बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वधार विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमा दफावार छलफलका लागि २०७५ असार १६ र १७ गतेको दिन निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, अब यो बैठक मिति २०७५ साल असार १६ गते शनिबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-२६
(२०७५ असार १६ गते शनिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको २६ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमाथि दफावार छलफल सुरू हुन्छ ।

सर्वप्रथम माननीय श्री जीवन बहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, जब बोल्ने पालो आउँछ, आफैलाई देखेर आफै हाँसो लाग्छ र कता-कता सिस्टमलाई अगाडि नबढाउ, कसरी अगाडि नबढाउ, हुन त यहाँ अर्तिउपदेश पनि धेरै नै पाइन्छ । आज कुन-कुन मन्त्रालयको छलफल हो, छलफल हुँदा सम्बन्धित मन्त्रालयका मन्त्री चाहिने हो कि नाई, अब मन्त्रीहरू नहुँदा रोष्टम घेरिएर कार्यक्रम बन्द भएका इतिहास पनि छन । तर आज म चर्चा गर्न चाँहदिन सभामुख महोदय, तर जसको जसको विषय हो उहाँहरू उपस्थित हुन जरूरी हो भन्ने कुरा चाहिँ म सभामुख महोदयमार्फत्, यो गरिमामाय सदनमा जानकारी गराउन चाहन्छु । म आज विशेषत यो मन्त्रालयको विषयगत अर्थात दफावार छलफल गर्नु भन्दा पनि दफावार छलफलमा मैले कुरा किन नराखे भएको छु भने, अस्ति ब्रेक डाउन भएर बजेट आएन भन्ने भए पछि, सरकारसँग हाम्रो वार्ता भएको छ । सरकारले कार्यक्रम ल्याउनु भन्दा अगाडि अर्थ मन्त्रालयमा यसका कार्यक्रमहरू आउँछन्, त्यो कार्यक्रम आए पछि त्यसको ब्रेक डाउन भएको एक प्रति हामी लिन्छौं भनेर आर्थिक मामिला मन्त्री तथा योजना मन्त्रीज्यूले त्यो आश्वासन दिएको हुनाले हामी त्यसैको विश्वासमा रहेका छौं तर आज एउटा ठूलो संकट आएको भन्ने मलाई लाग्छ । जरूरी सार्वजनिक महत्वको कुरा हो, सभामुख महोदय, एउटा ठूलो संकट के आउन लाग्यो भने हामीलाई ठट्टाको विषय हुन सक्ला तर यो मुलुकमा अब संघीयता रहन्छ कि रहदैन भन्ने कुरो प्रश्न उठिरहेका छन्, सभामुख महोदय, म एउटा केन्द्रले गरेको निर्णय सभामुखज्यूको अनुमतिले पढेर सुनाउन चाहन्छु । यो सदनलाई जरूरी सार्वजनिक महत्वको प्रस्ताव आएको छ, देशमा निर्माणधिन अवस्थामा रहेका चालु आ.व. २०७५/०७६सम्म सरकारको छनौटमा परेका खानेपानी, सडक, ढल, पुलपुलेसा, सिंचाइ र अन्य आयोजनाहरू सम्पन्न गरी तल प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउन आवश्यक भएकोले छलफल गर्नु पर्नका कारण केन्द्रको स्रोतबाट निर्माणधिन आयोजनाहरू अलपत्र हुन सक्ने र समयमा नै सम्पन्न हुन नसक्ने र विकास निर्माणमा गम्भीर असर पर्ने भएकाले ती आयोजना समायमा नै सम्पन्न गर्न आवश्यक भएकाले यसमा चाहिँ खगराज

अधिकारी माननीयज्यूले प्रस्ताव गर्नु भएको छ र समर्थनमा माननीय विशाल भट्टराई र ध्रवकुमार शाहीज्यू हुनुहुन्छ । यसको अर्थ के जनायो भने सभामुख महोदय, प्रदेश सरकार सक्षम छैन, स्थानीय सरकारको काम छैन, केन्द्रले नै हरेक कार्यक्रम आफैले गर्नुपर्छ भन्ने मनशायले यो आयो । कतै हामीले प्राप्त गरेका अधिकारहरू फेरि केन्द्र तिर फिर्ता गर्नको लागि यो प्रस्ताव आएको त हैन । त्यो जटिल विषय हो, किन कि हामी चाहन्छौ २०७५/०७६ मा कति वटा योजना हामीले सशर्त अनुदानमा देख्यो २० हजारका योजना पनि केन्द्रले पठाएको छ सभामुख महोदय, २ हजारका कार्यक्रम पनि पठाएको छ यस्तै हुने हो भने कुल २० करोडको योजना पनि छन्, २० हजारका योजना पनि छन्, २० करोडको ०७५/०७६ मा सम्पन्न भएन भने के ०७७/०७८ मा पनि त्यही राख्ने ०७८/०७९ मा पनि त्यही राख्ने, त्यो हो भने केन्द्रिकृत शासन लागु गर्न खोजिएको हो, भन्ने हामीलाई भान भयो । त्यसकारण यो सार्वजनिक महत्वको विषय आज यस सदनमा उठाउनु पर्छ भन्ने लागेर मैले सदनमा उठाएको छु, सभामुख महोदय । हामीले एकचोटीलाई त्यो कुरा स्वीकार गर्यौं किन कि भर्खर संघीयता लागु भएको छ, प्रदेश सरकाहरू गठन भएका छन्, अब बारम्बार यो हुन सक्दैन । त्यसैले मैले बेला-बेलामा मैले सम्माननीय सभामुख भनेर सम्वोधन गर्ने गरेको छु । भलै हाम्रो नियमावलीमा संविधानमा त कसैको पनि लेखेको छैन । प्रधानमन्त्रीलाई सम्माननीय लेख्नु केन्द्रको सभामुखलाई सम्माननीय लेख्नु भनेर संविधानमा लेखेको छैन तर मैले किन विषय बारम्बार उठाउँदै आएको थिए भने आज सात वटा प्रदेश भइसकेपछि सात वटा सरकार र संसदको गरिमामा पनि त्यतिकै महत्वपूर्ण छ । त्यो गरिमालाई हामीले राख्नुपर्छ । त्यो गरिमालाई हामीले राख्नका लागि, मैले बारम्बार सम्माननीय सभामुख भन्दै आएको थिए सभामुख महोदय आज देखियो हामी ससदहरूको मर्यादा सह-सचिव भन्दा तल छ, अब अर्को ठूलो समस्या छ, केन्द्रका संसदज्यूहरू हामी भन्दा एक स्टेपमाथि हुने नै भयो तर मन्त्रीभन्दा पनिमाथि हुने भयो र यहाँ मैले देख्ने गरेको छु जुन बेला केन्द्रबाट संसदज्यू आउनु हुन्छ, त्यो बेला उहाँहरू प्रमुख अतिथि भएको बेला मन्त्रीज्यूहरू जानु हुन्न किन कि उदाहरण मन्त्री भइ सकेपछि त संसदभन्दा त ठूलो नै हो तर कानुनले त त्यसो भनेन, त्यस कारणले कानुन तिर नै लाग्ने हो भने सबै तिर लाग्नु पर्ने छ होइन भने कानुनलाई संशोधन गर्ने र हाम्रो मर्यादालाई बढाउनका लागि पनि हामीले यी कुराहरू अगाडि बढाउन आवश्यक छ, भन्ने मलाई लाग्छ, सम्माननीय सभामुख महोदय, यो चाहिँ सदनले गम्भीरतापूर्वक लगेर यसलाई हामीले पास गरेर पठाउनुपर्छ कि अब उप्रान्त केन्द्रका योजनाहरू एकचोटीलाई भयो, अब केन्द्रले गर्ने होइन, केन्द्रले हामीलाई अनुदान दिने हो, सशर्त अुनदान होइन, समपूरक अनुदानहरू दिने कुराहरू दिनुपर्छ, किन कि त्यो केन्द्रीय सरकारले आफनो खल्तिबाट मात्र दिएको होइन, हाम्रा आमजनताबाट उठाएको करलाई विभाजन गरेको हो, त्यसकारण यसलाई गम्भीरतापूर्वक लानुपर्छ भन्ने लाग्छ । अर्को एउटा ठूलो समस्या हाम्रो प्रदेशमा परेको छ सायद आजसम्म हामीले

सहजताकै रूपमा लगिरहेका छौं तर सदन राम्रोसँग चल्न सकेको छैन । हिजो कुराहरू निस्के, यो सदनमा पनि सरकारमा पनि अलिकति उरन्ठयाउलो कुराहरू आए कि भन्ने लाग्छ तर मैले हेरीरहेको छु, सभामुख महोदय । यो नेपाल कम्युनिष्ट पाटी भएर, हामीले यिनीहरू टाँस्यौ न आजसम्म संसदीय दलको ठेगाना छ न सचेतकहरूको ठेगाना छ, सभामुख महोदय, हामीले आज आत्माले मान्ने हिजो थियो भनेर मान्ने कुरा एउटा कुरा हो, कानूनी रूपले नभएको कारणले आज कुनै पनि कुराहरू अगाडि बढनलाई कठिनाइ भएको छ, समितिहरू बनेको चार महिना भयो हामीले अध्यक्षको चयन गर्न सकेका छैनौं । चार महिना भएर हामीले अगाडि बढाउन सकेका छैनौं, हाम्रा धेरै विधेयकहरू समितिमा पठाएका छौं आज विधेयकहरू थन्किएका छन्, ती विधेयकहरूको निर्णय गर्न सकिरहेका छैनौं, त्यो जटिल विषय हो, जसले गर्दाखेरि भोलि फेरि एकदिन आउने छ, कानूनी रूपले हामी अगाडि बढन सकेनौं, कानुन हामीले मान्न सकेनौं भन्ने कुराहरू आउन सक्छ, त्योमा पनि मेरो कुनै आग्रह पुर्वाग्रह पनि छैन, अब एउटा कित नेकपा एमाले र माओवादी भनेर बस्नु पर्यो अनि त्यहाँबाट बल्ल प्रमुख सचेतकज्यूहरू हुनुहुन्छ होइन भने अहिले शून्यताका समयमा शुन्यताको अवस्थामा पाटी रहेको छ, यसरी यो प्रदेश अगाडि बढन सक्दैन विचार गर्नुपर्ने हो कि होइन, यी कुराहरू अत्यन्त महत्वपूर्ण कुरा हरू भएको हुनाले यसकै कारणले पनि आज हामीले अध्यक्षको सपथग्रहण गराउन सकेका छैनौं । भलै सम्माननीय सभामुखज्यूले भएकालाई जेष्ठ सदस्यहरूलाई सपथ गराउने कि भन्ने तर दुई-दुई पटक सपथ कसरी गराउने जेष्ठलाई बनाऊ चार दिन पछि सपथ भइसकेपछि उसले पाउनु पर्ने कानुनले पाउनु पर्ने सुविधाहरू प्राप्त गर्नुपर्छ । त्यसकारण यो कुरालाई पनि सभामुखमार्फत् यो सम्मानित सदनलाई अनुरोध गर्न चाहन्छु । हामी हाँसो र ठट्टामा लागिरहेका छौं, साना साना कुरामा लागिरहेका छौं । तर यो निर्माण गर्ने कर्णाली प्रदेशका लागि हामीले सोच्यौं कि सोचेनौ । आजसम्म हामी बोलेनौ, किन बोलेनौ भने हुँदै होला तर अहिले आएर यो पाटी एकीकरण भएको पनि करिव एक महिना भइसक्यो । केन्द्रमा यसले मान्यता प्राप्त गरिसक्यो अरू सबै प्रदेशमा संसदीय दलका नेता बनिसके । अरू सबै प्रदेशमा सचेतक बनिसके । वास्तवमा हामीले त स्वीकार मात्र गरेको हो । यहाँ कोही संसदीय दलको नेता छ कोही सचेतक र प्रमुख सचेतक छ यसले गर्दा खेरि घाटा कसलाई भयो भन्दा सिङ्गो कर्णाली प्रदेशलाई भएको हुँदा खेरियसलाई पनि गम्भीरतापूर्वक अगाडि लगियोस् भन्न चाहन्छु सभामुख महोदय, अब यो बजेटका विषयमा मैले अघि नै भनी सके, म भन्न चाँहदिन, तर यहाँ सबै तालिम राख्न पनि आफ्नातर्फका कसैका लागि तीन करोड रूपैयाँ छ, कसैकोमा एक करोड छ, कसैकोमा पच्चिस लाख दिइएका छन्, यसलाई भनि रहन जरूरी छैन । फेरि पनि अन्त्यमा के दोहोर्याउन चाहन्छु भने आर्थिक मामिला मन्त्रीज्यूले वचनबद्धता लाएर, म जथाभावी हुन दिन्न, नभएका कुरा हुन सक्दैन भनि सकेपछि, त्यही ढङ्गले हाम्रो अगाडि आएर बढने छ । यी कुराहरू जस्तै असंग्लन संगठनका लागि ढाई करोड राखेर

कहाँबाट हुनसक्छ भन्ने कुरा मैले राखेको होइन सभामुख महोदय, मैले राखेको होइन, माननीय संसदज्यूहरूले राख्नुभएको हो । ती कुरामा सत्यता छ । हिउँमा गएर संरक्षण गर्ने हो र यी दुरूपयोग हुने कुराहरू जो आएका छन ती कुराहरूलाई पनि सदुपयोग हुने ढङ्गले यो सदनले पनि गरोस् हामीले भन्ने गरेका छौं प्रतिपक्ष र सत्तापक्षको कुराहरू होइन, वास्तविकता हुने कुराहरूलाई सबैले साथ दिनुपर्छ भन्ने मान्यतालाई लिदै अघि उठाएका सार्वजनिक महत्वका कुराहरूलाई सबैले एकदम आत्मसाथ गर्नुहोला भन्ने आशा र अपेक्षा राख्दै मेरो भनाइ यही टुंग्याउछु धन्यवाद ! जयनेपाल !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमाथि दफावार छलफलमा भाग लिन चाहाने माननीय सदस्यहरूले रोष्टमका बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला ।

अब माननीय श्री चन्द्रबहादुर शाही, समय सात मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुखज्यू, पाप धर्म तेरा पेट पेल बुहारी बिटो सभामुख महोदय, हामी अब आ.व. २०७५/०७६ को बजेट हामी माझ जुन पेश भएको छ । यो विषयगत छलफलमाथि हामी यहाँ केन्द्रित रहेका छौं यहाँ म ताक्दो मुडा बन्चरो ताक्दो घेडा भने जस्तै हामी संसदज्यूहरूले यो बजेट छिटो छरितो जनताको माझ लैजाऔं, यही केन्द्रमा मात्र केन्द्रित नगरौं भनेर संसदज्यूहरू भनिरहनु भएको छ । हामी भनीरहेका छौं तर माननीय मन्त्री ज्यूहरू अहिले पनि अझै पनि घिरीघिरी गरिरहनु भएको छ कि त्यो बजेट अझै पनि मन्त्रालयमा मात्र सीमित राखेर अगाडि बढन खोज्दै हुनुहुन्छ । म यो जुन टेबुल गरिएको आ.व. २०७५/०७६ को यो बजेट छ यो बजेटलाई म हृदयदेखि नै स्वीकार्छु, किन भने यसले सबै क्षेत्र समेटछ । जातजाति, धर्म, लिंगदेखि लिएर हेर्दा खेरि काँही पनि केही बाँकी नराखेर समेटिएकोले म यसलाई आत्मदेखि समर्थन गर्दछु तर यहाँ के देखिएको छ भने सबै मन्त्रीज्यूहरू रतुवा जस्तै लाटो हुनुहुन्छ, त्यही रतुवा जस्तै लाटो भएकाले नै सर्प मरी हाल्ने र लौरी पनि नभाचिने गरेर यो ल्याइएको छ । संसदज्यूहरूले सबै कुराहरू यहाँ उठाउनु भएको छ । हामीलाई, संसदज्यूहरूलाई प्रदेशभित्रका योजना बाहेक अरूलाई जानु हुँदैन है भनेर अठ्याउने काम भयो तर अहिले मुख्यमन्त्रीज्यूको कार्यालयले डटपिन खरिद गर्ने काम पनि छोडनु भएको छैन । अनि अर्थमन्त्रीज्यूको कार्यालयमा अझै पनि कर्मचारीहरूलाई दुई प्रदेश बीच अनुभव आदान प्रदान-दुई वटा तालिम, अरू तालिम अब नपुगेर, इङ्गलिसबाट तालिम दिने, त्यसपछि अर्को अब अफिसका कर्मचारीहरूलाई उद्घोषक तालिम दिनेसम्म पनि छुटाउनु भएको छैन । अनि भौतिक योजना मन्त्रालय त त्यो बेला बुहारीय बिटो अब बिटो छ अब के हुने हो मैले त्यता तिर म जान चाहिन तर मैले यहाँ

सबै माननीयज्यूहरू एकछिन यो रातो किताब एकछिन हेरिदिनु होला म सभामुखज्यूलाई मैले थोरै समय पनि अनुरोध गरेको छु, यो रातो किताब एक छिन पल्टाएर हेरिदिनु होला । मन्त्रीज्यू मात्र जनताको अभिमतले भोट लिएर आउनु भएको रहेछ । हामीलाई त रूख वृक्षले भोट दिएर अरू संसदलाई त रूख वृक्षले भोट दिएर यो सम्मानित सदनमा आएको महसुस मलाई भएको छ । म अरू शीर्षकमा जान चाहन्न म सिरिप एउटा मन्त्रालयमा आधारित भएर यहाँ कहीं कुरा यहाँ राख्न चाहन्छु सभामुख महोदय, मैले यो उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मेरो हातमा छ सबै माननीयज्यूहरूले हेर्नु भएको छ । मैले अरू सबै यसमा पढिन दफा ३ मा अदुवा प्रशोधन केन्द्र भोटचौर सल्यान अब यो मन्त्रीज्यूकै होला, दुर्गम हिमाली जिल्ला डोल्पा र हुम्ला जिल्लामा स्थानीय पूर्ण अपाङ्ग तथा जेष्ठ नागरिकलाई सम्वोधन गरिएको छ, यो मन्त्रीज्यूकै होला, अनि त्यसपछि हुम्लाको सिमिकोट पर्यटन पार्क निर्माण यो पनि मन्त्रीज्यूसँग जोडिएको होला यस्तै गरेर यो २३ मा कालिकोटको पचाल झरना यो पनि मन्त्रीज्यू सँगै जोडिएको होला । डोल्पाको शे-फोक्सुण्डो भनिएको छ यो पनि मन्त्रीज्यूसँगै जोडिको होला रूकुमको स्यार्पुताल भनेर यो पनि मन्त्रीज्यूसँगै जोडिएको होला । अनि सिद्धकुमार पदमार्ग निर्माण सल्यान यो पनि मन्त्रीज्यूसँगै जोडिएको हो गुठीचौर बहुउद्धेशीय परियोजना यो पनि मन्त्रीज्यू सँगै जोडिएको छ । २८ मा काँक्रिविहार यो पनि मन्त्रीज्यूसँगै जोडिएको छ । २९ बुलबुले यो पनि मन्त्रीज्यूहरूकै क्षेत्रसँग जोडिएको छ, अनि दुनै भेरी नदी टापुमा पर्यटन पूर्वाधार विकास यो पनि मन्त्रीज्यूसँगै जोडिएको छ । अनि ३१ मा शिवालय पर्यटकीय पूर्वाधार विकास घाटगाउँ सुर्खेत यो पनि मन्त्रीज्यूसँगै जोडिएको छ, देवालगाउदेखि ठाकुरज्यू जाने पर्यटन मार्ग जुम्ला यो पनि मन्त्रीज्यूसँगै जोडिएको छ । खैरावाङ पर्यटन मार्ग सल्यान यो पनि मन्त्रीज्यू सँगै जोडिएको छ । मुस्ताङ्ग ढोरपाटनदेखि शेफोक्सुण्डो यो पनि मन्त्रीज्यू सँगै जोडिएको छ । ३६ मा पर्यटन पूर्वाधार तथा पदमार्ग निर्माण यहाँ पनि मन्त्रीज्यूसँग अब जोडिएको कुरा छ । गुरिल्ला पदमार्ग रूकुमदेखि कालिकोटसम्म यो पनि मन्त्रीज्यूसँगै र जोडिएको छ रूकुमदेखि कालिकोट जोडने भनेदेखि मुख्यमन्त्री र रूकुमको मन्त्रीज्यूसँगै जोडिएको छ । ४० मा लेक हुँदै खसकुण्ड चुलि दह पदमार्ग हुम्ला, यो पनि हुम्लाको मन्त्रीज्यूसँग जोडिएको छ । अनि पछि यार्सागुम्वा पाउने क्षेत्र मा हिमाली वन संरक्षण कार्यक्रम भनेर एक ठाउँ मात्र मन्त्रीज्यूले आफ्नो सुरक्षामा यो पनि मन्त्रीज्यूसँगै जोडिएको छ, नमूना वन उत्थान तथा गाउँ नगर हरियाली कार्यक्रम कालिकोट सुर्खेत जो ४७ मा यो पनि मन्त्रीज्यू सँगै जोडिएको र प्राकृतिक हिमाली चिडियाखाना निर्माणका लागि सम्भाव्यता अध्ययन भनीसकेपछि यो डोल्पा हो त्यो पनि अब मन्त्रीज्यूसँगै जोडिएको छ, यसो भएकोले मन्त्रीज्यूहरूलाई जोडिएर यसरी कार्यक्रमहरू वितरण हुँदा "तँ हाने जस्तै गरेइ, म रोय जस्तै गरूँला" भनेर जुन ल्याइका यी कार्यक्रमहरू छन्, हामीलाई रूख वृक्षले मत दिएको र उहाँहरूलाई जनताले मत दिएका हुन् । त्यसो भएको हुनाले सभामुखज्यू,

अझै पनि मन्त्रीज्यू तपाईंहरूका भैसीलाई पानी खुवाउने कुवा बाँकी छन कि । हामी पर्यटकीय ताल घोषणा गरी दिन्छौ अझै पनि हजुरका अनि छाउ पर्ने गोठ जाने गोरेटा बाटालाई अनि पर्यटन मार्ग बनाउनु पर्ने छ भने पनि अझै पनि हामी त्यो घोषणा गरिदिउँला, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दीनवन्धु श्रेष्ठ ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, आज हामी आ.व. ०७५/०७६ को विकास कार्यक्रममा छलफल गरिरहेका छौं । आजको छलफलमा परेको मन्त्रालयहरू मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा हामी छलफल गरिरहेका छौं । मलाई लाग्दछ, माननीय सभामुख महोदय, १४ गतेको पहिलो बैठकमा यो विधेयक आर्थिक किताब आउँदा खेरि कांग्रेसका प्रतिपक्ष दलका नेता माननीय जीवनबहादुर शाहीले आफ्ना केही कुराहरू राख्नुभयो । यो रातो किताब जुन आयो यसमा जुन कुराहरू उल्लेख भएर आउनु पर्थ्यो, छलफलका लागि ती कुराहरू यसमा उल्लेख नभएको कारणले छलफललाई अगाडि नबढाइयोस् भनेर केही समय सदन पनि अवरूद्ध भयो केही समयको छलफलबाट माननीय अर्थमन्त्री ज्यूबाट प्रष्ट रूपमा कार्यन्वयन गर्ने रूपमा हामी ल्याएर आउने भएपछि यो संसदको काम अगाडि बढयो । त्यसैले यहाँ माननीय सभामुख महोदय के राख्न चाहन्छु भने यो आर्थिक बर्ष ०७५/०७६ को बार्षिक विकास कार्यक्रममा छलफल गर्ने कुराहरूमा हामीले चौध गतेको दिनमा नेपाली कांग्रेसले राखेको कुरा यथावत छ । र त्यसमा छलफल गर्नका लागि कमसेकम कुन जिल्लामा कुन क्षेत्रमा, कति बजेट, कुन योजना हो । त्यो प्रष्ट भइसकेपछि हामीले छलफल गर्ने हो, जस्तो मलाई लाग्छ, हामीले जिल्लाका साथीहरूलाई पनि भनेका छौं, रातो किताब आउछ, त्यहाँ बजेटहरू कहाँ कहाँ विनियोजन भयो अनि हामी छलफलमा तपाइहुलाई भन्न सक्छौं, भन्यौ, अब गोलमटोल हिसाबले सबै बजेटहरू एकमुष्ट आएकोमा हामीले के छलफल गर्ने, छलफलका लागि मात्र छलफल हो भने हामीले बोलाउँ र राखौं, होइन भने त त्यो तपाईको क्षेत्र वाइज, कुन योजनाको बजेट कति, क्षेत्र कति भएपछि मात्र त्यहाँ आफनो कुरा राख्न सकिन्छ जस्तो मलाई लाग्छ । हो त्यो बजेटले पक्कै पनि मन्त्रीज्यूहरूलाई पनि हामीले शंका गरिहाल्नु पर्ने छैन तर सम्बन्धित मन्त्रालयका मन्त्रीज्यूहरू शंकाको घेरामा हुनुहुन्छ । किन उहाँहरूले प्रष्ट रूपमा यो रातो किताबमा मिलाएर ल्याउन सक्नुभएन । त्यो बाध्यता के हो समय अभाव हो कि यात उहाँहरूले हामी भोलि यो बाटा यो गर्न सक्छौं कि उहाँहरूले भोलि चाहेको ठाउँमा यो बजेट पर्छ अहिले हामीले बोली रहनु पर्दा मलाई लाग्छ यसको खासै सान्दर्भिकता छैन उहाँहरूले पछि ल्याउदा कहाँ पार्नु हुन्छ त, अनि हामी कहाँ गएर बोल्ने हो, त्यो बोल्ने त अहिले हो रातो किताबमा आएको बजेटमा विनियोजन भएको बजेटका योजनामा बोल्ने हो तर त्यो निश्चित रूपमा आएको छैन ।

हामीले हेर्यौं कृषि मन्त्रालयको केही  कुरा छ, त्यो पनि अस्पष्ट छ, आज छलफलका मन्त्रालयहरू पनि सबै अस्पष्ट छन्, यतियति भनेर अस्पष्ट किसिमले मात्र आएकोमा खासै छलफल गर्नुपर्ने मैले देखिन । यसपछि म अर्को कुरा के भन्न चाहन्छु भने यो बजेट ल्याउन हामीले यत्रो टाइम लगायौं । तर किन विषयगत हिसाबले प्रष्टसँग आउन सकेन त्यसकारण पुनः भन्न चाहन्छु मन्त्रीज्यूहरूको नियतमाथि शंका गर्ने यहाँ एउटा वातावरण बनेको छ । त्यसैले अब मन्त्रीज्यूहरूले भोलिका दिनमा विनियोजन कसरी गर्नुहुन्छ कहाँ-कहाँ पार्नु हुन्छ । कुन-कुन क्षेत्रमा विनियोजन कुन-कुन मापदण्ड अनुसार उहाँले विनियोजन गर्नुभएको छ, अब विनियोजित बजेट व्यवहारिक छैन । कतिपय ठाउँमा स्याउको खेती र स्याउको प्रवर्धन गर्नुपर्ने होला, जहाँ स्याउ नहुने ठाउँमा त्यहाँ ओखर होला, ठाउँमा दिएको छ, कतिपय ठाउँमा कुन कुराको आवश्यकता छ यसलाई बढि ध्यान नदिएर नभएको ठाउँमा ती कुराहरू राखिएको छ । यसको कार्यान्वयन पक्षमा जटिलता मात्र म देख्दछु । माननीय सभामुख महोदय, म केही  कुराहरू अलिकति अब यहाँ माननीय अर्थमन्त्रीज्यूले यसलाई हामी भोलि डिटेलमा ल्याउछौं भनि सकेपछि केही सुझावका रूपमा राख्न चाहन्छु । अब यो बजेट हामीले विनियोजन गर्दा पहिले त संसदहरूकै सिफारिसमा हो जस्तो लाग्छ । तर यहाँ नेर के-के कुरामा कुन-कुन मापदण्ड अपनाइयो त, यो बजेट पारदर्शी गर्न र यो बजेट कार्यान्वयन गर्ने पक्षमा एउटा ठोस रूपमा कर्णाली प्रदेशका जनताहरूले प्रत्यक्ष रूपमा अनुभूति गर्ने गरी यो बजेट हामीले विनियोजन गर्यौं कि गरेनौ, यो बजेटको किताबमा त्यो पर्यो कि परेन, मापदण्ड हामीले अपानायौ कि अपनाएनौ भन्ने महत्वपूर्ण कुरा हो । त्यसैले हामी संसदको सिफारिस आफनो ठाउँमा छ बजेट विनियोजन भयो तर कुन मापदण्डका आधारमा गरियो त्यो पनि महत्वपूर्ण कुरा हो मापदण्ड पनि महत्वपूर्ण कुरा हो । यहाँ नेर कतिपय ठाउँमा मापदण्ड विना हचुवाका भरमा बजेट राखिएको हामीले पाएका छौं । बजेट कहाँ कति पर्यो कति पर्यो भन्दा पनि बजेटमा कुन प्रक्रिया अपनाइयो । बजेट विनियोजन गर्दा यो प्रभावकारी हुन्छ कि नाई यसमा पनि ध्यान दिएर गर्नुपर्छ जस्तो लाग्दछ मलाई कर्णाली प्रदेशको समृद्धितर्फ उन्मुख यो बजेटमा योजना छ कि छैन । यो मूल्याङ्कनको विषय हुन्छ । उत्पादनमुखी र समृद्धिमुखी छ कि छैन अहिले यो बजेट त्यतातिर उन्मुख हुनुपर्छ भन्ने आम कर्णालीवासीहरूको चाहना हो तर यो बजेट र यो बजेटमा आएका अङ्क र यसमा हामीले विनियोजन गरेका छौं । त्यसले त्यतातिर लिन्छ कि लिंदैन यो समिक्षाको कुरा छ । परेका योजना सम्बन्धित जिल्लाका जनताको आवश्यकता हो कि होइन, त्यो पनि महत्वपूर्ण कुरा हो, कुन योजना कर्णाली प्रदेशका जनताको तत्कालिन आवश्यकता हो कि होइन, यहाँ संसद र सरकारको आवश्यक हो कि होइन, पहिचान गर्न जरूरी छ । पूर्ववक्ता माननीय संसदज्यूहरूले पनि भन्नुभयो, यहाँ मन्त्रीमुखी भयो हो, म यहाँनेर यति मात्र भन्न चाहन्छु, व्यक्तिमुखी र सरकारमुखी बजेट होकि, त्यो पनि एउटा समिक्षा हो, त्यतातिर उन्मुख हामीले देखिरहेका छौं । अर्को कुरा यो बजेट र योजनाहरू

अधिकांश जनतामुखी भन्दा पनि पाटी र कार्यकर्ता उन्मुख छ । हामी संसदहरू पनि आफनो स्वार्थ भन्दा पनिमाथि उठि योजना छनौट गर्न सक्नुपर्छ अनि मात्र पारदर्शी हुन्छ । बजेट जति राम्रो भएपनि मुख्य कुरा कार्यान्वयन पक्ष हो तर यहाँ बजेटलाई राम्रो भन्ने अहिले नै नराम्रो भन्ने पक्षमा पनि हामी छैनौं । किन कि पर्याप्त रूपमा बजेट विनियोजन भएर आएको छैन । तर मूल कुरा के हो भने यो बजेटले कता निर्देश गरेको छ । कर्णाली प्रदेशलाई कता लैजाने हो । भोलिका दिनमा हामीले समृद्धि र विकास भनेर मात्र हुँदैन । यो बजेट त्यतातिर उन्मुख छ कि छैन, त्यो बजेटलाई कार्यान्वयन गर्न सम्भव छ कि छैन, खाली हामीले बजेट हचुवाका भरमा महत्वाकांक्षी बनेर, सस्तो लोकप्रियताका नाममा ल्याएर यो सफल हुन्छ कि हुँदैन, यो हाम्रो पहिलो बजेट हो, यसले समाजमा धेरै म्यासेजहरू दिन्छ । कर्णाली धेरै जनताहरूको अपेक्षा छ पूरा नहोला तर त्यसलाई केही न केही सम्वोधन गरेपछि मात्र यो बजेट सार्थक मानिन्छ । माननीय सभामुख महोदय, मैले यहाँनेर भन्नै पर्छ यो बजेट भरीमा हेर्दा जुमला जिल्ला प्रस्तावित कर्णाली प्रदेशको सदरमुकाम हो विगतमा हामीले सदरमुकाम वा राजधानी सुर्खेत तोकदै गर्दा जुम्ला जिल्लालाई विशेष गरेर विकासका प्याकेजहरू र आर्थिक उन्नतिका लागि हामीले कार्यक्रमहरू लैजान्छौ भनेका थियौ । जुम्ली जनताका माझ तर एक जना छोरा पनि यो प्रदेशलाई प्राप्त गर्नमा एउटा आहुती र शहिद बनेको छ तर आज यो बजेटले जुम्लालाई उपेक्षा गरेको छ, खाली नाममा लागि मात्र जोडिएको छ । जुम्लालाई हिजो राजधानी थियो ठीक छ भनेर भावनामा बगेर हुन्न, भौतिक पूर्वाधार छैन तर सुर्खेत होला तर जुम्लालाई त्यसको सोधभर्ना के दिने क्षतिपूर्तिका रूपमा के दिने विकास निर्माण र औद्योगिक पूर्वाधार निर्माणका बजेट व्यवस्था गर्नुपर्छ भनेका थियौ तर आज त्यो बजेटमा सामान्य रूपमा पनि सम्वोधन भएको छैन, कतिपय सम्वोधन भएको छ, जिल्लाको गाउँपालिकामा जुन चिज हुँदैन त्यसलाई त्यहाँ जुन गाउँपालिकामा जुन चिजको महत्व छ, त्यसलाई त्यहाँ प्रथामिकता दिनुपर्छ । त्यसैले अघि मैलेमाथि भने यो बजेट पूर्णता भएको एकिन गरेर प्रत्येक मन्त्रालयले कुन कुन बजेटमा कति विनियोजन गर्यौं, कुन कुन जिल्लामा कति गर्यौं, बजेट योजनाको केहो भन्ने कुरा मैले सुझावको रूपमा म यहाँ राख्न चाहन्छु । म आग्रह गर्न चाहन्छु, माननीय सभामुख महोदयमार्फत्, सम्बन्धित मन्त्रीज्यूहरूलाई तपाईहरू अझ पनि गम्भीर भएर यो बजेटमा त्रुटि भएका कुराहरू, छुटेका क्षेत्रहरूलाई समेटेर अब आउने तपाईहरूले जसरी जिल्लागत रूपमा र अन्य बजेट योजनाको नाम पनि तोकेर ल्याउँछु भन्नु भएको छ । त्यसमा मैले आशा गरेको छु, यो पक्के पनि सम्वोधन हुन्छ भनेर यति भन्दै म विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री अमरबहादुर थापा ।

**माननीय श्री अमरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज आर्थिक वर्ष २०७५/०७६ को भौतिक मन्त्रालय र पर्यटनलगायतका मन्त्रालयहरूमा छलफलका लागि सहभागी भएका छौं । हिजो पनि त्यस्तै त्यस्तै बोलियो, आज पनि बोल्ने चिजहरू

छैन, सबै मन्त्रालयको यो रातो किताब हिजो नै मान्दैन भनिसकें, यो के किताब हो थाहा छैन, यो हरियो किताब र रातो किताब एउटै हो । हरियो किताब पनि त्यस्तै आउँछ, रातो किताब पनि त्यस्तै आउँछ, अर्को सेतो किताब पनि त्यस्तै आउँछ । त्यस कारणले धेरै पूर्ववक्ता साथीहरूले पनि कुरा राखी सक्नुभयो, सरकार, मलाई लाग्छ यो तरिकाले गयो भने जनतालाई समृद्धि दिन सक्दैन जस्तो लाग्दछ, मैले यो बजेटमा एउटा कुरामा मात्रै सरकारको सपोर्ट गरेको छु, अन्यत्र भन्दा यो बजेट अहिले पनि म भन्छु, यसले २१ देखि २५ प्रतिशतसम्म चालुगत बजेट छुट्याएको छ, ७५ प्रतिशत यसले पूँजीगत बजेट छुट्याएको छ, यो सकारात्मक कुरा हो, यसको प्रशंसा गर्नै पर्दछ । जुन यो रातो किताब हो, मलाई लाग्दछ, मुख्यमन्त्रीज्यू पनि ४ वर्ष संसदमै हुनुहुन्थ्यो, मलाई लाग्दछ अर्थमन्त्री पनि अर्थ समितिकै सभापति हुनुहुन्थ्यो । यो रातो किताब भन्या गोलमटोल तरिकाले आउदैंन भन्ने कुरा बुझ्नै पर्ने हो जस्तो मलाई लाग्दछ । यो जहाँनिया शासन जस्तो किताब पनि छैन । अघि हाम्रो माननीय चन्द्रबहादुर शाहीज्यूले राम भरोसा भन्या जस्तै अब त्यो भरोसा गर्न त पर्यो नै, सरकार निर्माण भएको, आफ्नै सत्तारुढ पाटीका सदस्य, हामीले यो गलत हुन्छ भन्नै मिलेन, प्रतिपक्षले बोल्याजस्तो नबोल्नुपर्ने थियो, तै पनि बोलिसकेका छौं, त्यसो भएको हुँदा यो बजेटमा उद्योग तथा पर्यटन मन्त्रालयको विषयमा अघि चन्द्रबहादुरजीले भनेजस्तै छ, यो मलाई लाग्दछ, पर्यटन मन्त्री वास्तवमा धेरै जिल्ला भ्रमण गर्न जानुभएको छैन, डोल्पा जानु भएको छ, जुम्ला जानु भएको छ होला, अलि नजिकको जिल्ला देख्नुभएको छैन, जस्तो लाग्यो, यसको सांस्कृतिक रूपले, ऐतिहासिक रूपले, पर्यटन विकास त सांस्कृतिक र धार्मिक रूपले हुने होला, यो देशकै तेस्रो नम्बरमा दैलेख जिल्ला पर्दछ । पहिलो लुम्बिनी, दोस्रो उपत्यका र तेस्रो दैलेख पर्दछ । त्यति ऐतिहासिक वस्तुहरू त्यहाँ प्राप्त हुन्छन्, छन्, जसमा हामीहरूले नेपाली भाषा जान्ने कुरा र नेपाली भाषाको शिलालेख दैलेखमा छ, अन्यत्र छैन । त्यहाँ पर्यटनको आवश्यकता रहेन्छ, त्यहाँ कुनै किसिमका पर्यटनका पूर्वाधारका कुराहरू रहेन्छ । एउटा हाल्नु भएको छ, ढाँट्नलाई, पञ्चकोशी पर्यटन विकास भनेर, अब त्यो पनि उहाँमाथि केन्द्रले पेट्रोलियम पदार्थ खन्छु भन्यो त्यो पनि गाह्रो अवस्था छ । त्यसो भएको हुँदा पर्यटन विकासका निमित्त ऐतिहासिक चिजहरू कहाँ छन्, जहाँ जसमा नेपाली भाषाकै शिलालेख छ, त्यो शिलालेखको विषयमा, त्यो इतिहास छ भन्ने कुरामा गर्व त गर्नुपर्यो नि । एउटा सिंजामा, सिंजालाई व्यवस्थापन गर्नुभएको छ, त्यसमा म उहाँलाई धन्यवाद दिन्छु । किनभने सुरूको सिंजा राज्यको इतिहास अहिलेसम्म कुनै पनि सरकारले त्यसमा ध्यान दिएन, त्यो ध्यान दिन जरूरी छ र त्यसको इतिहासलाई जस्ताको तस्तै उत्खनन् गरेर व्यवस्थापन गर्न जरूरी छ । त्यसो भएको हुनाले यसलाई व्यवस्थित गरेर लैजानु पर्ने र यहाँको पर्यटनको विकासका निमित्त, यो प्रदेशमा पर्यटनको ओइरो लाउँछु भन्ने, ५ लाख पर्यटक ल्याउँछु भन्ने यहाँ केही साना तिना टाकटुकका काम गरेर पर्यटन विकास हुँदैन । पहिलेदेखि नै पैसा लगानी भएको छ, महाबुलाई नयाँ पर्यटन विकास गरौं भने,

केन्द्रीय सरकारले करिब २०-३० लाख पनि लगानी गरेको छ गत वर्षबाट, त्यसको गुरुयोजना पनि बनाएको छ, महाबु भनेको कर्णाली प्रदेशकै सबै भन्दा अग्लो, यो प्रदेशको गोलाईभित्र रहेर, सीमानामा अग्ला अग्ला हिमालहरू छन्, तर यो प्रदेशको बीचमा रहेर, त्यहाँबाट एउटा भ्यूटावर राखेर हामीले हाम्रो प्रदेशका दशै वटा जिल्ला देख्न सक्ने, त्यहाँ गयो भने एकदम सुन्दर ठाउँ अरूलाई देखावटी हुनसक्ने, त्यहाँ क्लाइम्बिङ्ग हुन सक्ने, धार्मिक पर्यटनका लागि त्यहाँ बिश्वको १११ फिटको बिश्वकै अग्लो शिव पार्वती मुर्ती बनाउँ भनेर एउटा गुरुयोजना बनेको छ । त्यसका लागि मैले पटक पटक भन्दा ३ हो कि ४ लाख सर्भे गर्ने भनेर छुट्याउनु भएको थियो, अहिले त त्यो पनि छुटाउनु भएछ । त्यसो भएको हुनाले यो अहिलेको बजेटले कतिपय कुरा मन्त्रीमुखी अलिअलि त हुनै पर्दछ, म भएपनि, अर्को भएपनि अलिअलि गरेका छन्,माथिकाले पनि अलिअलि गरेकै छन्, तर अत्याचार नै गरेर गर्नु हुँदैन है । अत्याचार नै गरेर एउटा यही चिज हो, अहिले मौका पर्या छ, भनेर तपाईंहरूले यी संसदहरूलाई रिजाउन सक्नुभएन, संसदहरूको भावना जित्न सक्नुभएन भने यो पटक त होला तर यो पाटीले ह्वीप जारी गर्यो भने पनि अलि फटाहा दुई तीन जनाले फटाही गरेका छन् भन्ला, आम गोलबन्दी भइदियो भने त पाटीको ह्वीप पनि नलाग्न सक्ला है यस्तो तरिका हो भने । हाम्रो पाटीका ३३ जना, ३३ जनामा पनि २४ जना एकातिर लागिदिए भने त कुरो बिग्रियो । त्यसैले केही मान्छेको त चित्त नबुझ्न सक्छ, तर आम रूपले चित्त नबुझ्ने बजेट, आमरूपले जनताले पनि मैले के पाएँ, पर्सी यो बजेट पास गर्दा खेरि हामीले हाम्रो निर्वाचन क्षेत्रमा, हाम्रो जिल्लामा के पर्यो, कुन योजना पर्यो भनेर जनताले प्रश्न गर्यो भने त्यसको जवाफ नदिन सक्ने बजेटको औचित्य के, अस्ति एक जना मन्त्रीज्यूले भन्दै हुनुहुन्थ्यो, जो जोले समर्थन गर्छ, त्यसैको मा पैसा हालेर आफ्नो समर्थनमा लिने हो नि भन्ने सुन्नमा आएको छ । त्यसो पनि हुन सक्छ, कोही अलि बढि कुरा गर्ने, भाइ चिलिम फर्किजा पनि भन्न सक्छ, यो बजेटले त्यतातिर उन्मुख गराई राखेको छ । मैले अहिले नाम भनिन, भन्न पनि हुँदैन, त्यस्तो पनि संकेत आउँदछ, संसदहरूसँग बोल्दा पनि होशियार हुनुपर्दछ । मन्त्रीको गरिमामय पदमा बसी सकेपछि, मैले के बोल्न हुन्छ, के बोल्न हुँदैन, के कुरा गर्न हुन्छ भन्ने कुरामा पनि अलि जिम्मेवारी लिनुपर्दछ । त्यसैले पर्यटनतर्फको यार्सागुम्बालाई यो २ करोड ५० लाख कम भयो । यसलाई त १० करोड हाल्दा खेरि पनि केही छैन, तर के गर्ने भन्ने योजना त चाहियो, यार्सागुम्बा संरक्षण गर्ने भने वर्षको अर्ब रूपैयाँ आम्दानी हुन्छ, त्यो २ करोड ५० लाख के भनेर राखियो, त्यसलाई तारबार गर्नलाई हालेको, अथवा त्यो अव्यवस्थित भयो, त्यसलाई व्यवस्थित गर्छौं भनेर त्यो योजना त आउनुपर्यो नि । यार्सागुम्बा संरक्षणमा २ करोड ५० लाख, त्यो बजेट तितर बितरको कुरा आयो, वास्तवमा त्यो यार्सागुम्बालाई संरक्षण गर्ने, अझै व्यवस्थित गरेर अगाडि बढाउने, यो प्रदेशकै तहबाट संरक्षण गर्छु भन्ने हो भने त २ करोड त चटनीसरह हो । त्यसको एरिया कसरी गर्न सकिन्छ, त्यो एरियालाई संरक्षण गरेर, प्रशस्त आम्दानी गर्न

चाहाने हो भने, त्यो २ करोड पनि कम हो, अन्यथा यही तरिकाले हालेको हो भने व्यर्थ्यै हो जस्तो लाग्दछ । यहाँ कहीँकतै पर्यटनको वृत्तचित्र बनाउने भनेर १ करोड हाल्ने, वृत्तचित्र किन चाहियो, पहिला त वृत्तचित्र बनाउनलाई न्यूनतम चिज त चाहियो, अहिले सिंजालाई उत्खनन् गरेर, व्यवस्थित गर्न चाहने हो भने, राम्रो हुन सक्छ त्यस कारणले मैले यति कुरा पर्यटन विकासको लागि राखें र अर्को छ भौतिक मन्त्रालयले एउटा काम नै के गर्नु भएको रहेछ भने, अर्थमन्त्रीज्यूले भाषण गर्दा खेरि १ अर्ब २८ करोडले राष्ट्रिय गौरवका आयोजनाहरू बनाउने भनेर भाषण गर्ने, आज त्यो भौतिक मन्त्रालयको किताब हेर्दा खेरि त्यो १ अर्ब २८ करोड कहाँ छ, कहाँ छ त्यो बजेट, काँही देखिँदैन, त्यसबाट यसमा मिलेन भने बजेट भाषण भन्या त महत्वपूर्ण कुरा होनी, नीति तथा कार्यकम, यदि बजेट भाषणमा त्यो कुरा लेखिएको छ र यो किताबमा त्यो कुरा आएन भने यो बजेटको अनियमितता हुन्छ । त्यो शीर्षक नै बेपत्ता गर्न पाइँदैन । थोरै अथवा यति हाल्या छ भनेर भन्नूपर्यो, अब त्यो नीति तथा कार्यक्रमले हो, अर्थमन्त्रीले गरेको भाषणमा त्यो त अस्ति विधेयक नै पास भयो त साथीहरू, १ वर्षका लागि त त्यो कानून हो, १ वर्षसम्म कसैले दाँया बाँया गर्न नसक्ने कानून पास भइ सक्न लाग्यो त, यो त तपाईंहरूको मन्त्रालयका दफावारमा पो छलफल भैरहेको छ । यो विधेयक पास हुने कुरामा, कानूनमा पास भएको कुरा पनि मान्दिन भन्न त पाइएन नी, त्यही भएर यस्ता कुराहरूलाई गम्भीरता पूर्वक लियौं, तर त्यहाँ पनि बजेट अब १ अर्ब २० करोड माननीयहरूलाई चित्त बुझाउने रकम आएको छ, प्रत्येक २४ वटा निर्वाचन क्षेत्र भन्नु भएको छ, नाम के हो, ठाउँ के हो, बजेट क्या हो, कुन योजना हो, त्यो थाँहै छैन । त्यसैले समग्र रूपमा यो बजेटको भित्री रूप कस्तो भन्दा कसैको चाकडी गर्नुपर्ने र कसैले यो सदनले गर्ने निर्णय भन्दा पनि एउटा मन्त्रीले, एउटा कुनै व्यक्तिले अथवा अरू एउटा कसैको तजबिजले वितरण गर्नुपर्ने अवस्थाको देखिन्छ, नहोला, त्यसो नगर्न र त्यसो नगरेर वास्तवमा असली रातो किताब, छोटै बनाउनुहोस्, सानै बनाउनुहोस्, धेरै ठूलो बनाउनु पर्दैन, चट्ट पारेर ल्याउनु भयो र यो प्रदेशको विकासको उन्नति र प्रगती तिर अगाडि बढ्नुभयो भने राम्रो हुन्छ, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुखज्यू, विनियोजन विधेयकमाथि दफावार छलफल गर्ने क्रममा आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमा दफावार छलफल गरिरहेका छौं । म पनि यिनै शीर्षकहरूमा छलफल गर्न उपस्थित भएको छु । माननीय सभामुख महोदय, म भन्दा पूर्ववक्ताहरूले शीर्षकगत धेरै कुराहरू आफ्नो अभिव्यक्तिमार्फत् राखिसक्नु भएको छ, यसैगरी हिजो प्रमुख प्रतिपक्ष दलको नेताले आफ्नो क्षेत्रबाट सशक्त ढङ्गले पहल गरिरहनु भएको छ । उहाँले भनिरहनु भएको छ, मैले यहाँ

दुईवटा विषयको विश्लेषण गर्दै उहाँहरूको विषयलाई यद्यपी म सत्तापक्षको मान्छेको तर्फबाट सम्वोधन गर्ने प्रयत्न गर्दैछु । त्यो समग्र बजेट आएको छ, हामीले चाहेको अर्थव्यवस्था के हो, हामीले कुन धरातलमा टेक्दा खेरि हाम्रो अर्थव्यवस्थामाथि श्रमजीवी सर्वहारा वर्गहरूको नेतृत्व रहन्छ, त्यसको आधारमा हामी समाजवादमा पुग्दछौं । मलाई लाग्दछ, बजेटिङ्गमा त्यो हुनुपर्ने स्थिति हो, मैले सरसर्ती हेर्दा खेरि यो अवस्था मैले प्राप्त गर्न सकिन, पहिलो कुरा ।

दोस्रो कुरा मलाई के लागेको छ भन्दा खेरि, प्रतिपक्ष दलको नेताले जति यहाँ आलोचना गरेपनि यो बजेटको शीर्षकको प्रत्येक दफाले के बताउँछ भन्दा खेरि, अन्यथा दुःख नमान्नुहोस्, यो शीर्षकको दफा हेरिरहँदा खेरि मैले के कुराको अनुभूति गर्दैछु भन्दा खेरि हामी समाजवाद ल्याउने दिशातिर गइरहेका छैनौं, हामी पूँजीवादी अर्थव्यवस्था ल्याउने दिशा तिर यो बजेट केन्द्रित भइरहेको छ, दुःख नमान्नुहोला, यद्यपी म अर्थशास्त्री होइन । यहाँ नेर मैले के देख्दैछु भन्दा खेरि दुईवटा विषयवस्तु, अहिले समाजमा लामो समयदेखि जकडिरहेको दुईवटा चिज छ यहाँ नेर अहिले, हामीले हिजो आर्थिक क्रान्ति, राजनीतिक क्रान्ति गरेर आएका छौं, राजनीतिक क्रान्ति पछि अर्थतन्त्रमा दुईवटा शक्तिको मजबुत बलबाहु छ यहाँ नेर । एउटा बलबाहु भनेको दलाल नोकरशाही हो, शाहीको संरचनाहरू अहिले पनि बाँकी छ, त्यो संरचनाको नेतृत्व गर्ने शक्ति प्रागिक वर्गको छ । २०६२/०६३ सालको जनआन्दोलनमा तर एउटा अर्को शक्तिभित्रभित्र लुकेर बसिरहेको छ, मुसा जस्तै प्वाँल पारेर अर्थतन्त्र कोर्ने एउटा शक्ति छ, त्यो शक्तिसँग तपाईंहरू सचेत हुनुपर्दछ, यो बजेट ल्याउँदा खेरि, मैले यही नेर तपाईंहरूलाई जोड्न चाहन्छु । त्यो भनेको दलाल नोकरसाही किसिमको छ, पातलो स लाई कत्तिको ध्यान दिनुभएको छ, म त गुरु होइन, म त अर्थशास्त्री पनि होइन, दलाल नोकरशाहीको अन्त्य भएको छ तर दलाल नोकरसाहीको अन्त्य भएको छैन । त्यो दलाल नोकरसाहीले भ्वाङ्ग पार्ने प्रयत्न गर्दैछ, अर्थ मन्त्रालयमा, हाम्रो प्रदेशमा, मैले हेरिरहेको छु । समग्रमा दलाल नोकरसाहीलाई फाइदा पुर्याउने काम तपाईंहरूले पुर्याउने काम गरिरहनु भएको छ, धेरै तालिम, गोष्ठी, सेमिनार किन राखिरहनु भएको छ, प्लिज म आग्रह गर्न चाहन्छु । यसले श्रमजीवी सर्वहारा वर्गको पोषण गर्दछ अथवा दलाल नोकरसाहीको प्रक्षपोषण गर्दछ । हामीले ध्यान अलिकति त्यहाँनेर पुर्याउन सकेनौं कि, यद्यपी मन्त्रीज्यूहरू अनविज्ञ हुनुहुन्छ भन्ने ठान्दिन र मुख्यमन्त्रीज्यू पनि विज्ञ हुनुहुन्छ, मुख्यमन्त्रीज्यू पनि एउटा ठूलो अनुभवबाट आउनुभएको छ, अर्थमन्त्रीज्यू पनि ठूलो अनुभवबाट आउनुभएको छ, तर मैले के देखिरहेको छु अहिले भन्दा खेरि दलाल नोकरसाहीलाई बढि फाइदा हुने खालको यो बजेटले उन्मुख गरेको छ । यो समाजवादी अर्थव्यवस्था तिर जाने विषयवस्तु भन्दा पनि यो पूँजीवादी अर्थव्यवस्था तिर जाने यसले आधार निर्माण गर्दछ ।

तेश्रो कुरा यहाँ तपाईंहरूले के राख्नुभएको छ भन्दा खेरि सम्भाव्यतालाई बढि आधार मान्नु भएको छ, सम्भाव्यताको बारेमा के भन्नु भन्दाखेरि अंग्रेजीमा प्रोव्याबलिटी भन्छ

यसलाई, सम्भवको सिद्धान्त यही हो । यो सिद्धान्त सायद मलाई लाग्दछ भौतिक मन्त्रीले धेरै अनुभव गर्नुभएको छ, यो १७ औं शताव्दीमा सुरू भएको सिद्धान्त हो, १७ औं शताव्दीमा कहाँ नेरबाट सुरूवात भएको छ भन्दा खेरि समयको खेल, चान्सेस खेल, तास र जुवाबाट सुरूवात भएको छ सम्भाव्यताको, अहिले पनि भन्ने गर्छौं हाम्रो समाजमा आए बाउका, गए साहुका, ठ्याक्कै त्यहीं नेर सम्बन्धित छ । यो तास र जुवाको खेल समयको खेल हो । त्यहाँबाट सुरूवात भएको छ, उहाँले पनि यो अध्ययन गरेर नै यो सम्भाव्यताको खेलको सुरूवात गर्नुभएको होला जस्तो लाग्दछ । त्यसपछि अर्को सम्भाव्यता अध्ययनको कुरा १८ औं शताब्दी तिर एउटा दार्शनिकले के भन्नुभयो खेलको विस्तार हुँदै जाँदा खेरि, यो तासको खेल होइन है, यो त भुलको सिद्धान्त हो भनेर भन्नु भएको छ । हामीले भुलवश यस्ता प्रयत्न त गरेका छैनौं बजेट ल्याउँदा खेरि, योजनामा ब्रेकडाउन गर्दाखेरि, कहिले भुलवश दलाल नोकरशाहीहरूलाई झुक्काएका त छैनौं त्यहाँ नेर, अहिले हेक्का राख्नुपर्ने कुरा म त्यहाँ नेर देख्दछु । अर्को गाँस भनेर कहाँ नेर जोड्नु भयो भने संज्ञा जोडेर आउँछ, उहाँले प्रयोगकर्ता र पर्यवेक्षकहरू, प्रयोग गर्ने साधन हो भनेर भन्नु भएको छ, कहिले काँही तपाईले यो ल्याइरहँदा खेरि बुझेर यो प्रयोग साधनको रूपमा सदनलाई त बनाउनु भएको त छैन नी, दुःख नमान्नु होला । वैज्ञानिक गासले भनेका छन्, आफै पर्यवेक्षक बन्ने र आफै चाहिँ प्रयोगकर्ता हुने र संसदलाई गुमराहमा राख्ने योजना बनाइएको त होइन, मैले त्यही देखिरहेको छु । मलाई के लाग्दछ भन्दा अर्थशास्त्रमा तीन चारवटा चिजहरू अनिवार्य नै हुन्छन्, पहिलो कुरा अर्थशास्त्र भन्नासाथ कर आउँछ, अर्थतन्त्र भन्ना साथ, त्यो सँगै आएको हुँदा आयात र निर्यातको कुरा हुन्छ, त्योसँग वस्तुको मुल्य हुन्छ, वस्तु र सेवाको लागतको कति भन्ने कुरा आउँछ, त्यस कुराले निर्धारण गर्दछ । त्यो भएको हुँदा हिजो करको विधेयक त सदनमा आयो, छलफल गरेका छौं, तीन चारवटा मात्रै हामीले कर प्रणाली तोकेका छौं, कृषिबाट, यातायातबाट, यस्तै विषयमा हामीले करको दायरा तोकेका छौं । तर हामीले कर लगाउने मूल आधार निर्माण गर्ने दिशा तिर उद्योग पर्यटन मन्त्रालय केन्द्रित भएको छैन । हामीले पटक पटक छलफलमा बहस गर्दा खेरिहामील सुझाव दिएका छौं, यसमा उद्योग बनाइएन भने चाहिँ बेलायँतको आर्थिक क्रान्ति होला, चाहे मलाई लाग्दछ यूरोपको आर्थिक क्रान्ति होला, मार्क्सले पनि के भन्नुभएको छ भने, मार्क्सवादी विद्यार्थीको भएको नाताले, जुन दिन उद्योगधन्दा वादी श्रमजीवी सर्वहारा वर्गको नेतृत्व हुँदैन, त्यो दिनसम्म श्रमजीवी सर्वहारा वर्गको मुक्ति हुँदैन भन्ने कुरा प्रष्ट लेख्नुभएको छ । हामीले उद्योगको सामान्य भएपनि सुरूवात गरेनौ भने मैले हेरें उद्योग पर्यटन मन्त्रालयको बजेटमा, एउटा पनि उद्योग बनाउने कुरा आएको छैन, तै पनि हामीले साथ दिएका छौं यसको विकल्प हामीसँग छैन । हामीले प्रशस्त उद्योगको सम्भाव्यना अध्ययन गरेर, ठूला-ठूला उद्योग संचालन गर्न नसकौंला त्यो मेगाप्रोजेक्ट निर्माण गर्न सक्दैनौ तर साना मझौला उद्योग त स्थापना गर्न सक्छौं नि । हामी भन्दै छौं सँगै जोडिएको अर्थशास्त्रमा,

बेरोजगारी समस्या हल गर्नका निमित्त उद्योगहरू बनाउन सकिएन भने, उद्योगहरूमा हामीले लगानी गर्न सकेनौं भने कसरी बेरोजगारीको समस्या न्यूनीकरण गर्न सकौंला । आज खाडी तिर मान्छेहरू, भारत तिर जाने मान्छेहरूलाई कसरी रोक्न सक्छौं । त्यो भएको हुँदा मान्छेहरूलाई सहभागी बनाउनका निम्ति मलाई के लाग्दछ भन्दा खेरि उद्योगधन्दा कलकारखानाका निम्ति सानातिना उद्योग, मलाई लाग्दछ निगालाका उद्योगहरू बनाइदिए भयो, मैले अस्ति भनेको थिएँ, निगालाको प्रयोग गरौं, यसै गरी मैले भन्दैछौं, जैतुनको तेल उत्पान गरौं, यस्ता उद्योगहरूमा किन लगानी गर्नुभएन भनेर भन्दैछु । त्यस्तै गरी मलाई लाग्दछ, अल्लो उद्योग स्थापना गरेर कपडा उत्पादन गरौं र प्रधानमन्त्रीलाई अल्लोको कोट दिउँ । सिङ्गो कालिकोट जिल्लाको परिचय चिनाउनका लागि धेरै अल्लो छ तर त्यसमा किन त्यहाँ लगानी गरिएन, किन आज अल्लो उद्योगका निम्ति हामीले कन्जस्याईं गरेका छौं । साना कुमालहरू छन्, उसले माटाका भाँडाहरू बनाऊ छन्, चिनीयाँ भाँडाकुराहरू महङ्गोमा किन्छौ, तर हाम्रा कुमालहरूले बनाएका भाँडाकुडाहरू किन न किन्ने, त्यो उद्योगमा हामीले किन लगानी गर्न सक्दैनौ । यी उद्योगहरूमा हामीले लगानी गर्न सक्यौ भने अनि मात्र हामीले विदेश जाने युवाहरूलाई रोक्न सक्छौं, श्रमजीवी सर्वहारा वर्गको नेतृत्वमा सहज साथ पुग्न सक्छौं, अनि बल्ल हाम्रो बाटो सहज हुन्छ, त्यो भएको हुँदा म तपाईंहरूलाई आग्रह गर्न चाहन्छु र अन्तिममा के भन्न चाहन्छु भन्दा खेरि सबै ठाउँमा दृष्टिकोण पुगोस्, मैले अस्ति पनि भन्दै आएको छु, नेताहरू विवे कि हुन्छन्, बुद्धिजीवीहरू फर्स्ट साइटमा हुन्छन्, सहि बुद्धिजीवीहरू हुन्छन्, म यहाँहरूबाट विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुख महोदय, आ.व. २०७५/०७६ को वार्षिक विकास बजेट, यो रातो किताबमाथिको दफावार छलफलमा भाग लिई रहँदा यो रातो किताबको बारेमा पहिलो कुरा पूर्ववक्ता माननीयहरूले हिजो अस्ति बोलि सक्नुभयो । यसको कलर प्रिन्ट आदिको बारेमा विविधता युक्त छ र यसभित्र ल्याएको बजेटको गुदी पनि विविधता युक्त छ, आफैंमा, फरक फरक मन्त्रालय, फरक फरक तरिकाबाट ब्रेकडाउन भएर, असन्तुलित, अपारदर्शी र विविधायुक्त ढङ्गबाट आएको छ, यो जनताको निमित्त, यो आम सरोकारवालाका निमित्त अपारदर्शी छ । जनसाधारण भनेका सरोकारवाला हुन्, सरोकारवालाहरूले चासो राख्न पाउनु, यसको सरोकार राख्न पाउनु, यसको जानकारी राख्न पाउनु, यो सुसूचीत हुन पाउनु संविधानको अधिकार हो । यसमा सजिलोसँग आफ्नो योजना खोज्यो भने पाउँदैन, त्यस मानेमा यो अस्पष्ट छ, आफैंमा यो विविधतायुक्त छ । उद्योग पर्यटनको ब्रेकडाउनको स्टाइल फरक छ, अर्थ मन्त्रालयको फरक छ, भौतिक पूर्वाधार मन्त्रालयको फरक छ । त्यसो भएको हुँदा, यो भन्दा पहिला मैले बजेट वक्तव्यमा बोल्दै गर्दा, नीति कार्यक्रम, बजेट वक्तव्य, खैरो किताब आउने भन्या थिए, अब खैरो किताब आउँछ भोलि पर्सी । हिजो अस्ति प्रतिपक्ष दलका नेताले

संसद अवरूद्ध गरी सकेपछि माननीय अर्थमन्त्रीलगायत जिम्मेवार सरकार र प्रतिपक्ष दलले सहमति गरी सकेपछि ब्रेकडाउनसहितको रातो किताब ल्याउने भनेपछि हामीले बोल्नै परेन, त्यो आउँदा त खैरो किताब आउँछ, रातो किताब २-३ वटा किन ल्याउनु पर्यो । अहिलेसम्म ४ वटा किताब आइसके, रातो किताब २-३ वटा किन ल्याउनु पर्यो, एउटा ल्याए भैहाल्थ्यो नि त, किन ल्याउनु पर्दथ्यो, यो मितव्ययिताको सिद्धान्त विपरित छ, यसको हिसाब किताब कुन नामबाट चुक्ता गर्नुपर्ने हो, यसको ख्याल गर्नुपर्दछ, यो सरकारलाई सुझाव हो, यो स्मरण र अनुसरण गर्ने विषय हो । एउटा किताबमा क र ख भनेर ल्याए भै हाल्थ्यो त, अस्ति रातो २ वटा, हिजो फेरि मोटो र भोलि अर्को ल्याउँदा त अनावश्यक खर्च भयो नि त, फजुल खर्च भयो, मितव्ययिता र फारो तिनो सिद्धान्तको विपरित भयो, यसकारणले मेरो समर्थन छैन । नीति तथा कार्यक्रम बजेट वक्तव्य भने पछि जनताले बुझ्न पाउनु पर्दछ, यो सरल भाषामा हुनुपर्दछ, सफा र स्पष्ट भाषामा हुनुपर्दछ, खोजेको बेलामा जनताले पाउनुपर्दछ । अनि माननीयसँग आउने कि, अनि माननीय सरकार र मन्त्रीसँग जाने, यो चाकडीमुखी रातो किताब हो, यो सरकारमुखी हो, यो केन्द्रित छ, यो चाहिँ बजेटमुखी छ, यो गणतन्त्रमा, यो संघीयतामा यो सबैको सरोकारको साझा हकहितको यो बजेट, रातो किताब हुनसक्दैन । जनरल कुरा बुझ्नुपर्छ नि त, सामान्य कुरा नबुझ्ने कुरा हुन्छ, हामीले धेरै पटक भनेका छौं, धेरै पटक कुरा उठाएका छौं, बजेट वक्तव्यमा सुरूमै कुरा उठाएका छौं, उठाएका कुरालाई ख्याल नगर्ने, के माननीयहरू तपाईंहरूको नोकर हो, जनप्रतिनिधि हौं हामी, सार्वभौम अधिकारसहित हामी पनि यहाँ आएका छौं, बजेटमा पारदर्शीता, बजेटमा सुसूचीत हुने अधिकार, जनताको हक हुन्छ, जनताको प्रतिनिधिले राखेको कुरा जनतासँग सम्बन्धित हुन्छ, यो जनतासँग जोडिएको कुरा हो, मेरो मनबोलीको कुरा होइन, जनताको कुरा नल्याउँदा तपाईंहरूलाई गार्हो हुन्छ, तपाईंहरूलाई कति गार्हो भो, यो बजेट वक्तव्यमा २ पटक प्रतिपक्षसँग घुँडा टेक्नुपर्ने स्थिति आयो, अझै तपाईंहरूले सच्याउनु पर्ने कुरा उहाँहरूले भन्नुभएको छ । यो त एउटा मोडालिटीको कुरा हो, यति कुरा तपाईहरूले बुझ्नु भएन, यसो हुँदा खेरि यो अकर्मण्यतामा आएको छ, यो रातो किताब, यो अफ्ठ्यारोमा परेको छ, बजेट थोरै धेरै दिने कुरा अर्को विषय भो, यहाँ समताका कुरा उठाइएको छ, समान र बराबर भागबण्डा माग्नुपर्ने कुरा आएको छ, फेरि पनि जनता सडक १ अर्ब २० करोड अस्तिको रातो किताबको पातलो किताबमा आएको थियो । अस्तिको हरियो बजेट वक्तव्यमा पनि, यो मोटो किताबमा पनि, भोलि आउने खैरो किताबमा १ अर्ब २० करोड, एउटै भन्ने छ । काननूत गयो भने एउटा निर्वाचन क्षेत्रमा १ वटा बाटो भन्ने छ । माननीय संसदले ५-३-४ भनिराखेका छन्, त्यहाँ बेल्ट छन्, भेग छन्, क्षेत्र छन्, ती सबैलाई समेट्नु पर्ने हुन्छ, भावना त सबैका छन् नि त, भलै २-३-१२ किलोमिटर भने पनि अगाडि बढ्नुपर्ने छ नि त, त्यो कुरालाई उहाँहरूले लत्याएर हिड्नु भएको छ । अघिल्लो दिन भौतिक मन्त्रीले छिटो आउनु तपाईं, यहाँ लड्नु पर्ने भो, अर्थमन्त्रीले बजेट नै दिएन, म फिल्डमा

थिएँ, म लड्ने मान्छे त्यस्तो फाइटर भएँ त भने, अस्ति उहाँले के भन्नु भयो भने तपाईंहरूले हालेको योजनामा सम्भाव्यता अध्ययन गर्न हामी जान्छौ नी, यस्तो हुँदा डाइभर्ट हुने सम्भावना भयो नि त, रातो किताबमा लेखिएको के अर्थ । हैन हामी सम्भाव्यता अध्ययन गर्न जान्छौं, डिपिआर गर्छौं, त्यो अनुत्पादक, असम्भव पनि हुन सक्छ भन्ने कुरा आयो नि त, रातो किताब किन यस्तो नाटकिय ढङ्गबाट आएको छ, किन यसरी फोरममा बैठक गरिएको छ, किन समयको बर्बाद गरिएको छ, मलाई चित्त बुझेको छैन, म दिग्भ्रमित छु, यो के हो त, किन यसो गरिएको छ, डिपिआर र सम्भाव्यता अध्ययन गरेर, त्यहाँ गएर मन्त्री र सरकारले योजना रद्ध गर्ने हो भने किन यो फोरममा बहस गर्नु पर्यो, किन सुझाव लिनुपर्यो, किन रातो र सेतो किताब निकाल्नुपर्यो, यो के कुरा हो, मैले बुझ्न सकेको छैन । कुराका लागि कुरा राख्ने, सरकारले जे मन लाग्यो त्यही गर्ने व्यवस्था हो भने हाम्रो भन्नु केही छैन, मलाई त यो गरिरहेका छौं नी, यो समय बर्बाद गरेको जस्तो लागेको छ, यो गरिरहेका छौं नि हेर्नुहोस् त, यो सदन चलिरहेको छ, विषयको छलफल चलिरहेको छ, विषयको गम्भीरता, विषयको सच्चाई, विषयको सच्याई र सुधार तिर छैन, यो औपचारिकता निभ्याउने किसिमको, यो झारो टार्ने किसिमको भयो भने यो मैले खाएको भत्ता पनि बेक्कार हो, बेक्कार देश र जनताको नाममा खाइएको छ, कुन ठाउँमा सराप लाग्ने हो, मैले बुझेको छैन हेर्नुहोस्, यो कुरा क्लियर गरौं, सर्ट एण्ड स्वीट, हरेक निर्णय प्लान एण्ड एक्शन, कार्यान्वयनको कुरा, ह्वाट इज द मिनिङ्ग अफ ब्रेकडाउन, ब्रेकडाउन इज द पार्टिकुलर प्लान इन द रेड बुक, रातो किताबमा आउने विवरणात्मक विकासको योजना नै ब्रेक डाउनको अर्थ हो, ब्रेकडाउन भनेको छ, कसैले चाहिने डल्लो ल्याएको छ, कसैले अलिकति लेख्या छ, आफ्नो भएन, यो के तरिका हो, सरकारले के करेक्शन गर्या, अर्थमन्त्रीले के करेक्शन गर्या, तपाईंहरूको क्याबिनेटमा के निर्णय हुन्छ, यो सल्लाह सुझाव के लिइ रहनु भएको छ, म आफैले के सुझाव दिइरहेको छु, मलाई थाहा छैन, म पहिलो चोटी आएको हुँदा यस्तै हुँदो रहेछ कि क्याहो, यो गफ गर्ने नाटकीय थलो, माननीय सभामुख महोदय, यो कुरामा विशेष ध्यान दिनुपर्दछ, समयको बर्बाद, जनताले चासो गरिरहेको छ, बाटो छ, पुल छ, सिंचाइ छ, खानेपानी छ, तटबन्ध छ, भौतिक पूर्वाधार छ, कृषि छ, शिक्षा छ, स्वास्थ्य छ, सबै ठाउँमा समस्या छ, त्यसको सम्वधन सहि ढङ्गले गर्ने होइन भने आयो त, आइरहेको छ, देखिरहेको छ, खोलिरहेको छ, ठीक छ, यो एउटा पक्ष भयो, अर्को पक्ष सरल हुनुपर्यो, अफ्ठ्यारो किन बनाउने, जटिल किन बनाउने, यसलाई भ्रमित पार्ने अथवा गुमराह पार्ने किन गर्ने, यसो नगरौं भन्ने कुरा हो । सोझो भाषामा, ग्रामटिकल भाषामा बुझिने गरेर लेख्यौं, गाउँले भाषामा लेखिदिए हुन्छ, केयौं छन् नी, हाम्रा आफ्नै, सिंजा भाषा उत्पतिको चाहिँ कर्णाली प्रदेशको आफ्नै भाषा छ नि त, त्यही भाषा लेख्दियौं, हो त्यही भएर मेरो चित्त बुझेको छैन, म असन्तुष्ट छु, चित्त नबुझ्दा नबुझ्दै पनि सुझाव दिनुपर्ने भो, सुझाव दिएपछि यसको लागु हुँदैन, लागु नभए पनि लेख्नु पर्दो हो, बोल्नु पर्दो हो, केही कुरा राख्नु पर्दो हो ।

त्यसकारणले अब सरकारले जे गरेपनि हुँदो रहेछ, यो हिसाबले म यही कुरा बुझ्दै सभामुख महोदयमार्फत्, सरकारलाई गम्भीर बनाउन र अलि सच्याउन, सुधार गर्न सुझाव दिँदै म विदा हुन्छु, हवस् त नमस्कार, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः-**माननीय सभामुख महोदय, रातो किताबमामाथि टिप्पणी गर्न दोस्रो पटक उभिएको छु । मुख्यमन्त्री कार्यालय, अर्थमन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक र पर्यटन मन्त्रालयलगायतका मन्त्रालयहरूमा आज छलफल हुँदैछ । सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीहरूलाई आफ्नो मन्त्रालयको तर्फबाट रातो किताब प्रस्तुत गर्नुभएकोमा हार्दिक धन्यवाद छ, हार्दिक आभार छ, तपाईंहरूको मेहनतको कारणले सम्भव भएको छ र आज हामी छलफल गर्दैछौं । सायद माननीय मन्त्रीज्यूहरूले यति मेहनत, दिनरात अहोरात्र नखटेको भए यो यति रूपमा पनि आउने थिएन, त्यसकारण म माननीय मन्त्रीज्यूहरूलाई बधाई ज्ञापन गर्दछु । सुरूदेखि आरम्भ भएका छलफलहरूले केही  गम्भीर खालको बहसको आरम्भ भएको छ, सभामुख महोदय । गम्भीर खालको बहसको आरम्भ के भएको छ । माननीयज्यूहरूले जति संसदमा प्रश्नहरू उठाउनु भएको छ, जति टिप्पणीहरू गर्नुभएको छ, जति आफ्ना क्षेत्रका कुराहरू राख्नुभएको छ, हामीले ल्याइरहेको दस्तावेजले हामी संघीयता तिर गएका छौं कि छैनौं भन्ने प्रश्नको सिर्जना भएको छ सभामुख महोदय । माननीयहरूले यहाँ उठाउनु भएको विषयत गम्भीरता पूर्वक लिन जरूरी छ, र सरकारका मन्त्रीहरूले र सरकारले यसलाई गम्भीरता पूर्वक ले"ला भन्ने आशा गरेको छु सभामुख महोदय, म आशावादी छु । चलिरहेका बहसहरूले चिजहरूलाई सकारात्मक बाटोमा ले"ला भन्ने कुरामा म आशावादी छु । हामीले आशा मार्दैनौं सभामुख महोदय, आशा मार्नु हुँदैन । छलफलमा मैले दोहर्याएर के भन्छौ भने, बजेट हामीले जस्तो बनायौं यसलाई पटक पटक छलफलहरू गर्यौं हामीले, पटक पटक संवादहरू पनि भए, संसदहरूसहितका छलफलहरू भए, विज्ञहरूसहितका छलफलहरू भए, सरकारका साथीहरूले भगिरथ प्रयत्न गर्नुभयो यसलाई राम्रो बनाउन, तर त्यसो हुँदा हुँदै पनि हामी संघीयता तिर बजेटबाट जान सक्यौं कि सकेनौं भन्ने प्रश्न चाहिँ अहिले पनि अनुत्तरित छ । त्यही भएर माननीयज्यूहरूले प्रश्न उठाउनु भएको छ, माननीयज्यूका चासोहरू गम्भीर छन् सभामुख महोदय, किनभने प्रत्येक दिन माननीयहरूले, मैले जे झेलिरहेको छु, सबैले झेल्ने पनि त्यही हो । स्थानीय तहमा साथीहरूले बजेट बनाइरहनु भएको हुन्छ, उहाँहरूले सोध्नुहुन्छ, प्रदेशबाट तपाईंहरूले के-के योजनाहरू विनियोजन गर्नुभयो, के-के योजनामा कति बजेट विनियोजन गर्नुभयो, बाँकी क्षेत्रमा चाहिँ हामीले योजना राख्छौ भन्नुहुन्छ र हामीले जवाफ दिन नसक्ने कुरा चाहिँ सत्य हो । माननीयज्यूहरूले राखिरहनु भएको भाव के हो भने स्थानीय सरकारहरूले बजेट बनाइरहेका छन्, हामीले भन्न सकिरहेका छैनौं कि तपाईंको वडामा तपाईंको गाउँपालिकामा यति राशीको बजेट, यो योजनामा सम्वोधन भयो भनेर

हामीले भन्न सकेका छैनौं, त्यसकारण स्थानीय सरकारका साथीहरूले बजेट बनाउन, हामीले चाहिँ उहाँहरूलाई, यो क्षेत्रमा काम गर्यौं, तपाईंहरूले यो क्षेत्रमा काम गर्नुहोस् भनेर स्पष्ट पार्न सकिरहेका छैनौं, रातो किताबले पनि त्यो कुरा सम्वोधन गर्न सकेको छैन । माननीयज्यूहरूले क्षेत्रगत रूपमा बेहोर्नुपरेको कुरामा सरकारले यो कुरालाई गम्भीरतापूर्वक लिनुपर्दछ । बजेट समानुपातिक भयो कि भएन भन्ने छलफल यो आरम्भ भएको छ, यो छलफल बाँकी नै छ, रातो किताबले केही प्रश्नहरूको उत्तर दिन्छ, केही प्रश्नहरू बाँकी छन्, केही प्रश्नहरूको कार्यान्वयन हुँदा उत्तर दिनुपर्ने छ, केही प्रश्नहरू सरकारले आफ्ना कामहरूमार्फत् जवाफ दिनुपर्ने छ, केही प्रश्न सरकारले भोलि आफ्ना कामहरूमार्फत् जवाफ दिनुपर्ने छ, केही प्रश्न यो वर्षको बजेट कार्यान्वयन भयो भने अर्को वर्ष फेरि हामीले यो रोष्टमबाट छलफल गर्दैगर्दा हामीले बनाएको बजेट समानुपातिक थियो थिएन, लागु भयो भएन भन्ने बारेमा चाहिँ छलफल गर्न, यसले एउटा स्पेश, आजबाट बाटो तय भएको छ । मन्त्री मन्त्रीहरूको बीचमा यदि योजनाहरूको भागबण्डा र सौदाबाजी भयो भने यो विषय बडो जटिल र दुर्भाग्यपूर्ण विषय हुन्छ । पूर्ववक्ता केही माननीयज्यूहरूले राख्नु भयो, प्रत्येक ठाउँमा मन्त्रीहरूको क्षेत्रमा बजेट विनियोजन भयो भन्ने कुरा राख्नु भयो, यदि मन्त्री मन्त्रीहरूका बीचमा बजेटको सौदाबाजी भएको हो, मेरो मन्त्रालयबाट यति कार्यक्रम तपाईंको क्षेत्रमा र तपाईंको मन्त्रालयबाट यति कार्यक्रम मेरो क्षेत्रमा भन्ने कुरा भएको हो भने यो बडो दुर्भाग्यपूर्ण हुन्छ, यो बिडम्बना पूर्ण हुन्छ, यदि त्यो भयो भने हामी मनासयगत रूपमा नै यो काम गर्दैछौं । मैले बुझेको के हो भने हामीले जानीनजानी, हाम्रो ल्याकतले, हाम्रो वर्गतले, हाम्रो ताकतले, हाम्रो बुद्धीले यो काम गरिरहेका छौं, र यसमा मनसायगत दोष मन्त्री साथीहरूको पनि छैन भन्ने मेरो बुझाइ हो । तर यदि मन्त्री मन्त्रीहरूका बीचमा सौदाबाजी र भागबण्डा भएको हो भने त्यो दुर्भाग्यपूर्ण हो । मुख्यमन्त्रीज्यूले धेरै औपचारिक र अनौपचारिक फोरममा भन्नुहुन्छ, आजको छलफलमा पनि उहाँ हुनुहुन्छ, बजेटको केन्द्रीकरण गर्ने भन्नुहुन्छ, मुख्यमन्त्रीज्यूले धेरै ठाउँमा धेरै महत्वपूर्ण कामहरू गर्ने र बजेटको केन्द्रीकरण गर्ने भन्नुहुन्थ्यो । यो दस्तावेज हेर्दा आदरणीय माननीय मुख्यमन्त्रीज्यू यो बजेटको केन्द्रीकरण नै छ, तर केही निश्चित ठाउँमा केन्द्रीकरण छ त्यो चाहिँ दुर्भाग्य हो, तर केही निश्चित क्षेत्रमा केन्द्रीकरण छ, त्यो चाहिँ दुर्भाग्य हो, संयोगले हो वा वास्तविक रूपमा हो, ती क्षेत्रमा मन्त्रीज्यूहरूले नेतृत्व गर्नुहुन्छ, त्यो दुर्भाग्य हो । एउटा बहसको आरम्भ भयो, म अस्ति निर्वाचन क्षेत्रमा गएको थिएँ, मलाई केही साथीहरूले सोध्नु भयो, रेडियोमा काम गर्ने पत्रकार साथीहरू र जनताहरूले मलाई के सोध्नु भयो भने दैलेख जिल्लाबाट कोही मन्त्री हुनुभएन, त्यसकारणले जिल्लालाई बजेटको सम्वोधन भएन भन्नुभयो । सम्बन्धित व्यक्ति मन्त्री भएर मात्रै बजेट जाने प्रणाली हामीले गरेको छलफल होइन, यदि हामी त्यो ठाउँमा पुग्यौं भने के हुन्छ भने यो त एकात्मक भन्दा पनि भोट केन्द्रीकरण भयो, यो त संघीयकरणको विरूद्ध भयो ।

त्यसकारणले हामीले गरिरहेको चिज यदि यो कुरा सत्य हो, हामीले मनसायगत रूपमा यो गयौं भने बजेट केन्द्रीकरण हामीले जिल्ला विशेषमा गयौं भने यो दुर्भाग्य पूर्ण हो, समृद्ध कर्णालीको सपना छ, त्यो समृद्ध कर्णालीमा हामी पुग्न सक्दैनौ, यद्यपी मन्त्री साथीहरूको मनसायको बारेमा मेरो कुनै टिप्पणी छैन, उहाँहरूको मनसाय चाहिँ प्रदेशलाई राम्रो नबनाउने र हाम्रो मनसाय मात्रै राम्रो बनाउने हो भन्ने निष्कर्षमा म छैन । तर यो किन भयो, यसको जवाफ मुख्यमन्त्रीज्यूले दिनुपर्दछ, सम्बन्धित मन्त्रीज्यूले यो रोष्टमबाट दिनुपर्दछ, जनतालाई भन्नुपर्दछ, हामीले १ वर्षभित्र यो प्रदेशलाई कहाँ लिन्छौं मन्त्रीहरूले यहाँ उभिएर भन्नुपर्दछ । यो बजेटबाट हामी कार्यान्वयनमा गइ सके पछि, यी सम्भाव्यता अध्ययन गरी सकेपछि हाम्रा योजनाहरू बन्न सक्छन् कि सक्दैनन् भन्नुपर्दछ हामीले, यो बजेट कार्यान्वयन गरी सकेपछि १-२-३ वर्ष पछि यो पहिलो बजेटले यो प्रदेशलाई रिटर्न के दिन्छौ, हामी भइरहेको साथीहरूले भनेनौ भने हलबाट अर्को कोही मान्छे आएर भन्छ यो त, सधैं यो चिज त हामीले सम्हालेर राख्ने त होइन, हामी यो बारेमा कति गम्भीर छौं, माननीयज्यूहरूले गम्भीरताका साथ प्रश्न उठाउनु भएको छ । म कसको क्षेत्रमा कति बजेट पर्यो भन्ने बारेमा केही  टिप्पणी गर्दिन, किन गर्दिन भनेर भन्यो भने, हामीले बनाएको प्रणालीअनुसार हामी चल्यौं कि चलेनौ यसमा मेरो बढि चासो रहेको छ । सभामुख महोदय, विकासको प्रचलित मोडल असफल भयो भन्ने बारेमा सरकारलाई अहिलेपनि महसुस छैन र अहिले पनि हामी निकटताको आधारमा, नातागोताको आधार, सीमित मान्छेको आधारमा, टेलिफोनको आधारमा विकास चाहिँ ट्वाक्कै लिएर त्यो ठाउँमा हालिदिन्छौ । अहिले पनि साविकको त्यो मोडल असफल भयो भन्ने बारेमा हामी गम्भीर छैनौं, यदि हामी गम्भीर छैनौं, जानी जानी हामी यो काम गर्दछौं भने त्यो दुर्भाग्य पूर्ण हो । यदि हामी अर्को कुरा के छ भन्दा खेरि सबैभन्दा आनन्द भ्रममा हुन्छ, यदि हामी भ्रममा छौं भने त्यो जस्तो बिछट्टै मज्जा केही  हुँदैन, के सरकारका मान्छेहरू भ्रममा छन्, के हामी संसदहरू भ्रममा छौं, तपाईंहरूले राम्रो काम गरिरहनु भएको छ, यो भै रहेको मोडल ठीक छ, हामी भ्रममा छौं, हामी मात्रै सबै कुरा बुझिरहेको, मन्त्री भएको साथीहरूले नबुझेको भन्ने होइन । भन्दा बढि योग्यता भएकै कारणले मन्त्री भएको हो फेरी, उसो हो भने कि हामी माननीयहरू भ्रममा छौं, कि सरकारका साथीहरू भ्रममा हुनुहुन्छ, हामी दुई वटा एकैपटक त सही छैनौं, यो कुरा त सत्य हो, संसदमा लगातार उठिरहेको प्रश्न हो, सत्ता पक्षबाट र विपक्षीबाट उठिरहेको प्रश्न हो । यो प्रश्न भएन मित्रहरू, माननीयज्यूहरू, सत्तापक्षबाट उठेको भएपनि विपक्षीबाट उठेको भएपनि, संसद र सरकारका बीचमा अन्त्यर छ दृष्टिकोणको, कि चाहिँ हामीले सकेनौं भन्नुपर्यो, हामीले सकेनौं, हामीले चाहेको यो थिएन भनेर भन्नु पर्यो, मैले मुख्यमन्त्रीज्यूबाट यसको जवाफको आशा गरेको छु, फोरममा उहाँ उभिनुपर्ने, संसदमा त उहाँ उभिन्नै पर्दछ, मन्त्रीहरू त नियमित उभिन्नै पर्दछ, उभिदा त कतै न कतै यो कुराको सम्बोधन होला । बजेटको केन्द्रीकरण गर्ने यदि सरकारको चाहना थियो भने बजेटको किन केन्द्रीकरण भएन र

जिल्ला विशेषमा केन्द्रीकरण भयो । यो मनोविज्ञानका बारेमा म भन्छु, मैले हिजो पनि उभिएर भनेको छु, एउटा डर लाग्दो मनोविज्ञानको हामी सुक्ष्म रूपमा तयार गर्दैछौं, आफ्ना कलस्टरहरूको त्यो गयौं भने दुर्भाग्यपूर्ण हुन्छ, मैले त्यसलाई त्यति नै भने । त्यसो भन्दा खेरि मैले बजेटले फेरि पनि मार्जिनरी कम्यूनिटी, सीमान्तकृत समुदायहरूलाई, बजेटले फेरि पनि दलित, महिला, जनजाति, उत्पीडित समुदायहरूलाई छोयो छोएन यसका बारेमा टिप्पणी गर्नुपर्दछ, ती समुदायको जिन्दगी परिवर्तन गर्ने गरी बजेटलाई कसरी कार्यान्वयन गर्न सकिन्छ, सरकारले पनि यसमा रचनात्मक तरिकाले कार्यक्रमहरू बनाउनुपर्यो, मन्त्रीज्यूहरूको बारेमा अविश्वास त छैन, तर तपाईंहरूले छुट्याउनुपर्ने अबण्डा राख्नु भएको छ, त्यो अबण्डालाई छुट्याउँदा तपाईंले आफ्नो योग्यताको कति परिचय दिनुहुन्छ, तपाईंहरूले कति समानुपातिक तरिकाले बाँड्नुहुन्छ, कति समावेशी तरिकाले बाँड्नुहुन्छ, जुन बाँड्ने बाँकी रहेका चिजहरू छन्, पास त यही फोरमबाट हुन्छ, पास त यही ढङ्गले हुन्छ, सोलोडोलो मै पास हुन्छ, पास भै सकेपछि तपाईंले आफ्नो क्षेत्राधिकारको प्रयोग गर्दा यसमा कति समानुपातिक गर्नुहुन्छ र आज बिग्रिएका कुरालाई त्यताबाट कभर गर्न तपाईं कति काम गर्नुहुन्छ, हामी आफूसँग तथ्याङ्क छैन, हामीसँग प्राविधिक छैन, हामीले अन्दाजले यहाँबाट विकासको सर्भे गरिरहेका छौं, त्यो अन्दाजमा विकासको सर्भे गरेर लागु हुन्छन् कि हुँदैनन् भन्ने बारेमा हामी सबैलाई आशंका छ, त्यो आशंका सबैलाई हो, त्यो आशंका मन्त्रीज्यहरूलाई पनि हो, त्यो आशंका संसदज्यूहरूलाई पनि हो । तर बजेटले निर्वाचन क्षेत्र भरिमा उत्साह ल्यायो कि ल्याएन, यदि उत्साह ल्याएन भने हामीले उत्साह ल्याउने गरी कार्यक्रमहरू ल्याउनुपर्दछ, कतिपय सानातिना कार्यक्रमहरू छन्, कम्पोष्ट मल र प्लाष्टिक सँगै छ, म त यो मलको बारेमा धेरै जानकारी राख्दिन, कतै प्लाष्टिकबाट कम्पोष्ट मल बनाउने पो हो कि, कुरा के छ भन्दाखेरि केही कुराहरू मिलिरहेका छैनन्, यी कुराहरूमा हामीले ध्यान दिन पायौं कि पाएनौ, हैन, यी कुराहरू, प्लाष्टिक प्रशोधन र कम्पोष्ट मल एउटै प्याकेज हो कि होइन, प्राङ्गारिक मल र जैविक मल र प्लाष्टिक प्रशोधनवाला कार्यक्रम एउटै हो कि होइन, अथवा जैविक मलको कच्चापदार्थ प्लाष्टिक हो, यो बारेमा मेरो जानकारी छैन, मेरो कम नलेज हुन सक्छ, उता कानूनको विषय पढियो, यो मलको विषय पढिएन, भरखर मात्रै छलफल गर्दैछु । त्यसो हुँदा मैले समग्रमा के भनौं भने न्यायाधिवक्ताको कार्यालयमा केही तालिमका कार्यक्रमहरू छन्, त्यसमा चाहिँ इन्सिच्यूसनल डेभलपमेण्ट, त्यसमा संस्थागत विकास गर्नुपर्ने छ, मुख्यमन्त्री कार्यालयमा ठोस कार्यक्रमहरू भएनन्, सानातिना अन्त्यरक्रियाहरू मात्रै भए,माथि पनि प्रधानमन्त्री कार्यालयमा ठोस कार्यक्रमहरू हुन्छन्, मन्त्रालयबाट छुटे भने प्रधानमन्त्रीले कार्यालयमार्फत् व्यक्त हुने हुन्छ, मुख्यमन्त्रीमार्फत् व्यक्त हुँदा खेरि सानातिना कार्यक्रमहरू छन्, यी कार्यक्रमहरू भन्दा ठोस कार्यक्रम बनाउने पर्यो भन्ने कुरा सुझावको रूपमा दिन चाहन्छु । भौतिक पूर्वाधार मन्त्रीज्यूलाई त चुनौती छ, चुनौती के छ भने भैरहेको त्यो बीचको बजेटलाई उहाँहरूले कति

समानुपातिक तरिकाले वितरण गर्नुहुन्छ, कुरा गर्दा बडो खुल्ला हृदयले कुरा गर्नुहुन्छ, त्यो समानुपातिक तरिकाले वितरण गर्न सक्नुहुन्छ कि सक्नुहुँदैन, उहाँको योग्यताको विषयमा पनि प्रश्न उठ्ने ठाउँहरू छन्। समानुपातिक तरिकाले वितरण गर्नुभयो भने मन्त्रीज्यूले त्यो बीचमा राख्नुभएको उहाँको आशय चाहिँ गलत रहेन्छ भन्नुपर्यो, समानुपातिक तरिकाले वितरण गर्नु भएन र माननीय मन्त्रीज्यू कालिकोट जाने बाटो कतातिर छ भनेर सोद्धा खेरि यताबाट भनेर भेरी तिर ढल्काउनु भयो भने त्यसबारेमा म प्रश्न गर्छु तर अहिले म त्यो बारेमा प्रश्न गर्न तयार छैन । यति कुराहरू राखेर मैले उद्योगको बारेमा हाम्रो बेशिक धारणा हुनुपर्यो, हाम्रो उद्योग मन्त्रालयले कृषिको उद्योग पनि बनाउने, पर्यटनको उद्योग पनि बनाउने, खानीवाला उद्योग बनाउने हो, कच्चा तेलवाला उद्योग बनाउने हो कि, हाम्रो पर्यटन मन्त्रालयको कुन तहको उद्योग बनाउने हो, यसका बारेमा बेशिक स्टाण्डर्डको जरूरी थियो, त्यसको सम्भावना के कति भयो, बाँकी कार्यक्रमहरूबाट कति यसलाई समावेशी बनाउन सकिन्छ कि भन्ने यति कुरा राखेर मैले पहेंलो बत्तीको समेत विचार गरी बजेटलाई थप समृद्ध बनाउन, सरकारले रचनात्मक रूपमा प्रस्तुत हुन जरूरी छ, त्यो रचनात्मक रूपमा सरकारलाई प्रस्तुत हुन म बढि आशा गर्न चाहन्छु र यहाँहरूलाई रातो किताब प्रस्तुत गर्नु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आफ्नो मन्तव्य यहीं टुङ्ग्याउँछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमबहादुर रोकाय ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुख महोदय, आ.व. २०७५/०७६ को बजेटको विषयमा हामी दफावार छलफल गरिरहेका छौं । यो विषयमा हाम्रा माननीय सदस्यज्यूहरूले धेरै कुरा राखिसक्नु भयो । बारम्बार त्यही कुरा दोहर्याई रहन म आवश्यक ठान्दिन, अब पूराना मान्छेहरू उखान गर्छन्, हिड्याको हिडै गरौं भने फेरि थाक्छ, कुराका कुरा गर्यो भन मन फाट्छ, धेरै त्यही बिषयमा बोल्दा खेरि मन्त्रीज्यूहरूले दुःख मान्नुहोला । दुःख पनि मान्नु भएन किनभने तपाईंहरू जिम्मेवार ठाउँमा हुनुहुन्छ, सरकारमा हुनुहुन्छ, यस सरकारको, यो प्रदेशको घरिना हुनुहुन्छ, मैले अस्ति पनि भने यो घरिनाले कसैलाई बढि, कसैलाई कम, कसैलाई मिठो, कसैलाई नमिठो गर्यो भने अनि अरूले पचाउँदैनन् । त्यसैकारणले यहाँ कुरा चलिरहेको छ, रातो किताबको विषयमा गोलमटोल तरिकाले आयो, कसैलाई चित्त नबुझ्ने हिसाबले, कोही कसैले साङ्केतिक भाषाले बुझेका होलान्, त्यो कुरामा मैले जान्दिन, कसैले अंग्रेजी भाषाले बुझे होलान म जान्दिन, कसैले मैथिली भाषामा बुझे होलान् तर म जान्दिन, जनताहरूले पनि बुझेका छैनन्, प्रत्येक निर्वाचन क्षेत्रका जनताहरू रातो किताब आयो कि आएन, हामीले भनेका थियौं, हाम्रो ठाउँमा बजेट हाल्नुपर्यो, खानेपानी हाल्नुपर्यो, सिंचाइ हाल्नुपर्यो, सडक हाल्नुपर्यो, विद्युत हाल्नुपर्यो । हामीलाई मन्त्रीज्यूहरूले हाम्रो लेटर प्याडमा योजनाहरूको नाम लेखेर ल्याउनुहोस् भनेर भन्नुभएको थियो, हामीले लेटरप्याडमा लेखेर दिएका थियौं, त्यही हिसाबले ढुक्क थिएँ, रातो किताबमा आएन र हामीले प्रष्टसँग बुझ्न सकेनौं, सबै माननीय

सदस्यहरूको भाषा यही हो, बोली सक्नुभएको छ, भनिसक्नु भएको छ । अब यो रातो किताबको बजेट अहिलेको संघीयता, अहिलेको समाजवाद उन्मुख, अहिलेको गणतन्त्रको पक्षमा आएको छैन जस्तो लाग्यो, यो रातो किताब त निरङ्कुश पंचायती तानाशाही जस्तो, राजा महाराजाको जस्तो, जिमाल मुखीयाको जस्तो, उनीहरूलाई मान्नुपर्ने थियो, सारा मानिसहरू मुखीया कहाँ दहि, मह अन्य लिएर जान्थे, त्यस्तै अवस्था आएको छ । हामीले भन्छौ, अहिले संघीयता आइसकेको छ, सिंहदरबारको अधिकार जनताको घर दैलोमा पुगिसकेको छ भनेर सबैले चुनावमा भाषण गयौं, सिंहदरबारको अधिकार त्यो सिंहदरबारको ढोकामा सिंहहरू छन् नी, त्यो निजी सिंह बनाएका, सिंहदरबारको अधिकार भनेको जनताको ढोकामा जानु पर्यो, यसले त त्यो देखाएन, कर्णाली प्रदेशको २०७५/०७६को बजेटले त सिंहदरबारको अधिकार जनताको घरदैलो ढोकामा गएन, यो त उही जहाँ थियो त्यही हामी प्रदेशसभाका माननीयहरूले मन्त्रीज्यू मेरो खानेपानी हालिदिनुपर्यो, नछुटाउनु होला है, म तपाईंहरूकै मान्छे त होनी, मलाई सडक हाली दिनुपर्यो मन्त्रीज्यू मेरो मन्दिर छ मन्दिरमा बजेट हाली दिनुपर्यो, अनि मन्त्रीज्यूलाई भन्नै पर्यो, अनि त फेरि पुरानै पञ्चायती शैली, त्यही निरकुंशवाद, यो समाजवाद होइन, त्यसै कारणले सरकारमा रहनुहुने मन्त्रीज्यूहरूले हुनसक्छ तपाईंहरूले जान्नु हुँदैन, अनविज्ञ हुन् भन्या होइन, तपाईंहरू यसरी बोल्नुहुन्थ्यो हामीलाई, तपाईंहरूले पनि बोल्ने भाषा यही गर्नुहुन्थ्यो । हामी ४० जना माननीय मात्रै अब्बल, ४० जना भन्दा पढे लेखेका मान्छे, भनेर तपाईंहरूलाई छानेर पठाएका हौं । मैले हिजो पनि भनेको थिए, विज्ञ टोली पनि आएका थिएमाथिबाट, यो बजेटको विषयमा, ती विज्ञ टोलीले के हेरेको हो, को विज्ञ टोली हो, त्यो गर्नुभन्दा, हामीलाई अधिकार पनि छ, हामी यो प्रदेशका माननीय पनि हौं, यो प्रदेशका जनताहरूले हामीलाई चुनेर पठाएका पनि हुन्, एक जिल्ला अथवा एक क्षेत्रका जति जना माननीय छन्, बोलाएर तपाईंहरूको क्षेत्रमा कुन-कुन योजना हाल्ने, कुन कुन आवश्यकता छ, डोल्पाको कुरा मलाई थाहा छैन, हुम्लाको कुरा हुम्लाकै मान्छेलाई सोध्नु पर्ला, जम्मा २४ वटा निर्वाचन क्षेत्रहो एकै चोटी समाधान गर्न सकिन्थ्यो, तपाईंहरूले बोलाएर तपाईहरूकोमा के के चिज आवश्यकता छ भन्नुहोस्, भन्देको भए यो कुरा आज यहाँ आउने थिएन, सबैको कुरा रातो किताबमा समेटिने थियो, कुन ठाउँमा खानेपानी छ, कुन ठाउँमा सिंचाइ थियो त्यो कुरा आउने थियो, त्यो कुरा भएन, कुन कुराको पछाडि के हिसाबले तपाईंहरू लाग्नु भएको छ, मलाई थाहा छैन । अब यहाँ एउटा कुरा आएको छ, डल्लो, एकमुष्ट बजेट, कहाँ हाल्ने, के गरौं भने पछि, त्यो रेलमार्ग छ नी, त्यो रेलमार्गमा हालौं डल्लो सब्बै, रेल ल्याउँ अहिले, सबै जति रेलमा जान्छ, हामीले रेल ल्याउँ नेपालमा भन्ने हुन्छ, कालिकोट, जुम्ला डोल्पा हुँदै हुम्ला सिमिकोट मै पुर्याइदिउँ चित्त पनि बुझिहाल्यो । कि त सुरूङ्गमार्ग हालौं, ५ वटा सुरूङ्गमार्गमा हालौं, अर्को मसान्तसम्म सकिन्छ भने एउटा सुरूङ्ग मार्गमा हालौं, हैन भने यो त २०-३० वर्ष हाम्रा छोरा नातिका पालासम्म पनि असम्भव छ । हाम्रो सरकारमा बस्ने मन्त्रीज्यूहरू ५

वटा सुरूङ्गमार्ग, रेलमार्ग, जलमार्ग भनेर सम्भाव्यता अध्ययन गर्ने भनेर त्यसमा बजेट छुट्याउन हामी असमर्थ छौं, अहिले सम्भव छैन । पहिला हामी जनताको घरदैलोमा, हुम्ला र डोल्पामा बाटो पुर्याउँ, खानेपानीको पाइप पुर्याउँ, सिंचाइ पुर्याउँ, सबै हामीले पूरा गरिसके पछि अनि बल्ल रेलमार्ग र जलमार्ग सुरू गरौं, सम्भाव्यता अध्ययनमा १ रूपैयाँ पनि नहालौं, जलमार्ग र रेलमार्गको सम्भाव्यता अध्ययनमा १० करोड छुट्टियो भन्ने सुनियो भने फेरि यही लडाईं हुन्छ, त्यो कहिले हुने कुरा हो, अहिले सम्भाव्यता अध्ययन हुँदैन । त्यसकारणले हुने कुरा गरौ तत्काल, हामीलाई गाँसवासको आवश्यकता छ, यो देशलाई, कर्णालीलाई, नेपाललाई, यो कर्णाली प्रदेशलाई, सबैभन्दा कमजोर प्रदेश हो यो कर्णाली प्रदेश । यो प्रदेश अरू प्रदेश भन्दा अब्बल प्रदेश बनाउने भनिरहेका छौं, यही तरिकाले कसरी अब्बल होला, ४ अर्ब, २ अर्ब त्यो बाटोमा, खानेपानीमा लौ है २ अर्ब सम्भाव्यता अध्ययन, यार्सागुम्बा खेतीमा, जडीबूटीको खेतीमा २४ करोड, अनि त्यही गरेपछि यो प्रदेश बन्ला त, पैसा आएको छ, जब कि ८३-८३ माननीय रहेका अरू ठाउँ छन्, यो भन्दा डब्बल त्रिबल जनसंख्या भएको अरू प्रदेश छन्, यहाँ जनसंख्या कम छ भनेर त्यो बजेट आएको छैन, अरूजस्तै गरेर बजेट आएको छ, उनीले १ करोड पाउँछन् भने हामीले २ करोड पाएका छौं, हामीले त्यसलाई सदुपयोग गर्नुपर्यो । हाम्रा कर्णाली प्रदेशका युवाहरू भारत नैनितालदेखि खाडीसम्म पुगेका छन्, युवा युवतीहरूलाई रोजगार दिउँन हामी, ठूलो उद्योग खोलौं, जब कि हजार बीस हजार जना युवा युवतीहरूले रोजगार पाउन, ठिकै छ, अनि मन्त्रीज्यूहरूले २४ करोड रूपैयाँ जडीबूटी नर्सरी खेती गरेर हुँदैन यहाँ, अस्ति म वन मन्त्रालयमा गएर भनेको थिएँ, त्यो ढाई करोड रूपैयाँ यार्सागुम्बा संरक्षणमा हुँदैन, सोचाइ नपुग्न सक्छ, जडीबूटीसम्बन्धी ४० वर्ष भयो मैले काम गरेको, मसँग, उभिन्ने ठाउँ, बेच्ने ठाउँ र किन्ने ठाउँ सब्बै थाहा छ, सबै अनुभव छ मसँग, कि त मलाई थाहा नहुन सक्छ, अहिले सरकारले डोल्पाको चुचुरोमा, मुगुको, हुम्लाको चुचुरोमा यार्सागुम्बा संरक्षण गर्न चौकिदार राख्ने हो त, साउनमा जाँदा त मान्छेहरू मरेका छन्, अनि पुस माघको चिसोमा वाटरप्रुफ लगाएर त्यहाँ बसेर सुरक्षा गर्ने हुन् कि, त्यहाँ घेराबार हुने होकि, त्यो सम्भव नै छैन, त्यो बजेट पर्यटन मन्त्रालयमार्फत् अर्को ठाउँमा राखिदिनुहोस्, पदमार्गमा राखिदिनुहोस्, सडक पुगेको छैन हामीलाई, भौतिक योजना मन्त्रालयबाट जति योजना दिए पनि हामीलाई सडक पुगेको छैन, मान्छेलाई चाहिएको छ पहिला बाटो, बत्ती, खानेपानी, सिंचाइ त्यस्तो चिज चाहिएको छ । भौतिक मन्त्रालयबाट ६ अर्ब रूपैयाँ छुट्याए पनि त्यो हामीलाई पुगेको छैन, पर्यटन मन्त्रालयबाट पर्यटन पदमार्ग राखि दिनुहोस्, कुन शीर्षकमा मिल्छ पाइपहरू राखिदिनुहोस्, खानेपानी राखिदिनुहोस्, सिंचाइ राखिदिनुहोस्, तब मात्र जनताले त्यसको प्रत्यक्ष लाभ पाउँदछन्, यो केही सम्भव छैन, यसैकारणले मैले भन्नुपर्ने यही हो, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमाथि दफावार छलफल मिति २०७५ असार १७ गते पनि जारी रहने जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक मिति २०७५ साल असार १७ गते दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-२७

(२०७५ असार १७ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको २७ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमाथि दफाबार छलफल सुरू हुन्छ ।

सर्वप्रथम माननीय श्री गुलावजँग शाह, समय ७ मिनेट ।

**माननीय श्री गुलावजँग शाहः-** माननीय सभामुख महोदय, मन्त्रालयगत छलफलमा उभिएर मैले आफ्ना केही भनाइहरू थोरै सुझावको रूपमा राख्न चाहन्छु । माननीय सभामुख महोदय, यस भन्दा पहिला पनि हामीहरूले भन्दै आएको कुरा एउटा मात्रै छ, कर्णाली प्रदेशको समृद्धि, कर्णाली प्रदेशका जनतालाई विकासको बाटोमा लम्काउनेतर्फ, चाहे त्यो बजेटले होस्, चाहे त्यो राजनैतिक यात्राले हो, हामी त्यो चाहाछौं । त्यो सन्दर्भमा कर्णाली प्रदेश सरकारले बजेट विनियोजित गरेको छ । त्यो विनियोजित बजेट हरेक मन्त्रालयले गम्भीरता पूर्वक कर्णाली प्रदेशका जनताका हितमा, कर्णाली प्रदेशको समृद्धिको लागि, नेपाल राष्ट्रको उन्नतिको लागि यो बजेट विनियोजित भएको छ । यो आर्थिक वर्ष २०७५/०७६ को बजेटले ठूलो यात्रातय गरेको छ भन्ने मेरो भनाइ र ठम्याई रहेको छ । म गम्भीरताका साथ भन्न चाहन्छु, विनियोजित बजेटमाथि हरेक मन्त्रालयले जनताको तहसम्म पुगेर, हरेक वर्गका मानिसहरूको तहसम्म पुगेर, आवाज नपुग्ने मानिसहरूको तहसम्म पुगेर, हरेक चाहे त्यो बाटो घाटोको कुरा होस्, चाहे त्यो शिक्षाको कुरा होस्, चाहे त्यो सिंचाइको कुरा होस्, चाहे त्यो कृषिको कुरा होस्, समग्रतामा सबै कर्णाली प्रदेशका वासीहरूलाई हित गर्ने गरी यो बजेट विनियोजित भएको छ भन्ने कुरा हाम्रो बुझाइ छ । जहाँसम्म बजेट अलि फराकिलो ढङ्गले देखिने गरी, त्यसको प्रतिफल आउने गरी, त्यसको प्रतिफल आएको महसुस गर्ने गरी, बजेट विनियोजित हुनुपर्थ्यो भन्ने माग आम सांसद सदस्यज्यूहरूको छ । यो भनाइ एकहदसम्म मात्र नभै धेरै प्रतिशतसम्म ठीक छ भन्ने कुरामा मेरो पनि सहमत छ । आज हामी पर्यटन मन्त्रालय, वन मन्त्रालय, मुख्यमन्त्रीको कार्यालयमाथि छलफल गरिरहेका छौं । आज यी मन्त्रालय मातहत छुट्याइएको बजेट, वास्तविक ढङ्गले यो २०७५/०७६ को अन्तिममा आएर रूजु गर्नु पर्दा, अन्तिममा आएर समिक्षा गर्नुपर्दा जनताका पक्षमा कति प्रतिशत बजेट विनियोजित गरेर उब्रियो भन्नेकुरामा समिक्षा गर्नु पर्दा त्यसबेला फेरि निधार खुम्चाएर सांसदको रूपमा रोष्टममा उभिएर समिक्षा गर्नुपर्दछ । मैले गम्भीरताका साथ मन्त्रीज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । वास्तवमा संसदीय अभ्यासमा, प्रजातन्त्रमा

संसदको भूमिका, सरकारको भूमिका र न्यायपालिकाको भूमिका, हामी सत्तापक्ष दलको संसद त हुँदै हौं, यद्यपी हामी जनताका प्रतिनिधि हौं । प्रजातन्त्रमा व्यवस्थापन गरिएको छ, कार्यपालिका, न्यायापालिका र व्यवस्थापिका, यी सबैका आ-आफ्ना काम, कर्तव्य र भूमिका छन् । सत्तापक्ष दलका संसद हुनुको नाताले पनि संरचनागत पावरलाई सुक्ष्म ढङ्गले जिम्मेवारी बोध गर्दै म एउटा जनप्रतिनिधि पनि हो, म जनताको आवाज संसद रोष्टममार्फत् सरकारलाई घच्घच्याउन चाहन्छु कहींकतै दुरूपयोग नहोस् भनेर । अधिकतम रूपमा जनताको पक्षमा कार्यान्वयन होस्, त्यो मेरो माग छ । अहिले जसरी माननीय मन्त्रीज्यूहरूले रकम विनियोजन गर्ने सवालमा आफ्नो मन्त्रालयमा कति बढि भन्दा बढि रकम लैजान सकिन्छ, त्यो उहाँहरूको लडाई थियो होला । त्यो लगिएको रकम अब हामी हेर्न पाउँछौं । हुन त यहाँ सबै मान्छेहरूले, मैले अस्ति पनि भन्ने गरेको थिएँ, सबै जनताले हामीलाई हेरिरहनु भएको छ । मुलुकमा २०६२/०६३ को आन्दोलन पछि, २०७२ को संविधान जारी पछि मुलुक संघीय गणतन्त्रमा आइसक्यो । यो हाम्रो पहिलो अभ्यासमा हामीले गरेका सबै क्रियाकलापहरू जनताहरूले नजिकबाट हेरिरहनु भएको छ । हामीले यहाँ पास गर्ने कानूनहरू, सरकारले गर्ने विकास निर्माणका क्रियाकलापहरू र सरकारले गरेका कामहरूलाई मसिनो ढङ्गले रोष्टमबाट गरिने टीकाटिप्पणीहरू, यद्यपी हामी संसद दलका संसदहरू हुनुका नाताले हाम्रा लिमिटेसनहरू छन्, हामीले कति कुरा रोष्टममा गर्ने, कति कुरा जनताका बीचमा गर्ने र कति कुरा पाटी संगठनका बीचमा गएर गर्ने भन्ने विषयहरूमा हाम्रा केही सीमाहरू छन् । यद्यपी थप बल र मद्दत गरेर भन्न चाहन्छु, हरेकका आफ्ना आफ्ना सिस्टम विधि र कानूनहरू छन्, व्यवस्थापिका संसदको नाताले मैले जनताका आवाज रोष्टममार्फत् भन्न सकिन भनेपछि फेरि हामीले जनताका बीचमा गएर स्वीकार गर्न सक्नुपर्ने हुन्छ । हामी जनताका बीचमा जाँदै गर्दा, समृद्धिको यात्रालाई घनीभूत ढङ्गले बोकेर अगाडि बढ्दै गर्दा, हामीलाई थाहा छ हामी त्यस्तो मुलुकका नागरिक हौं । २०४६ साल भन्दा पहिला पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय व्यवस्थाको शुत्रपात गर्ने सवालमा हरेक गैरसरकारी संस्थाले जनतालाई सचेतनामूलक ढङ्गले स्किल डेभलपमेण्ट ट्रेनिङ्गमा सहभागी गराउने तर नन प्रोफिटेबल काममा लगानी विनियोजित गर्दै गर्दा त्यो रकम कति दुरूपयोग भयो भन्ने कुरामा अहिले हामीले हिसाब किताब गर्यो भने नेपालको बजेट भन्दा धेरै ठूलो रकम ननप्रोफिटेबल क्षेत्रमा गैरसरकारी संस्थाले खर्च गरेको छ । त्यसै गरी हाम्रो सरकारले विनियोजित गरेको रकम पनि खाली स्किल डेभलपमेन्ट ट्रेनिङ्गमा मात्र गर्ने गर्दछ । भोलि हामीले ननप्रोफिटेबल क्षेत्रमा बजेट विनियोजित गर्यौं भनेपछि तिनै जनताले वास्तविक ढङ्गले समिक्षा गर्नेछन् र हामी प्रतिको औंला ठाडो ढङ्गले तेर्छाउने छन् र त्यसको जवाफ हामी संसदहरूले जनताको बीचमा गएर दिनुपर्ने हुन्छ । त्यसको लागि पनि म सरकारलाई विनम्रता पूर्वक अनुरोध गर्न चाहन्छु कि, सरकारले पहिले पनि भने अहिले पनि भन्न चाहन्छु, हामी नयाँ संरचनामा छौं, हामी अहिले द्रुतगत गतीमा संविधान

अन्तरगत रहेर कानून निर्माण गर्नुपर्ने छ । संरचना छैन, संरचना बनाउनु छ, हामीले कसरी यो तहको संरचना बनाएर कार्यान्वयनमा अगाडि बढ्ने होला, त्यो कुरामा गम्भीरता पूर्वक उभिएर जानु पर्ने छ । यता तिर पनि सरकारले ध्यान दिने छ, तर पनि सरकार गम्भीर भएर सोच्ने छ र आफ्नो मन्त्रालयमा भएको बजेटलाई, विनियोजित भएको रकमलाई सदुपयोग हुने गरी, सब्बै नेपाली जनताले, सबै कर्णाली प्रदेशका जनताहरूले राम्रो काम गर्यो भन्ने छन् । स्यावासी पाउने गरी मन्त्रालयले काम गर्यो भने, ती मन्त्रीहरू धन्यवादका पात्र हुनेछन्, नत्र भने फेरि पनि हामीले संसदको भूमिकामा आफ्नो भूमिका संसदमार्फत् खेल्ने छौं भन्ने कुरा माननीयज्यूलाई अनुरोध गर्न चाहन्छु । त्यसैले म शुभकामना दिन चाहन्छु कि यो बजेट, विनियोजित रकम जनताका पक्षमा उचित ढङ्गले विनियोजन होस्, कार्यान्वयन होस्, खर्च होस् यही शुभकामनासहित विदा हुन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, म के भनौं, अत्यन्तै अफठ्यारो स्थितिमा छु । एउटा ठूलो दायित्व बोकेको गरिमामय सदनमा आवाज बोलिरहेको छु । त्यो आवाज सुन्नेले कसरी सुनेको छ, त्यसको बारेमा सबैलाई जानकारी छ, थाहा छ । बहिरो बाघ, बहिरो बाघलाई ढुङ्गाले हाने पनि थाहा पाउँदैन, कुल्ला हाले पनि थाहा पाउँदैन, बन्दुकले हाने पनि थाहा पाउँदैन, आगो पनि थाहा पाउँदैन, आफ्नो मुखमा शिकार कसरी आउँछ भनेर मात्र आँखाले हेरेको हुन्छ । त्यस्तै हाम्रो कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट त्यही हो । बहिरो बाघ, बहिरो बाघलाई के गरौं, बहिरो बाघलाई के भनौं । म त सायद के सोचेको थिएँ, आज यो बहिरो बाघलाई अरूभन्दा आइ लभ यू भेरी मच भन्दिए पुग्छ जस्तो लाग्या थ्यो । तै पनि मञ्चमा आइ सकियो, मञ्चमा आइसकेपछि केही कुरा भन्नुपर्दछ । म स्पष्ट साथ के भन्न चाहन्छु भने कर्णालीवासीको हित र कल्याणको लागि जुन हामीले सङ्कल्प गरेर सपथ ग्रहण गरेको प्रारम्भिक यात्राबाट हामी जसरी अगाडि बढेका थियौं, सङ्कल्पलाई सदुपयोग गर्ने दायित्व वर्तमान सरकारले दिएन, वर्तमान सरकारले त्यसरी तल ओर्लेन । वर्तमान सरकार अत्यन्तै कठिन र जटिल अवस्थामा पुग्यो । एउटा दैलेखमा कहानी गर्दथे के, जुम्लाबाट गाई लिएर आएका रहेछन् जुम्लीहरू, कुसाहापानीबाट बनलम्जी आइसकेपछि ४-५ वटा गाई हराएछन्, बनलम्जी आइसकेपछि कतै मेरो गाई देख्नुभयो कि ओल्याल्यौ, कहाँ, कुसाहापानीदेखि बनलम्जीसम्म हराएको, गाई त देखें जुम्लीअ तर त्यस्तो लामी गाई काँही देखेन भनेर भन्यो गरे । सरकार त देखियो तर यस्तो राम्रो सरकार काँही देखिएन, त्यस्तो अवस्थामा हामी गइ रहेका छौं । स्पष्ट रूपमा भन्ने हो भने तपाईंहरू मञ्चमा आउँदा समाजवाद मान्नु हुन्छ, समृद्धि भन्नु हुन्छ, कम्यूनिष्टको सरकार भन्नु हुन्छ, मलाई लाग्दछ, कस्तो समाजवाद हो ? कस्तो समृद्धि हो ? कस्तो कम्यूनिष्टको सरकार हो ? म अन्त्यरआत्मा बाटै उकुसमुकुश मात्रै होइन कुहिरोको काग जस्तो भएर घुमी रहनु परेको

छ । कस्तो समाजवाद हो यो कर्णाली प्रदेशको कम्यूनिष्ट सरकारले ल्याएको, लोकतान्त्रिक समाजवाद हो कि ? पूँजीवादी समाजवाद हो कि ? साम्यवादी समाजवाद होकी ? अधिनायकवाद समाजवाद होकी ? कुन समाजवाद हो ? म छुट्याउन सक्दिन ? अत्यन्तै जटिल परिस्थिति सिर्जना भएको छ । कम्यूनिष्ट सरकार भन्नु हुन्छ ? कुन कम्यूनिष्टको सरकार हो ? लेनिन कम्यूनिष्टको सरकार हो कि, स्टालिनको कम्यूनिष्टको सरकारको हो कि ? माओको हो कि ? भन्ने हो भने रोमानीयाको चाउथेष्ट हो कि ? कम्बोडियाको पोल्पोट हो कि ? कुन कम्यूनिष्टको सरकार हो ? त्यसकारण म कन्फ्यूजनमा छु । मेले थाहा पाएको र जानेको कुरा एउटै कर्णाली प्रदेशको सरकार हो । कर्णाली प्रदेशको सरकार अवश्य पनि कर्णालीवासीको जनताको हित र कल्याणमा पूर्णतया बफादारी र दायित्वका साथ अगाडि बढ्ने छ भन्ने कुरा नेपाली कांग्रेसले विश्वासका साथ सहकार्य, सौहार्दता, सहिष्णुता देखाउँदै आजसम्म आएको कुरामा तपाईंहरूलाई थाहा नै छ । अब यो वार्षिक विकास २०७५/०७६ को कुरा गर्दा आदरणीय माननीयज्यूबाट धेरै कुरा आइसकेको छ । कुनै कुरा लुकाउनु पर्ने अवस्था छैन, म भन्दा पनि धेरै माननीयज्यूहरूले अत्यन्तै गम्भीर र अत्यन्तै चिन्तनका साथ त्यो कुरा सदनमा पोख्नु भएको छ । मैले देखेको मन्त्रीज्यू यहाँ उपस्थित हुनुहुन्छ, यो रातो किताब सरकारले यहाँ ल्याएको छ, यो रातो किताब हो कि पहेंलो किताब होकी, यस्को नामै कालो किताब भनिदिए सजिलो हुन्थ्यो । यसभित्र भ्रष्टाचारको तुवाँलोको गन्धको जगेडा छ । अवश्य पनि कमिशनको कुहिरोले घेरेर जगेडा गरेर राखेको छ । त्यसभन्दा अरू कुनै पनि उपलब्धी छैन भन्ने कुरा म तपाईंहरूलाई भन्न चाहन्छु । स्पष्ट साथ भन्ने हो भने म सभामुख महोदयमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, कर्णाली प्रदेशको सरकारलाई अपिल गर्न चाहन्छु, प्रतिपक्षको हैसियतले नेपाली कांग्रेसलाई जनताको माझमा जान तपाईंहरू बाध्यता नपार्नुहोस् । नेपाली कांग्रेसलाई जनताको माझमा जान बाध्य नपार्नुहोस्, तपाईंहरूलाई बिन्ती छ, तपाईंहरूलाई अपिल छ । यहाँ माननीय गुलावजँग शाह भन्नु हुन्छ, प्रतिपक्षको टिप्पणी, मैले भनिसकेको थिएँ प्रतिपक्ष कोल्टे परिसक्यो भनेर, मैले भनिसकेको हुँ सरकार कोल्टे परिसक्यो भनेर । मैले अगाडि नै भनिसकेको थिएँ, सरकार कोल्टे परिसकेको छ, तपाईंहरू गम्भीर हुनुहोस् र म यति मात्रै सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । नेपाली कांग्रेसलाई जनताको माझमा जानुपर्ने आवश्यकता, त्यस्तै पर्यो भने सडकमा ओर्लनु पर्ने बाध्यात्मक परिस्थितिको सिर्जना नगरिदिनुहोस् तपाईंहरूसँग अपिल छ । नेपाली कांग्रेस अवश्य पनि जनताको हित, जनताको कल्याण र जनताको समृद्धिमा तपाईंहरूसँग हातमा हात, काँधमा काँध मिलाएर अगाडि जान आवश्यक छ । मलाई त आखिरमा कस्तो लाग्न थाल्यो भने, यो पञ्चायतकालिन एउटा भनाइ थियो, "पशुपति बोल्दैन, राजा सुन्दैन" भनेर भन्थे । त्यस्तै हाम्रो कर्णाली प्रदेश सरकारले ठीक त्यस्तै सँस्कृति ल्याएको छ । शाही घोषणा भन्थे नि पञ्चायतमा, यो त हाम्रो कर्णाली प्रदेशको शाही घोषणा हो, कर्णाली प्रदेशका जनताको

हक, हित र कल्याणका लागि कुनै पनि नीतिगत कुराहरू आएको छैन, यो प्रदेश सरकारको शाही घोषणा हो । यसैले तपाईंहरू सतापक्षका सम्पूर्ण माननीय साथीहरू, अभिन्न मित्रहरू गम्भीर हुनुहोस्, फेरि गम्भीर हुनुहोस्, मलाई कता कता के लाग्न थाल्यो भने, सरकार चलाउन त कांग्रेस नै आउनुपर्यो जस्तो लाग्यो तर ६ जना भयौं के गरौं, अफ्ठ्यारो पर्या छ, २६ जना भैदिए कति सजिलो हुन्थ्यो । कांग्रेस नै सरकारमा आउनुपर्ने थियो, यो रातो किताब आउने थियो, यसमा भ्रष्टाचार र कमिशन आउने थिएन, कमिशनको तुवाँलो पनि आउने थिएन । कर्णाली प्रदेशका जनताहरूको हक र हितका लागि एकदम रातो किताबमा सेतो अक्षरले उनीहरूको भविष्य कोरेर आउने थियो । यसैले म आज एउटै कुरा यहाँ भन्न चाहन्छु, वर्तमान सरकारलाई, कर्णाली प्रदेशको सरकारलाई, नेपाली कांग्रेसलाई जनताका माझमा जानुपर्ने, जनताका बीचमा जानुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना नगरियोस्, विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७५ अन्तरगतको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका शीर्षकहरूमाथि दफावार छलफल आजै समाप्त हुने भएका भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमका बाँयातर्फ भएका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला ।

अब माननीय श्री बिन्दमान बिष्ट ।

**माननीय श्री बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, हामी विनियोजन विधेयक, २०७५ को बाँकी रहेका मन्त्रालयहरूको शीर्षकमाथिको छलफलमा सहभागी भइरहेका छौं । आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्रीको कार्यालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, पर्यटन र उद्योग वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमा हामी छलफल गरिरहेका छौं । अब यी शीर्षकहरूमा छलफल गरिरहँदा खेरि मलाई समग्रमा बजेट कस्तो लागिरहेको छ भन्दा खेरि यहाँ अस्तिदेखि नै यो बजेटमाथि गम्भीर छलफलहरू पनि भैरहेका छन् र यसका सीमाहरू, यसका कमजोरीहरू, यसका सकारात्मक पाटा र नकारात्मक पाटाका विषयहरूमा सबै माननीयज्यूहरूले आ-आफ्नो धारणा राखिसक्नु भएको छ । मेरो आफ्नो बुझाइ के रहेको छ भन्दा खेरि, यो बजेट निर्माणका सन्दर्भमा सरकारमा गएका मन्त्रीहरूको एउटा सीमाभित्रको बाध्यता र हामी माननीय सदस्यहरूको जनताका धारणा अभिव्यक्त गर्ने सन्दर्भमा प्रस्तुत भएका केही अवस्थाहरूको बीचबाट यो बजेट निर्माण गर्ने सन्दर्भमा गंजागोल भएको जस्तो मलाई लाग्दछ । मन्त्रीज्यूहरूको आफ्नो बाध्यता के छ भन्दा खेरि, आफ्नो निर्वाचन क्षेत्रलाई, आफ्नो जिल्लालाई बेस बनाउनु हो । हामी माननीय सदस्यहरूको पनि धारणा केहो त भन्दा खेरि हामीसँग थुप्रै जनताका आशा र अपेक्षाहरू हामीसँग ठोक्किरहेका छन् । त्योबाट बढि प्रेरित भएर हाम्रा मागहरू, हामी भन्दै छौं, रोष्टममा उभिएर सय मिटर पाइप

भएपनि चाहियो, एक लाख रूपैयाँ भए पनि चाहियो । सबै निर्वाचनमा यो-यो कुरा बोलेका छौं, यो कुरा पूरा गर्नुपर्दछ, निर्वाचनका नारामुखी हाम्रा मागहरू, त्यो दुई वटाका बीचमा अल्झिएर, अभिव्यक्त भएको मेरो आफ्नो बुझाइ छ । सरकार र सरकारमा भएका मन्त्रीज्यूहरूले पनि समग्र कर्णालीको विकासका सन्दर्भमा आफ्नो धारणा र प्रष्ट मार्गचित्र बनाउन नसकिएको हो कि भन्ने कुराको अनुभूति हुन्छ र हामी माननीय सदस्यहरूले पनि हामीले आफ्नो धारणाहरू प्रस्तुत गर्ने सन्दर्भमा अलिकति आफ्नै तिरमात्रै लटपटिएको होकी भन्ने अनुभूति हुन्छ । त्यसकारणले गर्दा खेरि त्यो दुइवटा चिजको परिणामको रूपमा यो बजेट प्रस्तुत भएको होकी जस्तो मलाई लाग्दछ । यसमा मुख्य दोष त सरकार र सरकारमा रहेका मन्त्रीज्यूहरूले बढि पहलकदमी गर्नुपर्ने हुन्थ्यो र मुख्य दोषको भागेदार त उहाँहरू नै हुनुहुन्छ । त्यसकारणले गर्दा यसका बीचबाट यो बजेट आएको छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । दोस्रो कुरा अब यो २८ अर्ब २८ करोड २८ लाख २८ हजारको बजेट प्रस्तुत गर्नुभएका मन्त्रीज्यूले, अब यसो हेर्दा खेरि अर्थ मन्त्रालयमा करिब करिब ८ अर्ब रूपैयाँ राख्नुभएको छ । ८ अर्ब रूपैयाँ किन राख्नुभएछ भन्दा खेरि बजेट २८ अर्बको बजेट प्रस्तुत गरिहाल्नु भयो, झण्डै ६ अर्ब रूपैयाँ समपूरक अनुदान र विशेष अनुदानबाट ल्याउने प्रयत्न गर्नुभएको छ, १ अर्ब रूपैयाँ ऋणबाट ल्याउने यहाँ प्रस्तुत गर्नुभएको छ । सरकारले बजेट यहाँ प्रस्तुत त गर्यो तर त्यो रकम आउने नआउने विषयमा विश्वास त्यति धेरै नलागेको महसुस भयो । समपूरक अनुदान, विशेष अनुदान र ऋणबाट प्राप्त हुने रकम जो हो, अहिले त्यो रकम एकमुष्ट रूपमा अर्थ मन्त्रालयमा राखिएको छ । त्यो किन राखियो भन्दा खेरि मैले यो कमसेकम अर्थमन्त्रीले केही गर्न खोज्नु भयो अथवा सरकारका मन्त्रीज्यूहरूले पछि केही गर्न खोज्नु भयो भन्ने कुराको मेरो त्यता तिरको होइन । तर त्यो अनुदान आउने सन्दर्भमा आशंका, कहिले नआउने होकी भनेर त्यो बुझेर त्यो रकम त्यहाँ रहन गएको होकी जस्तो मलाई लाग्दछ । त्यसकारणले गर्दा खेरि सरकारले के आँट गर्न सक्थ्यो भन्दाखेरि बजेटमा त्यो कुरा उल्लेख भएपछि, समपूरक अनुदान आएन भने विशेष अनुदान आएन भने ऋणबाट पनि त्यो रकम ल्याउने बाटोलाई खुल्ला राखेको भए, बजेटमा केही सुन्दरताहरू र यसका केही सकारात्मक पक्षहरू अगाडि बढ्न सक्थे भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।

तेस्रो कुरा म के राख्न चाहन्छु भने कार्यक्रम नयाँ सिर्जना गर्न नसकेको हो कि क्या हो ? कुनै मन्त्रालयको बजेटको अलिकति ओइट बढि छ, अहिलेकै बजेट पनि ओइट बढि भए जस्तो । नयाँ कार्यक्रमहरू सिर्जना नगर्दा खेरिको बजेट त्यो बढि होइन, १ अर्ब डेढ अर्बको कुरा सामान्य मन्त्रालयमा जसरी बाँडी रहनुभएको छ, भौतिक पूर्वाधार मन्त्रालय बाहेक अरू सबै मन्त्रालयको बजेट तेरिज त्यही हो । तर नयाँ सोच र दृष्टिकोणसहित नयाँ कार्यक्रमहरू सिर्जना नगर्न सक्दा खेरि अलिकति बजेट ओइट बढि होकी भन्ने कुरा कार्यक्रममा हेर्दा देख्न सकिन्छ । अलिकति म यहाँ नयाँ ढङ्गले सोचौं भनेर म भन्न

चाहन्छु । अब मन्त्रालयगत रूपमा जाँदा खेरि जस्तो उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सन्दर्भमा जाँदा खेरि मेरो अरू केही टिप्पणी छैन, तपाईंहरूले जति कार्यक्रम राख्नुभएको छ, मेरो असहमति छैन, कार्यक्रमहरू ठीक छन्, यहाँ आवश्यक छन् गर्नै पर्छ तर त्यो भन्दा बाहिर पनि केही आवश्यक छन्, गर्नुपर्दथ्यो । त्यो बाहिरका र यहाँभित्र राखेका कार्यक्रमहरूको प्राथमिकताको सूची तपाईंहरूले तयार पार्नुपर्यो । त्यो प्राथमिकताको सूची बनाएर अगाडि बढ्दा खेरि मात्रै हामी अगाडि बढ्न सक्छौं भन्ने मलाई लाग्दछ । एउटा मात्रै टिप्पणी म के गर्दछु भन्दा खेरि यो वन मन्त्रालयको सन्दर्भमा हामीले कर्णाली प्रदेशको एउटा आत्मनिर्भरताको आधार जडीबूटी हुन सक्छ भन्यौ । जडीबूटी प्रशोधन गर्ने, बिरूवा उत्पादन गर्ने भन्ने विषयमा बजेट त विनियोजन गर्यौं । तर मेन अहिलेको हाम्रो कर्णाली प्रदेशको आवश्यकता के हो भन्दा खरि जडीबूटी उत्पादन गर्ने, त्यसको बिरूवा उत्पादन गर्ने भन्दा पनि अहिले उत्पादन भइरहेको जडीबूटी छ त्यसलाई प्रशोधन गर्नतर्फ कार्यक्रम केन्द्रित गर्नुपर्ने थियो । हामीले निरन्तर रूपमा अघिल्लो आर्थिक वर्षको बजेटमा, नीति तथा कार्यक्रममा, अहिलेसम्म पनि उठाउँदै आएको कुरा के छ भन्दा खेरि, एउटा ठूलो जडीबूटी प्रशोधन केन्द्र निर्माण गरौं र त्योमार्फत् हाम्रो आफ्नो आत्मनिर्भरताको बाटो अगाडि बढाऔं भनेर भनेका थियौं तर बजेट के बन्यो भने सम्भाव्यता अध्ययन भनेर १ करोड मात्रै छुट्याइयो । यसको मुल्य पछिसम्म चुक्ता गर्नुपर्दछ जस्तो मलाई लाग्दछ ।

अर्को मेरो कुरा के छ भने, कार्यक्रमहरू छुट्याइएर ल्याइएका छैनन् । सबै माननीय सदस्यज्यूहरूले भन्नुभएको छ, मन्त्रीहरूले कसरी गर्नुहुन्छ, यो गर्छु, उ गर्छु भन्नुभयो, तर मेरो भनाइ के छ भन्दा खेरि अस्ति बजेटको जवाफ दिने क्रममा आर्थिक मामिला तथा योजना मन्त्रीले हामीलाई भन्नु भएको छ कि डल्लो फुटाउँदा खेरि हाम्रा भावनाहरू फुट्ने छैनन् । त्यो कुरा मैले गम्भीरता पूर्वक स्मरण गरिराखेको छु, जति तपाईंहरूले केन्द्रिकृत कार्यक्रमको रूपमा प्रस्तुत गर्नुभएको छ, त्यसलाई विभाजन गर्दा खेरि, त्यसलाई खण्डिकरण गर्दा खेरि, सबै माननीयहरूका सबै जनताका भावनाहरूलाई टुटाउनु हुनेछैन भन्ने कुरामा म विश्वास गर्दछु । त्यो त हेर्न बाँकी छ, भोलि कसरी गर्नुहुन्छ, त्यो कुरा हेर्न चाहन्छु । समग्रमा बजेटसम्बन्धी मेरो आफ्नो धारणा के छ भन्दा खेरि हाम्रा केही शैलीहरू, हाम्रा केही तौर तरिकाहरू, हाम्रा केही दृष्टिकोणहरू बजेटमाथि पुगेका छैनन्, हाम्रा मेहनतहरू पुगेका छैनन् । जसको अभिव्यक्ति नीति तथा कार्यक्रममा भएको छ, बजेटमा पनि भएको छ । यसले मात्रै समग्र कर्णालीको समृद्धिको नेतृत्व गर्छ भन्ने कुरा लाग्दैन । तर हामी सबैले इमान्दारीताका साथ प्रयत्न गर्ने हो भने सरकारको नेतृत्व गरिराखेका र सरकारमा सहभागी भइराख्नुभएका माननीय मन्त्रीज्यूहरूले र हामी सदनमा सहभागी भइराखेका हामीहरूले पनि यो प्रदेश निर्माणको दायित्व हाम्रो पनि हो भनेर हामी बोध गरेर हामी अगाडि बढ्ने प्रयत्न गर्ने हो भने पछि प्रदेश समृद्धिको लागि यो एउटा आधारपत्र बन्न सक्छ । यो कुरामा मेरो विश्वास छ । यो भन्दा अगाडि माननीयज्यूले

कांग्रेसको सरकार भए अर्कै हुन्थ्यो कि, मलाई के लाग्दछ भने, अहिले यो रातो होकी, पहेँलो होकी, हरियो हो हामी कन्फ्युजमा छौं । तर मलाई के लाग्दछ भने, कांग्रेसको २६ सिट भएर सरकार भैदिएको भए, यही कार्यक्रममा छलफल हुँदाखेरि यो पत्र कालो हो भनेर ढुक्क भएर भन्न सक्ने स्थिति हुन्थ्यो । इतिहासले त्यही बोलिरहेको छ । म त्यता तिर बहस र सहभागी हुन चाहदिन । हामी फेरि इमान्दारीताका साथ प्रयत्नशील रहौं । मुख्यमन्त्रीले, मन्त्रीले हामी सबै माननीय सदस्यहरूले इमान्दारीताका साथ प्रदेश निर्माण गर्ने कुरोलाई दिल दिमागमा राखेर इमान्दारीताका साथ प्रयत्न गरौं, हामी अगाडि बढ्न सक्छौं । यसलाई पुनर्लेखन गर्नुपर्ने, यसलाई जलाएर अर्को लेख्नुपर्ने अवस्था छैन, यसलाई समृद्ध पार्नुपर्ने, यसमा मोटो रूपमा आएको छ त्यसलाई खण्डिकरण गरेर सबै तिर हेरेर, आफूतिर मात्र नहेरेर, यहाँको आवश्यकतालाई हेरेर खण्डीकरण गर्ने हो भने हामी ठीक ठाउँमा जान सक्छौं, यही धारणा राख्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री अमृता शाही ।

**माननीय श्री अमृता शाहीः-** माननीय सभामुख महोदय, चौध गतेबाट यस दफा छलफलको क्रममा आज म पहिलो चोटी भाग लिँदै छु । कहिले रातो, कहिले सेतो, आजबाट कालो पनि भयो । ठिकै छ, किताब ल्याउनलाई मन्त्रीज्यूहरूले अत्यन्तै मेहनत गरेर ल्याउनु भएको होला । यसमा जे जति बजेटका डल्लाहरू छन्, ती डल्लाहरू जनताकासमक्ष पुगौंन । हामीले जति जे भनेपनि उहाँहरूको मन सफा छ र किताबमा भएका डल्लाहरू जनतासमक्ष पुगे भने पछि यो किताबको महत्व रहने छ । यो किताब मेहनत गरेर ल्याउनु भएकोमा धन्यवाद !

सभामुख महोदय, छलफलको लागि तोकिएका मन्त्रालयसम्बन्धी आफ्नो धारणा राख्छु । मुख्यमन्त्री कार्यालयको बजेट सम्बन्धमा सि.नं. ४, ६ र ८ को बजेट शीर्षक लेखाइमा फरक भएता पनि खर्च व्यवहार दोहरिएको मात्रामा छ । यसरी कर्णाली उज्यालो कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम, मनोमानी खर्च नगरी सबै जनताका लागि लागु हुने गरी होस् । यसको रणनीति र योजना प्रष्ट होस् ।

माननीय सभामुख महोदय, उद्योग पर्यटन तथा वातावरण मन्त्रालयका सन्दर्भमा बजेट गाउँ, नगरपालिका, जिल्ला तोकी रकम छुट्याउँदा राम्रो हुन्छ कि, बजेटबाट परिणाम निस्किन्छ कि निस्किदैन ? बजेट वितरणमुखी भएको छ । गाउँपालिका, नगरपालिका अथवा प्रदेशमा यो बजेट प्रष्ट देखिनुपर्यो ।

सभामुख महोदय, भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षक १देखि ६सम्म सम्भाव्यता अध्ययन सम्बन्धमा के कसरी ? कहाँ हो ? यो विषयमा मन्त्रालय र मन्त्रीज्यूबाट प्रष्ट हुन चाहन्छु । कर्णाली प्रदेश विशेष गरी सुर्खेत क्षेत्र नं. १ मा विगतका सरकारका पालामा केन्द्रबाट भएका चालु बहुवर्षीय योजना मध्ये विभिन्न सडक, पुल, झोलुङ्गे पुल, खानेपानी, सिंचाइ, विद्युतीकरण, कसरी निर्माण सम्पन्न वा निर्माण को बारेमा के हुँदैछन् भन्ने कुराको जानकारीका लागि अनुरोध गर्दछु । अधुरा योजनामा बजेटको सम्वोधन गर्ने अनुरोध

गर्दछु । यो कार्यक्रममा पूराना पुलपुलेसा अधुरा रहेको हुँदा मन्त्रीज्यूबाट अनुगमन भयो कि भएन, यस बारेमा प्रष्ट गराउन अनुरोध गराउँदछु । जथाभावी निर्माण कार्यक्रम गर्दा वातावरणलाई लाभ, हानी, केलाएर विकासको परिणाम आउने गरी नीति कार्यान्वयन होस् । मैले जनताका सरोकारका योजना, प्रदेश सरकारका मन्त्रीज्यूको विभिन्न कार्यालयमा मैले आफ्ना जनताबाट महत्वपूर्ण योजनाहरू टिपेर फाइल बनाएर मन्त्रालयमा दिएको थिएँ, यो रातो किताबमा एउटा पनि योजना आएको छैन । कहाँ कस्तो अवस्थामा छ ? हुन्छ कि हुँदैन ? त्यस बारेमा मन्त्रीज्यूहरूले एकदमै ध्यान दिनुहोला ।
छिन्चु, घारीबन हुँदै सल्यान जोड्ने सडक कालोपत्रे बनाएर शहिद गणेश शाही राजमार्ग नामाकरण गरियोस् भनी अनुरोध गर्दछु । अन्त्यमा समृद्ध प्रदेश बनाउन केन्द्र, प्रदेश र स्थानीय तहको समन्वयकारी भूमिकाबाट बजेट कार्यान्वयन गरी चालुखर्च बढाउने प्रवृति हटाई शुन्य भ्रष्टाचारको नीति लागु गरियोस् भन्ने अनुरोध गर्दछु, धन्यवाद !
**माननीय सभामुखः-** माननीय श्री करबीर शाही, समय ७ मिनेट ।
**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारले संसदमा पेश गरेको आर्थिक वर्ष २०७५/०७६ को विनियोजन विधेयकको समूह ख को मन्त्रालय र निकायको छलफलमा सहभागी छौं । समूह क मा पर्ने मन्त्रालय र निकायको सन्दर्भमा मैले धेरै सैद्धान्तिक विषयहरू राखिसकेको छु र ती विषयहरू नदोहरिने गरी छोटकरीमा केही कुराहरू राख्ने अनुमति चाहन्छु । सभामुख महोदय, हामीले अस्ति पनि उठायौं र फेरि पनि दोहर्याउनै पर्ने देखियो । बजेट वक्तव्य र नीति तथा कार्यक्रममा ल्याइएका विषयहर एक वर्षका लागि अनिवार्य हुन् । तिनीलाई सिद्धान्तको रूपमा अगाडि सारेर बजेट निर्माण गर्नुपर्ने हुन्छ र त्यसको मूलबाटो निर्माण गर्नुपर्ने हुन्छ । बजेट वक्तव्यमा भन्दा अगाडि नीति तथा कार्यक्रममा प्रतिवन्ध चिजहरू पनि आए, त्यस विषयमा धेरै माननीय सदस्यहरूले पनि आफ्ना धारणाहरू राख्नुभयो । अहिले यो बजेट वक्तव्यपछि पनि केही विषयहरू छुट्न गएका छन्, वास्तवमा हामीले नबुझेका कुरा, ती विषयहरू कि प्रतिवन्धित वाक्यहरू थिए वा संविधानसँग बाझिए ? के कारणले ती विषयवस्तुहरूलाई छुटाउन खोजियो ? म दुईवटा कुराहरू यहाँ राख्न चाहन्छु, प्रदेशका गौरवका आयोजनाहरू सडक, खास गरिकन प्रदेशको राजधानीसँग जोड्नका लागि महत्वपूर्ण सडकहरूलाई १ अर्ब २८ करोड एउटा शीर्षकमा छुट्याइएको थियो । त्यो बुँदालाई टुक्रा टुक्रा बनाइएको छ, त्यसबाट डिपिआर तयार पार्ने र सम्भाव्यता अध्ययन गर्ने भनिएको छ । दोस्रो कुरा समूह ख मा पर्छ, माननीय मन्त्रीज्यू यतै भएको हुँदा फेरि पनि मैले दोहर्याएँ । कभर्डहल निर्माण गर्ने कुरा बजेट वक्तव्यमा सातवटा जिल्लामा बनाउने कुरा थियो, त्यो विषय चाहिँ यो रातो किताबको कार्यक्रममा, बजेट आउने र कभर चाहिँ रातो हुने, एकवर्षसम्म राख्नुपर्ने भएको हुँदा यसलाई रातो किताब भनिएको हो । यो हिसाबले यो विषय पनि छुट्न गएको छ र म यो दुवै विषय, अब सच्चिएर आउने मन्त्रालयगत हिसाबले निकाल्ने पुस्तिकामा यो विषय सच्चिएर आओस

भनेर भन्न चाहन्छु । हामीले विषयहरू धेरै उदघाटन गरेका छौं, कर्णाली प्रदेशको समृद्धिको लागि ती विषयहरू आफैंमा सम्बन्धित अन्योन्यायित सम्बन्ध राख्ने विषयहरू पनि छन् । ती विषयहरूले कर्णालीको समृद्धिको बाटोको ढोका खोल्ने प्रयत्न पनि गरेका छन् । यसमा म थोरै कुरा के भन्न चाहन्छु भन्दा खेरि, हामीले उदघाटित गरेका विषयहरू र हाम्रो बजेटको तालमेल कत्तिको मिल्न पुग्या छ, प्राविधिक दृष्टिकोणले ती चिजहरूलाई छुन कतिको सम्भव छ । यहाँ धेरै विषयहरूलाई समृद्धिको ठाउँबाट सम्भाव्यता तिर रूपान्तरित भएको, अघिल्लो चोटी समृद्धिका भाषणहरू गर्यौं तर यसपाली समृद्धिलाई सम्भाव्यतामा रूपान्तरित भएर आउने अवस्था यो रातो कितावमा भयो । म माननीयज्यूहरूलाई अनुरोध र सूचीत के गर्न चाहन्छु भने हामीले आर्थिक ऐन पास हुँदा खेरि जम्मा रकमान्तर गर्ने प्रतिशत कति राखेका छौं । सम्भाव्यता अध्ययन गर्ने ठाउँमा थोरै बजेट छुट्याउनु पर्दछ, र सम्भाव्यता अध्ययन गर्ने ठाउँमा थोरै बजेट छुट्याएर त्यो भाइवल छ कि छैन भनेर हेर्नुपर्दछ । भाइवल भएन भने १० करोड छुट्याएका ठाउँमा १-२ करोडले सम्भाव्यता अध्ययन गर्नुहोला तर त्यो फिजिवल भएन प्रोजेक्ट भने के गर्ने । तपाईहरूले १० प्रतिशत मात्रै रकमान्तरण गर्नुसक्नुहुन्छ, त्यो बजेट, त्यसले गर्दा खेरि यो सिद्धान्तसँग मिल्यो कि मिलेन । त्यो आर्थिक मामिला मन्त्रीज्यूले हेर्नुपर्ने हो वा अरू मन्त्रीहरूले हेर्नुपर्ने हो यो बजेट सिद्धान्तसँग कति मिल्यो यो ख्याल गर्नुपर्ने विषय भएको छ । साँच्चिकै भन्नुपर्दा, यो अफठ्यारोमा फसेको जस्तो म देख्दछु । हामीले राखेका मागहरू, हामीले राखेका प्रतिबद्धताहरू, अघि पूर्ववक्ता माननीयज्यूले भनेजस्तो हाम्रा जनताका माग र मन्त्रालयका कारिन्दाले गर्ने कामको तालमेल नभएको भन्नुभयो । स्वभावैले हामीले मागेका सबै योजनाहरू प्राप्त गर्ने सकिने हुँदैन । हामी जनताका प्रतिनिधिको हिसाबले हामीले यो मञ्चमा उभिएर भन्नै पर्ने हुन्छ । फेरि पनि चुनावको पहिलो वर्ष भएको हुँदा हामीले प्रतिबद्धता गरेका विषयहरू ताजै छन् । पहिले पहिले जनताहरूले भाषण गरेका चिजहरू पठाइदिएको पनि भेटिन्छ । किताबमा त देखिन तर त्यति बेला त यस्तो भन्नुभएको थियो भनेर रेकर्ड नै पठाइदिन्छन्, कतिपय त्यस्ता अफठ्याराहरू पनि छन् । हामी यो मञ्चमा उभिएर भन्नै पर्ने हुन्छ, भनिरहेका पनि छौं, तर हामीले जति भन्छौ ती सबै पर्छन् भनेर हामी आफैलाई पनि विश्वास लाग्दैन । स्वभावैले कति भाईवल नहुने कुरा, कति फिजिवल नहुने कुरा पनि उठाइएका हुन्छन् । त्यो त्यतिबेला सम्भावना हुन्छ, जतिबेला यो सम्भावना रहेन भन्ने हिसाबले हामी अगाडि बढ्छौं र त्यति बेला जनताहरू खुशी पनि हुन्छन् र वास्तवमा हाम्रो सम्भाव्यता रहेन्छ, यति काम गरिदिनु भयो । आज हामी जे गर्दैछौं त्यो काम वास्तवमा, अलिकति भ्रमित बनाउने, हामी सबैलाई समेत अलमल्याउने किसिमले अगाडि बढिरहेका छौं । यो प्रदेश सरकार हामीलाई के लाग्दछ भने छुट्टै हिड्ने सरकार होइन । संघीयताको मर्म भनेको धेरै वटा सरकार बनाउनु थिएन, धेरै वटा सरकार र ती सरकारले घर दैलोमा सुविधा पुर्याउने कुरा थियो र जनताका आंकाक्षाहरू पूरा गर्ने थियो

। सरकार धेरै बन्ने कुरा मात्र थिएन, ७६१ वटा सरकार हुनु ठूलो कुरा थिएन, तर तिनले प्रोभाइड गर्ने सेवा सुविधाहरू जनताले घरदैलोमा पाएका छन् वा अझै टाढा-टाढा जानुपर्ने हो वा धेरै धाउनु पर्ने हो । हामीले भन्न खोजेको संघीयता र हामीले गर्न खोजेको संघीयता वास्तवमा घरदैलोमा पुर्याउँछौं भनेर भनेका थियौं । संघीयता भनेको यस्तो व्यवस्था हो, संसारमा सबैभन्दा उत्कृष्ट व्यवस्था थियो भनेर हामी भन्यौ । अहिले पनि गर्दै आयौं र व्यवस्था पनि प्राप्त गर्यौं । यद्यपी हामी सरकारको सुरूवाती अवस्थामा छौं। पहिलो वर्षको बजेट साँच्चै भन्नुपर्दा पहिलो वर्षका हिसाबले हिडेका छौं । तर हामीलाई के छुट छैन भन्दा खेरि पहिलो वर्ष जस्तो प्राविधिक दृष्टिकोणले यो मिल्या छ वा छैन भनेर भन्दा खेरि जनताले हामीलाई छुट दिन्छन् दिँदैनन् भन्ने कुरा मुख्य हो । राज्यको ढुकुटी चलाउने सरकारले, मलाई यो पर्यटन पूर्वाधारमा, मलाई केही कुरा भन्न मन लागेको छ । राज्यको सबै ढुकुटी चलाउने केन्द्रीय सरकारले पर्यटन पदमार्ग वा यसले संस्कृति प्रवर्धनका लागि जम्मा ५-१० लाख छुट्याएको मैले देख्छु । तर हामीले डङ्ग कि डङ्ग ५-१० करोड रकम छुट्याएका छौं । समग्रमा म के भन्न चाहन्छु भने अर्को वर्ष, कुनै बेला हामीले प्रतिबद्धता पनि व्यक्त गरेका छौं, कर्णाली प्रदेशको विकास र समृद्धिको आधार पर्यटन पूर्वधार पनि भनेका छौं । यसपालीकोले कायापलट भएर अर्को पटकदेखि सबैभन्दा समृद्धिको यात्रालाई टीकाउने, यो बजेट, अहिले छुट्याइको हिसाबले राजश्वको मात्रा बढाउने कुरा हुन्छ, होइन भने अर्को वर्ष केही मान्छेहरूले त प्राप्त गर्लान, म भन्छु १ करोड खर्च गर्दा, २ करोडको खर्च गर्दा २-३ घण्टा हिड्ने पदमार्ग कता छन् । बजेट अन्त्य सार्नु पर्छ भन्दिन, पर्यटन पूर्वाधार सडक बनाउँ, पर्यटन पदमार्ग बनाउँ । यसो गर्दा खेरि यो ठीक ठाउँमा पुगिन्छ, वास्तवमा हामीले गर्न खोज्या काम पनि ठीक ठाउँमा पुगिन्छ जस्तो मलाई लाग्छ । अर्को कुरा म के भन्न चाहन्छु भन्दा खेरि, हामीले प्रयोगशालाको अवधारणा ल्याएका छौं, यसमा रकम धेरै भयो । यो एकैचोटी किन्दिएर यहाँ राख्ने होइन, सँगसँगै अस्ति उपकरणको कुरा आएको छ, यस वर्षका लागि हाम्रा बजेटको सीमा सबै कुरा हेर्दा खेरि नराख्दा पनि हुन्छ जस्तो म देख्दछु । अर्को कुरा ३ नं., ४ नं., ५ नं. र ६ नं. का सडकहरूको धेरै डिपिआर भनेका छौं । डिपिआर होइन, हामीसँग असार पछि हक हस्तान्तरण भएर आउने धेरै सडकहरू पनि छन्, तिनीका डिपिआर भएका हुन्छन् । तिनीमा यहाँ पछाडि के लेख्नुपर्यो भने पूर्व सम्भाव्यता अध्ययन भन्दा पनि सम्भाव्यता अध्ययनका कारण पनि सँगसँगै लेख्नुपर्यो । होइन भने अर्को वर्ष पनि यी शब्द जस्ताको तस्तै दोहरिने अवस्था मैले देख्दछु । यो बाटोतर्फ पूर्वाधार विकास मन्त्रालय अगाडि बढोस् भनेर भन्न चाहन्छु । हामी एक्लै हिड्ने त होइनौ, हामीले दिगो विकासका लक्ष्यलाई परिपूर्ति गर्नका लागि यूनिट हौं । अहिलेको संघीयता भनेको सहकार्यमा आधारित संघीयता हो । त्यसकारणले पनि हामीले यो बाटोकातर्फ यो बजेट छुट्टिदा र कार्यक्रममा आउँदा कति हामीले ध्यान दिएका छौं यस विषयमा अनुरोध गर्न चाहन्छु ।

केही केही ठाउँमा अनावश्यक जस्तै देखिन्छ, यार्सा संरक्षण, पंक्षी संरक्षण जस्ता विषयहरू ल्याइएका छन् । ती विषयहरू हामी समृद्ध भइसकेपछि गरे पनि हुने विषय हो । हामीले हाम्रो आधार, हाम्रो पूर्वाधार, हामी हिड्ने धरातल त्यहाँबाट सुरूवात गरौं । अहिले पंक्षी संरक्षण गर्न नसकिने होइन, पंक्षीहरूलाई खानका लागि चाहिने मासु, गिद्ध संरक्षण गर्नका लागि होटल संचालन गर्नुपर्दछ तर हामी त्यहाँसम्म पुगेका छैनौं । पंक्षी संरक्षण गर्नका लागि आजका सन्दर्भमा हेर्ने हो भने स्काइ नेट चाहिएला, सम्भावना त छ, तर आज हामी स्काइनेटको परिकल्पना गर्न सक्छौं कि सक्दैनौ ? त्यहाँ पुग्न सक्छौं कि सक्दैनौ ? त्यता तिर ध्यान दिन अनुरोध गर्न चाहन्छु । यार्सा संरक्षणको कुरा छ, त्यसलाई संरक्षण गर्ने र त्यसलाई प्राप्त गर्ने, त्यो पाउने ठाउँमा हाम्रो उपस्थित कति हुने सम्भावना देख्नुहुन्छ । त्यो हिसाबले बजेट खर्च भन्दा पनि बजेट केही क्रेटिभ बनाएर अगाडि बढ्नका लागि मैले केही अनुरोध गर्न चाहन्छु । अन्त्यमा यो जनता सडक कार्यक्रम अन्तरगत जे छ, यसलाई निर्वाचनको पहिलो वर्ष भएको हुनाले सबै माननीय सदस्यहरूको भावनालाई बुझेर अलि यसलाई संख्यात्मक हिसाबले एउटा बनाउने दुइटा बनाउने भन्दा पनि खुकुलो बनाउने विषयमा भौतिक पूर्वाधार मन्त्रीलाई अनुरोध गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री कृष्णा शाह आचार्य, समय ७ मिनेट ।

**माननीय श्री कृष्णा शाह आचार्यः**- माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रमको बारेमा छलफल गरिरहेका छौं । छलफल यहाँमात्र होइन, सबै तिर चलिरहेको छ। सरकारले ल्याएको वार्षिक विकास कार्यक्रमले हामीले भन्दै गरेको कुरा, सपना देख्दै गरेको कर्णाली प्रदेशको समृद्धिको जग तयार पार्ला ? के हामीले भन्दै गरेको संविधानको प्रस्तावना मै उल्लेख भएको समाजवादको यात्रा पूर्व तयारीको हैसियतमा राख्ला ? के यो विकास कार्यक्रमले कर्णाली प्रदेशको वास्तविकतासँग मेल खाने गरी आएको छ ? आज यी र यस्तै प्रश्नहरू हाम्रा सामु उठिरहेका छन् । सभामुख महोदय, यो पहिलो कुरा बुझ्नु जरूरी छ, यस्ता काम सबैले गरिरहेकै हुन्छन्, तर मुख्य कुरा त बदल्नु नै हो । सभामुख महोदय, हामीले कर्णाली प्रदेशलाई बदल्न सकौंला, त्यो हैसियत त्यो सामर्थ्य हामीसँग छ, किनकी दुनियाँमा जतिपनि आविष्कारहरू भएका छन्, जे जति विकास र परिवर्तन भएका छन्, मानव जातिकै कर्मले भएका छन् । आज हामीले कर्णाली प्रदेशमा सूचना संचारको लागि टावरको वृद्धि र विकासको कुरा गर्दै गर्दा कुनै विकसित देशमा मानवरहित गाडी गुडिरहेका छन् । मानवरहित उड्न सक्ने जहाजहरूको परिकल्पना गरिएको छ । हामीले सुनिरहेको, पृथ्वी जस्तै मानवजाति बस्न सक्ने अर्को ग्रहको खोज र अनुसन्धान भैरहेको छ र अहिले वैज्ञानिकहरूले भनिरहेका छन्, यदि पृथ्वीमा संकट आइलाग्यो भने मानवजातिलाई त्यस ग्रहमा सार्न सकिन्छ । त्यो सजिलो काम छैन, त्यो जटिल छ र चूनौतीपूर्ण छ । तर मानवजातिले चाहेपछि गर्न नसक्ने काम केही छैन र असम्भव भन्ने

केही छैन । मैले यति भनिरहँदा खेरि तपाईंहरूका सामु कथा र कहानी सुनाउन लागि मात्रै होइन । हामीले साँच्चिकै चाहेर साझा प्रतिबद्धता गर्यौं भने हामीले साँच्चिकै इमान्दारीताका साथ प्रतिबद्धता गरेर लागी पर्यौं भने हाम्रो गरिब कर्णाली प्रदेशलाई बदल्न सक्छौं । त्यो हैसियत, त्यो सामर्थ्य हामीसँग छ । अर्को कुरा आज हामीले यो चौधौं दिनमा विकास कार्यक्रमको मन्त्रालयगत रूपमा दफावार छलफल गर्दै गर्दा यो समग्रमा पोजेटिभ, अत्यन्तै सान्दर्भिक र वास्तविक कर्णाली प्रदेशको सन्दर्भमा हाम्रा मन्त्रालयगत कार्यक्रम हुँदाहुँदै पनि हामीले केही करेक्सन गर्नुपर्ने र हामीले केही संशोधन गर्नुपर्ने विषयहरू यहाँ छन् । हामीले यसलाई पुरै नेगेटिभ तरिकाले हेर्नुहुँदैन । सभामुख महोदय, हामीले जुन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कुरा गर्दैगर्दा खेरि अरू सबै कार्यक्रमहरू मन्त्रालयगत जसरी आएका छन्, ती कार्यक्रम यथार्थ अहिलेको लक्ष्य उद्देश्यअनुसार, कर्णाली प्रदेशको वास्तविकताअनुसार आएका छन् ।

एउटा मुख्य कुरा, हाम्रो उद्योगको कुरा, हाम्रो गरिब, रोग, भोक र शोकले आक्रान्त कर्णाली प्रदेश भनेर भनिरहँदा खेरि हामीलाई लाग्दछ, हामीले गरिबीको अन्त्य गर्ने र हामीले रोजगारको सिर्जना गर्ने कुरा गर्दैगर्दा आज औद्योगिक विकास र उत्पादनलाई हामीले त्यहाँ जोड दिएनौ कि, त्यो ठाउँमा हामीले बजेट छुट्याएनौ कि भन्ने कुरा म यहाँ राख्न चाहन्छु । आज हाम्रो देशबाट सम्पूर्ण पूँजी श्रमहरू निर्यात भइरहेको छ, पूँजी र श्रम केन्द्रिकृत गर्ने औद्योगिक विकास भएका छैनन्, बेरोजगारीहरूलाई हटाउनका लागि, गरिबीको अन्त्य गर्नका लागि हाम्रो एउटै उद्देश्य हो, एउटै लक्ष्य हुन्छ, त्यो भनेको औद्योगिक विकास र उत्पादनको क्षेत्र हो । त्यसलाई हामीले जोड दिनै पर्दछ, अरू आवश्यकता र प्राथमिकताका क्षेत्रहरू हुँदाहुँदै पनि हामीले यसलाई प्राथमिकतामा राख्नुपर्दछ । चाहे पछि हामीले बजेटमा यसलाई समेट्न सक्यौ भने अझै पनि हामीले गर्न सकिने औद्योगिक विकासहरू के हुन्, खोल्न सकिने उद्योगहरू के हुन् पहिचान गरेर हामीले बजेट छुट्याउन सक्छौं । जस्तो अल्लो उद्योग कपडाहरू छ, सिस्नो प्रशोधन, कागज उद्योग खोल्न सक्छौं । त्यस्तै गरी माननीय बिन्दमान बिष्टज्यूले भनेजस्तै हामीले ठूलो जडीबूटी प्रशोधन केन्द्रको स्थापना गर्न सक्छौं । त्यसरी हामीले पहिलो यात्रा सुरूगर्दा खेरि हाम्रो सफलताको बिन्दु नै मानिन्छ ।

अर्को कुरा हामीले डिजिटल प्रदेशको कुरा गर्दैगर्दा खेरि, भौतिक विकास मन्त्रालयको कुरा गर्दा खेरि मन्त्रालयले जसरी वर्गीकरण गरेर जनता सडक, त्यसैगरि रणनीतिक सडक, राजधानी जोड्ने सडक भनेर जसरी वर्गीकरण गर्नुभएको छ, यो अत्यन्तै महत्वपूर्ण काम गर्नुभएको छ । पछि ती रोडहरू कहाँ कहाँ पर्छन् भन्ने कुरा हामीले हेर्नु नै पर्दछ । त्यसै गरी सिंचाइ, उर्जा, खानेपानी, तटबन्ध, पुल सबै कुरा एउटै कन्टेनरमा राखिएको छ । यो कन्टेनरबाट भोलि निकाल्दा खेरि कहाँ कसरी कार्यान्वयन हुने हुन त्यो हामीले पछि हेर्नु नै पर्दछ । त्यसै गरी यो भौतिक पूर्वाधार तथा विकास मन्त्रालय अन्तरगतको उर्जाको कुरा गर्दाखेरि उर्जाको कुरा कतै पनि आएको छैन । हामीले भनिरहेका छौं,

डिजिटल प्रदेश, प्रविधि मैत्री प्रदेश भनिरहँदा खेरि, हामीसँग भएको प्रशस्त रहेको जलस्रोतलाई उपयोग गर्न सकेनौं, हामीले प्रयोगमा ल्याउन सकेनौं भने हामीले भन्दै गरेको डिजिटल प्रदेश, हामीले भन्दै गरेको प्रविधि मैत्री प्रदेशको कल्पना पनि गर्न सक्दैनौ । त्यसैले यहाँ पनि मैले अलिकति जोड दिन ठानेको छु। अर्थमन्त्रालय र मुख्यमन्त्रीको कार्यालयका जुन सानासाना कार्यक्रमहरू छन्, ती आवश्यकतामै आएका होलान्, त्यसमा म टिप्पणी गर्न चाहन्न । समग्र रूपमा हेर्दा बजेटका विषयवस्तुहरू पोजेटिभ छन्, सकारात्मक छन्, हामी सबै एकजुट हौं, साझा प्रतिबद्धता गरौं, इमान्दारिपूर्वक लागौं, इच्छाशक्तिका साथ लागौं । जति बजेट छ त्यसलाई हामीले कार्यक्रमलाई अगाडि कार्यान्वयन गरेर लैजाऔं । निश्चित पनि हामी कर्णाली प्रदेशको अवस्था बदल्ने ठाउँमा पुग्ने छौं । कुनै बेला जुन निर्धन पहाडी किसानहरूको प्रदेश भनेर मानिने स्वीजरल्याण्ड आज उन्नति र प्रगतीको राष्ट्र भनेर चिनिएको छ, जहाँ जानका लागि आज हामी पनि लालायित भएका छौं । यो कर्णाली प्रदेशलाई नेपालकै एउटा सुन्दर प्रदेश बनाउन सक्छौं र हामीले त्यो बनाउन सक्छौं भन्ने कुरा यहाँ राख्दै अन्त्यमा कार्यक्रम कार्यान्वयन गर्ने सवालमा फेरि पनि कर्णाली प्रदेशको सरकारले कर्णालीवासीलाई विभेद गर्ने छैन भन्ने कुरा यहाँ राख्दै आफ्ना कुरा यहीँ टुङ्ग्याउँछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री कौशिलावती खत्री, समय ७ मिनेट । त्यसपछि माननीय श्री झोवा वि.क. तयार रहनु होला ।

**माननीय श्री कौशिलावतती खत्रीः-** माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रमको दफावार छलफलको क्रममा छौं । हिजोदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रमको शीर्षकको छलफल गर्ने क्रममा छौं । माननीय सभामुख महोदय, हामी जसरी छलफल गरिरहेका छौं, प्रत्येक शीर्षकमा, प्रत्येक पटक, यी सबै छलफलमा मात्र सीमित रहेका छन् र यी भावनाहरूलाई कतिपय ठाउँमा, कतिपय मन्त्रालयबाट अधुरा रहेको मेरो ठम्याई रहेको छ । सबै मन्त्रालयले सबैका भावनाहरू समेट्न सकेको छैन । यो आफैंमा दुर्दशा पूर्ण कुरा पनि हो भन्ने मेरो ठम्याई छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालयमा विनियोजन गरेको बजेट आवश्यकतानुसार र न्यायिक हिसाबमा विनियोजन भएको मेरो ठहर छ । किनभने आफ्नो आन्तरिक विकास र प्रशिक्षण, तालिम पनि भनिएको छ । मानिसका सोचहरू बदल्नको लागि तालिम र प्रशिक्षणको आवश्यकता पर्दछ । कुनैपनि चिजलाई व्यवस्थित गर्नका लागि अनुगमनको पनि आवश्यकता पर्दछ र अनुगमनको लागि पनि बजेट छुटिएको छ यसलाई म सकारात्मक रूपमा बुझ्न चाहन्छु । माननीय सभामुख महोदय,

भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट विनियोजनको शीर्षक गोलमटोल रूपमा आएको छ । यसरी आउनुहुँदैन्थ्यो, प्रदेश गौरवका आयोजनाहरू छुट्टिनु पर्दथ्यो, बाँकी मझौला र साना योजनाहरू प्रष्ट रूपमा छुट्टिनुपर्दथ्यो । यसले हामीलाई शंका उब्जाउने ठाउँ प्रशस्त दिएको छ । किनभने यी बजेटको डल्लो फुटाउँदा खेरि कहाँ र कसरी पर्ने हुन भन्ने शंकाको कुरा हाम्रो मनमा छ । त्यसो त नहोला, हाम्रा मन्त्रीज्यूले त्यसो त नगर्नुहोला, तै पनि हाम्रा शंकाका दायराहरू बढ्ने ठाउँ मैले देखेकी छु । माननीय सभामुख महोदय, बोलुँ मुख मैलो, नबोलु रित्तो थैलो, म पर्यटन, वन तथा वातावरण मन्त्रालयको बजेट शीर्षकमा सच्चिएर आउनुपर्दछ भन्ने मान्यतामा छु । किनभने हाम्रो भेषभुषा विविधतामा आधारित छ, सबै ठाउँका भूगोल एकैनासका छैनन्, सबै ठाउँमा विनियोजन भएर साध्य पनि हुँदैन । तर यसरी कुनै भूगोललाई नै छोडेर शुन्य पारेर आउनुपर्दछ भन्ने पनि छैन । राज्यको संविधानले पनि, राज्यको अस्तित्व विविधतासँग जोडिएको छ भनेर नेपालको संविधान २०७२ ले भनेको छ । यसलाई विविधतामा मात्रै होइन, सम्मान पनि गरेको छ, तर राज्य व्यवस्था संचालन गर्दा खेरि यसलाई सँगसँगै विकासमा पनि त्यसैगरी लैजानुपर्दछ भनेको छ । तर विविधताको वैधानिकता संविधानले दिएता पनि वैधानिकता भने व्यक्तिका सोचमा भर पर्दछ । कसरी विनियोजन गर्ने, विकासमा कसरी सबै ठाउँलाई आवश्यकताअनुसार त्यहाँको भौगोलिक विकटताअनुसार, त्यहाँको जनताको मागअनुसार विनियोजन गर्नुपर्दछ भने व्यक्तिको विविधतामा पनि भर पर्दछ, सोचमा पनि भर पर्दछ । यसैले यसलाई आफ्नै तिर तान्नुभन्दा शक्तिका आधारमा, पहुँचका आधारमा विनियोजन गर्नुभन्दा पनि न्यायिक हिसाबमा विनियोजन गरिनुपर्दछ भन्ने मेरो ठहर छ । सभामुख महोदय, रातो किताब आउने सन्दर्भमा हाम्रो प्रतिपक्ष दलका माननीयज्यूले भन्नुभयो, नेपाली कांग्रेसको सरकार आइदिएको भए, यो असाध्यै उज्यालो भएर आउँथ्यो तर नेपाली कांग्रेसको लामो सरकार जनताले हेरेकै त हुन्, जनताले देखेकै त हुन, अब म यसमा धेरै विश्लेषण गर्न चाहन्न । अब कम्यूनिष्टको सरकार हेर्ने पक्षमा जनताहरू छन्, त्यसैले त हामी र हाम्रो सरकारले जनताहरूको भावना, संसदको सल्लाह र सहयोग लिएर जानुपर्दछ भन्ने कुरामा हेक्का राख्नुपर्छ भन्ने कुरामा सभामुख महोदयमार्फत् कर्णाली प्रदेश सरकार र मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । म के भन्न चाहन्छु भने, धेरै कुरा विशेषज्ञले गरेको, आएका थिए भन्ने कुरा पनि मैले सुने । गुरु नभए फेल भइदैन, गुरु नभएपनि पास भइन्छ, अव्वल भइन्छ, यो कुरा प्रमाणित गरेका छन् तर आफ्नो दृष्टिकोण, आफ्नो आदर्श इमान्दारीताका साथ लाग्नुपर्दछ । यदि मन्त्रीज्यूहरूले सदन र संसदलाई आफ्नो आदर्श र इमान्दारीताका साथ लागु गर्ने इकाई हो भनेर सम्झनु भयो भने कुनै विशेषज्ञको आवश्यकता पर्ला पर्ने ठाउँमा तर विनियोजन गर्ने ठाउँमा यिनै संसदहरूलाई आधार मान्नुभयो भने त्यसको आवश्यकता त्यति छैन भन्ने मलाई लाग्दछ र तपाई सफल हुनुहुन्छ । अन्त्यमा म के भन्न चाहन्छु भने, समय र ज्ञानको निश्चय पनि सीमा हुन्छ, तर इमान्दारीता र कर्तव्यको कुनै पनि सीमा हुँदैन ।

अब आउने वर्ष प्रत्येक मन्त्रालयबाट विनियोजन हुने बजेटमा इमान्दारीताका साथ हामी संसदहरूले अपेक्षा गरेअनुसारका बजेट छुट्टिएर सबै भूगोलहरूलाई समेटेर आओस्, सबै भूगोल र सबै ठाउँका जनताका भावनाहरूलाई समेटियोस् भन्ने म सभामुख महोदयमार्फत् कर्णाली प्रदेश सरकार र मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । हामी फेरि पनि यही रोष्टमबाट आफ्ना मुल्य र मान्यताका साथ आफ्ना निश्चित शब्दका साथ कर्णाली प्रदेशको सरकारको मन्त्रीज्यूको पक्षमा बोल्न सकुँ भन्ने सुभेक्षाका साथ म आफ्नो भनाइ अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री झोवा वि.क., समय ७ मिनेट । त्यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनु होला ।

**माननीय श्री झोवा वि.क.** :- माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रमको बारेमा छलफल गरिरहेका छौं । हुनु त घर समूह भएपछि वन समूह हुँदो रहेछन् । पहिले सुरूमै चाहिँ मुगु जिल्लाले मन्त्री पाएन, हामी दुःखी नै छौं । अब मन्त्री पाएदेखि केही गर्छ भनेर आशा पनि लाग्दो हो, आफ्नै ठाउँको, आफ्नै गाउँको भएमा, मन्त्रीको छेउमा जान पनि डर लाग्दैन । अर्काका ठाउँको मन्त्रीसँग जानु पनि केही भन्छ कि ? केही हामीलाई गाली गर्छ कि, किन आयो भन्छ कि भनेर दुःखी हुँदै, डर लाग्दै, पिर लाग्दै, मुगु जिल्लामा खाइला उबो गए दिदि, गाडी भेट्दैन, मोटरसाइकल भेट्दैन, बत्ती देख्दैन, झर्रो बालिकन बस्ने हाम्रो स्थिति छ । हिडेर किरा खोज्न जाने बेलामा तीन दिन लाग्दछ, भारी बोकेर हिडेरमाथि भोट जाने बेलामा धेरै जना मरेका छन् । यो इज्जतको ख्याल हो, जे सुकै थोक हामीले पाउँछौं, हामीसँग पैसा नभएपछि, ऋण गर्न गएपछि ऋण दिने पाउँछ, खाना नभएपछि खाना दिने पाउँछ तर इज्जत गएपछि इज्जत कहिल्यै फिर्ता आउँदैन । मन्त्रीहरूले आफ्नो इज्जतलाई पनि हेर्नुपर्दछ । अनि यो योजना दिएपछि इज्जत फाल्दैन । सबै भन्दा ठूलो कुरा इज्जत हो । अरू जेसुकै कुरा हामीले पाए पनि इज्जत गयो भने फिर्ता पाउँदैन ।माथि तिर हामीलाई गोमा छैन, हाम्रो मरेपछि त्यही गोमा नै हो, बाँचे पछि पनि गोमा नै हो । हाम्रो त्यही दलाई लामा,माथि त्यही तिबतीबाट भारत जाने बेलामा हामीलाई सिकाएको थियो, यो गोमा चाहिँ आफ्नै परम्परा हो, मरेपछि त्यही चाहिन्छ, विवाह गरे पछि त्यही चाहिन्छ भनेर भनिरहेको छ । हामीले भनेको कुरा गोमा हाम्रो रातो किताबमा आएको छैन । हामीलाई पुल आएको छैन, बत्ती आएको छैन, केही पनि आएको छैन, बरू चाहिँ हाम्रो महिला मन्त्री भएर अलिकति कार्यक्रम आएको थियो । यो हाम्रो कर्णाली तिर खेती गरेपछिमा छेउछेउको खेती बराबर गर्छन् । छेउको बारी पुग्दैन, डिलको बारी पुग्दछ । तपाईं आफ्नै ठाउँमा भारी पुग्ने गरी योजना वितरण नगर्नु होला । त्यही भारी नपुग्नेको मनमा कस्तो पिडा होला । खान पुग्दैन, लगाउन पुग्दैन, भनेर कति दुःख होला, त्यसरी त्यस्तो दुःख दिने काम नगर्नुहोला । बालबालिकाहरू एसएलसी पढ्छन्, पढेपछि पास हुने र आइए बीए पढन् जान्छन्, कोही फेल भएपछि

कोही विद्यार्थीहरू झुण्डिएर मर्छन् । हामी नबुझेपछि मुद्दा हाल्दिनेलगायतका केही न केही गरेर छोड्छौ । ठूलो ढुङ्गो बाटोमा भएपछि, गाडीमा आउने बेला साइडमा राख्छन् तर सानो ढुङ्गोको कसैले मान गर्दैनन् । पिछडिएको क्षेत्र, यो त्यही हो भनेर जनजाति हो भनेर, हेप्ने कुरा नगर्नुहोला । म पनि जनजाति बाट आएको हो, म पनि दलितबाट आएको हो, म पनि पिछडिएको क्षेत्र बाट आएको हुँ । म के लेखे पढेर, डिग्री पास गर्यो भनेर तानेको होइन । सकेसम्म आफ्नै मनलाई सोध, सकेसम्म कानूनलाई हेरेर योजना दिनु न । तपाईं हामी सबैको मन्त्री हो । सपथ खाने बेला सबैले बराबर सपथ खायो, आज तपाईं मन्त्री हुनुभयो, आज हामी माननीय भयौं, तपाईं हामीले अलग अलग सपथ खाएको होइन, सबैले सँगै सपथ खाएको हौं । तपाईंहरूले पनि कुर्सी पाएपछि आफ्नो काम कर्तव्य के हो भन्ने कुरा नबिर्सनु होला, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री ठम्मरबहादुर बिष्ट, समय ७ मिनेट । त्यसपछि माननीय श्री पद्मा खड्का तयार अवस्थामा रहनुहोला ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः**- माननीय सभामुख महोदय, हामी विनियोजित आर्थिक बजेटमा छलफल गरिरहेका छौं । म यो विषयगत मन्त्रालयभित्र प्रवेश गर्दा, म भौतिक पूर्वाधार विकास मन्त्रालय तिर प्रवेश गर्न चाहन्छु । यसमा खास गरेर अरू कुराहरू त मन्त्रीज्यूले मेहनत गरेर ल्याउनु भएकै छ, त्यसमा कुनै टिप्पणी गरिराख्नुपर्ने अवस्था छैन । विशेष गरेर उल्लेख गरेका रणनीतिक सडक, अन्त्यरप्रदेश सडकहरू, प्रदेश राजधानी जोड्ने सडकहरू, प्रदेश महत्वका सडकहरू, ग्रामीण विद्युतीकरण, एकीकृत बस्ती विकासलगायतका कुराहरू समेटिएको छ । कमसेकम यसमा विकेन्द्रित भएर आउनु जरूरी थियो, यसलाई डल्लो डल्लो भनिएको छ, त्यो डल्लोलाई फुटाएर लैजानु जरूरी छ । अरू त सम्भाव्यताका कुराहरू धेरै आएका छन्, त्यता तिर नजाउ । सबै सम्भाव्यतामा नै जाने होकी खेल भन्ने नेगेटिभ भएको छ, नब्बे प्रतिशत सम्भाव्यता अध्ययन भएको छ, त्यसलाई सच्याउनु पर्दछ, यो मैले अनुरोध गर्न चाहन्छु । ठोस रूपमा आएको २४ वटा निर्वाचन क्षेत्रमा कति करोडका दरले आउने हो, त्यहाँ लेखिएको छैन, त्यो मात्रै हो जस्तो लाग्दछ । यो खालको एउटा अकर्मण्यतापूर्ण बजेट छ यसलाई ठोस रूपमा लिनु जरूरी हुन्छ, यसलाई म सभामुख महोदयमार्फत् अनुरोध गर्न चाहान्छ । यसमा खास गरी यो २० नं. र २१ नं. को बुँदामा यान्त्रिक उपकरणको व्यवस्था तथा संचालन भनेको छ र अर्को उस्तै बुँदा छ फेरि प्रदेश स्तरको निर्माण सामाग्रीको प्रयोगशाला भनेर भनेको छ, राख्ने नै हो भने एउटै ठाउँमा राख्नुपर्दछ । यसलाई मिलाउनु पर्दछ ।

दोस्रो कुरा यहाँ कुरा पनि उठ्यो, यसलाई नराख्दा ठीक हुन्छ किनभने पूँजी पनि कम छ । अहिले यता तिर एउटा जगेडा पूँजी राखेर गर्नु राम्रो मेसेज जाँदैन । अर्को कुरा यति धेरै रकम त्यहाँ राखिएको छ, त्यो बाउन्न करोड त्यहाँ राख्दा खेरि के गर्न खोजिएको हो भौतिक पूर्वाधार मन्त्रालयले, या मन्त्रीज्यूको के इन्टेस्ट हो भन्ने कुरा सँगसँगै जान्छ ।

सरकारले पोलिसी बनाएर निजी कम्पनीहरूलाई हामीले प्रतिष्पर्धामा लगेर जसले सस्तोमा दिन्छ, भोलि त्यहींबाट लिने हो । भोलि हामी सक्षम भै सके पछि, अरूलाई पनि भाँडामा दिने गरेर गर्न सक्छौं जगेडा, तर यो अहिले आवश्यक छैन । त्यसकारण यो चाहिँ "कनानीको सकसक" भने जस्तै भयो,यसलाई हटाउनु जरूरी हुन्छ । अब यो भौतिकमा यहाँ भन्दा धेरै राख्न जरूरी छैन, यो कृपया डल्लो फोर्नुहोस् । त्यति भो भने वितरण कसरी आउँछ, त्यो पनि हेर्न बाँकी नै छ । अहिलेसम्मको भन्दा अलि राम्रोसँग वितरण गर्नुहोला, सुभेक्षा राख्न सकिन्छ । भौतिकको सन्दर्भमा कुराहरू राख्दा खेरि यो छ ।

अव यो सुरूको बजेटमा भेरीको पानीलाई लिफ्ट खानेपानी बनाउने भनेको थियो, यो योजना अरूठाउँमा पनि लागु भएको देखिन्छ । धेरै जसो माननीयहरू यही वीरेन्द्रनगरमा मात्रै हेर्ने, झन मन्त्रीज्यूहरूलाई प्राय फुर्सद नै हुँदैन तपाईंहरूलाई बाहिर जाने ठाउँ पनि छैन । सुर्खेत यस्तो पनि ठाउँ हो जहाँ घोरेटा देखि, मेहलकुनादेखि घाटगाउँसम्म जाँदा हिलोको पानी, नदीको पानी सिनोलाई एकातिर पन्छाएर खानुपर्दछ । त्यस्ता पनि ठाउँ छन् भन्ने कुरा बुझ्नु पर्दछ । पहाड तिर जताततै झरना आउँछ त्यताको जस्तो सम्झेर हुँदैन । त्यो नदी बग्ने ठाउँमा पनि त्यसलाई फिल्टरेशन त गर्नुपर्यो, हिलो पानी त खान सकिदैन, यो कुरामा पनि छुट्याउनु पर्यो । सकिन्छ भने दुनैदेखि घाटगाउँसम्मै छुट्याउनु पर्यो । छुटेका कुराहरू मध्ये एअरपोर्टका कुरा यहाँ आएको छैन । एअरपोर्टका लागि कति पैसा हो, साझेदारीमा भएपनि बजेट छुटयाउनु पर्यो । केन्द्रीय बजेटको पनि कुनै अत्तोपत्तो छैन । रामघाटमा अस्ति केन्द्रीय मन्त्री आउँदा खेरि अलिअलि जात्रा भयो । १० वर्ष अगाडि खड्क बिश्वकर्माको पालामा जात्रा भएको थियो । अब फेरि १०-१० वर्षमा जात्रामात्रै गर्ने होकी बनाउने पनि हो । मन्त्रीज्यू त्यहाँकै भएको हुँदा अवसर पनि हो, चूनौती पनि हो हजुरलाई, गर्नुभयो भने चुच्चो परेको शिरको टोपीमाथि जाने भयो होइन भने भुँइमा खस्छ । त्यति कुरा चाहिँ यहाँलाई मैले अनुरोध गरे, त्यो कुरा जनताको सरोकारको विषय पनि हो ।

बाढी पीडितको कुरा उठिरहेको छ, यसमा थुप्रै विचारहरू हामीले राखिसकेका छौं । अहिले पनि यसमा प्रावधानहरू छैन, त्यो कुराहरू राखियोस् भन्ने सभामुख महोदयमार्फत् यो कुरा राख्न चाहन्छु ।

पर्यटन तिर प्रवेश गर्दा खेरि मैले यहाँ मोटामोटी डाटा तयार पारेको छु । जस्तो यो १ अर्ब ७८ करोडमा यहाँ कस्तो रहेछ भने केही ठाउँमा तोकिएकोमा, जगतीपुर जाजरकोट पर्यटन, धार्मिक पर्यटन दैलेख, स्यार्पुताल, सिद्धकुमाख सल्यान, काँक्रिबिहार, बुलबुले, गुँरास संरक्षण, शिवालय र अदुवा प्रशोधनमा चानचुन २१ करोड बजेट छुट्याइरहेको छ । बाँकी अलिअलि ठोसरूपमा छुट्याउने हो भने, निर्वाचन क्षेत्रमा ३५ लाख हुन आउँछ । बाँकी रकम १ अर्ब झण्डै २१ करोड रूपैयाँ लगभग छरिएको छ । त्यो कुरा यसरी छरिएको छ कि, कनिका छरेको होइन कि, त्यो पनि कनिका झारमा छरेको जस्तो । यसलाई विभिन्न शीर्षकहरूमा विभिन्न नाम दिएर यहाँ राखिएको छ । जस्तो यहाँ विभिन्न

ताल तलैयाको नाममा, मन्दिरको नाममा, शिवालयको नाममा, जडीबूटीको नाममा यस्ता सबैकुराहरू छन् । मैले माननीय मन्त्रीज्यूलाई के अनुरोध गर्न चाहन्छु भने यसले पछि इमेज बिगार्छ, किनकी यसको रिजल्ट निस्कने वाला छैन । डोल्पाको दुनैको कुन टापुमा पर्यटन प्रवर्धन भन्या छ, कति वर्ष भइसक्यो, त्यहाँ गाडी नै गएको छैन, त्यहाँ को गइ दिने हो, त्यसैले सम्भाव्य हुने ठाउँमा च्वाइस गर्नुपर्दछ । त्यसलाई अझै मैले चाहिँ करेक्शन गरौं भनेर अनुरोध गर्न चाहन्छु । यो सँगसँगै अब गुरिल्ला ट्रेल भन्याको छ, त्यसलाई पदमार्ग पनि भन्छ, त्यसमा २० लाख छुट्याइएको छ, त्यो कम भयो, त्यसमा २ करोड रूपैयाँ छुट्याउँ । अझधौलागिरीबाट बनाउँ ट्र्याक, अझजुम्ला पुर्याएर सुर्खेत राजधानी पनि झारौं । अन्त्यराष्ट्रिय २१० देशका नागरिकहरू घुम्न आउँदा कता कता लडाईं पर्या हो, त्यतै त्यतै जान्छन् । डलर त्यहीं त्यहीं खस्ने हो, यो कोही माओवादी वा अन्य कोहीसँग सम्बन्धित विषय होइन, यो एउटा डलर कहाँबाट झार्ने भन्ने बाटो हो । आज चाइना र भियतनामले त्यही गरेर डलर झारिरहेको छ, त्यो काम गर्न हामी सक्दैनौ त । यसलाई कोही अतिवादी अथवा पुर्वाग्रही भएर हेर्नु जरूरी छैन जस्तो मलाई लाग्दछ । अब यही कुरा हो, अन्तिममा मैले सार संक्षेपमा राख्दा यो मन्त्रालयको कुरा गर्दा खेरि मुख्यमन्त्रीका पनि ७५ करोड डल्लो त्यहाँ पनि रहेको छ । सकभर उर्जाबाट काटेर यतै हालिदिए हुन्छ म त्यहै अनुरोध गर्न चाहन्छु । नत्र भोलि फेरि मुख्यमन्त्रीको विषयमा पनि कुरा उठ्ने छ । अब अर्थमन्त्रालयमा त झन्डै ८ अर्ब नै छ । त्यो आउने होकि भैसक्या होकि त्यो कुरा खुलाइएको छैन । त्यो डल्लो फुटाएर जनता तिर फर्काउँ । यो ढङ्गले गयो भने अलिकति राम्रो मेसेज जान सक्छ जस्तो मलाई लाग्दछ । संसदीय दलमा छलफल भइराख्दा मुख्यमन्त्रीको स्पिड देखेर मैले प्रशंसा गरे । उहाँको विचारअनुसार यो एकदमै केन्द्रित रूपमा गर्ने भन्ने थियो । वास्तवमा मैले उहाँलाई अनुरोध गर्न चाहन्छु, यदि मन्त्रीज्यूहरूले नमानेर यो ढङ्गले बजेट तयार पार्नु भएको हो भने उहाँहरूलाई कारबाही हुनुपर्दछ र सरकार प्रमुख हुनुको नाताले उहाँहरूबाट स्पष्टीकरण लिनुपर्यो । होइन भने मन्त्रीले पनि स्पष्टिकरण दिनुपर्यो र सरकार प्रमुखको नाताले मुख्यमन्त्रीज्यूले पनि किन यसो भयो भन्ने कुरा यहाँ स्पष्ट आउनु पर्यो । आज जसरी विकेन्द्रीकरणको नाममा वितरणको नाममा कनिका छरे जस्तो कुनै एउटाको मात्रै नभएर सबै मन्त्रालयको स्थिति छ । डल्लोको नाममा थुपारिएको छ । यही कुरा मैले राखेर यो एउटा भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित पनि संयन्त्र भनेर लेखिएको थियो । एउटा यस्तो सशक्त संयन्त्र बनाउनुपर्यो कि भोलिका दिनमा गल्ती भएपछि ठम्मरबहादुर बिष्ट वा कुनै मुख्यमन्त्रीलाई समातेर जेलमा जाकोस् । यहाँ कानून मन्त्रीज्यू पनि हुनुहुन्छ, एकदम धारा उपधारा बनाउनु पर्यो किनकी भ्रष्टाचारले देश सकिएको छ, यो कुरा निवेदन गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का समय ७ मिनेट । त्यसपछि माननीय श्री मिनासिंह रखाल तयार अवस्थामा रहनुहोला ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, आज हामी आ.व. २०७५/०७६ को विषयगत मन्त्रालयको बजेट शीर्षकमाथि सैद्धान्तिक छलफल गर्न यो गरिमामय सदनमा आफ्ना विषयहरूलाई यहाँ लिएर जुन राख्ने जमर्को गर्दैछु । यसको लागि अन्य मन्त्रालयका विषयगत छलफलमा पनि विभिन्न धारणा र सुझावहरू यहाँ राखिसकेका छौँ । सबै सुझावहरूलाई सकेसम्म प्रदेश सरकारका मन्त्रीहरूले अगाडि बढाउनुहुनेछ भन्ने कुरामा हामीले आशा लिएका छौँ । आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, आर्थिक योजना मन्त्रालय, भौतिक पूर्वाधार र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको जुन बजेटको सैद्धान्तिक छलफलमा भाग लिइरहँदा जहाँसम्म लाग्छ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट सिलिङ्ग यहाँ हामीले हेरिरहेका छौँ । यो अहिलेको आवश्यकताअनुसार जुन शीर्षकमा छुट्याइएको छ, त्यो कार्यान्वयनमा हामीले हेर्न बाँकी छ ।कार्यान्वयन गर्ने कुरामा इमान्दारीताका साथ मुख्यमन्त्री कार्यालयबाट पालना हुनेछ भन्ने कुरामा आशा लिएका छौँ, यसका लागि मैले धेरै विषयहरूमा टिप्पणी गर्न चाहिन । मुख्यमन्त्री कार्यालयबाट दैवीक प्रकोपकोसम्बन्धी जुन विषय उठिरहेको छ बारम्बार, यो विषयलाई अलि महत्वका साथ बजेटमा छुट्याएर राख्नुपर्दछ भन्ने म सुझाव दिन चाहन्छु ।

सभामुख महोदय, आज हामी छलफल गरिरहँदा, विभिन्न मन्त्रालयबाट पेश भएका बजेट सिलिङ्गमा सैद्धान्तिक छलफल भइरहँदा, मैले सर्वप्रथम उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयतर्फ सुझाव दिन चाहन्छु । जहाँ कर्णाली प्रदेशको राजधानी बनाउने विभिन्न विषयमा यो सदनले जुन सम्मानजनक भूमिकाबाट अगाडि बढि रहेको अवस्थामा अहिले यहाँका कर्णालीवासीले सोचिरहेका छन्, हेरिरहेका छन् । पक्कै पनि यो कर्णाली प्रदेश सरकारले यो कर्णाली प्रदेशका जनताका अतिआवश्यक कुरालाई यो प्रदेश सरकारले नीतिगत रूपमा अगाडि बढाउने कुरामा लाग्ने छ भन्ने जुन आशा लिएका छन्, त्यो आशाको एउटा केन्द्र बिन्दु हो । कर्णाली प्रदेशको जुन पर्यटन यति धेरै सम्भावनाले भरिएको छ, यसलाई हामीले पर्यटन सँगसँगै भौतिक पूर्वाधारलाई जोडेर कर्णाली प्रदेशको सम्भावनालाई अगाडि बढाउने कुरामा प्रदेशका विषयगत मन्त्रालयले महत्वपूर्ण भूमिका जुन खेल्नु भएको छ, यो भूमिकालाई अझैपनि करेक्सन गर्नुपर्दछ भन्ने हामीलाई लागेको छ । जहाँ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमा सम्भावना धेरै छन्, तै पनि बजेट टुक्रा टुक्रा पारेर ल्याउनु भएको छ । अहिलेको विषयमा राम्रो छ, राम्रो होला तर त्यसले रिजल्ट निकाल्ने कुरामा शुन्य नै हुन्छ । यसमा दुई मत छैन, यस विषयमा हामी संसदहरूले भनिरहेका छौँ, प्रदेशमा पर्यटनका महत्वपूर्ण योजना कुन कुन हुन त्यसलाई पहिलो प्राथमिकताका साथ बजेट छुट्याउनु होस् । तर फेरि पनि साना साना कार्यक्रमका टुक्राहरू बनाएर काम गर्ने क्रममा अलि पछाडि पर्न सक्छौं कि भन्ने

हाम्रो चिन्ता हो । यो चिन्तालाई मन्त्रीज्यूहरूले एकदमै ध्यान दिएर हाम्रो पर्यटनको सम्भावनालाई पहिलो प्राथमिकतामा राख्नुहुन्छ भन्ने आशा हामीले गरेका छौं ।
अर्कोमा उद्योगको कुरा गरिरहँदा कर्णाली प्रदेशको सबैभन्दा महत्वपूर्ण विषय भनेको औद्योगिक क्षेत्र हो । जहाँ विगतको १० वर्ष भन्दा पनि धेरै लामो समयदेखि सुर्खेत राजधानीमा चौकुने सिमेन्ट कारखानाको कुरा चलिरहेको छ, कार्यान्वयनको बाटोमा अगाडि बढ्न सकेको छैन । कर्णाली प्रदेश सरकारले उद्योग मन्त्रालयबाट चौकुने सिमेन्ट कारखानाका लागि विषयगत रूपमा आउँछ भन्ने हामीलाई लागिरहेको थियो, खनिजको सम्भाव्यता अध्ययनको कुरामा मात्रै आएको छ । यो कुरालाई अत्यन्तै महत्वका साथ हेर्नुपर्दथ्यो भन्ने मलाई लाग्दछ । अझै पनि हामीले जुन विषयहरू अति आवश्यक औद्योगिक क्षेत्र गर्नुपर्ने ठाउँमा हो, त्यो चाहिँ प्रदेश सरकारले गर्ने छ भन्ने कुरामा आशा लिएका छौं ।
कर्णाली प्रदेशमा जडीबूटीको धेरै भन्दा धेरै सम्भावना रहेको छ । जुन जडीबूटीले भोलि यो कर्णाली प्रदेशलाई समृद्ध बनाउने परिकल्पना गरिएको छ । जसका लागि यस सुर्खेतको राजधानीमा जडीबूटीको प्रशोधन केन्द्रको स्थापनाको कुरा गरिएको छ, यसलाई कार्यान्वयनमा ल्याउने कुरामा कर्णाली प्रदेश सरकारको ध्यान जानेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।
अर्को विषय छ, वन वातावरण, जहाँ कर्णाली प्रदेशको जङ्गलसँग जोडिएको भौगोलिक बनावट छ । वनजङ्गलसँग जोडिएका विभिन्न कार्यक्रमहरू जहाँ हामीले यहाँ देखिरहेका छौं । यसलाई सामुदायिक वन, कबुलियती वन, निजी वनलाई प्राथमिकताका साथ राखेर, यसले पनि पर्यटन प्रवर्धन र आर्थिक उत्पादनलाई पनि यसले जोड दिने कुरा म यहाँ राख्न चाहन्छु ।
अर्को कुरा भौतिक पूर्वाधारलाई यो कर्णाली प्रदेश सरकारले पहिलो प्राथमिकतामा राख्ने कुरा हामी सबैले सर्वसहमत गरेकै कुरा हो । आज हामीले हेरिरहँदा भौतिक पूर्वाधारमा विभिन्न शीर्षकहरू एउटै डल्लो आइरहँदा, संसदहरूलाई फेरि पनि के लागिरहेको छ भने, यो भौतिक पूर्वाधारको पहिलो प्राथमिकता र कसरी कुन ठाउँमा जाने हो भन्ने शंका गरिरहनु पर्ने भएको छ । पक्कै पनि योजना बनाउने बेला छलफल गरेर, समानुपातिक हिसाबले र पहिलो आवश्यकता कहाँ हो भन्ने हिसाबले यो बजेट छुट्टिने कुरामा हामीले आशा गरिरहेका छौं, आशा मानिरहेका छौं, त्यो आशालाई पक्कै पनि मन्त्रीज्यूले निराशामा परिणत नगराउनुहुनेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु।
सभामुख महोदय, अन्त्यमा मैले भन्नै पर्दछ, कर्णाली प्रदेश सरकारको जुन बजेटका शीर्षकमा सैद्धान्तिक छलफल चलिरहँदा, बजेटका विषयमा छलफल चलिरहँदा, प्रतिपक्ष दलका नेताले पनि यहाँ विभिन्न विषयमा विषयहरू उठाइरहनु भएको छ, हामीले सुनिरहेका छौं । आज यो सरकार गठन भएको छ महिना पनि भएको छैन, कार्यान्वयन गर्ने जुन बाटोमा सरकार अगाडि बढिरहेको छैन । हामीले यहाँ सुनिरहेका छौं,

विगतदेखि सरकार चलाएको अवस्था पनि हामीले हेरिरहेका छौं, आजैका दिन काम नगर्ने कालो सरकारको संज्ञा दिँदा त्यति राम्रो नहोला कि भन्ने मलाई लागिरहेको छ । हामी सबैले सहकार्य गरेर, यो कर्णाली प्रदेशलाई समृद्ध बनाउने सवालमा, प्रतिपक्ष र सत्तापक्ष मिलेर एकै ठाउँमा उभिएर यो कर्णाली प्रदेशलाई समृद्ध गराउन लाग्यौं भने, विरोध होइन हामी सहकार्य गरेर जान सक्यौं भने समृद्ध र यो कर्णाली प्रदेशको भविष्य छिटो परिवर्तन गर्ने कुरामा हामी देख्न सक्छौं भन्ने कुरा राख्दै मेरो भनाइ यहीं अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री मिनासिंह रखाल, समय ७ मिनेट । त्यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार अवस्थामा रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रममा फेरि पनि म दोस्रो पटक उपस्थित भएको छु । हामीले आज यो रातो किताब समातिरहँदा, हाम्रो सरकारले कर्णाली प्रदेशलाई समृद्ध बनाउने भन्ने सोच र सपनाको साथ अगाडि बढि रहँदा, हामी हाम्रो सरकार सहयोग गर्न तयार छौं । हामी हाम्रा सरकारका नीति तथा कार्यक्रमलाई पालना गर्न तयार छौं । यस रातो किताबमा छुटेका, नलेखिएका कुराहरूलाई यहाँ चाहिँ प्रस्तुत गर्न गइरहेको छु । हामीले हाम्रो कर्णाली प्रदेशलाई समृद्ध बनाउने बाचाका साथ सपथ खाएका छौं । आज त्यही सपथका कारण यो कर्णाली प्रदेशलाई समाजवाद उन्मुख कसरी बनाउने, कसरी जनतालाई सुसम्पन्न बनाउने भन्ने कुरामा हामी यहाँ उपस्थित भइरहेका छौं । जनताहरूलाई सुसम्पन्न बनाउनका लागि हामीसँग दुई तीनवटा चूनौतीहरू पनि छन्, हामीले ती चूनौतीहरूलाई चिर्दै आर्थिक क्रान्ति छ, सामाजिक क्रान्ति छ र सांस्कृतिक क्रान्तिहरू छन् । आज हामीले बोलेर मात्रै होइन, लेखर मात्र होइन, यी क्रान्तिलाई सफल बनाउनका लागि सरकार, सदन र जनता, हामी सबै एक भएर लाग्नुपर्दछ भन्ने पनि मेरो मान्यता छ । आज यो रातो किताब समाती रहँदा बजेट वक्तव्यको केही कुरा केही कुराहरू सम्झिदा, जुन बजेट वक्तव्यमा आएका कुराहरू छन्, यसमा समावेश भएका छैनन् । यस्तो किन भैरहेको छ, के हाम्रो बुझाइमा कमी होकी, हामीले बजेट वक्तव्यमा आएका कुराहरू यसमा लेख्नै पर्दछ भन्ने मान्यता होकी वा नलेखे पनि हुन्छ भन्ने हो, यसकुरालाई हामीले बुझ्न सकिरहेका छैनौं । सभामुख महोदय, हामी जनता प्रतिनिधि हौं, हामी जनताका इच्छा र आंकक्षालाई लिएर, जनताका बीच कबोल गरेर हामी यस ठाउँमा उपस्थित भएका छौं । यहाँ जुन शीर्षकमा कार्यक्रमहरू आएका छन्, मुख्यमन्त्री परिषदको बैठकबाट पारित भएको र त्यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयबाट आएको, पर्यटन उद्योग मन्त्रालयबाट आएका सबै कुराहरू यहाँ समावेश भइरहेको अवस्थामा म के भन्न चाहन्छु भने, हामीले विगतमा कहिले काँही जनताको एक माग छ, प्रतिनिधिले एउटा दिन्छ भने जस्तै एउटा आमा बुवाले एउटा छोराछोरीलाई राम्रो विद्यार्थी बनाउनका लागि स्कुल पठाउँछ र त्यो विद्यार्थी स्कुल जान्छ, उसको बाबु आमाको इच्छा आकंक्षा पूरा गर्नका लागि नम्बर बढि ल्याउन कोशिस गर्दछ, उ अनुशासित हुन्छ,

उ नैतिकवान हुन्छ, उ चरित्रवान हुन्छ र आफ्ना गुरुका कुराहरू पालना गर्दै आइरहेको हुन्छ । उसले एउटै मात्र आशा के गर्दछ भने मैले होमवर्क गरिसकेपछि अथवा मेरा क्रियाकलाप पेश भै सकेपछि नम्बर राम्रो पाउनु पर्दछ र त्यो नम्बर लिएर मेरा बुवाआमालाई सुनाउनु पर्दछ अनि मेरा बुवा आमाहरू खुशी हुन्छन् भन्ने मान्यता बोकेको विद्यार्थी जब गुरुसाग सोध्छ, गुरु मेरो होमवर्क त बुझाएको छु, तर मेरो होमवर्कमा कति नम्बर छ भनेर सोद्धा खेरि, गुरु भन्नुहुन्छ, ओहो मैले त नम्बर दिन नै बिर्सेछु । किन बिर्सनु भएको, कि मेरो नाम पछाडि परेको थियो र, हैन तिम्रो नाम त  बीचमा नै थियो, किन बीचमा भएर पनि छुट्यो भनेर भन्दा खेरि, जेठो छोरो कान्छो नानी, माइलो छोरो आनीबानी भनेर गुरुले जवाफ दिइसकेपछि हिस्स बुढी खिस्स दाँत भने जस्तै आज यी बजेटमा केही कुराहरू नमिलेर आउँदा हामीलाई दुःख लागिरहेको छ । जस्तै मैले भनेको थिएँ, मन्त्रीले हामीलाई यो कार्यक्रम दिनुहोस्, तपाईंहरूको कार्यक्रम सम्भावना छन् भनेर भन्दा, हामीले दौडादौड गरेर दिएका कार्यक्रमहरू यो रातो किताबमा एउटा पनि देखिएको छैन । मैले यो भन्दा विगतमा पनि बोलिसकेको छु, अहिले पनि मैले त्यही भन्नुपर्दछ । हामीले मन्त्रालयलाई अंकित नगरौं त, बजेट करोडको हिसाबमा थुपारिएका छन् तर हामी जनताका प्रतिनिधिहरूले माग गरेका योजनाहरू आएका छैनन् ।

भौतिक पूर्वाधारका कुराहरू भन्ने हो भने, यहाँ जनता सडक भन्नेमा आएको छ, यसमा पर्ला, हामीले यसलाई चाहिँ द्विविधा र शंका मान्नुपर्ने अवस्था त केही छैन तर जो गोलमटोल तरिकाले जो डल्लो परेर आएको छ, त्यसैले शंका गर्ने अवस्था सिर्जना गरेको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा हामीले हाम्रा सांसदहरूले आज एउटा इतिहास बनाउनु छ कि हिजो पंचायती निरकुंश शासनले पनि नसमेटेको, बहुदलीय प्रजातन्त्रको व्यवस्थाले पनि नहेरेको र आज लोकतान्त्रिक गणतन्त्र स्थापना भैसकेपछि, संघीयतामा आइसके पछि, इतिहास राख्न चाहान्छौ । हाम्रो दैलेखमा पर्यटकीय क्षेत्र छन्, जस्तै दैलेख दुल्लु, पञ्चकोशी, द्वारी झरना, कुइँयाका ताल जस्ता कुराहरू हामीले प्रस्तावपत्रमा राख्यौं । त्यस्तै कोटिल्लामा निर्मित ताल भनेर हामीले त्यहाँ माग पनि गर्यौं, पैसा पनि छुट्याइएको छ, आर्थिक वक्तव्यमा तर अहिले आएर रातो किताबमा छैन । मलाई के लाग्दछ भने, माननीयको कुरा सुनाइ गरिएको हो त यहाँ, हामी माननीयहरूको कुनै पनिको प्रवाह नगरेर आफ्नै मनोमानी हिसाबले ल्याएको देखिन्छ । म के भन्छु भने, त्यहाँ पनि ठूलो माछाले सानो माछालाई खाए जस्तो छ । हो, तपाईंहरूभित्र पनि इच्छा, आकंक्षा र चाहना हुँदा हुँदै पनि गर्न नसकिरहेको अवस्था मैले देखेको छु । त्यस्तै हामीले पनि भोलि जनतासँग त्यही बोल्नुपर्ने हुन्छ, हाम्रो त इच्छा थियो, चाहना थियो तर मन्त्रालयले दिएन, हजुर भन्नुपर्ने अवस्था छ । यस कुरामा मन्त्रालयको ध्यान पुगोस्, प्रदेश सरकारको पनि ध्यान पुगोस् । यदि हामीले सबै

कुरालाई समेटेर अगाडि लैजाने हो भने, सब्बै ठाउँमा समानुपातिक वितरण गरेर लैजानु पर्ने हुन्छ । यदि होइन "जेठो छोरो कान्छो नानी, माइलो छोरो आनीबानी" गर्ने हो भने हामीलाई पनि केही चाँहिदैन, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री यज्ञबहादुर बि.सी., समय ७ मिनेट । त्यसपछि माननीय श्री रातो कामी तयार अवस्थामा रहनुहोला ।

**माननीय श्री यज्ञबहादुर बि.सी.**:- माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रम, यो कर्णाली प्रदेशको विनियोजित विधेयक २०७५ को बजेटमा छलफल भइरहेको छ, त्यसबारेमा म मेरा कुराहरू यहाँ राख्न गइरहेको छु । सभामुख महोदय, यो जुन बजेट, यो नीति तथा कार्यक्रम, त्यसपछि बजेट आयो, त्यसपछि वार्षिक विकास कार्यक्रम जुन यहाँ बुँदागत अथवा शीर्षकगत रूपमा छलफल भइरहेको छ । यो सम्मानित सदनका माननीय सदस्यज्यूहरूले धेरै कुराहरू राखिसक्नु भएको छ । विभिन्न विषयगत मन्त्रालयका कुराहरू, यहाँ रातो किताब, कालो किताब धेरै कुराहरू उठे । म सभामुख महोदयमार्फत् सरकारलाई कुन कुरामा ध्यानाकर्षण गराउन चाहन्छु भने, हिजो केन्द्रिकृत राज्य प्रणालीमा पनि प्रष्ट रातो किताब अथवा वार्षिक विकास योजनाहरू प्रस्तुत गर्दा अथवा भनौं, निर्माण गर्दा जिल्ला, वडा स्रोत सबै खुलाएर, अङ्क तोकेर, यो वार्षिक बजेट चाहिँ रातो किताब आउँथ्यो भने यो मुलुकमा संघीय संरचना हुँदा एकैचोटी गोलमटोल भएर जुन रातो किताब आयो । म के भन्न चाहन्छु भने सभामुख महोदय, यो विरोधका लागि विरोध होइन, यो रातो किताब होइन, यो आन्तरिक मनगढन्ते हिसाबले कालो किताबको रूपमा यहाँ प्रस्तुत भएको छ । किनभने आज यो कर्णाली प्रदेशलाई, या कर्णाली प्रदेशका जनतालाई समृद्ध कर्णाली प्रदेश र सुखी कर्णाली प्रदेशका जनता भनेर हामीले जुन नारा लिएका छौं, त्यो नारालाई सफल पार्नका लागि सभामुख महोदय, कि ठोस योजनाहरू आउनुपर्दथ्यो, किटानका साथ आउनु पर्दथ्यो । कुन सडकमा कति बजेट अथवा प्रादेशिक गौरवका योजनाहरूमा कति बजेट, अङ्कका हिसाबले आउनुपर्दथ्यो । हिजोका सरकारले गरिरहेका कामहरू, सम्भाव्यता अध्ययन र डिपिआरका कुराहरू, अहिले पनि निक्लिरहेका छन्, स्तर वृद्धिका कुराहरू कहिँ पनि आएको छैन। हिजो सरकारले गरेका कामहरू, सम्भाव्यता अध्ययन र डिपिआर भइ सके र काम भइ सकेका जुन चाहिँ ग्राबेल र नाला बनिसकेका जुन सडकहरू छन्, ती सडकहरूको स्तरउन्नतिको योजना यहाँ कहीं पनि आएको देखिएन, सभामुख महोदय । सभामुख महोदयमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, जुन आज मन्त्रालयगत शीर्षकमा छलफल भइरहेको छ, बजेटहरू जस्तो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा २५ वटा शीर्षक राखिएको छ । अब त्यो शीर्षकमा ठोस योजनाहरू जम्मा ६ वटा मात्रै छन्, १९ कार्यक्रमहरू वितरण प्रणालीमा गएका छन् । त्यसो भएको हुँदा मैले के भन्न खोजिरहेको छु भने कार्यक्रम ठोस आउनु पर्यो, वितरणमुखी होइन । भोलि त्यो योजनाले कर्णाली प्रदेशका जनताले प्रतिफल पाउनुपर्छ भन्ने मेरो भनाइ छ।

अव जुन यो आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पनि गोटैका हिसाबले आएको छ । सुझाव गर्नका निमित्त, प्रत्येक जिल्लामा, कुन जिल्ला हो, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयले पनि त्यही ढङ्गबाट प्रस्तुत गरेको छ, सभामुख महोदय । अङ्कमा तोक्दा फेरि पनि मन्त्रालयहरूले आफूले कार्यक्रम अगाडि बढाउँदा अङ्कका आधारमा आउनुपर्दछ सभामुख महोदय । अर्को मानेमा कहिँ कतै मेले शंका गर्नुपर्ने कहाँ नेर छ भने यो बजेट एउटा चाकडीबाज, मन्त्रालय अन्तरगत जुन यो सभाका सदस्यज्यूहरू हुनुहुन्छन्, फेरि त्यही मन्त्रालयमा रुमलिएर, मन्त्री र मन्त्रालयका कर्मचारीहरूको चाकडी गर्नुपर्ने अवस्था सिर्जना भएको छ, यो हुनुहुँदैन सभामुख महोदय । यो गरिमामय सभाका माननीय सदस्यहरूले रोष्टममा आएर जुन आफ्ना विचारहरू राखुभएको छ, त्यसको सम्वोधन हुनुपर्दछ भन्ने कुरा राख्दै मेरो भनाइ यहीं अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री रातो कामी, समय ७ मिनेट । त्यसपछि माननीय श्री सुशिलकुमार थापा तयार अवस्थामा रहनुहोला ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू, आज हामी दोस्रो चरणको मुख्यमन्त्री, भौतिक पूर्वाधार तथा योजना मन्त्रालय, वन पर्यटनतर्फको रातो किताबमा आएको बजेटका बारेमा यहाँ छलफल गरिरहेका छौं । पहिलो चरण र दोस्रो चरणको आजसम्म आइपुग्दा खेरि रातो किताबको व्याख्या गर्दै जाँदा कैयौं माननीय सदस्यहरूले कालो छ भनेर पनि संकेत गरिसक्नु भयो । म यसका बारेमा के भन्न चाहन्छु भने किताब रातो नै हो, यो पूरातन र पूराना चिन्तन र प्रवृतिलाई पन्छाउन खोजिरहेको छ, हामी सबै मिलेर यसलाई कालो हुन नदिनका लागि अन्तिमसम्म हामी प्रयत्नशील हुनेछौं र यो रातो हुनुपर्दछ । यसका विभिन्न तौर तरिकाहरू छन् र गर्ने हो, किनकी जनताका बीचमा हामीले संघीय गणतन्त्रात्मक राज्यको स्थापना पछि मात्र हामीले कर्णाली प्रदेश पाएका छौं । कर्णाली प्रदेशमा रहेको पछौटेपन, गरिबी, हाम्रा अगाडि रहेका ठूला-ठूला चट्टानहरू जसले हामीलाई अवरोध गरिरहेका छन्, यिनका विरूद्धमा संघर्ष गरेर हामीले चट्टानलाई तोडेर हामीले निकास निकाल्नु छ । दुई-चारवटा ठूलाठूला नदीहरूले हामीलाई वर्षातमा सताउने गरिरहेका छन्, हिँउदमा हामीले सदुपयोग गर्न सकिरहेका छैनौं । बुद्धिले त्यसलाई सदुपयोग गर्नका लागि बाबुका पालादेखि आजसम्म कसैले पनि मेसो पाइरहेका छैनौं । हामीले हाम्रै पालामा नवीकरणीय उर्जाका रूपमा परिणत गरेर, पानी त तलै तिर बग्ने हो, त्यसलाई काममा लगाएर, उपभोग गर्दै तल तिर बग्न दिनुपर्ने योजना बनाउनु छ । त्यसैले हामीले कर्णाली प्रदेशको बजेटमा छलफल गरिरहेका छौं । त्यो मानेमा रातो किताब ल्याउनुपर्दछ भन्ने बुझाइ थियो र त्यही बुझाइका लागि हामीले यो छलफल गरिरहेका छौं । देशमा कम्यूनिष्ट सरकार आइसकेपछि छिमेकी देशमा भएको घटनाक्रमको याद आयो, सभामुख महोदय, भारतको कलकतामा जो बङ्गालसँग जोडिन्छ । त्यहाँ कम्यूनिष्ट पाटीले पटक पटक सरकार परिवर्तन गरिरहन्छ । कम्यूनिष्ट पाटीको सरकार रहँदा त्यस कलकतामा समुन्द्रको किनारमा बसिरहेका माझीहरूको गोठ छाप्रा

हालेर बस्ती बसी रहेका छन्, उनीहरूको घरमा बत्ती नभएका कारण, समुन्द्रको समथर भूभागमा आफ्नो घर डेरामा जानका लागि झुक्किएर बाटोमा हिड्दै जाँदा अर्काको घर र डेरामा ढक्ढकाउन पुग्ने रहेछन् । अर्काको डेरामा ढक्ढकाएको खण्डमा त्यहाँ के सजाय रहेछ भने जाल र माछा दिने चलन रहेछ, त्यसको अभाव सरकारलाई बारम्बार अनुरोध गरेर बोध गराईसकेपछि, भारतको कम्यूनिष्ट सरकारले त्यहाँ बत्तीको योजना लिएर गएछ, विशेषज्ञहरूले त्यहाँ गएर योजना तयार गरे, त्यसपछि विशेषज्ञहरूले त्यहाँ अध्ययन गरेर, त्यहाँ विशेषज्ञहरूले अध्ययन गरेबमोजिम बत्ती भन्दा पनि अर्को समस्या रहेछ । बङ्गालको खाडीमा के रहेछ भने महिलाहरूलाई बैठक र छलफलमा भाग लिन नदिने । त्यहाँका माननीय र मन्त्रीज्यूहरूले छलफल गरिरहँदा कपडाको बार लगाएर अर्को पट्टीबाट महिलाहरूले सुनेका रहेछन् र आफूलाई हिनता बोध भइरहेको महसुस गरिरहेका रहेछन् । किनकी त्यहाँ खुला शौचालय गर्नुपर्ने अवस्थामा बत्ती बल्ने भएको हुँदा अर्को अफठ्यारो स्थिति सिर्जना भयो । त्यसपछि महिलाहरू बैठक र छलफलमा सहभागी हुन नपाउने भएपछि उनीहरूले एउटा वयस्क महिलालाई त्यहाँ सबै महिलाको नेतृत्व गराएर, बत्ती भयो भने हामीलाई खुल्ला शौच गर्न समस्या हुन्छ भनेर बोल्न लगाएपछि, कपडाको पर्दा पछाडिबाट विरोध गरिसकेपछि, तिनीहरूको समस्या केहो भनेर त्यहाँको कम्यूनिष्ट पाटीको सरकारले सोद्धा बत्ती हुँदा हामीलाई खुल्ला दिशा गर्न समस्या हुन्छ, हाम्रो लाज र सरम हुन्छ भनिसकेपछि त्यहाँको कलकताको कम्यूनिष्ट सरकारले पहिलो वर्ष बत्तीको काम नगरेर गाउँमा शौचालय निर्माण थाल्यो र शौचालय निर्माण पश्चातको अर्को वर्ष बत्तीको योजना अगाडि सारेर समस्याको समाधान गर्यो । त्यसो भएको हुँदा यो सदनबाट, मन्त्रिपरिषदको कार्यालयबाट विभिन्न योजनाहरू बाँडिएका छन्, तर जनताको योजना कोसेली तथा नासोको रूपमा माननीय सदस्यहरूले ल्याउने गरेका छन् । त्यसकारण जनताको र तलको बेसमा विकास गर्ने भएको हुँदा यसलाई माननीय सदस्यहरूको कुरा पनि अधिकतम रूपमा मन्त्री तथा यो सरकारले लिनुपर्दछ, किनकी त्यो गर्दा अलि वैज्ञानिक हुन्छ जस्तो लाग्दछ ।

हामी र हाम्रो अगाडि विभिन्न किसिमका समस्याहरू छन्, यहाँ पछि परेको कर्णाली प्रदेश, पछि परेको जातिको संख्या, पछिपरेका महिलाहरूको संख्यालगायत हाम्रा अगाडि रहेका पहाडहरूलाई र चट्टानहरूलाई तोडेर बाटो बनाउनु छ । हामीले अहिले यहाँ र त्यहाँ भन्दा पनि हामीले सुर्खेतदेखि साविकको कर्णाली जाने बाटोलाई अधिकतम भन्दा पनि अधिकतम बजेट छुट्याएर त्यहाँ जाने बारेमा वातावरण गराउनुपर्दछ । यसको सुरूवात भएको हेर्न चाहान्छौ । जनताले त्यसको स्वागत गर्ने छन् र धन्यवाद गर्नेछन् । त्यसैले गर्दा विभिन्न किसिमका कुराकानी र छलफल गर्दै जाँदा कतिपय कम्प्युटरका मिस्टेक र कतिपय भाषा र शैलीका मिस्टेक भएका छन् । यहाँ बजेट वक्तव्यमा दलितहरू लक्षित उद्योग भनेर ६ करोड आएको छ र फेरि यता के भनेको छ भने उद्योग मन्त्रालयले विनियोजन गर्दा युवा तथा दलित लक्षित योजना भनेको छ । युवा भन्ने बित्तिकै दलित

भन्दा बाहिर जाने स्थिति हो भने त्यो राम्रो होइन । दलितसँग सम्बन्धित रहेका छालाका उद्योगहरूलगायतका हामीहरूले कर्णाली ब्राण्डका कुराहरू उत्पादन गरेर, कृषिलगायतका अरू उत्पादनमा जोड्नका लागि दलित समुदाय तयार छ । यहाँ उपस्थित माननीय सदस्यहरू पनि सही योजना तयार गरेर अगाडि बढ्न हामी खोजिरहेका छौं । त्यति मात्रै नभएर कम्पोष्ट मल र जैविक विषादीका लागि साझेदारी कार्यक्रम, प्लाष्टिक प्रशोधन भन्या छ । यो कम्प्यूटर मिस्टेक हुन सक्छ, किनकी कम्पोष्ट मल र प्लाष्टिक प्रशोधन भन्ने विषय नै छुट्टै हुन् । यो कम्पोष्ट मलको कुरा फरक हो, स्याउला, सोत्तर, गोठेमल आदि इत्यादीबाट जैविक मल र जैविक विषादी फरक ढङ्गले हुन्छ । प्लाष्टिकको प्रशोधन गरिसकेपछि त्यसको कच्चापदार्थ फरक हो । यो मिस्टेक भएको हो भने यो सच्याइयोस् भन्न चाहन्छु ।

यहाँ यति मात्रै नभएर यो विभिन्न मन्त्रालयका बजेटहरू दोहरिएका छन् । जस्तो खानेपानीको चाहिँ एउटा बुँदामा खानेपानी, पुल, पुलेसा आदि इत्यादि भनेर भन्या छ, अर्को बुँदामा पनि त्यही भन्या छ, यो दोहरिएर, तेहरिएर आएको छ । दोहरिएर आएका योजनाहरूलाई नाम तोक्दा खेरि र जनताको सम्वोधन गर्दा खेरि ठूला, मझौला र साना किसिमका उद्योग धन्दाहरू र कैंयौ समाजमा जगडिएर रहेका कुरीति र कुसंस्कारका बारेमा पनि कर्णाली सरकारले अभियान संचालन गरेर अगाडि बढ्ने कुरामा ध्यान जाओस् भन्ने कुरा राख्न चाहन्छु । कर्णाली प्रदेशको यो चाहिँ बजेटको बारेमा अहिले हामीले सुरूमा छलफल गरिरहेका छौं । आउने असारमा कस्तो किसिमको परिणाम आउने हो, यसको पूर्ण समिक्षा हामीले एक वर्ष पछि हुन्छ । फेरि आउने वर्षमा यही प्रकारको माननीय सदस्यहरूबाट यो मञ्चबाट भाषण जाने, पिडा व्यक्त गर्ने प्रकारको थिति पैदा भयो भने यसले समाजमा साँच्चै नकारात्मक असर पार्छ । यो भन्दा विगतमा लामो समयमा शासन व्यवस्था गर्नेहरूले सही ढङ्गले ढङ्ग नपुर्याएका कारणले अहिले देशमा चाहिँ उथुलपुथल भएर नयाँ प्रकारको व्यवस्था आएको छ । यो नयाँ व्यवस्थालाई अहिले पूरानो बनाउने, यसलाई अहिले नै खत्तम भयो भनेर भन्ने प्रकार तिर हामी कोही जानु हुँदैन, यसलाई सशक्त बनाएर, जुझारु बनाएर अगाडि बढ्नु पर्छ भन्ने कुरा राख्दै म आफ्ना भनाइहरू यहीं अन्त्य गर्न चाहन्छु, धन्यवाद, नमस्कार !

**माननीय सभामुखः-** माननीय श्री सुशिलकुमार थापा ।

**माननीय श्री सुशिलकुमार थापाः-** माननीय सभामुखज्यू, आज हामी कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रममाथि छलफल गर्न गइरहेका छौं । यो आजको छलफलको क्रममा हामी आज विशेष गरी, पाँचवटा मन्त्रालयगत बजेट शीर्षकमाथिको छलफल कार्यक्रममा उपस्थित भएका छौं । मलाई लाग्दछ, आज यो छलफलको अन्तिम कार्यक्रम होला, मेरो पनि सुशिल नाम भएको कारण होला, अन्तिममा मेरै नाम भएको होला जस्तो लाग्दछ । मुख्यमन्त्रीलगायतका थुप्रै माननीय सदस्यहरू उपस्थित भएर पनि गैसकेको अवस्था छ । यद्यपी यो सिङ्गो कर्णालीवासी

एवम् सिङ्गो जनताले प्रत्यक्ष रूपमा नियाली रहने, प्रत्यक्ष रूपमा सुन्ने र देख्ने थलो भएको हुँदा आज मलाई विश्वास छ, कि कर्णाली प्रदेशको यो २०७५/०७६को यो बजेटमाथि हामीले छलफल गरिरहँदा सम्बन्धित सरकारले गम्भीरता पूर्वक माननीय सदस्यहरूले उठाएका कुराहरूलाई सम्वोधन गर्ने गरी अगाडि बढ्ने कुरामा मैले अपेक्षा गरेको छु । माननीय सभामुख महोदय, कर्णाली प्रदेश र कर्णालीवासी जनताहरूको समृद्धि र सुखी जनताको चाहनाको यो रातो किताब २०७५/०७६ को यो बजेट विकास कार्यक्रमका रूपमा हाम्रो हातहरूमा जो किताब छ, हामीले यो किताबलाई गम्भीरता पूर्वक अध्ययन गरेर हेर्यौं भने हामीलाई के विश्वास छ भन्दा, यो किताबले कर्णाली प्रदेशका १७ लाखका जनताहरूको जीवनलाई नियालेर यो कर्णाली प्रदेशको विकास कार्यक्रम आएको छ । यसले मसिनो ढङ्गले जुन तहबाट बुझेर रातो किताब आएको थियो, जुन तहबाट यो रातो किताब आउनुपर्दथ्यो यद्यपी त्यो आउन सकेन । हामीले के विश्वास गरेका छौं र कर्णाली प्रदेशका १७ लाख जनताले के विश्वास लिएका छन् भने यो रातो किताब अहिले जुन ढङ्गबाट आएपनि योभित्र रहेका थुप्रै बजेटहरू जो डल्ला परेर आएको छ । यो समान रूपमा भोलि सब्बै सांसदहरूले अपनत्व गर्ने गरी, कर्णालीवासी १७ लाख जनताले आफ्नो अपनत्वको महसुस गर्ने गरी यो बजेट आउने छ, मन्त्रालयबाट यो बजेट वितरण हुनेछ । हामी सबैले हर्षउल्लासका साथ खुशी भएर चालिसका चालिस जनाका असी हात गडगडाहट रूपमा पास हुने हिसाबमा ताली बज्ने छन् । सरकारले यो ढङ्गबाट बजेट ल्याउने छ भन्ने विश्वास गरेका छौं । हामी कम्यूनिष्ट पाटी, हामी वर्गीय राजनीति गर्ने मान्छे, त्यही वर्गीय राजनीति गर्ने पाटीको नेतृत्वमा सरकार गठन भएको छ । हामीले समाजवाद हुँदै साम्यवादका सपना देखेका छौं । साम्यवादमा ओपन बोर्डरहरू हुँदैनन् । जुनसुकै देशमा पनि सहज ढङ्गले आउने जाने व्यवस्था साम्यवादमा हुन्छ, त्यो साम्यवादमा पुग्ने हामीले सपना देखेका छौं । त्यसकारण मलाई के विश्वास छ त भन्दा, कर्णाली प्रदेशको सरकारले समाजवाद हुँदै साम्यवादमा जाने लक्ष्य बोकेको सरकारको नेतृत्वले एउटा घेराभित्र रहेर आफू निर्वाचन लडेको क्षेत्रको दायरामा मात्रै बजेटलाई समेट्ने प्रयत्न हुनेछैन भन्ने हामीले अपेक्षा गरेका छौं । शंकै शंकाका बीचमा पनि हामीले थुप्रै विश्वास र सम्भावना पनि देखेका छौं । हामीले ती सम्भावनाहरूका बीचबाट यो बजेटलाई नियाल्दै, सबैको भावना र अपनत्वको नेतृत्व गर्नुहुनेछ भन्ने हामीले विश्वास गरेका छौं । किनकी यो कर्णाली प्रदेशको सरकार सिङ्गो १७ लाख जनताको सरकार हो, यो नाकी कुनै एउटा प्रदेशको माननीय सदस्य जस्तो होइन, सिङ्गो कर्णाली प्रदेशको नेतृत्व हो । आज सबै जनताले एकमुष्ट रूपमा उहाँलाई आफ्नो सरकारको रूपमा मानिरहेको अवस्था छ । यद्यपी त्यो अवस्थामा कर्णाली प्रदेशका जनताहरू, मन्त्रीदेखि मन्त्री, नेतादेखि नेतासम्मको मात्रै विकासको आधार रातो किताबमा मसिनो ढङ्गले पूर्ण रूपमा आउँदा, त्यो हेर्ने दुःखद कुरा भयो भने त्यो सबै कर्णालीवासीका लागि अत्यन्तै बिडम्बनाको विषय हुनेछ । त्यस्तो खालको बजेटले कर्णाली प्रदेशभित्रका जो हामी आज

५२ प्रतिशत गरिबीको रेखामुनि रहेका कर्णालीवासी हामी छौं, भोलि सबै भन्दा बढि यो कर्णाली प्रदेशमा विभेद, अन्याय, अत्याचार, शोषण, बोक्सी, छाउपडी, बलात्कारदेखि लिएर थुप्रै खालका घटनाहरू जति छन्, यहाँ यी सबै आज असमानताका कारण यी जति विभेदहरू छन्, यी विविध कारणले जति आइरहेका छन् । भोलि बजेट समानुपातिक रूपमा वितरण हुन सकेन, सबैलाई समान रूपमा समेट्न सकिएन भने यी झन विकराल रूपमा डरलाग्दो भएर उपस्थित हुने छन् । हाम्रो सामु हामीले यी कुराहरूलाई थेग्न नसकेर कर्णाली प्रदेश कतै उच्च तरिकाले उठेको त कतै हेर्नै नसक्ने गरी डरलाग्दो अवस्थामा रहेको, यहाँभित्र रहेका थुप्रै विकृतीहरू, थुप्रै कुसंस्कारहरू, अत्यन्तै डरलाग्दो तरिकाले मौलाएको अवस्था हाम्रो सामु देखा पर्न सक्छन् । त्यसकारण मैले विश्वास गरेको छु, हामी सबैले विश्वास गरेका छौं र आज नेपाली जनताले पनि विश्वास गरेर मुलुक भर ६ वटा प्रदेशलगायत सिङ्गो मुलुकको यो नेतृत्व यसकारण नेपाल कम्यूनिष्ट पाटीलाई दिएका छन् । यस कारण मलाई विश्वास छ, हाम्रो घोषणा पत्र, कर्णाली प्रदेशका जनताहरूको सपना, कर्णाली प्रदेशका जनताहरूको इच्छा, आकंक्षा र चाहना अनुरूप यो कर्णाली प्रदेशको बजेट यहीअनुसार निर्माण हुनेछ । यो आफ्नो त्यता तिर ध्यान केन्द्रित गरेर सक्षम, योग्य र दक्ष सरकारको नेतृत्वको पात्रको रूपमा आफूलाई उपस्थित गराउनुहुनेछ भन्ने कुरा मैले विश्वास गरेको छु ।

माननीय सभामुख महोदय, आज रातो किताब हाम्रो सामु हामीले समातिरहँदा, हामीले हेरिरहँदा, अध्ययन गरिरहँदा, सिङ्गो जनताले आज यो यसका बारेमा अत्यन्तै चासो दिइरहेको अवस्था छ । मैले हिजो, आज, अस्ति चार दिन लगभग निरन्तर संसदमा भैरहेको छलफलका कुराहरू हेर्दा थुप्रै कुराहरू आएका छन्, शंकादेखि सम्भावनासम्मका कुराहरू आएका छन् । माननीय सदस्यहरूले गम्भीरतापूर्वक कुराहरू उठाउनु भएको छ । कतै यो रातो किताब, कतै मन्त्रीदेखि मन्त्री, नेतादेखि नेतासम्मको लागि मात्रै हुने होकी, यो रातो किताबमा जो डल्लाका रूपमा आएको छ, त्यसलाई शंकाका रूपमा हेरिरहेका छौं, त्यो कतै निश्चित घेराभित्र मात्रै रहने होकी भन्ने शंका छ । किनकी कर्णाली प्रदेशले बजेट ल्याउँदा खेरि आफ्ना कुराहरूलाई स्पष्ट पारेर ल्याउनु पर्दथ्यो । कर्णाली प्रदेशले अब यो वर्षमा हाम्रो यो बजेट यति क्षमताको छ, यसले एक वर्षभित्र यति यति काम गर्छ, यसले कम्तीमा पनि १५-२० वटा महत्वपूर्ण कामहरू गर्दछ, जसले सिङ्गो कर्णाली प्रदेशको पहिचान बनाउँदछ, जो १५-२० वटा कामले सिङ्गो मुलुक भर र विश्व भरि चर्चामा रहन्छ । त्यस्ता महत्वपूर्ण कामहरूलाई १-२-३ गर्दै साना, मझौला र ठूला गरेर कार्यक्रम अगाडि बढाउँदछ, यो खालको कार्यक्रम आउँछ जस्तो लागेको थियो । यो कर्णाली प्रदेशका गौरवका आयोजनाहरू के-के हुन त्यसको पहिचान गर्छ होला, चाहे त्यो भौतिक पूर्वाधारका संरचना हुन, चाहे त्यो थुप्रै कुराहरू हुन, यो कर्णाली प्रदेशले ती कुराहरूलाई किटानी गरेर ल्याउँछ होला जस्तो थियो । कर्णाली प्रदेशले बनाउने मुख्य बाटाहरू के के हुन भनेर जनताले सोधे भने, पत्रकारहरूले सोधे भने, हामी नामुख

भएर फर्कने अवस्था छ । हामीसँग उत्तर दिनसक्ने अवस्था छैन, हामीले लेटरप्याडमा लेखेर दिएका कुराहरू आउँछन् आउँदैनन्, थाहा छैन । राष्ट्रिय गौरवका, प्रदेशका गौरवका, स्थानीय तहका गौरवका कुराहरू के के हुन् यसमा स्पष्ट आउन सकेन । त्यसकारण यस रातो किताबमा स्पष्ट रूपमा आउनु पर्दछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । मैले यति कुराहरू राखिरहँदा मलाई यो बजेट हुन त यो प्रदेशको बजेट आज सिङ्गो कर्णाली प्रदेशको हातमा छ । ढुकुटी अर्थात पूँजी, कर्णाली प्रदेश सरकारको हातमा छ, यहाँहरूको हातमा छ, हामीले सुम्पेका छौं तर यहाँहरूले जब यो तपाईंहरूका हातमा रहेको ढुकुटीलाई समान रूपमा वितरण गर्नुहुन्छ अनि यहाँहरू सबै सब्बल र सक्षम सरकारको नेतृत्व बन्नु हुनेछ र हामी सबै कर्णालीवासीहरूले आज हामी ४० जना सांसद सफल भएको ठान्ने छन् र कर्णाली प्रदेशको सरकार सफल रूपमा अगाडि बढ्ने छ, यो कुरा यहाँहरूको बीचमा राख्न चाहन्छु । अन्तिममा, हामी झुटको राजनीति गर्न चाहँदैनौ, सरकारले पनि नगरोस् । आज जति पनि कुराहरू उठेका छन्, त्यो कुरा मेरो मात्र होइन, सभामुख महोदय, यी ४० जना सांसद र १७ लाख कर्णाली प्रदेशका आम जनताका आवाजहरू हुन, ती सबैका कुराहरू हुन् । ती सबै कुराहरूलाई कर्णाली प्रदेश सरकारले आत्मसाथ गर्ने छ र यसलाई सम्वोधन गर्ने छ भन्ने अपेक्षासहित म विदा हुन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको विनियोजन भएका सबै निकायका शीर्षकहरूमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउन चाहन्छु । माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५माथिको दफाबार छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि २०७५ असार १८ गतेका दिन निर्धारण गरेको छ ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ असार १८ गते सोमबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-२८

(२०७५ असार १८ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको २८ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सकार र प्रदेश सरकारमार्फत् सरोकावाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयहरूमा आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेकोछु ।

सर्वप्रथम माननीय श्री दीनवन्धु श्रेष्ठ, समय ५ मिनेट ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, अस्ति १६ गते शनिवार, डाक्टर गोविन्द के.सी. जुम्ला जिल्लाको सदरमुकाममा, उहाँले विगतदेखि उठाउँदै आउनु भएको चिकित्सा शिक्षा विधेयक, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एम.बी.बी.एस. डाक्टर पढाइ र अन्य दुर्गम ठाउँमा जहाँ हिजो हामीले सिटामोल पाउथेनौ, जहाँ डाक्टरलाई देख्न पाउथेनौ, त्यो स्थानका जनताले कर्णाली मात्र होइन त्यस्तै विकट ठाउँका जनताका छोराहरूले एम.बी.बी.एस. पढ्न पाउनुपर्दछ, त्यो पनि सुलभ र सस्तोमा सरकारले त्यो व्यवस्था गर्नुपर्दछ भन्ने जनताको पक्षमा जनताको हितमा दुर्गम र पिछडिएका क्षेत्रको जनताको हितमा उहाँले एउटा सहि कुरा लिएर अनसन जुम्लामा बस्नका लागि उहाँले निर्णय गर्नुभयो तर १६ गते शनिवार उहाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जान खोज्दा, त्यो भन्दा पहिले नै स्थानीय सरकारले त्यो अनसन बस्ने कुराको जानकारी भएपछि, नियतवश निषेधाज्ञा जारी गरियो । स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट २०० मिटर, जिल्ला प्रशासन कार्यालयबाट २०० मिटर र जिल्लाको सुरक्षा निकायको कार्यालयबाट २०० मिटर निषेधाज्ञा जारी गरियो । त्यो नियतवश गरिएको छ, ताकी उहाँले जनताका पक्षमा सही कुराहरू अगाडि बढाउन नपाओस् भनेर । सभामुख महोदय, उहाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनसन बस्नलाई होइन, उहाँ विशेष पत्रकार सम्मेलन गर्छु भनेर जाँदै हुनुहुन्थ्यो, उहाँलाई बजारको टुडिखेलमा सुरक्षा निकायले रोक्यो । त्यसपछि उहाँले शान्तिपूर्ण हिसाबले जिल्ला प्रशासन अगाडि, उहाँका समर्थक साथीहरूको साथमा बसेर छलफल गरिरहनु भएको थियो, तर सुरक्षा निकायबाट उहाँलाई पक्राउ गरियो, उहाँका समर्थकहरूलाई लट्ठी चार्ज गरियो, धरपकट गरियो । मैले तत्कालै कर्णाली प्रदेशका मुख्यमन्त्रीज्यूलाई ध्यानाकर्षण पनि गराए । सायद उहाँको सम्पर्क भयो होला । तर त्यसपछि उहाँलाई गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालयमा राखियो र उहाँले दिनको तीन बजेतिर त्यहिंबाट अनसन सुरू गर्नुभयो । सभामुख महोदय, यो लोकतन्त्रमा शान्तिपूर्ण धर्ना, स्वतन्त्र अभिव्यक्ति र नारा जुलुस गर्न पाउने कि नपाउने ? जनताको नैसर्गिक अधिकार हो कि होइन ? तर उहाँलाई अनसन बस्नु भन्दा पहिला स्वास्थ्य परीक्षण गरिनुपर्दथ्यो, त्यो पनि त्यहाँका सुरक्षा निकाय र प्रशासकहरूले गर्न दिएनन् ।

त्यो मानव अधिकारको हनन् होकी होइन ? सरकार कता तिर गइरहेको छ ? अधिनायकवाद तिर उन्मुख भइरहेको यसले संकेत दिन्छ । मलाई लाग्दछ, हो त्यो निर्देशन केन्द्रीय सरकारले, संघीय सरकारको हुनसक्दछ, तर त्यो घटना कर्णाली प्रदेशको जुम्ला जिल्लामा भएको छ, त्यसका लागि कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीज्यूलगायत सम्बन्धित मन्त्रीहरूको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, अनि उहाँलाई त्यसै दिन एउटा गिरफ्तारी शैलीमा ल्याएर कभर्डहलमा राखियो, ता की। त्यहाँ भौतिक पूर्वाधार छैन, बत्ती छैन, फोहोर छ, त्यो ठाउँमा लिएर उहाँलाई राखियो । उहाँको स्वास्थ्य अत्यन्तै नाजुक छ । हिजो पनि हाम्रा समाज, राजनैतिक दलका वरिष्ठ साथीहरू त्यहाँका जनताहरूको अनुरोधमा उहाँको स्वास्थ्य परीक्षण गर्नका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जान पाउनुपर्दछ भन्दा त्यहाँको प्रशासनले जान दिएन । उहाँको स्वास्थ्य आज तीन दिन भयो, अरू बिग्रिरहेको छ । त्यहाँ त्यस्तो ठाउँमा राखियो जहाँ बत्ती छैन, दुर्गन्ध छ र स्वास्थ्यकर्मीहरूले त्यहाँ आएर उहाँको उपचार गर्न कठिन छ, त्यसको पूर्वाधारहरू छैन भनिरहेको बेलामा उहाँलाई सुरक्षा निकायको घेराबन्दीमा अहिले पनि गिरफ्तारीको शैलीमा राखिएको छ । त्यो मानव अधिकारको हनन होकी होइन ? सभामुख महोदय । मलाई यहाँ एउटा कुरा लाग्यो, त्यो कुरा हाम्रो प्रदेशमा आउनुपर्दछ, किनभने त्यो प्रदेशको मामिला भयो, केन्द्र सरकार झोकिएको होला, तर पनि आज हाम्रो प्रदेशमा यो घटना घटेको छ, त्यसैले तत्काल म यहाँ आग्रह गर्न चाहन्छु, माननीय सभामुख महोदयमार्फत् कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीज्यू र सम्बन्धित निकायका मन्त्रीज्यूलाई उहाँको उचित स्वास्थ्य परीक्षणको लागि, अनसन बस्नको लागि उचित ठाउँको लागि, उहाँको मानवअधिकारको रक्षाको लागि र उहाँका जे जति माग छन्, दुर्गम जिल्ला, गरिब जिल्ला, पिछडिएका क्षेत्रका मागहरू र केन्द्रमा उठाइरहेका चिकित्सा शिक्षाका विधेयकहरूका विषयमा पनि केन्द्रीय सरकारसँग यस प्रदेशका माननीय मुख्यमन्त्रीज्यूले समन्वय गरेर, तत्काल त्यो माग पूरा गर्नुहुनेछ भन्ने त्यो आशा लिएको छु, यदि त्यो कुरा समयमा सोचिएन भने त्यहाँ कुनैपनि घटना घट्न सक्छ, त्यसको जिम्मेवारी कर्णाली प्रदेशको सरकार पनि हुनुपर्दछ । किनभने त्यो केन्द्रीय सरकारको निर्देशन हाम्रो होइन भनेर हामी पन्छिने बाटो छैन । यो कर्णाली प्रदेशको जुम्ला जिल्लामा घटेको घटना हो । माननीय मुख्यमन्त्रीज्यू बढि गम्भीर भएर, आज नै, अहिले नै, उहाँको स्वास्थ्य उपचारका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लिएर चेकअप गराउने, यसको प्रबन्ध मिलाइयोस् र उहाँका मागहरूलाई तत्काल केन्द्रमा समन्वय गरेर सम्वोधन होस् भन्ने चाहन्छु । यति ध्यानाकर्षण गर्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री चन्द्रबहादुर शाही, समय ५ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुखज्यू, चोक्टा खान गएको बुढी, झोलमा डुबेर मरी, भन्ने तथ्य यहाँ सावित हुँदैछ । सभामुख महोदय, सिंहदरबारको अधिकार, त्यो गाउँबस्तीमा, त्यो कुनाकाप्चामा लिनका लागि आज नेपाली जनताले ठूलो बलिदानी

गरेका छन् । सिंहदरबारको अधिकार नजिक लिनका लागि ठूलो त्याग तपस्या गरेका छन् । कर्णाली प्रदेश भौगोलिक हिसाबले अति विकट दुरदराज बस्ती भएको प्रदेश हो । हिजो केन्द्रिकृत शासन प्रणालीले गर्दा थुप्रै अधिकारबाट जनता बन्चित थिए, बीचमा जिल्ला जिल्लामा रहेका जुन कार्यालयहरू, एकैठाउँमा राख्ने निर्णयले गर्दा जनता त्यो अधिकारबाट, सेवासुविधाबाट धेरै बन्चित भएको तथ्य हामी कहाँ देखिन्छ, त्यसो भएकोले अहिले डिभिजनको नामबाट जुन जिल्ला जिल्लामा रहेका कार्यालयहरू फेरि पनि अहिले एक ठाउँमा केन्द्रिकृत गर्ने भन्ने हल्ला मात्र होइन,माथि केन्द्रीय सरकारले प्रदेश सरकारको सल्लाहअनुसार नजिकको अधिकारबाट बन्चित गरेर, जुन डिभिजनको कन्सेप्टमा जनतालाई फेरि पनि बन्चित गराइएको सूचना बाहिर आएको छ । जनताले जतिसक्दो सेवा नजिक खोजिरहेका छन् । भएको सेवा टाढा दिन खोजिरहेका छैनन् । अहिले मुगुमा भएका सिंचाइ, भेटेनरी, कृषिलगायतका कार्यालयहरू डिभिजनका नाममा जुम्ला ल्याउने कुरा भैरहेको छ, यो कुरामा मुगाली जनताको सह्य छैन, त्यो कुरामा मुगाली जनताको समर्थन छैन । त्यसो भएको हुँदा कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्रीले नजिक भएको सेवा सुविधाबाट जनतालाई बन्चित गरेर टाढा लैजाने काम कदापी नहोस् भन्ने मैले यो माग राख्न चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री अमरबहादुर थापा ।

**माननीय श्री अमरबहादुर थापाः**- माननीय सभामुख महोदय, पूर्ववक्ता माननीय सदस्यले भनेजस्तै, अहिले हामीले जुन संघीय व्यवस्था हामीले प्राप्त गरेका छौं । देशका सबै गाउँ-गाउँ तहमा, जनताका घर-घरमा सिंहदरबारको अधिकार संवैधानिक व्यवस्थामा गरिएको छ । यो संवैधानिक व्यवस्था भन्दा पनि संविधानमा जे कुरा उल्लेख गरिएको छ, जे सेवा सुविधाको कुरा राखिएको छ, त्यो कुरा तोडमोड भएको हामीले अहिले पनि महसुस गरिरहेका छौं । संघीयताले बजेट विनियोजन गर्दा पनि दुई तीन लाखका योजना केन्द्रले गरोस् भनेर लेखेको छैन । त्यस्ता गाउँ केन्द्रका योजनाहरू पनि केन्द्र बाट नै परिचालन भएका छन् । सशर्त अनुदानका रूपमा तीस हजारका योजना केन्द्रीय सरकारले बनाउनुपर्ने थिएन । त्यो हिसाबले पनि त्यो अधिकार तल दिएको भन्दा पनि अझै केन्द्रिकृत गर्ने अवधारणा राखेको जस्तो संघीय सरकारले गरेको अवस्था हामीले बुझिरहेका छौं । त्यस्तै जिल्लाका स्थानीय तहले पाउने सेवा सुविधा, राखिने कर्मचारी र कार्यालयहरू पनि अहिले पूर्ववक्ता माननीयज्यूले भने जस्तै भेटेनरी कृषि र सबै कार्यालयहरूको त्यो कमसेकम हिजोको जस्तो पहिलेको जिल्लाको हो । या त सबै स्थानीय तहमा ती कार्यालयहरू स्थापना गर्ने कुरामा सरकारको ध्यान आकर्षित हुनुपर्यो । अथवा हामीले प्रयोग गर्ने प्रदेश सरकारले होनी, त्यसले सम्बन्धित सामान्य प्रशासन मन्त्रालयबाट निर्णय गरेर पनि क्याबिनेटमा पुगिसकेको छ । प्रदेश सरकारका मुख्यमन्त्रीज्यूले यो हामीसँग के संसदभित्र कहाँ के गर्न सकिने हो त्यसको विषयमा सरसल्लाह गरेर केन्द्रीय सरकारलाई सुझाव दिन जरूरी छ ।माथि क्याबिनेटले निर्णय

गरिसक्यो भने फेरि हाम्रो बीचमा झगडा हुनसक्छ । दैलेख जिल्ला जाजरकोटबाट अथवा डोल्पाबाट चलाउन सकिदैन । एक दुई वटा सडक डिभिजन कार्यालय दैलेखमा नरहँदा साह्रै अफ्ठ्यारो भयो । सम्बन्धित जिल्लामा भयो भने त्यसले सम्बन्धित जिल्लाको निगरानी गर्ने र हेर्ने काम गर्दछ । दैलेख जिल्लामा एउटा पनि कार्यालय नराखेर, कोही जाजरकोट जिल्लाले हेर्ने, कोही सुर्खेतले हेर्ने । सुर्खेतभित्र क्षेत्रीय र प्रादेशिक कार्यालय सुर्खेत मै छ र सबै विभाग पनि सुर्खेतमै रहन्छ । हामीले दैलेखमा विभाग र क्षेत्रीय निर्देशनालयसम्म पनि राख्ने कुरा भएको छ, त्यो दैलेख र जाजरकोट लिनु पर्यो भनिएको छैन । त्यसैले यी जनताका सरोकारका कार्यालयहरू, सिंचाइ कार्यालय, अहिले कृषिमा अर्गानिकदेखि लिएर सारा कुरा गर्ने भनेर प्रदेश सरकारले एउटा निर्णय गरेर आएको छ, त्यो अर्गानिकको कार्यान्वयन गर्नका निमित्त प्राविधिक रूपले, विशेषज्ञताको रूपमा सुर्खेत अथवा काठमाण्डौबाट आएर काम हुन सक्दैन, त्यो जिल्लामा नै कार्यालयहरू हुनुपर्दछ । यी कुराहरू ध्यान राखेर, प्रदेश सरकारले केन्द्रीय सरकारलाई तत्काल सुझाव दिनका निमित्त सभामुख महोदयमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । बाँकी कुरा अघि भने जस्तै वास्तवमा नागरिकहरूको सुरक्षाका निमित्त केही गर्नुपर्दछ । मैले भन्न मिल्ने होकी होइन, नेपाल सरकारका कर्मचारीहरूले नेपाल सरकारलाई धम्की दिएर, हरेक कुराको अनसनदेखि लिएर हरेक कुरामा असहयोग गर्ने कर्मचारी हो भने, राजिनामा गरेर त्यो ठाउँमा जानुपर्दछ, या त नागरिकले गर्नुपर्दछ । त्यस्तो काम गर्न पाइन्छ कि पाइँदैन ? नेपाल सरकारको तलब भत्ता खाने, नेपाल सरकारसँग अनसन बस्ने, नेपाल सरकारलाई धम्की दिने, कुनै पनि कर्मचारीले अहिले त्यो जुम्ला घटना भनिन, कुनै पनि कर्मचारीले त्यो काम गर्न पाइन्छ कि पाइँदैन ? नेपाली नागरिकको अधिकार होला, नागरिक हो, जबसम्म सरकारको सेवा सुविधामा रहन्छ, त्यो सेवा सुविधामा चलेपछि सरकारको मातहत चल्ने वातावरण सिर्जना गर्नु पर्दछ कि पर्दैन ? त्यस कुरामा पनि सरकारले ध्यान दिइयोस्, नागरिकहरूलाई मर्न दिनु हुँदैन, नागरिकहरूलाई औषधी उपचार गर्नुपर्दछ । यी कुरा राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५ माथि सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव राख्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः**- माननीय सभामुखज्यू, कर्णाली प्रदेशको समग्र विकास र समृद्धिका लागि स्रोतको आवश्यकता पर्ने तथा आन्तरिक स्रोतको रूपमा रहेको कर तथा गैरकर राजश्वको परिचालन गर्न एवम् दायरा तोक्न उपर्युक्त प्रशासनिक संरचना खडा गरी राजश्व परिचालन गर्नका लागि प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१)बमोजिम कर्णाली प्रदेश कर तथा

गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथि सभामा दफावार छलफल गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथि सभामा दफावार छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री बिन्दमान बिष्ट समय ७ मिनेट ।

**माननीय श्री बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेशको कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५ दफावार छलफलमा छौं । दफावार छलफलमा मैले आफ्नो धारणा राख्ने सन्दर्भमा कृषि आयमा कर लाग्ने कुरा जो छ, यसमा अलिकति पुनर्विचार गर्ने कि भन्ने मेरो मत छ । यद्यपी बजेटसँगै आएको यो आर्थिक विधेयकमा कृषि आयमा कर लाग्ने कुरा, यो वर्षमा लाग्ने छैन भनेर उल्लेख गरिएको छ । हाम्रो ऐनमा कृषिसम्बन्धी कर लाग्ने व्यवस्था गरिएको छ । हामीले कृषिलाई अलि बढावा दिनका लागि राज्यबाट थुप्रै अनुदानको व्यवस्था गरिराखेको बेलामा फेरि त्यो अनुदान पनि दिने र कर पनि लिने कुरा, यद्यपी यो व्यावसायिक संघसंस्थाबाट कर लिने भन्ने आसय हो । तथापी यो कुरालाई केही समयको लागि, यो एक वर्षको लागि लिइने छ भन्ने कुरा यहाँ उल्लेख गरिएको छ । केही वर्षको लागि केही  वर्ष अझ कृषि कार्यमा कर नलिदाँ खेरि उपर्युक्त हुन्छ कि भन्ने मेरो विचार छ ।

दोस्रो कुरा यी विभिन्न करहरूलाई सङ्कलन गरेर, त्यसलाई संचित गर्ने सन्दर्भमा यो विधेयकमा अलिकति बाझिएको छ । यसलाई कसरी मिलाउने भन्ने विषयमा आर्थिक मामिला मन्त्रीज्यूले स्पष्ट पार्नुहोला । यसमा के छ भन्दा खेरि जस्तो विज्ञापन करको सन्दर्भमा के छ भने यो विभाज्य कोषमा जम्मा हुनेछ । स्थानीय तहले सङ्कलन गर्नेछ, विभाज्य कोषमा जम्मा हुनेछ, विभाज्य कोषमा जम्मा हुँदा खेरि आफूलाई लागेको प्रशासनिक खर्च २ प्रतिशत कटाएर बाँकी रकम विभाज्य कोषमा जम्मा गरिनेछ । स्रोत बाँडफाँड कोषमा होला त्यसमा पनि जम्मा गरिने छ भनेर भनिएको छ । तर यहाँ हामीले के व्यवस्था गरेका छौं भने ६० प्रतिशत तल राखेर ४० प्रतिशतमाथि प्रदेश संचित कोषमा जम्मा गरिने छ भनेर यसमा व्यवस्था गरिएको छ । यो विधेयकको व्यवस्था २ प्रतिशत प्रशासनिक खर्च कटाएर बाँकी विभाज्य कोषमा जम्मा गरिने कुरा उल्लेख  गरिएको छ र फेरि तल स्थानीय तहले कर उठाएर ६० प्रतिशत राखेरमाथि प्रदेश संचित कोषलाई ४० प्रतिशत जम्मा गर्ने भनेर भनेको छ, त्यही भएर हामीले कुन व्यवस्था लागु गर्दछौं, अहिले यो वर्षमा यसलाई प्रष्ट पार्दा राम्रो होला जस्तो मलाई लाग्दछ ।

तेस्रो कुरा कस्तो छ भने, विभिन्न महशुलहरू, शुल्कहरू छन् । यद्यपी प्रदेश सरकारको कार्य क्षेत्रभित्र, अथवा हामीले समेट्नुपर्ने विषय त होइन, स्थानीय सरकारले गर्ला । स्थानीय सरकारले गर्दा गर्दै पनि के व्यवस्था राख्नु जरूरी जस्तो लाग्दछ भने सबैभन्दा

विद्युत महशुल नतिर्ने सरकारी निकायहरू, खानेपानीको महशुल लामो समयदेखि नतिर्ने भनेको सरकारी निकायहरू रहेका छन् । हामीले जनताले कर नतिर्ने, महशुल नतिर्ने, शुल्क नतिर्ने भनेर विभिन्न व्यवस्था गरिएको छ, त्यसको कार्यालयको पनि व्यवस्था गरिएको छ । तर मैले सिंहदरबारलाई देख्दछु, १०-१५ वर्षदेखि करोडौं रूपैयाँ विद्युत महशुल तिरिएको छैन, खानेपानीको महशुल तिरिएको छैन । तर यसमा के व्यवस्था गर्दिउँ जस्तो लाग्यो भने, स्थानीय तहले उठाउने महशुलको कुरा जो छ, सरकारी कार्यालयका कार्यालय प्रमुखले आफ्नो कार्यकाल भरिका बिलहरू नतिरेर जाने हो भने व्यक्तिगत रूपमा कार्यालय प्रमुखले तिर्ने गरी कानून बनाउनुपर्दछ । हामीले बजेटको त व्यवस्था गरेकै हुन्छौ तर कि त्यो बजेट भन्दा धेरै खर्च गरेर त्यो नतिरिएको हो त्यसकारण हामीले कस्नु जरूरी छ । यसलाई नकस्ने हो भने फेरि कर्णाली प्रदेशमा सरकारी कार्यालयहरूले दशौं वर्षसम्म महशुल नतिर्ने, अनि हामी जनताका टाउकामा महशुल थुपारी राख्नेकुराको अन्त्य गर्नका लागि हामीले एउटा कुनै न कुनै व्यवस्था गर्नु जरूरी छ ।

हामीले करको दायरालाई फराकिलो पार्ने भन्ने सन्दर्भमा हामीले यद्यपी संवैधानिक व्यवस्थामा उल्लेखित निश्चित क्षेत्रहरू छन्, कर लगाउने, कर असुल गर्ने, त्यसपछि संचालन गर्नेसम्बन्धी तर पनि हामीले यदि सक्छौं भने हाम्रो प्रदेशका सन्दर्भमा करका दायराहरूलाई फराकिलो बनाएर, हामीले राजश्व अधिकतम भन्दा बढि सङ्कलन गरेर हाम्रो प्रदेशलाई आत्म निर्भर कसरी बनाउने भन्ने सन्दर्भमा हामीले सोच्नु जरूरी छ । त्यसका लागि संविधानमा गरिएको व्यवस्था भन्दा बाहिर जान त नसकौला, तर पनि संविधानसँग मेलखाने गरी हाम्रा करका दायराहरूलाई कसरी विस्तार गर्ने भन्ने विषयमा छलफल गर्नु जरूरी होकी भन्ने मेरो आफ्नो विचार छ । अरू सबै ठिकै छ । यसमा अलिकति राजश्वका दायराहरू फराकिलो बनाउने, सरकारका सम्पूर्ण निकायहरूलाई विभिन्न महशुलहरू र शुल्कहरूको दायरामा ल्याउने र सबै जनताहरूलाई करको दायरामा ल्याउनका लागि फार्महरू दर्ता गराएर, सबै जनताहरूलाई कर तिर्नु आफ्नो दायित्व हो र सरकारबाट केही माग्ने कुरा मात्रै, सरकारबाट केही अपेक्षा गर्ने कुरा मात्रै भन्दा पनि नागरिकको कर तिर्ने कर्तव्य पनि हुन्छ, दायित्व पनि हुन्छ र अधिकार पनि हो भन्ने कुरालाई हामीलै सैद्धान्तिक रूपमा बोध गराउने र करसम्बन्धी हाम्रो डकुमेण्ट जे छ त्यो कुराबाट पनि आम जनतालाई बोध गराउने गरी व्यवस्था गर्दा उपर्युक्त हुन्छ भन्ने कुरा म राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री करबीर शाही ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारले ल्याएको कर्णाली प्रदेशको कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथिको दफावार छलफलमा सहभागी छौं । यो कर तथा गैरकरका सन्दर्भमा प्रदेश सरकारले पहिलो पटक यो विधेयक ल्याएको छ । आफ्ना केही दायराहरू

फराकिलो बनाउन र कर्णाली प्रदेशको समृद्धिको लागि करको विधेयक ल्याउन जरूरी भएको यहाँ प्रस्तावनामा छ । वास्तवमा कर विनाको सरकार वा कर विनाको देश, व्यक्ति वा समूह हुँदैन । स्वभावैले आर्थिक अनुशासन विना हामी अगाडि बढ्न सक्दैनौ । हामीले वास्तवमा कुनै न कुनै आर्थिक अनुशासनमा बाँधिनुपर्दछ, त्यो अनुशासनमा बाँधिनका लागि कुनै न कुनै माध्यमबाट सरकारका तर्फबाट विधेयकहरू आउने, कानूनहरू बन्ने सिलसिलामा छौं । यो पहिलो पटक आएको हुनाले पनि हामीलाई धेरै विषयमा अहिलेसम्म पनि केन्द्रीय शासन सत्ताबाट शासित भएको हुनाले पनि हामी थोरै अलमलमा पनि छौं तर यति अलमल हुँदा हुँदै पनि संविधानले हामीलाई दिएको अधिकार प्रयोग गर्नुपर्ने नै छ । संविधानले हामीलाई दिएको अनुसूचीमा कर लगाउन पाउने जुन सीमा दिएको छ, त्यो सीमा आफैंमा अलोकप्रिय छ, अस्ति सैद्धान्तिक बैठकमा पनि छलफल भयो । हामीले आधिकारिक हिसाबले कृषिमा डोनेशन गर्छौं र त्यही कृषिमा कर लगाउनुपर्दछ भन्ने अधिकार हामीलाई दिएको छ । त्यसकारण पनि प्रदेश सरकारले यो ल्याएको विधेयकभित्र जति बेलासम्म हामीले छलफल गरिरहन्छौ तबसम्म व्यक्तिगत कृषिमा कर नलगाउने कुरा मैले यहाँ देखेको छु, त्यसलाई म स्वागत गर्न चाहन्छु । हामीले भन्नुपर्दछ, हामीले बनाउने आवधिक योजनाहरूमा जति बेलासम्म सरकारका तर्फबाट कृषि कर्म गर्ने व्यक्ति समूहलाई सहयोग गर्दछौं तबसम्म कृषि आयमा कर लगाउनु हुँदैन । कृषि आयमा कर लगाउने सन्दर्भमा भन्ने हो भने, कर्णाली प्रदेशमा कृषिमा काम गर्ने मान्छेका हिसाबले त हामी धेरै छौं, तर जमिनका हिसाबले मञ्चबाट भाषण गरेर हामीले भन्यौ, हामीले खेत छाडेर खोरिया क्षेत्रमा प्रवेश गरेका प्रदेशवासी हौं । हाम्रो क्षेत्रबाट कृषिजन्य उत्पादनमा व्यक्तिलाई कर लगाउन जरूरी छैन, यसलाई कहींकतै त्यस्तो व्यवस्था गर्नका लागि हामीले करको अनुशासनमा बाँध्नको लागि भएपनि सुरूवात गरौं भन्ने मलाई लाग्दछ, लाग्नु हुँदैन । हामीले कृषिमा काम गर्ने फार्महरूलाई वास्तवमा व्यावसायिक कृषकहरूलाई करको दायरामा ल्याउनुपर्दछ । उनीहरूले राज्यको अनुदान र आफ्नो केही लगानी गरेर रोजगारी सिर्जना गरी आम्दानी गर्ने भएको हुँदा उनीहरूलाई कर लगाउनु पर्दछ । वास्तवमा कर मात्र नभएर आर्थिक अनुशासन समेत भएकाले, एउटा अनुशासनमा त ल्याउनै पर्ने हुन्छ तर पनि यतिबेला हामीले जे गर्दैछौं र जे भन्दैछौं, त्यसकारण हामी अलोकप्रिय बन्नुपर्ने अवस्था पनि छ, यो अलोकप्रिय नबन्नका लागि प्रदेश सरकारलाई अनुरोध पनि गर्न चाहन्छु । हामीले करका दायराहरू फराकिलो बनाउनुपर्दछ पनि भनेका छौं, हामीले करका दायराहरू बढाउनुपर्ने ठाउँहरू हेर्ने हो भने, उत्तरमा पनि नाका छैन, दक्षिणमा पनि नाका छैन, दुवै नाका नभएको प्रदेश भएको हुँदा करको दायरा बढाउने भन्दा पनि यसको व्यवस्थापनमा हामी लचिलो भएर यसलाई बहुआयामिक हिसाबले जस्ले जे पेशा व्यवसाय गर्दछ त्यसलाई एउटा संयन्त्रमा दर्ता गर्ने व्यवस्था गरौं । न्यूनतम मापदण्डमा बाधौं, न्यूनतम मापदण्डमा मात्र बाँध्न सक्यो भने पनि न्यूनतम कर उठाउन सक्यो भने आगामी वर्षमा

हाम्रो करको दायरा अगाडि बढ्ने छ । प्रदेश सरकारले आर्थिक अनुशासनमा बाँध्नका लागि ल्याएका विषयहरू छन् ती विषयहरूलाई स्वागत गर्न चाहन्छु । यहाँ पछिका पानामा लेखिएको छ, हामीले गर्नुपर्ने काममा गैरकर राजश्व र पूर्वआदेश र प्रशासकीय कुरामा समन्वयात्मक हिसाबले, संघीयता नै समन्वयात्मक हिसाबले सहभागिताको हिसाबले अगाडि बढ्ने भएको हुँदा विषयहरू त्यसरी नै अल्झिएका छन् र ल्याएका छन् ।माथिको निर्णय विना हामीले धेरै काम गर्न सक्ने अवस्था छैन । दोस्रो कुरा म के भन्न चाहन्छु भने, स्थानीय तहहरूलाई हामीले जे जिम्मा दिने कुरा गरिरहेका छौं, अहिलेसम्म स्थानीय तहहरूले आफूले लगाउने करहरू, वास्तवमा तल हेर्ने हो भने, कर्मचारी पाल्नका लागि वा आयस्रोत वृद्धि गर्नका लागि अलि अलोकप्रिय भएर अगाडि बढेको देखिन्छ । हामीले फेरि पनि २ प्रतिशत प्रशासनिक खर्च कटाएर फेरि ६० प्रतिशत उनलाई दिने जे हामीले व्यवस्थागरेका छौं त्यो राम्रो जस्तो लाग्दैन । ६० प्रतिशत प्रदेशले लिने र ४० प्रतिशत स्थानीय तहलाई दिने व्यवस्था राम्रो होला । अहिले तल कुनै पनि स्थानीय तह करका क्षेत्रमा लोकप्रिय छैनन्, जे पनिमा कर लगाउने हो भन्ने कुरामा अगाडि बढेको देखिन्छ, स्थानीय तहलाई अलि साइडमा ल्याउने, अलि व्यवस्थित गर्ने जिम्मेवारी हाम्रो पनि हो जस्तो लाग्दछ । करका हिसाबले जब २ प्रतिशत प्रशासनिक खर्च दिइसकेपछि फेरि ६० प्रतिशत छोड्ने कुरा, त्यो विभाज्य कोषमा नआउने कुरा राम्रो होइन जस्तो लाग्दछ र वास्तवमा त्यो व्यवस्था गरेर अगाडि बढ्नका लागि सरकारलाई अनुरोध गर्न चाहन्छु । सरकारले ल्याएको यो करसम्बन्धी व्यवस्था पहिलो पटक भएको हुँदा, परीक्षणकै हिसाबले अगाडि बढ्न पर्ने अवस्था छ तर म यति भन्न चाहन्छु प्रदेश सरकारलाई, विभिन्न बेलामा हामीले सरकार बनाउँछौं । ठूलाठूला परिवर्तनहरू हुन्छन्, परिवर्तन पछि जनताले ठूलो अपेक्षा गरेको हुन्छ, त्यो अपेक्षालाई हामीले आत्मसाथ गरेर अगाडि बढ्नुपर्ने हुन्छ । त्यो आत्मसाथ गर्ने ठाउँ भनेको फेरि पनि कहीं न काँही सरकार हुन्छ, त्यो सरकारले गर्नुपर्ने हुन्छ, त्यसकारण मैले अन्त्यमा कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्नु चाहन्छु, वास्तवमा तिरो चर्को, माल महङ्गो प्रदेश आएदेखि भन्ने अवस्था नआओस् भनेर म विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेश कर तथा गैरकरसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफलमा हामी सहभागी भएका छौं । त्यसरी लामो छलफल गरेर आफ्नो विवेक प्रयोग गरेर यो विधेयक ल्याउनु भएको छ । ठीक छ सबै कुरा, परिच्छेद १७ वटा छन्, दफा ५९ वटा छन् । यो सबै दफामा समर्थन राख्दै म केही सुझाव दिने अनुमति चाहन्छु । माननीय सभामुख महोदय, यो कर भनेको मलाई के लाग्दछ भन्दा खेरि, अर्थतन्त्रको मेरूदण्ड, महत्वपूर्ण पाटो हो त्यसो भएको हुनाले करका दायराहरू हामीले जति मजबुत र बलियो बनाउन सक्यौं त्यतिनै अर्थतन्त्र बलियो हुनसक्छ । मैले हिजो अस्ति पनि यही

रोस्टमबाट एउटा कुरा भन्दै थिएँ । अर्थतन्त्र बलियो बनाउनका लागि मुल्य, कर, बस्तु, सेवा र रोजगारी यिनै हुन जस्तो मलाई लाग्दछ । त्यसो भएको हुँदा प्रशस्त मात्रामा वस्तु उत्पादन गर्न सकियो भने अनि बल्ल करको दायरा बलियो हुन्छ । अर्थशास्त्रको भनाइ नै के हो भने, वस्तु उत्पादनमा, अझ उत्पादन मात्रै नभएर पुनर्उत्पादन र ग्रेडिङ्ग गरेर अगाडि बढ्न सक्यो भने यहाँको अर्थतन्त्र बलियो हुनसक्छ र यहाँका जनताहरू आत्मनिर्भर बन्न सक्छन् । यो त संविधान मै प्रष्ट व्यवस्था भएको छ । कर लगाउने कुराहरू, यातायात करलगायतका करहरू त्यस्ता करहरूले मात्रै हाम्रो अर्थतन्त्र बलियो हुनसक्दैन । हाम्रा नाकाहरू हामीसँग छैन । अरूसँग भिक्षा माग्नुपर्ने, केन्द्र सरकारसँग आशा गरेर बस्नुपर्ने, उनकै आधारमा बजेट विनियोजन गर्नुपर्ने अवस्था हामीसँग छ । अहिले उत्तरको नाका पनि हामीसँग खुलिसकेको छैन, दक्षिणको नाका पनि हामीसँग छैन । त्यसो भएको हुनाले यो राजश्वमाथिको हाम्रो जो अपनत्व, हामीले यति उठाएका छौं भन्ने र हामीले नाक फुलाउन्नु पर्ने अवस्था हामीसँग छैन । त्यो भएको हुँदा, यो यातायात कर ठीक छ, जग्गा रजिष्ट्रेशन कर ठीक छ, यो जग्गा रजिष्ट्रेशन करभित्र पनि अहिलेसम्म के छ भने, लामो समयदेखि २०५१ साल तिर नापी भयो, फेरि पनि जग्गा नापी भएको छैन । यो बाँझो जग्गा कसको हो, थाहा पाउन पनि गार्हो भएको छ, कर लगाउन पनि गार्हो भएको छ । मानिसहरूले खोरिया गरेर जग्गा उपभोग गरिरहेका छन्, त्यो जग्गा नापीमा छैन र करको दायरा पनि छैन । फेरि नापी लगाएर जग्गाबाट कर असुल्नुपर्दछ । साना साना उद्योगहरूमा हामीले प्रोटेक्सन गर्न सकेनौं भने, यातायात र जग्गा रजिष्ट्रेशन करले मात्रै यहाँको अर्थतन्त्र बलियो हुन सक्दैन । साना साना लघुउद्यमहरू जस्तै काइनाइटमा मलाई के लाग्दछ भने, जाजरकोट, दैलेख, कालिकोटबाट सबैभन्दा बढि राजश्व उठाउने हो भने त्यसैबाट उठ्छ होला । हुनु त केन्द्रले उत्खनन् गर्न नदिने भन्या छ, त्यसको संरक्षण गर्नका लागि मात्रै करको दायरा हामीले तोक्यौं भने त्यही काइनाइट ढुङ्गा र रत्नपत्थर प्रशोधनबाट यहाँको अर्थतन्त्र बलियो बनाउन सक्छौं । त्यसो भएको हुँदा, ५-६ वटा साना साना मझौला उद्योगहरू स्थापना गरेर, जैतुनको उद्योग बनाऊ, अल्लोको उद्योग बनाऊ, प्रत्येक जिल्लामा सानासाना उद्योगहरू बनायौं भने त्यहाँबाट उठाएको करले मात्रै यहाँको अर्थतन्त्र बलियो हुन्छ, त्यो भएमा यसलाई करको दायराभित्र कसरी ल्याउन सकिन्छ, यसमा कर्णाली प्रदेश सरकार लाग्नु पर्यो । यो विधेयक ठीक र व्यवस्थित ढङ्गले आएको छ । यसलाई मात्रै लागु गर्न सक्यौ भने यहाँको अर्थतन्त्र बलियो पार्न सक्छौं भन्ने मेरो सुझाव राख्दै यहाँबाट विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथिको दफावार छलफल समाप्त भएको जानकारी गराउँछु।

माननीय सदस्यहरू, कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथि सभामा छलफल हुँदा कुनै पनि संशोधनको प्रस्ताव नपरेको र दफावार छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् सरोकारका सम्बन्धमा जवाफ दिँदै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम विधेयक प्रस्तुतकर्ता सदस्य आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५ कर्णाली प्रदेश सरकारको तर्फबाट प्रस्तुत गरिएको यो विधेयकले आफ्ना चरणहरू पार गरेर यो अन्तिम चरणमा आइपुगेको छ । यो विधेयकमा कुनै संशोधन नपरेकोले सभामा दफाबार छलफल पनि भएको छ । छलफलमा माननीय सदस्यहरूले केही महत्वपूर्ण सन्दर्भहरू उठाउनु पनि भएको छ । यो विधेयक जरूरी छ, महत्वपूर्ण छ र सरकारलाई करका दरहरू तोक्नका लागि यो एउटा आधारभूत कानूनको रूपमा, आधारभूत ऐनको रूपमा आवश्यक पर्ने विधेयक हो । यो विधेयक पास भएर जब ऐन बन्छ, ऐनको रूप लिन्छ, यसका आधारमा हामीले कर सङ्कलनसम्बन्धी संरचना बनाउन सक्छौं र करका दरहरू तोक्न सक्छौं । त्यस हिसाबले कर तथा गैरकर राजश्वसम्बन्धी, कर भन्नाले सिधा कर भयो, गैरकर भनेको सेवा शुल्क जस्ता इन्डाइरेक्ट राजश्व हो । यो दुई किसिमको राजश्व सङ्कलनको निम्ति यो विधेयक अत्यन्तै जरूरी छ, संसदले पनि यसलाई बडो महत्वपूर्णका साथ अगाडि बढाएको छ, आज यसका निम्ति म माननीय सभामुखज्यू र सचिवालयलाई धन्यवाद दिन चाहन्छु । यो विधेयकमाथिको सैद्धान्तिक छलफलमा माननीय सदस्यज्यूहरूले गम्भीरताका साथ भाग लिएर धेरै महत्वपूर्ण सुझाव दिनुभएको छ । आज दफावार छलफलमा पनि माननीयज्यूहरूले गम्भीर रूपमा छलफल गरेर महत्वपूर्ण सुझाव दिनु भएको छ । म त्यो सन्दर्भमा संक्षेपमा केही कुरा गर्न चाहन्छु । हाम्रो संविधानले र संघीय कानूनले अन्त्यरसरकारी वित्तीय व्यवस्थापन ऐन, यो दुईवटा चाहिँ हामीले पालना गर्नु पर्ने दस्तावेज हुन् । संविधानले हामीलाई कृषिआयमा कर, स्टेशनमा कर, सवारी शुल्क, मनोरञ्जन शुल्क र विज्ञापन शुल्क भनेर हामीलाई लगाउन पाउने चाहिँ दायरा तोकिएको करहरू यिनै हुन् । त्यस मध्ये पनि रजिष्ट्रेशन, सवारी, मनोरञ्जन र विज्ञापन कर चाहिँ हामी एकल रूपमा सङ्कलन गर्न पाउँदैनौ । यो चाहिँ प्रदेश सरकार र स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्दछ । एक्लै प्रदेश सरकारले मात्रै लगाउने कर भनेको कृषि आय कर मात्रै हो । यस बाहेक हामी एक्लैले अन्यमा नेपालको संविधान र वित्तीय व्यवस्थापन ऐनअनुसार कर लगाउन पाँउदैनौ । हाम्रा चाहिँ करको सीमा र दायरा यति नै हो । यहीभित्र रहेर हामीले कर लगाउनु पर्ने हुन्छ । यहाँहरूले अलि गम्भीरताका साथ उठाएको विषय भनेको कृषि आयमा कर, अब रजिष्ट्रेशन शुल्क, सवारी शुल्क, मनोरञ्जन शुल्क र विज्ञापन शुल्क यो हामीले यो प्रदेश

सरकार र स्थानीय सरकारले उठाउन पाँउदछ । दुवैलाई विभाजन पनि हुन्छ । यो विभाजन कोषमा रहन्छ । एकजना माननीयज्यूले भने जस्तै, यो स्थानीय सरकारले दिने हिस्सा चाहिँ विभाज्य कोषमा नजाने, प्रदेशले दिने हिस्सा चाहिँ विभाज्य कोषमा जाने भन्ने हुँदैन । २ प्रतिशतको चाहिँ प्रावधान के हो भने सङ्कलन गरी प्रदेशलाई पनि हिस्सा दिने छ । सवारी शुल्क चाहिँ प्रदेशले सङ्कलन गरेर स्थानीयलाई हिस्सा दिनेछ । विज्ञापन कर चाहिँ स्थानीय तहले सङ्कलन गरी, प्रदेशलाई हिस्सा दिने भनेको छ। कस्ले उठाउने भन्ने कुरा पनि तोकिएको छ । जस्ले उठाउँछ त्यसले २ प्रतिशत चाहिँ सेवा शुल्क लिन्छ । अन्त्यरसरकारी वित्तीय व्यवस्थापन ऐनमा प्रष्ट व्यवस्था गरेको छ । हामीले छुट्टै व्यवस्था गर्न पर्दैन । अनि २ प्रतिशत सेवा शुल्क लिइसकेपछि रह्यो ९८ प्रतिशत, अनि फेरि त्यो ९८ प्रतिशतलाई १०० मानेर, कति कति प्रतिशत चाहिँ हामीले बाँड्ने भन्ने कुरा हामीले कानूनी व्यवस्थामा गर्ने हो । आर्थिक विधेयकमा हामीले यो प्रतिशतको चाहिँ बाँडफाँडको प्रस्ताव गरेकै छौं । कुनैमा ६० प्रतिशत प्रदेश ४० प्रतिशत स्थानीय, कुनैमा ६० प्रतिशत स्थानीय, ४० प्रतिशत प्रदेश पाउने भनेर भनेका छौं । विज्ञापन करको सन्दर्भमा ६० प्रतिशत स्थानीय तहले र ४० प्रतिशत प्रदेशले पाउने छ । कुनैमा फेरि ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीयतहले पाउने भै हाल्यो । त्यो विधेयक हेर्दा खेरि सबै प्रष्ट हुन्छ । अनि २ प्रतिशत सेवा शुल्क लिइसकेपछि रह्यो ९८ प्रतिशत, अनि फेरि त्यो ९८ प्रतिशतलाई १०० प्रतिशत मानेर, कति कति प्रतिशत चाहिँ हामीले बाँड्ने हो । हामीले रकम सङ्कलन गरेर विभाज्य कोषमा राखिन्छ र त्यो बाँडफाँड गरिन्छ । यो कुरा प्रष्ट पार्न चाहन्छु । अर्को कुरा कृषि आयमा कर भन्ने जुन छ, कृषि आयमा करका विषयमा माननीयज्यूहरूले भने जस्तै कृषि आयमा कर व्यवस्थै नगर्दा खेरि कुनै बेला फेरि कृषि आयमा कर लगाउने हैसियत बस्न सक्छ नि त । संरचना नै नबनाउने, व्यवस्था नै नगर्ने भन्दा पनि व्यवस्था गरौं तर अहिले नलगाउँ भन्ने सरकारको निर्णय हो । त्यसकारण हामी के गरौं भने, यो कर तथा गैरकर राजश्वसम्बन्धी विधेयकमा चाहिँ कृषि आयमा कर लाग्ने व्यवस्था गरौं हामीले, अनि अब यो साल चाहिँ कर उठाउने सन्दर्भमा आर्थिक विधेयक छ, आर्थिक विधेयकमा कृषि आयमा कर लगाउने व्यवस्था राखिएन । तर आगामी वर्षहरूमा कर लगाउनका लागि यो प्रस्ताव राखिएको थियो । तर माननीय सदस्यहरूको सुझावलाई ध्यानमा राख्दा खेरि, फेरि यो प्रदेश सरकारले कृषि आयमा कर लगाउन थाल्यो भन्ने सन्देश जाने कुरालाई ध्यानमा राख्दा खेरि मैले मुख्यमन्त्रीज्यूसँग पनि सल्लाह गरें । यसमा केही करेक्सन गरौं भन्ने मलाई पनि लागेको छ, कृषि व्यवसायमा कर लगाउने कुरा, फार्ममा कर लाग्ने कुरा अलग विषय हो, त्यो संघीय सरकारले उठाउँछ, अन्तशुल्कको रूपमा कर उठाउँछ, अन्तशुल्कको कर हामीले उठाउन पाँउदैनौ । करको दायरा अलगै हुन्छ हामीसँग जोडिदैन, यो साँच्चिकै भन्दा कृषकलाई नै लगाउने कर हो । कतिसम्म कमाउने कृषकलाई कतिसम्म लगाउने भन्ने व्यवस्था हामीले गर्ने हो । त्यो जमिनको आधारमा

लगाउने कि, आम्दानीको आधारमा लगाउने हो भन्ने कुरा हामीले निर्धारण गर्न सक्छौं । हामीलाई अझ कतिसम्म फ्लेक्जिवल छ भने, करदाताले प्रत्येक वर्ष स्वंयम कर निर्धारण गरी आश्विन मसान्तभित्र प्रदेश कर कार्यालयमा विवरण पेश गर्नु पर्दछ । त्यो इमान्दार कृषकका लागि हो फेरी, उसले मेरो आय यति छ भनेर दर्ता गर्यो भने, त्यो आयमा चाहिँ हामीले कानूनमा व्यवस्था गरेअनुसार कर तिर्ने हो । उसले आफूले स्वंयमले आय निर्धारण गरेन भने हामीले कर लगाउन सक्दैनौ । तर यस पटकका हकमा यो कर तथा गैरकर राजश्वसम्बन्धी विधेयकमा छलफल गरी रहँदा, म माननीय सदस्यहरूसँग के आग्रह गर्दछु भने, सचिवज्यूले मद्दत गर्नुहोला पछि रूलिङ्ग गर्नुपर्दछ । दफा १४ को कृषि आयमा कर लाग्ने भन्ने जुन व्यवस्था छ, त्यसको एउटा उपदफा मात्र कायम राखौं, ५ नं. कृषि योग्य जमिनलाई कृषि कार्यमा उपयोग नगरि बाँझो राखेमा अनुमानित आय कायम गरी कर लगाउन सकिने छ भन्ने व्यवस्था चाहिँ नहटाउँ । किनभने यो सर्लक्कै हटाउँदा फेरि आउट हुन्छ, बरू यो ५ नं. को उपदफालाई कायम राख्दै अटोमेटिक १ नं. उपदफा हुन्छ, क्रम मिलाउँदा खेरि । कृषि आयमा कर लाग्ने सम्पूर्ण व्यवस्था हामीले हटाइदिउँ । त्यो हट्ने बित्तिकै उपदफा ९अनुसार यहाँ तयार गरिएको अनुसूची १ र २ पनि अटोमेटिक हटाउन सक्छौं । दफा १४ को उपदफा ५ कायम राख्ने गरी, दफा १४ का सम्पूर्ण उपदफाहरू चाहिँ हटाउने भाषा बनाउनु होला, त्यसो हो भने माननीयज्यूहरूले दिएको सुझाव पूर्ण रूपमा पालना हुन्छ । पछि चाहिँ फेरि लगाउनु पर्यो भने यो ऐनलाई संशोधनको रूपमा पार्लियामेन्टमा ल्याउँछु, जति बेला हामी कृषि आयमा कर लगाउने हैशियतमा पुग्छौं, त्यतिबेला संशोधनको रूपमा आउँछ र त्यसलाई त्यही ढङ्गले अगाडि बढाउँला, भन्ने मेरो प्रस्ताव छ । यो करको दायरा बढाउने कुरामा हामी प्रष्ट छौं । सरकार यसमा सजग पनि छ र राजश्व स्रोत पहिचान समिति सरकारले गठन गर्दछ । राजश्वको स्रोत पहिचान गर्न कानूनले दिएका हाम्रा थप दायराहरू छदैछन् । त्यस बाहेक हामीले खनिजमा लगाउन सक्छौं कि, जडीबूटीमा हामीले लगाउन सक्छौं कि, उद्योग व्यवसायमा लगाउन सक्छौं कि, के छ यहाँको निम्ति पोटेन्सियल, ट्याक्स उठाउनका लागि त्यसको अध्ययन गर्नुपर्यो । त्यसकारण यसको प्रस्ताव गरिएन, किनभने अध्ययन नगरेर प्रस्ताव गर्नु त भएन । त्यसकारण यसपटक हामीले समिति बनाउँछौं, त्यो समितिले त्यस कुरामा अध्ययन गर्दछ, त्यो अध्ययन गरिसकेपछि आवश्यक कुन ठाउँमा चाहिँ हामीले प्रदेशले आफ्नो करको दायरा तोक्न सक्छ, त्योअनुसार हामी अर्को वर्षका निम्ति करका दायरा निर्धारण गरेर आउँछौं । त्यसपछि आएर, यो बाँडफाँडको सन्दर्भमा पनि प्रश्न उठाउनु भयो, संविधान र अन्त्यरसरकारी वित्तीय व्यवस्थापन ऐनले प्रदेश र स्थानीय तहलाई अनिवार्य रूपमा बाँडफाँड गर्ने खालका कुराहरू मात्रै प्रस्ताव गरेका छौं । तिरो चर्को तिर्नुपर्दछ कि अथवा अनौपचारिक छलफल गर्दा आर्थिक विधेयकमा माननीयज्यूले कुरा उठाउनु भएको थियो । आर्थिक विधेयकमा जुन दर छ, सवारी साधनको होला, रजिष्ट्रेशनको होला, त्यो दर चाहिँ हामीले संशोधन हालेर पनि त

घटाउन सक्थ्यौ नि भन्ने कुरा भयो । संशोधन हाल्ने प्रावधान त्यसमा हुँदैन । बरू हामीले यसपालि के गर्यौं भने, जुन रेट अहिले छ, हाल चाहिँ कार्यान्वयमा छ, लागु भइरहेको छ, संघीय संसदमा प्रस्तुत भएको आर्थिक विधेयकले तोकिएको जुन रेट छ, जुन हामीले अहिले पनि तिरिरहेका छौं । जस्तो सवारी शुल्कको कति, मोटरसाइकलको कति भन्ने छ नि । अहिले चलिरहेको रेटलाई हामीले जस्ताको त्यस्तै हाम्रो आर्थिक विधेयकमा प्रस्तावित गरेका छौं । किनभने तलमाथि गर्दा हामीलाई अर्को नयाँ जटिलता सिर्जना हुनसक्छ । यो अहिले सङ्कलन गर्नका निम्ति संघीय संरचनामा जानुपर्यो, हाम्रो कर कार्यालय छैन । संघीय सरकारको कर कार्यालयसँग सहयोग लिनुपर्ने अवस्थामा, अथवा हामीले करको दर तलमाथि पार्दा कन्फ्यूजन हुन्छ, अहिले तिरिरहेको कर तिर्नुपर्दछ, अहिले कर सङ्कलन गरिरहेको कार्यालयले नै कर सङ्कलन गर्नुपर्दछ । आगामी आर्थिक वर्षमा हामीले हाम्रो संरचना बनाउँछौं, करको दर र करको दायरामा पनि अध्ययन गरेर आवश्यकताअनुसार दरको घटाउने बढाउने हामीले तय गर्छौं । अन्त्यमा चाहिँ यो स्थानीय तहहरूले जो तिर्नुपर्ने महशुलहरूको कुरा छ, विद्युत होला अरू होला, यसलाई समावेश गर्नुपर्दछ, यसलाई रेगुलेट गरिनुपर्दछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । कहाँ नेर यसलाई व्यवस्थापन गर्न अलि गाह्रो हुन्छ, यसमा छलफल पनि गर्नुपर्दछ । आवश्यक पर्दा हामीले ऐन बनाउन पनि सक्छौं, यस विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको गम्भीर ध्यानाकर्षण पनि भएको छ । सरकारलाई तिर्नुपर्ने महशुल नतिर्ने प्रवृतिको अन्त्य गर्नु पर्दछ । किनभने तिर्नु पर्यो भने नै उसले स्रोतको खोजि गर्दछ, तिर्नु नै परेन भने उ लापरवाही हुन्छ । सरकारी निकायहरूले सरकारलाई तिर्नुपर्ने अथवा कसैले पनि सरकारलाई तिर्नु पर्ने कर र राजश्वको रूपमा सरकार चाहिँ कडा हुन्छ । यसका लागि हामीले नयाँ कानूनी व्यवस्थाको निर्माण गर्दछौं । प्रदेश सरकारले करका दर तोक्दा, करका दायरा तोक्दा, कर सङ्कलन गर्दा, कर असुल गर्दा यो चाहिँ संघीय सरकारसँग र स्थानीय सरकारसँग समन्वय गरेर नै जानु पर्ने हुन्छ । किनभने सम्बन्ध भएन भने विवादित हुन्छ, त्यसमा हामी फस्न चाँहदैनौ, समन्वय गरेर नै जान्छौ, यति कुरा माननीयज्यूहरूको बीचमा प्रस्तुत गर्दै कर्णाली प्रदेशको कर तथा गैरकर राजश्वसम्बन्धी विधेयकका हकमा यहाँहरूले उठाएका कुराहरूलाई प्रष्ट पार्ने कोशिस गरेको छु । म यो चाहिँ अत्यन्तै अनिवार्य विधेयकको रूपमा आएको, कर्णाली प्रदेशको कर तथा गैरकर राजश्वसम्बन्धी विधेयकलाई पारित गरिदिनका निम्ति म माननीय सदस्यहरूसँग विनम्र अनुरोध गर्न चाहन्छु । यसका निम्ति म औपचारिक प्रस्ताव सभासमक्ष राख्न अनुमति चाहन्छु ।

माननीय सभामुखज्यू, कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५माथि प्रदेशसभामा छलफल भैसकेकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम उक्त विधेयक आर्थिक मामिला तथा योजना मन्त्रालयबाट पेश भएबमोजिम यस सभाबाट पारित गरियोस् भनि अघिको अप्सनसहित फेरि पनि म

दोहर्याउन चाहन्छु । दफा १४ को संशोधनसहित यस सभाबाट उक्त विधेयक पारित गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक २०७५ मा छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएको कुराहरूलाई मध्ये नजर गर्दै विधेयकको दफा १४ को उपदफा (५) बाहेकका सबै उपदफाहरू हटाएर विधेयकको अङ्ग बनाउने गरी यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षीमा हुने सदस्यहरूले हुन्न भन्नु होला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी विधेयक, २०७५ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१)बमोजिम कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५माथि सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव राख्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा ६०को उपधारा (५) मा प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्वलाई मातहतका स्थानीय तहको खर्चको आवश्यकता र क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने भन्ने कुरा उल्लेख भएकोले सो सम्बन्धमा प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँड तथा समानीकरण अनुदान सहि तरिकाले समानुपातिक वितरण गर्न वित्तीय हस्तान्तरणसम्बन्धी ऐन बनाउनु पर्ने भएकोले प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपदफा (१) बमोजिम कर्णाली प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ माथि सभामा दफावार छलफल गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेशको

वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ माथि दफावार छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री अमरबहादुर थापा, समय ७ मिनेट ।

**माननीय श्री अमरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज यो कर्णाली प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ को दफावार छलफलमा सहभागी हुने अवसर प्राप्त गरेको छु, तर पनि त्यो अवसरमा म एक्लै छु कि भन्ने लागेको छ । सात मिनेट भन्दा अलि बढि दिए हुन्थ्यो जस्तो पनि मलाई लागेको छ । माननीय सभामुख महोदय, कर्णाली प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी बनेको विधेयक २०७५, यो विधेयक ०७४/०७५ मा पनि आओस् भन्ने थियो, ०७४/०७५ को बजेट भन्दा पनि पहिले आएको भए राम्रो हुन्थ्यो । त्यसबेला यो फास्टट्र्याकबाट काम गरौं र विधेयकले यो वर्षको बजेटलाई हस्तान्तरण गर्न सजिलो हुन्छ भन्ने कुरा मैले राखेको थिएँ । त्यति बेला सरकारले अलि ध्यान पुर्याएन कि, यसलाई संचित कोषमा राख्ने वातावरण बन्यो । ०७४/०७५ को बजेट मलाई लाग्दछ खर्च भएन र अहिले कोषमा थन्किएको छ । त्यसैले यो विधेयकमाथि ४-५ वटा बुँदाहरू छन् । अब यसमा धेरै व्याख्या गर्नुपर्ने अवस्था छैन, धेरै बुद्धि पुर्याएरै ल्याउनु भएको छ, यो विधेयक जुन किसिमले आएको छ, बहुत दुःख गरेर, साँच्चिकै जनताले अधिकार प्राप्त गर्लान कि भन्ने जस्तो गरेर । राजश्व बाँडफाँडका विषयमा वित्तीय समानीकरण अनुदानका विषयमा, सशर्त अनुदानका विषयमा जुन किसिमको संघीय ढाँचा छ, त्यो ढाँचाकै आधारमा यहाँ आएको छ तर मेरो भनाइ केछ भन्दा, कुनै पनि राजश्व हामीले हाम्रो संघीय राज्यले वैदेशिक सहायता भनेर त्यसमा भर पर्या हुन्छ, हामी प्रदेशका सरकारहरू संघीय नेपाल सरकारको, आफूसँग त देखि हाल्नुभयो, कर कति उठ्ला, हामीसँग कर उठाउने वातावरण नै छैन, हामीसँग आएको बजेटलाई नै हामीले स्थानीय तहलाई समानीकरण अनुदान, सशर्त अनुदान र विशेष अनुदानका रूपमा दिनुपर्दछ । ४-५ वटा कुरा यो विधेयकमा आएको छ, स्वभाविक रूपले प्रदेश सरकारको विकास निर्माणका निमित्त, प्रदेश सरकारले गर्न खोजेका कामका निमित्त र स्थानीय तहलाई अझै सफल बनाउने क्रममा यो विधेयकले सहायता पुर्याउँछ भन्ने मलाई लागेको छ । मलाई के लागेको छ भन्दा, वास्तवमा यो राजश्व असुल गर्ने कुरामा मैले यो ४ वर्षको अवधिमा २-४ वटा मुलुक घुम्ने अवसर प्राप्त गरें । म अमेरिका गएँ, जहाँ गएँ त्यहाँ अध्ययन गर्ने प्रयत्न गरें, सबैसँग सोधेर पनि त्यहाँको राजश्व कसरी असुल हुन्छ, त्यहाँका जनताहरूले कसरी सेवासुविधा प्राप्त गरेका छन्, त्यहाँका उद्योगधन्दाले कसरी राजश्व तिर्छन् भनेर अध्ययन गर्दा विकसित मुलुकको, अहिले हाम्रो सरकारले पनि डिजिटल प्रविधिको लागु गर्ने छ भनेर भनिएको छ । वास्तवमा विकसित मुलुकमा डिजिटल प्रविधिबाट नै राजश्व सङ्कलन गरिदो रहेछ । के"मा कर लगाउने भन्ने कुरा राज्यले तोकेको छ, त्यो कर लगाउने कुरामा सोझै, हामीले यहाँ आर्थिक लेनदेन, नगदका कुरा गर्छौं, त्यहाँ नगदको कुरा हुँदैन

। प्रत्येक नागरिकका हातमा एउटा कार्ड हुन्छ, त्यो कार्डका आधारमा चिया खानेदेखि लिएर ठूला-ठूला कारोबार हुन्छ । त्यो कार्ड कोर्दा साथ राज्यको कोषमा कति तिर्नुपर्ने हो त्यो पैसा राज्यको कोषमा जम्मा हुन्छ । यहाँ हाम्रो जस्तो कर कार्यालयले राजश्व असुल गर्नुपर्ने, कसैले खाए छ भने हाकिमले कारबाही गर्नुपर्ने अवस्था त्यहाँ छैन । सोझै १ कप चिया खानुहोस्, १ कप चियाको पैसा राज्यकोषमा जान्छ, राज्यकोषले सम्बन्धित व्यक्तिको कोषमा आधा घण्टामा आउँछ । त्यसैले त्यो ठाउँमा पुग्नका लागि चाहिने डिजिटल प्रविधि नै हो । यो सरकार डिजिटल सेवा उपलब्ध गराउँदै गराउँदैन । किनभने कुनै काममा भ्रष्टाचार नै हुँदैन । कुनै काममा रकम हिनामिना नै हुन पाउँदैन । कर कार्यालयमा गएर मेरो त पचास हजार रूपैयाँ कर लाग्नेमा करको हाकिमलाई पच्चिस सय हामीले घुस दियौं भने मलाई पच्चिस हजार रूपैयाँ छुट हुन्छ । कुनै काँहीबाट पनि घुमाएर अलिअलि चुहावट गर्ने छिद्रहरू कानूनमा राखिएको छ । हाकिमले चाह्यो भने मिनाहा गर्न सक्ने छ । उसले पनि अलिकति पायो भने न मिनाहा गर्ने हो । त्यसो भएको हुँदा अब यो कर भन्ने कुरा, मुलुक कहाँबाट चल्छ भन्दा करबाट चल्छ । अर्को कुरा मैले के बुँझे भन्दा, जुन पूँजीगत खर्च छ र चालु खर्च छ । चालु खर्च राजश्वबाट मात्रै वितरण गरिएको हुन्छ । यदि चालुखर्चलाई राजश्वमा पुगेन भने त्यहाँ पूँजीगत खर्चबाट खर्च गर्न पाईंदैन । हामी कहाँ त पूँजीगत बजेट २५ प्रतिशत चालुगत खर्च ६५ प्रतिशत भएको मुलुकका नागरिक पर्यौं । त्यसैले जुन देशको विकास, मैले त्यही भएर हिजो, अस्ति पनि बजेटको जो दफावार छलफलमा भन्दा अरू सबैमा चित्त नबुझ्दा नबुझ्दै पनि यो बजेट २५ प्रतिशत चालु बजेट, ७५ प्रतिशत पूँजीगत बजेट भएको हुँदा यो सकारात्मक छ भनेर भन्नु परेको थियो । त्यसकारणले विकास गर्नका निमित्त, राजश्वका दरका, राजश्व चुहावटबाट हामी सबै नागरिकहरू मुक्त हुनुपर्दछ । सरकारले पारदर्शीता देखाउनु पर्दछ । पारदर्शीताका आधारमा गइयो भने हामी त्यसबाट मुक्त हुन्छौ र सकेसम्म यो कर उठाउने कुरा त डिजिटल भएकै राम्रो । सरकारले आफ्नो कर उठाउने विषयमा डिजिटल कसरी बनाउँछ । गाउँमा फोन लाग्दैन, एसएमएस जाँदैन, त्यो एसएमएस र डिजिटल प्रविधि हुने बित्तिकै नगदमा कारोबार नगर है, अब कार्डबाट कारोबार गर भनेर लागु गरेको भए हामीलाई सहज हुन्थ्यो, राजश्व चुहावटमा कमी आउँथ्यो । म सरकारलाई यही आग्रह गर्न चाहन्छु र यी ४-५ वटा जुन कुराहरू छन्, त्यसलाई हामीले एकदमै यो ऐनमा जे लेखिएको छ, त्यसलाई सबै कार्यान्वयन गर्यौं भने राम्रो हुन्छ । ऐनमा एउटा कुरा लेखिने काम कारबाही अर्को तिर गर्ने हो भने मुलुकलाई हामीले अगाडि बढाउन सक्दैनौ । कर्णाली प्रदेशलाई समृद्ध बनाउनका निम्ति सरकार इमान्दार हुनुपर्दछ, जनप्रतिनिधि इमान्दार हुनुपर्दछ, विशेषगरी स्थायी सरकारका कर्मचारीहरू इमान्दार हुनुपर्दछ । सकेसम्म हामी जनताको बानी के छ भने १०० तिर्नु पर्नेमा ५० तिर्न पाए, २५ कतै दिएर २५ छल्न पाए हुन्थ्यो भन्ने विचार हुन्छ । हामीले तिर्ने कर हामीसँग नै आउँछ है । यो चर्खा

जस्तै घुम्ने हो । जब जनताबाट पैसा उठ्छ फेरि जनतासँग नै जान्छ । अमेरिकामा ६० वर्षलाई वृद्ध मान्ने गरेको छ । ६० वर्षसम्म उसलाई दोहन गर्छ गर्छ ६० वर्ष पूरा भयो भने, उसले अमेरिकाका ५१ वटा स्टेटमा उसले फ्री खाना खान पाउँछ, फ्री बस्न पाउँछ, फ्री हिँड्न पाउँछ, एउटा कार्डका भरमा उ सारा त्यो अमेरिका देश भरि घुम्न पाउँछ । तर उसले ६० वर्षको उमेरसम्म राज्यलाई जति कर तिरेको छ, राज्यले उसलाई छुट दिँदो रहेछ । त्यसैले यो सरकारलाई के कुरा भन्न चाहन्छु भन्दा, यो प्रदेशको ढुकुटी जुन छ, यो प्रदेशको ढुकुटीलाई बलियो बनाउने योजना आउनुपर्दछ । मैले अहिले पनि भन्न चाहन्छु, विगतका कुरा सुन्न त मान्छे तयार छैन । यो प्रदेशको आयस्रोत कसरी वृद्धि हुनसक्छ, अहिलेको हाम्रो भविष्यका योजनाहरूले त यो किसिमको वातावरण जबसम्म बनाउँदैनौ, अर्काका भरमा पैसा बाँडिदिनलाई त केही छैन नि । हामीले लिने त परिश्रम गरेर उठाएको सम्पति, यहाँका जनताको सम्पतिमाथि हाम्रो अलिकति लगाव हुन्छ । परबाट ल्यायो, वर बुझाइ दिन के समस्या भो । त्यसैले आ-आफ्नो समस्या, आफूले प्रदेशलाई मजबुत बनाउन तिर सभामुख महोदयमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ माथिको दफावार छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ माथिको सभामा छलफल हुँदा कुनै पनि संशोधनको प्रस्ताव नपरेको, दफावारको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् सरोकारका सन्दर्भमा जवाफ दिँदै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम विधेयक प्रस्तुतकर्ता सदस्य आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५को दफावार छलफलमा माननीयज्यूले केही महत्वपूर्ण सन्दर्भहरू प्रस्तुत गर्नुभएको छ । म छलफलमा भाग लिने माननीय सदस्यज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । राष्ट्रिय, अन्त्यराष्ट्रिय र अमेरिकासम्मका अनुभवहरू यहाँ खुराकको रूपमा हामीलाई सुनाउनु भयो । सरकारलाई पनि यो राजश्व सङ्कलनमा अझै धेरै जाँगर भर्ने काम गर्नु भएको छ, त्यसका लागि धन्यवाद दिन चाहन्छु । एउटा कुरा म स्वीकार गर्न चाहन्छु, उहाँले राखेको कुरा, यो विधेयक अलि अगाडि आउँदा राम्रो हुन्थ्यो, आ.व. ०७४/०७५ भन्दा अगाडि भन्दा पनि आ.व. ०७५/०७६ को बजेट सभामा पेश हुनुभन्दा पहिले यो विधेयक आएको भए धेरै राम्रो हुन्थ्यो । त्यो हामीले गर्न सकेनौं । त्यो कुरा हामीले

रियलाइज गरेका छौं । यो ऐन भनेको एक वर्षका निमित्त मात्रै होइन, सधैंका निमित्त लागु हुने कानून भएकोले, यो विधेयक सभामा पेश गर्नु, पास गर्नु र कानूनको रूपमा ऐन बनाउनु जरूरी छ । यसमा खास गरी अलिबढि यो चाहिँ ध्यान दिनुपर्ने विषय भनेको, समानीकरण अनुदानको विषय नै हो । अन्त्यर सरकारी वित्तीय व्यवस्थापन ऐन र प्राकृतिक स्रोत तथा वित्त आयोगसम्बन्धी ऐन यी दुईवटा ऐनले चाहिँ समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान, संघीय सरकारले चाहिँ प्रदेश र स्थानीय तहलाई, प्रदेश सरकारले स्थानीय तहलाई दिनुपर्ने अनुदानको व्यवस्था गरेको छ । सशर्त अनुदान भनेको योजनासहितको शब्दसहितको त्यो नदिँदा पनि फरक पर्दैन । तर समानीकरण अनुदान हामीले अनिवार्य रूपमा दिनुपर्दछ । कति दिने भन्ने निर्णय सरकारले गर्नसक्छ तर नदिने भन्ने निर्णय कानूनअनुसार गर्न सकिँदैन । त्यसकारण हामीले ४० करोड अनुदान छुट्याउ हाम्रो हैसियतअनुसार, हाम्रो बजेटको भोलुम यति नै थियो । यो अनुदानले स्थानीय तहलाई ठूलो सहयोग त भएन होला । तर एउटा सिस्टम सुरू भएको छ, कानून कार्यान्वयको काम सुरू भएको छ, त्यसकारण हामीले यो कामको सुरूवात गरेका छौं । केही रकम हामीले विशेष फण्डको रूपमा राखेकै छौं, भोलि चाहिँ प्रदेश सरकार र स्थानीय तहको बीच कुनै प्रोजेक्ट, कुनै आयोजना, कुनै कार्यक्रम, साझेदारीमा अगाडि बढाउनु पर्यो भने त्यसका निमित्त समपूरक अनुदानको रूपमा प्रदेश सरकारले स्थानीय सरकारलाई बजेट उपलब्ध गराउन सक्छ । कहिँकहिँ विशेष अवस्था पर्यो, म उदाहरण दिन चाहन्छु, अस्ति माननीय मुख्यमन्त्रीज्यूसहित माननीयज्यूहरूको टोली सुर्खेत उपत्यकाको निकाससम्म पुग्नु भएको थियो । धेरै वर्षात भयो भने, निस्कने ठाउँमा पानी धेरै हुने र निकासको बाटो चाहिँ सानो रहेछ । स्वभावै रूपमा बाटो सानो भएपछि कहाँ जाने, अनि त्यसपछि पानी भरिएर भ्याली नै डुबाउने भो । त्यसका निमित्त के गर्ने भनेर छलफल हुँदाखेरि यही ०७४/०७५ को बजेटबाट केही व्यवस्था गरौं न त, भन्ने खालको निर्देशन माननीय मुख्यमन्त्रीज्यूले दिनुभएको थियो । अर्थात यस खालका कुनै विशेष काम गर्नुपर्यो भने त्यो डाइरेक्ट आफैले गर्ने कुरा छदैंछ, स्थानीय तहलाई चाहिँ हामीले अनुदानको रूपमा दिन सक्छौं कामको निमित्त, विशेष अनुदानको व्यवस्था कानूनमा त गर्नैपर्यो । समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको व्यवस्था गर्नका लागि यो ऐन बनाउनु परेको हो नम्बर एक । नम्बर दुई राजश्वको बाँडफाँड पनि गर्नुपर्यो । कृषि आय बाहेक अरू सबै कर बाँडफाँड गर्नुपर्ने छ । त्यसैले सवारी साधन कर, हामीले यो प्रस्ताव गर्यौं भने, ६० प्रतिशत प्रदेशले र ४० प्रतिशत स्थानीय तहले पाउने, त्यस्तै गरी घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर र मनोरञ्जन कर ४० प्रतिशत प्रदेश सरकारले पाउने र ६० प्रतिशत स्थानीय तहले पाउने गरी अनुसूचीमा यो राजश्व बाँडफाँडको प्रतिशत पनि हामीले तोकेका छौं । त्यस हिसाबले राजश्व बाँडफाँड गर्नैपर्ने छ, त्यसको प्रतिशत पनि हामीले तोक्नै पर्दछ, उठाउनेले प्रशासनिक खर्चको रूपमा दुई प्रतिशत लिने कुरा ऐनमा नै व्यवस्था

गरिएको छ । राजश्वको बाँडफाँडको व्यवस्था गर्नुपर्ने भएकोले यो ऐन जरूरी भएको हो । अन्तिममा माननीयज्यूहरूले भने जस्तै सरकारचाहिँ आर्थिक पारदर्शीता र मितव्ययिताका निमित्त सक्षम छ । साँच्चिकै कर सङ्कलन, राजश्व सङ्कलनमा चाहिँ पारदर्शीता अपनाउने हो भने या साँच्चिकै राजश्व चुहावट रोक्ने हो भने हामी डिजिटल प्रविधिमा जानै पर्दछ । स्मार्ट सिस्टममा जानै पर्दछ । अहिले सम्भव नहोला तर सुरू गर्नै पर्दछ । कमसेकम मन्त्रालयहरूमा डिजिटल सिस्टम लागु अहिले भरखरै गर्न सक्छौं । हामीले त्यो बाटो तय गरिसकेका छौं, कति वर्ष लाग्छ, छिटो भन्दा छिटो त्यो ठाउँमा हामी पुग्ने नै हो । यस पटकको बजेटमा पनि हामीले मितव्ययितालाई चाहिँ आत्मसाथ गरेर अगाडि बढ्छौं । माननीयज्यूले भनेको एउटा सहि कुरा के हो भने, हामीले चाहिँ चालु खर्च, प्रशासनिक खर्चमा समानीकरण अनुदानको पैसा खर्च गर्न पाउँदैनौ, यो कुरा सबैलाई प्रष्ट पार्न चाहन्छु । संघीय सरकारबाट ९ अर्ब १३ करोड प्रदेश सरकारलाई समानीकरण अनुदान जो आएको छ, त्यो अनुदानको रकम चाहिँ तलब भत्ता पारिश्रमिक, भ्रमण, आदि, इत्याद चालु खर्चमा खर्च गर्न पाउँदैनौ । त्यो शुद्ध विकासको कार्यक्रममा खर्च गर्नुपर्ने हुन्छ । हामीले ५ अर्ब ५१ करोड राजश्वको हिस्सा पाएका छौं, हामीले ५० करोड राजश्व सङ्कलन गर्ने अनुमान गरेका छौं । हामीले संघीय सरकारबाट प्राप्त हुने राजश्वको रकम र हामीले सङ्कलन गर्ने आन्तरिक स्रोतलाई चालु खर्चमा विनियोजन गर्न सक्छौं, खर्च गर्न सक्छौं । यो दायरा हामीले नाघ्न सक्दैनौ । त्यसो हुँदा ६ अर्ब भन्दा बढि हामीले चालु खर्च गर्न नै पाउँदैनौ । त्यो भन्दा बढि चालु खर्च गर्ने हो भने हामी समस्यामा पर्छौं, त्यसको पूर्ति कहाँबाट गर्ने, अर्को संकटमा सरकार पर्दछ । त्यसकारण हामीले चाहिँ आर्थिक मितव्ययीताका निम्ति चालु क्षेत्रका, प्रशासन क्षेत्रका जति सक्यो कटाउने, घटाउँदै जाँदा हामी २५ प्रतिशतमा पुगेका छौं । २५ प्रतिशतले ७५ प्रतिशत रकम खर्च गर्ने आँट हामीले गरेका छौं । त्यो लक्ष्य हामीले पूरा गर्छौं भन्ने म विश्वास दिलाउन चाहन्छु । यति कुरामा प्रष्ट पार्दै अन्तिममा फेरि पनि माननीयज्यूहरूलाई यो अत्यन्तै महत्वपूर्ण विधेयक, अझै छिट्टो आउनु पर्ने विधेयक यसमा माननीयज्यूहरूको चासो पनि छ । हाम्रो महत्वपूर्ण बिजनेस पनि हो । यसले सरकारलाई ठूलो सहयोग पुर्याउँछ । यो विधेयक पास गर्नकालागि माननीयज्यूहरू सँग अनुरोध गर्न चाहन्छु र म औपचारिक प्रस्ताव चाहिँ सभासमक्ष राख्न अनुमति चाहन्छु । माननीय सभामुखज्यू, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५माथि प्रदेशसभामा छलफल भैसकेकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम उक्त विधेयक आर्थिक मामिला तथा योजना मन्त्रालयको तर्फबाट पेश भएबमोजिम नै यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

फ्लोर-हुन्छ ।

यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक १५ मिनेटसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-२९
(२०७५ असार १८ सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको २९ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको विनियोजन भएका सबै निकायका शीर्षकमाथि दफावार छलफल समाप्त भैसकेकाले माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि समयको निर्धारण गरेको छु ।

सर्वप्रथम भौतिक पूर्वाधार विकास मन्त्री माननीय श्री खड्कबहादुर खत्री ।

**भौतिक पूर्वाधार विकास मन्त्री माननीय श्री खड्कबहादुर खत्रीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभाको यस गरिममाय सदनमा माननीय सदस्यज्यूहरूले भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रम सन्दर्भमा गर्नुभएको छलफल मनन् योग्य छ । भौगोलिक विकटता, संस्थागत संरचनाको अभाव, मन्त्रालयमा सीमित बजेट र असीमित आवश्यकताहरूका बीचमा यस प्रदेशको पूर्वाधार विकासलाई पूर्ण बनाउने हाम्रो मन्त्रालयले माननीय संसदहरूसँग पटक पटक सम्पर्क गरी मागहरू सङ्कलन तथा छलफल गरी राय सुझाव लिएको विषयमा माननीय संसदज्यूहरू जानकार नै हुनुहुन्छ । प्रदेश सरकारको आफ्नै मातहतमा संरचना नभएको अवस्था, जनता र सरकारको पुलको रूपमा रहनु भएका माननीय सदस्यहरूलाई मात्र भरोसा गरेर बजेट विनियोजित गरेका छौं । त्यो भन्दा अरू हामीसँग कुनै पनि विकल्प थिएन । मन्त्रालयको लक्ष्य अनुरूप सडक, भवन, सिंचाइ, खानेपानी, उर्जा, तटबन्ध, यातायातका संरचना र पूर्वाधारका क्षेत्रमा बजेटको प्राथमिकता निर्धारण गरेको छु । जसअनुसार पहिलो प्राथमिकता सडक निर्माण योजनालाई दिएको कुरा म सभामुख महोदयमार्फत् सदनसमक्ष अनुरोध गर्दछु । सभामुख महोदय, प्रदेश एवम् निर्वाचन क्षेत्रमा सन्तुलित विकास गर्न जनता सडक कार्यक्रम अन्तरगत प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोडका दरले १ अर्ब २० करोड रकम विनियोजित गरेको मन्त्रालयले संघीय व्यवस्था, बजेट आधारभुत रूपमा समानुपातिक, समावेशी र भूगोलका आधारमा गर्नुपर्दछ भन्ने मान्यता स्थापित गर्ने प्रयत्न गरेको छु । यद्यपी यो बजेट प्रयाप्त छैन तर यो सुखद सुरूवात हो भन्ने कुरा माननीय सदस्यहरूसँग अनुरोध गर्दछु । प्रदेश गौरवका आयोजनाहरूलाई १ अर्ब २८ करोड विनियोजित गरिएकोमा उच्च प्रतिफल दिने रणनीतिक सडक ३ वटा, अन्त्यरप्रादेशिक सडकहरू १० वटा र प्रादेशिक राजधानी जोड्ने सडक २ वटा र प्रादेशिक महत्वका सडक २७ वटा, विकासमा पिछडिएको क्षेत्रलाई प्रत्यक्षरूपमा लाभ हुने एवम् उत्पादनको वृद्धि हुने योजनाहरूको अनुगमन गरी कार्यान्वयनमा ल्याइने विश्वास दिलाउन चाहन्छु । आवश्यक तथा औचित्यको आधारमा खानेपानी, सिंचाइ, ग्रामीण

विद्युतीकरण, नदी नियन्त्रण तथा तटबन्ध निर्माण, पक्की पुल, झोलुङ्गे पुल, भवन निर्माण तथा मर्मत, एकीकृत बस्ती विकास कार्यक्रम र उज्यालो कर्णाली कार्यक्रम यस मन्त्रालय अन्तरगतका कार्यालय स्थापनार्थ जनशक्ति व्यवस्थापन तथा भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ । माननीय संसदज्यूहरूको सल्लाह र सुझावका आधारमा योजना तथा कार्यक्रमहरू प्राथमिकताका आधारमा निर्धारण गरिनेछ भन्ने कुरा म यहाँ विश्वास दिलाउन चाहन्छु । यान्त्रिक उपकरण सम्बन्धमा माननीय संसदज्यूहरूबाट व्यक्त भएको जिज्ञासा स्वभाविकै छ । यस प्रदेशका नयाँ र केही हेभी इक्यूप्मेण्ट कार्यालय स्थापनाका लागि जग्गा तथा भवन स्थापना गर्नु, मेशिन औजार खरिद गर्न, मेशिन औजार ढुवानी गर्न, निजी व्यवस्थापकीयहरू बाट आवश्यक परेको समयमा यान्त्रिक उपकरणहरू तत्कालै उपलब्ध हुननसक्ने हुँदा कर्णाली प्रदेशको स्वामित्वमा हुने गरी यान्त्रिक उपकरण खरिद तथा व्यवस्थापन गराउनु पर्ने देखिएको हो । भौगोलिक विकटतामा प्राकृतिक रूपमा आइपर्ने पहिरो भू-क्षयलगायतका कारणले सडक तथा अन्य भौतिक पूर्वाधारको तत्काल क्षति कम गर्न र आगमणलाई सहज पारी जनतालाई सुगम सेवा उपलब्ध गराउन यस कर्णाली प्रदेशमा जनशक्तिको अभाव र ठूला-ठूला भौतिक पूर्वाधारको निर्माण गर्न प्रदेश सरकारको प्रमुख दायित्व ठानी यान्त्रिक उपकरण व्यवस्थापन गर्नुपर्ने भएकोले सो शीर्षकमा बजेट विनियोजन गरिएको छ । निर्माण कार्यमा प्रयोग हुने सामाग्रीको गुणस्तर परीक्षणबाट मात्रै गुणस्तरीय निर्माण कार्यको सुनिश्चितता गर्न सकिने भएकोले प्रदेश स्तरमा निर्माण सामाग्री परीक्षण प्रयोगशाला स्थापनाको लागि सो शीर्षकमा पनि जग्गा खरिद, भवन निर्माण, प्रयोगशाला उपकरण खरिद तथा बजेट विनियोजित गरेको छु । जहाँसम्म माननीय संसदज्यूहरूले व्यक्त गर्नुभएको चिन्ता र चासो छ, त्यो सकारात्मक कोणबाट नै व्यक्त भएको छ । मैले तपाईंहरूका अमुल्य सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएको छु, केही नाम र क्षेत्र किटान नगरेको आयोजनासँग सम्बन्धित बजेट विभाजन र वितरण गर्दा कतै दरूपयोग हुन्छ कि भन्ने आशा छ, त्यस सन्दर्भमा यस सम्मानित सभामा प्रतिबद्धता व्यक्त चाहन्छु कि, एकमुष्ट शीर्षकमा बजेट विनियोजन गर्दा कर्णाली प्रदेशका आवश्यकता तथा प्राथमिकताका आधारमा सम्वोधन हुने छन् र त्यो सन्तुलित, समावेशी, समानुपातिक एवम् प्रादेशिक आवश्यकताको आधारमा हुनेछ । योजना छनौट र बजेट विनियोजन गर्दा माननीय संसदज्यहरूको सुझावहरूलाई सम्वोधन गर्ने व्यहोरा समेत माननीय सभामुख महोदयमार्फत् अनुरोध गर्न चाहन्छु । माननीय सभामुख महोदय, निश्चित मापदण्डसहितको वैज्ञानिक बजेट विनियोजितको लागि कुनै पनि सम्भाव्यता अध्ययन योजना कार्यान्वयनको मेरूदण्ड हो । योजनाहरू संचालन गर्नु पूर्व आवश्यकताहरूको पहिचान एवम् अध्ययन तथा सम्भाव्यताका आधारमा विस्तृत परियोजना, प्रतिवेदन तथा डिपिआर तयार पारेर अगाडि बढाउँदा मात्र बजेट पारदर्शी एवम भ्रष्टाचार विरूद्ध शुन्य सहनशीलतालाई थप टेवा पुगी सुशासन कायम हुने विश्वास लिएको छु । सीमित बजेट र असीमित मागलाई प्राथमिकता निर्धारण गरेर, हामीले प्रदेश

गौरवका रणनीतिक र अन्त्यरजिल्ला जोड्ने सडक योजनालगायत भौतिक पूर्वाधारसँग सम्बन्धित सडक, बिजुली, खानेपानी, सिंचाइ, पुल तथा अन्य योजनाहरूमा रकम विनियोजन गरेका छौं । कर्णाली प्रदेशको आवश्यकता तथा प्राथमिकताको आधारमा नै बाँकी एकमुष्ट रकम विनियोजन गरिने छ । म माननीय संसदज्यूहरूलाई विश्वस्त रहन विनम्र अनुरोध गर्दछु । अन्त्यमा मन्त्रालयको बजेट निर्माणको सिलसिलामा सहयोग गर्नुहुने माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, आआफ्ना अमुल्य सल्लाह र सुझाव दिनुहुने माननीय संसदज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, बौद्धिक व्यक्तित्वहरू, विज्ञ समूह एवम् नागरिक समाज, निजी क्षेत्र, सरोकार पक्ष, संचारकर्मी समेत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** अब म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुख महोदय, प्रदेश सरकारले ल्याएको २०७५/०७६को कार्यक्रम र बजेट बारेमा माननीय प्रदेशसभा सदस्यज्यूहरूले विषयगत मन्त्रालयहरूको बारेमा उठान गर्नुभएको सवाल सम्बन्धमा मेरो आफ्नो मन्त्रालयको तर्फबाट यस सम्मानित सदनमा उपस्थित भइ, माननीय सभामुख महोदयमार्फत् अनुमति चाहन्छु । माननीय संदस्यज्यूहरूले उठान गर्नु भएका सवालहरू, उद्योग र कलकारखाना सम्बन्धमा, उद्योग कलकारखाना नै यस प्रदेशको आर्थिक समृद्धिका मुख्य आधार हो । कर्णाली प्रदेशसँग अथाह प्राकृतिक स्रोत र साधन हुँदा हुँदै पनि कुनै किसिमका मझौला तथा ठूला उद्योग नहुनु नै बिडम्वना हो । यो प्रदेशका अधिकांश युवाहरू रोजगारीको लागि विदेशिनु र गरिबीको चपेटामा पर्नु परेको छ । उक्त कुरालाई मध्येनजर गर्दै मन्त्रालयलाई प्राप्त भएको बजेटको सिलिङ्गमा रही, युवा, दलित र लक्षित लघु तथा साना घरेलु उद्योगमार्फत् सम्भाव्यता अध्ययन गरी, सिप र दक्षताअनुसार स्थानीय कच्चा पदार्थको प्रयोग गरी उद्योग स्थापना गर्नका लागि मन्त्रालयले आवश्यक बजेट विनियोजन गरेको छ । सो बजेट, आवश्यकताका आधारमा योजना छनौट गरी कार्यान्वयन गरिने छ । कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश निर्माण गर्नका लागि कम्पोष्ट मलमा जैविक विषादीको उत्पादनलाई उद्योगको रूपमा विस्तार गर्ने विचारका अनुरूप बजेट विनियोजन गरिएको छ । माननीय सभामुख महोदय, कम्पोष्ट मल र प्लाष्टिक प्रशोधन गर्ने सम्बन्धमा माननीयज्यूहरूले उठान गर्नु भएको जिज्ञासाका सन्दर्भमा दैनिक उपभोग्य बस्तुबाट हुने फोहोरलाई व्यवस्थापन गरी, कुहिने, र सड्ने र गलेर जाने बस्तुबाट कम्पोष्ट मल उत्पादन गर्ने र नकुहिने र प्लाष्टिकजन्य वस्तुलाई प्रशोधन गरी पुनरप्रयोगमा ल्याउने उद्देश्यअनुसार कम्पोष्ट मल र प्लाष्टिक प्रशोधनको कार्यक्रम एकै ठाउँमा राखिएको हो । चौकुने सिमेण्ट कारखाना निजी मुक्ति श्रीको नाममा दर्ता भएको, समय अवधिभित्र कार्य संचालन गर्न नसकी, खानी तथा भुगर्भ विभागले दर्ता खारेज गरेको र उक्त विषय सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा

रहेकोमा तत्काल बजेट विनियोजन गरी कामकारबाही अगाडि बढाउन नसकिने हुनाले बजेटको प्राथमिकतामा पर्न नसकेको कुरा सम्मानित सदनमा माननीय सभामुखमार्फत् अवगत गराउन चाहन्छु । कर्णाली प्रदेश जडीबूटी भण्डारका रूपमा परिचित प्रदेश हो । यहाँ पाइने जडीबूटीबाट धेरै भन्दा धेरै लाभ लिनका लागि हामीले जडीबूटी प्रशोधन गरी उच्च मुल्यमा निर्यात गर्ने उद्देश्य अनुरूप प्रादेशिक जडीबूटी प्रशोधन केन्द्रको स्थापनाका लागि बजेट विनियोजन गरिएको छ । पूर्वाधारको विकास सम्भाव्यता अध्ययन र विशिष्ट परियोजना प्रतिवेदन विना उक्त जडीबूटी प्रशोधन केन्द्रका लागि धेरै बजेट विनियोजन गर्नु उपर्युक्त नभएको कुरा सम्मानित सदनमा जानकारीको गराउन चाहन्छु । सभामुख महोदय, भौगोलिक रूपमा सुन्दर, जैविक विविधताले भरिपूर्ण, कला र संस्कृतिले सम्पन्न कर्णाली प्रदेश आन्तरिक र बाह्य पर्यटकहरूको मुख्य आकर्षण केन्द्र बिन्दु बन्दै गएको कुरा सर्वविदित्तै छ । त्यही कुरालाई मध्येनजर गर्दै, प्रदेश सरकारले प्रथम क्याविनेटको बैठकले नै निकै महत्वका साथ कर्णाली समृद्धिको आधार, पर्यटन विकास र पूर्वाधार भन्ने मूल नाराका साथ कर्णाली रारा पर्यटन वर्ष २०७५ मनाउने घोषणा गरी, भव्यताका साथ सम्माननीय प्रधानमन्त्रीज्यूबाट उदघाटन सम्पन्न भएको स्मरण गराउन चाहन्छु । कर्णाली प्रदेश सरकारले परिकल्पना गरेको र कर्णाली प्रदेशका जनताहरूले महसुस गर्ने गरी, पर्यटकीय क्षेत्रमा विकास गर्नकालागि पर्यटकीय पूर्वाधार विकास र मानव विकास संशाधन विकास आधारभुत आवश्यकता भएको हुँदा दिगो पर्यटन विकासका लागि यी दुवै क्षेत्रमा उल्लेख्य मात्रामा बजेट छुट्याइएको छ । जिल्ला र निर्वाचन क्षेत्रअनुसार भागबण्डा नभइ, पर्यटकीय महत्व बोकेका स्थानहरूलाई प्राथमिकतामा राख्दै, धेरै भन्दा धेरै पर्यटकीय स्थलहरूको पहिचान गरी उक्त क्षेत्रहरूको उचित किसिमले विकास हुने गरी, बजेट विनियोजन गरेको हुँदा, जिल्लागत हिसाबले हेर्दा केही अन्त्यर परेको देखिए पनि पर्यटकीय महत्व र सोबाट निस्कने प्रतिफलको दृष्टिकोणबाट हेर्दा निकै सन्तुलित र व्यवहारिक रूपले बजेट विनियोजन गरिएको छ । कुनै क्षेत्र भूगोललाई यसबाट समेट्न नसकिएको भएता पनि मन्त्रालयको शीर्षकमा रहेको एकमुष्ट बजेटबाट सबै निर्वाचन क्षेत्र, भूगोल र माननीय सदस्यहरूको भावनाको उच्च सम्मान गर्दै न्यायोचित रूपमा योजना बाँडफाँड गरिने प्रतिबद्धता व्यक्त गर्दछु । बजेटमा उल्लेखित योजनाहरूको सन्दर्भमा सम्भाव्यता अध्ययन र प्राविधिक प्रतिवेदनको आधारमा योजना कार्यान्वयन गरिने कुरा विश्वास दिलाउन चाहन्छु । माननीय सभामुख महोदय, ग्रेट ट्रेक नेपालको सन्दर्भमा पूर्व ताप्लेजुङ्गदेखि पश्चिमको हिल्सासम्म हिमाली क्षेत्रमा संचालनमा रहेको पदमार्ग हो । कर्णाली प्रदेशको सन्दर्भमा ग्रेट हिमालयन ट्रेक कर्णाली प्रदेशको भूभागमा पर्ने प्रशिद्ध पर्यटकीय क्षेत्रहरूलाई एकै पर्यटकीय पदमार्गले जोड्ने उद्देश्य लिई बजेट विनियोजन गरिएको छ । यस पदमार्गलाई साहासिक पर्यटक पदमार्गको रूपमा विकसित गर्न र यस प्रदेशका प्रशिद्ध पर्यटकीय स्थलहरू, मुस्ताङ्ग, ढोरपाटन र खप्तडलाई समेत जोड्ने योजनाहरू भएको हुँदा पर्यटकीय विकासमा महत्वपूर्ण योगदान पुर्याउने छ । यो वर्ष

विनियोजित बजेटबाट कार्यसंचालन गरी अगाडि बढाउने र कामका आधारमा अपुग रकम बजेट सुनिश्चिततामार्फत् पूरा गरिनेछ । रूकुम जाजरकोट दैलेख र कालिकोट जोड्ने गोरिल्ला ट्रेलको सम्भाव्यता अध्ययन गरी, उक्त ट्रेललाई प्रदेशको पर्यटकीय गौरवको योजनाको रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

सभामुख महोदय, माननीयज्यूहरूले उठाउनु भएको सामुदायिक, कबुलियती, निजी तथा गुराँस संरक्षणलगायतका वनसँग सम्बन्धित प्रश्नका सन्दर्भमा राष्ट्र र राष्ट्रिय वनको उचित व्यवस्थापनबाट पर्यापर्यटनमा विधि र रोजगारी सिर्जना गर्नुका साथै प्रदेशको कुल ग्राहस्थ्य उत्पादनमा जिडिपीमा उल्लेख्य योगदान पुर्याउनेमा कुनै द्विविधा छैन । त्यसका लागि वन पैदावार प्रवर्धन तथा व्यवस्थापन कार्यक्रम, उच्च प्रविधिको नर्सरी स्थापना गरी, बाँझो तथा खाली जमिनमा बृक्षारोपन तथा जडीबूटी खेती विस्तार तथा अन्य निकायसँगको साझेदारीमा सामुहिक जडीबूटी खेती कार्यक्रममा पर्याप्त बजेट विनियोजन गरिएको छ । यी कार्यक्रम संचालनबाट रोजगारीको सिर्जनामार्फत् गरिबी न्यूनीकरण गरी, आर्थिक समृद्धि हाँसिल गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छु । राष्ट्रिय तथा निजी वन क्षेत्रमा संचालन हुने यी कार्यक्रमबाट सामुदायिक, कबुलियती तथा निजी वनका उपभोक्ताहरू प्रत्यक्षरूपमा लाभान्वित हुने र कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सम्बन्धित क्षेत्रका माननीय सदस्यहरूको राय, सल्लाह र सुझावलाई मध्येनजर राखिनेछ । प्रदेश सदरमुकाम सुर्खेतदेखि नजिक र कर्णालीका जिल्लामा जाने मोटरबाटो दाँयाबाँया २२०० मिटरको उचाइमा रहेको रमणीय स्थल गुराँसे र आसपासको क्षेत्रमा प्रशस्त रूपमा लालीगुराँस पाइन्छ । यो नेपालको राष्ट्रिय फुल हो । यसको संरक्षणमा विगतमा खासै ध्यान दिएको देखिँदैन । सो क्षेत्रको संरक्षण र प्रवर्धन गर्दै, थप जातका गुराँस भित्र्याइ, प्रदर्शन स्थल बनाउने र पैदलयात्रा मार्गहरूको हाइकिङ्ग रुट निर्माण गरी पर्यापर्यटनलाई प्रोत्साहन गर्नेलगायतका प्रचार प्रसार गरी पर्यटकको संख्यामा वृद्धि गर्नका लागि बजेट विनियोजन गरिएको छ भन्ने कुरा सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

हिमाली र पहाडी क्षेत्रमा पाइने बन्यजन्तु र वनस्पतिहरूलाई निश्चित खुल्ला क्षेत्रमा संरक्षणमार्फत् भावी सन्ततीहरूको प्राकृतिक सम्पदाको जगेर्ना गरी अध्ययन तथा अनुसन्धानमा योगदान पुर्याउने र आन्तरिक तथा बाह्य पर्यटकहरूलाई रमणीय स्थलको रूपमा आकर्षण गरी आम्दानी वृद्धि गर्ने उद्देश्य, उचित स्थानमा सम्भाव्यता अध्ययनको लागि बजेट छुट्याइएको हो । प्रस्तावित बजेट सम्भाव्यता अध्ययनलाई छुट्याइएको हुँदा विभिन्न विकल्प समेतको खोजि गरिने र सम्बन्धित क्षेत्रमा माननीय सदस्यहरूको सुझावलाई समेत मध्येनजर गर्दै उपर्युक्त स्थान छनौट गरी, पर्यटकहरूको आकर्षकण केन्द्रको रूपमा स्थापना गर्न सकिएमा मात्र पर्यटकहरूको बसाई अवधी बढाउन सकिन्छ, सोबाट स्थानीय जनताको आय आर्जनमा सहयोग पुर्याउने उद्देश्य राखी, प्राकृतिक हिमाली चिडियाखानाको लागि सम्भाव्यता अध्ययन अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

कर्णाली प्रदेशको मुख्य आम्दानीको स्रोत रहेको बहुमुल्य जडीबूटी यार्साबाट डोल्पा, हुम्ला, जुम्ला, मुगु, रूकुम, जाजरकोट र सल्यान जिल्लाका अधिकांश मानिसहरूले टिपेर प्रत्यक्ष रूपमा लाभ लिने गरेका छन्, राजश्व बापत प्रत्येक वर्ष करौडौं रकम सरकारले उठाउदै आएको छ । कर्णाली प्रदेशमा पाउने यार्सागुम्बा विश्वस्तरमा अत्यन्तै गुणस्तरीय मानिन्छ । विश्वका अन्य भागमा पाइने यार्सागुम्बा भन्दा कर्णाली प्रदेशमा पाइने यार्सागुम्बाको माग र मुल्य दुवै उच्च रहेको छ । तत्कालिन अवस्थालाई मूल्याङ्कन गर्ने हो भने यार्सागुम्बा अर्बौको विदेशी रकम भित्र्याउने मुख्य स्रोत रहेको छ ।यार्सागुम्बा टिप्ने क्षेत्रमा मानिसहरूको अत्यधिक चापका कारण उच्च क्षेत्रमा पाइने हिमाली बुट्यानहरूको विनास हुँदै गइरहेकोले उक्त स्थानहरूमा पर्यावरणको संरक्षण र मानव स्वास्थ्यमा पर्न गएको असरलाई न्यूनीकरण गर्न वैकल्पिक उर्जामार्फत् स्थानीय जनताहरू लाभान्वित हुने कार्यक्रम संचालन गरी हिमाली वन संरक्षण कार्यक्रमलाई बजेट छुट्याइएको व्यहोरा सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । उक्त कार्यक्रम कार्यान्वयनलाई पारदर्शी र प्रभावकारी बनाउन छुट्टै कार्यविधिको व्यवस्था गरी अनुगमणको लागि माननीय सदस्यहरूलाई समेत समावेश गरिने व्यवस्था मिलाइने छ । कार्यक्रम संचालन गर्ने स्थानहरूका सन्दर्भमा ठूला र प्रादेशिक महत्वका कार्यक्रमहरूको लागि स्थान तोकेरै बजेट विनियोजन गरिएको छ । तर विशेष गरी प्रदेशका सबै जिल्लालाई समेट्ने गरी, कार्यक्रम कार्यान्वयनलाई सुनिश्चितता प्रदान गर्न आगामी केही दिनमै मन्त्रालयले योजना, स्थान र बजेटसहितको किताब प्रकाशन गरी, माननीय सदस्यज्यूहरूको हात हातमा पारिने कुरा विश्वस्त पार्न चाहन्छु । मन्त्रालयको प्रथम बजेट भएको र तोकिएको सिलिङ्गअनुसार बजेट विनियोजन गर्नु पर्ने भएको हुँदा सबै माननीय सदस्यहरूको मागहरूलाई सम्वोधन गर्न नसकिएको हुन सक्छ तर प्राथमिकताका आधारमा सबै निर्वाचान क्षेत्रमा न्यायोचित रूपले बजेट विनियोजन गर्ने प्रयास गर्ने छु । छिट्टै नै मन्त्रालयले आफ्नो संरचना निर्माण गरी २०७५/०७६ को बजेटलाई प्रभावकारी कार्यान्वयनका लागि अहोरात्र लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दछु । समग्रमा बजेटले पूर्वाधार विकास सँगसँगै जनताहरूको जनजीवनमा प्रत्यक्षरूपमा लाभ दिन सक्ने छ भन्ने मैले विश्वास लिएको छु । सभामुख महोदय, अन्त्यमा कार्यक्रम कार्यान्वयनका लागि रचनात्मक सल्लाह, सुझाव, जिज्ञासा र प्रश्न राखी सहयोग गर्नुहुने सम्पूर्ण माननीय सदस्यज्यूहरूलगायत माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, अन्य पत्रकार, कर्मचारी र सम्पूर्ण कर्णालीवासीहरूलाई मन्त्रालयको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः**- अब म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीः**- माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रम अन्तरगत भूमि

व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विनियोजित बजेटको सन्दर्भमा उठेका सवालहरूका बारेमा जवाफ दिन उपस्थित हुन पाउँदा गौरव र खुशीको अनुभव गरेको छु । माननीय सभामुख महोदय, सर्वप्रथम छलफलका क्रममा माननीय संसदज्यूहरूले दिनु भएको महत्वपूर्ण रचनात्मक सुझावहरूलाई आत्मसाथ गर्दै, यस मन्त्रालयका कामहरूलाई प्रभावकारी रूपमा संचालन गर्ने प्रतिबद्धतासहित आगामी दिनमा यहाँहरूको निरन्तर सहयोगको अपेक्षा गर्दछु । कर्णाली प्रदेशको विकास र समृद्धिको आकंक्षालाई पूरा गर्ने नीतिगत र व्यवहारिक दायित्व व्यवस्थापिका र कार्यपालिका दुवैका एकआपसमा सहकार्य नगरी अगाडि बढ्न सक्दैन । समाजवाद उन्मुख हाम्रो शासन प्रणालीलाई व्यवस्थित मर्यादित र विकसित तुल्याउन राज्य संस्थाका तीनै अङ्गको समन्वय हुन जरूरी छ । यसैले माननीयज्यूहरूले दिनु भएको सुझावले हाम्रो सरकारलाई थप दृढताका साथ अगाडि बढ्नका निमित्त दिशा निर्देशन गरेको मैले अनुभूति गरेकी छु । सभामुख महोदय, हामीले कर्णाली प्रदेशको समृद्धिको कुरा गरिरहँदा वहुसंख्यक नागरिकहरूले अंगालेको कृषि पेशालाई सम्मानित र मर्यादित पेशामा नपुर्याइ, कृषि पेशामा कर्णाली प्रदेशको परिकल्पना पनि गर्न सकिदैन । सम्पूर्ण बेरोजगार युवाहरूलाई कृषिमा आकर्षित गराउन सहकारीका माध्यमबाट छरिएर रहेको पूँजीलाई केन्द्रिकृत गरी, उत्पादनका क्षेत्रमा केही परिणाममुखी नमूनाकार्य गर्न, जनतासँग हामीले गरेका प्रतिबद्धता र हाम्रा सपना पूरा गर्न सकेसम्म प्रतिफल प्राप्त गर्ने गरी बजेट केन्द्रित गर्न खोजेको कुरा स्पष्ट गर्न चाहन्छु । यसका लागि हामीले एक जिल्ला, कृषि तथा पशुजन्य उत्पादन पकेट र कृषिजन्य प्रशोधन केन्द्र, एक निर्वाचन क्षेत्र, एक उत्पादन पकेट, एक हाइटेक नर्सरी र करिडोर पकेटलगायत कार्यक्रमहरूका लागि प्राथमिकता दिइ बजेट विनियोजन गरिएको छ । यो विनियोजित बजेटलाई उपर्युक्त ढङ्गले कार्यान्वयन गर्न सक्दामात्र उत्पादनका क्षेत्रमा सकारात्मक परिणाम ल्याउन सकिन्छ भन्ने मैले विश्वास लिएको छु । उत्पादनको क्षेत्रमा हामीले छुट्याएको बजेट स्थानीय समुदायसँगको साझेदारीमा गरिने भएकाले यसले गुणात्मक परिणाम निकाल्ने कुरामा म विश्वस्त छु । सभामुख महोदय, हामीले बजेट विनियोजन गर्दा आधारभूत क्षेत्रको पहिचान गरी निश्चित मापदण्ड बनाएर बजेटलाई परिणाममुखी र सन्तुलित बनाउन अत्यधिक कोशिस गरेका छौं । यस मन्त्रालयले विभिन्न शीर्षकमा विनियोजन गरेको बजेट पनि यसै मापदण्डभित्र रहेर माननीयज्यूहरूको सुझावको आधारमा तयार गरिएको व्यहोरा अवगत गराउन चाहन्छु । सुर्खेतको चिङ्गाड, सल्यानको ढोरचौर, डोल्पाको त्रिपुरासुन्दरी र डोल्पोबुद्ध, जुम्लाको पात्रासी, कालिकोट, महाबु गाउँपालिका र दैलेखको आठबिस नगरपालिकालाई विनियोजित नभएको शीर्षकबाट समेट्ने कुरा विश्वास दिलाउन चाहन्छु । यस बजेटले अर्गानिक उत्पादन र उत्पादनका लागि पूर्वाधार निर्माण गरी कृषि उत्पादनमा देखिएको व्यावसायीकरण, आधुनीकरण र बजारीकरण समस्यालाई समाधान गर्न सहकारीको माध्यमबाट रोजगारीको सिर्जना गर्दै कर्णाली प्रदेशको गरिबी घटाउने लक्ष्य राखेको व्यहोरा पुनरनिवेदन गर्न चाहन्छु । उच्च

स्तरीय भूमि तथा सुकुमवासी समस्या समाधान आयोग गठन गरी भूमि र भूमिसँग सम्बन्धित सुकुम्वासी, बाढी पीडित, मुक्तहलिया, गुठी र जनयुद्धकालिन समयमा तत्कालिन सत्ताद्वारा कारोबार गरिएका घरजग्गासम्बन्धीको समस्याहरूको समाधान गरिने छन् । भूउपयोगको नीति अनुरूप बृहत गुरुयोजना निर्माण गरी, कर्णाली प्रदेशका सम्भावनाहरूलाई व्यवस्थापन गर्न सहकारीमार्फत् आर्थिक उत्पादनका रूपमा आत्मनिर्भर, सामाजिक, सांस्कृतिक रूपान्तरण, संवैधानिक अधिकारको प्रत्याभूति, समानान्तर न्यायपूर्ण समाजवाद उन्मुख समाजको निर्माण गर्न नमूना सहकारी गाउँको नीति कार्यान्वय गर्नुका साथै यसमार्फत् पर्यटन प्रवर्धन गरिने छ । सभामुख महोदय, म अब माननीयज्यूहरूले उठाएका सवालबारे आफ्ना धारणाहरू प्रस्तुत गर्न चाहन्छु । सरकारले कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश बनाउने सङ्कल्प गरिसकेको सन्दर्भमा यो बजेटले अर्गानिक प्रदेश निर्माणका आधारहरू तयार गर्ने गरी बजेट छुट्याएको छ । यसमा जसरी माननीयज्यूहरूले चिन्ता व्यक्त गर्नुभएको छ, त्यो एकदमै सही छ । जैविक मल, जैविक विषादी र कृषि औजार कारखाना उद्योग मन्त्रालयको कार्यक्षेत्रमा पर्ने भएकोले उक्त उद्योगहरूलाई उद्योग मन्त्रालयको कार्यक्रमभित्र सम्वोधन भएको व्यहोरा जानकारी गराउन चाहन्छु । उक्त कार्यक्रमले यस मन्त्रालयले आवश्यक सहयोग गरिने जानकारी गराउन चाहन्छु । साविकको कर्णालीका जिल्लाहरूको लागि छुट्याइएको ७ करोड ५० लाख रकमलाई प्रत्येक जिल्लामा १ करोड ५० लाखका दरले विनियोजन गरेका कारण एकमुष्ट रूपमा उल्लेख गर्न खोज्दा अमूर्त हुन गएकोले माननीयज्यूहरूले उठाएको प्रश्नलाई स्वभाविक ठान्दछु । यो कुनै दबाबमा भयो कि भन्ने आशंका नराख्न विशेष अनुरोध गर्दछु । यो बजेटलाई जिल्लागत कार्यान्वयन गरिनेछ । मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार, कृषि समूह अन्तरगत हो । कृषक, सहकारी, प्राविधिक र कर्मचारीहरूलाई परम्परागत र औपचारिकतामा केन्द्रित नभएर श्रमलाई सम्मान, कृषि पेशालाई सम्मानित गराउँदै युवाहरूको आकर्षण बढाउन, उत्पादन नायक र नायिका घोषणा गर्ने अवधारणाबाट मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार व्यवस्था गरिएको हो । पुरस्कारले किसानहरूलाई प्रोत्साहन र सम्मान नगरीकन त्यसले उत्पादनको अरू क्षेत्र बढाउन सहयोग गर्दछ । पुरस्कारका लागि उत्कृष्ट कृषक, फार्म, समूह, सहकारी, प्राविधिक र कर्मचारीहरू गरी ६ वटा क्षेत्र तोकिएका छन् । सहकारीभित्र विभिन्न विषयगत सहकारी रहेका छन् । उत्कृष्ट कृषक छनौट गर्दा प्रादेशिक रूपमा कुनै पनि जिल्ला नछुट्ने गरी संख्या व्यवस्थापन गरिएको छ, यसकालागि ७० लाख रकम विनियोजन गरिएको छ । माननीयज्यूहरूको चिन्तालाई सकारात्मक रूपमा लिँदै यसलाई बढि भन्दा बढि उपयोग गर्ने विश्वास दिलाउन चाहन्छु । अर्गानिक खाजाका लागि क्यान्टिन निर्माण गर्नुपर्नेमा अर्गानिक क्यान्टिन भएको र नगरपालिकामा गाउँपालिका भएको हुँदा प्राविधिक कमजोरीको रूपमा लिई त्यसलाई सुधार गरिने छ । कृषि क्षेत्रमा विनियोजन हुने बजेट छर्ने परम्परालाई हामीले तोड्ने प्रयास गरेका छौं । कृषि क्षेत्रमा

मात्रै हामीले करिब ५० प्रतिशत बजेट छुट्याएका छौं । अनुदानको मोडललाई नयाँ ढङ्गले कार्यान्वयन गर्ने चुनौती पूर्ण कार्यको सुरूवात गरेका छौं । अनुदान लिएर दरूपयोग गर्ने प्रवृत्तिलाई सम्पूर्ण रूपले निरूत्साहित गर्न अनुदान निश्चित मापदण्ड बनाइ कडाइ पूर्ण कार्यान्वयनमा जाने प्रतिबद्धता जाहेर गर्दछु । जनतालाई प्रत्यक्षरूपमा अनुभूति हुने गरी सबै क्षेत्रमा विनियोजन गरेको बजेट शीर्षकले अपेक्षाकृत परिणाम ल्याउने अपेक्षा गरेकी छु । यो परिणामका लागि माननीयज्यूहरूको उचित सहयोग, समन्वय र सहकारिताको अपेक्षा  गर्दछु । बजेट कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यान्वयन संरचना, प्रादेशिकस्तरमा अति आवश्यक कार्यालयको स्थापनाका लागि आवश्यक तयारी भइरहेको कुरा अवगत गराउन चाहन्छु । साथै आवश्यक कानून निर्माण पछि यसका लागि अर्थ बजेट स्वत उत्तरदायी हुने भएकोले यसका लागि छुट्टै बजेट विनियोजन नगरिएको कुरा जानकारी गराउन चाहन्छु । अर्गानिक प्रदेश निर्माणका लागि पशुपालन पनि एक महत्वपूर्ण क्षेत्र भएकाले पशुपालन व्यवसायलाई व्यावसायिक बनाउनु पर्ने र परिणाम देखिने खालका ठूलठूला फार्म बनाउनुपर्ने माननीयज्यूहरूको सुझावलाई ग्रहण गर्दछु । साथै यो आवश्यकतालाई मध्ये नजर गरी यस वर्षमा छनौट गरिएको फार्मलाई  परिणाम निकाल्ने गरी, एक जिल्ला एक पशु फार्मको कार्यक्रम अगाडि बढाइएको व्यहोरा अवगत गराउन चाहन्छु । सहकारीको आवश्यकता र महत्व भएका कारण यसको संस्थागत विकास र श्रम परिचालन गर्नका लागि विनियोजन हुन बाँकी कार्यक्रम बनाएर सम्वोधन गरिनेछ । सभामुख महोदय, कर्णाली प्रदेशलाई आगामी ५ वर्षमा फलफूलमा आत्मनिर्भर बनाउने उद्देश्य परिपुर्ति गर्नका लागि प्रत्येक निर्वाचन क्षेत्रमा आवश्यक पर्ने सबै जातका फलफूलका बिरूवाहरू परिपूर्ति गर्न प्राविधिकसहितको हाइटेक नर्सरी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको हो । यस प्रदेशको विद्यमान अवस्थालाई विचार गरी, भोलिका दिनहरूमा बाहिरबाट सामान भरेर आएका गाडीहरू आउने, तर उनीहरू फर्कदाँ रित्तै नफर्किउन भन्ने हेतुले यस कार्यक्रमलाई उच्च महत्व दिइएको छ । माननीयज्यूहरूले भनेझैं विगतका नकारात्मक अनुभवहरूको सकारात्मक शिक्षा लिँदै फलफूल क्षेत्रमा देखिएको कर्णाली प्रदेशको सम्भावनालाई अवसरको रूपमा लिने सङ्कल्प गरेका छौं । यही नेर एकातिर नर्सरी अर्को तिर बिरूवा वितरणको कार्यक्रम किन भन्ने जिज्ञासा पनि आएको छ । यस सन्दर्भमा यस वर्ष नै नर्सरीबाट तत्काल बिरूवा उत्पादन गरी वितरण गर्न नसकिने हुँदा आवश्यक स्थानमा, आवश्यकता र मागका आधारमा फलफूलका बिरूवा वितरण गर्ने कार्यक्रम राखिएको छ ।

अर्गानिक गाउँपालिका छनौटका मापदण्डका सन्दर्भमा विषादी र रसायनिक मल प्रयोग नभएको वा तुलनात्मक रूपमा कम प्रयोग भएको, हिमाली पाँच जिल्लाका सबै स्थानीय तह र बाँकी पाँच जिल्लाका एक एक स्थानीय तहलाई माननीयज्यूहरूकै सुझावका आधारमा अर्गानिक पालिका छनौट गरिएको हो । स्थानीय तहको आवश्यकताको

आधारमा केन्द्रीय सरकार र स्थानीय तहको सहकार्यमा एक वडा र एक प्राविधिकको नीति कार्यान्वयनको लागि यस वर्ष केही रकम विनियोजन गरेका छौं, आगामी वर्ष यस कार्यक्रमलाई विस्तार गरिनेछ । बजेट निर्माणका क्रममा प्रत्यक्ष र समानुपातिक माननीयज्यूहरू बीच विभेद नहोस् र सबैको समान अधिकार र भूमिका स्थापित हुन सकोस् भन्ने उद्देश्यले नै तोकिएका कार्यक्रमहरू निर्वाचन क्षेत्र र सम्बन्धित जिल्लाका संसदहरूबीच समझदारीका आधारमा आउनुपर्दछ भन्ने हेतुका साथ सबै संसदहरूसँग बजेट भाषण अगाडि नै मन्त्रालयमा अन्त्यरक्रिया गरेर योजना माग गरिएको थियो । संसदहरूले नै साझा रूपमा दिएका कार्यक्रमहरूमा नै बजेट विनियोजन गरिएको छ । विनियोजन हुन बाँकी कार्यक्रमहरूका सन्दर्भमा निश्चित मापदण्ड र कार्यविधिहरू बनाइ, सम्पूर्ण माननीयज्यूहरूको राय सल्लाह र सुझावका आधारमा अगाडि बढ्ने प्रतिबद्धता जाहेर गर्दछु । सबैको अपनत्व हुने गरी कार्यक्रमलाई अगाडि बढाउने विश्वास दिलाउन चाहन्छु । हामी विभेद विरूद्धको अभियानको नेतृत्व गर्दैगर्दा आफूद्वारा सिर्जना गरिने अरू विभेदहरू हुन नदिने कुरामा पुरै सचेत रहेका छौं । माननीयज्यूहरूले सबै स्थानीय तहलाई समेट्न सकेन र गाउँगाउँसम्म पुग्न सकेन भनेर बजेटलाई विकेन्द्रीकरण गर्नुपर्दछ भन्ने माग गर्ने र अर्को कुरा बजेट वितरणमुखी भयो भन्ने कुरा उठाउँदै गर्दा यी दुवै कुराबाट सचेत बन्दै बजेटलाई परिणाममुखी बनाउन केन्द्रिकृत कार्यक्रम र किसानका आधारभुत आवश्यकतालाई पूरा गर्ने गरी विकेन्द्रित तथा वितरणमुखी कार्यक्रमहरू ल्याउनु पर्ने हाम्रा आवश्यकता र बाध्यता दुवै हुन् । यसर्थ यो बजेटले ठूला, मझौला र साना सबै खालका कार्यक्रममा आवश्यकताहरूलाई उचित ढङ्गले समायोजन गर्न अत्यधिक प्रयास गरेको कुरा म यस सम्मानित सदनमा अवगत गराउन चाहान्छ । हामीले हाम्रो मन्त्रालयको तर्फबाट माननीयज्यूसँगको सल्लाहअनुसार कार्यक्रमका लागि बजेट विनियोजन गरेका छौं । कतिपय यस्ता कार्यक्रमहरू छन्, जुन निश्चित कार्यविधि र मापदण्ड विना निर्धारण गर्न नै सकिदैन, जस्तो सहकारी नमूना गाउँ, मागमा आधारित साझेदारी कार्यक्रम, कृषक प्रसार अनुदान कार्यक्रम, गरिब किसान सरकार हातेमालो कार्यक्रम, लक्षित वर्ग कार्यक्रमका साथ कृषि पूर्वाधारका कार्यक्रमहरूलाई विधि र मापदण्ड बनाएर छनौट गरिने छ । सोअनुसार कार्यान्वयनलाई प्रभावकारी बनाउने कुरामा विश्वास दिलाउन चाहन्छु । मन्त्रीले आफूखशी कार्यक्रम र बजेट विनियोजन गरेर आँखामा छारो हालेर, लटरपटर पार्न खोजेको कुरा बिलकुल सत्य नभएको कुरा म स्पष्ट पार्न चाहन्छु । सभामुख महोदय, विकासका निम्ति संरचना चाहिन्छ, संरचनाका लागि कानून निर्माण गर्नुपर्दछ । विधिको शासन नै लोकतान्त्रिक राज्यको मूल मर्म हो । विकासका लागि मन्त्रीका पछि संसद धायी रहने, तर केही काम नहुने स्थितिको अन्त्य नगरी कानून निर्माणको विशेष जिम्मेवारी प्राप्त गरेको व्यवस्थापिका संसदको ध्यान कानूनमा केन्द्रित हुन पाउँदैन । तसर्थ, माननीयज्यूहरूले उठाएको तितो सत्य मन्त्रीका पछि संसद धायी रहनुपर्ने परिस्थितिको अन्त्य गर्न, निश्चित

मापदण्ड र विधिमा विकासको मोडेल अगाडि बढाउँ भन्ने धारणा प्रति म सहमत छु । हाम्रो मन्त्रालय यस विषयमा संवेदनशील भएर कामलाई अगाडि बढाउन खोजेको कुरा जानकारी गराउन चाहन्छु । हाम्रो मन्त्रालयमा गरिबी निवारणसम्बन्धी कार्यक्षेत्र पनि पर्ने भएको कारणले कर्णाली प्रदेशमा बेरोजगारी वास्तविक तथ्याङ्क सङ्कलन गरी, उनीहरूको क्षमताको आधारमा रोजगारी सिर्जना गर्न अन्त्यर मन्त्रालयसँग समन्वय गर्दै यससम्बन्धी बृहत गुरुयोजना निर्माण गरी, कर्णालीको गरिबीलाई क्रमश घटाउँदै लिइने छ । तत्काल कृषि र सहकारीका क्षेत्रबाट हामीले बढि भन्दा बढि बेरोजगारी व्यक्तिलाई रोजगार सिर्जना गर्ने दिशामा हामीले कार्यक्रम केन्द्रित गरेका छौं । स्रोत र साधनको समुचित तथा सन्तुलित वितरणको समस्याले नै हामी र हाम्रो प्रदेश अन्य प्रदेश भन्दा गरिब प्रदेशको रूपमा पहिचान दिनुपर्ने विवशता हामी माझ रहेको छ । उक्त पिडा र समस्याको भोगाईबाट अगाडि बढेका हामीले फेरि पनि आवश्यकताका आधारमा नभएर पहुँचका आधारमा मात्रै हामी बजेट विनियोजन गर्ने भन्ने पक्षमा हामी छैनौं । बजेटको वितरणलाई सापेक्षिक हिसाबले बढि भन्दा बढि सन्तुलित र न्यायिक बनाइएको छ । अहिले पनि हाम्रो मन्त्रालयले कर्णाली प्रदेशभित्रका हिमाली जिल्लालाई प्राथमिकतामा राखेर नै बजेट विनियोजन गरेको यथार्थता जग जाहेर छ  र यसमा कुनै शंका नगर्न अनुरोध गर्दछु । मन्त्रीहरूले संसदहरूलाई दासका रूपमा होइन, सरकारका असल सहयात्री र जनताका प्रतिनिधिको रूपमा बुझेका छौं र सोहीअनुसार व्यवहार पनि गरिरहेका छौं । तपाईंहरूसँग सहकार्य गरी, कर्णाली प्रदेशको समृद्धिको सपना पूरा गर्ने अभियानमा हामी अगाडि बढेका छौं । मलाई राम्रोसँग सम्झना छ, हामी प्रदेशसभाको पहिलो बैठकमा सहभागी भै रहँदा दलका सबै नेताहरूले कर्णाली प्रदेशको विकास र समृद्धिका लागि कोही पनि पक्ष र विपक्षको नभइ,  एकतावद्ध भएर अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरेका थियौं । आज कर्णालीका जनताले त्यो प्रतिबद्धतालाई व्यवहारमा लागु भएको देख्न चाहान्छन्, हाम्रो मन्त्रालयले कर्णाली प्रदेशका जनताको समृद्धिका लागि रोजगारमूलक र परिणाममुखी काम गर्न आतुर छ । यसका लागि सत्तापक्ष र प्रतिपक्ष दलका सबै माननीयज्यूहरूको रचनात्मक सुझावको निरन्तर अपेक्षा गर्दछु । माननीयज्यूहरूको महिला सहकारीलाई प्राथमिकता दिनुपर्ने, सम्भाव्य स्थानलाई तरकारी पकेट क्षेत्रका रूपमा विकास गर्नुपर्ने, कार्यक्रमले सम्वोधन गर्न छुटेका पालिकाहरूलाई सम्वोधन गर्नुपर्ने जस्ता माननीयज्यूहरूको महत्वपूर्ण सुझावहरूलाई ग्रहण गर्दै उक्त कार्यक्रमलाई बजेट विनियोजनका क्रममा सम्वोधन गर्ने प्रतिबद्धता जाहेर गर्दछु । यसका साथै प्राङ्गारिक मल र जैविक विषादी उत्पादनलाई प्रादेशिक स्तरका साथै अर्गानिक विशेष जिल्लाहरू तथा पालिकाहरूमा यसै वर्षदेखि कार्यक्रमको सुरूवात गरी कार्यान्वयन गरिने कुरा अवगत गराउन चाहन्छु । चालु आर्थिक वर्ष २०७४/०७५ बजेट कार्यान्वयनका सन्दर्भमा हामीसँग कार्यान्वयनको संरचनाको अभाव भएको कुरा सर्वविदित्तै छ । कार्यक्रम कार्यान्वयनका लागि संघीय कार्यालयहरूसँग सहयोग लिनुका

साथै कर्मचारी समेत खटाएको जानकारी गराउन चाहन्छु । बजेट कार्यान्वयन गर्ने क्रममा धेरै अवरोध, चुनौती, कठिनाइ र अवसर पनि प्राप्त गरेका छौं । त्यो अनुभव र सिकाइले आगामी वर्षका लागि थप उर्जा मिल्नेछ भन्ने विश्वास लिएका छौं । चालु आर्थिक वर्ष २०७४/०७५ को बजेट कार्यान्वयनका सन्दर्भमा निर्वाचन क्षेत्र केन्द्रित कार्यक्रमका लागि माननीयज्यूहरूको सिफारिससहित आवश्यक पर्ने मापदण्ड बनाइ, माननीयज्यूहरूकै अपनत्व हुने गरी कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउने उद्देश्य लिएका थियौं । कामको अभ्यासका क्रममा हुन गएका कमी कमजोरीहरूलाई महसुस गर्दै आगामी दिनको लागि सिकाईको रूपमा लिन कुनै कन्जुस्याई हुने छैन । हाम्रो काँधमा कर्णाली विकास र समृद्धिको लागि निकै ठूलो जिम्मेवारी आइपुगेको छ । त्यसलाई पूरा गर्न कडा मेहनतका साथ लागी पर्नुपर्ने छ । कर्णालीको गरिबीको सुचक हटाइ जनताको जीवनस्तरमा सुधार गर्न हाम्रो मन्त्रालय, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको मूलमन्त्रअनुसार कृषिलाई व्यावसायीकरण, विविधीकरण, आधुनीकरण र बजारीकरणका साथै सहकारीका माध्यमबाट रोजगारीका अवसरहरू सिर्जना गरी अगाडि बढ्ने प्रतिबद्धता जाहेर गर्दछौं । अन्त्यमा कार्यक्रम र बजेट निर्माणका लागि सल्लाह,सुझाव, सहयोग र मार्गनिर्देशन गर्ने, माननीय मुख्यमन्त्रीज्यू, सभामुखज्यू, अर्थमन्त्रीज्यू, उपसभामुखज्यू, मन्त्रीज्यूहरू, प्रतिपक्ष दलका नेताज्यूहरू, सम्पूर्ण माननीयज्यूहरू र सम्पूर्ण सरोकारवाला निकायहरूप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु । यससँगसँगै अगाडि मन्त्रीज्यूले पनि भनिसक्नु भयो, आज हामीले बिहानको क्याविनेटको बैठकमा ब्रेक डाउन नभएका सबै कार्यक्रमहरू ब्रेक डाउन गरेर, मन्त्रालयगत आफ्नो आफ्नो मन्त्रालयको तर्फबाट बजेटसहितको योजना तथा कार्यक्रम पुस्तिका प्रकाशन गर्ने कुरामा हामीले जानकारी गराउन चाहन्छु । त्यसमार्फत् माननीयज्यूहरूका सबै चिन्ता र भावनाहरूलाई सम्वोधन गर्ने कुरालाई पून व्यक्त गर्दै धन्यवाद दिनु चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- अब म सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय, सम्मानित सदनका माननीय सदस्यज्यूहरू, सर्वप्रथम आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रम अन्तरगतको बजेटमा छलफल भयो । विषयगत मन्त्रालयका विषयमा माननीय सदस्यज्यूहरूले सम्मानित सदनमा उठाउनु भएका भावनाहरू, हामीलाई दिनु भएका सुझावहरू, अत्यन्तै सकारात्मक, अत्यन्तै कन्सट्रक्टिभ, अत्यन्तै प्रोडक्टिभ, अत्यन्तै रचनात्मक छन् । यी सुझावहरूलाई हामीले कर्णाली प्रदेश सरकार र हाम्रा विषयगत मन्त्रालयहरू २०७५/०७६ बजेट कार्यान्वयनको बेला मार्गनिदर्शनको रूपमा ग्रहण गर्ने कुरामा प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु । अत्यन्तै भ्यालुएवल सुझाव र सल्लाहका निम्ति माननीय सभामुखज्यूमार्फत् सम्मानित सदनका माननीय सदस्यज्यूहरूलाई हार्दिक

धन्यवाद पनि दिन चाहन्छु । वास्तवमा हामी संघीयताको पहिलो चरणमा छौं । संघीयता कार्यान्वयनको पहिलो अभ्यासमा छौं । तर हामी प्राय नयाँ अनुहार संसदभित्र प्रवेश गरेका छौं । संरचना पनि नयाँ छन्, बजेट पनि नयाँ ढङ्गले ल्याएका छौं । तर पनि अत्यन्तै सुझबुझका साथ अत्यन्तै अनुभवका साथ जुन कर्णाली प्रदेशको सरकार र यो संसदले लिएको एउटा अभिष्ट छ, लक्ष्य छ, सामाजिक न्यायसहितको समृद्धि प्राप्त गर्ने, समृद्ध कर्णाली निर्माण गर्ने जुन लक्ष्यका साथ माननीय सदस्यज्यूहरूले हामीलाई सुझाव प्रदान गर्नुभएको छ । यी सुझावहरूलाई मैले फेरि पनि प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । सामाजिक विकास मन्त्रालय, जो मैले नेतृत्व गरिरहेको छु, सामाजिक विकास मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६को कार्यक्रमहरू कार्यान्वयन गर्दा अक्षरांश पालना गर्ने र माननीयज्यूहरूले दिएकै स्पिडमा, यहाँहरूले दिएको सुझावमा मार्गनिर्देशन हुँदै अगाडि बढ्ने कुरामा वचन व्यक्त गर्न चाहन्छु । यसपछि माननीय सदस्यज्यूहरू जानकार हुनुहुन्छ, कर्णाली प्रदेशका असीमित आवश्यकताहरू छन्, अविकासको अवस्था छ, धेरै सुचकहरू हेर्ने हो भने हामी धेरै पछाडि छौं, मैले नेतृत्व गर्ने मन्त्रालयले शिक्षा, स्वास्थ्य, महिला बालबालिका, श्रम रोजगार, युवा, खेलकुद, भाषा संस्कृति, खानेपानी सरसफाईलगायतका ५-७ वटा जिम्मेवारीहरू छन् । जिम्मेवारीका सूचकहरू हेर्ने हो भने अत्यन्तै दयनीय छ । यहाँहरू जानकार हुनुहुन्छ, हाम्रो देशको साक्षरता दर ७१ प्रतिशत भइरहँदा कर्णाली प्रदेशको साक्षरता दर ५८ प्रतिशत मात्रै छ । माननीयज्यूहरू जानकार हुनुहुन्छ, यो देशको औसत आयु ६९ वर्ष भै रहँदा हाम्रो प्रदेशको औसत आयु ६५ वर्ष मात्रै छ । यो देशमा २३ प्रतिशत गरिबीको रेखामुनि जनता भइरहँदा यो प्रदेशमा ५२ प्रतिशत नागरिकहरू गरिबीको रेखामुनि छन् । बाल मृत्युदर, मातृ मृत्युदरलगायतका धेरै सूचकहरू हेर्ने हो भने हाम्रै देशको ३ नं. प्रदेशको भन्दा करिब ७० वर्षको फरकमा छ । यति फरक र यति पछाडि हामी छौं, तै पनि हामी आशातित छौं, हामीसँग प्रबल सम्भावनाहरू छन्, हामी सम्भावनालाई सम्वोधन गर्ने गरी बजेट ल्याएका छौं । असीमित आवश्यकता बाबजुद सीमित बजेटलाई व्यवस्थापन गर्नु त्यतिकै चूनौतीपूर्ण थियो माननीय सदस्यज्यू, त्यसका बाबजुद पनि हामीले यसलाई व्यवस्थापन गर्ने कार्यमा जुटिरहेका छौं ।

माननीय सदस्यज्यूहरूलाई हाम्रो मन्त्रालयमा विनियोजित भएको बजेट र केन्द्रीय सरकारबाट आएको सशर्त अनुदानका अङ्क पनि जानकारी गराउन म मेरो कर्तव्य ठान्दछु, त्यही भएको नाताले यो प्रदेशमा करिब २८ अर्ब बजेट प्रस्तुत गरका छौं । जसमध्ये १ अर्ब ७९ करोड ६९ लाख ५४ हजार सामाजिक विकास मन्त्रालयलाई अर्थात कुल बजेटको ६.३५ प्रतिशत बजेट प्राप्ति भएको छ । त्यसैगरी यसलाई पूँजीगततर्फ धेरै खालको सामाजिक विकास भएको मन्त्रालय हुँदाहुँदै पनि सबै क्षेत्रका शिक्षा, स्वास्थ्य, खेलकुद सबै संरचनाहरूलाई पूँजीगत बजेटमा प्राथमिकता दियौं र भौतिक पूर्वाधारको निर्माणमा जोड दियौं भनेर कुल बजेटको १ अर्ब १७ करोड ५ लाख रूपैयाँ अथवा कुल

बजेटको ६५.१४ प्रतिशत बजेट चाहिँ पूँजीगततर्फ नै विनियोजन गरेका छौं । त्यसैगरी ६२ करोड ६४ लाख ५४ हजार रूपैयाँ चालुतर्फ व्यवस्था गरिएको छ, त्यो प्राप्त गरेको ३४.८६ प्रतिशत हुन आउँछ । त्यसैगरी माननीय सदस्यज्यूहरूलाई सशर्त अनुदानबाट प्राप्त रकम पनि जानकारी गराउँदा उचित हुन्छ भन्ने मैले ठानेको छु । हाम्रो मन्त्रालयमा कुल ८७ करोड ८ लाख ६९ हजार रूपैयाँ संघीय सरकारबाट सशर्त अनुदानको रूपमा प्राप्त भएको छ । त्यसमध्ये पूँजीगततर्फ १ करोड ६२ लाख सात हजार मात्रै छ, बजेटको यस्तो रेसियो छ र चालुतर्फ ८५ करोड ८६ लाख ६२ हजार रूपैयाँ छ । त्यो स्वास्थ्य क्षेत्र र शिक्षा क्षेत्रका कार्यक्रमहरू छन् । जस्तै माननीयज्यूहरूले पाठेघरको कुरा उठाउनु भएको छ । ६५ लाख पाठेघरकै क्याम्प चलाउने गरी आएको छ । यस्तै थुप्रै खालका कामहरू बढि आएको हुनाले यो चाहिँ चालु तिर सशर्त अनुदान चाहिँ बढि केन्द्रित गरेर केन्द्रीय सरकारले पठाएको अवस्था हो । सम्मानित सदनमा माननीय सदस्यहरूको जानकारीको लागि यहाँ राखें । केही हाम्रो मन्त्रालय सम्बन्धमा सुझावहरू माननीयज्यूहरूले दिनुभएको छ । छात्रवृत्तिको व्यवस्था हामीले गरेका छौं, छात्रवृत्ति अलिकति छरियो कि, अथवा त्यो नीति र कार्यक्रम आयजस्तो स्पष्ट भएन कि भन्ने खालको माननीय सदस्यहरूको जिज्ञासा थियो । स्पष्ट रूपमा व्यवस्था गरेको छु, १०० जना, छोरी बुहारी छात्रवृत्तिको नाममा विशेष गरी एसइइ पास गर्नुभयो, उहाँहरूले आफ्नो क्राइटेरिया पास गरेपछि प्राविधिक शिक्षा पाउनुहुनेछ । महिलाहरूलाई प्राविधिक शिक्षा तिर जोड दिने, रोजगारी सिर्जना गर्ने, अर्को तिर महिलाहरूलाई अधिकार सम्पन्न बनाउने, आर्थिक रूपमा शैक्षिक रूपमा सम्पन्न भए भने अधिकार सम्पन्न हुन्छन् भन्ने हाम्रो धारणा हो । त्यसै गरी अन्य दलित, पिछडिएका क्षेत्र, द्वन्द्व प्रभावित, द्वन्द्व पीडित सम्पूर्णका लागि पनि छात्रवृत्तिको व्यवस्था गरेका छौं । त्यो भएको हुँदा अलि छरिएको जस्तो देखिएको होला, खर्च गर्दा राम्रो र पारदर्शी हुन्छ भनेर, एउटै छात्रवृत्तिलाई पनि फरक फरक ढङ्गले राखेको हुनाले माननीयज्यूको जिज्ञासा जहाँसम्म लाग्दछ मेटिन्छ । हामीले यो उचित कार्यविधि बनाएर उचित मापदण्ड बनाएर यो छात्रवृत्तिलाई वितरण गर्ने कार्यक्रम चाहिँ सामाजिक विकास मन्त्रालयले अवलम्बन गर्नेछ । यसैगरी बजेट विनियोजित अलि परम्परागत भयो कि भन्ने माननीयज्यूहरूको आवाज थियो, मेरो विचारमा यीमाथि भनिएका कुराहरूले नै जवाफ पुग्छ जस्तो लाग्दछ । संघले यो १ करोड पूँजीगतमा पठाएर ८५ करोड चालु खर्चमा पठाएको छ, तर हामीले हाम्रो मन्त्रालयको स्वभाव नै पूँजीगत तिर करिब ६६ प्रतिशत बजेटको व्यवस्था गरेका छौं । यो परम्परागत नभएर कर्णाली प्रदेशको समृद्धि तिर लक्षित भएको बजेट जस्तो मलाई लाग्दछ । माननीयज्यूहरूलाई पनि त्यो कुरा फिलिङ्ग भैसकेको कुरा मैले अनुभूति गरेको छु । त्यसै गरी दुर्गम क्षेत्रमा विशेषज्ञ डाक्टरहरू जान तिर व्यवस्था गरिएन कि भन्ने माननीयज्यूहरूको धारणा थियो । यसमा उचित व्यवस्था गरिएको छ, माननीय सदस्यज्यूहरू, किनभने कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा

४१ जना विशेषज्ञ डाक्टरहरू हुनुहुन्छ, मैले त्यहाँको टिमलाई भनेको छु, हामीले ४ करोडमध्ये १ करोड चाहिँ सशर्त अनुदानबाट प्राप्त भएको छ, ३ करोड हामीले नै व्यवस्था गरेर, ४ करोड विभिन्न जिल्लाहरूमा गाइनोक्लोजिष्टलगायत अरू विशेषज्ञ डाक्टरहरू राख्ने व्यवस्था गर्नका निमित्त यो बजेट विनियोजन गरिएको हो, ती भनेका दुर्गम जिल्लामा नै हुन्, ती भनेका पछाडि परेका विपन्न वर्गका जनताहरूको सेवाको निमित्त हामीले व्यवस्था गरेका छौं । मेडिकल क्याम्प र विशेषज्ञ क्याम्पको पनि व्यवस्था गरेका छौं, विशेषज्ञहरूले गाउँ गाउँमा गएर क्याम्पबाट स्वास्थ्य सेवा दिनुहुन्छ । माननीय सभामुखज्यूमार्फत् सम्मानित सदनमा यो व्यवस्था गरिएको कुरामा जानकारी गराउन चाहन्छु । माननीय सभामुख महोदय, यसै गरी मैले अघि पनि भने माननीयज्यूले पाठेघरको विषय यहाँ आएन भनेर भन्नु भएको थियो, हामीले त्यसको पनि व्यवस्था गरेका छौं, संघबाट पनि सशर्त अनुदानबाट ६५ लाख आएको छ, हामीले महिलाहरूको पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग गर्ने क्याम्पको कार्यक्रम पनि बनाएका छौं, स्क्रिनिङ्गको क्रममा आएका महिलाहरूको उपचार गर्ने व्यवस्था पनि गरेका छौं, उचित ढङ्गले बजेटको व्यवस्था गरिएको कुरा सम्मानित सदनमा जानकारी गराउन चाहान्छौ ।

यहाँ आवासीय विद्यालयको बजेट दोहरियो भन्ने कुरा उठेको छ । यो कुरामा म प्रष्ट पार्न चाहन्छु, यो भन्दा अगाडि पनि संचालित हिमाली आवासीय विद्यालय भन्ने छन् । यसलाई थोरै थोरै अनुदान दिने गरेका छौं, हजुर पनि जानु होला, हुम्ला जिल्लाकोमाथिल्लो भूभाग याल्वाङ्गमा एउटा विद्यालय संचालनमा छ । त्यहाँ हुम्लाका मात्रै नभएर मुगुका विद्यार्थीहरू पनि अध्ययनरत छन् । त्यहाँ अध्ययनरत विद्यार्थीहरू, उनीहरू खान कहिले सातु, कहिले आलु त कहिले के खानुपर्ने पनि अवस्था छ, किनभने उनीहरूलाई होस्टेल संचालनको व्यवस्था छैन । त्यस्तै डोल्पा जिल्लाकोमाथिल्लो भागमा पनि अत्यन्तै राम्रो छात्रावास संचालित छ । मेरो विचारमा मुगुकोमाथिल्लो भागमा पनि संचालित होला, मलाई जानकारी छैन, माननीयज्यूहरूलाई जानकारी होला । यस्ता विद्यालयहरूलाई केही थोरै भएपनि अनुदानको व्यवस्था गरेको हो । अर्को कुरा हिमाली आवासीय स्कुलका लागि डिपिआर बनाउने अध्ययन गर्नुपर्ने भएको हुनाले त्यो टपिक्स व्यवस्थित गरिएको छ र अर्को केही डिपिआर भै सकेको ठाउँहरूमा स्कुल नै लगाउनका लागि अगाडि बढ्न खोज्दा यो तीन ठाउँमा व्यवस्था भएको हुँदा माननीय सदस्यज्यूहरूले अलि बढि देख्नु भएको होला । मेरो आग्रह छ, त्यो स्पष्ट उल्लेख छ, पारदर्शी ढङ्गले उल्लेख भएको हुँदा खर्च गर्दा सजिलो हुन्छ भन्ने मान्यता मैले राखेको छु । यही सदनमार्फत् माननीय सदस्यहरूलाई म आग्रह गर्न चाहन्छु ।

त्यसैगरी सुलभ औषधी पसलको व्यवस्था हामीले गरेका छौं, एकदमै पछाडि परेका वर्ग र समुदायहरूलाई सम्वोधन गर्ने गरी पाइलटिङ्गको रूपमा सुरूवाती चरणमा केही जिल्लाहरूमा जहाँ सरकारी औषधी पसलहरू छैनन्, जहाँ औषधी पसलहरू छैनन्, त्यस्ता प्राथमिक स्वास्थ्य चौकी र अस्पतालमा सुलभ औषधी पसलहरू राखि दिएर गरिब विपन्न

जनताले औषधीको मोलमा मात्रै औषधी किनेर खान सक्छन् होला भनेर त्यो खालको व्यवस्था गरिएको कुरा म माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु ।

बजेट वितरणमुखी भयो कि भन्ने माननीयज्यूहरूको जिज्ञासा थियो, मलाई लाग्दछ,माथि पनि भनिसक्या छु, वितरणमुखी छैन, यस्को स्वभावैले के भने विभिन्न समुदाय, विभिन्न वर्गको चाहिँ कुराहरू जोडिएको मन्त्रालय हो र नेपालको संविधानले व्यवस्थित गरेका मौलिक अधिकारहरू, राज्यका नीति र सिद्धान्तहरूलाई कार्यान्वयन गर्ने पहिलो मन्त्रालय पनि यही हो । शिक्षाका कुराहरू यहाँ छन्, स्वास्थ्यका कुराहरू छन्, श्रमका कुराहरू छन्, महिला तथा बालबालिकाका कुराहरू छन्, सडक बालबालिकाहरूका कुरा छन्, अपाङ्गता भएका मान्छेहरूका कुरा छन्, दलितका कुराहरू छन्, पछाडि परेका वर्ग र समुदायका मुद्दाहरू सम्वोधन गर्नुपर्ने मन्त्रालय भएको नाताले केही रूपमा बजेटको व्यवस्था नगरी रहन सकिदैन्थ्यो । त्यसका लागि व्यवस्था गर्दा अलि छरिरहेको जस्तो माननीय सदस्यज्यूहरूलाई अनुभूति भएको हुनसक्दछ । मलाई के लाग्दछ भने, ६६ प्रतिशत बजेट पूँजीगतमा छुट्याएर राखिएको हुँदा यो छरिएर आएको नभएर डल्लै परेर आएको हो । सिङ्गो समृद्धिसँग गाँसिएको भन्ने म माननीय सदस्यज्यूहरूलाई राख्न चाहन्छु ।

यसै गरी रङ्गशाला र संग्रहालयमा धेरै भयो कि भन्ने थियो । माननीय सदस्यज्यूहरूलाई आग्रह गर्न चाहन्छु, अर्जेन्टिनाको राष्ट्रपति को हुन् भनेर सोद्धा मलाई थाहा छैन, तर अर्जेटिनाको खेलाडी को हुन भन्दा मेस्सी हुन् भनेर हामी सबैलाई थाहा छ । खेल क्षेत्र यस्तो क्षेत्र हो जस्ले अन्त्यराष्ट्रिय रूपमा छिटो भन्दा छिटो राष्ट्रको पहिचान दिन सक्दछ । यदि हामीले मर्यादित, व्यवस्थित र पुनरसंरचनागत व्यवस्था गरेर खेलाडी उत्पादन गर्न सक्यौं भने त्यसले अन्त्यराष्ट्रिय जगतमा जसरी सगरमाथा र गौतम बुद्धले संसार भरि देशको नाम चिनाएका छन्, त्यसै गरी खेल क्षेत्रद्वारा, हाम्रो जस्तो हावापानी मिलेको प्रदेशमा चाहिँ खेलाडीको विकास गर्न सक्छौं भनेर केही बजेट व्यवस्था गरेका छौं । अझै पनि म के अनुमति माग्न चाहन्छु भने, अर्को वर्ष फेरि पनि थप गरेर एकदम प्रदेशको राम्रो रंगशालाको निर्माण गर्नु जरूरी छ र आवश्यक छ भनेर भन्न चाहन्छु । संग्रहालय पनि हाम्रो धरोहरहरू हुन् । किन भने हाम्रो समाज हाम्रो संस्कृति हाम्रो परम्परा, हाम्रो भाषा र कलाको रेफ्लिकेशन गर्ने ठाउँ संग्रहालय नै हो । हामीले पर्यटनलाई जोड दिँदा पर्यटकहरू संग्रहालय हेरेर जान्छन् । त्यसकालागि पनि प्रादेशिक संग्रहालय, दुल्लुमा पनि संग्रहालय,माथि सिंजाको खस संग्रहालयको रूपमा विकास गर्दै जाने अन्य भाषा र संस्कृतिको संग्रहालयलाई पनि विस्तार गर्दै जाने हाम्रो लक्ष्य भएको हुनाले त्यो खालको व्यवस्थापन गरिएको म माननीय सदस्यहरूलाई आग्रह गर्न चाहन्छु । त्यस्तै गरी दलित छात्रावास, किन यसलाई सेप्रेशन गर्नुहुँदैन भनेर माननीय सदस्यज्यूले उठाउनु भएको थियो । अहिले त समावेशी समाज भन्दै छु, किन छुट्याउनु हुन्छ भनेर भन्दा खेरि संघीय सरकारको बजेटबाट एउटा छात्रावास बनिसकेको अवस्था

रहेछ, तल बन्यो तरमाथि ढलान नै भएको छैन । समस्या के रहेछ भने, दलित समुदायका भाइबहिनीहरू यहाँ पढ्न आउँदा खेरि कोठा भाँडामा नपाउने भएको हुँदा त्यस छात्रावासको व्यवस्था गरिएको हो भनेर भन्नु भयो । त्यसो हो भने हामीले यसकोमाथि ढलान गरेर अलिकति फिनिसिङ्ग गरियो भने अलिकति बस्न मिल्ने व्यवस्था गरिदियो भने राम्रै होला भनेर त एउटा प्रदेश तहमा त्यो व्यवस्था गरिएको हो माननीय सदस्यहरू खासै यसमा अरूकेही मनासय छैन ।

महिनावारीलाई कसरी व्यवस्थापन गर्ने, एक्काइसौं शताब्दीमा पनि यो प्रदेशमा लाजलाग्दो अवस्थामा आएको छ, छाउपडी प्रथालाई कसरी सम्मानजनक ढङ्गले व्यवस्थित गर्ने, हाम्रो समाजमा कसरी यसलाई स्थापित गर्ने भनेर यो ल्याइएको हो । यो राष्ट्रिय कार्यक्रम नै हो, यो त राष्ट्रिय अभियान नै हो, मर्यादित महिनावारी भन्ने त्यो भएको हुँदा यसलाई पनि अन्यथा नसोची दिनुहुन आग्रह गर्न चाहन्छु ।

त्यसपछि यो शिक्षा पूर्वाधारमा बढि केन्द्रित भयो, गुणस्तर सुधारमा अलिकति ख्याल भएन कि भन्ने माननीय सदस्यहरूको जिज्ञासा थियो । मलाई के लाग्दछ भने, पूर्वाधार पनि गुणस्तर सुधारका निम्ति हो, गुणस्तर सुधारका लागि पनि हामीले ध्यान दिएका छौं । शिक्षालाई सकेसम्म बढि, साधारण शिक्षामा भन्दा बढि प्राविधिक शिक्षामा विभिन्न कार्यक्रमहरू ल्याउने, विभिन्न सिपमूलक कार्यक्रमहरू पनि ल्याउने, त्यस पछि व्यावसायिक शिक्षा, सिपमूलक शिक्षा, प्राविधिक शिक्षामा उच्च शिक्षासम्म जोड दिँदै जाने सरकारको कार्यक्रम भएको नाताले माननीय सभामुख महोदयमार्फत् सम्मानित सदनका माननीय सदस्यज्यूहरूलाई म यो आग्रह गर्न चाहन्छु ।

त्यसै गरी हिंसा पीडित महिलाहरूका लागि शीर्षक फरक भन्ने थियो । माननीयज्यूहरूलाई पनि थाहा छ, त्यसको सेवा चाहिन्छ, त्यहाँ बसेका महिला दिदिबहिनीहरूलाई कानूनी उपचार दिनुपर्ने हुन्छ । त्यहाँ बसेका महिला दिदिबहिनीहरूलाई सिप र श्रमसँग जोड्नुपर्ने हुन्छ । त्यसो भएको हुँदा दुई तीनवटा टपिकमा कार्यक्रम ल्याएर स्पष्ट बनाइदिएको हो, माननीय सदस्यज्यूहरू, यो समग्रमा हो सामाजिक विकासको मात्र होइन । त्यसपछि अलिकति बजेटले फरक मनोविज्ञान तय गर्यो कि भन्ने थियो, मेरो विचारमा साझा मनोविज्ञानको लागि तय गरिएको छ । हामीले साझा मनोविज्ञानको कर्णाली प्रदेश हुनाले पुरै हाउसले सर्वसहमतले राजधानी तय गर्यौं, सर्वसहमतले कर्णाली प्रदेशको नामाकरण गर्यौं, झनै हाम्रो समृद्धिको यात्रा, झनै साझा मनोविज्ञानको यात्रा तय गरेको म सम्मानित सदनमार्फत् माननीय सदस्यज्यूहरूलाई अवगत गराउन चाहन्छु ।

त्यसै गरी जुम्लामा आवासीय छात्रावास छुट्यो भन्ने माननीय सदस्यज्यूको कुरा थियो, हामीले हिमाली पाँचै जिल्लामा आवासीय छात्रावासहरूको अध्ययन गर्ने, आवासीय विद्यालयको अध्ययन गर्ने भनेर बजेट छुट्याएका छौं तर निर्माण गर्ने बजेट अभाव भएको हुँदा ४ जिल्लामा मात्रै छुट्याएका छौं । यही बीचमा रकम बचेको खण्डमा त्यस

जिल्लालाई पनि समेट्ने गरी हामीले योजना बनाउने छौँ । सकिएन भने केटिएसलाई स्तरोन्नती गर्ने भन्ने एउटा कार्यक्रम राखिएको हुनाले त्यसलाई अर्को वर्ष सम्वोधन गरौंला भनेर त्यसरी व्यवस्था गरिएको म माननीय सदस्यज्यूलाई अनुरोध गर्दछु ।
अनि केही बजेट दोहरिएको, केही कार्यक्रमहरू दोहरिएका भन्ने छन्, स्पष्ट रूपमा उल्लेख गरिएको छ । उस्तै उस्तै प्रकृतिका देखिए पनि कार्यक्रमका स्वभावहरू अलि फरक छन्, त्यसो भएको हुँदा माननीय सदस्यहरूज्यूहरूलाई चाहिँ यसतर्फ बजेट केन्द्रित भएको कुरामा, म आग्रह गर्न चाहन्छु । अघि पनि माननीय सदस्यले भनि सक्नुभएको छ, माननीय मुख्यमन्त्रीज्यूले अन्तिममा सम्वोधन गरेर भन्नु नै हुनेछ । अलिकति हामीलाई संरचनाको अभाव छ, कानूनको अभाव छन्, ऐनका अभाव छन्, माननीय सदस्यज्यूहरूको समग्र माग पनि के छ भने, छिटो संरचना बनाउनुहोस्, बजेट कार्यान्वयन गर्नुहोस् भन्ने थियो । हामी स-सम्मान यहाँहरूको भावनालाई कदर गर्दै छिटो भन्दा छिटो ऐन, कानून, नीति तथा संरचना बनाउने प्रयत्नमा छौँ । संघीय सरकारका सामान्य प्रशासन मन्त्रीले पनि भनिसक्नु भएको छ, २०-२२ गतेभित्र हामीले सबै संरचना हस्तान्तरण कार्यक्रम अगाडि बढाउने वाला छौं, सम्भवतः केही संघीय संरचना हामीलाई हस्तान्तरण भए भने थप संरचना बनाउन निम्ति हामी अगाडि बढ्दा राम्रो होला भनेर प्रदेश सरकारले आफ्नो कार्यक्रम चाहिँ अगाडि बढाएको कुरा सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।
त्यसैगरी माननीय मन्त्रीज्यूले भनिसक्नु भएको छ, बिहानको क्याविनेटले, प्रत्येक मन्त्रालयका ब्रेकडाउन हुन बाँकी कार्यक्रमहरूलाई ब्रेकडाउन गरेर स्पष्ट रूपमा निर्वाचन क्षेत्र, पालिका र स्थानीय तह सबैलाई व्यवस्थित गरेर, बजेट पनि छुट्याएर, हाम्रो लक्ष्य निर्धारण गरेर छिटो भन्दा छिटो माननीय सदस्यज्यूहरूलाई वितरण गर्ने, आफ्नो निर्वाचन क्षेत्रमा जाँदा खेरि हाम्रो यो हो भन्ने हजुरहरूको ओनरशिपसहित, अपनत्वसहितको विकास मोडेलमा हामी जानुपर्दछ भनेर त्यो कुरा व्यवस्था गरिसकेको छ । अन्त्यमा म के भन्न चाहन्छु भने, माननीय सभामुखज्यूमार्फत् विकास भनेको एकजना मन्त्रीले गर्ने, एकजना माननीयले गर्ने भन्दा पनि विकासको सैद्धान्तिक चिज नै के हो भने, कलेक्टिभ इफोर्टबाट सबैको साझा प्रयत्नबाट विकास सम्भव छ । न पक्ष, न विपक्ष, न संसद, न मन्त्री, न कर्मचारी सबै साझा ढङ्गले लाग्यौ भने एउटा महाअभियानमा साझा सङ्कल्पका साथ अगाडि बढ्यौं भने कर्णाली प्रदेशको जुन सपना छ, सामाजिक न्यायसहितको समृद्धि प्राप्त गर्ने जुन सपना छ, हामीले छिटो भन्दा छिटो हाँसिल गर्न सक्दछौं । माननीय सदस्यज्यूहरू अरू प्रदेश लक्ष्यमा पुग्नका निमित्त, उनीहरू विस्तारै हिडे पनि पुग्न सक्दछन् तर कर्णाली प्रदेशको सरकार र संसद फास्टट्रयाकबाट दौड्नु जरूरी छ । जसले हामीले छिटो भन्दा छिटो हाम्रा प्राकृतिक स्रोत र साधनलाई परिचालित गरेर हामीले समृद्धिको यात्रा तय गर्न सक्छौं भन्ने म आग्रह गर्दै सम्मानित सदनमा माननीयज्यूहरूले दिनुभएका भावनाहरू,

यहाँहरूले दिनुभएका सुझावहरूलाई उचित ढङ्गले सम्वोधन गर्ने र एउटा मार्गदर्शक सिद्धान्तको रूपमा अगाडि बढाउने प्रण गर्दै, वचन व्यक्त गर्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** अब आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, हामी यो कर्णाली प्रदेशको फुलफ्लेजको बजेट सार्वजनिक भैसके पछि वार्षिक विकास बजेट, वार्षिक विकास योजनाका सन्दर्भमा हामी छलफलको प्रकृयामा जुटेका छौं । हामी मन्त्रालयगत रूपमा माननीय संसदज्यूहरूले जाहेर गर्नु भएका मतहरू, रायहरू, सुझावहरू, जिज्ञासाहरू सम्वोधन गर्ने प्रयत्न गरिरहेका छौं । माननीय सभामुख महोदय, जटिल र कठिन ठानिएको यो राजधानी र नामाकरणको टुङ्गो लगाएर कर्णाली प्रदेशले बाँकी प्रदेशलाई समृद्धि पथको आफू अगुवा भएको संदेश स्पष्ट रूपमा प्रवाह गर्यो । पिछडिएको उपमाले चर्चित यो प्रदेश आफ्नो निर्णय क्षमताको कारणले चर्चाको केन्द्र बन्न सफल भयो । बाँकी प्रदेशहरू गन्तव्य पहिल्याउन नसकेर कुहिरोको काग बनिरहँदा यसले नयाँ वर्षको आगमन सँगै भुस्वर्ग रारामा सम्माननीय प्रधानमन्त्री केपी ओलीज्यूको प्रमुख आतिथ्यतामा कर्णाली रारा पर्यटन वर्ष २०७५ को औपचारिक समुदघाटन गरेर समृद्ध, विकसित र आधुनिक कर्णाली प्रदेश निर्माणमा हामी अलमलिएका छैनौं भन्ने उद्घोष गर्यो । चाहे त्यो डिजिटल प्रदेशको नाममा होस्, त चाहे अर्गानिक प्रदेशको नाममा, कहिले श्रम अभियान संचालन गरेर होस् वा शनिबार क्याविनेट बैठक बस्ने निर्णय नै गरेर किन नहोस्, विकास समृद्धिको प्यासले काकाकुल जनतालाई आश्वास्त पार्ने अठोट गरिरहेको छ । यही प्रवाहमा आन्तरिक मामिला तथा कानून मन्त्रालय समाहित भएको सहर्ष अवगत गराउन चाहन्छु । हामीहरू यो दाबी गर्दैनौ कि कर्णाली प्रदेश सरकारले सम्पादन गरेका सबै कार्यहरू सही छन्, निर्विवाद छन् । हामी नयाँ बाटोमा कुदिरहेका छौं, हरेक नयाँ प्रारम्भहरू पिडा दायी हुन्छन् । गल्ती हुने डरले चुपचाप बस्दा समयको ट्रेनले कुनै स्टेशनमा छोडी दिन्छ । हाम्रो गन्तव्य मृगतृष्णा बनिदिन्छ । हामीलाई विश्वास छ, हामीले गरेका गल्तीहरू, हामीले सच्याउन सकेनौं भने, अर्को पुस्ताले वा अरू कसैले अर्थात खास गरी तपाईंहरू माननीय संसदज्यूहरूले सच्याइ दिनु हुने छ । हामीले समयको ट्रेनले स्टेशनमा अलपत्र पारिदिने बिडम्बनाबाट उन्मुक्ति मिल्नेछ । हामीले नेतृत्व गरेको मन्त्रालयले प्रस्तुत गरेको वार्षिक विकास योजनामा देखिएका सीमाहरू, सच्याउन तपाईं जनप्रतिनिधिहरूका सुझाव, जिज्ञासा, राय र मतका रूपमा व्यक्त सरोकारहरूलाई बेहिच्किचाहट, बेकन्जुस्याईं रातो कार्पेट बिच्छ्याएर स्वागत गर्न चाहन्छु । माननीय संसदज्यूहरू, खासगरी, हामी तपाईंले जसरी अपेक्षा गरिरहनु भएको थियो, रियलमा रेड बुक नै प्राप्त गर्ने तपाईंहरूको अपेक्षा थियो, मैले अघि नै भनिसके हाम्रा केही सीमाहरू रहे । प्रष्टीकरणका सिलसिलामा माननीय मन्त्रीज्यूहरूले ती सीमाका विषयहरूमा हाम्रा केही कानूनी समस्याहरू, केही संरचनागत समस्याहरूलगायतका यावत

समस्याहरूले गर्दाखेरि तपाईंहरूको रेडबुकलाई रेडबुककै रूपमा हेर्ने र सच्याउने अवसर हामीले प्रदान गर्न सकेनौं । यसका निम्ति हामी क्षमापार्थी छौं । अझ खासगरी हाम्रो मन्त्रालय, अझ हामीले नेतृत्व गरेको मन्त्रालय, अझ ज्यादा संवेदनशील, अझ ज्यादा हिज्टयाटिजिक मन्त्रालय हो । म तपाईंहरूलाई भन्न चाहन्छु, म तपाईंहरूलाई चिन तिर एकचोटी पुर्याउन चाहन्छु, विकास यथास्थितिवादी नजरले देख्ने एक प्रकारको पागलपन हो जस्तो मलाई लाग्दछ । हाम्रो कर्णालीका सन्दर्भमा अझ ज्यादा यो सत्यको नजिक छ । चीनमा १०० वर्ष अगाडि  एकजना चिनियाँले भनेका रहेछन्, हामी कहिले ओलम्पिक आयोजना गर्छौं, हामीले कहिले ओलम्पिकमा भाग लिन्छौं र जित्छौं, चिनियाँ सरकारले बेइजिङ्गको एकजना सर्वसाधारणको चाहनालाई, आकांक्षालाई सम्वोधन गर्ने हेतुले १०० वर्षको योजना बनायो । चीनले ओलम्पिकमा भाग पनि लियो, चिनले ओलम्पिक जित्यो पनि अनि १०० वर्ष पछाडि चीनले ओलम्पिक आयोजना आफ्नै देशमा गर्दियो, त्यो पनि बर्डनिस्ट आकारमा रङ्गशालामा गरिदियो । मतलव विज्ञान र प्रविधिको प्रयोगबाट पानी पारिदियो र रोक्दियो पनि भन्नुको अर्थ हामी स्टाटिजिक डेभलपको स्थितिमा छौं अर्थात यथास्थितिवादी नजरले देख्ने पागलपनको एडभोकेसी हामीले गरिरहेका छौं । हाम्रो मन्त्रालय पनि त्यही दिशा तिर उदगत भएको यहाँहरूलाई म गम्भीरता पूर्वक अवगत गराउन चाहन्छु । मतलब माननीयज्यूहरूले विविध कोणबाट यद्यपी मैले उल्लेख गरेको यथास्थितिवादी नजरले देख्ने पागलपनसँग कति नजिक छ वा कति टाढा छ, म अहिले नै यहाँहरूका बीचमा व्यक्त नगरौं, त्यो प्राक्टिसले पुष्टी गर्ने कुरा हो । मलाई लाग्दछ, यदि हामीसँग त्यो खालको प्यास भएन, त्यो खालको भोक हामीसँग भएन, त्यो खालको ड्रिम हामीसँग भएन । अघि मैले भनेजस्तो समृद्धिको ट्रेनले छोडेको एउटा पथमा हामी भौतारिरहेका हुनेछौं, मृगमरिचीको हालतमा हामी आफ्नो दैनिकी गुजारिरहेका हुनेछौं ।त्यसो भएको हुनाले म त्यो दिशा तिर हामी सबै लक्षित हुनुपर्दछ जस्तो मलाई लाग्दछ । यो कर्णाली प्रदेशले निकै नवीनतम् सन्देशहरू, उत्साहप्रदक सन्देशहरू बाँकी प्रदेशहरूलाई झक्झकाउने गरिकन यसले प्रवाह गरेको छ, तपाईंहरू सबै यसको सारथी हुनुहुन्छ । यसो भएको हुनाले यहाँ माननीयज्यूहरूले जिज्ञासा, राय, मतहरू व्यक्त गर्नुभएको छ, खासगरी कानून तर्जुमा, मानव अधिकार र सूचनाको हकसम्बन्धी अन्त्यरक्रियामा बजेट धेरै भयो कि भन्ने जिज्ञासा छ, सुझाव छ । म यहाँहरूलाई के भन्न चाहन्छु भने यो कानून निर्माणको वर्ष हो । कानून कपि पेष्ट गरेर कानूनको गर्भबाट समृद्धि हाँसिल गर्न सक्दैनौ । हाम्रा इन्टलेक्चुवलहरू कुनै एउटा विकसित राष्ट्रको कपी पेष्ट गर्नु हुन्छ, केही इन्टलेक्चुवलहरू, अथवा केही एक्सपर्टहरू म सबैलाई ब्रेक लगाउन चाँहदैन । अनि उहाँहरूले त्यही खालको हामीलाई ड्राफ्ट दिनुहुन्छ, अनि हामी त्यो ड्राफ्टमा ल्याप्चे लगाउँछु । अनि त्यस पछाडि हामीले समृद्ध र विकसित कर्णाली प्रदेश कसरी हाँसिल गर्न सक्छौं । अर्को तिर हामीले भनेका छौं कि यो वर्ष कानून निर्माणको वर्ष बन्ने छ । मौलिक कानून बनाउने छौं हामी, हामी समृद्धि

मैत्री कानून बनाउँने छौं । कपी पेष्टका लागि धेरै विज्ञताको जरूरी हुँदैन । भाषा अनुवाद गर्ने मान्छे एक जना भए पुग्छ । अर्को कुरा कानूनको अनविज्ञता क्षम्य हुँदैन भन्ने कानूनी सिद्धान्तलाई हामीले यदि डिनोट नगर्ने हो भने हामीले जनताको मन मस्तिष्कसम्म पुर्याउन जरूरी छ । कानून के हो, हामी कुन कानूनबाट निर्देशित छौं, कानूनको अनविज्ञता कसैका निम्ति क्षम्य हुन्छ कि हुँदैन, यो आम बहसको विषय बनाइनु पर्दछ । यसका निम्ति पनि हामीले बजेटको व्यवस्था गरेका छौं ।

दोस्रो कुरा प्रदेश प्रहरी गठन, भौतिक पूर्वाधार निर्माणको जहाँसम्म यहाँ सरोकार राख्नुभएको छ । अहिले भर्खरै मात्रै संघको क्याविनेटले संघीय प्रहरी ऐनलाई सैद्धान्तिक सहमति प्रदान गरेको छ । हाम्रो यो प्रदेश क्याविनेटले पनि प्रादेशिक प्रहरीको सैद्धान्तिक सहमति ऐनका निम्ति हामीले प्रदान गरिसकेका छौं । अब हामी चाहिँ हाम्रो प्रहरी फोर्स निर्माण गर्छौं, हामी छलफल गरिरहेका छौं, निर्माणको प्रणाली दुईवटा हुनेछन् । एउटा मोडल संघले हस्तान्तरण गर्ने, केही प्रहरी जवानहरू थप्ने, केही प्रहरी अफिसरहरू थप्ने र हामीले मोबिलाइज गर्ने, त्यो भनेको उपहारका रूपमा प्राप्त हुने भयो ।

दोस्रो कुरा सशस्त्रको चाहिँ निर्माण प्रक्रियामा मिलिट्रीबाट केही फोर्स लग्यो, केही जनपदबाट लग्यो र केही चाहिँ फ्रेस युवाहरू फोर्समा लग्यो, त्यस्तै हामी चाहिँ कुन मोडालिटीमा जाँदै छौं त, यो मोडालिटीका विषयमा व्यापक छलफल गर्नुपर्नेछ । हामी छिटो भन्दा छिटो प्रहरी फोर्स चाहान्छौ । यहाँहरूलाई म के कुरा प्रष्ट पार्न चाहन्छु भने हामीसँग यदि प्रहरी फोर्स छैन, हामीसँग सेक्युरिटीको कमाण्ड छैन भने हाम्रो यो विकास र समृद्धिको चाहना कुहिरोको काग जस्तो हुन्छ । हामी धेरै टाढा जानुपर्दैन यहींनेर दिल्लीमा गए हुन्छ । भन्नुको अर्थ केजरीवालको ट्रान्सपर्मिशनको उसको क्याम्पियन अहिले ओझेलमा परेको छ । कतै त्यो बहालीएको जस्तो छ, भन्नुको अर्थ दिल्ली प्रहरी भारतको केन्द्रीय सरकारको मातहतमा छ, उसले रूपान्तरणको स्टेप चाल्यो तर दिल्ली प्रहरीले उसलाई डिनाए गरिदियो । एउटा प्रहरी अफिसरलाई एक्सन गर्नसक्ने हैसियत कैजरीवालसँग भएन, चिफ मिनिस्टरसँग, भन्नुको अर्थ नयाँ एउटा धाराको नेतृत्व गरेको योजना, मुख्यमन्त्रीले एउटा अफिसर चलाउन सक्दैन । भन्नुको अर्थ हामीले सोचेको विकसित, आधुनिक र भ्रष्टाचार रहित, विभेद रहित प्रदेश हामीले निर्माण गर्न सक्छौं । त्यसो भएको हुनाले यो सिम्बोलिक बजेट हो, प्रहरी फोर्स गठन गर्नका लागि पनि कार्यक्रम, संसदमा पारित हुने बित्तिकै अरू शीर्षकबाट भए पनि बजेट हामीले ल्याउन सक्छौं, अर्थमन्त्रालयबाट ल्याउन सक्छौं, अरू कुनै बजेटलाई रकमान्तरण गरेर ल्याउन सक्छौं आवश्यक परेको बेला । तपाईंहरूलाई थाहा छ होला, संघमा पनि गृह मन्त्रालयले डिमाण्ड गरेको बजेट, संघीय सरकारले बेहिच्किचाहट साथ दिन्छ । हामी यसरी जान्छौं, यसका लागि त्यो शीर्षक राखिएको हो । अर्को कुरा पूर्वाधारमा जहाँसम्म प्रश्न छ, हामी अहिले चाहिँ प्रदेश प्रहरी हेडक्वार्टरका निम्ति, तालिम केन्द्रका लागि जमिन

र पूर्वाधारको काम गर्नुपर्दछ । प्रहरी चौकीहरू पनि निर्माणको प्रक्रियालाई सँगसँगै लानु पर्दछ भन्ने ठानेका छौं । त्यसो भएको हुँदा एकमुष्ट रकम यसमा राखिएको हो । यसका केही टेक्निकालिटीहरू छन् । यो कुरा हामीले बुझिदिनुपर्यो । फेरि यो सेक्युरिटी मामिला भनेको सेन्सिटिभ मामिला पनि हो, यसमा अलिकति केही प्रिभिलियज पनि दिनुपर्दछ जस्तो मलाई लाग्दछ ।

दोस्रो कुरा सवारी साधन खरिदको सवाल छ जहाँसम्म, बाहिरबाट हेर्दा खेरि एकजना प्रहरीले बर्दी लगाएको छ, पेस्तोल पनि भिरेको छ, उसको हातमा डण्डा पनि छ, उसको टोटल स्टेट उसको कब्जामा छ, तर तपाईंले ड्रेसमा जानु भयो भने प्रहरीसँग एउटा गाडी मर्मत गर्न सक्ने ल्याकत छैन । त्यति धेरै साधन स्रोत विहीनताका बीचबाट उसले सर्भिस डेलीभर गरिरहेको छ । भन्नुको अर्थ हरेक जिल्लामा रहेका १-२ वटा गाडीहरू मध्ये १ एउटा गाडी थन्केको स्थिति, एउटा गाडीले मात्रै हामीलाई सुरक्षाको अनुभूति दिलाउने कोशिस गरिरहेको छ । त्यसो भएको हुँदा हामीले सबै जिल्लामा एउटा एउटा गाडी दिने, अहिले ट्राफिक प्रहरीसँग एउटा पनि गाडी छैन, अस्ति ट्राफिक प्रहरीको चिफ आएर गुनासो गरिरहनु भएको थियो । एक्सिडेन्ट हुन्छ अनि हामीले कसैसँग लिफ्ट मागेर जान्छौ, १० मिनेटमा त्यसठाउँमा प्रहरी पुग्न सक्नुपर्दछ । एउटा जिल्लामा एउटा गाडीले कसरी रेश्क्यु गर्नसक्दछ । त्यसो भएको हुँदा हामीले केही गाडी, जो गाडीको रेट हेर्दा खेरि, मतलब २२ लाख, ३० लाख, ४० लाख, ६० लाख, ८० लाखका गाडीहरू पनि छन्, त्यसो हुँदा खेरि हामीले आवश्यकताका आधारमा गाडी खरिद गर्दछौं, त्यो सार्वजनिक खरिद ऐनबाट गाडी खरिद हुन्छ । कसैले हुकुमका आधारमा, कसैले बक्सिसका आधारमा गाडी प्रोभाइड गर्न दिने होइन, राज्यका आफ्ना प्रचलित कानून, राज्यका प्रचलित नियमहरू छन् । त्यो आधारमा हामीले गाडी खरिद गर्दछौं, त्यस विषयमा यहाँहरूलाई आश्वास्त पार्न चाहन्छु । अनि जहाँसम्म शान्ति सुरक्षा अभियानको कुरा छ । अब हामी सबैलाई थाहा छ कि हामीले खाने भन्दा पनि रक्सीले हामीलाई खाइरहेको छ । हामीले रक्सी खाइरहेका छैनौं, रक्सीले हामीलाई निलिरहेको छ । मदिरा कसरी कन्ट्रोल गर्ने र जुवातासदेखि लिएर कालो बजारी नियन्त्रणको कुरा पनि छ । त्यसै गरेर अन्य विकृती विसङ्गतीलाई अभियानका रूपमा नियन्त्रण गर्ने, त्यसका लागि प्रहरीलाई टेक्नोलोजी पनि उपलब्ध गराउनु जरूरी छ । एउटा सिसिटिभीले गर्ने काम सात जना प्रहरीले गर्नुपर्दछ, अथवा सात जना प्रहरीले गर्ने काम एउटा सिसिटिभीले गर्न सक्छ, त्यसो हुँदा हामीले प्रहरीलाई टेक्नोलोजीसँग जोड्नु पर्दछ । हामीले भनेका छौं कि विकास र समृद्धिका लागि शान्ति र सुरक्षा, सुरक्षित प्रदेश जनअपेक्षा भन्ने मूल नाराका साथ हामीले एउटा अभियान, एकचोटी सबैलाई झकझकाउने अभियान, हामीले अथवा प्रहरी फोर्सले हात नमिलाएको त्यस्तो कुनै मान्छे नहोस्, प्रहरी फोर्स नपुगेको त्यस्तो कुनै घर नहोस्, त्यो स्पिडक साथ त्यतातिर हामीले व्यापक अभियान थाल्दछौं । सुरक्षित प्रदेश अथवा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने र केही नयाँ सन्देश दिने

फोर्सका रूपमा यस प्रदेशमा प्रहरीलाई स्थापित गर्ने छौं । एकजना मान्छे आत्महत्या किन गर्दछ, त्यो मान्छेले आफैले आफैलाई किन मार्दछ, त्यसको डेप्थमा गएर हामीले इन्भेष्टिगेशन गर्नु जरूरी छ कि छैन, मान्छेले वाइन किन खान्छ, मान्छे ड्रग एडिक्ट किन बन्छ, ड्रग यूजरको समस्याको डेप्थमा गएर रिसर्च गर्नु जरूरी छ, इन्भेष्टिगेशन गर्न जरूरी छ, हामी त्यो इन्भेष्टिगेशनको फाइन्डिङ्गको आधारमा रूपान्तरको सुधारको प्रक्रिया अगाडि बढाँउछौं । हाम्रो कोही माननीयज्यूहरूले धन्यवाद पनि दिनुभएको छ । अहिले ड्रग एडिक्शन पुरै विकराल भएको छ । फिलिपिन्समा सरकारले अभियान थाल्यो, ड्रगका विरूद्ध युद्ध घोषणा गर्या छ, ५ हजार भन्दा बढि मानिसहरूलाई गोली हानेर मारेको छ, आफ्नै नागरिकलाई गोली हानेर मार्दा खेरि राज्यमा बसेका पदाधिकारीहरूलाई कति पिडा भयो होला, तर मार्न विवश भएको छ, आफ्ना नागरिकहरूलाई आफैले गोली हानेर मारिरहेको छ, त्यो घोषित रूपमा, त्यो कानून सम्वत ढङ्गले मार्दछ । भन्नुको अर्थ ड्रग एडिक्सनको प्रोबलमले हाम्रो समाजलाई समाप्त गर्दिदै छ । त्यसको लागि पनि हामीले सुधार गृहको कुरा गरिरहेका छौं । आज एउटा गरिबको छोरा ड्रग एडिग भनेको पूँजीपतिको छोरा मात्रै हुँदैन, संभ्रान्त वर्गको छोरा मात्रै हुँदैन, एउटा गरिबको छोरा पनि हुनसक्छ । तपाईंहरूले पनि देख्नुभएको छ, सुधार गृहमा १२-१५-२० हजार रूपैयाँ नदिएर सुधारको प्रक्रिया अगाडि बढ्दैन । अझ कतै त लाखौं लाख उसलाई दिएपछि मात्रै एडिक मान्छे रुपान्तरित भएर आउन सक्छ । त्यसो हुँदा खेरि हामीले यो क्षेत्रमा केही बजेट छुट्याएकोमा त्यो पनि अपर्याप्त रहेको छ । यसलाई हामी एउटा रिजल्ट आउने गरी सोच्छौं, तपाईंहरू यहाँ आश्वस्त हुनुहोस् ।

अव यहाँ डिजिटल स्कुलको कार्यक्रम छ, मैले अघिनै भनिसकें, अलिकति विकासका सन्दर्भमा पागलपन नभैकन सम्भव छैन । क्लियर हुनु जरूरी छ, यदि यो मान्यतामा हामी प्रतिबद्ध हुन्छौ भने मात्रै यो कर्णाली प्रदेश बन्दछ । १५ अर्ब रूपैयाँले के विकास हुन्छ, १५ अर्ब एउटा प्रोजेक्ट रनिङ्ग गरौं भन्दा पुग्दैन । त्यसो भएको हुँदा अलि फरक ढङ्गले सोच्नु जरूरी छ । भन्नुको अर्थ डिजिटल प्रदेशको सपना सम्भव छ । मैले त सम्भव देखिरहेको छ । आज मात्रै माननीयज्यूले एडभोकेसी गर्नुभयो, करप्शन कन्ट्रोल गर्नका लागि, राजश्वमा हुने चुहावट रोक्नको लागि डिजिटल सिस्टम चाहियो । ढङ्गा प्रक्रियाहरूलाई हेर्दा १६-१८ औं शताब्दीको जस्तो वित्तीय अनुशासन कायम गर्छु भन्ने कुराले कति चाहिँ हामीले परिकल्पना गरेको कर्णाली सम्भव छ त, छैन, त्यसो भएको हुनाले डिजिटल प्रदेशको अवधारणाको प्रस्थान बिन्दु भनेको स्कुल भनेका छौं, फ्युचर इन्भेष्ट भनेको, भविष्यको लगानी भनेको विद्यार्थीहरूमा गर्नुपर्दछ । उनीहरू चेतनशील हुन्छ, उनीहरू ज्ञान र क्षमताले अब्बल हुन्छन्, त्यसो भएको हुनाले त्यसको प्रस्थान बिन्दु स्कुल हुनु जरूरी छ । हामी मापदण्ड बनाउँछौं, कार्यान्वयनको लागि, जुन स्कुलमा न्यूनतम पूर्वाधार छ डिजिटलको लागि त्यो स्कुलमा सुरू गर्दछौं । यसलाई रिजल्ट आउने गरी अगाडि बढाउँछौं । म चाहन्छु तपाईंहरू कैयौं साथीहरूले डिजिटल

प्रदेश सम्भव छैन भन्ने मत तपाईंहरूका खारेज हुन म त्यो चाहन्छु । तपाईंहरू आफैले खारेज गरेको म देख्न चाहन्छु । बाढी पीडितका सवालहरू छन्, हामीले यसलाई आजमात्रै गठन आदेश पारित गरेका छौं, क्याविनेटबाट, कम्तीमा राज्य नभएको अनुभूति भएको छ । २०७२ सालको बाढी पीडितहरू अहिले पनि पालमुनि बस्न विवश छन्, त्यो पाल पनि धुजाधुजा भएको छ । यसलाई हामी सेटलमेण्ट गरेर कर्णाली प्रदेश सरकार वास्तविक रूपमा जनताप्रति एकाउन्टेबल छ भन्ने एउटा मोडल सन्देश प्रवाह गर्ने प्रतिबद्धता जाहेर गरेका छौं । कारागार बन्दीहरू सबै अपराधी बनाइदिने फर्किदा खेरि पनि बन्दीहरूलाई अपराधी बनाइ पठाउने खालको स्थिति अन्त्य गर्ने खालको हामीले उनीहरूलाई ट्रेन गर्ने, उनीहरूलाई ट्रान्सपर्मिशनका कार्यक्रमहरू संचालन गर्ने, भौतिक पूर्वाधार पनि निर्माण गर्ने गरी बजेट विनियोजन गरिएको छ, यो अपर्याप्त त भएको छ । यसमा केही जिज्ञासाहरू पनि आएका छन्, अझ खासगरी म के भन्न चाहन्छु भने, यहाँहरूले थ्याङ्क्स भनेको हुनाले अझै मेरो आफ्नो आवाजलाई थप्न चाहन्छु । अन्त्यमा वित्तीय अनुशासनको उलङ्घन हुने छैन । तपाईंहरूले जो जो, जे जे आफ्ना जिज्ञासाहरू, आफ्ना मतहरू, आफ्ना सुझावहरू र आफ्ना आशंकाहरू व्यक्त गर्नुभएको छ, कानूनको मार्ग निर्देशनमा खर्च प्रणालीलाई हामीले व्यवस्थित गर्नेछौं । हामीले यो ब्रेक डाउनको कुरा गरिरहेका छौं । मन्त्रालयको पुस्तिकालाई वैज्ञानिक बनाउने, न्यायोचित बनाउने, सन्तुलित बनाउने हाम्रो अधिकतम प्रयत्न रहनेछ । यो वार्षिक विकास कार्यक्रम यो निर्माणको प्रक्रियामा, तर्जुमाको प्रकृयामा योगदान गर्नुहुने माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रमुख प्रतिपक्ष दलका नेतालगायतका नेतृत्व तथा तपाईंहरू समस्त माननीय सदस्यज्यूहरू प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु र तपाईंहरूको विश्वासलाई, तपाईंको मतलाई टुट्न नदिने प्रतिबद्धता जाहेर गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** अब आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, सम्पूर्ण माननीय सदस्यज्यूहरू, आर्थिक वर्ष २०७५/०७६ को विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफल हामीले अस्ति नै सकिसकेका छौं । सैद्धान्तिक छलफलमा धेरैजसो माननीयज्यूहरूले महत्वपूर्ण सुझावहरू दिनु भएको छ । केही जिज्ञासा र केही जवाफहरू माननीयज्यूहरूले खोज्नु भएको थियो । विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफल पछि, यो सदनमा माननीयज्यूहरूले उठाउनु भएका विषयहरूमा सकेसम्म माननीयज्यूहरूको जिज्ञाँसाहरूको, प्रश्नहरूको, सवालहरूको सम्वोधन हुने गरी जवाफ दिइसकेको छु । आज विनियोजन शीर्षकमाथिको छलफल अन्तरगत हामी छलफल गरिरहेका छौं । म आज धेरै विषयहरूमा जान चाहन्न । कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकमा माननीयज्यूहरूले उठाउनु भएका

विषयहरूलाई संक्षेपमा सम्वोधन गर्ने गरी मात्रै म यहाँ उपस्थित भएको छु । धेरै कुराहरू सैद्धान्तिक छलफलमा उठिसकेकोले होला, यसपटक मैले नेतृत्व गरेको मन्त्रालयका बारेमा धेरै प्रश्नहरू, धेरै विषयहरू उठेको पनि छैन । जति विषयहरू उठेका छन् तिनको छोटकरीमा सम्वोधन गर्ने प्रयत्न गर्दछु । सबैभन्दा पहिले त माननीय मन्त्रीज्यूहरूले पनि भनिसक्नु भएको छ कि माननीयज्यूहरूको जुन अपेक्षा छ, त्यो अपेक्षाअनुसार यदि प्रकाशन गरिएको वार्षिक विकास कार्यक्रम अन्तरगत विनियोजन नभएका शीर्षकहरूलाई अझै मसिनो गरी विनियोजन गरिने छ, ब्रेक डाउन गरिने छ र त्यो व्यवस्थित रूपमा योजना, कार्यक्रम र बजेट अथवा बजेटसहितको योजना र कार्यक्रमलाई मन्त्रालयगत पुस्तिकाको रूपमा समग्र सबै मन्त्रालयको चाहिँ वार्षिक विकास कार्यक्रमको रूपमा आएको छ । यसको दुईवटा पार्टहरू छन्, माननीयज्यूहरूले अध्ययन गरिसक्नु भएको छ । एउटा कर्णाली प्रदेश सरकारको तर्फबाट विनियोजन गरिएको योजना, कार्यक्रम र बजेटको बारेमा र अर्को भनेको चाहिँ नेपाल सरकारले, संघीय सरकारबाट प्रदेश सरकारलाई कार्यान्वयन गर्नका लागि सशर्त अनुदानको रूपमा उपलब्ध गराएको योजनाहरू र योजनासहितको बजेट समेटेर हामीले सशर्त अनुदानका योजना र बजेटलाई पनि एउटै किताबमा, यो दुईवटा किताब किन भए भन्ने पनि जिज्ञासा उठ्यो । हामीले १३ गते समयमै माननीयज्यूहरूलाई उपलब्ध गराउनका निम्ति कर्णाली प्रदेश सरकारबाट विनियोजन गरिएको बजेटसहितको चाहिँ वार्षिक विकास कार्यक्रम माननीयज्यूहरूको हातमा पुग्ने गरी एउटा किताब निकालेका थियौं । तर हामीले के ठानेका छौं भने फेरि सँगै प्रदेश सरकारले विनियोजन गरेको बजेट र संघीय सरकारले विनियोजन गरेको सशर्त अनुदानको रूपमा उपलब्ध गराएको कार्यक्रम र बजेटलाई एकै ठाउँमा सँगसँगै चाहिँ हामीले अध्ययन गर्न, हेर्न र कार्यान्वयन गर्न सजिलो होस् भनेर यो पुस्तक प्रकाशन हामीले गरेका हौं । अब हामीले मन्त्रालयले आफैले निकाल्ने गरी, मन्त्रालयगत रूपमा सम्पूर्ण बजेटलाई ब्रेकडाउन गरेर, विनियोजन गरेर, बाँडफाँड गरेर, योजना पनि प्रष्ट हुने, त्यसको ठेगाना पनि प्रष्ट हुने, त्यसको बजेट पनि प्रष्ट हुने गरी माननीयज्यूको हातमा पुग्ने गरी त्यो पुस्तिका आउँछ, म त्यो कुरामा विश्वास दिलाउन चाहन्छु ।

माननीय सदस्यज्यूहरूले अलिअलि व्यङ्ग्य पनि गर्नु भएको छ, यो किताबमा चाहिँ बाहिर हुँदाखेरि बडा आकर्षक किताब छापियो भन्नु भयो, रोष्टममा उभिँदा अलिअलि व्यङ्ग्य पनि गर्न पाउनु पनि भयो, रातो पनि छ, खैरो पनि छ, सेतो पनि छ, निलो पनि छ भनेर अब हाम्रो किताबमा चाहिँ योजनाहरूको प्रकृति पनि त्यस्तै छ । कतिपय योजनाहरू ठूला पनि छन्, कति मझौलाहरू पनि छन्, कति योजनाहरू मसिना पनि छन्, मसिना बनाउनुमा बाध्यता पनि छ । कतिपय पूर्वाधारसँग जोडिएका छन्, कतिपय सामाजिक सुरक्षासँग जोडिएका छन्, सामाजिक विकाससँग जोडिएका छन्, कतिपय रोजगारीसँग जोडिएका पनि छन् । त्यसो भएको हुँदा विभिन्न रङ्गकै किताब हो, तर भन्दा खेरि अनौपचारिक भाषामा

रातो किताब भनिन्छ । रातो किताब फर्मल ल्याङ्ग्वेज होइन, यो अनौपचारिक रूपमा भनिएको हो, यो खासमा विकास कार्यक्रम पुस्तिका हो । यो कुरालाई पनि म प्रष्ट पार्न चाहन्छु, कालो किताब होकी भन्ने शंका गर्नु भएको छ, यो होइन, रातो मान्छेले नि यसलाई कालो किताब देख्न थाल्नु भयो भने त्यो चाहिँ अनौठो नै हुन्छ । त्यसकारण यो रातो किताब नै हो, यो कार्यक्रम पुस्तिका नै हो, बजेटसहितको कार्यक्रम छ यसमा, बजेट चाहिँ अलि एकमुष्ट होला कतिपय कार्यक्रम, बजेट विना किताब आएको छैन के, यहीँ छ जे जे छ, यहाँ बाहेक अन्यत्र कुनै ठाउँमा चाहिँ अर्थमन्त्रालयले लुकाएर राखेको पनि छैन, भौतिक मन्त्रालयले पनि लुकाएर राखेको छैन, यति कुरा त प्रष्ट हुनुपर्यो नि । बरू अघि भने जस्तै प्रदेश गौरवका आयोजना, प्रदेश राजधानी जोड्ने सडकहरू, प्रदेश महत्वका सडकहरूका लागि १ अर्ब २८ करोड राखिएको छ, त्यही होला । १ अर्ब २८ करोड यहाँ देखाउने अनि ५० करोड अन्यत्रै लुकाउने काम त भएको छैन, त्यसकारण समग्र बजेट पुस्तिका नै हो । अब तपाईंहरूले अपेक्षा गरेअनुसार आवश्यकता पनि हो, भोलि कार्यान्वयनका निम्ति योजना बाँडफाँड नगरी सुखै पाइँदैन । १ अर्ब २८ करोडका सडकहरू बाँडफाँड गर्नैपर्यो । अहिले चाहिँ प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड एउटा समानुपातिक विकासको मोडलमा र सडकलाई नै प्राथमिकता दिउँ भनेर १ अर्ब २० करोड छुट्याइयो त, १ अर्ब २० करोड डल्लो नै राखेर कसरी कार्यान्वयन गर्ने, १ अर्ब २० करोड कि फेरि सञ्चित कोषमा पठाउने, होइन नि त्यो त तपाईंहरूसँगै छलफल गरेर त्यहाँ पनि कुनै डिस्क्रिप्शन हुँदैन है, यो प्रत्यक्ष निर्वाचित र समानुपातिकको रेखा अस्ति नै मेटिइसक्यो, निर्वाचन क्षेत्रको भिन्नता मात्रै हो । हामी जनताबाट निर्वाचित सबै माननीय सदस्य हौं । त्यसो भएको हुँदा सबै माननीय सदस्यहरूको सहयोगमा, सल्लाहमा, सिफारिसमा हामीले त्यो बजेट विनियोजन गर्दछौं । यो भिन्नता यो विभेद हुँदै हुँदैन । सरकारको तर्फबाट यो कुरा चाहिँ स्ट्रोङ्ग कमिटमेन्ट हो भनि अनुरोध गर्न चाहन्छु । अनि फेरि भोलि त १ अर्ब २० करोडको योजना त छान्नै पर्यो नि । त्यस्तै गरी हरेक सामाजिक विकास मन्त्रालयको होला, कृषि मन्त्रालयको होला, पर्यटन मन्त्रालयको होला, एकापट्टी चाहिँ एकमुष्ट राख्दा खेरि पनि समस्या हुने, किन एकमुष्ट राखेको भनेर प्रश्न उठ्ने, विनियोजन गर्दा पनि, हतार हतार विनियोजन गर्दा खेरि पनि, अलिकति तलमाथि पर्दो रहेछ, बरू सोच विचार गरेर नै विनियोजन गरौं भनेर राखेको हो यो, एकदम राम्रो आसयले, सकारात्मक सोचका हामीले अहिले यो बीचमा यो बजेट छलफल गरेर पास गर्ने बेलासम्म विनियोजन गर्न विभिन्न कारणले अफ्ठ्यारो हुन्छ, जस्तो तपाईंहरूले भन्नु भएको छ, कानून छैन, कानून बनाउनु परिरहेको छ, हामी एकदम कानून बनाउने प्रक्रियामा लागि रहेका छौं । अलि तपाईंहरूले भनिरहनु भएको छ कि संरचना छैन, कानून छैन, कर्मचारी संख्या कम छ, अब एउटै भर पर्ने ठाउँ भनेकै माननीयज्यूहरू मात्रै भयो, योजना छनौटका निमित्त, कुन आधारमा टेकेर टोटल विनियोजन गर्ने त, संघीय सरकारले जुन विनियोजन गरेको छ,

राम्रो गर्यो भन्नुहुन्छ भने त मलाई थाहा छैन, बाँडफाँड त भाछ, तर कहाँ बाँड्नु पर्ने हो कहाँ दिनु पर्ने हो त्यहाँ नपुगेको पनि छ, न गर्नुपर्ने ठाउँमा गएको पनि छ । त्यस कारण यस्तो चाहिँ अग्लो होचो नहोस्, कतै नराम्रो नहोस् भनेर अलिकति समन्यायिक तरिकाले, न्यायोचित तरिकाले हामी चाहिँ बाँडफाँड गरौं भनेर अलि समय लिइएको हो । यसका निमित्त के गरौं भने कुनैपनि योजनाको सम्भाव्यता त हेर्नुपर्यो नि । जस्तो सामाजिक विकास मन्त्रालय अन्तरगत प्रत्येक निर्वाचन क्षेत्रमा ३२ लाख बराबरको एउटा विद्यालय भवनको प्रस्ताव गरियो, आए त कार्यक्रम तर त्यो विद्यालय चाहिँ कुन हो भनेर अहिले नै छनौट गरिहाल्यौं भने त्यो ३२ लाख बराबरको ८ कोठे भवन जरूरी हुने हो कि होइन, ठिकै ठाउँमा परे त ठिकै छ, बेठीक ठाउँमा गयो भने फेरि तपाईंहरूले नै बोल्नुहुने होला, जुन स्कुललाई ३२ लाखको ८ कोठे भवन चाँहिदैन त्यही स्कुललाई पर्ने, जुन स्कुलमा भवन छैन, त्यहाँ परेन भने त नराम्रो भयो । त्यसैले त्यसको निम्ति सर्भे त गर्नुपर्यो नी, सम्भाव्यता त हेर्नपर्यो नी, त्यही भएर यहाँहरूले सकारात्मक रूपमा नै हेर्नुहुनेछ भनेर भन्न चाहन्छु । अब माननीयज्यूहरूले एकदम धेरै कुरा उठाउनु भएको छ, योजनाहरू धेरै पर्नु पर्ने कम परे, स्रोत नै कम छ, त्यो कम स्रोत असीमित आवश्यकतालाई सन्तुलन हुने गरी विनियोजन गर्नुपर्ने आवश्यकता छ । अर्को एउटा हाम्रो समस्या के भयो भने, हाम्रो कमजोरी नै होला, हामीले समयमै, सरकार बन्ने बित्तिकै प्लानिङ्गको विषय बनाउन सक्या भए, योजना आयोग बनेको भए के गर्दथ्यो भने, यो छोटो समयमा योजना आयोगले पनि म्यापिङ्ग गरेर योजना ल्याउन सक्थ्यो जस्तो त मलाई लागेन तर कमसेकम एउटा खाका बनाउने थियो। त्यसमा हामी मन्त्रालयहरू धस्सिनु पर्ने अवस्था आउने थिएन । प्लानिङ्ग कमिशनले चाहिँ कुन कुन स्टेक होल्डर हुन्, उनीहरूसँग कन्स्लटेसन गर्थ्यो, म्याप हेर्थ्यो, डेटा हेर्थ्यो, एउटा खाका तयार पारेर हामीलाई दिन्थ्यो, अनि हामीले औचित्यको आधारमा बजेट छुट्याउथ्यौं । यो कुरामा हाम्रो अलिकति कमजोरी भएकै हो । अब आगामी दिनमा छिट्टै योजना आयोग बनाउनु पर्दछ । योजना आयोगले डिटेलमा कर्णाली प्रदेश भरीको म्यापिङ्ग गर्नै पर्दथ्यो, प्लानिङ्ग गर्नै पर्दथ्यो, प्लानिङ्ग गरिसके पछि बजेट छुट्याएर कार्यान्वयन गर्नै पर्दथ्यो । अब कार्यान्वयनको जहाँसम्म आशंका छ, यसपटक चाहिँ त्यस्तो हुँदैन । अघि पनि कुरा उठ्यो, संघीय सरकारले केही संरचनाहरू प्रदेश सरकारलाई उपलब्ध नगराई हुँदैन, कि चाहिँ सेतो हात्ती जस्तो पारिरहने अनि कार्यान्वयन नगर्ने भन्ने हुँदैन । ती निकायहरूलाई चाहिँ कार्यान्वयनमा लगाउनका निमित्त अब हस्तान्तरण गर्नुपर्दछ । हस्तान्तरण गरिसकेपछि हामीले अहिले किन संरचना स्थापना गर्न कुरिरहेका छौं भने कति संरचनाहरू संघीय सरकारले हस्तान्तरण गर्दछ त, हाम्रो कति आवश्यकतालाई ती संरचनाले पूरा गर्दछन्, हामीसँग कर्मचारी पनि कम छन्, कर्मचारी समायोजन गर्नु छ, ती कुराहरू पूरा गर्नुपर्दछ, टेक्निकल मेनपावर छैन, कति चाहिँ उसले उपलब्ध गराउँछ, अनि त्यसले हामीलाई कति थेक्छ । अनि त्यसपछि हामी के गर्दछौं भन्दा खेरि

आवश्यक थप संरचना बनाउँछौं, आवश्यक कर्मचारीको व्यवस्थापन पनि गर्दछौं, आवश्यक प्राविधिक कर्मचारीको पनि व्यवस्था गर्दछौं । करारमा भएपनि अब इन्जिनियर नभइ, ओभरसियर नभइ अथवा प्राविधिक कर्मचारी नभइ त सम्भाव्यता अध्ययनदेखि कार्यान्वयनसम्म हामीले केही गर्न सक्दैनौ । यसका निम्ति त हामीसँग त्यो मेनपावर चाहिन्छ, त्यो चाहिँ हामीले वेइट गरेका छौं, असारभित्र ती सबै काम सकियो भने श्रावण महिनादेखि घनीभूत रूपमा संरचना निर्माण गर्ने, संरचना स्थापना गर्ने, कर्मचारीको व्यवस्था गर्ने र प्राविधिक कर्मचारीको व्यवस्थापन गरेर कार्यान्वयनको बाटोलाई तय गर्ने काम गर्दछौं । आर्थिक मामिला मन्त्रालयसँग धेरै कुरा जोडिएका छैनन् । एउटा कुरा तालिम के हो भनेर भन्नु भएको छ, योग्य कर्मचारीले नै योग्य काम गर्न सक्दछ । हामीले बजेट बनाउँदा पनि अनुभव गरेका छौं, जुन ठाउँमा अलि त्यो विषयमा एक्सपर्ट छ, त्यो मन्त्रालयमा अलि सजिलो भयो होला बजेट बनाउन, जहाँ कमि छ त्यहाँ अफठ्यारो भयो होला । बजेट बनाउने काम अर्थमन्त्रालयले गर्नुपर्ने टेक्निकल काम पनि गर्नुपर्ने, जस्तो अर्थमन्त्रालयमा कानूनसम्बन्धी कर्मचारी पनि चाहिन्छ । अब योजना मन्त्रालय भएपछि योजनासम्बन्धी कर्मचारी पनि चाहियो, अर्थसम्बन्धी, वित्तसम्बन्धी, राजश्वसम्बन्धी अनि तथ्याङ्कसम्बन्धी कर्मचारी पनि चाहियो, एउटै मन्त्रालयमा यी विविध खालका मेनपावर चाहिँ जरूरी हुन्छ । त्यसकारण त्यो मेनपावर व्यवस्था पनि गर्नुपर्यो अनि तिनको स्किल डेभलप पनि गर्नुपर्यो । त्यसका निम्ति केही तालिमका कार्यक्रमहरू, प्रष्ट रूपमा यति वटा तालिम, यति जनालाई, यति रूपैयाँको भनेकै त छ नी, त्यति धेरै पारदर्शी छ भन्ने मलाई लागिरहेको छ । अर्को कुरा चाहिँ एकमुष्ट बजेटको कुरा यहाँ आयो, यो डल्लो बजेटको भन्ने छ नि यो थेगो नै भै सक्यो, यो बाध्यता हुन्छ, अघि माननीय मन्त्रीज्यूहरूले जवाफ दिने क्रममा यहाँ आयो नि त माननीय मन्त्रीज्यूहरूले भन्नु भयो भने यो केही पर्यो भने के ऊ यो अर्थमा छ नि त्यो अर्थ बजेट भनेर उतै सोझ्याउनु हुन्छ । जरूरी पनि हुन्छ, त्यो अर्थ बजेट, अर्थमन्त्रालयले कुनै योजना कार्यान्वयन गर्दैन, यति कुरा प्रष्ट हुनपर्यो । अर्थमन्त्रालयमा रहेको बजेट भनेको सबै मन्त्रालयको बजेट हो । यो अर्थ बजेट भनेको अर्थमन्त्रालयको आफ्नो मन्त्रालयले खर्च गर्ने बजेट होइन कि कुनै पनि मन्त्रालयमा आवश्यक पर्यो भने दिनुपर्ने, कहिले चालुमा आवश्यकता पर्ला, अघि कुरा उठ्यो नी, हामीले प्रदेश प्रहरी स्थापना गर्ने भयौं, हामीले छुट्याएको बजेटले पुगेन अनि के त्यतिकै छाडदिने, हो त्यस्ता कामलाई कम्पलिट गर्न पैसा चाहियो, पैसा चाहियो भने त्यो चाहिँ अर्थ बजेटबाट विनियोजन गर्नुपर्यो । अर्थमन्त्रालयले विचार गरेरै दिन्छ, यतिकै हचुवाको भरमा दिँदैन, तर दिने नै हो, अर्थमन्त्रालयले दिने हो र अरूले कार्यान्वयन गर्ने हो । त्यस अवस्थामा यो बजेटका बारेमा यहाँहरूले धेरै चिन्ता गर्नु पर्दैन । यो सम्बन्धित मन्त्रालयहरूमा जहाँ खर्च हुन्छ, जहाँ अपुग हुन्छ, जहाँ अप्रत्यासित रूपमा पैसाको आवश्यकता पर्दछ, त्यहाँ चाहिँ विनियोजन गर्ने बजेट हो । अर्को कुरा ४० करोड त हाम्रो शीर्षकमा आयो, यो त गै सक्यो नी, ४० करोड

समानीकरण अनुदान अर्थमन्त्रालयको शीर्षकमा हुने हो, त्यो त वितरण भै सक्यो, यहाँ त एक पैसा पनि छैन, अनि ६० करोड साझेदारिमा गरिने भनिएको छ, साझेदारीका निम्ति भोलि चाहिँ कुनै स्थानीय तहको कुनै प्रोजेक्टको सम्झौता हुने बित्तिकै गै हाल्ने हो । यो पनि अर्थमन्त्रालयमा रहने होइन । ऋणधन सबै यहीं हुन्छ, जस्तो हामीले १ अर्बको ऋणको अनुमान गर्यौं, त्यो कहाँको शीर्षकमा राख्ने भन्दा अर्थमै रहने भो, ऋणवाला पनि हाम्रै थाप्लामा रहेको छ । अर्को तिर समपूरक र विशेष अनुदानबाट प्राप्त हुने कुरा पनि अनुमान गर्यौं, अनुमान त प्राप्त हुन्छ भन्ने छैन, त्यो पनि हामीसँग राख्दा खेरि अलि धेरै बजेटको सिलिङ्ग देखिएको मात्रै हो । हामीसँग एक्चुअल बजेट भनेको चालुमा खर्च हुने ८-१० करोड बजेट बाहेक सबै बजेट चाहिँ अरू मन्त्रालयमा, अरू निकायमा, स्थानीय तहमा गएको छ । अब हामीले १ अर्बको कर्णाली प्रदेश लगानी कोषको कुरा गर्यौं, भोलि फेरि लगानीकर्ताहरूसँग साझेदारी गर्नुपर्यो, उसैलाई उपलब्ध गराउनु पर्ने होला ।
अन्तिममा मैले पटक पटक पनि भनेको छु, यहाँहरूले हाम्रो कार्यकाललाई नजिकबाट पनि हेर्नुभएको छ । काम गर्दा गर्दै कमजोरी भयो भने त्यो रियलाइज गर्दै जाम्ला, इमान्दारीताका साथ आन्तरिक हृदयदेखि नै एउटा कुरामा के कमिटमेण्ट गर्न चाहन्छु भने यो सम्मानित सदनमा सम्मानित सभामुख महोदयमार्फत्, हामी करप्सनका बारेमा साँच्चिकै निर्मम नै हुने हो । अहिले त हाम्रा संरचना छैनन्, स्थानीय तहले पनि कति ठाउँमा धेरै समस्याहरू सिर्जना गरेका छन भन्ने कुरा हामीले देखेका छौं, त्यसका निम्ति पनि हामीले नीति बनाउनु पर्नेछ, हामीले कानून बनाउँछु हामीले संरचना बनाउँछौं । माननीय मुख्यमन्त्रीज्यू यहाँ हुनुहुन्छ, माननीय मुख्यमन्त्रीज्यूकै अगुवाईमा यो अभियानलाई हामी अगाडि चलाउछौं । एकदम भ्रष्टाचारमा शुन्य सहनशिलता, कहीँकतै बजेट दरूपयोग गर्ने कुरामा सबै भन्दा बढि क्रुर हुनेछौं निर्मम हुनेछौं, यति कुरा हामी प्रष्ट पार्न चाहन्छु । हामीलाई पनि कुनै लोभ लालच केही पनि छैन । मैले भने नि यो चाहिँ हामीले यो कुनै पनि कार्यक्रममा जाँदा खेरि मन्त्रीहरूले भत्ता नलिने निर्णय क्याविनेटले गरिसक्यो, हामी भत्ता लिँदैनौ कुनै पनि कार्यक्रममा, सरकारले आयोजना गरेका कुनैपनि कार्यक्रममा हामीले पनि भत्ता लिँदैनौ र तपाईंहरूलाई पनि लिन दिँदैनौ । खान त पर्ला, डटपेन डायरी चाहिएला, यी एकदम र अत्यन्त इसेन्सियल कुराहरू बाहेक अरू खर्च हुँदैनन् । अनि अरू कुराहरू चाहिँ प्रत्येक मन्त्रालयहरूले गर्ने खर्च कटौती गराइरहेका छौं । हामीले हाम्रो हिसाबले आफ्नो तरिकाले आवासको निम्ति खर्च गर्ने, मन्त्रालयको निम्ति खर्च गर्ने होइन, हामीले आफैले गर्ने खर्चको कटौती गरेका छौं । हामी आफैले पनि मितव्ययीता अपनाइरहेका छौं, मैले बजेटकै पनि कुरा गरें, २५ प्रतिशतले हामी चाहिँ ७५ प्रतिशत खर्च गर्ने एउटा आँट गरेका छौं । कहीँकतै हाम्रो नजरले देख्ने भेट्ने, हाम्रो हैसियतले समात्न सक्ने ठाउँमा यो अनियमितता यो करप्सन, यो भ्रष्टाचार हामी कुनै हालतमा सहँदैनौ । यी कुरामा हामी प्रष्ट छौं । वित्तीय अनुशासन उलङ्घन गर्न दिन हामी सक्दैनौ । मन्त्रालयहरूका बारेमा जो शंका गर्नुभएको छ, मैले

अस्ति पनि भनेको छु, हाम्रो जिम्मा के छ भने, भोलि मन्त्रालयले बनाउने कार्यक्रममा पनि हामीले एकदम मसिनो तरिकाले चालु खर्च कन्ट्रोल गर्ने, प्रशासनिक खर्च कम हुने, कहीँकतै मन्त्रीको नियत ठीक होला, अरूकसैको चाहिँ नियत खराब हुन सक्छ, ती नियत खराब भएकाहरूले कहीँ छिद्र पाउने ठाउँ हाम्रो अवधि र क्षमताले भ्याएसम्म बन्द गर्ने गरी हामी चाहिँ कार्यक्रम स्वीकृत गर्छौं, आर्थिक मामिला मन्त्रालयकातर्फबाट । म आफैले पनि सचेतताका साथ बसेर त्यस्ता कार्यक्रम स्वीकृत गर्दा खेरि म ध्यान पुर्याउने छु, यति विश्वास दिलाउन चाहन्छु । यो बजेट हाम्रो पहिले बजेट हो, हाम्रो अनुभव छ, अब मेरो पनि पहिलो अनुभव हो नी, त्यसमध्येको पनि बडा एकदम जटिल विषय, अर्थको विषय, वित्तको विषय, बजेटको विषय यसमा चाहिँ कतिपय ध्यान पुर्याउनु पर्ने विषयमा नपुगेको हुनसक्छ । हामी अनुभव पनि गर्दैछौं । दुईवटा बजेट ल्याउँदा खेरि मैले धेरै ठूलो अनुभव प्राप्त गरेको छु र तेश्रो बजेट आउँदा खेरि यो भन्दा धेरै एडभान्स आउँछ भन्ने कुरामा म आफैलाई धेरै नै आत्म विश्वास छ । त्यस हिसाबले कहीं कतै कमी कमजोरी भएको भए, यहाँहरूले एक किसिमले छुट दिनुहुने छ । हामी १७ लाख कर्णालीवासी जनताको ४० जना जनप्रतिनिधिको भावनामा सम्मान हुने गरी हामी अगाडि बढ्ने छौं । पक्ष र प्रतिपक्षको सवाल होइन, यो विकासको सवाल हो, सबैको सवाल हो, हातेमालो गरेर अगाडि जाऔं । यसमा विकास र सहकार्य गरेर जाऔं, विश्वासको वातावरण बनाउँ, सरकारले पनि, आर्थिक मामिला तथा योजना मन्त्रालयले पनि, माननीयज्यूहरूको विश्वासलाई कहींकतै धरापमा पर्न दिँदैन यति कुरा म तपाईहरूलाई विश्वास दिलाउन चाहन्छु र अन्तिममा फेरि पनि म एउटै कुरा अनुरोध गर्न चाहन्छु । हामीले आजसम्म, जति सकिन्छ त्यति प्रयत्न गरेका छौं, त्यो सकारात्मक सोचका साथ गरेका छौं । भोलि फेरि चाहिँ बजेट विनियोजन गर्ने कुरा, एकमुष्ट बजेटलाई बाँड्ने कुरा, यो डल्लो फुटाउँदा खेरि, भावना नफुटोस् भन्नु भाछ, त्यो भावनालाई जोड्ने गरी, त्यसलाई एकीकृत गर्ने गरि, एकतावद्ध गर्ने गरि, एक ढिक्का हुने गरी सबैले चाहिँ कर्णाली प्रदेशका जनताको खुशी र कर्णाली प्रदेशको विकास र समृद्धिको निम्ति सँगसँगै अगाडि बढ्ने प्रतिबद्धतासहित अब यो विनियोजन विधेयकमा उठेका प्रश्नहरूको मैले र केही माननीयज्यूहरूसँग अनुरोध गरें र यो विनियोजन विधेयक पारित गर्नका निम्ति पनि म अनुरोध गर्दै अहिलेलाई म आफ्नो जवाफ यहीं अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीः-** माननीय सभामुखज्यू, आज यो विनियोजित बजेटमाथिको उठेका प्रश्नहरूको जवाफ दिने क्रममा सबै मन्त्रालयबाट माननीय मन्त्रीज्यूहरूले या सदनमा बहुचर्चित चर्चामा आएको शब्द रहेछ, त्यो सुने पनि, धेरैले टिपेको मैले देखें पनि, डल्लो डल्लो डल्लो भन्ने रहेछ । आयो डल्लो बजेट, अनि माननीय सदस्यज्यूहरूले पनि त्यही डल्लो नै राख्नु भयो र आज त्यही मन्त्रीज्यूहरूले पनि डल्लैमा जवाफ दिनु भएको छ । फेरि पनि प्रश्न आयो, डल्लो फुट्ने कुरा र

फुटाउने कुराको बारेमा, अब यो के हो भन्ने कुराको बारेमा आशंकाहरू कायम नै छन् । त्यो तपाईंहरूलाई विश्वास दिलाउने एकमात्र माध्यम भनेको सरकारप्रतिको विश्वसनीयता चाहिँ हो । सरकारलाई विश्वास गरिराख्नु भएकै छ, फेरि पनि सरकारलाई थप विश्वास गर्नका लागि आग्रह गर्दछु । तपाईंहरूको आशंकालाई मेटाउने र थप विश्वास दिलाउनु पनि सरकारका लागि अग्नी परिक्षा नै हो । अब सरकारले हाम्रा आशंका र अविश्वासलाई कसरी विश्वासमा परिणत गर्दछ भन्ने बारेमा फेरि पनि एकपटक तपाईंहरूले हेर्नुपर्ने भयो । किनकी विश्वास छ, विश्वास भएर नै हामीले आज यो विधेयक पास गर्नु छ, तपाईंका थुप्रै आशंका र अन्यौलताका बीचबाट पनि, अहिले धेरै यसका पृष्ठभूमिका बारेमा माननीय सदस्यज्यूहरूलाई पनि लास्टमा अर्थमन्त्रीले राखिसक्दा धेरै अब बुझाउने कोशिस चाहिँ गर्नु भएकै छ र राख्नु भएकै छ । अहिले समस्या फेरि के छन् र अहिलेको हाम्रो आत्मगत परिस्थिति केछ, हामी कुन धरातलमा उभिएका छौं भन्ने कुराका बारेमा पनि माननीय सदस्यज्यूहरू अनविज्ञ हुनुहुन्न, नजिकबाट बुझिराख्नु भएको छ र सबै जानकार नै हुनुहुन्छ । धेरै पटक हामीले भन्यौ यो अहिलेको चरण भनेको हामी स्थापनाकालमा छौं, यो चरण भनेको स्थापनाको चरण हो । संघीय सरकार निरन्तरतामा छ, उसँग सबै संरचनाहरू बनीबनाऊ छन्, प्रयाप्त संरचनाहरू छन् । लामो समय अनुभव हाँसिल गरेको जनशक्ति पनि छ र त्यति हुँदाहुँदै पनि संघीय बजेट विनियोजन गर्दा संघीय संसदमा धेरै विषयहरू उठे, अझै चर्कै ढङ्गले, हाम्रो संसद भन्दा पनि अझ सशक्त ढङ्गले संघीय सरकारमा विषयवस्तुहरू उठे, त्यहाँ उठ्नु स्वभाविक थियो, किनकी त्यहाँ हामीसँग दक्ष अनुभवी जनशक्ति छैन, कर्मचारी हामीसँग छैन, भन्ने जवाफले पनि सिङ्गो संसद कन्भिन्स हुन सक्दैन्थ्यो । हैन, हामी पनि सरकारको नेतृत्व गरिरहेका मान्छेहरूमा पनि अनुभवको कमजोरी छ, भन्ने कुरा राख्दा पनि संसद कन्भिन्स हुन सक्दैन्थ्यो । किनकी धेरै वर्ष प्रधानमन्त्री, उपप्रधानमन्त्री, पटक पटक मन्त्री भएका मान्छेहरू सरकारमा छन् । ठ्याक्कै त्यही अवस्थामा अहिलेका प्रदेश सरकारहरू छैनन् । अहिलेका प्रदेश सरकारहरू भनेका स्थापनाकालमा छन् । यहाँ थुप्रै समस्याहरू छन्, हामीसँग अनुभवजन्य समस्याहरू पनि छन्, कर्मचारीमा होस्, या सरकारको नेतृत्व गरेका, सरकारमा सहभागी भएका माननीय सदस्यहरू नै किन नहुन, हामी गर्दै र सिक्दै अगाडि बढ्दा ठ्याक्कै हामीले सोच्या जस्तो, चाह्या जस्तो, खोज्या जस्तो प्राप्त नहुनु पनि स्वभाविकै हो, त्यही भएर त होला सायद धेरै चर्का विषयहरू उठाउनु भएको छैन । अहिलेको बजेट विनियोजन विधेयक संसदमा पेश गर्दा स्वभाविक थियो, प्रश्नहरू उठ्नुमा, हो एकदम ठीक कुरा, सहिकुरा तपाईंहरूले राख्नु भएको छ, यो रातो किताब हो कि, सेतो किताब हो कि, पहेंलो किताब हो कि, कालो किताब हो कि, के किताब हो कि, भनेर प्रश्न गर्नु सरकारलाई स्वभाविकै हो । रातो किताब भन्या त योजनाहरूको छनौट प्रष्टै यो ठाउँदेखि यो ठाउँसम्म भनेर यो कार्यक्रम, यो कार्यक्रमका लागि यति बजेट भनेर, अफिस खर्चसम्म, एउटा जेनेरेटरलाई कति खर्च लाग्दछ, एकजना कार्यालय सहयोगीलाई कति

पैसा आवश्यक पर्दछ, एउटा ड्राइभरलाई कति आवश्यक पर्दछ । हामीसँग भएको चालु र पूँजीगत दुवै बजेट शीर्षकहरू हामीले प्रष्टै ४-५-२-३ हजार बजेट विनियोजन गर्न सक्नुपर्दथ्यो त्यो हामीले गर्न सकेनौं । नसक्नुको एकमात्रै कारण भनेको फेरि पनि हामी कहाँ क्लिअर छौं भने बजेटलाई दरूपयोग हुन नदिनका लागि २०७४ को चौमासिक बजेट हामीले विनियोजन गर्यौं र संसदले पास पनि गर्यो । पास गरेको बजेट पनि रोकिदियो । खर्च गर्न नसकिने थिएन, त्यो बजेट खर्च गर्न सकिन्थ्यो, बाँड्न सकिन्थ्यो, हामीले प्रत्येक ठाउँमा अझै माननीय सदस्यज्यूहरूलाई पैसा बाँडेर जानुहोस्, यो यो काम गर्नुहोस् भन्दा त्यो बजेट हामीले खर्च गर्न सक्थ्यौ, त्यो १ अर्ब बजेट हामीले खर्च गर्न सक्थ्यौं । खर्च नगरिएको बजेट थिएन । हामीले के विश्लेषण गर्यौं भने त्यो बजेट सहि सदुपयोग हुँदैन, त्यो दरूपयोग हुन्छ, बजेटलाई दरूपयोग गर्नुभन्दा बरू सञ्चित कोषमा राखिराख्यौ भने, पछिल्लो बजेटमा प्लस गर्यौं भने त्यो सदुपयोग हुन्छ भने ठानेर हामीले बजेटलाई खर्च गरेनौ । अहिले पनि हाम्रो यो बजेट दरूपयोग हुन्छ कि भन्ने सबैभन्दा ठूलो चिन्ता र डर सरकारलाई त्यो बेला लाग्यो । त्यही भएकै कारणले गर्दा यो बजेट विनियोजन गर्दा हचुवाको भरमा हामीले विनियोजन गर्नुहुँदैन । त्यसैले अहिले तपाईहरूले उठाउनु भएको विषय ३ वटा कुरामा केन्द्रित छन् । एउटा मुख्य कुरा त्यो बजेट विनियोजन गर्दा यो बजेट न्यायिक वितरण हुनसक्छ कि सक्दैन । फेरि केन्द्रीय सरकारले गरेजस्तै असन्तुलन, असमानुपातिक, बजेट विनियोजन चाहिँ हुनसक्छ, त्यसैले यो बजेट भनेको समानुपातिक, समावेशी बजेट विनियोजन चाहिँ हुनुपर्दछ, अहिले थुप्रै प्रश्नहरू उठे । मन्त्रीहरूको आफ्ना निर्वाचन क्षेत्रहरूमा मात्रै केन्द्रित नहोस् अहिलेको बजेट भनेर तपाईंहरूले प्रश्न उठाउनु भयो । यो बजेट विनियोजन गर्दा खेरि न्यायिक वितरण नहुने होकी भन्ने तपाईंहरूको चिन्ता छ ।

दोस्रो भनेको यो बजेटलाई विनियोजन गरिसकेपछि यसको कार्यान्वयन सहि ढङ्गले हुन्छ कि हुँदैन । बजेटलाई विनियोजन गरिसकेपछि पनि सबैभन्दा अगाडि चूनौती भनेको कार्यान्वयनको पक्ष छ, कार्यान्वयन भएन, बजेट खर्च भयो काम भएन, मिलाएर खाए, न तपाईंको सडकमा गाडी गुडेका छन्, न तपाईंको सिंचाइबाट खेतमा पानी आएको छ, न खानेपानीको धारामा पानी आएको छ, न स्कुल बने, न अस्पताल बने, न कृषिमा हामीले क्रान्ति ल्याउन सक्यौं, न उद्योग व्यवसाय, पर्यटनमा कहीँकतै पनि हामीले तुरून्तै उपलब्धि, उत्पादन हुने किसिमका योजनाहरू कार्यान्वयन चाहिँ हुन सकेन । थुप्रै बजेट विनियोजन भयो, वितरण भयो, तर त्यसबाट परिणाम चाहिँ आएन निस्केन र उत्पादनमूलक भन्ने भन्दा पनि खर्च गर्नका नाममा खर्च भयो भनेर अहिले पनि त्यही हुन्छ कि, ठूलो करप्सन हुन्छ कि, ठूलो भ्रष्टाचार चाहिँ हुन्छ कि, भन्ने कुरा तपाईंहरूको दोस्रो प्रश्न हो । त्यसपछिको अझै महत्वपूर्ण प्रश्न भनेको अहिलेको बजेट विनियोजन गर्दा सरकारले के केलाई प्राथमिकता दियो, प्राथमिकताका क्षेत्रहरू के-के हुन, यी कुराहरू चाहिँ स्पष्ट रूपमा अहिलेको रातो किताबमा नखुल्दा यसलाई हामीले अस्वाभाविक मान्नु

हुँदैन । यो तपाईंहरूको प्रश्न स्वभाविक छ । त्यसो हुँदा अहिले तपाईंहरूलाई हामीले विश्वास चाहिँ के दिलाउन चाहन्छु भने हामी सबै जनताका प्रतिनिधि हौं, हिजो जनता सामुन्ने हामीले धेरै ठूलो वचनवद्धता, हामीले प्रतिबद्धता जाहेर गरेर यो ठाउँमा आइपुगेका छौं र हाम्रा सपना भनेका अहिले तपाईंहरूले जुन बजेट माग गर्नु भएको छ, सायद त्यति मात्रै हाम्रो सपना होइन । अहिले ती हिजो जनताको अगाडि गरेका प्रतिबद्धता पूरा गर्नका लागि हामीसँग अहिले भएको बजेट जो छ, यही बजेटभित्रबाट हामीले ती आवश्यकताहरू, जनताका मागहरू र हामीले दिएका प्रतिबद्धताहरू पूरा गर्न सक्दैनौ । यही सामान्य सुधारका केही कामहरू होलान्, यी स्कुलका भत्केका फिल्डहरू वाल लगाउन सकिएला, केही मर्मत सम्भार गर्न सकिएला, जनता र कार्यकर्ताहरूलाई खुशी पार्नका लागि अलिअलि बजेट दुई-चार लाख बजेट दिन सकिएला तर जे सपना तपाईं हामीले देखेका छौं । तपाईं हाम्रा सपना भनेका साना समस्याहरू वा सपनाहरू छैनन्, धेरै ठूला सपनाहरू हामीले देखेका छौं । मान्छेले हेर्दा खेरि यसो यो असम्भव सपना हो भनेर भन्दछन् । तर हामीले असाध्यै महत्वकांक्षी सपना देखेका छौं । यो सपना पूरा गर्नका लागि हामी सबैको साझा प्रतिबद्धता भनेको हामी एकै ठाउँमा उभिएर मात्रै सम्भव छ । हामी एकतावद्ध भएर मात्रै यो सपना सम्भव छ । हामी विभाजित भएर, विभिन्न प्रकारका गुटबन्दी गरेर, होलान् र हामीले आलोचनाको नाममा आलोचना, विरोधको नाममा विरोध गरेर यो प्रदेश बन्न सक्दैन । पक्ष र प्रतिपक्ष भएर हामीले त्यो प्रतिबद्धता पूरा गर्न सक्दैनौ । यसका लागि चाहिँ हामीले फेरि पनि साझा प्रतिबद्धता जाहेर गर्नै पर्दछ । यो प्रदेश निर्माणका लागि, यो प्रदेश बनाउनका लागि हामी सबै एक ठाउँमा उभिएर, सदन र सरकार चाहिँ एकअर्काका विपरित ध्रुवहरू होइनन् । संसद र सरकार भनेको एक अर्काका सहयोगी निकायहरू हुन् । सरकारलाई गाइडलाइन गर्ने, सरकारलाई आवश्यक निर्देशन गर्ने र सरकारका कामकारबाहीलाई सहजीकरण गर्ने काम संसदको हो । नाकी संसदलाई अफ्ठ्यारो पार्ने, संसदलाई चल्नै नदिने, पुरै संसदको सरकारलाई चल्नै नदिने, संसद पुरै सरकारको प्रतिपक्ष भएर उभिएर हामीले यो प्रदेशको विकास यो प्रदेशको समृद्धि सम्भव छैन । त्यसो भएको हुनाले यसमा हामीले ध्यान दिनै पर्दछ र त्यसपछि अहिले हामीले यो प्रदेश निर्माणका लागि फेरि अहिले पनि योजनाको छनौट गर्यौं । योजनाको प्राथमिकता के हुन्, हिजो पनि थुप्रै पटक छलफल गर्दा, नीति तथा कार्यक्रममा मैले बोल्दा, धेरै पटक माननीय संसदज्यूहरूसँग मैले बोल्दा र सार्वजनिक ठाउँमा मैले बोल्दा मैले के भनेको छु भन्नु हुन्छ भने, बजेटलाई जति सकिन्छ त्यति सन्ट्रलाईज गर्ने हो, केन्द्रित गर्ने हो र हामीले परिणाम निकाल्ने । यो बजेटलाई उत्पादनमा लगाउने कुरामा हामीले ध्यान दिनुपर्दछ र लगाउँछौं भन्ने कुरा पनि तपाईंहरूको बीचमा भन्दै र राख्दै आएको विषय पनि हो । अहिले पनि बजेटलाई केन्द्रित गरेर नै राखेका छौं । तपाईंहरूले यसो कार्यक्रम हेर्दा यसो विकेन्द्रीकृत भयो कि भन्ने लागेको होला, केही राख्नै पर्ने कार्यक्रमहरू छुट्याउनै पर्ने कार्यक्रमहरू, हामीले

भन्यौं समावेशी भनेका छौं, केही त्यस्ता बजेट र शीर्षकहरू छन्, ती शीर्षक मात्रै राखिएको छ र बाँकी बजेटलाई केन्द्रित नै गरेर राखिएको छ । तपाईंहरू भन्नु हुन्छ, डल्लोमै राखिएको छ । त्यसलाई हाम्रो प्राथमिकता र आवश्यकताको आधारमा त्यो बजेटलाई हामीले कार्यन्वयनमा लैजान्छौं । अहिले हामीले किन गरेनौ भने संघीय सरकारले अहिलेसम्मका सबै आयोजनाहरू हेरेको छ, अब संघीय सरकारले अहिले हेरिरहेका आयोजनाहरूलाई प्रदेश सरकारलाई हस्तान्तरण गरिराखेको अवस्था छैन । अहिले संघीय सरकारले हेरिरहेका आयोजनाहरूमा प्रदेश सकारले बजेट हाल्यो भने डुप्लिकेशन हुन्छ, कि त हामीले नयाँ आयोजनाहरू छनौट हामीले गर्नुपर्दछ र अहिले नयाँ आयोजना थप गरिने भन्दा पनि संघीय सरकारले जुन बजेट विनियोजन गरेको छ, त्यो थोरै छ, त्यो प्रयाप्त छैन र यहाँको भौगोलिक विकटता समेतलाई हेर्दा खेरि बजेटलाई केन्द्रिकृत गर्दा मात्रै परिणाम निक्लिन्छ भनेर बजेटलाई केन्द्रिकृत गरेका छौं । तुरून्त संघीय सरकारसँग हामीले छलफल गरेर अब केन्द्रले हेर्ने आयोजनाहरू कति हुन् र प्रदेश सरकारले हेर्ने आयोजनाहरू कति हुन् ती योजना कस्ले कति हेर्ने भन्ने योजनाको बाँडफाँड गरिसके पछि मात्रै अगाडि बढाउन सकिन्छ । एउटा कारण हामीसँग ती भए । अझै पनिमाथि संसदमा सार्वजनिक महत्वको प्रस्ताव भनेर माननीय संसदज्यूले प्रस्ताव पेश गर्नुभएको छ । यस प्रति त मैले अहिले नै भन्नु केही छैन, अहिलेसम्म संघीय सरकारले हेरिरहेका आयोजनाहरू केन्द्रीय सरकारले नै सम्पन्न गरेर हस्तान्तरण गर्ने भनेर सार्वजनिक महत्वको प्रस्ताव संसदमा पेश भएको छ । अब त्यसको निर्णय के हुन्छ, त्यो पनि हामीले हेर्न बाँकी नै छ, त्यसपछि अर्को कुरा भनेको अहिले हामीले योजनाको छनौट गर्दा हामीले फेरि पनि अध्ययन गरेका छैनौं । फेरि त्यही हचुवाकै भरमा योजना हामीले छनौट गर्ने हो र बजेट हाल्ने हो भने त्यो बजेट सदुपयोग होइन दरूपयोग नै हुन्छ ।अहिले तपाईंहरूले पनि, जनताले माग राखेका, जनताले भनेका योजनाहरू नै माननीय संसदज्यूहरूले सरकारलाई पेश गर्नुभएको छ । ती योजनाहरू कतिको आवश्यकता छ वा छैन भन्ने बारेमा पनि हामीले भेरिफाई गर्न सकेका छैनौं । हिजो केन्द्रीय सरकारले बजेट विनियोजन गर्दा खेरि खोलानै छैन, खोला नै नभएको ठाउँमा पुल परे, जहाँ बाटोको आवश्यकता छैन त्यहाँ बाटो परेका छन् ।धेरै ठाउँमा आवश्यकता छ त्यो ठाउँमा योजना नै परेका छैनन् । अहिले पनि बजेट तल माग्दा खेरि हामी त धेरै, म आफै संसद हुँदा मेरो अनुभव छ । खानेपानी चाहिएर खानेपानी योजनाको माग गरेका छैनन् त्यहाँ, पैसा चाहिएर खानेपानीको माग गरेका छैनन्, स्कुल चाहिएर माग गरेका छैनन्, पैसा चाहिएर, उपभोक्ता समिति बनाउने, अनि अलिअलि खर्च चलाउनका लागि योजनाको माग गरेका छन् । मन्दिरको आवश्यकता परेर होइन, मन्दिरको नाममा केही पैसा लिएर आफ्नो खर्च पर्च चलाउने संस्कार पनि तल छ, त्यो संस्कारको निरन्तरता अहिले हामीले दियौं भने हामीले देखेको सपनाहरू पूरा हुन सक्दैन । त्यसको पनि अन्त्य गर्नुछ र साँच्चिकै हाम्रा लागि खानेपानी अहिले कति

आवश्यकता छ, कुन गाउँका लागि, कति खानेपानीको आवश्यकता छ भन्ने कुराको बारेमा हामीले सबभन्दा पहिला पहिचान गर्नु छ, जान्नु छ । त्यसैले हामीले के भन्यौ भने यो वर्षको बजेट, फेरि पनि हामीले धेरै सदुपयोग गर्न सकिदैन, हाम्रो प्राथमिकतामा केन्द्रित गर्न सकिदैन, यो वर्ष भनेको दुईवटा कामका लागि बढि केन्द्रित हुन्छ भनेर नीति तथा कार्यक्रममा मेरा कुराहरू राख्दा खेरि मैले संसदमा मैले जानकारी गराएको छु । एउटा भनेको यो वर्ष कानून निर्माणको वर्ष हुनेछ । हामीलाई चाहिने आवश्यक कानून निर्माण गरिसक्ने छौं । अर्को वर्ष भनेको योजना निर्माणको वर्ष हुनेछ । यो कर्णाली प्रदेशलाई समग्र यहाँको गुरुयोजना बनाएर, कति किलोमिटर सडक यस कर्णाली प्रदेशलाई आवश्यकता छ, कति खानेपानीको आवश्यकता छ यो कर्णाली प्रदेशमा, खानेपानीसम्बन्धीको जनताको हक संविधानले सुनिश्चित गरेको छ, यदि जनताले स्वच्छ खानेपानी पाउन सकेनन् भने जनताले सरकारको नाममा मुद्दा हाल्छ, मुद्दा हाल्नुपर्ने अवस्थाको सिर्जना हुन्छ । संविधानले दिएको अधिकार पूरा गर्नका लागि जनतालाई स्वच्छ खानेपानी दिनका लागि कति आवश्यकता छ, त्यसको पहिचान हामीले गर्नु छ, त्यसपछि हामीले भनेको कृषि, मुख्य कुरा उत्पादन, जनताको उत्पादनको मुख्य आधार भनेको कृषि हो । अर्गानिक कृषि हामीले उत्पादन गर्न जरूरी छ भनेर भन्यौ । यो प्रदेशमा कृषियोग्य जमिन कति छ, कुन भूगोलमा, कुन हावापानीमा कस्तो प्रकृतिको खेती हुने हो भन्ने कुराको पनि पहिचान गर्नु छ । हामीले त्यो कार्यक्रम तयार नपारीकन हाम्रो कार्यक्रम अगाडि बढाउन सक्दैनौ । त्यसपछि हामीले पर्यटकीय क्षेत्र भनेर भन्यौ, कुन ठाउँलाई पर्यटकीय क्षेत्र हामीले बनाउने, तत्काल कुन क्षेत्रलाई प्राथमिकतामा राख्न सक्छौं त्यसको पहिचान गरेर, तीनवटा पर्यटन क्षेत्र भन्यौ, धार्मिक पर्यटन भन्यौ, प्राकृतिक पर्यटन भनेको छौं, प्राकृतिक सौन्दर्यता, ताल तलैयादेखि लिएर नदीनालाहरू छन्, हिमालहरू छन्, वनजङ्गलहरू छन् तर यिनलाई विकास गर्नका लागि परियोजना बनाएका छौं । अर्को यहाँको कर्णाली प्रदेशको छुट्टै इतिहास छ, यो ऐतिहासिक थलो पनि हो, यसलाई त्यही रूपमा हामीले विकास गरेर पर्यटनको विकास गर्नु छ, यसका लागि पनि हामीले गुरुयोजना नबनाएर, बृहत प्लानिङ्ग नगरेर, अहिले हामीले फलानो ठाउँमा यति पैसा, फलानो ठाउँमा यति पैसा भनेर त्यो पैसाको दरूपयोग बाहेक अरू केही पनि हुँदैन । त्यसो भएको हुँदा यो वर्ष भनेको हामीले भन्यौ हाइड्रोपावर कति बनाउन सकिन्छ, खानीहरू कति छन्, जडीबूटीका कुराहरू यी सबै होला, शिक्षा, स्वास्थ्यदेखि सबै क्षेत्रलाई हामीले गुरुयोजना निर्माण गर्ने भनेका छौं । यो वर्ष भनेको योजना निर्माणको वर्ष हुनेछ । त्यसपछि हामी कार्यान्वयनमा जानेछौं भनेर भनेका छौं र अहिलेको बजेट भनेको गुरुयोजना निर्माणमा, डिपिआर तयार पार्न मै हाम्रो बजेट खर्च हुन्छ यतिखेर हामी त्यहाँ पहिलो प्राथमिकता दिने हो । जहाँ डिपिआर भैसकेका, जहाँ यति लागतमा यो आयोजना हो भन्ने पहिचान भैसकेका ठाउँहरूमा योजना कार्यान्वयन गर्न सकिन्छ, बजेटिङ्ग गर्न सकिन्छ, अहिले होचुवाकै भरमा माननीयहरूलाई तलबाट सिफारिस

गरेकै भरमा, माननीयले सरकारलाई सिफारिस गरेकै भरमा बजेट हाल्ने हो भने त्यही पूरानो परम्परा फेरि दोहरिन्छ, यतिका वर्षसम्म देश बनेन, नबनेको मुख्य कारण भनेकै होचुवाको भरमा, खोला छ कि छैन थाहा छैन त्यसै पुल हालेको, पानीको मुहान छ कि छैन थाहा छैन कुलाको योजना हालिदिने, मुहान छ कि छैन थाहा छैन खानेपानीको योजना हालिदिने र कहिले पनि तपाईंले त्यसको लाभ, त्यसको उपयोग जनताले गर्न नपाउने परम्परा हिजो थियो, त्यो परम्पराको अन्त्यका लागि हतारिन जरूरी छैन । यो वर्ष भए भयो, नत्र सबै चिज सकियो भन्ने कुराको चिन्ता नमान्न माननीयज्यूहरूलाई म अनुरोध गर्दछु । बजेट कुनै पनि हालतमा दरूपयोग गर्न दिइदैन, त्यसमा तपाईंहरू ढुक्क हुनुहोस्, कुनै पनि हालतमा भ्रष्टाचार हुन दिइदैन, त्यसका लागि माननीय सदस्यहरू हुनुहुन्छ, सिङ्गो जनताहरू छन्, नागरिक समाज छ, पत्रकारहरू छन्, अख्तियार छ, सबैले हेर्नुपर्दछ नजिकबाट, कहींकतै दरूपयोग हुन सक्छ, कहीं कतै भ्रष्टाचार हुनसक्छ, हुन नदिनका लागि तपाईं हाम्रो भूमिका नै मुख्य भूमिका रहन्छ । यो भयो भनेपछि हामीले कामलाई अगाडि बढाउन सकिन्छ, कहींकतै पनि चिन्ता नगर्नका लागि म अनुरोध गर्दछु । अर्को कुरा हामीले यही बजेटमा हामीसँग भएको सीमित बजेटमा मात्र बहस गर्ने, छलफल गर्ने र यसैमा हाम्रो विवाद गर्ने र अडकिने तिर हामी गयौं भने फेरि पनि यो प्रदेश हामीले बनाउन सक्दैनौ । हामी धेरैमाथि उठ्न जरूरी छ, हामीले धेरैमाथिबाट सोच्न जरूरी छ । हामीले साँच्चिकै ठूला-ठूला सपना देख्न जरूरी छ । यो हामीले देख्नुपर्दछ, ठूला महत्वकांक्षा राख्नै पर्दछ । त्यसैले यो प्रदेश बनाउनका लागि हामीले थप बजेट भनेको त्यही १५ अर्बको छ । हामीले २८ अर्ब बजेट विनियोजन गरेका छौं, त्यो भनेको घाटा बजेट हो, प्रश्न त्यही हुन सक्छ, तपाईंका स्रोत के हुन्, कहाँबाट ल्याउनुहुन्छ, कुन ठाउँबाट ल्याउनुहुन्छ, प्रश्न उठ्छन, उठाउनु पनि पर्दछ । हामीले भन्यौ, निर्णय गरौं, भाँडो बनाऊ, सबैभन्दा पहिला भाँडो तयार गयौं भने ठूला एउटा बोरा किनि राख्यौं भने भोलि जति धान जम्मा पार्न सक्छौं त्यही बोरामा राख्ने हो । अनि हामीसँग बोरा नै छैन, अनि त्यतिकै ल्याएर कहाँ राख्ने, हातमा कति अट्छ र, हामीले यो वर्षको बजेट विनियोजन २८ अर्बको गरेका छौं, अनि हामीले ल्याउँछौं, काँहीबाट खोज्छौ, जुटाउँछौं, जुटाउनुपर्दछ, र त्यही भाँडोमा राख्दछौं, अनि हामी कार्यान्वयनमा जान्छौ त्यतिले मात्रै हुँदैन अब हामीले संघीय सरकारसँग अनुदानको रूपमा यही बजेट आयो, यति बजेटले हामीलाई पुग्दैन, अब हामीले संघीय सरकारसँगबाट ऋण लिनु पर्दछ, हामी ऋण माग्छौ, अब हामी काठमाण्डौ बस्नुपर्दछ । हामीले बजेट जति सकिन्छ पेल्नुपर्दछ, हामीले पहल गर्छौं, भोलि हामी सफल हौंला नहौंला अलग पाटो हो । तर हामीले पहल नै नगर्ने भन्ने कुरा हुँदैन । पहल गर्छौं त्यसपछि थुप्रै तपाईंको छन त्यस्ता ऋण दिने संस्थाहरू, निकायहरू, ती निकायहरूकोमा हामी जान्छौ, कर्णाली प्रदेशका लागि तपाईंले ऋण दिनुहोस्, अब एकपटक कर्णाली प्रदेश ऋणी हुनुपर्दछ । कर्णाली प्रदेशका जनताको थाप्लोमा ऋणको भारी नबोकाएर कर्णाली प्रदेश बन्दैन, हामी सबैले ऋणको

भारी बोक्नुपर्दछ, साँच्चिकै प्रदेशलाई बनाउने हो भने नत्र जति चाहिँ संघीय सरकारले अनुदान बजेट दिन्छ, जहाँ जो-जो संघसंस्थाले अनुदान बजेट दिन्छन् त्यही बजेटबाट मात्रै कर्णाली प्रदेश बन्छ भन्ने सोच राख्यौं भने केही सुधारात्मक कामहरू त होलान्, अलिअलि सुधार चाहिँ होलान, जुन गतिमा हामीले भनेका छौं, त्यो गतिमा हामीले विकास गर्न सक्दैनौ । यसका लागि हामीले लागनीकर्ता खोज्नु जरूरी छ, त्यसलाई खोज्नुपर्दछ, लाग्नुपर्दछ, यहाँ सडकहरू छन्, सडकमा लगानी गर्ने कोही निजी लगानीकर्ताहरू आउँछन् भने हामीले सडक निजी लगानीकर्तालाई दिनका लागि तयार हुनुपर्दछ । हामी आफैले मात्रै बनाउने, फेरि यहाँ के छ भने अर्काले बनाउनु भनेको राष्ट्रघाती हो । राष्ट्रियताका प्रश्नहरू पनि उठ्छन् । राष्ट्रियतावादी, कुनै पनि प्रकारको समस्या आउन नदिने गरी हामीले सम्झौता गर्न सक्छौं, गर्नुपर्दछ, चाहिन्छ र हामीले एअरपोर्ट बनाउने भनेका छौं, सुर्खेतमा, अहिले तपाईंले हेर्नुहोस्, कालिकोट जिल्लाको एअरपोर्ट, ६०० मिटर एअरपोर्ट बनाउन २८ वर्ष लागेर पनि अझैं सकिएको छैन । अब हामीले भनेका छौं, सुर्खेतमा अन्त्यराष्ट्रिय स्तरको सडक र एअरपोर्ट बनाउनु पर्दछ भनेर भनेका छौं । अब हामी आफैले प्रत्येक वर्ष ५-५ करोड पैसा छुट्याएर, हामीले एअरपोर्ट बनाउँछौं भनेर भन्यौ भने कति सय वर्ष लाग्दछ, त्यो सम्भव छैन । हामीले ल्याउनुपर्दछ, हरेक औद्योगिक क्षेत्रमा लगानी गर्ने मान्छेहरू ल्याउनु पर्दछ, पर्यटन क्षेत्रमा लगानी गर्ने मान्छे ल्याउनु पर्दछ, तर हामीले बनाएको नीति, हामीले बनाएको नियमको मापदण्डभित्र रहेर हामीले लगानी भित्र्याउनु पर्दछ, लगानी ल्याउनु पर्दछ । त्यसका लागि अब हामीले चौतर्फी पहल जरूरी छ यतिखेर, सरकारले पहल गर्नुपर्दछ, हामी सबैले पहल गर्नुपर्दछ, के हामीले लगानी मैत्री वातावरण कसरी सिर्जना गर्ने, लगानी गर्ने मान्छेलाई कत्तिको विश्वास दिलाउने भन्ने कुराहरू तपाईं हाम्रो सामुहिक दायित्व हो, सामूहिक कर्तव्य हो । हामीले त्यो प्रकारको वातावरण सिर्जना गरेनौ, हामीले यही सीमित बजेट, हाम्रो मुखमा फालिदिएको छ, त्यही हामी खोसाखोसका लागि, त्यही हामी जुवाखोसीका लागि लड्चौं र भिड्यौ भने यो प्रदेश बन्न सक्दैन । त्यसो भएको हुँदा हामी यतातिर लड्न जरूरी छैन । यो केही पनि हैन, यो पैसा भनेको, यो बजेट भनेको त हाम्रा लागि त्यो चटनी पनि होइन । अर्गानिक एउटा आइटम भनेका छौं नि किताबमा, त्यो एउटा चटनीको आइटम हुन्छ, त्यो त खानाको आइटम पनि हुँदैन, त्यसैले हामीले सन्देश बाहिर दिनु जरूरी छ, कर्णाली प्रदेशमा लगानी मैत्री वातावरण छ भन्ने सन्देश हामीले बाहिर दिनुपर्दछ । कर्णाली प्रदेशका संसद, कर्णाली प्रदेशको सरकार, कर्णाली प्रदेशका जनता, कर्णाली प्रदेशका राजनीतिक पाटीहरू कर्णाली प्रदेश बनाउनका लागि असाध्यै जिम्मेवार छन्, धेरै चिन्तित छन् । त्यसैले सबै भन्दा राम्रो वातावरण, लगानी मैत्री वातावरण कर्णाली प्रदेशमा छ, भन्ने सन्देश हामीले बाहिर दिन सक्यौं भन्ने कुराको सन्देश चाहिँ हामीले दियौं भने मात्रै अनि लगानी कर्ताहरू यहाँ आउँछन् । एकपटक उद्योग वाणिज्य संघलगायतको टोली सुर्खेतमा आएको थियो, अनि हामीले भन्यौ तपाईंहरूले यहाँ लगानी

गर्नुहोस् है, लगानी मैत्री वातावरण हामीले सिर्जना गर्छौं, कर्णाली प्रदेशमा एकदम राम्रो वातावरण छ, अरूको भन्दा एकदम सुरक्षित लगानी कर्णाली प्रदेशमा हुन्छ । यहाँ खुल्ला सीमा भारतसँग नजोडिएको क्षेत्र, उत्तरमा ठूलो वाल छ तपाईंको, त्यो वालभित्रको कर्णाली प्रदेश एकदम सुरक्षित छ भनेर भन्यौ । अनि काठमाण्डौमा केही अन्त्यराष्ट्रिय लगानीकर्ताहरूसँग छलफल गर्दै थिएँ, एउटा समाचार आयो हाम्रो भौतिक मन्त्रीको गाडीको झण्डा भाँचेर निहुराएको अनि सिसा फुटेको फोटो आयो, ए बडो सुरक्षित ठाउँ रहेछ नी, एक घण्टा पनि उद्योग बन्द नहुने वातावरण बनाउनु भएको रहेछ नि भनेर भनि हाले । अब हामीले ठाउँठाउँमा टायर बाल्न थाल्यौं, आएका मान्छेहरूलाई धम्काउन र थर्काउन थाल्यौं, आएका मान्छेहरूलाई भगाउने किसिमको गतिविधि हामीले संचालन गर्यौं भने कर्णाली प्रदेशमा लगानी आउँदैन । त्यसका लागि हामी जिम्मेवार हुनुपर्यो, राम्रो छ, हामीले राम्रो वातावरण बनाउँछौं, यसका लागि हामी जिम्मेवार छौं भन्ने कुराको सामूहिक प्रतिबद्धता हामीले राख्यौं र त्यो सन्देश हामीले बाहिर दिनसक्यौं भने लगानी गर्ने कुरामा धेरै इच्छुक छन्, राष्ट्रिय लगानीकर्ताहरू पनि इच्छुक छन्, हामी लगानी गर्छौं, लगानीका लागि उपर्युक्त वातावरण तपाईंहरूले, सरकारले बनाउनु पर्दछ भनेर भनिरहेका छन् । थुप्रै लगानीकर्ताहरू पनि छन, हामीले कर्णाली प्रदेशमा लगानी गर्छौं, अरू प्रदेश भन्दा धेरै ठूलो सम्भावना बोकेको प्रदेश कर्णाली प्रदेश हो । साधन स्रोतबाट हामी भरिपूर्ण छौं, कर्णाली प्रदेशसँग अथाह प्राकृतिक सम्पदाहरू छ । हामीले डलरमा परिणत मात्रै गर्ने हो, पैसामा मात्रै बदल्ने हो । त्यसैले मान्छेहरू आफ्ना फाइदाका लागि लगानीकर्ता आउने भनेको व्यापार गर्नका लागि आउने हुन्, उनीहरूको व्यापार पनि राम्रो होस्, हामीले भन्यौं कर्णाली प्रदेश सरकार बनिसके पछि कर्णाली प्रदेशलाई हवाई यातायातसँग जोड्नुपर्दछ भन्ने कुरा भयो । अब तपाईंको हवाई यातायातसँग जोडिने थिएन, धेरै ठूलो मेहनत हामीले गर्यौं, अनि त्यसपछि बल्ल काठमाण्डौसँग मात्र जोडियो । त्यसपछि धेरै आग्रह अनुरोध गर्यौं, धेरै पहल गर्यौं त्यसपछि अब बल्ल सुर्खेतसँग काठमाण्डौ राजधानी र तपाईंको यो प्रदेशका जिल्लाहरूसँग सुर्खेत राजधानी जोडिंदै छ । अस्ति मात्रै हामीले उदघाटन गर्यौं, अब नियमित फ्लाइट हुँदैछ । फेरि पनि यो ठाउँमा आउनका लागि फाइदा छैन, नेपालगंजबाट उडान गर्न धेरै फाइदा छ, विदेशीहरू त्यहाँबाट हवाइ कम्पनीहरूले उडाउँछन्, सुर्खेतबाट एकजना विदेशी उड्दैन, फाइदा नै छैन, कम्पनी किन आउँछ । त्यसो हुँदा हामीले के भन्यौ भने त्यही फाइदाका लागि सानो मात्रै भएपनि केही देखाउनुपर्यो भनेर हामीले इन्धन अनुदान भनेर हामीले भन्यौ । इन्धन अनुदान हामीले किन दियौ भने नेपालगंजबाट उडान गर्ने जहाजले, हुम्लामा उडान गर्ने जहाजले अनुदान बजेट पाउँदैन, जुम्लाले पाउँदैन । सुर्खेतबाट उडान गर्दा फाइदा छ भनेर जहाज सुर्खेतबाट उड्न थाल्दछ । त्यसपछि हामीले भन्यौ बुढा पाकाहरूलाई हामीले ६० वर्ष भनेका छौं कर्णाली प्रदेशको हकमा, ६० वर्ष भन्दामाथिका बुढाबुढीहरूलाई सुर्खेतबाट

उडेपछि र सुर्खेत झरेपछि १००० रूपैयाँ दिने निर्णय गरेका छौं । त्यसपछि बल्ल मान्छेहरूको आकर्षण बढ्ने हो । जब मान्छे यहाँ आए अनि बल्ल होटल चल्ने हो, हरेक प्रकारका व्यवसायहरू चल्ने हुन्, सामान बिक्री हुने हो, मान्छेहरू यहाँ ल्याउन सक्ने हो भने, जति सकिन्छ बढि मान्छेहरू यहाँ उपस्थित गराउन सक्यौं भने व्यापार चल्छ, बिजनेस चल्छ, अनि बल्ल समृद्धि हुन्छ । जसरी यो प्रदेशमा धेरै भन्दा धेरै पैसा हामीले भित्र्याउने तिर सोच्नुपर्दछ । त्यही भएर हामीले पर्यटन वर्ष भन्यौ । अहिले पनि पर्यटकहरू आइरहेका छन् । केही नभए पनि केही पैसा दिइरहेका छन्, यही प्रदेशमा पैसा छोडेर गएका छन्, हामीले यसलाई बढाउनु पर्दछ । त्यसपछि हामीले विदेशी पर्यटकहरू भित्र्याउनुपर्दछ सुर्खेतमा, हामीले हाम्रा सबै आन्तरिक तयारीहरू गर्यौं भने पर्यटकका लागि पनि अनुदान भनिदिन्छौ । अनि फेरि प्रश्न उठ्न सक्छ, विदेशीहरूलाई पनि हामीले अनुदान दिने, हामीले दिनुपर्दछ, थोरै मात्रै भएपनि अनुदान दियौं भने त्यही लोभले पनि विदेशी चाहिँ सुर्खेतमा आएर झर्छ, अनि होटलमा आएर बस्छ र डलर दिएर जान्छ । बरू हामीले होटलबाट कर बढि लगौं न, उता दिए पनि यता होटलबाट कर धेरै असुलौं न । उता हामीले २ हजार दिएपनि यताबाट ४००० हामीले असुली हाल्छौं । बिजनेश माइण्ड, व्यापारिक माइण्ड, हामी पुरै कर्णालीवासीहरूले व्यापारिक माइण्ड बनाउन सकेनौं भने हामी आर्थिक हिसाबले समृद्धिकोतर्फ जान सक्दैनौ । हामी व्यापारिक मानसिकताबाट अगाडि बढ्नै पर्दछ । अरू देशहरू पनि व्यापारिक मानसिकताबाट, अहिले चाइनिजहरू व्यापारिक मानसिकताकै कारण अहिले त्यहाँसम्म पुगेका हुन् । हरेक ठाउँ सिङ्गापुरलगायत थुप्रै त्यस्ता व्यापारिक क्षेत्रहरू छन्, त्यहाँ व्यापारिक चेतना भएकै कारण ती ठाउँहरू बनेका हुन् । अहिले पनि व्यापारिक माइण्ड भनेको व्यापारिक चेतना अब एउटा संस्कार भनेको तपाईंहरूको के गर्दा हामीले आर्थिक इन्कम पैदा गर्न सक्छौं, यता तिर लगाउने हो । त्यसपछि अर्को भनेको पूँजीवाद भनेको विज्ञापनको दुनियाँ हो । हामीले अहिलेको सम्मानित प्रधानमन्त्रीलाई रारामा ल्याउनको कारण भनेको विज्ञापन गर्नका लागि हामीले रारामा ल्याएका हौं । अहिले धेरै प्रश्न उठ्छन्, आएर के भयो, के दिए राराको छेउमा बसालेर, ब्याकग्राउण्डमा रारातालमा डुङ्गा चलाएको देखाएर, यो कर्णाली प्रदेशलाई विज्ञापनको लागि थियो । अरू ६ वटा प्रदेशहरूलाई हेर्नुहोस्, कर्णाली प्रदेशलाई हेर्नुहोस्, अहिले चर्चाको केन्द्रमा छ । यो हामीले प्रचार गर्यौं, प्रधानमन्त्रीले देशवासीका नाममा सम्वोधन कर्णाली प्रदेशबाट उही पनि राराको छेउबाट दिने कुराहरू सामान्य कुरा चाहिँ थिएन । सामान्य कुरा होइन सरकारको, तर त्यसपछि सरकारले गरेका हरेक निर्णयहरू भनेका यही समृद्धिका लागि, यही विकासका लागि आर्थिक हिसाबले हामी आत्मनिर्भर हुनका लागि हामी केन्द्रित गरेका छौं । हाम्रो संस्कार भनेको काम नगर्ने संस्कार, हाम्रो संस्कार भनेको ठाडो लाग्ने सरकार, अहिले पनि तपाईंको काम गर्ने मान्छेलाई घृणाको नजरले हेर्छौं, अर्काले अर्हाएर खाने मान्छेलाई हामीले राम्रो मान्छे मानेका छौं, उसलाई विद्वान मान्छे मानेका

छौं । काम गर्न लाज मानी रहेका छौं,  शरम लाग्छ हामीलाई काम गर्न, आफ्नो कोठाभित्र, आफ्नो किचनमा काम गर्न पनि हामीलाई लाज लाग्दछ । साँच्चिकै श्रम गरेर मात्रै यो ठाउँको भविष्य बन्न सक्छ, काम नगरेर आखिर हामीले पसिना नबगाएर यो कर्णाली प्रदेश बन्न सक्दैन । यो संस्कारको विकास गरौं भनेर आफै मुख्यमन्त्रीले सडकमा गएर झाडु समातेर प्लाष्टिकका टुक्राहरू मैले टिपें । यो सुर्खेत फोहोर भयो भनेर सफा गर्न मन लागेको हो । साँच्चिकै श्रम गर्ने सोच, एउटा संस्कार बसोस् । साँच्चिकै सबै माननीय संसदज्यूहरू काम गर्नका लागि लाज नमानुन्, त्यही झाडु समात्न तयार हुन्, डोजर चलाउन तयार हुन्, बाटो खन्न तयार हुन्, हरेक काम गर्न सिक्ने हो, संस्कारको विकास हुन्छ, लागौं भनेर अभियानकै रूपमा सरकारले लियो, सरकारले निर्णय पनि गर्यो । महिनाको २ दिन, १ गते र १५ गते श्रम दिनकै रूपमा कर्णाली प्रदेशमा हामीले मनाउनुपर्दछ भनेर हामीले निर्णय गर्यौं । यसलाई हामीले कार्यान्वयन गर्यौं भने, राम्रो सोच, सकारात्मक सोचले सोच्नुपर्यो, हामीसँग सबै मान्छेहरूले एकदम काम गर्ने श्रमिक मान्छेहरू, हामीले नगरे कस्ले गर्छ, यो ठाउँ बनाउन कोही अरू ठाउँको मान्छे आउँदैन, यूरोप, अमेरिका, भारत, चाइना, कोही पूर्व पश्चिमको मान्छेहरू आउँदैन, यही कर्णाली प्रदेशका मान्छेहरूले बनाउने भन्ने सोच विकास होला, त्यो प्रकारको संस्कारको विकास होला भनेर त्यो प्रवृत्तिको सुरूवात गर्यौं । हामीहरू दिनरात लाग्नुपर्दछ, कस्सिनुपर्दछ, भनेर हामीले अझ ठूलै अर्कै चिज त गर्दैन, त्यस्तो जादुको छडी त हामीसँग छैन, तर पनि एउटा संस्कारको विकास गर्नुपर्दछ भनेर सरकारले अर्को निर्णय गर्यो, शनिबार पनि क्याविनेटको बैठक बस्ने, शनिबार पनि अफिस बन्द नहुने, शनिबार पनि सम्पूर्ण मन्त्रालयहरू खुल्ला रहन्छ भनेर भन्यौ । शनिबार पनि विदा नदिने भनेर निर्णय गर्यौं ।बरू हामीले दुई सिफ्टमा काम गर्ने । अझै हाम्रो कामको चाप बढ्दै आयो, अझै हामीले दुई सिफ्टमा काम गर्ने, बिहान ६ बजेदेखि साँझको ८ बजेसम्म त्यो प्रकारको संस्कारको विकास गर्नुपर्दछ, त्यति हामी खट्टिनुपर्दछ भन्ने हिसाबले त्यो निर्णय हामीले गर्यौं, ती निर्णयहरूलाई खिल्ली उडाउने गरेर, यी निर्णयहरू बेक्कार हुन भनेर होइन, यस्ता निर्णयहरूलाई हामीले साँच्चिकै नयाँ संस्कारको रूपमा विकास गर्नका लागि स्थापित गर्नका लागि तपाईं हाम्रो सबैको साझा दायित्व हो । अनि मात्र हामी अगाडि बढ्न सक्छौं, यसका लागि हामी जुट्न जरूरी छ, यसका लागि हामीले आवश्यक बजेटको व्यवस्थापन गर्ने कुराहरू र बजेट जुटाउने कुराहरू, अब हामीले यो बजेट कार्यान्वयन गर्ने सवालमा सबै मन्त्रीहरूलाई लगाउँछौं । सबै मन्त्रीहरू अहिले बजेटको कार्यान्वयनमा लाग्नुहुन्छ, मुख्यमन्त्री र अर्थमन्त्रीको काम भनेको बजेटलाई कति सकिन्छ भित्र्याउँछौं । नेपाल सरकारबाट ऋण कति लिन सक्छौं र त्यसपछि अन्य निकाय वर्ल्ड बैङ्क, एडीबी बैङ्कहरूबाट कति ऋण लिन सक्छौं, हामीले निजी लगानीकर्ताहरूसँग बाट कति लिन सक्छौं, राष्ट्रिय अन्त्यरराष्ट्रिय निजी लगानी कर्ताहरूसँगबाट कतिको बजेट ल्याउन सक्छौं अनि बल्ल मात्र यो प्रदेशको भविष्य छ

भनेर अब हामी त्यो काममा लाग्नुपर्दछ । त्यसपछि अर्को कुरा विषयगत मन्त्रालयको कुरा जो चाहिँ छ, अहिले हामीले केन्द्रित गरी राखेका छौं, केही पनि भएको छैन, अगाध ठाउँमा केही भयो होला, त्यो पनि अहिले गतिलो छाँटकाँट नदेखेर पनि हो । ल ल ठिकै छ भनेर अस्ति मैले पनि भनेकै थिएँ, ठिकै छ भाषण तल हामीले गरेर आएका हौं चुनावको बेला, मुख्यमन्त्रीज्यू बजेट बाँड्नुपर्यो भनेर भन्नुहुन्छ भने म ओपन छु भनेकै थिएँ । अहिले पनि केही बिग्रिएको छैन, तपाईंहरूको निर्वाचनको क्षेत्रमा बजेटको सीमितताभित्रको योजना त छ्यालफ्याल आउँछ, तर बजेट कतिको आउँछ थाहा छैन । कार्यान्वयन गर्न नसकिने योजना आउँछ । अहिले तपाईं सिरिप ५ करोडको बजेटको कुरा एउटै निर्वाचन क्षेत्रमा मात्रै गर्ने उहि पनि ५ करोडभित्रको कार्यक्रम ५-६-८ वटासम्म आएका रहेछन् । ल हिसाब गर्नुहोस् त ५ वटा मात्रै योजना बन्यो भने चौबिस पन्चे १२० वटा त बाटा नै भए । ल कति बाटा चाहिए तपाईंहरूलाई, बजेट त ५ करोड मात्रै हो । अरू पैसा पनि छ हामीसँग, योजना कति बनाउने, जत्ति योजना बनाउन सकिन्छ समस्या छैन, सरकार खुल्लै छ, किनकी यो वर्ष हामीले अलि अध्ययनकै वर्ष बनाउने र सिङ्गो गुरुयोजनाकै वर्ष बनाउने भनेर भन्या छौं । ठिकै छ त्यस्तो तत्काल मर्मत सम्भारको कामहरू छन्, थोरै डेढ र दुई किलोमिटर बाटो खन्ने बित्तिकै लिङ्क रोडहरू एकअर्कामा जोडिने वाला छन्, अलिअलि पाइप दिने बित्तिकै धारामा पानी आउने हो, अलिअलि काम गर्ने बित्तिकै जनतालाई राहत पुग्ने छ भने हामीले फेरि पनि छलफल गर्ने छौं । केही बिग्रिएकै छैन, तपाईंहरूले भनेजस्तै बजेट त डल्लै छ नि । हामी फेरि छलफल गरेर यो यो ठाउँमा हाल्ने भनेर हामीले सल्लाह गर्यौं भने त्यो ठाउँमा हाल्न सकिन्छ, सल्लाह गर्न सकिन्छ । धेरै बिग्रियो कि क्या हो, धेरै बर्बाद नै भयो कि क्या हो भनेर बुझ्न जरूरी छैन, त्यही भएर सरकार र सदन भनेको एउटै हुन्, एकअर्काका लागि परिपूरक हुन् भन्ने सोचका साथ म आग्रह गर्दछु, म अनुरोध गर्दछु, कि यहाँ प्रतिपक्ष, सत्तापक्ष, अरू कुरामा हामी हौंला, अरू कुरामा हामी हौंला, प्रतिपक्ष हुने, सत्तापक्ष हुने तर विकास भनेको सबैको साझा सवाल हो, साझा विषय हो । अहिले सडक बनायौं भने सत्ता पक्ष मात्रै हिड्न मिल्ने प्रतिपक्ष त्यो सडकमा नहिड्ने भन्ने हुन्छ । अहिले हामीले खानेपानीको धारा बनायौं भने सत्तापक्षले मात्रै पानी खाने प्रतिपक्षले नखाने भन्ने हुन्छ, हामी सबैको साझा मुद्दा भनेको सडक हो, साझा मुद्दा भनेको हाम्रो खानेपानी हो, सिंचाइ हो, अनि थुप्रै भौतिक पूर्वाधार हुन्, शिक्षा हो, स्वास्थ्य हो, यसमा हामीले पक्ष र प्रतिपक्ष भएर उभिन्नु जरूरी छैन । हामी सबै विकासका पक्ष, सडक बनाउनेका पक्ष, खानेपानी बनाउनेका पक्ष, सिंचाइ बनाउनेका पक्ष, शिक्षा र स्वास्थ्य बनाउनेका पक्ष र समग्र यहाँको विकास र आर्थिक समृद्धिको पक्षमा हामीले समर्थन गर्न आवश्यकता छ । त्यसो भएको हुनाले म आग्रह गर्दछु प्रतिपक्ष दलका माननीय सदस्यज्यूहरूलाई यतिखेर यसको पक्षमा, यतिखेर यस बजेटको समर्थनमा मौन बस्ने होइन, अझै प्रतिपक्ष भन्दा चर्को आवाज निकाल्नु जरूरी छ, निकाल्नु हुनेछ भन्ने कुरामा

आशा, अपेक्षा र अनुरोध पनि म गर्दछु । त्यसो भएको हुँदा माननीय संसदज्यूहरू कतै पनि तपाईंहरू निसंकोच भोलि कतै केही भै हाल्ला कि, कोहीले गडबढि गरिहाल्लान कि, अपारदर्शी ढङ्गले काम गर्लान कि भन्ने चिन्ता नमानीकन, यसमा तपाईं हामी सबै एक साथमा हुनेछौं, हामी सरकार र सदन अलग हुनेछैन । हामी एउटै ठाउँमा हुनेछौं, यहाँको विकासको लागि, यहाँको समृद्धिका लागि, र हामीले सदन केही होइन भन्ने पक्षमा सरकार पनि छैन, संसद भनेको यो कर्णाली प्रदेशको सर्वोच्च निकाय भनेको संसद हो र संसदको अधिनमा सबै चिजहरू हुन्छन् र सबै रहनुपर्दछ । त्यसो भएको हुँदा यो उच्च समान्नित सदनले अहिलेको यो बजेटलाई एकदम हार्दिकताका साथ काँही कतै थोरै पनि चिन्ता नमानेर, थोरै पनि आशंका र फेरि पनि के हुने हो भन्ने डर नराखीकन, मैले लाष्टमा यति धेरै नबोले पनि हुन्थ्यो जस्तो लागेको छ, किनभने अर्थमन्त्रीले पनि बोलिसकेको हुँदा तै पनि मैले बोलें, तपाईंहरूलाई थप विश्वास दिलाउनका लागि मैले बोलेको हुँ । कहींकतै पनि अफ्ठ्यारो नमानीकन, थोरै पनि ठिकै छ उही छातीमाथि ढुङ्गा राखी हाँस्नुपर्या छ भन्या जस्तै छातीमा ढुङ्गा नराखेर हाँस्ने, ढुङ्गा सुङ्गा फालेर हाँस्ने, कहीँकतै पनि तपाईंहरूलाई अफ्ठ्यारो दबाब नमानीकन तपाईंहरू उत्साहित भएर बजेट पारित गरी दिनु हुन अनुरोध गर्दै मेरो भनाइ यहीं अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ अन्तरगतको विनियोजनमाथि सम्बन्धित मन्त्रीका तर्फबाट जवाफ समेत सभामा आइसकेको तथा कुनै पनि खर्च कटौतीको प्रस्ताव नपरेको हुँदा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश विनियोजन विधेयक २०७५ पारित गरियोस् भनि सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारबाट गरिने आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न आवश्यक भएकोले कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ र कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम (१२)बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश विनियोजन विधेयक २०७५ निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७५ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार १९ गते मङ्गलबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३०

(२०७५ असार १९ गते मङ्गलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३० औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेशसभाको २०७५ जेठ २५ गतेको बैठकबाट कर्णाली प्रदेश अन्तरगत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ विषयगत समितिमा पठाउने निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भइ २०७५/०३/१८ मा सभासमक्ष प्रतिवेदनसहित प्राप्त भएकाले प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, कर्णाली प्रदेशसभा नियमावली, २०७४ नियम १२० को उपनियम (२) को खण्ड (क) बमोजिम प्रतिवेदनसहित सभामा छलफल गरियोस् भनी सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

अब आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मिती २०७५/०२/२५ गतेको प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भइ, सभामा प्राप्त भएको कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम (२) को खण्ड (क)बमोजिम प्रतिवेदनसहितको विधेयक प्रदेशसभामा छलफल गरियोस् भनी प्रस्ताव पेश गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीले सभामा पेश गर्नुभएको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीहरूले पाउने सेवा तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफलका लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री गुलावजंग शाह ।

**माननीय श्री गुलावजँग शाहः-** माननीय सभामुख महोदय, आज म कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सन्दर्भमा सैद्धान्तिक छलफल भएर सैद्धान्तिक छलफल पछि संशोधनसहित समितिमा पेश भइ समितिले तयार पारेको प्रतिवेदनमाथि थोरै मात्र आफनो सुझाव र टिप्पणी राख्ने अनुमति चाहन्छु । माननीय सभामुख महोदय, हामीले ढिलै भए पनि स्थानीय तहको सेवा सुविधाको सन्दर्भमा कर्णाली प्रदेशले कानूनत ऐन ल्याएर स्थानीय तहको पदाधिकारीहरूलाई आफनो सेवा सुविधा प्राप्त

गर्ने हकलाई कानून निर्माण गर्ने अन्तिम चरणमा पुगेका छौं । हामीले आफनो तहको सन्दर्भमा नसोची रहँदा पनि स्थानीय तहको सन्दर्भमा खुकुलो कानून बनाइ जुन खालको प्रयत्न प्रयास भइरहेको छ, यो सह्रानीय छ भन्ने कुरा राख्न चाहन्छु । खास गरी स्थानीय तहका पदाधिकारीहरूको सेवा सुविधाका सन्दर्भमा धेरै कुरा उल्लेख भएको छ, थोरै मात्र टिप्पणी राख्न चाहन्छु । अनुसूची १ मा पदाधिकारी सदस्य र सभासद सदस्यको सन्दर्भमा सबै कुरा उल्लेख भएको छ, मात्र एउटा कुरा स्थानीय तहले आफनो मनोमानी ढङ्गले बैठक भत्ता लिए, दिएको कुरा पनि हाम्रो जानकारीमा छ । त्यसैले यहाँ बैठक भत्ता छुटेको हुनाले बैठक भत्ता थपियोस् भन्ने कुरा राख्न चाहन्छु । जहाँसम्म समितिमा व्यापक छलफल भएर स्थानीय तहका पदाधिकारीको सेवा सुविधा टुंग्याएर पेश गरिएको छ, सेवा सुविधाका सन्दर्भमा भन्नु पर्दा सरसती हेर्दा समितिले पेश गरेको सेवा सुविधामा स्थानीय तहको गाउँपालिका अध्यक्षको ३०,५००।- तोकिएको छ, उपाध्यक्षको २५ हजार छ, वडाअध्यक्षको १९ हजार गाउँपालिका सदस्यको चाँही १० हजार गाउँसभा सदस्यको ५ हजार यसमा मेरो थोरै मात्र टिप्पणी छ । हामीलाई थाहा छ, स्थानीय तह संचालन गर्दा गाउँपालिका अध्यक्ष चौविसै घण्टा जनताको सेवामा समर्पित हुन्छ, हामीलाई थाहा त्यतिकै ढङ्गले उपाध्यक्ष पनि जनताको बीचमा समर्पित हुने कुरा हामी जानकार नै छौं तर हामीले ३०,५००।- गाउँपालिकाको अध्यक्षको बनाइयो भने २५ हजार हामीले उपाध्यक्षको तोकेका छौं म भन्न चाहन्छु गाउँपालिकाको उपाध्यक्षको अलि बढि लोड छ । लोड यस मानेमा छ, न्याय समितिको पनि अध्यक्षता गर्नुपर्ने भूमिका छ, स्थानीय तहको सबै विकास निर्माणका आयोजनाको अनुगमन पनि गर्नुपर्ने भूमिका छ, त्यसैले यो २५ हजार कम भयो, अध्यक्ष र उपाध्यक्षको बीचमा त्यति तात्विक भिन्नता राख्छ जस्तो मलाई लाग्दैन । कामको ह्याम्परले उपाध्यक्ष बढि भएको हुनाले ३०,५००।- अध्यक्षको बनाएता पनि कम्तीमा पनि २७ हजार बनाइयोस् भन्ने सुझावका रूपमा पेश गर्न चाहन्छु । ठिकै छ, वडा अध्यक्ष १९ हजार राखिएको छ, मलाई लाग्छ वडा अध्यक्ष एकदम डे टु डे, टेन टु फाइभ नभइकन, दिनानुदिन बिहानदेखि बेलुकासम्म आफनो वडामा अभ्यस्त हुनु पर्ने भएको हुनाले गाउँपालिकाको वडा अध्यक्षको चाँही २० हजार बनाइयोस्, नगरपालिकाको वडा अध्यक्षको २१ हजार बनाइयोस् भनेर सुझाव राख्न चाहन्छु । जहाँसम्म गाउँकार्यपालिकाको वडा सदस्यहरूको ५ हजार बनाइएको छ, नगर वडा सदस्यको चाँही ७ हजार बनाइयोस्, गाउँ कार्यपालिका सदस्यको ६ हजार यस मानेमा कि वडा सदस्यको कि हामीले तलबको व्यवस्थापन नगर्नु पर्ने थियो । तलब भत्ताको व्यवस्थापन गरी सकेपछि ६ हजार यस मानेमा राख्न चाहन्छु कि खास गरी सबै वडामा महिला र दलित अनिवार्य रूपमा समावेशी गराइएको छ । यस्तो समावेशी न उपाध्यक्षमा छ, न अध्यक्षमा छ, न वडा अध्यक्षमा छ, वडा सदस्यमा मात्र समावेशी गराइएको छ, जहाँ महिला सदस्य र दलित सदस्य दलित पनि समाबेश गराइएको हुनाले सम्भवतः उनासी तहमा कहीं पनि दलितलाई प्रमुख दिए जस्तो मलाई लाग्दैन । त्यसैले

महिला दलित सदस्य पनि राखेको हुनाले सम्मान स्वरूप पनि समावेशीका कारण पनि महिला वडा सदस्यको ५ हजारको सट्टामा ६ हजार गराउनु पर्छ । नगरको ६ हजारको सट्टामा ७ हजार गराउनुपर्छ भन्ने टिप्पणी गर्न चाहन्छु । हामीले यी सबै कुरा गर्दैगर्दा हामीले बनाउने कानूनले दीर्घकालीन असर गर्छ भन्ने कुराको हेक्का राखियो भने हामीले बनाउने कानूनलाई अलि पर गएर पनि सोच्ने हो भने केन्द्रबाट आएको हाम्रो कर्णाली प्रदेशको क्याबिनेटले सिफारीस गरेको कुरालाई पनि मध्यनजर गरियो भने मलाई लाग्छ, वडा अध्यक्ष र वडा सदस्यको, वडा अध्यक्ष र उपाध्यक्षको तात्विक भिन्नता नहुने गरी तलबको रूपमा पेश गरियो भने पछि, यो कानून बनाउने कुरा फेरि रिथिंक गर्न नमिल्ने अलि पर जान नपर्ने भएकाले यसलाई अहिले नै पुर्नविचार गरियोस् भन्ने कुरा टिप्पणीका रूपमा राख्न चाहन्छु । जहाँसम्म हामीले कानून बनाइ सकेपछि कार्यान्वयन गर्ने तहमा हामी यसलाई अभ्यस्त रूपमा लाग्न र लगाउन पर्ने भएकाले यो कानून बनाउने कुरामा यो सभा गम्भीरताका साथ सोचोस् भन्ने टिप्पणी र सुझावसहित आफनो भनाइ राख्न चाहन्छु । हवस् त धन्यवाद, अभिवादन !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी र सदस्यहरूले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको दफावार छलफल यहीं समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहाने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेको सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला ।

अब माननीय श्री हिम बहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, गाउँ तथा नगरपालिका सदस्यहरूको सेवा तथा सुविधाका लागि टेबुल गरिएको विधेयकमाथि दफावार छलफल जारी छ, मलाई त के लागि रहेको छ भने यो दफावार छलफल भन्दा पनि, हाम्रो कर्णाली प्रदेश सरकारले राम्रो शब्द ल्याएको छ, पकेट एरिया भन्ने यो पकेटवार छलफल गरेको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ दफावार भन्दा पनि पकेटवार छलफल गर्दा राम्रो होला, त्यो भन्दा धेरै गर्न आवश्यक छैन । तर एउटा कुरामा म अलिकति अन्यौलमा छु, जब कर्णाली प्रदेशको स्थानीय तहको पदाधिकारी तथा सदस्यहरूको सुविधा बारेमा स्पष्ट रूपमा संविधानको धारा २९७ ले दिएको प्रदत्त अधिकारले जुन कर्णाली प्रदेशले निर्माण गर्ने कुराहरूमा औपचारिक रूपमा हिजो छलफल भयो सैद्धान्तिक रूपमा टेबुल भएकै दिनमा छलफल भयो तर अनौपचारिक रूपमा धेरै छलफल भएको छ, धेरै कुराहरू आएका छन् तर कुनै पनि तर्कसँग तथ्य पनि हुनपर्छ, तर्क मात्र ठूलो कुरा होइन तर्कसँग तथ्य हुनुपर्छ । त्यसैले आज यस विधेयकमाथि छलफल गर्दा खेरि हामीले तथ्यगत कुराहरूमा हाम्रो गठित नियमावलीअनुसार समितिमा वैधानिक तरिकाले बसेर प्रतिवेदन पेश गरिसकेको होला र यस प्रतिवेदनलाई आधार मानेर आजको सदनले अझ यसलाई हेरफेर गरेर तलमाथि गरेर तोडमोड गरेर जानु उचित हुँदैन कि भन्ने मलाई लाग्छ त्यसैले मेरोतर्फबाट र प्रतिपक्ष नेपाली कांग्रेसको तर्फबाट जुन विधायन समितिले

ल्याएको प्रतिवेदन छ र त्यसमा जे जति छलफल र बहस भएर निचोड ल्याएको छ आज त्यसैलाई पारित गर्न अथवा समर्थन गर्न म आफनोतर्फबाट प्रतिवद्धता जनाउन चाहन्छु । यसको बारेमा लामो चर्चा परिचर्चा गर्ने पक्षमा छैन । तर मैले भन्नु पर्ने कुरा त अर्को छ, आज हाम्रो आन्तरिक मामिला तथा कानून मन्त्री पनि यही हुनुहुन्छ, खुसीको कुरा हो, यो पनि सौभाग्य नै हो । यो हाम्रो सदनमा हामी आजसम्म यहाँ टेबुल भएका विधेयक १७ वटा विधेयकमा र १० वटा विधेयक उता नियमावली आज एउटा विधेयक पारित गर्ने प्रक्रियामा छौं भने ९ वटा विधेयक पारित गरिसकेका छौं, ४ वटा विधेयक प्रमाणीकरण भइ, १० वटा विधेयक अब नियमावलीसहित ११ वटा पारित हुँदैछन । अब केही बाँकी रहेका भोलि पर्सी होला तर एउटा यो प्रदेशसभा पनि नभनौं, माननीय पनि नभनौं सदस्यहरू, यही घरभित्रका सदस्यहरूको घरभित्र आएर, अगाडिको कुर्सीमा बस्ने सदस्यहरूको सेवा सुविधा सम्बन्धमा २०७५ साल वैशाख महिनाको १६ गते टेबुल भएको रहेछ । त्यस्तै मुख्यमन्त्री र मन्त्रीज्यूहरूको पारिश्रमिक र सुविधा सम्वन्धमा २०७५ साल वैशाख १९ गते टेबुल भएको रेकर्ड हामीलाई सचिवालयले दिएको छ तर त्यो टेबुल भएको कागज कहाँ छ, टेबुल भएको रेकर्ड त यहाँ सचिवालयमा छ तर त्यो कागज अझ हिजोको भने झैं रातो छकी, सेतो छ कि, पहेलो छ कि, त्यो हाम्रो आँखाले हेर्नें पाउँदैन । म स्पष्ट कानूनमन्त्रीसँग प्रश्न गर्न चाहन्छु, त्यो कुन सुन्दुकमा भोटे ताल्चा लगाएर राख्नु भएको छ, कुन उसमा भोटे ताल्चा लगाएर राखी बक्सेको छ । त्यो कस्तो चावी हो, त तपाईंहरू यस्तो राख्दा राख्दै तालामा खिया लागेर भोलि कहिलै खुल्दै नखुलेर, त्यहीभित्र धिमरोले खाने त होइन, त्यो अप्ठयारो हुन्छ, फेरि त्यसैले त्यसको लागि मैले प्रश्न गरे तर यसको लागि सहकार्य गर्नको निम्ति पनि समझदारी गर्नको निमित्त पनि माननीय सभामुख महोदयलाई पनि आग्रह गर्न चाहन्छु र सम्बन्धित मन्त्रीज्यूलाई पनि आग्रह गर्न चाहन्छु र राजनीतिक सहमतिबाट यसलाई पार लगाउने हो भने पनि यथाशीघ्र सम्बन्धित निकाय र सभामुखज्यू बसेर राजनीतिक सहमतिबाट पार लगाउँ । यदि राजनीतिक सहमतिबाट पार लाग्दैन भने पनि सदनमा ल्याऔं कि सदनमा पनि ल्याउने होइन, राजनीतिक सहमतिबाट पनि पार लाग्ने होइन भने हाम्रो संविधानबमोजिम नियमावलीबमोजिम दिएको अधिकारलाई प्रयोग गरेर माननीय संसद सदस्यहरूले प्रस्ताव पेश गर्न म आह्वान गर्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू, आज हामी स्थानीय तहका पदाधिकारी र सदस्यहरूको सेवा तथा सुविधाका बारेमा दफावार छलफल गरीरहेका छौं । यो भन्दा अगाडि टेबुल भएर यो समितिमा गएर पनि एक किसिमले छलफल भएर आइपुगेको छ । यसमा के भइरहेको छ भन्दा, मलाई लाग्छ, यो भन्दा अगाडि माननीय गुलावजंग शाहले राख्नुभयो, मेरो पनि त्यही प्रकारको तर्क छ किनकी देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेपछि एउटा संघीय व्यवस्थाभित्र धेरै किसिमका निर्वाचन पनि भए

र निर्वाचन पछि हामी नयाँ व्यवस्थाका काम गर्नका लागि जनताबाट चुनिएर आएका प्रतिनिधिहरू हरेक ठाउँमा छौं । यसमा अहिले स्थानीय तहको सेवा सुविधा भनेर आएको छ सायद यस भन्दा अगाडिका व्यवस्थाहरूमा स्थानीय स्तरमा काम गर्ने जनताका प्रतिनिधिहरू को यस्तो तलब अर्थात सेवा सुविधा किटान भएर आउदैन्थ्यो । यतिबेला यो सेवा सुविधा आइसकेपछि यसले विभिन्न प्रकारका चाँही विभेदहरू निम्त्याउने र यसले एक किसिमको उथलपुथल गर्ने भावनमा काही न काही प्रश्नहरू उठने काही न काही यसका बारेमा छलफल हुने र त्यो छलफलका क्रममा डिस्टर्ब हुने देखिरहेको छ, पहिलो कुरा त यो सुविधा कस्तो हैसियत अथवा प्रोटोकल कहाँ नेर भन्ने कुराको पनि हामी अन्यौलमा छौं । खास गरेर वडाअध्यक्ष र कार्यपालिकाका सदस्यहरूको बारेमा, कार्यपालिका सदस्यहरू नगरपालिकाको हकमा चौध वटा वडा किटान गरिएको छ र १४ जना र आठ जना कार्यपालिकामा महिलाबाट र दलितबाट त्यहाँ उपस्थित छन् । तिनीहरूलाई पनि कार्यपालिकाको सदस्य भएर त्यहाँ काम गर्छन । वडाअध्यक्ष सोसरह भनेर हामी नै हौ सबै ठाउँमा अगाडि बढाइयो, केन्द्रको भाव पनि त्यही थियो । निर्णय गर्ने ठाउँमा दलित महिलाहरू त्यहाँ पुग्छन् र त्यहाँ वडाअध्यक्ष सोसरहका हुन् भनेर त्यहाँ गरिएको व्यवस्थाले अथवा प्रशिक्षित गर्दा हामीलाई त्यो कुराको जानकारी थियो । अहिले उनीहरूको सदस्य भन्दा पनि सदस्य सदस्य नै भइहाले, अनि कार्यपालिकाका तिनी चाँही सदस्यहरूको न वडा तहका सदस्यसरहका भए, तिनी चाँही बीचमा भएको जस्तो भान भएको छ । यद्यपी वडा अध्यक्ष्यहरूको दैनिक कार्यसम्पादनमा एउटा ढङ्गले बिजी छन् मान्न सकीएला तर कार्यपालिकाका सदस्यहरू बैठकमा कार्यपालिकाका आठ जना अथवा गाउँपालिका हकमा छ जना उपस्थित नहुने हो भने त्यो समावेशी छलफल हुँदैन र त्यहाँ चाँही समस्या छ त्यसैले गर्दा यिनीहरूका बारेमा वडा अध्यक्षले बीस पाउने ठाउँमा यिनीहरूले अठार पाउनुपर्ने उनाइस पाउने ठाउँमा सत्र पाउनु पर्छ यिनको प्रोटोकलका बारेमा निर्णय हुनुपर्दछ । होइन भने बीचमा यो विचौलिया टाइपको हुन्छ र कता हो कता हो भन्ने हुन्छ र यसले एउटा अन्यौलता ल्याउछ र गाउँ ठाउँबाट पनि हरेक स्तरमा छलफल हुने गरेको पनि छन् र हामी कहाँ सुझाव पनि यो ढङ्गले आएका छन्, यो भन्दा अगाडि संघीय सरकारले दिएको ड्राफ्टमा चाँही उपाध्यक्षको हकमा २६ हजार भनेर पठाएको थियो, यसलाई अहिले घटाइएको हो भने यो त्यति राम्रो होइन देशै भरिमा पनि हाम्रो खासगरी कर्णाली प्रदेशमा महिलाहरूको संख्या अध्यक्ष अर्थात नगर प्रमुख हुने भन्दा पनि उपाध्यक्ष वा उपमेयर हुनुहुन्छ । उहाँहरू एउटा उत्पीडित समुदायबाट आएको विकास मा टेवा पुऱ्याउने प्रकारको राज्यको नीति भयो भने एउटा कुरा हुन्छ, त्यसैले यिनीहरूको एउटामाथिबाट आएकोमा बढाएर ल्याउनु पर्छ भन्ने चाँही सुझाव हो । एक हजार भएपनि बढाएर ल्याउनुपर्छ भन्ने सुझाव हो, वडा सदस्यको हकमा यो ५ हजारमा ६ हजार भनिएको छ, यसलाई पनि उनीहरूले कि त सदस्यहरूलाई एउटा बैठक भत्ता र कार्यसम्पादन गर्ने भ्रमण भत्ता मात्र भन्ने भए हुन्थ्यो

। किनभने एक किसिमले अघोषित रूपमा तलब नै हो यसलाई चाँही अलिकति उता पट्टि बैठक भत्ता प्राप्त गर्ने होइन भने यिनीहरूको पनि काँही न काँही घर बाटो खर्च त हुन्छ नगरपालिका कोही एकै ठाउँ त छैन, धेरै टाढाबाट आउनु पर्ने हुन्छ, त्यसैले गर्दा यिनीहरूमा पनिमाथिबाट पठाएको भन्दा एक एक हजार जति बढाएर चाँही गर्नुपर्ने देखिन्छ र खास गरिकन महिला र दलित समुदायबाट प्रतिनिधित्व गर्ने जो कार्यपालिका र अरू वडा सदस्यमा पनि समावेशी बनाउँदा राम्रो हुन्छ । यसका बारेमा राज्यको विभेदकारी नीति नभए जस्तो भान हुनुपर्दछ । नत्र भने विभेद भयो भन्ने हुन्छ र तलबाट स्वरहरू आउँछन्, यो बारेमा हामीहरूले ध्यान दिनुपर्छ ।

अर्को कुरा जिल्ला समन्वय समितिका सदस्यहरू बाह्र तेह्र हजारको हुनुपर्ने अथवा पन्ध्र हजारको हुनुपर्ने गरी आएको बुझिन्छमाथिबाट १५ हजार तोकेको थियो जिल्ला समन्व्य समितिका सदस्यहरू वडा अध्यक्ष भन्दा हैसियतले तल हुन् वा माथि हुन्, मलाई लाग्छ, जिल्ला समन्वय समिति भने पछि उनीहरू वडाअध्यक्ष भन्दा एक स्टेपमाथि हुनुपर्ने हो, जस्तो मलाई लाग्छ । किनकी समन्वय समितिमा प्रमुखले ३६ हजार र उपप्रमुखले ३४ हजारको हाराहारीमा सुविधा खाँदा, त्यो तलबमान हुँदा सदस्यको १२-१३ हजार भयो भने दुइटाले मात्र बैठक बसेर हुन्न होला त्यहाँ पनि समन्वय समितिमा सबै सदस्यहरूको प्रतिनिधित्व भएर मात्र बैठक हुन्छ । यसभित्रको विभेदलाई हल गर्न सकेनौं भने अरू विभेदका बारेमा हामी लडन सक्दैनौ । हाम्रो आँट पुग्दैन जनताका प्रतिनिधिहरू लाग्छ, अलि बढि हुनुपर्छ, भन्दा पनि सबै स्तरमा चाँही प्रोटोकल मिलाएर मात्र यसको सेवा सुविधाको निर्धारण हुनुपर्छ भन्ने मेरो ठम्याई हो, यति कुरा राख्दै म विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुख महोदय, यो स्थानीय तहको सेवा सुविधा सम्बन्धमा दफावार छलफलमा भाग लिइरहँदा संक्षेपमा मेरो धारणा र बुझाइ के हो भने यो केन्द्रले ल्याएको सेवा सुविधामा केही थपघट गरेर विधायन समितिले यो प्रतिवेदन ल्याएको छ । यसमा मेरो धेरै असहमति छ, धेरै कुरा मिलेको छैन, पहिलो कुरा सैद्धान्तिक रूपमा मैले बुझेको के हो भने, सेवा सुविधासँग जनप्रतिनिधिको प्रोटोकल जोडिएको हुन्छ, मर्यादा जोडिएको हुन्छ । सेवा सुविधाले मर्यादा अर्थात हैसियत, जनप्रतिनिधिको भूमिकालाई यसले सम्वोधन गर्छ जस्तो वडाअध्यक्ष र कार्यपालिकाका सदस्यहरूका बीचको अन्त्यरलाई कि त मिनिमाइज गरेर मिटिंगमा नगए हुन्छ, निर्वाचित वडा अध्यक्ष नै मिटिंगमा जानु पर्ने, निर्णयार्थ काम गतिविधिहरू अगाडि बढछन् भने त ठिकै छ, नभए त्यहाँ गणपुरक उपस्थितिको आवश्यकता हुन्छ, यो गाउँ कार्यपालिकाको बैठक होस् या नगर कार्यपालिकाको बैठक होस्, त्योअनुसार त्यसको सेवा सुविधालाई सम्वोधन गर्नुपर्छ ।

दोस्रो कुरा जिल्ला समन्वयको प्रमुखको ३६ हजार उपप्रमुखको ३४ हजार अनि सदस्यको बाह्र हजार कसरी हुन सक्छ । स्वतः जिल्ला समन्वयको सदस्य वडा अध्यक्ष भन्दामाथि गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष भन्दा तल अथवा त्यसको प्रोटोकल कायम गर्नुपर्छ । कि त बिलोभीकरण हुने हो एउटा बेला त्यो खारेज हुने शर्तमा हो वा त्यसको भूमिकासँग सम्बन्धित हो । किनभने यसका काम कारबाही राज्यले दिन पर्यो निश्चित गर्नुपर्यो, प्रोटोकलका आधारमा त्यो भएन र हुन सक्दैन त्यसकारण मेरो आफनो धारणा मैले यसरी प्रस्तुत गर्दछु । तलबमा होस् या सुविधा भत्ता हो वा यसको पारीश्रमिक हो यसको पनि निश्चित गर्नुपर्छ । सेवा सुविधा मात्र भनेर हुँदैन, अध्यक्ष गाउँपालिकाको अध्यक्षको ३० हजार ५ सय छ भने उपाध्यक्षको २५ हजार भनिएको छ २५ हजारमा २ हजार बढाएर २७ हजार बनाउनुपर्छ किनकी महिला न्याय समितिलगायत थुप्रै कुराहरू त्यहाँ छन र त्यो किसिमले पनि सम्वोधन गर्न पर्छ । वडा अध्यक्षको १९ हजार भनिएको छमाथिबाट १८ हजार ल्याइएको थियो यहाँ १९ हजार बनाइयो २० हजार बनाउनुपर्छ । कार्यपालिकाको सदस्यको १० हजार मात्र होइन १५ हजार बनाउनुपर्छ सभा सदस्यको ५ हजार मात्र होइन ७ हजार बनाउनुपर्छ नगरपालिकाको प्रमुख ३४ हजार र उपप्रमुखको ३० हजार र वडाअध्यक्षको को २२ हजार बनाउनुपर्दछ र कार्यपालिकाको सदस्यको १६ हजार बनाउनुपर्छ । सभा सदस्यको ८ हजार बनाउनुपर्छ र समन्वय प्रमुखको ३६ हजार र उपप्रमुखको ३४ हजार र सदस्यको २५ हजार बनाउनुपर्छ । किनकी वडापालिका र नगरपालिकाको २०-२२ हजार बनाउदा स्वतः त्यसकोमाथि हुन्छ किनकी समन्वयको प्रमुख र उपप्रमुखलाई क्वाटरको व्यवस्था गरिएको छ । कि त त्यो केही होइन भन्नु पर्यो, त्यो पास गर्ने आँट गरौ न त सम्मानित सदनबाट, होइन भने सेवा सुविधा मर्यादा र प्रोटोकल त्यो जनप्रतिनिधिको हैसियतसँग जोडिएको हुन्छ । कामसँग जोडिएर नापेको हो भने काम नाप्ने निर्णय नै गरौ, होइन भने त्यो निर्णय समावेशी, अल्पसंख्यक नभए त संघीय गणतन्त्रको निर्वाचन प्रणाली नै मान्य हुँदैन । त्यसो भयो भने अल्पसंख्यकको केही काम हुँदैन, त्यसलाई ६ भन्दा ४ बनाइदिए हुन्छ, सक्नुहुन्छ, यो सबै सम्मानित सदनले निर्णय गर्छ । त्यसकारण यसमा मेरो फेरि पुर्नविचार गरेर विधायन समितिमा छलफल गरियोस् वा सम्मानित सदनले यसलाई परिमार्जन गरेर निर्णयार्थ अगाडि बढाओस् भन्ने मेरो सुझाव राख्दै, म विदा हुन्छु, हवस् त नमस्कार, धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री पदमा खडका ।

**माननीय श्री पदमा खड्काः-** माननीय सभामुख महोदय, आज यस गरिमामय सदनमा जुन कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधासम्बन्धी विधेयकमा सैद्धान्तिक छलफल हुँदै गर्दा, विधायन समितिले तयार पारेर पेश गरेको प्रतिवेदनमाथि जुन सैद्धान्तिक छलफलमा हामी भाग लिइरहेका छौं । यसमा सर्वप्रथम मैले, जुन अहिले स्थानीय तहको सेवा सुविधासम्बन्धी विधेयक, जुन कर्णाली सरकारले र

यो विधायन समितिले छलफल गरेर यो प्रतिवेदन ल्याउनु भएको छ । यसलाई अहिलेको यो संघीय संरचनाअनुसार, अहिलेको यो संघीय शासन प्रर्णालीलाई हामीले कर्णाली प्रदेश अझ भन्दा हाम्रो कर्णाली प्रदेशमा यो जुन केन्द्रबाट तोकिएर पठाइएको जुन यो विवरण छ, यो विवरणलाई जसरी यहाँ विधायन समितिमा छलफल गरेर, यहाँ ल्याउनु भएको छ, सर्वप्रथम यहाँ के भन्न चाहन्छु भने यो गाउँपालिकाको अर्थमा जहाँ गाउँपालिको अध्यक्षको ३०,५००।- भनेर तोकिएको छ र उपाध्यक्षको कुरा धेरै डिफ्रेन्स भयो यो किनकी यस अर्थमा जहाँ उपाध्यक्ष र उपप्रमुख महिलाहरू छन्, जहाँ महिलाहरूलाई न्यायिक समितिको जिम्मा र हरेक गाउँपालिका तथा नगरपालिकामा आउने मुद्दा मामिलाहरूदेखि हरेक विषयमा महिला उपाध्यक्ष र उपप्रमुखले धेरै जिम्मेवारी बोध गरेर काम गरेको देख्दामाथि केन्द्रबाट दिएको जुन सिलिंग छ, त्यसमा पनि घटाएर यहाँ ल्याइएको छ, यसमा मेरो पनि सहमति छैन । त्यसकारण यसलाई बढाएर २७ हजार राखिनुपर्छ भन्ने मैले राख्न चाहन्छु ।

अर्को विषय छ, जहाँ सदस्यहरूलाई एउटा सुविधा तोकिएको छ, त्यहाँ अधिकांश महिला, दलित र अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व भएको छ । त्यसकारणले अहिले पनि सदस्यको भूमिकामा हामीले हेरिरहेका छौं, गाउँपालिका र कार्यपालिका सबै ठाउँमा एकदमै भूमिका महत्वपूर्ण छ । यसकारणले गाउँपालिकाको ५ हजार लाई ६ हजार नगरपालिकाको ६ हजारलाई ७ हजार गराइयोस् भन्ने पनि म यहाँ राख्न चाहन्छु ।

अर्को विषय छ कार्यपालिकामा पनि विभिन्न अल्पसंख्यक जातजातिबाट यहाँ प्रतिनिधित्व गराइएको छ र यसमा अझैं पनि मिलेको विषय मैले मानेको छैन । किनभने अध्यक्ष वा सोसरह भन्ने लेखिएको छ तर अध्यक्ष भन्दा धेरै डिफ्रेन्स भयो र अर्को विषय छ, तोक्दा खेरि यहाँ तोकिएको छ । धेरै असमानता भयो भन्ने महसुस गरेको छु, यसलाई पनि सकिन्छ भने, बाह्र-एघार बनाउन सकिन्छ भने यसलाई सुझावका रूपमा पेश गर्न चाहन्छु । मैले सँगसँगै जुन सेवा सुविधाको कुरा गरिरहँदा अहिले पनि कार्यपालिकाका सदस्य नगरकार्यपालिका र गाउँ कार्यपालिकाहरूमा विभिन्न भ्रमण भत्ताहरू यहाँ आएको छ तर बैठक भत्ता यहाँ राख्नुपर्छ भन्ने मलाई लाग्छ । यसले भोलि पारदर्शीताका कुराहरू छन्, जवाफदेहिताका कुरा छन्, यसलाई पनि एकदमै महत्वका साथ राख्नुपर्छ भन्ने राख्न चाहन्छु । सँगसँगै जुन सेवा सुविधासम्बन्धी विधेयक छलफल गरेर पास गर्ने जुन एउटा अवसरमा हतारमा आउन त आयो तर यो धेरै अगाडि, यो बैठकमा पेश गरिएको जुन विधेयक विधायन समितिमा छलफल गरेर, आज यहाँ आएता पनि सकीन्छ भने केही करेक्शन गरेर, यसलाई अझ समृद्ध गरेर अगाडि बढन सकियो भने यो कर्णाली प्रदेशका लागि असाध्यै राम्रो हुन्थ्यो भन्ने सुझाव राख्दै मेरा भनाइ यहीं अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश स्थानीय

तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि दफावार छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न तथा जिज्ञासाहरूमा जवाफ दिदैं प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम उक्त विधेयक पास गरियोस् भनी सभासमक्ष प्रस्ताव पेश गर्न समय दिन्छु ।

अब आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, यो बहुप्रतिक्षित एक प्रकारले पट्यार लाग्दो पनि भयो भन्ने बुझाइ सरकारलाई भएको छ । यो साझा बुझाइ चाँही हामी आफैले निर्माण गरेका छौं र सम्मानित सदनले पनि अनेक पटक, यो स्थानीय तहका पदाधिकरी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गर्नु पर्यो र स्थानीय तहलाई अझ खास गरिकन संघीय व्यवस्थालाई संस्थागत गर्नका लागि, लोकप्रिय गर्नका लागि स्थानीय तहका पदाधिकारीको सेवा सुविधासम्बन्धीको विधेयकमाथि उपयुक्त निर्णय, उपयुक्त समयमा हुनुपर्दछ भन्ने जुन प्रकारको भावना थियो, चाहना थियो, आकांक्षा थियो । त्यसलाई आज हामी सम्वोधन गर्दैछौं अर्थात सम्मानित सदनले पारित गर्दै छ । अब हामीले खास गरी पारितकै प्रक्रियासम्म आइ पुग्दा खेरि, अनेकन श्रृंखलामा हामीले छलफल गरेका छौं औपचारिक, अनौपचारिक, समूहगत छलफललगायतका छलफल हामीले सम्पन्न गरेर, आज हामीले यो सदनमा आइपुगेका छौं, मलाई लाग्छ स्थानीय तहका पदाधिकारीहरू सदस्यहरू यसको व्यग्र प्रतिक्षामा हुनुहुन्छ । हामीले खास गरिकन हाम्रो ढुकुटी, हाम्रो बजेटको आकार, हाम्रो प्रदेशको बजेटको मतलब आर्थिक सबलताका दृष्टिबाट र यो पदाधिकारी र सदस्यहरूको कार्य जिम्मेवारी खास गरिकन कार्यबोझलाई मध्यनजर गर्दै हामीले प्रस्ताव गरेका छौं । अन्य प्रदेशहरूमा पनि अब आ-आफनै आर्थिक स्थितिका आधारमा, त्यहाँको ढुकुटीको आकारको आधारमा, त्यहाँ पारित गर्नु भएको छ, विधेयक उपलब्ध गराउनु भएको छ । यहाँ माननीयज्यूहरूले जिज्ञासा राख्नुभएको छ, सेवा सुविधा हो या पारिश्रमिक हो भनेर, यो पारिश्रमिक होइन संविधानले स्पष्टरूपमा स्थानीय तहका पदाधिकारी र सदस्यहरूले सुविधा पाउने भन्ने त्यो प्रोभिजन संविधानमा लिपिबद्ध भएको छ । त्यसो भएको हुनाले यो सुविधा हो, पारिश्रमिक होइन । यदि पारिश्रमिक भएको भए यहाँहरूले, यहाँ नेर जिज्ञासा राखे जस्तो अथवा मतका रूपमा अभिव्यक्त जसरी गर्नु भएको छ, हामीले मर्यादाक्रम तोकेर हामीले प्रस्तुत गर्थ्यौं अर्थात प्रस्ताव गर्थ्यौं । पारीश्रमिक यदि हुन्थ्यो भने नगरपालिकाको कार्यकारी प्रमुख भन्दा नगर प्रमुखको ज्यादा हुन सक्थ्यो । यद्यपी त्यो व्यवस्थापन गर्ने प्रयत्न त गरिएको छ तर वडा अध्यक्षको

हकमा यो चाँही धेरै बढाउँदा पनि समस्या हुँदो रहेछ । हामीले समितिमा पनि यो विषयमा गम्भीरता पूर्वक छलफल गरेका थियौं, त्यसो भएको हुनाले तर पनि वडा अध्यक्षको तपाईंहरूले जो यहाँ नेर जिज्ञासा राख्नु भएको छ, वडा अध्यक्ष र सदस्यको बीचमा धेरै फरक भयो भन्ने कुरा गर्नु भएको छ । अब अधिकतम प्रयत्न गर्दा गर्दै पनि, सबै तलब भत्ता मै हाम्रो प्रदेशको ढुकुटी रीतिने खालको स्थिति छ, हामी कहाँ सबैलाई थाहा छ कि, हाम्रो राजश्व आधी अरव भन्दा कम छ, त्यसो भएकाले हामीले घाटी हेरेर हाड निल्नुपर्ने, हाम्रो एउटा बाध्यता छ । त्यो हुँदा खेरि खास गरी, यो छलफलमा भाग लिदैं गर्दा माननीय गुलावजंग शाह, माननीय रातो कामी, माननीय गणेशप्रसाद सिंह र माननीय पद्मा खडकाले आफनो सुझावहरू राय मत जसरी व्यक्त गर्नु भएको छ यसरी यही सेरोफेरोमा केन्द्रित छ कि सदस्यहरू समावेशी छन्, उपाध्यक्षको कार्यबोझ पनि छ । हामीले अनुमान गरेभन्दा ज्यादा छ, त्यो भएको हुनाले बढाइनुपर्छ भन्ने आफनो तर्कहरू प्रस्तुत गर्नु भएको छ । खास गरी नेपालको संविधानले कार्यकारी भूमिका प्रमुख, उपप्रमुख र वडा अध्यक्षलाई दिएको छ अरू सदस्यहरू कार्यकारी भूमिका संविधानत उहाँहरू भूमिकामा हुनुहुन्न त्यसो भएको हुनाले उहाँको कार्यबोझ पनि कार्यकारी भूमिका नहुँदा कम नै हुन्छ । यहाँहरूले मयार्दाक्रमको हिसावले हुनुपर्थ्यो भन्नु भएको छ, त्यसलाई व्यवस्थापन गर्ने कोशिस गरिएको छ तर कार्य बोझका हिसाबले पनि यसरी प्रस्ताव गरेका छौं । अब यो फेरि के छ भने, यो ढुंगाले लेखिएको अक्षर होइन, कानून भनेको जो कोहीले पनि मेटाउन सक्दैन, कि ढुंगा नै फुटाउन पऱ्यो । त्यसो भएको हुनाले यो चाँही समयानुकुल परिमार्जन हुँदै जान्छ, संशोधन हुँदै जान्छ तर आर्थिक स्थिति सुदृढ र समृद्ध भइदिएको भए ५० हजार भन्दामाथि १-१ लाख नै दिए पनि हुन्थ्यो, दिन पनि बडा आनन्द हुन्थ्यो, सदनमा वाह-वाह हुन्थ्यो । त्यसो भएको हुनाले, त्यो सकेनौं हामीले तर हामी एक राउन्ड यो कार्यन्वयनमा जान्छ, कार्यान्वयनमा गइ सकेपछि प्रतिक्रियाहरू आउँछन्, त्यसपछि हामी फेरि संशोधनमा जान्छौ र विबेक प्रयोग गर्छौं तर भत्ताका सन्दर्भमा जहाँसम्म कुरा गर्नुभएको छ, दैनिक भ्रमण भत्ता तोकिएकै छ । यसमा अरू भत्ता खास गरी यसमा कल्पना गरिएको परिभाषित भत्ता प्रस्तुत गरिएको भत्ता, इजलास भत्ता भनेर हामीले यहाँ चाँही व्यवस्था गरेका छौं । त्यो इजलासको न्यायिक समितिका सदस्यहरूलाई गाउँ तथा नगरपालिकाका न्यायिक समितिका सदस्यहरूलाई मात्र प्रत्येक महिना बढिमा दुई वटा बैठकका लागि प्रति बैठक पाँच सय रूपैयाँ उपलब्ध गराउने भन्ने उल्लेख गरिएको छ । समिति भत्ता भनेर विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरू मात्र बढिमा बार्षिक बाह्र वटा बैठकका लागि प्रति बैठक पाँच सय रूपैयाँ उपलब्ध हुनेछ भनेर हामीले उल्लेख गरेका छौं । अब करिब करिब भत्ता जस्तै भयो सुविधा भने पनि एक प्रकारको भत्ता जस्तो हुनाले हामीले यसलाई त्यही हिसावले प्रस्ताव गरिएको छ । यो माननीय सदस्यज्यूहरूको जिज्ञासा मेटाउने अधिकतम प्रयत्न गरे यो पूर्ण त मेटिने कुरा पनि छैन मलाई लाग्छ

सापेक्षिक मेटाई हो भन्ने मलाई लागिरहेको छ । बाँकी जिज्ञासाहरू कार्यान्वयनमा गइसके पछि यहाँहरूका मतहरू रायहरू फिडव्याकहरू आउँछन् । यहाँहरूका मतहरू पनि मलाई लाग्दछ, फिल्डमा अनुमोदित हुनेछन् । त्यस पछाडि हामी रिडिङ्ग गर्नेछौं भन्दै यो कर्णाली प्रदेश स्थानीय तहको पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी व्यवस्था गर्न विधेयक, २०७५ पारित गरिदिनका लागि म यहाँहरू समस्त सम्मानित सदनका माननीय सदस्यहरूलाई अनुरोध गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी व्यवस्था गर्न विधेयक, २०७५ निर्णयार्थ प्रस्तुत गर्दछु।

सो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५/०३/२० गते बुधबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३१

(२०७५ असार २० गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३१ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई जिल्लासभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव पेश गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशभित्र गठन भएका जिल्ला समितिमा सञ्चालन गरिने जिल्ला सभा व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गर्नका लागि नेपालको संविधानको धारा २२० को उपधारा ८ बमोजिम ऐन बनाउन आवश्यक भएकोले जिल्लासभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयकमाथि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, जिल्लासभा सञ्चालनको निम्ति व्यवस्थापन गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री गुलावजँग शाह ।

**माननीय श्री गुलावजँग शाहः-** माननीय सभामुख महोदय, म जिल्लासभा सञ्चालनको निम्ति बनेको विधेयकमाथि सैद्धान्तिक छलफल गर्न म यहाँ उभिएको छु । थोरै कुरा यो बनेको विधेयकमाथि टिप्पणी गर्न म अनुमति चाहन्छु । माननीय सभामुख महोदय, हामीलाई थाहा छ, नेपाली जनताले धेरै लामो संघर्ष पछि संघीय सिस्टममा जाने संघीय व्यवस्थामा जाने अधिकार प्रत्यायोजनसहित २०७२ असोज ३ गते संविधान जारी भएको कुरा हामी सबै जानकार नै छौं । यद्यपी हामी त्यसै सन्दर्भमा मुलुकको प्राक्टिस अगाडि बढिरहेको छ । अहिले हामीहरू जिल्ला समन्वय समितिको सन्दर्भमा जिल्ला समन्वय समितिको काम कर्तव्यका सन्दर्भमा जिल्ला समन्वय समितिले सभाहरू कसरी सञ्चालन गर्नुपर्छ भन्ने सन्दर्भमा विधेयकको बारेमा हामी कानून निर्माणको प्रक्रियामा अहिले छौं । मलाई लाग्छ, २०७२ असोज ३ गतेको संविधानले मुलुकमा तीन तहको सरकारको परिकल्पना गरेको छ । केन्द्रीय सरकार प्रदेश सरकार र स्थानीय सरकार यी तीन तहको सरकारको परिकल्पना गर्दै गर्दाखेरी बीचमा हिजैको मानसिकताकै कतै हामीले जिल्ला समन्वय समितिलाई पनि हामीले कहीँ कुनै भूमिकामा राख्नु पर्छ कि भन्ने पूरानो सोच परम्परावादी सोचले यो कुरा उल्झन बनाएको जस्तो मैले अनुभूति गरेको छु ।

यद्यपी संवैधानिक व्यवस्था तीन तहको सरकारको परिकल्पना गर्दै गर्दा जिल्ला समन्वय समितिको भूमिका र काम कर्तव्यको बारेमा पनि हामीले कानून निर्माण गर्नुपर्ने अवस्थामा छौं । त्यसैले म सुझावको रूपमा राख्न चाहन्छु । माननीय मन्त्रीज्यूले बडो मेहनतका साथ यो विधेयक तयार गरेर संसदमा टेबुल गर्नु भएको छ । म यसलाई धन्यवाद दिन चाहन्छु, स्वागत गर्न चाहन्छु । यद्यपी यो विधेयक तीन तहको सरकारको परिकल्पना गर्दैगर्दा जिल्ला समन्वय समितिको भूमिका र काम कर्तव्यको बारेमा छलफल गर्दा मलाई लाग्छ, यसको भूमिका र काम कर्तव्यका बारेमा सोच्नुपर्ने अवस्था छ । हामीले स्थानीय सरकारलाई जति बलियो बनाउन सक्यौं, प्रदेश सरकारलाई जति कानून निर्माण प्रक्रियामा जति बलियो बनाउन सक्यो जति मजबुत बनाउन सक्यो । केन्द्रीय सरकार त्यति नै मजबुत हुनुपर्छ भन्ने कुरा हामी कोही कसैले पनि बिर्सेका छैनौं । त्यसैले पनि स्थानीय तहको सन्दर्भमा गाउँपालिका र नगरपालिकालाई कार्यकारीसहितको भूमिकामा नेपालको संविधानले व्याख्या गरी सकेपछि जिल्ला समन्वय समितिको भूमिका र काम कर्तव्य बारेमा या सभा सञ्चालनका बारेमा त्यति धेरै मेहनत गर्नुपर्छ जस्तो मलाई लाग्दैन तर प्राक्टिसमा के देखिदै छभन्दा स्थानीय तहको आफनो स्वायत्तता छ, आफ्नो अधिकार छ, आफ्नो कानून निर्माण गर्ने कुरा छ, कानून बनाउने कुरा छ, कार्यकारी भूमिका खेल्ने कुरा छ, केन्द्रबाट विनियोजित गर्ने कुरामा तल तलसम्म, जन जनसम्म, वडा वडासम्म लैजाने हाम्रो भूमिका छ, कार्यकारी भूमिका छ । फेरि यति बेला समन्वय समितिको हामीले राख्दै गर्दा यसको भूमिका कहिँ कतै गरी आफू कार्यकारी हुन खोजे जस्तो, अब केन्द्रीय सरकारको आफू Reprsentive हो कि भन्ने खालको जिल्लामा समन्वयात्मक भूमिका निर्वाह गर्ने, केही कार्यालय रहनु पर्छ कि जस्तो भूमिका छ । त्यसैले मैले माननीय मन्त्रीज्यूले ल्याएको विधेयकमाथि खासै त्यस्तो दफावार टिप्पणी गरिहाल्नुपर्ने अवस्था छैन । एउटा भनाइ सैद्धान्तिक मानेमाभन्दा जिल्ला समन्वय समितिको भूमिका अब हामीले हरेक कोणबाट खुम्च्याउदै लैजानु पर्छ । न यो प्रदेशको, न स्थानीय तहको बीचको कुरालाई यसले राख्दा यसले द्वन्द्व पैदा गर्छ, संवैधानिक व्यवस्थाले ३ तहको सरकारको परिकल्पना गर्दैगर्दा फेरि समन्यात्मक भूमिकामा अब हामीले बिस्तारै यद्यपी विधेयक बनाएर हामीले कानून बनाएर जिल्ला समन्वय समितिले गर्नुपर्ने काम, कर्तव्य र सभाको बारेमा कानून बनाउला बनाउनु पर्छ । तर हामी सबैको मानसिकतामा के पनि विकास हुनपर्छ भन्ने मलाई लाग्छभन्दा अब जिल्ला समन्वय समितिलाई सकभर म त विघटन गर्नुपर्छ जस्तो लाग्छ तर पनि हामी अहिले यसको विधेयक बनाएर, ऐन बनाएर, कानून बनाएर, यसलाई टिकाउने पक्षमा त छौं, टिकाउने छौं, टिकाउदैछौं तर यसको अब चाहिँ भूमिकामा नै कमजोर बनाउनु पर्छ । यसको गतिविधि नै नियन्त्रण गर्नुपर्छ । अहिले मैले प्राक्टिसमा हेरे भनेपछि कहिले काँहि म मेरो जिल्ला सल्यान गइ हेर्दा, जिल्ला समन्वय समितिको भूमिका गैरसरकारी संस्थाहरूले लगानी गरिदिने जिल्ला समन्वय समितिले प्रत्येक गाउँपालिका अध्यक्ष उपाध्यक्षहरूलाई, त्यहाँका वडा

अध्यक्षहरूलाई Skill Development Training दिइ रहेको छ । गाउँपालिकाको अध्यक्षको भूमिका कति महत्वपूर्ण छ, वडा अध्यक्षको भूमिका कति महत्वपूर्ण छ तर जिल्ला समन्वय समितिले के काम गरिराखेको छभन्दा NGO को लगानीमा संविधानको भूमिकामा गाउँपालिका अध्यक्ष उपाध्यक्षहरूलाई अल्झाइ राखेको छ । तीन-तीन दिनको Training, प्रत्येक महिनामा Training, प्रत्येक अर्को महिनामा Training यो खालको भूमिकामा जिल्ला समन्वय समिति रहँदा कतै हाम्रो कामको Helper जिल्ला समन्वय समिति हो कि भन्ने खालको अनुभूति मैले गरेको छु । यसमा त्यसैले सभामुख महोदय म भन्न चाहन्छु यद्यपी माननीय मन्त्रीज्यूले यो विधेयक मेहनतका साथ ल्याउनु भएको छ । यसमा सैद्धान्तिक फरक मैले खासै राखुपर्ने मैल आवश्यकता देखेको छैन । यद्यपी शक्ति पृथकीकरणको सिद्धान्त संघीयताको मोडेलमा केन्द्र, प्रदेश र स्थानीय तहको मोडेलमा हामी जाँदै गर्दा जिल्ला समन्वय समितिको भूमिका यसको सभा सञ्चालनको प्रि या र गतिविधिमा खासै परिवर्तन गर्नुपर्ने देखिएको छैन । यद्यपी यसमा समर्थन रहदै भविष्यमा यसको भूमिका कमजोर गरेर हामी प्रदेशसभाका माननीयले यसलाई विधि निर्माण कानून निर्माणको अभियान हामीले चाल्नुपर्छ र अगाडि बढ्नुपर्छ भन्ने सुझावको रूपमा राख्दै आफ्ना भनाइ यही अन्त्य गर्न चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, जिल्ला सभा व्यवस्थापनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल आजै समापन हुने भएकोले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला ।

अब, माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री हिमबहादुर शाहीः-** सभामुख महोदय, मलाई कता कता यसो हेर्दाखेरी लागेको छ, यो जिल्ला सभा पनि दुब्लै छ, प्रदेशसभाको संसद पनि आज पातलै छ, माननीय सरकारका मन्त्रीज्यूहरू पनि पातलै उपस्थित हुनुहुन्छ, सायद यो जिल्ला सभा नै हो, सायद त्यस्तो भएको हुनाले त्यो उपस्थिति पनि पातलो भएको हो कि जस्तो लाग्यो तर त्यसैमा आज बोल्न पनि पातलै बोल्न पर्यो जस्तो लागि रहेको छ । सभामुख महोदय, जिल्ला सभा हाम्रो संविधान, २०७२ ले दिइएको सार्वभौम सत्ता अधिकारलाई प्रयोग गरी नेपाल सरकारले स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार र जिल्ला सभा भनेर एउटा राखेको छ । मलाई सिद्धान्तत यसलाई लाग्दाखेरी अहिले त गणतत्त्र प्राप्त भइ सकेपछि त्यो हटि हाल्यो, संवैधानिक राजतन्त्र भन्थ्यौ, यसलाई एक किसिमले संविधानले नै संवैधानिक जिल्ला समन्वय समिति भनेको छ, जस्तो लाग्छ मलाई । सिद्धान्तत संवैधानिक जिल्ला समन्वय समिति भन्दिएको भए सजिलो हुन्थ्यो, त्योभन्दा अर्को छ भन्ने कुरो छैन । साँचो अर्थमा भन्ने हो भने संविधानले अबलम्वन गरेको कुरालाई कुनै पनि संविधानले अबलम्वन गरेर त्यो प्रक्रिया अगाडि बढाएको कुरालाई अनुशासित, मर्यादित र अवश्य पनि त्यसको गरिमालाई सकेसम्म उच्चतम राखेर

राजनैतिक आर्थिक सामाजिक क्षेत्रमा अथवा दृष्टिकोणमा अगाडि लैजाने कुरामा कानून, प्रक्रिया अथवा हाम्रो नाममा विधेयक अनिवार्य हो । हाम्रो परम्परा छ, जस्तै हामी कुनै पनि हिन्दूमार्गीहरू फेरि कसैलाई चित्त नदुखोस्, हिन्दूमार्गी भनेर म हिन्दूमार्गीको मात्रा गरेको होइन । हिन्दूमार्गीहरूले कुनै पनि कर्मकाण्ड गर्न जाँदाखेरी सबैभन्दा पहिला पञ्चखाद्य नखाएर प्रवेश गर्न पाउँदैनन् । त्यस्तै सिद्धान्तत कुनै पनि संस्था, कुनै पनि एउटा सरकार सञ्चालन गर्नका निमित्त अवश्य पनि सञ्चालनका विधि प्रक्रियाहरू र त्यसका अवश्य पनि नीतिगत अङ्गहरू अवश्य चाहिँन्छ । त्यसैको सन्दर्भमा मलाई जहाँसम्म लाग्छ, हाम्रो प्रदेश सरकारले जिल्लासभा सञ्चालनको निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ जुन टेबुल भएको छ, सैद्धान्तिक छलफल भएको छ, यस भाषामा त स्पष्टै भन्न चाहन्छु । यसमा यहाँ प्रदेश सरकारले अफठ्यारो महसुस गर्नुपर्ने कुरा छैन । यो धेरै दिन पहिले आउनु पर्थ्यो, अझै ढिलो भै सकेको छ, धेरै दिन पहिले आउनुपर्थ्यो । तैपनि हामीलाई समयको अभाव विभिन्न किसिमको हाम्रो एउटा पूर्व सचेतक हुनुहुन्छ । प्राविधिक कठिनाइ भन्नु हुन्छ, उहाँ प्राविधिक कठिनाइले गर्दा पनि यो ढिलो भएको होला तापनि यो अवश्य पनि जिल्ला सभालाई हो, अघि हाम्रो पूर्ववक्ता साथीले भन्नुभयो । यसको भूमिकाको बारेमा यसको भूमिकाको बारेमा प्रदेशसभाले अथवा प्रदेशसभामा प्रस्तुत विधेयकले केही पनि रूपान्तरण गर्न सक्दैन, केही पनि थपघट गर्न सक्दैन, त्यसको लागि थपघट गर्न रूपान्तरण गर्नका निमित्त यसको पूरा दायित्व जिम्मेवारी, जिम्मेवारी सरकार छ । संघीय सरकारले जुन किसिमको भोलि आगामी दिनमा यात्रा प्रारम्भ गर्छु । बाटो तय गर्छ त्यसअनुसारले हामी जाउला तर अहिलेको निम्ति अवश्य पनि जिल्ला सभा सञ्चालनका निम्ति अब समन्वय अब कहाँ संघर्ष समन्वय गर्ने हो, जिल्ला समन्वय समिति संघर्ष कहाँ छ, संघर्ष सबै सकिइ सकेछ, अब समन्वय गर्ने बेला आएको छ । त्यसकारणले यसलाई जिल्ला समन्वय समिति राखेको होला यसमा अघि उहाँ गाउँपालिकालाई कहाँ के भनेर भन्नु भएको थियो, त्यो पनि त्यति नराम्रो काम होइन, किनभने गाउँपालिका नगरपालिकाले नै अभिमुखीकरण चाहिँन्छ, प्रशिक्षण चाहिँन्छ । उनीहरूलाई पनि धेरै कुराहरू जानकारीमा लिनुपर्छ त्यसैले सिद्धान्ततः अवश्यपनि जिल्ला सभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको जुन विधेयक छ । सिद्धान्ततः यसले अवश्य पनि जिल्लासभाको काम र कर्तव्यमा मर्यादा, अनुशासन र अवश्य पनि संवैधानिक प्रक्रियाहरूलाई अबलम्वन गरेर अगाडि बढ्नुको निम्ति यसले पूर्ण रूपमा सहयोग पुर्याउने कुरालाई म आत्मसाथ गर्दै यो विधेयक अवश्य पनि अति आवश्यक भएको भन्ने कुराको पनि हेक्का राख्दै यसको सैद्धान्तिक प्रतिबद्धतामा आफ्नो प्रतिबद्धता जनाउँदै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री करबीर शाही ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी जिल्लासभा सञ्चालनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलमा

सहभागी छौं । यो सैद्धान्तिक छलफलमा सहभागी हुँदै गर्दा नेपालको संविधानले राज्यको कार्यकारी भूमिकामा रहने तीन वटा तह, तीन वटा सरकारहरू रहने व्यवस्था गर्यो र सँगसँगै स्थानीय तहको व्यवस्थाको धारा २२७ पछि २३० मा लिएर जिल्लासभा पनि रहने भनेर एउटा चाहिँ २ लाईन त्यसको अपूर्ण व्याख्यासहितको २ लाईन व्यवस्था गरेको संविधानमा, संवैधानिक व्यवस्था छ । यो संवैधानिक व्यवस्थाले शिद्धान्तत हामी संविधानको व्यवस्थाअनुसार तीन तहको सरकार बने पछि संघीय सरकार, प्रदेश सरकार दुई स्थानीय तहको सरकार भनेर बुझिन्छ र बीचमा यो जिल्ला सभा पनि रहने भनेपछि त्यो बेला संविधान निर्माण गर्ने बेला नेताहरूका दिमागमा पनि केही अलमलहरू थियो भन्ने कुरा प्रष्टै देखिन्छ । तीन वटा सरकार, सैद्धान्तिक रूपमा तीन वटा सरकार रहने र यो देश संघीयतामा जाने भनेर भनिसकेपछि जिल्लासभा किन आवश्यकता थियो भन्दा खेरी केही नेताहरूको मनमा अलिअलि अलमल थियो जस्तो लाग्छ र त्यही बीचमा जिल्ला विकास समिति महासंघले मलाई लाग्छ, एउटा चाहिँ डेलिगेसन पनि गर्या थियो अहिले चर्कै विरोध पनि थियो । जिल्ला विकास समितिका सभापतिहरूको विरोध पनि थियो । जिल्ला विकास समितिका सभापतिहरूको एउटा ठूलो लविङ्ग थियो जिल्ला विकास राख्नैपर्छ भन्ने खालको लबिङ्ग थियो र त्यो बेला मैले केही छलफलहरूको दृष्टान्त पनि देख्या छु । वास्तवमा तीन ओटा सरकार भनेपछि तपाईको सरकार कहाँ नेर हुन्छ भनेर माननीयहरूले जवाफ दिएको ठाउँहरू पनि मैले दृष्टान्त देखेको छु, सँगसँगै यति हुँदाहुँदै पनि वास्तवमा नेपालको संविधान, २०७२ मा यो एउटा सम्झौताको दस्तावेज जस्तो एउटा शक्ति सन्तुलनको दस्तावेज जस्तो भएको हुनाले पनि यसमा, यो विषय छिर्न र प्रविष्ट गर्न पाएको मैले अनुभूति गरेको छु । वास्तवमा यो कित संविधानमा तीन वटा तहका सरकार हुँदाखेरी प्रदेशलाई अलिकति अधिकार दिएर, छुट्टै अधिकार जस्तो संघ सँगै गासिएका अधिकारभन्दा पनि छुट्टै एउटा अधिकार दिएर, यदि आफ्नो इकाईका रूपमा प्रयोग गर्न सकिनेछ भनेर कानून बनाउने प्रयोग गर्न सकिन्छ भनेको भए, यो एउटा बाटोमा जान सक्थ्यो । न यो संघको इकाइ बन्न सक्छ, न यो प्रदेशले हामीलाई कुनै कानून बनाएर इकाई बनाएर चलाउन सक्छौं, यो छुट्टै सभा आफैंमा एउटा अधिकार विनाको एउटा सभा जस्तो देखिन्छ । यद्यपी माननीय मन्त्रीज्यूले हाल भइरहेको, संविधानमा भइरहेको व्यवस्था संविधानमा कार्यान्वयनको तहमा छौं, त्यस कारणले पनि जे जे व्यवस्था छन्, त्यो व्यवस्थालाई सुचारू गर्न र नियमित गर्नका लागि एउटा यो चाहिँ जिल्ला सभा सञ्चालनसम्बन्धी ऐन ल्याउनुपर्ने बाध्यात्मक स्थितिले गर्दाखेरी ल्याउनु भयो होला, यसलाई व्यवस्थित गरेर जानु पनि पर्छ तर मैले के देखेको छुभन्दा संविधानको भावना विपरितै विषय हो आफैंमा र अब अहिलेकै अवस्थामा हामीले यसलाई के भनेर चलाउने र चिनिने गराउनेभन्दा केही पनि छैन अधिकार केही पनि छैन जस्तो त्यहाँ हामीले विधेयक बनायौं, विधेयकभित्र उसले उसको न विधायकी अधिकार छ, न उसले बजेट प्रस्तुत गर्ने अधिकार छ भनेपछि उसको केही पनि अधिकार छैन, खाली

समन्वय गर्ने भन्या छ, त्यो पनि के के विषयमा समन्वय गर्ने भन्ने पनि साँच्चै लाग्छ मलाई संघका माननीय मन्त्रीज्यूहरूले संघीय सरकारका केही विउरोक्रेटहरूलाई त्यो पनि यो दिएको धेरै भयो कि यो दिएपछि हामी कमजोर हुने हो कि भन्ने भयो नि त्यो पनि थुतेर लैजाने स्थिति मैले देख्दै छु । मैले एउटा विषयमा मैले यो प्रदेश र संघको निर्वाचन भैसकेपछि मैले सभा किन राख्या होला भनेर मेरो मनमा अलिकति परिकल्पना गरेको थिएँ । वास्तवमा जिल्ला तहका सरकारी कार्यालयहरू रुपान्तरित भएर जिल्लामा डिभिजन रहने अवस्था हुन्छ कि, ती डिभिजनहरूको कमाण्ड चाहिँ जिल्ला समन्वयले सभाले गर्ने हो कि, जिल्ला समन्वयले गर्ने होकी भन्ने हिसाबले एउटा सैद्धान्तिक कुरा हालो कि भन्ने मेरो मनमा लागेको थियो तर अहिले संघले गरेको व्यवस्था जे देखिन्छ, व्यवस्था गर्न थालेको त्यहाँ चाहिँनेमाथि ड्राफ्ट भएको अवस्था देखिन्छ । त्यो ड्राफ्टले के जनाउछभन्दा जिल्लास्तरका सबै कार्यालयहरूलाई डिभिजन तहमा लिने र त्यो ३ वटा ४ वटा जिल्लाको एउटा ठाउँमा चाहिँने डिभिजन खडा गर्न त्यो खालको प्रस्ताव देखिन्छ । यो हिसाबले न त त्यसलाई केन्द्रीय सरकारले, संघ सरकारले केही गर्ने, अहिले पनि दिने जस्तो छाँट देखिन्छ, हामीलाई दिनका लागि अलिकति हात खुल्ला गर्ने कुनै ठाउँ बाटो देखिएको छ । त्यस कारणले हामीले केही दिन पनि नसकिने संघले पनि भैरहेको अधिकार कटौती गर्ने हो भने जिल्ला सभा आफैंमा दुबै तिर काटिएको छेउ टुप्पो कुनै पनि नभएको एउटा सभा जस्तै भएर बस्नु पर्ने अवस्था देखिन्छ । अहिलेलाई उहाँहरूले चित्त बुझाउनका लागि जे जे अवस्था छ, समन्वय गरेर जानुभएको छ तर समन्वय गर्ने भूमिकाका हिसाबले पनि वास्तवमा कानूनले यी विषयमा समन्वयकारी भूमिका निर्वाह गरेर जान सक्छ, सक्नेछ भन्ने हो भने त्यो बाध्यकारी अवस्था हुन्थ्यो र उहाँहरूले अलिकति मन लगाएर काम गर्न सक्ने अवस्था हुन्थ्यो । त्यो अवस्था पनि मैले देख्दिन वास्तवमा यो गरेहुने थियो, समन्वय गर्दा राम्रो हुने जस्ता शव्दहरू राखेर व्यवस्था गरेको हुनाले अब यो एक हिसाबले साँच्चै भन्ने हो भने यस्तो अधिकार विहीन संस्था बनाएर राख्ने हो भने राज्यलाई व्ययभारको हिसाबले व्ययभार हुनेभन्दा अरू कुनै उपलब्धि हुन्छ जस्तो मलाई लाग्दैन । त्यसकारणले अब न त हामीले हाम्रो तहबाट यसलाई खारेज गर्न खारेजीको अधिकार राख्छौं, न त संघले आफैले व्यवस्था गरेको कुरा एक कार्यकाल पूरा नगरीकन यसलाई नेपालको संविधानको दुईतिहाई पुर्याएर यसलाई चाहिँने खारेज गर्ने अवस्था हुन्छ, त्यस कारणले यो ५ वटा वर्ष चल्ने जातेजाते अवस्थामा चल्ने देखिन्छ र यति हुँदा हुँदैपनि मैले जे भूमिकामा जिल्ला समन्वय समिति छ, त्यो भूमिकालाई सकभर नियमित र व्यवस्थित गर्नका लागि हामीले जतिसक्दो हाम्रोतर्फबाट स्थानीय तह हामीभन्दा मुनिका स्थानीय तह र त्यसका सभाहरूलाई व्यवस्थित गर्नु पर्ने, नियमित गर्नुपर्ने भएको हुनाले प्रदेश सरकारको तर्फबाट माननीय मन्त्रीज्यूले, यो ऐन ल्याउनु भएको छ, यो स्वागत योग्य कुरा हो र म यस सँगसँगै अलिकति नेताहरूको मुड संघीयताको कार्यान्वयनको तह हेर्दाखेरी अहिले पनि यसलाई सम्पन्न शक्तिशाली बनाउने

एक त संविधानले नै दिँदैन अरूको कुरा नेताहरूको मुट र अहिलेको अवस्था पनि त्यता तिर हेरेको पाँइदैन । त्यस कारणले गर्दाखेरी हालको अवस्थालाई व्यवस्थित गरेर जानु र हालको अवस्था जतिसुकै खुम्चेको अवस्था भए पनि त्यही अवस्थाबाट अघि बढेर गुज्रिनु बाहेक जिल्ला समन्वय समितिको अर्को अवस्था देखिँदैन । त्यस कारणले सरकारका तर्फबाट यो विधेयक प्रस्तुत गरेर व्यवस्थित गर्नका लागि जो विधेयक प्रस्तुत गर्नुभयो सरकारका माननीय मन्त्रीज्यूलाई मैले धेरै धेरै धन्यवाद दिएर यसलाई सैद्धान्तिक रूपले हाम्रो पोल्टामा आएर केही व्यवस्थित गर्नुपर्ने जे कानूनी व्यवस्था छ । कानूनअनुसार व्यवस्थित गर्नुपर्ने भएको हुनाले अगाडि बढ्नका लागि सैद्धान्तिक छलफलमा सहभागी भएर सैद्धान्तिक रूपमा केही विषयहरू राख्ने जो अवसर दिनुभयो त्यसको लागि माननीय सभामुख महोदयलाई धन्यवाद दिएर विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री चन्द्रबहादुर शाही ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदयर, घर छ मेरो कालिकोट नाउ छ अनिपाल, आएका ठाउँमा हुन्छ अनिकाल', अनिकाल आएको ठाउँमा अनिकाल नगर्ने गरी हामी स्थानीय निकायलाई कानूनको कुनै पनि कुरामा कमजोर नहोस् भन्नको लागि हामी यो सम्मानित सदनमा हामी छलफलमा जुटिरहेका छौं । यहाँ अहिले स्थानीय निकायहरू पुरै छाडा अवस्थामा हिडिरहेको देखिन्छ, कानूनको अभाव छ, अनुभवको अभाव छ । त्यसले गर्दा स्थानीय निकाय जुन गतिले अगाडि बढ्नु पर्ने त्यो गतिले स्थानीय निकाय बढ्न सकेको छैन । त्यसो भएकोले स्थानीय निकायलाई मजबुत पार्नको लागि स्थानीय निकायलाई सबल बनाउनका लागि, हामी आज स्थानीय निकायका दुईवटै विधेयकमाथि छलफलमा जुटेका छौं । मलाई के लाग्छ भने जनताको बलिदानबाट सिंहदरबारको अधिकार आफ्नो टोल, आफ्नो गाउँमा ल्याइ रहेको सन्दर्भमा अब अहिले ती स्थानीय निकायलाई कसरी हामीले मजबुत बनाउन सक्छौं । स्थानीय निकायलाई कसरी बलियो बनाउन सक्छौं, स्थानीय निकायलाई कसरी भरपर्दो निकायको रूपमा उभ्याउन सक्छौं भनेर हामी छलफलमा जुटेका छौं । माननीय मन्त्रीज्यूले जिल्लासभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक टेबुल गर्नु भएको छ । असाध्यै मेहनतका साथ कुनै ठाउँ पनि खोट नरहने गरेरे उहाँले पेश गर्नुभको छ । म माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु र यो जिल्ला सभा सञ्चालनसम्बन्धी विधेयकमाथि यहाँ धेरै तर्क, विर्तक, धेरै बहसहरू हुने गरेका छन् । मलाई के लाग्छ भने यो जि.वि.स.लाई, जिल्ला समन्वय समितिलाई न अहिले प्रदेशसभाले, हामीले हटाउन सक्छौं, न यसलाई बढाउन सक्छौं, न केही गर्न सक्छौं । यसलाई नेपालको संविधानले त्यही तहको अधिकार र त्यही तहको भूमिका खेल्ने भनेर व्यव्यस्था गरी सकेको छ । त्यसो भएकोले मैले पनि हामी गाउँघरमा झै-झगडा हुँदाखेरी ओहो त्यहाँ नेर चौकी छ है, त्यहाँ पुलिसहरू छन् है, त्यो भएर पुलिस आउछ भनेर पनि चौकीले हामीलाई पक्रिन्छ भनेर पनि धेरै झै-झगडा, मुद्दा मामिला धेरै कम हुने गर्दछ । त्यसो भएकाले त्यो स्थानीय

निकायको गाउँपालिकाको कुनै पनि कुरा नियन्त्रण गर्नको लागि, तर्साउनको लागि, सही ट्र्याकमा उभ्याउनको लागि जिल्ला सभाको भूमिका रहेको देखिन्छ । त्यसो भएकोले मैले यहाँ के अनुरोध गर्न चाहन्छु भने अहिले यसलाई न हटाउन सक्छौं, न यसलाई केही कुरा थप्न सक्छौं, नेपालको संविधानले सबै व्यवस्था गरिसकेको छ । त्यसो भएकाले अहिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको व्यवस्था र जिल्ला सभाको भूमिकाको बारेमा व्यवस्था गरेको छ र के भनेको छ भने गाउँसभा, नगरसभाको क्षमता विकासको लागि प्रदेश र संघसँग समन्वय गर्न गाउँसभा र जिल्लासभामा कुनैपनि विवाद आएमा समाधानका लागि समन्वय, सहजीकरण गर्ने । जिल्लाभित्रको विकास निर्माण कार्यमा सन्तुलन भए नभएको अनुगमन गर्ने र संघ, प्रदेश र गाउँपालिका र नगरपालिकालाई सुझाव दिने, जिल्लाभित्रको गाउँपालिका नगरपालिकाका विकास निर्माणका विषयमा पहिचान गर्ने तथा व्यवस्था गर्नको लागि समन्वय गर्ने, जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको १ पटक वार्षिक समिक्षा कार्ययोजना प्रदेश र सांसद र संघीय सांसदलाई आमन्त्रित गरेर सुझाव तथा सल्लाह दिने, जिल्लाभित्र रहेर एउटा आधिकारिक संस्थाको रूपले सबै जिल्लाका संरचनामा रेखदेख गर्ने भनेर यहाँ उल्लेख गरेको छ । त्यसो भएकोले अहिले थुप्रै गाउँपालिकामै विवादहरू चुलिएका छन्, जिविसमा विवादहरू चुलिएका छन्, नगरपालिकामा विवादहरू धेरै चुलिएका छन्, हरेक कुरामा डिभेड आइरहेको छ । त्यसो भएकोले प्रदेश टाढा छ, संघ टाढा छ, दुईओटा सरकारको बीचमा स्थानीय निकायलाई सबलीकरण गर्नको लागि यो जिविसको धेरै महत्व देखिन्छ । नियमावलीले त्यही किसिमको अधिकार र त्यही किसिमको कामहरू दिएको छ । त्यसो भएकोले यो जिल्ला सभा सञ्चालनको निम्ति जो विधेयक आएको छ, जुन जिल्लासभा छ, यो जिल्ला सभालाई अझै प्रदेशले हामीले के गर्दाखेरी जिल्लासभा बलियो हुन सक्छ, सक्षम हुन सक्छ, अहिले पनि कर्मचारीको अभाव छ भनी रहेको छन् । अहिले पनि अझै त्यो तलको गाउँपालिकाले हामीलाई टेरेको अवस्था छैन भनी रहेका छन् । जिल्ला समन्वय समिति पनि एउटा निकाय हो र तपाईहरूले त्यो जिल्ला समन्वय समितिको सल्लाह र सुझावमा रहनु पर्छ भनेर प्रदेश र संघले हामीले त्यसलाई बलियो कसरी बनाउने भनेर सोच्नु पर्छ । यदि त्यो भएन भने यो न घरको न घाटको कुहिरोमा हराएको काग जस्तो भएर अहिले उभिएको छ । यसलाई बलियो बनाउनु पर्छ, यसलाई अझै अधिकारमुखी बनाउनुपर्छ भन्ने म सुझाव राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुखज्यू, हामी जिल्ला सभा र गाउँसभाका विषयमा आ-आफ्नो अधिकारका विषयमा छलफल गरिरहेका छौं । मैले देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरी रहेको छ । हामी समृद्धिका र विकासका कुरा गरिरहेका छौं । संघीयतामा मुलुक आइ सकेपछि तीन ओटा सरकार छ । उनीहरू

आ-आफ्नो ढङ्गले चलिरहेका छन्, हामीले बुझेका छौं, स्थानीय सरकार । मैले राराबाट आएर मेरो क्षेत्रमा जाँदाखेरी त्यहाँ मैले देखेँएकजना गाउँपालिका अध्यक्षले एक जनालाई हतकडीसम्म हाल्न पुगे हातकडी हाल्न पाइन्छ कि पाँइदैन, गाउँपालिकाको अध्यक्षले भने, म त्यहाँ गए, उनीहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे त्यहाँ मेजर साप हुनुहुन्थ्यो, सिडिओ हुनुहुन्थ्यो, राष्ट्रिय अनुसन्धानको अध्यक्ष हुनुहुन्थ्यो, डिएसपी हुनुहुन्थ्यो । त्यसको लागि सहजीकरणको जिम्मा मैले लिए र मैले त्यो त्यहाँको मुद्धालाई सुल्झाएँ । उनीहरू के भन्छन भने गाउँपालिकाका अध्यक्ष त अहिले लंकाको रावण जस्तै छन, रावणले संसारमा कहीं आँखा देख्दैन म जस्तो राम्रो, म जस्तो धनी, म जस्तो विज्ञ कोही छैन भन्छ । त्यस्तै गाउँपालिका अध्यक्ष त्यस्तै छन् अहिले, हो कानून बनाउन पाइन्छ, स्थानीय तह, प्रदेशसभाको र केन्द्रीय सरकारको तर कानून स्थानीय निकायको कानून प्रदेशसँग बाझिनु भएन, प्रदेशको कानून केन्द्रसँग बाझिनु भएन आ-आफ्नो क्षेत्राधिकार दिइएको छ, त्यहीअनुसार आफ्नो कानून बनाउन पाईन्छ । कानून बनाउन पाइन्छ भन्दैमा केन्द्रलाई र प्रदेशलाई पन्छाएर स्थानीय सरकारले कानून बनाउन पाँइदैन । हामीले प्रदेश सरकारले पनि केन्द्रलाई, हामीले केन्द्रको अधिकार हामीले कटौती गरेर हामीले कानून बनाउन पाँइदैन । त्यसै कारणले अहिले विभिन्न ठाउँमा विभिन्न गाउँपालिकामा मैले गाउँपरिषद् चलेको हुँदा हामीले सुनेका छौं, हामीलाई कोही ठाउँ आउनु भनेका थिएँ । हामी पुग्न सकेनौं, कतिपय माननीयज्यूहरू जानु भयो भएन, हाम्रो जिल्लामा त हाम्रो जुम्ला जिल्लाका माननीय जान सकेनौं, उनीहरूले एकदम छरिएर बजेट बाँडफाड गरेका छन् । प्रत्येक वडा र प्रत्येक गाउँमा २/२ लाख १/१ लाखका योजनाहरू पनि बाँडफाँड गरेका छन् । भागबण्डाको हिसाबले, अब त्यो भनौं भने हामीलाई पनि आउने होला कुरो, हामीले पनि हाम्रो प्रदेश सरकारले डल्लै गर्नुपर्छ एकमुष्ट अलि ठूलै योजना गर्नुपर्छ । हामीले पनि हाम्रो आवश्यकता छ खानेपानीको, सिंचाइको हामीले आवश्यकताअनुसार बाँड्नुपर्छभनेका थियौं, त्यस्तै होला गाउँपालिका, वडापालिका तिर पनि त्यो हुन सक्छ । तर त्यही वडा पालिकाले लिएको बजेट चाहे सिंचाइ किन नहोस्, खानेपानी किन नहोस्, सडक किन नहोस्, गाउँपालिकाले त्यही हालेको छ, प्रदेशबाट त्यही हालिएको छ र केन्द्रबाट पनि त्यही हालिएको छ । सबै ठाउँ नहुन सक्छ, त्यही ठाउँमा डुप्लिकेशन भएको छ । अनि वडापालिकाले १० लाख लियो यहाँदेखि उतासम्म, अलि बाटो खन्यो अनि प्रदेशको बजेट गयो प्राविधिक त्यही देखाइ दिए । प्राविधिक पनि अबमाथि बाटै आएर त्यस्ता विज्ञ होइनन्, पैसा चाहिएको खासखुस गरेर उनले पनि त्यही पास गर्दिन्छन, अनि केन्द्रको बजेट पनि त्यही परेको छ । त्यसै कारणले हामीले स्थानीय निकायलाई पनि हाम्रो कति प्रदेश सरकारको क्षेत्र अधिकार कति रहन्छ । अब विधायन समितिको भोलि हामी मिटिङ्ग बस्दै छौं, त्यहाँ पनि गाउँसभा, गाउँपालिका र जिल्लासभाको लागि हामी कानून बनाउने होला कतिसम्म हक पुग्छ, हाम्रो त्यो गाउँ स्थानीय सरकारलाई पनि गाउँपालिकालाई पनि हामी प्रदेशका

माननीय सदस्यले हामीले अनुगमन गर्नुपर्ने हुन्छ । हिजोकोभन्दा अब गाउँपालिका पदाधिकारी त १५ महिना जति भै सक्यो हामी त भर्खरै ५/६ महिना त भएको छ । एक वर्षको कार्यकाल हेर्दाखेरीमा उनीहरूको बजेट हिनामिना भएको छ । त्यो कानून नियम नहुँदाखेरी होला कानूनमा बाँधिनुपर्छ कानून भनेको कानून छैन भनेपछि हामी कोही पनि रहँदैनौ, कानून नभएपछि हामी छाडा हुन्छौ, त्यसै कारणले हामी कानूनभित्र रहनु पर्छ । गाउँपालिकालाई पनि हामीले कुन ठाउँमा हामीले प्रदेशसभाले हामीले निगरानी गनुपर्दछ । सुझाव सल्लाह र त्यो योजना पनि हामीले अनुगमन गर्नु पर्दछ । त्यस्तै प्रदेश सरकारको होला प्रदेशमा गएका योजना पनि छन् । हामीले एकदम पारदर्शी सुःशासनको हिसाबले हामीले चल्नु पर्दछ । हामीले कर्णाली प्रदेश सबैभन्दा कमजोर छ, भनी रहेका छौं, हामीले यो प्रदेशको बारेमा, हामीले पटक पटक, हामीले भाषण र संगीत गाइरहेका छौं, कमजोर प्रदेश छ, मुखले भनेर मात्र भएन व्यवहारमा उतार्न पर्यो, हामी सबै इमान्दारीता हुनुपर्यो । राणा शासनको पालाको मान्छे पनि जिवितै छन्, पञ्चायतको पालाको पनि मानिस जिवितै छन् र बहुदल अहिले संघीयताका मानिस पनि जिवितै छन् । हामी हाम्रो व्यवहार र आचरण बदल्नु पर्छ र हाम्रो बानी सुधार्नु पर्छ । अनि संघीयतामा देश आएको र हामी यो कर्णाली प्रदेश कसरी समृद्धि हन्छ, कसरी परिवर्तन हुन्छ, त्यो हामीले आफैले, हामीले सोच्नु पर्दछ । त्यसै कारणले अब जिल्ला सभामा पनि अब अहिले धेरै अधिकारहरू कटौती भएका छन् । अधिकार त केही छैन, त्यहाँ जिल्ला समन्वय समितिमा त्यसै कारणले उनीहरूलाई पनि केही कि त्यो कार्यालय समन्व समिति खारेज हुनु पर्यो । यदि समन्वय समिति छ भने त अलिकति केही सीमित अधिकार पनि दिनु पर्दछ । मैले कार्यकारिणी अधिकार, स्थानीय निकायमा छ, वडा अध्यक्षले घुम्ने कुर्चीमा बसेर रातो कलम चलाइ रहेका छन् । उनीहरू शेर बनिरहेका छन्, त्यो अधिकार बन्नु पर्दछ । उनीहरू पनि स्थानीय सरकारको केन्द्रीय सरकारको, प्रदेश सरकारको कानूनको अधिकारभित्र रहेर उनीहरूले चल्नु पर्दछ, त्यो चलेको देख्दैन । मैले मेरै जिल्लामा घुम्दाखेरी देखें, मैले उनीहरू हाम्रो स्थानीय सरकार हो, कसैले हामीलाई केही गर्न सक्दैन भनेर चलि रहेका छन् । त्यसै कारणले मैले भोलि हामी विधायन समितिको मिटिङ्ग बस्दैछौं, त्यसभित्र के ल्याउन सकिन्छ, उनीहरूलाई पनि, स्थानीय सरकारलाई पनि, गाउँपालिकालाई पनि हामीले यो कानूनभित्र हामीले राख्नु पर्दछ । हामी पनि अर्काको जिम्मा रहयो भने हामी सतर्क हुन्छौ । साङ्लोमा बानेको कुकुर पनि अनुशासनमा हुन्छ, साङ्लाबाट छोडेसकेको कुकुर छाडा हुन्छ । कानून भनेको साङ्लो हो, त्यो साङ्लो ले बाँधिनु पर्छ, कानूनले नबाधेपछि त केही रहेन । त्यसै कारण अब आउने दिनहरूमा हामी सबैले आफ्नो छातीमा हात राखेर, नियम कानूनभित्र रहेर, प्रदेश कानून, यो देशको कानून या स्थानीय निकायको स्थानीय कानूनमा रहेर हामी बस्नुपर्दछ र हामीले अहिले यो प्रदेशको उन्नतीको लागि, विकासको लागि, समृद्धिको लागि, प्रदेश सरकारमा रहेका हामी ४० जना हामी माननीय सदस्यहरू छौं, मन्त्रीहरू

हुनुहुन्छ । हामीले एक आपसमा सहयोग र सल्लाह गरेर कहाँ जानुपर्छ । मैले मेरो जुम्ला मात्र जाने होइन, हामीहरूले एउटा कमिटि गरेर हामीले जुम्ला, डोल्पा १० वटै जिल्लामा हामीले कमिटि गरेर जानुपर्दछ, अनुगमन गर्नुपर्दछ, अनि हाम्रो योजनाहरू पारदर्शी हुन्छ । त्यसै कारणले हामी अब यही हाम्रो प्रतिबद्धता, सबैले हामीले गरेर अगाडि बढ्नुपर्छ भन्दै म आफ्नो भनाइ यही राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दानसिंह परिवार ।

**माननीय श्री दानसिंह परियारः-** सभामुख महोदय, आज जिल्ला सभा सञ्चालनको निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा म सहभागी भै राखेको छु । धेरै कुराहरू त पूर्ववक्ता माननीयज्यूहरूले भनी सकेको अवस्था छ र आज मैले खासै यो सैद्धान्तिक छलफलमा मैले आफ्नो धारणा राख्दैन भन्ने सोची राखेको थिएँ तर बीचमा कुरा आइ रहँदा थोरै भए पनि मेरो केही जिज्ञासा राख्दछु भन्ने मनसायले राखेको छु । सभामुख महोदय, अहिलेसम्मको नेपालमा गरेका हरेक क्रान्तिहरूको उपलब्धिलाई हामीले ४ ओटा कुराबाट उपलब्धिको रूपमा लिएका छौं र पहिलो उपलब्धि भनेको संघीयता, शक्ति विकेन्द्रीकरण, तेस्रो उपलब्धि भनेको धर्म निरपेक्षताको कुरा जो चाहिँ व्यक्तिको धर्म हुन्छ, राज्यको धर्म हुँदैन भन्ने कुरा, चौथो कुरा के हो भने समावेशिता राज्यको हरेक निकायमा सबै वर्ग, क्षेत्र, लिङ्गको चाहिँ सम्मान प्रतिनिधित्वको कुरा अहिलेसम्मको शान्तिको उपलब्धि यो हो तर अहिले मलाई लागि राखेको छ । संघीयताको अभ्यास गरिरहँदा, तीन वटा तहको हामीले परिकल्पना गर्यौं, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार सबैभन्दा ठूलो कुरा स्थानीयतहलाई, संविधानलाई पल्टाएर हेर्दा धेरै ठाउँमा स्थानीय तह भनिएको छ र केही ठाउँमा मात्र तपाईको चाहिँ स्थानीय सरकार बनाउँदाखेरी अहिले ३ ठाउँमा कानून बनाउन पर्दा एउटै क्षेत्रको विकास गर्दा एउटै देशको चाहिँ विकास गर्दा धेरै चाहिँ संघीयताको अभ्यास हेर्दा पनि तीन ठाउँमा कानून बनाउदा चाहिँ कानून चाहिँ बाझिएको छ । मैले त गाउँका जनताहरूले के पनि भन्न थालिसके भनेपछि सिंहदरबार मात्र काठमाण्डौ रह्यो, सिंहहरू त गाउँगाउँमा आइ पुगि सके भन्ने भइसक्यो । सिंहहरू गाउँगाउँमा, गाउँपालिका नगरपालिकाको नाममा ब्रह्मलुट गर्ने डाँकुहरू तल आए भन्ने भयो । किनभने अहिले हामीले जिल्ला समन्वय समितिको कुरा गरिरहँदा अहिले गाउँपालिका नगरपालिकामा लाखौ रूपैयाँ चाहिँ भ्रष्टाचार भै राख्या छ । कुनै नीति विधिअनुसार चलि राख्या छैनन् । ८० लाखका योजनाहरू, २० लाखमा ठेक्का दिइ राख्या छन् । अनि आफूले चाहेको मान्छेलाई फटाफट कर्मचारी नियूक्ती गरेका छन्, आफूले चाहेको मान्छेलाई योजनाहरू दिइराख्या छन्, म के भन्न चाहन्छु भने स्थानीय तह हिजो हामीले स्थानीय तहलाई चाहिँ कानूनी निकाय बनाउनु पर्थ्यो । केन्द्रीय सरकार र चाहिँ केन्द्रीय संविधानले त्यो अपव्याख्या गरिएको छ । स्थानीय तह भनेको कार्यान्वयन निकाय मात्र हो,प्रदेश सरकार र केन्द्र सरकारले गरेका नीति नियम र विधिहरूलाई चाहिँ हिजो गाउँ विकास समिति

जस्तो थियो कार्यान्वयन निकाय मात्र बनाउनु पर्ने त्यो गर्दा के हुन्थ्यो भने सरकार स्थानीय सरकार, प्रदेश सरकार केन्द्र सरकार मातहतमा हुन्थ्यो र उसको नियमनमा हुन्थ्यो । त्यसो भएको हुनाले मलाई के लाग्छ भने अहिले हामीले जिल्ला समन्वय समितिको कुरा गरिरहँदा मैले एउटा चाहिँ जिल्लामा १० वटा, १५ वटा गाउँपालिका नगरपालिका छन् । तिनीहरूले कहाँ के गतिविधि गरी राख्या छन् कसैलाई केही थाँहै छैन । त्यसो भएकाले मैले जिल्ला समन्वय समितिलाई कार्यान्वयन गर्न त अधिकार छैन, अनुगमन गर्ने अधिकार सशक्त दिनु पर्दछ र अनुगमन गर्दा कहाँ कतै गलत भेटिएको छ, भ्रष्टाचार भएको छ, कहाँ अनियमितता भएको छ भने त्यसलाई कारबाही गने अधिकार चाहिँ जिल्ला समन्वय समितिलाई दिनुपर्छ । हामीले अहिले प्रदेश सरकारको चाहिँ हामीले आफ्नै संरचना बनाउने कुरा जसरी अगाडि वढाई राख्या छौं । हामीले पनि समग्र Development को प्रमुख निकाय भएको हुनाले सम्पूर्ण डिभिजन कार्यालयको चाहिँ प्रमुख Head पनि जिल्ला समन्वय समिति हामीले बनाउन सक्छौं । र त्यो प्रमुख Head चाहिँ त्यो निकायले गाउँ विकास समिति र नगरपालिकाका प्रत्येक अधिकार गतिविधिको पनि नियमन गर्ने, त्यो गर्न सक्यो भने मात्र के हुन्छ भने एक निकाय अर्को निकाय प्रति जवाफदेही हुन्छ । जसले गर्दा तपाईको चाहिँ हामीले गल्ति गर्नु हुँदैन, हो जनताको जनमत लिएर यो ठाउँमा गइ सकेपछि पनि हामीले चाहिँ सही ठाउँमा काम गर्नु पर्छ भन्ने मान्यताको विकास हुनेछ । हैन भने मैले केही मानिसहरूले मैले धेरै वटा चाहिँ गाउँपालिकाको चाहिँ, समाचार सुनिसक्नु भएको छ, कयौं गाउँपालिका अध्यक्ष, उपाध्यक्षहरू त अख्तियारमा गइ राख्या छन् । मैले जिल्लाको CDO लाई त मेरो मर्यादाक्रमभन्दा तल्लो तहको मर्यादाक्रम हो तेरो भनेर कुनै पनि कार्यक्रममा सहभागी गरिएको छैन । राजनीतिक दलका कुनैपनि व्यक्तिहरूलाई आग्रह पूर्वाग्रहको आधारमा कुनै प्रतिनिधित्व गराइएको छैन । त्यसो भएकाले मलाई लागेको कुरा के हो भने जिल्ला समन्वय समितिलाई चाहिँ कार्यान्वयन गर्ने अधिकार नदिए पनि जिल्ला, गाउँपालिका र नगरपालिका ले गरेका प्रत्येक गतिविधिहरूको अनुगमन गर्ने र आफूले गर्नसक्ने कारबाहीको निमित्त आफै कारबाही गर्न र अनुगमन गर्न सकेनौं भनेमाथिल्लो निकायमा चाहिँ सिफारिस गर्ने कारबाहीका निमित्त चाहिँ प्रदेश सरकारसँग कारबाहीका निमित्त केन्द्र सरकारसँग चाहिँ तपाईहरूको सिफारिस गर्न सक्नेसम्मको अधिकार हामीले दिनु पर्दछ, हैन भने कि चाहिँ जिल्ला समन्वय समिति हामीले खारेज गरौं । त्यसको केही औचित्यता छैन भने मैले त्यसो भएको हुनाले चाहिँ गाउँपालिका, नगरपालिकामा लाखौं करोडौं पैसा चाहिँ सरकारको नाममा गइ राखेको छ । त्यो पैसालाई मात्र सही ठाउँमा हामीले सदुपयोग गर्न सक्यौं भने यो प्रदेश सरकारले केन्द्र सरकारको हुने पैसा विना पनि धेरै काम गर्न सक्ने स्थिति छ तर हामीले देख्यौं अघिल्लो वर्षको चाहिँ बजेटको पनि समिक्षा हामीले हेर्यौं । असारसम्मका गतिविधि पनि हामीले हेरि राख्या छौं र असार पछि अहिले नयाँ बन्ने चाहिँ गाउँ परिषद् र नगरपरिषद्का कयौं

गतिविधि हेर्दा पनि तपाईको चाहिँ यो Mono Policy ढङ्गले चाहिँ अगाडि बढि राख्या छ । त्यसो भएकाले मलाई लाग्छ, तपाईको चाहिँ जिल्ला समन्वय समितिलाई जिल्लाका सम्पूर्ण गतिविधिहरूको प्रदेश सरकारले गर्न गतिविधि र तपाईको चाहिँ गाउँपालिका, नगरपालिकाले गर्न प्रत्येक गतिविधिको चाहिँ अनुगमन गर्ने, सही र गलत चाहिँ विश्लेषण गर्न र त्यसको आवश्यक कारबाहीका निमित्त सक्दो प्रयास आफै कारबाही गर्नको निमित्त सिफारिस गर्न र यदि आफै कारबाही गर्न सक्ने स्थिति बनेन भनेमाथिल्लो निकायमा चाहिँ पहल गर्नको निमित्त त्यतिसम्मको अधिकार दिइनुपर्छ, हैन भने प्रदेश सरकार डिर्जव गरेर जानु बाहेक अर्को विकल्प देख्दिन मैले, त्यसो भएको हुनाले हामी सशक्त रूपमा राख्नुपर्छ । आज देशैभरिका जिल्ला समन्वय समितिका अस्ति काठमाण्डौमा पनि प्रधानमन्त्री कहाँ गएर डेलिगेशन गर्नुभयो उहाँहरूले, सेवासुविधा र मर्यादाक्रममा गाउँपालिका र नगरपालिकाभन्दा चाहिँमाथि सेवा सुविधा हामीले हिजो निर्धारण गरेका छौं । अनि एक हिसाबले त एउटा वडासदस्यभन्दा पनि तल्लोस्तरको भूमिका छ । त्यसो भएकाले मलाई लागेको कुरा केहो भने यदि कुनै पनि निकायलाई त्यसको नियमन गर्न त्यसको कारबाही गर्न, त्यसको कन्ट्रोल गर्न, यदि हामीले व्यवस्थापन गर्न सकेनौं भने यो आगामी ५ वर्ष पछि संघीयतामाथि नै Question उठन सक्ने स्थिति बनि राखको छ । आम मानिसले त्यो Question गरी राखेको हुँदा, मैले त्यसो भएको हुनाले, मलाई लागि राख्या कुरो केहो भने जिल्ला समन्वय समितिलाई अधिकार सम्पन्न गराइनु पर्छ त्यो कि बजेट कार्यान्वयनको निमित्त छैन । योजना कार्यान्वयनको निमित्त होइन तपाईको गाउँपालिका, नगरपालिकाले गरेका प्रत्येक गतिविधिहरू जनताले त्यो सेवा प्राप्त गरे कि गरेनन् । गाउँमा भ्रष्टाचार भयो कि भएन, लक्ष्यअनुसारको काम भयो कि भएन, उद्देश्यअनुसारको उपलब्धि भयो कि भएन, यसको निमित्त हामीले चाहिँ प्रत्येक जिम्मेवारी दिइने तरिकाले हामीले अब प्रदेश सरकारको योजना बनाउने सन्दर्भमा पनि जिल्ला समन्वय समितिभित्रकोलाई एउटा विकास र निर्माण गर्न एउटा प्रमुख कार्यालयको रूपमा भएको कारणले गर्दा हाम्रा बन्ने जति पनि कार्यालयको प्रमुख भूमिका पनि समन्वय समितिलाई दिने र स्थानीय तहको पनि सम्पूर्ण अनुगमन नियन्त्रण र त्यसको कारबाही गर्नेसम्मको अधिकार जिल्ला समन्वय समितिलाई दिदा धेरै हदसम्म अनियमितता भ्रष्टाचार र लक्ष्यअनुसारको काम चाहिँ हामीले गर्न सक्छौं त्यसैले एकखाले चाहिँ तपाईको Control Mecanizim को चाहिँ काम गर्दछ, जवाफदेहिताको काम पर्छ, सरकार प्रति पनि जवाफदेहिता हुन्छ रमाथिल्लो सरकार प्रति पनि तपाईको चाहिँ त्यसको जवाफदेहिता रहन्छ । त्यसको कारणले गर्दा यो हामीले बनाउनु पर्ने, यो जिल्ला सभालाई चाहिँ हामीले सशक्त बनाउनुपर्ने र अधिकारलाई चाहिँ बढाउनका निमित्त यो छलफल तपाईहरूको फेरि समितिमा जाओस् समितिमा यसको छलफल होस् र तपाईको यसलाई चाहिँ परिवर्तन र परिमार्जन गरेर चाहिँ दिगो र सशक्त बनाएर मात्रै यसलाई चाहिँ अगाडि बढाइनु पर्छ भन्ने भनाइ राख्दै मेरो भनाइ यही टुङ्ग्याउछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नु भएको जिल्ला सभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १अनुसार जिल्लासभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई गाउँसभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशभित्र गठन भएका गाउँपालिका र नगरपालिकाहरूमा सञ्चाल गरिने गाउँसभा र नगर सभा व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गर्नको लागि नेपालको संविधानको धारा २२७बमोजिम ऐन बनाउन आवश्यक भएकाले गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समयको व्यवस्था गरेको छु, सर्वप्रथम माननीय श्री गुलाव जँग शाह ।

**माननीय श्री गुलावजँग शाहः-** माननीय सभामुख महोदय, गाउँसभा र नगरसभा सञ्चालन गर्नका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक टिप्पणी गर्न म आफूलाई उभ्याएको छ । माननीय सभामुख महोदय, हामीले तीन तहको सरकार मध्ये सबभन्दा तल्लो निकायको सरकार जसलाई स्थानीय सरकार भनेको छ । संवैधानिक व्यवस्थाअनुसार स्थानीय सरकारको विधिकार्यविधि बनाउँदा स्थानीय तहमा सहभागी हुने राजनीतिक पाटीका नेतृत्वहरू जसरी स्थानीय तहमा सहभागी हुन्छन्, जसरी आज हामी यहाँ सैद्धान्तिक विषयमा भाग लिने, दफावार छलफलमा भाग लिने, व्यवस्था स्थानीय तहमा पनि गरिएको छ । हामीले बनाउने कानून हामीले ऐन, नियम तल्लो तहमा कार्यान्वयन हुँदा तल सहभागी हुने जन जनप्रतिनिधिहरूले भोलि प्रदेशसभामा होस्, जनप्रतिनिधि सभामा होस्, आफूलाई उपस्थित बनाउदा तलबाटै प्राक्टिस ढङ्गले गर्दै आउँदा हामीलाई लाग्छ, संघीयता सफल ढङ्गले कार्यान्वयन हुनेछ र मुलुक विकासको

यात्रामा मात्र नभएर, कार्यविधिको यात्रामा पनि, समृद्धिको यात्रामा पनि अगाडि लम्कने छ । हरेक तहका जनप्रतिनिधिहरू आफूलाई अव्यस्त ढङ्गले चाहे त्यो सैद्धान्तिक पक्षमा छलफल गरेर होस्, चाहे त्यो दफावार विषयमा छलफल गरेर होस्, आफूलाई मसिनो सुक्ष्म ढङ्गले अध्ययन गरेर विषयवस्तुमा सहभागी हुने अवस्था र परिस्थितिको शिर्जना गरियो भने मलाई लाग्छ, विकासको मात्रै कुरा हुनेछैन राजनीतिक रूपले ओतप्रोत चेतनायुक्त भएर अगाडि नबढ्दासम्म मुलुक समृद्धिको यात्रामा अगाडि बढ्न सक्ने छैन । त्यसैले पनि आज हामी गम्भीरताका साथ त्यो सैद्धान्तिक छलफलमा भाग लिदै छौं । यद्यपी माननीय मन्त्रीज्यूले गाउँसभा र नगर सभा सञ्चालनको लागि करिब करिब ६७ बुँदा तयार गरेर एउटा मसिनो ढङ्गले मेहनत गरेर यसलाई कार्यविधिमा तयार पार्नु भएको छ । यसमा मेरो सैद्धान्तिक सहमति त छदैछ तर यसभित्र रहेका केही कुराहरू थोरै मात्रै परिमार्जित ढङ्गले अगाडि बढ्नु पर्छ कि भन्ने मेरो मान्यता हो । मेरो मान्यता खासगरि केहोभन्दा सिद्धान्ततः जो मूल कानून बन्छ, त्यो मूल कानूनलाई कार्यान्वयन गर्ने तहमा हाम्रो सबैभन्दा बलियो आधार भनेको, जग हो, जमिन हो, त्यो जग जमिन भनेको स्थानीय तह हो । नेपाल सरकार केन्द्रीय सरकार, संघीय सरकार जति सुकै मजबुत र बलियो भएता पनि स्थानीय तहको सरकारलाई हामीले बलियो र मजबुत बनाउन सकेनौं, चाहे त्यो कार्यविधिले कानूनले होस्, चाहे त्यो व्यवहारले होस्, चाहे विकासको पैसा थप गरेर होस्, हामीले स्थानीय तहको कार्यविधिलाई मजबुत, बलियो, अनुशासित, इमान्दारी ढङ्गले स्थानीय तहलाई स्थापित ढङ्गले जग बलियो बनाउन सकिएन भने चाहे त्यो संघीय सरकार या प्रदेश सरकार जतिसुकै बलियो जतिसुकै मजबुत भएपनि त्यो कमजोर नै हुनेछ, भन्ने कुराको अनुभूति मैले गरेको छु र त्यसैले म भन्न चाहन्छु । स्थानीय गाउँ र नगरसभालाई जतिसुकै हामीले चाहिँ रिफाइन गर्दै त्यहाँका कार्यविधिलाई स्पष्ट ढङ्गले स्थानीय तहका गाउँसभा या नगरसभा सम्पन्न हुँदैगर्दा मसिनोभन्दा मसिनो कुरामा संम्वोधन हुने गरी सभा सञ्चालनको विधिमा प्रवेश गर्यो भनेपछि मलाई लाग्छ, केन्द्रमा प्रदेशबाट विनियोजित भएको रकमलाई पनि त्यही ढङ्गले तल कार्यान्वयन हुनेछ र त्यसको लागि पनि यो ऐन यो कानून बनाउँदा अझ घनीभूत ढङ्गले दफावार छलफलमा माननीय सदस्यहरूले भाग लिनु हुनेछ र हामीले यसभित्र रहेका विषयवस्तुमा मसिनो ढङ्गले हामीले छलफल भएर यसलाई परिमार्जित ढङ्गले अगाडि बढाउने छौं भन्ने कुरा मैले माननीय सभामुखमार्फत् राख्न चाहन्छु । सैद्धान्तिक यस्तो विषयवस्तु हो, जसलाई सिद्धान्ततः विचारत स्वीकार गर्न सकिन्छ तर व्यवहारत दफावार छलफलमा जाँदा हामीले कुन बुँदा, कुन टिप्पणी, कहाँ नेर थप्ने र घटाउने ढङ्गले छलफलमा भाग लियौं भने पछि यो अझै पूर्ण हुनेछ भन्ने कुरा व्यवहारतः हामी बुझाइमा छौं । त्यसैले माननीय सभामुख महोदय, खासगरि मेरो जोड यसमा छ कि स्थानीय तहको, गाउँपालिकाको, नगरसभाको कार्यविधि बनाउँदै गर्दा हामीले त्यो कार्यविधिलाई काँहि नेर हामीले दफावार छलफलमा थोरै मात्र माननीय सदस्यहरू सहभागी हुँदा हामीले आफ्ना भनाइहरू त्यहाँ

राख्न सकेनौं । हाम्रा भनाइहरू, तलको आवाजलाई त्यहाँ बुलन्द गर्न सकेनौं भनेपछि फेरि पनि कमजोर नहोस् भन्ने मनसायका साथ हामीहरू दफावार छलफलमा भाग लिने छौं । यद्यपी माननीय मन्त्रीज्यूले बडा मेहनतका साथ बनाउनु भएको यो कार्यविधि, विधेयक अत्यन्त सान्दर्भिक छ, अत्यन्त समय सापेक्ष छ भनेर समर्थन गर्न चाहन्छु । हामीले एउटा कुरा ख्याल गर्नै पर्ने कुरा स्थानीय तहको गाउँपालिका नगरपालिका को सभा सञ्चालन गर्दा केही कुराहरू चाहन्छु । अनुशासन, इमान्दारीता पारदर्शीताको कार्यविधि Include गर्न सकिएन । सभामा सञ्चालन गर्दै गर्दा सभा कसरी सम्पन्न गर्नुपर्छ सभाका आफ्नै खालका मर्यादाहरू हुन्छन् । ती कुरालाई हामीले कहिकतै छुटायौं भनेपछि मलाई लाग्छ यो पूर्णता मा टुङ्गिने छैन । यसको लागि हामीले मसिनो ढङ्गले ख्याल गर्ने छौं । हामीले देखे गरेका छौं । आज हाम्रो स्थानीय तहमा कतिपय कार्यविधि उपाध्यक्ष उपमेयर ज्यू हरू न्यायिक समितिको अध्यक्ष हुनुहुन्छ । कतिपय तमाम मुद्दाहरूले फैसला गर्नुपर्ने अवस्था छ । यद्यपी उहाँहरूले फैसला गरेको कुरा पुनरावेदन मूलतवी नहुनसक्छ तर कतिपय सवालमा हाम्रो Practice व्यवहारत कानून त हाम्रो उपाध्यक्षहरू, उपमेयरहरू कानूनको अहम् पक्ष न्यायिक समितिको अध्यक्ष हुनुहुन्छ, फैसला गर्दै हुनुहुन्छ । हाम्रो रुट बलियो बनाउने सन्दर्भमा यसको अर्थ संविधानको मूलमर्म कहाँ नेर होभन्दा, हामीले हाम्रो जगलाई चाहे त्यो अनुशासनमा होस्, चाहे त्यो आर्थिक पारदर्शीतामा होस्, चाहे कार्यविधिमा स्पष्टतामा होस् स्थानीय तहलाई, हामीले मजबुत र बलियो सोच राखेनौ, त्यो विधिमा हामी अगाडि लम्किएनौ भने पछि मुलुक फेरि पनि विकासको मात्रै कुरा गरेर सम्भव हुने छैन । त्यसैले यो कार्यविधिमा पनि समृद्धिको यात्रामा लम्काउनको लागि हामीले बनाउने हरेक कानूनहरू स्थानीय तहलाई मजबुत र बलियो बनाउने ढङ्गले सोचेर हामी अगाडि बढ्यौ भनेपछि २ ओटा कोणबाट मुलुक अगाडि बढ्ने छ एउटा विकासको गतीमा समृद्धिमा अगाडि बढ्ने छ भने एउटा कार्यविधिमा पनि समृद्धिको यात्रामा अगाडि बढ्यौ भने जबसम्म मान्छेलाई राजनीतिक चेतनाले ओत प्रोत बनाउन सकिदैन तबसम्म मुलुक अगाडि बढ्दैन भन्ने कुरा सबैले मनन गर्न सक्यो भने पछि मलाई लाग्छ समृद्धिको यात्रामा अगाडि बढ्ने छ र हामीले यही ढङ्गले हाम्रा विधेयकहरू, कानूनहरू पनि बनाउने हो भन्ने कुरा राख्दै माननीय मन्त्रीज्यूले राखुभएको विधेयकको सैद्धान्तिक कुरालाई समर्थन गर्दै विदा हुन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला ।

अब माननीय श्री करबीर शाही ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५को सैद्धान्तिक छलफलमा सहभागी छौं । छलफलमा सहभागी हुँदैगर्दा मैले केही समय पहिल्ले पनि संविधानको स्प्रीटको बारेमा कुरा गरेको थिएँ । संविधानको स्प्रीट एकातिर र हामीले निर्वाचन गर्न तरिका र स्थानीय निकायहरू अगाडि बढ्ने अर्कोतिर भएको हुनाले पनि अब एकातिर समय दौडिरहेको र एकातिर हामीले नियममा बाधिनु पर्ने अवस्था देखिन्छ । नेपालको संविधान, २०७२ ले व्यवस्था गरेको संविधानको स्प्रीटअनुसार सबैभन्दा पहिला संघको चुनाव हुने र त्यसपछि प्रदेशको र त्यसपछि स्थानीय तहको चुनाव भयो भने यो संविधानको स्प्रीट मजाले मिल्ने र कानूनमाथिबाट बन्दै-बन्दै आएर यो सहभागितात्मक र सहमतिका आधारबाट चल्ने संविधान भएको हुनाले यो संघीयता भएको हुनाले अब बन्दा यसको स्प्रीट त्यस्तो देखिन्छ तर हामीले सबैभन्दा पहिलो स्थानीय तहको निर्वाचन गर्यो । त्यसको ग्याप अलि लामो भएको थियो, २० वर्षको ग्यापलाई परिपूर्ति गर्नका लागि जनताका आवाजहरू, जनताका जनप्रतिनिधिहरूको ग्याप धेरै भयो भन्ने जनताको आवाज उठेपछि सबैभन्दा पहिला संविधानले प्रत्याभुत गरेको अधिकारभन्दा माथि तिरबाटभन्दा तल तिरबाट, तलको तल्लो तहबाट चुनावबाट अगाडि बढ्यो चुनाव गर्दा समस्याहरू उत्पन्न भए धेरै कुराहरू संघले आफूले कानून बनाए पछि प्रदेशले बनाउन सक्ने र प्रदेशले बनाइ सकेपछि मात्र तल बनाउन सक्ने सबै धेरै कानून निर्माणका चरणहरू र त्यसका चाहिँने सिलसिलाबद्ध क्रमहरू छन् त्यस कारणले पनि आजसम्म स्थानीय तहहरूले, स्थानीय तह भएर मलाई लाग्छ, स्थानीय तह भएर सञ्चालन भएका छैनन र स्थानीय निकाय नै भएर अगाडि बढेको अवस्था देखिन्छ । अब कानून र केही व्यूरोक्रेट कर्मचारीसम्बन्धी अभावका कारणले अहिले पनि अल्झनमा बाँधिरहेको र हिजो गाउँ विकास समिति भूगोल ठूलो भएको तर हिजोकै गाउँ विकास समितिकै नगरपालिका भएर अगाडि वढेको अवस्था देखिन्छ र यो सन्दर्भमा हामीलाई प्राप्त विधायकी अधिकार जे थियो त्यो विधायकी अधिकारलाई प्रयोग गरेर प्रदेश सरकारको तर्फबाट गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ माननीय मन्त्रीज्यूले आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले ल्याउनु भएको छ । यो विषयलाई सैद्धान्तिक रूपमा सपोर्ट गर्दै म केही यसका विषयहरू थोरै भन्न चाहन्छु । खास गरिकन हामीले कानूनको अनुशासन, आर्थिक अनुशासन, जे बनाए पनि मूलकानूनले प्रत्याभुत गरेका कानूनहरू बनाउनु पर्ने अत्यावश्यक अवस्था हुँदो रहेछ र तल अहिले पनि गाउँ विकास समितिहरूले गाउँसभा भनेको होइन कि गाउँपरिषद् अघि पदमजीले भन्नुभयो गाउँपरिषद् गरेको अवस्था देखिन्छ, त्यहाँ कुनै विधानका लागि उहाँहरूलाई संविधान पढ्ने, स्थानीय तह सञ्चालन ऐन पढ्ने उहाँलाई लाग्छ, फुर्सद छैन । त्यो फुर्सदमा उहाँहरू हुनुहुन्छ बेफुर्सदी हुनुहुन्छ, हुनुहुन्छ के तभन्दा उहाँहरू विकास गर्न एकदम हतारो छ र विकास भन्या के तभन्दा, डोजरले सडक र जँगल जोत्ने यो अभियानमा हुनुहुन्छ । त्यसैकारणले पनि यहाँ धेरै

ख्याल गरिएको र व्यवस्थित भएर अगाडि बढेको देखिँदैन, त्यसकारणले यो बेलैमा मलाई लाग्छ अलि कुबेला भयो । साँच्चै भन्ने हो भने हामीले पनि के के हिसाबले ढिला गयौं, यो वर्ष पनि चुक्यो, अर्को वर्ष मात्र कार्यान्वयन हुने अवस्थामा उहाँहरूलाई विधायकी अधिकारको हिसाबले हिउँदमा कानून निर्माण गर्नका लागि गाउँसभा वा नगरसभा बोलाउने प्रावधान छ, त्यसैले अहिले उहाँहरूले बजेट सभा पास गरी सक्नुभयो, अगाडि धेरै स्थानीय तहहरूले पास गरिसकेको अवस्था छ । आज हामी सैद्धान्तिक छलफल गरेर, अझ यसलाई ७२ घण्टा लगाएर मात्र हामीले पास गर्नुपर्ने अनि मात्र यो कानूनको रूपमा अगाडि बढ्ने देखिन्छ । त्यसकारणले कतिपय हामीले हाम्रो ल्याकत अथवा हाम्रो विभिन्न कर्मचारीको अभाव, जनशक्तिको अभावको कारणले हामीले यसलाई, कानूनहरूलाई पनि प्राथमीकरण गर्न सकिएन । कानून पहिला तल बनाएर पठाइदिदा उहाँहरू बन्धनमा बाँधिएर विधिमा बाँधिएर अगाडि बढ्न सक्नुहुन्थ्यो, त्यो हिसाबले पनि हामीले हाम्रो ल्याकत रह्यो र यति हुँदा हुँदै पनि बनाउने पर्ने अवस्था थियो, बनाउन पर्ने अवस्थाबाट अगाडि बढेका हौं र वास्तवमा यो कानूनले सभा सञ्चालन व्यवस्थापन गर्न बनेको विधेयकले वास्तवमा आजसम्म माग्ने ठाउँमा मात्र गुज्रिएको स्थानीय निकायहरूलाई विधायकीको अधिकारसहित आफूले केही दिने अधिकारमा पुगिसक्दा पनि फेरि माग्ने नै होला भन्ने हिसाबले मलाई लाग्छ, केही फोनहरू, केही सुझावहरू त्यस्तो आउछ कि प्रदेशले हामीलाई कति दिने हो, के आउने हो भन्ने हिसाबले अगाडि बढेको अवस्था देखिन्छ । त्यस कारणले अब उप्रान्त प्रदेशले के दिने वा संघले के दिने होइन कि हामीले जनतालाई यो-यो सुविधा दियौं र दिँदैछौं भनेर विधायकी अधिकारसहित आफ्नो सभा सञ्चालन गरेर बढ्नका लागि वास्तवमा गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक वास्तवमा एउटा स्थानीय तह गाउँ र नगरका लागि एउटा कोशे ढुङ्गा सावित हुने छ र अहिले वास्तवमा आगामी दिनमा तलका गाउँसभा र नगरसभालाई सुचारू गर्न विधायकी अनुशासनमा बाँधिने विधायकी अधिकार प्रयोग गरेर कानून निर्माण गर्न र त्योभन्दा तलका आफ्नो स्थानीय तहहरू त्योभन्दा तल्लो तहका वडा तहका इकाइहरूलाई सञ्चालन र व्यवस्थापन गर्नका लागि यो कानून अत्यावश्यक छ र यसले त्यो व्यवस्थित गरेर अगाडि बढ्ने छ र सँगसँगै यसले स्थानीय तह संघीयतामा एउटा अभ्यास स्थानीय तह देखिनै विधायकी अभ्यास प्रयोग गर्न विधायकी अभ्यासका लागि सदस्यहरूले बोल्ने क्रममा मर्यादाक्रम त्यहाँको सबै व्यवस्थापनका कारणले भोलि स्थानीय तहमा रहेको होस् वा प्रदेशसभामा रहेको होस्, सबै तहमा भएका मान्छेहरू कहिँ आउदा कुनै तहमा निर्वाचित भएर आउदा पनि आफूले एउटा चाहिँने अनुशानमा बाँधिएर आउन सक्ने अलि चनाखो अलि सिपालु भएर आउन सक्ने अवस्था रहन्छ । त्यसकारणले पनि यी केही सिकाउन योग्य र केही चाहिँ उहाँहरूलाई कार्यविधिका हिसाबले बाँध्नलाई नियममा बाँध्नलाई यो गाउँसभा तथा नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक परिपूरक हुने छ । माननीय मन्त्रीज्यूले

यो विधेयकलाई एउटा मेहनतका साथ यहाँ प्रस्तुत गर्नुभएको छ । सैद्धान्तिक रूपले यसको पक्षमा वकालत गर्न र सँगसँगै यसलाई समितिमा बढाएर यसका दफावार छलफल गरेर एउटा कार्यकाल भरि पुन संशोधन हुन नदिने गरी यसलाई अगाडि बढाउनका लागि यो सभासमक्ष अनुरोध गर्न चाहन्छु र सँगसँगै यो विधेयकले हामीलाई पनि संघीयताको सबैभन्दा तलको युनिट तलको सरकार त्यो सरकार सफल नहुँदा हामीलाई पनि चिन्ताको विषय, हामी भन्छौं संघीयताको मुटु प्रदेश हो भने, संघीयताको टेक्ने पिल्लर, खुट्टा वास्तवमा स्थानीय तह नै हो । तीन वटै तह आफैंमा सफल भएनन र आफैंमा चाहिँने यिनीहरू अगाडि बढ्न सकेनन् र एकले अर्कोलाई सहमतिका साथ एउटा परिपूरकका हिसाबले अगाडि बढ्न सकेनन् भने संघीय नेपालको संघीयता आफै अगाडि बढ्न सक्ने छैन र सक्ने अवस्था देखिँदैन । संविधानले पनि त्यो हिसाबको व्याख्या गरेको हुनाले हामीले हाम्रोतर्फबाट, हाम्रा इकाईको रूपमाभन्दा पनि स्थानीय तहलाई सरकारका रूपमा आफ्नोतर्फबाट गर्नुपर्ने व्यवहार र भूमिका अगाडि बढाउनु पर्ने अवस्था देखिन्छ । यी सबै व्यवहार भूमिका र उहाँहरूलाई व्यवस्थित गर्नका लागि प्रदेश सरकारको तर्फबाट माननीय मन्त्रीज्यूले ल्याएको यो विधेयकको पूर्ण पालना गर्ने र यो व्यवस्था गर्नका लागि फेरि पनि दफावार छलफलमा सहभागी हुने प्रतिबद्धताका साथ विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नुभएको गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०९ को उपनियम १अनुसार गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार २२ गते शुक्रबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३२

(२०७५ असार २२ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३२ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ संशोधन प्रस्ताव पेश गरी विधायन तथा प्रदेश मामिला समितिमा छलफल भए पश्चातको प्रतिवेदन कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्ययस्थाअनुसार सभासमक्ष राख्न समितिका सदस्य माननीय श्री चन्द्रबहादुर शाहीलाई समय दिन्छु ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** सभामुख महोदय, नेपाली जनताको ठूलो बलिदान र नेपाली जनताको त्याग र तपस्याद्वारा आज यो मुलुकमा संघीय गणतान्त्रिक शासन अगाडि बढि रहेको छ । त्यो संघीय गणतान्त्रिक शासनअनुसार आज यो मुलुक तीन तहको सरकारमा आफनो अधिकार बाँडफाड गरेर नेपालको भूमिलाई र नेपाली जनतालाई आमूल परिवर्तनको लागि आमूल परिवर्तनको खातिर प्रशासनिक सम्पूर्ण कामहरू अगाडि बढिरहेको छ । सभामुख महोदय, नेपाल नयाँ संरचनाको मुलुकमा अगाडि बढि रहँदा आज कर्णाली प्रदेशको सरकारलाई कानूनी क्षेत्रमा सहयोगको लागि, कानूनी विधामा सरकारलाई सहयोगको लागि न्यायाधिवक्ताको आवश्यक देखियो, खाँचो देखियो । त्यस मुताविक नेपालको संविधानले प्रदेश र प्रदेशको सरकारलाई सहयोग गर्नको लागि न्यायाधिवक्ताको व्यवस्था गरिएको छ । त्यस मुताविक हाम्रो कर्णाली प्रदेशमा न्यायाधिवक्ताको आवश्यकता र त्यस मुताविक न्यायाधिवक्ताको औचित्य रहेको देखिन्छ । त्यस मुताविक न्यायाधिवक्ताको सबै सरंचनामा प्रदेश नयाँ भएकाले हामीले त्यो न्यायाधिवक्ताको हिजो कुनै पनि कानून बनेको छैन, न्यायाधिवक्ताको लागि कुनै पनि नियम बनेको छैन । सबै नयाँ संरचना भएकोले हामीले, मैले कर्णाली प्रदेशको न्यायाधिवक्ताको कार्यालय यो प्रदेशमा खडा भैसकेपछि, अब त्यो न्यायाधिवक्तालाई आवश्यक उनको काम कर्तव्य र पारिश्रमिकसम्बन्धी कानूनको खाँचो भयो । त्यो कानूनको खाँचो भएकाले आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले न्यायाधिवक्ताको काम, कर्तव्य र सेवासम्बन्धी विधेयक सम्मानित सदनमा टेबुल गर्नुभएको छ । टेबुल गरेपछि माननीय सांसदज्यूहरूको त्यो टेबुल गरिएको विधेयक केही अपुरो छ, केही अधुरो छ, यसमा संशोधन गर्नुपर्छ भनेर संशोधन दर्ता गरिएको अवस्था समितिमा छलफल भएको देखिन्छ, संशोधन आईसकेपछि र थुप्रै माननीयज्यूहरूले सम्बन्धित समितिमा छलफल गरेर मात्रै यसलाई अगाडि बढाउनु पर्छ भन्ने आवाज उठिसकेपछि सम्मानित सदनले अनि यो विधेयकलाई समितिमा पठाएको थियो । समितिमा संशोधनकर्ता माननीयज्यूहरू सम्बन्धित क्षेत्रका विशेषज्ञज्यूहरू र अन्य

सरोकारवालाहरूलाई समितिमा बोलाइ, त्यो समितिमा हामीले गहन रूपले छलफल गर्यौं । गहन रूपले छलफल गरी हामीले बेमेलका कुरालाई पनि मेल गरायौं, अपूरा कुरालाई पनि पूरा गरायौं, बेजोडको कुरालाई पनि जोडेर हामीले एउटा प्रतिवेदन तयार गरेर सदनमा उपस्थित भएका छौं । म सभामुखज्यूमार्फत् सम्मानित सदनमा विधायन समितिले जुन गरेको निर्णय गरेको, जुन कामको प्रतिवेदन म यो सम्मानित सदनमा टेबुल गर्न म माननीय सभामुखज्यूमार्फत् सम्मानित सदनलाई अनुरोध गर्दछु ।

माननीय सभामुखज्यू, नेपालको संविधान, २०७२ को धारा १६० को उपधारा १ र ७ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेशका मुख्यन्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानूनी तर्जुमा गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भइ सो विधेयक विधायन तथा प्रदेश मामिला समितिमा सभाले पठाएको र समितिबाट २०७५ असार २१ गते निर्णय गरी तयार गरेको प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११८बमोजिम पेश गर्दछु ।

सदस्य विधायन समिति

धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आनतरिक मामिला तथा कानून मन्त्री नरेश भण्डारीलाई कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जमा गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनिय २ को खण्ड (क)बमोजिम समितिको निर्णय र प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक मिति २०७५ मिति २०७५ जेष्ठ २० गतेको प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउन निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनिय २ को खण्ड (क)बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ मा सम्बन्धित समितिमार्फत् प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपननियम ८बमोजिम छलफल गर्नका लागि समय निर्धारण गरेको छु । अब छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार र सुविधाका शर्तहरू हाम्रो आदरणीय कानून मन्त्रीले जुन विधेयक टेबुल गर्नु भएको थियो, त्यस विधेयकका सम्बन्धमा मेरो लामो भनाइ केही छैन् । अवश्य पनि मुख्य न्यायाधिवक्ता भनेको कुनै पनि सरकारकोमा आइपर्ने बाधा अड्काउ अवरोध कुनै पनि सरकारलाई चाहिँने आवश्यक कानूनहरू निर्माण गर्नको लागि आवश्यक हो। त्यसलाई आवश्यक काम, कर्तव्य र सेवा सुविधाका शर्तहरू अवश्य पनि सरकारले तयार पार्न पर्दछ तर एउटा कुरो मलाई के अलिकति लागेको छ भने हामीले के गरी रहेका छौं, के हुँदै छ, अस्तिमात्र भर्खर एउटा विधेयक पेश गर्दा, समितिमा गएको विधेयक पेश गर्दा मैले नियमावलीको  धारा ११८अनुसार अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यले यो पेश गर्नुपर्छभन्दा होइन सहज रूपमा यसलाई सभामुख महोदयलाई हस्तान्तरण गरेर सभामुख महोदयमार्फत्  सम्बन्धित मन्त्रीले पेश गर्नुपर्छ भन्ने कुरा आएर हामीले त्यसतर्फ अस्ति भर्खरै मात्रै  सो काम पूरा गर्यौं । आज ठीक तत्पश्चात आज हाम्रो नियमावलीको धारा १२८अनुसार हाम्रो विधायन समितिका सदस्य माननीय श्री चन्द्रबहादुर शाहीले पेश गर्नुभयो। यो एकैछिन कस्तो तोडमोड गरेर कस्तो प्रतिस्थापन हो, कस्तो नियमवली हो, कस्तो कानून हो, कस्तो हाम्रो कारबाही हो, एकैचाटी तोडमोड, एकैचोटी प्रतिस्थापन, यस्ता कुराहरू अत्यन्तै जटिल कुराहरू हुन, यसले संसदको गरिमालाई मर्यादित र अनुशासित बनाउनुको सट्टा यस्तो किसिमको कारबाहीले अवश्य पनि सदनलाई अझ होच्याएको, अझ सदनलाई कमजोर पारेको महसुस गराउछ । हामीले आइन्दामा यस्ता कामहरू गर्नु हुँदैन । यसको साथ साथै अस्ति मात्र हामीले स्थानीय निकाय र जिल्ला समन्वय समितिको कानून निर्माण गर्ने विधेयकमा दफावार छलफल गर्यौं । त्यो विधेयकमा पनि स्पष्ट भन्ने हो भने संविधानको घारा २२७ ले त्यहाँ गाउँपालिका, नगरपालिकामा के कति कर्मचारीहरूको आवश्यक छ, के कति कर्मचारीको आवश्यक पर्छ, त्यसको तय त्यसबाट हुनु पर्थ्यो, त्यसको आवश्यक छ तर त्यो हुन सकेको छैन, त्यो पनि भएको छैन, यसैले यस्ता किसिमका काम, यस्ता किसिमका कमि कमजोरीहरू छन् । सधै दोहोरिदै जाँदा हामीले अवश्य पनि खाँचो पूर्ति गर्न सक्दैनौ, सभामुख महोदय । जब कर्णाली प्रदेश गठन भयो, जब कर्णाली प्रदेशले आफ्नो कर्णाली प्रदेशको सरकारले आफ्नो काम कारबाही  सुरू गर्यो । सम्पूर्ण सत्तापक्ष चाहे प्रतिपक्ष जुनै पक्ष भए पनि प्रतिपक्ष रहित सदन भन्नाले अफ्ठ्यारो नमान्नु होला, त्यसै पनि प्रतिपक्ष रहित छ । सदन बनाएर कर्णाली प्रदेशको हित र कल्याणको लागि कर्णाली प्रदेशको समृद्धिको लागि, कर्णाली प्रदेशको उन्नतिको लागि, हामीहरू अगाडि बढ्यौं भन्ने किसिमका लक्षणहरू देखा परेका थिए । प्रतिपक्ष रहित भन्नाले त शंका नमान्नु होला त्यसै पनि प्रतिपक्ष रहित छ कर्णाली प्रदेश, कहाँ ३३ जना कहाँ ६ जना अङ्कैमा पनि अफ्ठ्यारो छ तर ६ भएको हुनाले ठिकै छ, ६ भएको हुनाले अलिचित्त बुझेको छ । ५ भैदिए ७ भैदिए अफ्ठ्यारो हुन्थ्यो, ६ भएको हुनाले चित्त बुझेको छ तर

पनि हामीले प्रारम्भिक चरणमा प्रतिपक्ष रहित सदन  अगाडि बढेर कर्णाली प्रदेशको आज कर्णाली प्रदेशलाई अवश्य पनि हामी अगाडि बढाउने वाचा र सङ्कल्प साथ हामीहरू अगाडि आएका छौं तर यसो हेर्दाखेरी आज अफ्ठ्यारो मान्नु पर्ने कुरो छैन । कर्णाली प्रदेशको सरकारले केवल मिठा, केवल गुलिया शब्दको सपना बाडेर कर्णाली प्रदेशको हित हुन सक्दैन, कर्णाली प्रदेशको कल्याण हुन सक्दैन, हामी स्पाष्ट भन्न चाहन्छौं, अहिले म नेपाली कांग्रसको तर्फबाट भन्छु । कर्णाली प्रदेशको सरकारले जुन बजेट पेश गर्यो त्यसलाई हामीले मौन समर्थन गरेर स्वागत गर्दिएका थियौं, त्यसमा हामीले कुनै किसिमको दुविधा पारेका छैनौं, कर्णाली प्रदेश सरकारलाई सहज होस् भनेर हामीले भनेका छौं । त्यसभित्र एउटा कुरा लुकेको छ, अवश्य पनि प्रतिपक्ष नेपाली कांग्रेसले त्यो मौन समर्थनलाई आफ्नो अवश्य पनि पर्ख र हेरको एजेण्डा बनाएर बसेको छौं, पर्खर हेरको एजेन्डा छ । अझ कहाँ रातो किताब त आइसक्यो, हामीले कालो भन्यो, पहेलो भन्यो, जे भएपनि रातो किताब आइसक्यो, मुख्य मन्त्रीज्यूलगायत धेरै मन्त्रीज्यूहरूले सेतो किताब आउदै छ भन्नु भएको छ । अब त्यो सेतो किताब आउन्जेल त पर्खनै पर्यो, नपर्खेर त भएन, सेतो किताब कहिले आउछ । त्यो किताब हामीले पर्खनै पर्दछ । हाम्रो आवाज, संसदको आवाज, म यहाँ प्रतिपक्षबाट नेपाली कांग्रेस मात्र भन्दिन, सम्पूर्ण संसद सदस्यहरूको आवाजलाई कर्णाली प्रदेशको सरकारले अवश्य पनि महसुस गरेर, यस तथ्यलाई सत्यगत बुंदामा परिणत गरेर सेतो किताब ल्याउछ कि ल्याउदैन, आज प्रतिपक्षको तर्फबाट हेर्नु पर्ने यही वाचा होकि पर्ख र हेर भन्ने शब्दको अर्थ यही हो । सेतो किताबभन्दा त्यो आउछ कि आउदैन, आज असमान कुराहरू, अमर्यादित कुराहरू अनावश्यक कुराहरू, सेतो किताबले आज त्यसलाई ओगट्यो भने भोलिको परिस्थिति के हुन्छ भन्न सक्दैन । त्यसको परिस्थितिमा सम्पूर्ण सत्तापक्षका संसद, हाम्रा साथीहरू, मित्रहरू त के गर्नु हुन्छ, म अहिले भन्न सक्दिन नेपाली कांग्रेसको तत्पश्चातको बाध्यता एउटै हो, कर्णालीको प्रतिपक्षको बाध्यता एउटै हो कि कर्णाली प्रदेशको सरकारले घोक्रेठ्याक लगाएर बाध्यात्मक ढङ्गले जनताको माझमा जाँउ भनेर प्रतिपक्षलाई बाटो देखाएको हुनसक्छ । त्यसैले म भन्न चाहन्छु, हाम्रो आवाजलाई अवश्य पनि कदर गरेर, सदनको आवाजलाई कदर गरेर, सरकारले विनियोजित बजेट अनिवार्य रूपमा ब्रेकडाउन गरेर अनिवार्य आवश्यकतालाई परिपूर्ति गरेर लैजानु पर्दछ । मलाई दुःख लाग्यो यहाँ १ जना मन्त्री हुनुहुन्न, भौतिक योजना मन्त्रीज्यू हुनुहुन्न, धेरै पटक उहाँले के भन्नुभयो भने माननीय सभासदहरूको,  सभासदको चाइने स्वीकृति गरेर साझा स्वीकृति गरेर तपाईको र सभामुखको ल्याउनुहोस् भन्नुभयो । अब योजना मैले भौतिक योजना मन्त्रालयबाट खानेपानी लिने कि माननीयहरूसँग गएर स्विकृत गराउन जे दिउ हजुर गरिदिउ हजुर मेरो खानेपानी स्विकृत गर्देउ, मेरो बाटो स्विकृत गरिदेऊ, मेरो तटबन्ध स्विकृत गरिदेऊ, भनेर जाने, यस्ता कुराहरू पनि आएका छन् । यस्ताकुराहरू पनि आगाडि आए ठीक छ, हामी संसदका सदस्यहरू हौं । १५ ओटा योजनाहरू हामी कागजमा राखेर दिन

सक्छौं तर १५ वटा योजनामा सरकारलाई कति ओटा आवश्यक महसुस भयो त, ५ ओटा महसुस भयो कि ४ वटा महसुस भयो कि, एउटै महसुस भएन कि, १० वटा महसुस भयो कि, १५ को १५ वटै महसुस भयो कि त्यो स्वीकृति गरेर सरकारले देओस् न हामीलाई, त्यसमा हामी आफ्नो चित्त बुझाएर जाउला, हैन अर्कोसँग गएर स्वीकृति गर्नुपर्ने साझा सहमति गर्न सम्झौता गर्नुपर्ने, योजना लिदाखेरी हामीले सम्झौता गर्नुपर्ने, अहिले त भर्खर माननीयसँग सम्झौता गर्नु भएको छ, पछि अझ अर्को कसैसँग सम्झौता गर्नुपर्यो भन्दिनु हुने हो कि, राजनीतिक दलसँग कांग्रेसकाले कांग्रेससँग सम्झौता, कम्यूनिष्ट पाटीकाले कम्यूनिष्ट पाटीसँग सम्झौता, राप्रपाले राप्रपासँग सम्झौता गरेर ल्याउ भन्दिनु हुन्छ कि भन्ने डर पनि लागि रहेको छ । यस्तो किसिमको प्रक्रियाहरू हाम्रो उसमा आएका छन् तर आइन्दामा यस्ता कुराहरू नभएर, नगरेर आज कुनै पनि आलोचनाको मुख बन्द गरेर मात्रै हामी अगाडि बढ्छौं भन्ने कुरा छैन । आलोचना त हुन्छन्, हाम्रा आलोचना नहुने कुरा छैन । हामीले राम्रो काम गर्यौं भने प्रसँग हुन्छ, नराम्रो काम गर्यो भने आलोचना हुन्छ । त्यो आलोचनाले दुःख मान्नु पर्ने कुरा हुँदैन । त्यसैले सबभन्दा पहिलो कुरो कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशका जनताको १७ लाख भन्नु हुन्छ मलाई स्पष्ट छैन् । ११/१२ लाख मात्रै २०६८ ले दिइएको छ तर अहिले १७ लाख पुग्न सक्छ, १७ लाख जनताको उत्थानको लागि र १७ लाख जनताको हित र कल्याणलाई हामी बारबार भन्छौं, कर्णाली प्रदेश गरिब कर्णाली प्रदेशको सरकारै गरिब भए पछि कर्णालीका जनता गरिब नहुन त सरकारले कर्णाली प्रदेश गरिब छ कि भन्ने शंका लाग्न लागि सक्यो । यहाँ कुरा उठ्न लाग्यो के भन्ने त्यसलाई, त्यस कारणले अवश्य पनि प्रतिपक्ष रहित त्यसमा एउटा बाहुबल बनाएर काँधमा साथ मिलाएर हातमा हात मिलाएर अगाडि बढ्यौं, यसमा प्रतिपक्ष नेपाली कांग्रेस सहयोग गर्न तयार छ । सहयोग गर्न प्रतिबद्धता जनाउछ तर यति सहयोग गर्दा गर्दै पनि यति सौहार्दता यति समझदारी गर्दा गर्दै पनि सरकारले कर्णाली प्रदेश सरकारले घाटी च्यापेर के भन्छ भित्तामा गएर के ठोक्ने ढिकमा गए घचेट्ने भन्छ, त्यस्तो काम भयो भनेपछि हामीलाई बाध्यात्मक जनताको माझमा जाने यात्रा तयार नगर्न आग्रह गर्छु । होस् फेरि अब धेरै दिन पछि भेट हुने हो अस्तिको पालि त के र, पर्ख पर्ख मायालु भनेर मेले भनेको थिएँ । यो पालि पर्ख पर्ख मयालु भन्ने अवस्था छैन, हासी राख न मायालु बोली राख न भनेर जाउँ सबै यति भनेर जाउँ, हवस्, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५माथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदास्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला ।

अब माननीय श्री करबीर शाही ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, नेपालको संविधान, २०७२ ले व्यवस्था गरेअनुसार तीन तहका सरकारको व्यवस्थाबमोजिम आज हामी कर्णाली प्रदेश सरकारले गरेको निर्णयहरू सरकारको प्रतिरक्षाका लागि कर्णाली प्रदेशको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ को समितिको प्रतिवेदनसहितको दफावार छलफलमा सहभागी छौं । सर्वप्रथम विधायन तथा प्रदेश मामिला समितिलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । संशोधनकर्ता सूचना दिने माननीय सदस्ययको हैसियतले मलाई पनि बैठकमा बोलाएर संशोधनको सूचनाको सम्बन्धमा केही कुरा राख्न छलफल गर्न समय दिनुभयो, म यो प्रदेश मामिला तथा विधायन समितिलाई धन्यवाद दिन चाहान्छ र सँगसँगै प्रतिवेदनसहित आएका दफावार छलफलमा म केही सुझाव मेले त्यहाँ प्रस्तुत हुँदा पनि मैले आफूले राखेका केही रिर्जवभेसनहरू वास्तवमा त्यहाँ छलफल हुँदा केके बिषयहरू फेरिए मैले संसदमा राख्नेछु र यो बीचको बाटो मलाई चाहिँ मान्य छैन भन्ने हिसाबले मैले त्यहाँ बोलेको थिएँ त्यसकारणले केही सुझावहरू राख्न चाहन्छु । सबैभन्दा पहिला संशोधनको सूचनाको सन्दर्भमा विधेयकको दफा ४ को उपदफा (ङ) मा हिरासत कक्षमा अनुगमन गर्ने अधिकार प्रचलित संविधान र कानून विपरित हुने भन्ने हिसाबले हामीले संशोधनको सूचना दर्ता गराएका थियौ । महान्यायाधिवक्ताको हकमा त्यस्तो चाहिँ गर्ने व्यवस्था महान्यायाधिवक्ताहरूलाई संविधानमा त्यो व्यवस्था भएको हुनाले महान्यायाधिवक्ताको अनुमतिले वा सहमतिमा उहाँको राय लिएर प्रदेशका मुख्य न्यायाधिवक्ताले पनि यस्तो न्यायिक हिराशतमा रहेका कैदिबन्दीहरू हिरासतमा रहेका मान्छेहरूको मानवीय व्यबहार भए नभएको यो मानब अधिकारसँग सम्बन्धित विषय भएको हुनाले यसलाई यहाँ राखिनु आवश्यक छैन । सरकारले आफ्ना निणर्यहरू कर्तव्य पालनाको सिलसिलामा वा निणर्य पालना गर्ने सन्दर्भमा केही त्यस्ता अफठ्याराहरू आइ लाग्छन् र मान्छेलाई न्यायिक हिरासतमा लिनु पर्ने हुन्छ । सरकारले आफैले केही मानवहरूलाई हुलहुज्जत वा गरे काम गरे बापत लिने हुने भएको हुनाले सरकार आफैले हिरासतमा पनि लिने र त्यो मानव अधिकार व्यवहार भएको नभएको आफै निर्णय गर्ने कुरा कति सजिलो हुन्छ भन्ने कुरा यो हिसाबले यसमा चाहिँने हामीले संशोधनका सूचना पेश गरेका हो र यसमा यो समीतिले मध्यमार्गी बाटो अपनाएको छ । संशोधन प्रस्ताव गरिएको कुरा महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी प्रदेश स्थित हिरासत वा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसँग वा मानव उचित व्यवहार भए नभएको उजुरी परेमा जानकारी हुन आएका सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने भनेर यसमा संशोधन गरिएको छ । म यसमा फेरि पनि भन्न चाहन्छु, यो राय लिएर गर्नुभन्दा यो चाहिँ दफा नै हटाउनु पर्छ भन्ने मेरो चाहिँ जिकिर हो । त्यसपछि हामीले दफा ४ को (छ) मुख्य न्यायाधिवक्ताले प्रदेशको प्रदेशसभालगायतका विभिन्न निकायहरूमा गएर आफूले चाहिँने कानूनी राय राख्न पाउने कुरा थियो । त्यो वास्तवमा प्रदेशसभाले आफ्नो

कानूनी सल्लाहकार आफै नियुक्ति गर्न सक्ने र विधायकी अधिकार छुट्टै भएको निकाय भएको हुनाले उहाँलाई ऐच्छिक रूपमा राख्ने र अनिवार्य होइन भन्ने हिसाबले हामीले सूचना दर्ता गराएका थियौं । त्यसकारणले यो विधायकी अधिकारसहितको छुट्टै निकाय भएको हुनाले यो राख्न नहुने कुरा थियो र यसमा के लेखिएछ भने यहाँ अलिकति छुटेछ । यो समितिको पनि प्रतिवेदनमा छुटेको मैले पाए । यसमा लेख्नु के पर्छ भने संशोधनमा जस्ताको त्यस्तै हटाइएको भए हटाउनु पर्यो, नहटाइएको भए साविककै कायम गरिएको भनेर यता चाहिँने कोलुममा लेख्नु पर्ने हुन्छ जस्तो मलाई लाग्छ । यो छुटेको जस्तो पाए र त्यसपछि दफा ५ को हामीले १ हटाउनु पर्ने भनेका थियौ । यसमा हाम्रो भनाइ के थियो भन्दा खेरी प्रदेश न्यायाधिवक्ताको कार्यालय स्थापना गर्ने भन्ने चाहिँने त्यसमा के भन्छ विधेयकमा व्यवस्था थियो । मुख्य न्यायाधिवक्ताको मातहतमा न्यायाधिवक्ताहरूको अफिस स्थापना गर्ने भन्ने थियो । यसमा राज्यको र प्रदेशको गम्भीर ध्यानाकर्षण भएर हामीले के भन्यौ भने यो वास्तवमा माहान्यायाधिवक्ताको मातहतमा सबै चाहिँ के भन्छ, कामकाजहरू सरकारी वकिलहरू, उच्च सरकारी वकिलहरू, न्यायाधिवक्ताहरू मातहतमा रहने र अफिस पनि त्यही कायम हुने भन्ने संविधानमै व्यवस्था भै सकेपछि हामीले छुट्टै अफिस खोलेर छुट्टै खर्चको व्यवस्थापन गर्नुपर्छ भन्ने आवश्यक नदेखिएकाले यो चाहिँ बुँदा त्यहाँ सहमतिमा हटाइएको, हटाउने सहमति भएको थियो । यहाँ लेख्न छुटेछ, त्यसकारणले यसलाई प्रदेश न्यायाधिवक्ता वा कार्यालयको स्थापनासम्बन्धी बुँदा हटाइएको भनेर संशोधन प्रस्तावमा लेखिनुपर्थ्यो यो पनि छुटेको छ । त्यसपछि योग्यतासम्बन्धी दफा ४ मा थप गर्ने यो (ङ) हटाएर (ङ) नै कायम गने वा (ङ) पनि कायम हुँदाखेरी त्यसमा (च) थप्नेसम्बन्धी व्यवस्थामा यसमा उच्च अदालतका न्यायाधिश सरह हुन भनिएको छ । हामीले लोक कल्याणकारी राज्यमा धेरै सूचनाहरू हामी प्रेषित गरेर अगाडि बढ्छौ भने प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता जो प्रदेश सरकारले गरेका निर्णयहरूको प्रतिरक्षामा उत्रिनु पर्छ र अगाडि बढ्नु पर्छ र मुख्य कानूनी सल्लाहकारको हिसाबले कानूनी सरकार भएको हुनाले उसको नियुक्ति पनि पारदर्शी हनुपर्छ र उसको योग्यता पनि पारदर्शी हिसाबले लेखिनु पर्छ र देखिनु पर्छ भन्ने हिसाबले यसमा लेखिएछ तर यता पट्टि संशोधनको सूचना साविकको व्यवस्थामामा लेखिएन्छ साविकको व्यवस्थामा यसमा के लख्नु पर्यो भने दफा (च) थपिएको भनेर लेखेर मुख्य न्यायाधिवक्ताको योग्यता कानूनमा स्नातक उपाधी गरेको यहाँ लेखिएको छ । यतापट्टि (च) थपिएको भन्ने शब्द लेख्नुपर्छ भन्ने जस्तो लाग्छ । त्यसकारणले सँगसँगै अब यहाँ खारेजी तथा बचाउमा हालसम्म प्रचलित कानूनअनुसार भए गरेका काम कारबाहीहरू यस ऐनबमोजिम भएको मानिने छ भनेर लेखेको छ । यसमा हालसम्म प्रचलित कानूनअनुसार भए गरेको काम कारबाही यो ऐन सँग नबाझिएको हदसम्म यसै ऐनबमोजिम भएको मानिने छ भन्ने लेख्यो भने सबै चाहिँने योभन्दा अघि गरेको कानुने मान्यता प्राप्त पनि गर्छन र यसले योभन्दा पछिको Functional पनि गर्छ । यस

कारणले यति सुझाव मैले यो सन्दर्भमा दिन चाहन्छु र सँग सँगै यो अलिकति विधायकी कुरालाई पनि मैले यहाँ चाहिँ सूचनाका रूपमा ग्रहण गर्न चाहन्छु । अब यहाँ आजको उपस्थिति अलि पातलो छ, माननीय सभामुख महोदयलाई मैले अनुरोध गरे वास्तवमा यसको व्यवस्था भनेको यो समितिका मान्छेहरूले धेरै छलफल गरी सकेको हुनाले यहाँ चार दिने दफाबार छलफलमा भाग लिन नपाउने उस्तै पर्दा संशोधनको सूचना दिने प्रस्तावक वा समर्थकले पनि समितिमा गएर छलफल गरिसकेपछि यहाँ दफावार छलफलमा भागलिन नपाउने सूचना Aspect नगरेको अवस्थामा मात्र आफ्नो सूचना फेरि पनि प्रस्तावकको रूपमा अगाडि बढाउन पर्ने व्यवस्था हुन्छ र संसदीय अभ्यासमा त्यसकारणले धेरै माननीय सदस्यहरूलाई ऐकै चोटि विदा दिदा आजको अवस्था आएको हो जस्तो लाग्छ । यसका लागि सबैभन्दा पहिला यसका प्रमुखलाई मैले यो अनुरोध गरेर विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही ।

**माननीय श्री सोशिला शाहीः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेशको दोस्रो अधिवेशनको ३२ औं बैठकमा उपस्थित भै रहेका छौं । आगामी आर्थिक वर्ष २०७५/०७६ को विभिन्न विधेयकमाथि छलफल गरेर पास गरिरहेको छौं भन्ने केही विधेयकहरूमा छलफलमा जुटिरहेका छौं । यसै क्रममा हामीले जिल्लासभा, गाउँसभा र नगरसभाको विषयमा छलफल गरिरहँदा जिल्ला सभालाई जिल्ला समन्वय समिति भनिरहेको छ तर त्यसका अधिकार क्षेत्रहरू के के हुन्, काम कर्तव्य के के हुन्, के विषयमा समन्वय गर्ने हो, यो विषयमा संविधानमा नै प्रष्ट उल्लेख छ । प्रदेशसभामा प्रदेशसभालाई अधिकार सम्पन्न भैरहेको अवस्थामा यसलाई धेरै महत्व दिएर विना काममा धेरै सुविधा दिनु उपर्युक्त जस्तो लाग्दैन । सभामुख महोदय, जो त्यहिँ गाउँपालिका र नगरपालिकामा पदाधिकारीहरू जति काम भार छ, त्यति पनि जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई, अरू भार भएको जस्तो लाग्दैन, त्यही भएर यसलाई केही अधिकार सम्पन्न बनाउनु पर्छ, कि खारेज गर्नुपर्छ भन्ने सुझाव दिन चाहन्छु । सभामुख महोदय, संविधानमा तीनै तह प्रष्ट तोकिएको अवस्थामा यसलाई कुन तहको अधिकार सम्पन्न बनाउन खोजिरहेको हो, प्रष्ट भएन सभामुख महोदय । यो प्रदेशसभाले विभिन्न विधेयक पास गर्ने क्रममा कुनै पनि तहसँग नबाझिने खालको विधेयक र कानूनलाई यस कर्णाली प्रदेशलाई आगामी दिनमा कार्यक्रम कार्यान्वयन सँगै भ्रष्टाचारमा नियन्त्रण हुने कार्यक्रम यस प्रदेशसभाले नै सरकार कुनै कसर बाँकी नराखि लाग्नु पर्छ भन्ने यस गरिमामय सदनलाई मेरो ध्यानाकर्षण गराउन चाहन्छु । साथै उत्कृष्ट प्रदेशको रूपमा चिनाउनु पर्दछ भन्ने मेरो मान्यता रहेको छ । सभामुख महोदय, हामी जुन परिधिको सेरोफेरोबाट यस संसद हलमा उपस्थित भएर पनि विकास निर्माणलगायत सकारात्मक कामका लागि सकारात्मक सोचका साथ भिन्नभिन्न हुनु हुँदैन भन्ने सुझाव दिन चाहन्छु । सभामुख महोदय, न्यायाधिवक्ताको पारिश्रमिकको कुरा, सुविधाको कुरा जुन कुरा भैरहेको छ, यो

सदनमा छलफल यसको लागि एकदम कानून विज्ञहरूले, हजुरहरूले एकदम सोचेरै ल्याउनु भएको होला, यो सदनमा पनि एकदम छलफल भएकै छ । सभामुख महोदय, बढि म के भनौं जय राष्ट्रवाद भन्दै विदा हुन्छु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५माथिको छलफछ समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५माथि माननीय सदस्यहरूले सभामा छलफल गर्दा उठाउनु भएका प्रश्न एंवम जिज्ञासामा जवाफ दिँदै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम उक्त विधेयक पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको आदेशले यो प्रदेश सरकारको कानूनी सल्लाहकारका रूपमा क्रियाशील हुने भूमिका निर्वाह गर्न मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धीको विधेयक प्रस्तुत भै सकेपछि माननीय सांसदज्यूहरूले यो विधेयकलाई सम्वृद्धीकरण गर्नको लागि अझ बढि यो परिपक्व बनाउनका लागि अझ बढि यसलाई प्राक्टिकल बनाउनको लागि अझ बढि यसलाई संवैधानिक यसलाई कानूनी बनाउनका लागि जसरी संशोधन प्रस्ताव दर्ता गर्नु भएको थियो, खासगरि माननीय धर्मराज रेग्मी प्रस्तावक रहेको संशोधन प्रस्ताव उपर माननीय करबीर शाही र सीता नेपालीले समर्थन गरेको एउटा संशोधन प्रस्ताव दर्ता भएको थियो । यो संशोधन प्रस्तावको संशोधनको प्रकृति, यसको उचाई यसको अर्थलाई हामीले गम्भीरतापूर्वक ग्रहण गर्नुपर्दछ । मुख्य न्यायाधिवक्ताका काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकलाई हाम्रो यो सदनको एउटा पूँजीका रूपमा हामीले चाहिँ यसलाई ग्रहण गर्नु पर्दछ भन्ने हेतुले खास गरिकन केही संशोधनहरू प्राप्त भएको थियो । त्यसमा यो साविकको व्यवस्था चाहिँ प्रदेश सरकारको मातहतमा रहेको हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवा उपर उचित मानव व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी उचित मानव व्यवहार गर्न आवश्यक निर्देशन दिने भनेर यो विधेयकको चाहिँ व्यवस्था थियो । त्यसमा माननीय सदस्यज्यूहरूले एउटा संशोधन प्रस्ताव निम्न व्यहोराको महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी उहाँहरूले के भन्नु भएको थियो भने यो धारा जरूरी छैन भन्ने लाईनमा उहाँले चाहिँ दर्ता गराउनु भएको थियो । खास चाहिँ यो नेपालको संविधानको धारा १५८ को चाहिँ उपधारा ६ को (ग) मा एउटा चाहिँ प्रोभिजन यहाँ उल्लेख गरिएको छ । हिरासतमा रहेका व्यक्तिलाई यस संविधानको अधिनमा रहि मानव उचित व्यवहार नगरिएको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत् भेटघाट गर्न

नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने भनेर महान्यायाधिवक्ताको यो काम, कर्तव्य र अधिकारमा यो कुरा चाहिँ, यो प्रोभिजन चाहिँ उल्लेख गरिएको छ । अब यसैसँग चाहिँ लिङ्क चाहिँ स्थापित गर्ने एउटा अर्को प्रोभिजन छ, संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्तासम्बन्धी केही प्रोभिजनहरू छ जसमा (क) १ मा १६०को धारा १ मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशकामा एक मूख्यन्यायाधिववक्ता रहने छ भनेर एउटा प्रोभिजन तपाईंको लिपिबद्ध गरिएको छ । यताबाट हेर्दाखेरी हाम्रो कर्णाली प्रदेशको मुख्य न्यायाधिवक्ता महान्यायाधिवक्ताको मातहतमा रहने एउटा संवैधानिक प्रोभिजन भएको हुनाले प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनावा कक्षमा रहेको थुनुवासँग सम्बन्धित खासगरि मैले चाहिँ लिगल रूपले चाहिँ सल्लाहकार राख्न पाएको छु कि छैन । कानूनी सल्लाहकार राख्न पायो कि पाएन । यदि पाएको छैन भने कानूनी सल्लाहका राख्नको निम्ति सम्बन्धित चाहिँ अधिकारीलाई चाहिँ निर्देशन गर्न त्यस्तै गरेर आफन्तजनहरूसँग भेटघाट गर्ने स्थिति बनेको छ कि छैन, यदि छैन भने मानवअधिकारको कोणबाट मात्रै नभइकन, अब Welfear State को लोक कल्याणकारी राज्यको दायित्वभित्र पर्ने सवालहरू त्यसो भएको हुनाले त्यो २/३ वटा चाहिँ हाम्रो संविधानको प्रोभिजनहरू हुनाले र हामीलाई पनि प्रदेशमा पनि यो कुनै पनि निकाय आफैले काम गर्नेभन्दा पनि,, त्यो निकायमा रहेका अधिकारीहरूले त्यो चाहिँ तपाईको प्राप्त विधिलाई कार्यान्वयन गर्ने हो । त्यसो हुँदाखेरी कुनै अधिकारीले वास्तवमा आफ्नो दायित्वको सन्दर्भमा नगरेको सम्बन्धमा यसलाई चाहिँ तपाईको Control गर्ने मेकानिजम चाहिँ अथवा त्यस्तो खालको एउटा चाहिँमाथिल्लो निकायमाथिल्लो अधिकारी जरूरी हुन्छ । त्यसो भएको हुनाले यो प्रोभिजन चाहिँ हामीले समन्वय गरेर भनेका छौं । यहाँ नेर हामीले संशोधनको प्रस्ताव केछ संशोधन प्रस्तावमा गरिएको अहिलेको व्यवस्था केछ भने महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी भनेको छौं । समन्वय गरी प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षका रहेका थुनुवाहरूलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत् भेटघाट गर्न नदिएको वा मानव उचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा सम्बन्धित अधिकारहरूलाई आवश्यक निर्देशन दिने भनेर यहाँ नेर यो चाहिँ एउटा प्रोभिजन पनि यो केही मतहरू थिए तर अन्तमा चाहिँ यसलाई एकमतले हामीले चाहिँ यसलाई पारित गरेर प्रस्ताव गरेको छौं । त्यसै गरेर अब दफा ५ मा चाहिँ प्रदेश न्यायाधिवक्ताको कार्यालय स्थापनाका सन्दर्भमा माननीय सदस्यज्यूहरूले एउटा कार्यालयको मतलब रूपमा चाहिँ प्रदेश न्यायाधिवक्तालाई कार्यालयको व्यवस्था गरेर क्रियाशील गर्ने हो कि भन्ने थियो तर यो महान्यायाधिवक्ता मातहतमै चाहिँ प्रदेश न्यायाधिवक्ता रहने भएको हुनाले हामीले चाहिँ अलगै कार्यालय राख्दा चाहिँ व्ययभार चाहिँ थपिने स्थित बन्दछ, त्यसो हुँदाखेरी व्ययभार चाहिँ तपाईको घटाउने र एउटै Chain of Command मा चाहिँ तपाईको त्यसलाई

परिचालित गर्दाखेरी Better हुन्छ भन्ने भएपनि हामीले यसलाई स्विकार गर्यौं । उहाँहरूको संशोधन प्रस्तावलाई स्विकार गर्यौं, अब अलग्गै चाहिँ यहाँनेर के छ भने यो माननीय सदस्यहरूले पनि कुरा उठाउनु भएको छ, यहाँ प्रष्ट उल्लेख नभएको रहेछ, यसलाई हाम्रो चाहिँ विधेयकको एउटा अङ्गका रूपमा रहेको ऐनको एउटा अङ्गको रूपमा चाहिँ यसलाई स्विकार गर्न सकिन्छ र त्यो त्यसका लागि म चाहिँ हाम्रो सचिवालयका हाम्रो कर्मचारीहरूलाई म माननीय सभामुखज्यू,मार्फत् म ध्यानाकर्षण गराउन चाहन्छु । यसलाई चाहिँ एउटा अङ्गको रूपमा स्विकार गरिएको छ । यो प्रदेशमा न्यायाधिवक्ताको कार्यालयको स्थापना भैहाल्यो, अर्को चाहिँ मुख्य न्यायाधिवक्ताको योग्यताका सन्दर्भमा माननीय सदस्यहरूले चाहिँ अब हामीले यो उच्च अदालतको न्यायाधिशको योग्यता जो संवैधानिक व्यवस्था छ । त्यसलाई नै हामीले चाहिँ तपाईको यसलाई मान्य गरिकन यसलाई चाहिँ नलेख्दा पनि हुन्छ भनेर यहाँ लेखिएको थिएन । त्यो प्रोभिजन राखिएको थिएन, अब यसलाई प्रष्ट रूपमा यसले केही Confusion तथा केही थप reference को माग गर्ने भयो यसले चाहिँ योग्यता हेर्नको लागि अर्को रिफ्रेन्समा जानुपर्ने भो त्यसो हुँदाखेरी हामीले यो ऐनमा नै रहेको व्यवस्था गर्दाखेरी चाहिँ उपयुक्त हुन्छ भन्ने छ त्यसो भएको हुनाले यसलाई चाहिँ यहाँ पनि संशोधन प्रस्तावमा पनि यो चाहिँ यहाँ उल्लेख गरिएको छ । यो चाहिँ हामीले स्विकार गर्यौं र खारेज र बचाउको कुरा जहाँसम्म, हालसम्म प्रचलित कानूनअनुसार भए गरेका काम कारबाहीहरू यसै ऐनबमोजिम भएको मानिने छ भनेर यसलाई चाहिँ बचाउ खारेजी चाहिँ यहाँ व्यवस्था थिएन, माननीय सदस्यज्यूहरूको संशोधन प्रस्तावको प्रस्तावलाई हामीले चाहिँ ग्रहण गर्यौं, समितिले पनि ग्रहण गर्यो र एउटा अङ्गको रूपमा यसलाई चाहिँ लिने, यसलाई लिपिबद्ध गर्ने भन्ने छ । त्यसो भएको हुनाले अब यो हामीले के चाहान्थ्यौ भने अधिकतम संशोधनहरू आउन यो हाउसका एउटा बृहत बहस होस् र हाम्रा विधेयकहरू अझ ज्यादा परिपक्व हुन्, हामीहरूले चाहिँ रहेका थियौं । मतलब बहसमा भाग लिइदिनु भयो यसका लागि म धन्यवाद दिन चाहन्छु । माननीय सभामुखज्यू, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जूमा गर्न बनेको विधेयक, २०७५माथि प्रदेशसभामा छलफल भैसकेको विघायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव विधेयकको अङ्ग हुने गरी कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम २१बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

माननीय सभामुखः- माननीय सदस्यहरू, अब म प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाशर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५का सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिले संशोधन गर्ने निणर्य गरी सभामा पेश गरेको प्रतिवेदनका साथै माननीय सदस्यले छलफछका

क्रममा उठाउनु भएको महत्वपूर्ण विषयहरूलाई विधेयकको भाग हुनेगरि पारित गरियोस् भन्ने प्रस्ताव निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला ।

फ्लोर- हुन्छ,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तका सम्बन्धमा कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५माथि विधायन तथा प्रदेश मामिला समितिको निर्णयअनुसार संशोधन प्रस्ताव विधेयकका अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि संशोधन प्रस्ताव परि विधायन तथा प्रदेश मामिला समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्यवस्थाअनुसार सभासमक्ष राख्न समितिका सदस्य माननीय श्री मिनासिंह रखाललाई समय दिन्छु ।

**माननीय श्री मिनासिंह रखालः-** माननीय सभामुखज्यू, प्रदेश सरकारका तर्फबाट पेश भएको गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भइ, सो विधेयक विधायन तथा प्रदेश मामिला समितिमा पठाएको र सो विधेयक समितिबाट २०७६ असार २१ गते निर्णय गरी तयार गरेको प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम ११८बमोजिम पेश गर्दछु । धन्यवाद !

मिनासिंह रखाल

सदस्य

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ का नियम १२० को उपनियम २ को खण्ड (क)बमोजिम समितिको निर्णय र प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारको तर्फबाट पेश भएका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मिति २०७५ जेष्ठ २५ गतेको प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भइ,

सभामा प्राप्त भएकाले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड कबमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव पेश गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, गाउँसभा र नगसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा सम्बन्धित समितिमा प्राप्त प्रतिवेदनका सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम ८बमोजिम छलफल गर्नका लागि समय निर्धारण गरेको छु, अब छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री करबीर शाही ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी गाउँसभा र नगरसभाको कानून निर्माणसम्बन्धी प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को समितिको प्रतिवेदनसहित र संशोधनसहितको दफावार छलफलमा सहभागी छौं । सभामुख महोदय, पटक पटक मञ्चमा उभिएर हामीले भन्ने गरेको छौं, हाम्रो संविधानको Sprite र हामी हिड्ने बाटो अलग अलग भए जस्तो देखिन्छ । मूलतः गाउँसभा र नगरसभाहरूले दुईवटा सभाहरू पार गरेर, अब नयाँ आर्थिक वर्षमा प्रवेश गरेका छन्, १ वर्ष भैसकेको अवस्था छ । आज हामी ती सभा, गाउँसभा र नगरसभाले पारित गर्ने कानूनसम्बन्धी विधेयक, हामीले मस्यौदा गरेर, हामीले दफावार छलफलमा सहभागी छौं । ढिलै भए पनि गाउँसभा र नगरसभालाई व्यवस्थित गर्ने गरी र त्यो सभामा त्यसको विधायकी अधिकारलाई वास्तवमा कानूनबमोजिम हुने गरी आजसम्म जे व्यवस्था गरेर विधेयकहरू कानूनहरू बनिरहेको छन् । तिनलाई लिगलाईज गर्ने र यो विधेयक प्रश्चात कति विषयहरू यो सँग बाझिएको हदसम्म त्यसका व्यवस्थाहरू खारेज गर्ने र यो सँग नबाझिएका हदसम्म तिनलाई कानूनको रूपमा अगाडि बढ्नका लागि एउटा बाटो खुल्ने छ । त्यो बाटो खुलाउनका लागि हामीले गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको छलफलमा सहभागी छौं । यसमा पनि विधायन तथा प्रदेश मामिला समितिमा म आफूलाई छलफलमा बोलाएर यो समितिले मलाई यहाँ कुरा राख्न दियो, यो समितिलाई पूनः धन्यवाद दिन चाहन्छु । अघि माननीय कानून मन्त्रीले भने जस्तो सबै विधेयकमाथि ती सबै कामहरूमाथि प्रशस्तै छलफल हुनका लागि, त्यसलाई दिगो र धारिलो बनाउनका लागि वास्तवमा धेरै संशोधन हाल्नु र पर्नु पर्थ्यो संशोधन भन्ने कुरा जानेरै पर्नु पर्छ भन्ने छैन, आफूलाई लागेको विषय संशोधन हाल्नु पर्ने हो । त्यसो नहुँदा दुई वटा विषयहरू एउटै समितिमा छलफल हुँदा एकैदिन मेरो पालो आएछ । एकैदिन छलफलमा सहभागी हुने पनि पालो, लिस्टमा पनि पालो आयो, यो संशोधन कम परेको हिसाबले पालो आएको नत्र एउटा विधेयकको छलफल एकदिन पनि हुन्छ र त्यहाँ संशोधनकर्ताको कतिपय समय नपुगेर अर्को दिन राख्न पर्ने पनि स्थिति आउँछ । त्यसले दुई वटा विषयमा

छलफल गर्न पाइयो । यसमा खास गरिकन हामीले माननीय धर्मराज रेग्मी र माननीय सीता नेपालीले, हामीले थोरै ३/४ वटा विषयमा संशोधन राखेका थियौं । यो कानून बनाउने सवाल भएकाले यसमा दफा ४ (घ) लाई हटाउने भनेका छौं । नेपालको संविधानले वास्तवमा हामी संविधानको परिपालक हौं, संविधानको मात्र हामीले कार्यान्वयन गर्छौं । अरू विषयमा हामीले कानून बनाउनु पर्ने हुन्छ । संविधानले के भन्छभन्दा तिमिले संविधानको परिपालना गर्दाखेरी तिमिले जे काम गर्छौं, सबै कानून बनाएर गर भन्ने स्प्रीट छ । त्यस कारणले यहाँ कार्यपालिकाले निर्धारण गरेका केही विषय कानूनसम्मत कसरी हुन्छन् भनेर हामीले चाहिँने यसको संशोधन हालेका थियौं । वास्तवमा सबै विषयहरू, तिमिले संविधानको परिपालना गर्दा सबै विषय कानून बनाएर गर भनी सकेपछि यो कार्यपालिका र कार्यकारीले छुट्टै कुरा राख्न सकिदैन त्यो भुतप्राभी हुन्छ भन्ने हिसाबले हामीले यसलाई हटाउने भनेर संशोधनका हिसाबले राख्या थियौं । त्यस्तै दफा ४ को (झ) मा यो भुतप्राभी हुनु हुँदैन, पछि पूराना कानूनलाई अनुशरण गरेर अबका कानूनहरू निर्माण गरिनु हुँदैन भन्ने हिसाबले यसलाई राखिएको हो र सँगसँगै दफा ६ को २ मा यो विधेयक प्रस्ताव मस्यौदा गर्नका लागि समिति गठन हुने, त्यो समितिमा स्थानीय तहमा कानूनको ज्ञान भएका मान्छेलाई मात्र आमन्त्रितको रूपमा बोलाइने व्यवस्था थियो, त्यो व्यवस्थालाई हामीले संशोधनमार्फत् के भनेका थियौं भन्दा खेरी सामान्यज्ञान भएको भन्ने थियो कानूनसम्बन्धी, अब कानूनको चटारो परिसकेपछि र विधेयकको मस्यौदा गर्ने विषय अलि जटिल विषय भैसकेपछि, त्यसमा हामीले विषय विज्ञका रूपमा कानून निकायभित्र, त्यो तहभित्र मात्र होइन, त्यो तहभन्दा बाहिर गएर पनि कानूनसम्बन्धी ज्ञान भएको वा विज्ञलाई बोलाएर त्यसको चाहिँ पुस्टयाई गर्नुपर्छ र विधेयकको मस्यौदा तयार गरिनु पर्छ भन्ने हिसाबले हामीले संशोधन राख्या थियौं । यसलाई समितिले स्विकार गरेको र समितिको बैठकमा कानूनमा विशेष दखखल राख्ने व्यक्ति वा विषयविज्ञलाई आमन्त्रित गर्न सकिनेछ भन्नेलाई संशोधनको प्रस्ताव गरिएको छ । त्यस्तै यसमा अघिल्लो विषयमा अरू जरूरी थिएन, हरेक ऐनको अन्तिममा खारेज र बचाउ भन्ने विषय हुन्छ, हामीले त्यो ऐनलाई पनि प्रतिरक्षा गर्छ । बनिरहेको र त्योभन्दा पूर्व बनेका कानूनहरूलाई पनि त्यसलाई लिगलाईज गर्नलाई, त्यसले चाहिँने अथोरिटी प्रदान गर्ने भएकोले यसलाई चाहिँ हामीले दफा २८ थप्नु पर्ने, २७सम्म थियो, यसलाई २८ थप्नुपर्छ, २८ मा के थप्नुपर्छभन्दा हालसम्म गाउँसभा र नगरसभाले बनाएको कानूनको वैधता, यस ऐनबमोजिम यस ऐनहरूमा नबाझिएको हदसम्म, यस ऐनअनुसार निमार्ण भएको वा सो सरह हुनेछ ।खारेजी र बचाउ भने शब्द राख्नु पर्छ भन्ने हिसाबले हामीले संशोधन गरेका थियौ र यसमा समितिले यसलाई खारेजी तथा बचाउ भन्ने दफा २८ थपेको छ । यसले अगाडि बढाएको छ र खास गरिकन समितिले, हामीलाई यो छलफलमा बोलाएर यो सहमति गराएर हामीलाई छलफलमा अपनत्व लिने र आफूलाई धारणा राख्ने अवसर दियो, समितिलाई धन्यवाद दिएर, यो छिटोभन्दा छिटो परिवतन

गर्नुपर्ने विषय पनि भयो । स्थानीय तहका आज पनि जनप्रतिनिधिहरू कानून बनाउने सन्दर्भमा काकाकुल र बनाउन नसकेर अफ्ठ्यारो परेको छ । यसले स्थानीय तहका वा प्रदेशका ७९ तहका स्थानीय तहलाई कानून निमार्णमा सहजता प्रदान हुनेछ र यसको लागि हामीले यो छिटोभन्दा छिटो पास गर्नु पर्नेछ भन्ने कुरा राख्दै यहाँबाट विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको छलफल आजै समाप्त हुने भएकोले छलफलमा सहभागिता हुन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला, अब माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, गाउँसभा र नगरसभाका कानून निमार्ण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, जुन आज नेपालको संविधानले व्यवस्था गरेअनुसार नेपालको संविधानको घोषणा पश्चात जुन तीन तहको निर्वाचन सपम्पन्न पछि जुन स्प्रीटले कानून बनाउनु पर्ने हो, त्यो स्प्रीटमा आज हामी गाउँसभा तथा नगरसभाको पहिलो निर्वाचन हुँदा आज गाउँपालिका, नगरपालिकामा कानून बनाउने कुरामा निकै जटिलता देखिएको छ । त्यो छिटोभन्दा छिटो समस्यालाई समाधान गर्नका निम्ति पनि हाम्रो प्रदेश सरकारले यस विधेयकलाई अगाडि सारेको छ । यो विधेयक जुन विधान तथा प्रदेश मामिला समितिमा संशोधन प्रस्तावसहित परेको थियो र विविध विषयमा, जुन संशोधनका विषयमा विधायन समितिले छलफल गरेर त्यो प्रतिवेदन आज यस गरिमामय सदनमा ल्याएर प्रस्तुत गर्नुभयो र आज पास गर्नका निमित्त टेबुल भयो । त्यसका लागि म विधायन समितिमा छलफल गर्नुहुने सरोकारवाला जुन कानूनमन्त्रीज्यू, सरोकारवाला माननीय सदस्यज्यूहरू र सम्पूर्ण विधायन समितिका सदस्यहरूलाई म धन्यवाद दिन चाहन्छु र आज जुन कानून निमार्ण गर्दा गाउँसभा सञ्चालन गर्न, नगरसभा सञ्चालनका लागि कानून निमार्ण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले आज गाउँसभा र नगरसभामा विभिन्न कानूनहरू निमार्ण गरिसकेको अवस्था देखिरहेको छ र ती कानूनहरूलाई बाझिएको खण्डमा यस विधेयकले खारेज गर्नेछ भन्ने पनि हामलि बुझेका छौं । जुन बनि सकेका विधेयक तथा कानूनहरू छन् नबाझिएको खण्डमा यस ऐनले नै बचाउ गर्नेछ र सोत त्यो कानून कार्यान्वयन हुनेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र अर्को जुन संविधानले व्यवस्था गरेको र बनि रहेको कानूनमा प्रभावित कानून नहुने गरी भुतपूर्व कानून जुन निमार्ण भैरहेकालाई प्रभाव नगर्ने गरि, अहिलेको जुन विधेयकले त्यस्तो खालको कानून बन्नेछ र कानून निमार्ण गर्दा, कानून बनाउदा, जुन यहाँ समितिमा संशोधन परेको थियो । विभिन्न सरोकारवाला राख्ने निकायहरू सम्बन्धित पक्षलाई बोलाउन सकिने भन्ने थियो र यो कानून निमार्ण गर्दा कानूनसँग सम्बन्धित विशेषज्ञ व्यक्तिहरूलाई यहाँ समावेश गरेर जनताका आवाजहरूलाई जनस्तरमा जनपक्षिय कानून निमार्ण गर्ने कुरामा यस विधेयकले महत्वपूर्ण भूमिका खेल्ने

छ र गाउँसभा नगरसभालाई कानून बनाउदा यस विधेयकको महत्वपूर्ण भूमिका रहनेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सँगसँगै हामीले कानून निमार्ण गर्दा विधेयकहरू, ऐनहरू ल्याउँदा हाम्रो संविधानको मर्म, संविधानको भावना, संविधानको उद्देश्यलाई टेकेर नै हामीले कानून ल्याउनु पर्ने हुन्छ र पक्कै पनि त्यही संविधानको मर्मअनुसार कानून आईरहेको छ र यो कानूनलाई छिटो पास गर्नुपर्ने, जुन हाम्रो यो अहिलेको अवस्था छ र यो पास गरी सक्दा पक्कै पनि नगरसभा, गाउँसभा र जिल्लासभा सञ्चालन गर्नमा सहज हुने हामीले अपेक्षा लिएका छौं र सँगसँगै यति भन्दै मैले आफ्नो यो गाउँसभा तथा नगरसभा कानून निमार्ण प्रक्रियाका सम्वन्धमा बनेको विधेयकमाथि मैले आफ्ना सल्लाह सुझाव राख्न चाहे ।

अर्को मैले महत्वपूर्ण सार्वजानिक एउटा विषय यस रोष्टममा उठाउन चाहि रहेको छु । आज यो दोस्रो अधिवेशनको ३२ औं जुन गरिमामय सदनमा उभिरहँदा नेपालको संविधानले विभिन्न मौलिक हकहरू, विभिन्न अधिकारहरू, जुन व्यवस्था गरेको छ । आज कार्यान्वयनको पाटो हेर्दा कर्णाली प्रदेशको राजधानीमा पनि ३०-४० किलो मिटर नजिक रहेको बराहताल गाउँपालिकामा आज महिला, जुन महिला प्राकृतिक रूपले विशेषता हो । जो महिनावारी हुने बेला छाउगोठमा भएर आज सामुहिक रूपमा एक किशोरी १५ बर्षे किशोरीलाई जुन बलात्कार गरिएको छ, आज यो घटनाले सिङ्गो कर्णालीवासीका महिलाहरूलाई ठूलो एउटा एकदमै भावपूर्ण बनाएको छ । यो घटनाले आज राजधानी नजिकै छाउगोठको यस्तो विकराल अवस्था रहेछ भन्ने कुरा चाहिँ यो सदनमा आज हामी बोलि रहँदा हामीलाई कताकता आज बनिएका कानूनहरू पालना भएका छैनन् भन्ने कुराको पनि यसले पुष्टी गरेको देखिन्छ । आज महिलाहरूको जुन प्राकृतिक विशेषता जो कसैले रोकेर पनि रोक्न सकिदैन, जो कसैले छेकेर पनि छेक्न सकिदैन यस्तो गम्भीर विषय जहाँ महिलाहरूले सुरक्षित रूपमा बाँच्न पाउने अधिकारको हामी कुरा गरिरहँदा, जहाँ महिलाहरूले पाउने मौलिक हकका कुरा गरिरहँदा आज महिनावारी भएकै कारण बलात्कार हुनुपर्ने आज महिनावारी हुँदा महिला चाहिँ मारिनु पर्ने, जुन एउटा अवस्था शिर्जना भएको छ । यस कारणले गर्दा मैले यो विषयलाई गम्भीरतापूर्वक यो कर्णाली प्रदेश सरकारको माननीय मन्त्रीज्यू पनि यही हुनुहुन्छ । यो सदनमा, यो सरकारले, यो कर्णाली प्रदेशभित्र रहेका छाउगोठ हटाउने अभियानलाई सशक्त बनाउने खालको एउटा कार्यक्रम ल्याउनु पर्नेछ । त्यो कार्यक्रममा पनि हामी यस कर्णाली प्रदेशका सम्पूर्ण माननीय सदस्यहरूको ध्यान केन्द्रित हुनेछ र जहाँ आज यति नजिकै पनि छाउगोठमा महिलाहरू त्यो अवस्था देख्दा आज आम महिला, दिदि, बहिनीलाई जुन सुरक्षित नभएको महसुस हामीले गर्नु परेको यो विकराल अवस्थामा पक्कै पनि, यस कर्णाली प्रदेश सरकारले मैले गम्भीर रूपमा ध्यानाकर्षण गर्दै यो विषयलाई जोडदारका साथ जुन अपराधीहरूलाई हदैसम्मको कारबाहीको माग गर्दै पीडित जुन बालिका हुन्, जुन किशोरी हुन्, उनीलाई कुनै मनोवैज्ञानिक असर नपर्नेगरि स्वास्थ्य उपचारमा यस कर्णाली प्रदेश सरकारले ध्यान

दिनेछ भन्ने कुरा राख्दै र यो विषयलाई आसाध्यै महत्वमा साथ लिएर कर्णाली प्रदेश सरकारले गम्भीर भएर यो विषय अगाडि बढाउने छ भन्ने आशा राख्दै, मेरो भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सन्दर्भमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि माननीय सदस्यहरूले सभामा छलफल गर्दा उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिँदै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम उक्त विधेयक पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, यो गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारितको हामी अन्तिम प्रहरमा जुटिरहेका छौं । खासगरि कानून निर्माणको व्यग्र प्रतिक्षा पनि भएको थियो । यो कानूनको अभावमा गाउँसभा र नगरसभामा कानून तर्जूमाको प्रक्रिया त्यति परिपक्व हुन सकिरहेको थिएन । त्यसो हुँदाखेरी त्यो दिशामा यो गाउँसभा र नगरसभामा कानून निर्माणको प्रक्रियालाई मलाई लाग्छ, यो सम्मानित सदनले यो विधेयक पारित गरेमा एक प्रकारको सहज अवस्था पैदा हुनेछ र यो गाइडलाईनले गर्दा कानून निर्माणमा गाइडलाईनको भूमिका यसले निर्बाह गर्ने र कयौं अन्योलताहरू चिरिने छन् भन्ने विश्वास हामीले लिएका छौं । यहाँ माननीय सदस्यज्यूहरूले खासगरि माननीय धर्मराज रेग्मी, माननीय करबीर शाही, माननीय सीता नेपाली र दुई वटै विधेयकमा माननीय अम्मरबहादुर थापा पनि सहभागी हुनुहुन्थ्यो । हामीले अधिकतम संशोधनका निम्ति अपिल गरेका थियौ । मलाई लाग्दछ, समितिमा पनि हामीले छलफल सौर्हादपूर्ण वातावरणमा संवेदनशील भएर, उच्च जिम्मेवारी बोधका साथ हामीले छलफल गयौं र सम्बन्धित एक्सपोर्टहरूलाई पनि आमन्त्रित गयौं र हामी एउटा निश्कर्षमा पूगेका छौं । यहाँ खासगरि यो विधेयकको दफा ४ को उपदफा १ को (झ) मा कार्यपालिकाले निर्धारण गरेको अन्य आवश्यक विषयहरू त्यहाँ चाहिँ उल्लेख भएको छ, यसलाई चाहिँ (ञ) बनाउने, यसलाई यथावत राख्ने तर यसलाई अलि तल चाहिँ (ञ) गर्ने, (झ) मा भुतप्रभावी कानून हुन नहुने भनेर माननीय सदस्यहरूले जुन संशोधन यहाँ नेर दर्ज गर्नु भाथ्यो यसलाई हामीले स्विकार गयौं । भुतप्रभावी कानून निर्माण गर्दाखेरी तपाईको पैदा हुने जटिलताहरू यसले चाहिँ निराकरण गर्ने छ । यसलाई हामीले स्विकार गरेका छौं र अर्को खास गरी दफा ६ को उपदफा २ मा एउटा व्यवस्था थियो । त्यहाँ अलिकलि यो व्यवस्थाले हाम्रो Exporties प्राप्त गर्ने, खास गरी विज्ञता हामीले हाम्रो

कानून निर्माण गर्दा चाहिँ आवश्यक हुन्थ्यो । त्यो विज्ञता प्रासिका निम्ति यसले केही चाहिँ बाधा, केही असहज पैदा गर्ने प्रकारले यहाँ चाहिँ लिपिबद्ध भएको हामीले चाहिँ ठहर गर्यौं । यद्यपी त्यहाँ केही शब्दहरू, कानूनमा चाहिँ एउटा मात्रै शब्दले पनि टोटल चाहिँ तपाईको त्यसको स्प्रीटलाई नै तपाईंको डाइभर्ड गर्दिने हुन्छ । त्यसो हुँदाखेरी कानून निर्माणमा हामीले सुक्ष्म ढङ्गले अझ बढि समय लिएर अलि बृहत छलफल गर्न जरूरी छ । त्यसो हुँदाखेरी यहाँ व्यवस्था चाहिँ हामीले प्रस्ताव गरेको समितिमा स्थानीय तहमा उपलब्ध भएसम्म कानूनको क्षेत्रमा ज्ञान भएका व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ भनेर हामीले प्रस्ताव गरेका थियौ । यहाँ दुई वटा सेन्समा हामीले छलफल गर्यौं, एउटा स्थानीय तहमा भयो भनेपछि स्थानीय तहमा भएसम्म भन्नुको अर्थ त्यो प्रकारको एक्सपोर्टहरू छैन । त्यसो हुँदा यसले चाहिँ Local level मा सीमाबद्ध गर्दियो अर्को चाहिँ उपलब्ध भएसम्म भन्नुको अर्थ हामीले चाहिँ त्यस्तो खालको जनशक्तिको आवश्यतालाई हामीले चाहिँ स्टेज दिन सकेनौं यहाँनेर छलफल हुँदै जाँदाखेरी प्रस्ताव पनि थियो हामीले के भन्यौ भने समितिको बैठकमा कानूनमा विशेष दखखल राख्ने व्यक्ति वा विषय विज्ञ आमन्त्रण गर्न सकिने छ भनेर त्यो स्थानीय तहको सीमामा मात्रै कैद हुने भएन त्यस्को चाहिँ दायरा अल्ली फराकिलो राष्ट्रिय अन्तर्राष्ट्रिय दायरामा यो चाहिँ फैलिने भयो हामी त्यहाँ खोज्न सक्ने भयौ । अर्को कुराचाहिँ कानूनका एक्सपोर्टका कुरा मात्र होइन अन्य विषयको विज्ञहरूलाई पनि आमन्त्रण गर्न सकिनेछ भनेपछि छलफल “वादे वादे जायते तत्व बोध” हामीले भयो .यहाँ ,भन्नुको अर्थ उहाँहरूको संशोधनमा टेकेर अझ हामीले मलाई चाहिँ यसका केही आयामहरू थप गर्दै कानून लिगल एक्सपोर्टले लिगल एक्सपोर्टलाई इन्जिनियरिङ्ग ज्ञान नहुन सक्छ । मेडिकल सेक्टरको ज्ञान हुँदैन, नहुन सक्छ । सैक्षिक क्षेत्रको हाइड्रो पावरसम्बन्धी ज्ञान नहुुन सक्छ त्यसो हुँदाखेरी सम्बन्धित क्षेत्रका विज्ञहरूलाई पनि आमन्त्रण गर्न ढोका यसले खुल्ला गरिदिएको छ । र बचाउ, खारेजि र बचाउ भन्ने कुरा जहाँसम्म लोकल लेभलमा आफ्ना गतिबिधि आगाडि बढाउनका निम्ति लोकल सरकारले तपाईको ऐनहरू बनाएको छ अहिले तर ती ऐनहरू अब त्यही विज्ञताको अभावमा चाहिँ,सोचे जस्तो हुन सकिराको छैन तर उहाँहरूले जुन प्रयत्न गर्नु भएको छ । त्यो सह्रायीन नै छ । त्यसो हुँदाखेरी हामीले के भन्यौ भने बचाउ खारेजि तथा बचाउ भनेर त्यसको दफा २८मा एउटा प्रावधान हामीले चाहिँ लिपिबद्ध गर्न खोज्यौ प्रस्ताव गर्यौं । संशोधनमा भनेपछि हालसम्म गाउँसभा र नगरसभाले बनाएका कानून यस ऐनसँग नबाझिएको हदसम्म यसै ऐन अन्तर्गत निर्माण भएको सरह मानिने छ भनेर हामीले त्यसको ओनरसिप पनि लियौं । त्यसो भएको हुँदा यो प्रोभिजन चाहिँ हामीले यहाँ नेर चाहिँ प्रस्ताव गरेमा छौं र अन्त्यमा माननीय सभामुखज्यू, गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि प्रदेशसभामा छलफल भैसकेकोले विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुने

गरी कर्णाली प्रदेशसभा नियमावली, २०७४को नियम १२१बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव पेश गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** मनानीय सदस्यहरू, अब म प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नुभएको गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सम्बधमा व्यवस्धा गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिले संशोधन गर्ने निर्णय गरी सभामा पेश गरेको प्रतिवेदनका विषय विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भनी प्रस्ताव निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रियाका सन्दर्भमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि विधायन तथा प्रदेश मामिला समितिको निर्णयअनुसार प्रस्तुत भएको संशोधन प्रस्ताव विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल श्रावण ११ गते शुक्रबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३३
(२०७५ श्रावण ११ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३३ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायको ध्यानार्कषण गराउनु पर्ने विषयहरूमा आफ्नो भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छ ।

सर्वप्रथम माननीय श्री दीनवन्धु श्रेष्ठ, समय ७ मिनेट ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, यही श्रावण ३ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यस प्रदेशका मुख्यमन्त्रीज्यू र आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको रोहवरमा हस्पिटल जस्तो सम्बेदनशील क्षेत्रमा बन्दुकधारी सुरक्षाकर्मी प्रवेश गरी आतंक शिर्जना गरेको र सो क्रममा प्रहरीको लाठी चार्जबाट चिकित्सक ५/६ जना, स्टाफ नर्स १०/१२ जना र त्यहाँ अध्यनरत विद्यार्थी ३०/३५ जना सक्त घाइते भएको छन् सभामुख महोदय । सो क्रममा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान तोडफोड भएको छ, त्यहाँ धेरै क्षति भएको छ, सभामुख महोदय । हस्पिटल जस्तो सम्बेदनशील क्षेत्रमा यस प्रदेशका मुख्यमन्त्रीज्यू र आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूहरू त्यहाँ जानुभन्दा पहिला मलाई लाग्दछ उहाँहरू १५औं पटक अनसन रत डाक्टर गोविन्द केसी लाई काठमाडौं लैजानको लागि हो, जस्तो लाग्दछ । यदि त्यसै सिलसिलामा उहाँहरू जुम्ला जिल्लाको कर्णाली स्वास्थ्य प्रतिष्ठान जानु भएको हो भने उहाँहरूले त्यहाँका पदाधिकारीहरूसँग एउटा समन्वय गरेर शान्ति पूर्ण ढङ्गले वार्ता गरेर उहाँलाई काठमाण्डौ लिने वातावरण बनाउन पर्दथ्यो तर त्यसो नभएर दुर्भाग्यबस उहाँहरू जस्तो एउटा जिम्मेवारी कर्णाली प्रदेशका मुख्य मन्त्री र मन्त्रीज्यूहरूको उपस्थितिमा त्यहाँ सुरक्षा निकायहरूले हस्पिटल जस्तो सम्वेदनशील क्षेत्रमा टियरग्यांस, लाठी चार्ज गरेको, हामीलाई सुन्न आएको छ गोली पनि चल्यो र त्यहाँ आतङ्कित भएर बिरामीहरूका कुरुवाहरू भागाभाग भए, यसले जुम्लीवासीहरू पनि आतंकित भएको वातावरण छ । सभामुख महोदय, उहाँहरू जस्तो जिम्मेवार व्यक्तिको अगाडि उहाँहरूको उपस्थितिमा र हामीलाई सुन्न आएको छ, उहाँहरूको निर्देशनमा यो घटना घटेको हो । यो उहाँहरू जस्तो कर्णाली प्रदेशको जिम्मेवारी सरकारका, जिम्मेवारी मन्त्रीहरूको रोहवरमा यो हुनुहुन्थ्यो कि हुनुहुन्थेन, यसले कर्णालीवासीमा कर्णाली प्रदेशको सरकार प्रति के धारणा बन्छ । सभामुख महोदय, यो गम्भीर कुरा छ । त्यहाँ घटेको घटना प्रति नेपाली कांग्रेस गम्भीर भएको छ र यो घटनालाई गम्भीर रूपमा लिएको छ । माननीय सभामुख महोदय, अर्को कुरा म के भन्न चाहन्छु भने गोविन्द केसीलाई आमरण अनसनबाट उठाएर लैजानको लागि बन्दुकधारी प्रहरीहरूको त्यहाँ जसरी एउटा आंतककारीलाई

छापामार शैलीमा प्रक्राउ गर्ने शैलीमा त्यो कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रवेश गराइयो, त्यहाँ धेरै कुराहरूको क्षति भयो । मैले अघि राखि सके त्यो वातावरण शिर्जना कसले गर्यो, त्यो ठाउँमा त्यो वातावरण शिर्जना हुने वातावरणको लागि यसको जिम्मेवारको, त्यसैले मलाई लाग्दछ, यो त्यहाँ मुख्यमन्त्री र आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको उपस्थितिमा भएका यी कुराहरूमा तत्काल दोषिमाथि कारबाही र त्यहाँ घटेको घटना प्रति अब त्यो घटना हस्पिटल जस्तो सम्वेदनशील क्षेत्रमा पुनः नघटने प्रतिबद्धताका साथ आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले यो गरिमामय प्रदेश संसदलाई जानकारी गरउन म माननीय सभामुखज्यूमार्फत् ध्यानाकर्षण गराउँछु र अर्को कुरो ढिलै भए पनि संघीय सरकामरले डाक्टर केसीले १५ औं पटक जुम्लाको स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आमरण अनसन सुरू गर्नु भएको र हिजो मात्र २७ औं दिनमा आमरण अनसनको २७ औं दिनमा संघीय सरकारले माथेमा आयोग प्रतिवेदन र विगतको नेपाली कांग्रेसको सरकारले सम्झौता गरेको डाक्टर केसीसँग त्यहीबमोजिम माथेमा आयोगबमोजिमकै केही विधेयकमा संशोधन गरेर, ल्याएर, पास गर्ने एउटा सम्झौता भयो यो स्वागत योग्य छ र अर्को कुरो माननीय सभामुख महोदय, यो डाक्टर गोविन्द केसीको अनसनले हामी गरिब जनता र कर्णाली प्रदेशका पछि परेका जनातालाई सुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच हुने भन्ने हामीले र नेपाली कांग्रेसले विश्वास लिएको छ । यो अहिले डाक्टर गोवीन्द केसीसँग सम्झौता भएको माथेमा आयोगले पेश गरेको प्रतिवेदनअनुसार तत्कालै सरकारले विधेयकको रूपमा ल्याइ पास गरेर कार्यान्वयन गर्ने छ भन्ने हामीले विश्वार लिएका छौं, कांग्रेसले पूर्ण विश्वार लिएको छ भन्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुख महोदय, मैले कर्णाली प्रदेश सरकारको ध्यानाकर्षणको लागि हाम्रो जाजरकोट जिल्ला १ नम्बर क्षेत्र भेरी करिडोर अन्तर्गत पर्ने बाटो विकराल रूपमा भत्किएको हुँदा सातौं दिन, दशौं दिनसम्म बाटोमा सवार यात्रुहरूले दुःख पाईरहको अवस्था र राष्ट्रीय गौरवको रूपमा भेरी करिडोर भै रहँदा नजिकमा चौरजहारी सडक डिभिजन हुँदा त्यो त्यस प्रतिको ध्यानआकृष्ट नभएको जस्तो लाग्यो र कर्णाली प्रदेश सरकारले केन्द्र सरकारलाई ध्यानाकर्षण गराएर तत्काल JCB मेसिन जिल्ला प्रहरीको मातहतमा राखेर, उद्धार कार्यका लागि त्यहाँ त्यस्तो व्यवस्था गर्दा राम्रो हुन्छ भन्ने जनताको जनगुनासो छ र यो बीचमा धेरै ठाउँमा बाढी आएर, धैरै ठाउँमा पहिरो गएर रोड अवरूद्ध भएर दर्जनौ घरहरू त्यहाँ चाहिँ पुरिएका छन् र बालीनाली जग्गाहरू नोक्सान भएका छन् । अहिले गर्न सकिने त केही होइन, मानवीय क्षति नहुन दिनका लागि त्यहाँ बाटो तुरून्तै आज चाहिँने २ घण्टा, ४ घण्टा वर्षा भयो भने पहिरोले पुरिन्छ र त्यो सफा गर्नका लागि सडक विभाग चौरजहारीको त्यो JCB मेसिनको व्यवस्था हुनुपर्छ । त्यसो भयो भने त्यो तल नगरपालिकाका उद्योग वाणिज्य संघ, सबै

निकायहरू हामी चाहिँ सचेत छौं भन्ने हिजो बिहान ८:०० बजे उद्योग वाणीज्य संघले बैठक बसेर आएको छ । त्यहाँ त्यस्तो छ, बाटो २ वर्ष अगाडि विश्व बैङ्कले पिच गरेको हो भर्खरै छिया छिया भएको छ । त्यो कन्ट्रोल गर्ने सडक विभाग अब राष्ट्रिय गौरवको रूपमा भेरी कर्णाली करिडोर भैसकेपछि त्यतातिर केन्द्र सरकारले ध्यानआकृष्ट गराउन म सभामुखज्यूमार्फत् प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु ।

अर्को कुरा यो वैशाख १७ गते बारेकोट गाउँपलीकालगायतका गाउँहरूमा यो असिना पानीले भिषण क्षति भयो, खेतबाली नोक्सान भयो, गर्यो र अहिले त्यहाँ भोकमरी सुरू हुन थालेको छ र यो केन्द्र सरकार, प्रदेश सरकारले राहत दिने भनेर हामीले अनुगमनको फाइल पनि बुझाएका छौं । त्यसको हिसाब किताब केही आएन, यो भोलि चाहिँने मतलब भोकमरी भए, च्याउ खाएर मरे भने यसको जवाफ प्रदेश सरकारबाट जनतालाई दिनु पर्नेछ र च्याउ खान सुरू गरी सकेका  छन्, भोकमरी त्यहाँ भएको छ, यो मैले ध्यानाकर्षण गराए । पैसा हालेर किनेर खाने मतलब खाद्यको व्यवस्था गरिदिनु पर्यो, निःशुल्क भन्या छैन है, पैसाले हालेर खान पाउनु पर्छ यो चाहिँने मतलब खाद्यान्न खान पाउनु Human Right हो । यो संविधानमा व्यवस्था गरेको छ र पैसा हालेर पनि खान पाउने व्यवस्था नगरिदिने, गरिदिनु पर्योभन्दा पनि नहुने र भोलि च्याउ खाएर मर्यो भने यसको जवाफ धेरै महङ्गो हुन्छ र यसको जवाफ हामीले पनि दिनुपर्ला आफ्नो ठाउँबाट, त्यो क्षेत्रको निर्वाचित प्रतिनिधि भएको नाताले यसको व्यवस्था गरियोस् भनी म सभामुखमार्फत् सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दानसिंह परियार ।

**माननीय श्री दानसिंह परियारः-** माननीय सभामुख महोदय, विशेष गरेर आज मैले विशेष समयमा आफ्ना कुराहरू राख्न गइरहेको छु । सर्वप्रथम त मुगु जिल्लामा अहिले पछिल्लो चरणमा भएको भिषण वर्षाको कारणले गर्दा मुख्य गरेर रारा विमानस्थल ताल्चामा भएको विमानस्थलमा जति जम्मा भएको पानी छ, त्यो पानीको कुनै निकास नभएर, त्यसको एक तिर बाट मात्रै टोटल त्यो  एअरपोंट भरिको पानी लगभग ४/५ सय मिटरको एअरपोर्टको पानी सम्पूर्ण त्यो सबै तल गएर सम्पूर्ण तलको बस्तीहरूमा क्षति पुर्याइरहेको छ र मलाई लाग्छ, यो यदि पानीको निकास गरिएन भने तलपट्टिका करीब ३/४ ओटा गाउँ र धेरै बस्तीहरू जोखिममा रहने र खेती योग्य जमिनहरू पूर्ण रूपमा क्षति हुनेवाला छ भन्ने मैले हिजो मात्र सूचना प्राप्त गरेको छु । त्यो भएकोले यसको निम्ति निकास प्रदेश सरकारले गर्ने हो या त्यो केन्द्र सरकारले गर्ने हो, यदि त्यो पानीको निकास गर्न सकिएन भने त्यसले दुरगामी रूपमा ताल्चा विमास्थल मात्र हाईन कि राराताल भविश्यमा यसको क्षति बढ्न गएमा चाहिँ रारा तालको पुरै पानी फुटेर तपाईको रारातालको सौन्दर्यतामाथि पनि प्रश्न चिह्न खडा हुने भएकोले यसमा सबैमा प्रदेश सरकारको ध्यान जाओस् भन्ने कुरा म राख्न चाहन्छु ।

अर्को कुरा र अहिले पछिल्लो यो भिषण वर्षाकै कारणले गर्दा कर्णाली राजमार्ग त्यसमा पनि बिशेष गरेर नाग्मा गमगढी खण्ड धेरै ठाउँमा अहिले मान्छेहरू गाडीका यात्रा गरिरहेका छन् । मैले हिजो मात्र सुने एकजनाको परिवारहरू यहाँ बाट गएको १० दिनमा हामी घर पुग्यौं भन्ने सुन्यौ । मैले बाटोमा ६/७ ठाउँमा गाडी चेन्ज गर्दै हैरान र ठाउँ ठाउँमा पहिरो गएर बाटो अवरूद्ध भएको छ । मैले हिजो पनि कुरा राखेको थिएँ, राराको पर्यटन प्रवर्धन गर्नको निम्ति नाग्मा गमगढी बाटोको चाहिँ स्तरउन्नती यसै वर्ष गर्नुपर्छ भन्ने कुरा राखेको छु ।मलाई लाग्छ, कर्णाली राजमार्ग अहिलेसम्म कयौं पत्रपत्रिकाले पनि कर्णाली राजमार्ग एउटा मृत्यु मार्गको रूपमा चाहिँ बुझेका छन् र अहिले संघीयताको हामी अभ्यास गरिरहँदा २/३ वटा जिल्ला विशेष गरेर दैलेख, कालीकोट, जुम्ला र मुगु ४ ओटा जिल्लासँग जोडिएको एउटा गौरवको बाटो चाहिँ कर्णाली राजमार्ग, त्यसमा पनि विशेष गरेर नाग्मा गमगढी खण्ड जहिले पनि हिलाम्य भएर जनताले सास्ती भोगि रहेका छन् भन्ने लाग्छ । यही आर्थिक वर्षभित्र नाग्मा गमगढी बाटो पिच भएर आगामी वर्षमा तपाईंको चाहिँ सिङ्गो यो ३/४ ओटा जिल्लाका चाहिँ जनसमुदायहरूले चाहिँ शास्ती भोग्नु नपरोस्, त्यस्का लागि प्रदेश सरकारले यो वर्षकै तपाईको बजेटबाट विशेषगरि नाग्मा गमगढी बाटो पिचका लागि चाहिँ विशेष पहल गरोस् भन्ने भनाइ राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री देवी ओली ।

**माननीय श्री देवी वलीः-** माननीय सभामुसख महोदय, सर्वप्रथम म यो राप्ती राजमार्गमा पर्ने झुलनेटामा बाटो अवरूद्ध भएको छ । त्यहाँ जमिन खस्किएर प्रत्येक दिन त्यहाँ गाडीहरू पास हुन धेरै समस्या छ, यसमा ध्यानाकर्षण गर्न चाहन्छु । त्यस्तै राप्ती लोकमार्गकै जलेखर्क भन्ने २ ठाउँमा गाउँमा लैजाने साना रोडहरूको माटो बगेर अवरूद्ध भएको छ । त्यहाँ त्यस कारण बिहान छुटेका गाडीहरू साझ ५/६ बजेसम्म पनि अवरूद्ध भएको अवस्था रहेको छ । यो अवस्थाको सुधारको निम्ति प्रदेश सरकारको ध्यान जानु राम्रो हुन्छ, जस्तो मलाई लाग्छ ।

अर्को भोकमरीको समस्या हुने ठाउँहरू जहाँ छन्, त्यहाँ हामीले खाद्य उपलब्ध गराउने कुरा त गरी रहेका छौं । यसमा खाद्य गुणस्तरको पनि परीक्षण गरियोस् भन्ने म चाहन्छु र जस्तो पायो त्यतै गुणस्तर हिन खाद्य आपुर्ति गराएर फेरि झाडापखालाको अर्को समस्या आउन नपाओस् किनभने रूकुममै त्यहाँबाट लिएको खाद्यको चामल चाहिँ गुणस्तर हिन भएको कारणले आठविसकोट नगरपालिकाको प्रमुख र जिल्ला समन्वय सीमितको कार्यालय प्रमुख आफैले बोरामा चामल बोकेर संघीय सरकारको सम्बन्धित मन्त्रालयमा पुर्याउनु भएको छ । त्यस कारण यो बाहिर नयाँ बोरा राखेभित्र चामल चाहिँ खान नमिल्ने खालको चामलहरू त्यहाँ आपुर्ति गराइएको छ । यसमा पनि अब प्रत्येक जिल्लामा बाल मन्दिरहरू छन् र अहिले बाल मन्दिरहरूको अवस्था स्थिति हुने हो,

उनीहरूले हाम्रो अवस्था के हुने हो भनेर प्रश्न गरिरहेको अवस्था छ । त्यसको बारेमा हामी प्रदेशसभा सदस्यहरूले जानकारी पाउन पर्छ जस्तो मलाई लागिरहेको छ ।

अर्को कुरा महिला विकास कार्यालय अहिले नहुँदाखेरी विशेष गरेर त्यसको असर कहाँ परेको छ भने अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्यक्ष असर पुगेको छ । उहाँहरू प्रत्येक महिनाको पहिलो हप्तामा आफ्नो परिचयपत्र नवीकरण गराउने र नयाँ लिने जुन त्यो कार्यालय हो । त्यो नहुँदाखेरी अहिले उहाँहरू अन्यौलतामा हुनुहुन्छ । यस्तो अवस्थामा त्यो सम्पर्क गर्ने कार्यालय अथवा कहाँ प्रदेश सरकारले आफ्ना संयन्त्रहरू स्थापना गर्ने अवस्था मा यो पनि पहिले यो आजको यो बैठक सुरू हुनभन्दा पहिले जानकारी हुन पर्थ्यो जस्तो लाग्छ । आज नभए पनि अब चल्ने बैठकमा यसको बारेमा प्रदेशसभालाई जानकारी दिनुपर्छ, अनि मात्र हामीले जनतालाई सरकारको आफ्नो भूमिकाको बारेमा केही भन्न सक्छौं भन्ने लागि रहेको छ ।

अर्को यो आकस्मिक कोष जुन हाम्रो मुख्यमन्त्रीको कार्यालयमा सम्बन्धित मलाई लाग्छ, त्यहाँ बिरामीहरूले निवेदन दिइरहेको मैलेदेखि रहेको छु । हामीलाई त्यो परिचालनको कार्यविधि बनेको छ कि छैन, परिचालन भएको छ कि छैन, अहिलेसम्म जेष्ठ, वैशाखको असिनाले जुन खालको क्षति भयो, त्यो पनि राहत नपाई रहेको अवस्था हामीले यहाँ बोली रहँदाखेरी त्यो आकस्मिक कोष कहिलेका लागि हो, केका लागि हो, यो वर्षाको समयमा जुन खालको समस्याहरू आएका छन्, यो समस्या सामाधानको निम्ति अथवा जो बिरामी बेडमा सुतिरहेका छन्, उनले त्यो आवश्यकता परेको बेला नपाउने आकस्मिक कोष कहिले पाउने हो, यसको बारेमा पनि जानकारी हुनुपर्छ । सबै कुराहरूमा कानूनभन्दा भन्दै धेरै कुरा यहाँ बिति सकेको जस्तो मैले अनुभूति गरेको छु । सभामुख महोदय, मैले एउटा सानो यो कहिले काँहि कानून पनि मिचेर काम गर्नुपर्छ सम्बन्धित निकायहरूले गर्न सक्नु पर्छ । त्यो आँट गर्न पर्छ किन भने आवश्यक छ । मान्छे मर्न दिनेकी कानूनलाई पर्खिएर हामी बसि रहने, यो कुरा मैले के भन्न चाहन्छु भने अमेरिकाको एउटा पानी जहाजको क्याप्टेनले जुन कानूनी रूपमा त्यसले त्यहाँ जहाज अवतरण गराउन पाँइदैनथ्यो त्यहाँ मान्छेहरू मर्ने अवस्था हुरी आईरहेको अवस्थामा कहाँ त्यहाँ लगेर मानिसहरू बचायो भने पछि उसले मुद्दा त जित्यो नै, मान्छेको ज्यान बचाउनको निम्ति कानूनले बञ्चित गरेको ठाउँमा लगेर जहाज अवतरण गराउनेसम्मको हामीले त्यस्ता कुराहरू जानीजानी पनि अहिले हामीसँग स्रोत हुँदाहुँदै पनि मान्छेहरू भोकले मर्ने, बाढी पहिरोले मर्ने, क्षति भएको क्षतिपुर्ति नपाउने अवस्था छ । यसको तुरून्तै जानकारी हुनुपर्छ भन्ने कुरा राख्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले प्रदेशसभा बैठक मा ध्यानाकर्षण गराउनु भएका विषयहरूमा सम्बन्धित मन्त्रालयको ध्यानाकर्षणका लागि रूलिङ्ग गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीलाई कर्णाली प्रदेशसभा सचिवालय व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न समय दिन्छु

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, माननीय सभामुज्यूको अनुमतिले नेपालको संविधानको धारा १९५ मा प्रदेशसभाको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्नको लागि एक सचिवालय रहने व्यवस्था भएबमोजिम प्रदेशसभाको काम कारबाहीमा शीघ्रता प्रदान गरी पारदर्शीता कायम गर्नका एंव चुस्त दुरूस्त बनाइ कार्यप्रणालीमा प्रभावकारिता ल्याउन वाञ्छनीय भएकोले कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेशसभा नियमावली २०७४ को नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको अवस्थाअनुसार कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई कर्णाली प्रदेश सहकारी विधेयक, २०७४ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीः-** माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले नेपालको संविधानमा व्यवस्था भएअनुसार देश संघीय व्यवस्थामा प्रवेश गरिसकेको र तीनै तहको सरकारको स्थापना भैसकेको परिप्रेक्षमा सहकारी संस्थाहरूलाई पनि तीन वटै तहको क्षेत्राधिकारभित्र समावेश गरिने कार्यक्षेत्रलाई प्रमुख आधार बनाइएको सन्दर्भमा प्रदेशको क्षेत्राधिकारभित्र पर्ने सम्पूर्ण सहकारी संस्थाहरूको दर्ता नियमन समेतका कार्य सम्पादन गर्न सहकारी संस्थाहरूको दर्ता नियमनसहितको कार्य सम्पादन गर्न  आवश्यक रहेकाले कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५बमोजिम सभा नियमावली सभासमक्ष टेवल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभाको दोस्रो अधिवेशनको बैठकबाट पारित भएका विभिन्न विधेयकहरू माननीय प्रदेश प्रमुखज्यू बाट विभिन्न मितिमा प्रमाणीकरण भै आएको विधेयकहरूका विषयहरूका विषयमा अवगत गराउँछु ।

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मिति २०७५ असार २४ गते प्रमाणीकरण भै आएको, आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५, कर्णाली प्रदेशमा कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा बनेको विधेयक, २०७५ कर्णाली प्रदेश वित्तीय

हस्तान्तरण व्यवस्थापन विधेयक, २०७५ कर्णाली प्रदेश ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक, २०७५ क्रमशः यी माथिका सबै विधेयकहरू मिति २०७५ असार २५ गते प्रमाणीकरण भै आएको गाउँसभा र नगरसभाका कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, मिती २०७५ श्रावण ४ गते प्रमाणीकरण भइ आएको, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ मिति २०७५ श्रावण ९ गते प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भइ जानकारी हुन आएकोले प्रदेशसभा नियमावली, २०७४ को नियम १२५ को उपनियम ३बमोजिम प्रदेशसभासमक्ष माननीय सदस्यहरूलाई जनकारी गराउँछु ।

अब यो बैठक २०७५ साल श्रावण १५ गते मंगलबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३४

(२०७५ श्रावण १५ गते मङ्गलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३४ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेशसभाको दोस्रो अधिवेशनको ३३ औं बैठकमा माननीय सदस्यहरूले प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउने क्रममा उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा सम्बन्धित मन्त्रीहरूको जवाफको लागि समयको व्यवस्था गरेको छु । सर्वप्रथम आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, यो जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको घटनाको विषयमा माननीय सदस्यज्यूले केही जिज्ञासा प्रकट गर्नु भएको थियो । वास्तवमा यो कयौं परिघटनाहरू संयोग जस्ता पनि हुँदा रहेछन् । मैले जति बेला पहिलो पटक ऐतिहासिक संविधान सभाको सदस्यको रूपमा जनताको अभिभारा सम्पादन गर्ने एउटा भूमिका प्राप्त गरेको थिएँ । पहिलो संविधानसभामा त्यतिबेला साविकको कर्णाली अञ्चल जहाँ १ जना पनि एम.बि.बि.एस. डाक्टर बस्दैन्थे । म सांसद भएर संविधान सभाको सदस्य भएर हस्पिसटल जाँदै गर्दा मैले एउटा दृश्य देखें, जुन दृश्य निकै कारुणिक थियो । आधुनिक समाजलाई सिङ्गो मानव जातिलाई च्यालेन्ज गर्न त्यो एउटा दृश्य थियो, जुन दृश्य एकजना नागरिकको मृत्युको दृश्य थियो । मृतकको वरिपरि थुप्रै मान्छेहरू जम्मा भएका थिए, आफन्तहरू आकाश तिर एकोहोरो हेरिरहेका थिए, मानौ आजकै दिन जस्तै थियो, पानी परिरहेको थियो, मतलब झरि परिरहेको थियो कि डाक्टर कति बेला आउछन् र मृतक आफन्तको पोष्टमार्टम गर्छन भनेर उनीहरू एकोहोरो आकाशतिर एकटकले नियालेर हेरिरहेको अवस्था थियो । त्यो सब सडेर दुर्गन्धित भएको थियो मैले भेट्दै गर्दाखेरी त्यो दृश्यले मलाई स्तब्ध बनायो । यस्तै एउटा अर्को दृश्य थियो त्यो निकै कारूणिक थियो, दृश्य हृदय विदारक थियो, त्यो जहजमा एकजना आमाको मृत्यु एउटा अबोध बालक जस्तो मैले टुलुटुलु हेर्नु परेको थियो । जतिबेला म जनप्रतिनीनिधिको रूपमा संविधान सभामा मलाई पठाइएको थियो । अनि मैले सोचे विकल्प खोज्नु पर्छ, यसको एक जना पोस्टमार्टमका निम्ति डाक्टर बोलाउने, त्यो विगतलाई अन्त्य गर्दिन जरूरी छ । मैले निष्कर्षमा पुगेर कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक त्यतिबेला सांसदका हैसियतले गैर-सरकारी विधेयकका रूपमा मैले पार्लियामेन्टमा दर्ता गराएको सम्भबत नेपालको इतिहासमा १ जना सांसदले दर्ता गरेको विधेयकलाई सरकारको मतलब अभिरूची लिएर पास गरेको पहिलो विधेयक हो । अहिले नी त्यसपछि अरू विधेयकहरू बनेका छैनन् । नेपालको इतिहसमा त्यो पहिलो विधेयक थियो । त्यतिबेला

मैले कठघरामा जवाफ दिएको थिएँ । थुप्रै मान्छेहरूलाई जसले एकजना डाक्टर नबस्ने ठाउँमा मेडिकल डिन बिश्व विद्यालयको परिकल्पना गर्दाखेरी मलाई पागल भनेका थिए । थुप्रै मान्छेहरू मलाई यथास्थिति वादी नजरले ममा पागलपन देखेको थियो । मलाई त्यो स्टेपलाई तर म थुप्रै मान्छेहरू जोगाउन चाहान्थे । अकाल मृत्युका दृश्यहरूलाई पटक-पटक शृङ्खलाहरूमा जोड्ने एउटा विगतको म अन्त्य गर्न चाहान्थे र मैले अहोरात्र प्रयत्न गरे, म सँग साथीहरूले साथ पनि दिनुभयो, जुन माननीय सदस्यले आवाज उठाउनु भयो उहाँले पनि साथ दिनुभएको । त्यो प्रतिष्ठान निर्माणका निम्ति हामी सबैको अतुलनीय योगदान छ । त्यो प्रतिष्ठान निर्माणका निम्ति, समय क्रममा प्रतिष्ठान हुर्किदै गयो, जसरी जन्मेको थियो, प्रतिष्ठान जन्मिनु पूर्व यो विकराल भएर जन्मिन्छ, जन्मि हाल्यो भने पहिलो कुरा गर्भ मै तुहिन्छ । जन्मि हालेछ भने एकदमै विकराल भएर बाँचि रहन्छ, जीवनभर प्रतिष्ठान भनेर थुप्रै भबिष्यवाणी गरेका थिए, मान्छेहरूले, राजनीतिज्ञहरूले अथवा समाजको अलिकति गन्ने मान्ने भन्ने मान्छेहरूले त्यसो भएको हुनाले हामी स्ट्रगल गर्दैगयौं एक प्रकारले हामीलाई प्यास थियो, त्यो विकासको समृद्धिको प्यास थियो, त्यति बेला हामीलाई वास्तमा त्यो Work हली भैसकेका थियौं, हामी अहोरात्र खट्यौं, तीन सय वेडको हस्पिटल बन्यो MBBS सुरू गर्नेका लागि थियो । अहिले तपाईले हेर्नुभयो भने मध्यपश्चिमको साविकको मध्यपश्चिमको सबैभन्दा अत्याधुनिक र ठूलो अस्पताल कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान हो, जो सहजै मान्छेले जुम्लामा बनेको छ भनेर पत्याउदैनन् । त्यो प्रतिष्ठान बन्यो हामी स्ट्रगल गर्दै गयौं, आशावादी बन्दै गयौ र अहिले ६ अर्बको दोस्रो चरणको शैक्षिक कार्यक्रम संचालन गर्नका निम्ति स्वास्थ्य हुँदै Planning Coming Combination लाई Approve गरेर मैले अर्थ मन्त्रालय मा पुगेको छु । दोस्रो चरणको कार्यक्रम त्यो एउटा साइन भयो भने त्यो ६ अर्बको Approve हुन्छ र मेडिकल खासगरि MBBS र MD सुरू गर्नका लागि ढोका खुल्ला हुन्छ, हामी यो प्रक्रियामा छौं । अहिले हामी चाहिँ अब समय क्रममा डाक्टर के.सि. ले आन्दोलन गर्नुभयो । कर्णाली स्वास्थ्य विज्ञानको एउटा एजेण्डा लिएर अगाडि बढ्नुभयो, अन्य एजेण्डा पनि थिए उहाँको, उहाँ जुम्लामा अनसनरत हुनुहुन्थ्यो र सरकारले कभर्ड हलमा उहाँको स्थिति नाजुक भै सकेपछि, उहाँले जसरी कभर्ड हलमा अनसन सुरू गर्नुभएको थियो, डाक्टर के.सी.ले कभर्डहलमा अनसन सुरू गरिसकेपछि जिल्ला प्रशासन कार्यालय जुम्लाबाट उहाँको जीवन रक्षाको लागि एउटा चिकित्सकको टोली खटाई उपचारमा कुनै कसर बाँकी नराख्न स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एउटा पत्र पठाइयो । त्यसै अनुरूप कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान डाक्टर प्रविण गिरिको नेतृत्वमा ३ सदस्य टोली पठायो तर उक्त टोलीले १८ गते बेलुकीदेखि उक्त स्थानमा रहि डाक्टर के.सी.को उपचार गर्न नसक्ने भनी फिर्ता भयो त्यो टोली फिर्ता भैसकेपछि १८ गते देखिनै जिल्ला स्वास्थ्य कार्यालयका स्वास्थ्य प्राविधिकहरूबाट निजको स्वास्थ्य उपचार भएको र निज डाक्टर के.सी.ले २०७५/३/२१ मा आफूलाई अफ्ठ्यारो महसुस भएको भनेपछि एम्बुलेन्स मगाई

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको इमरजेन्सी वार्डमा भर्ना गरियो । त्यसै दिनदेखि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले उहाँलाई छुट्टै कोठामा राखी उपचार गर्दै आयो निजको समर्थनमा दैनिक रूपमा जुम्लामा निषेधित क्षेत्र बाहिर र्याली जुलुसहरू प्रदशन भैरहे । सुरक्षाकर्मीको सावधानीको कारण कुनै अप्रिय घटना घट्न पाएन । जिल्लाको शान्ति सुरक्षाको स्थिति सामान्य नै रहयो । मिति २०७५/०४/०२ गते डाक्टर केसीको उपचारमा संलग्न डाक्टरहरूको टोलीले अन्यत्रै लैजान रिफर गर्यो, जो प्रेस विज्ञप्ती यहाँहरूले चाहिँ सार्वजनिक पनि भै सकेको छ, यहाँहरूले सायद हेर्नुभयो होला । माननीय सदस्यज्यूहरूले त्यो अन्यत्र लैजान चाहिँ २ गते रिफर गर्यो, ३ गते बिहान काठमाडौंबाट हेलिकप्टरसहितको टोली उहाँलाई लैजानको लागि सुविधा सम्पन्न स्थानमा उपचारका लागि चाहिँ लिनेकुरा जब कि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अअग नभएको र कुनै पनि बेला डाक्टर केसीको स्थिति जटिल हुन सक्दछ भनेर डाक्टरहरूको टोली यद्यपी त्यहाँ मतलब विशेषज्ञ डाक्टर २५ जनाभन्दा बढि पनि हुनुहुन्छ, त्यहाँ टोटल डाक्टर संख्या ३५ जना छ । यति हुँदाहुँदै पनि मतलब सकिंदैन भनेपछि मतलब एउटा टोली चाहिँ पुग्यो जहाँचाहिँ कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री, हामी स्वयम त्यसपछि नेपाल सरकारको वार्ता टोलीको संयोजक र सदस्य त्यो स्थानमा पुगिसकेपछि अस्पतालमा भएको पदाधिकारी चिकित्सक, नर्स, विद्यार्थीलगायतले चिकित्सक र सुरक्षाकर्मीलाईभित्र छिर्न नदिइ गेट बन्द गरी बसेको अवस्था थियो र डाक्टर केसीलाई लान दिँदैनौ भनेर नाराबाजी, त्यो खासगरि व्यक्तिगत रूपमा मेरो विरूद्ध र मुख्यमन्त्रीको विरूद्ध पनि Personal नाराबाजी पनि गरियो मुर्दावादका नारा यस्तै प्रकारका नाराहरू थिए । अब उहाँलाई हामी बाहिर भेट्न जाँदाखेरी बन्द गरियो कि मलाई के फिल भयो भने जसको लागि अहोरात्र डटेर निर्माण गरेको छ । मतलब उनीहरूलाई सरकारको कर्णाली सरकारको प्रमुखलाई भेट्न नदिनु भनेको निकै गम्भीर षडयन्त्र छ भन्ने हामीलाई महसुस गर्यौं र महसुस गरिसकेपछि हामी उपकुलपति र त्यहाँको डाइरेक्टर, सिडिओ, डिएसपी र हामी चाहिँ त्यहाँबाट ब्याक भएर हामीले कुनै पनि त्यस्तो खालको मतलब आदेश केही पनि गरेनौ । त्यति बेला हामी ब्याक भएर फर्कि सकेपछि छलफल चल्यो, हामीले उहाँहरूलाई चाहिँ अनुरोध गर्यौं कि हामी भेट्न आएका छौं र उहाँको जीवन रक्षाको लागि हामी चाहिँ एकदमै गम्भीर छौं । लिन आएका छौं भनेर हामीले चाहिँ भन्यौं तर त्यो मानिएन डाक्टर केसीसँग हामीलाई पुग्न दिइएन । त्योभन्दा अगाडि अन्य जनप्रतिनिधिहरूलाई भेटघाटको एउटा वातावरण बनाएको थियो, भेटिसक्नु भएको थियो, हामी बाहेक अब हामी त्यस पछाडि त्यो स्थिति असहज परिस्थिति शिर्जना भै सकेपछि फर्केर प्रतिष्ठानबाट बाहिर आयौं, जहाँचाहिँ टायरहरू बाल्ने, बाटो ब्लक भाथ्यो, त्यो छिचोल्दै हामी अगाडि बढ्यौं, बढिसकेपछि अब त्यहाँ चाहिँ स्थिति अलिकति तनावग्रस्त भयो, दाहोरो मुटभेड अवस्था चाहिँ हस्पिटलमा शिर्जना भयो । भैसकेपछि अब दोहोरो भिडन्तका क्रममा सुरक्षाकर्मीले सम्झाई, बुझाइ

गर्दाखेरी पनि नमान्ने खालको एउटा परिस्थिति भैसकेपछि अब त्यहाँ चाहिँ विद्यार्थी मात्रै थिएनन्, बाहिरका चाहिँ तपाईंको राजनीतिक दलसँग आबद्ध कार्यकर्ताहरू पनि चाहिँ अस्पतालभित्र प्रवेश गरेको अवस्था थियो र त्यहाँ त्यो विरूद्ध विद्यार्थी र कर्मचारीको मात्र कुरा थिएन । त्यसो हुँदाखेरी स्थिति उत्तेजक भयो र त्यहाँ चाहिँ स्थिति के थियो भनेमाथि चाहिँ गोविन्द केसीसम्म पुग्ने एउटा फ्लोर, त्यो तेस्रो तलामा गोबिन्द केसीलाई राखिएको थियो । त्योभन्दा अगाडिनै त्यो ग्रिल भएको ढोका च्यानल गेट भएको एउटा ढोका, त्यो ढोकामा ताला लगाएर चाहिँ राखिएको अवस्था चाहिँ थियो र माथिल्लो २ तलाबाट तपाईको मतलब सुरक्षाकर्मीमाथि चाहिँ मतलब कुर्चीहरू अस्पतालका अन्य सबै साधन स्रोतलाई हतियारका रूपमा आक्रमण गर्ने खालको स्थिति बन्यो र त्यहाँ दोहोरो भिडन्तको चाहिँ अवस्था शिर्जना भयो र त्यो टोलीले चाहिँ फायर एक्टिनविसर बाट चाहिँ ग्याँस टोली सुरक्षाकर्मीलाई पनि त्यो चाहिँ ग्याँस हानेको स्थिति चाहिँ थियो । त्यहाँ चाहिँ त्यो कन्ट्रोल नगरेको भए मलाई लाग्छ प्रतिष्ठान पुरै जल्ने चाहिँ स्थिति थियो, मतलब हामी सबैको एउटा संयोगवस हामी सबै अहिले चाहिँ त्यो प्रतिष्ठान नजलेको एउटा स्थिति, त्यो परिणाम, हामी अहिले चाहिँ देखिरहेका छौं । अब यसपछि एसपि चाहिँ सर्वेन्द्रसिंह राठौरको हात चाहिँ भाचिएको अवस्था थियो, प्रहरी जवान कमल आचार्यमाथि सिसा र किला आक्रमणका कारण निजको मुटुमा नै प्वाल परेको छ । त्यही हस्पिटलमा नै प्रारम्भिक उपचार अप्रेशन गरेपछि त्यस पछाडि हेलिकप्टरमा चाहिँ मतलब टिचिङ हस्पिटल चाहिँ पुर्याइयो  र ५ जना सुरक्षाकर्मी घाइते भएको अवस्था हो । त्यहाँ चाहिँ त्यसपछि डाक्टर केसी अब उहाँले पत्रकार सम्मेलन गरेर स्वइच्छाले काठमाण्डौ जान उहाँ तयार भएको स्थिति जो यहाँ सबैलाई अवगत भै सकेको अवस्था छ । अब सोहि अस्पतालभित्र र बाहिर नारा जुलुस गर्ने टायर बाल्ने हर्कतहरू जारी भए तर डाक्टर केसीलाई हेलीकप्टरसम्म पुर्याउन पुनः सिडिओको नेतृत्वमा बैठक बसि स्थितिलाई सामान्य बनाउन पर्यत्न गर्दा समेत स्थिति सामान्य भएन पुनःमाइकिङ्ग गरी सबैलाई शान्त गराउन आग्रह गरियो र अनावश्यक हर्कत दोहोर्याउदै गइसकेपछि एम्वुलेन्सबाट अब हेलीकप्टरको हेलिप्याडसम्म पुर्याउने क्रममा आन्दोलनकारीका तर्फबाट प्रहार भएका ढुङ्गा, लाठी, इट्टा, सिसालगायतका सामाग्रीहरूबाट ५ वटा गाडी र स्वयम डाक्टर केसी चढेको एम्वुलेन्सको सिसाहरू फुटेको र सोको जवाफी कारबाही स्वरूप प्रहरीले लाठी चार्ज गरेको, मुटुमा चोट लागि सिकिस्त प्रहरी जवानलाई ४:३० मा अस्पताल बाहिर लान रिफर गरेपछि, गृह मन्त्रालयको समन्वयमा ७:०० बजे मनाङ एयरको हेलिकप्टर हुम्लाबाट जुम्ला मगाई, नेपालगंञ्जतर्फ उपचारका लागि पठाइयो । भोलिपल्ट उहाँलाई प्रहरी जवानलाई चाहिँ टिचिङ अस्पताल चाहिँ पुर्याइयो, घटनाक्रम यही नै हो । यसमा कुनै अब हाम्रो रिर्पोटमा यथार्थ घटना पनि यही हो, स्थिति यही हो र त्यही रूपमा बुझिदिनका लागि माननीय सदस्यज्यूहरूलाई त्यहीअनुसारको बोध गरिदिनु हुनेछ । अब हस्पिटलमा घटना घट्न हुँदैनथ्यो अधिकतम संयमता अपनाउदा अपनाउदै

पनि त्यो दुर्भाग्यपूर्ण घटना घट्यो, जुन संस्थामा म आफैलाई एउटा मैले अघिनै भने संयोग त्यस्तो बन्दियो, जुन संस्था जन्माउनका लागि कठघरामा उभिएको थिएँ म, आज त्यही संस्थामाथिको प्रश्न उठ्दाखेरी म यो कठघरामा उभिएको छु । यहाँहरूलाई म के अनुरोध गर्न चाहन्छु भने मतलब जन्मदातालाई एउटा आमालाई आफ्नो सन्तानसँग भेट्न नदिने कुरा पनि सामान्य कुरा होइन, जसलाई जन्माउनका निम्ति आमाले, धाई आमाहरूले जति प्रसुति वेदना आमाले सहनु पर्छ, धाईआमाहरूले दुःख कष्ट गर्नुपर्छ र जिम्मेवार निकायलाई पनि सरकारको प्रमुख, प्रदेश सरकारको र त्यसपछाडि चाहिँ वार्ता टोलीको संयोजक, जो हामी सम्मानका लागि, डाक्टर केसीको सम्मानको लागि गएका थियौं, भेट्न नदिनु भनेको निकै दुर्भाग्य पूर्ण परिघटना हो । मलाई लाग्छ, प्रहरी र आन्दोलनकारी बीचको भिडन्त एउटा हो, यसले अहिले तपाईको सहज रूपमा अहिले त सहजीकरण भएको छ तर दुईवटा पक्षका बीचमा भिडन्त हुने स्थिति थियो भन्नुको अर्थ एउटा साम्प्रदायिक र पोलिटिकल रूप लिने खतरा पनि थियो । त्यहाँ नेकपाको कार्यकर्ता र कांग्रेसको कार्यकर्ताको बीचमा हामीलाई भित्र प्रवेश गर्न दिनुपर्छ, प्रतिष्ठानभित्र पनि र दिन हुँदैन भन्ने बीचको भिडन्तको स्थिति पनि थियो, बन्न सक्थ्यो तर त्यो दुर्घटना चाहिँ टर्यो र हामीले संयमता अपनायौं भन्दै म आफ्नो जवाफलाई यही बिट मार्ने अनुमति चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसरकार र प्रदेश सरकारमार्फत् सरोकारवालाको निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयहरूमा आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री अमृता शाही ।

**माननीय श्री अमृता शाहीः-** माननीय सभामुख महोदय, संघीय सरकार र प्रदेश सरकारसमक्ष कञ्चनपुरको भिमदत्त नगरपालिका ५/६/७ दिन जति भै सक्यो एउटा बालिकालाई बलात्कार गरी मारेर उखु बारीमा फालेको संघीय सरकार पनि अपराधिलाई खोजबिन गरेको छैन र उल्टै अभिभावकले नारा जुलुस गरेर हाम्रो बच्चालाई मार्ने अपराधीलाई पत्ता लगाउँ भन्दा खेरी पुलिसले उल्टै पिटेका हुन् । किनकी अहिले जताततै ६५ वर्षको बुढाले ५/६ वर्ष कि बालिका समेतलाई मार्नलाई अगाडि बढिरहेका छन् । सभामुख महोदय, के हो यो नेपालमा कानून नभएको जस्तो हुन लाग्यो । किनकी दिन प्रतिदिन महिला, बालबालिकाहरू एकदम यस्तो घटनामा कडा कानून नभएको भएर होला सायद, यो घटना दिन प्रतिदिन बढ्दै छ । सभामुख महोदय, एउटा यो कुरा भयो अर्को महङ्गि जति ओटा सरकार आउछन्, त्यति महङ्गि बढ्दै छ, जनताहरूको ढाड सेकिदै छ, दिन प्रतिदिन महङ्गि छुइ खानु केही पनि छैन । सभामुख महोदय मार्फत् संघीय सरकार र प्रदेश सरकारले यसमा ध्यान दिनुपर्छ भन्न चाहन्छु ।

यो अर्कोकुरा यो वर्षामा बाढी आएर विभिन्न ठाउँमा बाढी पीडित पहिलाको २०७२ को बाढी पीडित बाढी पिडितैमा सीमित छन् । फेरि दोस्रो मैले बाढी पीडितहरू अरू विभिन्न

ठाउँमा बाढीपहिरो गएर जनधन जनताहरू एकदमै बिचल्ली भएका छन् र त्यसको सरकारले हेर्दै गर्नुपर्छ समिति पनि बनाएको छ भन्ने सुनेको छु । त्यो समितिको काम कारबाही कहिलेदेखि सुरू हुन्छ त्यसमा प्रष्ट पार्नुहोला भन्न चाहन्छु । चैतको महिना असिना र पानीले हाम्रो भेरीगंगा नगरपालिकाको १३ र ११ मा गहुँ बगायो भनेर मन्त्रीज्यूहरू यहाँबाट कोको गएर त्यहाँ निरिक्षण पनि गर्नुभयो, यहिलेसम्म त्यहाँको जनताहरूले राहत पाएको छैनन् । कहिले पाउने ६/७ महिना हुन लागि सक्यो, यहिलेसम्म पाएका छैनन् । त्यसको लागि तुरून्तै व्यवस्था गरियोस् भन्न चाहन्छु । त्यो बाढी पीडितको सदस्यज्यू बनि सक्नुभएको रहेछ, समिति गठन भैसकेको रहेछ, त्यसमा छिटोभन्दा छिटो सदस्यज्यूलाई काम प्रारम्भ गर्न अनुरोध गर्दै मेरो भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कौशिलावती खत्री ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, म आज यो सदनमा र कर्णाली प्रदेश सरकारलाई अत्यन्तै हृदय विदारक घटनाको सम्बन्धमा ध्यानाकर्षण र जानकारी गराउन चाहन्छु । जाजरकोटको जुनिचाँदे ३ को भक्तबहादुर बुढाको घरमा साउन २ गते रातिको अविरल वर्षाले पहिरोले बगाएर सुतेकै अवस्थामा उनको श्रीमती ललिता बुढा र नातिनी सृजना बुढाको मृत्यु भएको छ र घरमालिक भक्तबहादुर बुढा घाइते भएको र उनका २ नाति नातिना पनि घाइते भएर जाजरकोट जिल्ला अस्पतालमा अझैसम्म पनि उपचार गराइरहेको स्थिति छ । उनको घरवासको निम्ति प्रदेश सरकारले उचित रकमको व्यवस्था गर्दिन म कर्णाली सरकारलाई सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु र उपचारको निम्ति अहिलेसम्म १५/१६ दिनसम्म जाजरकोट हस्पिटलमा उनीहरूको उपचार गराइरहेका छन्, के कारणले उनीहरूको उपचार नपुगेर हो कि, या त त्यहाँ औषधी नपुगेर होकि या त के भएर हो, थप उपचारको लागि पहल गरिदिन म सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र अर्को यो सदनलाई छलफल हुने विधेयकको समबन्धमा यो सदनलाई एकदिन अगावै जानकारी दिनको लागि सभामुखले सचिवालयलाई कर्णाली प्रदेश सचिवालयलाई निर्देशन दिनको लागि अनुरोध गर्दछु ।

अर्को कुरा सुर्खेतको पञ्चपुरी मा ४५ वर्षको पुरुषले ५ वर्षिय बालिकामाथि बलात्कार गर्ने दुस्साहस गरेको छ । यसलाई यथाशीघ्र रूपमा खोजेर अनुसन्धान गरिन्छ भन्ने मात्र होइन यथाशीघ्र रूपमा खोजेर कडाभन्दा कडा कारबाही गर्न माग गर्छु र यसरी हामीले कारबाही गरेनौ भने हाम्रा छोरी चेलीहरू घरभित्र र घर बाहिर असुरक्षित हुने र हामी कर्णाली प्रदेशको सरकार भएको र स्थानीय तहको सरकार भएको र केन्द्रीय सरकार भएको उनीहरूलाई प्रत्याभुति हुनेछैन । उनीहरूलाई नामको मात्रै सरकार भएको र महिलामाथि र बालिकामाथि विभत्स बलात्कारका घटना र हत्याका घटनाहरू बढ्नेछन्

। यथाशीघ्र रूपमा यो बलात्कार गर्ने प्रयास गर्ने त्यो पुरुषलाई कडाभन्दा कडा कारबाही गरियोस् भन्ने माग राख्दछु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४को परिच्छेद १५ को नियम १०६मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा १९५मा प्रदेशसभाको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहने व्यवस्था भएबमोजिम प्रदेशसभाको काम कारबाहीमा शीघ्रता प्रदान गरी पारदर्शीता कायम गर्न एंव चुस्तदुरूस्त बनाइ कार्य प्रणालीमा प्रभावकारिता ल्याउन वाञ्छनिय भएकाले प्रदेशसभा नियमावली, २०७४को परिच्छेद १५ को नियम १०६बमोजिम कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफछ गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छ ।

सर्वप्रथम माननीय श्री गुलावजँग शाह ।

**माननीय श्री गुलावजँग शाहः-** माननीय सभामुख महोदय, म कर्णाली प्रदेशसभाका सचिवालय सचिव नियुक्तिसम्बन्धी बनेको विधेयकमा सैद्धान्तिक छलफलमा भाग लिन उभिएको छु । माननीय सभामुख महोदय, हामीले अहिलेसम्म कर्णाली प्रदेशसभालाई संसदीय सचिवालयलाई जसरी व्यवस्थित गर्दै यहाँसम्म आइ पुगेका छौं, यसलाई अझै ढङ्गले व्यवस्थापन गर्नको निम्ति विधेयक पेश गरेर जसरी सचिवालयले अगाडि बढ्ने जुन प्रक्रिया प्रारम्भ गरेको छ, ढिलै भएपनि माननीय मन्त्रीज्यूले विधेयक पेश गरेर प्रशंसनीय काम गर्नुभएको छ । यसपछि यो विधेयक पेश भैसकेपछि संसदका गतिविधिहरू, संसदका प्रक्रियाहरू अझै व्यवस्थित ढङ्गले संचालन हुनेछ भन्ने कुरा हामीले अनुभूति गर्न सक्छौं । यद्यपी यो विधेयकमा माननीय मन्त्रीज्यूले अत्यन्त धैरै मेहेनत गरेर आफ्नो वौद्धिकता यसमा प्रस्तुत गर्नुभएको कुरा हामीलाई सर्वविदितै छ । तथापि यसमा केही कुराहरू थोरै मात्रै केही कुरा टिप्णीको रूपमा राख्न चाहन्छु । यसमा खास गरी सरसर्ती हेर्दा ठिकै जस्तो अनुभूति मैले यहाँ गरेको छु, यद्यपी हामीले यो संसद सचिवालयको सचिव को नियुक्तिसम्बन्धी थोरै मात्र केही कुरा टिप्पणीको रूपमा राख्न चाहन्छु । यद्यपी हामीले संसदीय अभ्यासमा, संसदको गतिविधि सञ्चालन गर्ने प्रक्रियामा जुन खालको ब्यक्तिलाई हामीले जिम्मेवारी पूर्ण ढङ्गले नियुक्ति गर्दा त्यस्ता व्यक्तिको बारेमा पूर्वत हामी

स्पष्ट भएर हामीले कानून बनायौं भने पछि मलाई लाग्छ भोलिका कतिपय कुराहरू विवादित रूपमा नआउन सक्छन् । त्यसैले सरसर्ति हेर्दा सबै कुरा ठिकै भएपनि थोरै मात्रै कुरा स्पष्ट ढङ्गले लेखिनु पर्थ्यो जस्तो लाग्यो मलाई, योग्यता, अनुभव र ज्ञान, योग्यता सामान्यतया सचिवको योग्यतासम्बन्धी पदाअवधिसम्बन्धी र त्यसको उन्नतिसम्बन्धी मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर भन्ने शव्दावली लेखिएको छ । म सुझावको रूपमा राख्न चाहन्छु, सम्भवतः डिग्रिको प्रकिया भनेको स्नातकोत्तर भनेपछि अन्तिम हो, अरू बाँकी फिलोसोपी हो । यो कम्तीमा नलेखेर स्नातकोत्तर मात्रै लेख्दा ठीक हुन्छ कि भन्ने मेरो बुझाइ छ । कम्तीमा भन्ने शब्द हटाउदा राम्रो होला कि भन्ने मेरो ठम्मयाई छ । किनकी डिग्रि भनेको त्योभन्दा माथि डिग्रि नै छैन त्योभन्दा माथि चाहिँ अर्कै विषयवस्तु हो । कम्तीमा हटाएर स्नातकोत्तर उपाधि हासिल गरेको भनेर स्पष्ट ढङ्गले लेखौं । वास्तवमा अनुभव जहाँसम्म १० वर्ष अनुभव भनिएको छ, अनुभव प्राप्त गरेको मास्टर डिग्रि स्नातकोत्तर गरेर १० वर्ष अनुभव गरेको हो वा त्यसलाई चाहिँ स्पष्ट भाषामा स्पष्ट शब्दमा लेखियो भनेपछि यो मेरो विचारमा यो विधेयक अझ यसले पूर्णता पाउछ कि भन्ने मेरो ठम्याइ छ । उमेर यसमा लेखिएको रहेन्छ । मलाई लाग्छ सामान्यतया राष्ट्रिय सभामा जाने ३५ वर्ष पुगेको प्रदेशसभामा उठ्न २४ वर्ष उमेर पुगेको सामान्यतया मान्छे ३५ वर्षमा लोकसेवाको म्याद, लोकसेवा दिने अहिले त ४० बनाएको छ । ४० र ३५ को बीचमा एउटा उमेर तोकिनु पर्छ जस्तो लाग्छ मलाई यो मास्टर डिग्रि गरेको १० वर्ष अनुभव प्राप्त गरेको सामान्यतया मान्छेले १५ वर्षमा SLC गर्छ, १७ वर्षमा तपाईको सर्टिफिकेट गर्छ । २१ वर्षमा त्यसले तपाईको चाहिँ ग्र्याजुएसन गर्दछ । २ वर्ष लगाएर तपाईको १० वर्ष अनुभव गर्दा पनि ३५ वर्ष नाघेको सामान्यतया हामीले लेख्यौं भने त्यो अलि प्राटिकली हुन्थ्यो कि जस्तो लाग्यो र स्नातकोत्तर गरेको ३५ वर्ष पुगेको स्पष्ट ढङ्गले लेखियो भने पछि प्रतिष्पर्धि हुन आउने मान्छेलाई पनि यो इनरजेटिक मान्छेलाई नै भयो सामान्यतया मान्छेले ४०भन्दा अलिकति मान्छेले ४० लागेको भनेर अलिकति आखा पनि धमिलो हुने भएकाले ३५ वर्ष उमेर राख्दा राम्रो होला भन्ने सुझावको रूपमा राख्न चाहन्छु ।

दोस्रो कुरा यसमा चाहिँ श्रेणीको कुरा गरिएको रहेछ । पारिश्रमिकको कोलममा चाहिँ सचिवको पारिश्रमिक प्रदेश सरकारको सचिवले पाए सरह हुनेछ भनिएको रहेछ, प्रदेशको सचिवको चाहिँ एउटा तह छ । यसमा चाहिँ श्रेणी पनि लेखिदिदा राम्रो हुन्छ । प्रदेश सचिव चाहिँ एउटा तहको हुनुहुन्छ । यहाँको मुख्य सचिव चाहिँ कुन तहको हुनुहुन्छ हामी सबैलाई जानकारी छ त्यसमा श्रेणीको कोलम, यो तह विशिष्ट वा फस्ट क्लास वा सचिव सरह वा अझ त्योभन्दा माथिको त्यो ढङ्गले यसमा श्रेणी पनि खुलाएर आइदिएको खण्डमा अझै यो पूर्ण हुनेछ भन्ने ढङ्गले म सुझावको रूपमा राख्न चाहन्छु । जहाँसम्म ढिलै भएपनि संसद सचिवालयलाई व्यवस्थित गर्ने ढङ्गले विधेयक ल्याएर हामीले यसलाई

अझै पूर्णता दिन प्रयत्नरत छौं यसको लागि म धन्यवाद व्यक्त गर्दै आफ्नो भनाइ यही व्यक्त गर्न चाहन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल आजै सकिने भएकोले बोल्न चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको दाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । अब माननीय सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलमा उपस्थित भएको छौं । सर्वप्रथम आन्तरिक मामिला मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । किनभने कर्णाली प्रदेशको प्रदेश व्यवस्थापिकालाई व्यवस्थित गर्नको निम्ति यो अत्यन्त आपश्यक विधेयक थियो र यो आवश्यक विधेयकलाई महसुस गरेर ल्याउनु भएको छ । सविधानको धारा १९५अनुसार प्रदेशसभाले सभामुखज्यूको सिफारिसमा प्रदेश प्रमुखले सभामुखज्यूको सिफारिसमा प्रदेशसभाको सचिव नियुक्त गर्न सक्ने कुरा सचिवालय गठन गर्न सक्ने र त्यसको काम कर्तव्य र अधिकारको विषयमा त्यो व्यवस्था गरेको छ र त्यो व्यवस्था अनुसारै यो आएको छ । आज हामी सैद्धान्तिक छलफलमा छौं । राज्यका तीन वटा अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका नेपालको सन्दर्भमा पनि शक्तिपृथकीकरणको सिद्धान्तअनुसार र शक्ति शन्तुलनको सिद्धान्तअनुसार अगाडि बढने गर्छ । त्योअनुसार व्यवस्थापिकालाई व्यवस्थित गर्नका निम्ति व्यवस्थापिकाभित्र सचिव नियुक्त गर्ने कुरा र सचिवालय बनाउनु पर्ने, त्यो आवश्यकताको महसुस भएको छ र यसमा जुन विधेयकको रूपमा आएको छ । मैले विधेयकको नाम जो आएको छ त्यो नाम मै अलिकति मलाई राख्न मन लाग्यो, हामीले मुख्य गरेर सचिव र सचिवालय सचिवको पारिश्रमिक सेवा सुविधाका कुराहरू यो विधेयकमा प्राथामिकताका साथ आउछ । त्यसले गर्दा यो विधेयकको नाम कर्णाली प्रदेशसभा सचिवको पारिश्रमिक सेवा सुविधा र सचिवालयसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक भनेर ल्याउँदाखेरी त्यसले प्रष्ट रूपमा अर्थ दिन्छ, त्यसले गर्दा यो विषय चाहिँ मलाई लागेको कुरा यहाँ राखेको छु । त्यसै गरेर सचिवको योग्यताको कुरा, उमेरको कुरा, पूर्ववक्ता माननीयज्यूले पनि राख्नु भएको छ र मैले पनि यो विषयमा कुरा राख्दै गर्दाखेरी नेपालको मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हाँसिल गरेको भन्ने कुरा त्यहाँ कम्तीमा पनि भनेको कुरा लेखिएको छ । त्यो कम्तीमा भन्दा खेरी स्नातक भए पनि हुन्छ भन्ने अर्थ लाग्छ, त्यसले गर्दा स्नातकोत्तर नै हुनुपर्छ । त्यति मात्र होइन, मलाई त कस्तो लागेको छ भने हामीले यो व्यवस्थापिका संसदलाई प्रभावकारी बनाउनको लागि स्नातकोत्तरमा पनि कुन विषय हो, त्यो विषयलाई पनि प्राथमिकता छुट्यानु पर्छ । स्नातकोत्तरमा पनि कानून अनिवार्य आवश्यकताको कुरा हो, प्रशासन आवश्यकको कुरा हो, त्यसै गरी व्यवस्थापन राजनीति सात्र संघीय संसदको कुरा गर्दाखेरी संघीय संसदमा पनि सचिवहरू हुनुहुन्छ ।

उहाँहरूको योग्यताको कुरा गर्दाखेरी स्नातकोत्तर पनि ती विषयहरू छुट्याइएको छ । त्यसैले गर्दा प्रदेशलाई पनि व्यवस्थित गर्नका निम्ति विषयहरू पनि छुटाएर आउदाखेरी राम्रो हुन्छ । क्यापेवल एउटा सचिव यो प्रदेशको व्यवस्थापिकाले पाउन सक्छ । त्यसले गर्दाखेरी यो विषयलाई चाहिँ हामीले ल्याउनु पर्छ भन्ने म राख्न चाहन्छु । श्रेणीका कुरा पनि उठेको छ, मैले सुरूमै पनि भने कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका फरक पाटो हो । त्यसले गर्दा हामीले ऐन बनाउदै छौं, कानून बनाउदै छौं, कानून बनाउदै गर्दाखेरी त्यस्ता विषयहरू राख्न उपर्युक्त हुन्छ कि हुँदैनभन्दाखेरी उपर्युक्त हुँदैन जस्तो लाग्छ । मुख्यसचिव सो सरह भनेर यसरी ऐनमा व्यवस्था गर्नभन्दा पनि कम्तीमा विशिष्ट श्रेणीको भनेर नै उल्लेख गरेर आउदाखेरी राम्रो हुन्छ र पारिश्रमिकको कुरा गर्दाखेरी पनि प्रदेश सरकारको मुख्यसचिव बराबर भनेर आएको छ, त्यो होइन, यो विधेयकमा त्यो कुरा आउनु पर्थ्यो अनुसूचीको व्यवस्था गरेर कति हो त पारिश्रमिक विशिष्ट श्रेणीको पारिश्रमिक कति हो, त्यो त संघीय कानूनमा पनि व्यवस्था गरिएको छ । त्यसले गर्दा त्योअनुसार अनुसूची मै उल्लेख गरेर पारिश्रमिक कति दिने, सेवा सुविधा कति दिने, सेवा सुविधामा कति दिने, होइन, कुनकुन सुविधा दिने आवाशको सुविधा दिने कि नदिने, होइन, यी कुराहरू पनि आउनु पर्दछ जस्तो लाग्छ । यसमा आवासको सुविधा नभएको जस्तो मैले अनुभूति गरेको छु, सरसर्ती पढ्दाखेरी र अब दैनिक भ्रमण भत्ताका कुराहरू छन्, भ्रमणभत्ताका कुराहरूमा पनि अनुसूची बनाएर, यो कुरालाई चाहिँ उल्लेख गरेर ल्याइयो भने कानून हेर्दाखेरी कानूनले प्रष्ट बोल्छ, हैन कानूनले प्रष्ट रूपमा बोल्ने गरी कानून हामीले निर्माण गर्नुपर्ने आवश्यकता हुन्छ । यसले गर्दा यी कुराहरूलाई चाहिँ हामीले ल्याउन जरूरी छ, त्यसको निम्ति हामी आज त सैद्धान्तिक छलफलमा छौं । सैद्धान्तिक छलफल पश्चात हामी यसलाई संशोधनको प्रक्रियामा पनि हामी जान्छौ । त्यो संशोधनको प्रक्रियामा कतिपय ऐनलाई चाहिँ व्यवस्था गर्नका निम्ति, सुस्पष्ट गर्नेका निम्ति पनि आवश्यक कुराहरूलाई संशोधनको प्रक्रियाबाट, यो संशोधन हुने नै छ भन्ने कुरामा विश्वास पनि म व्यक्त गर्न चाहन्छु र त्यसको निम्ति हाम्रो माननीयहरूकातर्फबाट हामीले संशोधनको व्यवस्थाको समयमा हामी संशोधनको प्रक्रियामा अगाडि बढ्ने नै छौं भन्ने कुराहरू राख्दै कर्णाली प्रदेशको व्यवस्थापिका संसदलाई प्रभावकारी बनाउन लागि जुन कानूनको रूपमा यो विधेयक यहाँ आएको छ र यो यसका निम्ति फेरि पनि कर्णाली प्रदेशका आन्तरिक मामिला मन्त्रीज्यूलाई धन्यवाद दिदैं आफ्ना भनाइहरू यही राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज हामी प्रदेश सचिवको व्यवस्था गर्न बनेको विधेयकमा छलफल गर्दैछौं । अब अरू सबै यस्ता विधेयकहरू नियमसंगत र सेवा सुविधाका कुराहरू स्वभाविक रूपले आउने गर्दछन् । यसमा अरू टिप्पणी गर्नुपर्ने केही छैन तर टिप्पणी गर्नुपर्ने कुराहरू सचिवको योग्यताको विषय छ,

यसमा भनिएको छ, मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हाँसिल गरी सोसँग सम्बन्धित क्षेत्रमा कम्तीमा १० वर्ष अनुभव प्राप्त गरेको वास्तवमा हामीले यो प्रदेशको शक्तिपृथीकरण सिद्धान्तका आधारमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापालिका तीन वटै कुराको एउटा प्रमुख नियुक्ति गर्ने विधेयक हामीले पास गर्दैछौं र त्यस्तो सचिव नियुक्ति गर्दा हामीले कस्तो योग्यता राख्ने, राख्नु पर्दछ भन्ने कुरा अहिलेसम्म यसमा किटानी भएर आएको छैन । स्नातकोत्तर १० वर्ष अनुभव के हो, १० वर्ष अनुभव भनेको १० वर्षसम्म स्नातकोत्तर पास गरी सकेर १० वर्ष पछि उसले पाउने हो कि, त्यो सचिव भनेको व्यवस्थापिका संसदको प्रशासकको रूपमा प्रशासनिक काम गर्ने प्रशासकको रूपमा हामी नियूक्ति गर्दैछौं । जो व्यवस्थापिका संसद प्रदेशको व्यवस्थापिका संसदलाई व्यवस्थित गरेर अगाडि बढाउने र ती सबै कामको प्रशासनिक भूमिका निर्वाह गर्ने एउटा व्यक्ति हामी नियुक्ति गर्ने व्यवस्था गर्दैछौं भने योग्यता कम्तीमा होइन जो अघि हाम्रो गुलावजिले भन्नुभयो ठ्याक्कै यति पास गरेको भनेर तोकिनै पर्यो तर १० वर्ष अनुभव भनेको के अनुभव गरेको मास्टर भएर अनुभव गरेको कि कुनै NGO र INGO मा काम गरेर अनुभव गरेको हो कि के हो, प्रशासक भै काम गरेको प्रशासनिक विषयमा दक्षता प्राप्त गरेको हामीले त्यस्तो मान्छेको खोजि गर्न जरूरी छ । हामीले सजिलै रूपमा आफ्नो राजनीतिक रूपले नै नियुक्ति गर्यौं भने पनि त्यस्तो राजनीतिकरूपले नियुक्ति त हुने सचिवमा त्यो किसिमको दक्षता प्राप्त गरेको मान्छे चाहिँ हुनुपर्यो, तब व्यवस्थापिका संसदलाई व्यवस्थित गरेर लैजान सकिने सम्भावना रहन्छ । स्नातकोत्तर पास गरेको छ, आफ्नै मान्छे हो, आफ्नै हुनत पाटीको छैन भन्ने छैन, यहाँ कुनै पाटीको सदस्य नलिएको भन्नेछ, पाटीको सदस्य नलिएको नेपाली पाँइदैन मलाई त त्यस्तो लाग्दैन, साधारण सदस्यता नलिएको सभामुखको राजिनामा गर्नुपर्नेछ भन्ने जस्तै हो भने मलाई भन्नु केही छैन् । सभामुखज्यू पनि यहाँभन्दा अगाडि कुनै पाटीको हुनुहुन्थ्यो, सभामुखको जिम्मेवारी आइसकेपछि यो व्यवस्था गरेअनुसार त्यस्तो आग्रह पुर्वाग्रही हुनुहुँदैन, सभामुख भनेर नै त्यो जिम्मेवारी रहने मान्छे कुनै पाटीमा रहन हुँदैन भनेको हो । त्यसैले यो सचिव पनि यस्तै हो भने थाहा छैन, राजनीतिक नियूक्ति गर्दा यो राजनीतिक नियुक्ति हो, राजनीतिक रूपमा आउने कुरा होला तर पनि यो त नमिल्ला तर यो १० वर्ष अनुभव भन्ने जो विषय छ, यो विषयमा विज्ञता प्राप्त गर्ने मान्छे हामीले प्राप्त गर्यौं भने हामी व्यवस्थित देखिन्छ । त्यसो भएको हुनाले योग्यताको हकमा १० वर्ष अनुभव कुन कुन विषयमा गरेको चाहिँने हो, त्यो किटानी गर्नुपर्यो, त्यो किटानीका साथ यो विधेयकमा आउनुपर्यो र अर्को कुरा उमेरको कुरा छ, उमेर यसले लेख्दै लेखेन, उमेर कम्तीमा पनि अलि छिप्पिएको मान्छे चाहियो नि अहिले कमसेकम अघि भने जस्तै स्नातकोत्तर पास गरेर १० वर्ष भन्ने भयो भने त अब त्यो ३५ वर्ष ठिकै होला नत्र युवा अवस्थाक्रस गरेको, ४० वर्ष उमेर पुगेको मान्छे अनुभवि हुनसक्छ भन्ने महसुस गरेर उमेरको हद हरेक कुरामा उमेरको हद हुन्छ । जस्तै प्रतिनिधि सभाको सांसद हुनलाई

२५ वर्ष पुग्नु पर्ने, राष्ट्रिय सभामा ३५ वर्ष पुग्नु पर्ने भन्ने यी हरेक योदेखि अथवा कुनै लोकसेवामा पास गर्दा पनि यो उमेरदेखि यो उमेरसम्म हुने भन्ने किटानै हुन्छ तर यसमा किटान भएन, उमेरमा कुरै लेखिएन, यो त चाहिँने २२ वर्षमा स्नातकोत्तर गरेको रहेछ भने त्यो पनि पड्काइ दिने भयो । त्यसैले त्यसकारणले अनुभवि मानिने हामीले यत्ति कुरा बुझ्नुपर्छ शक्तिपृथकीकरणको सिद्धान्तलाई ख्याल गरेर यस्तो चिजलाई हामीले अगाडि बढाउनुपर्छ । कानूनमा स्नातक गरेको हो कि अथवा कस्तो चाहिँने त्यो विषयमा यसमा प्रष्ट उल्लेख गर्नुपर्छ । तलब सुबिधाको कुरा त अब यो हामीले अगि भनी सक्यौ । शक्तिपृथकीकरणको सिद्धान्तका कार्यकारी कार्यपालिकाको मुख्यसचिव, व्यवस्थापिकाको सचिव र न्यायापालिकाको न्यायाधिश यो विषयमा त्यो हामीले भन्नै पर्ने कुरा हैन । त्यसैले यौ तीन वटै तहका प्रमुख प्रशासक बनाउदाखेरी यसलाई ध्यानपूर्वक तरिकाले अगाडि बढ्नु पर्छ भन्ने छ । त्यसैले अब यो ठिकै छ, अब यो तलब कति खाने सबै यहाँ तोकिएको छ । सबै सेवा सुविधाका कुराहरू विधेयकमा आएकै छन् तर यो ३/४ वटा कुरादेखि लिएर सबै कुराहरूलाई ध्यान गरेर यो विधेयक पेश होस् र छलफलमा जाओस् अनि मात्र हाम्रो प्रदेशको व्यवस्थापिका संसद राम्रोसँग सुचारू भएर अगाडि बढ्छ भन्ने हामी सबैले ध्यान पुर्याउँ, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभा सचिवालयको सचिवको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सैद्धान्तिक छलफलमा उपस्थित भएको छु । यो अवसरका लागि माननीय सभामुख प्रति हार्दिक आभारी छु । धेरै विषयहरू सैद्धान्तिक छलफलमा साथीहरूबाट आइसकेको छ, माननीय सदस्यज्यूहरूबाट आइसकेको छ । मोटामोटी रूपमा प्रदेशसभा सचिवालय सम्बन्धमा यसले दुई वटा कुराको व्यवस्था गरेको छ, एउटा त यसले सभामुखको अध्यक्षमा एउटा समितिको गठन गरेको छ । यसले काम चाहिँ संसदलाई प्रभावकारी कसरी बनाउने भन्ने विषयसँग सम्बन्धित छ । यसले केवल सचिवको व्यवस्था गर्ने मात्रै यो विधेयक आएको होइन, म सबैभन्दा पहिले सौद्धान्तिक छलफलमा भाग लिदा के कुराको आग्रह गर्न चाहन्छु भने यो विधेयक चाहिँ सचिवको व्यवस्था गर्न मात्रै यो विधेयक आएको होइन, यो विधेयक चाहिँ संसदलाई कसरी प्रभावकारी बनाउने, व्यवस्थित बनाउने भन्ने विषयमा सभामुखको अध्ययक्षमा समिति छ । यसको दुईवटा पाटो छ, एउटा सभामुखको अध्यक्षतामा एउटा समिति हुन्छ । त्यो समितिले चाहिँ रेखदेखलगायतका विषयहरू Management Commite खालको एउटा Commite र अर्को चाहिँ सचिवको चाहिँ पारिश्रमिक सेवा, सुविधा निर्धारण गर्ने विषयको लामो यसमा छलफलको विषय छैन । माननीयज्यूहरूले राखुभएको योग्यताको विषयमा चाहिँ समर्थन छ, क्याटागोरी क्लियर आउनुपर्छ, योग्यता कति हो र उमेर कति हो भन्ने विषयमा प्राक्टिकली फरक-फरक उपदफाहरूमा आउनुपर्छ । यसमा केही नमिलेको विषय चाहिँ मिलाउन पर्ला, दफा ८

मा जाँदाखेरी यसमा अर्को यो यसको अवधारणा केहो भनेमाथि चाहिँ संघीय संसदमा महासचिवको व्यवस्था छ, यहाँ चाहिँ हाम्रोमा सचिवको छ । संघीय संसदको प्रशासकीय प्रमुख चाहिँ महासचिव हुनुहुन्छ, उतापट्टि न्यायपालिकाको प्रशासनिक प्रमुख चाहिँ पहिले रजिष्ट्रार हुन्थ्यो, अहिले मुख्य रजिष्ट्रार रहेछ, त्यो मुख्यसचिव सरहको बनाउनु पर्छ भन्ने भयो, अहिले के भयो भने अहिले चाहिँ २ वटा निकायमा मात्र मुख्यसचिव भयो, एउटा सरकारको कार्यकारीसँग मुख्य सचिव भयो, अर्को उता पट्टि गएपछि यो चाहिँ संसदमा महासचिव भयो, त्यो चाहिँ मुख्यसचिव सरहको भयो, यतापट्टि आइपुग्दा चाहिँ न्यायपालिकाको पनि अहिले मुख्य रजिष्ट्रार हुन्थ्यो अहिले चाहिँ मुख्य रजिष्ट्रारको व्यवस्था भयो । तीन वटा छुट्टै निकायहरूको बीचमा प्रमुख प्रशासकीय जिम्मेवारी हेर्ने व्यक्तिहरूलाई चाहिँ मुख्यसचिव सरहको छ । यो बिलले बुझ्दा चाहिँ सचिव सरहको प्रदेशको विधेयक हामीले चाहिँ यो विधेयकमा सचिव सरहको प्रदेश सरकारले सचिवको, संघीय सरकारको सचिव विशिष्ट श्रेणीको होला, सरकारको सचिवचाहिँ फस्ट क्लास, प्रथम श्रेणीको होला त्यसो हुँदाखेरी यो विधेयकको स्पष्ट चाहिँ के हो भने यो प्रदेशसभाको सचिव भनेको चाहिँ प्रदेश सरकारको सचिव चाहिँ कस्तो हो भने फस्ट कलास हो । यो विधेयकको स्पष्ट चाहिँ फस्ट कलास हो, विशिष्ट श्रेणी हो भने यो विधेयकको स्प्रष्ट विशिष्ट श्रेणी नै लेख्नु पर्यो । त्यो हो भने प्रदेश सरकारको सचिव सरह हुन्छ । उतापट्टि प्रदेश सरकारको प्रमुख सचिव भए जस्तो प्रदेश सरकारले प्रमुख सचिवचाहिँ विशिष्ट श्रेणी हो, प्रदेश सांसदको पनि प्रमुख सचिव यदि विशिष्ट श्रेणी हो । प्रदेश संसदको पनि प्रमुख सचिव यदि विशिष्ट श्रेणी हो भने त्यो चाहिँ विशिष्ट श्रेणीको हिसाबले जान पर्यो, माथिको व्यवस्था केहो भने महासचिव चाहिँ महासचिव, न्यायालयको प्रमुख मुख्य रजिष्ट्रार, प्रमुख रजिष्ट्रार यता पट्टि चाहिँ नेपाल सरकारको मुख्यसचिव त्यसकारणले यो विषयमा श्रेणी क्लियर गर्नुपर्छ । यसमा चाहिँ बिलमा श्रेणी क्लियर गर्नुपर्ने यो सबै विधेयक ल्याउन माननीय अर्थमन्त्री पनि हुनुहुन्छ, हामीले आर्थिक टिप्पणीमा चाहिँ महत्वपूर्ण संरचना भएको हुनाले पैसा खर्च हुन्छ भन्ने खालको चाहिँ आर्थिक टिप्पणी ल्याउछौं, सामान्यतया यो अफिसियली पनि सजिलो हुन्छ । यो देख्दाखेरी वार्षिक रूपमा यो सचिवालय खडा गर्दाखेरी सालबसाली रूपमा कति खर्च आउछ, यसको चाहिँ पैसा अब फाइनान्सेली पनि हामी वर्षको यति खर्च लाग्छ भनेर त्यो चाहिँ स्टमेटसहित ल्यायो भने पछि त्यो अलि चाहिँ इफेक्टिभ होला । अलिकति टाइम त लाग्छ, त्यसमा अबदेखि विधेयक ल्याउँदा हरेकमा चाहिँ त्यो एउटा फर्मेट हुन्छ । यो विधेयक आयो खर्च यसमा लाग्ने संरचना बनाउन जरूरी भएको हुनाले सरकारले विचार गर्ने भन्ने भयो तर सरकारले कति पैसा दिएर गर्ने गरी राख्नु पर्छ । त्यसको चाहिँ क्यालकुलेशन नहुने भएको हुनाले सालवसाली यो चाहिँ बिलमा सचिवालय स्थापना गर्दा कति पैसा लाग्छ भन्ने कुरा पनि आर्थिक टिप्पणी अब देखिका आर्थिक टिप्पणीहरूमा बिलमा चाहिँ यस्तो देख्न पायो भने अर्थमन्त्रीज्यूलाई पनि अर्को विधेयकमाथि पनि टिप्पणी गर्दा यो चाहिँ हाउसमा एउटा

सुझाव दिने अबसर प्राप्त भयो । यति कुरा मैले राखेर योग्यताका बारेमा क्याटागोरिकली डिफाइन गर्ने व्यवस्थाको लागि म चाहिँ टिप्पणी गर्न चाहन्छु र अरू मोटामोटी विषयमा चाहिँ यसमा बिलमा समर्थन जनाउन पर्नेछ । त्यसकारणले आन्तरिक मामिला मन्त्रीले सैद्धान्तिक छलफलमा पेश गर्नु भएको बिलमा सैद्धान्तिक रूपमा पुरै समर्थन व्यक्त गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १अनुसार कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्न चाहान्नु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल असार १८ गते शुक्रबार दिनको ११:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३५

(२०७५ श्रावण १८ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३५ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउने विषयहरूमा आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री कौशीलावति खत्री, समय ५ मिनेट ।

**माननीय श्री कौशिलावति खत्रीः-** माननीय सभामुख महोदय, जाजरकोट जिल्लाको भेरी नगरपालिका-२ कि १३ वर्षिया बालिका र १५ वर्षिय बालिकालाई श्रावण ७ गते कोठामा २ दिनसम्म लगेर पटक पटक बलात्कार गरिएको छ । त्यसरी बालिकामाथि पटक पटक बलात्कार हुँदा पनि देखेको नदेखेको गर्ने होटेल साहुजी र अभियुक्तलाई हदैभन्दा हदै कारबाही हुनुपर्छ र अहिलेसम्म सविन मगर जो १५ वर्षिय बालिकालाई बलात्कार गरेको थियो, उसलाई प्रहरीले नियन्त्रण मुद्दा चलाएको छ भन्ने सुन्नमा आएको छ र अर्को १५ वर्षिय बालिकालाई बलात्कार गर्ने रूपक चन्द अहिलेसम्म पनि फरार भएको र प्रहरीले खोजि गर्ने कार्य जारि छ भन्ने सुनिन्छ । खोजि गर्ने कार्य जारी छ, होइन तुरून्त त्यस्ता अपराधीलाई, त्यस्ता दानवलाई कानूनबमोजिमको कारबाही गर्नु पर्छ नत्र त्यस्ता व्यक्ति सर्वत्र यसरि पटक पटक विभिन्न ठाउँमा, विभिन्न जिल्लामा बालिकाहरू र महिलाहरू असुरक्षित रहेको र सरकार नभएको अनुभूति हुनेछ पटक पटक मैले यो सदनमा यो कुरा उठाइ रहेको छु र कर्णाली प्रदेश सरकारले पनि योसम्बन्धी कानून तुरून्त ल्याएर कार्यान्वयनमा ल्याउनु पर्छ नत्र भने हाम्रा छोरी चेलिहरू कुनैपनि सुरक्षितको घेराभित्र रहने छैनन् । सधैं असुरक्षा र घरबाहिर निस्कन पनि हामी महिलाहरू लागायत बालबालिकाहरूलाई स्कुल जान र आफ्ना नियमित काम गर्न पनि गाह्रो भै रहेको अनुभूति हामीलाई भएको छ भन्ने कुरा म सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । पीडित बालिकाका अभिभावकहरूलाई पनि यो मुद्दा दर्ता नगर्न र सल्लाह मिलाए जान र दर्ता गरेपछि ज्यान मार्ने धम्की दिएको छ र यसरि कानूनलाई पनि दबाएर राख्ने भन्ने कुरा म सुन्दै छु । गाउँका ठूलाबडाहरू हुन गरे ती ठूला बडालाई पनि यसरि ती अभिभावकमाथि दवाव दिने ती ठूलाबडाहरूलाई पनि कारबाही गर्नुपर्छ भन्ने मेरो माग छ । एउटा १५ वर्षिय बालिका कि आमा जो एकल महिला हुन उनले रुदै भिजन खवरमा आफूले आफ्नो दुखेसो पोखे कि हुन, यसरि विभिन्न पत्रकार सञ्चारमाध्यममा आएका छन् । हाम्रो कर्णाली प्रदेश सरकारले आफ्नो कानून विधेयक तुरून्त ल्याउनु पर्छ भन्ने मेरो सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, सभामुखज्यूको अनुमतिले प्रदेशको शीघ्र समृद्धिका लागि सरकारको नीति, कार्यक्रम, बजेट, सरकारका वार्षिक कार्यक्रम नियमित गर्न अत्यावश्यक वोर्ड, आयोग, समिति, परिषद वा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागि कानून तयार गर्न आवश्यक भएकाले प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५बमोजिम प्रदेशसभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला केसीलाई कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला केसीः-** माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले नेपालको संविधानमा व्यवस्था भएअनुसार तीन वटै तहको सरकारको स्थापना भैसकेको परिप्रेक्षमा प्रदेशको क्षेत्र अधिकारभित्र पर्ने सहकारी संस्थाहरूको दर्ता नियमन समेतका कार्य सम्पादन गर्न आवश्वयक रहकाले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि सैद्धान्तिक छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथिको सैद्धान्तिक छलफछमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री गुलावजँग शाह ।

**माननीय श्री गुलावजँग शाहः-** माननीय सभामुख महोदय, म कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको विधेयकमाथि सकारात्मक सोचका साथ आफ्ना भनाइहरू प्रस्तुत गर्न चाहन्छु । सर्वप्रथम माननीय कृषि मन्त्रीज्यूले विधेयक पेश गर्नुभएको छ । मलाई लाग्छ, अत्यन्तै धेरै मेहनत गरेर यति धेरै मोटो कानूनको रूपमा दर्जा गर्नुभएको छ, स्वागत योग्य छ । यद्यपी विधेयक प्रस्तुतकर्ता सम्बन्धित मन्त्रीज्यू हुनुहुन्छ भन्ने कुरा हामी सबैलाई जानकारी नै छ । यो संसदीय अभ्यासको सार्बभौम तथ्य हो भन्ने कुरामा पनि हामी जानकार छौं तर मन्त्रीज्यूले पेश गर्नुभएको विधेयकमा सचिवज्यूको पनि दस्तखत

गराउनु भएको छ, सचिवज्यूको पनि हस्ताक्षर गर्नुको कारण केही होला तर यो यस्तै हो भन्ने मन्त्रीज्यूले पेश नगरेर सचिवले मात्रै पनि भोलि विधेयक पेश गर्ने हुन कि यो संसद मन्त्रीज्यूलाई चिन्छ, सचिवज्यूलाई चिन्दैन । हामीले कतै नयाँ पद्धतिको सुरूवात गर्न थालेका हौं कि, मलाई त्यस्तो लाग्दैन, संसदीय अभ्यासको सार्वभौम प्रचलित सिद्धान्तलाई फ्लो गर्दा यस्तो गम्भीर मजाक र त्रुटि गर्नु हुँदैन भन्ने मेरो मान्यता हो । माननीय सभामुख महोदय, अब यो विधेयकमाथिको थोरै केही टिप्पणिहरू म राख्न चाहन्छु । यो सहकारी भनेको पूँजीवाद र शोषणबाट मुक्तिका लागि आमजनताको संयुक्त प्रयास हो । सहकारी भनेको जुन एकका लागि नभएर सबैका लागि हुने गर्छ । सहकारी समुदायमा रहेका स्थानीय स्रोत साधन र पूँजीहरूलाई एकीकृत गरी व्यवस्थापन गर्ने कार्य कौशलता वा क्षमता अभिवृद्धि गरी सदस्यहरू आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने सवाल माध्यम नै सहकारी हो । औद्योगिक क्रान्तिले काम बिहिन हुन गएका कपडा बुन्ने मजदुर, मालिक एंव पूँजीपतिहरूको चर्को शोषणबाट मुक्ति पाउन एवं १८४४ को December 21 का दिन बेलायती मेन्चेस्टर सिटिमा इक्वियुटोरियल पाइनियर सोसाइटी नामको पसल खोलि, आधुनिक सहकारीको विकासको सुरूवात भएको हो । नेपालमा २०१० सालदेखि सहकारी विभाग स्थापना भएपनि २०१३देखि यसले चितवनबाट काम सुरू गरेको पाइन्छ । सुरूमा बाढी पीडित किसानलाई ऋण उपलब्ध गराउने, राहात दिने काम गरेको पाइन्छ । पछि यसले छरिएर रहेका साना र स्थानीय पूँजी सङ्कलन गरेको पाइन्छ, अर्थात सहकारीको पूँजीवाद विरूद्धको एक प्रकारको अभियान हो । नेपालमा पछिल्लो तथ्याङ्कअनुसार ३४,६२४ सहकारी दर्ता भएका छन् । २०४८ पछि सहकारी स्थापना गर्ने तीब्रतर रूपमा लहर चलेको पाइन्छ । सहकारी स्थापना मात्र ठूलो कुरा होइन, यसले स्थानीय स्रोतसाधन र पूँजीलाई कसरी परिचालन गर्छ भन्ने महत्वपूर्ण विषय हो, सहकारी भन्ने कुरा मलाई लाग्दछ । सहकारी संस्थाको स्थापना असल मनसायबाट हुने भए पनि पछिल्ला दिनहरूमा सहकारी संस्थाहरूमा बिकृति र विसङ्गतिदेखि रहेको हामीले बारम्बार सुन्ने गरेका छौं । शेयर सदस्यहरूले जम्मा गरेको बचतको सुरक्षा नहुने, स्थानीय स्रोत साधन पूँजीलाई प्रथामिकतामा नराखी, ठूला लगानीमा सहकारी संथा लाग्नु सहकारीको मर्ममाथि नै प्रहार भैरहेको छ । हामीले परिकल्पना गरेको ३ खम्बे अर्थनीतिको मूलसार सहकारीलाई स्थानीय स्तरमा नै परिचालन गर्न हो भन्ने मेरो बुझाइ छ । मैलेमाथि नै उल्लेख गरिसके सहकारी स्थापना शोषण विरूद्धको अभियान हो । त्यसैले सहकारीलाई कसरी गरिब विपन्न र न्युनआय भएका समुदायमा स्थापित गर्ने भन्ने विषयलाई प्राथमिकतामा राख्नु पर्छ भन्ने मेरो मान्यता छ । प्रस्तावित विधेयकमा सिद्धान्त र महिलाको प्रतिनिधित्व सुनिश्चित गरे पनि पिछडिएको समुदायको प्रतिनिधित्व सुनिश्चित गरिएको छैन, गरिनुपर्छ । कारणवश जोखिममा परेकाहरूको सहकारीको विषयमा यो विधेयक मौन छ । असल नियतले संचालन भइ विशेष परिस्थितिमा जोखिममा परेका सहकारीहरूलाई विशेष व्यवस्था

विधेयकमा हुनु पर्छ । सहकारी प्रति विस्तारै विश्वास हराउदै जान थालेको छ । एकाध सञ्चालकका कारण शेयर संस्थाको बचतको सुरक्षाको प्रश्न बारम्बार उठ्ने गर्छ । हाम्रो संयन्त्र प्रभावकारी हुनुपर्छ । प्रस्तावित विधेयकमा सहकारी रजिष्ट्रारको परिकल्पना गरिए पनि यसको छुट्टै संरचना बारे विधेयक मौन छ । सबै कार्यान्वयन गर्ने हो भनी अधिकार सम्पन्न हुँदै संरचनासहितको सहकारी रजिष्ट्रारको कार्यालय स्थापना हुनुपर्छ । विधेयकमा सहकारी संस्थामा पूँजी सङ्कलनलाई प्राथमिकता दिएको छ तर हाम्रो जस्तो प्रदेशमा सरकारलाई सहकारी संस्थाहरू Capital baseभन्दा Resource Base मा स्थापनामा हुनुपर्छ । सहकारी यहाँ चाहिँ कृषि, जडिबुटी, फलफूल प्रशस्त मात्रामा पशुजन्य जस्ता स्थानीय स्रोतमा आधारित सहकारीले हाम्रो प्रदेशको अर्थतन्त्रमा योगदान गर्न सक्छन । निक्षेप सङ्कलन गर्ने, वितरणमुखी सहकारीभन्दा स्थानीय उत्पादनमा आधारित सहकारीलाई विधेयकले जोड दिनुपर्यो । सहकारी ऐन, २०७४ को कपि जस्तै भयो यो विधेयक २०७४ को कपि पेस्ट भयो यो प्रदेशका सहकारी ऐन बन्दा प्रादेशिक विशेषतासहितको विधेयक आउनु पर्थ्यो, आउनु पर्छ । विधेयकमा सहकारी ऐन, २०७४ मा आएको व्यवस्था बाहेक कुनै नयाँ प्रावधान मैले देख्न सकिन । यद्यपी माननीय मन्त्रीज्यूले धेरै मेहनतका साथ यो विधेयक पेश गर्नुभएको छ । सबैले सकारात्मक ढङ्गले लिइदिन अनुरोध गर्न चाहन्छु, हवस्त धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल आजै सकिने भएकाले बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहनुभएका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला ।

अब माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि हामी सैद्धान्तिक छलफल गरिरहेका छौं । सहकारी विधेयक कर्णाली प्रदेशको आवश्यकता पनि थियो र त्यो आवश्यकतालाई मध्यनजर गर्दै माननीय मन्त्रीज्यूले जुन विधेयक ल्याउनु भएको छ, मेहनतका साथ त्यसका लागि धन्यवाद पनि दिन चाहन्छु । राज्यमा तीन वटा तहमा राज्यको अर्थतन्त्रको मेरूदण्डको रूपमा लिएका तीन खम्बे अर्थनीतिअनुसार सरकारी निजी क्षेत्र र सहकारी मध्ये यो सहकारीलाई व्यवस्थापन गर्नका निम्ति संघीय ऐन, २०७४ लाई आधार मानेर प्रदेशस्तरको सहकारी विधेयक निर्माण गर्नका निम्ति यो विधेयकको मस्यौदा आएको छ र विधेयकमाथि हामी छलफल गर्दै गर्दा सहकारीहरूमा देखिएका बिकृति बिसँगतिहरू र सहकारीमा देखिएका समस्याहरूलाई अन्त्य गर्नुपर्ने आजको आवश्यकता हो, एकातिर भने अर्को तिर सहकारीमार्फत् उत्पादनलाई वृद्धि गर्ने आजको आवश्यकता हो । त्यो आवश्यकतालाई मध्यनजर राख्दै सहकारीलाई नियमन गर्नका निम्ति र उत्पादनलाई जोड्नको निम्ति यो विधेयक आएको छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । विशेष गरेर बचत तथा ऋण सहकारीसँग समबन्धित भएर यो विधेयक अलि त्यतातिर केन्द्रित भएको मैले अनुभूति

गरेको छ । वित्तीय कारोवार मात्रै गर्ने होइन, वित्तीय कारोवार नभइकन श्रम र उत्पादनका सहकारीहरूलाई पनि यसमा जोडेर अगाडि लैजानु पर्ने अहिलेको आवश्यकता हो । त्यो आवश्यकतासँगै अगाडि जाने छ भन्ने कुराको विश्वास पनि म व्यक्त गर्न चाहन्छु । हामी अहिले सैद्धान्तिक छलफलमा छौं र यसको संशोधनको प्रक्रियामा हामीले भने संशोधन पनि राख्ने नै छौं । जस्तो यो विधेयकमा सहकारी बैङ्क अवधारणाको विषय यहाँ उठाइएको छ र केन्द्रीय सहकारी विधेयकले पनि, संघीय सहकारी विधेयकले पनि सहकारी बैङ्ककहरूको अवधारणा ल्याएको छ र बैङकको अवधारण ल्याउदै गर्दाखेरी मलाई कस्तो लाग्छ भने बैङ्कको आवश्यकता छ, त्यो आवश्यकता हुँदाहुँदै पनि बैङ्क स्थापना गर्नका निम्ति आवश्यक पर्ने पूँजी जे होस्, अब सानो स्केलबाट बैङ्क हुँदैन, बैङ्कको निम्ति ठूलो पूँजी आवश्यक पर्छ । त्यसका निम्ति अहिले भएको बैङ्कहरू पनि मर्जहुने प्रक्रियामा छन् भने हामीले सहकारी बैङ्कको आवश्यकतालाई महसुस गर्दै प्रदेश स्तरको सहकारी बैङ्क खोल्ने कुरा यहाँ आएको छ । विधेयकमा मलाई के लाग्छ भने अहिले हामीले प्रदेशस्तरको सहकारी बैङ्क, संघीय एउटा सहकारी बैङ्कको शाखाको रूपमा त्यसलाई खोलेर भोलिको आवश्यकता प्रदेश स्तरको बैङकहरू खोल्न सकिन्छ कि भन्ने मलाई लाग्छ, यो विषयमा मैले यति कुरा राख्न चाहे ।

त्यसै गरेर यो विधेयकमा जुन एउटा विशेष सहकारी संगठन गर्ने जुन आवश्यकता महसुस गरेर यो विषय उल्लेख गर्नुभएको छ । जस्तो २५ वटा बहुउद्देशीय सहकारी वा विषयगत सहकारीहरू आएर यसमा मिलेर जुन एउटा ठूलो व्यावसाय गर्नका निम्ति संयुक्त रूपमा जुन पूँजी परिचालन गर्नका निम्ति, यो सहकारी संघ, विशिष्टिकृत सहकारी संघ गठन गर्न सक्ने जुन अवधारणा ल्याएको छ, त्यो आवश्यकताको आधारमा आएको छ । यो अत्यन्तै महत्वपूर्ण छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र मलाई कस्तो लागि रहेको छ भने सहकारीहरू छ्यापछ्यापि हैन, गाउँगाउँ, टोलटोलमा सहकारीहरू गठन भै रहेको छ । सहकारीहरू सबै प्रकृतिका सहकारीहरू एउटै वडामा थुप्रै छन् । त्यसले गर्दा अब सहकारीलाई मर्ज गर्ने अभियान, हामीले सञ्चालन गर्नुपर्छ जस्तो लाग्छ । एउटा सहकारीको सदस्य एकै प्रकृतिका सहकारीको सदस्य बनेको छ भने सोहि प्रकृतिको अर्को सहकारीको सदस्य बन्न नपाउने र त्योभन्दा भिन्न प्रकृतिको सहकारीहरूको सदस्य बन्न पाउने जस्तो कृषि सहकारीको अलि बढि खोलेको स्थान छ भने कृषि सहकारीहरू एउटै वडामा १० वटा छन् भने १० वटा कृषि सहकारी आवश्यक छैन । तिनले गर्ने काम एकै प्रकृतिको हुन्छन्, तिनले विविध कृषिसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्ने अवस्था हुन्छ, त्यसले गर्दा कृषिको सेक्टर एउटा हो भने पशुपंक्षीको सेक्टर अर्को हो । त्यस्तै विद्युतको कुरा होला, विभिन्न सहकारीका विषयगत क्षेत्र छन्, त्योसँग सम्बन्धित भएर छुट्टै एउटा सहकारीहरू एकै प्रकृतिका सहकारीहरू एउटै वडामा थुप्रै छन्, त्यसले गर्दा अब सहकारीलाई व्यवस्थित गर्नका निम्ति एकै प्रकृतिका सहकारीहरूलाई मर्ज गर्ने अभियान हामीले सञ्चालन गर्ने

गर्दछ, जस्तो लाग्छ । एउटा सहकारीको सदस्य एकै प्रकृतिको सहकारीको सदस्य छ भने त्यो अर्को त्यही प्रकृतिको सहकारीको सदस्य बन्न नपाउनेस् र त्योभन्दा भिन्न प्रकृतिको सहकारीहरू सदस्य बन्न पाउने जस्तो विभिन्न सहकारीका विषयगत कुराहरू छन् । त्योसँग सम्बन्धित रहर हेर्दा प्रकृतिका सहकारीहरू बनाउनु पर्ने र त्यसको सदस्य बन्न अर्कोमा सदस्य बन्न नपाउने गरेर हामीले सहकारी बनाउन जरूरी छ भन्ने कुरा म राख्न चाहाँछु र अर्को कुरा सहकारीको कार्य क्षेत्रको कुरा गर्दाखेरी हामीले यो कार्य क्षेत्रलाई अलि व्यवस्थित गर्न जरूरी छ । सहकारी भन्ने बितिकै सानो पूँजीहरूलाई केन्द्रीकरण गरेर त्यो सानो पूँजीलाई केन्द्रीकरण गर्ने र त्यसलाई विकेन्द्रीकरण गर्ने हो । त्यो विकेन्द्रीकरण गर्दाखेरी सहकारीका सदस्यहरूमार्फत्, सहकारको शेयर सदस्यहरूमार्फत् केन्द्रित गर्ने र उत्पादनका योजनाहरूमा लगानी गर्ने हो भने हामीले सहकारीको कार्यक्षेत्र प्रदेशस्तरको कार्यक्षेत्र बनाउदाखेरी त्यो अव्यवहारिक हुन्छ । त्यो किन अब्यबहारिक हुन्छ, भने शेयर सदस्यको साधारण सभामा आउनै मुस्किल हुने स्थिति हुन्छ भने अर्को कुरा शेयर सदस्यहरूले कार्यसञ्चालन समितिलाई चिन्नै पनि नसक्ने खालको स्थिति बन्छ, त्यसले गर्दा कम्तीमा सहकारीको कार्य क्षेत्रलाई चाहिँ अलि सानो स्केलमा बनाउनु पर्छ । अब प्रदेश स्तरको बनाउदाखेरी अल्ली व्यहारिक हुँदैन त्यसले गर्दा त्योभन्दा स्थानीयस्तरको त हुनु पर्ने भयो । त्यो बाहेक अहिले जिल्ला स्तरसम्मका सहकारीहरू बनाउदाखेरी प्रभावकारी हुन्छ भन्ने कुरा म राख्न चाहन्छु ।

अर्को कुरा यो सहकारीमा चाहिँ सहकारीको शेयर सदस्यहरूमा लगानी गर्नु पर्ने हुन्छ । सहकारीहरूमा मैले केदेखि राखेको छु भने अब यो मलाई कस्तो लाग्छ भने त्यो बिकृतिकै रूपमा मैले त्यसलाई लिन्छु । किनभने सहकारीहरूले सहकारीका शेयर सदस्यहरूमा लगानी गर्नुपर्नेभन्दा शेयर सदस्यभन्दा बाहिर लगानी गरेको हामीले देखेका छौं । समूहहरू बनाउने र त्यो समूह माझ यो लघुवित्त कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । लघुवित्त कार्यक्रम सञ्चालन यदि गर्ने हो भने त्यसले चाहिँ ६ प्रतिशत व्याजमा त्यो कार्यक्रम सञ्चालन हुनुपर्यो । हैन भनेदेखि वार्षिक २४ प्रतिशत व्याज समूहहरूलाई ऋण लगानी गरिरहेको स्थिति छ । सहकारीहरूले समग्र सहकारीका सदस्यभन्दा बाहिर त्यो लगानी गरिरहेको स्थिति छ र लघुवित्त कार्यक्रम जुन माइक्रो फाइनान्सको कार्यक्रम छ । त्योअनुसार गाउँका दिदिबहिनीहरू विशेष गरेर समूहमा आवद्ध छन् ती दिदिबहिनीहरूले त्यो लिएको ऋणको व्याज तिर्न नसकेर कतिपय त्यस्ता प्रकारका घटनाहरू, आत्महत्यासम्म गर्ने खालको स्थिति पनि पुगेको छ । त्यसले गर्दा लघुवित्त कार्यक्रमहरू सहकारीले यदि सञ्चालन गर्ने हो भने कम व्याजदर हुनुपर्छ, त्यो तोकिनु पर्छ होइन भने सहकारीले लघुवित्त कार्यक्रहरू सञ्चालन गरिनु हुँदैन भन्ने कुरा मलाई लाग्छ । त्यसैले मैले अन्त्यमा के कुरा राख्न चाहन्छु भने जस्तो करसम्बन्धी व्यवस्था छ । सहकारीलाई कर लागाउने क्रममा कम्तीमा कृषि र पशुपालनको क्षेत्रमा रहेका पशुपालनहरूलाई सहकारीको प्रारम्भ भएको ५ वर्षसम्म कर नलगाउने गरि, कर छुट

दिने गरी गरियो भने हामीले उत्पादनको कामलाई व्यवस्थित गर्न सक्छौं । सहकारीमार्फत् जुन समूहहरू बन्छन ती समूहहरूको उत्पादनमूलक कामहरूलाई व्यवस्थित गर्न सक्छन र सहकारी कृषि र पशु क्षेत्रको सहकारीहरू पनि त्यसले पनि विकास गर्न सक्ने स्थिति बन्छ भन्ने कुरा म राख्दै आफ्ना भनाइहरू यही अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री दीनवन्धु श्रेष्ठ, समय ७ मिनेट ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, आज हामी सहकारी विधेयक, २०७५को सैद्धान्तिक छलफल गरिरहेका छौं । विशेष गरेर यो सहकारीका विषयमा मलाई २०१६ सालमा विपि कोइरालाबाट सहकारी विकासका लागि प्रथम प्रयास भएको थियो । सहकारीका माध्यमबाट देशभरिमा ग्रामीण विकास भएको थियो । सहकारी क्षेत्रमा आयआर्जन र रोजगारीका अवसरहरू प्रशस्त शिर्जना भएका छन् तर त्यसरी नै बिकृतिहरू पनि प्रशस्त देखिएका छन् । सहकारीका नाममा अनियमितता र त्यो सहकारीका नाममा जुन समूहले सहकारी गठन गर्छन, त्यहीभित्र उनीहरू पनि पीडित भएका धेरै घटनाहरू हामी सामु छन् तर यो ऐन र विधेयकमा त्यसलाई कडाइका साथ कसरी लागु गर्न सकिन्छ, त्यता तिर पनि ध्यान जान जरूरी छ ।

अर्को कुरा यो कणाली प्रदेश सहकारी विधेयक, २०७५ मा मलाई लाग्छ धेरै मेहनत गरेर आएको लाग्छ । यसमा धेरै कुरा समेटिएका पनि छन्, राम्रो पनि छ, यसको स्वागत गर्न पनि चाहन्छु स्वागत योग्य छ तर म यो लामो टिप्पणी गर्न चाहन्न । केही कुरामा, सानो कुरामा म यहाँ केही कुरा राख्न चाहन्छु । जस्तै अहिले नेपालमा ३ तहको संरचना भयो संघ, प्रदेश र स्थानीय निकाय अब हामीले सहकारीको संरचनालाई पनि त्यतैतिर हामीले लिने तिर ध्यान जानुपर्छ । अर्को कुरो सहकारीलाई विगतमा हामीले कसरी सञ्चालन गर्यौं र त्यसको समिक्षा गरेर राम्रा र नराम्रा पक्षलाई हामीले समिक्षा गरेर अब त्यही स्प्रीटमा अगाडि बढ्दै हिड्ने हो । एउटा वैज्ञानिक तरिकाले अगाडि कसरी बढाउन सकिन्छ, सहकारीलाई यतातिर पनि यो विधेयक र ऐनमा ध्यान दिनुपर्छ जस्तो लाग्छ र जिल्ला भरि कार्यक्षेत्र रहने र प्रदेशभरी कार्यक्षेत्र रहने सहकारी संस्थाको दर्ता र नियमन विधेयकमा समेटिनु पर्छ । विषयगत रूपमा प्रदेशस्तर र जिल्ला स्तरका सहकारी संस्थाहरूको नियमनको व्यवस्था गरिनु पर्दछ । विषयगतभन्दा जस्तै ऊर्जा जलस्रोत, उपभोक्ता, भौतिक ऊर्जा, स्वास्थ्य वर्ग पर्दछन् । अन्तरसहकारी कारेबारका लागि नियमनको व्यवस्था विधेयकमा राख्न जरूरी छ । प्रदेशस्तरमा वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाको सट्टा, सहकारी बैङ्क स्थापनामा जोड दिनु उचित हुन्छ जस्तो मलाई लाग्छ । सहकारी संस्था, वास्तविक समुदायमा हामीले त्यो लक्षित गरेर हामी खोजि रहेका छौं । त्यो समुदायमा आधारित हुने गरेर, परिणाम आउने गरेर हामीले त्यता तिर ध्यान दिनुपर्छ जस्तो मलाई लाग्दछ । सहकारी संस्थामा सुपरिवेक्षण अनुगमन र क्षमतावृद्धिका विषयहरूमा विशेष ध्यान दिनु जरूरी छ । हामीले सहकारीका

नियम, कानून, विधेयकहरू जति पनि हामी ल्याउछौं, वैज्ञानिक किसिमका ल्याउला तर भोलि कार्यक्षेत्रमा हामीले त्यो कार्यान्वयन गर्न सक्छौं कि सक्दैनौ, त्यो प्रभावकारी हुन्छ कि हुँदैन । हिजोका कमिकमजोरीलाई चाहिँ न्यूनीकरण गर्न सक्छ कि सक्दैन, त्यतातिर पनि ध्यान जान जरूरी छ । विभिन्न विपन्न तथा आधारभुत सेवा प्राप्त गर्न र समावेशी सहकारी संस्थाको सञ्चालन हुनुपर्छ । त्यो सहकारी संस्थाको एउटा उद्देश्य समावेशीमा विशेष गरेर आधारित हुनुपर्छ, जस्तो लाग्छ, ताकि सबै वर्ग र क्षेत्रले त्यसको पाउनु पर्ने फाइदा र त्यसले जसरी यो सहकारीले दिन खाजेको थियो, त्यो वर्गमा पुगोस् भन्ने एउटा हो । बैङ्क तथा वित्तीय संस्थाहरूमा पहुँच नपुग्ने वर्गहरूका लागि सहकारी संस्थाहरूले सेवा प्रवाह गरेको छ । जहाजहाँ ग्रामीण क्षेत्रहरूमा वित्तीय संस्थाहरू, बैङ्कहरू हुँदैनन्, त्यस ठाउँमा सहकारी संस्थाहरूले सेवा पुर्याएको छ तर मलाई लाग्छ त्यतिले मात्रै पुग्दैन, अझ यसलाई प्रभावकारी बनाएर अगाडि लैजानु पर्छ भन्ने लाग्छ म यति भन्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री बिन्दमान बिष्ट ।

**माननीय श्री विन्दमान बिष्टः-** कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि सैद्धान्तिक छलफलमा सहभागी भइ रहेका छौं । सहकारी भन्ने शब्द र सहकारी भन्ने क्षेत्र पछिल्लो अवधिमा नेपालमा एउटा महत्चपूर्ण क्षेत्रको रूपमा विकास हुँदै गइरहेको छ । यो भएर नै राज्यले एउटा तीन खम्बे अर्थनीति मध्ये एउटा महत्वपूर्ण खम्बाको रूपमा स्विकारेर विकास र यसको प्रवर्धनको लागि समग्र राज्य अगाडि बढि राखेको हामी माझ अवगत नै छ । तीन खम्बे अर्थनीतिको हिसाबले सहकारीलाई परिभाषित गर्दाखेरी मलाई के लाग्छ भने आम जनताको आर्थिक विकास र समृद्धिमा आम जनताको सहभागितालाई सुनिश्चित गर्ने प्रश्न हो । त्यसकारणले गर्दाखेरी चाहे त्यो धनीहोस्, चाहे त्यो गरिब होस्, चाहे त्यो गाउँमा वसोवास, चाहे त्यो सुगममा,चाहे त्यो दुर्गममा बसोवास, जहाँ बसे पनि सबैजनताको आर्थिक विकासमा खासगरि जनताको सहभागिता लागि सुनिश्चत गर्नका लागि यो सहकारीको अवधारणा अगाडि आएको छ । र त्यो नैअनुसार विकसित हुँदै गइरहेको छ । पूर्ववक्ता माननीयहरूले भने जस्तै यसको विकास र प्रगति जसरी अगाडि बढ्दै गयो त्यसभित्र केही विकृतीहरू पनि मौलाउँदै गइरहेका छन् र मलाई लाग्छ, हामीले प्रस्तावित गरेको यो विधेयकको मूल उद्देश्य के हुनुपर्छ तभन्दाखेरी सहकारी क्षेत्रलाई विकास गर्ने यसको समृद्धि गर्ने, प्रवर्धन गर्ने र त्यसपछि गएर त्यसभित्र रहेका विकृतीहरूलाई निमिट्यान्न पार्नको निमित्त हामीले एउटा कडा कानूनको निर्माण गर्न आवश्यकताको विन्दुमा पुगेर यो विधेयक निर्माण भएको छ भन्ने लाग्छ । त्यसकारणले गर्दाखेरी कर्णाली प्रदेश अझ खासगरि गरिबीको रेखामुनि रहेको बहुसंख्यक जनताहरूको सहभागिता जो छ, उपस्थिति जो छ यहाँ, त्यस कारणले गर्दाखेरी अब त्यो गरिबीको रेखामुनि रहेको जनताहरूको सानो-सानो पूँजीलाई सङ्कलन गरेर विकासको यात्रामा हामी अगाडि बढ्नु पर्छ भन्ने जो छ । यो हिसाबले हेर्दाखेरी यहाँको सन्दर्भमा

सहकारीसम्बन्धी विधेयक कानून ऐन छिटोभन्दा छिटो बनाउनु पर्ने र यसलाई सहकारीहरूलाई नियमन गर्नु पर्ने र यसको विकासको लागि पनि केही मार्ग प्रशस्त गर्नु पर्ने आवाश्यकताको विन्दुमा उभिएर यो विधेयक आएको छ । अब मलाई यो सहकारी भन्ने कुराले आमजनतालाई मालिक बनाउने कुरा हो । मजदुरहरूलाई संगठित गर्ने सहकारीमा संगठित गर्ने किसानहरूलाई सहकारीमा संगठित गर्ने र आफ्नो भन्नु अलिअलि भएको केही नभएको प्राय मान्छेहरूलाई संगठित गर्ने र तिनीहरूलाई मालिकमा परिणत गर्ने कुरा हो । सहकारीको मूल उद्देश्य त्यो होला जस्तो लाग्छ, त्यसकारणले गर्दाखेरी अब सहकारीमार्फत् आम जनतालाई मालिकमा परिणत गर्ने यदि सहकारीमार्फत् हाम्रो उद्देश्य रहन्छ भने हाम्रो सहकारीहरू निर्माण गर्ने अब हामी प्रकृतिका सहकारीहरूलाई राज्यको तर्फबाट अलिकति फयासील्याटेट गर्ने भन्ने कुरालाई हामीले अलिकति ध्यान दिनुपर्छ । बचत ऋण सहकारी अलिकति विकृती पनि बढ्यो त्यहींबाट प्रवेश गरेको छ । ऋणलगानी गर्ने र त्यो अलि त्यसको दुरूपयोग हुँदाहुँदा अर्को ठाउँमा पुगिसकेको छ । यसलाई हामीले अलिकति कडाई पूवर्क नियमन गर्नु जरूरी छ । खासगरि उत्पादनसँग सम्बन्ध भएका सहकारीहरूलाई राज्य ले सुविधा दिओस् र विधेयकमा अलि बढि ध्यान त्यतातिर केन्द्रित गर्न जरूरी छ भन्ने मेरो आफ्नो धारणा हो । हामीले छरिएर रहेको पूँजीलाई केन्द्रित गर्ने र ठूला उत्पादनका कामहरूमा लगानी गर्ने त्यो लगानीमार्फत् जनतालाई मालिक बनाउने आम मानिसहरूलाई मालिक बनाउने उद्देश्य सहकारीको हुन्छ भने पछि हामीले राज्यले प्रदेश सरकारले खास गरी आज यहाँ बोल्दाखेरी प्रदेश सरकारले उत्पादन सँग सम्बन्धित रहेका सहकारीहरूलाई अझ बढि सुविधा दिनुपर्छ र विधेयकमा त्योअनुसारको व्यवहार गर्नु पर्दछ । पूर्ववक्ता माननीयले पनि यहाँ राख्नुभएको छ, बचत ऋण तिर बढि ओरिन्टेट भएको भन्ने कुरा छ । सहकारी भन्ना साथ एउटा सामान्यतया बचत ऋणलाई तिर्ने एउटा नेपाली मानसिकता बन्न पुगेको छ । यो मानसिकतालाई हटाएर बचत ऋण पनि एउटा पक्ष होला छरिएर रहेको पूँजीलाई केन्द्रित गर्ने पक्ष त होला तर त्योभन्दा पनि सहकारी भन्ना साथ हामीले छरिएर रहेको पूँजी गर्ने र त्यस पछि गएर त्यो पूँजीलाई उत्पादनमा लगानी गर्ने र त्यसले उत्पादनमा वृद्धि गर्ने र आर्थिक समृद्धिको बाटो तिर अगाडि बढाउने गरी त्यो क्षेत्रका सहकारीहरूलाई अझैबढि केन्द्रित भएर विधेयक अगाडि बढ्नुपर्दछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र अर्को कुरा अलिकति अब अगाडि पनि यहाँ विषय आयो हाम्रो विशेषताअनुसारको सहकारी विधेयक ऐन बनाउन जरूरी छ, विधेयकको रूपमा आएको छ । प्रदेशको विशेषताअनुसारको मैले केही त्रुटि भेटाए त्यहाँ यो विशिष्टकृत सहकारी संघ निर्माण गर्ने भन्ने सन्दर्भमा होटल पर्यटनको कुरा छ, अरू छन्, त्यो सँगसँगै एउटा के पनि छ तभन्दाखेरी रासायनिक मल कारखाना पनि छ । हैन रासायनिक मल कारखाना पनि छ, जब कि हाम्रो यो प्रदेशलाई, यो प्रदेश सरकारको निर्णयअनुसार नै अर्गानिक प्रदेश भन्ने भनेर घोषणा गरेका छौं । हामीले त्योअनुसार काम अगाडि बढाउन

खोजिराखेका छौं । तर रासायनिक मल कारखाना कृषि सहकारी भन्ने र विशिष्टीकृत सहकारी बनाएर एउटा संघ बन्ने भन्ने कुरागर्दाखेरी अब हाम्रो पदेश अर्गानिक प्रदेश यहाँ अब रासायनिक मल कारखाना एउटा सहकारी पनि बन्ने हुनाले अलि अनौठो भयो । त्यो भनाइ मतलब अघि एकजना माननिए ज्यूले भन्नुभएको थियो । केन्द्रको सहकारी संघीय सहकारी विधेयक ऐन अन्तर्गत निर्देशित हुनुपर्दछ । तीब्र रूपमा हामी योभन्दा बाहिर रहेर गर्नु पर्ने हामीलाई छुट छैन त्यो हुनुपर्दछ । तर त्यो सँगसँगै कुरा केहो तभन्दाखेरी हाम्रा आफ्ना विशेषताहरू हम्रा आफ्ना प्रतिवदताहरू हम्रा आफ्ना निर्णयहरू र आफ्नो बाटो के हो भन्ने कुरालाई अलिकति ध्यान दिएर त्यसपछि त्योअनुसारको हामीले हाम्रो विशेषताअनुसारको विधेयक बनाउने ऐन बनाउने कानून बनाउने गरेर अगाडि बढ्दाखेरी उपर्युक्त होला जस्तो लाग्छ मलाई त्यसकारणले गर्दाखेरी सहकारी विधेयक एउटा हाम्रो प्रदेशको सन्दर्भमा महत्वपूर्ण छ । यसलाई बृहत व्यापक छलफल गरेर यसलाई हामीले एउटा उन्नत खालको ऐनको रूपमा परिणत गर्नका निमित्त हाम्रो यसको अलि व्यापक छलफलको आवश्यकता पर्दछ । यो हाम्रो छलफल प्रारम्भ भएको छ । यो छलफलको अन्तिमसम्म गइपुग्दाखेरी हामीले एउटा नयाँ ठाउँमा पुग्छौं र राम्रो सहकारी ऐन बनाएर हामीले सहकारी क्षेत्रलाई अगाढी भनेर राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ कृषि मन्त्रीज्यूले बडो अभ्यास गरेर प्रस्तुत गर्नु भएको छ । यो हामीले हेरी रहँदाखेरी यो विधेयक अत्यन्त मेहनत गरेर ल्याउनु भएको छ र सायद मलाई लाग्छ यहाँ विषयवस्तुहरू छुटेको जस्तो मैले महसुस गरेको छैन, अध्ययन पनि गर्नु भएको छ । यो विधेयक लागु गर्न सकियो भने हामीले एउटा समृद्धिको यात्रा प्रारम्भ हुनेछ भन्ने कुराको विश्वास मैले लिएको छु । हाम्रो समृद्धिको यात्रा यही सहकारी सँगै जोडिएर आएको छ । आज होइन यो यात्रा पूर्व बोल्ने माननीयले भने जस्तै बेलायतबाट सुरूभएको हो । यसैगरि मलाई लाग्छ नेपालमा चितवनबाट सुरू भएको मैले महसुस गरेको छैन । यद्यपी म ठूलो त्यस्तो राजनैतिक विशेष्लक त होइन, त्यो क्षेत्रमा दखल राख्ने व्यक्ति पनि होइन । मलाई त यो यात्रा दाश युगबाट सुरू भएको छ । सहकारीको यात्रा दाश युग बाट सुरूभएको छ । एउटा काम गर्नु पर्दा सबै संलग्न भएर काम गर्नु नै सहकारिता हो । महिलाहरूले घरको काम गर्नुपर्ने, पुरुषहरू गएर शिकार गरेर ल्याउनु पर्ने दास युगबाटै सुरूवात भएको छ र यो दास युगबाट सुरूभएको सहकारिता हाम्रो समाज पनि मार्क्सले भने जस्तै त्यही हामी त्यही उद्देश्य बाट वैज्ञानिक साम्यवादमा पुग्नको लागि हामीले यात्रा तय गरेका छौं । दाश युगबाट सुरूभएको सहकारी आदिम साम्यवादी युगबाट ढुङ्गे युगबाट सुरूभएको सहकारी दास युगमा आएर समापन भएको छ । दास युगबाट अवशेषहरू त्यसपछि आएर सामान्तवादी युगमा आएर पुरै समाप्त भएर गयो। जब अहिले नेपालको सन्दर्भमा हामी पूँजीवादी युगमा प्रवेश गरी

सकेपछि सहकारीको यात्रा सुरू भयो । बहस प्रारम्भ भएको छ । यसको उद्देश्य के होला तभन्दाखेरी  अहिलेको हाम्रो संविधानले परिकल्पना गरेको संविधानको मूल स्प्रिट भनेको त्रिआयामको अर्थनीतिमा सहकारी निजी र सार्वजनिक यो त्रिआयाम किन गरेको होलाभन्दाखेरी मलाई लाग्छ  । हामीले हिजो जनक्रान्ति गर्दाखेरी यहाँ सबै शक्तिहरू मिलेर क्रान्ति गरेका छौं । र त्यो जनक्रान्तिको आफ्नो स्प्रीट उद्देश्य के होभन्दाखेरी अब मुलुकमा समाजवाद ल्याउने हो । समाजवाद ल्याउनका निम्ति नयाँ टोटली कम्यूनिष्टहरूको समाजवाद भयो त्यसको न टोटली हिजोको समान्तवाद भयो । न पूँजीवाद भयो । त्यो भएको हुनाले समाजवाद पुग्नको निम्ति मुख्य आधार भनेको सहकारी हो त्यो भएको हुनाले सहकारीको बाटो. मात्रै समाजवादबाट आउन सक्छ भन्ने कुराको विश्वास यो यात्रा यो सहकारीबाट सुरूभएको छ । त्यो भएको हुनाले म लाई के लाग्छ भने समाजवादमा पुग्नका निमित्त सहकारीलाई हामीले प्रयोग गर्न सकेनौं भने यसको चाहिँ मलाई लाग्छ । व्यवस्थापन गर्न सकेनौं भने सानो सानो छरिरएर रहेको बजेटलाई एकीकृत गरेर यसलाई एकीकृत गरेर हामीले जनतालाई  सम्पतिमाथिको मालिक बनाउन सकेनौं भने सम्पतिमाथिको जनतालाई धनी बनाउन सकेनौं भने चाहे त्यो मजदुर होस्, चाहे त्यो किसान होस्, चाहे गरिब मान्छे, खान नपुगेको मान्छे हो ती सबैलाई आर्थिकमाथिको मलाई लाग्छ मालिक बनाउन सकियो भने बल्ल समाजवाद आउन सक्छ त्यो भएको हुनाले समाजवादको यात्रा तयार गर्नका लागि सहकारीको अभियानको यो सुरू भएको छ । यो सहकारीको अभियानलाई मलाई लाग्छ केवल शहरमा पनि देखिने यहाँ नेर नगरपलिकामा मात्र केन्द्रित गर्ने एउटा महानगरपालिकामा मात्र केन्द्रित गर्नेभन्दा गाउँमा लिएर सामान्यतया २/३ घर किन नहोस् २/३ घरमा पनि पुर्याउने प्रकारको सहकारी वातावरण होस् भन्ने यही मेरो आफ्नो सुझाव राख्दै म विदा हुन्छ, धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री कृष्णा शाह आचार्य ।

**माननीय श्री कृष्णा शाह आचार्यः**- माननीय सभामुख महोदय, हामीले कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि सैद्धान्तिक छलफल गरी राखेका छौं । देश संघीय संरचनामा गैसकेपछि हामी संघीयताको अभ्यास र कार्यान्वयनको प्रारम्भिक चरणमा छौं र सुरूवाती वर्षमा छौं यो सुरूवाती वर्षलाई यो पहिलो वर्षलाई हामीले भनेरहेका छौं हाम्रो कानून निर्माण र संरचना निर्माणको वर्ष भनेरहेका छौं । हामीले यति भन्दै गर्दाखेरी भनी मात्र राखेका छैनौं हामी हाम्रा  काम कार्यवाहिहरूलाई तिब्रगतिमा अगाडि बढाइ राखेका छौं यो हाम्रो उपलब्धिको विषय हो हामीले छलफल गर्दै जाँदाखेरी सहकारी विधेयकमाथि अपूग भएका विषयहरू नपुगेका विषयहरू छुटफुट विषयहरूले पूर्णता पाउने छन् । अन्ततः यो सहकारी विधेयकले पूर्णता पाउने छ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु । कानून निर्माण आफैंमा चुनौतीपूर्ण हुन्छ । आफैंमा कठिन र जटिल हुन्छ र हामीले त्यही जटिलताका बीचबाट पनि हाम्रा १२ वटा विधेयकहरू हामीले पास गरिसकेका छौं

हामीलाई लाग्छ अर्को उपलब्धिको पाटो हो भन्ने लाग्छ । हामीले यसलाई गम्भीरता पूवर्क लिनुपर्छ हालि सुरूवाती चरणमा छौं तैपनि हामीले कानुन निर्माणको कुरालाई हामीले अत्यन्तै गम्भीरतापूर्वक लिनूपर्छन त जहाँ कि हामीले यो कुरालाई बेवास्ता गर्यौं र हामीले हल्काफुल्का ढङ्गले कानून निमार्ण गर्ने कुरालाई लियौं भने फेरि पनि हामीले अगाडि बढ्ने सवालमा हाम्रो प्रदेशलाई अगाडि बढाउने सवालमा समून्द्रमा हराएको जुन जहाजको कम्पास बिग्रिएको पानी जहाजको स्थितिमा पुग्ने छौं । त्यसैले हामीले कानून निमार्णलाई गम्भीरतापूवर्क लिनुपर्छ भन्ने मैले राख्न चाहन्छु । प्रदेशलाई सही ढङ्गले ठीक ठीक ढङ्गले अगाडि बढाउने सवालमा हामीले कानून निमार्ण गरेका छौं । त्यो सवालमा मलाई के लाग्छ भने अलिकति हामीले हतारो गर्यौं कि हामीले कानून निमार्णको वर्ष भनेरहँदाखेरी कतै हामीले समय सँगै दौड्ने क्रममा समयसँगै अगाडि बढ्ने जुन हाम्रो महत्वकांक्षाअनुसार लग्यौ कि भन्ने लागि रहेको छ । म के सुझाव दिन चाहन्छु भने यो कानून निमार्णको कुराहरूलाई हामीले हल्काफुल्का ढङ्गले नलिउ बेवास्ता नगरौं यसलाई झाराटार्ने रूपले नलिउ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र आउदा दिनमा हामीले टेबुल गर्ने हामीले ल्याउने विधेयकहरूमाथि अलिकति अझ गम्भीर ढङ्गले बहस गरेर यहाँ ल्याउन आवश्यक मैले ठानेको छु । विगतका दिनहरूमा हामीले यतिबेला हामी सहकारीले विषयमा छलफल गर्दै छौं सहकारी ऐनहरू विगतका दिनहरूमा सरकारले नल्याइदिएको होइन ल्याउँदा ल्याउदै पनि सहकारीको मूल्य मान्यताअनुसार हामीले सहकारीहरू चलिरहेका छैनन् । सहकारीहरू आआफ्नै ढङ्गले चलि रहेका छन् हामीले जनताको जुन आर्थिक हैसियतलाई आर्थिक स्थितिलाई अगाडि बढाउनेभन्दा पनि जनताको आर्थिक स्थितिलाईं अझ अन्यौलता पूर्ण अझ अर्कमण्डयता पूर्ण बनाउने स्थिति कयौं सहकारीहरूले बनाइ रहेका छन् त्यसको। लागि ऐन ल्याउने कुरा मात्रै ठूलो होइन त्यसलाई कि सक्दैनौ हाम्रो प्रदेशको स्थितिमा भन्ने कुरा महत्वपूर्ण रहन्छ । यो विधेयकको क्ुरा सहकारी विधेयकको कुरा गर्दाखेरी हाम्रो कर्णाली प्रदेशको सहकारी विधेयकको कुरा गर्दाखेरी मैले यस्तो विषयमा सैद्धान्तिक उद्देश्यको हिसाबले कार्यविधि र यसको कार्यक्षेत्र दर्ता सञ्चालन परिचालनको हिसाबले अध्यन गर्दाखेरी केही त्रुटिहरू छन् र ती विषयका यहाँ माननीय ज्यूहरूको राखिसक्नु भएको छ । म त्यता जान चाहन्न मैलै सांगठनिक संरचानाको हिसाबले सहकारी विधेयकमा हेर्दाखेरी सांगठनिक संरचानाको हिसाबले अलिकाति यसको श्रम सहकारीको पाटो छुटेको हो कि सामान्य त्यसको पहिलो चरणमा नै सामान्य संकेत छ तरपनि त्यसलाई अलिकति जोड दिने त्यसको क्षेत्रअधिकार त्यसको दर्ता परिचालन सञ्चालनको विधि के हुने भन्ने विषयका छुटेको मलाई लागेको छ । यसलाई जोड्नुपर्छ र यसलाई जोड दिनुपर्छ भन्ने मैले यहाँ राख्न चाहन्छु । अर्को कुरा हामीले रजिष्ट्रारको कार्यालय राख्ने अत्यन्तै महत्पुर्ण यहाँ कुरा आएको छ । अर्को छुटेको मलाई के लागेको छ भने यो प्रदेशमा हामीले प्रशिक्षण सहकारी विभाग, प्रशिक्षण सहकारी केन्द्र राख्नुपर्छ भन्ने मलाई लाग्छ किनकी आज हाम्रा जनसमुदायहरू हाम्रो

प्रदेशमा हाम्रा जनताहरूले सहकारी सञ्चालन गर्ने, सहकारीमा सहभागी हुने सहकारीलाई सहिढङ्गले सञ्चालन परिचालन गर्ने जुन भित्रैदेखि त्यो कुरा उहाँहरू हुँदाहुँदै त्यो अनुभूति हुँदाहुँदै पनि त्यो मनसाय हुँदाहुँदै पनि सहकारी शिक्षा नहुँदाखेरी सहकारी अनुभव नहुँदाखेरी सहकारीको विषयमा जानकारी नहुँदाखेरी कयौं समस्याहरू आइ रहेका छन् त्यसैले गर्दाखेरी यो सहकारी प्रदेश स्तरका एउटा सहकारी विभाग वा केन्द्र के नाम राख्न सकिन्छ त्यो संरचना राख्न मैले यहाँ अत्यन्तै आवश्यक ठानेको छु । त्यो कुरा म यहाँ राख्न चाहन्छु र त्यसैले मलाई लाग्छ फेरि पनि म के दोहोर्याउन चाहन्छु भने हामीले सहकारी ऐन बनाएर मात्रै महत्व छैन हामीले यसलाई कसरी प्राभावकारि ढङ्गले अगाडि बढाउन सक्छौं कसरी लैजान्छौ भन्ने आगामी दिनमा कुराले नै हाम्रो यो सहकारी विधेयक कति प्राभावकारि कति उपलब्धि मूलक हुन्छ भन्ने कुरा पछिका दिनहरूले स्पष्ट पार्ने छन् भन्ने कुरा राख्दै मेरो भनाइ यही अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय कर्णाली प्रदेश सहकारी विधेयकमा आफ्ना कुराहरू राख्ने क्रममा म एउटा पुनः स्मरण गर्न चाहन्छु, पूर्ववक्ता माननीयज्यूहरूले पनि भनी सक्नु भएको छ र यहाँ पनि छ सबैलाई कति अब सहकारी आन्दोलनबाट अगाडि आएका पनि व्यक्तित्वहरू हुनुहुन्छ । यो सहकारी आन्दोलन नै हो खासगरि समानतावाद, पूँजीवाद विरूद्धमा मजदुरहरूको एकताले मजदुरलाई मालिक बनाउने उद्देश्यका साथ यो सहकारी आन्दोलनको सुरूवात भएको हामीले पाउछौं । सामान्यतया अझ राष्ट्रिय परिवेशमा हेर्दाखेरी सहकारी आन्दोलनको कुरा बेलायतको एउटा कारखानामा काम गर्ने मजदुरहरूले मजदुर भनेको आफूले कमाएको ज्यालाबाट साझ खाने चाहिँ बिहान किन्ने त्यस्तो अवस्थामा हुनि अवस्थामा जो मालिकले जो व्यापारिले चरम नाफा खाएर ती मजदुरहरूले अफुले छाक टार्नेसम्म पनि एक एक किलो चामल र दाल किन्नुभन्दा हामी सय जना मजदुरहरूले १०० किलो दाल किन्छौं भने त्यो हाम्रो पैसा त्यहाँ राखेर एउटा एक सय केजी ल्याएर हामीले बाडौं न त भनेर त्यो एक सय केजी चामल ल्याएर फेरि बाँड्दाखेरी १ केजी होइन अलि बढि उहाँहरूलाई नाफा भयो सिधै नाफा मजदुरहरूले पाउनु भयो त्यो आवस्थाबाट सुरूवात भएको सहकारी आन्दोलनको मर्म र भावनालाई यो विधेयकले समेट्नु पर्छ मैले यो कुरा राख्न चाहन्छु हुनत अर्थ मन्त्रीज्यूले धेरै मेहेनत गरेर धेरै अध्ययन गरेर धेरै कुराहरू समेटनु भएको छ । यहाँ धेरै आवश्यकताभन्दा अझ धेरै आएको जस्तो मैले ठानेको छु । तर मैले फेरि थप्न के चाहे भने पूर्ववक्ता माननीयज्यूले भनेको जस्तै मलाईपनि जतिवटा यो पाना पल्टाउदै अध्ययन गर्दाखेरी सँगसँगै सचिवको पनि हस्ताक्षर देख्दाखेरी हामी त अब संसदीय अभ्यासमा पहिलो पटक अभ्यास गर्दै छौं । यस्तै हुँदो रहेत कि अघिल्ला विधेयक प्रस्तुत गर्ने मन्त्रीज्यूहरूले थाहा पाउनु भएको रहेन्छ कि भन्ने पनि मलाई लाग्यो यसको बारेमा के हो किन सँगसँगै सचिवको यो हस्ताक्षर आएको छ । यो कुरा पनि

मैले थपे र विशेष गरेर सहकारीको परिचालन र नियमन तिर नै बढि फोकस गर्नुपर्छ जस्तो लाग्छ । यसले आज संघीय संरचनामा गै सकेपछि प्रदेशको सहकारी विद्यकले हिजो बनेका हाम्रा प्रदेशभित्रका सहकारीहरूको अवस्था, स्थिति के हुने हो त्यसको बारेमा मौन छ । यो विधेयक हिजोका ती सहकारीको अवस्था, स्थिति के हुने हो । त्यसको बारेमा अलि कति काहि केही कुरा मैले पाउन सकिन यो कुरा आउनुपर्छ त्यसको सँगसँगै सुरू भन्नुभएको छ । दर्ता र नियमन भनेर दर्ताकोको अनुभूति हामीले कस्तो गरिरहेका छौं भने हिजो डिभिजन कार्यालय हुँदाखेरी पनि डिभिजन कार्यालयमा गएर सहकारी दर्ता प्रक्रिया अत्यन्तै झन्झटिलो छ । तयसकारण त्यहाँ सम्भव नभएको हुनाले डिभिजन कार्यालयको जिल्ला जिल्लामा ७ दिनको, ५ दिनको शिविर चलाएर सहकारी दर्ता गर्थ्यो भने आज हामीले घरदैलोमा सेवा दिने भनेरहेका छौं । यो कुरा कहिँ उल्लेख हुनुपर्छ ताकि यहाँ कतैकै पनि छ भने सहकारी सँस्थाको उद्देश्य पनि लेखिएको छ । यो सहकारी सस्थाको उद्देश्य चाहिँ सहकारी सस्थाको विनियममा हुनुपर्छ । यहाँ विनिमयमा आउनु पर्दैन कि जस्तो मलाई लागिरहेको छ । त्यसकारण उद्देश्य लेख्ने ठाउँमा बरू सहकारी संस्थाको दर्ता प्रकृया कसरी सहज बनाउन सक्छौं अहिले पनि झनै हामीले। झन्झट भएको जस्तो हुनसक्छ  र अर्को कुरा मलाई के लाग्छ भने यो। सहकारी आन्दोलनलाई सहकारी आन्दोलनका रूपका लैजानेभन्दा पनि अनुदान प्रदान गरेर NGO Types को रूपमा सञ्चालन गर्ने हो कि जस्तो पनि मैले त्यसको भाव पाए हुन त मेरो बुझाइको कमिपनि हुनसक्छ । कुरा आयो सहकारी भनेको यहाँ ऋण तथा बचत सहकारीलाई जसरी जुन आँखाले हेरेर व्याख्या विश्लेषण गरिरहेका छौं नि सहकारीमा आवद्ध हुने आफ्नो पूँजीअनुसार आफ्नो गक्षअनुसारको बचत गर्ने पर्छ यो सहकारी सिद्धान्तको एउटा मुल्य मान्यता हो र त्यसकारण त्यो गर्दैका यो बचत तथा श्रण सहकारी हो भनेर सहकारीलाई हामीले प्रवर्धन नगर्ने तर्फ हामे ध्यान जानुहुँदैन भन्ने कुरा म ध्यानाकर्षण गर्न चाहन्छु, त्यसो भएको हुनाले सहकारीलाई हामीले प्रर्बदन गर्ने  हो अनुदान दिने हो भने पनि म त भन्न चाहन्छु सुझावको रूपमा हामीले शेयर पूँजीका रूपमा हामीले अनुदान दिनुपर्छ त्यो भयो भने सञ्चालकले त्यो शेयर पूँजीमा हिनामिना गर्न पाउदैन, किनभने सहकारीलाई हामीले प्रवर्धन गर्ने हो अनुदान दिने हो भने पनि म त भन्न चाहन्छु याहाँ स्वभाविक  रूपमा हामीले शेयर पूँजीका रूपमा हामीले अनुदान दिनपर्छ त्यो भयो भने कुनै सदस्यले त्यो शेयर पूँजीमा हिनामिना गर्ने पाउदैन । सदस्यले निकालेर लिन पनि पाउदैन । जबसम्म त्यो शेयर सहकारी संस्था विघटन हुँदैन तबसम्म त्यहाँ रहन सक्छ । नाफा भयो भने पनि सबै सदस्यहरूको नाममा हुन सक्छ । त्यसकारण अनुदान यो कार्यक्रम संञ्चनलन गर्न जो अहिले हाम्रो NGO र INGO हरूले गरी रहेको हुन त्यो Types मा नभएर प्रवर्धनको निम्ति जसरी हामीले सिप सिक्ने र औजार खरिद गर्नको निम्ति जस्तो माछा मारेर दिने होइन माछा मार्ने सिप र औजार दिने नीति र बाट यो सहकारी विधेयक आउनुपर्छ भन्ने मलाई लागेको छ । त्यसको

सँगसँगै अब यो जुन यो सदस्यता सहकारी संस्थाहरू मर्ज गन एउटै प्रकृतिका धेरै संस्थाहरू नबनाउने भन्ने कुरा त आयो तर सदस्य शेयर सदस्यहरूलाई पनि त्यो अंकुश लगाउँनु पर्छ किनभने हामी जस्तो गरिबप्रदेशका मान्छेहरूले १०वटा सहकारीमा बसेर हामी त्यहाँ आफ्नो पूँजी परिचालन गर्न सक्दैनौ हामीले त्यो अनुभब गरेका छौं । यहाँ एउटा विषेश महिला सहकारीहरूलाई एउटा महिला ३०/३२ सहकारीमा हुनुहन्छ । महिनाभरि उहाँ त्यो बैठकमा जान ठिक्क हुन्छ । अनि कतिखेर उहाँले उत्पादनको काम गर्नु हुन्छ । यो कुरालाई ध्यानमा राखेर दोहोरो शेयर सदस्य नहुने कुरा पनि यहाँ उल्लेख हुनुपर्छ र सदस्यताको कुरा गर्नुपर्छ यो कुनै सङ्गठनको अथवा त्यस्तो सदस्यभन्दा पनि सदस्यको अगाडि शेयर सदस्यहरूनै हुन र त्यो आफ्नो बचतको कुरा होस् । आफ्नो उत्पादनको उत्पादन गरिएका कुरा होस् त्यो सबै कुरामा बराबर शेयर हुन्छ भन्ने हिसाबले शेयर सदस्यहरू बनाइन्छ र यो सहकारी शिक्षामा बढि जोड दिनु पर्यो यो विधेयकले के बोल्नु पर्यो भने सहकारी शिक्षामा व्यापक जोड दिने हो भने हामीले सहकारी उत्पादन गर्ने हैन । आपसेआप त्यो आवश्यकताले त्यो उत्पादन हुन्छ । एउटा उत्पादन सहकारी होला उत्पादन गरेको कुन सहकारीमा लगेर वितरण गर्ने भन्ने त्यहाँ अन्तर सहकारी सम्बन्धका कारणले त्यो उत्पादन वितरण श्रम पछि बचत ऋण सबै कुरा त्यो आवाश्कताले आफ्नो अन्तर भूगोलले बनाउने कुरा हो । त्यसकारण एउटा मात्रै सहकारी नदोहोरिएर बस्ने र विशेष गरेर प्रवर्धनमा जोड दिन सकियो भनेपछि सहकारी आन्दोलनलाई यो प्रदेशमा व्यवस्थित गर्न सकिन्छ । प्रवर्धनतिर नै बढि जोड दिनु पर्छ भन्ने कुरा मैले राख्न चाहन्छु । आवाश्यक परेमा पछि यसको दफावार छलफल अथवा संशोधनका सूचनाहरू भएपछि हामीले मसिनो ढङ्गले छलफल गर्ने नै छौं । त्यसरी एउटा परिवर्तनको थैलोको संघीय संरचनाको भावनालाई अलिकति मान्छेहरूले जनताहरूले बुझेअनुसारको स्प्रीट दिन सक्नुपर्छ यो विधेयकले एउटा नियन्त्रणमा मात्र होइन उसलाई शिक्षाको पनि जरूरी हुन्छ भन्ने कुरा राख्न चाहन्छु, धन्यवाद!

**माननीय सभामूखः-** माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको सहकारी विधेयक, २०७५माथि जुन सैद्धान्तिक रूपमा हामी छलफलमा भाग लिइरहेका छौं । सर्वप्रथम यो कर्णाली प्रदेश सरकाले कर्णाली प्रदेश सहकारी विधेयक यस सदनमा प्रस्तुत गरिएको जुन अवस्थामा हामी यो छलफल गरिरहँदा पक्कै पनि यो विधेयकले पूर्णता पाउनका लागि हामी विषयगत रूपमा छलफलमा भाग लिइरहँदा मैले कर्णाली प्रदेश सरकारका भूमि तथा व्यवस्था कृषि सहकारी मन्त्रीलाई सर्वप्रथम म धन्यवाद दिन चाहन्छु । र यहाँ जुन नेपालको संविधानले जुन संविधानको मूल स्प्रीटले व्यवस्था गरेअनुसार नेपालको संविधानमा व्यवस्था भएअनुसार तीनतहका सरकारको स्थापना भएपछि जुन प्रदेश सरकारले आफूले लिनुपर्ने गति बढि रहेको अवस्थामा यो सहकारी विधेयक यहाँ टेबुल भै रहेर छलफल गरिरहँदा विभिन्न विषयहरू यहाँ पूर्ववक्ता माननीय

सदस्यहरूले यहाँ राखि सक्नुभएको छ । मैले यहाँ त्यो विषयलाई उठाउन चाहेन र नेपालको संविधानले जुन मर्मलाई यहाँ उल्लेख गरिएको छ । जुन तीन खम्बे अर्थनीतिलाई यस्ले मूल मर्म ठानेर अगाडि बढि रहेको जुन अवस्थामा सहकारी निजी क्षेत्र र जुन सहकारी क्षेत्रलाई यहाँ ब्यबस्थित गरेर कानून त ऐन कानून बनाएर अगाडि कार्यान्वयन गर्ने कुरामा जुन ऐनमार्फत् संघीय ऐनले हामीलाई जुन बाटो देखाइरहेको छ । त्यो बाटोमा टेकेर जुन प्रदेश सरकाले यो ऐनलाई जुन एउटा तयारीका साथ छलफलमा भाग लिन यस विधेयकलाई छलफल गरिरहँदा मैले पनि यी सुझावहरू यहाँ राख्न चाहन्छु । सर्वप्रथम यो जुन सहकारी विधेयक यहाँ ल्याइएको छ र हामीलाई लाग्छ, सहकारीका माध्यमबाट सहकार्य गरेर गाउँघरमा रहेका विकट गाउँबस्तीहरूमा रहेका छरिएको पूँजीलाई एकीकृत गरी र सहकारीका माध्यमबाट जहाँ पूँजीलाई परिचालन, व्यवस्थापन र उत्पादनमा मैले जुन भूमिका खेलीरहेको छ । यसलाई सुव्यवस्थित गर्न र अझ विकट ग्रामीण क्षेत्रमा रहेको पूँजीलाई अब उत्पादनका माध्यमबाट आर्थिक समृद्धिको यात्रामा यसले अगाडि बढाउने कुरा जुन विधेयकले ल्याएको छ । यसलाई सर्वप्रथम हामीले जुन कानूनका रूपमा ऐनका रूपमा यहाँ ल्याइरहेका छौं । यसमा आज हामी बोलिरहँदा सैद्धान्तिक विषयमा छलफल गरिरहँदा बचत ऋण लाई एकदमै सहकारी संघ विभिन्न संघका माध्यमबाट गठन गर्ने प्रक्रियादेखि लगेर जुन हामीले यो सहकारी विधेयकले बोली रहेको छ दफावार तर आज हामी श्रमिकहरूले श्रमगरेर उत्पादनगरेको क्षेत्रलाई यो विधेयकले अघि छुन सकेनकी भन्ने चिन्ता लागिरहेको छ । यो विषयमा भन्न पर्ने विषयमा हामीले संशोधन पनि हाल्नेकुरा हुँदै छ । तर पनि आज उत्पादन गरी रहेका सहकारीहरूलाई बोल्ने कुरामा यो विधेयकले छोएन कि भन्ने हामीलाई एकदमै महसुस भै रहेको छ । अर्को विषय छ प्रदेश सहकारी बैङ्क भन्ने छ । जुन हामीले जुन ऐन ल्याउँदा राष्ट्रिय सहकारी बैङ्कको पनि अवधारणा हामीले देखिरहेका छौं । उस्तै प्रकृतिका बैङ्कहरू हाम्रो प्रदेशले खोल्न सक्छौं कि सक्दैनौ भन्ने कुरा हाम्रो यो कर्णाली प्रदेशको विशेषतालाई आधार मानेर हामीले बैङ्क खोल्ने कुरामा पनि हामीले ध्यान दिनुपर्छ भन्ने पनि म यहाँ राख्न चाहन्छु र मैले यो कुरालाई पनि विशेष त प्रदेश सहकारी बैङ्क खोल्ने कुरा आफैंमा एउटा महत्वपूर्ण कुरा हो तर यो कुरा यहाँको विशेषतासँग जोडिएर आउन सक्छ कि सक्दैन भन्ने कुरा पनि गम्भीरतापूर्वक यसले छलफल र बहसका साथ अगाडि यो ऐनमा पक्कै पनि जानेछ भन्ने कुरा म सुझाव राख्न चाहन्छु र विभिन्न विषयहरू एकदमै महत्वपूर्ण छलफल गरेर ल्याइएको छ । तर पनि सानो सानो कुराहरू त्रुटिहरू यहाँ धेरै हामीलेदेखि रहेका छौं । यो विषयलाई पक्कै पनि यो ऐन समष्टिगत रूपमा पूर्णता आउदा यिनी विषयहरू समेटिएर आउने आशा हामीले गरिरहेका छौं । जस्तो परिच्छेद-२ को ५ मा जिल्ला सहकारी संघको गठन भनिएको छ । तर फेरि त्यहाँ जिल्ला विषयगत सहकारी सघंको गठन भनेर फेरि भनिएको छ । यो विषयगत विषयगत २/२ ठाउँमा जोडिएको

छ । यस्ता शब्द भाषाहरू पनि जोडिएर आका छन् । यिनी कुराहरूलाई पनि हामीले ऐनहरू कानूनहरू निमार्ण गर्दा एउटा शब्दले पनि फरकफरक व्याख्या र फरक फरक विश्लेषण दिन सक्छ । अर्को फेरि ७ मा भनिएको छ । प्रदेश सहकारी संघको गठन भनिएको छ । प्रदेश सहकारी संघको गठन भनिएको छ । फेरि त्यहाँ तल प्रदेश सहकारीको विषयगत भनेर जोडिएको छ । ठाउँ ठाउँ हामीले प्रदेश विषयमा फेरि विषयगत जोडी रहेका छौं । यो विषयगत के हो के हो यो विषयगत सबै ठाउँमा जोड्नुपपर्ने यो कुरा अलिकति हामीले सुझावका रूपमा राख्न चाहेका छौं । यसलाई पूर्णता विदा यी विषयहँरुलाई एकदमै समेटर एकदमै भाषा र त्रुटीहरूलाई पनि व्यवस्थित सुव्यवस्थित गरेर आउने कुरामा पनि हामी एकदमै आशा छौं । अर्को विषयमा म भन्न चाहन्छु । हामीले सहकारीका विभिन्न आन्दोलनहरूबाट जुन सहकारीको जसरी व्यवस्थित हुँदै जानुपर्ने हो तर सहकारीका माध्यमहरूबाट जुन अहिले विकृतीहरू चाहिँ धेरै मात्रामा चाहीं देखिरहेको छ । यसलाई नियम गर्ने जुन प्रदेश सरकारको ऐनले कडाभन्दा कडा त्यस्तो खालको कानून आवाश्यक छ । भन्ने कुरा म यहाँ राख्न चाहन्छु र सँगसँगै मलाई एउटा भन्न मन लागेको यो सहकारीको माध्यमबाट धेरैभन्दा धेरै ग्रामीण क्षेत्रका महिला दिदी बहिनीहरूलाई सहकार्य गरेर समूहगत सहकारीबाट समेट्ने कुरामा महिलाहरूलाई नेतृत्वमा अगाडि बढाउने कुरामा महिला सहकारीहरूले जुन भूमिका खेलेको अवस्था छ र महिलाहरूलाई विशेष गरेर महिला सहकार्यबाट उत्पादन संघ सँगै लिने र महिलाहरूलाई आर्थिक हिसाबले नेतृत्वमा अगाडि ल्याउने र आर्थिक कुराहरू महिलाहरू आर्थिक रूपमा सम्पन्न बन्ने कुरामा सहकारीको महत्व पूर्ण एउटा पक्ष हो । त्यसकारणले पनि यो सहकारी हो । जुन यो ऐन छ, विधेयक छ, यो विधेयकले अझैपनि समेहिन बाँकी भएका विषयमा यो हामीले संशोधन बाट पनिलाई पूर्णता दिने छौं भन्ने कुरा राख्दै आफ्ना कुरा यही अन्त्य गर्छु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब कर्णाली प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई कर्णाली प्रदेश सहकारी विधेयक २०७५माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्वन्धमा जवाफ दिन समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला केसीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा सहकारी विधेयक योभन्दा अझ छिटो ल्याउन जरूरी थियो । ढिला गरी भएपनि हामीले ल्याउन सकेका छौं । हामी सँग प्रयाप्त जनशक्ति कानून निमार्णका लागि छदै छ । यसको अभावका बीचबाट यसको सीमाका बीचबाट हामीले जे ल्याउन कोशीस गर्यौं ।यहाँका सापेक्षतामा धैरै पटक छलफल चलाएर यो विधेयक ल्याएका छौं । संघीय सहकारी विधेयक २०७४ को मूल मर्म भावनाको साथ त्यसको स्प्रीटमा हामीले ल्याउन खोजेको विधेयक यहाँ आउदाखेरी हामीले प्रदेशमा बनाउदाखेरी कतिपय कपी पेस्ट जस्तो हुन गएको छ । कुरा प्राविधिक मिस्टेकका रूपमा आएका छन् ।

यसलाई सच्याउने कुरामा हामीले दुई मत नै राख्नु हुँदैन सच्याइने छ । त्यसमा समस्या हुँदैन खासगरि हामीले कर्णाली प्रदेशमा सहकारी सन्दर्भमा कुरा गर्दा हामीसँग २१ सय १३ वटा सहकारीहरू जम्मा जम्मी त्यसमा प्रदेशको मातहतमा आउने खासगरि एउटा पालिका दुईवटा पालिका कार्य क्षेत्रभएका एउटा कार्य क्षेत्र बाहेक अरू कार्यक्षेत्र भएका प्रादेशिक क्षेत्रमा आइपुग्दा स्थानीय स्तरका सहकारी ऐनहरू तलतल पनि वनी सकेका छन् र कार्यान्वयनमा अगाडि बढि रहेको अवस्था हो । त्येसो हुँदा हामीसँग ३१४ वटा सहकारी सहकारी डिभीजनहरूलाई हामीले बुझाइसकेको यी सहकारीहरूले हामी कहाँ दिनुहुँ आएर हामीले हाम्रो काम कर्तव्य अधिकार कहाँबाट गर्ने भनेर खोजि रहेको स्थिति छ । हामीलाई चाहियो अब हामीले विनियम बनाउनु छ । तपाईले सहमति दिनुपर्यो, स्वीकृति दिन पर्यो खोइ हाम्रो कार्यक्षेत्र भएको कार्यलय खोइ भनेर प्रश्न सोधिरहेको स्थिति छ। त्यसो भएकाले छिटोभन्दा छिटो यो सहकारी विधेयकलाई यो सदनमा छलफल चलाएर पास गर्न जरूरी छ त्यसका निम्ति छिटोभन्दा छिटो मतलब यहाँहरूका सुझावहरूलाई केन्द्रित गर्दै संशोधनको माध्यमबाट समितिले छलफल चलाएर सहकारीको माध्यमबाट यसलाई परिमार्जन गर्ने कुरामा एकदमै सकारात्मक छौं । यहाँहरूले विशेष गरी माननीय ८ जना माननीय विद्वान, माननीय सदस्यहरूले जसरी आफ्ना कुराहरू राख्नुभयो त्यही कुराहरूमा म असहमत हुन सक्दैन । यहाँहरूले दिएको सैद्धान्तिक सुझावहरूलाई हामीले ग्रहण गर्दछौं, ग्रहण गर्नुपर्दछ र त्यसमा कतिपय कुराहरू उठेका सवालहरूका सम्बन्धमा अस्पष्ट कुराहरूका सन्दर्भमा पनि मैले कुरा राख्ने छु । विशेष गरी कर्णाली प्रदेशमा सहकारीलाई सहकारीका माध्यमबाट कर्णाली समृद्धि गर्न उद्देश्य राखेर हामीले नीति तथा कार्यक्रममा कर्णाली समृद्धिका लागि सहकारी अभियान भनेर नारा लिएर अघाडी वढेका छौं। र अहिले हाम्रो मन्त्रालयको नीति तथा कार्यक्रम र बजेटलाई हेर्दाखेरी बाहिर टिकाटिप्पणी भै रहेको छ । यो मन्त्रालयसले सहकारीले मात्रै गर्दछ । कि के हो योत अरू होइनकी नीजी क्षेत्रलाई वाईपास गर्दैछ । कि भन्ने आशंका पनि उठीरहेको अवस्था हो । हामीले उत्पादनशील सहकारीलाई प्राथमिकता दिएर नीति बनाएका छैनौं भन्ने होइन । नीति त्यसरी नै बनाएका छौं र बजेट पनि त्यसरी नै अगाडि बढाएका छौं । र यहाँ हामीले यो विधेयकमा ऋण तथा बचत सहकारीका सन्दर्भमा खासगरि दण्ड सजायको कुरागर्दाखेरी बढि विकृती ऋण तथा बचत सहकारी संस्थाहरूमा आएका कारणले ती कुराहरूलाई बढि उल्लेख गर्दाखेरी त्यस्तो देखिन गएको हो । यो होइनकी हामी उत्पादन सहकारीलाई यहाँ जोड नदिने भन्ने प्रश्न यहाँछ जस्तो मलाई लाग्दैन त्येसोहुँदा हामीले यहाँका सहकारीहरूलाई नियम गर्न पहिलो कुरा त विकास र सम्वर्द्धनको कुरा छ । त्यसपछि नियम र गलत गर्ने सहकारीलाई हामीले कडाभन्दा कडा दण्डसजाय दिएर ठीक ठाउँमा सहकारीको मर्मअनुसार सहकारीलाई अगाडि बढाउनु आजको आवश्यकता हो । मैले मेरो अनुभवमा सहकारीमा ३ वटा मुख्य मूलभूत समस्याहरू देखापरेका छन् । पहिलो समस्या भनेको सहकारीले

आफ्नो विषयगत उद्देश्यअनुसार काम नगर्नु । सहकारीहरूले बचत तथा ऋण सहकारीको मात्रै काम गर्नु । बचत र ऋण उठाउने र ऋणमाथि ऋण थोपरेर कतिपय मान्छे आत्महत्या गर्नेसम्म स्थतीमा जाने अहिले पनि मन्त्रालयमा यो सहकारीले बदमासी गयौं भने यति लाख रूपयाँ खाइदियो यति हजार रूपैयाँ खाइदियो यो कसरी असुल गर्ने मन्त्रीज्यू कसरी अरूलेभन्दा मैले आन्तारिक मामिला मन्त्रालय त्यतातिरको बाटो देखाइ दिएको छु । त्योभन्दा अर्को विकल्प हामीसँग छैन । त्यसो हुँदाखेरी छिटोभन्दा छिटो हामीले यस्ता कुराहरूलाई नियम गर्न सक्यौं । नियन्त्रण गर्न सक्यौं, दण्ड सजाय दिन सक्यौं भने मात्रै सहकारीभित्रको विकृतीलाई हटाउन सक्छौं र सहकारीको उद्देश्य परिपूर्ति गर्न सक्छौं भन्ने मलाई लाग्छ । अर्को दोस्रो समस्याको रूपमा हामीले सहकारीहरू सञ्चालक केन्द्रित भएका छन् । सदस्य केन्द्रित हुनुपर्ने । सबैमा म भन्दैन त्यो भन्नु राम्रो काम गरेका सहकारीका विरूद्धमा हुन्छ । त्यही सहकारीहरूले सञ्चालक केन्द्रित काम गरेका छन् । सदस्य केन्द्रित काम गरेका छैनन् । सहकारीका नाममा निश्चित मान्छेहरू मोटाउने र खास सदस्यहरू दुब्लाउने स्थित जो बनेको छ । यो कुरालाई पनि हामी नियम गर्न चाहान्छौं । यसकारणले पनि सहकारी विधेयक जरूरी छ भन्ने कुरा म राख्न चाहन्छु । यहाँहरूले भने जस्तै सहकारीहरूलाई उचित खालको तालिमको अभाव छ, उचित खालको गाइड लाईनको अभाव छ । त्यो कुरा पनि अब हामीले प्रदेश सरकारले यो कार्यक्रममा ल्याइएको छ । कार्यक्रममार्फत् हामीले अगाडि बढाउने छौं । खासगरि हाम्रो माननीय सांसदज्यूहरूले उठाएका कुराहरूको सन्दर्भमा पहिलो कुरा कतिपय प्राविधिक कुराहरू छन् । मैले अगाडि नै भनिसके छलफलका क्रममा हाम्रा अनविज्ञताका कारणले अलिकति कर्मचारी मन्त्रीहरूको बीचमा पनि एकरूपतामा जान कतिपय सन्दर्भमा अल्ली कन्फ्यूजन जस्तो हुने कुराहरूले के कतिपय मिस्टेक हुन गएका छन्, माननीयज्यूहरूले उठाउनु भएको छ, त्यो प्राविधिक मिस्टेकको रूपमा आएको छ । यसलाई हामी एक रूपतामा मन्त्रालयबाट अझ कर्मचारीहरूलाई निर्देशन होस्, यो कुरामा कर्मचारी कन्फ्यूज भएर आएको पनि विषय बन्न गएको छ । मैले यो विषयमा अलिकति यस्तो व्यवस्था त यस्तो छ भन्ने कुरा राखेकै हो । मैले हस्ताक्षर गरे यो त सचिवले गनै पर्छ भन्ने जस्तो अलिकति काठमाण्डौमा बसेको कर्मचारीहरूले त्यो कुरालाई आफ्नो विज्ञताको रूपमा राख्न खोज्दाखेरी यस्तो भाछ यो प्राविधिक मिस्टेक हो । मलाई यो एकरूपता लिन कानून मन्त्रालयसले सहयोग गरोस् भन्न म चाहन्छु । यसलाई प्राविधिक मिस्टेकको रूपमा बुझीदिन म अनुरोध गर्दछु र कतिपय अगाडि माननीय बिन्दमान बिष्टज्यूले भन्नुभएको छ हामीले जैविकमल राखौं है भनेर कुरा गर्दागर्दै पनि रासायनिक मल हुन गएछ । त्यसै हामीले यसलाई सच्याउने छौं, यो प्राविधिक मिस्टेक हो । हामीले यहाँ एउटा प्रदेशको सन्दर्भमा प्रादेशिक सहकारी बैङ्क आवश्यकता होकि होइन भन्ने भयो । मैले पनि म कहाँ यो विधेयक ड्राफ्ट भइसके पछि म कहाँ पनि त्यस्ता कुराहरू आइरहेका छन् । प्रादेशिक बैङ्क बनाउन जरूरी छैन,

यो कुराहरू आइरहेका छन् । प्रादेशिक बैङ्क बनाउन जरूरी छैन, यो बरू शाखाको रूपमा बनाउनु होस् है भने कुराहरू म कहाँ आएका छन् । हाम्रो छलफल चलाउन प्रादेशिक शाखाको रूपमा हामीले अझैं पनि परिभाषा गर्ने कि हामीले अधिकार सम्पन्न प्रदेशका रूपमा हामीले अगाडि वढाउने, तपाईहरू छलफल चलाउनुहोस् । त्यसपछि आएर प्रादेशिक रजिष्ट्रार कार्यालयको विषयमा बोलिएन भन्ने कुराहरू छ । यसका सन्दर्भमा परिच्छेद १६ दफा ८९ र ९० मा उल्लेख गरिएको छ । त्योभित्र रजिष्ट्रार दर्ता गर्ने अधिकारको कुरा त्यहाँ राखिएको छ । यो कुरा त्यहाँ स्पष्ट छ जस्तो मलाई लाग्छ । अहिले हामी कहाँ दर्ता गर्न आउने त्यही हामीसँग भएका ३१४ वटा सहकारी बाहेक अन्य कार्य क्षेत्र हुने सहकारीमा कतिपय सहकारी मर्ज हुन चाहेका छन् । ३/४वटा पालिकाका सहकारी एउटा हौं भनेर पनि आएका छन् । अब मर्ज हुने सहकारी हामी कहाँ आउनु पर्छ । दर्ता गर्न त्यस सहकारीका लागि हामी रजिष्ट्रार कार्यालय बनाउने मात्रै गर्न सक्छौं, अगाडि गर्न सक्दैनौं । त्यस कारणले पनि यो विधेयक छिटोभन्दा छिटो अगाडि बढाउन जरूरी छ भन्ने लाग्छ र अहिले स्थानीय स्तरका कार्य क्षेत्रभएका सहकारीहरू स्थानीय स्तरमा नै दर्ता गर्ने व्यवस्था छ, यो कुरा पनि जानकारी हुन जरूरी छ । उनीहरूका निम्ति यहाँ आउन पर्दैन । प्रदेशमा आइरहनु पर्दैन, यो कुरालाई स्पष्ट पार्न जरूरी छ । मैले अझैं धेरै कुराहरू यहाँहरूले भनेका जस्तो ऐनमार्फत् ल्याइने छ । अन्तिममा सभामुख महोदयमार्फत् माननीयज्यूहरूको ध्यानाकर्षण गर्न चाहन्छु भने हामीले धेरै समितिका बीचबाट विधेयक ल्याएका छौं । यो अभाव यो पीडा यहाँहरूले बुझ्नु भएको छ । त्यसो हँदा यहाँहरूको बौद्धिकता धेरैभन्दा धेरै यहाँहरूको बौद्धिकता यसमा प्रयोग गरियोस् हामी काठमाण्डौमा भएको हिजो एउटा विधेयक जस्तो सरकारले पास गर्छ । हुबहु पास गर्ने कुराको अन्त्य गर्न कोशिस गरिरहेका छौं । त्यो प्रचलन थियो हामी सांसद हुँदाखेरी हामीले हात उठाउने, संशोधन हाल्दा पनि फिर्ता हुने फिर्ता गर्नुपर्ने बाहेक केही पनि थिएन यो कुरालाई हामी दोहोर्याएर अन्त्य गर्न कोशिस गरेका छौं । यहाँबाट सुरू गरिएको छ । म के चाहन्छु भने यहाँहरूले सही सुझाव दिँदा संशोधनमार्फत् अगाडि बढाउने कुरामा सरकार कहिँ कतै केही गर्दैन । यो कुरामा त्यसकारणले बढिभन्दा बढि छलफलका माध्यमबाट संशोधन हाल्न अनुरोध गर्दछु । त्यसै गरी समितिभित्र पनि यो विषयलाई छलफलको विषय बनाएर जाँदा अझ राम्रो हुन्छ, जस्तो लाग्छ । त्यसका लागि मैले ठूलो विश्वास यो संसदबाट लिएको छु । यसमा यहाँहरूको साथ सहयोग रहने छ भन्ने अपेक्षा गर्दै म विदा हुन्छु, हवस्त, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समापन भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, प्रदेशसभा निमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९को उपनियम १अनुसार कर्णाली प्रदेश सहकारी विधेयक,

२०७५मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ श्रावण २० गते आइतबार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या –३६
(२०७७ श्रावण २० गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको ३६ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकषर्ण गराउनु पर्ने विषयहरूमा आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेकोछु ।

सर्वप्रथम माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंहः-** माननीय सभामुख महोदय, आज्ञाले मैले आज सार्वजनिक महत्वको दुःखद घटनाको जाजरकोट सदरमुकाम खलङ्गाको मैले खबर मैले ध्यानाकर्षण गराउन चाहिरहेको छु । यो अब अविरल वर्षा र सायद अब देशै भरि होला हाम्रो प्रदेशभर होला हाम्रो जाजरकोट जिल्लाको भेरी न.पा. को वडा नं. ४ ठाँटीबजारको उत्तरपट्टी पूरानो पुर्ख्यौली बाटो घोरेटो बाटो आउने साइडतिर त्यहाँ गोपाल सुनारको र तिर्थबहादुर बोहरा बारेकोट गा.पा. ४ घर भइ बस्ने हाल अस्थायी घर बनाएर त्यहाँ बसिराख्नु भएको थियो । तिर्थबहादुर बोहरा उहाँहरू दुईजनाको दुईवटा घर बिहान ७ बजे पहिरोले भत्किएर त्यहाँ ९ जना मान्छे घरभित्र बसेका मान्छेहरू पर्नुभएको छ । यस मध्येमा अघि त्यहाँको प्रमुख जिल्ला अधिकारी ललितबहादुर बस्नेतसँग मेरो सम्पर्क भएअनुसार उहाँले दिएको रिपोर्टअनुसार ५ जना मान्छेको लास चाहिंने मतलब त्यसलाई उद्धार गरी सकिएको बाँकी ४ जना बेपत्ता भएको भन्ने थियो । अहिले फेरी अर्को सुत्रबाट फेरी दुईजनाको उद्धार गरिएको बाँकी २ जनाको खोजि कार्य नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी र त्यहाँ सबै सथानीय नगरपालिका त्यहाँ स्थानीय जनसमुदायहरू उद्धार कार्यमा जुटिरहेको अवस्था हो । र करिब-करिब ६०/७० वटा घरहरू जुन जोखिम अवस्थामा छ । त्यसको त्यहाँ भएका सबै दाजुभाई दिदीबहिनीहरू अथवा जनसमुदायहरूको तत्काल व्यवस्था गर्नको लागि सार्वजनिक जग्गा खोजेर त्यहाँ अर्को ठाउँमा सेटल गर्ने कुरा सामान्य जानकारी र त्यो किसिमको छलफल भयो र त्यसो हुँदा सरकारले अब सभामुखमार्फत् यो यस्ता विपद् कार्यहरूको उद्धारको निमित्त यस्तो घटनामा पर्ने मृतकहरूको लागि र तिनी घाइतेहरूको लागि मतलब हामीले केही उद्धार अथवा समवेदना अथवा चाहिंने एउटा मतलब दुःखदः त्यो दिने प्रचलनको पनि विकास होस् र यस्ता घटना आपत विपद् अथवा दैवी प्रकोप, प्राकृतिक प्रकोप, बाढी, असिना पहिरो आउँदा र कर्णाली प्रदेश सरकारले के गरिराखेको छ । त्यो गरेको कुरा हामीले जानकारी पाउनुपर्छ र जानकारी भएको छैन् । मलाई अलिकति दुःख लाग्छ है यस्ता घटनाहरूमा हामी बोल्दै आएका छौं । दुई/चार महिना अगाडिदेखि तर त्यो घटनाको सुनुवाइ जानकारी भएको केही आयो गयो मतलब जानकारी नहुँदा दुःखद हुन्छ । बोल्न

त बोल्नै पर्यो जनसमुदायहरूको त्यत्रो दुःखद घटना भइराखेको छ । त्यहाँ हामी केही किसिमको सरोकार अथवा सरकारका तर्फबाट तत्परता त्यो किसिमको देख्दैनौं नहोस् र यसको २४ घण्टाभित्र सरकारले केही बोलोस्, त्यहाँ अनुगमन गरोस् त्यहाँ राहतको व्यवस्था गरोस्, मरेका मृतकहरूको क्रियाखर्चको व्यवस्था गरोस् एकजना विरामी छ, त्यो घाइतेको उपचार गरोस् बाँकी राहत यो सरकार जनताप्रति उत्तरदायी नभएको र बरू उदासिन भएको र त्यो कस्तो सरकार हो भन्ने चाहन्छु । गम्भीरतापूर्वक मैले कुरा राखेको छु । त्यो चाहिँने मर्ने घाइते लालबहादुर लोहार मृत्यु हुने सितली लोहार उनकि श्रीमति उनकि छोरी मनिषा लोहार वर्ष ७ कि उनकि अर्की छोरी रञ्जना लोहार १० वर्षकी अर्की छोरी भगवती लोहार ३ वर्ष कि पृथ बोहराको छोरी नोम्जा बोहोरा वर्ष ८ कि बाँकी अरू ४ जनाको नाम जानकारीमा आएको छैन् र अब जानकारीमा आउला जानकारी गराउँला र यो विशेष गरेर यस्ता घटनाहरूको विषयमा एउटा मतलब संस्कारको विकास होस् भन्ने पुनः फेरी विशेष अपिल र आग्रह गर्दै म चाहिँने मेरो भनाइ यही अन्त्य गर्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कृष्ण शाह आचार्य, समय ५ मिनेट ।

**माननीय श्री कृष्णा शाह आचार्यः-** सभामुख महोदय, माननीय गणेशज्यूले भनेजस्तै मैले पनि उठाउन खोजेको विषय जाजरकोट जिल्लाको हामी वर्षातबाट गुर्जिरहेका छौं । र हामीले आज सुनिरहेका छौं, जाजरकोट सदरमुकाम शोकमग्न भएको छ । बाढी पहिरोले गर्दाखेरी त्यहाँका विभिन्न घरहरू पुरिएका छन् र जसले गर्दाखेरी जनजीवनको क्षति भइराखेको छ र मान्छेहरू आतङ्कित बनिराखेका छन् । घरपरिवारहरू, आफन्तहरू शोकमा डुबिरहेका छन् । सबै कुरा विस्तृत रूपमा माननीय गणेशज्यूले भनी सक्नुभएको छ । यो कुरामा हाम्रो प्रदेश कर्णाली प्रदेश सरकारले छिटोभन्दा छिटो मृतकहरूका आफन्तहरूलाई सान्त्वना कसरी दिन सकिन्छ । र घाइतेको उपचार निःशुल्क रूपले गर्नको लागि प्रदेशले जनतामा आफ्नो उपस्थिति कसरी देखाउन सक्छ यो प्रदेश सरकारले जतिसक्दो आफ्नो प्रभावकारी भूमिका निर्वाह गरोस् भन्नेकुरा सभामुखमार्फत् यहाँ ध्यानाकर्षण गराउन चाहन्छु र हामीले सबभन्दा नजिकको सरकार प्रदेश भनिरहेका छौं र जनताले एउटा आशा र विश्वास गरिराख्दाखेरी अहिलेसम्म यस्ता कयौं घटनाहरू प्रदेशमा घटिरहेका छन् । जाजरकोट जस्तै जिल्लाहरूमा पनि घटिरहेका छन् । माननीयज्यूहरूले पनि यस्ता प्रश्नहरू जानकारी गराई राख्नु भएको छ । तर पनि आज कुनै पनि व्यवस्था गरिएको छ त सुनुवाइहरू पनि कुनैपनि मतलब राखिएको छैन । त्यसले गर्दाखेरी प्रदेश सरकारले आफ्नो उपस्थिति देखाउनु पर्छ । आफ्नो अविभावकत्व प्रदान गर्नुपर्छ । आफ्नो जनसमुदायको लागि भन्ने कुरा म यहाँ राख्न चाहन्छु । अर्को त्यसैगरी मैले उठाउन खोजेको विषय के हो भने हामी आज ग्लोवलाइजेशनको विश्वमा छौं । हामी जसले गर्दाखेरी हामी हातमा समाएको मोबाइलबाट विश्व चाहार्न सक्छौं । हामीले हाम्रो एउटा लाईव्रेरीमा भएको पुस्तकबाट विश्व पढ्न सक्छौं र हाम्रो नेपालमा यो

बेला पनि मान्छे-मान्छे बीचमा किनबेच भइरहेको छ । मान्छे-मान्छे बीचमा भेदभाव भइरहेको छ । हामीले सुनिरहेका छौँ हामीले देखिरहेका छौँ चितवनको छात्राको बलात्कृत पछिको विभत्स हत्या, त्यसै गरी अस्ति भर्खर एउटा टिचरले आफ्नि छात्राहरूलाई विदेशमा नेपालीहरूको अफर आएको छ भनेर ७ लाखमा बिक्री गरेको घटना होस् या त भर्खर मात्र एउटा सुन्नमा आएको छ । न्यूजमा मैले सुने पत्रिकामा पनि आएको छ । ७० जना महिलाहरू खाडिमुलुकमा पुर्याउनको लागि भारतको नयाँदिल्ली भाडगञ्जमा लिएर होटेलहरूमा थुनिराखेको छ । यो किन भइराखेको छ । यो अवस्था किन सिर्जना भएको छ हाम्रो देशमा राज्य छ कि छैन, सरकार छ कि छैन हामीले कता हेरिराखेका छौं । न त केन्द्रीय सरकारले बोल्छ न त प्रदेश सरकारहरूले बोल्दछन् । आज विभिन्न घटनाहरू दिन दाहाडै हाम्रा बहिनिहरू, हाम्रा छात्राहरू, हाम्रा चेलीहरू बलात्कृत भइराखेको छन्, बेचिराखेको छन्, हत्या भइराखेको छ तर कुनैपनि प्रतिक्रिया, कुनै पनि आफ्नो जुन प्रकारको सरकारको भूमिका देखिएको छैन । त्यसले गर्दाखेरी हामीले म के भन्न चाहन्छु भने प्रदेश सरकारले केन्द्रीय सरकारले यस्तो प्रकारका घटनाहरूलाई न्यूनीकरण गर्नको लागि अन्त्य गर्नको लागि विशेष प्रकारको भूमिका खेलोस् तत्काल अन्तर प्रदेश परिषद् बस्दै छ भन्ने सुन्दै छु । त्यहाँ हाम्रो मुख्यमन्त्रीज्यू जादैं हुनुहुन्छ । त्यहाँ हाम्रो मुख्यमन्त्रीज्यूले जोडदारका साथ यी कुराहरू उठाउनु हुनेछ र अन्य प्रदेशका मुख्यमन्त्रीहरूले पन यी कुराहरू उठाउनु पर्छ भन्ने कुरा म राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कैशिलावती खत्री ।

**माननीय श्री कैशिलावती खत्रीः-** माननीय सभामुख महोदय, आज म अत्यन्तै भावहिलका साथ यो कर्णाली प्रदेश सरकार र सदनसमक्ष दुःखद घटनाको जानकारी गराउन चाहन्छु । ध्यानाकर्षण भन्नै मन लाग्दैन मलाई कति चोटि भनियो प्रदेश सरकारले ध्यानाकर्षण भएर ती पीडितहरूको लागि केही गरेको अवस्था देखिँदैन अस्ति पनि भर्खर मैले जाजरकोट जिल्लाको जुनिचाँदे छिर्काको घटनाको उठान गरेकि थिएँ त्यसमापनि कुनै पहल कदमी नलिएको प्रदेश सरकारले देखियो अघि पूर्ववक्ता माननीयज्यूहरूले भने जस्तै जाजरकोट जिल्लाको सदरमुकाम भेरी नगरपालिका ४ को ठाटीको ज्योती विकास बैंकको नजिकै खैरेली तिर जाने बाटोमा ३ जना मान्छेको घर पहिरोले बगाएर २ वटा घरको नामनिसान छैन एउटा घर आधा भत्किएको छ । र उनीहरूको परिवार अहिले मृत्युको शय्यामा छन् । पुरै परिवार कसरी हामीले यो कुरा उठान गर्दा जोडदारका साथ गर्न सक्छौं । हाम्रा भित्रि मनबाट मन कुडिएर आउछन् प्रदेश सरकारले यसलाई हल्का रूपमा बुझ्दछ । ७ जनाको लास फेला परिसकेको छ । ती लासहरू केही सनाखत भइसकेको छन् । हाम्रा पूर्ववक्ता माननीय गणेश प्रसादज्यूले भने जस्तै एउटा बालबालिकालाई एउटा बालिकाको लास बिहानै फेला परेको थियो एउटा घाइते सामान्य अवस्थामा हुनुहुन्छ भने भर्खरै मैले यो सभामा छिर्नुभन्दा पहिलेभित्र जाजरकोट जिल्लाको

सिडियोलाई फोन गरेर जानकारी लिएकी थिएँ । अब यसरी मान्छेको परिवारै नासै हुँदा घर सम्पत्ति पूर्ण क्षति हुँदा हाम्रो सरकारले केही पनि सुन्दैन यी माननीयहरूले बोलेको आवाजहरू यही सीमित रहन्छन् भने बोल्नको केही अर्थ रहदैन । जब मान्छे संवेदनसिल भएर कुनैपनि काम गर्दैन त्यसको अर्थ नै लाग्दैन यहाँ प्रदेश कर्णाली प्रदेश सरकारलाई सभामुखमार्फत् के ध्यानाकर्षण गराउन चाहन्छु भने पटक-पटक माननीयहरूको ध्यानाकर्षण गराएका विषयवस्तुमा गम्भीरपूर्वक आफ्नो पहलकदमी चाल्न अनुरोध गर्दछु । र यो घटनामा घाइते भएका घाइतेको यर्थाथ विवरण के हो यसलाई यथाशीघ्र रूपमा बुझेर थप उपचारका लागि पहल गर्न र मृतकहरूलाई काजक्रियाको लागि उचित रकम व्यवस्था गर्न र जाजरकोट जिल्लाको सदरमुकाम भेरी न.पा. ४ ठाँटी बस्ती पूरै जोखिममा रहेको जो डोल्पा सडकखण्डको आधा बाटो पूरै पक्की बाटो पहिरोले अलग्गै एकठाउँमा छुट्टाइएको त्यहाँ पहिरोले घर जोखिममा छन् । त्यही क्षेत्र हो सभामुख महोदय, असह्यले दुःखद घटना भएको यसरी पटक-पटक हामीले सदनमा आवाज उठाइ राख्दाखेरी यसको पहलकदमी नहुने कुराले हामीलाई अब के गर्नु पर्छ । सभामुख महोदय, सदनमा यो पटक पनि हाम्रा जाजरकोटी जिल्लाका दुःखीत उपेक्षित भयो भने हामी यो सदनमा के गर्नुपर्छ भन्ने त्यसको लागि पनि हामी जाजरकोट जिल्लाका माननीय तयार छौं भन्दै आवश्यक पहलकदमी लिनको लागि केन्द्र सरकार र प्रदेश सरकार स्वयम्ले क्षतिपूर्ति र अन्य व्यवस्थाको लागि छिट्टै पहलकदमी चालोस् भन्ने सरकारको अनुरोध गर्दै म आफूपनि गम्भीर प्रदेश सरकारको ध्यानाकर्षण गर्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री चन्द्रबहादुर शाही ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** सभामुखज्यू १९ गतेको साझ चार/पाँच बजेदेखि सुरू भएको अविरल वर्षाका कारणले आज मुलुक भरि क्षति भएको नै छ तर कर्णाली प्रदेशका विभिन्न भागमा ठूलो धनजनको क्षति भएको छ,बाटाघाटाहरू बन्द छन् विद्यालयहररू पनि बन्द छन् र जाजरकोटमा ठूलो घटना घटेको छ । त्यो जाजरकोट घटनाका जुन मृतक मानिसहरू प्रति म दुःख प्रकट गर्न चाहन्छु र जुन घाइतेहरूको स्वस्थ्य लाभको कामना गर्न चाहन्छु र सरकारले तुरून्तै घाइतेहरूलाई उपचारको लागि के व्यवस्था गर्नुपर्छ । त्यसको लागि माग गर्न चाहन्छु र सँगसँगै अरू यो मुलुकमा यो प्रदेशमा कहाँ-कहाँ के घटना घटिरहेको छ । आज जनताको प्रतिनिधि निकाय कर्णाली प्रदेशको यो संसद त्यो संसदमा यो प्रदेश भरि कहाँ-कहाँ के-के घटना घटिरहेको छ । कहाँको कुन अवस्थामा के छ अहिले पनि हामी जनताका जनप्रतिनिधि र आम कर्णालीवासी अनविज्ञ भएर कहाँ के भयो होला कस्तो भयो होला आफ्ना घरका परिवार कुन अवस्थामा होलान् भनेर तराईमा गएर उभिरहेको अवस्था छ । र यससँगइ हिजो देखिको अविरल वर्षाले मुगु जिल्लाको खत्याड गाउँपालिकाको वडा नं. ४ को अन्य ठाउँमा अविरल वर्षाके कारणलेमाथिबाट पहिरो आएर तल गोठभित्र रहेको ५०/६० वटा गाईगोरुहरू त्यो

गोठभित्रै खोरभित्रै एकै चिहान भएर पुरिएका छन् । अनि मान्छेको पनि ठूलो त्यहाँ क्षति भएको छ । मान्छेको भागदौड भएको छ । अरू पहिरोले अझै अरू क्षति गर्ने सम्भावना देखिएको छ । त्यसो भएकोले हामीले भन्ने गरेका छौं । कि सार्वभौमसत्ता नेपाली जनताका हामी जनप्रतिनिधिहरू यो संसदमा जनतालाई परेको कुनैपनि समस्याहरू हामी उठाउँदाखेरी सरकारले एक कानबाट आयो र अर्को कानबाट गयो यस हिसाबले सुनिरहेको छ । हेरिरहेको छ तर सम्बन्धित क्षेत्र सम्बन्धित निकायमा तुरून्तै लाग्नुपर्ने जानुपर्ने वाचा गर्नुपर्ने त्यो किसिमको अहिलेसम्म पनि थुप्रै सांसदहरूले थुप्रै जनप्रतिनिधिले यो प्रतिनिधिमूलक संसदमा कुरा उठाउनु हुन्छ । तर यो कुराको सुनुवाइ अहिलेसम्म भएको देखिँदैन त्यसो भएकोले यस्तै घटनाहरू भोलि पनि हुनसक्छन् । पर्सि पनि हुन सक्छन् सरकार भनेको जिम्मेवारी निकाय हो । जुन जिम्मेवारी निकायले हरेक कुरामा ध्यान दिनुपर्दछ । र मैले सभामुखज्यूमार्फत् सम्बन्धित निकायले यस्ता घटनाहरूमा तुरून्तै अब लागु गर्नुपर्दछ । तुरून्तै त्यो ठाउँमा हामीले के व्यवस्था गरेर जनतालाई राहात दिनसक्छौं जनताको मोह हामीले जित्न सक्छौं यो गरिनुपर्छ भन्ने मैले भनाइ राख्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, यो दोस्रो अधिवेशनको ३६ औं बैठकमा विशेष समयमा अहिले यो जो अविरल वर्षाका कारणले विभिन्न ठाउँमा जुन क्षतिको विवरणहरू आइरहेको छ र सर्वप्रथम मैले जाजरकोट जिल्लामा भएको आज बिहान ७:०० बजे भएको जुन दुःखद घटना त्यो घटना प्रति मैले एकदमै दुःख प्रकट गर्न चाहन्छु र घाइतेलाई छिटोभन्दा छिटो उपचारको लागि प्रदेश सरकारले पनि आफ्नो सहभागिता जनाओस् भन्न चाहन्छु र थप क्षति हुन नदिनका लागि विभिन्न शर्तकता अपनाउनका लागि पनि कदम चालोस् भने पनि चाहन्छु र सँगइ महत्वपूर्ण विषय यो कर्णाली प्रदेशको जुन सदरमुकाम वीरेन्द्रनगरमा एउटा राजधानीको नामले जुन वीरेन्द्रनगर चिनिएको छ र अहिलेपनि हामी वीरेन्द्रनगरमा भनिरहेका छौं । सुर्खेत यो प्रदेशको राजधानी हो । राजधानीलाई सु-व्यवस्थित गराउने कुरामा यो प्रदेश सरकारको ध्यान कतिसम्म गएको छ कि छैन् भन्ने कुरा यहाँका आम नागरिकहरूले पनि देखिरहेको अवस्था छ र आज अविरल वर्षा परिरहँदा हिजोदेखि जुन निरन्तर रूपमा चलिरहेको वर्षा आज सुर्खेत उपत्यका जुन हिजोको साविकको लाटिकोइली गा.वि.स., उत्तरगंगा गा.वि.स. जहाँ यो वीरेन्द्रनगरका उत्तरी जलाधार तीनवटा यहाँ जुन खोला छन् त्यो खोलामा आफ्नो खोलाको भू-भागमा जहाँ पानी बगिरहन पर्थ्यो त्यो एरिया साघुरो हुँदै जाने र खोलाको ठीक जुन छेउमा चाहिँ वस्तिहरू बस्दै जाने जुन प्रवृतिले गर्दा आज खोलाको पानी बग्ने एउटा जुन बाटो उसले नपाउँदा आज बस्तीमा पस्ने र आम नागरिकहरूले जुन पानी पर्ने बित्तिकै एउटा मानविय संवेदनशील जुन विषय छ । हामी त्रासै-त्रासमा बस्नुपर्ने जुन भन्ने कुराको जुन आवाज उठाइरहनुभएको छ । आज पनि निकासको

क्षेत्रमा ३ वटा पुलभन्दा माथिबाट पानी गइरहेको छ । आज त्यहाँ स्कुलहरू बन्द भएका छन् विद्यार्थीहरू कलेज जान सकेको छैनन् मान्छे, एम्बुलेन्स जान सकेको छैनन् यस्तो अवस्था हाम्रो राजधानी भित्रै छ भने हामी कर्णाली प्रदेशको अन्य हाम्रो भूगोलमा समस्या नहोला भन्न हामी सक्दैनौ त्यसकारणले मैले कर्णाली प्रदेशको ध्यानाकर्षण किन गर्न चाहन्छु भने यो कर्णाली प्रदेशको राजधानीको कुरा छिटोभन्दा छिटो समस्या समाधानको लागि र हामीले अहिलेसम्म के–के कदमहरू चालिरहेका छौं र यो सदनलाई पनि जानकारी गराउनु पर्दछ र थप अविरल वर्षा परिरहँदा हामीले के–के शतर्कता अपनाउछौं भन्ने कुरालाई पनि ध्यानाकर्षण गराउन चाहन्छु र सँगसँगै अर्को सार्वजनिक एकदमै महत्वको विषय यो सुर्खेत वीरेन्द्रनगरको मेनलाईन सडकमा जहाँ सडक बनाउने प्रवृति जुन अहिले हामीले देखिरहेका छौं जुन बनाउँदै अघुरो छोड्दै , बनाउँदै अधुरो छोड्दै जहाँ दुर्घटना भएर आज मान्छे अहिलेसम्म हस्पिटलमा छन् र यस्तो बाटो बनाउँदा हामीले हाम्रो सरकारले ध्यानाकषर्ण गर्नपर्छ कि पर्दैन । समयमा काम सक्नेकुरा समयमा त्यसको गुणस्तर नाप्ने कुरामा पनि ध्यान दिनुपर्छ भन्नेकुरा राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री मिनासिहं रखाल ।

**माननीय श्री मिनासिह रखालः-** माननीय सभामुख महोदय, आज यस सदनमा आफ्नो उपस्थिति गराउँदै र केही दुःख व्यक्त गर्दै आफ्ना कुराहरू राख्न चाहन्छु । र दैवी प्रकोपको कारणले आज जाजरकोट जिल्लामा धेरै धनजनको क्षतिका साथै मान्छेहरूको मृत्यु हुन गइरहेको छ र मृतकहरू प्रति दुःख व्यक्त गर्दै श्रद्धान्जली र घाइते प्रति स्वस्थ्य लाभको कामना गर्दै म चाहिँ फेरी अर्को कुराहरू यहाँ राख्न गइरहेको छु । मृत्यु हुने प्रकृतिहरू धेरै फरक हुन्छन् । र विभिन्न प्रकृतिबाट मान्छेहरूको मृत्यु हुँदै जान्छ र आज दैवी प्रकृतिको मृत्यु र त्यस्तै हत्या, आत्महत्या, विभिन्न किसिमका घटनाहरू हामीले सुन्दै र भोग्दै आइरहेको छौं । र आज यो कर्णाली प्रदेशमा विभिन्न किसिमका घटनाहरू हामीले सदनमा सुनाइरहेको अवस्थामा आज दैलेख जिल्लामा पनि त्यस्तै किसिमको एउटा घटना घटेको छ । जसको हाम्रा कानूनहरूले हामीलाई मागी राखेको हामीले ती कानूनलाई व्यवहारिकतामा ल्याउनुपर्दछ । आज आत्महत्या गर्नुपर्ने पनि कुरा रहिरहेको छ । र आज महिलाप्रति हुनुपर्ने हिंसाहरू महिलाप्रति हेर्ने दृष्टिकोणहरू महिलाप्रति गरिने अपहेलनाहरू विभिन्न किसिमको प्रकृतिबाट यहाँ उजागर भइरहेको अवस्था छ । दैलेखको २०७५ साल श्रावण १६ गतेको घटना हो र आज हाम्रो पुर्खाहरू अथवा हाम्रा अगाडिका पुर्खाहरूले के गर्नुहुन्थो भने हामीले पुण्य पाउछौं भने छोरीहरूलाई कन्यादान दिनुपर्छ र हामीहरूले पुण्य प्राप्त गर्छौं भनेर छोरीहरूलाई त्यसरी कन्यादान दिने र बालविवाह गर्ने चलन थियो र त्यसअनुसारलाई रोक्नको लागि र सामाजिक बनोटको कारणले पनि ती युवा-युवतीहरू परिपक्व नभएको कारणले आज अकालमै मृत्यु हुनुपर्ने र त्यसरी पनि महिलाहरूको विभिन्न शारिरीक अङ्गहरू बस्ने र यस्तै विभिन्न कारणले

गर्दाखेरी आज कानूनलाई १८ वर्षको बालक मानिन्थ्यो भने आज २० वर्षभन्दा मुनिको केटाकेटीले यदि विवाह गर्नु भयो भने र यसलाई बालविवाह भनिन्छ र यसलाई कानूनको कठघरामा राखिन्छ भन्ने जस्ता कानूनले हामीलाई बाधिरहेको छ । धेरै जिल्लाहरूमा बालविवाह नै बढि झै रहेको देख्न र सुन्न आईरहेको छ । आज त्यही बालविवाहको कुरा गर्दाखेरी दैलेख जिल्लामा पनि आफै खुसी प्रेम विवाह गर्ने पवित्रा शाही जो मृतकको नाम थियो र उनी चामुण्डा नगरपालिकाको वडा नं. ४ मा बस्दै आएकि थिइन र उनले आफूखुसी कनकबहादुर शाहीको छोरासँग सुशान्त ठकुरी भन्ने व्यक्तिसँग उनले प्रेम विवाह गरिन र आज यो बालविवाह हुन्छ । यसरी बालविवाह गर्न मिल्दैन यसलाई बदर गर्नुपर्छ भन्ने नाममा केही पारिवारिकहरू बसेर अथवा हाम्रो व्यवहारिक हिसाबले उनीहरूलाई चाहिँ त्यो विवाहलाई बदर गरियो र उनी आफ्नो माईत बस्ने गरिन् र जो सुशान्त ठकुरी, ऊ आफ्नो घरमा बस्ने गयो र पढ्ने हिसाबमा चाहिँ पढ्ने पवित्रा शाही यस वीरेन्द्रनगरको नगरपालिकाको वडा नं. ४ भैरवस्थानमा बस्ने गरिन र त्यस्तै किसिमले उनीहरूको आफ्नो इच्छा आकंक्षा हुँदाहुँदै पनि र उनीहरूले त्यसरी बाहिर बसेर दिन बिताउनुपर्ने भयो । र यसरी दिन बिताउदै जादाँखेरी अर्को केटाको आक्रमण चाहिँ पवित्रामाथि गयो र त्यो केटाले पवित्राको फोटो र आफ्नो फोटो हाल्यो र सुशान्तको मोबाईलमा म्यासेन्जरमा पठायो र सुशान्तले त्यो हेरीसकेपछी आज हाम्रो प्रेम हुँदाहुँदै पनि हामीले माया गर्दागर्दै पनि हाम्रो समाजले हाम्रो कानूनले हामीलाई एक ठाउँमा बस्न दिन सकेन र आज तिमिले अर्कोसँग फोटो खिचेर यसरी पठायौं भन्ने भनेर उसले आफ्नो श्रीमती अथवा अवैधानिक विवाहको पवित्रा शाहीलाईभन्दाखेरी आत्मग्लानी भयो र उनलाई थाहा नभएको कुरा उनले नगरेको कुरा नसोचेको कुरा आज मोवाईलको म्यासेन्जरबाट २ वटा फोटो देखेपछि उनले आफूलाई बाच्नुभन्दा मैले मर्नुपर्छ भन्ने चाहना गरेर विवाह गर्दा हामीलाई कानूनले दिएन हामी समाजको बहिस्कारी भयौ र मैले किन बाच्नुपर्यो भन्ने नाममा यही सुर्खेत वीरेन्द्रनगरको भैरवस्थानमा झुण्डिएर आत्मा हत्या गरिन । आज यसरी केही गर्छु भन्ने केही गर्छु भन्ने चाहना र इच्छा हुँदाहुँदै पनि बालविवाहको नाममा शोषणको नाममा अपहेलना भएर आज हाम्रा दिदीबहिनीहरू बालबालिकाहरू बाचिरहने अवस्था नभएर आत्माहत्या गर्ने भएका छन् । त्यसै कारणले म के भन्न चाहन्छु भने यदि साँच्चै नै त्यो जुन केटा हो जो अभि शर्मा भन्नेले यसरी नै प्रोफाइलमा उसको फोटो राखेर उनलाई मर्न बाध्य बनाएको हो । भने त्यसलाई तुरून्तै खोजि गरेर त्यसलाई अनुसन्धान गरेर त्यसलाई कडाभन्दा कडा कारवाहि गर्नुपर्छ र हाम्रो कर्णाली प्रदेशमा आज महिला हिंसा हुने कुराहरू एकदमै चरम सीमामा बढिरहेको अवस्था छ । बालविवाह पनि त्यस्तै अवस्थामा छ । हामीसँग विभिन्न कु–प्रथाहरू छन् ती कु-प्रथाहरूले पनि हामीलाई सामाजिक संस्कारबाट उस्किन दिइरहेको छैन र यस्ता संस्कार कुप्रथाहरूलाई न्यूनीकरण गर्न कर्णाली प्रदेशको ध्यानाकर्षण गर्दै विदा हुन्छु, हवस धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू आजको प्रदेशसभा बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका गम्भीर विषयहरूमा सम्बन्धित विभागीय मन्त्रालयको गम्भीर ध्यानाकर्षणका लागि रूलिङ्ग गर्दछु । माननीय सदस्यहरू अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रशासकिय कार्यविधि नियमित गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशको शीघ्र समृद्धिका लागि नीति तथा कार्यक्रम बजेट वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने वोर्ड आयोग समिति परिषद् वा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनको लागि कानून तयार गर्न आवश्यक भएकाले प्रशासकिय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभासमक्ष प्रस्तुत गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू प्रशासकिय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल आजै सकिने भएकाले बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । माननीय सदस्यहरू प्रशासकिय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, प्रशासकिय कार्यविधि नियमित गर्ने सम्बन्धमा बनेको विधेयकको सैद्धान्तिक छलफल गर्नुपूर्व प्राकृतिक प्रकोपको कारण जाजरकोट जिल्लामा भएको अविरल वर्षाबाट आएको पहिरोको कारण त्यहाँ भएको जनधनको क्षति जो भएको छ र माननीयज्यूहरूले भने अनरूप जुन ज्यान गुमाउने हुनुहुन्छ उहाँहरूलाई श्रद्धान्जली व्यक्त गर्न चाहन्छु र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै माननीय सभामुखमार्फत् प्रदेश सरकारले घाइतेहरूको उपचारको उचित व्यवस्थापन गर्नका निम्ति माग गर्न चाहन्छु । प्रशासकिय कार्यविधि नियमन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक, २०७५माथि हामी सैद्धान्तिक छलफलमा उभिएका छौं । र समग्र कर्णाली प्रदेशको विकास र समृद्धिका निम्ति आवश्यक पर्ने भएका कारणले गर्दा कर्णाली प्रदेश सरकारले ढिलै भएपनि यो विधेयक ल्याएको छ । त्यसका निम्ति सम्बन्धित मन्त्रालयका मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । अवश्यपनि हामीले संविधानलाई कार्यान्वयन गर्न प्रक्रियामा संघीयतालाई कार्यान्वयन गर्ने प्रक्रियामा प्रदेशमा निमार्ण गर्नुपर्ने प्रशासनिक कामहरूलाई व्यवस्थित

गर्नका निम्ति निमार्ण गरिनुपर्ने त्यो कानूनको आवश्यकता पर्थ्यो र त्यो आवश्यकता अनुसारै यो विधेयक आएको छ भन्ने कुरा म राख्न चाहन्छु । जस्तो आवश्यक पर्ने आायोगहरू हामीले यो वर्षलाई कानून निमार्णको वर्ष भन्दै गर्दा कानून निमार्ण गर्नका निम्ति ल मेकरको हिसाबले कानून निर्माताका हिसाबले व्यवस्थापिका संसदका सदस्यहरूको भूमिका त छदैंछ । मन्त्रीज्यूहरूको भूमिका पनि त्यसमा हुने भै हाल्यो, त्यो हुँदाहुँदै पनि हामीले कानूनलाई व्यवस्थित गर्नका निम्ति, कानून निमार्ण गरिसकेपछि त्यो कानून अलि दीर्घकालीन हिसाबले लागु गर्नका निम्ति, पनि त्यसका विभिन्न पाटा पक्षहरूमा अध्ययन गर्नका निम्ति, अनुसन्धान गर्नका निम्ति र व्यवस्थित तरिकारले कानून निमार्ण गर्नका निम्ति कानून आयोगको आवश्यकत्ता पर्न सक्छ र त्यो कानून आयोग निमार्ण गर्नका निम्ति हामीले भनेका छौं । विकास र विकास निमार्णका निम्ति माननीयहरूका भूमिका होलान, मन्त्रीज्यूहरूका भूमिका होलान तर पनि कर्णाली प्रदेशको समग्र विकासका निम्ति रणनीतिक योजनाहरू निमार्ण गर्ने कुरा रणनीतिक योजनाहरूमा बजेटहरू विनियोजन गर्नका निम्ति पनि प्रदेशको प्रदेश योजना आयोगको आवश्यकता पर्दछ । प्रदेश योजना आयोग सँगसँगै संविधानले गरेको विभिन्न आयोगहरू छन् । हामीले कर्णाली प्रदेशमा कर्मचारीहरूको व्यवस्थापन गर्नका निमित्त आज जनशक्तिको अभाव छ । जनशक्तिलाई पूर्ति गर्नका निम्ति कर्णाली प्रदेश स्तरमा लोकसेवा आयोगको आवश्यकता छ । त्यो लोकसेवा आयोग गठन गर्नका निम्ति त्यति मात्रै हैन संविधानले गरेको व्यवस्थाअनुसार कर्णाली प्रदेश स्तरीय दलितहरूको आयोग, महिलाहरूको आयोग,लगायत विभिन्न आयोगहरू गठन गर्ने कुरा परिषद्हरूको गठन गर्नेकुरा बोर्डहरूको गठन गर्नका निम्ति पनि यो विधेयक आउनुपर्ने आवश्यकता थियो र त्यो आवश्यकतालाई मध्यनजर गर्दै यो विधेयक आएको छ । र यो विधेयकले अवश्य पनि हामीले जुन कर्णाली प्रदेशलाई व्यवस्थित गर्नका निम्ति, कर्णाली प्रदेशलाई सुदृढ गर्नका निम्ति कर्णाली प्रदेशको समग्र विकास गर्नका निम्ति कर्णाली प्रदेशलाई समृद्धि प्रदेश बनाउनका निम्ति कर्णाली प्रदेशका साधन स्रोतहरूलाई परिचालन गर्नका निम्ति कर्णाली प्रदेशको आयस्रोतलाई व्यवस्थित गर्नका निम्ति विभिन्न क्षेत्रलाई व्यवस्थित गर्नुपर्ने आवश्यक्ता थियो र त्यो व्यवस्थित गर्नका निम्ति प्रशासनिक हिसाबले पनि कार्यविधि को आवश्यकता हुन्थ्यो र त्यो कार्यविधि मात्रै नभएर नियमहरूको पनि आवश्यकता हुन्थ्यो, र त्यो नियम निमार्ण गर्नका निम्ति जुन यो विधेयक हामीसमक्ष आएको छ । र यो विधेयकले अवश्यपनि बाटो फूकाउने छ र विभिन्न आवश्यकीय आयोगहरू निमार्ण गर्ने समितिहरू निमार्ण गर्ने, बोर्डहरू निमार्ण गर्ने परिषद्हरू निमार्ण गर्ने कुरामा यस्तो बाटो प्रशस्त गर्ने छ भन्ने कुराको अनुभुती हामीलाई भएको छ र यो छोटो भएपनि एकदम सानो भएपनि यसको महत्व अत्यन्तै ठूलो महत्व छ । र यो महत्वलाई आत्मसाथ गर्दै हामीले आवश्यकता ठानेका विषयहरूमा प्रदेश सरकारले बाटो प्रस्तुत गर्ने यो विधेयकले

कानून निमार्ण भइसकेपछि भन्ने कुराको भन्ने कुरा मलाई लागिरहेको छ । त्यसैले यो विधेयकको सर्मथन गर्दै मेरा आफ्ना भनाइहरू यही अन्त्य गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री मननीय श्री नरेश भण्डारीलाई प्रशासकिय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलको क्रममा माननीयहरूले उठाउनु भएको प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू हामीले यो कर्णाली प्रदेशले यो गरिवीको दुश्चक्रबाट उन्मुक्त गर्नको लागि र यो समृद्धिको यात्रालाई यो समृद्धिको यात्रालाई यो समृद्धिको सङ्कल्पलाई यो समृद्धिको प्रतिबद्धतालाई शीघ्र र प्रभावकारी ढङ्गले सम्पन्न गर्नको लागि हामी यो वर्षलाई कानून निमार्णको वर्षका रूपमा संरचना निमार्णको वर्षका रूपमा यो अध्ययन अनुसन्धानको वर्षका रूपमा हामीले यसलाई परिभाषलाई यही हाम्रो चित्रणलाई सार्थक तुल्याउको लागि कर्णाली प्रदेश सरकारले नीति, कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम प्रस्तुत र पारित पनि यो सम्मानित सदनले गरिसकेको छ । र हामीले पारित गरेका नीतिका कार्यक्रम बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि हामीलाई विभिन्न खालका संरचनाहरू आवश्यक हुन्छ । त्यो संरचनालाई गठन र सञ्चालन गर्नुका निम्ति लिखत कानून लिखतहरू निमार्ण गर्नुपर्ने हुन्छ, तयार गर्नुपर्ने हुन्छ । त्यसका निम्ति यो प्रशासकिय कार्यविधि नियमित गर्ने यो विधेयक अत्यावश्यक छ । यो यसको औचित्यलाई थप पुष्टी गर्दै माननीय संसदले माननीय संसद सीता नेपालीले यो सैद्धान्तिक छलफलमा उहाँले सक्रियतापूर्वक महत्वपूर्ण विषयहरू प्रस्तुत गर्दै यसको औचित्यलाई थप जस्टिफाई गरिदिनु भएको छ । यसका लागि म धन्यवाद दिन चाहन्छु र यो विधेयकलाई अझै यहाँहरूले समृद्धि पार्नका निम्ति एकदमै संक्षिप्त छ यो विधेयक हामीहरू सबैलाई थाहा छ । विधेयकहरू सकभर संक्षिप्त मतलब छरितो स्पष्ट भाषमा बुझिनेवैद्ध कार्यान्वयन योग्य अथवा प्रयाक्टिकल हुनु पर्दछ कानूनहरू हामी सबैलाई थाहा छ अमेरिकाको संविधान एकदमै संक्षिप्त थुपारिएका संविधान पनि हुन्छन् । त्यसो भएको हुनाले यो असाध्यै संक्षिप्त छ तर अत्यन्तै महत्वपूर्ण छ । यो कि हो यो चाहिँ एक प्रकारको चाबी हो । यसले ढोका खोलिदिन्छ । हाम्रो समृद्धिको यात्रालाई यसले मतलब अगाडि बढाउनका निम्ति योगदान गर्दछ । अब त्यसो भएको हुनाले म धन्यवाद दिन्छु माननीय सदस्यहरूलाई र यसलाई अझै परिपक्व बनाउनका लागि यसमा रहन गएका त्रुटिहरूलाई अझै यहाँहरूले संशोधन पनि प्रस्तुत गर्न सक्नुहुनेछ भन्दै धन्यवाद दिन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू प्रशासकिय कार्यविधि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०९

को उपनियम (१)अनुसार प्रशासकिय कार्यविधि व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधनको सुचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल समाप्त भइ सो विधेयकमाथि संशोधनको सुचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कार्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा १९५ मा प्रदेशसभाको कामकारबाही सञ्चालन तथा व्यवस्थापन गर्नको लागि एक सचिवालय रहने व्यवस्था भएबमोजिम प्रदेशसभाको कामकारबाहीमा शीघ्रता प्रदान गरी पारदर्शीता कायम गर्न एवं चुस्त दुरूस्त बनाइ कार्यप्रणालीमा प्रभावकारिता ल्याउन वाञ्छनीय भएकाले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भइ सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) को (ख)बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपर्युक्त छ भनी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राखु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपर्युक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राखुभएको प्रस्ताव सर्वसम्मतीले पारित भएको व्यहोरा घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल श्रावण २५ गते शुक्रबार दिनको १:००सम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३७
(२०७५ श्रावण २५ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३७ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकषर्ण गराउनु पर्ने विषयहरूमा आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेकोछु ।

सर्वप्रथम माननीय श्री अमृता शाही, समय ५ मिनेट ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, हिजो २०७५ श्रावण २० गते पश्चिम रूकुमको चौरजहारी मिसन अस्पतालमा पेट दुखेर उपचार गर्न गएकी अन्दाजी वर्ष २५ कि यसोधरा मल्ल आर.सी. लाई चेकजाँच गर्दा पित्त थैलीमा पत्थर छ, अप्रेसन गर्नुपर्छ भनी बिरामीलाई अप्रेसन थिएटरमा लिएर बेहोस हुने इन्जेक्सेन लगाई, अप्रेसन गरिसके पछि, निज बिरामी पुनः होसमा नआई दुःखद मृत्यु भएको छ । अस्पतालका डाक्टर सिकारू भएका कारण बेहोस हुने इन्जेक्सन्को डोज बढि भएर बिरामीको मृत्यु भएको भन्नेछ । अस्पतालको लापरबाहीका कारण साधारण रोगको बिरामीले पनि ज्यान गुमाउनु पर्ने भएको छ । पीडितलाई क्षतिपूर्ति दिनु कहाँ छ कहाँ झन अँझै प्रहरी प्रशासनले धडपकड गरी पीडितहरूलाई चरम दमन गरेको समाचार आएको छ । जसले गर्दा अस्पताल दुर्घन्धित भएर अस्पतालमा बिरामी जान छोडी सकेका छन् । त्यसैले मृत्यु भएका परिवारलाई सरकारले जतिसक्दो चाँडो क्षतिपूर्ति दिन र त्यो बिरामीलाई लापरबाही गरी मार्ने सिकारू डाक्टरलाई कडाभन्दा कडा कारबाही गर्ने र बिरामीलाई के रे मृतकका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न कर्णाली प्रदेश सरकारसँग सभामुख महोदयमार्फत् भन्न चाहन्छु । सभामुख महोदय, किन होला अहिले पनि देशमा विभिन्न किसिमका हत्या हिंसा भैरहेका छन्, कतै अस्पताल सन्चै भएर गएको बिरामी भएर गएको मान्छे पनि अथवा महिला अस्ति भक्तपुरको कुन अस्पतालमा पनि त्यस्तै पेट दुखेर गएकी एकजनी केटीको डाक्टरको लापरबाहीले मृत्यु भएको थियो । आज पश्चिम रूकुममा पनि मृत्यु भयो अथवा दुनियाँमा यस्तै घटना दिन प्रति दिन भइ राखेका छन्, कस्तो खालको हाम्रो देशको कानून हो ? कलिलाहरू बलात्कारको शिकार हुन्छन् । त्यस्ता जघन्य अपराधलाई प्रशासनले कडाभन्दा कडा कारबाही गरोस, बालिका बलात्कारीहरूलाई, त्यो हत्यारालाई जन्म कैदसम्मको सजाय दिइयोस् भन्न चाहन्छु, सभामुख महोदयमार्फत्, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री कृष्णा शाह आचार्य ।

**माननीय श्री कृष्णा शाह आचार्यः-** माननीय सभामुख महोदय, संविधानमा स्वास्थ्यसम्बन्धी मौलिक अधिकारको व्यवस्था गरिएको छ तर पनि आज हाम्रा जनसमुदायहरूले,

नागरिकहरूले कतै औषधी नपाएर मर्नु परेको स्थिति छ भने, कतै हस्पिटल जाँदा पनि आवश्यक सेवा सुविधा नपाउँदा र केही डाक्टरहरूको लापरबाहीले गर्दाखेरी मृत्यु गर्नुपर्ने स्थिति आईरहेको छ । यही प्रक्रियामा अर्थात यति बेला जाजरकोटको भेरी नगरपालिका वडा नं. १३ कि यसोदा मल्ल आर.सी. वर्ष २९ कि महिला जुन पेटमा पत्थरी भएर दुखेकै कारण हस्पिटलमा गएर भर्ना हुँदाखेरी उहाँलाई दुखाई कम गर्ने इन्जेक्सन दिँदै गर्दाखेरी १७ गते भर्ना भएर २० गतेको दिनसम्म १० वटा सुई दिइएको छ । जहाँ ९ वटा सुई दिँदासम्म उहाँले मलाई ९ वटा सुईले असर गरिराखेको छ, मैले आँखा देख्न छोडी सकेको छु र मेरो शरिर कमजोर भएको छ । म यहाँ बाट डिष्चार्ज हुन पाँउ जहाँ कि मलाई सन्चो हुने स्थिति छैन, म अरू सुविधा सम्पन्न हस्पिटल तिर जान्छुभन्दाखेरी पनि नर्सले उहाँलाई हकारेर १० वटा सुईको रूपमा सुई लगाउँदाखेरी, उहाँको सुई लगाएको ५ सेकेन्ड भित्रै बेहोस हुने स्थिति बनेको छ र त्यतिबेला डक्टर के रे हस्पिटलले अब हामीले बचाउन नसक्ने भयौं तपाईंहरूले हेलिकप्टर मगाउनुहोस्, त्यो चार्ज हामीले तिरी दिन्छौं भन्दै गर्दाखेरी पीडित पक्षले हेलिकप्टर मगायो र हेलिकप्टर आएको ५ मिनेटमा नै डक्टरहरूले उहाँको मृत्यु भएको घोषणा गरेको छ । यसकारण पीडित पक्षको कुरा सुन्दाखेरी यो अवस्था छ । अब हामीले डाक्टरको अवस्थाको बारेमा अर्थात डाक्टरसँग परामर्श नगरी राखेको स्थिति हो । यदि पीडितले भनेको नै यथार्त हो, वास्तविकता हो भने छिट्टै नै यो कर्णाली प्रदेशको सरकारले छानबिन समिति बनाओस् र त्यो छानबिन समितिले सत्यतथ्य पत्ता लगाएर पीडितले भनेअनुसारको यदि डाक्टरको लापरबाहीको कारणले मृत्यु भएको हो भने दोषीलाई कारबाही र मृतकको परिवारलाई राहात स्वरूप क्षतिपूर्ति प्रदान गरोस् भन्ने कुरा म कर्णाली प्रदेश सरकारलाई सभामुख महोदयमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु ।

त्यसै गरी अर्को कुरा हाम्रो बजेट वक्तव्य भएको असार १ गते हो, आज लगभग २ महिना पुग्नै लाग्यो र हामीले अहिलेसम्म संरचना के कति बनि राखेका छन् ? कुन प्रक्रियामा गइराखेको छ ? योजनाहरू कसरी अगाडि बढाउने हो ? कार्यान्वयन कसरी हुने हो ? र हामीले सुनेका थियौं मन्त्रालयवाईज पुस्तिकाहरू छिट्टै नै आउँछ भन्ने सुनेका थियौं के कति बनिराखेका छन् ? त्यो पनि हामीलाई थाँहा छैन । यो जवाफ हामीले पाउनु पर्छ मैले सभामुख महोदयमार्फत् यो सरकारको ध्यानाकर्षण गराउन चाँहे ।

अर्को कुरा मौलिक हकसम्बन्धी कानून निमार्णको कुरा छ । असोज ३ गते यो प्रक्रिया अन्त्य हुँदै छ । समय घर्की राखेको छ, संविधान कार्यान्वयन भएको ३ वर्षभित्रमा मौलिक हकसम्बन्धी कानूनहरू निमार्ण भै सक्नुपर्छ तर अहिलेसम्म पनि कुनै सुनुवाइ भएको छैन । संघीय सरकार मौन छ, प्रदेश सरकारहरूले पनि बोलेको स्थिति छैन् । त्यसैले गर्दाखेरी यो मौलिक अधिकारसम्बन्धी कानून बनाउनको लागि संघीय सरकारलाई प्रदेश सरकारले पनि घच्घच्याउनु पर्छ, उहाँहरूले पनि के रे प्रदेश सरकारले पनि जिम्मेवारी बोधका साथ संघीय सरकारलाई अलिकती त्यहाँ नेर घच्घच्याएर यो कानून

निमार्णसम्बन्धी अगाडि बढाउने प्रक्रियामा जिम्मेवारी बोध गर्नुपर्छ र केन्द्रीय सरकारले, संघीय सरकारले पनि मौलिकहकसम्बन्धी कानून निमार्णको लागि तदारुकताका साथ अगाडि बढनुपर्छ भन्नेकुरा म यहाँ राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुख महोदय, मृगौलामा पत्थरी र संक्रमणको कारण चौरजहारी अस्पतालमा भर्ना भए कि भेरी न.पा. १३ कि यशोदा मल्ल रोकायको गत २० गते चौरजहारी अस्पतालमा निधन भयो । यो निधनको घटना प्रति हामी सबैले उहाँका आफन्तजन र हामी सबैको लागि दुःखद घटना हो, यस प्रति म दुःख व्यक्त पनि गर्दछु तर यो घटना पछि चौरजहारी अस्पताल वरिपरी जुन घटना भयो, त्यसले हाम्रो ध्यान अझ बढि केन्द्रित गरिराखेको छ । एउटा समूहले चौरजहारी अस्पताल वरिपरीको क्षेत्रलाई निसाना बनाएर झन्डै ३५ लाख बराबरको क्षति गरेको छ । अस्पतालभित्र भएका सामाग्रीहरूलाई क्षति पुर्यायो, स्थानीय प्रहरीले धेरै अनुरोध गर्यो सँगसँगै खासगरी स्थानीयले, त्यहाँको नगरपालिकाले, स्थानीय प्रशासनले र स्वयम अस्पतालले पनि विश्वसनीय छानबिन समिति बनाउँ र त्यो समिति बनाएर आउने प्रतिवेदनको आधारमा प्रक्रिया अगाडि बढाउँभन्दाखेरी पनि सम्बन्धित पक्षले मानेन । त्यसो गर्दाखेरी अलिकति बल प्रयोग गरेर भिड नियन्त्रण गर्ने प्रयास प्रहरीले गर्यो तर त्यस क्रममा उल्टो खासगरी १ जना तोडफोडको क्रममा १ जना स्वास्थकर्मी घाइते भए र ४ जना प्रहरी पनि घाइते भएका छन् ।

अब मैले खासगरी सभामुख महोदयमार्फत् एउटा विषय यहाँ ध्यानाकर्षण गराउन खोजिरहेको छु । आजमैले खासगरी कर्णाली प्रदेश सरकारलाई धन्यवाद पनि दिन चाहन्छु । घटना घटे लगतै प्रदेश सरकारले एउटा छानबिन समिति बनाएर पठायो र त्यो समिति आज फर्किएको छ, त्यसको निम्ति प्रदेश सरकारलाई म धन्यवाद दिन पनि चाहन्छु । प्रदेश सरकारले जनताको आवाज सुन्छ भन्ने कुरा त्यो बाट प्रमाणित पनि भएको छ । तर खास गरी म एउटा कुरा, चौरजहारी अस्पताल हाम्रो प्रदेशको दोस्रो एउटा ठूलो अस्पताल हो, जसले आज यो वर्ष मात्रै ४५ हजार बिरामीको सेवा गरेको छ । सुर्खेत पछि दोस्रो ठूलो सेवा गर्ने अस्पतालको रूपमा स्थापित छ र यो वर्ष मात्रै झन्डै ५६ सयलाई वेडमा राखेर उपचार गरेको छ, सँगसँगै ८३५ जना डेलिभरी केसलाई हेरेको छ र झण्डै त्यसमध्ये २४ हजार मान्छेलाई निःशुल्क सेवा प्रदान गरेको छ । यति ठूलो व्यवस्था सेवा गरेको एउटा अस्पतालमा एकाध घटनाले हामीलाई तरङ्गित बनाउने र अस्पतालको वरिपरी डाक्टरको मनोबल कमजोर पार्ने गरी, त्यहाँको वातावरणलाई हैरान पार्ने गरेर, त्यहाँका बिरामीलाई समेत अफठ्यारो पार्ने गरेर ,जुन खालका प्रयासहरू, जुनखालका घटनाहरू भएका छन्, त्यसले स्थानीय गतिविधिलाई धेरै नै आतकिंत र तरङगीत पारेको छ । म सभामुख महोदयमार्फत् खासगरी यो घटना कुन प्रकारको घटना हो त्यो छानबिनबाट देखिने कुरा हो । त्यो पहिल्यै नै डाक्टरलाई दोषी

किटान गर्ने वा पीडितलाई झन पीडित बनाउने कुरा हैन पीडित यदि पीडित छन् भने उसलाई क्षतिपूर्तिको व्यवस्था कानूनअनुसार अस्पतालले गर्ने छ, त्यसलाई कारबाहीको प्रक्रियामा लैजाने तर दोषीले खासगरी दोषी प्रमाणित गर्ने राज्यको कानून हातमा लिएर अरूले नै दोषी प्रमाणित गर्ने, बाहिरबाट दोषी प्रमाणित गर्ने जुन प्रयास हुन्छ त्यो चाहिँ गलत हो । अब छानबिन समितिले जुन प्रतिवेदन पेश गर्छ, त्यही प्रतिवेदनका आधारमा प्रक्रिया अगाडि बढाउने गरी आज मात्रै आफन्तजनहरूले शव बुझी सकेका छन् । अब त्यो प्रक्रिया छानबिन समितिको प्रतिवेदनसम्म प्रक्रिया अगाडि बढ्ला र मैले खासगरी सभामुख महोदयमार्फत् यस्ता घटनाहरू कानूनी राज्यको अनुभूति गर्ने गरी आगामी दिनमा सर्वसाधारणलाई कुनै पनि प्रक्रिया समस्या पर्यो भने प्रशासनमा जाने, आफूलाई मर्का पर्यो भनेर निवेदन पेश गर्ने पेश गर्ने र राज्यले तत्कालै आफ्नो उपस्थिति जनाउने र सहज वातावरण बनाउँदा राम्रो हुन्छ । लासमा राजनीति गर्नु त्यति राम्रो हुंदैन, जुन सेवा त्यो चौरजहारी अस्पतालले दिइराखेको छ, त्यसलाई अंझै हामीले मलाई अझ एउटा अनुभूति छ, सभामुख महोदय, रूकुम जिल्लामा अहिले पनि हामी एउटा विशषेज्ञ सेवा दिन सकेका छैनौं, यो अस्पतालले अष्ट्रेलियाबाट, दक्षिण कोरियाबाट र जापानबाट विषशेज्ञ डाक्टरहरू ल्याएर नियमित जसो विषशेज्ञ सेवा दिइ राखेको छ, अहिले पनि नियमित विषशेज्ञ सेवा नियमित जसो गरिराखेको छ, । त्यहाँ पनि विषशेज्ञ डाक्टरहरू बसिराखेका छन् । रूकुमको सरकारी अस्पतालमा हामी आफै बाध्य छौं कि सरकारले उचित सेवा दिन सकि रहेको छन । यो HDCHमार्फत् संञ्चालित अस्पताल हो तर हामी सरकारी अस्पतालमा यस्तो अवस्था भोगी राखेका छौं पहिलेका मेरो अनुभव के छ भने आयुर्वेद चिकित्साशात्र पढेका डाक्टरहरूले जनस्वास्थ्यको नेतृत्व गरेको हाम्रो अनुभव छ । डाक्टरहरू नआउने अवस्था र विकटमा आएर काम गर्ने अवस्था छैन तर चौरजहारीमा त्यो व्यवस्था छ । यसलाई हामीले कहीं न कहीं कुनै पनि अवस्थामा स्वास्थ्य क्षेत्रमा त्यस अस्पतालले गरेको योगदानलाई निरूत्साहित गर्ने गरी कार्य नगरौं र सँगसंगै अस्पतालको तर्फबाट लापरबाही हुने गरेका छन् भने पनि त्यसलाई नियन्त्रण गरौं, त्यो नै हाम्रो बाटो हो । सभामुख महोदयमार्फत् त्यही कुरा राख्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, यस सभामा विषेश समय लिएर बोल्नु भएका विषयमा विभागीय मन्त्रीज्यूहरूको ध्यानाकर्षणको लागि रूलिङ्ग गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल पछि संशोधनको समयमा कुनै पनि संशोधनको सूचना प्राप्त नभएको हुनाले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१ बमोजिम विधेयक प्रस्तुतकर्ता सदस्य आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले प्रदेशको शीघ्र समृद्धिका लागि नीति तथा कार्यक्रम, बजेट कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बोर्ड, आयोग, समिति, परिषद् वा यस्तै प्रकृतिका संस्था गठनका लागि कानून तयार गर्न आवश्यक भएकाले प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा बनेको विधेयक, २०७५, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १२१बमोजिम पारित गरियोस् भन्ने प्रस्ताव सभासमक्ष पेश गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नुभएको प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा माननीयहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल समाप्त भइ, सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:-** माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भइ, सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उप नियम १ (ख) बमोजिम सामाजिक विकास समितिमा पठाउन सभासमक्ष अनुरोध गर्दछु, धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपर्युक्त छ भनी कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी. ले राखुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय हरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीयहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय हरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपर्युक्त छ भनी कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.ले राख्नुभएको प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-३८

(२०७५ आश्विन २३ गते मङ्गलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३८ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू अब म गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्थापन गर्न बनेको विधेयक....

के विषयमा हो माननीय सदस्य । समय माग्नु पर्थ्यो । सुन्ने समय हो वा विशेष समय ।

**माननीय श्री दीनवन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, आज प्रदेशसभाको यो सदन हामी करिब-करिब २ महिना पछि बस्दैछौं । नेपाली कांग्रेस प्रतिपक्ष दलको नाताले हामीले सुरूबाट यो प्रदेशको नामाकरण, राजधानीको नामाकरण गर्ने कुराहरू लिंदा हामी पक्ष र विपक्ष नबनेर कर्णाली प्रदेशको समृद्धि र विकासका लागि एक भएर जानुपर्छ भन्ने नेपाली कांग्रेस प्रतिपक्ष भए पनि सहयोगीको रूपमा अगाडि बढ्छ भन्दै हामीले त्यो भूमिका निर्वाह गर्दै आएका थियौं, सभामुख महोदय, तर अझ पनि हामी सरकारका राम्रा कुराहरूमा विकास निमार्णका कुराहरूमा यस प्रदेशका जनताको उत्थानका कुराहरूमा हामी साथ दिन तयार छौं तर आज बाध्य भएर भन्नुपर्छ, सभामुख महोदय । आज २ महिना पछि सदन बस्दा पनि सदन विधेयक विहीन छ, विधेयक आएको छैन र सरकारले यत्रो लामो समयमा अति आवश्यक विधेयकहरू यहाँ ल्याउनु पर्दथ्यो, त्यो आएको देखिएन । या त सरकारले यो गरिमामय सदनलाई बन्धक राख्न खोजेको होकी, या त सरकार अहिले आफ्नै कार्यशैलीमा हामीले रूमल्लिएको देख्यौं, यो सदनको जरूरी र महत्वका कुरा विधेयकहरूमा ध्यान दिएको हामीले पाएनौ । प्रतिपक्षको धर्म हो, सरकारका राम्रा कुरामा साथ दिने र सरकारले दायाँ बाँया कुरामा हामी आम कर्णाली प्रदेशका जनताका लागि बोल्नुपर्ने बाध्यता हुन्छ । सभामुख महोदय, मलाई लाग्दछ, हाम्रो २०७५/०७६ को बजेट आउँदाखेरी, हामीले भनेका थियौं प्रतिपक्ष दलले कि यो बजेट आए ठीक छ, अब रातो किताबमा तत्काल प्रष्ट रूपमा आउनु पर्यो भनेर हामीले सदन पनि अवरूद्ध गर्यौं । सभामुख महोदय, तर त्यतिखेर हाम्रा आर्थिक मामिला मन्त्रीज्यूले प्रतिवद्धता जनाउनुभयो, छिटोभन्दा छिटो हामीले रातो किताबमा प्रत्येक बजेटमा कहाँ, कति विनियोजन गरेर ल्याउँछौं भनेर भन्नु भएको थियो, आज ४ महिना बित्यो माननीय सभामुख महोदय, सरकार कहाँ हेरेको छ ? हामी सुन्दछौं, त्यो बजेटहरू तपाईहरूले वेबसाईटमा हेर्नुहोस्, त्यहाँ अपलोड गरिएको छ भनेर, के कर्णाली प्रदेशले आज यत्रो विकास गरिसक्यो ? फड्को मारी सक्यो ? कर्णाली प्रदेशका जनताहरू आज डिजिटल प्रणालीमा गइसके ? सरकार पेपरलेसमा गैसक्यो ? सभामुखज्यू, आज सारा काम एउटा गाउँपालिकाबाट अर्को गाउँपालिकामा, एउटा क्षेत्रबाट अर्को क्षेत्रमा चाहिँने

सामान्य सडक छैन, हामीसँग खानेपानीको व्यवस्था छैन्, सिंचाइको व्यवस्था छैन, महत्वपूर्ण कुराहरू धेरै छन् गर्नु पर्ने तर सबैलाई पन्छाएर, अन्य प्रदेशलाई पनि हामीले उछिनेर यति छिटो कर्णाली प्रदेश अब डिजिटल प्रदेशमा प्रवेश गरिसक्यो ? के आमजनताको त्यो प्रविधिसम्म पहुँच छ ? विकास निमार्ण कहाँ कहाँ पर्यो उनीहरू त्यो डिजिटल बाट हेर्ने सक्ने पहुचँ छ कि छैन ? त्यो पहुँचमा कर्णाली प्रदेशका जनता पुगेका छन् कि छैनन् ? आज यस सदनका सदस्यहरूले त्यो रातो किताबमा कहाँ कहाँ बजेट पर्यो थाहा पाउनु पर्छ कि पर्दैन ? संसदहरूलाई जानकारी हुन पर्छ कि पर्दैन ? आज हामी जिल्लामा जादाँ सभामुख महोदय, हामी वेजवाफ भएका छौं, हामीलाई आमजनताले सोध्छन्, विकास निमार्ण कहाँ पर्यो त ? हामीलाई थाहा छैन कहाँ पर्यो, त्यही मन्त्रालयमा सोधें मैले मन्त्रीज्यूहरूलाई ४ महिना बितिसक्यो अझ के रे ल्याउनुस् तपाईहरूको क्षेत्रको के छ कुरा, चार चार महिनासम्म पनि बजेट कहाँ पर्यो भन्ने निर्णय हुन्न भने कर्णाली प्रदेशका जनताको हक हितमा लागेको छ भन्ने अनुभूति दिन लागेको हो कि हामी संसदहरूलाई पनि सरकारको कारणले जिल्लामा जान र बाहिर जवाफ दिन गाह्रो भो, माननीय सभामुख महोदय । त्यसैले यो एउटा गम्भीर कुरो हो, यो सदनप्रति सरकारले के गर्न खोजेको हो ? हामी यसमा प्रतिपक्षको दलले गम्भीर छौं । यदि हामीले सदनबाट नसुन्ने हो भने सडकबाट भए पनि जनताका माझमा जान हामी बाध्य हुनेछौं तर हामी यो चाहान्नौ । सरकारले यी कुराहरू समयमै सम्वोधन गरोस्, यो विकासको लागि हामी मिलेर जानुपर्छ भन्ने प्रतिपक्षको ध्येय हो तर त्यो बजेट आउन सकेन आज वाध्य भएर हामीले यहाँ राख्नु परेको छ । त्यसैले अर्को कुरो रातो किताब महत्वपूर्ण र अरूपनि महत्वपूर्ण विधेयक यहाँ आएका छैनन् । हामीसँग विधेयक छैन सदन चलाउनको लागि सदन चलाएको हो कि के हो ? माननीय सभामुख महोदय, म सेवा सुविधाको कुरा गर्छु, यहाँ नेर सेवा सुविधा चाहिँन्छ, हुनुपर्छ भनेर मैले जोड दिन खोजेको हैन । अन्य प्रदेशमा निर्णय भै सक्यो अब आज के भन्न चाहन्छु भने, प्रतिपक्षको नाताले सेवा सुविधा नलिने निर्णय गरौं, हामीलाई सेवा सुविधा चाहिँन्छ भनेको हैन, प्रतिपक्ष संसदहरूले लिएको सेवा सुविधा फिर्ता गर्न तयार छौं । हामी सबै हुन्छौ कि नाई, त्यो निर्णय गरौं त । आज त्यो विधेयक के कारणले आउन सकेन ? अर्को कुरो सभामुख महोदय, यहाँ विधेयकका कुराहरू छन्, महत्वपूर्ण कुरा बजेटको कुरो हो यो जबसम्म आज यति लामो समयसम्म हामीले बजेट पाउन सकेनौं र त्यो एउटा जनताप्रति खेलवाड हो र प्रतिपक्षको धर्मले मैले अघि पनि भने हामीले यी कुरा चुप लाग्नु भनेको, हामीले पनि एउटा जनताप्रति गैर जिम्मेवार काम गरेको ठहर्छ । त्यसैले म यहाँ सभामुख महोदयमार्फत् के भन्न चाहन्छु २०७५/०७६ मा विनियोजन भएको बजेटको रातो किताब र अरू महत्वपूर्ण विधेयकलगायत सरकारले दुई दुई महिनासम्म विधेयक विहीन यो संसदलाई बनायो, सरकार उद्घाटन, भाषण र कार्यक्रम मै सीमित भएको हामीले पायौं, हामीले त्यसका लागि विरोध गर्न खोजेको हैनौं । सदनलाई पनि

बिजनेश दिनुपर्यो, महत्वपूर्ण कुरा त्यता पनि ध्यान दियौ तर त्यता ध्यान दिएको नपाएको हुनाले सभामुख महोदय, प्रतिपक्षको धर्मले आज हामी जबसम्म रातो किताबमा यकिन गरेर बजेटको आउदैन र आज यो दुई-दुई महिनासम्म संसदले बिजनेश किन पाएन, सरकारका कामकारबाहीका विषयमा ४ महिना पछि पनि मन्त्रीहरूले, अझ पनि तपाईहरूको के हो भनी सोधिरहनु भएको छ । यसको प्रष्ट जवाफ माननीय मुख्यमन्त्रीज्यूले यो सदनमा संसदहरूलाई जानकारी दिनु हुन्न तबसम्म सभामुख महोदय, यो सदनको कामकारबाही अगाडि बढ्न सक्दैन्, सभामुख महोदय ।

**माननीय सभामुखः-** बसौं, बसौं, माननीय सदस्यज्यूहरू ।

माननीय सदस्यज्यूले उठाएका विषयका कुराहरूमा हामी सरकारसँग कुरा गर्छौं, कुरा गर्ने नै छौं ।

माननीय सदस्यहरू, आजको बैठकलाई सुचारू गर्नलाई सहयोग गर्नुहोस् ।

आसन ग्रहण गरौं, माननीय सदस्यज्यूहरू, केही कुरा भए पछि हामी छलफल गरौंला ।

बैठक सञ्चालनका लागि सहयोग गरौं माननीय सदस्यहरू, माननीय सदस्यहरूले उठाउनु भएको कुरा खास समसामयीक कुरा उठाउनु भएको छ, यो सरकारको प्रवृतिको कुरा गर्नु भएको छ । ती विषयहरूमा हामी आवश्यक रूपमा छलफल गरौंला, संसद बैठकमा पनि, विशेष समयमा पनि । सरकार प्रति आफ्नो धारणा माननीय सदस्यहरूले राख्न सक्नुहुन्छ ।

आजको बैठक सञ्चालन गर्नलाई माननीयज्यूहरूले सहयोग गरौं, आफ्नो स्थानमा आशन ग्रहण गरौं, माननीय सदस्यहरू ।

बैठक अवरूद्ध गरेर समस्या समाधान हुने होइन माननीय सदस्यज्यूहरू । बैठक सञ्चालनमा सहयोग गरौं र आफ्ना विचारहरू राखौं । आफ्ना विचारहरूमार्फत् सरकारलाई सही दिशामा ल्याउन सहयोग गरौं ।

बैठक सञ्चालनका लागि सहयोग गरौं, माननीय सदस्यहरू । आसन ग्रहण गर्न म अनुरोध गर्दछु ।

मैले फेरी अनुरोध गरे, माननीय सदस्यहरू, आफ्नो स्थानमा आसन ग्रहण गरेर बैठक सञ्चालनको लागि सहयोग गरिदिनुहोस् ।

अब यो बैठक १० मिनेटका लागि स्थगित भएको घोषणा गर्दछु ।

□□□

## बैठक संख्या –३९

(२०७५ कार्तिक १३ गते मङ्गलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ३९ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेशसभाको ३८ औं बैठकमा माननीय सदस्यहरूले उठाउनु भएका विषयलगायत सरकारले गरेका कामकारबाहीको सन्दर्भमा सरकारको तर्फबाट धारणा राख्नका लागि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई समय दिन्छु।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीः–** माननीय सभामुख महोदय, यस गरिमामय सदनमा अहिलेसम्म प्रदेश सरकारले भएगरेका कामहरूको बारेमा संक्षिप्त रूपमा जानकारी गराउनका लागि केही समय संसद अवरूद्ध भएको अवस्था थियो र संसद अवरूद्ध हुँदा प्रमुख प्रतिपक्ष दलले उठाएका विषहरूमा केन्द्रित रहेर केही सरकारको तर्फबाट म धारणा राख्न गइराखेको छु र माननीय सभामुखबाट म अनुमति लिन चाहन्छु र अहिलेसम्म प्रदेश सरकारले गरेका मुख्य-मुख्य कामहरूका बारेमा सबैभन्दा पहिला त प्रदेश सरकारले लामो छलफल सबै क्षेत्रको राय सल्लाह र परामर्शको आधारमा अहिले तत्काल चाहिँ हामीले यो २०७५/०७६ को नीति तथा कार्यक्रम हामीले सार्वजनिक गर्नका लागि तयारी गर्यौं र प्रदेश सरकारले त्यो सार्वजनिक गरेको चाहिँ छ र अहिले तत्कालिन र केही रणनीतिक चाहिँ विषयहरूलाई उठान गरेर हामीले पहिलो पटक प्रदेश सरकार गठन भएको चाहिँ छ र पहिलो पटक प्रदेश सरकारको गठन भएको सन्दर्भमा हामीसँग अहिले पूर्व निर्धारित अथवा निर्मित हामीसँग त्यो कुनै कार्यक्रमहरू कुनै नीतिहरू नभइराखेको सन्दर्भले प्रारम्भिक चरणमा पहिलो पटक सुरूमा हामीले त्यसको थालनी गरेका थियौं । त्यसो हुँदा यसलाई अलिकति हामीले विस्तृत र व्यापक रूपमा विषयवस्तुहरूको उठान गर्नका लागि हामीले सरकारको तर्फबाट नीति तथा कार्यक्रमहरू हामीले तयारी गर्यौं र सार्वजनिक सदनमा हामीले पेश गर्यौं । र त्यसपछि हामीले नीति तथा कार्यक्रमको आधारमा टेकेर त्यसपछि प्रदेश सरकारले बजेट निमार्ण चाहिँ गर्यौं । र बजेट हामीले निमार्ण गर्ने योजनाहरूको छनौट गर्ने हाम्रा आधारहरू र हाम्रा प्राथमिकताहरू के बनाउने भन्ने कुराको म पनि केन्द्रित रहेर छलफल गर्यौं विभिन्न क्षेत्रमा र छलफल पश्चात अहिले हामी पहिलोपटक यो नयाँ संरचनामा चाहिँ गएका छौं र पहिलोपटक हामी सबै निर्वाचित भएर पनि हामी आएका छौं र जनताका ठूलाठूला समस्याहरू मात्रैभन्दा पनि सानातिना समस्याहरू जनताका धेरै छन् र थोरै लगानीले पनि तत्काल समस्याको समाधान चाहिँ गर्न सकिन्छ । यसो हुँदा हामीले बजेटको मुख्य सैद्धान्तिक हामीले केन्द्र त्यसलाई नै मानेर बजेट हामीले बजेट विनियोजन गर्यौं हामीले बजेट बनायौं र त्यसपछि हामीले संघीय सरकारसँग यतिखेर हामीसँग प्रदेश सरकारले

तयार पारेको योजनाहरू चाहिँ हामीसँग छैन र हामीले योजना कार्यान्वयन गर्दा अथवा हामीले योजना निर्माण गर्दा कर्णाली प्रदेशको समग्र अध्ययन गरेर कर्णाली प्रदेशको भौगोलिक अवस्था त्यसको जनताको स्थिति र अहिलेको तत्कालिन आवश्यकताहरू के हुन उहाँहरूको समग्र पहिचान गर्ने र हामीले भन्यौ कर्णाली प्रदेश सरकारले बृहत गुरुयोजना बनाएर सबै क्षेत्रको कहाँ-कहाँ कुन-कुन क्षेत्रको योजनामा के–के हामीले काम गर्दाखेरी समग्र यो प्रदेशको विकास गर्न सकिन्छ । र कस्ता प्रकारका हामीले कार्यक्रमहरू सञ्चालन गर्दा जनताको आर्थिक क्षेत्रमा वृद्धि ल्याउन सकिन्छ, उत्पादन वृद्धि गर्न सकिन्छ । यसका बारेमा समग्र अध्ययन नभइराखेको स्थितिमा अहिले तत्काल हामीले काम गर्नुपर्ने र केही योजनाहरू अहिले तत्काल अगाडि बढाउनुपर्ने संघीय सरकारसँग हामीले माग गर्नुपर्ने र विभिन्न लगानीकर्ताहरूसँग पनि हामीले केही प्रोजेक्टमा आधारित रहेर आयोजनामा आधारित रहेर हामीले छलफललाई अगाडि बढाउनुपर्ने अहिलेको अवस्था हामीसँग थियो । त्यसैले हामीले अहिले तत्काल चाहिँ हामीले केही पहिचान गरेर सडकहरू चाहिँ छन् हाइड्रोपावर चाहिँ छ र केही कृषिका प्रोजेक्टहरू छन्, स्वास्थ्य छ , शिक्षा छ । यी सबै क्षेत्रलाई समेटेर २२ वटा हाम्रा योजनाहरू चाहिँ अहिले प्रदेश सरकारको मुख्य प्राथमिकता चाहिँ हो भनेर प्रदेश सरकारले क्याविनेटमा निर्णय गरेर मन्त्रीपरिषद्मा निर्णय गरेर संघीय सरकारलाई चाहिँ पेश गरेको छ र त्यसपछि केही आयोजनामा केन्द्रित रहेर हामीले केही लगानीकर्ताहरूसँग छलफल गर्दै अगाडि बढाएका छौं र अहिले मुख्य गरी नेपाल सरकारसँग साझेदारी संघसंस्थाहरूसँग पनि हामीले छलफल अगाडि बढाएका चाहिँ छौं र त्यो छलफलमा हामीले भर्खरै असोज २२ गते यही प्रदेश राजधानी सुर्खेतमा पनि हामीले छलफल अगाडि बढायौं र यसमा युरोपियन युनियन, विश्व बैक, डि.एफ.आई.डी, वर्ल्ड बैंकलगायतका यी केही साझेदारी संस्थाहरूसँग एकचरण हामीले छलफल सम्पन्न गरेका छौं र त्यसपछि हामीले फेरी निजी लगानीकर्ताहरूसँग पनि हामीले छुट्टाछुट्टै राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीकर्ताहरूसँग पनि कर्णाली प्रदेशमा लगानीका बारेमा हामीले छलफल अगाडि बढाएका छौं र त्यसपछि यो कर्णाली प्रदेशमा लगानी ल्याउनका लागि अहिले त्यति सजिलो चाहिँ छैन । हामीसँग भौतिक पूर्वाधारको अभाव छ । हामीसँग लगानी ल्याउनका लागि कुनैपनि उद्योग स्थापना गर्नका लागि कुनैपनि आयोजना अगाडि बढाउनका लागि हामीसँग सडक छैन, हामीसँग अहिले पनि कुनै सानो उद्योग स्थापना गर्नका लागि पर्याप्त हामीसँग विद्युत छैन अहिलेको त्यही ३३ के.भी प्रसारण लाइनले अहिले पनि हामीलाई विद्युत आपूर्ति गर्ने मामिलामा हामीलाई समस्या भएको छ र भौगोलिक हिसाबले पनि केही अफ्ठ्यारो भूगोल चाहिँ छ । यस्तो ठाउँमा लगानी गर्नका लागि बाहिरका लगानीकर्ताहरू आउदा त्यति फाईदा चाहिँ देखिँदैन यो अवस्थामा हामीले कसरी लगानीकर्ताहरूलाई यो प्रदेशमा ल्याउन सक्छौं । लगानीकर्तालाई पनि केही अलिकति आकर्षक हामीले सुविधाहरू चाहिँ हामीले दिन सकेनौं भनेपनि यो प्रदेशमा लगानी गर्ने लगानीकर्ताहरू चाहिँ आउन सक्दैनन्

त्यही भएर हामीले एउटा तत्काल केही लगानीकर्तालाई आकर्षण चाहिँ होस भनेर लगानीकर्ता कर्णाली प्रदेशमा आकर्षित होस् भनेर प्रदेश सरकारले १० वर्षसम्मका लागि संघीय सरकारले प्रदेश सरकारले कर नलिने व्यवस्था अवश्यकता चाहिँ छ र यो हामीले तुरून्तै संघीय सरकारले निर्णय गरिदिनुपर्छ भनेर हामीले प्रदेश सरकारको निर्णयसहित हामीले संघीय सरकारलाई पेश गरेका छौं र यसमा प्रधाननमन्त्रीसँग छलफल भयो र संघीय सरकारको पनि पोजेटिभ धारणा चाहिँ छ । यसमा यो कर्णाली प्रदेशमा जो केही लगानी गर्न सजिलै तरिकाले जादैनन् त्यो क्षेत्रमा लगानी गर्नका लागि हामीले केही आकर्षण सेवा सुविधा दिनुपर्छ यो आवश्यक छ भनेर यसमा उहाँहरू पोजेटिभ चाहिँ देखिनु भएको छ र त्यसपछि हामीले फेरी समग्र कर्णाली प्रदेशको के छ यहाँको अवस्थाको बारेमा र सम्भावनाका बारेमा तत्काल तपाईंको संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकार बीचको समन्वय कसरी गरेर जाने भन्ने हिसाबले हामीले एकपटक केन्द्रमा पनि संघीय सांसदहरू राष्ट्रिय सभाका संसदहरू र प्रदेश सरकारका मन्त्रीहरू र उपलब्ध प्रदेश सरकारका संसदहरूसहितको एउटा अन्तरक्रिया कार्यक्रम हामीले काठमाण्डौमा गरेका छौं । र त्यसपछि लगानी बोर्डसँग अर्को एउटा अन्तरक्रिया कार्यक्रम चाहिँ भएको छ । काठमान्डौंमा र अहिले लगानी कसरी ल्याउन सकिन्छ कर्णाली प्रदेशमा र लगानीका क्षेत्रहरू के–के हुन सक्दछन्, कुन क्षेत्रमा तत्काल लगानी गर्न सकिन्छ । क्षेत्रको हुन भनेर त्यो क्षेत्रका बारेमा पनि व्यापक छलफल भएको चाहिँ छ र लगानी बोर्डले पनि आवश्यक लागनी कर्णालीमा हामीले सहयोग गर्ने प्रतिवद्धता लगानी वोर्डले पनि जाहेर गरेको छ । र त्यसपछि राष्ट्रिय योजना आयोगसँग पनि एकराउण्ड काठमान्डौंमा हामीले छलफल गरेका छौं र छलफल गरी सकेर लगानी यो राष्ट्रिय योजना आयोगले पनि अब कर्णाली प्रदेशको समग्र योजना निमार्णको लागि राष्ट्रिय योजना आयोगले खेल्नुपर्ने भूमिकाका बारेमा हामीले छलफल गयौं र त्यसपछि अब हिजोको भूमिकामा मात्रै सीमित भएर चाहिँ हुँदैन र अहिले अलिकति भूमिकामा चाहिँ जानु पर्दछ । तर हिजो राष्ट्रिय योजना आयोगले गरेको काम भनेको माग भएर आएका योजनाहरूलाई सूचिकृत गर्ने काम बाहेक अलि नयाँ ढङ्गले कसरी हुल चाहिँ देशको योजनाको खाका बनाएर कति किलोमिटर सडकको आवश्यक्ता छ । कति किलोमिटर हामीले विजुलीको लाईन तान्यौ भने प्रत्येकको घरमा वत्ति पुयाउन सकिन्छ । कति हामीले खानेपानीको लाईन तान्यौ भने प्रत्येकको घरमा खानेपानी पुयाउन सकिन्छ । कतिवटा स्कुल भयोभने शिक्षादिन सकिन्छ । कतिवटा हस्पिटल हरूभयो भने चाहिँ जनतालाई स्वास्थ्य सेवादिन सकिन्छ र उत्पादनका केन्द्रहरू कहाँ कहाँ के के हुन्छन् प्राकृतिक साधन स्रोत के के छन् यी सबै विषयहरू को गहिरो अध्ययन गरेर योजना निमार्ण गरेर त्यसको कार्यान्वयन को लागि कति बजेट लाग्ने हो सडकका लागि नेपालमा आवश्यक सडक कम्पिलीट गर्नका लागि सम्पन्न गर्नका लागि बति बजेट चाहिँने हो । सबै को घरमा वत्ति पुयाउनलाई चाहिँ कति बजेट चाहिँने हो र हामीले विभिन्न

आर्थिक उत्पादनका कार्यक्रमहरू सञ्चालन गर्नका लागि कति बजेट चाहिँने हो बजेटको योजना हामीले डि.पि.आर.सहितको रिपोर्ट हामीसँग भयो भने त्यसपछि त्यो बजेट व्यवस्थापन कसरी गर्ने हाम्रो आन्तरिक स्रोत कति हो र त्यसपछी हामी कति बाह्य स्रोतहरू जुटाउन सक्छौं, हामी कति ल्याउन सक्छौं । त्यसको आधारमा हामीले कार्यान्वयन को योजना बनाएर अगाडि बढदा मात्रै यसको प्रभावकारिता अगाडि बढन सक्छ त्यो भएन तर त्यो आवश्यक चाहिँ छ । यसकारण हामीले कर्णाली प्रदेशमा हामीले सुरू गर्दैछौं । यसमा आवश्यक सहयोग तपाईंहरूको चाहिँ छ भन्ने हामीहरूले छलफल गर्यौं त्यसपछि प्रदेश स्तरीय हामीले कार्यक्रम पनि राखेका छौं र हामीले छलफल हामीले गर्दछौं भन्नेकुरा भयो र हिजो अस्ती मात्रै सुर्खेतमा राष्ट्रिय योजना आयोगले एउटा कार्यक्रम राखेको चाहिँ छ र अहिले हामीले सरकारले प्रदेशमा पनि तत्काल हामीले योजना आयोग बनाउन जरूरी चाहिँन्छ  तर हामीले योजना आयोग कस्तो प्रकारको चाहिँ बनाउने भन्ने कुरामा हामी छलफल गरिराखेका चाहिँ छौं । योजना आयोग बनाउनका लागि मात्रै संस्थामात्रै खडागरेर त्यसको प्रभावकारिता रहन सक्दैन । अब यसलाई प्रभावकारिता हामीले दिनका लागि संरचना कस्तो बनाउने कस्तो प्रकारको जनशक्ति हामीले राख्ने र उसको चाहिँ कामको क्षेत्राधिकार के दिने भन्ने कुराका बारेमा पनि हामीले छलफल गरेर त्यो ढङ्गको व्यवस्था गरेर मात्रै अगाडि बढाउन सकिन्छ । भनेर छलफल भइ राखेको चाहिँ छन् । यसको संरचनागत छलफल र यसले काम गर्ने क्षेत्रका बारेमा यो छलफल भइ राखेको चाहिँ छ र त्यसपछि अहिले फेरी तत्काल हामीले यो बजेटलाई कार्यान्वयन गर्नका लागि केही हाम्रा अगाडि चुनौती छ । अहिले हाम्रो अगाडिको मूख्य चुनौती भनेको एउटा त हामीले बजेटलाई बढि विकेन्द्रित गरेका छौं । र अहिलेको यो विकेन्द्रित बजेटलाई कार्यान्वयन गर्नका लागि हामीसँग जनशक्ति पर्याप्त छैन अहिलेपनि हामी सँग चानचुन त्यही ३५देखि ४० को हाराहारीमा मात्रै हामीसँग कर्मचारी जनशक्ति उपलब्ध चाहिँ छ । सबै फेरीपनि कर्मचारी जति हाम्रो प्रदेशको लागि छुट्टायाइएको के हो ? त्यो जनशक्ति हामीसँग उपलब्ध भएको छैन र अहिले अर्कोकुरा संरचनागत समस्याहरू छन् । संघीय सरकारलेमाथिबाट बनाएर पढाएका संरचना बाहेक अहिले प्रदेश सरकारले आफ्ना संरचनाहरू राख्ने स्थिति सिर्जना भएको छैन । अहिले संघीय सरकारले केन्द्रबाट निर्धारण गरेर पढाएका संरचनाहरूको आधारमा टिपेर हामीले काम गर्दाखेरी अझै हाम्रा केही सुधार छन् । हामीले अहिले १० वटा जिल्लामा अस्थायी कार्यालय स्थापना गरेका छौं । सबै मन्त्रालयहरूका चाहिँ अस्थायी कार्यालय स्थापना गरेर हामीले काम गर्ने भन्ने प्रदेश सरकारले तयारी चाहिँ गरी राखेको थियो तर अहिले प्रदेश सरकारले तत्काल चाहिँ संरचना खडा गर्न नसकिने परिस्थिति चाहिँ सिर्जना भएको छ । अहिले जसरी केन्द्रले संरचना तोकेर पठायो र त्यसपछि ती संरचनाका लागि भनेर सिधै कर्मचारीहरूको खटनपटन गर्यो र ती कर्मचारीलाई फेरी जुन ठाउँका लागि जुन तपाईंको अफिसको लागि पठाइएको हो ।

संरचनाका लागि त्योभन्दा दायाँबायाँ तत्काल प्रदेश सरकारले आफ्नो तरिकाबाट आफ्नो संरचनागत सेटिङ्ग र जनशक्तिको परिचालन गर्ने अवस्था चाहिँ रहेन । केही समस्या चाहिँ रहे त्यहाँ त्यसपछि यसलाई कार्यान्वयनका लागि यी समस्याहरू हाम्रा अगाडि हुँदाहुँदै पनि हामीले यसको कार्यान्वयनका लागि अहिले तत्काल चाहिँ कार्यविधि बनाएर प्रत्येक मन्त्रालयले कार्यविधि बनाएर निर्देशिका चाहिँ बनाएर बजेटलाई तत्काल कार्यान्वयनमा लैजानका लागि प्रत्येक मन्त्रालयलाई निर्देशन चाहिँ भएको छ र अहिले त्यो बजेट कार्यान्वयनका लागि तत्काल सेवा करारमा कर्मचारी नियुक्ति गर्ने हामीसँग चाहिएको भनेको प्राविधिक जनशक्ति चाहियो यो बजेट कार्यान्वयनका लागि चाहिँने हामीलाई आवश्यक प्राविधिक जनशक्तिलाई हामीले ल्याउनका लागि अस्थायी रूपमा करार सेवा करार रूपमा राखेर काम अगाडि बढाउनका लागि आवश्यक तयारी भइराखेको छ र त्यसपछि अहिलेका हाम्रा योजना कार्यान्वयनका लागि मन्त्रालयहरू तत्काल कार्यविधि निर्देशिका र त्यसपछि कामगर्ने कार्यतालिकासहितको तयारीमा मन्त्रालयहरू जुटिराखेका छन् र त्यसपछि त्यसको आधारमा अहिले हाम्रा छनौट गरिएका योजनाहरूलाई कार्यान्वयनका लागि तत्काल चाहिँ कन्सल्टेन्सी हायर गर्नका लागि हामीले खोल्ने र त्यसपछि सर्भे सबै रिपोर्ट आइसकेपछि तुरून्तै हामीले टेन्डर प्रक्रियामा जाने र कतिपय उपभोक्ता सिष्टमबाट अगाडि बढाउने आयोजनाहरू तुरून्तै प्रारम्भिक रिपोर्ट आइसकेपछि अगाडि बढने र जति सकिन्छ हामीले बजेट कार्यान्वयनमा जानुपर्दछ । थोरै पनि हामीले ढिला सुस्ती गर्यौं भने हामीले यो वर्षको बजेट फेरी कार्यान्वयन गर्न सकिदैन भनेर व्यापक छलफलसहित आवश्यक निर्देशन मन्त्रालयलाई चाहिँ गरिएको छ र त्यसपछि बजेट कार्यान्वयनमा अगाडि बढ्छ र अहिले अरू तत्काल हामीले प्रदेश सरकारले तयार पार्नुपर्ने केही ऐनको कुरा चाहिँ छ र यसका लागि पनि हामीले अहिले यहाँ विषय पनि फेरी उठ्यो सदनलाई विजनेश दिन सकेन सरकारले भन्ने विषयहरू पनि उठिराखेका चाहिँ छन् । अहिले सरकारको मान्यता के हो भने कानून बनाउने कुराहरू हामीले सामान्य रूपबाट लिनुहुँदैन कानून भन्ने कुरा हाम्रा वाधा फुकाउनका लागि अफ्ठ्यारोलाई सजिलो पार्नका लागि सजिलो बनाउनका लागि कानून आवश्यक पर्दछ । कानून मात्रै हामीले धेरै बनाउने र त्यसको कार्यान्वयन सही ढङ्गको भएन भनेपनि त्यो कानूनको अर्थ रहदैन । त्यसैले कानून बनाउने कुराहरू हामीले कहिकतै कुनै ठाउँको कुनै क्षेत्रको कपि गरेर पनि हुँदैन । हाम्रो कर्णाली प्रदेशको यहाँको भौगोलिक अवस्था के छ ? यहाँको स्तुगत अवस्थाहरू के छन् । यहाँका समस्याहरू के छन् भन्ने कुराहरू के पहिचान गरेर हामीले बनाउने कानून नै सबैभन्दा राम्रो कानून हुन सक्छ । यसकारण कानून निमार्णका लागि व्यापक छलफल र बहस गर्ने जस्तो कि हामीले किसानका बारेमा केही हामीले कानून बनाउनु छ भने किसानहरूसँग हामीले राय सल्लाह परामर्श दिएर किसानहरूको पनि तपाईं को प्रतिक्रिया लिएर के छन् किसानहरूका समस्याहरू कस्तो प्रकारका को चाहिँ हामीले कानून बनाउदाखेरीमा किसानको हितमा

हुने कस्तो प्रकारको कानून हामीले बनाउदा खेरीमा शैक्षिक क्षेत्रको हितमा हुन्छ । कस्तो प्रकारको कानून बनाउदाखेरीमा स्वास्थ्य क्षेत्रको हितमा हुनसक्छ कस्तो प्रकारको कानून बनाउदाखेरीमा विकास निमार्णलाई प्रभावकारी ढङ्गबाट द्रुत गतिमा अगाडि बढाएर लान सकिन्छ । यी सबै कुराको चाहिँ पहिचान गरेर व्यापक छलफल गरिकन हरेक जिल्ला जिल्लामा गएर हामीले गर्ने छलफल बहसबाट बनाइने कानून मात्रै त्यो जनताको पक्षमा हुनेछ । त्यो हाम्रो पक्षमा हुनेछ । अहिले हामीले विकसित राष्ट्र युरोप अफ्रिकाको अरू देशको हामीभन्दा एकसय वर्ष अगाडि चाहिँ छन् । एकसय वर्ष अगाडि रहेका देशहरूले तत्काल अवलम्वन गरेका कानूनहरूकै फोटोकपी हामीले बनायौं त्यस्तै प्रकारको कानून हामीले बनायौं भने त्यो कानून हाम्रालागि बाधक बन्न सक्छ । यो नबनोस भन्नका लागि हामीले अलिकति छलफल गरेर अलिकति यसका बारेमा सुझबुझका साथ कानूनहरू निमार्ण गर्दाखेरीमा यो राम्रो हुन्छ भन्ने एउटा कुरा चाहिँ हो भने अर्को कुरा स्थानीय र प्रदेशका साझा अधिकारका कुरा छन् त्यहाँ संघ र प्रदेशका साझा अधिकारका कुराहरूपनि छन् र यसका लागि चाहिँ संघीय सरकारले कानून बनाएर मात्रै ढोका खोल्ने त्यसपछि मात्रै कानून बनाउन सकिने कतिपय कानूनहरू छन् । यसका लागि पनि हामीले संघीय कानून नबनुन्जेलसम्म अलिकति हामीले अलिकति ओइट गर्नुपर्ने स्थिति चाहिँ छ । यसले मापदण्ड र प्राथमिकता केही संघीय सरकारले तोकिदिनुपर्ने भएको छ । अहिले तत्काल हामीलाई काममा बाधा आएको खण्डमा हामीले ती कानूनहरू पनि बनाउन नसकिने कुरा चाहिँ छैन बनाउन सकिन्छ । भोलि संघीय सरकारसँग बाझिएको खण्डमा स्वतः त्यो निश्क्रिय रहने गरिकन त्यो पनि कानून बनाउन सकिन्छ । तर हामीलाई अहिले तत्काल चाहिँ सरकारको कामलाई बाधा नपुगेको स्थितिमा हामीले तत्काल चाहिँ बनाउदाखेरी किन दोबारा चाहिँ चक्कर गर्ने भन्ने हिसाबले पनि हामीले अलिकति संघीय सरकारको संघीय कानून बनिसकेपछि मात्रै बनाउदा राम्रो हुन्छ भन्ने हिसाबले पनि त्यसको ओयटिङ्ग मा हामी यतीखेर रहेका छौं । र त्यसपछि अहिले तत्कालका लागि चाहिँ कामलाई अझै व्यवस्थित ढङ्गले अगाडि बढाउनका लागि र हामीले पहिलापनि हामीले व्यापक छलफल गर्यो । र सरकारले नीति तथा कार्यक्रममा पनि त्यो विषयलाई चाहिँ उठायो र हामीले चाहिँ के भनेका छौं भने कर्णाली प्रदेश बनाउनका लागि विज्ञ तपाईंको केही क्षेत्रका व्यक्तिहरूको केन्द्रीकरण चाहिँ छ । भनेर हामीले थिङ्कटयाङको कुरा उठाएका थियौ । विज्ञ समूहको कुरा हामीले उठाएका थियौ । र अहिले तत्काल केही हामीले विषयमा प्रदेश सरकारले जान्नका लागि केही चाहिँ विषयवस्तुमा आवश्यक हामीसँग चाहिँने विषयवस्तुहरूलाई सङ्कलन गर्नका लागि र त्यो विज्ञ समूह थिङ्कटयाङका आवश्यक चाहिँ छ भनेर हामीले उठाएका थियौ । त्यसमा आधारित रहेर अहिले हामीले एउटा विज्ञ समूहहरू गठन गरेका छौं र त्यो विज्ञ समूहको पनि गठनमा विभिन्न प्रकारका प्रतिक्रियाहरू पनि आएका चाहिँ छन् । हामीले आवश्यक छ भन्ने कुराको महसुस गरेर नै नीति तथा कार्यक्रममा

राखिएको हो । व्यक्तिको हिसाबले पात्रको हिसाबको मरे के भए भन्ने कुराहरू अलग कुरा चाहिँ हो, भित्रको हिसाबले अहिले भएका त्यो समूहमा जो राखिएका छन् । धेरै छन् हामीलाई धेरैको आवश्यकता पर्दछ । आवश्यक छ । हामीलाई त्यति १२/१४ जनामात्र भएर पुग्दैन । हामी ५०, ६०, १०० जनाको चाहिँ विज्ञ समूह आवश्यक छ, हामी बनाउदै बनाउनु पर्दछ, अहिले जो हामीले चाहिँ बनाएका छौं, अहिले प्रदेश सरकारलाई भोलेन्टरी सपोर्ट गर्नका लागि सहयोग गर्नका लागि विभिन्न क्षेत्रका केही व्यक्तित्वहरूलाई हामीले विज्ञ समूहमा चाहिँ हामीले राखेका छौं र यो समूहको काम भनेको कतिवटा पानीका मूहानहरू चाहिँ छन् । कति खेतीयोग्य जमिन चाहिँ छ, कति डाँडाखोला छन् भनेर यहाँ पाउनका लागि मात्रै बनाइएको विज्ञ समूह होइन हामीले केही अनुभव चाहिँ लिनुपर्दछ । बाहिरका अनुभव लिनुपर्दछ जस्तो कि अहिले सिङ्गापुर कुनैबेला त्यो बालुवै-बालुवाको चाहिँ थुप्रो मात्र थियो । त्यो सिङ्गापुर कसरी बन्यो कसरी त्यसरी ठूला आलिसान महलहरू बन्यो कस्तो प्रकारको उनीहरूले नीति बनाए पोलिसी कस्तो बनाए र योजना कस्तो प्रकारको योजना बनाए र योजना कार्यान्वयनका लागि कस्तो प्रकारको संरचना खडा गरे र त्यो कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्थापन कसरी गरे र अनि कार्यान्वयनको तिनीहरूको तरिका कार्यान्वयनको शैली के रह्यो । त्यस्तै विभिन्न देशहरू कसरी अहिले धनी बने । कसरी ती देशहरू चाहिँ विकास भयो कसरी चाइना बन्यो, कसरी तपाईंको जापान बन्यो हिजो युद्धमा ध्वस्त भएको जापान, कोरिया चाइना कसरी तिनीहरू देशहरू चाहिँ बने कस्तो प्रकारको पोलिसी नीति बनाए यी अनुभवहरू पनि हाम्रा लागि महत्वपूर्ण हुन सक्दछ । त्यो आजको कोरिया कस्तो छ । आजको जापान कस्तो छ । आजको सिङ्गापुर कस्तो छ भन्ने कुरा होइन हिजो कसरी ती ठाउँहरू बने भन्ने कुरा पनि हाम्रालागि ती महत्वपूर्ण शिक्षा चाहिँ बन्न सक्छ । ती अनुभव लिनका लागि पनि अहिले अन्तर्राष्ट्रिय क्षेत्रमा काम गरिराखेका र केही अन्तर्राष्ट्रिय अनुभव केही ज्ञान भएका र यसका बारेमा फेरी अध्ययनका लागि फेरी पठाउन सकिने र यसको डिटेलमा के रहेछ । कस्तो प्रकारको व्यवस्था रहेछ । त्यतिखेर त्यो अध्ययन गरेर तपाईं आउनुहोस् त भनेर पठाउन सकिने पठाउँदा पनि उहाँहरू आफ्नै लगानीमा पनि जानसक्ने क्षमता भएका केही व्यक्तिहरूलाई हामीले राखेका चाहिँ थियौ र हामीलाई यतिले मात्रै पुग्दैन हामीले विभिन्न क्षेत्रका ल्याउनुपर्दछ विज्ञहरू भन्नेकुरा चाहिँ हो । अहिले फेरी हामीले विज्ञ हामीभित्रको मात्रै हुनुपर्दछ कर्णालीभित्रका मात्रै हुनुपर्दछ भन्ने हैन यो हाम्रो देशभित्रका मात्रै हुनुपर्दछ भन्ने कुरा हैन । हामीले त बाहिर अन्तर्राष्ट्रिय व्यक्तिहरू त्यस्ता विज्ञ व्यक्तिहरूलाई पनि हामीले ल्याएर उनीहरूको चाहिँ बौद्धिकता उनीहरूको पनि प्रेमलाई हामीले प्रयोग गर्दा हामीलाई त्यति समस्या चाहिँ हुँदैन हाम्रै हितमा हुन्छ भन्ने हो । अहिले पनि छ तपाईंको सबैभन्दा ठूलो राष्ट्र चाहिँ छ । जनसंख्या धेरै छ । चाइनाको तपाईंको थ्रिगंजेजले बनाएको एउटा ठूलो विश्वकै सबैभन्दा ठूलो हाइड्रोपावर चाहिँ छ । त्यो हाइड्रोपावरको डिजाइन गर्ने सर्भे

गर्ने इन्जिनियर बेलायती रहेछ । अन्तर्राष्ट्रिय प्रचलन पनि छ । यसका लागि पनि हामीले अहिले अस्ती गरिएको साझेदारी संघसंस्थाहरूको छलफलमा हामीले अहिले हामीसँग प्रोजेक्ट बैंक तयार भएको डि.पि.आर भएको हामीसँग प्रोजेक्ट धेरै छैनन् । त्यही हामीले प्रोजेक्ट बैंक बनाउनका लागि प्रोजेक्ट निमार्णका लागि अहिले हामीले अर्को एउटा एक्सपोर्ट अर्को एउटा त्यसलाई टिम बनाउने एउटा एकाई बनाउने अहिले विभिन्न क्षेत्रका त्यही योजना आयोगका बारेमा छलफल गर्दै योजना आयोगको मातहतमा राख्ने या कहाँ कुन मातहतमा राखेर यसलाई परिचालन गरेर अहिले हामीले सबै क्षेत्रको प्लान निमार्णका लागि सडक योजना निमार्णका लागि हामीले एकीकृत बस्ती हामीले प्लान निमार्णका लागि हाइड्रो कृषि हामीले पर्यटन उद्योग हरेक क्षेत्रको तपाईंको योजना निमार्णका लागि एउटा त्यो कार्य हामीले गठन गर्ने एउटा ईकाइ बनाउने प्राविधिकहरूको इन्जिनियरहरूको धेरै क्षेत्रका विज्ञहरूको एउटा अलग अर्को टिम बनाएर तत्काल हामीले सर्भेमा अगाडि बढाउनका लागि पनि एउटा टिमको जरूरी चाहिँ छ । यसका लागि चाहिँ एक्सपोर्टहरूको टिम तपाईहरूले कति सक्नुहुन्छ कुन-कुन क्षेत्रमा दिन सक्नु हुन्छ । अहिलेको तपाईंहरूको पहिलो सपोर्ट पहिलो सहयोग कर्णाली प्रदेशका लागि तपाईंहरूले एक्सपोर्टहरूको टिम प्रदेश सरकारलाई दिनुहोस् यो हामीलाई आवश्यकता छ भनेर उहाँहरूसँग छलफल गर्यौं र यो एक्सपोर्ट टिम जो चाहिँ छ । प्राविधिक सपोर्ट जो गर्नु भएको छ यसका लागि हामी आवश्यक छलफल गरेर केही जनशक्ति तत्काल उपलब्ध गराउन सक्दछौं भन्ने उहाँहरूको पनि धारणा चाहिँ छ । त्यसो भएको हुँदाखेरी अहिले हामीले त्यहाँ ध्यान दिंदैछौं र त्यो टिमचाहिँ भयो भने अझै हामीलाई अगाडि बढ्न सजिलो हुन्छ भन्ने हिसाबले हामीले त्यतापट्टी जादै छौं । त्यसो भएको हुनाले यसले हामीलाई बेफाइदा हैन फाइदा पुर्याउँदछ । यसले राम्रै गर्दछ भन्ने नै हाम्रो बुझाइ चाहिँ हो । त्यसो त अर्को कुरा तत्काल हामीले प्रदेश सरकारले यो प्रदेश समन्वय परिषद् छ । यो अहिले स्थानीय तह र प्रदेश सरकार र त्यस्तै संघीय सरकार बीचको समन्वयका लागि यी परिषद् केन्द्रमा प्रधानमन्त्रीको नेतृत्वमा र प्रदेशमा मुख्यमन्त्रीको नेतृत्वमा चाहिँ छ र यसलाई पनि हामीले तत्काल एउटा कार्यक्रम चाहिँ राखेर तल रहेका समस्याहरूलाई हामीले समाधान गर्नका लागि त्यो बैठक जरूरी छ भनेर हामीले दसैंभन्दा अगाडि बोलाउने भन्ने थियो र हामीले मिति पनि तोकिसकेका चाहिँ थियौ र फेरी दसैंको पूर्वसन्ध्यामा हामीले सबै फेरी केन्द्रित गर्दा फर्किदाखेरी केही समस्या आउनसक्छ फेरी त्यो तुरून्तै आफ्नो ठाउँमा आ–आफ्नो कार्यक्षेत्रमा पुग्नका लागि गाह्रो हुनसक्छ भन्ने हिसाबले हामीले त्यसलाई चाहिँ सारेका छौं, तुरून्तै तिहार पछि लगतै त्यो हामीले गर्दैछौं । त्यो बैठकमा पनि त्यो छलफलमा पनि हामीले अलि व्यापक छलफल अगाडि बढाउनका लागि आमन्त्रित सदस्यहरू भनेर संघमा रहेका संसदहरू राष्ट्रिय सभाका सांसदहरू र प्रदेशसभाका संसदहरू र सबै मन्त्रालयका कर्मचारीहरू र स्थानीय तहका पनि कर्मचारीसहित हामीले एउटा भेला चाहिँ गर्ने भनेर

त्यसको तयारी पनि हुँदैछ । त्यो भेला अलि ठुलै हुन्छ । हामीसँग हिसाब किताब गर्दाखेरीमा ५, ६ सय जतिको जनशक्ति हुँदो रैछ र त्यसको सम्पूर्ण व्यवस्थापन अब हामीले गर्नका लागि केही समय फेरी लाग्ने भएको हुँदाखेरी हामीले त्यसलाई पोष्टर्माटम गर्नुपर्यो र तुरून्तै त्यसको आयोजना गर्दैछौं र अहिले मोटामोटी प्रदेश सरकारले गरेका कामकारबाहीका बारेमा मैले यति नै राखे र सभामुख महोदय, अब यहाँ सदनमा उठेका मुख्यमन्त्री दुईवटा विषयहरू जो प्रमुख प्रतिपक्ष दलले यहाँ राखेको छ । र यसमा जुन हामीले रातो किताब भनेर हामीले भन्यौ हामीलाई यो पटक रातो किताब निकाल्नका लागि निकै गाह्रो चाहिँ भयो गाह्रो हुनका पनि अब विभिन्न कारणहरू चाहिँ छन् । म धेरै कारणभित्र त छिर्दैन र अहिले सबैभन्दा पहिला त तपाईंको हामीले बजेटलाई अलि कार्यान्वयन गर्दाखेरी परिमाणमुखी बनाउन सकिन्छ । कि अलि परिमाणमुखी नै बनाऊ भन्ने मात्रै अलिकति अन्यौलता रह्यो सरकारको तर्फबाट त्यसो हुँदा अहिले हामीसँग कुनै बनाएका डि.पि.आर.तयार भएका क्रमागत हामीले योजना कार्यान्वयनमा अहिले हामी चाहिँ छैनौं । सबै योजनाहरू नयाँ बनाउनु पर्ने भएको हुँदाखेरी कुन योजनाको लागि कति बजेट चाहिँने हो । कमसेकम अनुमानित यति बजेट भयो भने यो योजना कार्यान्वयन गर्न सकिन्छ भन्ने कुराका बारेमा अलि आधार चाहिँ एउटा हामीले बनाएर बजेटको ब्रेक डाउन गर्दा राम्रो हुन्छ यसका लागि जति चाहिँ तपाईंको योजनाको माग भएर आएको चाहिँ छ । जति योजना चाहिँ हामीले बनायौं प्रत्येक मन्त्रालयले जति योजना बनायो त्यो योजनामा बजेट ब्रेक डाउन गर्दाखेरीमा अलि अध्ययन गरेर कुन ठाउँमा कति बजेटको आवश्यकता छ भनेर समान्य मोटामोटी यति बजेट लाग्छ भन्ने कुराहरू टुङ्गि सकेपछि मात्रै हामीले बजेटको बेलामा ब्रेक डाउन गरेको किताब दिन सकिएन र त्यतिखेर मैले बोलेको थिएँ सभामुख महोदय, सदन विशेषतः हुनु पर्दछ । हामीले बजेट राम्रै बनाउछौं । ब्रेक डाउनमा समस्या धेरै आउदैन भनेर सम्पूर्ण माननीय संसदज्यूहरूलाई विश्वासमा रहन आग्रह पनि गरे र सबैलाई अनुरोध पनि मैले गरे र त्यसपछि सरकारको एउटा विश्वासको आधारमा बजेट पास भएको चाहिँ थियो प्रमुख प्रतिपक्ष र सत्तापक्षका सबै माननीय संसदहरूले एक मतका साथ बजेट पास गर्नु भएको चाहिँ थियो । र त्यसपछि अब अहिले हामीले त्यही अध्ययन गर्नु अध्ययन गर्न भन्दै जादाँ आजका दिनसम्म अध्ययन मै बित्यो अब आज बल्लतल्ल सबै मन्त्रालयको ब्रेक डाउनको चाहिँ किताब हामीले माननीय सासंदज्यूको हातमा उपलब्ध गराउन चाहिँ सकेका छौं । र अब फेरीपनि के रे आग्रह के हो भने चित्त नबुझन सक्छ चित्त बुझदैन चित्त नबुझे पनि बुझाउनका लागि म आग्रह गर्दछु म अनुरोध गर्दछु । अब अहिले यही बजेट कार्यान्वयन गर्न सकिन्छ कि सकिन्न भन्ने कुराको हाम्रो अगाडि चुनौती खडा भइसक्यो । यही बजेट पनि कार्यान्वयन गर्न सकेमा सबैभन्दा राम्रो बरू अब अहिले बजेट पर्ने ठाउँमा त बजेट परि नै सकेपछि नपरेको ठाउँमा बजेट हामीले पार्ने तिर हामी लागौंला । पछिल्लो पटक यसरी उधारो पनि हुँदैन त्यो । अहिले जसरी सरकारलाई

विश्वास गरेर ठीक छ सरकारले राम्रो गरोस् भनेर विश्वासको आधारमा जसरी तपाईंले बजेटलाई एकमतका साथ पास गर्नु भयो त्यो हुँदैन । पछि हामी अलिकति छलफल गरेर हामीले केही मापदण्ड बनाएर योजनाका प्राथमिकता हामीले तोकेर आवश्यकताको आधारमा हामीले बजेट विनियोजन हामीले गर्दछौं र अहिले म अनुरोध गर्दछु । यही बजेटलाई कार्यान्वयन गर्नका लागि सबैको सहभागिता सबैको सहयोगको आवश्यकता चाहिँ जरूरी छ र अहिले हामीले किताब उपलब्ध गराएका चाहिँ छौं र प्रमुख प्रतिपक्ष दलले र सिङ्गो संसदकै यो प्रेसर सरकारलाई आएकै थियो । छिटो गर्नुपर्यो सरकारलाई पनि प्रेसर भएकै थियो । अब त हामीले अहिलेसम्म किताब निकाल्न सकेनौं आधा वर्षसम्म किताब निकाल्न सकिएन भने त अब कार्यान्वयन गर्न त झन किताब निकाल्न त यति गाह्रो होला यसले हामीभित्र स्वयम् व्यक्तिलाई पनि प्रश्न उठाएकै थियो र आज किताब उपलब्ध गराएको चाहिँ छ । अर्कोकुरा पारिश्रमिकको कुरा चाहिँ थियो सेवा सुविधाका बारेमा संसदहरूको र मन्त्रीहरूको यो अलिकति छलफल गरेर अरू प्रदेशको पनि अलिकति हेरेर अरू प्रदेशले गरका निर्णयहरूलाई पनि हामीले हेरेर हामीले निर्णय लियौं भने राम्रो होला यसमा धेरै हामीले हतारिहाल्नुपर्ने छैन भन्ने हिसाबले केही ढिला भएको चाहिँ छ तर अहिले ६ वटै प्रदेशले करिब यो पास गरिसकेका चाहिँ छन् । त्यसो हुँदा अब हामीले ढिलागर्ने कुराहरूपनि त्यति राम्रो चाहिँ हुँदैन । यो चाहियो तुरून्तै चाहियो यो पटक मै चाहियो भनेर जसरी चाहिँ प्रमुख प्रतिपक्ष दलले प्रेसर चाहिँ गर्यो । संसद अबरूद्धै गर्नुपर्यो र अहिले हामीले यो फेरी सरकारको कुरा के थियो भने यो अधिवेशनमा हामीले अहिलेको वर्षे अधिवेशन चाहिँ सम्पन्न गर्ने र हामीले यसको बीचमा चाहिँ केही राजनैतिक सहमति गर्ने बीचमा अलिकति बसेर छलफल गर्ने र एउटा हामीले सहमति गरिसकेपछि सबै हामी सीमित हामी ४० जना मात्रै माननीय सांसदहरू मात्रै छौं । ४० जनाभित्रपनि छलफल गरेर एउटा समझदारी गरेर हाम्रो अहिलेको आत्मगत अवस्थालाई के छ भनेर पहिचान गरेर कतिसम्मको हामीले सेवासुविधा राख्दा उपर्युक्त हुन्छ भन्ने कुरालाई एउटा निश्कर्षमा पुर्याएर ल्याउँदा अझै राम्रो हुन्छ भन्ने हिसाबले केही ढिला हुन गएको हो । र अहिले अरू प्रदेशको जस्तो अवस्था चाहिँ कर्णाली प्रदेशको छैन अरू प्रदेशमा आन्तरिक स्रोतहरू चाहिँ छन् अहिले हामीसँग आएका करिब १९०० कर्मचारी हामीलाई अबदेखि प्रदेश सरकारले तलब खुवाउनु पर्दछ । र यहाँ संसदमा हुने माननीय सांसदज्यूहरूको सेवा सुविधा ,पारिश्रमिक र अनि मन्त्रीहरूका लागि चाहिँने पारिश्रमिक र सेवा सुविधा यो सबै हामीले आन्तरिक स्रोत चाहिँ छैन । एकमात्रै हामीसँग स्रोत भनेको अनुदान बजेट चाहिँ छ । अनुदान बजेटलाई हामीले घटाएर सेवा सुविधा हामीले बढायौ भने यसले विकास बजेटमा केही यसको समस्याहरू चाहिँ पर्न सक्दछ त्यसैले हामीले अरूकोभन्दा बढि अरूकोभन्दा हामीले बढाएर हामीले सेवा सुविधा हामीले दिनसक्ने अवस्था कर्णाली प्रदेशको छैन । कर्णाली प्रदेश सरकारले दिन सक्दैन । त्यसो भएकोले अहिलेको आवश्यकतालाई धान्ने गरिकन, चल्ने गरिकन, हामीले त्यो

व्यवस्थापन गर्न पर्छ भनेर यसका लागि छलफल गरेर अगाडि बढाउने भनेरै ढिला भएको हो । ढिलै भएपनि चाहिँ हामीले व्यापक छलफल चाहिँ गरेका छौं । छलफल चाहिँ भएको छ र छलफलका आधारमा हामीले र अहिलेको प्रदेश सरकारले यतिसम्म व्यवस्थापन गर्न सकिन्छ । यतिसम्मको हामीले स्रोत जुटाउन सक्छौं भन्नेकुरालाई पनि पहिचान गरेर अहिले हामीले सेवा सुविधासम्बन्धी हामीले विधेयक प्रदेश सरकारले तयार पारेर पेश गरेको चाहिँ छ र त्यसो हुँदा यो आवश्यक चाहिँ थियो छिट्टै चाहिन्थ्यो र जे विषय चाहिँ सदनमा उठ्यो यो विषयवस्तु प्रदेश सरकारका लागि उठाएका विषयहरू चाहिँ अत्यन्त महत्वपूर्ण थिए, जायज थिए र त्यही ढङ्गले प्रदेश सरकारले ग्रहण गरेको छ, लिएको चाहिँ छ र त्यसपछि अन्त्यमा अलिकति फेरी विषयवस्तु फरक उठेको भन्ने कुराहरू धाइधुइँ आएको चाहिँ छ । मैले दशैंको बेला पत्रकारहरूसँग भेटघाट कार्यक्रम राखेर पत्रकारको अगाडि चाहिँ मैले केही कुराहरू चाहिँ बोलेको थिएँ र मैले दुईवटा कुरा बोलेको चाहिँ थिएँ, एउटा एनजिओको बारेमा बोलेको थिएँ, एनजिओ/ आईएनजिओको बारेमा अर्को मैले नेपाल सरकारको विकास बजेटको बारेमा चाहिँ बोलेको थिएँ । र यसले पारेको कर्णाली प्रदेशमा प्रभावका बारेमा मैले विषयवस्तु राख्या चाहिँ थिएँ । म सभामुख महोदय, मार्फत् म सबैलाई आग्रह गर्दछु अनुरोध गर्दछु, यो सदनप्रति मेरो कुनै नकारात्मक सोच चाहिँ छैन, कुनै मेरो आग्रह र पूर्वाग्रह पनि छैन, म विश्वास दिलाउन चाहन्छु, म एउटा खुला किताबको पानाभन्दा पनि हुन्छ, सायद मलाई बुझ्नका लागि धेरै गाह्रो, अफ्ठ्यारो, असजिलो छ जस्तो लाग्दैन । त्यसो हुँदा मभित्र पनि अपवित्र सोच चाहिँ छैन । मैले उठाएको सोच चाहिँ के थियो भने कर्णाली प्रदेश ठुलै व्यापारिक एउटा केन्द्र हो । जहाँ यसलाई सुवर्ण भूमि भनेर चाहिँ चिनिन्थ्यो । सुवर्ण भूमिको नाममा चिनिने यो क्षेत्र चाहिँ हो । अहिले पनि हेर्नु भयो भने सबैभन्दा बढि सुनका गहना लगाउने महिलाहरू कर्णाली प्रदेशमा छन् टन्न चाँदीका गहना लगाउने चाँदी टन्न शरिर भरि लगाउने महिलाहरू कर्णाली प्रदेशमा छन् । काँसका थालमा खाने जनताहरू कर्णालीका जनताहरू हुन । मार्सी धानको भात खाने कर्णाली जनताहरू हुन् । अर्गानिक आफ्नै बारीमा उत्पादन भएको खाद्यान्न खाने जनता कर्णालीका जनता हुन् । आफ्नै खुट्टामा उभिएर कपास खेती गरेर उनको खेती गरेर लुगा बनाएर लगाउने कर्णालीका जनता हुन कर्णालीका जनताहरू गरिब थिएनन् । अनाज राख्नेहरूले त अनाज प्लाष्टिकमा राख्दछन् । माटोमा राख्छन् । तामाको भाडमा चाहिँ तपाईंको हुन्डामा तपाईंको अनाज राख्ने जनता अहिले पनि कर्णालीका जनताहरू अहिले पनि ठूलाठूला तामाका भाडाहरू हुन्डाहरू छन् । कर्णाली हिजो धनी थियो हिजो त्यही चिज अरूसँग थिएन हामीसँग चाहिँ थियो र त्यसपछि जब कर्णाली प्रदेशमा बाहिरका मान्छेहरूको चाहिँ प्रवेश चाहिँ भयो त्यसपछि उनले सिकाए गलत संस्कार सिकाए , गलत संस्कृति सिकाए, धनी मान्छेले त काहाँ यो काँसको थालमा भात खान्छ यो गरिब रहेछ भन्ने कुराहरू जनताको दिमागमा पर्यो अनि मलाई सम्झना छ म आफ्नै घरमा मेरो आमाले पाँच केजी

तपाईंको चाहिँ काँशको थाली दिएर एक केजी स्टिलको थाली लिएर घरमा राखे सबैले त्यही गरे अरे हैन धनीले लगाउने त पोतो लगाउनु पर्दछ । टप लागउनु पर्दछ भनेर तपाईंको चाँदीका तपाईंका रुपियाहरू जो मंहङ्गो पर्दछ त्यहाँ एक पैसाको जहाँ नौ सय/सोह्र सय पर्दछ ती पैसाहरू लिएर कानमा साना साना तपाईंको केही टप मुन्द्रा लगाइदिने अनि पोतो दिने अनि चाँदीका पैसाहरू पुरै तपाईंको लुटिलिने काम गर्दथे । त्यसरी तपाईंको चाहिँ तामाका भाडाहरू चाहिँ लिएर सिल्भरका भाडाहरू । सिल्भरका भाडा प्रयोग गर्ने धनी टिलिक्क टिल्किने तर तपाईंको अर्को त टिल्किन्न अलिकति कालो देखिन्छ । त्यो त गरिबको घरमा राख्नी हो भनेर तामा ओसार्ने कामहरू चाहिँ भए । त्यसपछि मार्सी चामलको भात खाने त यस्तो गरिबले खाने हो यस्तो पनि कोही खान्छ जौं, मकै, गहुँ, चाउचाउ खानुपर्छ चाउचाउ खाने मान्छे त धनी हुन । यही सिकाईयो त्यसपछि कहाँ यस्तो उनीको कपडा लगाउने ढिडो लगाउने मान्छे त यो गरिबले लगाउने कपडा हो । पुलिष्टर लगाउनु पर्दछ । अर्को लिजीबिजी लगाउनु पर्दछ भनेर त्यसपछि त तपाईंको चाहिँ हिजो ठेटुवा चाहिँ विस्तापित भयो उनीको कपडा चाहिँ विस्थापित भयो त्यसपछि तपाईंहरूले केही गर्नुपर्दैन तपाईंहरू थपक्क बस्नुहोस् हामीले दिन्छौ भनेर भने चामल ल्याइदिने तेल ल्याइदिने, चाउचाउ ल्याइदिने विस्कुट ल्याइदिने ट्वाइलेटका पिन ल्याइदिने अनि घर चुलो ल्याइदिने अनि टोपि छ भने निकालेर दिइहाल्ने ज्याकेट छ भने खोलेर दिइहाल्ने, झोला छ भने त्यो दिइहाल्ने सर्ट छ भने त्यो निकालिहाल्ने दिइहाल्ने, भइसकेपछि त अब त हामी फेरी माग्ने भयौं । दिदा रहेछन् किन दुःख गर्नुपर्यो त्यसपछि भेडा पाल्न छाड्यो खेतीपाती गर्न छाड्यो अहिले भन्छ विश्व खाद्याले चामल ल्याइहाल्छ । नगरे क्यानै छ । दुःख किन गर्ने भन्छन् मान्छेले खेतीपाती नगर्ने भइसके काम नगर्ने भइसके त्यसैले सहायता राम्रो कुरा हो । सहयोग राम्रो कुरा हो । सहयोग गर्नेमा पवित्रता चाहिँ छ । यिनलाई सहयोग गर्नु पर्यो भन्ने पवित्र भावना हो । तर पवित्र भावना हुँदाहुँदै पनि गलत तरिकाले तपाईंको चाहिँ जादाँ त्यसको उल्टो असर चाहिँ पर्यो । त्यसैले भने अबको एन.जी.ओ./आई.एन.जी.ओलाई ज्याकेट बाड्नेतिर हैन, पाल बाड्नेतिर हैन पाखि लिएर बाड्ने तिर हैन, अब उत्पादनमा लगाउने कसरी जनताको एकलाख लगानी गर्दा एक करोड उत्पादन गर्न सकिन्छ । अबको लगानी विभिन्न किसिमका संघसंस्थाहरू सार्वजनिक संस्थाहरू सबैलाई अब उत्पादनमा लगानी गर्ने भेडा, च्याङ्ग्रामा उत्पादन गर्दा हुन्छ कि चौरी गाईमा उत्पादन गर्दा हुन्छ कि, स्याउमा लगानी गर्दा हुन्छ कि, सुन्तलामा लगानी गर्दा हुन्छ कि, जडिबुटीमा लगानी गर्दा हुन्छ कि, कुन क्षेत्रमा लगानी गर्दाखेरीमा जनताको आयस्रोत वृद्धि हुन सक्छ जनता श्रमिक हुनसक्छन् जनतालाई श्रम गर्ने संस्कार कसरी सिकाउन सकिन्छ । उत्पादनमा कसरी लगाउन सकिन्छ । यो संस्कारको विकास गर्न जरूरी चाहिँ छ । त्यसो भएको हुनाले यतापट्टी अलि ध्यान केन्द्रित सिङ्गो कर्णाली प्रदेशवासी जनताका लागि तपाईंहरूले यसका बारेमा बोलिदिनु पर्दछ यसका बारेमा लेखिदिनुपर्दछ

। यो एउटा अभियान र मिसन, महामीसनको रूपमा लैजानु पर्दछ यही कुरा मैले राखेको थिएँ । र त्यसपछि अर्को कुरा बजेटको कुरा मैले गरे । अहिलेसम्म नेपालमा बजेटको कमि हैन अभाव हैन बजेटको प्रत्येक वर्षको बजेटको हिसाब गर्ने हो भने एउटा सडक बनाउन कति पैसा लाग्दछ । र त्यो सडकमा अहिलेसम्म कति पैसा आयो अझैपनि हामीलाई सम्झना छ । हामीलाई थाहा छ । पन्चायतकालमा सुरू गरिएका योजनाहरू क्रमागत प्रत्येक वर्ष बजेट चाहिँ गइराखेको चाहिँ छ । अहिलेसम्म कम्पिलिट भएका छैनन् । त्यो बजेटको दुरूपयोग भइराखेको छ । बजेटको सही सदुपयोग भएन बजेट अब हामीले अर्को मान्छे लाई काम नगर्ने, उत्पादन गर्न नदिने अर्को संस्कारको विकास बजेट ले गर्यो । बजेट वितरणमूखी भयो, वितरणमूखी भनेकै तपाईंको संस्थागत भ्रष्टाचार हुन्छ । त्यहाँभित्र त्यो भ्रष्टाचार भइराखेको छ । हरेक क्षेत्रमा भ्रष्टाचार भएको चाहिँ छ । हामीले भ्रष्टचारलाई कन्ट्रोल गर्नुपर्छ कन्ट्रोल गर्नका लागि हामी सबैचाहिँ निकायहरू हामी सबै चाहिँ सक्रिय भयौ, भष्ट्राचारलाई हामीले शुन्यमा झार्यौ भने त्यसपछि मान्छे श्रमिक हुन्छ । अहिले पनि छ । मैले भन्या कुरा के थियो भने हिजोको संस्कारको कुरा मैले उठाएको छैन । सुन्धारामा चाहिँ बस्ने दिन भरि सिंहदरवारमा चाहिँ डुल्ने अनि महिनौं-महिना बसेर चाहिँ होटलको विल चढाउने अनि तपाईंको एक, दुईवटा योजना पारेर गाउँमा आउने अनि गाउँमा योजना बाड्दा १५ लाख रुपैंयाको योजना पायो भने अनि उसले १० लाख रुपैंया कार्यान्वयन गर्ने ५ लाख रुपैंया गोजामा हाल्ने । अब सजिलै तरिकाले ५ लाख रुपैंया गोजीमा हाल्यो उसले भने त्यसपछि अनि दुःख किनगर्ने भेडा पालन गर्यो वर्षभरी दुःख पाउछ उसले एक/डेढ लाख रुपैंया उसको कमाइ हुँदैन, भैसीपालन गर्छ एक/डेढ लाख कमाइ हुँदैन, कुनै ठाउँमा व्यावसाय गर्दछ, एक/डेढ लाख कमाइ हुँदैन भने योजना हात पर्ने बित्तिकै तपाईंको केही पैसा हात पार्ने बित्तिकै अनि भेडा पाल्ने मान्छेले किन दुःख गर्ने, भैसी पाल्नेले किन दुःख गर्ने, खेतीपाती गर्नेले किन दुःख गर्ने, अर्को व्यावसाय किन दुःख गर्ने, अब यही गर्दा ठीक हुन्छ भने तपाईंको योजना माग्दै सबैले भैसी पनि छाडे,र भेडा पनि छोडेर, खेती किसान सबै पेशा व्यावसाय छोडेर अब कहिले आउने हो, त्यो बजेट बनाउने बेला कहिले आउँछ । बजेट बनाउने बेला काठमाण्डौ छोड्नु हुन्न भनेर काठमाण्डौभित्र हुलदंगा किन आवश्यक छ । ल हेर्नु त काठमाण्डौभित्र सिहंदरवारभित्र खुट्टा हाल्ने ठाउँ हुँदैन, जम्मै योजना माग्ने मान्छेहरू हुन्छन्, योजना कसरी मागिन्छ कसरी हालिन्छ, यो सबैले गर्दाखेरीमा बजेट दुरूपयोग भएको कुरा चाहिँ साचो कुरा हो । अब हामीले कडाई पूर्वक जानुपर्छ यदि यही तरिकाबाट जाने हो भने यसलाई हामीले नरोक्ने यो संस्कारको अन्त्य नगर्ने हो भने फेरी पनि हिजो बजेट गयो पानीका धारा अझै बनेन, बजेट गयो कुलो बनेन । सिंचाइ भएन, बजेट गयो सडक बनेन गाडी पुगेन यी सबै विकासका आयोजना योजनाहरू अलपत्र भए बजेट प्रत्येक गाउँगाउँमा चाहिँ गइराखेको चाहिँ छ तर परिणाम निक्लेको छैन । अहिले पनि हामी त्यही तरिकाबाट गयौ भने त्यही शैलीका साथ हामी गयौ भने बजेट

कार्यान्वयन चाहिँ हुँदैन । यसका लागि चाहिँ हामी सबै सक्रियता पूर्वक लाग्नुपर्छ । हामी सबै क्षेत्रका जनप्रतिनिधिहरू, नागरिक समाज, पत्रकार, जनता हामी सबै यसलाई हामीले यो संस्कार र सँस्कृतिको अन्त्य गर्ने अभियानमा हामी लाग्यौ भनेपछि मात्रै साच्चिँकै हामीले सोचेको जनताले हामीप्रति आशा र अपेक्षा गरेको के ले पूरा गर्न सक्छौं यही कुरा चाहिँ मैले राख्या थिएँ । यही थियो मेरो आशय अनि यहाँ पुरै सांसदहरू, मन्त्रीहरूले त्यहाँ करोडौ-करोड, अरबै-अरब यहाँ भ्रष्टाचार गरिसके मलाई बचाउ भनेर मुख्यमन्त्रीले हारगुहार चाहिँ माग्यो भन्ने टाइपका प्रचारवाजी चाहिँ यहाँ बाहिर भए । अहिले सभामुख महोदय, बजेट सरकारकै खातामा छ । सरकारको खाताबाट बजेट अलि बाहिर चाहिँ गएको छैन । अब बजेट सरकारको खातामा हुँदाहुँदै भ्रष्टचार कसरी हुन्छ । यदि मैले असार तिर, श्रावण तिर भ्रष्टाचार भयो भनेर मैले बोलेको स्थितिमा बरू ए भए होला है साँच्चै भए होला भन्ने कुराको केही भ्रम जानसक्छ । अहिले जहाँ बजेट निकासा नै भएको छैन बजेट अगाडि बढेको छैन । अनि कसरी भ्रष्टाचार हुन्छ । कसरी पैसा लगिहाल्यो यो पैसा जोगाइ देऊ, बचाई देऊ, सुरक्षा देऊ भनेर हारगुहार गर्नुपर्ने व्यवस्था यतिखेर हैन । बरू हामी योजना कार्यान्वयन गर्दै जाउ अब हामी निकासा जान्छ । त्यसपछि दोस्रो चरणको निकासा दिन्छौ त्यसपछि त्यस्तो संकेत केही दिन्छौ भने भ्रष्टाचार चाहिँ भयो भने कानून त हामीसँग छ । भ्रष्टाचार गर्नेलाई कानूनी कारबाही गर्ने हो, कानूनको दायरामा ल्याउने हो । भ्रष्टाचार हुनसक्छ भ्रष्टाचार हुन नदिनका लागि सजग हुनुपर्दछ । जनता सजग हुनुपर्दछ । नागरिक समाज पत्रकार सबै जनप्रतिनिधिहरू सबै हामीले एक–एक हिसाब किताब एक-एक निगरानी राखेर जानुपर्दछ यसले मात्रै हामीले कन्ट्रोल गर्न सक्छौं । यो त प्रदेश सरकारले गरेको आह्वानको कुरा हो । हामी सबै आ–आफ्नो क्षेत्रबाट लागौ यसलाई हामीले कन्ट्रोल गरिसकेपछि अब संस्थापनि दिँदैन योजनाको बजेटपनि लिन नपाईने स्थितिमा त अब मात्रै पेशा व्यावसायमा लाग्ने र त्यसपछि मान्छे मेहनत गर्ने विभिन्न किसिमका उत्पादनमा वृद्धि, उत्पादनमा लाग्ने अवस्था सिर्जना हुन्छ । जनतालाई हामीले अब त्यो ठाउँमा लैजानु पर्छ त्यो संस्कारको विकास गर्नुपर्छ, श्रमप्रतिको विश्वास तिर यो संस्कारको चाहिँ विकास गर्नुपर्छ भन्ने हिसाबले त्यही सोचका साथ त्यही भावनाका साथ मैले मेरा विषयवस्तु राखेको थिएँ र यी विषयवस्तु राख्दै जादाँ माननीय सांसदज्यूहरूलाई पर्न गएको असर र हामीमाथि चाहिँ यो ठूलो मुख्यमन्त्रीले अपमान गर्यो कि भन्ने कुराहरू नबुझिदिन नलिन म आग्रह अनुरोध म गर्दछु । र मेरो कुनै सदनप्रति गलत आशय छैन विश्वास छ । यो प्रदेश सरकारको प्रदेशको सर्वोच्च निकाय भनेको सदन हो । यही सदनले सबै चिजको मनिटरिङ्ग गर्ने सबैको चाहिँ ह्यान्डिल गर्ने सबैलाई कन्ट्रोलमा राख्ने सर्वोच्च निकाय भनेको प्रदेशसभा हो । यो सभाप्रति हामी उत्तरदायी चाहिँ हुनैपर्छ । सरकार उत्तरदायी चाहिँ छ र सरकारले जहिलेपनि सम्मानित सदनको उच्च सम्मान गर्ने छ भन्ने कुराहरू राख्दै मेरो भनाइ यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि संशोधन प्रस्ताव पनि विधायन तथा प्रदेश मामिला समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्यवस्थाअनुसार सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री पदमबहादुर रोकायलाई समय दिन्छु ।

**माननीय श्री पदमबहादुर रोकायाः-** माननीय सभामुख महोदय, धेरै दिनमा हाम्रो ३९ औं कर्णाली प्रदेशको बैठक शुभारम्भ हुन गइरहेको छ । विजयादशमी तथा बडा दशैंको र नजिकै आउने छठपर्व दिपावलीको कर्णाली प्रदेश सरकार र माननीय सदस्यहरूलाई शुभकामना दिन चाहन्छौ । हामीले अरू भन्नुभन्दा पनि म यस्कै बारेमा गर्छु, अरू राख्नेकुराहरू अर्को दिन राखौंला, माननीय सभामुखज्यू, प्रदेश सरकारका तर्फबाट पेश भएको गाउँसभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भएको र विधेयकमाथि संशोधन प्रस्ताव परी सो विधेयक विधायन तथा प्रदेश मामिला समितिमा आएको र समितिबाट २०७५ आश्विन ५ गते निर्णय गरी तयार गरेको प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११८ बमोजिम पेश गर्दछु, धन्यवाद ! नमस्कार !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्थागर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम (२) को खण्ड (क) बमोजिम समितिको निर्णय र प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव पेश गर्न समय दिन्छु।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको गाउँसभा र नगर सभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ विधायन तथा प्रदेश मामिला समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम (२) को खण्ड (क) बमोजिम प्रतिवेदनमाथि विधेयकसहित सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, गाउँसभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा सम्बन्धित समितिमा प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम (२)बमोजिम छलफल गर्नको लागि समय निर्धारण गरेको छु, अब छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय देवी ओली, समय ७ मिनेट ।

**माननीय श्री देवी ओलीः-** सभामुख महोदय, कर्णाली प्रदेश अन्तरगत गाउँसभा र नगर सभा सञ्चालनसम्बन्धी विधेयक यहाँ सभामा पेश भइ सैद्धान्तिक र दफावार छलफल

सकिएर समितिभित्र पनि गहन ढङ्गले छलफल र संशोधनमा आएका कुराहरू पनि हामीले समितिभित्र केलाएर हेरेका छौं । त्यो चरण पार गरिसकेको यो विधेयक हो । जस्तो लाग्छ मलाई र त्यही नै हो र अहिलेसम्म गाउँसभा र नगरसभा सञ्चालन गर्दा संघीय सरकारले पठाएको एउटा नमूना कार्यविधिबाट सञ्चालन भएको थिए भने अब यो जुन समयमा अहिलेसम्म भइसकेका गाउँसभाहरू त्यही नमूना कार्यविधिअनुसार भए भने अब हाम्रा कर्णाली प्रदेशबाट बनेको ऐनअनुसार सञ्चालन हुने छन् । यति गर्दा खेरी पनि अब यो अन्तिम प्रमाणीकरण हुने समयसम्म पनि अलि मसिनो ढङ्गले अलि शुद्ध अशुद्धि हेरेर सचिवालयका कर्मचारी मित्रहरूले त्यसलाई भोलि कानूनी रूपमा एउटा शब्द अशुद्ध भयो भने पनि त्यो सच्याउनको निम्ति हामीले आफ्नो कलमले सच्याउन सक्दैनौ किनभने त्यसको निम्ति फेरी संशोधन हाल्नुपर्ने अथवा संशोधन गर्नुपर्ने स्थिति आउन सक्छ । त्यसकारण यो सबै चरण पूरा गरेर पारित हुने चरणमा आइ सकेको अवस्थामा हामीले, प्रत्येक शब्द शब्द हेरेर सचिवालयले अलि मेहनत गरेर यो विधेयकलाई प्रमाणीकरणको स्तरमा पुयाउनु पर्दछ भन्ने लाग्छ र अब यो ऐन पारित भइसकेपछि हिजोका हामी प्रदेशसभाका सदस्यहरू त्यही वरिपरि हुँदापनि गाउँसभा नगरसभा सम्पन्न भए तर हामीलाई सुचना भएन । अब यो विधेयक हामीले पारित गरिसकेपछि हामीपनि त्यहाँको एउटा प्रत्यक्ष रूपमा अतिथिको रूपमा अनुगमन अथवा त्यो अवलोकन गर्न पाउने व्यवस्था यो विधेयकले गरेको छ । जसरी अब गाउँ/नगर सभाहरू पहिलो सम्पन्न हुने बेला  हामीले गर्न नसकेपनि यो चरणमा आएर जुनखालको यो कानून बन्ने प्रक्रिया पूरा भइरहेको छ, यो आफैंमा उपलब्धिपूर्ण हो । र यसको अक्षरस शुद्ध अशुद्ध अझै हेर्नुपर्छ भन्नेकुरा म सुझाव दिँदै आफ्ना कुरा, भनाइ यही अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिने क्रममा आन्तरिक मामिला तथा कानून मन्त्री भन्नु पर्नेमा आर्थिक मामिला तथा कानून मन्त्री भएकोमा सच्चाइएको व्यहोरा अनुरोध गर्दछु । माननीय सदस्यहरू गाउँसभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ उपरसम्बन्धित समितिबाट प्राप्त प्रतिवेदनमाथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । अब माननीय श्री धर्मराज रेग्मी, समय ७ मिनेट ।

**माननीय श्री धर्मराज रेग्मीः-** सभामुख महोदय, गाउँसभा र नगरसभा सम्बन्धमा सभासम्बन्धी विधेयक समितिको प्रतिवेदनसहित सभामा प्रस्तुत भएको छ । यो विशुद्ध कार्यविधिगत कानून हो यसका बारेमा संसदमा सैद्धान्तिक छलफल भएर माननीयज्यूहरूको संशोधन परेर समितिमा गइसकेपछि समितिमा व्यापक छलफल भइसकेपछि समितिको प्रतिवेदनसहित सभामा प्रस्तुत भएको हुनाले धेरै लामो गर्नुपर्ने

टिप्पणी गर्नुपर्ने विषय यसमा खास छैन सभामुख महोदय, लोकल गभरमेन्टका लागि प्रदेशसभाका केही लेजिस्लेटिभ एकाउन्टिविलिटी हाम्रो चाहिँ स्थानीय सरकार प्रति हाम्रा चाहिँ विद्यायिकी उत्तरदायित्व थिए । खासगरी प्रदेशसभाले दुई प्रकारका कानूनहरू बनाउनु पर्दथ्यो एउटा हाम्रो आफ्नै लागि र अर्को चाहिँ हामीले लोकल गभरमेन्टको लागि कानून बनाउनु पर्दथ्यो । यो कानून चाहिँ प्रदेशसभाले आफ्नो विद्यायिकी उत्तरदायित्व अन्तरगत चाहिँ गाउँसभा र नगरसभाहरू सञ्चालन गर्नलाई हामीले यो कानून बनाउदै छौं । र प्रदेशसभाले सम्भवतः आज पारित गर्दैछौं । यो कानून यसले गर्दा लोकल गभरमेन्टलाई स्थानीय सरकारहरूलाई खासगरी गाउँसभा गाउँपालिका र नगरपालिकाहरूलाई गाउँसभा र नगरसभा सञ्चालन गर्न यसले चाहिँ विश्लेषण गर्ने छ, यसले सजिलो बनाउने छ, यसलाई नियमन गर्न सजिलो हुनेछ । प्रदेश प्रदेशसभाका सदस्यहरू प्रदेश सरकार र गाउँसभाका बीचमा चाहिँ कोर्डिनेशन गर्ने काम त्यसलाई जोड्ने काम अब हाम्रो चाहिँ कामहरू चाहिँ यसले गर्नेछ । त्यसो हुँदाखेरी यो विशुद्ध कार्यविधिगत कानून भएको हुनाले प्रोसिडर नभएको हुनाले यसमा चाहिँ लामो टिप्पणी गरिराख्नुपर्ने यसमा चाहिँ थप केही छैन । समितिको प्रतिवेदनसहित आएको छ र यसमा पार्लियामेन्ट भ्यालु छ । यसले चाहिँ एउटा चरण पास गरेको छ । यो सभामा छ । सभा पछि यो चाहिँ संशोधनहरू आएको छ । माननीयज्यूहरूले सैद्धान्तिक छलफलका क्रममा यहाँ विचार राख्नु भएको छ । त्यसपछि त्यो चाहिँ समितिमा गएको छ र समितिको प्रतिवेदनसहित आएपछि यसमा चाहिँ संसदीय मूल्यहरू पार्लियामेन्ट भ्यालु छ । अब को यो चाहिँ गाउँसभा र नगरसभाहरू यो संसदीय मूल्यसहितको कानूनबाट सञ्चालन हुने छ भन्ने मैले आशासहित यसलाई चाहिँ सम्भवतः हाउसले पास गर्नेछ । यो विश्वाससहित यो आनुषाङ्गिक सच्च्याउनु पर्ने केही व्याकग्राउन्ड कामहरू गर्नुपर्ने ठाउँमा हामी लाग्ने छौं पासगरी सकेपछि । त्यो व्याकरणीय कामहरू गरेर सचिवालयलाई आनुषङ्गिक मिलाएर सचिवालयलाई चाहिँ प्रमाणित तिर अगाडि बढाउला यो आशासहित म यो गाउँसभा र नगरसभासम्बन्धी प्रस्तुत विधेयक हाउसले चाहिँ एउटा महत्वपूर्ण प्रोपर्टिको रूपमा हाउसले चाहिँ यसलाई पास गर्दै छ । यसलाई मेरो शुभकामना छ, धेरै धेरै धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ को छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि माननीय सदस्यहरूले सभामा छलफल गर्दा उठाउनु भएका प्रश्न एवम् जिज्ञासाहरूमा जवाफ दिँदै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१ बमोजिम उक्त विधेयक पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, मुलुक संघीयताको कार्यान्वयनको प्रक्रियामा जुटिरहेको छ । नेपालको संविधानले जसरी अधिकारको बाडँफाडँको रेखाङ्कन गरेको छ । तीनवटै सरकारले केही अधिकारहरू प्रयोग गर्न पाउने अधिकार व्यवस्था त्यो प्रोभिजन नेपालको संविधानमा लिपीवद्ध भएको छ । त्यही अधिकार खास गरिकन प्रदेशले प्राप्त गरेको केही विधायकी अधिकार मध्ये यो गाउँसभा र नगरसभाको कानून निमार्णको निमार्ण गर्नका लागि बनेको यो विधेयक प्रस्तुत भइसकेपछि त्यो उत्तरदायित्व प्रदेशसभाले करिब यहाँसम्म आइपुग्दाखेरी पूर्ण गर्दैछ । त्यसले सम्पादन गर्दैछ । त्यसो भएको हुनाले अब एउटा अधिकार खासगरी यो हामीले आज सम्पन्न गर्दैछौं । यो विधेय लाई यो प्रक्रियासम्म ल्याइपुर्याउनको लागि कुनैपनि विधेयक पारितको प्रक्रियासम्म पुर्याउनका निम्ति केही यसका चरण यसले सम्पादन गर्नुपर्ने हुन्छ । यसका चरण भएर गुर्जिनु पर्ने हुन्छ । र मलाई लाग्छ यो विधेयक सबै चरणहरू एउटा कम्प्लिट विधेयक बन्नको लागि ऐन बन्नको लागि जुन-जुन चरणहरू यसले सम्पादन गर्नुपर्दछ । जुन चरण भएर गुर्जिनु पर्दछ । मलाई लाग्छ सबै चरणहरूबाट यो गुर्जिएको छ । र यो विधेयकलाई पारितको प्रक्रियासम्म ल्याउनको लागि माननीय सदस्यज्यूहरू मतलब विज्ञहरूलगायत सम्बद्ध निकायका एक्सपर्टहरू व्यक्तित्वहरूको यसमा चाहिँ एक्सर्पटिजहरू आफ्ना रायहरू, मतहरू, धारणाहरू यसमा चाहिँ अभिव्यक्त भएका छन् । प्रतिविम्वित भएका छन् र खासगरी यो छलफलका क्रममा माननीय देवी ओली र माननीय धर्मराज रेग्मीले जसरी यसका केही व्याकरणीय पक्ष र यसका केही शुद्धाशुद्धीका पक्षमा उहाँहरूले चाहिँ ध्यानाकषर्ण गराउनु भएको छ । र यसको प्रभावकारी कार्यान्वयनको उहाँले म यहाँहरूलाई माननीयद्वयलाई म छलफलमा भाग लिईदिनु भएकोमा धन्यवाद म ज्ञापन गर्न चाहन्छु । र यो माननीय सभामुखज्यू गाउँसभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि प्रदेशसभामा छलफल भइसकेकोले विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख्य भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुने गरी कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुख-** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नु भएको गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिले संशोधन गर्न निर्णय गरी सभामा पेश गरेको प्रतिवेदनका विषय विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
फ्लोर- हुन्छ
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
हुन्न भन्ने आवाज सुनिएन ।
तसर्थ, गाउँसभा र नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि विधायन तथा प्रदेश मामिला समितिको निर्णय र संशोधन प्रस्ताव विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरू अब यो बैठक १५ मिनेटको लागि स्थगित गर्दछु ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेशसभाको दोस्रो अधिवेशनको ३९ औं बैठक १५ मिनेटका लागि स्थगित भएकोमा उक्त बैठकको कारबाही पुनः प्रारम्भ भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेशसभाका सदस्य तथा पदाधिकारीहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु।
**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशसभाका सदस्यहरू तथा पदाधिकारीहरूलाई प्रदान गरिने कार्य जिम्मेवारी र सेवा तथा सुविधालाई व्यवस्थित, मर्यादित बनाउन तथा पारर्दशिता कायम गर्न नेपालको संविधानको धारा १९६ मा भएको व्यवस्था बमोजिम निजहरूले निर्वाह गर्नुपर्ने पदीय दायित्व समेत सुनिश्चित गर्न आवश्यक भएकोले कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !
**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबुल गर्न आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु।
**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यु, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरूको सेवालाई व्यवस्थित, मर्यादित र पारदर्शीता कायम गर्न नेपालको संविधानको धारा १७१ मा भएको व्यवस्थाबमोजिम मन्त्रिपरिषद्का सदस्यहरूलाई उत्प्रेरणा जगाउँन आवश्यक भएकाले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक

तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा प्रदेशसभा नियमावली,, २०७४ को नियम १०५बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो बैठक २०७५ साल कार्तिक १४ गते बुधबार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-४०

(२०७५ कार्तिक १४ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ४० औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सरकारले गरेका कामकारबाहीको सन्दर्भमा सरकारको तर्फबाट धारणा राख्नका लागि कर्णाली प्रदेश सरकारका मन्त्रीले समय माग गर्नु भएकोले आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, माननीय संसदज्यूहरू, सरकारका सचिवज्यूहरू, पत्रकारवन्धुहरू हामीले नयाँ युगलाई जन्माएका छौं, पूरानो युगलाई प्रशव वेदनाका साथ दाहसंस्कार गरेका छौं । हामीले समृद्ध प्रदेश बनाउने, समृद्ध मुलुक बनाउने सपनाले हामी यो नयाँ युगमा प्रवेश गरेका छौं । विगतको पहिचान, विगतको विरासत खासगरी, अभावको विरासत, गरिबीको विरासत, हामीले त्यसलाई नामेट गर्ने प्रतिज्ञा गरेका छौं । हामी एउटा समृद्धिको नयाँ अध्यायमा प्रवेश गरेका छौं, त्यसका लागि हामी लालायित भइरहेका छौं, त्यसका लागि नेपाली समाजले निकै ठूला कुरवानी गरेको छ, बलिदान सौर्य साहसको एउटा ठूलो कृतिमान खडा गरेको छ र हामी नयाँ प्रकृयामा खास गरीकन हामी नयाँ इतिहासको रचना गर्दैछौं । हामीले नयाँ बाटोमा अगाडि बढि रहेका छौं, त्यो बाटो भनेको वास्तवमा संघीयताको बाटो हो । संघीय गणतन्त्रात्मक एउटा यात्रामा, एउटा लोकमार्गमा अगाडि हिडिरहेका छौं, त्यो बाटोमार्फत् समृद्धिको गन्तव्यमा हामी पुग्न खोजिरहेका छौं । त्यहाँ त्यो समृद्धिको चुचुरो त्यो मंजिल चुम्न पुगिसकेका छौं । अझ खासगरीकन नेपालको सबैभन्दा विपन्न प्रदेशले एउटा नयाँ खालको सन्देश प्रवाह गर्न अनेकन् प्रयत्न गरिरहेको छ । हामीले असाधारण प्रकारको इच्छा शक्ति र कार्यान्वयनको एउटा भिष्म प्रतिवद्धता जाहेर गरिरहेका छौं । नयाँ प्रयोग गर्नका निमित्त पनि हामी लालायित भइरहेका छौं । यो प्रक्रियासम्म आइपुग्दाखेरी कर्णाली प्रदेश सरकारले गरेका कैयौं कार्यहरूलाई जनताहरूले, पर्यवेक्षकहरूले, विश्लेषकहरूले तालीले स्वागत पनि गरेका छन्, वाहवाहको स्थिति पनि सिर्जना बनेको छ । हामीले गरेका सामुहिक प्रयत्नबाट सरकार, सदन, जनताहरू, विज्ञहरूको, कर्मचारीहरूको सामूहिक प्रयत्नबाट कर्णाली प्रतिको जनताको अक्षेपा वास्तवमा अङ्कुर आएको छ, आशावादीको स्केल बढेको छ, तर हामीले सकारात्मक उद्देश्यबाट अभिप्रेरित हुँदै गर्दा हामीले वास्तवमा नयाँ खालका समृद्धिका दृष्टान्तहरू स्थापित गर्दै गर्दा नयाँ परिभाषाको बहस गर्दै गर्दा कहीं मानवीय त्रुटि पनि हुन्छन्, त्यो त्रुटिबाट कर्णाली प्रदेश अछुतो रहन सक्दैन्थ्यो र रहेको छैन । त्यसो भएको हुनाले मलाई लाग्छ यहाँसम्म आइपुग्दाखेरी नयाँ इतिहास रचना गर्ने क्रममा हामीले, मतलब सफलता र कैयौं

हारहरूको पनि सामना गरेका छौं । हामीले सफलतालाई अझ संस्थागत गर्दै जाने र थप सफलता जन्माउने हामी एउटा यात्रामा बढ्न जरूरी छ । कमजोरीहरूलाई इरेज गर्दै जानेछौं, कयौं मानवीय त्रुटिहरू हुन्छन्, ती त्रुटिहरूलाई सच्याउँदै जान्छौ र एउटा सहकार्यको खासगरीकन कर्णाली प्रदेशमा सहकार्यको एउटा नमूना दृष्टान्त, बाँकी प्रदेशहरूलाई प्रस्तुत गर्न खोजिरहेका छौं र कैयौं टर्निङ्ग प्वाइन्टहरूमा सहकार्यको अब्बल दृष्टान्त हामीले प्रस्तुत पनि गरेका छौं । त्यो विभिन्न समयका क्रममा, विभिन्न काल खण्डहरूमा यहाँहरूलाई लाग्यो होला कि कर्णाली प्रदेशको सभा अनुनयको बन्दी बनिरहेको छ । मिडियाहरूमा यी अक्षरहरू रंगिए तर हामी सकारात्मक प्रतिफलका लागि, सकारात्मक सन्देशका लागि वास्तवमा हामी बहसमा थियौं, हामी छलफलमा थियौं । त्यो बहस डिस्ट्रक्टिभ थिएन, त्यो बहस कन्स्ट्रक्टिभ थियो । त्यसो भएको हुनाले हामी यो बीचको गति र अवरोधको अन्त्य गरेका छौं, कर्णाली मोडल स्थापना गर्ने पूर्ण प्रतिवद्धता जाहेर गरेका छौं । त्यसै सिलसिलामा सदनको गतिरोध पनि आपसी समझदारीको आधारमा हामीले तोडेका छौं । यो बीचमा आज पनि विधेयकहरू खासगरीकन जिल्ला सभा संचालनसम्बन्धीको विधेयक, त्यस्तै गरेर मन्त्रिपरिषद्सँग सम्बन्धित, यो संसदसँग सम्बन्धित विधेयक पनि हामीले हिजो टेबुलपनि गरेका छौं । हामी र हाम्रो उद्देश्य के हुन्छ भने बेकन्जुस्याईं, बेहिच्किचाहट रायहरू, मतहरू, सुझावहरू र सल्लाहहरू सबैलाई हामीले चाहिँ हाम्रो यात्रामा सहयोगीका रूपमा स्वीकार गर्दै गहिरो आत्मसाथीकरण गर्दै हामी विधेयकहरूलाई म्याचुरेट बनाउने, हाम्रा कानूनहरूलाई म्याचुरेट बनाउने, हाम्रो इस्टक्चरहरूलाई म्याचुरेट बनाउने, हाम्रा नियमहरूलाई र हाम्रा संस्कार र संस्कृतिहरूलगायत समग्र विषयवस्तुलाई परिपक्व बनाउने र सबैको अपनत्व बोध गराउने गरिकन हामी अगाडि बढ्दै छौं र आज प्रस्तुत हुने विधेयकहरू खास गरिकन हामीले सेवा सुविधासम्बन्धीको विधेयक पनि छ । यसलाई हामीले छलफल गरेर अन्य प्रदेशका त्योसम्बन्धीका प्रावधानहरू र व्यवस्थाहरूलाई अध्ययन गरेर संघले प्रस्ताव गरेको त्यो खालको प्रस्तावमा पनि हामीले छलफल गरेर एकखालको प्रस्तुत गरेका छौं । यसमा माननीयज्यूहरूले आवश्यक सुझाव दिनुहुनेछ, सल्लाह दिनुहुनेछ, संशोधन गर्नुहुनेछ र त्यसलाई हामीले बेकन्जुस्याई, बेहिच्किचाहट यसलाई आत्मसाथ गर्ने छौं र विधेयकहरूलाई हामी कम्प्लिट बनाउने छौं । आज हामी सबैलाई थाहा छ कि कर्णाली प्रदेश सरकार आफ्नो फुल गतिमा पूर्ण गतिमा लम्किदैछ । प्रदेशसभा र हामी एउटै डुङ्गामा सवार छौं, पटक पटक हामीले भन्दै आएका छौं । सत्तापक्ष र प्रतिपक्षभन्दा पनि हाम्रो दुश्मन भनेको गरिबी हो, गरिबी विरूद्धको लडाईं हामीले सामूहिक ढङ्गले लड्छौं । त्यसो हुँदाखेरी मलाई लाग्दछ, समृद्धिको यात्रामा सत्तापक्ष र प्रतिपक्ष कोही पनि छैनौं, हातेमालो गर्दै हाम्रो प्रतिपक्ष भनेको अभाव हो, हाम्रो प्रतिपक्ष भनेको गरिबी हो, हाम्रो प्रतिपक्ष भनेको अशिक्षा, अन्धकार, रोग, भोक, गलत संस्कार र चिन्तन हो । त्यसो हुँदाखेरी त्यसका विरूद्ध

हामीले जेहाद छेड्छौं र यहाँसम्म आइपुग्दाखेरी कर्णाली प्रदेश सरकारको मुख्यमन्त्रीज्यूले पनि हिजो समग्र गतिविधिको विषयमा यस सम्मानित सदनसमक्ष उहाँले विविध विषयमा काफी चर्चा गरिसक्नु भएको छ । मैले त्यसमा जोड दिँदै हामी आगामी दिनमा एउटा सुखद सन्देश खासगरी मिडियाका साथीहरूले पनि एउटा कन्स्ट्रक्टिभ सन्देश प्रवाह गरिदिनुहुनेछ भन्ने म अपेक्षा गर्दछु । हामी सबै आजैका दिनबाट हामी इतिहास रचना गर्न फेरी पनि प्रस्तुत योजनाका बीचबाट गुज्रन पर्दछ । त्यो सङ्कल्प हामीले जाहेर गरौं । हामीले खोजेको आदर्श समाज, खोजेको त्यो नमूना प्रदेश, समृद्ध प्रदेश, हामीले खोजेको नेपाल सम्भव छ । असम्भव भन्ने शब्दावली सायद मुर्खहरूको डायरीमा हुन्छ, हवस्त धन्यवाद, अभिवादन ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न माननीय सदस्यहरूको लागि विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही । माननीय सदस्यले रोष्टमको प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, आज लामो अन्तराल पछि ४० जना संसदहरूको मुख खुलेको छ । करिब करिब ४ महिनासम्म कान पनि बन्द, आँखा पनि बन्द, मुख पनि बन्द भएको थियो । नयाँ भवनमा आइसकेपछि, नयाँ जोश र जाँगरका साथ यो प्रदेशले कामहरू अगाडि बढाउने छ भन्ने हामीले विश्वास लिएका छौं र विश्वास लिएका थिँयौ, जब हिजोबाट सदन चल्यो, जुन रोकिएका, जुन अवरोध भएका कुराहरू आए, त्यसकालागि म सरकारलाई धन्यवाद दिन सक्दिन । सरकारले जे कुरा ल्याएको छ, हामीलाई खुशी लागेको छ । यति खुशी भएको छु कि संविधान लेख्दाखेरी हामीले समाजवादी उन्मुख भनेर संविधान लेखेका छौं । हाम्रो प्रदेश समाजवादी होइन, साम्यवादी उन्मुख नै भइसकेको छ । यहाँ चिन्ता गर्नु पर्ने कुरा केही पनि छैन । किनकी हामीलाई हिजो यही सिकाइन्थ्यो । यो सरकार, दुई तिहाइको सरकार, शक्तिशाली सरकार, जुन सरकारले कहिल्यै पनि गरिबका समस्याको लागि पछि परेन, आफ्नै साथी भाइका लागि पछि परेन भन्ने कुरा सरकारले ल्याएका कार्यक्रमहरू बाट देखिन्छ । भलै यो रातो किताबहरू केही समय पछि आयो, कमसेकम मिडियाले पनि थाहा पायो कि अब कति बजेट कुन कुन प्रदेशमा, कहाँ कहाँ विनियोजित भएको छ भन्ने कुरा हाम्रो अहिले पनि सारा यहाँका जनताहरू लिएर मिडियाले थाहा पाउने सौभाग्य दिनुभयो त्यसको लागि पनि मैले सरकारलाई धन्यवाद दिनै पर्दछ । कानून बनाएर, यो कानूनी राज्य हो, कानूनी राज्यमा जे जति दिन्छौ, राजनीतिज्ञहरूलाई भनिन्छ सोसियल वर्कर, दुई खालका सोसियल वर्कर, एउटा अनपेयड सोसियल वर्कर र अर्को पेयड सोसियल वर्करको पनि कानून बनाएर जे जति दिने हो, आफ्नो क्षमता हेरेर गर्नुहोस् भन्ने कुराका लागि पनि हामीले घच्घचाउनै पर्यो, त्यो पनि आएको छ, त्यसका लागि पनि

धन्यवाद छ । केही नमिल्या रहेछन् भने मिलाउनु होला, त्यो पनि म यहाँहरूलाई अनुरोध गराउन चाहन्छु । तपाईंहरूले गरेको क्रियाकलापलाई धन्यवाद नदिएर बस्न सक्ने अवस्था नै छैन । किनकी साँच्चिकै हामीले देखेको सपना, सपना त अब हामीले विपनामा परिणत भैसकेको छ, भटाभट बाटाहरू बनिरहेका छन् । हामी अर्काको उदाहरण दिन्छौ, चीनको उदाहरण दिन्छौ, चीनले ५५ कि.मि. समुन्द्रमाथि पुल बनायो, जुन पुल ८ वर्षमा बनायो । हामी यति गतिशित छौं कि ५० मिटर बाटो बनाउनका लागि ८ महिनासम्म सिद्ध्याउदैनौ, त्यो अगाडिको गतिशिलता त्यहीं देखिएकै छ । ८ महिना भैसकेको छ जस्तो लाग्दछ, त्यो नभएपनि ४ महिना त भैसक्यो होला । यस्तो छ कर्णाली प्रदेशको विकास, हामीले कहाँ पुर्याउने हो, मैले भन्ने केही पनि छैन । सायद मैले जब मन्त्रीज्यूहरूका अनुहारहरू हेर्दछु, सबै एकसय एक पढेका लेखेका, कभर हेर्दाखेरी सगरमाथा टल्केझैं टल्केको देख्दछु, तर कभरभित्र हेर्ने हो भने कता कता धमिराले खाएको जस्तो, मलाई त लागेको थियो । यो प्रदेशका मन्त्रीज्यूहरू, यो प्रदेशको मन्त्रीज्यू हुनुहुन्छ भन्ने मैले सोचेको थिएँ, यो सम्पूर्ण सदनको, संसदहरूको, यहाँका जनताहरूको मन्त्री हुनुहुन्छ भन्ने सोचेको थिएँ, मन्त्रीज्यूहरूलाई त सायद हामीले वडा अध्यक्ष बनाएको भए, वडा सदस्य बनाएको भए कतै राम्रो हुन्थ्यो कि, किनकी दायित्व वडाभित्र परेको छ । सायद माक्सले भन्नुभएको सामन्त यही होला । समान हुन्छन् सबै, आम कृषकहरू कुर्सिमा बस्छन्, कसैमा विभेद हुँदैन होला यही नै होला किनकी मन्त्री हुने मान्छेको क्षेत्रमा ५० लाख योजना पर्यो भने माननीय हुनेको ५ हजार पर्नु त्यो पनि एउटा समानता नै हो । आखिर त्यो त माननीय नै हो, माने पनि भयो नमाने पनि भयो । त्यसका लागि पनि धन्यवाद नदिइ बस्न सकिदैन । मलाई लाग्दथ्यो, हो, उहाँहरू पक्कै पनि यो प्रदेश बनाउँछौं हामी, हामी सुरूङ्ग बाटाहरू ल्याउँछौं, हामी हाइवेहरू बनाउँछौं, हामीहरू एअरपोर्टहरू बनाउँछौं, ठूला-ठूला वितरणमुखी हामी हुँदैनौ भन्ने प्रतिज्ञा लिएर जानु भएको होला भनेर सोचेको थिएँ, उहाँ त गाई वितरण, पाठी वितरण अनि घोरेटो पनि हो, डोरेटो पनि होइन, भिरेटो वितरण यो खालले कर्णालीको सपना देखेका छौं, समृद्धि देखेका छौं भनेर सम्भव होला त ? सपना देख्नु भयो राम्रो हो, विपनामा परिणत नै नहुने सपना देखेर हाम्रो उभोगति लाग्दैन । हाम्रा आदरणीय मन्त्रीज्यूहरू, यो सरकार र सदन प्रति उत्तरदायी हुनुहुन्छ भन्ने कुरा मैले देखिन । किनकी लागेको छ, यो त मेरो बाजेको फलानो पालादेखि जम्मा गरेको सम्पति हो, बल्ल पो मेरो हातमा आएको छ र मैले वितरण गर्नुपर्दछ । तिमिहरू कसैको पनि होइन, तिमिहरू दास हौ, सायद त्यसैले त किताब लेखिएको होला, अल आर इक्वल बट सम आर मोर इक्वल अदर लेखेको पुस्तकको बारे दुनियाँलाई थाहा छ । आज यही भइरहेको छ, अल आर इक्वल, मिनिष्टर आर मोर इक्वल अदर, मैले कहिले पनि कल्पना गरिन, उहाँहरूको हेरिसकेपछि एउटा जुझारु नेता, एउटा आन्दोलनमा लागेकाहरू, अब कर्णाली बन्ने भयो, बन्छ, नबन्ने त कुरै छैन, भयानक नै बन्ने भयो, यहाँ

सारा हुनुपर्ने कुरो भइसकेको छ, दुनियाँ सारा कर्णालीसँग खुशी छन् । त्यसका लागि हामीले धन्यवाद नदिएर कसरी बस्न सकिन्छ । आज एउटा रातो किताब ल्याउनका लागि रात दिन लाग्नुपर्ने भयो, कति रात बिते, कति दिन बिते, यहाँ आएर त्यो टाइममा ल्याइ दिएको भए, कोही खुकुरी उठाएर हिड्नेवाला त कोही थिएन नी, कुरैमा कुरा हुन्थ्यो होला, सायद पछि बोल्दाखेरी मलाई केही छैन, तर त्यस्तो एउटा बौद्धिक सर्कल भनेकोले ल्याउने योजना यस्ता छन कि, कतै माइती छुट्यो कि, पोइली छुट्यो कि, फुपूको छोरा छुट्यो कि, बज्यैको छोरा छुट्यो कि, अनि टाइममा गर्नुभएन, कर्मचारीले किन गरेन, कर्मचारीलाई भन्यो, तपाईंहरूले किन गर्नुहुन्न, सरकार परिवर्तन भयो, देशमा सारा परिवर्तन आयो, ए हजुर देशमा ऐन छ, कानून छ, कानूनअनुसार हिड्नु पर्यो नी, कानून मिचेर हामी कसरी जानु हजुर, भनेर कर्मचारीले भन्ने, के हो यो ? मुख्यमन्त्रीले यो भनिहाल्नु भयो, यहाँ द्वन्द्व छ, भ्रष्टाचार छ, अब मैले यहाँबाटभन्दा कठ्ठै मुख्यमन्त्रीज्यू भन्नु बाहेक अब मेरो अरू केही रहेन । कतै भोलि लेख्ने शब्दावलीमा मुख्यमन्त्री होइन, मुखमन्त्री मात्रै पनि भन्नुपर्ने अवस्था आउने होकी, किनकी त्यो मन्त्री जस्को नेतृत्वमा बसेका छन्, उनले त्यो मुख्यमन्त्रीको कुरा नमान्ने स्थिति हो, र अगाडि नबढ्ने हो भने यो प्रदेश आज यस्ता हिमाली जिल्लाहरू छन् हिजो हिँउ परिसकेको छ, माइनस १० डिग्री भएका जिल्लाहरू पनि छन्, त्यस्तै ४० डिग्री भएका जिल्लाहरू पनि छन् । यहीं सुर्खेत पनि जाडो भैसकेको छ, यस्तो ठाउँमा योजनाहरू टाइममा संचालन गर्नुपर्छ भन्ने कुरा हामीले सोच्नु पर्छ कि पर्दैन ? अन्तिम घडीसम्म पनि हामी समृद्धि समृद्धि एकदम हामी अगाडि भनेर मात्र शब्दले बोलेर हुने भएको भए, म अहिले के कल्पना गर्दथें भने यसलाई अमेरिका जस्तो हाम्रो प्रदेश हुने छ, न्यूयोर्क जस्तो हाम्रो राजधानी हुनेछ, स्मार्ट सिटी त्यस्तो खालको भनेर मात्रै हुने हो र, ती प्राइमरी कुराहरू पनि हामीले गर्न सकेनौं । राज्यको सम्पतिलाई दोहन गर्ने अधिकार कुनै एउटा व्यक्तिलाई हुन सक्दैन । कसैको मान मर्दन कुनै एउटा व्यक्तिलाई हुन सक्दैन । एउटा त्यस्तो सार्वभौम सम्पन्न नेपाली जनता भएको ठाउँमा सार्वभौम सम्पन्न ससंदलाई अपहेलना गर्न पाउने कुनै पनि व्यक्तिको हुन सक्दैन, यो कुरा कहिले पनि भुल्नु हुँदैन सरकारका मान्छेहरूले, हामीपनि संसद हौं । मलाई के लाग्न थाल्यो भने, अहिलेको बजेट वितरण गर्ने जुन नीति लिएको छ, त्यसले पाँच पाँच महिनामा सरकार परिवर्तन हुन्छ कि भन्ने लागिरहेको छ । किनकी दिनेको हात चाहियो, त्यो मन्त्री हुनुपर्ने भयो, कि त्यसलाई चाकडी गर्नुपर्ने भयो, कि त्यसलाई हजुर्याई गर्नुपर्ने भयो, होइन भने त फुपू चेला, मामा चेला, होटलमा बसेकाहरू एक एक उदाहरण दिन सकिन्छ । त्यति पनि यहाँहरू जस्तो बौद्धिकस्तरको मान्छेले सोच्न सक्नु भएन । गयो देऊताको धामी हेरायो, कतिले धामी भन्ने बुझ्नु हुन्छ होला कतिले बुझ्नुहुन्न होला, अनि ऊ काँपे पछि भन्छ, तैंले १ करोड राख्ने भए, म तलाईं दिक्षा दिन्छु, हस् प्रभु म हजुरलाई १ करोड दिन्छु । राणाशासन किन चाहियो, हुकुमी शासन भए त पुग्यो नी, अनि कसैलाई केही छ भने, आफ्ना कसैलाई यता र उता सरुवा

गर्नुपर्यो भने, आफूले भनेको ठाउँमा राख्नुपर्यो भने तलाई यो दिम्ला नी, यही हो प्रदेशको समृद्धि भनेको ? योजनाहरू राखिएका छन्, जसको यो योजनाको कति पर्दछ भन्ने थाहा छैन । किताब हेर्यो भने एकछिन त मान्छे चक्कर नै आएर लड्ने जस्तो । केही मन्त्रालयका मन्त्रीज्यूहरूले यस्तो अक्षर लेख्नुभएको छ कि हेर्यो कि रिङ्गाटा लाग्ने जस्तो । अब यो वेबसाईटमा त राखेकै थियौं, मोराहरूले हेर्न पाएका थिएनन्, अब किताबमा पनि हेरी पो हाल्छन कि, त्यस्तो किताब ल्याउनुभन्दा नल्याए पो हुन्थ्यो नी, तर मलाई लाग्यो मै बेवकुफ हुँला, मैले बुझिन, यो किफायती गर्नका लागि होला, साना अक्षर भयो भने, फन्ट ३ होकी जस्तो लाग्दछ, अब ९-१० को फन्ट गर्यो भने त धेरै मसी हुन्छ, मितव्ययिता अपनाउने हाम्रा मन्त्रीहरू, उहाँहरू यति मितव्ययिता अपनाउनु हुन्छ कि एउटा गाउँको मेलामा जाँदाखेरी हेलिकप्टर चढेर जानुहुन्छ । हुनु त ठिकै हो, बाटो नभएको हेलिकप्टर नगएर भएन नी, त्यो पनि मितव्ययिता नै हो, हिडेपछि धेरै दिन लाग्दछ, त्यसको लागि पनि किताबका ती अक्षरहरू देख्न नसकिने गरी किताब ल्याइन्छ, सायद त्यो प्रिण्टरको मिस्टेक होला, कि त्यो लिने कर्मचारीको मिस्टेक होला, किनकी कसैले हेरिदियो भने त बर्बाद हुन्छ । हामीले भन्ने गरेका छौं बाहिर भाषण गरेर होइन, कुनै पनि मानिसलाई कुनैपनि सुविधा पाउनेहरूका लागि पनि तपाईं उनलाई गलत बाटोमा नहिड्ने ठाउँमा लगाएर दिनुहोस् । म कर्मचारीको पक्षमा पनि त्यही बोलिरहेको मान्छे, महेश आचार्य अर्थमन्त्री हुँदाखेरी म भन्ने गर्दथें, कि तपाईं कम्तीमा पनि कर्मचारीका पाँच परिवारलाई पाल्ने गरी पैसा दिनुहोस्, कहाँबाट स्रोत ल्याउने यार जीवन जी भनेर भन्नुहुन्थ्यो । तर लिकेज त्योभन्दा हन्ड्रेड टाइम बढि हुन्छ, मलाई विश्वास छ, मान्छेहरूलाई जब खान लगाउन पुग्दछ, एक हात मान्छे जो ह्याविच्यौल हुन्छन्, जसलाई कत्तिको यस्तो ह्याबिट हुन्छ कि बेलुका जाँड खाएपछि मान्छे नकुटी नबस्ने, अनि एक रूपैयाँ देखेपछि घुस खानुपर्ने, ह्याविच्यौल व्यक्ति बाहेक अरूले आफूलाई पुग्यो भने त्यसरी बानी बिगार्दैन । यहाँ धम्काएर पनि भएको छ, सुनेकै हो, आफूले खाएको बिल नतिर्दाखेरी सचिवलाई हात पात गरेकै हो । हामी सबै चुप लाग्यौ, सुन्यौ, हामी किनकी सरकारलाई अघि नै भने जस्तै हाम्रो शत्रु भनेको, हाम्रो प्रतिपक्ष भनेको रोग, भोक र शोक हो, त्यो बनेन, त्यो बन्न सकेन । यसरी नै जाने हो भने सायद कति होला, एउटा ओल्लो घरको वडा छ, पल्लो घरको वडा छ । ओल्लो घरको वडालाई ५० लाख हालिएको छ, पल्लो घरको वडालाई ५ हजार राखिएको छ । जो साथी पनि निर्वाचन भएर आएको थियो, उसले पनि त्यतिकै वचन दिएको होला, त्यति पनि बुझ्नु पर्दथ्यो कि नाई, हामीले पनि कति मन्त्रीको प्रशंसा पनि गर्यौं, उहाँहरूको जस्तो केही गर्ने, तर अब एउटा अनुभूति के भएको छ भने खोल हेरेर मात्रै केही हुँदैन । के आजीवन मन्त्रीकै कुर्सिमा बस्नु हुन्छ यहाँहरू ? के आजीवन सम्पति हाम्रै पुर्खाले कमाएको जस्तो यहाँहरूले मान्नु हुन्छ ? सायद किताब हेर्नुभयो भने आफैलाई पनि लाज लाग्नु पर्ने हो । केन्द्रीय संसदमा के भयो, सायद कसैको लागि त धेरै योजना भएको र

भारी बोक्न नसकेर यहीं छोडेर जानु हुन्छ होला, मैले त आउँदा आउँदै सम्मान गर्नुपर्छ भनेर तसी खादा खल्तिमा हालेर ल्याएको त्यो पनि कता खसेछ, तर मैले सम्मानित गर्ने थिए । कर्णाली प्रदेशको लागि यस्तो खालको बजेट आउनु, जुन बजेटबाट भ्रष्टाचार हुने वाला छैन, जुन बजेटबाट जनताको काम हुनेवाला छ, आज केही ठाउँमा भनिएको छ, तिमि बाटो खन्दै गर, पैंसो एकहिसाबले निकास हुन्छ, हिजो मुख्यमन्त्रीज्यूले भन्नुभयो एक पैसा पनि निकास भएको छैन, तर बाटो खनिसक्यो, अब उसले भन्ने होला मैले बाटो खन्दा ब्याजमा पैसा लिएको थिएँ, मैले ब्याजमा मेशिन किनेको थिएँ त्यो कटाउने होला, मैले ब्याजमा यो लिएको थिएँ, त्यो कटाउने होला, कमिशनतन्त्र भनेको के ? यही नै हो त समानता भनेको ? यही नै हो त सर्वहाराको सरकार भनेको ? प्रत्येक दिन देख्दछु आवाज परिवर्तन भइरहेको पनि मैले देखिरहेको हुन्छु । एकपछि अर्कोमा गयो, हिजो पनि १ अर्ब ५ करोड रुपैंया त मर्मत सम्भार मै गएको छ त, कतै यसलाई संक्रमणकालिन अवस्था सिर्जना गरेर भाषणमा हामीले मिठो बोल्ने तर यो कर्णालीलाई अगाडि होइन, झन पछाडि धकेल्ने हो भने सायद संघीयता अगाडि नबढ्न सक्छ, संघीयता अगाडि नबढ्न सक्ने एउटा कारकतत्व कर्णाली प्रदेश हुन सक्छ, कर्णाली प्रदेशका एक्जुकेटी पावरमा बसेका मानिसहरू हुनसक्छन् । मलाई लाग्दछ, मैले सोच्दथें, हामीले गर्नुपर्दछ, हामी प्रतिपक्षले, विपक्षीले हामीलाई के भन्नुहुन्छ, किनभने मैले दुईवटै शब्द भन्नुपर्ने भयो, अगाडि पट्टी टेबुलमा प्रतिपक्ष लेखिएको छ, अनि म बस्ने कुर्सिमा विपक्षी दलको नेता भनिएको छ, प्रतिपक्ष दलमा पनि विपक्षी दलको नेता भन्या हो, या त्यो के हो मैले भाषा नबुझ्या हुनाले मैले दुई वटै बोल्नुपर्यो । प्रतिपक्षी दल र विपक्षी दलले पनि के भन्यो त, तपाईंहरू अगाडि बढ्नुहोस् हाम्रो साथ छ, हाम्रो साथ छ यो बनाउनका लागि तर रातदिन कराएको कराई गर्दा पनि उहाँहरूले सोच्नुभयो, जाबा ती ५-७ जना मान्छे बसेर के नै हुनेछ, यत्रो यत्रो संसदहरू बसेका छन्, यिनको अगाडि यी ६ जना के हुन् भन्ने यहाँहरूलाई भयोहोला । कुर्सिमा ७ जनाको बसाई छ त्यता, एकजना तपाईंकै पक्षमा हुनुहुन्छ, किनकी सत्तालाई जसले समर्थन गर्दछ, त्यो सत्तापक्ष नै हुन्छ, तर यहाँ नयाँ चलन छ, सरकार बनाउँदा सत्तापक्षले सहयोग गर्ने र बस्दाखेरी विपक्षीमा बस्ने भन्ने चलन हुन्छ, यो पनि नयाँ चलन हो, किनकी पूरानोको अब सान भइसकेकोले नयाँ नयाँ सिद्धान्तहरू पनि प्रतिपादन गर्नुपर्दछ । त्यसले मात्रै हुँदैन सायद सोभियत यूनियन किन भङ्ग भयोभन्दाखेरी यही कारणले गर्दा हो । आफ्नैभित्र पनि कसलाई घोडा बनाउने, कसलाई बाख्रा बनाउने, कसलाई खरायो बनाउने, कस्लाई भेडा बनाउने, कोही बङ्गुर बन्ने, त्यो सुँडले जतातते फाल्दै हिड्ने, यसले अगाडि बढ्न सक्दैन, सभामुख महोदय । म आज यी कुरा भन्न बाध्य छु, किनकी सरकारले भनिसकेको छ कि यहाँ भ्रष्टाचार भैसकेको छ, यो भ्रष्टाचार भएको ठाउँमा सरकार कसरी अगाडि बढ्न सक्छ, भ्रष्टाचारको छानबिन गरिनुपर्दछ, कस्को कति-कति कुन-कुन कारणले, हो योजनाको ब्याङ्क थिएन, भोलि योजनाको ब्याङ्क आउँछ भने आज निर्वाचित संसदहरू दुई

वटा खालको छ, एउटा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका, एउटा प्रत्यक्षबाट निर्वाचित भएका, जसका जति-जति क्षेत्रहरू थिए, त्यही समानुपातिक ढङ्गले चाहिँ बजेट विनियोजित गरिनुपर्दथ्यो कि पर्दैन्थ्यो ? ल सोच्नुहोस्, सभामुखज्यूमार्फत् म सरकारलाई भन्न चाहन्छु, यो नसोच्नुहोस् कि संसारमा यो दुनियाँमा हामी मात्रै बाठा छौँ र हामीले मात्र केही गर्न सक्छौं भन्ने कुरा नसोच्नुहोस् । तपाईंहरूको जुन प्रक्रियाले, जुन गतिविधीले आज देश भरि गन्हाउने अवस्थामा आएको छ । हो, सुरूको बेलामा सरकारले गरेको गतिशिलता लिएको थियो, प्रदेशको नाम राख्यो, राजधानीको नाम राख्यो, तर पछि गतिशीलमा गति त कता हरायो हरायो, शीलमा शीलबन्दी भएर बसेको छ, अब बन्दीको नदिने अवस्थामा लिएर राखिएको छ । यही हो सरकारको ताल ? अब मलाई के लाग्यो भने सरकारका साथीहरू ल्याउनु भएको बजेट मैले हेर्दा बिरक्तता लाग्यो, यसले यो प्रदेशको समृद्धि कसरी हुन सक्छ, यसको हामीलाई जवाफ चाहियो, कसरी हुनसक्छ ? जहाँ आफ्नो मन परेको छ, त्यहाँ सामूदायिक भवन बनिसकेको छ, हामीले त सोच्यौं साँच्चै राम्रै कुराका लागि होला, यहाँ के छन् ? आफ्ना कुन कति पुस्ताका नातेदारहरू छन् ? तिनैलाई पैसा दिने गरिएको छ । यसैका लागि क्रान्ति भएको थियो, यसैका लागि १० वर्षे जनयुद्ध भएको थियो, मैले त देखें जनयुद्ध यसकारणले पो भएछ कि हुने खानेवालालाई सिद्ध्याएर आफू हुने खाने भएर महामहिम बन्ने ढङ्गले पो बनिएको रहेछ भन्ने आजको बजेटले देखाएको छ । कम्यूनिष्ट चरित्र यही हो, हामी त अब आजकल एमाले पनि कम्यूनिष्ट भन्न थाले नत्र पहिले पहिले कांग्रेस जस्तै भनेर बुझ्छन्, कांग्रेस त सामन्ती भयो, पूँजीवादीहरू भए, जसले केही गर्न नै सकेन, लुटेर खायो, तर अब नवसामन्ती, नव धनाढ्यहरूको सिर्जना हुन थाल्यो, हिजो कांग्रेस मोराले १ सय रूपैयाँ घुस खान्थ्यो भने अब १ हजार रूपैयाँ घुस खान थाले । त्यसैका लागि त्यो द्वन्द्व थियो ? त्यसैका लागि यो लडाईं थियो ? आज त्यो यहाँहरूले प्रमाणित गरिसक्नु भएको छ रातो किताबबाट, आज साराले देखेंहेरे भनेपनि थुक्क कस्तो रहेछ भनेर भन्ने अवस्था ल्याउनु उपर्युक्त होइन । त्यसकारण सभामुख महोदय, म यसरी विरोधमा उत्रिएर बोल्ने मान्छे होइन, तर बाध्य भएर हो । किनकी तपाईंहरूलाई के छ भने कसैलाई ह्यूमलेशन गर्यो भने हामी ठूला हुन्छौ भन्ने यहाँहरूलाई सोचाइ होला, कसैलाई ह्यूमलेशन गरेर तपाईंहरू ठूलो हुन सक्नुहुँदैन । यही किसिमको सरकारको रवैया हुने हो भने हामीले विशेष ढङ्गले सोच्नुपर्ने बाध्यता छ र यो नसोच्नुहोला, कैयौं आवाजहरू उठ्ने छन्, आवाज उठिसकेपछि सदनमा कराउँछन्, यो त्यतिकै हराएर जान्छ, त्यस्तो नसोच्नुहोला, जब सदनमा आवाजहरू उठ्छन्, ती आवाजहरूले एउटा रूप लिन्छ, कस्तो सरकार ? यो देशको ट्रेन यस्तो छ भनेर भन्नु पर्ने अवस्थाको यो कस्तो सरकार हो ? कस्ता मन्त्रीकै आदेश पालना नगर्ने ? मैले जानेको संसदीय व्यवस्थामा कि त यो केन्द्रिकृत प्रणालीको शासन सत्ता हो भन्नु पर्यो त्यो सरकार हो भन्नु पर्यो, होइन भने हामीले बुझेको संसदीय व्यवस्थामा जन्म र मृत्यु भनेको प्रधानमन्त्री हुन्छ र त्यसको

उत्तरदायित्व भनेको, त्यसको थलो, त्यसलाई नियन्त्रण गर्न भनेको संसद हुन्छ, यो पावर ब्यालेन्स गर्ने भनेर यसरी बुझ्नुहोस् । एकले अर्कालाई दोष दिएर ठीक छ, अनि चाहिँ एकदम हुत्याएर, गलाएर, कसैको आस्थाका भरमा ठाउँको ठाउँ कटाइदिन्छु भनेर एकदम भ्रष्टाचारको कुरा आएको हुनाले, बजेट पनि भ्रष्टाचारी किसिमले आएको हुँदा अहिलेलाई हामीले समर्थन गर्दैनौं भन्ने कुरा त छैन, तर जबसम्म यसको राम्रोसँग छानबिन हुन सक्दैन, जबसम्म संसदहरूको सम्बन्धित क्षेत्रहरूको कम्तीमा सकभर त जिल्ला भरिका नभए पनि आफ्ना-आफ्ना क्षेत्रमा भएका कुन-कुन योजना गर्छन्, कस्को नाम, किनकी त्यहाँ रेकर्ड त छ नी, चिया खाएर दिएको हो कि, माननीयको सिफारिसमा दिएको हो कि, कुनै नातेदारको हिसाबले योजना दिनु भएको हो कि, यसरी पनि बजेट वितरण गर्नुहुन्छ, कम्तीमा यति योजना गरेर ब्लकमा जानुपर्ने कुरा हुन्, यो खालको गरेको हुनाले यो सरकारबाट अब हामीले कुनै आशा गरेका छैनौं, अब यो सरकारले केही गर्ला भन्ने भरोसा पनि भएन, आशा र भरोसा नभइ सकेपछि हामीले विकासका कुरालाई परिकल्पना गर्नु सपना बाँड्नु हो, सपना बाँड्न सकिन्छ, साना साना बालबालिकाहरूलाई भन्ने गरिन्थ्यो कि यी सामन्तहरू, यी तानाशाहहरू, यी पूँजीपति वर्गहरूका विरूद्धमा आन्दोलन भएको तर अब मलाई के लाग्न थाल्यो भने अब यो शब्द कत्तिको उपर्युक्त हो होइन, अब त्यो पूँजीवादीहरूलाई वादी मात्र बनाइएको छ, पूँजी आफ्नो खल्तिमा हालेर साराका सारा, फेरी जनताको कम्यून सबैलाई समेट्ने परिणाममा एउटा धुत बङ्गरको रूपमा जाने परम्पराको सुरूवात भएको छ, यो परम्पराको घोर भर्त्सना गर्दै जुन सिस्टममा नहिड्ने, सिस्टमको पनि घोर भर्त्सना गर्दै म आफ्ना भनाइहरू यहीं टुङ्ग्याउन चाहन्छु, धन्यवाद ! जयनेपाल !

**माननीय सभामुखः-** माननीय श्री अमरबहादुर थापा, समय ५ मिनेट ।

**माननीय श्री अमरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज दुई तीन महिना पछि हिजोबाट संसद सुचारू भएको छ, सुचारू गर्नेमा सरकारले राम्रै पहल गरेको मानेको छु, यसका लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु । कमसेकम आजसम्म पहिले नै सुचारू गरिदिएको भए जनताका कामहरू हुनसक्थे होला, हुन सकेन, तर पनि अहिले जुन किसिमको नेपाल संघीय गणतन्त्रमा प्रवेश गरिसके पछि नेपालको विकास र नेपाली जनताको समृद्धि गतिका साथ अगाडि बढ्छ भन्ने जुन आमरूपमा महसुस भएको थियो । हामीले नेपाली चरित्रलाई बदल्न सकेनौं भन्ने मलाई लागेको छ । संघीय सरकारले ल्याएका बजेटहरू फेरी पनि अहिले प्रतिपक्ष दलका नेताले बोलेजस्तै ठोस कुन मोडालिटीमा जाने संविधानले व्यवस्था गर्दागर्दै पनि मोडालिटी के हो भन्ने कुरा नबुझेरै अगाडि बढेको जस्तो मलाई लागेको छ । प्रदेशको सरकारले ल्याएको बजेट हिजो हामीले पास गरिसक्यौं । प्रतिपक्षले अडान लियो, योजना किताब चाहियो, त्यो वेबसाईटलाई मान्दैनौ भन्यो, संसद बन्द गरियो, त्यो जे होस् अब योजना किताब पनि हाम्रो हातमा आयो । वास्तवमा समृद्धिको भाषण मञ्चबाट हामीले गर्नुभन्दा पनि

व्यवहारमा समृद्धिको बाटो कसरी अगाडि बढ्न सक्छ, जनतालाई कसरी समृद्ध बनाउन सक्छौं भन्ने योजनासहित सबैको सरसल्लाह र छलफलबाट अगाडि बढेको भए राम्रो हुन्थ्यो होला । आज पनि समृद्धि गर्नका निमित्त आफूखुशी मैले त ठानेको छु, म अहिले आफ्नै सरकारलाई मात्रै दोष दिइरहेको छैन, विगत लामो समयदेखि म ४ वर्ष संविधान सभामा पनि रहें, त्यहाँ पनि यस्तै यस्तै कामहरू हुँदै गरे, यो चरित्रलाई लोकतान्त्रिक गणतन्त्र आइसकेपछि संघीयता संरचना निर्माण भैसकेपछि यो परिवर्तन हुन्छ कि भन्ने मलाई लागेको थियो । हिजो पनि सरकारहरू थिए, सरकारका बजेट ल्याउने अर्थमन्त्रीहरू थिए, ती बजेट ल्याउने अर्थमन्त्रीले पनि यस्तै यस्तै चरित्र देखाउँथे । आज त्यो चरित्रलाई यो संघीयतालाई हामीले कार्यान्वयन गरेर अगाडि बढ्ने, साँच्चिकै जनताको सरकार, साँच्चिकै जनताको घरमा घरमा सिंहदरबार भन्ने मान्यता बोक्ने कुरामा हामीले आम चरित्रलाई परिवर्तन गर्न सकेनौं, यथास्थान मै छौं । आज आदर्शले, जसले जसलाई गाली गरेपनि, जसलाई जे भनेपनि, चरित्र हाम्रो त्यही हो, आम नेपाली चरित्र, त्यो चरित्रलाई आज हाम्रो प्रतिपक्ष दलको नेताकै सरकार भएपनि यस्तै यस्तै हुन्थ्यो होला भन्ने महसुस मलाई भइरहेको छ । आज नेपाल कम्यूनिष्ट पाटीको सरकार भएपनि त्यस्तै त्यस्तै भइरहेको छ, आम जनताहरूले कसरी महसुस गर्ने हुन्, आम जनताको भावनालाई कसरी कदर गरिने हो भन्ने कुरा हामीले महसुस गरेनौं, आज प्रदेश एउटा गाउँ विकास जस्तै गरी चल्ने, आज प्रदेशको सरकार संसद प्रति के कति उत्तरदायी भयो भन्ने महसुस नगर्ने, प्रदेशको सरकार, अहिले त मलाई लागिरहेको छ, यो ७ वटा निर्वाचन क्षेत्रलाई एका तिर राखेर छुट्टै सरकार बनाउने र यो १७ वटा निर्वाचन क्षेत्रलाई छुट्टै छुट्याउने भन्ने महसुस भएको छ । किनभन्दा संघमा पनि त्यस्तै भएको छ, प्रदेशमा पनि त्यस्तै भएको छ,माथिका मन्त्रीहरूले पनि त्यही गर्ने हो भने हामीले पनि किन नगर्ने भन्ने भएको होला, त्यसैकारणले अहिले देशलाई परिवर्तन गर्ने, साँच्चिकै मुलुकलाई समृद्धिको बाटोमा अगाडि बढाउने हो भने हाम्रो पारिश्रमिकका कुराहरू आएका छन्, आज वडाध्यक्ष देखि, वडा सदस्यदेखि लिएरमाथिका सरकारमा रहने संघीय संसद र त्यस सरकारमा रहेकाहरू समेत हामी पारिश्रमिकवाला बनि रहेका छौं । ब्यूरोक्रेसी त पारिश्रमिककै लागि आएको हो, तर हामीले पारिश्रमिक त खायौं, त्यो पारिश्रमिक खाने चिजको उत्पादन गर्न हामी सक्छौं कि सक्दैनौ, हाम्रो चिन्ता त्यसमा जाहेर गर्ने होकी होइन, हामीले जति खर्च गरेका छौं, खाएका छौं, हामीले जनताको करबाट, राज्यको स्रोतबाट खाएका छौं, त्यसको डबल उत्पादन गर्ने हो भन्ने कुराको चिन्ता हामीले गर्यौं कि गरेनौं ? त्यो चिन्ता गर्न जरूरी छ । आज यो बजेटले वास्तवमै जनताको जनजिविकालाई कसरीमाथि उठाउन सकिने हो, साँच्चिकै ठोस योजनाहरूबाट यो प्रदेशको ढुकुटीलाई कसरी मजबुत बनाउन सकिने हो, आज यो प्रदेशको ढुकुटीमा प्रशस्त पैसा भयो भने यहाँबाट सोझै जुम्लासम्मको टनेलबाटै हामीले गाडी पुर्याउन सक्छौं कि सक्दैनौ, त्यहाँको जनताको जनजिविकालाई सहज बनाउन सक्छौं कि सक्दैनौ । त्यता

तिर हाम्रो चिन्ता त्यति भएको जस्तो मलाई लागेन । आज यो राष्ट्रको ढुकुटी जबसम्म बलियो हुन सक्दैन, हामीले कसैबाट लिएको सहयोग, अनुदान र ऋणले विधिमा मात्रै जाने होकी आफूले, आफ्नो खुट्टामा उभिएर जाने हो यो बजेट त्यता तिर उन्मुख हुनुपर्यो । आज मैले पाँए कि पाएन, मेरो क्षेत्रमा पर्यो कि परेन, अथवा कसैले पायो कि पाएन भनेरभन्दा पनि आमरूपले यो प्रदेशको हित हुन सक्ने, यो प्रदेशको ढुकुटी मजबुत हुन सक्ने, आमजनताको जनजिविकालाई अगाडि बढाउन सकिने स्रोत के हुन् ? मैले भन्ने गर्या थें, ती स्रोतलाई अहिले हामीले ती झुले बाटो बनाउनुभन्दा यो प्रदेशको मजबुत तरिकाले आय आर्जन हुन कुन प्रोजेक्ट छ, त्यो प्रोजेक्टलाई यो सरकारले अगाडि बढाउन सकोस् भन्ने कुराभन्दाभन्दै यो कुरा अहिले पनि आएको छैन, तर भोलिका दिनमा पनि आउँछ भन्ने मलाई लाग्दैन । समृद्ध भन्ने कुरा मेरा मुखमा पनि छ, मन्त्रीज्यूहरू, मुख्यमन्त्रीज्यूहरू पनि यो प्रदेशलाई समृद्धि बनाउने भन्नुहुन्छ, हामीसँग समृद्धिको योजना छैन । त्यसैले अबको दिनमा यो सरकार चिन्तित होस् । हाम्रो प्रदेश सरकारले अबका दिनमा रातदिन चिन्ता गरेर अगाडि बढ्न सकोस् कि यो प्रदेशलाई मजबुत कसरी बनाउन सकिन्छ, यो प्रदेशको राजश्व र ढुकुटीलाई कसरी हामीले अगाडि बढाउन सक्छौं, यो प्रदेशलाई नमूना योग्य प्रदेश बनाउन सक्छौं भनेर चिन्ता गर्नुपर्यो । यहाँ एक्कैछिनमा भन्या कुरा बिर्सी जाने, एउटा कुरा ल्याउँ भन्या अर्को कुरा ल्याउने प्रवृत्तिलाई अन्त्य भएर गम्भीर तरिकाले साँच्चिकै यो सदनमा ल्याउँदा जनताका बीचमा जाँदा, जे कुरा हामीले ल्याउँछौं, जनताले राम्रो कुरा ल्यायो भन्ने, असल काम भयो भन्ने प्रशंसा गरौन यो भन्दै म मेरो भनाइ अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कुर्मराज शाही, समय ५ मिनेट ।

**माननीय श्री कुर्मराज शाहीः-** माननीय सभामुख महोदय, असोज २५ गते कालिकोट जिल्लाको शुभकालिका वडा नं. ३ र ४ र यसै गरी साविकको सेवखाना गाविसमा आएको असिना पानीले त्यहाँको बाली पुरै नष्ट गरेको छ । जनताहरू भोकभोकै बस्नु पर्ने अवस्था छ भन्ने खालको सूचना आएको छ । त्यो भएको हुँदा, त्यहाँका जनतालाई राहत दिनका लागि यो प्रदेश सरकार अगाडि बढोस् भनेर म आग्रह गर्न चाहन्छु । दोस्रो कुरा पर्यटन वर्ष हामीले रारामा उदघोष गरेका छौं र ४ लाख मान्छे रारामा पुर्याउने लक्ष्य हामीले लिएका छौं । अहिलेसम्मको डाटामा बाह्यभन्दा पनि आन्तरिक पर्यटकहरू घुम्न आएका छन् र लगभग एक ढेड लाख मान्छेहरू पुगिसकेका छन् । जसरी पर्यटकहरू रारताल पुग्नका लागि जोश जाँगरका साथ उत्साहित भएर जान्छन्, आउँदाखेरी एकदम निराश भएर हताश भएर ब्याटल फिल्डमा हारेको सेना जस्तो त्यसरी निराश भएर आउँछन् । सायद मलाई लाग्दछ, यो सडकको दुर्भाग्य होला, म प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु । यो कर्णाली करिडोर, कर्णाली राजमार्गको स्तरोन्नतीका निम्ति, प्रदेश सरकारमा हस्तान्तरण भएको छैन, यसको स्तरोन्नतीका लागि प्रदेश सरकारले केन्द्रीय सरकारसँग पहल गर्नका निम्ति म आग्रह गर्न चाहन्छु । तेस्रो कुरा म

यहाँ थोरै भनौं कि धेरै भन्ने पक्षमा छैन म, १९४५ मा चाहे त्यो स्वीडेसमा होला, स्वीडेसमा भर्खर प्रजातन्त्र आएको बेला अनुसन्धान गर्ने बिद्यार्थीहरूले, प्रजातन्त्र भनेको के हो भन्ने विषयमा अध्ययन गर्दै गर्दा विद्यार्थीहरूले एकजना त्यहाँको लिडरलाई सोधेछन्, प्रजातन्त्रमा बुद्धिजिवीको भूमिका के हुन्छ ? प्रजातन्त्रमा बुद्धिजिवीहरूको काम कर्तव्य र अधिकार के हो,भन्दाखेरी त्यो लिडरले बहुत ध्यान दिएर सोचेछन्, अत्यन्तै गम्भीर ढङ्गले सोचेछन् र निष्कर्षमा लिडरले भनेछन्, प्रजातन्त्र सफल हुनका निम्ति, लोकतन्त्र सफलका हुनका निम्ति, डेमोक्रेसी सफल हुनका निम्ति, व्यवहारिक र सांसरिक मामिलामा शासकको विवेकमा भर पर्दछ, त्यही निष्कर्ष निकाल्नु भयो । उहाँले निष्कर्षमा विवेकसहितको शासन भयो भने, अनि बल्ल प्रजातन्त्र वा गणतन्त्र आएको छ, अनि हामीले समाजवाद तिर जानका लागि हाम्रो यात्रालाई अगाडि बढाएका छौं । त्यसका निम्ति केहो त निष्कर्षभन्दाखेरी निजी कुरालाई ध्यान दिने होइन, जब आफ्नो निजी कुरालाई, मेरो कुरालाई मैले ध्यान दिन थाले भने, त्यसलाई प्रधान विषयवस्तु ठाने भने सार्वजनिक कुरा ओझेलमा पर्दछ । त्यो शासन व्यवस्था सफल हुन्छ, त्यो व्यवस्था सफल हुन्छ, जुन व्यवस्थामा विवेकसहितको प्रयोग गर्न सक्यौं, निजी कुरालाई परित्याग गर्न सक्यौं र सार्वजनिक कुरालाई ध्यान दिन सक्यौं भने अनि व्यवस्था बलियो हुन्छ, मजबुत हुन्छ र त्यो व्यवस्था सफल हुन्छ । सबैले एउटा निष्कर्ष निकाले छन्, सामन्तवादी व्यवस्था थियो होला त्योभन्दा अगाडि, सामन्तवादी व्यवस्था समाप्त हुन्छ, तर सामन्तवादी व्यवस्थाको चरित्र रहिरहन्छ, कहिले बजेट ब्रेक डाउन गर्ने सन्दर्भमा मैले आलोचना गर्न खोजेको होइन । लामो अभ्यास र लामो समय लगाएर एउटा निष्कर्ष निकाल्नु भएको थियो त्यो निष्कर्षको प्रतिक्षामा यो सदन थियो, त्यो निष्कर्ष निकाल्नु भएको छ, त्यसका लागि म धन्यवाद दिन चाहन्छु । कहिले काँही त्यो क्यारेक्टर मसिनो हुन सक्छ, कहिले त्यो क्यारेक्टरले काम गरेर बजेट ब्रेक डाउन भएको त छैन, म धेरै कुरा गर्दिन, आफ्नो विवकसहित कहाँ नेर गल्ती भएको छ, म मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु, आफ्नो विवेकलाई फेरी प्रयोग गर्नुहोस्, गणतन्त्रलाई बलियो बनाउनका निम्ति र समाजवादको लक्ष्य पूरा गर्नका लागि, त्यो आधार निर्माण गर्नुहोस्, त्यो आधार निर्माण गर्ने जिम्मा हजुरहरूको हो, हामीले त सुझाव मात्रै दिन्छौ, त्यो सुझावलाई संगठित गरेर समाजवादको आधार निर्माण गर्ने प्रमुख जिम्मेवारी हामीले तपाईंलाई दिएका छौं र त्यो जिम्मेवारीलाई कुशलता पूर्वक ढङ्गले सम्पन्न गर्नुहोस् म आग्रह गर्न चाहन्छु । एउटा थोरै मेरो गुनासो भनु कि सुझाव भनौं यहाँ नेर, एउटा ससुरा बुहारी रहेछन् घरमा, ससुरा इण्डिया गएछन्, इण्डिया गएपछि अलि बढि आशा गर्छन् घरका मान्छेहरूले, अहिले त होइन अलि पहिलाको समय हो, गुन्यू चोली ल्याउने, सम्पति ल्याउने, घरको जोहो गर्ने आधार इण्डिया जाँदाखेरी अथवा विदेश जाँदाखेरी हुन्थ्यो त्यतिबेला, के भएछ भने ससुराले कमाउन सकेन्छ, घर फर्किने बेला भएछ, घरमा आइपुग्दाखेरी, ओहो आज ससुरा इण्डियाबाट आएछ, ठूलै मान मर्यादा गर्दथे हाम्रो तिर,

अहिले मलेसिया अमेरिका तिरबाट आएको जस्तो गरेर, त्यसैले ठूलो मान मर्यादा हुन्थ्यो, इण्डियाबाट ल्याएको सम्पतिले ठूलो आधार निर्माण गर्दथ्यो, घर संचालन गर्नका निमित्त, घर चलाउनका निमित्त, अनि बुहारीले आए भनेर ठूलै गरिछन्, घर लिपपोत गरिछन्, आगन सरसफाई गरिछन्, खाना पनि भात के हो के परिकारहरू बनाइ सकेपछि, ससुरा आएर निन्याउरो भएर बाहिर खलामा बसेछन्, ससुरा तपाईं चाहिँ किन निन्याउरो हुनुभयो भनेर पहिलो चोटी भन्दा खेरी केही बोलेन, दोस्रो चोटीभन्दा पनि केही बोलेन्छ, तेस्रो चोटी भन्दा खेरी भन्नै पर्ने भयो । एउटा गीत भनेछन् एक दुदो गुडको टाटो, गुड भन्या सबैलाई थाहा छ, एक दुदोको गुडको टाटो ल्याएछन्, अथवा लुटे होलान बाटोमा, एक दुदोको गुडको टाटो, एक दुदो तौवा छ, भनौं भने बुहारी कसो न कसो छ, बुहारीलाई भनेछन्, एउटा टाटो गुडको छ, एउटा रोटी हाल्ने तौवा मात्र छ, अरू केही पनि छैन, भनु भने बुहारीअ कसो न कसो छ । अलिकति डिसब्यालेन्स भएको हो कि, अर्थमन्त्रीज्यूले समन्यायिक भनेर भन्नुहुन्थो, समन्यायिकमा काँही समस्या उत्पन्न भएको होकी, समावेशीमा हामी काँही चुकेका हौं कि, समानुपातिकमा हामी काँही चुकेका हौं कि, त्यो भएको हुँदा यदि सच्चिन सक्ने स्थिति हो भने सच्याउन आग्रह गर्दै म आफ्ना भनाइहरू यहीं अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री चन्द्रबहादुर शाही, समय ५ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदय, हामी पूरानो घरबाट नयाँ घरमा सरेका छौं । सभामुख महोदयले हामी संसदहरूलाई मिठाइ सिठाइ खुवाएर टफी खादा मात्रै होइन, तामझाम गरेर हामीलाई भित्र्याउने काम गरियो । हामी नयाँ घर प्रवेश गर्दाखेरी, वास बस्दाखेरी, हाम्रो संस्कारअनुसार त्यो दिनमा बाजा गाजा, खसी बोका काट्ने, सबै हाँसी खुशी भएर सधैं यो घर हाँसी रहोस्, खुशियाली भइ रहोस् भनेर त्यो दिनमा कुनै पनि कमजोरी नगरिकन् त्यो घरमा प्रवेश गर्ने, वास बस्ने र सर्ने काम हाम्रो संस्कारमा छ । तर कर्णाली प्रदेशको सम्मानित सदन, हाम्रो भवनमा सर्दाखेरी जसरी खुशीका साथ प्रवेश गयौं तर निन्याउरो अनुहार लगाएर हामी यो नयाँ घरबाट बाहिर फर्कियौं । प्रतिपक्षले पनि यो कुरा बुझेन, झिनामसिना कुरामा आजको दिन भनेको महत्वपूर्ण दिन हो भनेर, सरकारले पनि आजको दिन अवरूद्ध गर्नु हुँदैन, आजको दिन जसरी पनि सदन चलाउनु पर्दछ भनेर सरकारले पनि त्यो समयलाई बुझेन, त्यसैले हिन्दूहरूको महान चाड कसैलाई हामीले शुभकामना दिन पाएनौं, कुनै संसदहरू हामी कसैको घरमा पुग्न पाएनौ । बाहिर बाहिर रहेर हामीले बडादशैं मनाउने काम भयो । त्यसो भएकोले दशैं गइ हाल्यो, गएको के शुभकामना दिने, अब तिहार नजिकै आइरहेको छ, म सर्वप्रथम सम्मानित सदन, यो प्रदेश र यो प्रदेशका सम्पूर्ण जनताहरूलाई तिहारको शुभकामना व्यक्त गर्न चाहन्छु । अर्को कुरा हिजो मुख्यमन्त्रीज्यूले महत्वपूर्ण कुरा यहाँ राख्नुभयो, म अहिले त्यता तिर जान चाहन्न तर हामी संसदका मन धेरै कुंडिएका थिए । बजेट सरकारले रोक्ने, रेड बुक नल्याउँदाखेरी हाउस अवरूद्ध हुने अनि संसदहरूले

भ्रष्टाचार गर्न थाले अनि पत्रकारज्यूहरू बचाइदिनुपर्दछ भनेर जुन मिडियामा आयो, त्यो कुराले गर्दा हामी सबै संसदहरूका मनहरू धेरै कुंडिएका थिएँ तर हिजो मुख्यमन्त्रीज्यूले त्यो होइन, यसो भनेको थिएँ, तर उल्टो परेछ भनेपछि हाम्रो कुंडिएको मन राम्रो हुँदै पलाउँदै गएको छ । हिजोकै रोष्टममा असाध्यै राम्रो कुरा मुख्यमन्त्रीज्यूले राख्नुभयो, त्यो के भने जनताको नाममा काठमाण्डौको सुन्धाराका होटलहरूमा बसेर योजना हाल्ने, अनि त्यो योजनाहरूबाट कमिशन खाने, अनि त्यही परम्परा यो प्रदेशमा दोहरिन सक्छ, यो प्रदेशमा पनि त्यस्ता कुरा भएका छन् । त्यसो भएकोले मैले त्यो प्रवृत्ति नदोहरियोस् भनेर उठाउनु भयो, असाध्यै राम्रो कुरा, हामी पनि त्यही पक्षमा छौं, त्यही पक्षमा हामी संसदहरू कटिबद्ध छौं तर आज सरकारमा रहेका माननीय मन्त्रीज्यूहरू मन्त्रीहरूले भन्नुभएको छ, कुनैपनि निर्वाचन क्षेत्रको संसद बाहेक अरू हाम्रो कोही पनि विश्वासिलो मान्छे छैन भनेर तर मन्त्रीज्यूहरूले होटलमा बस्ने अनि जनतालाई हामीले योजना ल्याउ भनेर कमिशन खाने मान्छेको नामबाट योजना बिचौलियाको हातमा योजना पारेर गाउँमा पठाइएको तथ्य सबै मान्छेहरूलाई आ-आफ्नो निर्वाचन क्षेत्रमा थाहा भएको छ । म अरू संसदहरूको क्षेत्रमा जाँदिन, मेरो निर्वाचन क्षेत्रमा उद्योग पर्यटन मन्त्रालयको एउटा योजना मात्र गएको छ, त्यही एउटा योजनामा विवेकशील पाटीको उमेदवार उठेर लडेको मान्छे अनि त्यसपछि यही होटलमा बसेर एउटा योजना मात्र उसलाई ३५ लाख हालेर पठाइयो । यस्तै सबै संसदहरूको क्षेत्रमा यही तवरबाट भएका हुन् । मुख्य कुरा संसदहरूलाई हिजो मुख्यमन्त्रीज्यूले उठाउनु भएको छ, त्यो संसदज्यूहरूलाईभन्दा पनि छानबिन मुख्यमन्त्रीज्यूले सबै मन्त्रीज्यूहरूलाई सत्यतथ्य के हो ? साँच्चिकै बिचौलियाको हातबाट योजना गएको होकी होइन भनेर यो छानबिन गर्न म माग गर्दै मेरो माग यहीं अन्त्य गर्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर बिष्ट, समय ५ मिनेट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** माननीय सभामुख महोदय, विशेष गरी अहिले भए गरेका तत्कालिन कुराहरूलाई उजागर गर्नुपर्दछ । मैले अलिकति सभामुख र उपसभामुखज्यूको ध्यानाकर्षण गराउन चाहें, यसमा मैले के निवेदन गर्न चाहन्छु भने हाम्रो जुन कम्यूनिष्ट पाटीको दुई तिहाइको सरकार बन्यो र अगाडि बढिरहेको छ, त्यहाँसम्म ठिकै छ, यसको दुर्भाग्य भनेको कहाँ हो भने हाम्रो अहिलेसम्म संसदीय दल गतिशील हुन सकेन । अब यो कुराको संयोजन गर्ने सम्भवतः सदनमै यति समस्याहरू आए, अगाडि बढ्न सकेन, कुनै खालको विपदहरू, भवितव्यहरू पैदा भयो भने त्यसमा सभामुखले, उपसभामुखले कोडिनेशन गर्ने जिम्मा हुन्छ । नेपालमा पनि हामीले खास खास घडीमा त्यो हेरेका छौं र अन्तर्राष्ट्रिय स्तरमा पनि यो अभ्यास हुन्छ । अब मूल नै धमिलो भयो भने टयाङ्कीमा अथवा नल्कीमा सफा गर्न खोजेर हुँदैन । दुई तिहाइको हाम्रो सरकार हुनु, संसदीय दलमा हाम्रो निश्चित सरकारले गर्ने काम र योजनाको विषयमा छलफल हुन नसक्नु, त्यसको कार्ययोजनाहरू बन्न नसक्नुले गर्दा जो ६-७ जनाको कांग्रेसको संसदीय दलको

पावरफुल जस्तो, त्यो व्यवस्थित जस्तो, उसले संसदलाई गाइडेन्स गर्ने खालको बिडम्बना यहाँ पैदा भएको छ, त्यसको स्रोत त्यहाँ हो भन्ने मैले देख्दछु । त्यसका लागि तदारुकताका साथ को को सँग कोडिनेशन गर्नुपर्ने हो, प्रणाली र पद्धतीलाई अगाडि बढाइयोस् । म यो कुरा राख्न चाहन्छु, यति बोलेको कुरा लेखिन्छ र त्यो छलफल कुनै बेला गरिन्छ भने गरियोस् हैन भने यो भन्नका लागि हो भन्ने सोच्नु होला ।

दोस्रो कुरा भनेको बाढी पीडितको लागि दशैं तिहारको बेलामा ठूला-ठूला बिग न्यूजहरू आएर, हामीले मासुको चोक्टा खाँदै गर्दा, सेल रोटी खाँदै गर्दा, अड्किने खालको स्थिति भयो । त्यहाँ उतातिर पानी परिरहेको छ, सित परिरहेको छ, बाढी पीडितहरू बाहिर रभित्र रुँदै दौडिरहेका छन् । सुरूमा लागेको थियो, आन्तरिक मामिला तथा कानून मन्त्रालयका मन्त्रीज्यूको नेतृत्वमा जाँदा यसले गतिशिलता लिन्छ भन्ने थियो । के भएको छ ? ४-५ महिना भैसक्यो, हामीले त वर्षातमै एउटा व्यवस्था गरियोस् भनेर सदनमा धेरै चोटी कुर्लियौं, त्यो कुराहरू कहाँ पुग्यो ? तत्कालिन अवस्था कहाँ पुग्यो ? अल्पकालीन, दीर्घकालीन योजनाहरूको के कसो भएको छ ? यसको जवाफहरू मैले माग गर्दछु ।

तेश्रो कुरा भनेको जहाँसम्म बजेटको कुरा हो, एउटै कुरामा, व्यक्तिगत हिसाबलेभन्दा विभिन्न हिजो जनयुद्धको सिलसिलामा कार्यकर्ता, कमिशार, कमाण्डर हुँदै लड्दै गोली बारुद र बमले आँखा नदेखेर बाँचेर जनताले जिताएर यहाँ तपाईंहरूका अगाडि उभिन्न पाइयो । लडेको एउटै कारण के थियो भने, बलियाले निर्बललाई नमिचोस्, थिती बनोस, अझ कम्यूनिष्टको इक्वालिटी भन्छौं त्यो न्याय र समानताको संसार निर्माण होस् भन्ने हाम्रो उद्देश्य थियो । तर फेरी पनि उही मन्त्रीकै वरिपरी, मन्त्रीकै आसेपासेको वरिपरी, मन्त्रीले चाहेकाको वरिपरी हुँदाखेरी अब यहाँ माननीयहरू पनि कठै बिचरा माननीय भनेर यहाँ जनताले कार्यकर्ताले प्रश्न उठाउने बेला भयो । कस्तो धिक्कारवाला माननीयलाई जिताएर पठाइयो भनेर भन्ने स्थिति भइसक्यो । त्यसो भएको हुँदा यसको लागि सरकार छ, हामी सदनमा छौं, मैले के भनेर अनुरोध गर्न चाहन्छु भने कम्तीमा यही सिस्टमबाट जाने हो भने अब मन्त्रीमा पर्ने गरी ५ वर्षको व्यवस्था मिलाइयोस्, एउटा बजेट त मैले पनि ल्याउनु पर्ने भयो सहभागी भएर, नत्र त फेरी के भनेर मुख देखाएर जाने, अरू त कुनै हुने वाला छैन, यो त भन्नेका लागि हो, अब त सच्चिएर पनि आउँदैन । अब यसले बिट मारिसक्यो । त्यसो भएको हुँदा यो बोलेको कुरालाई अलिकति जिम्मेवारी पूर्वक लिएर के गर्न सकिन्छ गर्नुपर्यो । अर्को कुरा भ्रष्टाचारको कुरा धेरै उठेको छ, मलाई त शंका पनि लागेको छ, भिर भिरमा, पाखा पाखामा, लहरा लहरामा, वडा वडामा, टोल टोलमा, आफ्नो रछ्यानमा जसरी पैसा हालिएको छ, यदि त्यो भ्रष्टाचारकै निम्ति हो भनेर अलिकति सांकेतिक रूपमा आइसकेको छ । अब सरकारलाई कन्ट्रोल गर्ने मुख्यमन्त्रीले हो, मुख्यमन्त्रीलाई पनि नटेरेर उहाँहरूले लिएको हो भने, सम्माननीय प्रधानमन्त्रीले तीनवटा स्टीकर बनाउनु भएको छ, एउटा रातो, पहेंलो र हरियो स्टीकर, अहिले मूल्याङ्कन गरेर रातो पाउनेलाई हटाइदिनु पर्यो र पुनर्गठन गर्नुपर्यो, म परौंला नपरौंला

मलाई मतलब छैन । संसद भरीमा सबैभन्दा राम्रो काम गरेकोलाई ल्याउनु पर्यो । एउटा मन्त्रालय जतिको सन्तुलित आएको छ, नाम नलियौं, सबै माननीयलाई थाहा छ, सन्तुलित गर्ने र सरकारको स्पीड पकडेर जानेलाई पुरस्कृत गरौं र अरूलाई निकाल्दै जाने, अलि बजेटकै बीचमा पनि काम नगर्ने, धन लुकाएर राख्नेलाई पनि रातो स्टीकर देखाएर निकाल्नुपर्यो, उहाँहरूलाई पनि एउटा सजग हुन्छ, यो गएपछि, विश्व ब्रम्हाण्ड मेरो हो, आइ एम द स्टेट मैले यतिभन्दा काफी हुन्छ, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पदमबहादुर रोकाय, समय ५ मिनेट ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुख महोदय, हामी धेरै दिनपछि बैठक संचालन गरेर आएका छौं । हिजो आएको बजेटको रातो किताबमाथि छलफल गर्न गइरहेका छौं । धेरै दिनसम्म रातो किताब आएन, त्यसको पर्खाइमा संसद अवरूद्ध भयो, रहेछ, हामीले बुझ्दा खेरीमा छिट्टै आएपछि प्रष्ट बुझ्छन्, सबैले थाहा पाउछन्, हतार हतारमा आएपछि केही अक्षर पनि नबुझिने भएपछि धेरै छलफल गर्न पाउँदैन र बुझ्दैनन् भन्ने त्यस्तै मनसाय देखियो । मैले एउटा मन्त्रालयको किताब त अघि प्रतिपक्ष दलका नेताले भन्नुभयो, घामा लिए पनि देखिँदैन, पावरवाला चस्मा लगाएपनि देखिँदैन, मेरा आँखा कमजोर भएका भनेर भर्खरका मान्छेहरूलाई देखाएको पनि बुझेन । के हो यो, यो नबुझौ न, गुमराहमा रहनु भन्ने मनसाय हो । त्यसैकारणले अहिले अब पहिलाको १ अर्ब ५ करोड रूपैयाँमा २०७४/०७५ को बजेटमा ५५ करोड रूपैयाँ विकासमा लाग्दछ र ४५ करोड रूपैयाँ यो मन्त्रालय डेकुरेशन लाग्दछ भने, यो मेरो ठाउँमा ५५ पैसा गएको छैन, अरू माननीय सदस्यकोमा गएको छ कि मलाई थाहा छैन, अहिले आउने बजेट १५ अर्ब कति आएको छ, त्यो बजेट पनि के हो ? हामी समावेशी र समानुपातिक विकासको कुरा गरिरहेका छौं । हामी समाजवाद उन्मुख देश बनाउनु पर्दछ भनेर हामी कम्यूनिष्ट हौं भनेर भनिरहेका छौं, यसरी होला त समावेशी र समानुपातिक, कोही ठाउँमा पाँच कोही ठाउँमा दश, कोही प्रदेशमा पाँच करोड छ, कोही प्रदेशमा पन्ध्र करोड छ, एका गाला अमृत, एका गाला विष, कोही गाउँमा औंसी त कुनै गाउँ पुर्णी, कसैलाई काखा, कसैलाई पाखा, यसरी होला त समावेशी र समानुपातिक, हाम्रो कर्णाली प्रदेशको सरकार को हो ? हामीले भनेका थियौं पहिले पनि, के विकास गर्नका लागि मन्त्री नै बन्नुपर्ने रहेछ त ? मन्त्रीज्यू तपाईंले कसैलाई काखा र कसैलाई पाखा नगराउनु होला, हामीले पहिले पनि भनेका थियौं, गर्दा गर्दा अहिले त्यही भयो, हाम्रा पूर्ववक्ता माननीयज्यूले भन्नुभयो, अब के विकास गर्नका लागि मन्त्री नै बन्नु पर्ने भयो । हामी त मन्त्री बन्न पाउँदैनौ होला जस्तो लाग्छ । हामीले ४० जना संसद मध्ये, कसी लगाएर, लोकसेवा दिएर ७ जना मन्त्री बनाएकै त हौं, हामीले सोचेका थियौं यो सरकारले ५ वर्ष खान्छ, तर १ वर्षमा यस्तो भयो भने ५ वर्षमा के हविगत होला, त्यसै कारणले सबैले पाँच साता पैंतिस जना, सात जना प्रतिपक्षलाई दिने त होइन होला, अब राप्रपाको सोशिला शाहीलाई पनि ल्याउने, अरूलाई त हाम्रो दलको नेता त हुँदैनन्, प्रदेशको मन्त्री त

हुँदैनन्, भनेपछि विकास गर्नका लागि त्यही गर्नुपर्ने भयो, त्यसै कारणले म भन्न चाहन्छु, धेरै मेहनतले सरकारले रातो किताब ल्यायो, धन्यवाद दिन चाहन्छु । धेरै मेहनतका साथ सबैको चित्त बुझाउँदो, ४० जना माननीयज्यूको चित्त बझाउँदै आयो, सबै जना माननीयज्यूले भनिसकेका छन्, केही सामाजिक मन्त्रालयलाई सबैले भनेका छन्, सही हिसाबले आएको छ, चित्त बुझेको छ हाम्रो, केही २० को १९ भयो होला, अरू मन्त्रालयको त धेरै नै फरक छ । मैले पनि टिपेर दिएको छु । भौतिक मन्त्रालयले मेरो ठाउँमा, १५ सालमा संसदीय व्यवस्था लागु भयो तर कोही माननीय भएनन्, सदरमुकामका मात्रै माननीय मन्त्री हुन्, छेपाराको घाम लागेजस्तै बल्ल म प्रदेशको संसद भए, अहिले प्रदेशको संसद हुँदा त हामीले विकास पाएनौ भने योभन्दा अगाडिको ६० वर्षमा झन के पाए होलान्, भौतिक पूर्वाधार मन्त्रालयबाट ८ करोड छ, उता क्षेत्रमा १४ करोड छ, मेरो क्षेत्रमा कृषि मन्त्रालयको ४ करोड छ, उता क्षेत्रमा ७ करोड, मेरो क्षेत्रमा पर्यटन मन्त्रालयबाट ३ करोड छ, उताको क्षेत्रमा ७ करोड छ । यो के न्याय भयो माननीय सदस्यज्यूहरू, यो के समावेशी समानुपातिक भयो, यो के भयो, त्यसैले तपाईंहरू कर्णाली प्रदेश राम्रो बनाउन चाहनुहुन्छ भने हामी तपाईंहरूलाई विपक्षीले जति अवरोध गरेपनि हामी बहुमतले पेलेर लिन सक्छौं, हैन यही तरिकाले हो भने ७ जना मात्र विपक्षी होइनन् ३१ जना विपक्षी हुन सक्छन तपाईंहरूको विरूद्धमा । यसकारणले भन्न त धेरै मन थियो तर समयको अभावले यति भन्दछु हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, समय ५ मिनेट ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, प्रदेशसभाको ४० औं बैठकमा मैले विशेष समयमा केही समसामायिक विषय र हिजो मात्रै हामी माननीय सदस्यहरूको हातमा परेको बजेटको संक्षिप्तमा केही कुरा राख्न चाहन्छु । मध्य तथा सुदुरपश्चिम क्षेत्रीय हावापानी कार्यालय जुन सुर्खेतमा अहिलेसम्म स्थापना थियो । यहाँका जनताले विभिन्न हावाहुरी, पानी, दैवीक प्रकोप अन्य सुविधालाई यो कार्यालयले बीमा उपलब्ध गराउनेदेखि धेरै सुविधाहरू दिँदै आएको थियो । त्यो आफैंमा अतिआवश्यक कार्यालय हो, अहिले त्यो कार्यालय जुन प्रदेश नं. ७ लाई र कर्णाली प्रदेशलाई सेन्टरको नाममा प्रदेश नं. ५ को कोहलपुरमा सारिएको छ । यो एकदमै कर्णाली प्रदेशका लागि अन्याय भएको छ, कर्णाली प्रदेशका जनताका लागि अन्याय भएको छ, यो कार्यालय छिटोभन्दा छिटो सुर्खेतमै स्थापना गर्नका लागि जोडदारका साथ कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को विषय छ, भौतिक पूर्वाधार विकास मन्त्रालय तिर, यो यातायात क्षेत्रको जुन लापरबाही छ, यो कस्ले हेर्ने हो, यो कर्णाली प्रदेशको राजधानीमा आज जुन फोर लाईनको बाटो छ, बाटोमा आज गाडी मर्मतका नाममा बाटैभरी गाडी जाम गरेर, दिनानु दिन घटना घटिरहेका छन् । मानिसहरू आज आफ्नो जीवन जसरी जन्मेर आफ्नो जीवन सहजै रूपमा निर्वाह गर्नुपर्ने, आज जहाँ सोचेर जानुपर्ने गन्तव्य हो, बाटैमा उनीहरू आफ्नो

जीवनको समाप्ती गर्नुपर्ने अवस्था आइरहेको छ । भर्खरै मात्र दुई तीन वटा घटनाले त्यस्तो देखिएको छ, त्यसकारण यो यातायातको लापरबाही कुन मन्त्रालयले हेर्ने हो यसको लागि पनि म ध्यानाकर्षण गराउन चाहन्छु । अर्को विषय छ, बजेट जुन यो सम्मानित सदनमा हिजो मात्र त्यो पनि प्रतिपक्ष दलले सदनमा अवरोध गरेका कारणले छिटो आएको भन्ने बुझाइ भयो, यो बुझाइ हुन किन दिन पर्दथ्यो ? प्रदेश सरकारले समयमा बजेट पुस्तिका किन हात हातमा पुर्याउन सकेन, यसको कमजोरी प्रदेश सरकारले किन गर्नुपर्यो ? किन ढिलाई गर्न पर्यो ? ढिलाई गर्नका विभिन्न कारणहरू हामीले सुनिरहेका छौं, कर्मचारी अभाव भए, विभिन्न कर्मचारीहरू आउनुपर्नेमा आउन सकेको छैन भन्ने सुनेका छौं तर हिजो मात्र हामीले प्राप्त गर्यौं, हिजो मात्र प्राप्त गरेको किताबमा हामीले आएका बजेटहरू सोचेका थियौं, कर्णाली प्रदेशको समृद्धिको सपना हामीले बोलिरहेका छौं तर हामीले वडा स्तरका टोलका बजेट बाँडे जस्तो गरेर बजेट ल्याएका छौं । हामीलाई लाग्दथ्यो, तपाईंहरूले ठूला-ठूला गौरवका आयोजनाहरूमा बजेट छुट्याउनुहोस्, एउटा जिल्लामा बरू ५ वटा मात्रै विकास भएको हामी आज एकदमै ढुक्कका साथ कर्णाली प्रदेशले गौरवका योजनाहरूलाई अगाडि बढायो, यो कर्णाली प्रदेशको समृद्धिको सपनालाई अगाडि बढायो भनेर भन्न सक्थ्यौं होला । आज फेरी उही कारणले यो बजेट आएको छ, यो कार्यान्वयनमा समस्या हुन्छ भनेर हामीलाई पनि चिन्ता जाहेर छ । र सँगसँगै केही मन्त्रालय माननीय सदस्यज्यूहरूले मन्त्रालय पनि भन्नु भएको छ र मैले भन्न खोज्दा केही मन्त्रालयले समानुपातिक समावेशी तरिकाले बजेट ल्याउने र कसैले नल्याउने, के हो यो बीचमा भिन्नता ? तपाईंहरूले यो प्रदेश सरकारको मुख्यमन्त्री, यो प्रदेश सरकारको मन्त्रीहरूको बीचमा यस्तो यो भिन्नता देखियो, यसका लागि मैले, हुनत मैले बोलेर यो बजेट फेरी पनि परिवर्तन हुने सम्भावना छैन तर पनि मैले आफ्नो मनमा लागेको कुरा राखें, यो बजेट कार्यान्वयन हुनेमा ध्यानाकर्षण होस् भनेर पनि मैले यो कुरा राख्न चाहन्छु । जहाँ आवश्यकता थियो, जहाँ आवश्यकताअनुसार बजेट नदिकन् आवश्यकताभन्दा बाहिर बजेट गएको हामीले देखिरहेका छौं । यसका लागि एकदमै महत्वपूर्ण कार्यान्वयनमा हामीले ध्यान दिनुपर्ने अवस्था आएको छ । सँगसँगै मैले असाध्यै महत्वपूर्ण तपाईंहरूलाई हामीले बजेट किताब किन ढिला आयोभन्दा विभिन्न अभावहरू कारण यहाँहरूले भन्नुहुन्थ्यो । तर आज कर्णाली प्रदेश सरकारका कुनै मन्त्रालयमा १४-१५ जना कर्मचारी आएर १ महिनासम्म पनि यहाँ मन्त्रालयको वरिपरी भौंतारी रहँदा कर्मचारीलाई सही ठाउँमा किन पठाउन सकिरहेका छैनौं ? जिम्मेवारी किन हामीले दिन सकिरहेका छैनौं ? हामीले किन खटन पटन गराउन सकिरहेका छैनौं ? काम गर्ने वातावरण उहाँहरूलाई किन दिन सकिरहेका छैनौं ? के कारणले काम गर्न ढिला भइरहेको छ ? अनि काम भएन, कर्मचारी भएन भनेर मात्रै पनि हामीले पन्छिन पाउने अवस्था छैन । के कारणले यो रोकिरहेको छ ? किन जनताका कामहरूलाई दिनानुदिन ढिला भइरहेको छ ? यो कुरामा यो प्रदेश सरकारले

महत्वपूर्ण ध्यान दिएर आफ्ना निर्णयहरूलाई अगाडि बढाउनु पर्ने छ । अन्तिममा मैले हामी दुईवटा निर्वाचन प्रणाली बाट निर्वाचित भएर आएका छौं । समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचन प्रणाली, आज हामी सबैको हामी दुवै निर्वाचन प्रणालीबाट आएकाहरू सदस्यहरूको एउटै भोट होइन, के प्रत्यक्ष निर्वाचन प्रणालीको दुईवटा भोट छ काँही, हैन भने किन विभेद गरिएको छ, हामीले दिएका योजनाहरू किन परेनन् आज, के यहाँ प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीका सदस्यहरूका जनताहरू छुटाछुट्टै हुन् ? योजनाहरू छुटाछुट्टै हुन् ? यो कुरामा मेरो पनि एकदमै आपत्ति छ र मैले यो कुरामा पनि ध्यानाकर्षण गराउँदै राम्रोसँग ल्याइएको बजेट कार्यान्वयन होस् शुभकामना दिन चाहन्छु, त्यो मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु । आउन नसकेका मन्त्रालयहरूबाट ल्याइएको बजेट कार्यान्वयनमा एकदमै ध्यान जाओस् भन्ने कुरा राख्दै मेरा कुरा यहीं अन्त्य गर्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री बिन्दमान बिष्ट, समय ५ मिनेट ।

**माननीय श्री बिन्दमान बिष्टः-** माननीय सभामुख महोदय, हामी लामो समयपछि समय घट्की सकेको विषयमा आजको दिनमा बहस गरिरहेका छौं । यो बजेटको प्रस्तुत हुने बेलामा बहस हुनुपर्दथ्यो, छलफल हुनुपर्दथ्यो । आफ्नो मनमा लागिरहेका कुराहरू त्यही विषयमा केन्द्रित भएर आज छलफलमा सहभागी भइ रहेका छौं, आफ्ना विषयहरू राखिरहेका छौं । मैले आज सबै मन्त्रालयको मध्ये केही मन्त्रालयको वेबसाईटमा हेरिसकेको अवस्था थियो र सबै मन्त्रालयको आज बुकको रूपमा प्राप्त गरिसके पछि सरसर्ती हेरें, योसँग सम्बन्धित रहेर मैले दुई चारवटा कुराहरू सम्मानित सदनमा प्रस्तुत गर्न चाहिरहेको छु । बजेट पास गर्ने बेलामा हामी सबैले धेरै विषयहरू उठाएका थियौं । कार्यक्रमको रूपमा बजेट प्रस्तुत नहुन्जेलसम्म यो पास गरेर अगाडि नबढौं कि भन्ने विषय थियो, तर हामी सबैले मन्त्रीज्यूहरूलाई विश्वास गर्यौं, माननीय मन्त्रीज्यूहरूलाई विश्वास गर्यौं । बजेटमा जे विषय प्रस्तुत भएको छ, त्यसैको वरिपरी रहेर कार्यक्रम र त्यसैसँग सम्बन्धित रहेर बजेट प्रस्तुत गर्नुहोला भन्ने विश्वास थियो । तर यति मैले आज भन्नै पर्दछ यो हेरिसके पछि निम्न स्तरको सोचाइ र शैली प्रयोग गर्नुहोला भनेर मैले कल्पना पनि गरेको थिएन । अस्ति पारित गरिएको बजेटमा एउटा कार्यक्रम छ, अहिले अङ्क छुट्याउँदाखेरी रकम छुट्याउँदाखेरी त्यसको कुनै शीर्षक नै छैन । जे-जे मन लाग्यो, जे-जे आफूलाई गर्नको लागि आफ्नो सीमित ठाउँहरूमा योजना निर्माण गर्नका लागि जसरी सहज हुन्छ, त्यसरी योजना निर्माण र कार्यक्रम निर्माण गरेर अगाडि बढ्ने हो भने पछि, अघि माननीय मन्त्रीज्यूले त भन्नुभयो, हामी नयाँ युगको प्रारम्भमा छौं भनेर, नयाँ युगको प्रारम्भमा उभिँदा गर्दाखेरी त्यो कार्यक्रमले कुरी-कुरी त गरिरहेको छैन । त्यता तिर फर्केर हामीले एकचोटी हेर्ने पो हो कि, यसो नगरौं, के हाम्रो बजेट निर्माणको प्राथमिकता के हुनुपर्दथ्योभन्दाखेरी हाम्रो राजधानीलाई केन्द्र बनाएर विकासलाई विस्तार गर्ने हाम्रो योजना हुनुपर्दथ्यो, त्यसो गर्दाखेरी पनि ओके, के हाम्रो कर्णाली प्रदेश अत्यन्तै

दुर्गम छ, पूर्वाधार छैन, दुर्गमबाट विकास प्रारम्भ गर्ने भन्ने योजना बनाउने हो भने इट्स ओके, छैन त्यसमा आपत्ति, मेरो निर्वाचन क्षेत्रमा बजेट परेन भन्ने कुरै होइन, कि अब शहर, गाउँ सबै तिरबाट समानुपातिक ढङ्गले विकासको कार्यक्रम अगाडि बढाउँ भन्ने सरकारको मनसाय हो भने त्यो पनि ठीक छ । यो तीनवटा क्राइटेरियाबाट सरकारले बनाएको भए कम्प्लेन गर्ने ठाउँ कहीं पनि थिएन । मैले अस्ति हाँसो हाँसोमा पनि भनेको थिएँ, यो वर्ष सात वटा निर्वाचन क्षेत्र सातवटा मन्त्रीको भनेर भन्या थें, सल्लाह गरेर त्यो गर्दा पनि ठिकै थियो । जनतालाई पनि भन्न सजिलो हुन्थ्यो, यो वर्ष सातवटा मन्त्रीहरूको निर्वाचन क्षेत्रमा विकास गर्ने हाम्रो सल्लाह भएको छ, त्यसो हुँदाखेरी हाम्रो निर्वाचन क्षेत्रमा के-के भयो भनेर सोद्धै नसोध्नुहोला भनेर जनतालाई भन्न सजिलो हुन्थ्यो त्यो पनि छैन । कार्यक्रम, कार्यक्रम १-२-३ भनेर त म जाँदै जान्न । त्यो भनेर भन्न त मलाई लाज लाग्छ । त्यस्तो पनि हुन्छ, प्रदेश महत्वको कार्यक्रम भनेर भनेको छ, यताबाट उता घुमाएको छ, उताबाट उता घुमाएको छ, लगेको छ, अन्तर प्रदेश जोड्ने भनेर भनेको छ, घुमाएको छ घुमाएको छ, अन्तर प्रदेश जोड्नु त जोडेको छ तर त्यो महत्वपूर्ण हो कि होइन । सिंचाइ भनिएको छ, १ किलोमिटर सिंचाइ कुलो पिच गर्नुपर्नेमा ५०० मिटर कुलो पिच अघिल्लो वर्षमा नै भैसकेको छ, ५०० मिटर पिच गर्न बाँकी छ, पक्की पुल बनाउन बाँकी छ, तर अहिलेको कार्यक्रममा सम्भाव्यता अध्ययन भनेर आएको छ । ५० लाखले खानेपानी भनिएको छ त्यसमा २५ लाख खर्च पनि भै सकेको छ, अहिले फेरी सम्भाव्यता अध्ययन भनेर भनिएको छ । समृद्धिको सपना त हामीले देखिरहेका छौं, माननीय सभामुखमार्फत् म यो सम्मानित सदनको ध्यानाकर्षण गराउन चाहन्छु, तर यही गति र यही मतिले हामी कहाँ पुग्ने हौं ।

म यो अर्को विषय अघि प्रमुख प्रतिपक्ष दलको नेता माननीय संसदज्यूले विषय गम्भीरतापूर्वक आफ्नो ढङ्गले उठाउनु भएको छ, म यो विषयलाई त्यता तिर जान चाँहदिन्, त्यो बहस अर्को बेलामा गरौंला, यो कुन आदर्श, कुन सिद्धान्त, कुन आन्दोलनबाट प्रेरित भएर आएका छौं हामी त्यो आफ्नो ठाउँमा छलफल र बहसको विषय बनाउँला, तर आज हामी यो बुकमा केन्द्रित भएर मात्रै छलफलमा सहभागी हुँदाखेरी मैले यति भन्नै पर्दछ कि बजेटको यो प्रकारको कार्यक्रमले, यो प्रकारको सोचले, बजेट र कार्यक्रमको कुरा मात्रै होइन, यो प्रकारको माननीय मन्त्रीज्यूको तरिकाले, शैलीले हामी कहीं पनि पुग्दैनौ कि गौरवका आयोजनाहरू बनाउनुपर्यो, बजेट त्यसमा केन्द्रित गर्नुपर्यो, मेरो निर्वाचन क्षेत्रमा १ रूपैयाँ नपर्दाखेरी पनि मेरो आपत्ति छैन, कि वीरेन्द्रनगरलाई सबैभन्दा पहिला समृद्ध बनाउने भन्नु पर्यो, त्यसपछि विकासलाई विस्तार गरेर लिने हाम्रो अब धारणा बनाउनु पर्यो, त्यो पनि ठीक छ, कि हुम्ला डोल्पाबाट बनाउने भन्नु पर्यो त्यो पनि ठीक छ, कि शहर बजार र गाउँ सबै निर्वाचन क्षेत्रमा समानुपातिक ढङ्गले गर्ने भन्नुपर्यो, त्यो पनि ठीक छ । कुनै पनि आधारमा नटिकेर आफ्नो निर्वाचन क्षेत्रमा फेरी घोषणा नगरेर त्यसरी गर्दाखेरी त यो राम्रो भएन । त्यसैले

म अन्तिममा भन्न चाहन्छु, मेरो निर्वाचन क्षेत्रका जनताहरूले मलाई प्रश्न गरिरहेका छन्, मैले जवाफ दिने गरेको छु, जनसमुदायहरू, म मन्त्री पनि हुन सकिन, मन्त्री हुने हैसियत पनि रहेन र मन्त्री बनाउने हैसियत पनि मेरो रहेन, मेरो निर्वाचन क्षेत्रको विकास गर्नका लागि कि म मन्त्री हुनुपर्दथ्यो, कि मेरो हैसियत मन्त्री बनाउने हुनुपर्दथ्यो, मेरो मन्त्री बनाउने हैसियत भएन र मेरो मन्त्री बनाउने हैसियत पनि भएन । विकास अब त्यस्तै त्यस्तै भयो, अब विस्तारै गर्दै जाम्ला, नआत्तिनुहोस् भनेको छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गोपाल शर्मा, समय पाँच मिनेट ।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुख महोदय, कहिले काँही अन्तरविरोध हुँदो रहेछ । आज अलकति असान्दर्भिक विषयमा सदनले छलफल गरिरहेको जस्तो मलाई महसुस भइरहेको छ । संसदहरू र मन्त्रीहरूको तालमेल नमिल्या जस्तो मलाई कता कता महसुस भइरहेको छ । हामी यस्ता संसदहरू भयौं जस्ले ५ महिना पछि रातो किताब खोज्यौं, बजेट प्रस्तुत भएपछि हामी कहाँ प्राप्त हुनुपर्ने किताबहरू, हामीले ५ महिना पछि खोज्यौं । ५ महिना पछि हाम्रो हातमा आइपुगेको किताबहरू रङ्गिबिरङ्गी भएर आइपुगे, ती रङ्गिबिरङ्गीकै पुस्तकहरूभित्र हेर्दाखेरी मन्त्रीज्यूहरू एउटा उच्च क्लासको, संसदहरू अलिकति निम्न क्लासको रूपमा प्रस्तुत भएको यो प्रस्तुती, यो खाकाको रूपमा यहाँ हाम्रो माझमा आएको छ । म यहाँ मन्त्रीज्यूहरूलाई दोष दिन चाहन्न, म आत्म आलोचना मात्रै गर्न चाहन्छु । उहाँहरूलाई बाटो प्रशस्त गरियो र हामीले ५ महिना पछि तपाईंहरूलाई जे जस्तो लाग्दछ लेखेर ल्याउनु भन्यौं, उहाँहरूले लेखेर ल्याउनु भयो, यसका निम्ति म धन्यवाद दिन चाहन्छु । यो सँगसँगै हामीले प्राथमिकताका साथ बजेट निर्माणका सन्दर्भमा नीति तथा योजनाले निर्धारण गर्ने प्राथमिकताहरू हामीसँग थिए । म धेरै भन्न चाहन्न, हामीले २५ हजार वा ५० हजार वा १ लाखसम्मका योजनाहरू प्रदेशले आफ्ना योजनामा आफ्नो बजेटमा ल्याएको छ, मैले यसो हेरिरहेको छु कि १ लाखको बजेट कार्यान्वयन गर्न अरू ५ लाख खर्च हामीले गर्नुपर्ने अवस्था छ । हामी प्रदेश समृद्धिको कुरा गरिरहेका छौं, प्रदेश समृद्धिका प्राथमिकताहरू के हुन, बजेटले कुन-कुन कुराहरूलाई प्राथमिकता दिनुपर्दछ, कुन कुन कुरालाई जोड दिनपर्दथ्यो, हामीले त्यो कुरा तिर प्राथमिकता नदेख्दाखेरी अलिकति अन्यौलमा पर्नु, त्यस प्रति अलिकति रोष व्यक्त गर्नु, स्वभाविकै हो जस्तो लाग्दछ । यहाँ बजेटमा कैयौं संस्थाहरू पहिले नै छनौट भएर बजेटमा यति व्यवस्था गरिएको भनेर आइपुगेका छन् । ती छनौट भैसकेका संस्थाहरू कुन मान्यताका आधारमा, छनौट गर्ने विधि के थियो, कार्यविधि कहाँ ल्याइयो, कुन कार्यविधिको आधारमा संस्थाहरूलाई बजेट दिइयो, त्यो बजेटको व्यवस्थापन कसरी गरियो, मन्त्रीज्यूहरूले जवाफ दिन सक्नु हुन्छ कि हुँदैन, हामीले यस्ता कयौं गल्तीहरू देखिरहेका छौं । यसले हाम्रा सम्भावनाहरूलाई जोड्न सक्दैन, यो कुरा यहाँ भन्नै पर्ने बाध्यता देखेर मैले पनि अरू माननीयज्यू सरह आफूलाई प्रस्तुत गर्न सन्दर्भ ठानेको छु, म धेरै भन्न चाहन्न, यो पटक मेरो सरकार र

सरकारका मन्त्रीज्यूहरूलाई शुभकामना छ, तपाईंहरूले बजेट निर्माण गर्दाखेरी संसदहरूलाई जति पृथक ठान्नु भयो, अब कार्यान्वयनको क्रममा यसरी नै पृथक गराउने भयो भने यो बजेट कार्यान्वयन हुँदैन । त्यस कारण बेलैमा म सरकारका मन्त्रीज्यूहरूलाई सुझाव मात्रै दिन चाहन्छु, बजेट कार्यान्वयनमा संसदहरूलाई सँगसँगै लिएर जानुहोस्, एउटा संयन्त्रमा राखेर जानुहोस् र बजेट कार्यान्वयनको प्रक्रियामा अगाडि बढ्नुहोस् मेरो सुझाव यस्तो रहेको छ ।

दोस्रो कुरा हाम्रो जिल्लामा खासगरी रूकुम पश्चिमसँग पूर्वाधारका योजनाहरूको कार्यान्वयनको सन्दर्भमा जनताहरूले धेरै चासो देखाइ रहनु भएको छ । मध्यपहाडी सडक कस्को मातहतमा छ, कस्ले हेर्ने हो, त्यसका गतिविधिहरूको निगरानी कस्ले गर्ने हो, त्यसका कार्यान्वयनका प्रक्रियाहरू यति धेरै अलपत्र भैरहेका छन् कि मैले उदाहरण मात्रै दिन चाहन्छु, चौरजहारी र जाजरकोटको कुदुमा जोड्ने मध्यपहाडीको पुल टेण्डर भएको ५ वर्ष भैसक्यो, त्यो ५ वर्षमा न ठेकेदार भेटिन्छ, न त्यहाँ कर्मचारी भेटिन्छन्, न कुनै पुलको प्रगति देखिन्छ, मान्छेहरू छिटोछिटो प्रगति देख्न चाहान्छ, त्यो पुलको प्रगति एउटा अवस्थामा सुस्त गतिमा देखिरहेको छ । सानीभेरीमा अरू ३-४ वटा सडक पुलहरू छन्, सडक विभागले त्यो प्रगति नदेख्दाखेरी मान्छेहरूमा वितृष्णा जाग्न गएको छ । रासी लोकमार्ग अहिले चल्न नसक्ने अवस्थामा छ, खाल्डाखुल्डी छ, सदरमुकामसम्म जान सक्ने अवस्था समेत यहाँ छैन । सुर्खेत राजधानीदेखि रूकुम सदरमुकामसम्म जोड्ने बाटो यति धेरै यति हैरानी हामीले बेहोरिरहेका छौं, सरकारलाई सडक पूर्वाधारको कामलाई अलिकति सहज बनाउन र केन्द्रीय सडक खास गरी, सडक विभाग र मध्यपहाडी लोकमार्गका कामहरूलाई अलिकति बढि निगरानी गर्न र कामकाजी गराउन अनुरोध गराउन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि संशोधन प्रस्ताव परी विधायन तथा प्रदेश मामिला समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्यवस्थाअनुसार सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री पदमबहादुर रोकायलाई समय दिन्छु ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीय सभामुख महोदय, हामीले विधायन समितिमा संशोधनकर्ता माननीयहरूले संशोधन हालेको विषयमा व्यापक रूपले, घनीभूत रूपले दफावार छलफल गरेर, हामीले यो निर्णय गरेका छौं । प्रदेश सरकारका तर्फबाट पेश भएको जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल भएको र विधेयकमाथि संशोधन प्रस्ताव परि सो विधेयक विधायन तथा प्रदेश मामिला समितिमा आएको र समितिबाट २०७५ आश्विन १६ गते निर्णय गरी तयार गरेको प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११८बमोजिम पेश गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** प्रतिवेदन राखिसकेपछि माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सन्दर्भमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२०को उपनियम २ को खण्ड कबमोजिम समितिको निर्णय र प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, मननीय सभामुख महोदयको अनुमतिले प्रदेश सरकारका तर्फबाट पेश भएको जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ विधेयक विधायन तथा प्रदेश मामिला समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (ख)बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** प्रस्ताव राखी सकेपछि माननीय सदस्यहरू, जिल्ला सभा संचालनका लागि निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा सम्बन्धित समितिबाट प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम (८)बमोजिम छलफल गर्नको लागि समय निर्धारण गरेको छु, अब छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री करबीर शाही, समय ७ मिनेट ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई प्रदेशसभामा छलफल भइ, समितिमा समेत छलफल भइ, संशोधनकर्ता माननीय सदस्यहरूले संशोधन दर्ता गरी विधायन तथा प्रदेश मामिला समितिमा छलफल भइ, छलफलको प्रतिवेदन समेत प्राप्त भैआएकोले आज हामी यसलाई पारित गर्नेतर्फ अगाडि बढ्दै छौं । नेपालको संविधानले व्यवस्था गरेबमोजिम नेपालमा तीनवटा तहका सरकारहरू रहने, तीन तहका सरकारको अतिरिक्त स्थानीय तह, प्रदेश र केन्द्र सरकारका बीचमा देखिएका र उत्पन्न समस्याहरूलाई समाधान गर्न एउटा अतिरिक्त व्यवस्थाका साथ जिल्ला सभा र जिल्ला समन्वय समिति रहेको छ । यो सभा आफैंमा आजसम्म सभा संचालन गर्दा पनि यसलाई विधायकी अधिकारसहित सभा संचालन गरेर उत्पन्न समस्यालाई समाधान गर्नका खातिर हामीले आज प्राप्त गरेको विधायकी अधिकारलाई, विधायकी अधिकारसहितको सभा संचालनका लागि तल कानून बनाएर पठाउने चरणमा छौं । हामीलाई प्राप्त विधायकी अधिकार वास्तवमा हामी आफैले कानूनहरू निर्माण गर्ने, र हामीलाई केही प्राप्त विधायकी अधिकार भनेको संघले कानून निर्माण गरिसकेपछि हामीले केही कानून निर्माण गर्नुपर्ने हामीलाई विधायकी अधिकार छ, त्यो विधायकी अधिकारअनुसार नै आज हामीले जिल्ला सभा संचालनका लागि हामीले विधायकी अधिकारसहित कानून बनाएर पठाउने चरणमै छौं । यहाँ हरेक व्यवस्था

परिवर्तणहरू पछि संविधान बन्ने, ऐनहरू बन्ने र कानूनहरू बन्ने व्यवस्थाअनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५बमोजिम आजसम्म जिल्ला परिषद्का हिसाबले अगाडि बढि रहेको स्थानीय तह, स्थानीय सरकार, त्यसलाई प्रतिस्थापन गर्दै आज हामीले जिल्ला सभा संचालन गर्नका लागि कानून बनाएर तल पठाउँदै छौं । स्वभावैले कानूनहरू निर्माण गर्नु, कानूनहरू बन्नु भनेको संविधानको कार्यान्वयन हुनु हो, संविधान कार्यान्वयन गर्नका लागि पनि हामीले कानूनहरू बनाउनु पर्ने हुन्छ । हामीहरू आफै व्यवस्थित हुन र आफूभन्दा तलका तहहरू र संस्थाहरू र सरकारहरू व्यवस्थित गर्नका लागि कानूनहरू बनाउनुपर्ने हुन्छ । यो कानूनहरू निर्माण गर्ने चरणमा हामीले धेरै कानूनहरू हामीले आफ्नो पावरमा निर्माण गर्नुपर्ने र पठाउनु पर्ने हुँदा हुँदैपनि कतिपय प्रदेशसभा संचालनका हिसाबले हामीले प्रदेशसभा अवरूद्ध जस्ता विभिन्न गतिविधिका कारण केही कानूनहरू यहाँ यसो हेर्दा देखिन्छ, जेष्ठको २१ गते छलफल भएर आज मात्रै पारितको ठाउँमा पुग्ने अवस्था रह्यो । वास्तवमा यो १५ दिनमा सकिनुपर्ने विधेयक स्वभावैले ४ महिना पछि गएको देखिन्छ । त्यसकारणले ढिलै भएपनि हामीले व्यवस्थित गर्न खोजेको र व्यवस्था गर्न खोजेका कानूनहरू तल बनेर जाने अपेक्षा राखिएको छ र यो अपेक्षा अनुरूप यो सभाको तर्फबाट विधेयक पारित भएर अगाडि बढ्नका लागि यो परिपक्व भइसकेको अवस्था छ र केही समयमा यो सभाले विधेयक पारित गर्नेछ भन्ने विश्वास राख्दै विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, जिल्ला सभा संचालनका लागि निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सन्दर्भमा प्रदेशसभा नियमावली, २०७४ भन्न पर्नेमा २०७५ भएकोमा सच्याएको छु, माननीय सदस्यहरू जिल्ला सभा संचालनका लागि निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ उपर सम्बन्धित समितिबाट प्राप्त प्रतिवेदनमाथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला ।

अब माननीय श्री मिनासिंह रखाल, समय ७ मिनेट ।

**माननीय श्री मिनासिंह रखालः-** माननीय सभामुख महोदय, हाम्रो हातमा जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ धेरै समय अगाडि नै प्राप्त भैसकेको थियो । हामीले यसलाई छलफलमा पनि ल्याइसकेका थियौं । संविधानले तीन तहको सरकारमा विभाजन गरेको छ, केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, हामीसँग तीन तहको सरकार हुँदहुँदै पनि हामीले हाम्रो प्रदेश सरकार संचालन गर्नका लागि केही नियम कानूनहरू बनाउन आवश्यकता भएकोले र यो प्रदेश सरकारमार्फत् आएको यो जिल्ला सभा संचालन गर्नका निम्ति व्यवस्था गर्न बनेको विधेयक हामी सबै माननीयहरूको हातमा परेर छलफल गरेर, संसदहरूका लागि विधायन समितिमा आइपुगेको हो । आज हामीले विधायन समितिमा धेरै कुराहरू यहाँ कुनै छुटेका र केही

कुराहरू नमिलेका, जुन माननीय संसदहरूले यहाँ संशोधन हाल्नु भएको थियो, त्यसलाई व्यापक रूपमा छलफल गर्यौं र हामीले त्यसलाई पनि फेरी केही मिलाएर एउटा प्रतिवेदनको रूपमा हाम्रो समितिको अध्यक्ष पदमबहादुर रोकायज्यूले बुझाइ सक्नु भएको छ । हामीलाई दिएको अधिकार, त्यो अधिकार पनि हामीले कार्यान्वयन गर्न सकेनौं भने हामीले त्यसलाई कानूनमा ल्याउन सकेनौं भने लाग्छ, प्रदेश सरकार नै सफल हुँदैन कि भन्ने हो र जिल्ला सभा संचालनसम्बन्धी जुन व्यवस्था थियो त्यहाँभित्र जिल्लाका हरेक समन्वय समितिहरूले हामीसँग के भन्ने गर्नुहुन्छ भने संघको पनि सरकार छ, प्रदेशको पनि सरकार छ, स्थानीय तह नगरपालिका र गाउँपालिका सबै आफ्ना हिसाबले बलिया छन्, उनीहरूसँग अधिकार छ, तर हाम्रो समन्वयात्मक भूमिका, समन्वय गर्ने मात्रै भूमिका रह्यो । यदि प्रदेश सरकारले केही गर्न सक्छ भने त्यहाँ परिमार्जन गर्नुपर्दछ भनेर पनि समन्वय समितिका प्रमुखहरूले नभनेका होइनन् तर हामीले संविधानमा टेकेर बनाउनुपर्ने नियम र कानून भएका कारणले हामीले जुन जुन कुराहरू नमिलेका थिए, जुन जुन व्यवस्थामा अलिकति बाधा पर्न गएका थिए, त्यो कुरालाई सुधारेर यो विधेयकमा समावेश गरेको छ । त्यसैले म के भन्न चाहन्छु भने हामीले जुन विधेयकलाई पढेर, छलफल गरेर, संशोधन गरेर यहाँ प्रतिवेदन बुझाइ सकेको कुरालाई म धेरै ठूलो बढाइ चढाइ गर्न चाहन्न र यसैलाई आज यो सभाबाट फेरी संसदमा छलफल भएर पास हुनेछ भन्ने आशा गर्दै जुन विधेयक आएको छ, यो विधेयकमा हामीले मिलाउने कुराहरू हामीले मिलाइसकेका छौं लाग्दछ पास हुनेनै होला, हवस् त धन्यवाद !

**माननीय सभामुखः**- माननीय श्री चन्द्रबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदय, आन्तरिक मामिला मन्त्रीज्यूले जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक २०७५ सम्मानित सदनमा टेबुल गरेर त्यो संसद हुँदै विधायन समितिमा छलफल भएर हामी अन्तिम बिन्दुमा यहाँ उभिएका छौं । सभामुख महोदय, हामी संविधान कार्यान्वयनको पक्षमा छौं, प्रदेशसभाले हामीले प्रदेशसभा संचालनको लागि कानून निर्माणको बाटोमा छौं, त्यस्तै स्थानीय तह संचालनको लागि पनि हामी कानून निर्माणको बाटोमा छौं । यही सिलसिलामा हामीले स्थानीय तहलाई, स्थानीय तहका पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी कानून बनाएर, हामीले तल सम्बन्धित निकायमा पठाइसकेका छौं । अहिले हामी स्थानीय तहका सभाहरू संचालनका लागि हामी कानून निर्माण गर्ने क्षणमा उभिएका छौं । सभामुख महोदय, आन्तरिक मामिला मन्त्रीज्यूले जुन टेबुल गर्नु भएको जिल्ला सभा संचालनसम्बन्धी विधेयकमा थुप्रै अपूरा थिए, अधुरा थिए, शब्द शब्दावली मिलेका थिएनन् र हामीले विधायन समितिमा घनीभूत रूपले छलफल गर्यौं, स्थानीय तहलाई कसरी कानूनी हिसाबले परिपक्व बनाउन सकिन्छ, कसरी, दक्ष बनाउन सकिन्छ भनेर व्यापक रूपमा हामीले छलफल चलायौं, त्यो छलफल मुताविक हामी त्यो विधेयकलाई सम्मानित सदनसमक्ष ल्याइ पुर्याएका छौं । सभामुख महोदय, अहिले पनि हामीले भनिरहेका छौं,

प्रदेशसभा सम्मानित सदन हो । जनताका आवाज उठाउने थलो हो तर यो सम्मानित सदनलाई बाइपास गरेर कुनै कुरा पनि अगाडि बढाउनु हुँदैन भनेर हामीले बारम्बार भनेका छौं तर आज सम्मानित सदनलाई पनि बाइपास गरेर थुप्रै कुरा सरकारले अगाडि बढाउन खोजिरहेको छ, त्यसमा हाम्रो चित्त दुखाई छ । सभामुख महोदय, अहिले पनि थुप्रै आज संसदज्यूहरूले बजेटमा सन्तुलन भएन, बजेट वितरणको काम समावेशी र समानुपातिक हुन सकेन भनेर आफ्नै सरकार र आफ्नै मन्त्रीहरूको विरूद्धमा पनि संसदज्यूहरूले आवाज उठाउनु भएको छ । संसद भनेको जनताको आवाज बुलन्द गर्ने थलो हो, यी आवाजहरू सम्बन्धित निकायले ग्रहण गर्नुपर्दछ । एउटा कानमा आएर अर्को कानमा पठाउने काम गरियो भने अवश्य पनि ती जनताका आवाजहरू कुण्ठित हुने छन् । अनि जनताको मन मनमा यो सरकार, यो सदन प्रति वितृष्णा जाग्ने छ । त्यसो भएकोले सम्मानित सदनले र सम्बन्धित निकायले ती जनताका आवाजहरू, सुन्नुपर्दछ र कार्यान्वयनमा लैजानुपर्दछ भन्ने भनाइ हाम्रो हो । सभामुख महोदय, हामीले भनिरहेका छौं, रेड बुक ल्याउनका लागि संसद अवरूद्ध गर्नुपर्ने, सबै नयाँ संरचनामा छौं, नयाँ युग निर्माण गर्ने बाटोमा छौं, आज रात नसुती दिन नखाई, यो मुलुकको प्रगतिको लागि लाग्नु पर्ने ठाउँमा कछुवाको तालमा हिडेर यो मुलुकको समृद्धि हुन सक्दैन । एउटा रेडबुक ल्याउनको लागि हाउस अवरूद्ध गर्नुपर्ने अवस्था सिर्जना हुन्छ भने कुन गतिमा, कति खेर र कुन ठाउँमा हामीले पुर्याउन सक्छौं त्यसो भएकोले यस्ता कुराहरू फेरी पनि नदोहर्याउँ भनेर राख्न चाहन्छु, जुन आज सम्मानित सदनमा पेश भएको विधेयकमा धेरै कुरा अपूरा थिएँ, त्यहाँ जिल्ला सभा संचालन गर्दाखेरी संघीय संसद र प्रदेशसभाका संसदहरूलाई उपस्थित नगराईकन सभा संचालन गर्ने भनिएको थियो, हामीले सभा संचालन गर्दाखेरी सम्बन्धित क्षेत्रको संसद र सम्बन्धित क्षेत्रका प्रदेश संसदहरूलाई अनिवार्य रूपमा उपस्थित गराउनुपर्दछ भनेर हामीले यसमा संशोधन गरेका छौं । त्यस्तै आज जिल्ला सभाको सदस्य कसरी चुन्ने, कसरी चिनिने, पोशाकको व्यवस्था थिएन, जिल्ला सभाको सदस्य यो हो भनेर जिल्ला सभाको पोशाक राख्नुपर्दछ भनेर हामीले त्यो पोशाकसम्बन्धी पनि संशोधन गरेर हामीले अगाडि बढाएका छौं र थुप्रै कुराहरू हामीले संशोधन गरेर अगाडि बढाएका छौं । अवश्य पनि यो टेबुल भएको, जुन संशोधन भएर आएको विधेयक सब्बल हुनेछ र अब्बल हुनेछ र त्यो जिल्ला सभालाई परिपक्व बनाएर अगाडि बढ्ने छ भन्दै मेरो भनाइ यहीं अन्त्य गर्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, जिल्ला सभा संचालनका लागि निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि माननीय सदस्यहरूले सभामा छलफल गर्दा उठाउनु भएका प्रश्न एवम जिज्ञासामा जवाफ दिंदै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम

१२१बमोजिम उक्त विधेयक पारित गरियोस् भनेर सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, नेपालको संविधानले गरेको व्यवस्था मुताविक हामी यस सम्मानित सदनले विधायकी अधिकारको उपयोग गरिरहेको छ । त्यसैको प्रतिफल स्वरूप हामीले जिल्ला सभा संचालन निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ सदनमा कर्णाली प्रदेशको सरकारले दर्ता गरेको थियो । यो विधेयकले आवश्यक प्रक्रियाबाट गर्जदैं, करिब करिब पूर्णता हाँसिल गर्दैछ र पारितको प्रक्रियाको अन्तिम संघारमा उभिएको छ । यो विधेयकलाई परिवक्वताको यो स्टेजसम्म पुर्याउनका निम्ति, यो बिन्दुसम्म पुर्याउनका निम्ति योगदान गर्ने तपाईं माननीय सदस्यज्यूहरू, त्यसै गरेर अन्य बौद्धिक व्यक्तित्वहरू र योसँग सम्बन्धित सबै सरोकारवाला महानुभावहरू प्रति हामी कृतज्ञता जाहेर गर्न चाहन्छु, विभागीय मन्त्रीका हिसाबले म उहाँहरूलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । छलफलका सिलसिलामा माननीयज्यूहरूले आफ्ना शुभेच्छाहरू, आफ्ना रायहरू र आफ्ना मतहरूलाई यहाँ जाहेर गर्नुभएको छ, त्यसलाई पनि हामीले आत्मसाथीकरण गर्नै पर्दछ । खासगरी यो विधायन समितिका अध्यक्ष तथा सदस्यज्यूहरू, संशोधनकर्ता माननीय चन्द्रबहादुर शाहीज्यूलगायतको भूमिका अझ ज्यादा स्मरणीय रहेको छ । जसरी समितिले एउटा प्रतिवेदनमा यो जिल्ला सभा संचालनका क्रममा मन्त्री र सम्बन्धित क्षेत्रका प्रतिनिधि सभा र प्रदेशसभाका माननीय सदस्यहरूलाई आमन्त्रण गर्ने व्यवस्थालाई स्वीकार गरिएको छ र त्यसपछि पोशाकको व्यवस्थालाई पनि आवश्यक ठानिएको छ । संशोधन प्रतिवेदनमा लिपीवद्ध भएका प्रोभिजनहरू यो विधेयकको अङ्ग बन्न पर्दछ, यसले गर्दाखेरी विधेयक अझ ज्यादा व्यवस्थित प्रभाकारी र अझ प्रभावकारी बन्ने हाम्रो ठम्याई हो । त्यसो भएको हुनाले माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले जिल्ला सभा संचालनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि प्रदेशसभामा छलफल भैसकेकोले विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुने गरी कर्णाली कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नुभएको जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सबन्धमा विधायन तथा प्रदेश मामिला समितिले संशोधन गर्न निर्णय गरी सभामा पेश गरेको प्रतिवेदनको विषय विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ जिल्ला सभा संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि विधायन तथा प्रदेश मामिला समितिको निर्णयानुसारको संशोधन प्रस्ताव विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूलाई प्रदान गरिने कार्यजिम्मेवारी तथा पारिश्रमिक र सेवा सुविधालाई व्यवस्थित र मर्यादित बनाउन तथा पारदर्शीता कायम गर्न संविधानको धारा १९६ मा भएको व्यवस्थाबमोजिम निजहरूले निर्वाह गर्ने पदीय दायित्व समेत सुनिश्चित गर्नका लागि प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलका भाग लिनु हुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री सीताकुमारी नेपाली, समय ७ मिनेट ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि हामी छलफल गर्दैछौं । हामी कर्णाली प्रदेशसभा गठन भएको पनि लगभग ९-१० महिना हुन थालिसक्यो ।यो समयमा नेपालको संविधानले व्यवस्था गरेअनुसार संविधानको धारा १९६बमोजिम संसदको पदाधिकारी र सदस्यहरूको पारिश्रमिक र अन्य सुविधाका विषयमा प्रदेशको कानून, ऐनबमोजिम हुने कुरा र यदि प्रदेशको ऐन नबनेको अवस्थामा प्रदेश सरकारले निर्णय गरेबमोजिम हुने कुरा उल्लेख गरेको छ र आजसम्म हामी प्रदेश सरकारले निर्णय गरेबमोजिम व्यवस्थापिका संसदका पदाधिकारी र सदस्यहरूले पारिश्रमिक र अन्य सुविधाहरू पाइरहेको अवस्था छ र ढिलै

भएपनि कर्णाली प्रदेशसभाका पदाधिकारी र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा जुन विधेयक आएको छ, त्यो विधेयकका निम्ति प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रीलाई पनि धन्यवाद दिन चाहन्छु । यो विधेयक आइसके पछि हामीले यो विधेयकमा छलफल गर्ने क्रममा केही विषयहरू सैद्धान्तिक हिसाबले राख्न पर्ने र केही विषयहरू विधेयकमा जुन अनुसूचीहरूमा ल्याइएको छ र अनुसूचीहरूमा पनि केही हेरफेर गर्नुपर्ने अनुभूति गरेको छु । हामीले प्रदेशसभा संचालनको नियमावली बनाएका छौं र प्रदेशसभाको नियमावलीमा प्रदेशको पदाधिकारीहरूको परिभाषा गरेका छौं र परिभाषाको क्रममा त्यहाँ मुख्य सचेतक पनि हामीले राखेका छौं, यो विधेयकमा मुख्य सचेतकको बारेमा छुटेको मैले अनुभूति गरेको छु । यो विधेयक आउँदै गर्दाखेरी यो विधेयकको दफा ५ मा निजी सचिवालय र कर्मचारीको व्यवस्थाको उपदफामा उल्लेख भएपनि पदाधिकारी र सदस्यहरूको निजी सचिवालयका लागि अनुसूचीमा उल्लेख भएको भन्ने जुन कुरा उल्लेख गरिएको छ दफा ५ मा, तर अनुसूचीमा २ मा त्यो कुरा छुटाइएको छ, सदस्यहरूको हकमा र निजी सचिवालयको निजी सचिवको कुरा गर्दाखेरी र यो विधेयक यसरी सरसर्ती हेर्दाखेरी केही विषयहरूमा अलि असन्तुलित भएको हामीले अनुभूति गरेका छौं । केही विषयहरूमा त धेरै थोरै होला, तर कतिपय विषयहरू समान नै बनाउँदाखेरी पनि राम्रै हुने लागेको छ, जस्तो फर्निचरको विषयमा पनि अलि असन्तुलित भएको मैले अनुभूति गरे र सँगसँगै बैठक भत्ताको कुरा गर्दाखेरी आखिर बैठक त एउटै होनी, हामी सबैले एउटै बैठक बस्छौं, त्यो समितिको बैठक बसे पनि, संसदको बैठक बसेपनि त्यो बैठकको भत्ता असन्तुलित भएको मैले अनुभूति गरे त्यही भएर त्यसमा सन्तुलन कायम गर्नुपर्दछ कि भन्ने मलाई लागेको छ । यहाँ आवास सुविधाको व्यवस्था गरिएको छ, आवास सुविधाको व्यवस्था भैसकेपछि, आवास उपलब्ध भइसकेको अवस्थामा आवासमा प्रयोग हुने बत्ती पानी, संचारको बिलअनुसार नै भुक्तानी गर्दा राम्रो हुन्छ, कि आवास सुविधा दिनु भएन हैन भने बिलअनुसार नै भुक्तानी गर्दा राम्रो हुन्छ जस्तो मलाई लागेको छ । अर्को कुरा यहाँ नोटमा एउटा कुरा उल्लेख गरिएको छ, संविधानको व्यवस्थाअनुसार संविधानको धारा १६८ उपधारा १ र २अनुसार मुख्यमन्त्री नियुक्त भैसकेपछि सत्तापक्षको नेता भनेर राख्न आवश्यक छैन जस्तो लाग्दछ । हामी सरकार गठन गर्दाखेरी मुख्यमन्त्री जो छ उही सत्तापक्ष दलको नेता हुन्छ, त्यो संसदीय व्यवस्थाभित्र, त्यसले गर्दाखेरी त्यो सत्तापक्षको नेता भनेर राखी रहनु पर्ने आवश्यकता हुँदैन जस्तो लाग्दछ । प्रतिपक्षको त हुने नै भै हाल्यो, त्यो राखेकै छ । यहाँ व्याख्यात्मक टिप्पणीको १६ नं. मा अस्थायी समितिको सभापति भनेर राखिएको मैले देखें, हामीले नियमावलीमा के उल्लेख गरेका छौं भने महिला मैत्री शब्दावली प्रयोग गर्ने, हाम्रो यो कर्णाली प्रदेशमा, हाम्रो त्यो विषयमा छलफल भयो र समितिमा अध्यक्ष भनेर व्यवस्था गरेका छौं, त्यसैले यसमा अध्यक्ष लेख्दा नै राम्रो हुन्छ जस्तो मलाई लाग्दछ । मैले परिभाषाको खण्डमा उल्लेख गरेको

कुरा यहाँ राखिसकेको छु, मैले सुरूमा पनि भने बैठक भत्ताको कुरा गर्दाखेरी अब सदस्यहरूलाई साढे सात सय छ र अरूलाई हजार रूपैयाँ भनेर लेखेको मैले पाएँ । अब बराबर नै गर्नुपर्दछ जस्तो मलाई लाग्दछ, सदस्यहरूलाई साढे सात सय दिनेभएपछि बढाउनुहोस्भन्दा नमान्नु होला त्यही भएर बरू सबैको साढे सात सय बनाउँदा राम्रो होला जस्तो मलाई लागेको छ । संचार सुविधाको कुरा गर्दाखेरी नेट इन्टरनेटको जुन जमाना छ, फोन गर्ने गर्दछौं, त्यसले गर्दा संचारमा माननीयज्यूहरूको पनि, मन्त्रीज्यूहरूको पनि र पदाधिकारीहरूको पनि लगभग फोन गर्ने तौर तरिका, इन्टरनेट चलाउनुपर्ने जुन स्थिति छ, त्यसमा चाहिँ अलि विभेद नगरौं । सभामुख, उपसभामुख, विपक्षी दलको नेताहरूको २ हजार छ भने अरू सदस्यको मात्रै फरक गर्ने, प्रमुख सचेतकहरूको किन फरक गर्ने, २ हजार नै राख्दा राम्रो हुन्छ कि भन्ने मलाई लागेको छ, तर यहाँ १५ सय भनेर ल्याइएको रहेछ । त्यस्तै गरेर यो फर्निचरको कुरागर्दाखेरी, हामीले यो कार्यकालमा फर्निचर लिइसकेका छौं । सरकारले निर्णय गरेर हाम्रो कार्यकालमा फर्निचरको सुविधा एक पटक मात्रै पाउने हो । हामीले १५ हजार रूपैयाँ पाइसकेका छौं, त्यसले गर्दा हाम्रो निम्ति यो कानून त होइन, नभए पनि हामीले हाम्रो निम्ति मात्रै होइन अरूका निम्ति पनि बनाउनु पर्ने अवस्था छ, महङ्गाइ बढि रहेको अवस्थामा एउटा पलङ्ग पनि आउँदैन । फर्निचर उसको कार्यकालमा एकचोटी मात्रै दिने हो, त्यसैले यो पन्ध्र हजार यकदमै कम हो, पदीय मर्यादाको कुरा पनि होला त्यसले गर्दा सभामुख उपसभामुख र विपक्षी दलको नेताको एउटा र अरूको एउटा गर्दाखेरी राम्रै हुन्छ होला जस्तो लागेको छ । मैले यो विषयमा राख्न पर्दाखेरी जस्तो सभामुखज्यूलाई एकपटक दिने हो, कम्तीमा ६० हजार, उपसभामुख र विपक्षी दलको नेतालाई पचास हजार, अरू प्रमुख सचेतक, सचेतक र अरू सदस्यहरू समेतलाई पनि ४० हजार रूपैयाँ व्यवस्था गरौं भन्यो भने, कम्तीमा पनि एउटा न्याय होला भन्ने मलाई लागेको छ । त्यसले गर्दा फर्निचरको विषयमा एकदम कम भएको मैले अनुभूति गरें, त्यही भएर यो विषय मैले यहाँ राखें । यहाँ सवारी इन्धन र मोबिलको व्यवस्था पनि गरिएको छ, सवारी इन्धन र मोबिलको कुरा आइ सके पछि, सवारी चालकको कुरा पनि उठ्छ होला, त्यो सवारी चालक पदाधिकारी भनेर उल्लेख गरिसके पछि सत्तापक्षको सचेतकलाई पनि त्यो व्यवस्था हुनुपर्दछ भन्ने मलाई लागेको छ, त्यो कुरा छुटेको मैले अनुभूति गरेको छु । यो विषयहरू जो मैले आफूले अनुभूति गरेको र अलिकति न्यायिक हिसाबले पनि अब यो राख्ने कुरा र निजी सचिवको विषयमा मैले राखिसकेको छु, सदस्यहरूको हकमा पनि एउटा माननीय भैसकेपछि माननीयको हैसियतमा पनि काम गर्नुपर्ने र हामीलाई सहयोगी पनि आवश्यकता रहने भएको हुँदा हामीलाई एउटा निजी सचिव चाहिँन्छ, त्यो निजी सचिवको विषय पनि यहाँ अलिकति प्रिन्ट मिस्टेक भएको जस्तो लागेको छ । किनभने अगाडि दफा ५ मा त्यो कुरा व्यवस्था गरिएको छ, पदाधिकारी र सदस्यहरूको हकमा त्यो कुरा लेखिएको छ, अनुसूची २ मा त्यो कुरा उल्लेख छ भनिएको छ, तर पछाडि

अनुसूची २ मा त्यो कुरा उल्लेख नहुँदा प्रिन्ट मिस्टेक भएको होला भन्ने मलाई अनुभूति भयो । त्यसैले यो विषयमा पनि अलिकति सोच्नुपर्दछ कि जस्तो मलाई लागेको छ । त्यस्तै गरेर अतिथि सत्कारको कुरा गर्दाखेरी सभामुख, उपसभामुख र विपक्षी दलको नेता हुनुहुन्छ, हुन त माननीयज्यूहरूले पनि अतिथि सत्कार त गर्नै पर्ने हो, त्योभन्दा पनि पदीय हिसाबले अतिथि सत्कारका निम्ति सरकारले व्यवस्था गरिदिनै पर्दछ । यहाँ जुन अतिथि सत्कारको रूपमा राखिएको छ, त्यो अलिकति कम भएको मैले अनुभूति गरें । त्यसले गर्दाखेरी अतिथि सत्कारको लागि सभामुखज्यूको १० हजार, उपसभामुख र विपक्षी दलको नेतालाई ५ हजार व्यवस्था गरेपछि केही न केही सहयोग गर्छ होला जस्तो मलाई लागेको छ । यो विषयमा मैले सैद्धान्तिक हिसाबले विषय राख्दा राख्दैखेरी पनि हामीले हिजो जुन प्रकारको विधेयक, हामी माननीयहरूको हात हातमा छ र प्रिन्ट मिस्टेक छ भन्ने कुरा पनि मेरो हातमा विधेयक पर्ने बित्तिकै यो कुरा नभइसकेपछि के हो त भनेर प्रश्न गरेको थिएँ, यो प्रश्न गर्दाखेरी प्रिन्ट मिस्टेक भएको भनेर मैले सुने । त्यस सँगसँगै अलिकति विभेद भएको, अलिकति अङ्कका हिसाबले पनि केही मिलाउनुपर्ने कुराहरू पनि यहाँ अलि तलमाथि भएको जस्तो अनुभूति मैले गरें, त्यो कारणले गर्दाखेरी मैले चाहिँ यो विषय सदनसमक्ष राखेको छु । यो हामीले कतिपय विषयहरूमाथि छलफल गर्दै गर्दाखेरी धेरै नै लम्ब्याउनुभन्दा पनि, मैले राखेका विषयहरू मैले अनुभूति गरें र माननीयहरूले यी विषयहरूमा पनि ठिकै हुन्छ होला भन्ने लाग्न सक्छ, मैले राखेको जुन विषयहरू छन्, यसमा माननीयज्यूहरूले पनि साथ दिनुहुनेछ र सहयोग गर्नुहुनेछ भन्ने कुरा राख्न चाहन्छु । मैले यो कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि आफ्नो सैद्धान्तिक विचारसहित केही आफूलाई लागेका संशोधन गर्नुपर्ने आवश्यकता भएका विषयहरू चाहिँ मैले यस सभासमक्ष राख्दै आफ्ना भनाइहरू यहीं अन्त्य गर्दछु, हवस्त धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल आजै सकिने भएकाले बोल्न चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला ।

अब माननीय श्री यज्ञबहादुर बि.सी., समय ७ मिनेट ।

**माननीय श्री यज्ञबहादुर बि.सी. :** - माननीय सभामुखज्यू, दोस्रो अधिवेशनको ४० औं बैठकमा कर्णाली प्रदेशका पदाधिकारी एवम् सदस्यज्यूहरूको पारिश्रमिक सुविधा विधेयक, २०७५ को सैद्धान्तिक विषयमा छलफल गर्दै गर्दा सभामुख महोदय, ढिलै भएपनि कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशका पदाधिकारी एवम् सदस्यज्यूहरूको पारिश्रमिक सुविधको बारेमा जुन विधेयक ल्याएको छ, म कर्णाली प्रदेश सरकारलाई धन्यवाद ज्ञापन

गर्न चाहन्छु । सभामुख महोदय, ढिलै भएपनि आज प्रतिपक्ष दलको जुन कर्णाली प्रदेश सरकारले सुविधाका बारेमा संविधानमा व्यवस्था गरेअनुरूप अहिलेसम्म कर्णाली प्रदेशकै सरकारको निर्णयअनुसार हामीले कर्णाली प्रदेशका पदाधिकारी एवम् सदस्यहरूले सुविधा लिएका छौं । नेपालको संविधान, २०७२अनुसार कर्णाली प्रदेशका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक सुविधा कर्णाली प्रदेशको विधेयक अथवा ऐनअनुसार दिनुपर्दछ भन्ने जुन व्यवस्था गरिएको छ, त्यही अनुरूप आज प्रतिपक्ष नेपाली कांग्रेसबाट भएको सदन अवरोधका कारणले यो कर्णाली प्रदेश सरकारले पारिश्रमिक सेवा सुविधाको बारेमा आज सदनमा प्रस्तुत गरिरहेको छ । सभामुख महोदय, जुन अनुसूची १ मा व्यवस्था गरेअनुसार पदाधिकारीहरूको सेवा, सुविधा र पारिश्रमिक सम्बन्धमा सभामुख महोदय, यदि त्यो यही ल्याउनु पर्दथ्यो, जुन संघीय सरकारले जुन व्यवस्था गरेअनुसार किन आज यो कर्णाली प्रदेशको सरकारलाई प्रतिपक्षले घच्घचाउनु पर्ने अवस्था सिर्जना भएको हो, सभामुख महोदय । बैठक भत्ताका कुराहरू आएको छ, हामीले भनेका थियौं सभामुख महोदय, यदि कर्णाली प्रदेशको सरकारले नीतिगत रूपमा सेवा सुविधा नलिने हो भने, नलिने विधेयक ल्याउँ र लिने नै हो भने हामीले कानून बनाऊ र संघीय लोकतान्त्रिक व्यवस्थामा नीतिगत ऐन कानून बनाएर अगाडि बढ्नुपर्छ भन्ने मान्यतालाई आत्मसाथ गरेर नेपाली कांग्रेस प्रतिपक्ष दलले यो सदन अवरूद्ध गरेको हो, सभामुख महोदय । जस्तो बैठक भत्ताका कुराहरू छन्, साढे सात सय, बिजुली पानी, हिजोको जे अवस्था थियो त्यही अवस्था छ । पारिश्रमिकको कुरा पनि जो हिजो हामीले लिइरहेका थियौं, त्यही अवस्थामा यो सरकारले प्रस्तुत गर्ने कुरा थियो भने सभामुख महोदय, यदि ५-६ महिना हाम्रो बजेट प्रस्तुत भएको अथवा भनौं सरकार गठन भएकै करिब ८-९ महिना भैसक्यो, यति लामो समय विधेयक ल्याउन रोकिनु पर्ने अबस्था थिएन । सभामुख महोदय, जुन अहिलेको समयानुकुल महङ्गीका कुराहरू छ, जस्तो अघि माननीय सीता नेपालीज्यूले भनिसक्नु भएको छ । अहिलेको समयानुकुलमा, जस्तो पदाधिकारीको अतिथि सत्कारका कुराहरूमा, अहिलेको महङ्गीअनुसार सदस्यज्यूहरूलाई बिजुली पानी, ती कुराहरूलाई केही परिमार्जन गरेर यदि यो सरकार अगाडि बढ्यो भने यो सेवा सुविधाको बारेमा यो सदन प्रति सरकार उत्तरदायी भएको ठहर्ने कुरा म कर्णाली प्रदेश सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, हामी कर्णाली प्रदेशका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधाको बारेमा सैद्धान्तिक छलफल गरिरहेका छौं । यो सैद्धान्तिक छलफल र बहस गर्ने प्रक्रियामा कर्णाली प्रदेश सरकारले पुनरविचार गरी यो सम्मानित सदनको मर्यादा कायम गर्ने कुरा पनि कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, जब प्रतिपक्ष दलले जुन सेवा सुविधाका कुराहरूमा आफ्नो दलकातर्फबाट सेवा सुविधा नलिने कुरामा, हामी प्रतिवद्ध थियौं तर सबै सभासद् मित्रहरूको आसयमा हामीले एउटा सिस्टम कायम गर्नुपर्दछ, भविष्यमा आउने पिढीहरूलाई पनि यो नीति निर्माण गरेर, विधेयक ल्याएर, ऐन कानून

बनाएर पछिका निमित्त पनि एउटा पारदर्शी ढङ्गबाट यो सदन अथवा यो सरकार चलोस् भन्ने अभिप्रायले हामीले यिनी कुराहरू यो सरकारलाई घच्घचाएका हौं र यो सदनमा अवरोध गराएका हौं । विधिवत शासनमा विधिवत ढङ्गबाट अगाडि जानु पर्दछ, कर्णाली प्रदेशलाई समृद्धि बनाउनु पर्दछ भन्ने अभिप्रायले प्रतिपक्ष दल नेपाली कांग्रेस सरकारलाई सकारात्मक कुराहरूमा सहयोग गर्ने कुरा पनि सभामुख महोदय, म कर्णाली प्रदेश सरकारलाई प्रष्ट पार्न चाहन्छु । सभामुख महोदय, यो सरकार सदैव अगाडि बढोस् र त्यही सफलताको शुभकामना व्यक्त गर्दै संघीय प्रणालीबाट कर्णाली प्रदेशलाई समृद्धशाली र सुखी कर्णाली प्रदेश यो सरकारले बनाओस् भन्ने कुरा राख्दै म मेरो भनाइ यहीं अन्त्य गर्दछु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री सोशिला शाही, समय ७ मिनेट ।

**माननीय श्री सोशिला शाहीः-** माननीय सभामुख महोदय, सर्वप्रथम हिन्दूहरूको दोस्रो महान पर्व शुभदिपावली तथा छठ पर्वको शुभअवसरमा माननीयज्यू तथा संसदज्यूहरू लगायत स्वदेश तथा विदेशमा बस्नु हुने सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदिबहिनीहरूलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, म आजको विषयमा प्रवेश गर्न चाहन्छु, आजको बैठकमा कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल व्यापक रूपमा भएको छ । यस सम्बन्धमा म र मेरो दलको तर्फबाट संसदहरूले पाउने पारिश्रमिक अलिकति तलमाथि हुँदैमा प्रदेशलाई मनग्य आम्दानी हुने र विकासको फोहोरा नै फुट्ने भन्ने मलाई लाग्दैन । सर्वप्रथम प्रदेशसभा सदस्यहरूको सेवा र सुविधा सम्बन्धमा ध्यान दिनु जरूरी छ । सभामुख महोदय, यस विधेयकको दफा २ को (घ) मा विपक्षी दलको नेता सन्दर्भमा प्रदेश निर्वाचन हुनु पूर्व प्रतिनिधि सभामा ३ प्रतिशत र १ जना प्रत्यक्ष संसद हुनुपर्ने र प्रदेशहरूमा ढेड प्रतिशत र १ जना समानुपातिक संसद भए पनि संसद हुनुपर्ने व्यवस्था कायम थियो । तसर्थ, अहिले आएको यस विधेयकमा प्रदेशसभामा १० प्रतिशत वा सोभन्दा बढि सदस्य हुनुपर्ने जुन प्रावधान छ, यसमा हाम्रो गम्भीर ध्यानाकृष्ट भएको छ । सभामुख महोदय, यसबाट केही समितिले दुईवटा दल बाहेक अरूलाई स्थान नदिन पुर्वाग्राही मनसायबाट आएको देखिन्छ । तसर्थ यो प्रावधानको खारेज गरी पहिले भएको प्रदेशसभामा ढेड प्रतिशत मत ल्याएको हुनुपर्ने र समानुपातिकबाट भएपनि १ जना संसद हुनुपर्ने प्रावधानलाई नै कायम राखी पास गरियोस् भनी सदनसमक्ष म अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, आजको अर्को विषय आर्थिक वर्ष २०७५/०७६ को आर्थिक विकास कार्यक्रमसहित आएको यी रातो किताबका सन्दर्भमा सर्वप्रथम सबै मन्त्रालयका मन्त्रीज्यू र मन्त्रालयअन्तर्गतका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । किनभने धेरै लगावका साथ वार्षिक कार्यक्रम निर्माण गर्नुभएको मैले पाएँ, साथै यी कार्यक्रमहरूबाट सम्पूर्ण प्रदेश वासी जनताहरूको दैनिकीमा परिवर्तन हुने गरी कार्यान्वयन होस् भन्ने शुभकामना दिन चाहन्छु र अन्त्यमा

यो किताबलाई गहन अध्ययन गर्ने समय नभए पनि समग्रमा सबै कुराहरू ठीक होलान् र जनताका हितमा छन् भन्ने मैले विश्वास लिएको छु । आगामी दिनहरूमा हामी संसदहरूसँग पनि समन्वय तथा परामर्श गरेर यो योजना ल्याउँदा अझ प्रभावकारी हुनेछ भन्ने मेरो चाहना छ । म दुईवटा शब्द भन्न चाहन्छु, मैले यहाँ भर्खरै सत्तापक्ष र प्रतिपक्ष भन्ने कुरा यहाँ आइरहेको थियो, मलाई कुन पक्षमा राख्नुभएको छ त्यो त मलाई थाहा छैन । तर हजुरहरूले नै बुझ्नुहुनेछ भन्न आशा राखेको छु, किनकी हाम्रो राष्ट्रिय प्रजातन्त्र पाटी हो । एउटा संसद भएपनि म प्रतिपक्ष भएपनि सत्तापक्ष भएपनि सही र गलत छुट्याउन सक्छु भन्ने सम्पूर्ण यहाँहरूलाई जानकारी गराउन चाहन्छु, अन्त्यमा धन्यवाद, जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमा जवाफ दिनका लागि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, खास गरी बहुप्रतिक्षित यो कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूलाई प्रदान गरिने कार्यजिम्मेवारी तथा पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलको एउटा सिलसिला हामीले टुङ्ग्याएका छौं । यो छलफलमा माननीय सदस्यहरूले बढो गम्भीरता पूर्वक, रचनात्मक र व्यवहारिक ढङ्गबाट आफ्ना विचारहरू, मतहरू र आफ्ना प्रस्तावहरू दर्ज गर्नु भएको छ ।यो विधेयकलाई खास गरी यो लामो प्रतिक्षा यो सदनले गर्‍यो, सरकारले पनि यसलाई अझ ज्यादा व्यवहारिक बनाउनका लागि, अझ ज्यादा प्रोडक्टिभ बनाउनका लागि, अझ ज्यादा परिपक्व र सन्तुलित बनाउनका लागि हामीले यस बीचमा विभिन्न खालका अभ्यासहरू गर्‍यौं, हामीले अध्ययन गर्‍यौं र छलफल पनि गर्‍यौं, हाम्रा बीचका संवादका प्रक्रियालाई पनि उचित स्थान हामीले दियौं र सुझाव पनि औपचारिक र अनौपचारिक ढङ्गले ग्रहण गर्‍यौं । अन्य प्रदेशका प्राक्टिसहरूलाई पनि मिल्ने तरिकाले अध्ययन गर्‍यौं, हामीले अध्ययनका विषय बनायौं र संघीय सरकारले हामीलाई पठाएको संप्रेषण गरेको एउटा पारिश्रमिक तथा सेवा सुविधासम्बन्धीको प्रस्तावलाई पनि हामीले चाहिँ इन्कार गर्न मिल्दैन्थ्यो । यी सबै रिफ्रेन्सहरूलाई हामीले कुल योगमा रिफ्रेन्सलाई मध्ये नजर गर्दै हामीले एउटा प्रस्तावलाई विधेयकको रूपमा हामीले प्रस्तुत गर्‍यौं, सरकारले प्रस्तुत गर्‍यो । यसका लागि हामी सबै माननीयज्यूहरू, प्रतिपक्ष दलहरूलगायत तपाईं सबै माननीय सदस्यज्यूहरूको निकै ठूलो सहयोग र सदभाव रहन गएको सरकारले अनुभूति गरिरहेको छ । त्यसो भएको हुँदा खासगरी यहाँ उठेका विषयहरू माननीय सीता नेपालीले विभिन्न विषयहरूमा खासगरीकन् यो विधेयकलाई व्यवहारिक र अझ परिपक्व बनाउनका निम्ति र अझ

यसलाई कार्यान्वयन योग्य बनाउनका निम्ति मनग्य सुझाव यहाँ प्रस्तुत गर्नु भएको छ । सैद्धान्तिक र अन्य रूपमा प्रस्तुत गर्नुभएको छ । खासगरी हामीले विधेयकको दफा ५ मा पदाधिकारी र सदस्यहरूको सचिवालय र कर्मचारीहरूको विषय उल्लेख भएको छ तर अनुसूचीमा त्यो आएन, त्यसो हुँदाखेरी यसलाई त्यहाँ राख्नुपर्दथ्यो, मलाई लाग्छ प्राविधिक समस्या भएको हो जस्तो लाग्दछ । यसलाई खासगरी राप.अन.प्रथम श्रेणीको एकजना कर्मचारी मतलब स्वकीय सचिव चाहिँ रहने व्यवस्था यसमा चाहिँ हामीले सोचेका थियौं र राख्नुपर्दछ भन्ने चाहिँ यसलाई स्वीकार गरिएको छ । सिद्धान्तत् कुनैपनि संसद चाहिँ तपाईंको निर्वाचित भएर आइसकेपछि उसको कार्यजिम्मेवारीको हिसाबले एक जना स्वकीय सचिव आवश्यक हुन्थ्यो । माननीयज्यूले पनि भनिसक्नु भएको छ, एकजना स्वकीय सचिव राख्दैमा, अथवा हामीले पारिश्रमिक नलिँदैमा विकासको पहरा फुट्ने त होइन, भन्नु भएको छ । यो कुरालाई पनि हामीले बुझेका छौं, त्यही हिसाबले यसलाई सकारात्मक रूपमा ग्रहण गरिएको छ । त्यस्तै गरेर अनुसूची १कै विषयमा उहाँहरूले छलफल राखिरहनु भएको छ, निजी आवासमा बस्नेलाई घर मर्मतमा विनियोजन बजेट चाहिँ अल्योकेट गर्याथ्यौं, मतलब सरकारी आवास नै उपलब्ध भैसकेको अवस्थामा सभामुखज्यू, उपसभामुखज्यू र प्रतिपक्ष दलका नेताज्यूलाई पनि उपलब्ध गराउने भनेर भनिसकेपछि यहाँ चाहिँ अलग्गै रकम बजेटको अङ्कमा चाहिँ निर्धारण गरिरहन जरूरी छैन भन्ने तर्क उहाँले गर्नु भएको छ र यो कुरा जायज छ, यसलाई सरकारले स्वीकार गर्दछ । फर्निचरको जहाँसम्म कुरा छ, यो बैठक भत्ताको कुरा उहाँले उठाउनु भएको छ, सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षको प्रमुख सचेतक र सेचतकहरूलाई जसरी यो हजार रूपैयाँ भनेर यहाँ प्रस्ताव गरिएको थियो । माननीय सदस्यज्यूहरूको सात सय पचास र सभामुखज्यूलगायतको हजार गर्दाखेरी यो अलिकति सान्दर्भिक हुँदैन कि भनेर सबैलाई सात सय पचास गरेर समान गर्दा नै बेटर होला भनेर अन्य माननीयज्यू खासगरी माननीय यज्ञबहादुर बिसीले पनि राख्नु भएको थियो, यो औचित्यपूर्ण र सान्दर्भिक नै देखिन्छ । आवास सुविधाको हकमा आयो, विपक्षी दलको प्रमुख सचेतक र सत्ता पक्षको प्रमुख सचेत र सचेतकलाई १५ सय आएको थियो तर यो पछिल्लो यो परिवर्तित समयले २ हजारको माग गर्यो भन्ने आइ सकेपछि यसलाई बढाएर २ हजार बनाउँदा उचित हुन्छ होला जस्तो सरकारलाई लागेको छ । फर्निचरको विषयमा संघीय सरकारले प्रस्ताव एकदम न्यून रकम गरेको थियो, हामी सबैलाई त्यो कुरा अलि व्यवहारिक भएजस्तो र नमिठो फिल भएको थियो, यसलाई हामीले करेक्शन गर्यौं र हाम्रो माननीयज्यूले पनि सुझाव राख्नुभएको छ, त्यसलाई हामीले १५ हजार बाट बढाएर, सभामुखज्यूलाई ६० हजार, त्यसपछि उपसभामुखज्यू र विपक्षी दलको नेतालाई ५० हजार, विपक्षी दलको प्रमुख सचेत र सत्ता पक्षको अध्यक्षलाई ४० हजार र सचेतक, अध्यक्ष र संसदज्यूहरूलाई पनि ४० हजार भनेर बढाउँदाखेरी बेटर हुन्छ भन्ने महसुस भएको छ र यसलाई ४० हजार नै बनाउँदा बेटर हुन्छ । दलको प्रमुख सचेतक,

सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक यी सबैलाई ४० हजार, बिजुली धाराको जहाँसम्म विपक्षी दलको नेता र उपसभामुखलाई २ हजारको प्रस्ताव गरिएको थियो, यो सरकारी आवास उपलब्ध गराउने स्थितिमा बिलअनुसार उपलब्ध गराउँदा यो व्यवहारिक होला भन्ने उहाँ माननीयज्यूहरूको मत आएको छ, यसलाई सरकारले पनि आफ्नो सुझावको रूपमा ग्रहण गरेको छ । अब अतिथि सत्कारको रूपमा सभामुखज्यूलाई ५ हजार व्यवस्था गरिएको थियो, यो अलि व्यवहारिक भएन कि भन्ने भएपछि १० हजार र उपसभामुख र विपक्षी दलको नेताको ३ हजारबाट ५ हजार पुर्याउने भनिएको छ । यता चाहिँ सत्तापक्षको सचेतकलाई भनेर इन्धन र मोबिलको व्यवस्था अगाडि उल्लेख भएको, सबै व्यवस्थाअनुसार गाडी, ड्राइभर र इन्धन उपलब्ध गराउने विषय सरकारलाई उपर्युक्त लागेको छ । जहाँसम्म माननीय सोशिला शाहीले विषय चाहिँ खासगरी यो दफा २ को (ख) को उपखण्ड (५) हटाइयोस् भनेर जसरी यहाँ प्रस्ताव गर्नु भएको छ । विपक्षी दलको नेता भन्नाले देहाएबमोजिमका दलले संसदीय दलका नेताका रूपमा छानेको व्यक्ति सम्झनु पर्ने छ भनेर त्यसैको चाहिँ त्यो उपखण्ड (५) मा खासगरीकन विपक्षी दलको नेता छान्ने प्रोभिजनको रूपमा उल्लेख भएको छ । उहाँले जसरी आफ्नो विचारहरू उठान गर्नुभएको छ, त्यो आकर्षित हुँदैन त्यही ढङ्गले उहाँले बुझ्नुहुनेछ भन्ने मलाई लागेको छ । यो सैद्धान्तिक छलफलको प्रक्रियामा जो-जो माननीय सदस्यहरू सहभागी हुनुभयो उहाँहरूलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु । यो प्रक्रिया संगत ढङ्गले पारित गरी दिनुहुने छ, केही प्रक्रियाहरू अझै पनि बाँकी छन्, भन्ने अपेक्षा गर्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम (१)अनुसार कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संसदहरूको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू, अब प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ भएको व्यवस्थाअनुसार कर्णाल प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरूको सेवालाई व्यवस्थित, मर्यादित तथ पारदर्शीता राख्न नेपालको

संविधानको धारा १७१ मा भएको व्यवस्थाबमोजिम मन्त्रिपरिषद्का सदस्यहरूमा प्रेरणा जगाउन आवश्यक भएकाले प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०६बमोजिम कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, मलाई दिइएको बोल्ने विषय त कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा छ । अघि एकजना माननीयज्यूले भन्नु भएको थियो, हामी दुई तिहाई ३०-३२ जना माननीय हुँदा ६ जनालाई हामीले पेल्न सक्दैनौ र किन पेल्न सक्दैनौ भन्नु भएको थियो । आज यो सेवा सुविधा, कर्णाली प्रदेश सरकारका पदाधिकारी सदस्यको सेवा सुविधा र प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरूको सेवा सुविधाको विधेयक आउँदाखेरी मलाई त ३३ जनाले ६ जना होइन, ३३ जनाले ३३ जनालाई पेलेकी अथवा ७ जनाले २६ जनालाई पेले भन्ने लाग्यो । यसो हेर्दाखेरी मैले करिब करिब त्यस्तो रूप देखें । यस सन्दर्भमा मैले स्पष्ट भाषामा भन्दाखेरी हाम्रो प्रदेश सरकार अथार्त माननीय मन्त्रीज्यूहरूलाई भन्दाखेरी अवश्य पनि दुईवटै विधेयक, प्रदेशसभाका सदस्य र पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी विधेयक र मुख्यमन्त्री तथा मन्त्रीहरूको सेवा सुविधाको सम्बन्धमा बनेको यी दुईवटै विधेयक साँचो मानेमा भन्दाखेरी साँचो भनेको लाग्दैन, विश्वास गर्नुहोला तपाईंहरू, पछि लाग्दछ, त्यो, साँचो मानेमा यी दुईवटै विधेयक मर्यादित र पारदर्शी छैन, मर्यादित र पारदर्शी मान्न सकिदैन । किन मान्न सकिदैन भने कहिले कम्प्यूटर गल्ती भयो, कहिले पाना च्यातिएको, कहिले मन्त्रीहरूले सही गर्नै भुलिदिनु भएको, कहिले साँच्चिकै म त अर्थमन्त्रीज्यूलाई ठूलोभन्दा ठूलो धन्यवाद, फुलहरूकै माला लगाइदिने थिएँ, स्वंयम बजेट ल्याउँदाखेरी भाङ्गोको शब्द ल्याएर सभालाई नै भाङ्गो खुवाइदिनु भयो । सभानै भाङ्गो भैसक्यो । त्यसैले अब अर्को शब्दमा भन्ने हो भने यहाँ हामीलाई प्रदेशसभालाई प्रदेशसभाका पदाधिकारी सदस्यहरूलाई संशोधन गर्न सभामुख महोदयले ७२ घण्टाको समय दिनुभएको छ । सभामुख महोदयलाई म आग्रह गर्दछु, म विनय गर्दछु, यो मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक विधेयकमा ७२ घण्टा नभएपनि ५ घण्टा मन्त्रीहरूलाई नै संशोधन गर्ने समय दिइदिनुहोस्, हामीहरूले संशोधन नगरेर, मन्त्रीहरूलाई नै संशोधन हालुन्, हामीलाई अलि सजिलो हुन्थ्यो कि जस्तो लागिरहेको छ मलाई, अहिलेको कुरा हेर्दाखेरी । अहिले लामो भन्ने कुरो छैन,

अहिले म कानून मन्त्रीज्यूलाई स्पष्ट रूपमा भन्छु, यस विधेयकमा मुख्यमन्त्री र मन्त्रीज्यूहरूको लुगा भत्ता राखिएको रहेछ, उहाँहरूले लुगा लगाउनु हुँदो रहेछ तर प्रदेशसभाका सदस्यहरू कोही पनि लुगा लगाउँदो रहेन्छन्, हामी सबै राउटे हौं कि, राउटेले पनि अहिले कपडा लगाएर बाहिर त फाल्छ, आफ्नो तीन वर्षको एकपटक लुगा भत्ता भनेर यो विधेयकमा छ तर प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको विधेयकमा लुगा भत्ता नै छैन, लुगा भत्ता नै राखिएको रहेन्छ । मलाई के लाग्यो भने, मैले त आज पक्का रूपैयाँको बिट्टो पाइने विधेयक आउने छ भनेर सुरूवाल कोट र कालो टोपी लगाएर आएको त, यहाँ लुगा छदै रहेन्छ । यस्तो अच्चम छ यो, कस्तो आश्चर्यको कुरो छ, त्यसैले यहाँ प्रतिपक्षलाई पेल्नेभन्दा पनि यहाँ प्रदेशसभालाई अपमान अथवा अमर्यादित बनाउनेभन्दा पनि यस कर्णाली प्रदेशको सरकार, कर्णाली प्रदेशका जनताहरूको जनजिविकालाई अध्ययन गरेर कर्णाली प्रदेशका जनतालाई पेल्ने काम नगरोस् । प्रतिपक्षलाई पेल्नुहोस्, जति सकिन्छ पेल्नुहोस्, त्यसमा आपत्ति छैन, ६ जनालाई पेल्नुहोस् तर कर्णाली प्रदेशका ११ लाख, १२ लाख, १६ लाख जनतालाई नपेल्नुहोस् । तपाईंहरूलाई स्पष्ट भन्छु, यहाँ नेर सत्तापक्षका प्रमुख सचेतक भाई गुलावजँग शाह, दाई प्रतिपक्ष कोल्टे पर्यो, प्रतिपक्ष कोल्टे पर्यो भन्नु हुन्छ, मैले श्रावणका महिनामा प्रदेश सरकार कोल्टे पर्यो सत्तापक्ष गम्भीर हुनुहोस् भनेर भनेको हुँ, त्यही शब्द आज प्रमाणित भएर आएको छ । माननीय सदस्यज्यूहरू, त्यही शब्द प्रमाणित भएर आएको छ, चाहे त्यो रातो किताबमा होस्, चाहे त्यो रातो किताबमा अझ हामीले गल्ती गर्यौं, कालो किताब ल्याउनुहोस् बरू रातो अक्षर लेख्नुहोस् भन्नुपर्ने रहेछ, रातो किताब ल्याउनुहोस् भनेर भुल गरेछौं । कालो किताब ल्याउनु रातो अक्षरले लेख्नुहोस् भन्नुपर्ने रहेछ । त्यसैले हामीले प्रारम्भिक चरणमा जुन प्रतिवद्धता गरेका थियौं, जुन विपक्षी रहित, प्रतिपक्ष रहित आज कर्णालीको समृद्धि कसरी गर्ने, कर्णाली प्रदेशको जनताको जनजिविकालाई कसरी उच्च राख्ने भनेर जुन हामीले प्रारम्भिक चरणमा कदम उठाएका थियौं, त्यसमा कर्णाली प्रदेशको वर्तमान सरकारले चिन्तन गरेन । कर्णाली प्रदेशको वर्तमान सरकारले यसलाई गम्भीर रूपमा लिएन । मुख्यमन्त्रीज्यूले हिजो भन्नुभयो केही भ्रष्टाचारका कुराहरू, भ्रष्टाचारका कुरा गर्दा त आज स्थानीय तहमा संस्थागत भ्रष्टाचार भैसकेको छ, डोजर आतङ्क भैरहेको छ, त्यस्को जिम्मेवार कस्ले लिने, त्यसको जिम्मेवारी प्रदेश सरकारले लिने कि, संघीय सरकारले लिने, डोजर आतङ्क भैरहेको छ स्थानीय तहहरूमा संस्थागत भ्रष्टाचार भैरहेको छ । यसैले म के भन्न चाहन्छु भने प्रदेश सरकार सम्पूर्ण सरकारलाई के ध्यानाकर्षन गराउँछु, खोइ तपाईंको बाढी पीडित आयोग, तपाईंहरूले २०७२ मा भएको बाढी पीडित आयोग गठन गरेर त्यो पीडितहरूलाई बसोवास गराउने भनेर आयोग गठन गर्नुभएको हो, त्यो आयोग कहाँ छ । जाजरकोट, रूकुम, सुर्खेत र कैयौं जिल्लाहरूमा प्राकृतिक विपद, असिनाको, पहिरोको कैयौं कुराहरू आए, कहाँ तपाईंहरूले राहत दिनुभयो, कहाँ तपाईंले तिनको व्यवस्थापन गर्नुभयो, त्यसैले प्रदेश

सरकार गम्भीर छ कि छैन, तपाईहरू प्रतिपक्ष प्रतिपक्ष नभन्नुहोस्, प्रतिपक्ष प्रतिपक्ष भनेर तपाईंहरूले त्यो शब्द खेर मात्रै हाल्नुहुन्छ, तपाईंहरू मात्रै गम्भीर हुनुहोस्, अब प्रदेश सरकार गम्भीर छ कि छैन, आफै म त मन्त्री हुने छैन, मन्त्री बदलेर म जानसक्छु कि भन्नुहुन्छ, हामी त मन्त्री जाने पनि हुनसक्दैनौ, मन्त्री हुने पनि हैनौ, हुने तपाईंहरू नै हो, गर्ने होकी होइन, कर्णाली प्रदेशका जनताको गरिबी, अशिक्षा, रोग, भोक, स्वास्थ्य र शिक्षालगायत सबै कुराहरूलाई मध्येनजर गरेर कर्णाली प्रदेश अघि बढोस्।

अब बजेटको सम्बन्धमा हामीले बजेट ल्याउनुहोस् भनेका हौं, रातो किताब ल्याउनहोस् भनेका हौं, बजेट पनि ल्याइदिनु भयो, रातो किताब पनि ल्याइदिनु भयो तपाईंहरूलाई धन्यवाद ! हामी बजेटमाथि कुनै संशोधन हाल्ने पनि छैनौं, त्यो ४५ लाई १५ बनाउने पनि छैनौं, ४५ लाई ८० बनाए पनि तपाईंहरूले नै बनाउनुहोस्, हामी कुनै टिप्पणी गर्ने वाला छैनौं । सरकारको मुख्यमन्त्रीज्यू र मन्त्रीहरूको पारिश्रमिक र सेवा सुविधाको सम्बन्धमा यो विधेयक यहाँ कु-समयमा आएको छ, अझ तपाईंहरूले चैत्र वैशाख महिनामा ल्याउनु पर्दथ्यो । यो ल्याइदिए तपाईंहरू बाझिनुपर्दछ, अझ कहाँ कहाँ लेखुपर्दछ, लेखापरीक्षण गर्नुपर्दछ । कालिकोट गए भयो, जुम्ला गए भयो, हुम्ला गए भयो, रूकुम चौरजहारी गए भो जहाँ गए पनि हामीलाई मतलब थिएन । ल्याउनु भयो, यसको संशोधन विधेयकमा पनि अन्त्यमा सभामुख महोदयलाई म आग्रह गर्न चाहन्छु, यसको संशोधन हाल्ने समय पनि माननीयज्यूलाई नदिनुहोस्, मुख्यमन्त्रीज्यूले मन्त्रीज्यूहरूलाई हाल्ने, मन्त्रीज्यूहरूले मुख्यमन्त्रीज्यूलाई हाल्ने, तब मात्रै पारदर्शी हुन्छ र मर्यादित हुन्छ, यति भन्दै म विदा हुन्छु, हवस्त धन्यवाद भन्नै पर्यो । लालसलाम भन्यो भने नरिसाउनु होला, पहिले त म जय नेपाल भन्दछु अनि तपाईंहरूलाई लालसलाम छ, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफलमा आजै सकिने भएकाले बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला ।

अब माननीय श्री सीताकुमारी नेपाली, समय ७ मिनेट ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफल गरिरहेका छौं । पूर्ववक्ता माननीयज्यूले पनि यसको सैद्धान्तिक पक्षमा आफ्ना विचारहरू राखेर गैसक्नु भएको छ । मैले यो विधेयकमाथि धेरै विषयहरू राख्ने छैन र विधेयक संविधानको धारा १७१बमोजिम आएको छ । अब मुख्यमन्त्री र मन्त्रीहरूले पनि प्रदेश ऐनबमोजिम पारिश्रमिक र अन्य सुविधाहरू पाउने व्यवस्था हुनेछ । यदि ऐन नबनेको हकमा सरकारले निर्णय गरेर

पाउने व्यवस्था त्यो धारामा उल्लेख गरेको छ । लामो समयको अन्तराल पछि, मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरूको सुविधाको विधेयक यहाँ आएको छ, त्यसका निम्ति म प्रदेश सरकार र आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । मैले कर्णाली प्रदेशसभाको पदाधिकारी र सदस्यहरूको पारिश्रमिक र सेवासम्बन्धी विधेयक र यो मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी विधेयक दुईवटैलाई अध्ययन गर्दाखेरी केही विषयहरूमा समान भएको पाएको छु र केही विषयहरू असमान भएको पनि मैले उल्लेख गरेको छु र त्यो कुरा मैले राखे नै छु । केही विषय अलि बढि भएको, पदाधिकारीहरूको र सदस्यहरूको भन्दा मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको बढि भएको कुरा पनि पूर्ववक्ता माननीयज्यूले सुन्दर ढङ्गले आफ्नो विचार राखिसक्नु भएको छ, म त्यस विषय तिर गइन । मैले राख्नुपर्दाखेरी, अगाडिभन्दा पनि अनुसूची तिर मैले राखे छु, अनुसूचीमा जस्तो फर्निचरको कुरा गर्दाखेरी एकदम धेरै अन्तर पनि छ । जस्तो मुख्यमन्त्रीको १ लाख २५ हजार, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीको १ लाख, पदाधिकारी र माननीयहरूको १५ हजार कति असमानता थियो । अब पदाधिकारीहरूको, माननीयहरूको एउटा ढङ्गबाट प्रस्ताव राखियो त्योअनुसार मन्त्रीज्यूले पनि हृदय देखिनै स्वीकार गर्नुभयो । मन्त्रीज्यूहरूको झन कस्तो लाग्छ भने सरकारले व्यवस्थापन गर्ने हो मन्त्रीज्यूहरूको फर्निचरको, उहाँहरूले यहाँ राखेको मुल्यभन्दा पनि धेरै मुल्य पर्ने फर्निचरहरू सेटिङ्ग भइसकेका छन् । यो पहिलो चरण भएर पनि यो बढि मुल्य परेको हो जस्तो मलाई लाग्दछ । व्यवहारिक हिसाबले पनि हामीले हेर्नै पर्ने हुन्छ । यो विधेयक जुन हामीले बनाउँदैछौं, यो विधेयक तत्कालका लागि मात्रै नभएर आगामी दिनका लागि पनि हो यो कानून, त्यसले गर्दा आगामी दिनलाई पनि हामीले मध्येनजर गर्दै माननीयज्यूहरू र मन्त्रीज्यूका बीच धेरै असमानता नरहोस् भन्ने कुरा पनि ख्याल गर्नुपर्दछ भन्ने मलाई लागेको छ । सरकारको फर्निचरको व्यवस्थापन अब पहिलो चरणमा भएको हुँदा एक ढङ्गले आवश्यक पनि छ, त्यसले गर्दा आगामी दिनका निम्ति सहज नै होला जस्तो लाग्दछ । मुख्यमन्त्रीको फर्निचरमा सभामुख बराबरै ६० हजार नै राख्नुपर्दछ कि जस्तो मलाई लागेको छ । मन्त्रीहरूको ५० हजार र अरू सहायक मन्त्रीहरूको माननीयज्यूहरूको सरह ४० हजार राख्नुपर्दछ भन्ने मलाई लागिरहेको छ, मलाई लागेको कुरा यहाँ राखिसकेको छु । अर्को कुरा मलाई कस्तो लागेको छ भने, अनुसूची १ मा र ३ मा निजी आवासमा बस्नेलाई घर मर्मत खर्च भनिएको छ । सम्भवत् मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री भैसकेपछि हाम्रो प्रदेशको सन्दर्भमा जुन हामीले प्रदेशको राजधानी पनि तोकिसकेको छ । एउटा ढङ्गबाट सेटलमेण्ट भैसकेको अवस्था छ, आवासको व्यवस्था पनि भै सकेको अवस्थामा निजी सुरक्षाका हिसाबले पनि केही कुराहरू निजी आवासमा बस्नेभन्दा पनि राज्यले जुन आवासको सुविधा उपलब्ध गराएको हुन्छ, त्यो आवासमै बस्दाखेरी सुरक्षाका

हिसाबले पनि सहजता हुन्छ भन्ने मलाई लाग्दछ । त्यसले गर्दा निजी आवासमा बस्नेलाई घर मर्मत राख्न जरूरी छ भन्ने मलाई लाग्दैन । मुख्यमन्त्रीको हकमा पनि, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको हकमा पनि राज्यले उपलब्ध गराएको आवासमा बस्ने भएको हुँदा यो कुरा चाहिँ हटाउँदाखेरी राम्रो होला भन्ने मलाई लागेको छ । मैले यो विधेयकलाई हेर्दाखेरी, मुख्य गरेर फर्निचरमा पनि एउटा प्रकारको सयंता आओस्, निजी आवासमा बस्ने कुरा जो छ नी सेक्युरिटीका हिसाबले पनि त्यहाँ निजी आवासमाभन्दा राज्यले उपलब्ध गराएको आवासमा व्यवस्थित होला । त्यसले गर्दा यो बुँदालाई नै नराख्दाखेरी उपर्युक्त हुन्छ भन्ने मलाई लागेको छ र मैले यो विधेयकमा आफ्ना विचारहरू यहीं अन्त्य गर्दै विदा हुन्छु, हवस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमा जवाफ दिनका लागि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ उपरको सैद्धान्तिक छलफलमा माननीय हिमबहादुर शाही र माननीय सीता नेपालीले सक्रियता पूर्वक भाग लिनु भयो र प्रस्तावमा खासगरी विधेयक उपर उहाँहरूले आफ्ना मतहरू राख्नु भएको छ । सैद्धान्तिक रूपमा पनि राख्नु भएको छ, दफावार रूपमा आफ्नो मत प्रस्तुत गर्नु भएको छ, सुझावहरू, यो खास गरिकन हामीले यो विधेयक ल्याएर हाम्रो वित्तीय अनुशासनलाई सुव्यवस्थित बनाउनका लागि र सरकारका पदाधिकारीहरूलाई उत्प्रेरणा जगाउनका लागि, खर्च पारदर्शीताको लागि पनि यो विधेयक सम्मानित सदनमा प्रस्तुत गर्नु जरूरी थियो । त्यो एउटा अभिभारा यहाँसम्म आइपुगेको छ । माननीय हिमबहादुर शाहीले लुगा भत्ताको विषयमा उहाँले केही कुरा उठाउनु भएको छ, यो विदेशको सेमिनार र सम्मेलनहरूमा सरकारको तर्फबाट प्रतिनिधित्व गर्दाखेरी तीन वर्षमा एकपटक पाउने गरिकन एउटा प्रचलनको यसमा लिपीबद्ध गरिएको हो । माननीय सीता नेपालीले खासगरी फर्निचरका विषयमा उहाँले कुरा उठाउनु भएको छ, यो माननीयज्यू, मुख्यमन्त्री र मन्त्रीहरूको बीचको अलिकति ग्याप भयो भन्नुभएको छ, त्यो पनि सच्याउने कमिटमेण्ट जाहेर गर्यौं । मुख्यमन्त्रीको १ लाख ७५ हजार बाट घटाएर ६० हजार राख्दाखेरी त्यो सान्दर्भिक हुन्छ भन्ने त्यो हामीलाई पनि लागेको छ, त्यस्तै गरी मन्त्रीहरूको १ लाखको प्रस्तावलाई घटाएर ५० हजार राख्दाखेरी ठिकै हुन्छ त्यो भन्ने छ, सहायक मन्त्री र राज्यमन्त्रीको ४० हजारसम्म व्यवस्था गर्दाखेरी बेटर हुन्छ भन्ने सरकारको पनि यो चाहिँ तपाईंको धारणा हो, परिमार्जित र संशोधित धारणा सरकारको हो । माननीयज्यूहरूले भाग

लिइदिनु भयो, थप परिपक्व र व्यवहारिक विधेयक बनाउनका निम्ति यहाँहरूले योगदान गर्नुभयो, यसका निम्ति म हृदयदेखि धन्यवाद दिन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५को नियम १०९ को उपनियम (१)अनुसार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल कार्तिक १६ गते शुक्रबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## बैठक संख्या-४१

(२०७५ कार्तिक १८ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेशसभाको दोस्रो अधिवेशनको ४१ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशका पदाधिकारी तथा सदस्यहरूलाई प्रदान गरिने कार्य जिम्मेवारी र सेवा सुविधालाई व्यवस्थित, मर्यादित बनाउन तथा पारदर्शीता कायम गर्न नेपालको संविधानको धारा १९६ भएको व्यवस्थाबमोजिम निजहरूको निर्वाह गर्नुपर्ने पदीय दायित्व समेत सुनिश्चित गर्नुपर्ने भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०७ उपनियम (१) खण्ड (क) बमोजिम कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि दफावार छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको दफावार छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री करबीर शाही, समय ७ मिनेट ।

**माननीय श्री करबीर शाहीः-** माननीय सभामुख महोदय, सभामुख महोदयको आज्ञाले आज हामी कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि दफावार छलफलमा छौं । लामो समयदेखि विधेयक संसद नआउदा, केही अन्यौल, केही असुविधा रहेता पनि लामो समय पछि विधेयक एउटा ऐनको रूपमा पारित हुने अवस्थामा छ । हामीले हामीलाई प्राप्त विधायकी अधिकारअनुसार, केही अधिकारहरू हामी आफैले कानून बनाएर, हामी आफै व्यवस्थित हुनुपर्ने र केही विधायकी अधिकार प्रयोग गरेर स्थानीय तहका पदाधिकारीहरूको सेवा सुविधा तोक्नु पर्नेलगायतका नेपालको संविधानले दिएको विधायकी अधिकारहरू मध्ये आज हामीले आफूलाई आफैले व्यवस्थित गर्ने विधायकी अधिकारको प्रयोग गर्दैछौं । यो आफूले आफैलाई व्यवस्थित गर्ने जो विधायकी अधिकारमा अलिकति असजिलो पनि हुदों रहेछ । लामो समय हामीले छलफल गयौं, छलफलमा धेरै विषयहरू

पनि आए तर आफूले आफैलाई व्यवस्थित गर्दा जनताका माझमा कति विषयहरू परनिहित हुन्छन्, ती विषयहरूले कत्तिको प्रभाव पार्दछन एउटा जनप्रतिनिधिको नाताले, त्यसलाई पनि छलफल गरियो, तर पनि हामीले हाम्रो विधायकी अधिकार कसैलाई अनुरोध गरेर, आग्रह गरेर बन्ने वाला थिएन, हामीले आफैले बनाउनुपर्ने थियो । सरकारसँग लामो छलफल पछि हामीले यसलाई संशोधन नहालीकन, विना संशोधन छलफलद्वारा अगाडि बढाऔं, हामी सुरूमा निर्वाचित भएर आउँदा सपथ ग्रहण पछि, एउटा सानो झिल्कोले जनप्रतिनिधिहरूमाथि कालो धब्बा लागेको थियो, त्यसकारण पनि हामीले व्यवस्थित हुनका लागि धेरै छलफल बाहिरी रूपमाभित्र जति छलफल गरेपनि, बाहिरी रूपमा धेरै छलफल नगरौं भनेर सरकारसँग निरन्तर छलफलमा बस्यौं र आज हामी छलफलको निचोडतर्फ अगाडि बढेका छौं । मैले यो सम्बन्धमा विगतमा आफूले व्यक्त गरेका केही समसामायिक र एउटा जनप्रतिनिधि हुनुको नाताले त्यो जनप्रतिनिधिको अगाडि माननीय भन्ने शब्द पदावली लेखिएका हिसाबले केही सामान्य व्यवस्थाहरू गर्नुपर्दछ भनेर पटक पटक मैले भन्ने गरेको थिएँ, त्यही विषयलाई मैले सविस्तार भन्ने छु । वास्तवमा नेपालको सन्दर्भमा नेपालको संसदीय अभ्यासमा पटक पटक यो विषयलाई तुलना गर्ने गरिएको छ, कहिले वेतनसँग तुलना गरिएको छ, कहिले मानसँग तुलना गरिएको छ, यो हिसाबले पटक पटक अलग विषयमा छलफल भएको छ, कहिले वेतनलाई आधार बनाएर प्रोटोकल बनाएर यसलाई निर्धारण गरिएको छ भने फेरी त्यसलाई प्रोटोकल ठूलो कुरा हो र वेतन भनेको सानो कुरा हो भनेर व्याख्या गरिएको छ । आज हामी ती दुईवटै व्याख्याका बीचमा छौं र आज हामी कर्णाली प्रदेशका जनप्रतिनिधि पनि हौं, कर्णाली प्रदेशका जनप्रतिनिधि हुनुको नाताले ती दुईवटै चिजलाई हामीले ख्याल पुर्याउनुपर्दछ भन्ने अवस्थामा छौं र त्यो अवस्थाबाट अगाडि गुज्रनुपर्ने छ । हामीले यो बीचमा सातवटै प्रदेशमा भएका व्यवस्थाहरू हुनु त आफू, आफै चाहिँ पावरमा छदैछन् सबै, तै पनि सबै प्रदेशमा भएका व्यवस्थाहरूको छलफल गर्यौं, तुलना गर्यौं, काँही के खालको व्यवस्था छ, काँही के ख्यालको व्यवस्था छ, तर हामीले हाम्रो आफ्नै खालको व्यवस्था गरेर अगाडि बढ्नुपर्ने अवस्था आएको छ । पटक पटक भन्ने गरेका छौं हामीले मञ्चमा उभिएर कर्णाली प्रदेश ५२ प्रतिशत गरिबीको रेखामुनि छ, त्यसैले हामीले यो व्यवस्थालाई पनि संख्यात्मक हिसाबले त्योभन्दा तल नै रहने गरी व्यवस्था गरिएको छ । वास्तवमा छलफलमा उठेका कुराहरू कति व्यवहारमा परिवर्तन गराउन सकियो सकिएन त्यो आफ्नो ठाउँमा छ । आजदेखि वैधानिक रूपमा, विधिवत रूपमा, आफूले कानून बनाएर व्यवस्थापन गर्ने बाटोतर्फ उन्मुख छौं, समय धेरै गुज्रिसके पनि । मैले भन्ने गरेको थिएँ र मैले धेरै विषयहरूमा संशोधन राख्नु पर्दछसम्म पनि भनेको थिएँ, संशोधन नगरौं भन्ने हिसाबले अगाडि बढ्दाखेरी संसद हुनुको नाताले सामान्यतया पारिश्रमिक एउटा कुरा हो । त्यसपछि सुविधाहरू लिने कुरामा हामी गरिब छौं तर गरिब भएर पनि सुविधा त लिनै पर्दछ, ती सुविधाहरूलाई कम्तीमा व्यवस्थित गर्नका

लागि मनग्ये होइन, काम चलाउ हिसाबले पुग्ने गरी व्यवस्था गर्नका लागि मैले अनुरोध गरेको थिएँ । वास्तवमा यसमा एउटा अधिवेशको आह्वान र अन्त्यमा आउँदा र जाँदा त्यो आतेजातेको व्यवस्था गर्नुपर्दछ भन्ने मेरो प्रस्ताव थियो।

एउटा संसद र जनप्रतिनिधि हुनुको नाताले हरेक वर्ष त्यो विकाससँग कसरी जोडिन्छ र विकासका कार्यक्रमहरूलाई कसरी अनुगमन गर्दछ ? आफ्नो रिपोर्ट कहाँ पेश गर्दछ ? यो व्यवस्था गर्नका लागि आर्थिक वर्षको अन्तिममा आफ्नो निर्वाचन क्षेत्रमा योजना अनुगमन गरे बापतको एउटा बिलको खर्च बेहोरिनुपर्दछ भन्ने प्रस्ताव थियो ।

यो दफा ३ मा पारिश्रमिक भनिएको थियो, यसलाई सामान्य अर्थमा पारिश्रमिक तथा सुविधा, शपथ ग्रहण गरेको मितिदेखि लागु हुने प्रचलन छ, यसलाई किन यस्तो भनिएको होभन्दाखेरी, सपथ ग्रहणका दिनमा सबै उपस्थित हुन सकिदैन, नसकिन अवस्था पनि हुन्छ, त्यसकारणले जुन दिनदेखि सपथ ग्रहण गर्यो त्यो दिनदेखि पद वहाल गरेको ठहर हुन्छ, त्यसकारणले यसलाई सपथ ग्रहण गरेको दिनदेखि पारिश्रमिक भन्ने ठाउँमा सेवा तथा सुविधा माननीय सदस्यहरूलाई उपलब्ध पेपरमा पारिश्रमिक भन्ने शब्द थियो, त्यसलाई पारिश्रमिक तथा सेवा सुविधा भन्ने शब्द व्यवस्था गरिएको छ । अनुसूची २ मा विपक्षी दलको नेता र उपसभामुखलाई सूचना प्रविधि शीर्षकमा १ जना अपरेटर खट्ने पनि व्यवस्था गरिएको छ, यो संशोधित प्रस्ताव हो । खासगरिकन माननीय सदस्यज्यूहरूसँग प्राप्त कपिमा उपचारसम्बन्धी, पैदल भ्रमणसम्बन्धी व्यवस्था अलि नबुझिने अलि अस्पष्ट खालको थियो, त्यसकारण यसलाई दफा ११ मा भर्पाइ पछाडि पैदल भ्रमण गर्ने अवस्था रह्यो भने भ्रमण गरेको कोश प्रमाणित गरिएको निस्सा, भ्रमण बिलको साथ थप गरी प्रस्ताव पेश गरिएको छ र पेश गर्नुपर्ने छ । दफा १४ मा उपचारको व्यवस्थामा साविकमा रहेको व्यवस्था संशोधन गरी देहायबमोजिमको व्यवस्था गर्ने मैले अनुरोध गर्न चाहन्छु, पदाधिकारी र सदस्यहरूको उपचारको निम्ति प्रदेशसभा सचिवालयको चिकित्सकले सेवा उपलब्ध गराउनुपर्ने, अस्पतालमा उपचार गर्नुपर्ने अवस्था आएमा सोबमोजिमको चिकित्सकले सिफारिस गरेमा अस्पतालमा भर्ना गराउने, आपतकालिन अवस्थामा सचिवालयलाई जानकारी गराएर जाने अवस्था भएन भने यथाशीघ्र सचिवालयलाई जानकारी गराउने व्यवस्थाका लागि मैले अनुरोध गर्न चाहन्छु । यो क्रम संख्या २ अन्तर्गत सुविधाको किसिममा बैठकमा प्रतिदिन एक हजारबाट सात सय पचास रूपैयाँ गरिएको भन्ने छ । यो पदाधिकारी र मन्त्रीहरूको फरक फरक थियो, वास्तवमा बैठक भन्या एउटै चिज हो, सबैले बैठकमा उपस्थित जनाउने कुरा हो, यो फरक फरक कोलुममा फरक फरक व्यवस्था नराख्नको लागि सबैलाई एउटै हुने र समान हुने भएकाले यसलाई ७५० रूपैयाँ कायम गरिएको छ, त्यो व्यवस्थाका लागि मैले अनुरोध गर्न चाहन्छु ।

कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको हकमा परिबन्धित परिस्थितिमा हामीले प्राप्त गर्ने १५ हजार रूपैयाँमाथिबाट पठाएको ड्राफ्ट ऐनमा व्यवस्था थियो, त्यस

फर्निचरलाई एक कार्यकालमा एकचोटी पाउने भएको हुँदा सभामुखको ६० हजार, दलका नेता र उपसभामुखको लागि ५० हजार र सत्ता पक्षको सचेतक, विपक्षी दलको प्रमुख सचेतक, अध्यक्ष, दलको प्रमुख सचेतक, विपक्षी दलको सचेतक र सदस्यहरूको लागि एकमुष्ट ४० हजार प्रस्ताव गरिएको छ, एक कार्यकालको लागि पाउने सुविधा भएको हुनाले यतिसम्म खुकुलो हौं भन्ने हाम्रो औकात र वर्गतका हिसाबले यहाँसम्म पुगिएला र यतिसम्म व्यय गर्न सकिएला भनेर अगाडि बढ्न र यो व्यवस्थालाई माननीय मन्त्रीज्यूले हाम्रा संशोधित विषयहरूलाई संशोधनको प्रोसेसमा यो विधेयक बनाउनु हुने गरी पास गर्ने आधार निर्माण गर्नका लागि, अगाडि बढ्नका लागि अनुरोध गरेर म यहाँबाट विदा हुन्छु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूका सम्बन्धमा आफ्ना धारणाहरू राख्दै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम उक्त विधेयक पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः**- माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ बहुप्रतिक्षित थियो । सरकारले खास गरीकन यो विधेयकलाई यो प्रक्रियासम्म ल्याइ पुर्याउनका निम्ति संघीय सरकारले प्रस्ताव गरेको प्रावधान, खासगरी व्यवस्था र अन्य प्रदेश सरकारको र प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा प्रदेशसभाले पारित गरेका थिए, त्यो लगायत मतलब यो प्रक्रियासम्म आइपुग्दाखेरी हामीले माननीय संसदज्यूहरूको सुझावहरू, मतहरू, रायहरू र अन्य सम्बद्ध पक्षहरूको सुझावका आधारमा प्रदेश सरकारले यो विधेयक सदनमा प्रस्तुत गर्यो र यो अहिले करिब करिब हामी पारिधीको अन्तिम संघारमा उभिएका छौं । जसरी यो विधेयकलाई परिपक्व, व्यवहारिक र कानून योग्य बनाउनका लागि माननीय करबीर शाहीले यो छलफलमा भाग लिनु भयो । उहाँले महत्वपूर्ण आफ्नो सुझावहरू प्रस्तुत गर्नु भएको छ, आफ्ना मतहरू, धारणाहरू व्यक्त गर्नु भएको छ । सरकारका तर्फबाट उहाँले छलफलमा भाग लिई प्रस्तुत गर्नु भएका उहाँका आफ्ना मत, राय, सुझावहरूलाई उहाँको स्पिड प्रति सरकार प्रतिवद्ध छ र सहानुभूति पनि जनाउन चाहन्छु । उहाँले खासगरी दफा ११को १ मा यो भर्पाइ दस्तावेजमा आफूले भ्रमण गरेको कोस प्रमाणित गरिएको निस्सा भ्रमण

बिलको साथ थप गरी राख्दा त्यो बेटर हुन्छ भनेर उहाँले आफ्नो मत राखु भएको थियो । यो पहिलेदेखि हाम्रो कर्णाली प्रदेशका भूगोलहरू विकट छन्, त्यहाँ कतिपय ठाउँमा गाडीको पनि व्यवस्था छैन, यो पैदल भ्रमण कोस प्रमाणितको एउटा निस्सा चाहिँ भ्रमण बिलका साथ राख्न आवश्यक देखिन्छ, सरकारले यसलाई स्वीकार गर्दछ । दफा १४ मा उपचारको व्यवस्थामा साविकमा रहेको व्यवस्था संशोधन गरी, देहायबमोजिम प्रस्ताव गर्दाखेरी उहाँले बेटर हुन्छ भन्नु भएको थियो, त्यस विषयमा पनि सरकारले स्वीकार गर्दछ । म पढेर सुनाउन चाहन्छु, पदाधिकारी र सदस्यहरूलाई दफा १ मा उपचारका निम्ति सचिवालयबाट चिकित्सकको निःशुल्क सेवा उपलब्ध गराउँदा उचित हुन्छ भन्ने सरकारलाई महसुस भएको छ, अस्पतालमा उपचार गर्नपर्ने भनी मतलब जो अघिल्लो व्यवस्था छ, उहाँले राखु भएको छ, त्योबमोजिमको चिकित्सकले सिफारिस गरेको पदाधिकारी वा सदस्यले अस्पतालमा उपचार गराउँदा लागेको बिल खर्च सचिवालयले बेहोर्दाखेरी चाहिँ माननीय सदस्यहरूलाई एउटा प्रोत्साहन हुन्छ भन्ने महसुस भएको छ । आकस्मिक अवस्थामा अस्पताल भर्ना हुनुपरेमा वा प्रदेश राजधानी बाहिर रहेको अवस्थामा अस्पतालमा भर्ना हुनुपरेमा त्यस्तो चिकित्सकको सिफारिस आवश्यक नपर्ने भन्ने कुरा व्यवहारिक नै हो । त्यस्तो सिफारिस उपलब्ध नहुने अवस्थामा यथाशीघ्र सचिवालयमा माननीय सदस्यहरूले जानकारी गराउने व्यवस्था यसमा राख्दाखेरी विधेयक चाहिँ अझ बढि व्यवहारिक हुने महसुस भएको छ, त्यसलाई सरकारले स्वीकार गर्दछ । दफा २४ मा चाहिँ यो बचाउ दफामा यो ऐन प्रारम्भ हुनु अगाडि प्रदेशको मन्त्रिपरिषद्को निर्णयबमोजिम पदाधिकारी र सदस्यहरूले पाएको पारिश्रमिक र सेवा सुविधा यसै ऐनबाट भए गरेको मान्दाखेरी अझै तपाईंको यो विधेयक पूर्ण हुन्छ भन्ने सरकारले स्वीकार गर्दछ । उहाँले जसरी यहाँ आफ्ना मतहरू राखुभएको थियो । त्यसै गरेर अनुसूची १ को क्रम संख्या २ मा यो अन्तर्गत सुविधाको किसिमको बैठक भत्तामा प्रतिदिन हजारबाट सातसय पचास प्रस्ताव गरेर पारित गर्दाखेरी उचित हुन्छ भनेर भन्नु भएको छ, यो उहाँले हाउसको भावनाको उहाँले प्रतिनिधित्व गर्नुभएको छ, सबैमा समान, सभामुखदेखि लिएर माननीय सदस्यहरूसम्म समान हुने तरिकाले सातसय पचास राख्दाखेरी, यो तोक्दाखेरी उहाँको मत प्रति सरकार सहमत छ । त्यसै गरेर क्रमसंख्या ३ अन्तर्गत संचार सुविधामा सरकार पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रुमख सचेतक, सचेतक र सबै सदस्यहरूको पन्ध्र सयलाई दुई हजार सुनिश्चित गर्दाखेरी उपर्युक्त हुन्छ भनेर प्रस्ताव गर्नुभएको छ, यो जायज छ, यसलाई सरकारले स्वीकार गर्दछ । त्यस्तैगरी क्रम संख्या ५ मा फर्निचर शीर्षक अन्तर्गत पन्ध्र हजार संघीय सरकारले प्रस्ताव गरेको थियो, यसलाई बढोत्तरी गर्दाखेरी यो चाहिँ न्यायिक हुन्छ, व्यवहारिक हुन्छ, यो चाहिँ जायज हुन्छ भनेर आफ्नो मत राखु भएको छ । सभामुखज्यूको ६० हजार, उपसभामुख र विपक्षी दलको नेताको ५० हजार र सत्तापक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, सचेतक, अध्यक्ष र सबै सदस्यहरूलाई ४० हजार मतलब यो सुनिश्चित गर्दाखेरी

बेटर हुन्छ भनेर भन्नु भएको छ, त्यसलाई पनि सरकारले स्वीकार गर्दछ । त्यस्तै गरी दफा ३ मा पारिश्रमिक मात्र उल्लेख भएको थियो, त्यसमा सेवा सुविधाको रूपमा लिँदाखेरी अझ बेटर हुन्छ, केही प्रोभिजनहरूसँग पनि मेल खान्छ भनेर उहाँले प्रस्ताव गर्नुभएको छ, त्यसलाई पनि सरकारले हार्दिकताका साथ स्वीकार गर्दछ, सरकारले यसलाई जायज ठहराउँछ । दफा ९ मा प्रत्येक आर्थिक वर्षको कम्तीमा १ पटक सम्बन्धित क्षेत्रमा विकासका कामको अनुगमन तथा भ्रमण गराई सो बापतको भत्ता उपलब्ध गराउँदाखेरी माननीय सदस्यहरूले आफ्नो क्षेत्र प्रतिको अझ बढि एकाउन्टेबल हुने र त्यहाँ जाँदा खेरी अनुगमन सुपरवेक्षण कार्यमा अझै उत्प्रेरित गर्दछ, अझै सघाउँदछ भनेर जसरी राख्नु भएको छ, यो चाहिँ तपाईंको सरकारले स्वीकार गर्दछ उहाँको संशोधन छलफलको प्रस्तावलाई, अनुसूची २ मा उपसभामुख र विपक्षी दलको नेताको कार्यालयलाई व्यवस्थित गर्नका लागि त्यहाँको सूचना प्रविधिलाई व्यवस्थापन गर्नको लागि १ जना नासु स्तरको अपरेटर प्रस्ताव गर्नु भएको छ, यो आफ्नो मत चाहिँ उहाँले राख्नुभएको छ, यो कार्यालय नै उहाँहरूलाई व्यवस्थापन गर्ने, उपलब्ध गराउने भैसकेपछि १ जना कार्यालय व्यवस्थापन गर्नकालागि अझ सूचना प्रविधिसँग सम्बन्धित कर्मचारी चाहिँ हामीले व्यवस्था गर्दाखेरी जायज हुन्छ, व्यवहारिक हुन्छ, अझ कार्यालय व्यवस्थित हुन्छ भन्ने ठानिएको छ र सरकारले यसलाई स्वीकार गर्दछ । अस्ति छलफलका क्रममा पनि यो सत्तापक्षको सचेतकलाई गाडी सुविधा उपलब्ध गराउने, मतलब ड्राइभरसहितको गाडी र इन्धनको कुरा पनि आएको थियो त्यसैलाई मैले अहिले चाहिँ, सरकारले यसलाई पनि विधेयकमा इन्क्लुड गर्नुपर्दछ भन्ने कुरामा सरकार यसलाई जायज ठान्दछ भन्ने निष्कर्षमा सरकार पुगेको छ, भन्ने लाग्दछ ।त्यसो भएको हुनाले छलफलमा भाग लिएर यो विधेयकलाई अझ ज्यादा वैज्ञानिक, व्यवहारिक, परिपक्व र प्रक्रिया सँगत बनाइदिनका निमित्त सहयोग गर्नुहुने माननीय करबीर शाहीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । विधेयकलाई पारित प्रक्रियासम्म ल्याइ पुर्याउनका निम्ति योगदान गर्ने समस्त, सम्बद्ध निकाय, पक्ष व्यक्तित्व प्रति म आभार व्यक्त गर्न चाहन्छु । माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशसभाका पदाधिकारी एवम् सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५माथि प्रदेशसभामा छलफल हुँदा स्वीकार गरिएका विषयहरू विधेयकका अङ्ग हुने गरी कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संशोधनसहित विधेयकको अङ्गको रूपमा समावेश हुनेगरी पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संशोधनसहित विधेयकको अङ्गको रूपमा समावेश हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सभामा दफावार छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरूको सेवा र सुविधालाई व्यवस्थित, मर्यादित बनाउन तथा पारदर्शीता कायम गर्न नेपालको संविधानको धारा १७१ मा भएको व्यवस्थाबमोजिम मन्त्रिपरिषद्का सदस्यहरूमा उत्प्रेरणा जगाउन आवश्यक भएकाले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०७ उपनियम (१) खण्ड (क)बमोजिम कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि दफावार छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**-माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको दफावार छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री सीताकुमारी नेपाली, समय ७ मिनेट ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको दफावार छलफलका लागि सहभागी भएका छौं । मैले कर्णाली प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सेवासम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा पनि कुरा उठाएको थिएँ र कर्णाली प्रदेशसभाका पदाधिकारी र सदस्यहरूको पारिश्रमिक र सेवासम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा पनि हामीले

धेरै कुराहरू उठाएका थियौं र सैद्धान्तिक छलफलकै क्रममा केही व्यवहारिक हिसाबले पनि मुख्यमन्त्री, मन्त्री, सभामुख, उपसभामुख, प्रतिपक्ष दलका नेता र माननीयज्यूहरूको बीचमा यी दुवै विधेयकलाई तुलनात्मक हिसाबले अध्ययन गर्दाखेरी केही विषयहरूमा समानता पनि पाएको थिए र केही विषयहरूमा असमानताको अनुभूति भएको थियो । त्यसकारण मैले व्यवहारिक हिसाबले पनि कर्णाली प्रदेशमा केही कुराहरू समान ढङ्गबाट जाँदाखेरी राम्रो हुन सक्छ भन्ने प्रस्ताव त्यति बेला सैद्धान्तिक छलफलको क्रममा राखेको थिएँ । ती प्रस्तावहरू मध्ये आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले स्वीकार गरेर पदाधिकारी र सदस्यहरूको सेवा सुविधासम्बन्धी विधेयक हामीले पारित गरिसकेको अवस्था पनि छ । त्यसका लागि म मन्त्रीज्यूलाई धन्यवाद पनि दिन चाहन्छु ।

मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक र सेवा सम्बन्धित विषयहरूमा धेरै कुरा उठाउनुपर्दछ जस्तो मलाई लाग्दैन । अलिकति कर्णाली प्रदेश भन्ने बित्तिकै कर्णाली प्रदेशको राजधानी हामीले वीरेन्द्रनगर सुर्खेतलाई तोकेका छौं र वीरेन्द्रनगर सुर्खेतमा भौतिक पूर्वाधारका हिसाबले समस्या छैन, आवासको समस्या छैन, आवासको व्यवस्था सरकारले गरेको छ । त्यसले गर्दाखेरी मुख्यमन्त्री र मन्त्रीहरूलाई छुट्टै हैन, अब सुरक्षाका हिसाबले पनि निजी आवास बस्नेभन्दा राज्यले उपलब्ध गराएको आवासमा बस्दाखेरी सुरक्षाको हिसाबले पनि राम्रो हुनेकुरा मैले सैद्धान्तिक छलफलमा पनि राखेको थिएँ । त्यसले गर्दा यो विधेयकमा जुन आएको छ, निजी आवास बस्नेलाई घर मर्मत खर्च भनेर जो बजेट छुट्याएको छ, सरकारले नै आवासहरू मर्मत गर्ने कुरा भै हाल्छ, त्यसले गर्दा राज्यबाट उपलब्ध गराएको आवासमा बस्दै गर्दाखेरी छुट्टै आवास मर्मत खर्च भनेर यो छुट्याउन आवश्यक छैन । त्यसले गर्दा यो दफा नै हटाउँदाखेरी यो अनुसूची १ अन्तर्गतको ३ नं. हटाउँदाखेरी राम्रो हुन्छ भन्ने दफावार छलफलमा यो मेरो संशोधन हो । त्यस्तै गरेर फर्निचरको कुरा गर्दाखेरी पनि अलि धेरै फरक भयो, जस्तो संसदको पदाधिकारी र सदस्यहरूको मात्र १५ हजार अनि मुख्यमन्त्री र मन्त्रीज्यूहरूको १ लाख २५ हजार मुख्यमन्त्रीज्यूको र मन्त्रीज्यूको १ लाख भएको हुँदा एकदम फरक पर्न गएको छ । मैले त्यतिबेला पनि भनेको थिएँ, सन्तुलन मिलाउँ, आखिर फर्निचर सबैलाई आवश्यक पर्दछ, यहाँको महङ्गी पनि यति धेरै छ कि १५ हजारले एउटा पलङ्ग पनि आउँदैन, त्यसका लागि पनि फर्निचरको रकम हेरफेर गर्नुपर्दछ । त्यसका निम्ति हामीले पदाधिकारी र सदस्यहरूको सेवा सुविधा फर्निचरको विषयमा जसरी संशोधनकर्ता माननीयज्यूले उठाउनु भएको थियो त्योअनुसार माननीय मन्त्रीज्यूले पनि स्वीकार गरिसक्नु भएको छ र त्यो विधेयक हामीले पास पनि गरिसक्यौं । मुख्यमन्त्रीको ६० हजार, मन्त्रीज्यूहरूको ५० हजार र राज्य मन्त्री र सहायक मन्त्रीको ४० हजार गर्दा एक प्रकारले हेर्दाखेरी समानता जस्तो देखिने र यो फर्निचर भन्ने कुरा एक पटक मात्रै बुझ्ने कुरा हो, र महिनावारी दिने कुरा पनि होइन । एक पटक दिने कुरा हो र अहिले प्रदेश सरकारले मन्त्रीज्यूहरूको फर्निचरको व्यवस्थापन पनि गरिसकेको अवस्था छ,

त्यसैले फर्निचरमा अलिकति संशोधन गर्नुपर्दछ भन्ने कुरा राखेको छु । यो बाहेक अन्य विषयहरू जो आएको छ, एउटा मुख्यमन्त्री र मन्त्रीज्यूहरूले स्टाण्डर्ड पनि कायम गर्नुपर्दछ, आवश्यक खर्चहरू पनि हुन्छ, ती आवश्यक खर्चहरूलाई चाहिँ मन्त्रीपरिषद्को निर्णयबाट त्यति  पारदर्शी नहुने पनि हुनसक्छ । हामीले कानून बनाएरै खर्च हुँदाखेरी त्यो पारदर्शी पनि हुने कुरा र व्यवस्थित पनि हुने कुरा हो । त्यसले गर्दा मुख्यमन्त्री र मन्त्रीज्यूहरूको पारिश्रमिक र सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि मैले विशेष गरेर दुईवटा बुँदामा संशोधन गर्न चाहेको छु र यो विषय राख्दै मेरा भनाइहरू यहीं अन्त्य गर्दछु हस् त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको दफावार छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथिको छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूका सन्दर्भमा आफ्ना धारणाहरू राख्दै कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम उक्त विधेयक पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्ने कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ यहाँ छलफलका विभिन्न श्रङ्खलाबाट गुज्रिएर पारितिको बिन्दुसम्म आइपुगेको छ । यो विधेयक प्रक्रियागत चरणहरूमार्फत् गुज्रिएर आएको  छ । यहाँसम्म, विधेयकलाई यो स्थितिसम्म ल्याइ पुर्याउनका निम्ति सरकारले खासगरी माननीय सदस्यज्यूहरूका सुझावहरू, अनौपचारिक सुझावहरू, अहिले पनि खासगरी माननीय सीता नेपालीज्यूले प्रस्तुत गर्नु भएको संशोधन प्रस्ताव, उहाँका मतहरूलगायत सम्बन्ध निकायका व्यक्तिहरूका सुझावहरू, संघीय मन्त्रीहरूले सम्प्रेषण गरेको व्यवस्थाका आधारमा यो विधेयकलाई पारितका लागि यो सम्मानित सदनसम्म ल्याइपुर्याएका छौं । खासगरी यो बीचमा मन्त्रिपरिषद्का सदस्यहरूले क्याविनेटको निर्णय र संघीय सरकारले सम्प्रेषण गरेको प्रावधान मुताविक पारिश्रमिक र सुविधा चाहिँ प्रयोग गर्दै आइरहेको स्थिति थियो । यो विधेयक पारित भएर यसले ऐनको उचाई ग्रहण गरिसकेपछि यो ऐनबमोजिम पारिश्रमिक तथा सुविधा मन्त्रिपरिषद्का सदस्यहरूले प्राप्त गर्नेछन् र खासगरी यहाँसम्म सुझाव दिने यस्लाई म्याचुयोर गर्नका निम्ति आज छलफलमा भाग लिई दिने माननीय सीता नेपालीज्यू प्रति आभार प्रकट गर्न चाहन्छु । उहाँले खास गरिकन, यो अनुसूची १ को क्रमसंख्या ३ को सुविधाको किसिम त्यो मतलब टपिकमा निजी आवासमा बस्नेलाई घर मर्मत खर्च भनेर

मन्त्रिपरिषद् सदस्यहरूका लागि प्रस्ताव गरिएको थियो । प्रदेश सरकारले सरकारी आवासको व्यवस्था गर्ने डिसिजन पनि भैसकेको र मन्त्रीहरू सरकारी आवासमा बसिसकेको हुनाले यो रो नै हटाउँदा बेटर हुन्छ भनेर उहाँले भन्नुभएको छ, सरकारले उहाँको प्रस्तावलाई स्वीकार गर्दछ । त्यसैगरी अनुसूची १ को क्रमसंख्या ३ को सुविधा किसिम फर्निचरका लागि केही रकम, यो चाहिँ संघीय सरकारले नै एउटा तपाईंको प्रस्ताव गरेर पठाएको मोडल त्यसैलाई नै हामीले अहिलेसम्म कार्यान्वयन गरिरहेको अवस्था थियो । यसमा अझ खासगरी हामीले त्यो सुविधा चाहिँ नलिएर सरकारले नै फर्निचर खरिद गरेको र त्यो सरकारकै सम्पति हुने स्थिति थियो । त्यसलाई चाहिँ अब एक ढङ्गले प्रस्ताव पनि यहाँ विधेयकमा गरिएको छ । त्यसलाई पुनरविचार गरेर मुख्यमन्त्रीको १ लाख २५ हजार प्रस्ताव गरिएको थियो, यसलाई घटाएर ६ हजार राख्दाखेरी यसलाई सुनिश्चित गर्दाखेरी बेटर होला भनेर आफ्नो मत राख्नु भएको थियो । मन्त्रीहरूको चाहिँ १ लाखबाट ५० हजार र त्यस्तै गरेर राज्यमन्त्री र सहायकमन्त्रीहरूको १ लाखबाट पुनरविचार गरिकन ४० हजार कायम गर्दाखेरी अझ न्यायिक हुन्छ र संसद र मन्त्रीहरूबीच त्यति अन्तर हुँदैन भनेर उहाँले प्रस्ताव राख्नुभएको थियो । यसलाई सरकारले जायज ठान्दछ, यो संशोधनलाई, उहाँको धारणालाई सरकारले स्वीकार गर्दछ । उहाँले यो दुईवटा विषयमा राख्नु भएको थियो । यो संशोधन विधेयकको अङ्ग हुने गरी स्विकार गर्दछ ।

माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि प्रदेशसभामा छलफल हुँदा स्वीकार गरिएका विषयहरू विधेयकका अङ्ग हुने गरी कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संशोधनसहित विधेयकको अङ्गको रूपमा समावेश हुने गरी पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यो प्रस्तावको विपक्षीमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संशोधनसहित विधेयकको अङ्गको रूपमा समावेश हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, दोस्रो अधिवेशन समापनको प्रक्रियामा चालु अधिवेशनको समिक्षासहित समापन मन्तव्यका लागि माननीय सदस्यहरूलाई समय निर्धारण गरेकोछु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, हामी यो ४१ औं बैठक पछि समापनको प्रक्रियामा हामी गइ रहेका छौं । हामीले २०७४ माघ २४ गते हाम्रो अधिवेशन सुरू गरेका थियौं । आज कार्तिक १९ गते र १८ गते ठ्याक्कै ९ महिना भएछ । ९ महिनामा एउटा बच्चा आमाको गर्भबाट निस्किँदाखेरी परिपक्व भएर जन्मछ भन्ने हाम्रो विश्वास हो । तर अलिकति बच्चा त जन्मियो, अलि तौल नपुगेको, कान पनि नसुन्ने, कता कता आँखा पनि नदेख्ने भयो । वर्षे अधिवेशन वर्षातकै समयमा समापन भएको भए अति नै राम्रो हुन्थ्यो । तर प्रकृतिले पनि के भन्यो भने तिमिहरूले वर्षातमा होइन, हिउँदमा समापन गर्दैछौं भन्ने हिसाबले होला आज बिहान जाडो पनि एकदमै बढेको छ, हिमाली जिल्लामा हिउँ पनि परिरहेको छ । यसैले पनि हामीले यी कुराहरूलाई पनि आगामी दिनमा, आउने अधिवेशनमा सोच्नुपर्दछ भन्ने मलाई लाग्दछ । यो ९ महिनाको अवधिमा कैयौं कुराहरू राम्रा भए होलान्, कैयौं कुराहरूले त्यति गति लिन सकेन होला, यो हाम्रो नयाँ अभ्यास भएको हुनाले, संघीयता भनेको नै नयाँ चिज केहोभन्दा यो प्रदेश सरकार नै हो, प्रदेश संसद नै हो । संघीय सरकार, स्थानीय सरकार हिजो पनि थियो । केही कुराहरूमा हिजो स्थानीय जुन निकाय भन्थ्यौ, त्यो बेला हामीले स्थानीय हुँदा सरकार भन्नुपर्दछ भन्थ्यौं, केही त्यसका संरचनाहरू बदलिएका छन्, गा.वि.स.बाट गाउँपालिका भएका छन्, नगरपालिका त नगरपालिका नै छ । तर नयाँ साँच्चै मुलुक संघीयतामा गएको भनेको यही नै हो । यसमा हामीले विचार पुर्याउन सकेनौं भने यो मुलुकले, जुन मुलुकमा, जुन एउटा आफ्नो रगतको बलिदान दिनु भएको छ, उहाँहरूको सपनालाई पूरा गर्न सक्छौं वा सक्दैनौ भन्ने कुरालाई पनि यसले महत्व राख्दछ भन्ने मलाई लाग्दछ । वास्तवमा भन्ने हो भने ६ नं. बाट प्रारम्भ भएको छ र अहिले कर्णाली प्रदेश भएको छ । यो प्रदेश सबैभन्दा कान्छो प्रदेश हो, सबैभन्दा बिकट र अघि पनि कुरा आइसकेको छ, ५२ प्रतिशतभन्दा तल गरिबीको रेखामुनि, हरेक क्षेत्रमा शिक्षामा होला, स्वास्थ्यमा होला, गरिबीमा होला, त्यस्तो प्रदेशमा एकरूपता भएर बढ्नुको विकल्प छैन । हामीले सधैं भन्ने गरेका छौं कि सत्तापक्ष र प्रतिपक्ष भन्ने छैन । सत्तापक्ष र प्रतिपक्ष भनेको यहाँको रोग हो, भोक हो, गरिबी हो, अन्याय हो, अत्याचार हो भन्ने कुरा गरिरहेका छौं । यति कुराभन्दा भन्दै पनि सत्ता सत्ता नै हुन्छ, प्रतिपक्ष प्रतिपक्ष नै हुन्छ भन्ने मनसाय बेला बेलामा कुराहरू नउठेका पनि होइनन् । हामीले जहिले पनि

सोच्यौं प्रदेशको प्रगति भयो भने हामी सबैको प्रगति हुन्छ ।आज हामीले सोचौंला, सत्तापक्षलाई ढाल्न सक्यौं हामीले, सत्तापक्षको बदनाम गराउन सक्यौं भने प्रतिपक्ष बलियो हुन सक्छ, अरू जनता बलियो हुनसक्छन्, अरू निकायका मान्छेहरू बलियो हुनसक्छन् भन्ने हामीले सोचौंला त्यो गलत हो । मैले जहिले पनि उदाहरण दिने गरेको छु, कुनै विदेशमा जाँदाखेरी कुनै नेपाली, एकदम धनी नेपाली जानसक्छ, एकदम विद्वान नेपाली जान सक्छ, तर जब उसको पासपोर्ट हेरिसकेपछि नेपाली रहेछ भनेपछि बाहिरका मान्छेहरूले जुन हेयका दृष्टिले हेर्ने गरेका छन्, त्यस्तै हाम्रो मुलुकभित्र पनि कर्णाली प्रदेशका भन्ने बितिक्कै, कर्णाली प्रदेशका मन्त्री हुन्, संसद हुन् या पत्रकार हुन् या कर्मचारी हुन्, कर्णाली प्रदेशबाट आएको भन्ने बितिक्कै सबैको मानसपटलमा केछ भने गरिब भोका नाङ्गा प्रदेशबाट आएका हुन्, यिनीहरूको बुद्धि र विवेक हुनसक्दैन भन्ने जुन यही मुलुकभित्र पनि सोच्ने गरिएको छ, त्यो मेटाउनका लागि पनि सबै एक हुनुपर्दछ र अगाडि बढ्नुपर्दछ भन्ने मेरो मान्यता हो, सभामुख महोदय । यद्यपी, यति हुँदा हुँदै पनि कैयौं कुराहरू हामीलाई लाग्दछ, आज हामीले सदनलाई अवरूद्ध गर्ने पक्षमा प्रतिपक्ष दल थिएन, तर प्रतिपक्ष दलले अवरूद्ध गरेको भनेको सरकारलाई निकम्मा गराउन का लागि, सरकारलाई निष्कृय बनाउनका लागि थिएन, अरू ठाउँमा हेर्नुभयो भने सभामुख महोदय, म के भन्न चाहन्छु भने, हाम्रो सरकारले राम्रो गति लियोस्, हाम्रो सरकारले एउटा सही बाटोमा हिडोस्, भन्ने नै जहिले पनि प्रतिपक्षले सम्झेर गरेर, हामीले नै गर्दाखेरी कैयौं कुराहरूमा उहाँहरूको हामीले इज्जत पनि जोगाइदिएको जस्तो लाग्दछ । सायद एउटा आलोकाचो मान्छेहरूको संसद बन्यो कि, आलोकाचो मान्छेहरूको सरकार बन्यो कि भन्ने बाहिरका मान्छेहरूको भ्रमलाई पनि चिर्नका लागि र सही ट्र्याकमा हिडाउनका लागि हामीले यो प्रयासहरू गर्यौं, त्यसैले १-२ चोटी हामीले सदनलाई पनि अवरूद्ध गर्नुपर्ने अवस्थाहरू आए । त्यो अवरूद्ध कुनै प्रतिपक्षको स्वार्थको लागि थिएन, कुनै यहाँका अरूको स्वार्थका लागि थिएन, प्रदेशको भलाईको लागि, जब यो प्रदेश समृद्ध हुन सक्छ, जब यो प्रदेश खुशी हुनसक्छ, सुखी हुन सक्छ, अनि मात्र हामी सबैको इज्जत रहन्छ भन्ने मनासयले पनि हामीले त्यो कुराहरू गरेका हौं, सभामुख महोदय, किनकी हामीले साथ दिँदा पनि समय दिन नसक्ने,

एउटा आयो राराको कुरामा, हामीले रारा महोत्सव मनायौं, खर्चको विवरण पनि समयमा दिन सकेनौं । आज दिएको खर्चको विवरणको पनि कुरा उठिरहेको छ, फेरी पनि कुराहरू आइरहेको छ, हिजो पेश गरेको र आज गएको व्यवस्थामा धेरै अन्तर छ, धेरै फरक छ भन्ने कुरा आइरहेको छ, त्यस्तो कुरो हुनुहुँदैन र समयमा सबै सम्बन्धित निकायका मान्छेहरू सच्चिनुपर्दछ भन्ने मलाई लागिरहेको छ । त्यस्तै अहिले व्यापक रूपले जुन कान्तिपुरबाट समाचार आइरहेको छ, भौतिक मन्त्रीको सम्बन्धमा जुन कुरो आइरहेको छ, हामीले प्रष्ट रूपमा त्यो कुरा बुझ्न पाइरहेका छैनौं । यदि त्यस्तो कुरा हो भने, सभामुख महोदयमार्फत् म अनुरोध गर्न चाहन्छु, यदि आफ्नो संलग्नता छ भने मन्त्री

भै सकेपछि, त्यस्तो कामहरू, ठेक्कापट्टाहरूमा संलग्न हुनुहुँदैन । किनकी त्यो संविधानले पनि, कानूनले पनि भनेको कुरामा सोच्नुपर्दछ । किनकी कान्तिपुरले सम्पादकीय नै लेखिदियो, दिनका दिन, अस्ति पनि न्यूज आयो, आज पनि न्यूज आउन थाल्यो, त्यो एउटा भौतिक मन्त्रीको मात्र होइन, सिङ्गो सरकारको हुन आउँछ, सिङ्गो सदनको कुरा हुन आउँछ । त्यो कुराहरू के हो, वास्तवमा हिजो अस्ति आइसकेपछि, मलाई विशेष समयमा उहाँलाई यसको बारेमा भन्न सदनमा समय दिनुपर्दथ्यो भन्ने मलाई लागेको छ ।सायद हामी सबैको कमि कमजोरी भयो होला किनभने यस्तो कुराले एउटा कुन प्रदेशको मन्त्री हो भनेर बाहिरबाट आउँछ, कर्णाली प्रदेशको भनिसके पछि, हामी सबै जोडिन्छौ । कसैले कसैसँग हाँस्नुपर्ने कुराहरू छैन । जस्तै कर्णाली रारा महोत्सवको कुरा हिजो मात्रै सुनिदैछ, कि अब त्यहाँ गएर धेरै जाँड रक्सी खाएर, कसका मेयरका टाउकै फुटे भन्ने न्यूज पनि आइरहेको छ । त्यहाँ कस्तो विषयहरू पनि आइरहेको छ भने, त्यहाँका होटलहरू आजसम्म पनि हामीले खाना खुवाएको पाएका छैनौं, त्यसले गर्दा पनि सकारात्मक कुराको सूचना प्रवाह हुन सक्दैन । सकारात्मक कुराहरू बाहिर जाँदैन, अनि कैयौं कुरामा सरकार पनि मौन रह्यौं, हामी संसद पनि मौन रह्यौं, कैयौं कुरा हामीले थाहा पनि पाएनौ जस्तो लाग्दछ । सरकारले थाहा पाउनुपर्ने कुरा हुन् । आज जल तथा मौसम विज्ञान कार्यालय, क्षेत्रीय कार्यालय रहेछ, जसले यो कुरा पहाडी इलाकालाई, हुम्ला जस्तो, डोल्पा जस्तो ठाउँहरूमा पनि यसले जुन मौसम विज्ञानको कुराहरू, हावापानीको कुराहरू दिन्थ्यो, यो कार्यालय पनि कोहलपुरमा सर्यो भन्ने सुन्दैछु । सायद सरकारले यो कुरा हामीलाई भन्नुपर्दथ्यो, सदनमा ल्याउनुपर्दथ्यो र मैले सुन्दैछु, प्रहरीको तालिम केन्द्र पनि हामी अर्को ठाउँमा सार्दैछौं, भन्ने कुराहरू आइरहेका छन् । जब हामीले यसलाई राजधानी बनाइसकेपछि, यी सम्बद्ध कुराहरू राजधानी भएको जिल्लामा हुनुपर्दछ भन्ने कुरा हो, मलाई पनि रहर छ, प्रहरीको तालिम केन्द्र, हुम्लामा भैदियोस्, डोल्पामा भैदियोस्, जुम्लामा भैदियोस्, मलाई पनि रहर छ । एउटा मन्त्रालय हुम्ला मै भैदियोस्, १० वटा मन्त्रालय १० वटा जिल्लामा भैदियोस्, पटक्कै मन्त्रालय नभएपनि सहायक मन्त्री बस्ने घुम्ती मन्त्रालय भैदियोस् भन्ने कुरा छ, यो कुरामा पनि तपाईं हामीले सोच्नुपर्दछ जस्तो मलाई लाग्दछ । आजसम्म हामीले कर्मचारीको व्यवस्थापन गर्न सकेका छैनौं, आजसम्म सदन चलाउनका लागि मैले देख्दछु, मैले हेरिरहेको हुन्छु, कार्यालय सहयोगी नपाउने अवस्था र सभामुख आफै दौड्नुपर्ने अवस्था छ । मुख्यमन्त्री आफै दौड्नुपर्ने, मन्त्रीहरू पनि त्यसरी दौड्नुपर्ने अवस्था छ, त्यसकालागि पनि हामीले राम्रो होमवर्क गरेनौ कि भन्ने लागिरहेको छ । हामीले समितिका बैठकहरू पनि प्रभावकारी ढङ्गले अगाडि बढाउन सकिरहेका छैनौं । समितिका सचिवहरूमा पनि अनुभवको कमि छ, जुन अनुभवका कमिका कारणले गर्दा पनि त्यो समितिहरू आजसम्म राम्रोसँग चल्न सकेका छैनन् । समितिमा पनि हामीले के गर्न थाल्यौं भने बोलाएर रोक्ने त्यसपछि हामीले सूचना प्रवाह नगर्ने, किनकी समितिलाई मिनि पार्लियामेन्ट भनिन्छ

सभामुख महोदय, ती मिनि-पार्लियामेन्टले सबैलाई सशक्त बनाउने हो । अब मैले आज भन्नै पर्ने भो, कतै एकजना मन्त्री बाहेक अरू मन्त्रीज्यूहरू यहाँ नबसेको भए राम्रो हुन्थ्यो कि भन्ने मलाई लाग्यो । आज हाम्रो समापनको दिन, आज हामीले गरेका, यो अधिवेशन भरि कुराहरू गर्यौं, केके कुराहरू हाम्रा कमजोरी हुन गए, सिङ्गो सरकार बस्नुपर्दथ्यो जस्तो लाग्यो । मैले आज सरसर्ती हेर्दा ४ जना मन्त्रीज्यूहरू देखेको छु, अरूको पनि काम थियो होला । त्यसमा के देखियो भने सदन भनेको केही पनि होइन, संसद भनेको केही पनि होइन, मन्त्री भैसकेपछि आफ्नो काममा कुनै पनि व्यवस्था छ भने पनि मेरो विचारमा के लाग्दछ भने, सभामुख महोदय, त्यो कुरा सभामुखलाई पनि थाहा हुनुपर्दछ, मन्त्री कहाँ गएका छन् ? मुख्यमन्त्री कहाँ गएका छन् ? एकदम महत्वपूर्ण कुरा हो, के कमि रहे ? के कमजोरी रहे ? त्यसलाई कसरी सुधार्न सकिन्छ भन्ने कुरामा यसले पनि के देखाउँछ भने यो कतै हिजोका गाउँ विकास समितिका परिषद् जस्तो हो कि, हिजो जिल्ला विकास समितिको परिषद् जस्तो हो कि भन्ने कुरा पनि यस्तै घटनाहरूले देखाइरहेको छ । आज पनि हामीले सदनमा मानिसहरूको कारणले गर्दाखेरी, कर्मचारीको कमिको कारणले गर्दाखेरी, हाम्रो व्यवस्थापन, हाम्रो नियमावलीमा लेखिएको छ कि, हामीले कार्यसूचि दिँदा सकभर १ दिन अगाडि दिनुपर्दछ, पटकै भएन भने पनि जुन दिनमा हाउस बस्ने हो त्यसको कम्तीमा पनि १ घण्टा अगाडि होइन भने जुन बेला ३ बजे तोकिएको छ, अथवा १ बजे तोकिएको छ भने कम्तीमा १ घण्टा अगाडि, हामीलाई दिनुपर्दछ । त्यो पनि हाम्रो कमि रहेको छ, अनुभवको पनि कमि भयो, कर्मचारीको पनि कमि भयो, त्यसमा पनि सरकार एकदम जागरुक रूपले अगाडि लागेको देखिएन, कता कता अलमलिरहेको जस्तो गरी हामी हाम्रो बजेटको व्यवस्थापन गर्न सकिरहेका छैनौं । हामीले यो बजेटको प्रवाह कसरी गर्छौं ? बजेटको खर्च कसरी हुन्छ ? हाम्रो संयन्त्रहरू के छन् ? बजेटको खर्च कसरी हुन्छ ? हाम्रो संयन्त्रहरू के छन् ? हामीहरू कसरी अगाडि बढ्ने हो ? त्यसको पनि, त्यो खालको छलफल पनि भएको देखिँदैन । आफ्नो आफ्नो मन ढङ्गले चाहिँ अगाडि बढिरहेको, दौडिरहेको जुन अवस्थाहरू यहाँ देखियो र यहाँको जुन विकासको लागि पनि जुन द्रुतगत गतिले हामीले परिकल्पना गरेको, हिजोको जुन यथास्थितिमा जाने हो भने यहाँको विकास हुन सक्दैन । हामीले त साँच्चै फड्को नै मार्नुपर्ने थियो, नयाँ युगको सुरूवात भयो भनेर भन्यौं तर हाम्रो काम गर्ने शैली पूरानो युगभन्दा पनि ढुङ्गे युग तिर फर्केको अवस्था देखिन्छ । यसलाई अब आउने अधिवेशनमा सुझाव गर्दै र नियम सङ्गत, कानून सम्वत् ढङ्गले अगाडि बढ्ने र त्यसै गरी जाने कुरा गर्यौं र सार्वभौम सत्ता सम्पन्न सदनलाई साँच्चै एउटा आमाको रूपमा सदन हो भन्ने कुरामा चाहिँ सरकारले पनि सोच्ने हो भने पक्कै पनि यसको मर्यादा बढ्ने छ, यो प्रदेशको विकास हुनेछ, यो प्रदेशको विकास गर्नका लागि यो प्रदेशको मर्यादा बढाउनका लागि जहिले पनि प्रतिपक्ष दल यहाँहरूको साथमा छ । मेलमिलाप र एकता विना हाम्रो विकास हुन सक्दैन र कमि कमजोरीलाई यहाँहरूले आफूले आत्मसाथ गरेर अगाडि बढ्ने

परिवेश आयो भने पक्कै पनि यो हाम्रो प्रदेशको भविष्य उज्वल छ, सपना देखेका छौं भनेर मुखले फकालेर मात्रै यहाँको विकास हुनसक्दैन । त्यसैले सरकारले पनि जुन हिजो अस्ति बाट एउटा महसुसको रूपमा लिएको छ, कुनैपनि संसद, यो हाम्रो ४० जना संसद हाम्रा सम्पति हुन्, हाम्रा साथी भाइ हुन्, हामी सबै एक हौं र हामीले सबैलाई सम्मान पूर्ण ढङ्गले अगाडि बढ्नुपर्दछ भन्ने कुरा सरकारले सोच्यो भने यहाँको विकासको गति पनि अर्कै ढङ्गले अगाडि जान्छ । तर होइन, यो त अलिकति फरक हो, यो अर्को पक्षको हो, यसलाई मैले गर्नुहुन्न, यही मौकामा मैले केही गरिहाल्नु पर्दछ भन्ने सोचाइमा गयो भने कर्णाली प्रदेश हामीले जति यसलाई समृद्धि बनाउँन सक्यौ भने पनि हामी अगाडि बढ्न सक्दैनौ । अर्को कुरा फेरी पनि म भन्न चाहन्छु सभामुख महोदय, कर्मचारीहरूको विषयले गर्दाखेरी आज हाम्रा कामहरू राम्रा भएका छैनन्, भन्ने कुरा पनि आएका छन् । अहिले यहाँ डिभिजन कार्यालयहरू खोलिएका छन्, यहाँ सबै सरकारका मान्छेहरू हुनुहुन्छ, अस्थायी व्यवस्था होला, मैले खुलस्त गर्दाखेरी मिलाउनु पर्दथ्यो नी । खानेपानीका योजनाहरू १ लाखका, ५० हजारका, ३ लाखका छन्, ३ वटा डिभिजन बनाइएको छ, जुम्ला बनाइएको छ, सुर्खेत बनाइएको छ, पश्चिम रूकुममा बनाइएको छ, अनि जुम्लाले हेर्ने के भन्यो भने, जुम्ला मुगु र हुम्ला भन्यो, सरकारका मन्त्रीहरू त सबै यहाँकै हुनुहुन्थ्यो नी, पहिला पहिला केन्द्रमा जाँदाखेरी हुम्ला, जुम्ला जोडिएको भन्ने सम्झिन्थ्यो, आज जुम्लाबाट हुम्ला जाँदाखेरी ८ दिन लाग्दछ, मोटर बाटो जोडिएको छैन । कमसेकम बरू अहिले त्यो हुम्लामा राख्न नसकेको खण्डमा पनि, डोल्पामा नै राख्न नसकेपनि, यी दुईवटा जिल्लालाई त सुर्खेतबाट नै हेर्नुपर्दछ नी । जुम्लाको प्राविधिक हुम्ला जानुपर्यो भने, जुम्लाबाट नेपालगंज वा सुर्खेत आउनुपर्यो अनि त्यसपछि प्लेन चढेर जानुपर्यो । अनि हुम्लाको उपभोक्ता समितिको मान्छे सही गर्नका लागि हुम्लाबाट नेपालगंज झर्नु पर्यो अनि जुम्ला जानुपर्यो, १ लाखले के काम हुने हो । यी कुरा त मन्त्रीज्यूहरू कोही अमेरिका र बेलायत त जन्मेर आउनु भएको त थिएन, मन्त्रीज्यूहरू झापा र काँकडभिट्टा जन्मिनुभएको त थिएन, आफ्नो ठाउँको कुरालाई पनि समयमा गरिदिएको भए, यी अब आउने दिनहरूमा कमिकमजोरी नहोस्, गल्ती नहोस् र सधैं हामीले जुन मुखले भन्दछौं, त्यही हृदयमा राखेर गरौं, शिरमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमान्दारी राखेर सरकार बढोस्, सदन पनि त्यसै ढङ्गले बढ्ने छ, ल मैले फेरी पनि यसलाई नै जोड दिएर भन्न चाहें, एकता र मेलमिलापबाट मात्रै हाम्रो प्रदेशको प्रगति हुन्छ, उन्नति हुन्छ र अगाडि बढ्छ यही शुभकामना व्यक्त गर्दै अब आउने नयाँ हिउँदे अधिवेशनमा यी कमि कमजोरीलाई हटाएर राम्रोसँगले, हाम्रो प्रदेशको सदन चल्नेछ र त्यसरी नै सरकार चल्ने छ भन्ने शुभकामना व्यक्त गर्दै यही कुराहरू हाम्रो पशुपतिनाथ, कैलाशनाथ र काँक्रिविहारले सद् बुद्धि सबैमा ल्यायोस् भन्ने कुराको प्राथना गर्दै म यहाँहरूबाट विदा हुन्छु, धन्यवाद ! जय नेपाल !

**माननीय सभामुखः**-अब माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, आज हामी दोस्रो अधिवेशनको समापनको संघारमा नयाँ स्थानमा पहिलो चोटी आफ्ना केही भनाइहरू राख्न उपस्थित छौं । सदन चलेर आज हामी समापनको बिन्दुमा छौं, समिक्षात्मक हिसाबले आफ्ना केही भनाइहरू, अनुभूतिहरू राख्ने कुरा होला भन्ने मैले बुझेको छु । तर मैले यो कार्यक्रम थाहा पाउनुभन्दा अगाडि नै भिन्दै सन्दर्भमा आफ्ना भनाइहरू राख्ने कुरा पनि मैले गरेको थिएँ । किनकी केही कुराहरू सदनभित्र, सदन बाहिर उठिरहेका छन् । आफू पनि त्यसमा सामेल भैसकेपछि त्यसका बारेमा बाहिर भन्नुभन्दा सम्मानित सदनमा माननीय सभामुख महोदयमार्फत् भन्नु मैले आफ्नो कर्तव्य ठानेको छु । तर फेरी म अधिवेशनको समापनको पूर्व सन्ध्याको सन्दर्भमा बोलाइएको वक्ताको रूपमा उपस्थित छु । यस अवस्थामा मेरा केही अनुभूति सकारात्मक उद्देश्यका साथ म तपाईंहरूको बीचमा राख्न चाहन्छु । यो नयाँ संरचना हो, नयाँ संरचनाका हामी नयाँ सदस्यहरू छौं, हामीले नयाँ अभ्यास गर्दै छौं, नयाँ अभ्यास गर्दा केही सिकिएको हुन्छ, केही जानिएको हुन्छ, केही व्यवहार र अनुभवका आधारमा सिक्दै जानु पर्ने एउटा अवस्था रहन्छ, जस्तो मलाई लाग्दछ । त्यसो हो भने यो अधिवेशन सरकारले बोलाउँछ, यो अधिवेशन सरकारको चिठी नआउँदासम्म सूचना टाँसेर रोक्न सक्छ, आफै बन्द हुँदैन । त्यसो हो भने आफैले चिठी लेखेको ठाउँमा चिठी लेख्ने मान्छे आफै अनुपस्थित हुने गरी यो मिति किन तय गरिएको होला । यसो बुझ्दा सदन चलाउन सरकारको एक जना मन्त्री चाहिँन्छ, सदनभित्र एउटा मन्त्रीलाई सरकारको रूपमा बुझ्न सकिदैन, सदनभित्र उ त सम्बन्धित मन्त्रालयको मन्त्री मात्र हो । सरकारको बारेमा बुझाउन सरकारकै तहको मान्छेको उपस्थिति र जरूरी अनुभूति गर्ने कुरालाई हामीले हेक्का राखेनौ भने यो हुन्छ, बैठक चलिरहन्छ, बैठक चलाउने, खोल्ने र बन्द गर्ने मान्छे, अन्त्यै गइरहने परिस्थिति निर्माण भयो भने यो सदनको मर्यादा कस्ले निर्माण गर्ने हो । त्यसकारणले म फेरी पनि भन्न चाहन्छु, सकारात्मक सोचका साथ, जसले सदन बोलाउँछ, सरकारले बोलाउँछ, सरकारको चिठी नआउँदासम्म सुरू हुँदैन, सरकारको चिठी नआउँदासम्म बन्द हुँदैन । सरकारको चिठी लेख्ने मान्छे, आफैले लेखेको मितिमा अनुपस्थित हुन्छ भने अरू उपस्थित हुने कुरा कसरी गम्भीरता पूर्वक बुझ्न सकिन्छ । हुनु त कहिले काँही हेर्दा मन्त्री नै आफूलाई सरकार हो कि ठान्ने गरी साथीहरूले बोल्दा राम्रै लाग्छ मलाई पनि । किनकी सबै त्यो तहमा पुगिसक्नु भयो कि जस्तो अनुभूति हुन्छ, तर त्यस्तो होइन है साथी हो । सदनभित्र तपाईं विभागीय मन्त्री हो, सधैं भरि प्रमुख चाँहिदैन, तर खास खास अवस्थामा चाहिँने कुराको महत्व सम्बन्धित मान्छेले बुझ्नु पर्ने, बुझाउनु पर्ने, उपस्थित जाहेर गर्नुपर्ने जरूरी र आवश्यकताका आधारबाट आगामी दिनमा ख्याल राख्न जरूरी हुन्छ, म यो राख्न चाहन्छु ।

नम्बर २, यो सदन प्रभावकारी बनाउने वा काम दिने वा नदिने कुरा सरकारको कुरा हो । तर यहाँ के बुझाइ देखिन्छ भने सरकारको काम आफ्नो हो, गरिरहेको छ, माननीय

सदस्यहरूले मिलेर बैठक गरे भै हाल्यो नी भन्ने बुझाइ राख्नु भयो भने त्यो गाउँ परिषद्मा परिणत हुन्छ, त्यो जिल्ला विकास समितिको जिल्ला परिषद्मा परिणत हुन्छ, त्यो संसदको रूपमा परिणत गर्न र तहकिकात गर्न सकिदैन । त्यसो हो भने समयलाई पनि सुरू गर्दा जति हामीले काम गरेका छौं, एक महिनामा ढेड महिनामा सकिसक्नु पर्ने हो तर हामीले समय कसरी बितायौं, लामो समय सूचनाबाट स्थगित भएर, सदन स्थगित गर्नुपर्ने स्थिति आयो । आगामी दिनमा सदनको कामलाई चुस्तदुरूस्त बनाउन कहिले सकिन्छ, जतिबेला सकिन्छ, त्यतिबेला सदन बोलाउने, न कि काम आउँदै गर्ला भनेर सूचना टाँस गरेर संसद चलाउने कुरा गर्नुभयो भने संसदका सदस्यहरूको यसमा सक्रियता, सहभागिता र जनताको आकर्षणमा कमि आउने परिस्थिति निर्माण हुन्छ, म यो कुरा राख्न चाहन्छु । कि आगामी दिनमा जहिले चाहिँन्छ, त्यो समयमा गर्न सकिन्छ, तर समयलाई ख्याल नगरीकन आफ्नो व्यस्तताका नाममा संसदलाई सूचनामा आधारित गरेर गर्ने कुरा गरियो भने यो संसदको गरिमा र यो संसदको आवश्यकतालाई कसरी प्रभावकारी बनाउन सकिन्छ, आज हामी छलफल गर्नुपर्ने हुन्छ, समापनको सन्दर्भमा यी दुई कुरा राख्दै, केही कुरा सदनका बारेमा, सरकारका बारेमा, दलका बारेमा, निर्णयका बारेमा, स्वंयम सम्बन्धित व्यक्तिका कुरा उठिरहेका छन्, म धेरै समय लिन त चाहन्न तर म संक्षिप्तमा म केही कुरामा ध्यानाकर्षण गराउन चाहन्छु ।

मैले फेरी पनि भने, संघीय अभ्यासमा, हामी नयाँ संरचनाका नयाँ सदस्य हौं । संघीय सरकारको नाम परिवर्तन भयो तर अभ्यास गरी रहेको निरन्तर संस्था हो । हामीभन्दा तल ८७ वटा सरकार छन्, कर्णाली प्रदेशमा तिनको नामाकरण गरिएको हो, तर निरन्तर चलिरहेको संस्था हो, आगामी दिनमा पनि तिनले गरेको कमि कमजोरीका आधारबाट व्यक्ति र पात्र परिवर्तन हुन सक्छौं, तर संघीय सरकार वा केन्द्रीय तहको र स्थानीय तहको संरचना तितरवितर हुन्छ, मलाई त्यस्तो लाग्दैन । तर खासगरी नयाँ संरचनाको जो सदस्य साथीहरू छौं, जो नयाँ संरचनामा हामी सामेल भएका छौं, समय बित्दै जाँदा तपाईं हामी रहेको संस्थाको बारेमा सार्वजनिक प्रश्न उठ्ने क्रम देशव्यापी रूपमा सुरू भएको छ । यसको जरूरत छ कि छैन, यसको आवश्यकता छ कि छैन, यसको प्रभावकारिता छ कि छैन, यस्तो बहस उठिरहेको बेला, त्यस बहसबाट कर्णाली प्रदेश पनि अछुतो रहन्छ मलाई त्यस्तो लाग्दैन । त्यसो हो भने म अनुरोध र आग्रह गर्न चाहन्छु, साथी हो । यसको संस्थाको, कर्णाली प्रदेशभित्र कार्यकारी अधिकार प्राप्त गरेको सरकार छ, व्यवस्थापिका संसद गरेको हामी रहेको संसदको बैठक अहिले चलिरहेको छ भने यसका आफ्ना मान्यताहरू छन्, यसका आफ्ना सीमाहरू छन्, यसका आफ्ना परम्पराहरू छन्, यसलाई निर्देशित गर्नका निम्ति संविधान छ, कानून छ, हामीले बनाएको नियमावली छ, तर हामीले गरेको नियमावली अन्तर्गत जे दिनचर्या निर्माण गर्दछौं, त्यसलाई पनि आगामी संसदमा अर्को पटक चलनचल्तीका आधारबाट कानूनका आधारबाट स्वीकार गर्ने चलन छ । हाम्रो त पहिलो अनुभव छ, तर अनुभव हेर्यो भने,

केन्द्रीय संसदको अनुभव लिनुपर्ने अवस्था रहन सक्ला । दलीय हिसाबले हामी सामेल भएको नेता तथा कार्यकर्ता हौंला तर जिम्मेवारीका हिसाबले तपाईं कार्यकारी प्रमुखमा हुनुहुन्छ, व्यवस्थापिकाको प्रमुखमा हुनुहुन्छ, यसको पहिलो पात्र मात्रै होइन, तपाईं कस्तो प्रचलन चलाउनुहुन्छ, त्यस पछिकाले त्यसमाथि टेकेर जाने कुरा भयो भने समयको बर्बादी हुँदैन, अन्यथा रीति तिथी राम्रो बसाल्न सकिएन भने यही संस्था प्रति प्रश्न उठ्न सक्छ है साथी हो । त्यसकारणले म सबैलाई के अनुरोध र आग्रह गर्न चाहन्छु भने यसका आफ्ना निश्चित मर्यादाहरू छन्, संसदमा पनि छन् र हामी धेरैलाई मन पनि परेको छैन, औपचारिकता निर्वाह गरिरहेका छौं, सुरक्षाकर्मी साथीहरू दौरासुरूवालमा आउनु भएको छ, जसलाई हामीले मर्यादापालक भन्छौ, यहाँ बस्ने त्यहाँ बस्ने भन्ने नियमको पालना गरिरहेको अवस्था छ भने यसका आफ्ना सीमा र दायराहरू छन्, तर दलीय व्यवस्था छ । संसदभित्रको उत्तिकै महत्वपूर्ण हुन्छ तर कानून र संविधानले पर्दा व्यक्तिलाई पछि चिन्छ र संसदले पहिला दल चिन्छ, दलका आधारबाट छलफल र कुराकानी हुन्छ, नभए गाउँसभामा परिणत हुन्छ । त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु, कम्यूनिष्ट पाटीको दुई तिहाई छ तर कम्यूनिष्ट पाटीको सर्वोच्चताको विधिमा हामी छैनौं, हामी संविधानको सर्वोच्चताको विधिमा छौं, हामी सम्बन्धित तहको संसदको सर्वोच्चताको विधिमा छौं, हामी कम्यूनिष्ट पाटीको कमिटि र पाटीको सर्वोच्चताको विधिमा छैनौं । हामी सबैले जान्न र बुझ्न पर्ने कुरा हो भने त्यसलाई ख्याल गरेर अगाडि बढ्न सकिएन भने हामीले हाम्रो संस्थाको मर्यादालाई अगाडि बढाउन सकिदैन । त्यो संस्थाको मर्यादालाई ख्याल गर्ने, खबरदारी गर्ने काम सम्बन्धित तहको जिम्मेवारी बोक्नुभएको साथीहरूकै हो, माननीय सदस्यहरूको सहयोग र समर्थन रहन्छ, त्यसकारणले म त्यतापट्टी गम्भीरता पूर्वक ध्यानाकर्षण गर्न चाहन्छु । हो हामीसँग कर्मचारी छैन, हामीसँग प्रशासनीक अनुभव भएका साथीहरू, सरकार र संसद चलाउने ठाउँमा सहयोगीको रूपमा जिम्मेवारी पदमा रहनुभएको अवस्था रहेको छ, त्यसलाई हामीले बुझ्न सक्छौं तर सधैं भरि त्यसलाई बुझेका आधारबाट व्यवहारका नाममा हामीहरू अगाडि बढ्न सक्दैनौ । व्यवहारमा एकदम लचिलो बनौं, तर हामीले व्यवहारमा निकालेको निष्कर्ष प्रक्रियामा मिल्छ कि मिल्दैन, कानूनमा मिल्छ कि मिल्दैन, निर्णयमा मिल्छ कि मिल्दैन भन्ने कुरालाई हेक्का नराखीकन व्यवहारमा मिलाउने नाममा, प्रक्रिया मिच्ने कुरा गर्यौं भने संसद र सरकार प्रभावकारी ढङ्गले चल्छ चल्दैन गम्भीरता पूर्वक छलफल गर्नपर्ने परिस्थिति म त्यस्तो देख्दछु । त्यसकारणले म सबैलाई अनुरोध गर्न चाहन्छु, हामी त्यस्ता सदस्य हौं, कि हामी रहेकै संस्था प्रदेश तहको सरकार, संसद र प्रदेश तहकै संरचना ठीक कि बेठीक भन्ने बहस चलिरहेकै बेला, अरूले त भन्लान तर सम्बन्धित तहका सरकारमा रहेका, संसदमा रहेका, हामी सबै माननीय सदस्यहरूले पनि त्यही भाका मिलाउन थालियो भने हाम्रो संस्थाको र हाम्रो संरचनाको कसले जगेर्ना गर्दिन्छ, यो गम्भीरता पूर्वक सोच्नुपर्ने, छलफल गर्नुपर्ने, एउटा विषयको ठाउँमा पुगेका

छौं, यसो रहँदा, यसको प्रभावकारिता फेरी पनि म भन्न चाहन्छु, निर्णय गर्ने प्रक्रिया आफ्नो छ, चल्ने आफ्नो विधि छ, तर संसदलाई प्रभावकारी बनाउने काम सरकारको नै हो । हो हाम्रो माननीय सदस्यहरूको सक्रिय सहभागिता हुँदा मलाई लाग्दछ कुनै कमि छ, मलाई त्यस्तो लाग्दैन, बैठक भइरहेकै बेलामा अनुपस्थित भएको अवस्था छ, छैन, सक्रिय सहभागिता देखिन्छ, त्यसकारणले म त्यो प्रभावकारिताका साथ संसदको कामकारबाहीलाई अगाडि बढाउनका निम्ति सोच्न म गम्भीरता पूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । हामीले नै योग्यता देखाउने हो, हामीले नै क्षमता देखाउने हो, सहयोग कस-कसको लिनु पर्दछ, कहाँ लिनुपर्दछ, लिनुहोस्, तर त्यो योग्यता र क्षमता आफूले होइन, अरूमार्फत् देखाउने कुरा गर्नुभयो भने औपचारिक संस्था नाम मात्रका हुने, अन्त मान्छेको आकर्षण बढ्ने कुरा भयो भने उपदायता बढाउन सकिने अवस्था रहन सक्दैन । यस आधारबाट मलाई लाग्दछ, छलफल गर्नुपर्ने, सल्लाह गर्नुपर्ने अवस्था रहनेछ । यस आधारबाट मलाई लाग्दछ हामीले छलफल गर्ने परिपाटीलाई अगाडि बढाउनुपर्दछ जस्तो मलाई लाग्दछ ।

दोस्रो कुरा नबोली हालौं भन्ने थियो, तर बोल्न पर्ने अर्को विषय छ, त्यो संसदको काम कारबाहीसँग अभिन्न अङ्गले जोडिएको विषय छ । मैले अघि पनि भने, माननीय सदस्यहरूको महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि संसदभित्र दलीय व्यवस्थाका आधारबाट दलीय संरचना निर्माणको महत्वपूर्ण भूमिका हुन्छ, अहिले संसद बन्दा, सरकार बनाउँदाको बनावट एउटा थियो । अभिलेखमा त्यो बनायो, ज्यूँका त्यूँ छ, व्यवहारमा हामीले त्यो बनावटअनुसार परिवर्तन हुने कोशिस गर्दैछौं । त्यसबाट केही प्रश्नहरू उठिरहेका छन्, खासगरी ने.क.पा.को दलका सम्बन्धमा, यहाँ उठ्नु पनि स्वभाविक नै छ, बाहिर पनि उठिरहेको छ, यहाँभित्रकाभन्दा बाहिरका साथीहरू सक्रियता पूर्वक त्यो बहसमा उत्रिनुभएको पनि मैले देखें, यसो बुझें, सक्रियता पूर्वक बहसमा भाग लिनुपर्ने यहाँ हामी छदैछौं । आजसम्म औपचारिक रूपमा कहींकतै छलफल भएको छैन, सामाजिक संजाल र पत्रपत्रिकामा धेरै बैठक भए जस्तो समाचार सम्प्रेषण हुँदा मलाई पनि अच्चम लागिरहेको छ, तर म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु, कि अभिलेखका हिसाबले आजसम्म, हामीले नेकपाको अभिलेख यो संसदसम्म बुझाउन सकिरहेका छैनौं । हिजो एउटा दलको नेताका हिसाबले आज नेकपाका एउटा नेता तथा कार्यकर्ताको हिसाबले त्यसलाई मैले जिम्मेवारी पूर्वक नै लिनुपर्दछ र लिएको छु, तर नभएको यथार्थतालाई स्वीकार गरेर जानुपर्ने अवस्था रहन्छ । यद्यपी त्यो पाटीको दलको आन्तरिक मामिला हो, तर त्यसमा सबै सामेल भैदिनु भएको छ, गरौं के, सबै सामेल भएको हुँदा, सबैले त्यसमा छलफल गरेको हुँदा थिती र विधिका बारेमा मात्रै बताउन चाहन्छु, गर्ने के हो, त्यो गर्ने ठाउँमा छलफल गरौंला, तर म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु कि अभिलेखका हिसाबले हामीले नेकपाको दलका रूपमा विधिवत रूपान्तरण गर्न सकिरहेका छैनौं । अनौपचारिक हाम्रा छलफल र कुराकानी भएको सबै माननीय सदस्यहरू सामेल

भएर बैठक बसेको सबैमा जानकारी भएकै एउटा अवस्था छ । फेरी पनि म भन्न चाहन्छु, त्यसैबाट आफ्नो भूमिकालाई कमजोर गर्ने छ भने त ठिकै छ, गर्दा राम्रो हुन्थ्यो, तर नगर्दा पुरै संसदको कामकारबाही रोकिएको छ, रोकिने गरी प्रचार गर्नुले अन्यथा हुन्छ है । हुँदा राम्रो हुन्थ्यो, स्थायी हुन्थ्यो, सुनिश्चितताका साथ अगाडि बढ्न सकिन्थ्यो तर संसदको कामकारबाही यही कारणले नै खत्तम भएको तहको निष्कर्ष निकाल्ने कुरा अलि तथ्यमा आधारित हुँदैन कि, त्यो हामी स्वभाविक रूपले सबै काम कारबाहीमा सामेल भएको अवस्था छ । गर्दा के गर्छौं, छलफल चलाउन बाँकी छ, हाम्रो कुनै अभ्यास छैन, तर हामी सबैले संसदीय अभ्यास हेर्दा, हिजोको संघीय केन्द्रीय संसदलाई हेर्ने चलन छ । हाम्रो अभ्यास छैन, हामी के गर्दछौं, छलफल गर्न बाँकी छ । यहाँको सन्दर्भमा भन्दिन्, तर म तपाईंहरूलाई भन्न चाहन्छु, हिजोको संरचना हुँदा १३ सिट ल्याएको दललाई २० सिट ल्याएको दलले समर्थन गरेर बनेको सरकार थियो, आज हामी १३ र २० एकै ठाउँमा भएर ३३ जना एउटै पाटीमा एउटै संस्थामा रुपान्तरित भएका छौं । यसो हुँदा ३३ माननीय सदस्यहरूको बीचबाट केन्द्रीय नेताहरूको पहलकदमीको आधारबाट टुङ्गो लगाउनुपर्ने गरी त्यो छलफल चलाउनुपर्ने विषय हो, तर ३३ मध्ये जो पनि संसदीय दलको नेता हुँदा मुख्यमन्त्री परिवर्तन हुँदैन । पाटीले अर्को निर्णय नगर्दासम्म हाम्रो दल एउटा वा दुईवटाबाट एउटा बन्दा सरकारको गठन प्रक्रिया परिवर्तन हुँदैन, संघीय अभ्यासलाई हेर्नुहुन्छ भने चाहे त्यो पूर्व एमालेमा होस्, चाहे त्यो पूर्व माओवादी केन्द्रमा होस्, चाहे त्यो पूर्व नेपाली कांग्रेसमा होस्, दल र प्रधानमन्त्रीका आ-आफ्ना अभ्यास भएर हामी हेर्न सक्छौं । यहाँ के गर्ने हो छलफल गर्न बाँकी छ, तर छलफल सुरू भएको छैन, तर्क र निष्कर्ष निकालेर धारणा बनाउने कुरा अलि हतार हुन्छ कि यति मात्रै तपाईंहरूको बीचमा राख्न खोजेको कुरा मात्रै हो । आज जो कोही ३३ मध्ये २ जना सभामुख र उपसभामुख हुनुहुन्छ, मैले त संख्या आफैले सच्याउनु पर्ने होला, बाँकी रहेका हामी माननीय सदस्यहरूका बीचमा हामी छलफल गर्नुपर्ने हाम्रो विषय हो, हामी त्यसलाई समयमा टुङ्ग्याउँछौं, टुङ्गिन्छ, त्यो आधारबाट हामीले बुझ्नुपर्दछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । यस आधारबाट हामी अगाडि बढ्छौं, तर यही नटुङ्गिदा संसदको काम कारबाही कहींकतै रोक्किएको छ कि भन्ने अर्थबाट बुझ्ने र त्यसैलाई नै कुरा गर्नुभयो भने त्यसभित्र पक्कै पनि केही कुरा छ भन्ने कुरा बुझ्नु पर्दछ हैन भने हामीले सौहार्द ढङ्गबाट काम कारबाहीलाई अगाडि बढाएको अवस्था हो भन्ने कुरा म तपाईंहरूका बीचमा राख्न चाहन्छु । बहुचर्चित भयो बजेट र कार्यक्रम, म धेरै भन्न चाहन्न, बजेट नीति कार्यक्रम आउँछ, बजेट वक्तव्य आउँछ, कार्यक्रम आउँछ, एकआपसमा जोडिएका कुरा हुन्छन्, म यति मात्रै कुरा राख्न चाहन्छु, सङ्गती मिलाउनु पर्ने कुरामा ध्यान दिनुपर्ने हो । के बुझ्नु भएन भने यहाँ भन्दै गर्ने, उता जे लेख्दै गर्ने कुरा गर्नुभयो भने, हुनु त अनुभवी साथीहरू नै मन्त्री हुनुहुन्थ्यो, आज संजोकले अर्थमन्त्रीज्यू देखिनु हुन्न, अन्तै योभन्दा महत्वपूर्ण कार्यक्रम मुख्यमन्त्री, अर्थमन्त्री र कृषिमन्त्रीको भएको होला, त्यसरी नै ठानौ, हामी

त्यस्ता संसदका सदस्य साथीहरू भइयो अब । उहाँ अर्थ समिति पनि चलाएको, हामीलाई अभ्यास छ, हिसाब किताब नमिल्दा संसद अवरूद्ध भएर, हिसाब किताब मिलाएर संसद चलेको केन्द्रीय अभ्यासको सहभागी सदस्य साथी हो हाम्रो प्रदेशको अर्थमन्त्री, त्यति महत्व राख्दछ, त्यति ल्याकत राख्दछ संसदले, तर सबै माननीय सदस्यहरूले भनिसक्नु भएको छ, म दोहर्याउन चाहन्न, विसङ्गतीपूर्णलाई आगामी दिनमा सङ्गती पूर्ण कसरी बनाउने हो भन्ने कुरा गरौं भन्ने लाग्दछ, म यति मात्रै यसमा राख्न चाहन्छु ।

अब विनियोजनको कुरा गर्नुहुन्छ भने, हामी प्रदेशको संरचनामा गयौं, राजधानी र प्रदेशको नामाकरण गयौं । मैले बुझेंको थिएँ, मलाई त कस्तो लाग्दछ, आज पनि म तपाईंहरूको बीचमा भन्न चाहन्छु, पहिला त आफ्नै तहको संरचना निर्माण गर्ने होला भन्ने ठानेको थिएँ, किनकी यो प्रदेश सरकार हो, प्रदेश तहको संसद हो, यसका संरचना निर्माण गर्दा संजोगले हामीले तोकेको राजधानी मैले नै प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्र पर्नु अलग कुरा हो, तर प्रदेश तहकै संरचना निर्माण गर्नका निम्ति प्राथमिकताका साथ जाने होला भन्ने लागेको थियो ।भन्दा त माननीय सदस्यहरूलाई लाग्न सक्छ, बजेट त परेकै छ नी धेरै, त्यही भएर राखिदिया होला भन्ने साथीहरूको भनाइ छ, म त्यसप्रति अहिले टिप्पणी गर्न चाहन्न तर मेरो अनुभूति भन्नुहुन्छ भने, जुन प्राथमिकताका साथ, कानूनमा प्राथमिकता, संरचनामा प्राथमिकता बन्दा यहाँ बजेट स्वत पर्ने परिस्थिति थियो, त्यसअनुसार अरू जिल्लाको तुलनामा धेरै पर्दापनि त्यो आवश्यकतालाई मिट गर्ने गरी बजेट विनियोजन गर्नुभएकै छैन । हरेक अङ्क हेर्दा, शीर्षक हेर्दा धेरै छ, म त्यसलाई अन्यथा मान्दिन । यस आधारबाट सदनमा र आ-आफ्ना दलमा पर्याप्त छलफल भैसकेको अवस्था रहेछ, कति समर्थक पाउनु भयो सरकारले, सम्बन्धित सरकार र सम्बन्धित समर्थन र विरोध गर्ने माननीय सदस्यहरूले नै थाहा पाउनु हुन्छ, म भन्न चाहन्न । यसबाट पाठ सिकेर अगाडि बढ्नुपर्दछ भन्ने मलाई लाग्दछ ।

चौथो कुरा सरकार भन्ने छ, अब एउटा पत्रिकाले योजना सार्वजनिक गरेकै रहेछ, मेरो पत्रकार साथीहरूसँग भेटघाट गर्ने मौका मिलेको छैन, पत्रकार साथीहरूसँग कम भेट्ने एउटा पात्रभित्र म पर्दछु । तर म फेरी पनि भन्न चाहन्छु साथीहरू, तपाईंहरू आफैले बोलेका र गरेका काम कारबाहीबाट आफैलाई नैतिक संकट पर्ने गरी, घटनाहरू सार्वजनिक भै सकेका छन् । संघीय सरकारतर्फ बोल्नुभएको भए उहिल्यै छोड्ने र छोडाउने तहमा पुगिसक्ने स्थिति थियो, यो कर्णाली प्रदेश भएको हुँदा सबैले छुट पाइएको छ । त्यसो हो भने म अनुरोध गर्न चाहन्छु, त्यो काल्पनिक कथा लेखाउनतर्फ किन कसरत गर्ने, राम्रो काम गर्नुहोस्, आफ्नो कार्यकाल भरी, हामी सबै माननी य सदस्यहरूको सहयोगबाट चल्नसक्ने अवस्था निर्माण गरौं । फेरी पनि म दोहर्याउन चाहन्छु, फेरी पनि म भन्न चाहन्छु, कुनै दिमागको कुञ्जनमा यो माननीयको सिटबाट त्यता तिर जाने कुनै हतार मलाई छैन, मैले यसकारणले मलाई छैन भने किनकी एउटा

पात्रको रूपमा चित्रण गरेको पात्र भएको हुँदा मैले भन्नुपर्ने परिस्थिति निर्माण भयो । छैन, तर ढङ्गको काम त गर्नुपर्यो नी, कांग्रेसलाई छुट छ, माननीय जीवनबहादुर शाहीलाई भन्ने छुट छ, दुई तिहाइ प्रदेश सरकारमा नेकपाको थियो, त्यसकारणले केही भएन, त्यही भएर केही भएन, हामीलाई भोट हाल भन्ने उहाँलाई छुट छ, तर नेकपाको कुनै पनि सदस्यलाई त्यो छुट छैन, हामीले त्यो योग्यता, त्यो क्षमता यो बीचमा देखाउनै पर्ने छ । कसैको व्यक्तिगत रहर पूरा गर्ने गरी यो अवसर पूरा गर्नु हुँदैन । त्यस प्रति टिप्पणी होला, आलोचना होला, तर त्यो पनि गरिएको छैन अहिलेसम्म, टिप्पणी गरिएको छैन, आलोचना गरिएको छैन, गर्दागर्दै पनि तपाईंहरू आफै विभिन्न ठाउँमा गएर, म छोड्छु, म त दिन्छु भन्दै हिड्नेलाई के भन्ने होला । म त राजिनामा दिने भएं, म त छोड्ने भएं भन्दै हिड्नेलाई के गर्न सकिएला । त्यसो छ भने पनि छलफल चलाउं, केही कुराकानी गरौं, हामीले के सहयोग गर्दा हुने हो भने हामी सहयोग गरेर जाने अवस्था रहन्छ, यो आधारबाट, फेरी पनि म अनुरोध र आग्रह गर्न चाहन्छु कि सरकारका सन्दर्भमा फेरी पनि म दोहर्याउन चाहन्छु, आफैले, आफ्नै कारणले नैतिक संकट पर्ने गरी बोल्ने अनि अरू तिर फर्किएर उत्तर खोज्ने कुरा गर्दा गन्तव्यमा अलमलिने परिस्थिति निर्माण हुन्छ, मैले यो तपाईहरूका बीचमा भन्नुपर्ने परिस्थिति निर्माण भएको हुनाले मैले आफ्नोतर्फबाट यति कुरा तपाईहरूको बीचमा राख्न चाहन्छु । म माननीय सदस्यहरूलाई के अनुरोध गर्न चाहन्छु भने, हुने जति भैसक्यो, जहाँ भएको छ, त्यहाँको विकास निर्माण सदुपयोग हुने गरी योजना बनाउने कुरा गरौं, चाहे हुम्ला बने पनि चाहे सुर्खेत बने पनि प्रदेश नै बन्ने हो । २४ वटा निर्वाचन क्षेत्रभित्र २३ वटा निर्वाचन क्षेत्र त नेकपाले नै त जितेको छ त । कुनै कांग्रेसले वा अन्य कुनै पाटीले जितेपनि भेदभाव र पक्षपात गरौं भन्ने कुरा हुन्थ्यो होला, तर २४ वटा मध्ये २३ वटा निर्वाचन क्षेत्र नेकपाले जितेको छ, २३ सिट विकास गर्दा गर्दै २४ सिटको पनि विकास उही गतिमा जाँदा कसको भलो हुन्छ, दलीय हिसाबले पनि नेकपाको जिम्मेवारी पूरा गरेको देखिन्छ । त्यो उद्देश्यका साथ हामीले गर्नुपर्ने हो, त्यो सोच र दृष्टिकोण बनाउनुपर्ने हो, म फेरी पनि भन्न चाहन्छु, जे योजना परेका छन्, जस्ता किसिमका योजनाहरू परेका छन्, तिनलाई सहजीकरण गरेर बेलैमा कार्यान्वयन गर्ने कुरामा हाम्रो पनि सक्रिय सहभागिताका साथ लाग्न सक्यौं भने छुट्याइएको थोरै बजेट भएपनि जनताले केही राहत पाउन सक्छन्, सुविधा पाउन सक्छन् । समयमा अगाडि बढ्न सकिन्छ, त्यतापट्टी सबै माननीय सदस्यहरूको ध्यान जानेनै छ, तर म सुन्दै छु यदि त्यो साँचो हो भने, म भन्न चाहन्छु, सुझाव दिन चाहन्छु, रातो किताब बल्ल सार्वजनिक भएको छ, सम्झौता र निर्णय भएका छैनन् तर सरकार र माननीय सदस्यहरूको हवाला दिँदै कतिपय ठाउँमा काम सक्किसक्यो अरे भन्ने कुरा सुनिदैछ । यदि त्यो साँचो हो भने सरकारी निर्णय बाट उधारो खाताको भुक्तानी दिने प्रणाली हो भने मेरो भन्नु केही छैन, हैन भने होशियारीका साथ अगाडि बढ्न जरूरी र आवश्यकता मैले देखेको छु । यता रकमको व्यवस्था गर्दै गर्ने, उता तल आफ्नै नियम

कानूनअनुसार योजना कार्यान्वयन गर्ने शैली सरकारको छ, मलाई त्यस्तो त लाग्दैन, मलाई विश्वास त छैन, तर मैले विभिन्न ठाउँमा कुराकानी सुन्दा त्यो अभियान जारी छ अरे । कोही त अगाडिकै वर्ष बनिसके रे, कतिपय ठाउँमा, त्यसको भुक्तानी पाउने गरी आज हामीले भनिरहेका छौं भन्ने सुनिरहेका छौं । यदि त्यसो हो भने मलाई लाग्दछ त्यो बाटो गलत हो, त्यो बाटो बाट अगाडि बढ्न सकिने अवस्था छैन, त्यसलाई हामी सबैले करेक्शन गर्नु पर्ने, सच्याउनु पर्ने कुराका आधारबाट हामी अगाडि बढ्नु पर्ने अवस्थाबाट रहन्छ । सामान्य रूपमा काठमाण्डौमा भेला हुँदा त, यो बैठक काठमाण्डौमा नै गर्ने भन्ने सामाजिक संजालमा प्रतिक्रिया आएको हामी सबै माननीयज्यूहरूले देखेका छौं । यो पनि सुझाव सरकारलाई, यहीबाटै दिनुपर्ला जस्तो लाग्यो मलाई, हाम्रा नाममा संघीय सरकारले केही व्यवस्था गर्छ भने ठिकै छ, तर हाम्रो पहलकदमीमा, हाम्रो निर्णय र आधारबाट काठमाण्डौमा संरचना निर्माण गर्ने काम म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु, त्यो बाटोमा सरकार नहिडोस्, हाम्रा नाममा संघीय सरकारले केही गर्छ, गर्नुहोस्, तर हाम्रा सजिलाका निम्ति केही संरचना उतै निर्माण गर्ने कुरा गरियो भने हामीलाई सकारात्मक ढङ्गले हेर्छन् मलाई त्यस्तो लाग्दैन । हामी माननीय सदस्यहरूको बैठकमा आएका बेलामा सदनमा उपस्थित दिने हो, सधैं भरि उपस्थित छौं, त्यसका बाबजुद पनि हाम्रा पत्रकार साथीहरूले सबै माननीयज्यूहरू काठमाण्डौ हुनुहुन्छ भनेर लेखि दिनुहुन्छ । हाम्रो बैठक भएको बेलामा बैठकमा उपस्थित हुनेकुरा हाम्रो दायित्व र जिम्मेवारी हो, बैठक नभइरहेका बेला बैठकलाई प्रतिकुल असर नपर्ने गरी आफ्नो निर्वाचन क्षेत्र र आफ्नो व्यवहारिक काममा यता उता लाग्ने कुरा माननीयहरूको त्यो स्वभाविक कुरा हो । तर हाम्रो दिनचर्या के छभन्दाखेरी माननीय भैसकेपछि बैठक होस् वा नहोस् सधैं यहाँ भइ दिनुपर्ने, अनुपस्थित भइसकेपछि जिम्मेवारीबाट तलमाथि भएको भन्ने बुझाइको तहबाट हामीले समाचार सम्प्रेषण भएको पढिरहेका छौं । यस अर्थबाट मैले यो कुरा राख्न खोजिरहेको हुँ कि सबै कामको केन्द्र यसैलाई बनाउनुपर्यो, यसकारण हामीले संघीय संरचना बनाएको हो । मलाई जो सरकारको प्रतिनिधित्व गरिरहनु भएको साथीहरूलाई केही पनि भन्न चाहन्न, तर म फेरी पनि भन्न चाहन्छु कि आजसम्मको मात्रामा फरक होला, तलमाथि होला, सरकारको कार्यशैलीका हिसाबले, माननीय सदस्यहरूका बीचमा र यो संसदमा मितव्ययिताको कुरा गर्नु मैले उपर्युक्त ठान्दिन । म मितव्ययिताको पक्षमा हो, तर सरकारको कामकारबाही आजसम्म मैले जसरी हेरें, जसरी नियालें, जसरी अगाडि बढिरहनु भएको छ, त्यसका आधारबाट मितव्ययिताका हिसाबले छलफल चलाउनु अहिलेका निम्ति त्यति मैले सान्दर्भिक ठानिन । तर पनि म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु, यतिका धेरै संरचना छन्, तर सरकारी कार्यालय अहिले पनि भाँडामा लिने कुरा चल्दैछ रे भन्ने सुन्दछु । यतिका धेरै कार्यालयहरू छन्, भने जस्तो छैन होला साथीहरू, तर तपाईं हामी जनप्रतिनिधिले चित्त बुझाउनु पर्ने भएको हुँदा, रोजी रोजी, कार्यालय र डेरा सार्ने कामबाट बचौं है, यतिका धेरै संरचना छन् । हिजो नै संरचना निर्माण

गरिसक्या हुनाले हामीले यो सुविधा भोग्न पाएको एउटा अवस्था छ । तपाईंहरूले गर्दा तपाईंहरू मात्रै हुनुभएको भए मेरो तहबाट यो रोष्टम प्रयोग गरेर भन्नुपर्ने कुनै कारण थिएन तर तपाईंहरूले गर्नुभएका कुराहरूको प्रत्येक जवाफ आफ्नो ठाउँमा बाँकी रहेका, हामी सबै रहेका, माननीय सदस्यहरूले दिनुपर्ने जुन परिस्थिति छ, त्यस्तो अफठ्यारो नबनाइ दिनुहोस् । मितव्ययिताको अर्थ लाग्दछ, विश्वास लाग्ने गरी कुरा गर्नुहोस्, यिनै कुरा म तपाईंहरूका बीचमा राख्न चाहन्छु, फेरी पनि म भन्न चाहन्छु, हाम्रो तहको संरचनाको प्रश्न सकारात्मक ढङ्गलेभन्दा नकारात्मक ढङ्गले उठिरहेको अवस्थामा सकारात्मक बहस र पैरवी ल्याउने गरी हामीले नाम राख्यौं, हामीले सदरमुकाम चयन गर्यौं, तेस्रो कुरा भन्न मन्त्रीहरूलाई त धेरै छन् होला, तर मैले तेस्रो विषय फेला पार्न सकिरहेको छैन । हाम्रो यस्तो सरकारको छनौट भयो, सरकारले अनिवार्य रूपमा गर्नुपर्ने काममा, आज प्रतिपक्षले के भन्न पायो तभन्दा हाम्रा कारणले तिमिहरूले पनि रातो किताब पढ्न पायौ, हाम्रा कारणले गर्दा पनि तिमिहरूले खाई रहेको तलब कानूनी मान्यता प्राप्त गर्यो भन्ने परिस्थिति जुन निर्माण गर्नुभयो त्यो राम्रो कुरा होइन । त्यो सरकारको अनिवार्य काम थियो, भ्याइनभ्याइ छ, हामीले विषय दिए पनि, कुन विषय उठाउने, हामीले विषय दिएपछि, कुन विषय उठाउने नउठाउने उहाँको कुरा हो, हामीले विषय दिएका दियै छौं, उहाँहरूले पनि भनिरहनु भएको छ, हामी मेलमिलापकै आधारबाट एकठाउँमा हुन्छौ त्यो सकारात्मक कुरा छ, राम्रो कुरा छ, किनकी हामीले कर्णाली प्रदेश बनाउने कुरा छ । त्यस कारणले संसद चलिरहेका बेला मेरो अन्तिम प्रश्न केछ भन्दा खेरी अरूले कुरा उठाउन नपाउने परिस्थिति निर्माण गर्दा प्रदेश अगाडि बढ्छ, तर तपाईंले विषय दिएका केही गर्नुभयो भने, संख्या ३३ भएपनि,, ३३ ले नै माननीय जीवनबहादुर शाहीज्यू तिर हेरेको हेरै गर्नुपर्ने परिस्थिति जुन चलिरहेको छ, यसलाई बदल्नुपर्यो । हामी त्यो अभ्यासमा छौं, त्यो आधारबाट हामी अगाडि बढिरहेका छौं, त्यो आधारबाट अगाडि बढ्ने कुरामा मलाई लाग्दछ, हामी सबै सकारात्मक हौं भन्ने कुरा राख्न चाहन्छु । मैले नामका सदरमुकाम बाहेक धेरै कुरा होलान् तर त्यो नभएको अवस्थामा मैले अर्को तेस्रो अधिवेशन गर्दा त्यो तहको उपस्थिति, त्यो तहको प्रभावकारिता, त्यो तहको समय तालिकाका साथ संसद चलाउने योजनामा सरकारका साथीहरू गम्भीर हुनुहुनेछ भन्न मात्रै मैले खोजेको छु । सुरूदेखि अहिलेसम्म गर्दा टेलिश्रृङ्खला हाँस्यकलाकार त बनिएला तर कर्णाली प्रदेश बन्दैन, ख्याल गरौं भन्न खोजेको मात्रै हो । मन्त्री हुनुहुन्छ, कार्यकारी अधिकार संविधान र कानूनले तपाईंलाई दिएको छ, पाटीले विश्वास गरेको छ, हामी माननीय सदस्यहरूले भरोसा गरेका छौं, त्यसका मानेमा हामीले जे गरे पनि हुने, जे बोले पनि हुने, जुन घटनाक्रम देखिन्छ, मैले यसकारणले सार्वजनिक ठाउँबाट भनिरहेको छु, किनकी सबै कुरा सार्वजनिक भएको हुनाले खुसुक्क भन्नुको कुनै अर्थ हुँदैन, म फेरी पनि विनम्रता पूर्वक भन्न चाहन्छु, जे प्रश्न उठिरहेका छन्, तिनी सानो तिनो प्रश्न होइन, तिनी एकछिन सुन्दिउ न भन्ने कुराहरू हैनन्, त्यसलाई तपाईंहरूले गम्भीरता पूर्वक गर्नुपर्ने

जरूरी छ, छलफल चलाउनुपर्ने अवस्था छ, त्यस आधारबाट हामी अगाडि बढ्नुपर्ने अवस्था छ । यिनै कुरा तपाईंहरूसँग राख्दै फेरी पनि म संसदको ध्यानाकर्षण गराउन चाहन्छु, संसदमा माननीय सदस्यहरूको महत्वपूर्ण भूमिका हुन्छ तर दल र संसदको जिवित सम्पर्कका आधारबाट गतिविधि अगाडि बढ्ने कुरा नै राम्रो कुरा हो । त्यता पट्टि ध्यान दिनु पर्ने कुरा हुन्छ, संस्थाको मर्यादा राख्नेकुरा तपाईंहरू पहिलो चोटीको मुख्यमन्त्री, सभामुख, मन्त्री र हामी माननीय सदस्यहरू मात्रै होइन, हामीले कस्तो परम्परा बसाल्छौं, त्यो हामीभन्दा पछाडिकाले त्यो सिक्ने कुरा भएको हुनाले त्यो महत्वपूर्ण कुरा हो । त्यसकारणले यसको गरिमा बचाउने कुरामा बरू ढिलो गरौं, छलफल गरौ, विमर्श गरौं, केही बिग्रदैन, तर गर्नेका नाममा, व्यवहारका नाममा, सर्वोच्च निकाय हो नी हाम्रो त तपाईंहरू नै, व्यवहार मिलाउने नाममा, सब्बै मिलाउने काममा सामेल हुनुभयो भने त्यसले नैतिक संकट उत्पन्न गर्दछ, त्यसले संस्थालाई अगाडि बढाउन सकिदैन, प्रश्न उठिसकेपछि जवाफ दिन सकिदैन, जवाफ दिन नसक्ने गरी नेतृत्व गर्न अगुवाई गर्ने कुरामा समस्या उत्पन्न हुन्छ । त्यसकारणले मेरोतर्फबाट सरकारको यद्यपी म सत्तापक्षको संसद हुनुको नाताले, म राम्रोसँग हेक्का राख्दछु, अभिलेखको हिसाबले म एउटा दलको नेता हुँ, त्यो म राम्रोसँग हेक्का राख्दछु, जिम्मेवारीको हिसाबले म जिम्मेवारी ठाउँमा रहेको दलीय व्यवस्था अन्तर्गत एउटा पाटीको कार्यकर्ता हौं भनेर राम्रोसँग हेक्का राख्दछु । यो सब्बै कुरा भनेको सत्तापक्ष र प्रतिपक्ष नभनिकन, जनप्रतिनिधि र कर्मचारी नभनिकन, जनप्रतिनिधि र जनता नभनिकन सब्बै मिलेर कर्णाली प्रदेशलाई अरू प्रदेश सरह बनाउने बाटोमा जसरी हामीले नाम र राजधानी राखेर सम्प्रेषण गरेका थियौं, त्यसैगरी अरू कुरामा पनि सम्प्रेषण गर्न उद्देश्यका साथ मैले तपाईंहरूसँग केही विचार यहाँ राखें । यसलाई यसै ढङ्गले बुझिदिनु भयो भने ममाथि अन्याय हुने छैन । त्यसलाई आफ्नो ढङ्गले बुझेर भन्नुभएछ भने फेरी अर्को फोरमबाट अर्कै ढङ्गले भन्नुपर्ने परिस्थिति निर्माण हुन्छ म त्यो बाटो रोज्ने पक्षमा छैन । यिनै कुरा तपाईंहरूसँग राख्दै आउँदै गरेका सबै चाडहरूका अवसरमा, दिपावली, छठ, नेपाल सम्वत, लोहसार,लगायत सबै छठका अवसरमा सभामुखमार्फत् सबै माननीय सदस्यहरू, उपस्थित सबै महानुभावहरू, सबै जनसमुदायहरूमा मेरोतर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दै तेस्रो अधिवेशनमा आज उठाएका कुराहरू नदोहरिकन राम्रो, छिटो छरितो र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने गरी अगाडि बढ्ने सोचका साथ हामी आउन सकौं । हामीले जे योजनाहरू घोषणा गरेका छौं, त्यसलाई सकारात्मक ढङ्गले जनताका बीचमा कार्यान्वयन गर्ने तहमा सरकार, माननीय सदस्य, प्रतिपक्ष, सत्तापक्ष, कर्मचारी नभनिकन विधि सम्वत ढङ्गले कर्णाली प्रदेशको सरकारले घोषणा गरेको कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने कुरामा हामी सबैको सक्रिय सहभागिताको अपेक्षासहित शुभकामना दिँदै म तपाईंहरूबाट विदा हुन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री सोशिला शाही ।

**माननीय श्री सोशिला शाहीः-** माननीय सभामुख महोदय, प्रदेशसभाको ४१ औं बैठक चलिरहँदा यहाँ माननीय मन्त्रीज्यू र सभामुखज्यूलगायत सम्पूर्णमा मेरो नमस्कार छ । सर्वप्रथम यो अधिवेशन अन्त्य हुन लागेकोमा म र मेरो दलको तर्फबाट यहाँहरूलाई धन्यवाद दिन चाहन्छु । सर्वप्रथम एक दम राम्रो रह्यो, १३ वटा विधान सिंचाइ डिभिजनमा पास भैसकेको थियो र भर्खरै २ वटा आज भयो । १ वटा अस्ति भएको र सम्पूर्ण गरेर ४ वटा विधायन प्रदेश प्रमुखबाट यहाँ आएको छैन । यो सम्पूर्ण विधानअनुसार हामी हिड्यौं भने अवश्य पनि राम्रो हुनेछ । विधानअनुसार हिडेनौ भने हामीले जनतालाई जवाफ दिन सक्ने छैनौं, जवाफ दिन नसकेको खण्डमा जनताहरूले अवश्य पनि औंला उठाउन सक्नेछन् । जनताहरूका आशा र भरोसाहरू निराशामा परिणत नहोउन् र सबै योजनाहरूको रातो किताब हामीहरूले पायौं । सबैको त्यसमा कतिपय त्रुटिहरू हुन्छ, ती त्रुटिहरूलाई हामीले सच्याउनु पर्ने हुन्छ, सच्याउँदै जाँदा राम्रो पनि हुनसक्छ, कसैले नराम्रो पनि मानेका हुन्छन्, भर्खरै कतिले समर्थन दिए, कतिले समर्थन दिएनन् भन्ने कुरा यहाँ भयो । अर्को कुरा दलको हिसाबले भन्नुपर्दाखेरी राष्ट्रिय प्रजातन्त्र पाटीको तर्फबाट एक्लै उपस्थित भएको छु तर पनि मैले सही र गलत अवश्य छुट्याउने छु, सभामुख महोदय, मलाई पनि साहैं दुःख लागेको छ, यस्तो दुःख लागेको छ, म यहाँ भनौं कि नभनौं भन्ने आवास मलाई भएको छ, म अहिले भन्ने पक्षमा छैन । हामीले तेस्रो अधिवेशन भयो भने बल्ल म आफ्नो मुख खोल्ने छु, तबसम्म मैले मेरो मुख खोल्ने छैन । यथार्थमा यो रातो किताबहरूमा सायद भनौं भने धेरै त्रुटिहरू छन्, अझै सच्याएर आउन, सच्याउने मौका हामीले पनि दिनुपर्दछ, कर्णाली प्रदेशमा सबै जाने बुझेका हामीहरू आधा छौं, आधा नहुन सक्छौं, हामी पनि बुझ्ने अहिले क्रममा छौं । हाम्रा गतिविधिहरू सुचारू रूपले अगाडि बढ्न सकिनेछ भन्ने कुरा यहाँहरूका माझ राख्न चाहान्छ । मैले यहाँसम्म आइपुग्दा धेरै अभ्यासहरू गरेको छु, अभ्यास गर्दैगर्दा यो तेस्रो अधिवेशनमा म केही कुराहरू भन्ने छु, सभामुख महोदय । सम्पूर्ण जनताहरूले २३ वटा निर्वाचन क्षेत्र जितेर, तिनले मात्रै काम पाउनुपर्दछ, तिनले मात्रै काम गर्नुपर्दछ, किनभने सम्पूर्ण जनता हामी सबैका एक हुन्, उनीहरू सबैले काम पाउनुपर्दछ, परेका योजनाहरू सम्पूर्ण उनीहरूले यथार्थमा पाए भने पछि सबै जनता आफ्ना हुनेछन् । कम्यूनिष्ट छुट्याउने, कांग्रेस छुट्याउने, राप्रपा छुट्याउने र अनेकथरी छुट्याउने गरियो भने अवश्य यसमा पनि नराम्रो हुनसक्छ । यसमा पनि एउटा दल छ भनेर हजुरहरूले सम्झनु हुनेछ भन्ने चाहन्छु । अन्त्यमा धेरै कुरा भन्न चाहन्न र दोस्रो अधिवेशनको सम्पूर्ण माननीयज्यूहरू, मन्त्रीज्यूहरू, सभामुखज्यू, पत्रकारहरू र सुरक्षाकर्मीलगायतलाई धन्यवाद दिन चाहन्छु । किनभने उहाँहरूले धेरै मेहनतका साथ जे जस्तो भएपनि आफ्ना योगदान गर्नुभएको छ र उहाँहरूलाई धेरैभन्दा धेरै धन्यवाद दिन चाहन्छु । मेरो व्यक्तिगततर्फबाट र मेरो दलको तर्फबाट म धन्यवाद दिन चाहन्छु, धन्यवाद ! जय राष्ट्रवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको अवधिमा ४१ वटा बैठक बसी, प्रदेशसभाबाट प्रदेश सरकारको आर्थिक कार्यविधि विधेयक, २०७५, प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम विनियोजन विधेयक, २०७५ लगायतका महत्वपूर्ण निर्णयहरू गरियो । चालु अधिवेशन अवधिमा विभिन्न माननीय सदस्यहरूद्वारा सार्वजनिक महत्वका विविध विषयहरूमा महत्वपूर्ण विचारहरू प्रस्तुत गर्नु भइ प्रदेश सरकारको ध्यानाकर्षण गराउने कार्य समेत गरियो । सभाको सञ्चालनमा मार्ग दर्शन एवम् महत्वपूर्ण सहयोग पुर्याउनु हुने, माननीय प्रदेश प्रमुखज्यू, प्रदेश सरकारका मुख्यमन्त्रीज्यू, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरू, प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताज्यूहरू, माननीय सदस्यज्यूहरू, कर्णाली प्रदेश मन्त्रालयका सचिवज्यूहरू, प्रदेशसभा सचिवज्यूलगायत सम्पूर्ण कर्मचारीहरू, सुरक्षाकर्मी तथा मर्यादापालकहरू, संचारकर्मीलगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक आभारसहित कृतज्ञता प्रकट गर्दछु ।

माननीय सदस्यहरू, प्रदेश प्रमुखको कार्यालयबाट प्रदेशसभाको दोस्रो अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गर्दछु ।

मिति २०७५/०७/१८

विषयः प्रदेशसभाको चालु अधिवेशन अन्त्य गर्ने सम्बन्धमा ।

श्री प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चलानी नं. १६ मिति २०७५/०७/१५ को पत्रानुसार कर्णाली प्रदेशको चालु अधिवेशनको अन्त्य गर्न कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूमा सिफारिस भइ आएकाले नेपालको संविधानको धारा १८३ को उपधारा २बमोजिम प्रदेशसभाको चालु अधिवेशन मिति २०७५ कार्तिक १८ गते आइतबार रातको १२:०० बजेबाट कर्णाली प्रदेशसभाको चालु अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखज्यूको निर्देशानुसार जानकारीका लागि अनुरोध छ ।

आज्ञाले,
गंगाराम गेलाल
सचिव

माननीय सदस्यहरू, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रअनुसार प्रदेशसभाको दोस्रो अधिवेशन २०७५ कार्तिक १८ गते आइतबार रातको १२:०० बजेबाट अन्त्य भएको घोषणा गर्दछु ।

□□□